# आयकर निर्देशिका, २०६६

## (चौथो संशोधन, २०७८ सहित)

**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

## आन्तरिक राजस्व विभाग

**लाजिम्पाट, काठमाडौं**

प्रकाशक : आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन : ४४१५८०२, ४४१५८०३, ४४१२२४७, ४४१९७१९, ४४३९७८९

फ्याक्स : ४४११७८८

e-mail : policyird@ird.gov.np

Web Site : www.ird.gov.np

सर्वाधिकार : **आन्तरिक राजस्व विभाग**
**लाजिम्पाट, काठमाडौं ।**

प्रकाशन मिति : **२०७८ फागुन**

# चौथो संशोधनको भूमिका

सरलता, तटस्थता, समता, स्वच्छता, निश्चितता र पारदर्शीता जस्ता करका सिद्धान्तहरुको अवलम्बन गरी करप्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाउने उद्देश्यले प्रयोगमा ल्याइएको आयकर ऐन, २०५८ लागू भएको दुई दशक पूरा भएको छ। ऐनको व्यवस्थालाई सरल र स्पष्ट बनाई कार्यान्वयनमा एकरुपता ल्याउने उद्धेश्यले पहिलो पटक २०६६ मा आयकर निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो। उक्त निर्देशिका तर्जुमा भएपश्चात आयकर ऐनमा भएका विभिन्न संशोधनहरु, कार्यान्वयनको क्रममा देखिएका समस्याहरु तथा सर्वोच्च अदालतबाट फैसला भई नजिरको रुपमा स्थापित भएका विषयहरुलाई समेत समेटी २०६८ सालमा प्रथमपटक र २०७३ सालमा दोस्रो पटक र २०७७ सालमा तेस्रो पटक संशोधन गरिएको थियो। आर्थिक ऐन, २०७८ ले गरेका संशोधन तथा आयकर नियमावली, २०५९ मा भएको बाह्रौं संशोधनलाई समेत समावेश गरी आयकर निर्देशिका, २०६६ को चौथो संशोधन तयार गरिएको छ।

यो निर्देशिका तयार गर्न मार्गदर्शन तथा उत्प्रेरणा प्रदान गर्नु हुने माननीय अर्थ मन्त्री माननीय श्री जनार्दन शर्मा 'प्रभाकर', सचिव श्री मधुकुमार मरासिनी र सचिव (राजस्व) श्री कृष्णहरी पुष्कर प्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत निर्देशिका परिमार्जन कार्यमा सक्रिय रूपमा संलग्न भई प्रकाशनयोग्य बनाउनका लागि यस विभागका उपमहानिर्देशक श्री आनन्द काफ्लेको संयोकजकत्वमा आफ्नो दायित्व पूरा गर्नु हुने विभागका निर्देशकहरु श्री प्रकाश पौडेल, श्री पदम कुमार श्रेष्ठ, श्री लालप्रसाद शर्मा पंगेनी,, श्री ध्रुवराज ज्ञवाली, श्री किशोर ढकाल, प्रमुख कर अधिकृतहरु श्री दुर्गादत्त भण्डारी, श्री राजेन्द्र हमाल, श्री जगदिश बसेल, शाखा अधिकृतहरु श्री केदारकुमार श्रेष्ठ र श्री ओमप्रकाश भट्टराईलाई यो अमूल्य कामको लागि विशेष धन्यवाद दिन चाहन्छु। यो निर्देशिका निर्माण गर्ने क्रममा सल्लाह तथा सुझाव दिनु हुने विभागका उपमहानिर्देशकहरु श्री अर्जुन प्रसाद भट्टराई, श्री गोविन्द प्रसाद सुवेदी र सुचना प्रविधि विज्ञ श्री रमेश पौडेललाई समेत धन्यवाद दिन चाहन्छु ।

यो निर्देशिकामा आगामी दिनमा समयानुकूल सुधार गर्दै लैजान करदाता, लेखापरीक्षक, पेशाविद्, कर्मचारी, सरोकारवाला एवम् सर्वसाधारणबाट अमूल्य सुझावको सदैव अपेक्षा गरेको छु। अन्तमा यो निर्देशिकाले कर प्रशासनलाई स्वच्छ, पारदर्शी, करदाता मैत्री बनाउने तथा कर सम्बन्धी विवादहरु कम हुने विश्वास लिएको छु।

**२०७८ माघ**

**शोभाकान्त पौडेल**
**महानिर्देशक**

# तेस्रो संशोधनको भूमिका

आन्तरिक राजस्व विभागले प्रशासन गर्ने कर कानुनहरुमध्ये आयकर ऐन, २०५८ एक प्रमुख कर कनुनको रूपमा रहेको छ । कर प्रणालीलाई आधुनिक एवम् अन्तर्राष्ट्रियस्तरको बनाउने उद्देश्यले निर्माण गरी प्रयोगमा ल्याइएको आयकर ऐन, २०५८ लागू भएको करिब दुई दशक पूरा भएको छ । यो ऐनको कार्यान्वयनलाई सरल बनाई समग्र कर प्रशासनको कार्यकुशलता एवम् सक्षमता बढाउन सर्वप्रथम २०६६ सालमा तर्जुमा गरिएको आयकर निर्देशिका कर प्रशासनको इतिहासमा कोशेढुंगाको रूपमा सावित हुन सफल भएको छ । यसको लागि विभागका तात्कालिन कर प्रशासकहरूको योगदान प्रति हार्दिक आभार प्रकट गर्दछु । यस निर्देशिकालाई प्रत्येक आर्थिक वर्षको आर्थिक ऐनबाट आयकर ऐनमा भएको संशोधन, आयकर नियमावलीमा भएको संशोधन तथा कर कानुन कार्यान्वयनको क्रममा समय समयमा गरिएको व्याख्या समावेश गरी थप परिमार्जन गर्ने सिलसिलामा २०६८ सालमा प्रथमपटक र २०७३ सालमा दोस्रो पटक संशोधन गरिएको थियो । कर कानुनको व्याख्या र कार्यान्वयनमा एकरूपता ल्याउनुका साथै निर्देशिकालाई थप परिस्कृत बनाउन आर्थिक ऐन, २०७३ पश्चात भएका संशोधनहरु, आर्थिक ऐन, २०७७ ले गरेका संशोधन तथा आयकर नियमावली, २०५९ मा भएको एघारौं संशोधनसम्मको संशोधित व्यवस्था समेत समावेश गरी यति छोटो समयमा नै यो निर्देशिकाको तेस्रो परिमार्जित संस्करण सार्वजनिक गर्न पाउँदा म आफूलाई महानिर्देशकको हैसियतले खुशी लागेको छ ।

आधुनिक कर प्रणाली अनुरूप कर प्रशासनलाई सरल एवम् विश्वसनीय बनाई पारदर्शी कर प्रणालीको विकासमा सहयोगी भूमिका खेल्ने यस निर्देशिका परिमार्जन गर्न उत्साह एवम् उत्प्रेरणा प्रदान गर्नु हुने माननीय अर्थ मन्त्री श्री युवराज खतिवडा, अर्थ सचिव श्री शिशिर कुमार ढुङ्गाना र सचिव (राजस्व) श्री रामशरण पुडासैनीप्रति हार्दिक आभार व्यक्त गर्दछु । विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को संक्रमणबाट उत्पन्न असहज परिस्थितिका अवस्थामा पनि प्रस्तुत निर्देशिका परिमार्जन कार्यमा सक्रिय रूपमा संलग्न भई प्रकाशनयोग्य बनाउनका लागि यस विभागका उपमहानिर्देशक श्री थानेश्वर गौतमको संयोकजकत्वमा आफ्नो दायित्व पूरा गर्नु हुने विभागका निर्देशकहरु श्री पदम कुमार श्रेष्ठ, श्री महाराज कोइराला, श्री गोपिकृष्ण कोइराला, श्री जगदीश बसेल, श्री अर्जुन ढकाल, श्री अर्जुनप्रसाद भट्टराई, प्रमुख कर अधिकृतहरु श्री केदारनाथ शर्मा, श्री विश्वबन्धु पौडेल, श्री जीवनकुमार घिमिरे, श्री रामप्रसाद मैनाली, श्री शरद निरौला, श्री लालप्रसाद शर्मा पंगेनी, शाखा अधिकृतहरु श्री युवराज बस्नेत, श्री रुपेश जंग थापा मगरलाई यो अमूल्य कामको लागि विशेष धन्यवाद दिन चाहन्छु । यो निर्देशिका निर्माण गर्ने क्रममा सल्लाह तथा सुझाव दिनु हुने विभागका उपमहानिर्देशकहरु श्री मुक्ति प्रसाद पाण्डे, श्री शिवादेवी दाहाल र सुचना प्रविधि विज्ञ श्री रमेश पौडेललाई समेत धन्यवाद दिन चाहन्छु ।

यो निर्देशिकामा आगामी दिनमा समयानुकूल सुधार गर्दै लैजान करदाता, लेखापरीक्षक, पेशाविद, कर्मचारी एवम् सर्वसाधारणबाट अमूल्य सुझावको सदैव अपेक्षा गरेको छु । अन्तमा यो निर्देशिकाले स्वेच्छिक कर सहभागिता बढाई कर सहभागिता लागत र समयमा कमी ल्याउनुका साथै समग्र कर प्रशासनमा कार्य कुशलता सहित कार्य सम्पादनमा एकरूपता कायम हुने विश्वास लिएको छु ।

२०७७ असार

बिनोद बहादुर कुँवर
महानिर्देशक

# दोस्रो संशोधनको भूमिका

नेपालमा स्वयं कर निर्धारण पद्धति अवलम्बन गरेको करिब अढाई दशक पूरा हुन लागेको छ । यस पद्धतिमा करदाता सेवा र करदाता शिक्षाको माध्यमबाट कर सहभागिता अभिवृद्धि गर्न गराउन अभिप्रेरित गरिन्छ । कर कानुनका विषयमा जति जानकार करदाता हुन्छन त्यति नै कर कानुनको मर्म र भावना अनुसार कर सहभागिता वृद्धि हुँदै जान्छ । कर सम्बन्धी कानुन तुलनात्मक रूपमा अन्य कानुन भन्दा जटिल हुने कुरा सबैलाई विदितै छ । यस्ता ऐन नियमको बुझाई, व्याख्या र कार्यान्वयनमा एकरूपता ल्याउन नितान्त आवश्यक देखिन्छ । यसै क्रममा कर कानुनमा भएका व्यवस्थालाई कर्मचारी, करदाता र यसको प्रयोग गर्ने गराउने वर्गले अपेक्षा गरे अनुसार कानुनी व्यवस्थाको वस्तुनिष्ठ व्याख्या र सान्दर्भिक उदाहरणबाट यथाशक्य सरल वनाउने प्रयत्न स्वरूप यस भन्दा अगाडि आयकर निर्देशिका, २०६६ यसको (पहिलो संशोधन, २०६८) का साथै बहाल कर असुली सम्बन्धी कार्यविधि निर्देशिका २०६८, कम्प्युटर बीजक सम्बन्धी कार्यविधि, २०७१ र जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभ कर सम्बन्धी निर्देशिका, २०७२ जारी भइसकेका छन । यस्ता निर्देशिका/कार्यविधिको व्यवस्था तथा प्रकाशनले कर सम्बन्धी कानुनको व्याख्या र कार्यान्वयनमा एकरूपता मात्र ल्याएको छैन, करदाताको कर सहभागितामा वृद्धि गर्न र कर सहभागिता लागत समेत न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसै सन्दर्भमा विभागले एकीकृत कर लेखा परीक्षण दिग्दर्शन, २०६८ मा समसामयिक परिमार्जन गर्नुका साथै दीर्घकालीन करार सम्बन्धी निर्देशिका, २०७३ समेत जारी गरिसकेको छ ।

आर्थिक ऐन, २०७३ ले गरेका संशोधन समेत समावेश गरी यो निर्देशिका परिमार्जन गरिएको हो । यो निर्देशिका परिमार्जन गर्नको लागि आफ्नो अमूल्य समय तथा सुझाव दिनुहुने नेपाल सरकारका पूर्व मन्त्री एवम् कर विज्ञ श्री विद्याधर मल्लिकज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस निर्देशिका तयार पार्ने क्रममा खटिनु हुने उपमहानिर्देशक श्री चन्द्रकला पौडेल, निर्देशकद्वय श्री नरनाथ गिरी र श्री शरद निरौला, ठूला करदाता कार्यालयका प्रमुख कर अधिकृतद्वय श्री गोपालप्रसाद घिमिरे र श्री दीर्घराज मैनाली, करदाता सेवा कार्यालय बालाजुका प्रमुख कर अधिकृत श्री कपिलप्रसाद सुवेदी, अन्तरिक राजस्व विभागका शाखा अधिकृत श्री प्रमोदकुमार श्रीवास्तव, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ का कर अधिकृतद्वय श्री आनन्द काफ्ले र श्री प्रकाश शर्मा ढकाल तथा आन्तरिक राजस्व कार्यालय भरतपुरका कर अधिकृतद्वय श्री टेकराज स्याङतान र श्री दिपक पौडेललाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यो निर्देशिका प्रकाशनका लागि सदैव उत्प्रेरित गर्नुका साथै मार्गदर्शन एवम् अग्रपोषण प्रदान गर्नु हुने माननीय अर्थमन्त्री श्री कृष्ण बहादुर महराज्यू, अर्थसचिव श्री शान्तराज सुवेदीज्यू, राजस्व सचिव श्री राजन खनालज्यूमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

यस निर्देशिका तयार पार्ने क्रममा समेट्न नसकिएका विषयवस्तु आगामी संस्करणमा समट्दै लैजाने प्रतिवद्धता व्यक्त गर्दछु । निर्देशिकालाई थप सरल बनाउन करदाता, व्यवसायी, लेखापरीक्षक, पेशाविद, कर्मचारी एवम् सर्वसाधारणबाट रचनात्मक सुझावको अपेक्षा गरेको छु ।

चुडामणि शर्मा
महानिर्देशक

२०७३ माघ

# प्रथम संशोधनको भूमिका

आयकर निर्देशिका, २०६६ को हामीले गत आर्थिक वर्ष नै परिमार्जन गर्ने प्रयास गरेका थियौं । बजेट प्रस्तुतीको ढिलाइले गर्दा गतवर्ष यसको परिमार्जन हुन सकेन । यसर्थ, यस वर्षको आर्थिक विधेयकले गरेको संशोधन समेत मिलाएर बजेट प्रस्तुत भएको पन्ध्र दिनमा नै आवश्यक परिमार्जन गरी यो निर्देशिका तयार गरिएको छ । छोटो समयभित्र नै परिमार्जन गरी यसलाई अन्तिम रूपमा आन्तरिक राजस्व विभागको वेभ साइट समेतबाट सार्वजनिक गर्न पाउँदा विभागलाई खुशी लागेको छ । कर प्रणाली अर्थतन्त्रमा तटस्थता कायम गर्ने वित्त नीतिको महत्वपूर्ण उपकरण भएकोले यसको सही प्रयोगबाट राज्यले दीगो कराधार पाउँछ भने करदाताले सरल कर कानुनको प्रयोग गर्न पाउँदा कर सहभागिता लागतमा कमि आई विश्व बजारमा नेपाली अर्थव्यवस्था प्रतिष्पर्धी बन्न पुग्छ । नेपालको आयकर नीतिले स्वेच्छिक कर परिपालनाको परिकल्पना गरेको हुँदा यो निर्देशिकाले त्यसको परिपालन गर्न र गराउन पनि मद्दत गर्दछ । नेपालमा आयकर प्रणालीको थालनी भएको पचास वर्षको विकासक्रममा यो निर्देशिका तेस्रो हुनेछ । विगत एक वर्षमा हामीले आम करदाता र यसको प्रयोगकर्ताहरुको माँझमा जटिल भनिएको आयकर कानुनको विस्तृत व्याख्या सहितको यो निर्देशिका जारी गर्दा आम करदाताबाट राम्रो प्रतिक्रिया प्राप्त गर्‍यौं । त्यसैगरी सुधारका लागि सुझावहरु पनि पायौं । विभागले यो कार्यलाई आम करदाता प्रतिको हाम्रो दायित्व र कर्तव्यको रुपमा लिएको छ । यी सुझावहरु समेतलाई ध्यानमा राखी यस पटक परिमार्जन गर्दा अलि बढी परिष्कृत र परिमार्जन गर्न खोजेका छौं । यसले आयकर कानुनको परिपालना गर्ने व्यवसायी, यसलाई प्रयोगमा ल्याउने कर मध्यस्थकर्ता, नीतिको परिपालनाको अनुगमन गर्ने निकायहरु र नीति निर्माण एवम् कार्यान्वयन गर्ने सम्बन्धित निकायहरुलाई कर कानुनको व्याख्या गर्न र त्यसको व्यवहारिक पक्षको ज्ञान दिन सहयोग पुर्‍याउने विश्वास लिएको छु । यो निर्देशिका निर्माणका चरणमा हामीले यसको भूमिकामा भनेका पनि थियौ कि असल कर प्रणालीको निर्माणको लागि निरन्तर प्रयत्न गर्ने, करदाताको कर सहभागिता लागत र समयमा कमि ल्याउन कर सुधारका कार्य सूचीहरुलाई अग्रभागमा राखी कार्ययोजना बनाउने, कर कानुनमा जटील पक्षहरुको व्याख्या गरी सरल बनाउने कार्यहरु विभागको प्राथमितामा रहनेछन् । विभागले कर कानुनहरुको परिपालना गर्न गराउनका लागि सहज सेवाका रुपमा विद्युतीय सेवा, कर कानुनको बारेमा करदातासँगको अन्तरसंवादमा सक्रियता र राज्यप्रति उत्तरदायी भएको कर प्रशासनको प्रभावकारितामा यो विभाग दृढ रहनेछ । हामीले आयकर कानुनभित्र रहेका मूल्य हस्तान्तरण, स्थायी संस्थापन तथा दीर्घकालीन करार सम्बन्धी निर्देशिकाको निर्माण र नेपालको कर सहभागिता लागतको अनुमान, उठ्नुपर्ने कर रकम र उठेको कर रकम बीचको अन्तर जस्ता विषयबारे अध्ययनको थालनी पनि गरिसकेका छौ । उल्लेखित कार्यहरु समयमा सम्पन्न गर्न सकिएको अवस्थामा यस कानुनको व्याख्या र यसको परिपालनामा पूर्णता आउने विश्वास लिन सकिन्छ । निर्देशिकाको अध्ययन गर्ने तरिका र यसका विशेषताहरुका बारेमा यस अगाडिको भूमिकामा संग्रहित भएकोले यहाँ दोहोर्‍याउन आवश्यक देखिएन ।

कर प्रणालीको सुधारको लागि सरलता एवम् पारदर्शीता कायम गर्ने र आम करदातासँग सधै टाढा होइन नजिक हुनु पर्दछ भन्ने भाव देखाउने अर्थ सचिव श्री कृष्णहरि बास्कोटाको क्रियाशिलताका कारणबाट यो निर्देशिका परिमार्जन सम्भव भएकाले वहाँप्रति विभाग परिवार आभार व्यक्त गर्दछ । सुधारका लागि सदा उत्साह प्रदान गर्ने माननीय उप प्रधानमन्त्री तथा अर्थमन्त्री प्रति विभाग हार्दिक आभार प्रकट गर्दछ । आयकर कानुन जटिल विषय रहेको र यस्तो जटिल विषयलाई करदाता, लेखा व्यवसायी, कर प्रशासन एवम् यसको कानुनी व्याख्या गर्ने कानुन विज्ञहरु र अन्य सरोकारवालाहरुले पनि बुझ्ने गरी तयार गर्ने लेखाविज्ञ श्री भवनाथ दाहालको परामर्श प्रशंसनीय रहेको छ । आयकर प्रणालीको सुधारमा निरन्तर सहयोग पुर्‍याउने जर्मन दातृसंस्था GTZ र यसका पदाधिकारी तथा यस निकायका विज्ञ, कर प्रशासनको सुधारको लागि सदैव चासो

राखिरहने श्री पद्मनाभ सिंह कार्कीलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा, यस्तो कठीन तथा जटील काममा संलग्न भई प्रस्तुत निर्देशिकाको परिमार्जन गरी प्रकाशनयोग्य बनाउनका लागि यस विभागका उपमहानिर्देशक श्री कृष्णप्रसाद देवकोटाको सक्रिय नेतृत्वमा आफ्नो दायित्व पूरा गर्न खरो उत्रनु भएका मेरो विभागका निर्देशकहरु श्री विश्वराज पाण्डे, श्री बद्रीप्रसाद गौतम, ठुला करदाता कार्यालयका प्रमुख कर अधिकृत श्री गोपालप्रसाद घिमिरे, कर अधिकृत श्री कपिलप्रसाद सुवेदी, श्री सूर्यप्रसाद पोखरेल यो पौरखी कामको लागि धन्यवादका पात्र हुनुहुन्छ । मलाई र यस समूहलाई सधै उत्साहित र उत्प्रेरित बनाई कार्य गर्ने गराउने र अत्यन्त लगन र मेहनत गर्ने विभागका उपमहानिर्देशकद्वय श्री खुमराज पुँजाली र श्री लक्ष्मण अर्याल तथा सूचना प्रविधि विज्ञ श्री कपिल देव श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु ।

यो निर्देशिकामा थप सुधारको सम्भावना सधै नै रहनेछ । यसको लागि विभाग सधै नै करदाता तथा यसको अभ्यासकर्ताको सुझावहरुको पर्खाइमा रहनेछ । टंकण कार्यमा भएका गल्तीका लागि भविष्यमा सुधार्ने बाचा पनि गर्दछु । यसको प्रयोगले स्वेच्छिक कर सहभागिताको अझ वृद्धि हुनेछ भन्ने विश्वास लिएको छु । जसले हामीले तिरेको कर हाम्रै विकासका लागि, आधुनिक र समृद्ध नेपाल निर्माणका लागि भन्ने हाम्रो अभियानलाई सघाउने विश्वास लिएको छु ।

मितिः २०६८।०४।१५

राजन खनाल
महानिर्देशक

# भूमिका

नेपालमा आयकरको थालनी भएको करिब पचास वर्ष व्यतित भएको छ । आधुनिक कर प्रणालीका आधारभूत अवधारणासँग यसको अन्तरमिलान भने आयकर ऐन, २०५८ ले गरेको छ । आयकर ऐनको यो विकासले आयकरको नीतिगत मार्गदर्शन मात्र नदेखाई समग्र कार्यप्रणालीको सुधारको ढोका पनि खोलेको छ । यस ऐनको कार्यान्वयनले साँघुरो अवस्थामा रहेको कराधारलाई फराकिलो बनाउदै लगेको छ । करदातालाई गरिने कर व्यवहारमा समरूपता कायम गरेको छ, राष्ट्रिय कर प्रणालीको अन्तर्राष्ट्रिय कर प्रणालीसँग सोभ्फो सम्बन्ध स्थापित गरेको छ, लगानीमैत्री कर नीतिको पक्षपोषण गरेको छ, करदाताको स्वेच्छिक कर सहभागिताको प्रवर्द्धन गरेको छ । यस ऐनले परम्परागत रूपमा कर अधिकारीसँग रहिरहेका अवशिष्ट अधिकारहरुको अन्त्य गर्दै आयकर ऐनलाई विधिको शासनको रूपमा कर प्रशासन तथा करदातालाई यस ऐन अर्न्तगत उत्तरदायी र जवाफदेही बनाएको छ । यसका अतिरिक्त यस ऐनको कार्यान्वयन पछि राजस्व संकलनमा आयकरको बढोत्तरीले नेपालको राजस्व परिचालनमा हाललाई दोस्रो ठूलो राजस्वको स्रोत बनाएको छ भने भविष्यमा मूल राजस्व परिचालनको आधार पनि बनाउदै लाने देखिन्छ । यो ऐनले असल कर प्रणालीका आधारभूत मान्यताहरु जस्तै सरलता, तटस्थता, समता, स्वच्छता, निश्चितता र पारदर्शीतालाई अंगाल्दै न्यूनतम करको अन्तरलाई घटाई समतामूलक, कर संकलनमा सुविधा र दक्षता सहितको मितव्ययी र अर्थतन्त्रको विस्तार तथा आर्थिक वृद्धिको दक्षता कायम गराउने दिशामा अभिमूखीकरण गराएको पाइन्छ । नेपालको कर प्रणालीको आधुनिकताको दिशामा यसले प्रथम पाइला राखेकोले यसको सामयिकता र परिमार्जनको आवश्यकताको भने निरन्तर खाँचो देखिन्छ ।

आयकरको सैद्धान्तिक आधार भनेको आयको वितरणमुखि न्यायको प्रत्याभूति दिने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, राज्यको वित्तीय संरचनालाई सन्तुलित र अनुकूल बनाउने, समाजमा पारदर्शी अर्थव्यवस्थाको निर्माणको आधार बनाई सदाचार प्रदर्शन गर्न सघाउने रहेको हुन्छ । आर्थिक नीतिको प्रमुख नीति संयन्त्रको रूपमा रहेको वित्तीय नीतिको महत्वपूर्ण नीति उपकरण आयकर भएकाले यसले राजस्वको दिगो आधारको लागि फराकिलो कराधारको परिकल्पना गर्दछ, जसले आर्थिक क्रियाकलापलाई प्रवर्द्धन गराउने नीतिहरुसँग पनि अन्तरमिलानको अपेक्षा राख्दछ । विश्वव्यापिकरणको वर्तमान परिवेशमा नेपालले आयकरका कानुनी व्यवस्थाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाई लगानीमैत्री वातावरणको निर्माण गर्ने, नेपालको करदेयी क्षमताको संरक्षण गर्ने र प्रतिस्पर्धी तथा स्थिर कर नीतिको माध्यमबाट नेपाल राज्यका लागि आधिकारिक राजस्व संकलन गर्ने अभिष्ट रहेको पाइन्छ । सबै प्रकारका आय तथा आयका स्रोतहरुमा समानताका आधारमा करारोपण गर्ने, आयकरलाई लचकतासहित उत्पादकत्व बढाउने, व्यवसायीको कर सहभागिता लागत र सरकारको कर संकलन लागतलाई घटाई व्यवसायको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, आयकरलाई तटस्थ बनाई अर्थ व्यवस्थाको दक्षता बढाउने, सरल, सहज र पारदर्शी आधुनिक कर प्रणालीको विकास गर्ने, लेखामा आधारित स्वयं कर निर्धारणको विकास गरी व्यावसायिक उत्तरदायित्वको भावना जागृत गराउने र समग्र आयकर प्रणालीका कार्यहरु कानुनी विधि र प्रक्रियामा आधारित बनाई उत्तरदायी र पारदर्शी कर प्रणालीको प्रवर्द्धन गर्ने ऐनको उद्देश्य रहेको छ ।

आयकर प्रशासनको आधुनिकीकरणको क्रममा आयकर ऐन, २०५८ को तर्जुमा भई कार्यान्वयनमा ल्याइएको करिब आठ वर्ष भन्दा बढी समय व्यतित भएको भए तापनि यसका सारभूत पक्षहरु अभ्फै पनि नवीनता नै जस्तो अनुभूत हुने भएकोले यसका विशेषताहरु नै नबुभ्फी यो ऐनको समग्रता नबुभ्फिने भएकाले यसका मौलिक विशेषताहरु बुभ्फिएमा मात्र ऐनका समग्र पक्षलाई बुभ्फ्न सकिन्छ । आयकर सम्बन्धी सबै व्यवस्थाको प्राधिकार यसै ऐनबाट निर्देशित हुने गरी कानुनी सर्वोच्चता यस ऐनलाई दिएको छ । प्राकृतिक व्यक्ति र निकायका सबै प्रकारका आय आर्जनका स्रोतहरु तथा कारोबारलाई करको दायरामा समेटिएका छन् भने राज्यले आयकर छुट उपलब्ध गराउनुपर्ने भएमा निश्चित तथा तोकिएको कानुनमा संशोधन गरी दिन सक्ने

गरी मार्गप्रशस्त समेत गरेको छ । आय आर्जनको सिलसिलामा भएका सबै खर्चहरुलाई समान्य कट्टी तथा विशेष कट्टीका व्यवस्थाहरुबाट कानुनी सुनिश्चितता दिइनुको साथै रोजगारी, व्यवसाय तथा लगानीको आय गणनाका स्पष्ट आधारहरु निर्धारण गरिएको छ । यो ऐनले PAY-AS-YOU-EARN भन्ने सिन्द्धान्तलाई अवलम्बन गरेको छ । आय तथा खर्चको लेखाङ्कन गर्ने आधार एवम् मार्ग निर्देशनहरु निर्धारित गर्दै नेपालको कर प्रणालीलाई अन्तर्राष्ट्रिय कर प्रणालीसँग आवद्ध गर्ने आधारको निर्माण गरेको छ । परम्परागत रूपमा आय तथा सम्पत्तिको परिभाषाहरुमा रहेका अस्पष्टताहरूलाई कानुनी रूपमा सुस्पष्ट पारिएको छ । आयकर प्रणालीमा आय आर्जनकर्तालाई स्पष्ट रूपमा उत्तरदायी बनाउँदै कर प्रशासनका स्वविवेकीय अधिकारको अन्त्य गरी कानुनी शासनमा आधारित कर प्रणालीको विकासमा जोड दिएको छ । कर योजना एवम् छलीलाई देवानी र फौजदारी कसूरको बीच स्पष्ट विभेद गरी सरकारी वकिल मार्फत मुद्दा चलाउने आधारहरु तोकिएका छन् । पर्याप्त सूचना एवम् प्रमाण भएमा कर अधिकृतलाई संशोधित कर निर्धारण गर्ने र संसय कर निर्धारण गर्ने अधिकार दिएको छ भने आयको परिमाणीकरण र चारित्रीकरण, आयको खण्डीकरण, Transfer Pricing, Dividend Striping, General Anti Avoidance Rule र आय तथा खर्चका विशेष व्यवस्थाले Quarantine गर्ने भएकोले करको जोखिम पक्षहरुको नियन्त्रण गरेको छ । कर लाग्ने व्यक्तिको सम्बन्धमा निकाय र प्राकृतिक व्यक्तिको बारेमा कर तथा लेखा प्रणालीको स्पष्ट व्यवस्था गरेको छ, आयकरमा करदाताका कानुनी अधिकारको संरक्षण र यसको पूर्ण प्रत्याभूति, कर व्यवहारलाई कार्यान्वयन गर्दा पूर्णतः प्राकृतिक न्यायका मान्य सिद्धान्तको अनुशरण गर्नुपर्ने भएकाले करदातालाई दुई तहको पुनरावेदनको व्यवस्था गरेको छ । साथै विभागका महानिर्देशकलाई सक्षम अधिकारीको रुपमा ऐनको पूर्ण कार्यान्वयन गर्ने गरी उत्तरदायी बनाएको छ र स्थीर तथा अनुमानयोग्य कर नीति र यसको व्यवस्थापनको परिकल्पना आयकर ऐनले गरेको छ । यो नै आर्थिक विकासको आधार हुन सक्ने आधारभूत सोचको रूपमा प्रस्तावनामा उल्लेख गरिएको छ । आयकर ऐनको प्रारम्भकालिन चरणमा यसको सवेदनशीलता माथि जटिलताको गुनासो रही आएको यथार्थतालाई आन्तरिक राजस्व विभाग सदाको लागि अन्त्य गर्ने सोचमा रहेको फलस्वरुप यो लक्ष्य प्राप्त गर्ने पहिलो खुड्किलोको रूपमा करिब एक वर्षको अथक मेहनतबाट यो आयकर निर्देशिका प्रस्तुत गर्न सकिएको छ । आयकर विषय जटिल पनि भएकोले यसमा खोजे जतिको सरलता ल्याउन नसके पनि उल्लेख गरिएका सरल व्याख्या र उदाहरणहरुले सकेसम्म सरल बनाउने प्रयास भएको छ । यो निर्देशिकाको प्रयोगले आयकरको क्षेत्रमा कार्य सञ्चालन कुशलता सहित एकरूपता आउने विश्वास लिएको छु । अबका दिनमा यस निर्देशिकाले कर प्रशासन तथा करदातालाई थप जवाफदेही बनाउने छ । करको औपचारिकता पूरा गर्न करदातालाई सक्षम बनाउने भएकोले करदाताको स्वेच्छिक कर सहभागिता प्रवर्द्धन गराउने देखिन्छ । समग्र कर प्रशासनमा ल्याइएको यो आन्तरिक सरल प्रक्रियाको व्यवस्थाले असल कर प्रणालीको विकासमा पनि सघाउने विश्वास लिएको छु । यो निर्देशिका प्रथम पुस्ताको सामग्री भएकोले आयकर ऐन, २०५८ का विविध पक्षहरुको कर प्रशासनमा कार्यरत कर्मचारी, कर व्यवसायी, आम करदाता र यसको प्रयोग गर्ने व्यावसायिक वर्गले खोजे अनुरूप हुन नसके पनि अधिकांश अपेक्षाहरु पूरा गर्ने आशा लिएको छु । यस निर्देशिकामा भएका कमी कमजोरी हटाउन सम्पूर्ण उपयोगी वर्गबाट राय, सुझाव र सल्लाहको यस विभाग सदैव अपेक्षा गर्दछ । सुधार भनेको गन्तव्य होईन यो त निरन्तर यात्रा भएकोले यस निर्देशिकालाई प्रत्येक वर्षमा आयकर ऐन नियममा आउने परिवर्तन पछि थप परिमार्जन गर्दै प्रत्येक वर्ष प्रकाशमा ल्याउने कार्यमा विभाग प्रतिवद्ध रहेको छ । यो निर्देशिका तयार गर्न पूरै एक वर्षको समय र ठूलो साधन स्रोत तथा जनशक्तिको उपयोग भएको छ । यो निर्देशिका तयार पार्नका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने जर्मन प्राविधिक सहयोगद्वारा सञ्चालित राजस्व प्रशासन सहयोग परियोजना (RAS) तथा यसका प्रोजेक्ट म्यानेजर डा. थोमस तारासेस्कीलाई विभागको तर्फबाट धन्यवाद दिन चाहन्छु । यो निर्देशिका तयार गर्ने कार्यमा संलग्न परामर्शदाताहरु एफ.सि.ए. श्री सुदर्शनराज पाण्डे, एफ.सि.ए. श्री शिवनाथ पाण्डे तथा वरिष्ठ अधिवक्ता श्री पवन कुमार ओझाप्रति विभाागको तर्फबाट हार्दिक आभार प्रकट गर्न चाहन्छु । यो निर्देशिकालाई गुणस्तरीय बनाउने कार्यमा विभागको तर्फबाट सहयोग गर्न गठित Quality Circle मा रहेका साथीहरु, विभागका उपमहानिर्देशकद्वय श्री नवराज भण्डारी र श्री लक्ष्मण अर्याल तथा यस कार्यमा संलग्न सम्पूर्ण

पदाधिकारीहरुलाई धन्यवाद दिन चाहन्छु । यो निर्देशिका तयार पार्ने क्रममा सुरुको समयदेखि अन्त्यसम्म निरन्तर रूपमा लगनशील भई लागिरहने राजस्व प्रशासन सहयोग परियोजना (RAS) का प्रोजेक्ट कोअर्डिनेटर श्री पद्मनाभ सिंह कार्की, यस विभागका निर्देशक श्री गोपालप्रसाद घिमिरे तथा शा.अ.श्री कपिलप्रसाद सुवेदी विशेष धन्यवादका पात्र हुनुहुन्छ । यो निर्देशिका तयारको क्रममा सल्लाह तथा सुझाव उपलब्ध गराई सहयोग गरिदिनु हुने ICAN, FNCCI, Chamber of Commerce लगायतका संस्थाहरु, आन्तरिक राजस्व कार्यालयहरु तथा अन्य सम्पूर्ण महानुभावहरुमा समेत विभागको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । यो निर्देशिका निमार्णको लागि विभागको अनुरोधलाई स्वीकार गरी आफ्नो अत्यन्त कार्य व्यस्तताका वावजुद पनि अथक मेहनत तथा लगनका साथ आफूले रोपेको फूललाई सुन्दर बगैचामा राख्ने यस अभियानमा गुणात्मक परीक्षणको नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएका यस विभागका पूर्व महानिर्देशक तथा पूर्व अर्थसचिव श्री विद्याधर मल्लिकज्यू प्रति यस विभागको परिवारको तर्फबाट अन्तरहृदयदेखि धन्यवाद सहित आभार व्यक्त गर्दछु । भविष्यमा समेत यसको परिमार्जनको लागि अभिप्रेरणाको अपेक्षा समेत राखेको छु । यो निर्देशिका बनाउन सदैव उत्प्रेरणा दिनु हुने र साधन तथा स्रोतको व्यवस्थापन वातावरण बनाउने कार्यमा निरन्तरको सहयोग पुऱ्याउने माननीय अर्थमन्त्री श्री सुरेन्द्र पाण्डे, अर्थ सचिव श्री रामेश्वरप्रसाद खनाल र राजस्व सचिव श्री कृष्णहरी बाँस्कोटा प्रति यस विभाग हार्दिक आभार व्यक्त गर्दछ ।

अन्त्यमा, नेपालको आयकर प्रणालीको विकासको लागि यस ऐनको तर्जुमाको बखत देखि कार्यन्वयनका विभिन्न चरणहरुमा पनि अन्तर्राष्ट्रिय मुद्रा कोष तथा कोषका कानुन विज्ञ डा.पिटर ह्यारिस, जर्मन प्राविधिक सहयोगद्वारा सञ्चालित राजस्व प्रशासन सहयोग परियोजना (RAS) तथा प्रोजेक्ट कोअर्डिनेटर श्री पद्मनाभ सिंह कार्कीको सहयोगलाई यस विभागले नेपालको आयकर विकासको यात्रामा सदैव सम्झिरहने नै छ ।

फाल्गुण, २०६६

शान्तबहादुर श्रेष्ठ
महानिर्देशक

# विषयसूची


परिच्छेद १ परिचय........................................................................................ १

परिच्छेद २ परिभाषा.................................................................................. ७

परिच्छेद ३ आय, नोक्सानी, लाभ र भुक्तानीको स्रोत.................................................... ३९

परिच्छेद ४ करको आधार तथा आयका शिर्षकहरू........................................................ ५०

परिच्छेद ५ आय, निर्धारणयोग्य आय तथा करयोग्य आय................................................ ५६

परिच्छेद ६ आयमा समावेश हुने रकमहरू.................................................................. ६६

परिच्छेद ७ रकमहरूको परिमाणीकरण, बाँडफाँड र चारित्रीकरण........................................ ८४

परिच्छेद ८ कर लेखाङ्कन र समय........................................................................ १०८

परिच्छेद ९ छुट हुने रकमहरू र अन्य छुटहरू.............................................................. १२३

परिच्छेद १० व्यवसायिक छुट तथा सुविधा................................................................ १३३

परिच्छेद ११ प्राकृतिक व्यक्ति.............................................................................. १५१

परिच्छेद १२ अवकाश कोष.................................................................................. १६५

परिच्छेद १३ निकाय र वितरण............................................................................. १८१

परिच्छेद १४ अन्तर्राष्ट्रिय कर एवम् वैदेशिक कर मिलान................................................ २०७

परिच्छेद १५ दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता सम्बन्धी व्यवस्था...... २३०

परिच्छेद १६ भुक्तानीमा कर कट्टी.......................................................................... २४३

परिच्छेद १७ रोजगारीबाट भएको आयको गणना......................................................... २८५

परिच्छेद १८ ब्यवसायबाट भएको आयको गणना......................................................... ३३४

परिच्छेद १९ बैंकिङ्ग तथा वीमा ब्यवसाय सम्बन्धी विशेष व्यवस्था................................... ३८४

परिच्छेद २० दीर्घकालीन करारको आयको गणना....................................................... ४०५

परिच्छेद २१ लगानीबाट भएको आयको गणना........................................................... ४३४

परिच्छेद २२ सम्पत्ति वा दायित्वको नि:सर्गबाट हुने लाभको निर्धारण................................ ४६२

परिच्छेद २३ करको गणना........................................................................................ ५००

परिच्छेद २४ किस्ताबन्दी र अग्रिम कर.................................................................... ५३२

परिच्छेद २५ आय बिबरण........................................................................................ ५५३

परिच्छेद २६ कर निर्धारण........................................................................................ ५६६

परिच्छेद २७ करको भुक्तानी..................................................................................... ५७९

परिच्छेद २८ कर संकलन, मिन्हा र फिर्ता.................................................................. ५९३

परिच्छेद २९ शुल्क, ब्याज तथा जरिवाना.................................................................. ६२५

परिच्छेद ३० प्रशासकीय पुनरावलोकन र पुनरावेदन................................................ ६४२

परिच्छेद ३१ आयकरको प्रशासन, आधिकारिक कागजात र अभिलेख तथा सूचना संकलन......... ६५१

परिच्छेद ३२ विविध................................................................................................... ६७२

अनुसूचिहरू ........................................................................................................... ६८१

# परिच्छेद १

# परिचय

# (Introduction)

१.१ नेपालमा आयकरको अवधारणा सर्वप्रथम वि.सं. २०१७ सालमा प्रारम्भ भएको थियो । वि.सं. २०३१ देखि लागू भएको आयकर ऐन हालको आयकर ऐन, २०५८ लागू हुनु पूर्व प्रचलनमा रहेको थियो । वर्तमान आयकर ऐन, २०५८ भन्दा अगाडि प्रचलनमा रहेको आयकर ऐन, २०३१ कर कानुनको अविशिष्टताको आधारमा स्तरीय थिएन । तत्कालीन अवस्थामा कुनै व्यक्तिको कर निर्धारण गर्नका लागि आयकर ऐनको अतिरिक्त सम्बन्धित आय वर्षको आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, श्रम ऐन, बोनस ऐन लगायत दर्जनौ ऐनहरू एवम् ती ऐन अन्तर्गत बनेका नियमावलीमा भएका कर सम्बन्धी प्रावधानलाई समेत आधार मान्नु पर्ने अवस्था थियो । कर छुट दिने सम्बन्धी व्यवस्था विभिन्न ऐनहरूमा रहेकोले प्रभावकारी कार्यान्वयनमा समेत कठिनाई थियो

करको दर वृद्धि गरेर होइन करको दायरा वृद्धि गरेर राजस्व परिचालन गर्नुपर्छ भन्ने वर्तमान राजस्व नीतिको मान्यता रहेको छ । यसै मान्यताको आधारमा व्यक्तिको कुनैपनि किसिमको आय चाहे त्यो श्रम लगानी गरेर प्राप्त गरेको होस वा श्रम वा पुँजीको सम्मिश्रणबाट प्राप्त गरेको होस वा स्रोतएवम् सम्पत्ति प्रवाह गरी प्राप्त गरेको होस, जसरी आयआर्जन गरेको भएतापनि त्यस्ता सबै किसिमका आय आर्जनलाई आयकर ऐन, २०५८ ले आयकरको दायरामा समाहित गरेको छ ।

आयकर ऐन, २०५८ आयकरको आधुनिक अवधारणामा आधारित रहेको छ । व्यक्तिको आय कुनै निश्चित भौगोलिक क्षेत्रमा मात्र नहुने, पुँजीएवम् प्रविधिको प्रयोग देशको सीमाभित्र मात्र सीमित नरहने वर्तमान विश्व अर्थव्यवस्था, विश्व व्यापार संगठनको मान्यता एवम् खुल्ला प्रतिस्पर्धायुक्त अर्थ व्यवस्थाको कारणबाट व्यक्ति विशेषको आय जहाँसुकै हुने अवस्था रहेको छ । आयकर ऐन, २०५८ ले आयकरको Residence Principle लाई अंगालेको छ । यस सिद्धान्त अनुसार नेपालको बासिन्दा व्यक्तिको आय संसारभर जहाँभए पनि नेपालमा कर तिर्नुपर्ने व्यवस्था छ । यसले व्यक्तिलाई दोहोरो करबाट मुक्ति दिन नेपाल बाहिर आर्जित आयमा विदेशी मुलुकमा तिरेको आयकर मिलान गर्न पाउने व्यवस्था गरेको छ ।

विगतको आयकर ऐनमा कुनैपनि व्यक्तिले आय आर्जन गरेको आय वर्षमा कर तिर्नुनपर्ने तर सोको आय विवरण दाखिला गर्दा कर तिर्ने व्यक्तिले दाखिला गरेको आय विवरणको आधारमा कर कार्यालयले कर निर्धारण गरे अनुसार कर तिर्नुपर्ने व्यवस्था थियो । आयकर ऐन, २०५८ ले आय आर्जन गरेको आयमा आयआर्जन गरेको अवस्थामा नै कर तिर्ने अर्थात Pay As You Earn (PAYE)को सिद्धान्तलाई समेटेको छ । यसबाट व्यक्तिको आय निर्धारण र सो आयमा लाग्ने कर भुक्तानी सँगसँगै गर्ने व्यवस्था गरेको छ । यसबाट व्यक्तिलाई आयकर बापतको दायित्व रहिरहँदैन भने सरकारलाई आयकरको रूपमा प्राप्त हुने राजस्व समयमा नै प्राप्त हुन्छ । विशेष गरी प्राकृतिक व्यक्तिको विविध प्रकारको आयमा भुक्तानी प्राप्त गर्दा कै बखतमा स्रोतमा कर कट्टीको माध्यमबाट कर कट्टी भई दाखिला हुने व्यवस्था छ । यसले गर्दा प्राकृतिक व्यक्तिको कतिपय आयमा कट्टी भएको अग्रिम कर नै अन्तिम कर कट्टी हुने हुँदा कर दाखिलाको लागि कार्यालयमा आउनु पर्दैन । यसले गर्दा कर दाखिलाको लागि पटक पटक कार्यालय धाउनु नपर्ने अवस्थाबाट समयको बचत एवम् भुक्तानी गर्दा लाग्ने लागतमा समेत कमी आएको छ भने सरकारलाई समेत कर संकलन बापत लाग्ने खर्चमा कमि ल्याएको छ ।

आयकरको आधुनिक सिद्धान्त एवम् मान्यतामा आधारित आयकर ऐन, २०५८ का विविध विशेषताहरू रहेका छन् । आयकर ऐन, २०५८ लागू भएको करिब दुई दशकपूरा भइसकेको छ । यस अवधिमा ऐनको कार्यान्वयनले थुप्रै प्रकारका आरोह अवरोह पार गरेको छ । यसको अलावा ऐनका प्रावधान एकत्रित रूपमा प्रस्तुत गर्न साथै नियमावलीमा व्यवस्था गरिएका नियमलाई एकत्रित गरी सबैले बुझ्ने गरी सरल र सहज तरिकाले व्याख्या गरी निर्देशिका तयार पारी लागू गर्नुपर्ने भएको सन्दर्भमा ऐनको दफा १३९ ले ऐनको प्रभावकारी कार्यान्वयनको निमित्त विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्ने व्यवस्था गरेको हुँदा विभागले ऐनको विभिन्न दफालाई व्याख्या समेत गरी यो निर्देशिका बनाई जारी गरेको छ । प्रस्तुत संशोधनमाआर्थिक ऐन, २०७८ ले आयकर ऐन, २०५८ को व्यवस्थामा गरेको संशोधन एवम् थप व्यवस्थालाई समेत समावेश गरी यो निर्देशिका जारी गरिएको छ । यो निर्देशिकाको मुख्य उद्देश्य आवश्यकता अनुसार आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ मा भएका प्रावधानका मर्म प्रतिविम्बित हुनेगरी व्याख्या गर्नुरहेको छ । ऐनको कुनै खास दफामा उल्लेखित व्यवस्था र सो दफाले समेटेका ऐनका अन्य दफा समेतलाई त्यस व्यवस्थासँग क्रमबद्ध समावेश गरी सरल ढंगबाट सबैले सजिलैसँग बुझ्न सक्ने गरी व्याख्या गरिएको छ ।

## १.२ निर्देशिकाको प्रस्तुती र यसको स्थान

आयकर ऐन, २०५८ लागूभएपश्चात हालसम्म पनि ऐनका कतिपय प्रावधानका सम्बन्धमा कर प्रशासन, करदाता एवम् कर लेखापरीक्षककाबीचमा फरक फरक अवधारणा रहेको छ । कर प्रशासन, करदाता एवम् कर लेखापरीक्षककाबीचमा आयकर ऐनको प्रावधानमा द्विविधा उत्पन्न नभई ऐनको मनसाय अनुसार कार्यान्वयनमा आएमा कर प्रशासनलाई ऐनले व्यवस्था गरे बमोजिम कर राजस्व प्राप्त हुन्छ र करदाताले तिर्नुपर्ने कर सहजरूपमा तिर्न सक्नुका साथै निजलाई शुल्क एवम्ब्याज जस्ता करका अतिरिक्त दायित्वबाट उन्मुक्ति हुन जान्छ । यसैकारण आयकरसँग प्रत्यक्षरुपले गाँसिएका कर प्रशासन, करदाता एवम् कर लेखापरीक्षकलाई आयकर ऐन, २०५८ एवम् नियमावली, २०५९ को मर्मलाई आत्मसात हुने गरी ऐन एवम् नियमका सबै व्यवस्थाका सम्बन्धमा यस निर्देशिकामा स्पष्ट गरिएको छ । आयकर निर्देशिका, २०६६ (संशोधन सहित) ले आयकर ऐन, २०५८ तथा नियमावली, २०५९ का सबै व्यवस्थालाई ऐन वा नियमको दफा एवम् क्रमबद्धताको आधारमा उल्लेख नगरी करदाताको आयको प्रकार, करदाताको प्रकार, कर प्रशासन एवम् यसका आधिकारिक कागजात आदिको आधारमा विभिन्न ३२ परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । प्रत्येक परिच्छेद अन्तर्गत परिच्छेदले समेटेको विषयसँग सम्बन्धित ऐनको दफा एवम् नियमावलीको नियम उल्लेख गरी सोको मनसाय उल्लेख भएको छ । ऐन एवम् नियमावलीको व्यवस्थालाई सरल रूपले बुझ्न सहयोग पुऱ्याउने उद्देश्यले सकभर सबै व्यवस्थालाई सान्दर्भिक उदाहरणबाट स्पष्ट पारिएको छ । निर्देशिकामा प्रस्तुत ऐन एवम् नियमावलीका व्यवस्था एवम् उदाहरणको सम्बन्धमा दोहोरो अर्थ नलागोस भन्नका लागि सरल रूपमा प्रस्तुत गरिएको छ ।

यस निर्देशिकामा परिच्छेदको विभाजन आयका शीर्षक, खर्चकट्टी, स्रोतमा कर कट्टी जस्ता शीर्षकहरूका आधारमा गरिएको छ । कुनै व्यक्तिको आफ्नो आयको शीर्षक एवम् आफ्नो हैसियत (Status) स्पष्ट हुन सरल पुऱ्याउने उद्देश्यले ऐन, नियमावली एवम् उदाहरणको प्रस्तुती परिच्छेदको शीर्षकको आधारमा दोहोरिएको छ । जस्तै रोजगारीको आय गणनामा रोजगारीको आय समावेश हुने आयको साथ साथै रोजगारदाताले रोजगारीको भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्नुपर्ने विषय समेत उल्लेख भएको छ भने स्रोतमा कर कट्टी शीर्षकमा रोजगारीको आय गणना एवम् सोमा कट्टी गर्नुपर्ने कर समेत उल्लेख भएको छ। यसरी प्रस्तुती गर्दा ऐन, नियमका व्यवस्था एवम् उदाहरण दोहोरो (Duplicate) समेत भएको छ । यसरी प्रस्तुती गर्नुको उद्देश्य कुनै व्यक्तिले ऐनको व्यवस्था अनुसार पालना गर्नुपर्ने कर्तब्य के के हुन् भनी समग्र निर्देशिका अध्ययन गर्न नपरोस भन्ने रहेको छ ।

प्रस्तुत निर्देशिकामा आयकर ऐन प्रारम्भ भएदेखि ऐनको व्यवस्था स्पष्ट पार्ने उद्देश्यले विभिन्न समयमा गरिएको परिपत्र, सार्वजनिक परिपत्र, करदातालाई उपलब्ध गराएको पूर्वादेशको आशय, विगतमा प्रशासकीय पुनरावलोकन एवम् अदालतबाट भएका फैसलाका विषय एवम् आशयलाई समेत समेटिएको छ । कर प्रशासन, करदाता एवम् कर व्यवसायीलाई आफ्नो कर्तव्य पालना गर्नुपर्ने सन्दर्भमा पटक पटक परेको द्विविधालाई कम गर्ने उद्देश्यले ऐनका व्यवस्था एवम् नियमावलीका व्यवस्थालाई स्पष्ट पारिएकोले निर्देशिकाको प्रकाशनबाट आयकरसँग सम्बन्धित व्यक्तिलाई आफ्नो कार्य सम्पादनमा सहयोग पुग्न जाने विश्वास गरिएको छ ।

सामान्यतयाः निर्देशिकाको प्रत्येक परिच्छेदसँग सम्बन्धित ऐनका दफा समेत संलग्न राखी व्याख्या गरिएको छ । तथापि सो परिच्छेदसँग सम्बन्धित अन्य प्रावधानलाई अझ विस्तृतरूपमा अध्ययन एवम् व्याख्या गर्न आवश्यकता अनुसार अन्य परिच्छेदसँगको सम्बन्धलाई समेत सोही परिच्छेदमा खुलाइएको छ । उदाहरणको निमित्त रोजगारीको आय गणनासँग सम्बन्धित परिच्छेद १७ मारोजगारीबाट भएको करयोग्य आयको गणनामा अवकाश कोष एवम् स्रोतमा कर कट्टी सम्बन्धी प्रावधान उल्लेख गरिएको भए तापनि ऐनका यी व्यवस्थाको छुट्टै महत्व भएको र यस व्यवस्थाका सम्बन्धमा समेत विस्तृत अध्ययन गरेको खण्डमा रोजगारीको आय गणना एवम् कर दायित्व सम्बन्धमा अझ विस्तृत व्याख्या सहज हुने हुँदा परिच्छेद १२ (अवकाश कोष) तथा परिच्छेद १६ (भुक्तानीमा कर कट्टी) जस्ता परिच्छेदलाई समेत अध्ययन गर्न उचित हुने कुरा परिच्छेद १७ मा उल्लेख गरिएको छ ।

यो निर्देशिका विषयगत रूपमा तयार गरिएको छ । यसरी निर्देशिका तयार गर्दा ऐनमा रहेको दफा, सो दफासँग सरोकार राख्ने अन्य दफा र सम्बन्धित नियम एकै ठाउँमा समावेश गरी प्रस्तुत गरिएको छ । यस निर्देशिकामा ऐनको दफा उल्लेख गर्दा **गाढा अक्षर(Bold Letter)**प्रयोग गरिएको छ नियमलाई ***छड्के गाढा अक्षर (Bold Italic Letter)***प्रयोग गरिएको छ भने व्याख्या, तथा अन्य उदाहरणलाई सामान्य अक्षर प्रयोग गरिएको छ ।यसरी ऐन तथा नियमावलीको प्रावधानलाई व्याख्या गर्ने क्रममा आवश्यकताका आधारमा उदाहरण समेत समावेश गरिएका छन् । यस्ता उदाहरणमा उल्लिखित नामकाल्पनिक हुन्।

आयकर ऐन, २०५८ र आयकर नियमावली, २०५९ को प्रयोग प्रचलन र व्याख्याको क्रममा यस निर्देशिकाकोप्रयोग गरिनुपर्दछ।आयकर सन्दर्भमा आयकर ऐन, २०५८ (सं.स.) तथा आयकर नियमावली, २०५९ (सं.स.) पछि यसको स्थान हुनेछ ।

## १.३ प्राथमिकता सम्बन्धी व्यवस्था

आयकर असुली सम्बन्धी कार्य न्यायीक कार्य हो । आयकर असुल उपर सम्बन्धी कारवाही र निर्णय गर्दा कानुन र कर सम्बन्धी न्यायीक सिद्धान्तलाई आधार मान्न जरुरी हुन्छ । कर सम्बन्धी कारवाही र निर्णय अर्धन्यायीक कार्य मानिन्छ । त्यसैले सो प्रयोजनमा कार्यरत रहने कर अधिकृतले न्यायीक मनको प्रयोग गरी कानुनको वास्तविकता पत्ता लगाएर सो अनुरुप निर्णय गर्नुपर्दछ । त्यस्तो नभएमा कर अधिकृतद्वारा भएका निर्णय, काम कारवाही बदर हुन्छन् । त्यसैले आयकर कानुनको सहि प्रयोग गर्न जरुरी हुन्छ । यस दृष्टिले केहि प्राथमिक जानकारी राख्नुपर्ने कुरा यहाँ प्रस्तुत गरिएको छ ।

१.३.१ **कानुन बाझिएको अवस्था :** कतिपय अवस्थामा कानुन एक आपसमा बाझिएका हुन्छन् । कानुन भन्ने शब्दले संविधान, ऐन, नियम, उपनियम, विनियम, आदेश, सूचना, परिपत्र इत्यादि सम्पूर्णलाई बुझाउँदछ। तसर्थ कानुन शब्दले जटिलता र व्यापकता बोध गराउँछ । कानुन कुनै बलियो कुनै कमजोर हुने क्रममा रहेका हुन्छन् । संविधान सबैभन्दा सर्वोपरी हन्छ, त्यसपछि ऐन अनि नियमावलीको क्रम हुन्छ । दुईवटा कानुन बाझिएमा जो माथिल्लो

क्रममा छ त्यो बलियो हुन्छ अनि त्यो कायम हुन्छ । तर समानस्तरका कानुन बाझेको अवस्थामा भने सम्बन्धित विषय वा पक्षसँग कुन कानुन विशिष्ट ढंगले जोडिएको र नजिक भएको छ ? कुन अघिको हो र कुन पछिको हो ? जस्ता कुराबाट निर्धारण गर्नुपर्दछ । जस्तै संविधान र ऐन बाझिएकोमा संविधानको व्यवस्था लागू हुन्छ, ऐन र नियम बाझिएको अवस्थामा ऐन लागू हन्छ र ऐनसँग ऐन बाझिएकोमा भने सम्बन्धित विषयवस्तुका लागि बनेको विशिष्ट ऐन लागू हुन्छ ।

१.३.२ दोहोरो कर नलाग्ने बारेमा भएको सम्झौताका प्रावधान र आयकर ऐनका व्यवस्था बाझिएमा सम्झौताका व्यवस्था लागू हुन्छ ।

१.३.३ बाध्यात्मक र इच्छाधिन गरी कानुन दुई प्रकारका हुन्छन् । बाध्यात्मक कानुनको प्रयोग र प्रचलन गर्नु अनिवार्य हुन्छ भने इच्छाधिन कानुनको प्रयोग गर्न वा नगर्न सम्बन्धित अधिकारी स्वतन्त्र हुन्छ । कुनै कानुनमा हुनेछ वा गर्नेछ वा गर्नु पर्नेछ (अंग्रेजीमा Shall / Will) भन्ने लेखिएको रहेछ भन्ने त्यो बाध्यात्मक हुन्छ र जुन कानूनमा गर्न सकिनेछ वा सक्नेछ (अंग्रेजीमा May) भन्ने लेखिएको रहेछ भने त्यस्तोमा प्रयोगकर्ता सो कानुनको प्रयोग गर्नमा स्वतन्त्र हुन्छ, उसले सो कानुनको पालना गर्नुपर्ने ठहऱ्याएमा वा देखेमा मात्र पालना/प्रयोग गर्न सक्तछ ।

१.३.४ विवेकको प्रयोग गर्दा निकै विचार पुऱ्याउनु पर्दछ । अधिकृतलाई कानुनले विवेक प्रयोग गर्ने प्रशस्त अवसर दिन्छ । त्यस्तो विवेक प्रयोग गर्दा जथाभावी नगरी तर्क एवम् न्याय संगत ढंगले गर्नुपर्दछ । कानुनको प्रयोग गर्दा लिएका आधार र कारण खुलाउनुपर्छ । तर्कसंगत आधार र कारण वेगर गरिएको निर्णय बदर हुन्छ ।

१.३.५ कानुनको व्याख्याको सिद्धान्त अन्तर्गत एक वचनले, बहुवचन र बहुवचनले एक वचनलाई जनाउँदछ ।

१.३.६ **नजीरः** सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त कानुन सरह हुन्छ । तसर्थ, अधिकारीबाट त्यसको पालना हुनुपर्दछ । तर राजस्व न्यायाधीकरणबाट प्रतिपादित सिद्धान्तको पालना गर्नुपर्ने कानुनी बाध्यता हुँदैन । तथापि न्यायाधिकरणले प्रतिस्पर्धा प्रणाली अन्तर्गत परस्पर बहस छलफल गरी वा गराई कानुन र न्यायका मूल्य मान्यताको आधारमा फैसला गर्ने हुँदा न्यायाधिकरणबाट व्यक्त राय, ठहर वा कानुनको व्यवस्था वा प्रतिपादित सिद्धान्त पालना गर्नु विभागको लागि उचित हुने देखिन आउँछ । न्यायका मान्य सिद्धान्तहरूले न्यायीक क्रियाकलापमा निकै ठूलो भूमिका राख्दछन् । नेपालकोसंविधानले न्यायीक निर्णय गर्दा न्याय सिद्धान्तलाई आधार मान्नुपर्ने व्यवस्था गरेको छ । तसर्थ कुनै निर्णय, काम कारवाहीको क्रममा कुनै न्यायीक सिद्धान्तको प्रश्न उपस्थित भएमा त्यसप्रति विचार गरी उचित र उपयुक्त देखिएमा प्रयोग गर्नुपर्ने हुन्छ ।

१.३.७ **प्राकृतिक न्यायको सिद्धान्तः** न्यायीक निर्णय गर्ने क्रममा प्राकृतिक न्यायको सिद्धान्त निकैनै महत्वपूर्ण मानिन्छ । यसका मुख्य दुई उपसिद्धान्त छन् - पक्षपातको सिद्धान्त र सुनुवाईको सिद्धान्त । प्राकृतिक न्यायका सिद्धान्तको प्रतिकूल गरिएका कर निर्धारण आदेश निर्णय बदर हुन्छन् । कर निर्धारणका सन्दर्भमा सुनुवाईको सिद्धान्तको पालना गर्न अनिवार्य हुन्छ ।

१.३.८ **सार्वजनिक परिपत्रः** आयकर ऐनको कार्यान्वयनमा एकरुपता ल्याई कर प्रशासनलाई सरल बनाउने एवम् कर अधिकृत तथा करदातालाई मार्गनिर्देशन गर्न आन्तरिक राजस्व विभागले सार्वजनिक परिपत्र जारी गर्ने गर्दछ । त्यस्ता परिपत्र लिखित हुन्छन् र तिनले आवश्यकतानुसार आयकर ऐन, नियमको व्याख्या गर्दछन् ।

सार्वजनिक परिपत्र ऐन, नियमसँग बाझेमा बाझेको हदसम्म अमान्य हुन्छन् । एवम् विभागबाट यो निर्देशिका जारी भएका मितिसम्म जारी भएका सार्वजनिक परिपत्र यस निर्देशिकासँग बाझिन गएको अवस्थामा यस अघि जारी भएका सार्वजनिक परिपत्र खारेज भएको मानिनेछ ।

१.३.९ **पूर्वादेशः**आयकर ऐन, २०५८ द्वारा व्यवस्थित यो नयाँ व्यवस्था हो । पूर्वादेश पनि विभागद्वारा नै जारी हुन्छ । कुनै खास करदाताले आयकरका प्रावधान लागू हुने नहुने, लागू हुने भए

निजको हकमा कसरी कुन हदसम्म हुने भन्ने कुराका सम्बन्धमा उत्पन्न द्विविधा हटाई माग्न वा निराकरणका लागि विभागसमक्ष आवेदन गर्न पाउँछ । विभागले आफ्नो धारणा पूर्वादेशको रूपमा त्यस्तो करदातालाई उपलब्ध गराउँछ । विभागबाट पूर्वादेश जारी भएकोमा त्यस्तो आदेश बहालरहेसम्म निज व्यक्तिको हकमा सो बमोजिम गर्न विभाग बाध्य हुन्छ ।

सार्वजनिक परिपत्र र पूर्वादेश बाझिएको स्थितिमा पूर्वादेश जारी गरिएको व्यक्तिको हकमा सो पूर्वादेशको व्यवस्था लागू हुन्छ । विभागबाट यो निर्देशिका जारी भएका मितिसम्म जारी भएका पूर्वादेशयस निर्देशिकासँग बाझिन गएको अवस्थामा विभागले पुनः उक्त व्यक्तिलाई पूर्वादेश नदिएसम्म सो व्यक्तिकोलागि उक्त पूर्वादेशनै कायम रहन्छ । अर्थात व्यक्तिगत तवरबाट विभागले यस अघि जारी भएको पूर्वादेश खारेज भएको जानकारी नगराएसम्म यस अघि जारी भइसकेका पूर्वादेश खारेज भएको मानिदैंन ।

## १.४ संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

१(१) यस निर्देशिकाको नाम "**आयकर निर्देशिका, २०६६ (चौथो संशोधन, २०७८)**" रहेको छ ।

१(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

१(३) आयकर ऐन, २०५८ को प्रारम्भ तथा संशोधनः

यो ऐन २०५८ साल चैत्र १९ गतेदेखि लागू भएको हो । यो निर्देशिका जारी भएका बखतसम्म आयकर ऐन, २०५८ मा निम्नानुसार संशोधन भएको छ । यी संशोधन, संशोधन गर्ने आर्थिक ऐन जुन जुन अवधिभर लागू हुन्छन्, आयकर ऐनमा भएका संशोधन पनि सोही अवधिभरका लागि लागू हुन्छन् ।

आयकर ऐन, २०५८ लाई संशोधन गर्न जारी गरिएका आर्थिक ऐन वा अध्यादेशहरूः

| **लागू गर्ने तथा संशोधन गर्ने ऐनको नाम** | **लागू हुने अवधि** | **राजपत्रमा प्रकाशित मिति** |
|---|---|---|
| पहिलो पटक नेपाल राजपत्रमा प्रकाशित मिति | | २०५८।१२।१९ |
| आर्थिक अध्यादेश, २०५९(आषाढ) | २०५९।३।२४ देखि २०५९।९।२१ | २०५९।३।२४ |
| आर्थिक अध्यादेश, २०५९ (पौष) | २०५९।३।२४ देखि २०६०।३।१५ | २०५९।९।२२ |
| आर्थिक अध्यादेश, २०६० (आषाढ) | २०६०।३।१६ देखि २०६०।३।३२ | २०६०।३।१६ |
| आर्थिक अध्यादेश, २०६० (श्रावण) | २०६०।४।१ देखि २०६०।९।२९ | २०६०।४।१ |
| आर्थिक अध्यादेश, २०६० (माघ) | २०६०।१०।१ देखि २०६१।३।३१ | २०६०।१०।१ |
| आर्थिक अध्यादेश, २०६१ (श्रावण) | २०६१।४।१ देखि २०६१।९।२९ | २०६१।४।१ |
| आर्थिक अध्यादेश, २०६१ (माघ) | २०६१।१०।१ देखि २०६२।३।३१ | २०६१।१०।१ |
| आर्थिक अध्यादेश, २०६२ (श्रावण) | २०६२।४।१ देखि २०६२।९।२ | २०६२।४।१ |
| राजस्व सम्वन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०६२ | २०६२।६।१६ देखि २०६२।९।२९ | २०६२।६।१६ |
| आर्थिक अध्यादेश, २०६२ (माघ) | २०६२।१०।१ देखि २०६३।३।३१ | २०६२।१०।१ |
| आर्थिक अध्यादेश, २०६३ | २०६३।४।१ देखि २०६४।३।३२ | २०६३।४।१ |
| केही नेपाल कानून संशोधन गर्नबनेको ऐन, २०६३ | २०६३।६।२८ देखि लागू | २०६३।६।२८ |

| | | |
|---|---|---|
| आर्थिक ऐन, २०६४ | २०६४।४।१ देखि २०६५।३।३१ | २०६४।३।२८ |
| आर्थिक ऐन, २०६५ | २०६५।४।१ देखि २०६६।३।३१ | २०६५।४।१ |
| आर्थिक ऐन, २०६६ | २०६६।४।१ देखि २०६७।३।३१ | २०६६।३।२८ |
| आर्थिक ऐन, २०६७ | २०६७।८।४ देखि २०६८।३।३२ | २०६७।८।४ |
| आर्थिक ऐन, २०६८ | २०६८।४।१ देखि २०६९।३।३१ | २०६८।३।२८ |
| आर्थिक ऐन, २०७० | २०७०।४।१ देखि २०७१।३।३२ | २०७०।४।१ |
| आर्थिक ऐन, २०७१ | २०७१।४।१ देखि २०७२।३।३१ | २०७१।३।२९ |
| आर्थिक ऐन, २०७२ | २०७२।४।१ देखि २०७३।३।३१ | २०७२।३।२९ |
| आर्थिक ऐन, २०७३ | २०७३।४।१ देखि २०७४।३।३१ | २०७३।७।२९ |
| आर्थिक ऐन, २०७४ | २०७४।४।१ देखि २०७५।३।३२ | २०७४।५।२ |
| आर्थिक ऐन, २०७५ | २०७५।४।१ देखि २०७६।३।३१ | २०७५।३।३२ |
| केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | | २०७५।११।१९ |
| आर्थिक ऐन, २०७६ | २०७६।४।१ देखि | २०७६।३।३० |
| आर्थिक ऐन, २०७७ | २०७७।४।१ देखि | २०७७।३।१५ प्रमाणीकरण मिति |
| आर्थिक अध्यादेश, २०७८ | २०७८।४।१ देखि २०७८।५।२५ | २०७८।२।१५ |
| आर्थिक ऐन, २०७८ | २०७८।५।२५ देखि | २०७८।६।१३ |

आयकर नियमावली, २०५९ मा संशोधन

| | |
|---|---|
| पहिलोपटक नेपाल राजपत्रमा प्रकाशित मिति | २०५९।०२।२४ |
| संशोधनको विवरण | राजपत्रमा प्रकाशित मिति |
| प्रथम संशोधन | २०५९।०९।२२ |
| दोस्रो संशोधन | २०६४।०३।२८ |
| तेस्रो संशोधन | २०६७।०८।०४ |
| चौथो संशोधन | २०७१।०३।२९ |
| पाँचौ संशोधन | २०७२।०३।२९ |
| छैठौंसंशोधन | २०७३।०२।१५ |
| सातौं संशोधन | २०७४।०४।१० |
| आठौं संशोधन | २०७५।०२।२२ |
| नवौं संशोधन | २०७६।०३।२३ |
| दशौं संशोधन | २०७६।११।१२ |
| एघारौं संशोधन | २०७७।०३।०१ |
| बाह्रौं संशोधन | २०७८।०२।१७ |

# परिच्छेद २

# परिभाषा

# (Definition)

२.१ आयकर ऐन, २०५८ को दफा २ को खण्ड (क) देखि खण्ड (कव) सम्म ऐनमा प्रयोग भएका मुख्य शब्दावलीलाई परिभाषित गरिएको छ। ऐनमा कुनै खास दफा वा खास उपदफा वा खण्डका लागि लागू हुने शब्दको अर्थ सोही दफा, उपदफा वा खण्डमा नै उल्लेख गरिएको छ। एकभन्दा बढी दफा उपदफामा समान अर्थमा प्रयोग गरिने शब्दको परिभाषा ऐनको दफा २ मा गरिएको छ। ऐनमा परिभाषित गरिएका विभिन्न शब्दावलीको व्याख्या यस परिच्छेदमा गरिएको छ।

## २.२ परिभाषा एवम् व्याख्या

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ऐनको दफा २ मा गरिएका परिभाषा र सोकोव्याख्या निम्नानुसार बुझ्नु पर्दछ :-

### (क) अग्रिम कर कट्टी गर्ने व्यक्ति,

**"अग्रिम कर कट्टी गर्ने व्यक्ति" भन्नाले रोजगारी, लगानी प्रतिफल, सेवा शुल्क तथा ठेक्का वा करार समेतको भुक्तानी गर्दा परिच्छेद-१७ बमोजिम अग्रिम कर कट्टी गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ।**

आयकर ऐन, २०५८ ले अग्रिम कर कट्टी गर्न तोकिएका माथि उल्लेख गरिए बमोजिमका विभिन्न शीर्षकका भुक्तानीमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरिएको छ। यसरी अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्दा ऐनमा तोकिएको दर अनुसार हुने रकम कट्टा गरेर बाँकी रकम मात्र भुक्तानी गर्नुपर्ने हुन्छ। यस परिभाषा अनुसार अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent)भन्नाले अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिलाई सम्झनु पर्दछ।

उदाहरणको लागि कुनै निकायले आफ्नो कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा करलाग्ने पारिश्रमिक वितरण गर्ने भए कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्ने त्यस्तो निकाय अग्रिम कर कट्टी गर्ने व्यक्ति हुन्छ। कुनै कम्पनीले कुनै परामर्शदातालाई कुनै काम लगाए बापत सेवाशुल्क भुक्तानी गर्छ भने त्यस्तो कम्पनी सेवा शुल्क भुक्तानीमा अग्रिम कर कट्टी गर्ने कर्तव्य भएको व्यक्ति हुने हुँदा उक्त कम्पनीलाई अग्रिम कर कट्टी गर्ने व्यक्ति मानिन्छ। यस सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १६ मा गरिएको छ।

### (ख) अधिकृत

**"अधिकृत" भन्नाले विभागमा रहने दफा ७२ मा उल्लेख भए बमोजिमका महानिर्देशक, उप महानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत, कर अधिकृत तथा अन्य अधिकृत सम्झनु पर्छ।**

ऐनको दफा ७२ मा यस ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको लागि आन्तरिक राजस्व विभाग जिम्मेवार हुने व्यवस्था गरिएको छ। विभाग भन्नाले आन्तरिक राजस्व विभागका साथै आन्तरिक राजस्व कार्यालय, ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालयएवम् करदाता सेवा कार्यालय पनि सम्झनु पर्छ। ऐनको कार्यान्वयनको लागि आन्तरिक राजस्व विभाग तथा सो अन्तर्गतमा महानिर्देशक, उपमहानिर्देशक,प्रमुख कर प्रशासक, निर्देशक,प्रमुख कर अधिकृत,शाखा अधिकृत, कर अधिकृत तथा अन्य अधिकृत एवम् कर्मचारी रहने व्यवस्था छ। ऐनको दफा ७२ को उपदफा (४) को खण्ड (ग) बमोजिम महानिर्देशकले केही अधिकार निजामती सेवाको कुनै अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने

गरी तोक्न सक्ने व्यवस्था समेत छ । यस सम्बन्धी विस्तृत विवरण परिच्छेद ३१ मा उल्लेख गरिएको छ ।

(ग) **अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी**

**"अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी" भन्नाले दफा ९२ मा उल्लेख भए बमोजिम लाभांश, भाडा, लाभ, ब्याज तथा गैर बासिन्दा व्यक्तिलाई गरिएको कर कट्टी हुनुपर्ने भुक्तानी सम्झनु पर्छ ।**

अग्रिम कर कट्टी भएको रकमलाई यो ऐनले कर मिलान हुने कर कट्टी रकम र अन्तिम हुने कर कट्टी (Final Withholding Tax)रकम गरी दुई किसिमले व्यवहार गरेकोछ । कर मिलान हुने कर कट्टी रकम भन्नाले अग्रिम कट्टी गरिएको कर रकम करदाताले वार्षिक तिर्नुपर्ने कर रकममा मिलान गर्न पाउने कर रकम हो भने अन्तिम हुने कर कट्टी रकम भन्नाले ऐनमा तोकिएको दर अनुसार भुक्तानीको समयमा कर कट्टी गरिएको रकम नै करको अन्तिम भुक्तानी हुने रकम हो । मिलान हुने कर कट्टी भएको करदाताले आय विवरण दाखिला गर्नुपर्ने, सो आय विवरणमा यसरी कर कट्टी गरी भुक्तानी पाएको रकमलाई एकमुष्टरूपमा आयमा समावेश गर्नुपर्ने तथा कट्टी गरिएको करलाई वार्षिक लाग्ने करबाट घटाउनुपर्ने हुन्छ । अन्तिम कर कट्टी भएको करदातालाई कट्टी गरिएको कर नै अन्तिम हुने हुँदा त्यस्ता करदाताले आय विवरणमा त्यसरी कर कट्टी गरी प्राप्त भएको रकम आयको रूपमा समावेश गर्नुपर्दैन तथा कट्टी गरिएको कर रकम अन्य कर दायित्वबाट घटाउन समेत पाईंदैन ।

अन्तिमरूपमा कर कट्टी हुने भुक्तानीको विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद १६ मा गरिएको छ ।

(घ) **अवकाश कोष**

**"अवकाश कोष" भन्नाले निकायको हिताधिकारी प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई कोषबाट अवकाश भुक्तानी प्रदान गर्ने प्रयोजनको लागि अवकाश योगदान रकम स्वीकार गर्ने र सो रकम लगानी गर्ने उद्देश्यले मात्र स्थापना भएको निकाय सम्झनु पर्छ ।**

अवकाश कोष मात्र परिचालन गर्ने उद्देश्यले सञ्चालन गरिएको निकायलाई अवकाश कोष (Retirement Fund)भनिन्छ । यस्तो अवकाश कोषले निम्नानुसारको कार्य मात्र गर्ने गर्दछ :

१) सो निकायमा प्राकृतिक व्यक्तिले अवकाश योगदान जम्मा गर्न ल्याएमा त्यस्तो योगदान जम्मा लिने,

२) यसरी जम्मा गर्ने व्यक्ति अर्थात् हिताधिकारीलाई वा निजको आश्रितलाई निज अवकाश भएपछि वा निजको मृत्यु भएपछि अवकाश भुक्तानी गर्ने, र

३) जम्मा भएको अवकाश योगदान लगानी गर्ने ।

कर प्रयोजनका आधारमा अवकाश कोषका संरचना दुई प्रकारका रहेका छन्: स्वीकृत अवकाश कोष तथा अस्वीकृतअवकाश कोष । अवकाश कोषका उदाहरणको लागि कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निवृत्तभरण कोषले सञ्चालन गरेको अवकाश कोष, तथा विभागबाट अवकाश कोष सञ्चालन गर्न स्वीकृति पाएका निकायलाई लिन सकिन्छ । विभागबाट अवकाश कोष सञ्चालन गर्न स्वीकृति पाएका निकाय, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निवृत्तभरण कोषले सञ्चालन गरेको अवकाश कोष जस्ता निकायलाई स्वीकृत अवकाश कोष (Approved Retirement Fund)भनिन्छ भने विभागबाट स्वीकृति नलिई अवकाश कोष सञ्चालन गर्ने निकायलाई अस्वीकृत अवकाश कोष (Unapproved Retirement Fund) भनिन्छ । निकायको हिताधिकारी प्राकृतिक व्यक्ति भन्नाले सो निकायबाट आय प्राप्त गर्ने हक भएको प्राकृतिक व्यक्ति भन्ने बुझाउँछ । जस्तै, सो निकायमा अवकाश योगदान जम्मा गर्ने प्राकृतिक व्यक्ति ।

अवकाश कोषको सम्बन्धमा यसै निर्देशिकाको परिच्छेद १२ मा विस्तृत व्याख्या गरिएकोछ ।

(ङ) **अवकाश भुक्तानी**

**“अवकाश भुक्तानी” भन्नाले देहायका व्यक्तिलाई दिइने भुक्तानी सम्झनु पर्छ :-**

(१) **प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानी, वा**

(२) **प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानी ।**

अवकाश भुक्तानी (Retirement Payment)भन्नाले कुनै प्राकृतिक व्यक्ति सिद्धान्ततः कुनै रोजगारी, पेशा वा व्यवसाय गर्न सक्षम नहुने अवस्थामा पुगी रोजगारी, पेशा वा व्यवसायबाट अवकाश लिए पछि गरिने भुक्तानी हो । त्यसैगरी कुनै प्राकृतिक व्यक्तिको मृत्यु भएमा निजले पाउने रकम निजको आश्रितलाई भुक्तानी गरिएको रकमलाई पनि अवकाश भुक्तानी भनिन्छ । सामान्यतयाः अवकाश भुक्तानीका उदाहरणमा अवकाश कोषमा योगदान गरेबापत अवकाश कोषबाट गरिने भुक्तानी, उपदान,सञ्चयकोष,सञ्चित बिदा बापतको भुक्तानी, औषधि उपचार खर्च, दीर्घ सेवा सुविधा (Long Service Gratuity), कल्याणकारी कोषबाट भुक्तानी वा अवकाशको समयमा प्राप्त हुने यस्तै प्रकृतिका अन्य भुक्तानी पर्दछन् । यस्ता अवकाश भुक्तानीहरु नेपाल सरकारबाट, स्वीकृत अवकाश कोषबाट, स्वीकृत नलिएको अवकाश कोषबाट, रोजगारदाताबाट वा अन्य कुनै कोषबाट हुन सक्दछ ।

- **नेपाल सरकारबाट गरिने अवकाश भुक्तानीः नेपाल सरकारको कर्मचारी सेवा शर्त बमोजिम सरकारी सेवाबाट सेवा निवृत्त भएपछि गरिने भुक्तानीहरु, जस्तैः उपदान, औषधि उपचार खर्च, बिदा बापतका रकम, बीमा आदि पर्दछन् ।**

- **स्वीकृत अवकाश कोषबाट गरिने अवकाश भुक्तानीः** नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष, सामाजिक सुरक्षा कोष र निवृत्तभरण कोषलेले सञ्चालन गरेको अवकाश कोषबाट वा विभागबाट स्वीकृति लिई सञ्चालन गरिएको अवकाशकोषबाट अवकाश भुक्तानी गरिन्छ । यस्तो भुक्तानी नियम २० को उपनियम(२) को खण्ड (घ) मा तोकिए बमोजिम देहायका अवस्थामा मात्र गर्न सकिने छ :-

  (१) कर्मचारी वा कामदारले सेवाबाट अवकाश प्राप्त गरेमा,

  (२) हिताधिकारीको उमेर अन्ठाउन्न वर्ष पुगेमा, वा

  (३) हिताधिकारीको मृत्यु भएमा वा निज स्थायीरूपमा अपाङ्ग भएमा ।

- **स्वीकृति नलिएको अवकाश कोषबाट गरिने अवकाश भुक्तानीः** अवकाशको समयमा भुक्तानी दिने उद्देश्य रहेको तर विभागबाट भने स्वीकृत नलिई सञ्चालित अवकाश कोषबाट गरिने अवकाश भुक्तानीहरु यस समूहमा पर्दछन् ।

- **अन्य अवकाश भुक्तानीः** नेपाल सरकारबाहेकका अन्य रोजगारदाताले रोजगारकर्तालाई अवकाशको समयमा गर्ने गरेका अन्य भुक्तानीहरु, जस्तैः दीर्घ सेवा सुविधा, बिदा बापतको भुक्तानी, औषधि उपचार खर्च आदि भुक्तानीहरु यसका उदाहरण हुन् ।

माथि उल्लेख भए अनुसार नियम २० को उपनियम(२) को खण्ड (घ) को प्रावधान पूरा नगरी अर्थात, कर्मचारी वा कामदार सेवाबाट अवकाश हुनुअघि नै प्राप्त गर्ने भुक्तानी, जस्तै Long Service Gratuity, Leave Encashment, Medical Expenses जस्ता भुक्तानीहरु सेवाकालमा नै प्राप्त गरेको अवस्थामा त्यस्ता भुक्तानीहरु अवकाश भुक्तानी अन्तर्गत पर्दैनन्, त्यस्ता भुक्तानी रोजगारीको आयमा समावेश गर्नुपर्दछ । त्यस्तै अवकाश योगदान गर्ने कर्मचारीबाहेक अन्य प्राकृतिक व्यक्ति (हिताधिकारी) ले अन्ठाउन्न वर्ष उमेर पुगेपछि वा मृत्यु वा स्थायी रूपमा अपाङ्ग भएको अवस्थामा बाहेक अन्य अवस्थामा भुक्तानी प्राप्त गरेमा त्यस्ता भुक्तानी अवकाश भुक्तानी मानिनेछैन र त्यस्तो रकम भुक्तानी प्राप्त भएको समयमा आयमा समावेश गर्नुपर्ने हुन्छ । तर अवकाश कोषको स्वीकृत विनियम बमोजिम अवकाश कोषबाट यस्ता हिताधिकारीले लिएको कर्जा भने आयमा समावेश गर्नुपर्दैन। स्वीकृति

नलिएकोअवकाश कोषमा योगदान गर्दा योगदान गरिने रकममा कर छुट नहुने हुँदा त्यस्ता कोषबाट अवकाश भुक्तानी गर्दा हुने लाभमा ५ प्रतिशतका दरले अन्तिमरूपले कर लाग्ने (Final Withholding) हुन्छ र त्यसरी प्राप्त रकम आयमा समावेश गर्नुपर्दैन ।

अवकाश भुक्तानीको सम्बन्धमा यस निर्देशिकाको परिच्छेद १२ मा विस्तृत व्याख्या गरिएको छ । अवकाश भुक्तानीमा कर कट्टी सम्बन्धीप्रावधानयस निर्देशिकाको परिच्छेद १६ मा विस्तृत व्याख्या गरिएको छ ।

(च) अवकाश योगदान रकम

**"अवकाश योगदान रकम" भन्नाले अवकाश भुक्तानीको व्यवस्था वा सोको भविष्यमा गरिने व्यवस्थाको लागि अवकाश कोषमा गरिएको भुक्तानी सम्झनु पर्छ ।**

प्राकृतिक व्यक्ति आफैंले वा सम्बद्ध व्यक्ति अर्थात रोजगारकर्ताको हकमा रोजगारदाताले जम्मा गरिदिएको अवकाश योगदान रकमलाई समेत जनाउँछ । उपर्युक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण २.१: मानौं, सुजित सिंहले मासिक रु.२०,०००।- पारिश्रमिक पाउने गरी कमल एण्ड कं. प्रा. लि.मा कार्यरत रहेछन् । उक्त कम्पनीबाट रु.२,०००।- प्रति महिना निजको नाममा अवकाश कोषमा जम्मा गरिने र सो कोषमा निजको तर्फबाट समेत रु.२,०००।- जम्मा गर्ने व्यवस्था रहेको भए दुवै गरी हुने रु.४,०००।- लाई निज सुजितको अवकाश योगदान रकम मानिन्छ। |

अवकाश योगदानको सम्बन्धमा यस निर्देशिकाको परिच्छेद १२ तथा परिच्छेद १६ मा विस्तृत व्याख्या गरिएकोछ ।

(छ) असक्षम व्यक्ति

**"असक्षम व्यक्ति" भन्नाले शारीरिक वा मानसिक अस्वस्थताको कारणले आफ्नो व्यवहार गर्न सक्षम नभएको व्यक्ति सम्झनु पर्छ ।**

(ज) आय

**"आय" भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय सम्झनु पर्छ र सो शब्दले यस ऐनबमोजिम गणना गरिएको सो आयको कुल रकमलाई समेत जनाउँछ ।**

(ज१) आकस्मिक लाभ

**"आकस्मिक लाभ" भन्नाले चिट्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी वा अन्य कुनै पनि आकस्मिक रूपमा प्राप्त हुने लाभ सम्झनु पर्छ ।**

कुनै लाभ प्राप्त हुने निश्चितता नभएको र प्रापक व्यक्तिको श्रम वा पुँजीको उपयोग नगरी प्राप्त हुने चिट्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी वा अन्य रकमलाई आकस्मिक लाभ मानिन्छ ।

(झ) आय वर्ष

**"आय वर्ष" भन्नाले कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ ।**

आय वर्षमा श्रावण १ गते र अर्को वर्षको आषाढ मसान्तको अवधि रहेको हुन्छ । तर यो अवधिको बीचमा स्थापना भएको वा आय आर्जन सुरु गरेको व्यक्तिको आय वर्ष सो स्थापना मिति वा आय आर्जन सुरु गरेको मिति र तत्कालपछिको आषाढ मसान्तसम्मको अवधि हुन्छ । त्यस्तै, कुनै व्यक्तिको कारोबार बन्द भएको वा बन्द भएको मानिएको

अवस्थामा सो व्यक्तिको आय वर्ष श्रावण १ गतेदेखि कारोबार बन्द भएको वा बन्द भएको मानिएको मितिसम्म मात्र हुनेछ ।

उपर्युक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण २.२: मानौं, ध्रुव कम्पनी प्रा.लि.मिति२०७१।७।५ मा लिक्वीडेट भएको रहेछ । सो अवस्थामा उक्त कम्पनीको अन्तिम आय वर्ष मिति २०७१।४।१ देखिमिति २०७१।७।५ को हुनेछ । यदि उक्त मितिमा सो कम्पनीको ५० प्रतिशत वा सो भन्दा बढीको स्वामित्व परिवर्तन भएको भए, ऐनको दफा ५७ को व्यवस्था अनुसार आर्थिक वर्ष २०७१।७२ मा सो कम्पनीको मिति२०७१।४।१ देखि मिति२०७१।७।५ एक आय वर्ष एवम्मिति२०७१।७।६ देखि मिति२०७२।३।३१ अर्को आय वर्ष मानिनेछ । |

(ञ) उपहार

**"उपहार" भन्नाले कुनै प्रतिफल बिनाको भुक्तानी वा प्रतिफल सहितको भुक्तानी भएमा प्रतिफलको बजार मूल्य भन्दा भुक्तानीको बजार मूल्य बढी भएमा बढी भएको हदसम्मको भुक्तानीसम्झनु पर्छ ।**

उपर्युक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण २.३: मानौं, विश्वबन्धु भन्ने व्यक्तिले रु.२५,०००।- पर्ने एउटा टि.भि. किनेका रहेछन् । उक्त टि.भि.बिक्रेताले निजलाई एउटा रु.५,०००।- बजार मूल्य पर्ने डि.भि.डि.थप रकम नलिई उपलब्ध गराएका रहेछन् । यसरी बिना मूल्यमा प्राप्त भएको थप प्रतिफललाई उपहार भनिन्छ । |

(ट) ऋण दायित्व

**"ऋण दायित्व" भन्नाले ऋण दाबी सरहको दायित्व सम्झनु पर्छ ।**

कुनै व्यक्तिले अन्य व्यक्तिलाई कुनै प्रबन्ध बापत भुक्तानी गर्ने दायित्व रहेको र सो दायित्व कुनै निश्चित अवधि वा अवस्था पछि सो व्यक्तिलाई भुक्तानी गर्नुपर्ने प्रबन्ध गरिएको रहेछ भने त्यस्तो दायित्वलाई ऋण दायित्व मानिन्छ । जस्तैः कुनै व्यक्तिले बैंङ्कबाट कर्जा लिएको छ भने कर्जाको सम्झौता बमोजिम भुक्तान गर्नुपर्ने त्यस्तो रकमलाई ऋण दायित्व मानिन्छ । त्यस्तो रकममा पुँजीको अलावा सो पुँजीको प्रतिफल अर्थात ब्याज समेत समावेश हुन्छ ।

(ठ) ऋण दाबी

**"ऋण दाबी" भन्नाले कुनै एक व्यक्तिले अर्को व्यक्तिबाट भुक्तानी प्राप्त गर्ने अधिकार सम्झनु पर्छ र सो शब्दले कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई दिएको रकम फिर्ता लिने अधिकार, बैङ्क तथा वित्तीय संस्थाहरुमा जम्मा भएको निक्षेप, लिनुपर्ने रकम, ऋणपत्र, विनिमयपत्र, बण्ड, वार्षिक वृत्ति अन्तर्गतको अधिकार, वित्तीय पट्टा र किस्ताबन्दी बिक्रीबाट रकम प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।**

(ड) कम्पनी

**"कम्पनी" भन्नाले प्रचलित कम्पनी कानुन बमोजिम संस्थापित कम्पनी सम्झनु पर्छ र कर प्रयोजनको लागि देहायका संस्थाहरु समेतलाई कम्पनी सरह व्यवहार गरिनेछ :-**

**(१) प्रचलित कानुन बमोजिम स्थापित संगठित संस्था,**

**(२) कुनै असंगठित सङ्घ, समिति, संस्था वा समाज वा दर्ता गरिएका वा नगरिएका एकलौटी फर्म र साझेदारी बाहेकको व्यक्तिहरुको समूह वा ट्रष्ट,**

**(३) बीस वा सोभन्दा बढी साझेदारहरु भई प्रचलित कानुन बमोजिम दर्ता भए वा नभएको साझेदारी फर्म, अवकाश कोष, सहकारी संस्था, युनिट ट्रष्ट, संयुक्त उद्यम,**

(४) विदेशी कम्पनी,

(५) महानिर्देशकले तोकेको अन्य कुनै विदेशी संस्था ।

आयकर प्रयोजनको निमित्त प्रचलित कानुन बमोजिम दर्ता गरिएका सङ्गठित संस्था, जस्तै, प्राईभेट लिमिटेड कम्पनी, पब्लिक कम्पनी, संस्थान, संघ (Association), गैर सरकारी संस्था (NGOs), अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (INGOs)जस्ता संस्थाहरु समेत कम्पनी मानिने छन् । अर्को शब्दमा एकलौटी फर्म र बीस भन्दा कम साझेदार रहेको साझेदारी फर्म बाहेकका जुनसुकै सङ्गठित संस्थाहरु कम्पनी मानिन्छन् ।

(ढ) कर

"कर" भन्नाले यस ऐन बमोजिम लाग्ने कर सम्झनु पर्छ र सो शब्दले देहाय बमोजिमका भुक्तानीलाई समेत जनाउँछ :-

(१) कर बक्यौता रहेको व्यक्तिको सम्पत्तिका सम्बन्धमा दाबी र लिलाम बिक्री बापत विभागले गरेका दफा १०४ को उपदफा (८) को खण्ड (क) मा उल्लिखित खर्चहरु,

(२) अग्रिम कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले दफा ९० बमोजिम बुझाउनु पर्ने रकम वा किस्ताबन्दीमा दाखिला गर्ने व्यक्तिले दफा ९४ बमोजिम बुझाउनु पर्ने रकम वा अग्रिम कर दाखिला गर्नुपर्ने व्यक्तिले दफा ९५क. बमोजिम बुझाउनु पर्ने रकम वा दफा ९९, १०० र १०१ बमोजिम कर निर्धारण भए अनुसार बुझाउनु पर्ने रकम,

(३) दफा १०७ को उपदफा (२), दफा १०८ को उपदफा (३) वा (४), दफा १०९ को उपदफा
(१) र दफा ११० को उपदफा (१) बमोजिम तेस्रो पक्षको कर दायित्वको सम्बन्धमा विभागलाई बुझाउनु पर्ने रकम,

(४) शुल्क तथा ब्याज बापत बुझाउनुपर्ने परिच्छेद २२ बमोजिमको रकम, र

(५) विभागले आदेश दिए बमोजिम दाखिला गर्नुपर्ने दफा १२९ बमोजिमको जरिबाना रकम ।

- ऐनको दफा १०४ मा कर बक्यौता राख्ने व्यक्तिको सम्पत्तिमा नेपाल सरकारको दाबी रहने व्यवस्था रहेको र यस्ता सम्पत्ति दाबी र लिलाम बिक्री गर्दा विभागले गरेका खर्च सम्बन्धित कर बक्यौता राख्ने व्यक्तिबाट असुल गर्नसक्ने प्रावधान उपदफा (८) को खण्ड (क) ले व्यवस्था गरेकोले त्यस्ता खर्चहरुलाई समेत कर मानिने छ । लिलामीको सूचना सम्बन्धी खर्च, लिलामी गर्दा लागेका कानुनी खर्च आदि यस्ता खर्चको उदाहरण हुन् ।

- ऐनको दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले अग्रिम कर कट्टी गरेको रकम र नगरेको भए पनि अग्रिम कर कट्टी गरेको मानिने कर कट्टी रकम सो महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नुपर्दछ । यस्तो अग्रिम कर कट्टी भएको वा भएको मानिने रकम तोकिएको समयमा जम्मा नगरेमा वा अग्रिम कर कट्टी नगरी भुक्तानी प्राप्त भएको अवस्थामा भुक्तानीकर्ताले सो रकम सो महिना समाप्त भएको २५ दिनभित्र कर दाखिला नगरेमा प्रापकले भुक्तानीकर्ताले दाखिला गर्नुपर्ने म्याद (सो महिना समाप्त भएको २५ दिन) पश्चात २५ दिनभित्र अग्रिम करको रकम बुझाउनु पर्ने व्यवस्था छ । सो दफा बमोजिम दाखिला गर्नुपर्ने रकम समेतलाई कर मानिएको छ ।

- ऐनको दफा ९४ बमोजिम कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले किस्तामा कर दाखिला गर्नुपर्ने व्यवस्था गरेकोले त्यस्तो रकमलाई समेत कर मानिएको छ ।

- ऐनको दफा ९९ बमोजिम स्वयं कर निर्धारण गर्दा बुझाउनु पर्ने रकम, दफा १०० बमोजिम गरेको संशय कर निर्धारण गर्दा बुझाउनु पर्ने रकम एवम् स्वयं कर निर्धारण र संशय कर निर्धारणमा दफा १०१ बमोजिम विभागले संशोधित कर निर्धारण गरेको अवस्थामा बुझाउनु पर्ने रकमलाई समेत कर मानिएको छ ।

- ऐनको दफा १०७ को उपदफा (२) बमोजिम कुनै निकायले कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाएमा सो निकायका तत्काल बहाल रहेका वा ६ महिना अघिसम्म बहाल रहेका सो निकायका व्यवस्थापक वा सो हैसियतमा कार्य गर्ने प्रत्येक अधिकृतहरु संयुक्त वा छुट्टाछुट्टै रूपमा सो कर बुझाउन जिम्मेवार हुने व्यवस्था रहेको र यस्तो रकमलाई समेत कर मानिएको छ ।

- दफा १०८ को उपदफा (३) तथा (४) बमोजिम कुनै प्रापकले कब्जा गरेको सम्पत्ति बिक्री गरी प्राप्त गरेको रकमबाट सर्वप्रथम अग्रिम कर कट्टी गरिएको कर रकम छुट्याउनु पर्दछ । तत्पश्चात अग्रिम कट्टी गरिएको कर बाहेक अन्य बक्यौता करको हकमा कर भन्दा अग्राधिकार पाउने सुरक्षित ऋण (Secured Creditors)भए सो भुक्तान गरी विभागले कर दाखिला गर्ने सूचना दिएको त्यस्तो कर रकम छुट्याउन र कर बुझाउन प्रापक जिम्मेवार हुनेछ । प्रापकले प्राप्त गरेको त्यस्तो रकमबाट अग्रिम करको रकम नछुट्टयाई भुक्तानी भएको रहेछ भने सो रकम प्रापकबाट असुल गरिने छ । प्रापकबाट सिधै वा निकायबाट प्रापक मार्फत दाखिला गरिने यस्तो रकमलाई समेत कर मानिएको छ । उपर्युक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण २.४: मानौं, युक्त प्रसाद भन्ने व्यक्ति कुनै सीमित दायित्व भएको कम्पनी (Limited Liability Company) को लिक्विडेटरको रूपमा नियुक्त भएका रहेछन् । उक्त कम्पनीको लिक्विडेसनको अवस्थासम्ममा रु.१० लाख अग्रिम कट्टी गरिएको कर र रु.३० लाख अन्य कर बक्यौता रहेछ । उक्त कम्पनीको कर बक्यौता रहेको र कर दाखिला गर्ने सूचना विभागले निज प्रापकलाई दिइसकेको रहेछ । उक्त कम्पनीको सम्पत्ति बिक्री गरी लिक्विडेसनको खर्च कटाउँदा रु.एक करोड बाँकी भएछ । कर बक्यौता बाहेकका सो कम्पनीको रु.३० लाख सोही सम्पत्ति धितो राखिएको कर भन्दा अग्राधिकार पाउने कर्जा (Secured Loan) रहेछ र रु.५० लाख अन्य असुरक्षित दायित्व(Unsecured Liabilities)रहेछ भने निज प्रापकले सम्पत्ति बिक्री गरी प्राप्त गरेको रकमबाट लिक्विडेशनको खर्च कटाउनु अगावै रु.१० लाख अग्रिम कट्टी गरिएको कर चुक्ता गर्नुपर्दछ । तत्पश्चात लिक्विडेशन खर्च र कर भन्दा अग्राधिकार प्राप्त रु.३० लाखको सुरक्षित ऋण चुक्ता गरी बाँकी रहेको रकमबाट पहिला रु.३० लाख अन्य कर बक्यौता र त्यसपछि बाँकी रकम अर्थात रु.३० लाखबाट दामासाहीले अन्य असुरक्षित दायित्व चुक्ता गर्नुपर्ने हुन्छ । |

- दफा १०९ को उपदफा (१) बमोजिम कुनै कर बक्यौता राख्ने व्यक्तिले कर बुझाइसक्नुपर्ने मितिसम्म कर नबुझाई बाँकी राखेमा त्यस्तो व्यक्तिलाई भुक्तानी दिने व्यक्ति वा बक्यौता राख्ने व्यक्तिको सम्पत्ति राख्ने व्यक्ति वा कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउने गरी कुनै तेश्रो व्यक्तिको तर्फबाट सम्पत्ति राख्ने व्यक्ति वा कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउने अख्तियारी पाएको जुनसुकै व्यक्तिलाई विभागले लिखित सूचना दिएर कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट बुझाउनुपर्ने कर दाखिला गर्न आदेश दिन सक्दछ । यसरी विभागलाई बुझाउनु पर्ने रकमलाई समेत कर मानिएको छ ।

- दफा ११० को उपदफा (१) बमोजिम कुनै कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिले कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाई बाँकी राखेमा विभागले त्यसरी कर बक्यौता राख्ने व्यक्तिको स्वामित्वमा रहेको कुनैपनि सम्पत्ति आफ्नो कब्जामा राख्ने कुनै व्यक्तिलाई लिखित सूचना दिएर सो सम्पत्तिको बजार मूल्य बराबरको रकमबाट त्यस्तो कर बक्यौता

राख्ने व्यक्तिले बुझाउनुपर्ने करको रकमभन्दा बढी नहुने गरी सो तेस्रो पक्षको कर दायित्व सम्बन्धमा कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट सो सूचनामा उल्लिखित मितिभित्र कर बुझाउन आदेश दिन सक्नेछ । यस्तो रकमलाई समेत कर मानिएको छ ।

(ण) कर कट्टी हुने व्यक्ति,

**“कर कट्टी हुने व्यक्ति” भन्नाले रोजगारी, लगानी प्रतिफल, सेवा शुल्क तथा ठेक्का वा करार समेतको भुक्तानी गर्दा परिच्छेद-१७ बमोजिम कर कट्टी गरी भुक्तानी प्राप्त गर्ने वा भुक्तानी प्राप्त गर्ने अधिकार भएको व्यक्ति सम्झनु पर्छ ।**

कर कट्टी हुने व्यक्ति भन्नाले भुक्तानी प्राप्त गर्दा स्रोतमै कर कट्टा भई भुक्तानी प्राप्त गर्ने व्यक्तिलाई जनाउँछ । यसरी भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिका सम्बन्धमा यसै परिच्छेदको बुँदा २.२ (क) मा प्रकाश पारिसकिएको छ र भुक्तानीमा कर कट्टी गर्नुपर्ने प्रावधान सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १६ मा गरिएको छ ।

(त) कर निर्धारण

**“कर निर्धारण” भन्नाले यस ऐन बमोजिम गरिने कर निर्धारण सम्झनु पर्छ र सो शब्दले दफा १२२ बमोजिम गरिएको शुल्क तथा ब्याजको निर्धारण समेतलाई जनाउँछ ।**

**तर यस शब्दले दफा १०१ बमोजिम संशोधित कर निर्धारणले प्रतिस्थापन गरेको साविकको कर निर्धारणलाई जनाउँने छैन ।**

**ऐनमा तीन किसिमको कर निर्धारणको व्यवस्था रहेको छः**

**(१) दफा ९९ बमोजिम स्वयं कर निर्धारण अर्थात कर दायित्व भएको व्यक्ति स्वयंले आफ्नो कर निधारण गर्ने (Self Assessment) व्यवस्था,**

**(२) करदाताले आय विवरण दाखिला गर्न पाउने समय अगावै कुनै आय वर्षको वा आय वर्षको अंशको दफा १०० बमोजिम संशय कर निर्धारण (Jeopardy Assessment)गर्ने व्यवस्था,**

**(३) स्वयं कर निर्धारण (दफा ९९) वा संशय कर निर्धारण (दफा १००) भएको व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्य बमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्ने व्यवस्था ।**

यस दफा अन्तर्गत गरिने कर निर्धारणले साविकको करलाई प्रतिस्थापन गर्ने हुँदा संशोधित कर निर्धारण भएको अवस्थामा सो संशोधन अघि गरिएको स्वयं कर निर्धारण (दफा ९९) वा संशय कर निर्धारण (दफा १००) कर निर्धारण मानिने छैन ।

उपर्युक्तबाहेक ऐनले तोकेको म्यादभित्र स्वयं कर निर्धारण गरी आय विवरण पेश नगर्ने करदाताको हकमा आय विवरण पेश गर्नुपर्ने अन्तिम दिनमा स्वत: कर निर्धारण भएको मानिने व्यवस्था ऐनको दफा ९९(२) ले गरेको छ ।

ऐनको दफा १२२ बमोजिम विभागले गणना गर्ने शुल्क तथा ब्याज समेतलाई कर निर्धारण मानिएको छ । शुल्क तथा ब्याज सम्बन्धी निम्नानुसारको व्यवस्था रहेको छ :

**(१) दफा ११७ बमोजिम कागजात नराखेमा वा ढिलो विवरण बुझाए बापतको शुल्क ।**

**(२) दफा ११८ बमोजिम किस्ताबन्दीमा कर दाखिला गर्नेले अनुमानित कर कम हुने गरी बुझाएमा लाग्ने ब्याज ।**

**(३) दफा ११९ बमोजिम कर नबुझाएमा लाग्ने ब्याज ।**

**(४) दफा ११९क. अनुसार यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमका कुनै व्यवस्थालाई पालना नगर्ने व्यक्तिलाई लाग्ने शुल्क ।**

(५) दफा १२० बमोजिम झुट्ठा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई लाग्ने शुल्क ।

(६) दफा १२१ बमोजिम यस ऐनमा उल्लिखित कुनै कसुर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा प्रोत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई लाग्ने शुल्क ।

(त१) कारोबार

"कारोबार" भन्नाले कुनै आयवर्षको रोजगारी, व्यवसाय वा लगानीको आय गणना गर्ने प्रयोजनकोलागि दफा ७, ८ वा ९ बमोजिम समावेश गरिने जम्मा रकम बराबरको कारोबार सम्झनु पर्छ ।

(थ) गैर बासिन्दा व्यक्ति

"गैर बासिन्दा व्यक्ति" भन्नाले बासिन्दा व्यक्ति बाहेकको व्यक्ति सम्झनु पर्छ ।

बासिन्दा व्यक्ति बाहेक अन्यलाई गैर बासिन्दा व्यक्ति मानिएको र बासिन्दा व्यक्तिको व्याख्या यसै परिच्छेदको बुँदा २.२ (कङ) मा गरिएकोछ ।

(द) गैर व्यावसायिक करयोग्य सम्पत्ति

"गैर व्यावसायिक करयोग्य सम्पत्ति" भन्नाले देहायका सम्पत्ति बाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छ :-

(१) व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,

(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवन :-

(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको, र

(ख) सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कुल दश वर्ष वा दश वर्ष भन्दा बढी बसोबास गरेको,

स्पष्टीकरण: यस उपखण्डको प्रयोजनका लागि "निजी भवन"भन्नाले भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ ।

(३) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,

(४) कुनै प्राकृतिक व्यक्तिकोदश लाखरुपैयाँभन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन, वा

(५) तीन पुस्ताभित्र भएको खरिद बिक्रीबाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्ग गरेको सम्पत्ति ।

कर प्रयोजनका लागि ३ वर्गका ५ प्रकारका सम्पत्ति मानिएका हुन्छन् ।

- व्यवसायमा प्रयोग भएका सम्पत्ति : व्यापारिक मौज्दात, ह्रासयोग्य सम्पत्ति तथा व्यावसायिक सम्पत्ति (Trading Stock, Depreciable Assets and Business assets)
- लगानीमा प्रयोग भएका सम्पत्ति : गैर व्यावसायिक करयोग्य सम्पत्ति तथा ह्रासयोग्य सम्पत्ति
- व्यक्तिगत सम्पत्ति : प्राकृतिक व्यक्तिको व्यक्तिगत प्रयोजनका सम्पत्तिहरु
- प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको भवन निःसर्ग भएमा देहायका अवस्थामा मात्र गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ :

१. **अवधि:** स्वामित्व अवधि र आफू बसोबास गरेको अवधि दश वर्षभन्दा कम भएको भवन

| |
|---|
| उदाहरण २.५: मानौं, प्रेम प्रसाद आचार्यले काठमाडौंमा २०६२ साल कार्तिक २३ गते दुई करोड रुपैयाँ पर्ने एक भवन खरिद गरेका रहेछन् । निजले सो भवन २०७२ साल पुष २६ गते तीन करोड रुपैयाँमा बिक्री गरेका रहेछन् । निज २०६२ साल कार्तिक २३ गतेदेखि २०७२ साल पुष २६ गतेसम्म पटक पटक गरी कुल १२० दिन विदेश गएका रहेछन् । यस सम्पत्तिका सन्दर्भमा निज प्रेम प्रसाद आचार्य सो भवनको दश वर्षभन्दा बढीको स्वामी(Owner) भएतापनि सो भवनमा निज अविच्छिन्न वा पटक पटक गरी दश वर्षभन्दा कम बसोबास गरेको कारण उपर्युक्त भवन गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ । तर निज प्रेम प्रसाद आचार्यले उक्त भवन दुई महिनापछि बिक्री गरेको भए निजले पटक पटक गरी दश वर्षभन्दा बढी बसोबास गरेको अवस्था पनि पूरा हुने हुँदा सो भवन गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंनथ्यो । |

२. **क्षेत्रफल** : भवन मात्र बिक्री भएको वा जग्गासहितको भवन बिक्री भएको अवस्थामा भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गाबराबर मात्र वा बढीमा १ रोपनी (५,४७६ वर्गफिट वा ५०८.७४ वर्ग मिटर) भन्दा बढी भएको।

| |
|---|
| उदाहरण २.५.१: माथिको उदाहरणमा भवनमात्र भएको भए सो भवन र जग्गा सहितको भवन भएको भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गावा एक रोपनीसम्मको जग्गामध्ये जुन घटी हुन्छ सो हदसम्मको सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंनथ्यो । |

३. **रकम सीमा** :नि:सर्गको समयमा नि:सर्ग बापत प्राप्त गरेको रकम वा प्राप्त गरेको मानिने रकम रु.दश लाख वा सोभन्दा बढी भएको ।

| |
|---|
| उदाहरण २.५.२: माथिको उदाहरणको भवन रु.दश लाखभन्दाकममा बिक्री भएको भए पनि गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंनथ्यो । |

४. **पुस्ता** :नि:सर्ग गरिएको भवन नि:सर्ग गर्ने व्यक्ति र नि:सर्गबाट प्राप्त गर्ने व्यक्तिबीचमा तीनपुस्ते सम्बन्ध रहेको र नि:सर्ग केवल नि:शुल्क हस्तान्तरण( पारिवारिक हस्तान्तरण) भएमा सो सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति हुदैंन । यहाँ हस्तान्तरण भन्नाले सामान्यतया: अंशबण्डा, अपुताली, बकसपत्र, मृत्युपछिको हस्तान्तरण आदि पर्दछन् । तीनपुस्ता बाहेक अन्यबाट बकसपत्र जस्ता प्रक्रियाबाट हस्तान्तरण गरिएको सम्पत्तिको हकमा भने त्यस्ता सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

| |
|---|
| उदाहरण २.५.३: माथिको उदाहरणको भवन बिक्री हुँदा गैर व्यावसायिक करयोग्य सम्पत्ति भयो । यदि उक्त भवन तीन पुस्ताभित्र नि:शुल्क हस्तान्तरण भएको भए गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंनथ्यो । |

- प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको जमिन नि:सर्ग भएमा देहायका अवस्थामा मात्र गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ :

  १. **रकम सीमा** :नि:सर्गको समयमा नि:सर्गबापत प्राप्त गरेको रकम वा प्राप्त गरेको मानिने रकम रु.दश लाख वा सोभन्दा बढी भएको जग्गा गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

> उदाहरण २.६: मानौं, लक्ष्मी रिमाल भन्ने व्यक्तिले काठमाडौंमा २०७० मार्ग ३ गते बीस लाख रुपैयाँ पर्ने जग्गा खरिद गरेका रहेछन् । निजले सो जग्गा २०७५ आश्विन ६ गते पैंतालिस लाख रुपैयाँमा बिक्री गरेका रहेछन् । उपरोक्त जग्गाको बिक्री मूल्य दश लाख रुपैयाँभन्दा बढी भएको हुँदा उपरोक्त जग्गा गैर व्यावसायिक करयोग्य सम्पत्ति हो ।

२. **पुस्ता** :निःसर्ग गरिएको जग्गा निःसर्ग गर्ने व्यक्ति र निःसर्गबाट प्राप्त गर्ने व्यक्तिबीचमा तीनपुस्ते सम्बन्ध रहेको र निःसर्ग निःशुल्क हस्तान्तरणबाट (पारिवारिक हस्तान्तरणबाट) भएमा सो सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति हुदैंन । यहाँ हस्तान्तरण भन्नाले सामान्यतयाः अंशबण्डा, अपुताली, बकसपत्र, मृत्युपछिको हस्तान्तरण आदि पर्दछन्। तीन पुस्ताबाहेक अन्यबाट बकसपत्र जस्ता प्रक्रियाबाट हस्तान्तरण गरिएको सम्पत्तिको हकमा भने त्यस्ता सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

> उदाहरण २.७: मानौं, युवराज बस्नेत भन्ने व्यक्तिले एक वर्षअघि खरिद गरेको आफ्नो नाममा रहेको पाँच करोड रुपैयाँ पर्ने जग्गा आफ्नो छोराको छोरा(नाती) लाई बकसपत्रद्वारा हस्तान्तरण गरिदिएका रहेछन् । हस्तान्तरणको समयमा उक्त सम्पत्तिको बजार मूल्य छ करोड रुपैयाँ रहेछ भने पनि उक्त सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंन ।

- प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको सेक्युरिटी (शेयर, बण्ड, डिवेन्चर) तीन पुस्ताभित्रको निःशुल्क हक हस्तान्तरण बाहेक तीन पुस्ताभित्र वा बाहिरको खरिद बिक्री वा अन्य हक हस्तान्तरणद्वारा निःसर्ग भएका अवस्थामा सो सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

(ध) **छुट पाउने संस्था**

**"छुट पाउने संस्था" भन्नाले देहायका निकाय सम्झनु पर्छ :-**

**(१) कर छुट पाउने संस्थाको रूपमा विभागमा दर्ता भएका देहाय बमोजिमका निकायः-**

**(क) नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था,**

**(ख) सदस्यहरुले लाभ नलिने गरी सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएका अव्यवसायी (एमेच्योर) खेलकूद संस्था,**

**(२) निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल,**

**तर छुट पाउने संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा त्यस्तो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा बापतको कुनै भुक्तानी गर्दा बाहेक त्यस्तो संस्थाको सम्पत्ति र त्यस्तो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई कुनै फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई यस खण्ड बमोजिम कर छुट हुने छैन ।**

आयकर नियमावली, २०५९ को नियम ३ मा विभागमा कर छुटको लागि निवेदन दिने प्रक्रिया सम्बन्धी व्यवस्था रहेको छ । नियम ५क.लेयस्ता निकायले आय विवरण पेश गरी नवीकरण गर्नुपर्ने व्यवस्था गरेको छ । कर छुट पाउने संस्थाले कर छुट पाउनको लागि निम्नानुसार व्यवस्था गरिएको छः-

(क) कर छुट प्राप्त गर्ने संस्थाहरु, नाफा नकमाउने उद्देश्यले स्थापना भएका, सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था एवम् सामाजिक वा

खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले सो संस्था वा त्यसका सदस्यहरुले लाभ नलिने गरी गठन भएको अव्यवसायी (एमेच्योर) संस्था हुनपर्ने छ ।

(ख) कर छुट पाउने संस्थाले पाएको चन्दा, उपहार, वा उक्त संस्थाबाट प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आश नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित अन्य योगदानहरु मात्र कर छुटका लागि योग्य हुने छन् ।

(ग) कर छुट प्राप्त गर्ने संस्थाले प्राप्त गरेको कुनै रकम कर लाग्ने भुक्तानी भएमा भुक्तानी दिने निकायले अग्रिम कर कट्टी गर्नुपर्ने हुन्छ ।

| |
|---|
| उदाहरण २.८ः मानौं, कुनै कर छुट पाएको संस्थाले कुनै सामाजिक कार्यको अनुसन्धान गर्न एउटा व्यावसायिक निकायसँग एक लाख रुपैयाँ प्राप्त गरेको रहेछ । यदि उक्त अनुसन्धान गर्ने कार्य सो संस्थाको उद्देश्यमा नभएको खण्डमा त्यस्तो रकम भुक्तानी दिने निकायले सो भुक्तानीमा १५ प्रतिशतले हुने रकम रु.१५,०००।- कर कट्टी गरी बाँकी रकम मात्र सो संस्थालाई भुक्तानी दिनुपर्नेछ । |

(घ) करयोग्य कारोबार गर्ने व्यक्ति तथा संस्थासँग प्रतिस्पर्धा गरी कुनै कर छुट प्राप्त गरेको संस्थाले प्राप्त गरेको रकमलाई कर छुटको सुविधा प्राप्त हुन सक्दैन ।

| |
|---|
| उदाहरण २.९ः मानौं, कुनै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कर छुट प्रमाणपत्र प्राप्त गरेको एक गैरसरकारी संस्थालाई सडक बालबालिकालाई कम्प्युटर शिक्षा प्रदान गर्ने तालिम सञ्चालन गर्नको लागि व्यावसायिक संस्था लगायतमध्येबाट प्रतिस्पर्धा गराई छनौट गरेको रहेछ । तालिम कार्यका लागि सो गैरसरकारी संस्थालाई दिएको रकम कर छुट प्रमाणपत्र प्राप्त भएको निकायलाई उपलब्ध गराएको अनुदान नभई सेवा शुल्क भएकोले यस्तो रकममा कर छुट हुँदैन । |

(ङ) कर छुट प्रमाणपत्र प्राप्त गरेको संस्थाले आफ्नो विधानमा उल्लेख भएको उद्देश्य विपरित कार्य गरेमा त्यसरी कार्य गरेबापत प्राप्त भुक्तानीमा कर छुट हुँदैन ।

(च) सो संस्थाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले आफ्नो लेखापरीक्षण प्रतिवेदनमा सो संस्थाले आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर कट्टी गरेको नगरेको र संस्थाको उद्देश्य अनुसारको मात्र कार्य गरेको वा नगरेको विषयमा किटानीसाथ उल्लेख गर्नु पर्दछ ।

निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दलऐन बमोजिम नै कर छुट पाउने निकायको रूपमारहेका छन् । उपर्युक्त निकायहरु विभागमा छुट पाउने निकायको रूपमा दर्ता हुनु पर्दैन।

तर छुट पाउने संस्थाको उद्देश्य अनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा सो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा बापतको कुनै भुक्तानी गर्दा बाहेक सो संस्थाको सम्पत्ति र सो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई कुनै फाइदा पुऱ्याएको भए त्यस्तो संस्थालाई कर छुट हुने छैन । उदाहरणको लागि, कुनै कर छुट प्राप्त संस्थाको अध्यक्षले सो संस्थाको सञ्चित रकम आफ्नो निजी कार्यमा प्रयोग गरेको रहेछ भने त्यस्तो संस्था कर छुट हुने संस्थाको रूपमा रहदैंन ।

(न) **ट्रष्ट**

**"ट्रष्ट" भन्नाले ट्रष्टीले सम्पत्ति धारण गर्ने प्रबन्ध सम्झनु पर्छ ।**

**तर यस शब्दले साझेदारी, संगठित संस्था वा खण्ड (ड) को उपखण्ड (३) बमोजिम उल्लिखित संस्थालाई जनाउने छैन ।**

शारीरिक वा मानसिक रूपले असक्षम व्यक्ति वा मृत व्यक्तिमा रहेको निकायको सम्पत्ति धारण गरी सहयोग गर्ने प्रबन्धलाई ट्रष्ट भनिएको छ । केही असामान्य अवस्थाका करदाताले कर तिर्ने प्रयोजनमा स्वतः खडा हुने निकाय ट्रष्ट हो ।

उदाहरणका रूपमा भजन ब्रदर्शको प्रोपाइटरको माघ २४ गते मृत्यु भयो । यो अवस्थामा कर तिर्ने प्रयोजनकालागि निजले श्रावण १ गतेदेखि माघ २४ गतेसम्म फर्मबाट गरेको कार्य तथा दफा ४४ बमोजिम मृत्युको तत्काल अघि फर्मका सबै सम्पत्ति बजारमूल्यमा बिक्री भएको मानी गरिने लाभ सहितको आय विवरण कसैले बुझाइ दिनुपर्दछ र निजको सम्पत्ति पनि कसैले जिम्मा लिनु पर्दछ । मृत व्यक्तिको कर लाग्ने अवधिको कर तिर्न जसको सहयोग लिइन्छ वा यस्तो अवस्थामा सो सम्पत्ति जिम्मा लिने व्यक्ति वा व्यक्तिको समूह कर प्रयोजनका लागि ट्रष्ट हो ।

आयकर ऐन, २०५८ मा दुई थरी ट्रष्टको व्यवस्था गरिएको छ : दर्ता भएको वा नभएको ट्रष्ट र अर्कोको सम्पत्ति रेखदेख गरिदिने व्यक्ति । पहिलो प्रकारको ट्रष्टको कर निर्धारण कम्पनीको सरह गरिन्छ । दोश्रो प्रकारको ट्रष्टमा जसको सम्पत्ति धारण गरी व्यवस्थापन गरिदिएको हो सोही व्यक्तिलाई कर लगाई कर तिर्ने प्रयोजनका लागि मात्र ट्रष्टको अवधारणा कायम गरिएको छ ।

(प) ट्रष्टी

**"ट्रष्टी" भन्नाले एक्लै वा अन्य प्राकृतिक व्यक्ति, गुठी वा अन्य संगठित संस्थासँग मिली संयुक्त रूपमा सम्पत्ति अमानतको रूपमा राख्ने प्राकृतिक व्यक्ति, गुठी वा अन्य संगठित संस्था सम्झनु पर्छ र सो शब्दले देहायको व्यक्ति समेतलाई जनाउँछ :-**

**(१) मृतक व्यक्तिको जायजेथाको सञ्चालनकर्ता वा प्रशासक,**

**(२) लिक्विडेटर, प्रापक वा ट्रष्टी,**

**(३) निजी वा आधिकारिक हैसियतमा असक्षम व्यक्तिको सम्पत्तिको संरक्षक, निर्देशन, नियन्त्रण वा व्यवस्थापन गर्ने कुनै व्यक्ति,**

**(४) निजी प्रतिष्ठान वा यस्तै प्रतिष्ठान अन्तर्गत सम्पत्तिको व्यवस्थापन गर्ने कुनै व्यक्ति, र**

**(५) उपखण्ड (१), (२), (३) र (४) मा उल्लिखित व्यक्ति सरहको जस्तै स्थितिमा रहेको अन्य कुनै व्यक्ति ।**

ट्रष्टी भन्नाले कुनै ट्रष्टको व्यवस्थापन गर्न जिम्मेवारी सुम्पिएको व्यक्तिलाई जनाउँछ । ट्रष्टीले एक्लै वा अन्य व्यक्तिसँग संयुक्त रूपमा कार्य सम्पादन गर्न जिम्मेवारी प्राप्त गर्न सक्दछन् । उदाहरणको लागि, ट्रष्टका सञ्चालकहरु, नाबालक (वा यस्तै असक्षम व्यक्ति) को संरक्षक, आदि

(फ) दीर्घकालीन करार

**"दीर्घकालीन करार" भन्नाले करारको बहाली अवधि बाह्र महिनाभन्दा बढी भएको दफा २६ बमोजिमको करार सम्झनु पर्छ ।**

ऐनको दफा २६ मा उल्लेख गरिएको स्पष्टीकरण बमोजिम करारको बहाली अवधि बाह्र महिना भन्दा बढी भएको र सो करार उत्पादन, जडान वा निर्माणका लागि वा त्यस्तो प्रत्येक कामका सम्बन्धमा सम्बद्ध सेवाको सम्पादनका लागि गरिएको वा समावेश नभएको करार (लगानी बीमा करार, अवकाश कोष करार तथा निकायमा हित निहित रहेको करार) बाहेकको प्रतिफल विलम्बित हुने करारलाई दीर्घकालीन करार मानिएको छ । उदाहरणको लागि, एक वर्ष भन्दा बढी समय लाग्ने कुनै जलविद्युत आयोजना निर्माण गर्न कुनै निर्माण कम्पनीलाई दिइने करार दीर्घकालीन करार अन्तर्गत पर्दछ । दीर्घकालीन करार एवम् त्यस्तो करारको आय गणनाका सम्बन्धमा यसै निर्देशिकाको परिच्छेद २० मा व्याख्या गरिएको छ ।

(ब) नातेदार

**"नातेदार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी, छोरा, छोरी (धर्मपुत्र, धर्मपुत्री समेत), बावु, आमा, बाजे, बज्यै, दाजु, भाई, भाउजु, बुहारी, दिदी, बहिनी, सासु, ससुरा, साला, जेठान, साली, जेठीसासु, काका, काकी, भतिजा, भतिजी, नाती र नातिनी सम्झनु पर्छ ।**

(भ) निकाय (इन्टिटी)

**"निकाय (इन्टिटी)" भन्नाले देहायका संस्था वा संगठन सम्झनु पर्छ :-**

**(१) साझेदारी, ट्रष्ट वा कम्पनी,**

**(२) गाउँपालिका, नगरपालिका वा जिल्लासमन्वय समिति,**

**(३) नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तह,**

**(४) कुनै विदेशी सरकार वा सो सरकार अन्तर्गतका प्रान्तीय वा स्थानीय सरकार वा कुनै सन्धिद्वारा स्थापना भएको सार्वजनिक अन्तर्राष्ट्रिय संगठन, वा**

**(५) आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको उपखण्ड (१), (२), (३) र (४) मा उल्लेख भएको संस्था वा संगठनको स्थायी संस्थापन ।**

सामान्यतयाः निकाय (Entity) भन्नाले प्राकृतिक व्यक्तिबाहेक अन्य व्यक्ति अर्थात कानुनी व्यक्तिलाई बुझाउँछ । यस सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १३ मा व्याख्या गरिएको छ ।

(म) निकायमा रहेको हित

**"निकायमा रहेको हित" भन्नाले कुनै निकायको आय वा पुंजी प्राप्त गर्ने सांयोगिक ( कन्टिन्जेन्ट) अधिकार समेतको अधिकार सम्झनु पर्छ ।**

निकायमा रहेको हित (Interest on Entity)भन्नाले साझेदारी फर्मको हकमा सो फर्मको मुनाफा लगायत सो फर्मको सम्पत्तिमा साझेदारको अधिकारलाई जनाउँछ । कम्पनीका हकमा शेयरहोल्डरले उक्त कम्पनीमा गरेको लगानीको प्रतिफल लगायत उक्त कम्पनी खारेजी (Liquidation)हुँदाको अवस्थामा प्राप्त गर्ने नियमित वा थप रकम प्राप्त गर्न सक्ने सांयोगिक अधिकार (Contingent Right)लाई जनाउँछ । अवकाश कोषमा सो कोषमा लगानीकर्ता (हिताधिकारी) ले लगानी गरे बापत लगानी गरिएको रकम तथा सोको प्रतिफललाई जनाउँछ । त्यसैगरी ट्रष्टमा हिताधिकारीको हित रहन्छ भने विदेशी स्थायी संस्थापनमा सो संस्थापनको मालिकको हित रहेको हुन्छ ।

(य) निःसर्ग

**"निःसर्ग (डिस्पोजल)" भन्नाले दफा ४० मा उल्लेख भए बमोजिम कुनै सम्पत्ति वा दायित्वको बिक्री वा हस्तान्तरण समेतको निःसर्ग सम्झनु पर्छ ।**

सम्पत्तिको हकमा बिक्री वा किस्ताबन्दीमा बिक्री गरी, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, नासिई, हराई, अंशबण्डा वा हक हस्तान्तरण गरी, साटासाट गरी वा कुनै तवरबाट आफ्नो स्वामित्व हट्ने माध्यमलाई सम्पत्तिको निःसर्ग (Disposal) मानिन्छ । त्यस्तै, दायित्वको हकमा, दायित्व भुक्तान गरी, दायित्वबाट मुक्त भई, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, दायित्व रद्द भई वा कुनै पनि माध्यमबाट दायित्व मुक्त भएको खण्डमा दायित्वको निःसर्ग (Disposal) मानिन्छ

सम्पत्ति तथा दायित्वको निःसर्गका सम्बन्धमा विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद २२ मा गरिएको छ ।

(र) निहित स्वामित्व

**"निहित स्वामित्व" भन्नाले देहायको स्वामित्व सम्झनु पर्छ :-**

(१) कुनै निकायको सम्बन्धमा कुनै प्राकृतिक व्यक्ति वा प्राकृतिक व्यक्तिको हित नरहेको निकायले सो निकायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक वा बढी मध्यस्थ निकायहरुद्धारा राखेको हितका आधारमा सिर्जित स्वामित्व, वा

(२) कुनै निकायको स्वामित्व रहेको सम्पत्तिको सम्बन्धमा सो निकायमा निहित स्वामित्व रहेका व्यक्तिहरुको स्वामित्वको समानुपातको आधारमा निर्धारण भएको सम्पत्तिको स्वामित्व ।

निहित स्वामित्वका सन्दर्भमा विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १३ मा गरिएको छ

(ल) पट्टा

"पट्टा" भन्नाले कुनै व्यक्तिले अर्को व्यक्तिको नगदी सम्पत्ति बाहेकको सम्पत्ति प्रयोग गर्ने अस्थायी अधिकार सम्झनु पर्छ र सो शब्दले इजाजतपत्र, भाडा सम्झौता, छनौट, रोयल्टी सम्झौता वा बहालवालाको हक समेतलाई जनाउँछ ।

एउटा व्यक्तिको स्वामित्वमा रहेको सम्पत्ति माथिको प्रयोग गर्ने अधिकार अर्को व्यक्तिलाई दिनुलाई पट्टा (Lease) भनिन्छ । पट्टा दुई थरीको हुन्छ - भाडा वा रोयल्टी बुझाउने आवधिक पट्टा (Operating Lease) र वित्तीय पट्टा (Finance Lease)।

(व) प्राकृतिक व्यक्ति

"प्राकृतिक व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति विशेष सम्झनु पर्छ र यस ऐनको प्रयोजनको लागि सो शब्दले दर्ता भई वा नभई प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको एकलौटी फर्म तथा एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी दफा ५० बमोजिम छनौट भएको दम्पत्ति समेतलाई जनाउँछ ।

प्राकृतिक व्यक्ति (Natural Person)भन्नाले प्राकृतिक रूपबाट नै सिर्जिएका अर्थात कानुनी रूपमा कृत्रिम तवरले खडा नगरिएको व्यक्ति विशेषलाई बुझाउँछ । प्राकृतिक व्यक्ति भन्नाले प्राकृतिक व्यक्तिको एकलौटी फर्म, ऐनको दफा ५० बमोजिम छनौट गरेको अवस्थाको दम्पत्ति तथा आश्रितलाई भरणपोषण गर्नुपर्ने अवस्थाका विधुर र विधवालाई समेत मानिएको छ ।

(श) प्राकृतिक स्रोत बापतको भुक्तानी

"प्राकृतिक स्रोत बापतको भुक्तानी" भन्नाले देहायको कुनै भुक्तानीको रकम सम्झनु पर्छ :-

(१) जमिनबाट पानी, खनिज पदार्थ वा अन्य जीवित वा निर्जीव स्रोत निकाल्ने अधिकार प्राप्त गरे बापतको भुक्तानी, वा

(२) जमिनबाट समग्र वा आंशिक रूपमा निकालिएको प्राकृतिक स्रोत र खनिज पदार्थको जीवित वा निर्जीव स्रोतको परिमाण वा मूल्यका आधारबाट गणना गरिएको रकम ।

(ष) बजार मूल्य

"बजार मूल्य" भन्नाले कुनै सम्पत्ति वा सेवाका सम्बन्धमा असम्बन्धित व्यक्तिहरुबीच सामान्य बजार व्यवहारको सिलसिलामा सेवा वा सम्पत्तिको सामान्य कारोबार मूल्य सम्झनु पर्छ ।

(स) भाडा

"भाडा" भन्नाले घर बहाल समेतका मूर्त सम्पत्तिको बहालमा लगाएको पट्टा अन्तर्गत गरिएका प्रिमियम लगायतका सबै भुक्तानी सम्झनु पर्छ ।

तर यस शब्दले प्राकृतिक स्रोत बापत भएको भुक्तानीवाएकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकमलाई जनाउँने छैन ।

(ह) भुक्तानी

"भुक्तानी" भन्नाले देहायको काम कारबाही सम्झनु पर्छ :-

(१) कुनै एक व्यक्तिको रकम वा सम्पत्ति अर्को व्यक्तिको नाउँमा र कुनै अर्को व्यक्तिको दायित्व सो व्यक्तिको नाउँमा हस्तान्तरण भएमा,

(२) कुनै एक व्यक्तिवाट सिर्जित सम्पत्ति सो सम्पत्तिको सिर्जनापछि अर्को व्यक्तिको स्वामित्वमा भएमा वा कुनै एक व्यक्तिको दायित्वको भार अर्को व्यक्तिले बहन गरेमा,

(३) एक व्यक्तिले अर्को व्यक्तिलाई सेवा प्रदान गरेमा,

(४) कुनै एक व्यक्तिको स्वामित्वमा रहेको सम्पत्ति अर्को व्यक्तिले प्रयोग गरेमा वा प्रयोगको लागि उपलब्ध भएमा ।

ऐनको दफा २४ को उपदफा (१) मा व्यवसाय वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन एक्रुअल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी आयको गणनामा समावेश गर्नुपर्ने व्यवस्था गरेकोछ । नेपाल लेखामान १ (Nepal Accounting Standard on Presentation of Financial Statements) मा समेत Accrualआधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ । व्यक्तिको आय गणना गर्दा तथा खर्च कट्टी दाबी गर्दा "भुक्तानी" को भूमिका महत्वपूर्ण हुन्छ । भुक्तानी (Payment) शब्दले यथार्थमा कुनै व्यक्तिले अर्को व्यक्तिलाई लाभान्वित गराउन सक्ने हरेक माध्यमलाई समावेश गरेको छ । तलको उदाहरणबाट यस सम्बन्धमा थप प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण २.१०: मानौं, वृद्धि आचार्य भन्ने व्यक्तिले स्कट नेपाल प्रा.लि.नामको संस्थालाई रु.५०,०००।- मूल्य बराबरको सेवा उपलब्ध गराएका रहेछन् । उक्त संस्थाले निजलाई सो सेवाको मूल्य नगदमा भुक्तानी नदिई निजको छोरासँग सो संस्थाले लिनुपर्ने रकमसँग मिलान गरेको रहेछ भने सो अवस्थामा निज आचार्यले रकम भुक्तानी नलिए पनि भुक्तानी प्राप्त गरे सरह मानिनेछ । |
| उदाहरण २.११: एक मेडिकल डाक्टर एउटा कम्पनीको कर्मचारीको नियमित स्वास्थ्य उपचारको लागि नियुक्त भएका रहेछन् । सो कम्पनीले निज डाक्टरलाई उपरोक्त सेवा बापत कुनै भुक्तानी दिने गरेको रहेनछ तर सो कम्पनीले रु.२०,०००।- आफैले भाडा तिरी एउटा कोठा निज डाक्टरलाई उपलब्ध गराएको रहेछ । उक्त कोठाबाट निज डाक्टरले आफ्नो पेशा समेत सञ्चालन गर्दा रहेछन् । सो कम्पनीले आफूले सिर्जना गरेको सम्पत्ति (Lease Right)निज डाक्टरलाई उपलब्ध गराएको हुँदा रु.२०,०००।- निज डाक्टरले भुक्तानी प्राप्त गरेको मानिनेछ । |
| उदाहरण २.१२: एउटा गाडी मर्मत गर्ने संस्थामा एक जना वकिल कानुनी परामर्शदाताको रूपमा नियुक्त भएका रहेछन् । निज वकिलले सो संस्थाबाट कुनै पारिश्रमिक लिने नगरेको तर आफ्नो सवारी साधनको नियमित मर्मत संभार सोही संस्थाबाट बिना मूल्यमा गराउने गरेका रहेछन् । यस्तो अवस्थामा सो संस्थाले उपलब्ध गराएको मर्मत सम्बन्धी सेवाको मूल्य निज वकिलले भुक्तानी पाएको मानिनेछ । |

(क्ष) मुनाफाको वितरण

"मुनाफाको वितरण" भन्नाले मुनाफाको पुँजीकरण समेत दफा ५३ बमोजिम भएको कुनै निकायको मुनाफाको वितरण सम्झनु पर्छ ।

ऐनको दफा ५३ मा निकायबाट आफ्नो कुनै हिताधिकारीलाई कुनै पनि हैसियतले गरिएको भुक्तानी वा मुनाफाको पुँजीकरणलाई वितरण मानिएको छ । निकायले आफ्ना

हिताधिकारीलाई बोनस शेयर वितरण गरेको अवस्था समेत मुनाफाको वितरण भएको मानिन्छ । तर, निकायले हिताधिकारीबाट कुनै प्रतिफल प्राप्त गरेको रहेछ र त्यस्तो प्रतिफल बापत बजार मूल्यका आधारमा सो निकायले हिताधिकारीलाई गरेको भुक्तानी भने मुनाफाको वितरण मानिने छैन ।

| |
|---|
| उदाहरण २.१३: मानौं, नेपाल घडी कम्पनी लि.ले साधारण सभामा आफ्ना शेयरधनीलाई नगद लाभांश नदिई रु.१५,०००।- मूल्य पर्ने घडी रु.५,०००।- मूल्य लिई आफ्ना शेयरधनीलाई वितरण गरेको रहेछ भने बजार मूल्य र हिताधिकारीबाट प्राप्त मूल्यबीचको फरक, अर्थात रु.१०,०००।- लाई मुनाफाको वितरण मानिने छ । |
| उदाहरण २.१४: मानौं, नेपाल कम्पनी लि.ले आफ्नो एक शेयरधनीको भवन कार्यालय प्रयोजनको निमित्त भाडामा लिएको रहेछ । उक्त भवनको चलनचल्ती भाडा रु.१०,०००।-प्रति महिना सो कम्पनीले निज शेयरधनीलाई भुक्तान गर्ने गरेको रहेछ भने मुनाफाको वितरण मानिदैंन । |

निकायबाट मुनाफाको वितरण सम्बन्धी थप व्याख्या यसै निर्देशिकाको परिच्छेद १३ मा गरिएको छ ।

(त्र) **यूनिट ट्रष्ट**

**"यूनिट ट्रष्ट" भन्नाले कम्तीमा बीस जना व्यक्तिहरुका लाभको लागि ट्रष्टीले सम्पत्ति धारण गर्ने व्यवस्था भई आय वा पुँजीमा सहभागी हुन पाउने व्यक्तिहरुको अधिकारलाई धारण गरेको इकाईहरुको संख्याद्वारा निर्धारित आधारमा विभाजन हुने व्यवस्था गरिएको ट्रष्ट सम्झनु पर्छ ।**

(ज्ञ) **रोजगारी**

**"रोजगारी" भन्नाले कुनै पनि किसिमको विगत, वर्तमान वा भावी रोजगारी सम्झनु पर्छ ।**

सामान्यतया Contract of Service ले रोजगारी बुझाउँछ भने Contract for Service ले परामर्शदाता (Consultant)तर्फ ईंगित गर्दछ । "रोजगारी" शब्दले काम गर्ने (Employee) तथा काम लगाउने (Employer) बीचको सम्बन्ध खुल्ने एवम् रोजगारीको शर्त अनुसार आफ्नो ज्ञान, अनुभव, सिप, जाँगर तथा श्रम प्रयोग गरी व्यवस्थापकीय, सुपरीवेक्षण, प्रशासकीय, प्राविधिक वा यस्तै अन्य कुनै काम गरी सो व्यक्ति वा निकायको लिखित वा अलिखित कर्मचारी सेवा सर्त तथा सुविधा वा यस्तै अन्य सर्त तथा सुविधा सम्बन्धी प्रावधान लागू हुने गरी सो निकायबाट काम गर्ने व्यक्तिले तलब वा ज्याला वा यस्तै अन्य भुक्तानी पाउन सक्ने प्रबन्धलाई जनाउँछ । यस्तो काममा लगाउने व्यक्ति बासिन्दा वा गैर बासिन्दा हुन सक्छ ।

ऐनको दफा २२ को उपदफा (२) बमोजिम प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नु पर्नेछ । तसर्थ रोजगारीको सन्दर्भमा जतिखेर नगद भुक्तानी हुन्छ सोही समयमा, अर्थात विगत वर्षको रोजगारी, वर्तमान रोजगारी वा भविष्यमा रोजगारी गर्ने गरी हाल प्राप्त भएको नगद भुक्तानीलाई हालको आयमा समावेश गर्नुपर्दछ ।

| |
|---|
| उदाहरण २.१५: विगत रोजगारीको उदाहरण: मानौ ललित भन्ने व्यक्तिले एउटा कम्पनीमा २०५३सालदेखि रोजगारी गर्दै आएका रहेछन् । २०६१सालदेखि निजले काम गर्ने संस्थाको व्यवसाय बिग्रन गई आर्थिक अवस्था खराब भएको र सो कम्पनीले आफ्ना कर्मचारीलााई खाइपाई आएको तलबको ५०% मात्र तलब भुक्तान गरी आएको रहेछ । आ.व.२०६५।६६ सालमा उक्त कम्पनीको व्यवसाय उल्लेख्य रूपमा वृद्धि भएको कारण विगत २०६१ साल देखि बाँकी रहेको ५०% तलब निज ललितलाई २०६५ साल |

| |
|---|
| माघ महिनामा भुक्तान गरेको रहेछ । यस अवस्थामा सो कम्पनीले Accrual आधारमा हुन आउने तलब सम्बन्धित आय वर्षमा नै खर्च लेख्न सक्ने भए पनि निज ललितले भने विगतको रोजगारीको भुक्तानी २०६५ साल माघमा नगद प्राप्त गरेको हुँदा नगद भुक्तानीका आधारमा आ.व.२०६५।६६को आयमा समावेश गर्नुपर्दछ । |
| उदाहरण २.१६ः भविष्यको रोजगारीको उदाहरणः मानौ, सुवर्ण भन्ने व्यक्तिले एक कम्पनीमा काम गर्ने गरेका रहेछन् । निजलाई रकमको आवश्यकता परेको र आगामी वर्ष तलब भुक्तानी नलिने शर्तमा सो कम्पनीबाट एक वर्षको तलब अग्रिम भुक्तानी लिएका रहेछन् । निजले सो रकम भविष्यमा रोजगारी गर्ने शर्तमा प्राप्त गरेको हुँदा यस्तो रकम निजले सो रकम प्राप्त गरेको आय वर्षको रोजगारीको आयमा गणना गर्नुपर्दछ । |

रोजगारी सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १७ मा गरिएको छ ।

(कक) **रोयल्टी**

**"रोयल्टी" भन्नाले अमूर्त सम्पत्तिको पट्टा अन्तर्गत गरिएको कुनै भुक्तानी सम्झनु पर्छ र सो शब्दले देहायका उद्देश्यका लागि गरिने कुनै भुक्तानी समेतलाई जनाउँछ :-**

(१) **प्रतिलिपि अधिकार, पेटेन्ट, डिजाइन, मोडेल, योजना, गोप्य सूत्र वा प्रक्रिया वा ट्रेडमार्कको प्रयोग वा प्रयोग गर्ने अधिकार राख्ने ,**

(२) **प्रविधिको ज्ञान प्रदान गर्ने,**

(३) **चलचित्रजन्य फिल्म, भिडियो टेप, ध्वनि रिकर्डिङ वा कुनै अन्य यस्तै माध्यमको प्रयोग वा प्रयोग गर्ने अधिकार र औद्योगिक, व्यापारिक वा वैज्ञानिक अनुभव प्रयोग गर्ने वा प्रदान गर्ने,**

(४) **उपखण्ड (१), (२) वा (३) बमोजिमका कुरामा सहायक हुने किसिमले कुनै सहयोग प्रदान गर्ने, वा**

(५) **उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका कुराका सम्बन्धमा पूर्ण वा आंशिक बन्देज मान्ने ।**

**तर यस शब्दले प्राकृतिक स्रोतबापतको भुक्तानीलाई जनाउँने छैन ।**

रोयल्टी शब्दले अमूर्त सम्पत्तिको पट्टा अन्तर्गतका भुक्तानी वा अमुर्त सम्पत्तिको उपयोग बापतका भुक्तानीलाई बुझाउँछ । जस्तोःTrade Name प्रयोग गर्ने अधिकार दिए बापत प्राप्त हुने भुक्तानी, गायक, गीतकार वा संगीतकारका गीत कुनै रेडियो स्टेशनले बजाए बापत दिइने भुक्तानी आदि ।

(कख) **लगानी**

**"लगानी" भन्नाले देहाय बमोजिम बाहेक एक वा एक भन्दा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य सम्झनुपर्छ :-**

(१) **सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य,**

(२) **रोजगारी वा व्यवसाय ।**

**तर गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य लगानी मानिने छ ।**

सम्पत्ति धारण (Hold)गरी आयआर्जन गर्ने कार्यलाई लगानी भनिन्छ । सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य वा रोजगारी वा व्यवसायमा प्रयोग गरिएका सम्पत्ति बाहेकका सम्पत्तिमा स्वामित्व राख्ने एवम् गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य जस्ता कार्यलाई लगानी भनिन्छ । सामान्यतयाः लगानीको आय आर्जन

गर्ने कार्यमा आय आर्जन गर्ने व्यक्तिको निरन्तर सहभागिता (Active Engagement) रहँदैन । लाभांश, ब्याज, प्राकृतिक स्रोत बापतको भुक्तानी, भाडा, रोयल्टी, लगानी बीमाबाट प्राप्त लाभ, स्वीकृति प्राप्त नगरेको अवकाश कोषको हितबाट प्राप्त लाभ, स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानी वा गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्ग (Disposal) बाट प्राप्त खुद लाभ जस्ता आय लगानीको आय वा प्रतिफल हुन्छ । लगानी मानिन सम्पत्ति धारणको प्रकृतिलाई ध्यान दिनुपर्छ । सामान्तया लगानीको प्रयोजनको लागि धारण गरिएको सम्पत्ति लामो समयसम्म धारण गरिन्छ । लगानीमा सोही सम्पत्तिबाट आय हुने तथा व्यवसायमा सो सम्पत्ति किनबेच वा अन्य तवरले प्रयोग गरी आयआर्जन गरिने हुन्छ ।

लगानी तथा लगानीको आयका सम्बन्धमा विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद २१ मा गरिएको छ ।

(कग) लगानी बीमा

**"लगानी बीमा" भन्नाले देहायका कुनै बीमा सम्झनु पर्छ :-**

**(१) बीमित व्यक्ति वा बीमित व्यक्तिको सम्बद्ध व्यक्तिको मृत्यु सम्बन्धी घटनाका हकमा गरिएको बीमा,**

**(२) बीमित व्यक्ति वा निजको सम्बद्ध व्यक्तिको व्यक्तिगत चोटपटक वा कुनै खास तवरमा असक्षम हुने घटना सम्बन्धी बीमा,**

**तर बीमाको बीमा सम्झौता कम्तीमा पाँच वर्षसम्म बहाल रहने वा बहालीको समय सीमा नभएको र करारमा उल्लिखित विशेष परिस्थितिहरुमा बाहेक पाँच वर्षको अवधि भुक्तान हुनु अगावै बीमकबाट अन्त्य गर्न नसकिने गरी गरिएको हुनु पर्नेछ ।**

**(३) कुनै रकम वा श्रृखलाबद्ध रकमहरु भविष्यमा बीमितलाई भुक्तानी हुने गरी गरिएको बीमा,**

**(४) उपखण्ड (१), (२), वा (३) अन्तर्गतका बीमाको पुनर्बिमा, र**

**(५) उपखण्ड (४) मा उल्लिखित पुनर्बीमाको पुनर्बीमा ।**

लगानी बीमाको उदाहरणको रूपमाLife Insurance, Superannuation, Endowment Policy,आदि जस्ता कारोबारलाई लिन सकिन्छ । जीवन सम्बन्धी जोखिमसँग सम्बन्धित बीमा भए पनि Accidental Insuranceको सम्झौता (जोखिम) अवधि पाँच वर्षभन्दा कम अवधिमा समाप्त हुने भए त्यस्तो सम्झौता भने लगानी बीमा अन्तर्गत पर्दैनन् ।

लगानी बीमा सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १९ मा गरिएको छ ।

(कघ) लाभांश

**"लाभांश" भन्नाले निकायबाट हुने वितरण सम्झनु पर्छ ।**

लाभांश (Dividend)भन्नाले निकायले आफ्ना हिताधिकारी (Shareholders)लाई वितरण गर्ने मुनाफाको अंशलाई बुझाउँछ । उक्त शब्दले मुनाफाको पुँजीकरण अर्थात बोनस शेयर समेतलाई जनाउँछ ।

लाभांश सम्बन्धी थप व्याख्या यसै निर्देशिकाको परिच्छेद १३ मा गरिएको छ ।

(कङ) बासिन्दा व्यक्ति

**"बासिन्दा व्यक्ति" भन्नाले कुनै आय वर्षका सम्बन्धमा देहायका व्यक्ति सम्झनु पर्छ :-**

**(१) प्राकृतिक व्यक्तिको सम्बन्धमा, -**

**(क) सामान्य बसोबासको स्थान नेपालमा रहेको,**

(ख) ...........अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सो भन्दा बढी नेपालमा रहेको, वा

(ग) नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको ।

(२) साझेदारी फर्म,

(३) ट्रष्टको सम्बन्धमा त्यस्तो ट्रष्ट जुन,-

(क) नेपालमा स्थापना भएको,

(ख) ट्रष्टको ट्रष्टी आय वर्षमा बासिन्दा व्यक्ति भएको, वा

(ग) ट्रष्टलाई आय वर्षमा बासिन्दा व्यक्ति वा निज संलग्न भएको व्यक्तिहरुको समूहले प्रत्यक्ष वा एक वा बढी मध्यस्थ निकाय (इन्टरपोज्ड इन्टिटी) हरुको माध्यमद्वारा नियन्त्रण गरेको ।

(४) कम्पनीको सम्बन्धमा त्यस्तो कम्पनी जुन, -

(क) नेपालको कानुन अन्तर्गत संस्थापित भएको, वा

(ख) कुनै आय वर्षमा नेपालमा सो कम्पनीको व्यवस्थापन प्रभावकारी रहेको ।

(४क) नेपाल सरकारवा प्रदेश सरकार,

(५) गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति,

(६) कुनै विदेशी सरकार वा सो सरकार अन्तर्गतका प्रान्तीय वा स्थानीय सरकारको त्यस्तो निकायको सम्बन्धमा जुन, -

(क) नेपालको कानुन अन्तर्गत स्थापित भएको, वा

(ख) कुनै आय वर्षमा नेपालमा त्यस्तो निकायको व्यवस्थापन प्रभावकारी रहेको ।

(७) कुनै सन्धि सम्झौता अन्तर्गत स्थापित संस्था वा निकाय, र

(८) गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापन ।

आयकर ऐन, २०५८ मा बासिन्दा व्यक्तिको अवधारणा महत्वपूर्ण रहेको छ । बासिन्दा व्यक्तिको अवस्थाबारे निम्नानुसार व्याख्या गरिएको छः-

- प्राकृतिक व्यक्तिको सामान्य बसोबासको स्थान नेपालमा रहेको, अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सो भन्दा बढी नेपालमा रहेको वा नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको जुनसुकै अवस्था भए पनि त्यस्तो व्यक्ति नेपालको बासिन्दा मानिन्छ ।

(क) सामान्य बसोबासको स्थान (Habitual Place of Abode) नेपालमा रहेको भन्नाले सम्बन्धित व्यक्तिको मुख्य Economic Activity हुने स्थानलाई जनाउँदछ । नेपालमा स्थायी ठेगाना वा घर (Permanent Address) हुनुले मात्र सामान्य बसोबासको स्थान नेपाल मानिदैंन । सामान्यतयाः निजको अर्थोपार्जनको मुख्य स्थललाई सामान्य बसोबासको स्थान भनिन्छ । यस्तो अवस्था तलको उदाहरणबाट प्रष्ट पारिएको छ ।

> उदाहरण २.१७: मानौं, चितवनमा स्थायी घर भएको ओम बहादुर थापा भन्ने व्यक्ति विगत तीन वर्षदेखि वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया गएका रहेछन् । निज ओम बहादुर वर्षको एक पटक आफ्नो परिवारलाई भेट्न नेपाल आउने गरेका रहेछन् । निजले आफूले विदेशमा रहँदा कमाएको पचास प्रतिशतभन्दा बढी रकम नेपालमा आफ्नो परिवारलाई पठाउने गरेका रहेछन्

। यस अवस्थामा निजको स्थायी घर नेपाल भएतापनि मुख्य रूपमा निजको बसोबासको निरन्तरता र आर्थिक गतिविधि नेपालमा नभएको कारण निजको सामान्य बसोबास नेपाल भएको मानिदैंन ।

उदाहरण २.१८: माथि उदाहरण २.१७ मा यदि निज ओम बहादुर थापाको व्यवसाय नेपालमा भएको र सोही व्यवसायको सन्दर्भमा वा अन्य निजी कारणले सो वर्ष १८३ दिनभन्दा बढी नेपाल बाहिर विभिन्न मुलुकहरु भ्रमण गरेका रहेछन् भने त्यस्तो अवस्थामा निजको Major Economic Activities नेपाल भएको कारण निजको सामान्य बसोबासको स्थान नेपाल भएको मानिन्छ ।

(ख) अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सो भन्दा बढी नेपालमा रहेको दिन गणना गर्दा नेपालभित्र आएको दिनदेखि नेपालबाट प्रस्थान गरेको दिनसम्म गणना गरिनुपर्छ । यस अवस्थालाई तलको उदाहरणबाट थप प्रष्ट पारिएको छ ।

उदाहरण २.१९: माथि उदाहरण २.१८ मा यदि निज ओम बहादुर थापा भाद्र ६, २०६३ मा वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया गएका रहेछन् र भदौ ५, २०६५ मा नेपाल फर्की सो पश्चात लगातार स्थायी रूपले नेपालमा नै बसोबास गरिरहेका रहेछन् । निज ओम बहादुर भाद्र ६, २०६३ मा नेपाल छोडेको कारण आय वर्ष २०६३/६४ र आय वर्ष २०६४/६५ को निमित्त निज ओम बहादुर नेपालमा अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिनभन्दा कम बसेको हुँदा निज उक्त आय वर्षहरुको लागि गैर बासिन्दा व्यक्ति मानिन्छ । एवम् प्रकारले आय वर्ष २०६५।६६ को लागि निज १८३ दिनभन्दा बढी नेपालमा बसेको हुँदा उक्त आर्थिक वर्षको लागि निज नेपालको बासिन्दा मानिन्छ । यस उदाहरणमा निज ओम बहादुर २०६३ भाद्र ६ गतेदेखि २०६४ आषाढ मसान्तसम्म १८३ दिन भन्दा घटी नेपालमा रहेकोले निज आय वर्ष २०६३।६४ को लागि गैर बासिन्दा हुन जान्छन् । त्यस्तै, आय वर्ष २०६४।६५ मा पूरै अवधि नेपालमा नबसेकाले गैर बासिन्दा हुन जान्छन् । त्यसैगरी निज आय वर्ष २०६५।६६ मा ३३० दिन नेपालमा बसेकाले यो आय वर्षका लागि बासिन्दा व्यक्ति मानिन्छन् ।

(ग) नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको खण्डमा त्यस्तो खटाइएको व्यक्ति नेपालको बासिन्दा हुने अवस्था तलको उदाहरणबाट प्रष्ट हुन्छ

उदाहरण २.२०: माथि उदाहरण २.१७ मा यदि निज ओम बहादुर थापा अन्य वैदेशिक रोजगारीको बदला विदेशस्थित नेपाली राजदूतावासमा नेपाल सरकारद्वारा काजमा खटाइएको र विगत चार वर्षदेखि सोही स्थानमा कार्यरत कर्मचारी रहेछन् भने त्यस्तो अवस्थामा निज नेपालको बासिन्दा भएको मानिन्छ ।

- नेपालमा स्थापना भएको ट्रष्टको ट्रष्टी सम्बन्धित आय वर्षमा बासिन्दा व्यक्ति भएको, वा ट्रष्टलाई आय वर्षमा बासिन्दा व्यक्ति वा निज संलग्न भएको व्यक्तिहरुको समूहले प्रत्यक्ष वा एक वा बढी मध्यस्थ निकाय (इन्टरपोज्ड इन्टिटी)हरुको माध्यमद्वारा नियन्त्रण गरेको ट्रष्टलाई पनि नेपालको बासिन्दा मानिन्छ । यस अवस्थालाई तलको उदाहरणबाट प्रष्ट पारिएको छ ।

उदाहरण २.२१: मानौं, भारतको कोलकातामा एउटा ट्रष्ट सञ्चालनमा रहेछ ।

| |
|---|
| उक्त ट्रष्टलाई नेपालका बासिन्दाहरुले नियन्त्रण गर्ने गरेका रहेछन् भने त्यस्तो ट्रष्टलाई पनि नेपालको बासिन्दा मानिन्छ । |

- गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापनलाई नेपालको बासिन्दा मानिन्छ । स्थायी संस्थापन भन्नाले ऐनको दफा २ को खण्ड (कद) बमोजिम कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमाव्यवसाय सञ्चालन गर्ने स्थानलाई बुझाउँछ । उदाहरणको लागि, विदेशमा दर्ता भएका निर्माण कम्पनीले नेपालमा कुनै परियोजना सञ्चालन गर्ने उद्देश्यले स्थापना गरेको नेपालस्थित कार्यालय ।

(कच) **व्यक्ति**

**"व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति वा निकाय सम्झनु पर्छ ।**

व्यक्ति शब्दले Natural Person (जस्तै, राम, जोन, रहिमआदि) तथा कानुनी व्यक्ति अर्थात Artificial Person (जस्तै, कम्पनी, ट्रष्ट, संस्थानआदि) दुवैलाई बुझाउँछ । यस सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद ४ मा उल्लेख गरिएको छ ।

(कछ) **व्यवस्थापक**

**"व्यवस्थापक" भन्नाले कुनै निकायको व्यवस्थापकीय निर्णयहरुगर्ने काममा संलग्न हुने व्यक्ति सम्झनु पर्छ र सो शब्दले कुनै ट्रष्टको ट्रष्टी र विदेशी स्थायी संस्थापनमा स्वामित्व भएको व्यक्ति समेतलाई जनाउँछ ।**

(कज) **व्यवसाय**

**"व्यवसाय" भन्नाले कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकारका विगत, वर्तमान वा भावी व्यवसायहरुलाई समेत जनाउँछ ।**

**तर यस शब्दले रोजगारीलाई जनाउँने छैन ।**

रोजगारीका सम्बन्धमा सामान्यतया: श्रमको उपभोग हुन्छ । त्यस्तै व्यवसाय तथा लगानीमा श्रम तथा पुँजीउपभोग हुन्छ । लगानीमा सामान्यतया सम्पत्ति धारण गर्ने तथा आयआर्जन गर्ने सन्दर्भमा सो व्यक्तिको सक्रिय सहभागिता (Active Engagement) हुँदैन । व्यवसायको सन्दर्भमा भने सो व्यक्तिको आयआर्जन गर्ने कार्यमा सक्रिय सहभागिता (Active Engagement) हुन्छ । माथि लगानीको व्याख्या गर्ने सन्दर्भमा दिइएको उदाहरणमा सम्पत्ति धारण गरी सक्रिय सहभागी नभई भाडामात्र आर्जन गर्ने कार्यलाई लगानी मानिन्छ भने सो व्यक्ति सक्रिय सहभागी भई सम्पत्ति एवम् बहाल आयलाई व्यवस्थापन गर्ने गरेको रहेछ भने सोलाई व्यवसाय मानिन्छ । यस अर्थमा निकायको सामान्यतया लगानीको आय हुँदैन । व्यवसाय अन्तर्गत उद्योग (Industry) अर्थात कुनै वस्तु उत्पादन गरी बिक्री गर्ने, व्यापार (Trading) अर्थात कुनै Tangible वा Intangible वस्तुको खरिद बिक्री गर्ने, पेशा (Profession)वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार पर्दछन् ।

(कझ) **ब्याज**

**"ब्याज" भन्नाले देहायका भुक्तानी वा लाभ सम्झनु पर्छ :-**

**(१) साँवा बाहेक ऋण दायित्व अन्तर्गतको भुक्तानी,**

**(२) छुट, ऋण दायित्व अन्तर्गतको छुट, प्रिमियम, अदलबदल भुक्तानी वा त्यस्तै भुक्तानीको माध्यमबाट प्राप्त गरिएको लाभ, र**

**(३) वार्षिक वृत्ति वा किस्ताबन्दी बिक्री अन्तर्गत सम्पत्ति प्राप्त गर्ने व्यक्तिबाट वा वित्तीय पट्टा अन्तर्गत कुनै सम्पत्तिको प्रयोग बापत कुनै व्यक्तिलाई गरिने भुक्तानीमध्ये ब्याजको रूपमा लिइने दफा ३२ बमोजिमका रकमहरु ।**

ब्याज भन्नाले सामान्यतयाः पुँजी वा लगानीको प्रतिफललाई लिन सकिन्छ । कुनै लगानी फिर्ता आउँदा लगानी गरिएको पुँजी भन्दा बढी रकम फिर्ता भएको खण्डमा यसरी प्राप्त हुने थप रकमलाई ब्याज मानिन्छ । ऋण दायित्व अन्तर्गतको छुट, प्रिमियम वा अदलबदल भुक्तानी (Discount, Premium or Swap)लाई पनि ब्याज मानिन्छ । वार्षिकवृत्ति वा किस्ताबन्दीमा हुने बिक्री वा वित्तीय संस्थाले तोकिएको किस्ताबन्दी (Fixed Installment) का आधारमा प्रदान गर्ने कर्जाको हकमा निश्चित गरिएको किस्तामा पुँजी तथा ब्याज समावेश हुन्छ र यस्तो किस्ता प्राप्त गर्ने व्यक्तिले सो किस्तामा पुँजी फिर्ता भएको रकमलाई पुँजी (अर्थात सम्पत्ति) मा समायोजन गर्नुपर्छ भने ब्याजको अंशलाई आम्दानी गणना गर्नुपर्दछ । त्यस्तै, यसरी किस्ता भुक्तानी गर्ने व्यक्तिले तिर्ने किस्तामा समावेश भएको पुँजीको अंशलाई दायित्वमा समायोजन गर्नुपर्छ भने ब्याजको अंशलाई ऐनको अधीनमा रही खर्च दाबी गर्नुपर्दछ । कर्जा वा निक्षेपमा नियमित प्राप्त हुने ब्याजको अलावा अन्य तवरबाट गणना गरिने ब्याजको उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २.२२: मानौं, एउटा बैङ्कले नेपाल राष्ट्र बैङ्कले जारी गरेको रु.१ करोडको ९० दिनमा भुक्तानी प्राप्त हुने ट्रेजरी बील, रु.९८ लाख ५० हजारमा खरिद गरेको रहेछ । लगानी गर्दा रु.९८ लाख ५० हजार लगानी गरेको भएतापनि भुक्तानीको समयमा सो बैङ्कलाई रु.१ करोड प्राप्त हुने हुँदा यसरी बढी प्राप्त भएको रकम रु.१,५०,०००।- लाई ब्याज मानिन्छ ।

उदाहरण २.२३: मानौं, एउटा वित्तीय संस्थाले वार्षिक रु.११,४८,०३७- Fixed Installment मा तिर्ने गरी रु.५० लाखको कर्जा एकजना ग्राहकलाई प्रदान गरेको रहेछ । उक्त कर्जामा ब्याज दर १० प्रतिशत रहेछ भने सो प्राप्त गरिने किस्तालाई निम्नानुसार पुँजी फिर्ता तथा ब्याज आम्दानी गणना गर्नुपर्दछ :

| साँवा बाँकी रु. | किस्ता रकम रु. | साँवा फिर्ता रु. | ब्याज रकम रु. |
|---|---|---|---|
| ५०,००,०००।- | ११,४८,०३७।- | ६,४८,०३७।- | ५,००,०००।- |
| ४३,५१,९६३।- | ११,४८,०३७।- | ७,१२,८४१।- | ४,३५,१९६।- |
| ३६,३९,१२२।- | ११,४८,०३७।- | ७,८४,१२५।- | ३,६३,९१२।- |
| २८,५४,९९७।- | ११,४८,०३७।- | ८,६२,५३७।- | २,८५,५००।- |
| १९,९२,४६०।- | ११,४८,०३७।- | ९,४८,७९१।- | १,९९,२४६।- |
| १०,४३,६६९।- | ११,४८,०३७।- | १०,४३,६७०।- | १,०४,३६७।- |
| | ६८,८८,२२२।- | ५०,००,०००।- | १८,८८,२२२।- |

ब्याज गणना तथा पुँजी फिर्ता सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद ७ मा गरिएको छ ।

(कञ) व्यापारिक मौज्दात

**“व्यापारिक मौज्दात” भन्नाले कुनै व्यक्तिको स्वामित्वमा रहेको निजद्वारा सञ्चालित नियमित व्यवसायको क्रममा बिक्री गरिने सम्पत्ति, कार्य प्रगतिमा रहेको सम्पत्ति र सम्पत्तिमा समाविष्ट हुने सामाग्रीहरुको मौज्दात सम्झनु पर्छ ।**

**तर यस शब्दले विदेशी मुद्रामा रहेको सम्पत्तिलाई जनाउँने छैन ।**

व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष्य रूपमा बिक्रीको प्रयोजनको लागि राखिएका सम्पत्तिहरुलाई व्यापारिक मौज्दातभनिन्छ । व्यक्तिको व्यवसायको आधारमा यस्तो वस्तुको उदाहरण फरक फरक हुन सक्दछ । जस्तै, फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यक्तिको लागि भने सो ह्रासयोग्य सम्पत्ति मानिन्छ । उत्पादनको

सिलसिलामा कार्य प्रगति (Work-in-progress) मा रहेका सम्पत्ति पनि व्यापारिक मौज्दात अन्तर्गत पर्दछन् । कुनै बैङ्कले विदेशी मुद्रा र यात्रुचेक आफ्नो मौज्दातमा राखेका रहेछन् भने यस्तो विदेशी मुद्रा रयात्रुचेकलाई व्यापारिक मौज्दात नमानी वैदेशिक सम्पत्ति(Foreign Currency Assets) मानिन्छ ।

(कट) व्यावसायिक सम्पत्ति

**"व्यावसायिक सम्पत्ति" भन्नाले कुनै व्यवसायमा प्रयोग गरिएको कुनै सम्पत्ति सम्झनु पर्छ ।**

**तर यस शब्दले व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिलाई जनाउँने छैन ।**

व्यावसायिक सम्पत्तिमा व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिबाहेक अन्य सम्पत्ति, जस्तै शेयर, जग्गा, लिनुपर्ने रकम, पेश्की हिसाब, नगद तथा बैङ्क मौज्दात आदि पर्दछन् । स्पष्ट शब्दमा भन्नुपर्दाव्यवसायको स्वामित्वमा रहेको व्यापार मौज्दात र ह्रासयोग्य सम्पत्ति बाहेकको सबै सम्पत्ति व्यावसायिक सम्पत्ति हुन्छ । व्यावसायिक सम्पत्ति तथा अन्य सम्पत्तिको तुलनात्मक अवस्था यसै परिच्छेदको बुँदा ३ (कध) मा उल्लिखित सम्पत्तिको प्रकार (Category) दर्शाउने व्याख्या चित्रबाट समेत स्पष्ट पारिएको छ ।

(कठ) वितरण

**"वितरण" भन्नाले दफा ५३ मा उल्लेख भए बमोजिम कुनै निकायवाट हुने वितरण सम्झनु पर्छ**

सामान्यतयाः हिताधिकारी तथा निकायबीच Arms Length को सिद्धान्तका आधारमा गरिने कारोबार(लेनदेनको व्यावसायिक कारोबार) र सोसँग सम्बन्धित भुक्तानीबाहेक अन्य भुक्तानीलाई निकायबाट हुने वितरण मानिन्छ । ऐनको दफा ५३ मा निकायको मुनाफाको वितरण तथा पुँजी फिर्ताको अवस्थास्पष्ट पारिएको छ । त्यस्तै सामान्यतया कुनै निकायको वितरणले सो निकायको सम्पत्ति र दायित्वको मूल्य घटाउने भएमा मात्र त्यस्तो वितरण मुनाफाको वितरण वा पुँजीको फिर्ता मानिन्छ । यसै परिच्छेदको बुँदा २.२ (क्ष) मा निकायबाट हुने मुनाफाको वितरणका अवस्था व्याख्या गरिएको छ ।

निकायबाट हुने वितरण सम्बन्धी थप व्याख्या यसै निर्देशिकाको परिच्छेद १३ मा गरिएको छ

(कठ१) विद्युतीय माध्यम

**"विद्युतीय माध्यम" भन्नाले कम्प्यूटर, फयाक्स, इमेल, इन्टरनेट, विद्युतीय क्यास मेशिन, फिस्कल प्रिन्टर सम्झनु पर्दछ र सो शब्दले विभागले तोकेका अन्य स्वीकृत माध्यमलाई समेत जनाउँछ ।**

(कड) विदेश पठाएको आय

**"विदेश पठाएको आय" भन्नाले गैर बासिन्दा व्यक्तिको नेपालस्थित दफा ६८ बमोजिमको विदेशी स्थायी संस्थापनले विदेश पठाउनु पर्ने आय बैङ्क मार्फत विदेश पठाएको वा अन्य कुनै पनि तरिकाले भुक्तानी गरेको रकम सम्झनु पर्छ ।**

व्यवसाय वा लगानीका सन्दर्भमा गैर बासिन्दा व्यक्तिको नेपालमा स्थायी संस्थापन हुन सक्दछन् । गैर बासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर दाखिला गर्ने जिम्मेवारी सोही संस्थापनको हुनेछ । यस्ता संस्थापन नेपालको प्रचलित कानुन बमोजिम स्वतन्त्र निकाय हुने भए तापनि यस्ता संस्थापनले आफै स्वतन्त्र रूपमा मुनाफा आदि वितरण गर्न सक्दैनन् र आफूले कमाएको मुनाफा सम्बन्धित Parent Company(गैर बासिन्दा) मा पठाउने गर्छन् । त्यस्तो रकमलाई विदेश पठाएको आय मानिन्छ । गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले कुनै आय वर्षमा विदेश पठाएको आय सो विदेशी स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर हुनेछ ।

| उदाहरण २.२४: मानौं, Global Life Insurance Company को शाखा कार्यालय |
|---|

नेपालको सम्बन्धित निकायबाट ईजाजत लिई नेपालमा व्यवसाय सञ्चालन गरिरहेको गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापन हो । उक्त निकायले नेपालमा लगानी बीमा व्यवसाय गरी आर्जेको मुनाफा सो कम्पनी आफैले वितरण गर्न नमिलेको कारण त्यस्तो रकम आफ्नो Parent Companyलाई पठाएको खण्डमा उक्त रकम विदेशमा पठाएको आय मानिन्छ र त्यस्तो विदेशमा पठाउने आयमा ५ प्रतिशतका दरले कर कट्टी गरी बाँकी रकम मात्रै भुक्तानी गर्नुपर्दछ ।

(कढ) विदेशी आयकर

**"विदेशी आयकर" भन्नाले कुनै विदेशी मुलुकले लगाएको दफा ६९ को उपदफा (८) मा उल्लिखित विदेशी आयकर सम्झनु पर्छ र सो शब्दले कुनै विदेशी मुलुकले लगाएको अन्तिम रूपमा कट्टी हुने कर समेतलाई जनाउँछ ।**

(कण) विदेशी स्थायी संस्थापन

**"विदेशी स्थायी संस्थापन" भन्नाले खण्ड (भ) को उपखण्ड (५) बमोजिमको निकाय सम्झनु पर्छ ।**

विदेशी स्थायी संस्थापन भन्नाले आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको निकायलाई बुझाउँछ । जस्तै, American Life Insurance Company, USA को नेपालस्थित शाखा कार्यालय विदेशी स्थायी संस्थापन हो ।

विदेशी स्थायी संस्थापनका सम्बन्धमा थप व्याख्या यसै निर्देशिकाको परिच्छेद १४ मा गरिएको छ ।

(कत) विभाग

**"विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ ।**

ऐनको दफा ७२ बमोजिम ठूला करदाता कार्यालय,मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरु र करदाता सेवा कार्यालयहरु समेत विभागकै अङ्गका रूपमा लिइएको छ र विभाग भन्नाले ती कार्यालयहरुलाई समेत जनाउँदछ ।

(कथ) वैदेशिक मुद्रामा रहेको सम्पत्ति

**"वैदेशिक मुद्रामा रहेको सम्पत्ति" भन्नाले नेपाली रुपैयाँबाहेक अन्य विदेशी मुद्रामा रहेको सम्पत्ति सम्झनु पर्छ ।**

(कद) स्थायी संस्थापन

**"स्थायी संस्थापन" भन्नाले कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमाव्यवसाय सञ्चालन गर्ने स्थान सम्झनु पर्छ र सो शब्दले देहायका स्थान समेतलाई जनाउँछ :-**

**(१) व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेण्ट मार्फत कुनै व्यक्तिले पूर्ण वा आंशिकरूपमाव्यवसाय गर्ने स्थान,**

**(२) कुनै व्यक्तिको मुख्य उपकरण वा मुख्य मेशिनरी रहेको वा प्रयोग गरेको वा जडान गरेको स्थान,**

**(३) कुनै बाह्र महिनाको अवधिमा एकै पटक वा पटक-पटक गरी नब्बे दिनभन्दा बढी कुनै व्यक्तिले कर्मचारीमार्फत वा अन्य प्रकारले प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कुनै देशको एक वा एकभन्दा बढी स्थान, वा**

**(४) कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयसम्म निर्माण गर्ने, जडान गर्ने वा स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरीवेक्षण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरेको स्थान ।**

व्यक्तिले आफ्नो व्यवसाय सञ्चालन गर्ने स्थान (Fixed Place)लाई स्थायी संस्थापन (Permanent Establishment) भनिन्छ । स्थायी संस्थापनको कर व्यवहारका लागि विदेशी स्थायी संस्थापनको रूपमा हेरिनु पर्दछ । विदेशी व्यक्तिकालागि निम्न अवस्थामा कारोबार गर्ने स्थान विदेशी स्थायी संस्थापनको रूपमा रहन्छः

- **व्यवसाय गर्ने स्थान (Fixed Place)**: गैर बासिन्दाले नेपालमा व्यवसाय सञ्चालन गर्ने गरी जुनसुकै प्रकारले स्थापना गरेको संरचना स्थायी संस्थापन हो । यस्तो संरचनामा शाखा, फ्याक्ट्री, वर्कसप, व्यवस्थापन स्थल, तेल कुवा, खानी, ग्याँस कुवा, कृषि वा वनस्पती फार्म, आदि पर्दछन् । गैर बासिन्दाको नेपालमा रहेको व्यवसाय गर्ने स्थान (Fixed Place)बाट गरिएको व्यवसाय स्थायी संस्थापन हुन उसको बसाई अवधि गणना गर्नुपर्दैन ।

> उदाहरण २.२५: मानौं, American Sport Inc. ले आफ्नो सामान नेपालमा बिक्री वितरण गर्ने उद्देश्यले दरवारमार्गमा शाखा कार्यालय खोलेको रहेछ । आयकर ऐन, २०५८ मा निकाय वा प्राकृतिक व्यक्तिलाई कर लाग्ने व्यवस्था गरिएतापनि गैर बासिन्दाको शाखामात्र भएपनि स्थायी संस्थापनको रूपमा कर लाग्दछ ।
>
> स्थान प्रधान रहेको अवस्थामा सो संरचना कति दिन नेपालमा प्रभावकारी रह्यो गणना गरिरहन पर्दैन ।

माथि उल्लेख गरिएकाFixed Place Basedस्थायी संस्थापन बाहेक निम्न कार्यमा संलग्न रहेका गैर बासिन्दा समेत नेपालमा स्थायी संस्थापन रहेको मानिन्छ ।

- **एजेन्सी स्थायी संस्थापन (Agency PE)** :व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेण्टमार्फत कुनै व्यक्तिको पूर्ण वा आंशिक रूपमाव्यवसाय गर्ने स्थान नेपालमा भएमा सो एजेन्टमार्फत गरिएको कामको स्थान स्थायी संस्थापन हो । स्वतन्त्र एजेन्टले गरेको काम भने स्थायी संस्थापन मानिदैन । अन्तर्राष्ट्रिय व्यवसायमा सो विदेशीले कुनै करार गर्न अधिकार दिएको स्थानीय एजेन्टले सो अधिकार सामान्य स्वरूपमा नै आफ्नो Principal को नाममा करार गरी प्रयोग गर्ने गरेको अवस्थामा त्यस्तो एजेन्सी स्वतन्त्र हैसियत बाहेकको एजेन्ट (Dependent Agent) मानिन्छ ।

> उदाहरण २.२६: मानौं, American Sport Inc. ले आफ्नो सामान नेपालमा बिक्री वितरण गर्ने उद्देश्यले नेपालको बासिन्दा Amco Sports Pvt. Ltd. लाई वितरक नियुक्त गरेको रहेछ र Amco Sports Pvt. Ltd.ले आफ्नो सामान सो अमेरिकी कम्पनीबाट आयात गरी आफ्नै जोखिम र दर विश्लेषणमा आफै दर निर्धारण गरी सामान बिक्री गर्ने गरेको छ । बिक्रीका लागि नेपालमा आयात गरिएको सो सामानमा अमेरिकी कम्पनीको स्वामित्व, बिक्री मूल्य वा सम्भाव्य ग्राहकका सम्बन्धमा कुनै प्रतिबन्ध वा विशेष सहयोग हुँदैन, केवल सो अमेरिकी कम्पनीले नेपालमा सामान पठाउँदा Amco Sports Pvt. Ltd. मार्फत पठाइदिन्छ । यस्तो अवस्थामा Amco Sports Pvt. Ltd.को व्यवसायमा अमेरिकी कम्पनीको सहयोग देखिए तापनि आफ्नो कारोबार सञ्चालनमा पूर्ण रूपमा स्वतन्त्र भएकाले सामान्य आयातकर्ता मात्र हो । यस अवस्थामा Amco Sports Pvt. Ltd.अमेरिकी कम्पनीको नेपाली स्थायी संस्थापन होइन ।

> सोही उदाहरणमा Amco Sports Pvt. Ltd.ले गर्ने बिक्रीको दर अमेरिकी कम्पनीले तोक्ने र नाफा घाटा अमेरिकी कम्पनीले व्यहोर्ने गरी कारोबार गर्ने एजेन्सी Dependent Agentको रूपमा स्थायी संस्थापन मानिन्छ । Dependent Agent हुन घोषणा वा कागजातभन्दा पनि व्यवहार प्रधान हुन्छ । Dependent Agent ले आफ्नो मूल कम्पनीको स्थायी संस्थापनको कारोबार र सो कारोबारबाट आफूले पाउने कमिशन वा अन्य प्रकारको प्रतिफल सहितको आफ्नो कारोबारको बेग्लाबेग्लै आय विवरण बुझाउनु पर्दछ ।

- **सेवा प्रदान गर्ने स्थायी संस्थापन (Service PE)**: गैर बासिन्दा व्यक्तिले नेपालमा सेवा प्रदान गर्ने गरेकोमा आय वर्षको केही अवधि आफ्ना कर्मचारी पठाई वा अन्य प्रतिनिधिद्वारा सेवा प्रदान गरेको हुन सक्तछ । कर्मचारी वा प्रतिनिधि पठाएको अवस्थामा सामान बिक्री वा उत्पादन जस्तो तोकिएको एकै आधार खडा भई व्यवसाय सञ्चालन भएको पनि देखिदैंन । तर गैर बासिन्दाले आफ्नै कर्मचारी पठाई वा अन्य प्रतिनिधित्वको तरिकाबाट नेपालमा सेवा व्यवसाय (प्राविधिक, व्यावसायिक वा परामर्श सेवा वा त्यस्तै प्रकारका सेवा) गरेको अवस्थामा निज कर्मचारी वा प्रतिनिधिको बसाई जम्मा अवधि हरेक बसाई रहेका दिनको विगत १२ महिनाको अवधिको ९० दिन (90 days stay in moving 365 days ) पुगेमा सो बसाईको आधारमा सेवा प्रदान गर्ने व्यक्ति स्थायी संस्थापन हुन्छ ।

> उदाहरण २.२७: मानौं, American Sport Inc. ले नेपालमा खेलकुदको अन्तर्राष्ट्रिय अवसर सम्बन्धी अनुसन्धानको काम पाएको रहेछ । उसले सो काम सम्पन्न गर्न २ कर्मचारी पठाई जनवरी १ देखि ३५ दिन काम गरेछन् । बाँकी काम सम्पन्न गर्न जुलाईमा ३० दिन र डिसेम्बरमा ६० दिन २ जना कर्मचारी नेपालमा बसि काम गरेका रहेछन् । American Sport Inc. को कर्मचारीहरुले काम सम्पन्न गर्न नेपाल बसाई विगत १२ महिनाको अवधिको ९० दिन (90 days stay in moving 365 days)पुगेकाले सो American Sport Inc. स्थायी संस्थापन भएको मानिन्छ ।

- **निर्माण र जडान सम्बन्धी स्थायी संस्थापन (Construction PE)** : गैर बासिन्दा व्यक्तिले नेपालमा कुनै निर्माण, जडान वा स्थापना गर्ने सम्बन्धी काम गरेको वा सोसँग अनुसांगिक सेवा प्रदान गरेको अवस्थामा सो निर्माण, जडान वा स्थापना गर्ने स्थानमा सो गैर बासिन्दाको उपस्थिति निरन्तर ९० दिन वा सोभन्दा बढी भएमा सो निर्माण, जडान वा स्थापना स्थान नै स्थायी संस्थापन हुन्छ ।

> उदाहरण २.२८: मानौं, Singapore Construction Company ले मेलम्ची आयोजनाको टनेलको लेदो सुकाउने कार्यका लागि १०० दिनको कार्यादेश पाएछ । उक्त कम्पनीले आफ्नो कार्य सम्पादन गर्न ५ जना कर्मचारी पठाएको रहेछ र ती कर्मचारीहरुले तोकिएको कार्य ९५ दिनभित्र सम्पन्न गरेका रहेछन् । यस अवस्थामा Singapore Construcion Company ले नेपालमा लगातार ९० दिनभन्दा बढी संलग्न रही कार्य सम्पादन गरेकोले स्थायी संस्थापन मानिन्छ ।

(कध) **सम्पत्ति**

**"सम्पत्ति" भन्नाले कुनै पनि किसिमको मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ र सो शब्दले मुद्रा, ख्याति, प्रविधि ज्ञान, जायजेथा, कुनै व्यक्तिको विदेशी शाखामा रहेको स्वामित्व वा हित, आम्दानी गर्ने वा भविष्यमा आम्दानी प्राप्त गर्ने अधिकार र कुनै त्यस्तो सम्पत्तिको कुनै भाग समेतलाई जनाउँछ ।**

सम्पत्तिको अवस्था एवम् आयकर प्रयोजनको निमित्त ती सम्पत्तिको सामान्य कारोबार तथा नि:सर्गमा हुने व्यवस्था तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

| प्रकार | व्यापारिक मौज्दात दफा २ (कञ) | ह्रासयोग्य सम्पत्ति दफा २ (कर) | व्यावसायिक सम्पत्ति दफा २ (कट) | गैर व्यावसायिक करयोग्य सम्पत्ति दफा २(द) | अन्य सम्पत्ति |
|---|---|---|---|---|---|
| | होइन भने → | होइन भने → | होइन भने → | होइन भने → | |

| | | | | | |
|---|---|---|---|---|---|
| सामान्य अवस्था | प्राप्त रकम आयमा समावेश गरिने दफा ७ (२) (ख) | ह्रासखर्च (दफा १९ र अनुसूचि २) र ह्रासकट्टी आधारभन्दा बढी भएको खर्च( अनुसूचि २ को ४ ( २) (ख)) कट्टी गर्न पाइने | खुद लाभलाई आय मानिने दफा ७ (२) (ग) | खुद लाभलाई आय मानिने दफा ९ (२)(ख) | आयकरमा कुनै असर पार्दैन |
| नि:सर्ग हुँदा गरिने व्यवहार | व्यापारिक मौज्दातको लागत खर्चबापत कट्टा गरिने, दफा १५ | ह्रासकट्टी आधारभन्दा बढी भएको आय (दफा ७(२)(घ), ९(२)(ग), अनुसूची २ को अनु. ४(२)(क)) लाईआयमा समावेश गरिने | खुद नोक्सान बापत खर्च कट्टा गर्न नपाइने | खुद नोक्सान बापत खर्च कट्टा गर्न नपाइने | |

(कन) **सम्बद्ध व्यक्ति**

**"सम्बद्ध व्यक्ति" भन्नाले एक अर्को व्यक्तिको मनसाय अनुसार काम गर्ने एक वा एकभन्दा बढी व्यक्ति वा त्यस्ता व्यक्तिहरुको समूह सम्झनु पर्छ र सो शब्दले देहायका व्यक्तिहरु समेतलाई जनाउँछ :-**

**(१) प्राकृतिक व्यक्ति र सो व्यक्तिको नातेदार वा कुनै व्यक्ति वा सो व्यक्तिको साझेदार,**

**(२) विदेशी स्थायी संस्थापन र सो संस्थापनमा स्वामित्व भएको व्यक्ति, र**

**(३) कुनै निकाय आफै वा आफूसँग सम्बन्धित अन्य व्यक्ति वा सहयोगी निकाय वा त्यस्ता सहयोगी निकायसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायसँग मिलेर कुनै निकायको आय, पुँजी वा मताधिकारको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा नियन्त्रण गर्ने वा सोबाट फाइदा प्राप्त गर्ने निकाय ।**

**तर देहायका व्यक्ति सम्बद्ध व्यक्ति हुने छैन :-**


**(१) कर्मचारी,**

**(२) विभागले सम्बद्ध व्यक्ति होइन भनी तोकेको व्यक्ति ।**

एक व्यक्तिको मनसाय अनुसार अर्को व्यक्तिले कारोबार गर्ने वा गरेको मानिने प्रबन्ध भएको अवस्था भएमा त्यस्तो व्यक्तिलाई सम्बद्ध व्यक्ति (Associated Person)भनिन्छ । आयकर प्रयोजनको निमित्त कुनै व्यक्तिलाई गर्नुपर्ने भुक्तानी निजको सम्बद्ध व्यक्तिलाई गरेको छ भने त्यस्तो भुक्तानी निजलाई नै गरे सरह मानिने व्यवस्था छ । निम्न अवस्थाका व्यक्तिहरु एक आपसमा सम्बद्ध व्यक्ति हुन् :

- <u>नातेदार</u> : सबै नातेदारहरु सो प्राकृतिक व्यक्तिकालागि सम्बद्ध व्यक्ति हुन् ।
- <u>साझेदार</u> : साझेदारी फर्म र सो साझेदारी फर्मका साझेदारहरु एक आपसमा सम्बद्ध व्यक्ति हुन् ।


| |
|---|
| उदाहरण २.२९: मानौं, रामविनोद साझेदारी फर्मका साझेदार राम र बिनोद हुन । यस्तो अवस्थामा अन्य सम्बन्ध नभएतापनि सो साझेदारीका लागि राम र बिनोद दुवै सम्बद्ध व्यक्ति हुन् । साझेदारीका कारण नातेदार नभएतापनि राम र विनोद परस्परमा पनि सम्बद्ध व्यक्ति हुन् । |




- **<u>स्थायी संस्थापन</u>** : विदेशी स्थायी संस्थापन र सो संस्थापनमा स्वामित्व भएको गैर बासिन्दा व्यक्ति परस्पर सम्बद्ध व्यक्ति हुन् ।


- **<u>अन्तर सम्बन्धित नियन्त्रक</u>** : कुनै निकाय आफै वा आफूसँग सम्बन्धित अन्य व्यक्ति वा सहयोगी निकाय वा त्यस्ता सहयोगी निकायसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायसँग मिलेर कुनै निकायको आय, पुँजी वा मताधिकारको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा नियन्त्रण गर्ने वा सोबाट फाइदा प्राप्त गर्ने निकाय ।

| |
|---|
| उदाहरण २.३०: मानौं, राम बिनोद साझेदारी फर्मका साझेदार राम र बिनोद हुन । सो साझेदारी बाहेक राम र बिनोदले नेपाल कम्पनी लिमिटेडमा प्रत्येकले ३५ प्रतिशत शेयर लिएका रहेछन् । यस्तो अवस्थामा अन्य सम्बन्ध नभएतापनि सो नेपाल कम्पनी लिमिटेडकालागि राम र बिनोद दुवै सम्बद्ध व्यक्ति हुन् । साझेदारी वा कम्पनीको एकल नियन्त्रण नभएतापनि राम र बिनोद परस्परमा पनि सम्बद्ध व्यक्ति हुन् । |
| उदाहरण २.३१: मानौं नेपाल कम्पनीमा राम, रामकी श्रीमती, रामका भतिजा, बिनोद र बिनोदको नाती प्रत्येकले १५ प्रतिशत शेयर लिएका रहेछन् । राम र बिनोद एक फर्मका साझेदार हुन् । त्यसैले साझेदारीका कारण राम र बिनोद सम्बद्ध व्यक्ति हुन् । नातेदारीका कारण अन्य व्यक्तिहरु कि त रामका कि बिनोदका सम्बद्ध व्यक्ति छन् । यसर्थ नेपाल कम्पनीको ७५ प्रतिशत (नियन्त्रण गर्ने) शेयर सम्बद्ध व्यक्तिहरुले लिएकाले हरेक व्यक्ति सम्बद्ध व्यक्ति हुन् |




| |
|---|
| उदाहरण २.३२: मानौं काठमाडौं कम्पनीले ६० प्रतिशत र भक्तपुर कम्पनीले ४० प्रतिशत शेयर लिएर पूर्वी उपत्यका कम्पनी खोलेका रहेछन् । शेयरमा नियन्त्रण भएकाले काठमाडौं कम्पनी र पूर्वी उपत्यका कम्पनी सम्बद्ध व्यक्ति भए । उपत्यका कम्पनीको ४० प्रतिशत पूर्वी उपत्यका, ४० प्रतिशत ललितपुर कम्पनी र २० प्रतिशत काठमाडौं कम्पनीले शेयर प्राप्त गरेमा सो उपत्यका कम्पनी, पूर्वी उपत्यका कम्पनी र काठमाडौं कम्पनी परस्पर सम्बद्ध व्यक्ति हुन्छन् । |
| उदाहरण २.३३: मानौं (क) लिमिटेडका (ख) लि.(५२ प्रतिशत स्वामित्व) र (ग) लि.(६० |

प्रतिशत स्वामित्व) गरी दुई वटा सहायक कम्पनी छन् । (ग) लि.ले (ट) लि.को ५२ प्रतिशत शेयर खरिद गरेको रहेछ । (ख) लि., (ग) लि. र (ट) लि. प्रत्येकले (प) लि. को १८ प्रतिशतका दरले शेयर खरिद गरेका रहेछन् । यस्तो अवस्थामा हरेक कम्पनीहरु सम्बद्ध व्यक्ति मानिन्छन्




माथिको शेयर संरचनामा निम्नानुसार नियन्त्रण अनुपात र आय अनुपात रहेको हुन्छः

| **नियन्त्रण** | | **सम्बद्ध व्यक्तिहरु** | **प्रभावकारी नियन्त्रण (क समूह)** |
|---|---|---|---|
| ख लि. | ५२% | क, ख, ग, ट, प (अर्थात सबै सम्बद्ध व्यक्ति हुन्) | ५२% |
| ग लि. | ६०% | | ६०% |
| ट लि. | ५२% | | ३१% |
| प लि. | ५४% | | ३०% |

(कन१) समायोजित करयोग्य आय

**"समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आयवर्षको करयोग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ ।**

करयोग्य आय (Taxable Income) गणना गर्दा व्यवसायएवम् लगानीको आय गणना गर्ने सन्दर्भमा खर्च कट्टी दाबी गर्ने एवम् चन्दा छुट दाबी गर्न पाउने व्यवस्था छ । त्यस्तै पारिश्रमिकको आय गणना गर्दा चन्दा छुट दाबी गर्न पाउने व्यवस्था छ । यसरी दफा १४ को उपदफा (२) को ब्याज, दफा १७ बमोजिमको प्रदूषण नियन्त्रण खर्च वा दफा १८ बमोजिम अनुसन्धान र विकास खर्च कट्टी दाबी नगरिएको तथा दफा १२ बमोजिमको चन्दा खर्च छुट दाबी नगरिएको आयलाई समायोजित करयोग्य आय (Adjusted Taxable Income) भनिन्छ । समायोजित करयोग्य आय निम्नानुसार गणना गरिन्छ ।

चन्दाको सीमा गणना गर्न: चन्दाको रकम नघटाएको तर सीमा गणना नगरी दफा १४(२), १७ र १८ को खर्च कट्टी दिइएको करयोग्य आय ।

ब्याजको सीमा गणना गर्न: चन्दा तथा दफा १४(२) को रकम कट्टी नगरेको तर सीमा गणना नगरी दफा १७ र १८ को खर्च कट्टी दिइएको करयोग्य आय ।

प्रदुषण नियन्त्रण खर्चको सीमा गणना गर्न: चन्दा तथा दफा १७(२) को रकम कट्टी नगरेको तर सीमा गणना नगरी दफा १४(२) र १८ को खर्च कट्टी दिइएको करयोग्य आय

अनुसन्धान र विकास खर्चको सीमा गणना गर्न: चन्दा तथा दफा १८(२) को रकम कट्टी नगरेको तर सीमा गणना नगरी दफा १४(२) र १७ को खर्च कट्टी दिइएको करयोग्य आय

समायोजित करयोग्य आयको गणना सम्बन्धी उदाहरण यसै निर्देशिकाको परिच्छेद १८ मा गरिएको छ ।

(कप) साझेदारी

**"साझेदारी" भन्नाले बीसजना भन्दा कम साझेदार भई प्रचलित कानुन बमोजिम दर्ता भए वा नभएको फर्म सम्झनु पर्छ ।**

**तर यस शब्दले दर्ता भएको वा नभएको एकलौटी फर्म वा संयुक्त उद्यमलाई जनाउँने छैन ।**

साझेदारी फर्म दर्ता भएको वा नभएको जे भएतापनि बढीमा १९ जनासम्म साझेदार रहन सक्दछन् । सोभन्दा बढी साझेदार भएमा यस्तो साझेदारी फर्म कर प्रयोजनका लागि कम्पनी सरह मानिन्छ ।

(कफ) सामान्य बीमा

**"सामान्य बीमा" भन्नाले लगानी बीमा बाहेकका बीमा सम्झनु पर्छ ।**

सामान्यतयाः सामान्य बीमा भन्नाले छोटो अवधिकोलागि गरिने बीमा बुझिन्छ । जस्तै, Transit Insurance, Accidental Insurance, Medical Insurance, Fire Insurance, Motor Insurance, Engineering Insurance,आदि ।

सामान्य बीमा सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १९ मा गरिएको छ ।

(कब) सामान्य ब्याज दर

**"सामान्य ब्याज दर" भन्नाले वार्षिक पन्ध्रप्रतिशतको ब्याजको दर सम्झनु पर्छ ।**

(कभ) स्वीकृत अवकाश कोष

**"स्वीकृत अवकाश कोष" भन्नाले दफा ६३ को उपदफा (१) बमोजिम विभागबाट स्वीकृति प्राप्त गरेको अवकाश कोष सम्झनु पर्छ ।**

विभागबाट अवकाश कोष सञ्चालन गर्न स्वीकृति लिएका अवकाश कोष, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निवृत्तभरण कोषले सञ्चालन गरेका अवकाश कोषलाई स्वीकृत अवकाश कोष भनिन्छ । त्यस्तै विभागबाट स्वीकृति नलिई अवकाश कोष सञ्चालन गर्ने निकायलाई स्वीकृत नलिएको अवकाश कोष वा अस्वीकृत अवकाश कोष भनिन्छ ।

स्वीकृत अवकाश कोषको सम्बन्धमा यस निर्देशिकाको परिच्छेद १२ मा विस्तृत व्याख्या गरिएकोछ ।

(कम) सेवा शुल्क

**"सेवा शुल्क" भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ ।**

उदाहरणको लागि, परामर्शदातालाई निजले सेवा उपलब्ध गराए बापत दिइने सेवा शुल्क(Consultancy Fee),लेखापरीक्षण सेवा उपलब्ध गराए बापत लेखापरिक्षकलाई दिइने पारिश्रमिक । तर आन्तरिक लेखापरीक्षक कर्मचारी भए निजलाई दिइने तलब भनेपारिश्रमिक अन्तर्गत पर्दछ ।

(कय) शेयरवाला

**"शेयरवाला" भन्नाले कुनै कम्पनीको हिताधिकारी व्यक्ति सम्झनु पर्छ ।**

(कर) ह्रासयोग्य सम्पत्ति

**"ह्रासयोग्य सम्पत्ति" भन्नाले कुनै व्यवसाय वा लगानीमा आय आर्जनको लागि प्रयोग गरिएका टुटफुट, पूरानो हुंदै गएको वा समय व्यतित हुदै गएको कारणबाट मूल्यमा ह्रास**

**हुने सम्पत्ति सम्झनु पर्छ।**

**तर यस शब्दले व्यापारिक मौज्दातलाई जनाउँने छैन।**

समय एवम् उपभोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति मानिन्छ। व्यक्तिको व्यवसायको प्रकृतिको आधारमा यस्तो वस्तुको उदाहरण फरक फरक हुन सक्दछ। जस्तै, फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यवसाय वा लगानीमा त्यसको प्रयोग भएको छ भने सो ह्रासयोग्य सम्पत्ति मानिन्छ। सामान्यतयाः समय एवम् उपभोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिको उपभोग गरी आय आर्जन गर्ने कार्य भएको छ भने त्यस्तो सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति भनिन्छ।

(कल) **हिताधिकारी**

**"हिताधिकारी" भन्नाले कुनै निकायमा खण्ड (म) बमोजिमको हित भएको व्यक्ति सम्झनु पर्छ।**

ऐनको दफा २ को खण्ड (म) मा निकायमा रहेको हितका सम्बन्धमा व्यवस्था गरिएकोछ। जस अनुसार निकायमा रहेको हित भन्नाले कुनै निकायको आय वा पुँजी प्राप्त गर्ने सांयोगिक (कन्टिन्जेन्ट) अधिकार समेतको अधिकार सम्झनु पर्छ। उदाहरणको लागि हिताधिकारी भन्नाले साझेदारी फर्ममा सो फर्मको साझेदार, सीमित दायित्व भएको कम्पनीमा शेयरहोल्डर, अवकाश कोषमा सो कोषका लगानीकर्ता (अवकाश योगदान गर्ने प्राकृतिक व्यक्ति), संयुक्त उद्यमका साझेदार, स्थायी संस्थापनमा स्वामित्व भएको व्यक्तिलाई समेत जनाउँछ।

(कव) **तोकिएको वा तोकिएबमोजिम**

**"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।**

ऐनमा "तोकिएको" वा "तोकिए बमोजिम" भनी उल्लेख भएको अवस्थामा नेपाल सरकारले नियमावली बनाई तोक्नुपर्ने हुन्छ। सो अनुसार नेपाल सरकारले आयकर नियमावली, २०५९ जारी गरी तोक्नुपर्ने विषय वस्तुहरु सोही नियमावलीमा तोकेको छ। यसरी नियमावलीमा तोकिएका विषयवस्तुहरु ऐनको अंगको रूपमा लिइन्छ।

# परिच्छेद ३

# आय, नोक्सानी, लाभ र भुक्तानीको स्रोत

# (Source of Income, Loss, Gain and Payment)

३.१ आयकर ऐन, २०५८ मा आय आर्जन गर्ने व्यक्तिलाई आयकर लगाइने व्यवस्था छ । कर लगाउने प्रयोजनको लागि बसोबासको अवस्था (Residential Status)एवं आयको स्रोतलाई मुख्य आधार मानिएको छ । बासिन्दा व्यक्तिले संसारभर जहाँ आय आर्जन गरेको भएतापनि नेपालमा आयकर तिर्नु पर्ने व्यवस्था रहेको छ । गैर बासिन्दा व्यक्तिले नेपालमा आय आर्जन गरेको वा नेपाल स्रोत मानिने आयमा मात्र कर तिर्नु पर्ने व्यवस्था रहेको छ । बासिन्दा व्यक्तिको वैदेशिक आय छ भने वैदेशिक आय भएको देशमा कर लागे पनि वा कर नलागे पनि त्यहाँबाट आर्जित आयमा नेपालमा कर लाग्दछ । यसरी नेपालमा भएको र विदेशमा भएको आय गणना गर्न कस्तो कस्तो आय वा खर्च नेपालको स्रोत मानिने र कस्तो कस्तो आय वा खर्च विदेशी स्रोत मानिने भन्ने सम्बन्धमा स्पष्ट गर्नु यस परिच्छेदको मुख्य उद्देश्य रहेको छ ।

## ३.२ नेपालमा कर लगाउने आधार

आयकर ऐन, २०५८ ले नेपालका बासिन्दा व्यक्तिको संसारभरको आयमा नेपालमा कर लाग्ने व्यवस्था गरेको छ । तर गैर बासिन्दाको हकमा भने नेपालमा स्रोत भएको आयमा मात्र कर लाग्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ मा करको आधार अन्तर्गत कुनै व्यक्तिलाई निम्नानुसार कर लगाउने व्यवस्था छ :-

३. **देहायका प्रत्येक व्यक्तिलाई प्रत्येक आय वर्षमा यस ऐन बमोजिम कर लगाई असूलउपर गरिनेछ :-**

(क) **कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्ति,**

(ख) **दफा ६८ को उपदफा** (३) **र** (४) **बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैरबासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन, र**

(ग) **कुनै आय वर्षमा अन्तिम रुपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति ।**

उपर्युक्त अनुसार बासिन्दा व्यक्तिको हकमा खण्ड (क) को आय नेपाल वा जुनसुकै मुलुकको स्रोतको भए पनि र खण्ड (ख) र (ग) को आयमा नेपालमा कर लाग्छ । तर, गैर बासिन्दा व्यक्तिको हकमा नेपालमा स्रोत भएको आयमा मात्र नेपालमा कर लाग्छ ।

नेपालको कुनै बासिन्दा व्यक्तिले विदेशमा आर्जन गरेको आयमा आय आर्जन गरेको देशमा समेत कर तिर्नु पर्ने र उक्त आयमा नेपालमा पनि कर लाग्ने हुँदा दोहोरो कर लाग्न जाने अवस्था नहोस् भन्ने उद्देश्यले दफा ७१ मा वैदेशिक कर मिलान गर्ने सम्बन्धमा व्यवस्था गरेको छ । ऐनको उक्त दफाले नेपालको बासिन्दा व्यक्तिले विदेशमा आर्जित आयमा त्यस देशमा भुक्तानी गरेको कर नेपालमा विदेशी आय समेत समावेश गर्दा कायम हुने कर दायित्वमा समायोजन गर्न पाउने व्यवस्था गरेको छ । यसले गर्दा कुनै व्यक्तिको वैदेशिक आय भएको अवस्थामा समेत दोहोरो करबाट उन्मुक्ति दिने व्यवस्था गरेको छ ।

करका आधार एवं सो आधारका विविध पक्ष माथि विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद ४ मा गरिएको छ ।

## ३.३ आय, नोक्सानी, लाभ र भुक्तानीको स्रोत नेपाल मानिने अवस्था

आयकर ऐन २०५८ मा बासिन्दा व्यक्तिले नेपालमा वा विदेशमा आर्जन गरेको आयमा नेपालमा कर लाग्ने व्यवस्था गरेको छ । त्यस्तै गैर बासिन्दा व्यक्तिले नेपालमा गरेको आय वा निजको नेपाल स्रोत मानिने आय रहेछ भने त्यस्तो आयमा नेपालमा कर तिर्नु पर्ने

व्यवस्था रहेको छ । ऐनको दफा ६७ मा आय, नोक्सानी, लाभ र भुक्तानीको स्रोत नेपाल मानिने अवस्थाका बारेमा खुलाइएको छ ।

### ३.३.१ आयको स्रोत

ऐनको दफा ६७ को उपदफा (१) ले व्यक्तिको आयको स्रोतको सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :-

**६७(१) कुनै व्यक्तिको कुनै रोजगारी, व्यवसाय वा लगानीबाट भएको आयको स्रोतमा खण्ड (ख) मा उल्लिखित रकमभन्दा खण्ड (क) मा उल्लिखित रकम बढी भएको भए त्यस्तो बढी भएको रकमको हदसम्म नेपालमा रहेको स्रोत मानिनेछ।**

**(क) सो आय गणना गर्दा समावेश गरिएका नेपालमा स्रोत भएका रकमहरु,**

**(ख) सो आय गणना गर्दा कट्टी गरिएका नेपालमा स्रोत भएका रकमहरु ।**

कुनै व्यक्तिले रोजगारी,व्यवसाय वा लगानीसँग सम्बन्धित कार्यमा संलग्न रही प्राप्त गरेको नेपालमा स्रोत भएको रकमलाई खण्ड (क) अनुसार उक्त व्यक्तिले आफ्नो आयमा समावेश गर्नु पर्दछ । खण्ड (क) अनुसार आय प्राप्त गर्नको लागि नेपालमा स्रोत भएका विभिन्न खर्चहरु खण्ड (ख) बमोजिम दाबी गर्नु पर्दछ । कुनै व्यक्तिको यस प्रकार आयमा समावेश हुने रकम आय आर्जन गर्ने सम्बन्धमा भएको खर्च भन्दा बढी भएको हदसम्मको रकम नेपालमा स्रोत भएको आय मानिन्छ ।

यस व्यवस्थालाई प्रष्ट पार्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण ३.३.१: मानौं, राम प्रित सिंह नामको गैर बासिन्दा व्यक्तिले २०७५।७६ को आय वर्षमा भृकुटी मण्डपमा आयोजना गरिएको दशैं मेलामा एउटा स्टल भाडामा लिई मसला बिक्री गर्ने कारोबार गरेका रहेछन् । निजले उक्त दशैं मेलामा रु.१० लाखको मसला बिक्री गरेका रहेछन् । निजले बिक्री गरेको मसला खरिद गर्न रु.७ लाख तथा स्टल भाडा बापत रु.१ लाख गरी जम्मा रु.८ लाख खर्च गरेका रहेछन् । यस अवस्थामा राम प्रित सिंहको आयमा समावेश गर्नु पर्ने रकम रु.१० लाख हुन्छ र उक्त आय प्राप्त गर्न भएको खर्च रु.८ लाख खर्चको रुपमा कट्टा गर्न पाउँछन् । राम प्रित सिंहको आयमा समावेश गर्नुपर्ने रकम रु.१० लाख खर्चको रुपमा कट्टा गर्न पाउँने रकम रु.८ लाख भन्दा रु.२ लाखले बढी भएकोले उक्त रु.२ लाख राम प्रित सिंहको नेपालमा स्रोत भएको आय मानिन्छ ।

### ३.३.२ नोक्सानीको स्रोत

कुनै व्यक्तिको आयको स्रोत सम्बन्धमा दफा ६७ को उपदफा (१) ले व्यवस्था गरेको छ भने उपदफा (२) ले नोक्सानीको स्रोत सम्बन्धमा व्यवस्था गरेको छ । ऐनको दफा ६७ को उपदफा (२) ले नोक्सानीको स्रोत सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :-

**६७(२) कुनै व्यक्तिको कुनै व्यवसाय वा लगानीबाट हुन गएको नोक्सानीमा खण्ड (ख) मा उल्लिखित रकमभन्दा खण्ड (क) मा उल्लिखित रकम बढी भएको भए त्यस्तो बढी भएको रकमको हदसम्म नेपालमा रहेको स्रोत मानिनेछ ।**

**(क) सो व्यवसाय वा लगानीको आय गणना गर्दा कट्टी गरिने नेपालमा स्रोत भएका रकमहरु,**

**(ख) सो आय गणना गर्दा समावेश गरिएका नेपालमा स्रोत भएका रकमहरु ।**

कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानी कार्यमा संलग्न रही आय आर्जन गरेको छ र उक्त आय वर्षमा व्यक्तिको आयमा नेपालमा स्रोत भएका रकमहरु समावेश गर्दा हुने आय भन्दा उक्त आय आर्जन गर्न खर्चको रुपमा कट्टा गर्न पाउने नेपालमा स्रोत भएका

रकमहरु बढी भएका कारणबाट नोक्सानी भएको छ भने त्यस्तो नोक्सानीको स्रोत नेपालमा भएको मानिन्छ ।

उदाहरण ३.३.२: मानौं, भारतको लखनउ निवासी मोहमद हुसेनले २०७५।७६ को आय वर्षमा भृकुटी मण्डपमा आयोजना गरेको दशैं मेलामा खसी बिक्री गर्ने स्टल लिएका रहेछन् । उक्त स्टलमा बिक्रीको लागि ल्याएको १०० वटा खसीको लागि रु.५ लाख खर्च भएको रहेछ । मोहमद हुसेनले खसी राख्ने स्टलको लागि दशैं मेला आयोजकलाई रु.५० हजार भाडा भुक्तानी गरेका रहेछन् । निजले बिक्रीको लागि लखनउबाट खसी ल्याएकोमा लखनउ तथा काठमाडौंको हावापानी फरक भएको कारणबाट बिक्रीको लागि ल्याएको खसीमध्ये २० वटा खसी बिक्री गर्नु अगावै मरेका रहेछन् । मोहमद हुसेनले दशैं मेला अवधिमा बचेका ८० वटा खसी बिक्री गर्दा रु.४ लाख आय प्राप्त गरेछन् । यस अवस्थामा निजको आयमा समावेश हुने रकम रु.४ लाख भएको तथा खसीको लागत मोल तथा स्टल भाडा गरी कट्टा हुने खर्च रु.५ लाख ५० हजार भएकोले आयमा समावेश हुने रकम भन्दा खर्चको रुपमा कट्टा गर्न पाउने रकम रु.१ लाख ५० हजारले बढी भएको हुँदा नोक्सानी हुन गएको छ । यसरी नोक्सानी भएको रु. १ लाख ५० हजारको नोक्सानीको स्रोत नेपाल भएको मानिन्छ ।

### ३.३.३ लाभको स्रोत

कुनै व्यक्तिको नेपालमा भएको सम्पत्ति वा दायित्वको निःसर्गमा गणना गरिने लाभको स्रोतका सम्बन्धमा उपदफा (३) मा निम्नानुसार व्यवस्था रहेको छ ।

६७(३) **आय गणना गर्दा समावेश गरिने रकमको देहायको अवस्थामा नेपालमा स्रोत भएको मानिनेछ :-**

६७(३)(क) **नेपालमा स्रोत रहेका सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त लाभबाट नेपालमा स्रोत रहेको सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको नोक्सानी घटाई हुन आउने दफा ७ को उपदफा (२) को खण्ड (ग) वा दफा ९ को उपदफा (२) को खण्ड (ख) बमोजिमका खूद लाभ,**

यस दफाको उपदफा (३) मा कुनै व्यक्तिको व्यवसाय तथा लगानी सम्बन्धमा आय प्राप्त गर्न प्रयोग भएको ह्रासयोग्य सम्पत्तिको निःसर्ग तथा व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गमा भएको लाभको स्रोतको सम्बन्धमा उल्लेख भएको छ । कुनै व्यक्तिको नेपालमा स्रोत रहेको सम्पत्ति तथा दायित्वको निःसर्गबाट भएको आयलाई नेपालमा स्रोतभएको मानिने व्यवस्था उपदफा(३)ले गरेको छ।

उदाहरण ३.३.३: मानौं, ब्रासिल ड्रिल लि. ब्राजिलको सुरुङ्ग निर्माण गर्ने कम्पनी रहेछ । उक्त कम्पनीले नेपालको त्रिशुली नदीमा जल विद्युत उत्पादन गर्ने नेपालको कम्पनीसँग सुरुङ्ग निर्माण गर्न ठेक्का लिएको रहेछ । ब्रासिल ड्रिल लि.ले सुरुङ्ग निर्माण कार्य सम्पन्न गर्नको लागि मुग्लिङ्गमा १० बिगाहा जग्गा रु.१० करोडमा निर्माण संयन्त्र तथा निर्माण सामाग्री राख्ने प्रयोजनको लागि खरिद गरेको रहेछ । कम्पनीले निर्माण कार्यमा प्रयोग हुने मेशिन तथा औजार खरिद गर्नको लागि बेलायतको GHIबैंकसँग ५ लाख अमेरिकी डलर ऋण लिएको रहेछ । कम्पनीले आय वर्ष २०६४।६५ मा सुरुङ्ग निर्माण गर्ने कार्य सम्पन्न गरेको रहेछ र बेलायती बैंङ्कसँग लिएको ऋण बापत भुक्तानी गर्न बाँकी ५ लाख अमेरिकी डलर पनि आय वर्ष २०६४।६५ मा नै भुक्तानी गरेको रहेछ । ब्रासिल ड्रिल लि.ले ऋण लिँदा प्रति अमेरिकी डलरको रु.६० नेपालमा सटही दर थियो तर आय वर्ष २०६४।६५ मा ऋण रकम भुक्तानी गर्दा प्रति अमेरिकी डलरको सटही दर रु.७० प्रति अमेरिकन डलर रहेछ । निर्माण कार्य सम्पन्न भएकोले निर्माण संयन्त्र र निर्माण सामग्री राख्नको लागि खरिद गरेको जग्गा पनि कम्पनीको व्यावसायिक प्रयोजन समाप्त भएकोले आय वर्ष २०६४।६५मा बिक्री गरेको रहेछ । उक्त जग्गा बिक्री गर्दा सो कम्पनीलाई रु.१५ करोड प्राप्त भएको रहेछ । यस अवस्थामा

ब्रासिल ड्रिल लि.को जग्गा बिक्री र व्यावसायिक सम्पत्ति बिक्री बापत लाभ भएको र व्यावसायीक प्रयोजनको लागि विदेशी मुद्रामा लिएको ऋण दायित्वको नि:सर्ग गर्दा नोक्सानी हुन्छ ।

उपर्युक्त उदाहरणमा ब्रासिल ड्रिल लि. कम्पनीको जग्गा नि:सर्गबापत रु.५ करोड लाभ हुन्छ। विदेशी मुद्रामा लिएको ऋण दायित्वको नि:सर्ग गर्दा मुद्रा अवमूल्यनको कारणबाट अमेरिकी डलर ५ लाखको नेपाली सटही दर अनुसार रु.३ करोड ५० लाख भुक्तानी गर्नुपर्ने हुन्छ र ऋण दायित्व सिर्जना हुँदाको बखत उक्त ऋणको नेपाली मुद्रामा लेखाङ्कन गर्दा रु.३ करोड मात्र दायित्व थियो। यस अवस्थामा दायित्व नि:सर्ग गर्दा रु.५० लाख नोक्सानी हुन्छ। ऐनको दफा ६७ को उपदफा (३) को व्यवस्था अनुसार ब्रासिल ड्रिल लि. को जग्गा अर्थात व्यावसायिक सम्पत्ति नि:सर्गमा भएको लाभ रु.५ करोडबाट ऋण अर्थात व्यवसायिक दायित्व नि:सर्गबापत भएको नोक्सानी रु. ५०लाख कट्टा गर्दा खुद लाभ रु.४ करोड ५०लाख हुन आउँछ। उक्त लाभ रु.४ करोड ५० लाखको स्रोत नेपाल मानिन्छ।

उदाहरण ३.३.४: मानौं, Mr. Ricky नेदरल्याण्डको बासिन्दा व्यक्ति रहेछन् । उनले बैकिङ्ग व्यवसायलाई उपयोगी हुने Softwareविकास गरेका रहेछन् । निजले उक्त Softwareनेपालको एक्जिम बैंङ्कलाई वार्षिक रु.१ करोड रोयल्टी लिने गरी प्रयोग गर्न दिएका रहेछन् । उनले उक्त रोयल्टी बापत प्राप्त गरेको रकम मध्येबाट आय वर्ष २०६२।६३ मा सोही बैंङ्कको रु.१ करोड बराबरको शेयर खरिद गरेका रहेछन् । Mr. Rickyले सो शेयर आय वर्ष २०६४।६५ मा १ करोड ५० लाखमा बिक्री गरी नि:सर्ग गरेको र सो बापत Mr. Ricky लाई रु.५० लाख लाभ भएको रहेछ । Mr. Ricky प्राकृतिक व्यक्ति भएको र शेयर नि:सर्ग वापत प्राप्त लाभलाई ऐनको दफा ९ को उपदफा (२) को खण्ड (ख) अनुसारको आय अर्थात गैर व्यावसायिक करयोग्य सम्पत्तिको नि:सर्गबाट भएको लाभ हुन्छ । शेयर नि:सर्ग बापत प्राप्त उक्त लाभ नेपालमा स्रोत भएको आय मानिन्छ ।

कुनै व्यक्तिले नेपालमा व्यवसाय तथा लगानी कार्यमा संलग्न रही आय आर्जन गर्ने प्रयोजनको लागि विभिन्न सम्पत्ति तथा दायित्व बहन गरेको हुन्छ। व्यवसाय वा लगानी कै क्रममा त्यस्ता सम्पत्ति तथा दायित्वको नि:सर्ग हुन्छ । यसरी सम्पत्ति तथा दायित्वको नि:सर्गको क्रममा भएको लाभ नेपालमा स्रोत भएको मानिनेछ । ऐनको दफा ६७ को उपदफा (३) को खण्ड (ख) मा ह्रासयोग्य सम्पत्तिको सम्बन्धमा निम्नानुसारको व्यवस्था उल्लेख भएको छ।

६७(३)(ख) **नेपालमा रहेका सम्पत्ति वा नेपालमा बहन गर्नुपर्ने दायित्व समावेश भएकोमा दफा ७ को उपदफा (२) को खण्ड (घ) वा दफा ९ को उपदफा (२) को खण्ड (ग) मा उल्लेख भए बमोजिम आय गणना गर्दा समावेश गरिने लाभ ररकमहरु,**

ह्रासयोग्य सम्पत्ति बापत समावेश गरिने रकम ह्रासयोग्य सम्पत्तिको वर्गबाट कुनै वा सबै ह्रासयोग्य सम्पत्ति नि:सर्ग भई खूद लाभ भएमा त्यस्तो लाभ व्यवसायको मुनाफा र लाभमा समावेश गरिने व्यवस्था अनुसूचि-२ को दफा ४ मा रहेको छ। माथि उल्लेख भए बमोजिम ह्रासयोग्य सम्पत्ति नेपालमा अवस्थित रहेमा सोको आय वा खर्चको स्रोत नेपालमा मानिन्छ।

ह्रासयोग्य सम्पत्तिमा वर्षान्तमा वर्गको अस्तित्व बाँकी नरहेको तर ह्रास आधार बाँकी रहेका अवस्थामा अनुसूचि-२ को दफा ४(२) बमोजिम बाँकी रहेको रकम ह्रास खर्च (Terminal Depreciation) कट्टी पाउँदछ । वर्षको अन्त्यमा वर्गको अस्तित्व बाँकी रहे वा नरहे पनि ऋणात्मक ह्रास आधार भएमा वर्गको लागतभन्दा बढी आय प्राप्त भएकाले सो ऋणात्मक

रकम (Balancing Charge)अनुसूचि-२ को दफा ४(२) को व्यवस्था बमोजिम गणना गरी दफा ७(२)(घ) बमोजिम व्यवसायको मुनाफा र लाभमा समावेश हुन्छ ।

उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण ३.३.५: मानौं, ब्रासिल ड्रिल लि.ले नेपालको त्रिशुली नदीमा जल विद्युत उत्पादन गर्ने नेपालको कम्पनीसँग सुरुङ्ग निर्माण गर्न ठेक्का लिएको रहेछ । आय वर्ष २०६४।६५ मा सुरुङ्ग निर्माण गर्ने कार्य सम्पन्न भएको रहेछ । सुरुङ्ग निर्माण कार्य सम्पन्न भएपश्चात सुरुङ्ग निर्माणको लागि प्रयोग भएको सम्पूर्ण मेशिन तथा औजार उक्त कम्पनीले स्थानीय बजारमा रु.६ करोडमा बिक्री गरेको रहेछ । सुरुङ्ग निर्माणमा प्रयोग भएको मेशिन औजारलाई ऐनको अनुसूची–२ को दफा १ को खण्ड (घ) अन्तर्गत वर्गीकरण गरिएको र उक्त वर्गको आय वर्ष २०६४।६५को शुरु ह्रास आधार रु.५ करोड रहेछ । यस अवस्थामा उक्त वर्गको ह्रासयोग्य सम्पत्तिको निःसर्ग बापत रु.१ करोड लाभ (Balancing Charge)हुन्छ । यसरी सम्पत्तिको निःसर्गबाट भएको लाभ (Balancing Charge) लाई सो कम्पनीको नेपालमा स्रोत भएको आयमा समावेश हुने लाभ मानिन्छ ।

त्यसैगरी, माथी उल्लेखित कम्पनीले सुरुङ्ग निर्माण कार्य सम्पन्न भएपश्चात सुरुङ्ग निर्माणको लागि प्रयोग भएको सम्पूर्ण मेशिन तथा औजार बिक्री गर्दा जम्मा रु.४ करोड मात्र प्राप्त भएको रहेछ भने यस्तो अवस्थामा उक्त बर्गको ह्रासयोग्य सम्पत्तिको निःसर्ग वापत रु.१ करोड नोक्सान हुन जान्छ । यसरी बर्ग विघटन भएको अवस्थामा उक्त बर्गको सम्पत्तिको निःसर्गबाट हुन गएको नोक्सानी रु.१ करोडलाई कम्पनीले सो आ.व.मा खर्च मिन्हा पाउँछ ।

**६७(३) (ग) खण्ड (क) र (ख) को अधीनमा रही नेपालमा स्रोत रहेका प्राप्त भुक्तानीहरु ।**

माथि ऐनको दफा ६७ को उपदफा (३) को खण्ड (क) र (ख)मा उल्लेख गरिएका नेपालमा स्रोत रहेको आयमा समावेश हुने रकमका सन्दर्भमा प्राप्त गरिने अन्य भुक्तानीहरु पनि नेपालमा स्रोत रहेको आयमा समावेश हुने रकम मानिन्छ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण ३.३.६: मानौं, ब्रासिल ड्रिल लि.ले नेपालको त्रिशुली नदीमा जल विद्युत उत्पादन गर्ने नेपालको कम्पनीसँग सुरुङ्ग निर्माण गर्न ठेक्का लिएको रहेछ । सुरुङ्ग निर्माण कार्यमा प्रयोग हुने मेशिनको बीमा सो कम्पनीले ब्राजिल स्थित बीमा कम्पनीमा गरेको रहेछ । सुरुङ्ग निर्माण गर्ने सिलसिलामा रु.१ करोड मूल्य पर्ने मेशिन दुर्घटनामा परी काम नलाग्ने गरि बिग्रिएको रहेछ र सो बापत ब्राजिलस्थित बीमा कम्पनीले सोधभर्ना दिएको रहेछ । यसरी ब्राजिलस्थित बीमा कम्पनीबाट नेपालमा स्रोत रहेको जोखिमकोलागि प्राप्त क्षतिपूर्ति बापतको रकम नेपालमा स्रोत भएको मानिन्छ ।

**६७(४) नेपालमा रहेका सम्पत्ति वा नेपालमा बहन गर्नुपर्ने दायित्व समावेश भएकोमा सो सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको लाभ वा नोक्सानीको स्रोत नेपालमा रहेको मानिनेछ।**

उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण ३.३.७: मानौं, कल्प ल्याब प्रा.लि. नेपालमा औषधी उत्पादन गर्ने कम्पनी रहेछ । सिंगापुरको Mr. Lee ले उक्त कम्पनीमा आय वर्ष २०६३।६४मा वार्षिक १० प्रतिशतका दरले ब्याज प्राप्त गर्ने गरी रु.१ करोड ऋण दिएका रहेछन् । नेपालको कम्पनीलाई दिएको ऋण Mr. Lee को नेपालमा स्रोत रहेको सम्पत्ति मानिन्छ । आय वर्ष २०६४।६५मा कल्प ल्याब प्रा.लि.को आर्थिक अवस्था कमजोर भई औषधि उत्पादन गर्ने कार्यलाई निरन्तरता दिन नसक्ने निर्णय गरी कम्पनीलाई खारेजी(Liquidation) मा पठाउने निर्णय गरी सम्पत्ति तथा दायित्व

बेचबिखन तथा असुली गरी खारेजी कार्य गर्नको लागि Liquidator नियुक्ति गरेको रहेछ । Liquidator ले सबै सम्पत्तिहरु बेचबिखन गरी प्राप्त भएको रकमले कम्पनीको सबै दायित्वहरुको भुक्तानी गर्न नपुगेकोले भुक्तानीको प्राथमिकता अनुसार दामासाहीले भुक्तानी गर्दा Mr. Lee ले दिएको ऋण रु. १ करोड मध्ये रु.५० लाख मात्र भुक्तानी प्राप्त गरेका रहेछन् । Mr. Lee ले नेपालमा लगानी गरेको ऋण बापत रु.५० लाख भुक्तानी प्राप्त गरेपश्चात उसको नेपालमा स्रोत रहेको सम्पत्ति (ऋण लगानी) नि:सर्ग हुन्छ । यसरी ऋण लगानी बापतको सम्पत्ति नि:सर्ग हुँदा भएको दफा ३७ बमोजिमको नोक्सानी रु.५० लाख नेपालमा स्रोत भएको नोक्सानी मानिन्छ ।

कुनै व्यक्तिले नेपालमा व्यवसाय गरी आय आर्जन गर्दा उक्त आय आर्जन गर्नको लागि विभिन्न प्रकृतिका खर्चहरु गर्नुपर्ने हुन्छ । यसरी नेपालमा आय आर्जन गर्नको लागि मुख्य कार्यालय, शाखा, कारखाना, बिक्री कक्ष (Sales Outlet) वा ९० दिनभन्दा बढी निर्माण, जडान तथा स्थापना गर्ने कार्य आदिमा संलग्न भई वा जे जस्तो कारणबाट व्यवसाय गरेको भएतापनि व्यवसायको सञ्चालनको लागि भएको खर्च बापतको रकमको स्रोत नेपालमा भएको मानिनेछ । यस्तो प्रकृतिको व्यवसायमा खर्च कट्टी गरिएको रकम नेपालको स्रोत हुने गरी ऐनको दफा ६७ को उपदफा (५) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**६७(५) आय निर्धारण गर्दा कट्टी गरिएका रकमहरुमा देहायका रकमहरु समावेश भएकोमा त्यस्ता रकमहरुको स्रोत नेपालमा भएको मानिनेछ :-**

**(क) नेपालमा रहेका सम्पत्तिहरुका सम्बन्धमा दफा १५ को उपदफा (१) मा उल्लिखित लागतको खर्च कट्टी गर्न पाउने रकम,**

**(ख) नेपालमा रहेका सम्पत्तिका सम्बन्धमा दफा १६ को उपदफा (१) बमोजिमका खर्चहरु तथा दफा १९ बमोजिम कट्टी गर्न पाउने हदसम्मका खर्च रकमहरु, र**

**(ग) खण्ड (क) र (ख) का अधीनमा रही नेपालमा स्रोत रहेका भुक्तानीहरु ।**

उपर्युक्तव्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण ३.३.८: मानौं, ब्राजिलको ब्रासिल ड्रिल लि.त्रिशुली नदिमा बन्ने जलविद्युत आयोजनाको सुरुङ्ग निर्माण गर्ने कार्यमा संलग्न रहेको रहेछ । उक्त कम्पनीले आय वर्ष २०६४।६५मा सुरुङ्ग निर्माणमा निर्माण सामाग्री बापत रु.१० करोड खर्च गरेको रहेछ। त्यस्तै निर्माण कार्यमा प्रयोग भएको मेशिनरी तथा औजारहरुको ह्रास खर्च बापतको खर्च रु.१ करोड रहेछ । त्यस्तै मेशिनरी तथा औजारहरु मर्मत तथा सुधारको लागि रु.५० लाख खर्च भएको रहेछ । यसरी निर्माण सामग्री खपत बापतको रु.१० करोड, ह्रास खर्च बापतको रु.१ करोड तथा मर्मत तथा सुधार बापतको खर्च रु.५० लाख आदि खर्चहरुको स्रोत नेपालमा रहेको मानिनेछ ।

### ३.३.४ भुक्तानीको स्रोत

माथिका बुँदाहरु अनुसार दफा ६७ को उपदफा १ ले आयमा समावेश हुने रकम तथा खर्च कट्टीको स्रोत नेपाल भएमा आय (व्यवसाय वा लगानी वा रोजगारी) को स्रोत नेपाल मानिने व्यवस्था गरेको छ । सम्पत्ति वा दायित्वबाट सिर्जना हुने आयको स्रोत वा खर्चको स्रोत नेपालमा मानिन दफा ६७ को उपदफा (३), (४) र (५) मा उल्लेख गरिए अनुसार नि:सर्गको समयमा सो सम्पत्ति वा दायित्व रहेको स्थान नेपाल हुनु पर्दछ । सम्पत्ति र दायित्वको नि:सर्ग बाहेकका अन्य कारोबारका सम्बन्धमा दफा ६७ को उपदफा (६) ले भुक्तानीको स्थानका आधारमा स्रोत मुलुक (Source Country) निर्धारण गरेको छ र अन्य विभिन्न भुक्तानीका स्रोत नेपाल मानिने विस्तृत विवरण समावेश गरेको छ । दफा ६७ को उपदफा ६ मा भुक्तानीको स्रोत मुलुक नेपाल मान्न दुई थरी आधार लिइएको छ:

आधार १: बासिन्दाबाट भएका भुक्तानी (Residency Based Payments)-ब्याज, लाभांश, वार्षिक वृत्ति, लगानी बीमाको लाभ, अवकाश भुक्तानी र सरकारी सेवा

आधार २: सम्पत्ति र दायित्वको निःसर्ग बाहेक जे बापतको भुक्तानी भएको हो सोको आधार स्थानको अवस्थिति नेपालमा रहेको (Location of Payment-base)बासिन्दाका आधारमा निर्धारण गरिने बाहेक सबै प्रकारका आम्दानी वा खर्च निर्धारण हुने भुक्तानीहरु (दफा ७, ८, ९ र १३)

ऐनको दफा ६७ को उपदफा (६) बमोजिम देहायको भुक्तानीको स्रोत नेपालमा रहेको मानिनेछन् :

६७(६)(क) **बासिन्दा निकायबाट भुक्तानी दिएको लाभांशहरु,**

नेपालको बासिन्दा कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांशको स्रोत प्रापक शेयरधनी वा साझेदार बासिन्दा वा गैर बासिन्दा जे भएतापनि नेपालमा स्रोत रहेको मानिनेछ र यस्तो भुक्तानीमा अग्रिम कर कट्टी गरी बासिन्दा वा गैर बासिन्दा जसले प्राप्त गरे पनि नेपालमा कर दाखिला गर्नु पर्दछ ।

६७(६)(ख) **बासिन्दा व्यक्तिबाट तिरिएको ब्याज,**

बासिन्दा व्यक्तिले तिर्ने ऋण वा यस्तै कुनै रकम बापतको ब्याजको भुक्तानीको स्रोतनेपालमा रहेको मानिनेछ । यस्तो भुक्तानी बासिन्दा वा गैर बासिन्दा जसले प्राप्त गरे पनि नेपालमा कर दाखिला गर्नुपर्ने हुन्छ ।

६७(६)(ग) **नेपालमा रहेको जमिनबाट प्राप्त प्राकृतिक स्रोतका सम्बन्धमा गरिएको वा त्यस्तो स्रोतको सन्दर्भमा गणना गरिएको प्राकृतिक स्रोत बापतको भुक्तानी,**

नेपालमा रहेको जमिन वा त्यस्तै प्राकृतिक स्रोतको उपभोग बापत प्राप्त हुने रोयल्टी लगायतका भुक्तानीको स्रोत नेपालमा रहेको मानिनेछ । यस्तो भुक्तानी बासिन्दा वा गैर बासिन्दा जसले प्राप्त गरे पनि नेपालमा कर दाखिला गर्नुपर्ने हुन्छ ।

६७(६)(घ) **नेपालमा रहेको कुनै सम्पत्तिको प्रयोग बापत भुक्तानी गरेको बहाल रकम,**

नेपालमा रहेको घरजग्गा बहाल बापत प्राप्त हुने आय (घर बहाल) वा नेपालमा जडित सम्पत्तिको बहालको स्रोत नेपालमा रहेको मानिनेछ । यस्तो भुक्तानी बासिन्दा वा गैर बासिन्दा जसले प्राप्त गरे पनि नेपालमा कर दाखिला गर्नुपर्ने हुन्छ ।

६७(६)(ङ) **कुनै व्यक्तिले नेपालमा रहेका कुनै सम्पत्तिको प्रयोग कसैलाई गर्न दिए बापत वा सम्पत्ति प्रयोग गर्न अधिकार वा त्यस्तो सम्पत्ति प्रयोग नगर्ने बन्देज माने बापत प्राप्त गरेको रोयल्टी,**

कुनै व्यक्तिले आफ्नो नेपालमा रहेको Patent, Brand, Formula लगायतको आफ्ना मूर्त वा अमूर्त सम्पत्तिहरु कुनै व्यक्तिलाई प्रयोग गर्न दिए बापत प्राप्त गर्ने रोयल्टी बापतको भुक्तानीको स्रोत नेपाल रहेको मानिनेछ । त्यस्तै कुनै व्यक्ति (बासिन्दा वा गैर बासिन्दा) ले कुनै व्यक्तिसँग सम्झौता गरी नेपालमा रहेको कुनै सम्पत्ति प्रयोग नगरे बापत कुनै रकम प्राप्त गर्दछ भने त्यस बापत प्राप्त गरेको भुक्तानीको स्रोत पनि नेपाल हुन्छ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण ३.३.९: मानौं, कुनै नेपाली चलचित्र निर्माताले नेपालमा निर्माण गरेको चलचित्र प्रदर्शन गर्न कुनै व्यक्तिलाई अधिकार दिएकोमा यसरी अधिकार दिएबापत निज निर्माताले प्राप्त गर्ने रोयल्टीको स्रोत नेपालमा रहेको मानिन्छ । |
| उदाहरण ३.३.१०: मानौं, उदाहरण ३.३.९ का निर्माताले सो व्यक्ति बाहेक अन्य कसैलाई प्रदर्शन गर्न नदिने शर्तमा सो व्यक्तिबाट कुनै भुक्तानी पाएमा त्यस्तो भुक्तानीको स्रोत |

| |
|---|
| नेपालमा रहेको मानिन्छ । |

६७(६)(च) **कुनै व्यक्तिबाट नेपालमा रहेको जोखिमको बीमा सम्बन्धमा भुक्तानी गरिएको साधारण बीमा बापतको रकम र सो व्यक्तिलाई साधारण बीमा बापत बुझाइएको प्रिमियम,**

उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण ३.३.११: मानौं, भारतको बीमा कम्पनीले नेपालमा रहेको कुनै कारखानाको जोखिमको बीमा गरेको रहेछ । उक्त कारखानाले सो भारतीय बीमा कम्पनीलाई भुक्तान गर्ने बीमा प्रिमियमको स्रोत नेपाल रहेको मानिन्छ । |

६७(६)(छ) **कुनै व्यक्तिले अन्तर चलान (ट्रान्ससिपमेन्ट) गरेको परिमाणस्वरुप बाहेक नेपालमा स्थल, सामुद्रिक वा हवाई यातायात वा चार्टर सेवा व्यवसाय सञ्चालन गरी देहाय बमोजिम प्राप्त गरेको भुक्तानी :-**

(१) **प्रस्थान गर्ने यात्रुहरुको ओसारपसार गर्ने, वा**

(२) **डाँक, पशुपंक्षि वा अन्य प्रत्यक्ष चल सम्पत्ति चलान गर्ने ।**

कुनै व्यक्तिले नेपालमा हवाई सेवा सञ्चालन गरी यात्रु तथा सामान ओसारपसार गर्दछ भने नेपालबाट प्रस्थान शुरु गर्ने यात्रुहरुले हवाई यात्रा बापत विमान कम्पनीलाई भुक्तानी गरेको रकमको स्रोत नेपालमा रहेको मानिन्छ । त्यस्तै, कुनै व्यक्तिले नेपालबाट बाहिर पठाएको सामान ढुवानी गरे बापत हवाई कम्पनीले प्राप्त गरेको भुक्तानी रकमको स्रोत समेत नेपाल रहेको मानिन्छ । नेपालबाट सामान निर्यात गर्दा नेपालको निर्यात कम्पनीले निर्यात हुने देश (Final Destination) सम्म पुऱ्याउने गरी स्थलमार्ग मार्फत ढुवानी गर्दछ भने सो ढुवानी बापत प्राप्त भुक्तानीको स्रोत नेपालको रहन्छ । कुनै जहाज कम्पनीले नेपालबाट निर्यात हुने सामान सामुन्द्रिक मार्ग मार्फत पठाउनको लागि नेपालबाट स्थलमार्ग र बन्दरगाह हुँदै निर्यात हुने देशसम्म सामुन्द्रिक मार्गबाट पठाउने गरी भुक्तानी प्राप्त गरेको छ भने सोको भुक्तानीको स्रोत नेपालमा नै रहेको मानिन्छ ।

६७(६)(ज) **तार, रेडियो, अप्टिकल फाईवर वा भू-उपग्रह जस्ता सञ्चारको माध्यमबाट खबर वा सूचना संप्रेषण गर्ने व्यवसाय सञ्चालन गर्ने व्यक्तिले त्यस्ता खबर वा सूचना नेपालमा उत्पत्ति भएको वा नभएको जे भएपनि नेपालमा स्थापित संयन्त्रहरुबाट खबर वा सूचनाको संप्रेषणका सम्बन्धमा सो व्यक्तिले प्राप्त गरेको भुक्तानी,**

यस खण्डको व्यवस्था विशेष गरी सूचना एवं खबर सम्प्रेषणसँग सम्बन्धित छ । सूचना तथा खबरको उद्गम विन्दु तथा त्यसको सम्प्रेषण गर्ने व्यक्तिको पहिचान गर्न कठिन हुन्छ । यस्ता सूचना तथा खबरको सम्प्रेषण सम्प्रेषक आफै मात्र संलग्न नभई बीचमा अन्य व्यक्तिहरुको समेत संलग्नता हुन्छ । यस अवस्थामा सूचना तथा खबर सम्प्रेषणको स्थान यकिन गर्न कठिनाई रहन्छ । यस्तै कठिनाईलाई मध्यनजर गरी ऐनको यस व्यवस्थाले नेपालमा रहेको संयन्त्र मार्फत खबर वा सूचना सम्प्रेषण भएको छ र उक्त सूचना वा खबर बापत भुक्तानी गरेको छ भने त्यस्तो भुक्तानीको स्रोत नेपालमा रहेको मानिन्छ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण ३.३.१२: मानौं, दक्षिण अफ्रिकामा सञ्चालन भएको Cricket को प्रत्यक्ष प्रसारण सोही देशको Star Africa Channel ले गर्दोरहेछ । उक्त Star Africa Channel ले प्रसारण गरेको Cricket को प्रत्यक्ष प्रसारण गरी नेपाली दर्शकसमक्ष पुऱ्याउन नेपालको Fly Cable TV लाई अधिकार दिएको रहेछ । यसरी Fly Cable TV ले आफ्नो ग्राहकलाई सेवा पुऱ्याउने गरेको रहेछ । यसरी Cricket को प्रत्यक्ष प्रसारण गर्ने अधिकार प्राप्त Star Africa Channelलाई Fly Cable TV ले आफ्नो नेपालमा जडान भएको |

| |
|---|
| संयन्त्र प्रयोग गरी प्रसारण गरे बापत दिइने भुक्तानीको स्रोत नेपाल रहेको मानिन्छ । |

**६७(६)(झ) रोजगार गर्न वा सेवा प्रदान गर्न वा सो कार्यहरुमा बन्देज माने बापत खण्ड (छ) वा (ज) मा उल्लेख नगरिएका किसिमका सेवा शुल्क लगायतका देहायका अवस्थाका भुक्तानीहरु :-**

**(१) भुक्तानीको स्थान जहाँसुकै भए पनि नेपालमा सो कार्यहरु भएमा, वा**

**(२) रोजगार जहाँसुकै भए पनि नेपाल सरकारले भुक्तानी दिने भएमा ।**

ऐनको यस व्यवस्थाले रोजगारी वा सेवा प्रदान गरे बापत कुनै व्यक्तिले प्राप्त गरेको भुक्तानी नेपालमा रोजगारी वा सेवा प्रदान गरेको कारणबाट आय प्राप्त गरेको छ भने त्यस्ता भुक्तानीको स्थान जहाँसुकै भए पनि सोको स्रोत नेपालमा भएको मानिन्छ । त्यस्तै नेपाल सरकारले रोजगारी बापतको रकम भुक्तानी गरेको छ भने रोजगारी नेपाल बाहिर गरेपनि त्यस्तो भुक्तानीको स्रोत नेपाल मानिन्छ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण ३.३.१३: मानौं, नेदरल्याण्डको IMGDकम्पनीले नेपालको राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम दिने कार्य सञ्चालन गरेको रहेछ । उक्त कार्यक्रमलाई Danish Governmentले आर्थिक सहयोग गरेको रहेछ । उक्त कम्पनीले नेपालमा नै कर्मचारीहरुलाई तालिम दिने गरेको रहेछ र उक्त तालिम दिए बापतको सेवा शुल्क नेदरल्याण्डमा नै भुक्तानी गर्ने प्रबन्ध रहेछ । यस अवस्थामा तालिम सञ्चालन कार्य नेपालमा भएकोले IMGD ले सेवा शुल्क बापत प्राप्त गरेको भुक्तानीको स्रोत नेपालमा भएको मानिनेछ । |
| उदाहरण ३.३.१४: फ्रान्समा नेपाल सरकारले आवासिय राजदुतावास खोलेको रहेछ । उक्त दुतावासमा रोजगारी गर्ने व्यक्तिहरुलाई नेपाल सरकारले रोजगारी बापतको पारिश्रमिक भुक्तानी गर्दछ । यसरी फ्रान्समा रहेको राजदुतावासमा कार्यरत रहेतापनि उक्त रोजगारीको भुक्तानी नेपाल सरकारले गरेकोले उक्त भुक्तानीको स्रोत नेपालमा रहेको मानिन्छ । |

**६७(६)(ञ) बासिन्दा व्यक्तिबाट भुक्तानी गरिएका खण्ड (झ) भित्र नपर्ने वार्षिक वृत्तिको रकम, लगानी बीमा बापतको रकम र अवकाश भुक्तानीको रकम तथा त्यस्तो रकमहरु सुनिश्चित गर्न बासिन्दा व्यक्तिलाई दिएको कुनै प्रिमियम वा अन्य भुक्तानी,**

बासिन्दा व्यक्तिले भुक्तानी गरेको वार्षिक वृत्ति (Annuity) को रकम, लगानी बीमा बापतको भुक्तानी एवं अवकाश भुक्तानी आदिलाई नेपालमा स्रोत भएको भुक्तानी मानिन्छ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण ३.३.१५: मानौं, कुनै व्यक्ति रोजगारीबाट निवृत्त भएछन् । निजले आफ्नो रोजगारीको समयमा नागरिक लगानी कोष (बासिन्दा व्यक्ति) मा योगदान गर्ने गरेका रहेछन् । रोजगारीबाट निवृत्त भएपछि निजलाई नागरिक लगानी कोषले अवकाश भुक्तानी गरेको रहेछ । यस अवस्थामा नागरिक लगानी कोषले गरेको अवकाश भुक्तानीको स्रोत नेपालमा रहेको मानिन्छ । यसका साथै अवकाश भुक्तानी सुनिश्चित गर्न रोजगारीको समयमा सो रोजगारकर्ताले नागरिक लगानी कोष (बासिन्दा व्यक्ति) लाई गरेको अवकाश योगदानको स्रोत पनि नेपालमा रहेको मानिन्छ । |

**६७(६)(ट) नेपालमा रहेको सम्पत्तिबाट सञ्चालित व्यवसाय वा लगानीका सम्बन्धमा प्राप्त गरिएका उपहारहरु, र**

नेपालमा रहेको सम्पत्तिबाट सञ्चालित व्यवसाय वा लगानीका सम्बन्धमा प्राप्त गरिएका उपहारहरु जहाँसुकै प्राप्त गरेको भएपनि यस्ता उपहारहरुको स्रोत नेपाल रहेको मानिन्छ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण ३.३.१६: मानौं, Fukuda & Co. भन्ने जापानी कम्पनीको काठमाडौंमा एक पुष्प बाटिकामा लगानी रहेछ। उक्त पुष्प बाटिकामा बोट बिरुवाका सम्बन्धमा विभिन्न किसिमका Research समेत हुने गरेको रहेछ। नेपालमा बोट बिरुवा सम्बन्धीResearch मा उल्लेखनीय योगदान पुऱ्याए बापत Fukuda & Co. लाई जापानको Botanical Associationबाट जापानमा नै १० लाख जापानी येन उपहार प्राप्त भएको रहेछ। उक्त कम्पनीले नेपालमा रहेको व्यवसायको सम्बन्धमा प्राप्त उक्त उपहारको स्रोत नेपाल भएको मानिनेछ।

६७(६)(ठ) **माथि खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ) र (ट) मा उल्लेख भए बाहेकका देहायका भुक्तानीहरुः**

(१) **नेपालमा रहेको सम्पत्तिको निःसर्गको सम्बन्धमा वा नेपालमा बहन गर्नुपर्ने दायित्व प्राप्त गर्ने सम्बन्धमा गरिएका भुक्तानीहरु, वा**

(२) **नेपालमा सञ्चालित क्रियाकलापका सम्बन्धमा गरिएका भुक्तानीहरु।**

ऐनको दफा ६७ को उपदफा (६) को खण्ड (क) देखि (ट) सम्म विभिन्न प्रकारको भुक्तानीको स्रोतको उल्लेख गरिएको छ। उपर्युक्त भुक्तानीको स्रोतको अतिरिक्त नेपालमा सञ्चालित सबै क्रियाकलापहरुको (व्यवसाय वा लगानी) भुक्तानीको स्रोत समेत नेपालमा रहेको मानिन्छ। त्यस्तै नेपालमा रहेको जुनसुकै सम्पत्तिको निःसर्ग गर्दा वा कुनै दायित्व प्राप्त गर्दा भएको भुक्तानीको स्रोत पनि नेपालमा रहेको मानिन्छ। उपर्युक्त व्यवस्थाको सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ।

उदाहरण ३.३.१७: मानौं, उदाहरण ३.३.१६ मा उल्लिखित Fukuda & Co.ले पुष्प बाटिकामा गरेको शेयर लगानी अर्को जापानी कम्पनीलाई बिक्री गरेको रहेछ। Fukuda & Co.ले बिक्री गरेको उक्त शेयरको स्रोत नेपाल भएको मानिन्छ र दफा ३६ बमोजिम गणना गरिएको सो बिक्रीबाट प्राप्त आयको स्रोत नेपाल भएको मानिनेछ।

## ३.४ आयको स्रोत नेपाल नमानिने

ऐनको दफा ६७ को उपदफा (१) देखि (६) सम्म कुनै व्यक्तिको नेपालमा रहेको आयको स्रोत, नोक्सानीको स्रोत, रकमको स्रोत, लाभको स्रोत तथा भुक्तानीको स्रोत सम्बन्धमा उल्लेख भएको छ। उपदफा (१) देखि (६) सम्म उल्लेख भएका बाहेकका आय, नोक्सानी, रकम, लाभ एवं भुक्तानीको स्रोतलाई विदेशी स्रोत मानिनेछ। यसरी विदेशी स्रोत मानिने रकमलाई नेपालमा जे जस्तो अवस्थामा नेपालको स्रोत मानिन्छ त्यस्तै आधारमा सोही मुलुकको स्रोत मानिन्छ। जस्तो नेपालमा रहेको सम्पत्ति बापत प्राप्त आय नेपालको स्रोत मानिन्छ भने जापानमा रहेको सम्पत्ति बापत प्राप्त आयको स्रोत जापान मानिन्छ। यस सम्बन्धमा उपदफा (७) मा निम्न व्यवस्था रहेकोछ।

६७(७) **माथिका उपदफाहरुमा लेखिए बमोजिम नेपालमा स्रोत भएका मानिने बाहेक कुनै आय, नोक्सानी, रकम, लाभ वा भुक्तानीलाई विदेशी स्रोत भएको मानिनेछ र त्यस्तो आय, नोक्सानी, रकम, लाभ वा भुक्तानीको स्रोत कुन विदेशी मुलुकमा रहेको छ भन्ने कुरा यकिन गर्ने प्रयोजनका लागि यस ऐनमा नेपाल भनी उल्लेख भएका सन्दर्भहरु कुनै खास विदेशी मुलुकको हकमा उल्लेख भएको सन्दर्भ सरह मानी लागू हुनेछन्।**

ऐनको दफा ६७ को उपदफा (१) देखि (६) मा उल्लिखित अवस्थाहरुमा नेपालको स्रोत मानिने व्यवस्था गरेको छ भने सो बाहेक अन्य अवस्थामा भने अन्य देशको स्रोत भएको मानिन्छ। उपर्युक्त सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ।

उदाहरण ३.४.१: मानौं, दिवाकर थापा भन्ने नेपाली नागरिक क्यानाडामा बासिन्दा भई सोही स्थानमा व्यवसाय गरिआएका रहेछन्। निजले नेपाल बाहेक क्यानाडा लगायत अन्य मुलुकमा कारोबार गरी आय आर्जन गरेका रहेछन् भने त्यस्तो आयको स्रोत नेपाल भएको

| |
|---|
| मानिदैन । |

ऐनमा दफा ६७ को प्रयोजनका लागि नेपालमा रहेको सम्पत्ति तथा नेपालमा बहन गर्नुपर्ने दायित्वका सम्बन्धमा निम्नानुसारको स्पष्टीकरण दिइएको छ ।

**(क) "नेपालमा रहेको सम्पत्ति" भन्नाले नेपालमा रहेका जग्गा जमिन वा भवनहरु तथा बासिन्दा व्यक्तिको कुनै विदेशी राष्ट्रमा रहेका जग्गा जमिन वा भवन बाहेकका सम्पत्ति वा सो व्यक्ति दफा ६९ बमोजिम नियन्त्रित विदेशी निकायसँग सम्बद्ध रहेमा सो निकायमा रहेको निजको हित समेत सम्झनु पर्छ ।**

| |
|---|
| उदाहरण ३.४.१कः मानौं, दुर्गा सापकोटा नामक नेपाली बासिन्दा व्यक्ति क्यानडामा स्थायी आवसीय अनुमती प्राप्त व्यक्ति हुन । उनको क्यानडामा पनि घर र जग्गा छ । विगत ४ वर्ष देखि उनी नेपालमा नै बसेर व्यवसाय गरिरहेका छन । उनको नेपालमा पनि घर, जग्गा र विभिन्न कम्पनीहरुमा शेयर छ । साथै उनको क्यानडाकै केही कम्पनीहरुको शेयरमा पनि लगानी रहेछ । यस्तो अवस्थामा निज दुर्गा सापकोटाको क्यानडामा रहेको घर र जग्गा नेपालमा श्रोत रहेको सम्पत्ति मानिंदैन भने निजको नेपालमा रहेको घर जग्गा, नेपाली कम्पनीहरुमा रहेको शेयर बापतको हित र क्यानाडेली कम्पनीहरुमा रहेको शेयर बापतको हित नेपाल श्रोत रहेको सम्पत्ति अर्थात नेपालमा रहेको सम्पत्ति मानिन्छ । |

**(ख) "नेपालमा बहन गर्नुपर्ने दायित्व" भन्नाले बासिन्दा व्यक्तिको दायित्व सम्झनु पर्छ ।**

नेपालमा रहेको दायित्व भन्नाले बासिन्दा व्यक्तिले बहन गर्नुपर्ने दायित्वलाई बुझाउँछ । उदाहरणकोलागि, बासिन्दा व्यक्तिले कुनै वस्तु वा सेवा खरिद गरेबापत नेपालमा वा विदेशमा भुक्तान गर्नुपर्ने दायित्व, नेपाल वा विदेशबाट लिएको कर्जा रकम, जस्ता दायित्वलाई लिन सकिन्छ । उपर्युक्त सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण ३.४.२ः मानौं, Golden Investment Inc., USAले सुनाखरी प्रा.लि.नामको बासिन्दा कम्पनीलाई १ लाख अमेरिकी डलर कर्जा लगानी गरेका रहेछन् । सुनाखरी प्रा.लि.ले Golden Investment Inc., USAलाई गर्ने ब्याज भुक्तानी (आय) को स्रोत नेपाल भएको मानिन्छ । |
| उदाहरण ३.४.३ः मानौं, दिवाकर थापा भन्ने नेपाली नागरिक क्यानाडाको बासिन्दा भई सोही स्थानमा व्यवसाय गरिआएका रहेछन् । निजले नेपालको एक बैङ्कबाट रु.१ करोडको व्यक्तिगत कर्जा लिएका रहेछन् । निजले लिएको उक्त कर्जा चुक्ता गर्न नसकेको कारण कर्जा असुली गर्ने सन्दर्भमा बैङ्कले रु.१० लाख मिन्हा दिई निजको कर्जा राफसाफ गरेको रहेछ । दिवाकर थापाले नेपालमा रहेको रु.१ करोडको दायित्व रु.९० लाखमा निःसर्ग गरेकोले रु.१० लाख बचत (आय) भएको र त्यस्तो आयको स्रोत नेपाल भएको मानिन्छ । |

## परिच्छेद ४


## करको आधार तथा आयका शीर्षकहरु

## (Tax base and Income heads)

४.१ आयकर ऐन, २०५८ मा व्यक्तिको करयोग्य आयमा आयकर लगाइने व्यवस्था रहेको छ । कुनै पनि देशको सरकारले समग्र आय (Global Income) मा कर वा आयको प्रकृतिको आधारमा कर (Scheduler Tax) लगाउने गर्दछन् । व्यक्तिका जहाँसुकै आर्जन गरेका विभिन्न आयका शीर्षकहरुलाई एकीकृत गरी गणना गरिएको करयोग्य आयमा ऐनमा उल्लिखित करका दरले गणना गरी लगाईने कर पद्धतिलाई Global Tax System भनिन्छ । त्यस्तै, व्यक्तिको एकमुष्ट आयमा कर गणना नगरी व्यवसायको प्रकृतिको आधारमा भिन्न भिन्न स्रोतगत आयमा भिन्ना भिन्नै दरले कर लगाउने पद्धतिलाई Scheduler Tax System भनिन्छ । उदाहरणको लागि ब्याजकर, लाभांश कर आदि । आयकर ऐन, २०५८ ले पनि मुख्य रुपमा Global Tax पद्धतिलाई अपनाएको भएतापनि केही आय (जस्तै देशभित्र आर्जित लाभांश, आकस्मिक लाभ, आदि) मा भने Scheduler Tax System अपनाएको छ । यस अन्तर्गत आयका चारवटा शीर्षकमध्ये रोजगारी, व्यवसाय र लगानीको निर्धारणयोग्य आय छुट्टाछुट्टै गणना गरी एकमुष्ठ करयोग्य आय गणना गरी उक्त करयोग्य आयमा व्यक्तिलाई लाग्ने करको दरले गणना गरी आउने रकम नै सो व्यक्तिले तिर्ने कर रकम हुन आउँछ भने आकस्मिक लाभमा भने अन्तिम कर कट्टी विधिले एकमुष्ठ कर लाग्ने व्यवस्था ऐनले गरेको छ । एकीकृत स्रोतमा कर लगाउने पद्धति(Global Tax System)मा करको आधार भनेको करयोग्य आयलाई बुझाउँछ । एकीकृत स्रोतमा आधारित कर प्रणालीले जहिले पनि ठाडो र तेर्सो प्रकारको समानता कायम गराउँदछ । यस परिच्छेदको उद्देश्य आयका शीर्षक तथा करका आधारका बारेमा सरल तथा सहज ढङ्गले प्रस्तुत गर्नु रहेको छ ।

### ४.२ कर लगाउने आधार

४.२.१ व्यक्तिको कारोबारको प्रकृति अनुसार कर नलगाई व्यक्तिले संसारभर विभिन्न शीर्षकबाट एकीकृत गरेको आय (Global Income)लाई समेटी सो व्यक्तिको करयोग्य आय माथि कर लगाइन्छ । तर, केही आय (जस्तै देशभित्र आर्जित लाभांश, आकस्मिक लाभ आदि) मा भने Scheduler Tax System का आधारमा कर लगाइन्छ । ऐनको दफा ९२(१) मा यस किसिमको कर लाग्ने अवस्था खुलाइएको छ । व्यक्ति शब्दले प्राकृतिक व्यक्ति जस्तै, राम, जोन, रहिम, दावा आदि तथा निकाय अर्थात कानुनी व्यक्ति जस्तै, कम्पनी, ट्रष्ट, संस्थान, आदि दुवैलाई बुझाउँछ । व्यक्तिको अवधारणाको सम्बन्धमा तलको रेखा चित्रबाट स्पष्ट पारिएको छ ।




प्राकृतिक व्यक्ति एवं निकायका सम्बन्धमा विस्तृत व्याख्या क्रमशः यसै निर्देशिकाको परिच्छेद ११ र १३ मा गरिएको छ ।

४.२.२ व्यक्तिले आर्जन गरेको आयमा आय वर्षको आधारमा कर लगाई असुल उपर गरिन्छ । ऐनको दफा २ (भ) अनुसार आय वर्ष भन्नाले कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्त सम्मको अवधिलाई बुझाउँछ । तसर्थ व्यक्तिको आय गणना गर्दा कर प्रयोजनको लागि श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्तसम्मको अवधिलाई आधार मानी लेखा तथा आय विवरण तयार गर्नु पर्दछ । कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरुप हुन्छ । लेखाको सर्वमान्य सिद्धान्त भन्दा फरक आशय यो ऐनमा भए यो ऐनको व्यवस्थानै लागू हुन्छ । प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नु पर्दछ भने कम्पनीले कर प्रयोजनको लागि एक्रुयल आधारमा लेखाङ्कन गर्नु पर्दछ ।

**नगद आधारको लेखाङ्कन** : ऐनको दफा २३ बमोजिम नगद आधारको लेखाङ्कन गर्दा निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्दछ । निजले भुक्तानी गरेपछि मात्र सो गणनामा खर्चबापत कट्टी गर्नु पर्दछ । अर्थात, वास्तविक नगद प्राप्ती (Cash Receipt) भएको अवस्थामा आम्दानी मानिने र वास्तविक नगद भुक्तानी (Cash Payment) भएको अवस्थामा खर्च मानिने हुन्छ ।

**एक्रुयल आधारको लेखाङ्कन** : ऐनको दफा २४ बमोजिम एक्रुयल आधारको लेखाङ्कन गर्दा व्यक्तिको भुक्तानी प्राप्त गर्ने अधिकारको श्रृजना (Right to Receive)हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी सो व्यक्तिको आयको गणनामा समावेश गर्नु पर्दछ । त्यस्तै कुनै व्यक्तिको आय गणना गर्दा खर्च कट्टी गर्ने प्रयोजनको लागि देहायका खर्चहरु व्यहोरेको मानिनेछ :-

(क) कुनै अर्को व्यक्तिबाट भएको भुक्तानीको सट्टामा त्यस्तो खर्च समावेश भएको कुनै भुक्तानी गरिएको भएमा देहायको अवस्थामा खर्च व्यहोरेको मानिनेछ :-

(१) सो व्यक्तिमा सो भुक्तानी गर्ने दायित्व रहेकोमा,

(२) त्यस्तो दायित्वको मूल्य यथार्थपरकढङ्गले अनुमान गर्न सकिने भएकोमा, र

(३) अर्को व्यक्तिबाट भुक्तानी प्राप्त भएकोमा, वा

(ख) खण्ड (क) मा उल्लिखित अवस्थाबाहेक अन्य सबै अवस्थामा भुक्तानी गरिएको समयमा खर्च व्यहोरेको मानिनेछ ।

तर ऐनको दफा २४ को उपदफा (३) बमोजिम बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानुनका अधीनमा रही नेपाल राष्ट्र बैङ्कले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्ने एवम्सहकारी संस्थाले ब्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्ने व्यवस्था छ ।

## ४.३ करयोग्य आय तथा आयका शीर्षकहरुको वर्गीकरण

ऐनको दफा ५ बमोजिम करयोग्य आय र आयका शीर्षकहरुको वर्गीकरण निम्नानुसार गरिएको छ :-

**५ कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आय सो वर्षमा देहायका प्रत्येक आयका शीर्षकहरुको निर्धारणयोग्य आयको कूल जम्मा रकमबाट दफा १२, १२क., १२ख. ६३वा यी सबै बमोजिम कुनै दाबी गरेको रकम भए सो रकम घटाई गणना गरिएको रकम बराबर हुनेछ :-**

**(क) व्यवसाय,**

**(ख) रोजगारी,**

**(ग) लगानी,**

**(घ) आकस्मिक लाभ ।**

ऐनको दफा २ को खण्ड (ज) बमोजिम "आय" भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय र यस ऐन बमोजिम गणना गरिएको सो आयको कूल रकम सम्झनु पर्छ ।

ऐनको दफा ७ बमोजिम व्यवसायबाट भएको आय गणना गर्दा सेवा शुल्क, व्यावसायिक रुपमा गरिएको कृषि, उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त रकम (वस्तु वा सेवाको बिक्रीबाट प्राप्त रकम), व्यावसायिक सम्पत्ति वा दायित्वबाट प्राप्त खुद लाभ, व्यवसायको सम्बन्धमा प्राप्त उपहार तथा व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा प्रतिबन्ध स्वीकार गरे

बापत प्राप्त गरेको रकम तथा व्यवसायसँग प्रत्यक्षरुपले सम्बन्धित लगानीबाट प्राप्त रकम समावेश गर्नु पर्दछ ।

ऐनको दफा ८ बमोजिम कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्दछ ।

ऐनको दफा ९ बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरु सो व्यक्तिको सो वर्षको लगानीको आय मानी गणना गर्नु पर्दछ ।

ऐनको दफा २ को खण्ड (ज१) बमोजिम आकस्मिक लाभ अन्तर्गत चिठ्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रुपमा प्राप्त हुने लाभलाई समावेश गरिएकोछ ।

### ४.४ कुल आय (कारोबार) र आयको गणना

ऐनको परिच्छेद ३ को दफा ७, ८ र ९ मा आयका शीर्षकका आधारमा आयको गणनामा समावेश गरिनुपर्ने रकमहरुका सम्बन्धमा उल्लेख भएको छ । दफा ७ मा व्यवसाय, व्यवसायको आयमा समावेश गरिने रकम एवम्व्यवसायको आयमा समावेश नगरिने रकमका बारेमा व्यवस्था रहेको छ । दफा ८ मा रोजगारी, रोजगारीको आयमा समावेश गरिने रकम एवम् रोजगारीको आयमा समावेश नगरिने रकमका बारेमा व्यवस्था रहेको छ । त्यस्तै, दफा ९ मा लगानी, लगानीको आयमा समावेश गरिने रकम एवम् लगानीको आयमा समावेश नगरिने रकमका बारेमा व्यवस्था रहेको छ ।

व्यक्तिको कुल आय (कारोबार) मा समावेश गरिने रकम एवम् सो सम्बन्धी विविध पक्षहरु यसै निर्देशिकाको परिच्छेद ६ मा विस्तृत व्याख्या गरिएको छ ।

### ४.५ छुट हुने रकम र अन्य छुटहरु

ऐनको परिच्छेद ४ मा आयको गणना गर्ने सन्दर्भमा छुट हुने रकमहरु (Exemption)एवम् अन्य छुटहरु (Concession) का बारेमा व्याख्या गरिएकोछ । दफा १० मा आयको गणना गर्दा समावेश गर्नु नपर्ने अर्थात छुट हुने रकमको बारेमा व्यवस्था गरिएकोछ । दफा ११ मा व्यावसायिक सुविधा (Concession) को बारेमा व्याख्या गरिएको छ । दफा १२ एवम् दफा १२क.मा सामाजिक उत्तरदायित्व (Social Responsibility)सम्बन्धी चन्दा, प्राकृतिक सम्पदाको संरक्षणमा भएको खर्च आदिको सम्बन्धमा उल्लेख गरिएको छ । त्यस्तै दफा १२ख. मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निमाण कोषमा योगदान गरेको खर्चर दफा १२ग बमोजिमको स्टार्टअप व्यवसायलाई दिईएको बीउ पूँजी बापतको खर्चका बारेमा उल्लेख गरिएको छ ।

यसरी छुट हुने रकम (Exemption) एवम् अन्य छुटहरु (Concession) सम्बन्धी विविध पक्षहरु क्रमशः यसै निर्देशिकाको परिच्छेद ९ र १० मा विस्तृत व्याख्या गरिएको छ ।

### ४.६ कारोबारसँग सम्बन्धित खर्च कट्टी

ऐनको परिच्छेद ५ मा व्यवसाय वा लगानीसँग सम्बन्धित खर्च कट्टी दाबी गर्ने सम्बन्धमा उल्लेख गरिएको छ । कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय निर्धारण गर्दा सामान्यतयाः कारोबारसँग सम्बन्धित सम्पूर्ण सामान्य खर्चहरु कट्टी दाबी गर्न पाउने व्यवस्था ऐनको दफा १३ मा गरिएको छ । तर, त्यस्ता खर्चहरु दफा २१ बमोजिम कट्टी गर्न नपाउने खर्च हुनु हुदैन र सो आयवर्षमा भएका, सो व्यक्तिबाट भएका र व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका हुनु पर्दछ । सो परिच्छेदमा समावेश गरिएका दफा १४, १५, १६, १७, १८, १९, तथा २० र ५९, ६०, ७१ ले खर्च तथा नोक्सानी कट्टी दाबी गर्ने सम्बन्धमा विशेष व्यवस्था गरेको छ ।

व्यक्तिको व्यवसायसँग सम्बन्धित खर्च कट्टीदाबी गर्ने एवम् सो सम्बन्धी विविध पक्षहरु यसै निर्देशिकाको परिच्छेद १८ मा विस्तृत व्याख्या गरिएको छ ।

## ४.७ करलाग्ने व्यक्ति

ऐनको दफा ३ बमोजिम देहायका प्रत्येक व्यक्तिलाई प्रत्येक आय वर्षमा यस ऐन बमोजिम कर लगाई असुलउपर गरिनेछ :-

(क) कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्ति

(ख) दफा ६८ को उपदफा (३) र (४) बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैरबासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन, र

(ग) कुनै आय वर्षमा अन्तिम रुपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति ।


करको दर प्रयोग गरी करको गणना गरिने आयलाई करको आधार मानिन्छ । ऐनको दफा ७(व्यवसायको आय) एवम् दफा ९ (लगानीको आय) अनुसार प्राप्त गरेको आयमा खर्च कट्टी (Deduction) दाबी गरे पश्चात हुन आउने आयबाट दफा ११ बमोजिमको कर छुट हुने आय वा दफा ६४ बमोजिम अवकाश कोषको आय दुबै दफा बमोजिमको आय घटाई बाँकी हुने रकम तथा दफा ८ (रोजगारीको आय) बमोजिमको रकमलाई निर्धारणयोग्य आय भनिन्छ । त्यस्तै निर्धारणयोग्य आयबाट दफा १२, १२क., १२ख., वा १२ग बमोजिमको वा दफा ६३ वा पाचै दफा बमोजिम कुनै दाबी गरेको रकम भए सो रकम घटाई गणना गरिएको रकम सो व्यक्तिको करयोग्य आय हुनेछ । यस्तो रकमलाई करको आधार मानिन्छ र ऐनको अनुसूची-१ मा उल्लिखित दरको प्रयोग गरी करको गणना गरिने छ ।

नेपालमा रहेको वैदेशिक स्थायी संस्थापनले विदेशमा पठाएको आय पनि कर प्रयोजनको निमित्त करको आधार मानिन्छ र त्यस्तो करयोग्य आयमा अनुसूची-१ को दफा २ को उपदफा (६) मा तोकिएको करको दर लगाई आयकरको गणना गर्नु पर्दछ ।

त्यस्तै, अन्तिमरुपमा कर कट्टी हुने भुक्तानीलाई समेत करको आधार मानिन्छ र सोमा ऐनको दफा ८७, ८८, ८८क. र ८९ मा तोकिएको करको दर लगाई भुक्तान गर्नुपर्ने र आयकरको गणना गर्नु पर्दछ । त्यस्तै, दफा ९५क. मा अग्रिम कर असुल गर्ने व्यवस्था छ ।

करको आधार सम्बन्धमा तल प्रस्तुत रेखा चित्रबाट समेत थप प्रष्ट पारिएको छः

<u>तालिका १</u>




नेपालमा अवस्थित वैदेशिक संस्थापन, मुख्य व्यक्ति वा निकाय गैर बासिन्दा रहेको र विदेशी स्थायी संस्थापनले नेपालको स्रोतवाट प्राप्त गरेको आय वैङ्कमार्फत वा अन्य कुनै तरिकाले

विदेशमा पठाएको आयमा आयकर लाग्दछ । नेपालको स्रोतको आयमा गैर बासिन्दा व्यक्तिको विदेशी स्थायी संस्थापनलाई बासिन्दा व्यक्ति मानी यस्तो आयमा नियमित दरमा कर लगाइन्छ । अर्को शब्दमा, विदेशी स्थायी संस्थापनलाई बासिन्दा व्यक्ति सरह कर लगाइन्छ र यसरी कर तिरे पश्चात बाँकी रहेको रकम विदेशमा आफ्नो Parent Companyलाई पठाएको आयलाई लाभांश सरह मानिन्छ । नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा अनुसूची-१ को दफा २ को उपदफा (६) मा उल्लेख गरे अनुसारको दरले कर लाग्दछ ।

स्रोतमा कर कट्टी गरी भुक्तानी हुने रकम नै कर कट्टी हुने भुक्तानी हो । भुक्तानीकर्ताले कर कट्टी हुने भुक्तानी गर्दा भुक्तानी प्राप्त गर्ने व्यक्तिको तर्फबाट तोकिएको दरमा भुक्तानी कै अवस्थामा कर कट्टी गर्नु पर्दछ । अन्तिमरुपमा कर कट्टी हुने भुक्तानी र भुक्तानीमा कट्टी हुने कर सम्बन्धी प्रावधानको थप व्याख्या यसै निर्देशिकाको परिच्छेद १६ मा गरिएको छ ।

# परिच्छेद ५

## आय, निर्धारणयोग्य आय तथा करयोग्य आय

## (Income, Assessable Income and Taxable Income)

**५.१** आयकर ऐन, २०५८ मा व्यक्तिको मुनाफा वा लाभलाई आयको रुपमा उल्लेख गरिएको छ । ऐनमा बासिन्दा व्यक्तिको नेपाल तथा अन्य जुनसुकै मुलुक स्रोत भएको आयमा कर लाग्ने व्यवस्थारहेको छ । गैर बासिन्दा व्यक्तिको नेपाल स्रोत भएको आयमा मात्र कर लाग्ने व्यवस्था रहेको छ । व्यक्तिको सम्पूर्ण प्राप्तिमा कर नलगाई व्यक्तिले विभिन्न शीर्षकबाट गरेको आयलाई समेटी सो व्यक्तिको करयोग्य आय माथि कर लगाइने व्यवस्था रहेको छ । यस अर्थमा, कर प्रयोजनको लागि व्यक्तिले प्राप्त गरेका सबै रकमहरु आय मानिएका छैनन् । त्यस्तै नगदमा प्राप्त नगरी सुविधा वा अन्य तवरबाट प्राप्त गरिएको (Receipts in Kind) वा ऐन अनुसार आय मानिएका रकमहरु चारित्रीकरण (Characterize) गरी त्यस्तो प्राप्तिलाई परिमाणीकरण (Quantification) गरी आयमा समावेश गरिनु पर्दछ । व्यक्तिले रोजगारी, व्यवसाय वा लगानीबाट प्राप्त गरेको आय र यस ऐन बमोजिम गणना गरिएको सो आयको कुल रकमलाई आयमा समावेश गरिनुपर्ने व्यवस्था रहेको छ । आकस्मिक लाभबाट प्राप्त गरेको आयमा भने अन्तिम कर कट्टी विधिले कर लाग्दछ । प्रत्येक आयका शीर्षकहरुमा समावेश गर्नुपर्ने आयलाई समावेश गरी कट्टा गर्नुपर्ने सबै खर्च घटाई गरिएको आय निर्धारणयोग्य आय हुन्छ । त्यसरी व्यवसाय, रोजगारी तथा लगानीबाट गणना गरिएको निर्धारणयोग्य आयबाट ऐनको दफा १२ बमोजिमको चन्दा खर्च वा १२क. बमोजिमकोसम्पदा संरक्षण र खेलकुदको विकासमा कम्पनीले गरेको खर्च वा दफा १२ख. बमोजिमको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च वादफा १२ग बमोजिमको स्टार्टअप व्यवसायलाई दिईएको बीउ पूँजी बापतको खर्च वा दफा ६३ बमोजिमको अवकाश योगदान वा पाँचै दफा बमोजिम कुनै दाबी योग्य रकम भए सो घटाई हुन आउने रकमलाई करयोग्य आय भनिन्छ । आयका शीर्षक, निर्धारणयोग्य आय तथा करयोग्य आयलाई विस्तृत रुपमा व्याख्या गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

### ५.२ आय

ऐनको दफा २ को खण्ड (ज) बमोजिम**"आय" भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय र यस ऐन बमोजिम गणना गरिएको सो आयको कुल रकम सम्झनु पर्छ ।**

कर प्रयोजनको लागि व्यक्तिले प्राप्त गरेका सबै रकमहरु आय मानिएका छैनन् । त्यस्तै नगदमा प्राप्त नगरिएको भएतापनि ऐन अनुसार आय मानिएका रकमहरु चारित्रीकरण गरी त्यस्तो प्राप्तिलाई परिमाणीकरण गरी आयमा समावेश गरिनु पर्दछ ।

ऐनको दफा ५ मा आय र आयका शीर्षकहरुको वर्गीकरण निम्नानुसारगरिएको छ :-

(क) व्यवसाय,

(ख) रोजगारी,

(ग) लगानी,

(घ) आकस्मिक लाभ।

ऐनको दफा ७ बमोजिम व्यवसायवाट भएको आय गणना गर्दा सेवा शुल्क, कृषि, उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त रकम (वस्तु वा सेवाको बिक्रीबाट प्राप्त आय), व्यावसायिक सम्पत्ति वा दायित्व निःसर्गबाट प्राप्त खुद लाभ, व्यवसायको सम्बन्धमा प्राप्त उपहार तथा व्यवसाय सञ्चालन गर्ने प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त गरेको क्षतिपूर्ति

रकम (Compensation) तथा व्यवसायसँग प्रत्यक्षरुपले सम्बन्धित रकम समावेश गर्नु पर्दछ ।

ऐनको दफा ८ बमोजिम कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्दछ ।

ऐनको दफा ९ बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरु सो व्यक्तिको सो लगानीको सो वर्षको आय मानी गणना गर्नु पर्दछ ।

ऐनको दफा २ को खण्ड (ज१) बमोजिम आकस्मिक लाभ अन्तर्गत चिठ्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रुपमा प्राप्त हुने लाभलाई समावेश गरिएकोछ ।

उपर्युक्त बमोजिम व्यवसाय र लगानीको हकमा सो व्यक्तिले आयमा समावेश गरिनु पर्ने रकमहरुबाट खर्च कट्टा गर्न पाउने रकमहरु घटाई बाँकी रहने रकम अर्थात मुनाफा र लाभ, सो व्यक्तिको आय हुन्छ भने पारिश्रमिक प्राप्त गर्ने व्यक्तिको हकमा कुल पारिश्रमिकमा समावेश गरिने रकम नै सो व्यक्तिको आय हुन्छ । त्यस्तै आकस्मिक लाभबाट प्राप्त गरेको कुल रकम नै सो व्यक्तिको आय हुन्छ र सोमा अन्तिम कर कट्टीको विधिले कर लाग्दछ ।

करदाताले प्राप्त गरेको वा प्राप्त गर्ने अधिकार सिर्जना भएको आय यस अन्तर्गत पर्दछ । करदाताले भुक्तानी प्राप्त गर्ने रकम नगदमा वा जिन्सी वा सेवाको रुपमा पनि हुन सक्तछ । यसरी आय गणना गर्दा आय प्राप्त गर्ने व्यक्ति अर्थात करदाताले नगद वा अन्य तवरले समेत भुक्तानी प्राप्त गर्न सक्दछन् । ऐनको दफा २२ को अधीनमा रही आयलाई नगद वा एक्रुअल आधारमा लेखाङ्कन गर्नु पर्दछ । कम्पनीको आय एक्रुअल आधारमा लेखाङ्कन गरिनु पर्दछ । प्राकृतिक व्यक्तिको रोजगारी एवम् लगानीको आय नगद प्राप्तिको आधार (Cash Basis) मा लेखाङ्कन गरिन्छ भने सामान्यतया: व्यवसायको आय एक्रुअल आधारमा लेखाङ्कन गरिन्छ । तर, प्राकृतिक व्यक्तिको व्यवसायको आय भएमा नगदमा पनि लेखाङ्कन गर्न सकिन्छ

## ५.३ निर्धारणयोग्य आय:

ऐनको दफा ६ मा निम्नानुसारको आयलाई निर्धारणयोग्य मानिएको छ :-

**यस ऐनको अधीनमा रही कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको देहायका आयहरुलाई निर्धारणयोग्य आय मानिनेछ:-**

(क) **बासिन्दा व्यक्तिको आयको स्रोत जहाँसुकै भएपनि त्यस्तो व्यक्तिको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय, र**

(ख) **गैरबासिन्दा व्यक्तिको आयको स्रोत नेपालमा भएको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय ।**

**तर निर्धारणयोग्य आयमा दफा ११ वा ६४ वा दुबै दफा बमोजिम कर छुट दिइएको कुनै पनि आय समावेश हुने छैन ।**

प्रत्येक आयका शीर्षकहरुमा समावेश गर्नुपर्ने आयलाई समावेश र कट्टा गर्नुपर्ने सबै खर्च घटाई गणना गरिएको आयबाट ऐनको दफा ११ को उपदफा (१) तथा (२) बमोजिम कृषि र सहकारी व्यवसायबाट प्राप्त आय र दफा ६४ को उपदफा (२) बमोजिम स्वीकृत अवकाश कोषमा कर छुट भएकोले त्यस्ता आय घटाउँदा बाँकी रहने रकम निर्धारणयोग्य आय हुन्छ । बासिन्दा व्यक्तिको आयको स्रोत जहासुकै भएपनि सबै आय (Global Income) मा आयकर लाग्दछ भने गैर बासिन्दा व्यक्तिको नेपाल स्रोत भएको आयमा मात्र नेपालमा कर लाग्दछ । नेपाल स्रोत मानिने आय एवम् अन्तर्राष्ट्रिय कर सम्बन्धी कानुनी व्यवस्था र तिनीहरुको अवस्था अनुसारको विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद ३ तथा परिच्छेद १४ मा गरिएको छ ।

### ५.४ करयोग्य आय

करयोग्य आय भन्नाले व्यवसाय, रोजगारी तथा लगानीबाट गणना गरिएको निर्धारणयोग्य आयको कुल जम्मा रकमबाट ऐनको दफा १२, १२क., १२ख., १२ग बमोजिमको चन्दा खर्च, सम्पदा संरक्षण र खेलकुदको विकासमा कम्पनीले गरेको खर्च, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनःनिर्माण कोषमा योगदान गरेको खर्च एवम् स्टार्टअप व्यवसायलाई दिईएको बीउ पूँजी बापतको खर्च वा दफा ६३ बमोजिमको अवकाश योगदान वा पाँचै दफा बमोजिम कुनै दाबी योग्य रकम भए सो घटाई हुन आउने रकमलाई करयोग्य आय भनिन्छ ।

ऐनको दफा ५ बमोजिम करयोग्य आय र आयका शीर्षकहरुको वर्गीकरण निम्नानुसार गरिएको छ :-

**५ कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आय सो वर्षमा देहायका प्रत्येक आयका शीर्षकहरुको निर्धारणयोग्य आयको कुल जम्मा रकमबाट दफा १२, १२क., १२ख,१२ग,६३वा यी सबै बमोजिम कुनै दाबी गरेको रकम भए सो रकम घटाई गणना गरिएको रकम बराबर हुनेछ :-**

(क) **व्यवसाय,**

(ख) **रोजगारी,**

(ग) **लगानी,**

(घ) **आकस्मिक लाभ।**

करदाताको कर दायित्व गणना करयोग्य आयका आधारमा गरिन्छ । करदाताको करयोग्य आय गणना गर्दा निर्धारणयोग्य आयको कुल जम्मा रकमबाट ऐनको दफा १२, १२क., १२ख. बमोजिमको चन्दा खर्च,सम्पदा संरक्षण र खेलकुदको विकासमा कम्पनीले गरेको खर्च एवम्प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च,एवम् स्टार्टअप व्यवसायलाई दिईएको बीउ पूँजी बापतको खर्चवा दफा ६३ बमोजिमको अवकाश योगदान वा पाँचैदफा बमोजिम कुनै दाबी गरेको रकम भए सो रकम घटाई करयोग्य आय गणना गर्नु पर्दछ ।

करयोग्य आय गणना सम्वन्धी व्यवस्था तलको तालिकामा खुलाईएको छः

| **विवरण** | **व्यवसायको आय** | **रोजगारीको आय** | **लगानीको आय** |
|---|---|---|---|
| कारोबार (Inclusions) | दफा ७ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम (उपदफा ३ मा उल्लेख भएका रकम बाहेक) | दफा ८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम (उपदफा ३ मा उल्लेख भएका रकम बाहेक) | दफा ९ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम (उपदफा ३ मा उल्लेख भएका रकम बाहेक) |
| **कट्टी हुने रकम घटाउनेः** | | | |
| दफा १३ देखि २१ बमोजिम दाबी योग्य रकमहरु | कट्टी (Deduction)दाबी गर्न पाउने | लागू नहुने | कट्टी (Deduction) दाबी गर्न पाउने |
| दफा ५९(१क)/(१ख) बमोजिम जोखिम ब्यहोर्ने कोषमा | बैंकिङ व्यवसाय तथा सहकारी संस्थालेकट्टी (Deduction)दाबी गर्न | लागू नहुने | लागू नहुने |

| विवरण | व्यवसायको आय | रोजगारीको आय | लगानीको आय |
|---|---|---|---|
| सारेको रकमहरु | पाउने | | |
| दफा ६०(२)(ख)(३) बमोजिम दाबी योग्य रकमहरु | सामान्य बीमाव्यवसायमाकट्टी (Deduction)दाबी गर्न पाउने | लागू नहुने | लागू नहुने |
| दफा ७१(४) बमोजिमको विदेशमा तिरेको कर | कर मिलान दाबी छोडेको अवस्थामा खर्च दाबी गर्न सक्ने | कर मिलान दाबी छोडेको अवस्थामा खर्च दाबी गर्न सक्ने | कर मिलान दाबी छोडेको अवस्थामा खर्च दाबी गर्न सक्ने |
| | आय | आय | आय |
| **निर्धारणयोग्य आयमा समावेश नहुने रकम घटाउनेः** | | | |
| ऐनको दफा ११ बमोजिम छुट हुने रकमहरु | कर छुट हुने रकम आयबाट घटाउने | लागू नहुने | कर छुट हुने रकम आयबाट घटाउने |
| ऐनको दफा ६४ बमोजिम स्वीकृत अवकाश कोषको कर नलाग्ने आय | कर छुट हुने रकम आयबाट घटाउने | लागू नहुने | लागू नहुने |
| | निर्धारणयोग्य आय | निर्धारणयोग्य आय | निर्धारणयोग्य आय |
| ऐनको दफा १२ बमोजिमको चन्दा रकम | घटाउन दाबी गर्न पाउने | | |
| ऐनको दफा १२क. बमोजिम सम्पदा संरक्षण र खेलकुदको विकासमा गरेको खर्च | कम्पनीले मात्र घटाउन दाबी गर्न पाउने | | |
| ऐनको दफा १२ख. बमोजिम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च | प्राकृतिक व्यक्ति तथा निकायले घटाउन दाबी गर्न पाउने | | |
| ऐनको दफा १२ग. बमोजिम सम्वद्ध व्यक्ति बाहेक बढीमा ५ वटा स्टार्टअप व्यवसायलाई | प्राकृतिक व्यक्ति तथा निकायले घटाउन दाबी गर्न पाउने | | |

| विवरण | व्यवसायको आय | रोजगारीको आय | लगानीको आय |
|---|---|---|---|
| प्रति व्यवसाय बीउ पूँजीको रुपमा दिएको १ लाख सम्मको अनुदान रकम | | | |
| ऐनको दफा ६३ बमोजिमको अवकाश योगदान रकम | प्राकृतिक व्यक्तिले मात्र घटाउन दाबी गर्न पाउने | | |

**करयोग्य आय**

प्राकृतिक व्यक्तिको व्यवसाय, रोजगारी तथा लगानीको शीर्षकबाट आय हुन सक्दछ भने प्राकृतिक व्यक्तिबाहेक अन्य व्यक्ति (निकाय) को व्यवसाय तथा लगानीको शीर्षकबाट आय हुन सक्दछ । कुनै व्यक्तिको एक भन्दा बढी आयका शीर्षकबाट आय भएको खण्डमा ती सबै आयका शीर्षकहरुको कुल निर्धारणयोग्य आय सो आय वर्षको सो करदाताको निर्धारणयोग्य आय हुन्छ । सो आय वर्षको करयोग्य आय गणना गर्न जुनसुकै स्रोतको निर्धारणयोग्य आयबाट कर छुट हुने संस्थालाई दिएको चन्दा, उपहार र अवकाश योगदान घटाउन पाइन्छ ।

५.५ <u>करको गणना र करको दर</u> :

५.५.१ ऐनको दफा ४ मा करको गणना गर्ने र त्यसरी गणना गरिएको रकममा लाग्ने करको दर सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छ :

(१) **कुनै आय वर्षका लागि दफा ३ मा उल्लिखित कुनै व्यक्तिले दाखिला गर्नुपर्ने करको रकम सो दफाको खण्ड (क), (ख) र (ग) मा उल्लिखित कुनै एक वा एक भन्दा बढी व्यक्तिको हैसियतले सो व्यक्तिले दाखिला गर्नुपर्ने करको जम्मा रकम बराबर हुनेछ ।**

ऐनको दफा ३ बमोजिम कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्तिले दाखिला गर्नुपर्ने कर, नेपालमा रहेको वैदेशिक स्थायी संस्थापनले विदेशमा पठाएको आयमा दाखिला गर्नुपर्ने कर तथा अन्तिमरुपमा कर कट्टी हुने भुक्तानीमा दाखिला गर्नुपर्ने कर सो व्यक्तिको कर दायित्व हुनेछ । यदि कुनै व्यक्तिको यस्ता कर सम्बन्धमा एक वा एक भन्दा बढी हैसियत भएको अवस्थामा यस्ता कुल रकम बराबर सो व्यक्तिले दाखिला गर्नुपर्ने कर हुनेछ ।

| |
|---|
| उदाहरण ५.५.१: मानौं, Global Life Insurance Company को शाखा कार्यालय नेपालमा सम्बन्धित निकायबाट ईजाजत लिई व्यवसाय सञ्चालन गरी रहेको गैर बासिन्दा व्यक्तिको नेपाल स्थित स्थायी संस्थापन हो । उक्त निकायले नेपालमा बीमा व्यवसायको करयोग्य आयमा दाखिला गर्नुपर्ने कर, उक्त निकायले अर्को कम्पनीको शेयर खरिद गरे बापत प्राप्त लाभांशमा कट्टी भएको कर रकम तथा सो निकायले मुनाफा आफ्नो Parent Companyलाई पठाएको खण्डमा त्यस्तो विदेशमा पठाएको आयमा अनुसूची-१ को दफा २ को उपदफा (६) बमोजिम दाखिला गर्नुपर्ने कर सो निकायको फरक फरक हैसियतले दाखिला गर्नुपर्ने जम्मा कर रकम हुनेछ । |

(२) **दफा ३ को खण्ड (क) बमोजिमको कुनै व्यक्तिले दाखिला गर्नुपर्ने करको गणना गर्दा सो आय वर्षका लागि सो व्यक्तिको करयोग्य आयमा अनुसूची-१ मा उल्लिखित सम्बन्धित दरहरु लगाई गणना गर्नु पर्नेछ । यसरी करको गणना गर्दा दफा ५१ वा ७१ वा दुबै**

**दफा बमोजिम सो व्यक्तिले दाबी गरेको कुनै कर मिलान गर्न पाउने रकम कटाई गणना गर्नु पर्नेछ ।**

प्राकृतिक व्यक्तिले दाखिला गर्नुपर्ने कर रकमबाट सो व्यक्तिले ऐनको दफा ५१ बमोजिम दाबीयोग्य औषधि उपचार बापत कर मिलान (Medical Tax Credit)वा ऐनको दफा ७१ बमोजिम दाबी योग्य वैदेशिक कर मिलान (Foreign Tax Credit)वा दुबै रकम कर मिलान गरी कर दायित्वबाट घटाउन सक्नेछ ।

उपर्युक्त अवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण ५.५.२ः मानौं, संकल्प थापा भन्ने बासिन्दा व्यक्तिको आ.व.२०७६।७७ मा विदेश स्रोत भएको रोजगारी आय रु.७,००,०००।- रहेछ र निजले सो आयको स्रोत भएकै मुलुकमा रु.५५,०००।- आयकर समेत तिरेका रहेछन् । निजले सो वर्ष औषधि उपचार बापत रु.५,०००।- खर्च गरेका रहेछन् । यदि निज एकल व्यक्ति रहेको अवस्थामा निजको सो आय वर्षको करको दायित्वको गणना निम्नानुसार गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| निर्धारणयोग्य विदेशी स्रोत भएको आय रु. | | ७,००,०००।- |
| छुट रकम | | - |
| करयोग्य आय रु. | | ७,००,०००।- |
| करको गणना | | |
| रु.४००,०००।-मा १% ले | ४,०००।- | |
| रु.१००,०००।-मा १०% ले | १०,००० | |
| बाँकी रु.२,००,०००।-मा २०% ले | ४०,०००।- | |
| जम्मा कर दायित्व रु. | ५४,०००।- | |
| विदेशी कर मिलान गर्नु अगाडि दाखिला गर्नुपर्ने करको रकम रु. | ५४,०००।- | |
| नेपालको करको औसत दर (विदेशी कर मिलान गर्नु अगाडि दाखिला गर्नुपर्ने करको रकम/करयोग्य आय) | ७.७१% | |
| दाबी योग्य वैदेशिक कर मिलान रकमरु. (नेपालको करको औसत दर x निर्धारणयोग्य विदेशी आय) | ५३,९७०।- | |
| विदेशमा तिरेको कररु. | ५५,०००।- | |
| आगामी वर्ष सारी दाबी गर्न मिल्ने रकम (दाबी गर्न बाँकी विदेशमा तिरेको कर) रु. | १,०३०।- | |

जम्मा कर दायित्वमा विदेशमा तिरेको कर मिलान गर्दा कर दायित्व बाँकी नरहेकोले गर्दा यस वर्ष गरेको औषधि उपचार खर्चको कर मिलान यस वर्ष मिलान हुन नसकेको मानी आगामी वर्ष सारी दाबी गर्न पाइनेछ ।

(३) **उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सबै अवस्थाहरु पूरा गरेका दफा ३ को खण्ड (क) बमोजिमको बासिन्दा प्राकृतिक व्यक्तिले दाखिला गर्नुपर्ने कर त्यस्ता बासिन्दा प्राकृतिक व्यक्तिलाई सो आय वर्षमा रोजगारदाताबाट दिइएका भुक्तानीबाट दफा ८७ बमोजिम कट्टी भएको कर रकमको जम्मा रकम बराबर हुनेछ :-**

(क) सो आय वर्षको आयमा नेपालमा स्रोत भएको कुनै रोजगारीको आयमात्र समावेश भएको,

(ख) सो आय वर्षमा सबै रोजगारदाता बासिन्दा व्यक्ति भएको र एक पटकमा एउटामात्र रोजगारदाता भएको, र

(ग) रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च बापतको कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दाबी गरेको तथा दफा १२ बमोजिम चन्दा बापत खर्च घटाउन दाबी नगरेको ।

यस्तो अवस्थामा सो व्यक्तिले दाखिला गर्नुपर्ने कर त्यस्ता व्यक्तिलाई सो आय वर्षमा रोजगारदाताबाट दिइएका भुक्तानीबाट ऐनको दफा ८७ बमोजिम स्रोतमा कर कट्टी भएको कर रकमको जम्मा रकम बराबर हुनेछ ।

ऐनको दफा ४(३) अनुसार एकपटकमा एउटा मात्र रोजगारदाता भएको र रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च बापत कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दाबी गरेको तथा चन्दा बापत खर्च घटाउन दाबी नगरेको अवस्थामा निजले तिरेको र तिर्नुपर्ने रोजगारी आयको कर ऐनको दफा ८७ अनुसार कट्टी गरेको भएमा निजले आय विवरण भर्न नपर्ने हुन्छ । आय वर्षको बीचमा रोजगारदाता परिवर्तन भएका करदाताले यस्तो सुविधा प्राप्त गर्न पहिलो रोजगारदाताबाट प्राप्त गरेको भुक्तानी, सो भुक्तानीमा कट्टी भएको करसमेत खुलेको कर कट्टीको प्रमाणपत्र दोस्रो रोजगारदाता समक्ष पेश गरेको हुनु पर्दछ । दोस्रो रोजगारदाताले पनि पहिलो रोजगारदाताले गरेको भुक्तानी र सो भुक्तानीमा गरेको कर कट्टी समायोजन गरी आफूले गरेको भुक्तानीमा कर गणना गरी दफा ८७ बमोजिम भुक्तानीमा कर कट्टी गरेको हुनु पर्दछ । एकै पटकमा एकभन्दा बढी रोजगारदाता भएको अवस्थामा भने निजले आय विवरण भर्नु पर्दछ ।

| |
|---|
| उदाहरण ५.५.३ : मानौं, हरिश माथेमा भन्ने एक जना कर्मचारी आ.व. २०७०।७१ मा ने.बै.लि. मा कार्यरत रहेछन् । निजको ने.वै.लि. बाहेक अन्यत्र रोजगारी लगायत अन्य कुनै आय रहेनछ । निजले सो आ.व.मा ने.बै.लि. बाट रु.५,००,०००।-तलब तथा भत्ता प्राप्त गरेका रहेछन् । ने.बै.लि.ले सो वर्ष निजको लागि ने.बै.लि. अवकाश कोषमा रु.८०,०००।- जम्मा गरिदिएको तथा निजको तलबबाट कटाई संस्थाले नै नागरिक लगानी कोषमा रु.२०,०००।-जम्मा गरिदिएको रहेछ । निजले अवकाश कोषमा जम्मा गरेको योगदान बापतको रकम घटाउन दाबी गरेको तर निजले चन्दा खर्च तथा औषधि उपचार बापत कर मिलानको लागि दाबी नगरेको खण्डमा निजले आय विवरण पेश गर्नु पर्दैन । यस अवस्थामा पारिश्रमिक भुक्तान गर्दा ऐनको दफा ८७ अनुसार ने.बै.लि. ले कट्टा गरेको कर रकम नै निजको कर दायित्व हुन्छ । |

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सबै अवस्थाहरु पूरा गरेका दफा ३ को खण्ड (क) बमोजिमको बासिन्दा प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा दाखिला गर्नुपर्ने कर अनुसूची-१ को दफा १ को उपदफा (७) मा उल्लिखित रकम बराबर हुनेछ ।

(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको,

(क१) औषधि उपचार खर्च बापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी बापत दफा ९३ बमोजिम कर मिलान गर्न दाबी नगरेको,

(ख) व्यवसायबाट प्राप्त आय तीन लाख रुपैयाँसम्म र व्यवसायको कारोबार तीसलाख रुपैयाँ भन्दा बढी नभएको, र,

(ग) ..............,

(घ) .............. ।

निश्चित सीमासम्मको कारोबार गर्ने करदातालाई कर दाखिला सरलीकृत गरी पूर्वानुमानित (Presumptive) रुपमा आयकर दायित्व यकिन गरी कर दाखिलालाई सहज बनाउनु यस उपदफाको उद्देश्य रहेको छ । यो व्यवस्था बासिन्दा प्राकृतिक व्यक्तिको नेपालमा स्रोत भएको आय मात्र भएमा लागू हुन्छ । साथै, यो व्यवस्था लागू हुन वार्षिक कारोबार **तीस**लाख रुपैयाँ र आय **तीन** लाख भन्दा बढी हुनु हुँदैन । यो व्यवस्था लागू गरी पाउँन करदाताले छनौट गर्नुपर्ने हुन्छ । यस प्रयोजनको निमित्त अनुसूची-१ को दफा १ को उपदफा (७) मा करको दायित्व निम्नानुसार हुने व्यवस्था रहेको छ ।

(क) **महानगरपालिका वा उप–महानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमासात हजार पाँच सय रुपैयाँ,**

(ख) **नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा चार हजार रुपैयाँ,**

(ग) **खण्ड (क) र (ख) मा उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा दुई हजार पाँच सय रुपैयाँ।**

ऐनको उक्त व्यवस्था बमोजिम पूर्वानुमानित आयकर दाखिला गर्ने व्यक्तिले भुक्तानी प्राप्त गर्दा ऐनको दफा ८८ वा ८९ बमोजिम स्रोतमा कर कट्टी भएको कर रकम वा Medical Tax Creditआफ्नो कर दायित्वसँग मिलान गर्न सक्ने छैन ।

| |
|---|
| उदाहरण ५.५.४: मानौं, मिण्टु जोनाथन भन्ने व्यक्तिको जेनिथ उद्योग नामकोएकलौटी व्यवसाय(Proprietary Firm) काठमाडौंको बानेश्वरमा रहेछ । उक्त उद्योगले आ.व. २०७६।७७ मा रु.१४ लाखको बिक्री गरेको रहेछ । उक्त उद्योगले सो वर्ष रु.१,४२,०००।- आय आर्जन गरेको रहेछ । उक्त आयमा सो उद्योगले बैंकबाट रु.१०,०००।- को १५ प्रतिशतले हुने रु. १,५००।-कर कट्टा गरी प्राप्त गरेको ब्याज रु.८,५००।-समेत समावेश रहेछ । सो वर्ष निजले औषधि उपचारमा रु.६,०००।- खर्च समेत गरेका रहेछन् । निज मिण्टु जोनाथनले ऐनको दफा ४ को व्यवस्था लागू हुने गरी छनौट गरेका रहेछन् भने निजको करको दायित्व अनुसूची-१ को दफा १ को उपदफा (७) बमोजिम रु.७,५००।- हुनेछ । तर, सो उद्योगको निक्षेपको ब्याज आम्दानीबाट कट्टा भई दाखिला भएको अग्रिम कर रु.१,५००।-निजले आफ्नो कर दायित्वसँग मिलान गर्न पाउने छैनन् तथा निजले औषधि उपचारमा खर्च गरेको भए पनि सो बापत ऐनको दफा ५१ बमोजिम कट्टी गर्न पाउने कर आफ्नो कर दायित्वसँग मिलान गर्न पाउने छैनन् । |

(४क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्था पूरा गरेका दफा ३ को खण्ड (क) बमोजिमको बासिन्दा प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा कारोबारको आधारमा दाखिला गर्नुपर्ने कर अनुसूची -१ को दफा १ को उपदफा (१७) मा तोकिएको दर अनुसार गणना गरिएको रकम बराबर हुनेछ :-

(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आयमात्र भएको,

(ख) व्यवसायबाट प्राप्त करयोग्य आय दश लाख रुपैयाँसम्म र व्यवसायको कारोवार तीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँभन्दा घटी भएको,

(ग) ..........................................

(घ) चिकित्सक, इञ्जिनियर, लेखापरीक्षक, कानुन व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको ।

उपर्युक्त बमोजिम कारोबार रकमको गणना गर्दा तीसलाख रुपैयाँसम्मको कारोबारमा ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र सोभन्दा बढीको कारोबार रकममा निम्न बमोजिमको दरले कर लाग्ने व्यवस्था ऐनको अनुसुची-१ को दफा १ को उपदफा (१७) मा रहेको छ ।

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोवार रकमको शुन्य दशमलव दुई पाँच प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोवारको शुन्य दशमलव तीन प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको एक प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोवार रकमको शुन्य दशमलव आठ प्रतिशत,

(ग) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत ।

**(५) दफा ३ को खण्ड (ख) बमोजिमको विदेशी स्थायी संस्थापनले दाखिला गर्नुपर्ने करको गणना गर्दा त्यस्तो संस्थापनले सो आय वर्षमा विदेश पठाएको आयमा अनुसूची-१ को दफा २ को उपदफा (६) मा उल्लिखित दर लगाई गणना गर्नु पर्नेछ ।**

विदेशी स्थायी संस्थापनलाई बासिन्दा व्यक्ति सरह कर लगाइन्छ र विदेशमा पठाएको आयलाई लाभांश सरह मानिन्छ । नेपाल स्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा अनुसूची-१ को दफा २ को उपदफा (६) मा उल्लेख गरे अनुसारको पाँच प्रतिशतका दरले कर लाग्दछ ।

| |
|---|
| उदाहरण ५.५.५ : मानौं, Global Life Insurance Company को शाखा कार्यालय सम्बन्धित निकायबाट इजाजत लिई नेपालमा व्यवसाय सञ्चालन गरिरहेको गैर बासिन्दा व्यक्तिको नेपाल स्थित स्थायी संस्थापन रहेछ । उक्त निकायले आर्थिक वर्ष २०७५।७६ मा नेपालमा लगानी बीमा व्यवसायबाट रु.तीन करोड पचास लाख आय आर्जन गरेको रहेछ । सो वर्ष रु.दुई करोड आफ्नो Parent Companyलाई पठाएको रहेछ । यसरी विदेशमा पठाएको आयमा अनुसूची-१ को दफा २ को उपदफा (६) बमोजिम ५ प्रतिशतले हुन आउने रकम रु.१० लाख कर दाखिला गर्नुपर्नेछ । |

**(६) दफा ३ को खण्ड (ग) बमोजिमको व्यक्तिले दाखिला गर्नुपर्ने कर सो व्यक्तिले सो आय वर्षमा प्राप्त गरेको अन्तिम रुपमा कर कट्टी हुने प्रत्येक भुक्तानीको रकममा दफा ८७, ८८, ८८क. र ८९ मा उल्लिखित दर लगाई गणना गरिएको जम्मा रकम बराबर हुने छ ।**

ऐनको दफा ९२ मा उल्लेख गरिएको अन्तिम रुपमा कर कट्टी हुने भुक्तानीलाई आयमा समावेश गर्नुनपर्ने भएको कारण त्यस्ता भुक्तानीमा ऐनको दफा ८७, ८८, ८८क., र ८९ मा तोकिएको करको दर लगाई गणना गरिएको जम्मा रकमलाई कर दायित्व मानिन्छ । भुक्तानीमा गरिनुपर्ने कर कट्टी तथा अन्तिम कर कट्टी हुने भुक्तानी सम्बन्धीप्रावधान यसै निर्देशिकाको परिच्छेद १६ मा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

५.५.२ व्यक्तिको करको दायित्व गणना गर्दा करयोग्य आयबाट ऐनको अनुसूची-१ को दफा १ वा दफा २ मा उल्लिखित व्यवस्था एवम् दर प्रयोग गरी गर्नु पर्दछ । यसको व्यहोरा तल उल्लिखित तालिकामा खुलाइएको छ ।

प्राकृतिक व्यक्तिका लागि

| | दफा ५ | करयोग्य आय |
|---|---|---|
| करको दर | अनुसूचि- १ को दफा १ | |
| करयोग्य आयबाट घटाउने | | |
| | उपदफा (१) | व्यक्तिगत सीमा (एकलौटी फर्म भएमा समेत) |
| | उपदफा (२) | दम्पति वा आश्रित भएको विधुर विधवा सीमा (एकलौटी फर्म भएमा समेत) |
| | उपदफा (५) | दुर्गम भत्ता |
| | उपदफा (६) | वैदेशिक भत्ता |
| | उपदफा (९) | निवृत्तभरण सीमा(आ.व.२०७७७८ मा नपाउने) |
| | उपदफा (१०) | अपाङ्गता सीमा |
| | उपदफा (१२) | जीवन बीमा |
| | उपदफा (१६) | स्वास्थ्य बीमा |
| | उपदफा (१६क) | निजी भवनको बीमा |
| अनुसूचि-१ को दर | | बाँकी करयोग्य आयमा |
| घटाउने | उपदफा (११) | महिला रोजगार कर मिलान |
| | दफा ५१ | औषधोपचार कर मिलान |
| | दफा ७१ | वैदेशिक कर मिलान |
| कर दायित्व | | |
| निकायका लागि | | |
| करयोग्य आय | दफा ५ | |
| करको दर | अनुसूचि-१ को दफा २ | |
| घटाउने | | |
| | दफा ७१ | वैदेशिक कर मिलान |
| करको दायित्व | | |

नोटः तिर्न पर्ने बाँकी करमा निम्न कर मिलान गर्न पाइन्छः

१. गत वर्षसम्ममा भुक्तान गरेको करमध्ये बाँकी रहेको कर रकम,

२. अन्तिम रुपमा कर कट्टी हुने भुक्तानीबाहेक अन्य भुक्तानीमा कट्टा भएको कर रकम,

३. भुक्तानीमा कट्टा नभएको तर भुक्तानीकर्ताले जम्मा गरिदिएको कर,

४. किस्ताबन्दीमा तिरेको कर,

५. संशय कर निर्धारण भई तिरेको कर (आंशिक आय वर्षको),

करको दर एवम् सो दर लागू हुने सम्बन्धमा यसै निर्देशिकाको परिच्छेद २३ मा विस्तृत वर्णन गरिएको छ ।

# परिच्छेद ६

## आयमा समावेश हुने रकमहरु

## (Inclusions)

६.१ आयकर ऐन, २०५८ मा व्यक्तिको करयोग्य आयमा कर लगाउने व्यवस्था रहेको छ । यो ऐनले आयका शीर्षक एवं आयमा समावेश हुने रकमहरुका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । आय आर्जनका क्रियाकलापलाई रोजगारी, व्यवसाय, लगानी र आकस्मिक लाभका आय गरी चार भागमा विभाजन गरिएको छ । जसलाई यस ऐनको परिच्छेद ३ को दफा ७, ८ र ९ मा विस्तृत रूपमा वर्णन गरिएको छ । यसरी आयमा समावेश हुने रकमका व्यवस्थालाई प्रकाश पार्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

**६.२ व्यवसायबाट भएको आयमा समावेश हुने रकमहरु**

६.२.१ ऐनको दफा ७ को उपदफा (१) मा व्यवसायबाट भएको आयको गणनाको सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**७(१) कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभहरु सो व्यक्तिको सो व्यवसायको सो वर्षको आय हुनेछ ।**

आयकर ऐन, २०५८ को दफा २ (कज) अनुसार व्यवसाय भन्नाले"**कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकारका विगत, वर्तमान वा भावी व्यवसायहरुलाई समेत जनाउँछ । तर यस शब्दले रोजगारीलाई जनाउने छैन ।**" भनी परिभाषित गरिएको छ ।

यस्ता कुनै व्यवसाय सञ्चालनबाट प्राप्त भएको आम्दानीबाट खर्च घटाई बाँकी रहने मुनाफा र अन्य सम्पत्तिको निःसर्गबाट भएको लाभको कूल रकमलाई व्यवसायको आय मानिएको छ ।

**६.२.२ व्यवसायको आयमा समावेश हुने रकमहरु**

कुनै पनि व्यक्तिको व्यवसायको आय अर्थात मुनाफा र लाभको गणना गर्दा ऐनको दफा ७ को उपदफा (२) मा उल्लिखित निम्नानुसार रकमहरु समावेश गरी गर्नु पर्दछ :

७(२) **कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको देहायका रकमहरु समावेश गरी गणना गर्नु पर्नेछ :-**

७(२)(क) **सेवा शुल्क,**

सेवा शुल्क भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवाबापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क (Management Fee) वा प्राविधिक सेवा शुल्क (Technical Service Fee)लाई समेत जनाउँछ । उदाहरणको लागि, परामर्शदातालाई निजले सेवा उपलब्ध गराए बापत दिइने भुक्तानी (Consultancy Fee), लेखापरीक्षण सेवा उपलब्ध गराएबापत लेखापरीक्षकलाई दिइने पारिश्रमिक, तर कर्मचारी आन्तरिक लेखापरीक्षक भए निजलाई दिइने तलबभने पारिश्रमिक अन्तर्गत पर्दछ ।

ऐनको दफा २ को खण्ड (कम) मा सेवा शुल्कलाई निम्नानुसार परिभाषित गरिएको छ : **"सेवा शुल्क" भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ ।**

**७(२)(ख) व्यापारिक मौज्दातको निःसर्गबाट प्राप्त रकम,**

व्यापारिक मौज्दातको बिक्री वा अन्य कुनै किसिमले भएको निःसर्गबाट प्राप्त रकमलाई व्यवसायको आय गणना गर्दा समावेश गर्नु पर्दछ । यहाँ व्यापारिक मौज्दात भन्नाले बिक्रीयोग्य वस्तुलाई लिइएको छ । कुनै पनि व्यवसायको मुख्य कारोबारबाट प्राप्त हुने रकमलाई व्यापारिक मौज्दातको निःसर्गबाट प्राप्त गरिने रकम मानी गणना गर्नु पर्दछ । व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष (जस्तै, Packing Material) रूपमा बिक्रीको प्रयोजनको लागि राखिएका सम्पत्तिहरुलाई व्यापारिक मौज्दात भनिन्छ । त्यसैगरी उत्पादनको क्रममा रहेको कार्य प्रगति ( Work-in progress) लाई पनि व्यापारिक मौज्दात भनिन्छ । व्यक्तिको व्यवसायको आधारमा यस्तो वस्तुको उदाहरण फरक फरक हुन सक्दछ । जस्तै, फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यक्तिको लागि भने सो ह्रासयोग्य सम्पत्ति मानिन्छ । ऐनको दफा २ को खण्ड (कञ) मा व्यापारिक मौज्दातलाई निम्नानुसार परिभाषित गरिएकोछ :

**“व्यापारिक मौज्दात” भन्नाले कुनै व्यक्तिको स्वामित्वमा रहेको निजद्वारा सञ्चालित नियमित व्यवसायको क्रममा बिक्री गरिने सम्पत्ति, कार्य प्रगतिमा रहेको सम्पत्ति र सम्पत्तिमा समाबिष्ट हुने सामाग्रीहरुको मौज्दात सम्झनु पर्छ ।**

**तर यस शब्दले विदेशी मुद्रामा रहेको सम्पत्तिलाई जनाउँने छैन ।**

**७(२)(ग) परिच्छेद-८ बमोजिम गणना गरिएको कुनै व्यक्तिको व्यावसायिक सम्पत्ति वा व्यावसायिक दायित्वको निःसर्गबाट प्राप्त खुद लाभ,**

माथि खण्ड (क) मा उल्लिखित सेवा शुल्क र खण्ड (ख) मा उल्लिखित व्यापारिक मौज्दातको निःसर्गबाट प्राप्त रकमसमेत भुक्तानी पाएको वा भुक्तानी पाएको मानिने पुरै रकम (Gross Receipt) आयमा समावेश गर्नु पर्दछ भने खण्ड (ग) बमोजिम भुक्तानी भएको पुरै रकम आयमा समावेश नगरी ऐनको परिच्छेद ८ बमोजिम खुद लाभ वा नाफा गणना गरी खुद लाभ भएको रकम मात्र आयमा समावेश गर्नु पर्दछ ।

व्यावसायिक सम्पत्ति र दायित्वको निःसर्ग (Disposal) बाट हुने लाभ गणना यस ऐनको परिच्छेद-८ अनुसार गरिन्छ । सम्पत्तिको हकमा, बिक्री वा किस्ताबन्दीमा बिक्री गरी, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, नासिई, हराई, अंशबण्डा वा हक हस्तान्तरण गरी, साटासाट गरी वा कुनै तवरबाट आफ्नो स्वामित्व हट्ने माध्यमलाई सम्पत्तिको निःसर्ग (Disposal) मानिन्छ । त्यस्तै, दायित्वको हकमा दायित्व भुक्तान गरी, दायित्वबाट मुक्त भई, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, दायित्व रद्द भई वा कुनै पनि माध्यमबाट दायित्व मुक्त भएको खण्डमा दायित्वको निःसर्ग मानिन्छ । सम्पत्ति तथा दायित्वको निःसर्गका सम्बन्धमा थप व्याख्या यसै निर्देशिकाको परिच्छेद २२ मा गरिएको छ । उक्त परिच्छेद अनुसार गणना गरिएको खुद लाभ (Net Gain) लाई व्यावसायिक आय मानिने हुँदा यस दफा अनुसार व्यवसायको आय गणना गर्दा समावेश गर्नु पर्दछ । व्यावसायिक सम्पत्तिमा व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिबाहेक अन्य सम्पत्ति, जस्तैः- शेयर, जग्गा, लिनु पर्ने रकम, पेश्की हिसाब, नगद तथा बैङ्क मौज्दात आदि पर्दछन् । ऐनको दफा २ को खण्ड (कट) मा व्यावसायिक सम्पत्तिलाई निम्नानुसार परिभाषित गरिएको छः **“व्यावसायिक सम्पत्ति” भन्नाले कुनै व्यवसायमा प्रयोग गरिएको कुनै सम्पत्ति सम्झनु पर्छ ।**

**तर यस शब्दले व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिलाई जनाउँने छैन ।**

यसै निर्देशिकाको परिच्छेद २ मा व्यावसायिक सम्पत्तिबारे थप व्याख्या गरिएको छ ।

**७(२)(घ) व्यवसायको ह्रासयोग्य सम्पत्तिको निःसर्गबाट अनुसूची-२ को दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम प्राप्त गरेको मानिने रकम,**

समय एवम् उपभोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति मानिन्छ । व्यक्तिको व्यवसायको प्रकृतिको आधारमा यस्तो वस्तुको उदाहरण फरक फरक हुन सक्दछ । जस्तै, फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यवसाय वा लगानीमा त्यसको प्रयोग भएको छ भने सो ह्रासयोग्य सम्पत्ति मानिन्छ । सामान्यतयाः समय एवम् उपभोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिको उपभोग गरी आय आर्जन गर्ने कार्य भएको छ भने त्यस्तो सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति भनिन्छ । ऐनको दफा २ को खण्ड (कर) मा ह्रासयोग्य सम्पत्तिलाई निम्नानुसार परिभाषित गरिएको छ :

**"ह्रासयोग्य सम्पत्ति" भन्नाले कुनै व्यवसाय वा लगानीमा आय आर्जनको लागि प्रयोग गरिएका टुटफुट, पुरानो हुँदै गएको वा समय व्यतीत हुदै गएको कारणबाट मूल्यमा ह्रास हुने सम्पत्ति सम्झनु पर्छ ।**

**तर यस शब्दले व्यापारिक मौज्दातलाई जनाउँने छैन ।**

ह्रासयोग्य सम्पत्तिको कुनै पनि वर्ग (Pool) मा रहेका सम्पूर्ण सम्पत्तिको ह्रासको आधार (ह्रास खर्च कट्टी गर्नु पूर्वको रकम) रकमलाई सोही वर्गको कुनै सम्पत्ति बिक्री वा निःसर्गबाट प्राप्त रकमबाट घटाउँदा सम्पत्तिको निःसर्गबाट प्राप्त रकमभन्दा उक्त वर्गको सम्पूर्ण सम्पत्तिको ह्रास आधार रकम कम भएमा बढी भएजतिको रकमलाई यस दफा अन्तर्गत लाभ मानी आय गणना गर्नु पर्दछ । जुन तल उल्लेख गरिएको उदाहरणहरुबाट प्रष्ट हुन्छ ।

उदाहरण ६.२.१: मानौं, ABC कम्पनीको आ.व.२०६५।६६ को लागि ह्रासकट्टी गर्नुपूर्व ''ख'' वर्गमा पर्ने निम्नानुसारका सम्पत्तिहरु रहेछन् :

वर्ग''ख'' मा वर्षको शुरुमा फर्निचर र कम्प्युटर गरी सो वर्षको शुरुको ह्रास आधार रु. ९,००,०००।- रहेकोमा फर्निचर बिक्रीरु.१०,००,०००।- भएमा मुनाफा र लाभमा समावेश हुने रकम निम्नानुसार रु.१,००,०००।- हुन्छ ।

| | |
|---|---|
| ''ख'' वर्गको सम्पूर्ण सम्पत्तिको ह्रास आधार (अ) | रु.९,००,०००।- |
| ''ख'' वर्गमा पर्ने सम्पत्तिमध्ये फर्निचरको निःसर्गबाट प्राप्त (आ) | रु.१०,००,०००।- |
| लाभ (आ-अ) : | रु. १,००,०००।- |

उदाहरण ६.२.२: मानौं, माथि उदाहरण ६.२.१ मा उल्लेख गरिएको उदाहरणमा फर्निचर रु. ८,००,०००।- मा मात्रै बिक्री भएको अवस्थामा भने ''ख'' वर्गको सम्पत्तिको ह्रास आधार रु. १,००,०००।- मात्रै हुन्छ र सोही अनुसार ह्रास खर्च दाबी गरिन्छ ।

| | |
|---|---|
| ''ख'' वर्गको सम्पूर्ण सम्पत्तिको ह्रास आधार | रु.९,००,०००।- |
| ''ख'' वर्गमा पर्ने सम्पत्तिमध्ये फर्निचरको निःसर्गबाट प्राप्त रकम | रु.८,००,०००।- |
| ह्रासयोग्य आधार : | रु.१,००,०००।- |

फर्निचरको निःसर्गबाट कुनै नाफा भएमा करदाताको वित्तीय विवरणको नाफा नोक्सानी (Financial Accounting) हिसाबमा नाफामा समावेश गरिएतापनि आयकर प्रयोजनको लागि भने समूहगत आधारमा लाभ गणना गर्नुपर्ने हुन्छ । सम्पत्तिगत आधारमा भएको लाभलाई आयमा समावेश गर्नु पर्दैन । कुनै सम्पत्तिको समूहमा रहेका सबै सम्पत्ति निःसर्ग भएको अवस्थामा मात्र आयकर प्रयोजनका लागि लाभ वा नोक्सानीको गणना गरी आय विवरणमा आय वा खर्चको रूपमा समावेश गर्नु पर्दछ ।

उदाहरण ६.२.३: माथि उल्लेख गरिएको उदाहरण नं. ६.२.१ मा उल्लेख भएको "ख" वर्गमा रहेका फर्निचर तथा कम्प्युटर सामान सम्पूर्ण नै बिक्री भएको अवस्थामा उक्त पुल विघटन भएको मानिन्छ । मानौं, फर्निचर रु.१०,००,०००।- मा र कम्प्युटर रु.५,००,०००।- गरी जम्मा रु.१५,००,०००।- मा बिक्री भएको अवस्थामा उक्त समूहको

विघटनको लाभ वा नोक्सान गणना निम्नानुसार गरिन्छ ।

| | |
|---|---|
| सम्पत्ति समूह "ख" को निःसर्गबाट प्राप्त रकम | रु.१५,००,०००।- |
| सम्पत्ति समूह "ख" को ह्रासकट्टी आधार | रु.९,००,०००।- |
| सम्पत्ति समूह "ख" को विघटनबाट भएको लाभ : | रु.६,००,०००।- |

यसरी समूहको विघटनबाट भएको लाभलाई आय गणना गर्दा आयमा समावेश गर्नुपर्दछ ।

उदाहरण ६.२.४ : माथि उदाहरण नं. ६.२.१ मा उल्लेख गरिए अनुसार कम्प्युटर बिग्रेर काम नलाग्ने भयो वा उक्त कम्प्युटर चोरी भयो । त्यस्तो अवस्थामा ऐनको दफा ४० बमोजिम निःसर्ग भएको मानिन्छ र निम्नानुसार गणना गरिन्छ ।

| | |
|---|---|
| ह्रास आधार | रु.९,००,०००।- |
| निःसर्गबाट प्राप्त रकम | ०।- |
| बाँकी ह्रास आधार | रु.९,००,०००।- |

उल्लिखित उदाहरणमा सम्पूर्ण "ख" वर्गको सम्पत्ति वर्ग विघटन नभएको हुँदा आगामी आय वर्षमा सोही बाँकी ह्रास आधार बमोजिम ह्रास खर्च दाबी गर्नुपर्दछ ।

**७(२)(ङ) व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार,**

व्यवसायका क्रममा कुनै व्यक्तिबाट प्राप्त गरेका उपहार छन् भने सो उपहारलाई पनि व्यवसायको आयमा समावेश गर्नु पर्दछ । उक्त अवस्था तलको उदाहरणमा खुलाइएको छः

उदाहरण ६.२.५: मानौं, दिवाकर भन्ने व्यक्ति कुनै टि.भि. कम्पनीको डिलर रहेछन् । आ.व. २०६५।६६मा सो टि.भि. कम्पनीले तोकेको लक्ष्य हासिल गर्न सकेकोले निजलाई सो कम्पनीले रु.५०,०००।- मूल्य पर्ने Music System उपहार उपलब्ध गराएको रहेछ । यसरी प्राप्त भएको थप प्रतिफललाई व्यवसायका सम्बन्धमा प्राप्त भएको उपहार मानिन्छ र त्यस्तो उपहारलाई व्यवसायको आयमा समावेश गर्नु पर्दछ ।

ऐनको दफा २ को खण्ड (ञ) मा उपहारलाई निम्नानुसार परिभाषित गरिएको छ :**"उपहार" भन्नाले कुनै प्रतिफल बिनाको भुक्तानी वा प्रतिफल सहितको भुक्तानी भएमा प्रतिफलको बजार मूल्य भन्दा भुक्तानीको बजार मूल्य बढी भएमा बढी भएको हदसम्मको भुक्तानी सम्झनु पर्छ ।**

**७(२)(च) व्यवसायसञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त गरेको रकम,**

व्यवसाय सञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरेका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट पारिएको छ ।

उदाहरण ६.२.६: मानौं, नेपाल रसबेरी फ्याक्ट्री र जुसबेरी कं.प्रा.लि.बीचमा कमलादी क्षेत्रमा रसबेरीले आफ्नो उत्पादन बिक्री नगरे बापत जुसबेरीले मासिक रु.१ लाख दिने भन्ने सम्झौता (Contract) भएको रहेछ भने यस अवस्थामा रसबेरीले उक्त प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त रु.१ लाख आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

**७(२)(छ) कुनै व्यक्तिले प्राप्त गरेको रकम लगानीबाट हुने आयमा समावेश हुने प्रकृतिको भए तापनि त्यस्तो व्यक्तिले आफ्नो व्यवसायसँग प्रत्यक्ष रूपमा सम्बन्धित भई प्राप्त गरेको रकम, र**

केही अपवाद बाहेक कम्पनीको कारोबार व्यावसायिक कारोबार मात्र हुन्छ । अर्थात कम्पनीको लगानी वा रोजगारीको आय नभई व्यवसायको आय मात्र रहने हुन्छ । यसै सन्दर्भमा कारोबार लगानी जस्तो भएतापनि कम्पनीको लागि त्यस्तो कारोबार व्यावसायिक कारोबारको दायरामानै आउँछ । जस्तै, बैङ्क तथा वित्तीय संस्थाहरुले कर्जा लगानीबाट प्राप्त गरेको ब्याज आयलाई यस दफा अन्तर्गत आय गणना गर्ने प्रयोजनको लागि यसै खण्ड

अन्तर्गत समावेश गर्नु पर्दछ । वास्तवमा कर्जा लगानीबाट भएको आय सामान्यतया लगानीबाट गरिएको आर्जन भएतापनि व्यवसायको मुख्य कारोबार नै कर्जा लगानी भएको हुँदा यसै खण्डमा ब्याज आय समावेश गरी विवरण भर्नु पर्दछ ।

**७(२)(ज) परिच्छेद-६ वा ७ वा दफा ५६ वा ६० बमोजिम समावेश गरिनु पर्ने अन्य रकमहरु ।**

ऐनको परिच्छेद-६ मा उल्लेख भए बमोजिमकर प्रयोजनको लागि कुनै व्यक्तिको लेखाङ्कन तरिका विभागबाट स्वीकृति लिई परिवर्तन गरेको खण्डमा वा सोही परिच्छेदका अन्य दफामा भएको व्यवस्थाको कारणबाट लेखाङ्कन तरिका परिवर्तन भएमा परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकमहरुमा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नु पर्नेछ । उक्त व्यहोरा तलको उदाहरणबाट स्पष्ट पारिएको छ :

उदाहरण ६.२.७: मानौं, देवेन महरा एक कानुन व्यवसायी रहेछन् । निजले आफ्नो पेशाबाट प्राप्त हुने आय नगदको आधारमा लेखाङ्कन गरी आएका रहेछन् । निजले आ.व.२०६५।६६मा Cash Basisबाट Accrual Basis मा लेखाङ्कन तरिका परिवर्तन गर्न विभागसमक्ष निवेदन दिएका रहेछन् । हिसाब किताब प्रचलित लेखा सिद्धान्तसँग मेल खाने भएकोले विभागले समेत सो परिवर्तनलाई आ.व.२०६५।६६देखि लागू हुने गरी स्वीकृति दिएको रहेछ । यसरी लेखाङ्कन परिवर्तन हुनु अघिको अवस्थामा निजको हिसाब किताबको अवस्था निम्नानुसार रहेछ ।

| | |
|---|---|
| १. २०६४।६५ सम्म सेवा दिइसकेको तर नगद प्राप्त नभएको हुँदा सो आ.व.मा आम्दानीमा समावेश नगरेको । | रु.८०,०००।- |
| २. २०६४।६५सम्म सेवा बापत पेश्की तिरेको (सेवा प्रदान २०६५।६६)तर सेवा प्रदान गर्न बाँकी भएतापनि नगद आधारमा सो आ.व.मा आम्दानीमा समावेश गरेको । | रु.३०,०००।- |
| ३. २०६४ माघ देखि २०६५ पौष मसान्तसम्मको घरबहाल आ.व.२०६४।६५ मा भुक्तान गरेको र नगद आधारमा आ.व. २०६४।६५ का खर्च कट्टी दाबी गरी सकेको | रु.४८,०००।- |

उपर्युक्त अवस्थामा आ.व. २०६५।६६ मा निजले निम्नानुसार आय तथा कट्टी दाबी समायोजन गर्नुपर्ने हुन्छ ।

१. आ.व.२०६४।६५ सम्म सेवा प्रदान गरिसके बापत प्राप्त हुन बाँकी रु.८०,०००।- लाई Accrual Basisमा आ.व.२०६५।६६ मा आम्दानीमा समावेश गर्नुपर्ने ।
२. २०६४।६५सम्म सेवा प्रदान गर्नु अगावै पेश्की लिएको रकम आ.व.२०६५।६६मा सेवा प्रदान गरेतापनि आय २०६४।६५मा नै गणना भइसकेको हुँदा रु.३०,०००।- दोहोरो आय गणना गर्नु नपर्ने । अर्थात आ.व.२०६५।६६मा सेवा प्रदान भएतापनि सो आ.व.को आयमा समावेश गर्नु नपर्ने ।
३. घर बहाल खर्च पेश्की रु.४८,०००।- मध्ये ६ महिनाको रु.२४,०००।- आ.व.२०६५।६६ सँग सम्बन्धित भएतापनि नगद आधारमा आ.व.२०६४।६५मा नै कट्टी दाबी गरिसकेको हुँदा आ.व.२०६५।६६ मा कट्टी दाबी गर्न नपाउने ।

आ.व.२०६५।६६मा यस्ता आय तथा कट्टी दाबी गर्ने खर्च रकमहरु दोहोरो नपर्ने गरी समायोजन गरे पश्चात त्यस पछिका आय वर्षमा भने Accrual Basisमा लेखाङ्कन गर्नुपर्दछ

ऐनको परिच्छेद-७ मा उल्लेख भए बमोजिमकुनै व्यक्तिद्वारा गरिएको कारोबारको भुक्तानी नगदमा मात्र नभई सम्पत्तिको हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा त्यसरी

हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकमलाई आयमा समावेश गर्नु पर्दछ । यसरी हस्तान्तरित सम्पत्तिको मूल्य दुई पक्षबीच भएको सम्झौतामा उल्लेख गरिएको मूल्य वा कितावी मूल्यलाई आधिकारिक कारोबार मूल्य नमानी सो बखत हस्तान्तरित सम्पत्तिको बजार अनुसार यकिन गरिएको मूल्यलाई ऐनको प्रयोजनको लागि आधिकारिक मूल्य मानी आयमा समावेश गर्नु पर्दछ । यसरी गरिएको कारोबार व्यवसायसँग सम्बन्धित भएको हुँदा व्यवसायको आय गणना गर्दा समावेश गर्नु पर्दछ । उक्त व्यहोरा तलको उदाहरणबाट स्पष्ट पारिएको छ :

| |
|---|
| उदाहरण ६.२.८: मानौं, दिगम बान्तवा भन्ने व्यक्तिले स्कट नेपाल प्रा.लि.नामको संस्थालाई कुनै सेवा उपलब्ध गराएका रहेछन् । उक्त संस्थाले निज दिगमलाई सो सेवाको मूल्य नगदमा भुक्तानी नदिई एउटा टेलिभिजन दिएको रहेछ । उक्त टेलिभिजनको बजार मूल्य रु.५०,०००।-रहेछ भने सो अवस्थामा निज बान्तवाले रकम भुक्तानी नलिए पनि रु.५०,०००।-को भुक्तानी प्राप्त गरे सरह मानिनेछ । |

ऐनको दफा ५६ अनुसार निकाय र हिताधिकारीबीचको कारोबारमा भएको सम्पत्ति वा दायित्वको निःसर्गबाट हुने लाभलाई यस खण्ड अन्तर्गत आयमा समावेश गरी विवरण भर्नु पर्दछ । यस सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १३ मा उल्लेख गरिएकोछ ।

ऐनको दफा ६० अनुसार सामान्य बीमा व्यवसायबाट हुने आय यस खण्डमा समावेश गरी विवरण भर्नु पर्दछ । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १९ मा उल्लेख गरिएको छ ।

### ६.२.३ व्यवसायको आयमा समावेश नहुने रकमहरु

ऐनको दफा ७ को उपदफा (३) मा व्यवसायको आयमा समावेश नहुने रकमहरुका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ:

**७(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०, ५४ र ६९ बमोजिम छुट पाउने रकम र अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीहरु व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नुपर्ने छैन ।**

ऐनको दफा १० बमोजिम निम्नानुसारको रकमहरुलाई आयमा समावेश गर्नु पर्दैन ।

**१०(क) नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,**

नेपाल सरकार र अन्य कुनै पनि विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय सन्धिमा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने व्यक्तिले सो सन्धिको अधीनमा रही प्राप्त गरेको रकम कर छुटको रकम हुनेछ ।

**१०(छ) छुट पाउने संस्थाले देहायबापत प्राप्त गरेको रकम :-**

**(१) चन्दा, उपहार,**

**(२) दफा २ को खण्ड (ध) बमोजिमको छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित अन्य योगदानहरु, वा**

(३) ...................................

छुट पाउने संस्थाले प्राप्त गरेको चन्दा, उपहार वा छुट पाउने संस्थाबाट प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्षरूपले सम्बन्धित अन्य योगदानहरु कर छुट हुने रकम मानिन्छ । उक्त अवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण ६.२.९: मानौं, नेपाल दलित विकाश मञ्च विभागमा कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको एक निकाय रहेछ । उक्त मञ्चलाई विभिन्न दाताहरुबाट रु.५ लाख चन्दा प्राप्त भएको रहेछ । त्यस्तै नेपाल सरकारबाट दलित उत्थान कार्यमा खर्च गर्ने गरी रु.१० लाख अनुदान प्राप्त भएको रहेछ भने त्यस्तो दुबै रकम उक्त निकायको लागि कर छुट रकम मानिन्छ र आयकर प्रयोजनको निमित्त आयमा समावेश गर्नु पर्दैन ।

१०(ञ) नेपाल राष्ट्र बैंकले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम ।

नेपाल राष्ट्र बैङ्कले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम समेत कर छुट हुने रकम मानिने हुँदा उक्त रकम आयमा समावेश गर्नु पर्दैन । उक्त अवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण ६.२.१० : मानौं, नेपाल राष्ट्र बैङ्कले बैकिङ्ग विकास कोषमा रु.२० करोड छुट्याएको रहेछ । उक्त कोषमा रहेको रकम विभिन्न बैङ्क तथा वित्तीय संस्थामा निक्षेपमा रहेको र सो निक्षेपबाट नेपाल राष्ट्र बैङ्कलाई रु.१ करोड ब्याज आम्दानी भएको रहेछ । यस्तो आय नेपाल राष्ट्र बैङ्कको उद्देश्य अनुसार खर्च गर्ने कोषको आय भएको हुँदा त्यस्तो आय छुट हुने आय मानिन्छ । ब्याज भुक्तानी गर्ने व्यक्तिले त्यस्तो ब्याज रकमको भुक्तानीमा समेत स्रोतमा कर कट्टी गर्नु पर्दैन ।

१०(ट) जलस्रोत ऐन,२०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम

जलस्रोत ऐन,२०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम समेत कर छुट हुने रकम मानिने हुँदा उक्त रकम आयमा समावेश गर्नु पर्दैन ।

**१०(ठ) नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सामूहिक लगानी कोष (म्युच्युअल फण्ड) ले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सामूहिक लगानी कोष (म्युच्युअल फण्ड) ले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम समेत कर छुट हुने रकम मानिने हुँदा उक्त रकम आयमा समावेश गर्नु पर्दैन ।

**१०(ड) नेपाल सरकार वा नेपाल सरकारको सम्वन्धित निकायसँग भएको समझदारीपत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई संचालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम**

नेपाल सरकार वा नेपाल सरकारको सम्वन्धित निकायसँग भएको समझदारीपत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई संचालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम समेत कर छुट हुने रकम मानिने हुँदा उक्त रकम आयमा समावेश गर्नु पर्दैन ।

ऐनको दफा ५४ अनुसार कम्पनी वा साझेदारी फर्मबाट वितरण गरिएको लाभांशमा अन्तिम रूपमा कर कट्टी गर्ने विधिद्वारा कर लगाइन्छ भने अन्य निकायले वितरण गरेमा कर नलाग्ने व्यवस्था छ । यस सम्बन्धमा विस्तृत व्यवस्था यसै निर्देशिकाको परिच्छेद १३ मा उल्लेख गरिएको छ ।

नियन्त्रित विदेशी निकायहरुद्वारा आर्जित आयमा ऐनको दफा ६९ अनुसार सोही आय वर्षमा नै कर निर्धारण भई सक्ने हुनाले त्यस्ता निकायबाट वास्तविक रूपमा वितरण हुने रकमहरु आय गणना गर्ने प्रयोजनको लागि समावेश गर्नु पर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १४ मा उल्लेख गरिएको छ ।

अन्तिम रूपमा कर कट्टी हुने ऐनको दफा ९२ अनुसारका भुक्तानीहरुमध्ये व्यवसायसँग सम्बन्धित भुक्तानी भए त्यस्तो भुक्तानीबाट प्राप्त भएको रकमलाई आयमा समावेश गर्नु पर्दैन । जस्तै, नेपाल स्रोत भएको भुक्तानीमा कर कट्टी गरी प्राप्त गरेको लाभांश रकमलाई ऐनको दफा ९२ अनुसार अन्तिम कर कट्टी गरी भुक्तानी गरिएको रकम मानिने हुँदा यस्तो भुक्तानी रकमलाई आयमा समावेश गर्नु पर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १६ मा उल्लेख गरिएको छ ।

**६.३ रोजगारीबाट भएको आयमा समावेश हुने रकमहरुः**

**६.३.१ ऐनको दफा ८ को उपदफा (१) बमोजिमकुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्नेछ ।**

**आयकर ऐन २०५८ को दफा २ को खण्ड (ज्ञ) अनुसार रोजगारी भन्नाले कुनै पनि किसिमको विगत, वर्तमान वा भावी रोजगारी सम्झनु पर्दछ ।**

उक्त परिभाषा अनुसार कुनै पनि प्राकृतिक व्यक्तिले विगतमा गरेको वा वर्तमानमा गरिरहेको वा कुनै शर्त बमोजिम भविष्यमा गरिने रोजगारीलाई समेत जनाउँछ । रोजगारी आय भन्नाले कुनै पनि प्राकृतिक व्यक्तिले रोजगारीको शर्त अनुसार आफ्नो ज्ञान, अनुभव, सीप, जाँगर तथा श्रम प्रयोग गरी सेवा प्रदान गरे बापत प्राप्त गरिने नगद, जिन्सी तथा अन्य सुविधालाई जनाउँदछ ।

रोजगारीका सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १७ मा उल्लेख गरिएकोछ

**६.३.२ रोजगारीबाट भएको आयको गणनामा समावेश हुने रकमहरु**

रोजगारीको आय गणना गर्दा रोजगारीको सिलसिलामा रोजगारदाताबाट रोजगारकर्ताले प्रत्यक्ष वा परोक्ष तरिकाले प्राप्त गरेको नगदी, जिन्सी, सेवा वा सुविधा बापतको रकमलाई समावेश गर्नुपर्छ । ऐनको दफा ८ को उपदफा (२) मा आयमा समावेश गर्ने सम्बन्धमा निम्नानुसार व्यवस्था रहेको छ :

**कुनै आय वर्षमा प्राकृतिक व्यक्तिलाई दिइएका देहायका भुक्तानीहरु त्यस्तो प्राकृतिक व्यक्तिको सो आय वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा समावेश गर्नु पर्नेछ :-**

**८(२)(क) ज्याला, तलब, बिदा बापतको रकम, अतिरिक्त समय काम गरेबापतको रकम, शुल्क, कमिशन, पुरस्कार, उपहार, बोनस र अन्य सुविधाहरु बापतको भुक्तानी,**

**८(२)(ख) महङ्गी भत्ता, जीवन निर्वाह खर्च, भाडा, मनोरन्जन वा यातायात भत्ता बापतको रकम लगायत कुनै पनि व्यक्तिगत भत्ताका भुक्तानी,**

**८(२)(ग) निज वा निजको सम्बद्ध व्यक्तिले व्यक्तिगत प्रयोजनको लागि गरेको खर्चको फछ्र्यौट वा सोधभर्ना बापत प्राप्त गरिएको भुक्तानी,**

**८(२)(घ) रोजगारीका कुनै शर्तमा सहमति जनाएबापत गरिएका भुक्तानी,**

**८(२)(ङ) रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अवकाश बापत गरिएका भुक्तानी,**

**८(२)(च) अवकाश भुक्तानी र रोजगारदाताले सो कर्मचारीको लागि अवकाश कोषमा जम्मा गरेको रकम समेतका अवकाश योगदान,**

**ऐनको दफा २ को खण्ड (ङ) बमोजिम"अवकाश भुक्तानी" भन्नाले देहायका व्यक्तिलाई दिइने भुक्तानी सम्झनु पर्छ :-**

**(१) प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानी, वा**

**(२) प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानी**

माथि उल्लिखित प्रावधान यसै निर्देशिकाको परिच्छेद १२ मा विस्तृत रूपमा उल्लेख गरिएका छन् ।

**८(२)(छ) रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी,**

रोजगारदाताले रोजगारकर्तालाई रोजगारीको सम्बन्धमा गरिएका माथि उल्लेख गरिएका बाहेक पनि अन्य भुक्तानी, जस्तै Holiday Trip, Shopping जस्ता व्यक्तिगत खर्चका भुक्तानीलाई समेत रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**८(२)(ज) परिच्छेद-६ वा परिच्छेद-७ बमोजिम समावेश गरिनु पर्ने अन्य रकमहरु ।**

कुनै पनि व्यक्तिले रोजगारदाताले उपलब्ध गराएको विभिन्न सुविधाहरुलाई परिमाणीकरण एवम् चारित्रीकरण गरी आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

### ६.३.३ रोजगारीको आयको कर लेखाङ्कन गर्ने तरिका र समय :

रोजगारीको आयको कर लेखाङ्कनऐनको दफा २२ को उपदफा (१) तथा (२) बमोजिम निम्नानुसार गरिनु पर्दछ :-

**(१) कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरूप हुनेछ ।**

**(२) प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नु पर्नेछ ।**

ऐनको दफा २३ को खण्ड (क) तथा (ख) बमोजिम प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगदको आधारमा देहाय बमोजिम लेखाङ्कन गर्नुपर्दछ :

**(क) निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्नेछ ।**

**(ख) निजले भुक्तानी गरेपछि मात्र सो गणनामा खर्च बापत कट्टी गर्नु पर्नेछ ।**

यसमा खासगरिकन कुनै पनि रोजगारकर्ताले आफूले प्राप्त गरेको नगद वा निजको खातामा जम्मा भएको अवस्थामा मात्रै आयमा समावेश गर्ने र भुक्तानी गरेपछि मात्रै खर्च दाबी गर्ने प्रणालीलाई नगदको आधारमा लेखाङ्कन गर्ने पद्दति मानिन्छ ।

कर लेखाङ्कन गर्ने तरिका र समय सम्बन्धीप्रावधान यसै निर्देशिकाको परिच्छेद ८ मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

### ६.३.४ रोजगारी आयमा समावेश गरिने सुविधा तथा चारित्रिकरण :

**रकमहरुको परिमाणीकरण** : नगद बाहेक अन्य किसिमले भुक्तानी पाएको अवस्थामा परिमाणीकरण गर्ने गरी ऐनको दफा २७ मा व्यवस्था गरिएको छ । उक्त दफामा व्यवस्था गरिएका सुविधाहरुलाई मौद्रिक रूपमा यकिन गरी सोही अनुसार रोजगारकर्ताको आयमा समावेश गर्नु पर्दछ । यसको अलावा ऐनको दफा ३१ बमोजिम क्षतिपूर्ति बापतको भुक्तानीको चारित्रीकरण गरी आयमा समावेश गर्नु पर्दछ ।

ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्म भुक्तानीका रकमहरुलाई परिमाणीकरण (Quantification) निम्नानुसार गरिएको छ :

**२७(१)(क) कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम ।**

रोजगारदाताले आफ्नो कार्यालयमा कार्यरत कामदार तथा कर्मचारीका लागि नगद सुविधाको सट्टा चल वा अचल सम्पत्ति हस्तान्तरण गरी भुक्तानी गरेको अवस्थामा त्यसरी हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम प्राप्तकर्ता अर्थात कर्मचारीको

रोजगारीको आयमा समावेश गर्नु पर्दछ । ऐनको दफा २७ को उपदफा (२) बमोजिम भुक्तानी आर्जन गरेको, प्राप्त गरेको, दिएको, बहन गरेको वा कर प्रयोजनको लागि अन्य रूपमा हिसाब गरिएको समयलाई नै रकमको परिमाणीकरण भएको समय अर्थात सोही मितिमा भुक्तानी दिएको मानिनेछ ।

**२७(१)(ख) देहायका कुरा उपलब्ध गराएबापत भएको भुक्तानीको लागि तोकिए बमोजिम निर्धारण हुने रकम वा रकम निर्धारण गर्ने व्यवस्था नगरिएकोमा खण्ड (ङ) अनुसार निर्धारण हुने रकम :-**

**२७(१)(ख)(१) भुक्तानी पाउने व्यक्तिको पूर्ण वा आंशिक रूपमा निजी प्रयोजनका लागि प्रयोग गरिएको वा प्रयोगको लागि उपलब्ध भएको सवारी साधन, वा**

रोजगारदाताले नियमानुसार कामदार तथा कर्मचारीहरुलाई व्यक्तिगत प्रयोजनकालागि पूर्ण वा आंशिक रूपमा उपलब्ध गराएको सवारी साधन प्रयोग गरे बापत परिश्रमिक आय गणना गर्दा खाइपाई आएको तलब (शुरु तलव र ग्रेड) को ०.५ प्रतिशतले हुने रकम भुक्तानी पाए सरह मानी आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(ख)(२)भुक्तानी पाउने व्यक्तिको लागि उपलब्ध गराइएको भवन ।**

रोजगारदाताले मासिक पारिश्रमिक पाउने कामदार तथा कर्मचारीहरुलाई आफ्नै वा भाडामा लिई बासस्थानको व्यवस्था गरेमा उक्त सुविधा उपभोग गर्ने कर्मचारीको परिश्रमिक आय गणना गर्दा खाइपाई आएको तलब (शुरु तलव र ग्रेड) को २ प्रतिशतले हुने रकम भुक्तानी पाए सरह मानी आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(ग) देहायका कुरा उपलब्ध गराएबापत भुक्तानी दिने व्यक्तिले गरेको खर्चबाट भुक्तानी प्राप्त गर्ने व्यक्तिको योगदान कटाई बाँकी हुन आएको रकम :-**

**(१) घरको रेखदेखकर्ता, भान्छे, सवारी चालक, माली वा अन्य घरेलु सहायकको सेवा,**

**(२) कुनै खाना, जलपान वा मनोरञ्जन, वा**

**(३) भुक्तानी प्राप्त गर्ने व्यक्तिको निवासस्थानमा जडान गरिएको धारा, बिजुली, टेलिफोन जस्ता सेवाहरु,**

कुनै पनि निकायले आफ्नो कर्मचारीलाई निकायको नियमावली अनुसार निजको लागि घरको रेखदेखकर्ता, भान्छे, सवारी चालक, माली वा अन्य घरेलु सहायकको सेवा उपलब्ध गराएको अवस्थामा सुविधा प्राप्त गर्ने व्यक्तिले सो सुविधा प्राप्त गरे बापत कुनै भुक्तानी गरेको भए सो भुक्तानी गरेको रकम कटाई बाँकी हुन आउने रकम निजको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ ।

सुविधा प्राप्त गर्ने व्यक्तिको निवास स्थानमा जडान गरिएको धारा, बिजुली, टेलिफोन जस्ता सेवाहरु उपलव्ध गराए बापत निकायले उक्त सुविधा उपलव्ध गराए बापत तिरेको महसुल रकम भने सुविधा उपभोग गर्ने व्यक्तिको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(घ) कुनै आय वर्षमा भुक्तानी प्राप्त गर्नुपर्ने कुनै व्यक्तिले ऋण बापत तिरेको ब्याज प्रचलित ब्याज दर अनुसार तिर्नु पर्ने ब्याज रकमभन्दा कम भएमा सो कम भएजति रकम र**

कर्मचारीलाई रोजगारदाताले उपलब्ध गराउने निर्ब्याजी वा कम ब्याज दरको कर्जाको ब्याज सहुलियत समेत आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित भुक्तानी बाहेक अन्य भुक्तानीको सम्बन्धमा भुक्तानी पाउने व्यक्तिको सट्टा तेस्रो व्यक्तिले भुक्तानी पाएमा सामान्यतयाः पाउने फाइदाको मूल्य बराबरको रकम ।**

सुविधा तथा चारित्रीकरण एवम्रकमहरुको परिमाणीकरण सम्बन्धीप्रावधान यसै निर्देशिकाको परिच्छेद ७ मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

### ६.३.५ रोजगारीको आयमा समावेश नगरिने आयहरु :

कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको रोजगारीको आयको गणना गर्दा समावेश गर्नु नपर्ने रकमहरुको सन्दर्भमा ऐनको दफा ८ को उपदफा (३) मा निम्नानुसारको व्यवस्था रहेकोछ :-

**८(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको पारिश्रमिकको गणना गर्दा देहायका कुराहरु समावेश गर्नुपर्ने छैन :-**

**८(३)(क) दफा १० बमोजिम छुट पाउने रकम र अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी,**

**(१) ऐनको दफा १० मा उल्लेख भए अनुसार छुट पाउने रकमहरुः**

- ऐनको दफा १० को खण्ड (क) अनुसार नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भएबमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,

  उदाहरणको लागि संयुक्त राष्ट्र संघ, सार्क सचिवालय, एसियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय निकायका कर्मचारीमध्ये सो निकायसँगको सन्धि वा सम्झौतामा उल्लेख भएका हदसम्मका कर्मचारीको आयमा आयकर लाग्दैन ।

- ऐनको दफा १० को खण्ड (ख) अनुसार विदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गरेबापत कुनै प्राकृतिक व्यक्तिले प्राप्त गरेको रकम,

  तर,

  (१) सो व्यक्ति रोजगारी गरेको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको हुनुपर्नेछ, र

  (२) सो राष्ट्रको सरकारी कोषबाट त्यस्ता रकमहरु भुक्तानी गरिएको हुनु पर्नेछ ।

- ऐनको दफा १० को खण्ड (ग) अनुसार रोजगारीको कारणले मात्र नेपालको बासिन्दा भएको गैर नेपाली नागरिक प्राकृतिक व्यक्ति वा निजको निकटस्थ परिवारको सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेका रकम,

- ऐनको दफा १० को खण्ड (घ) अनुसार कर तिर्नु नपर्ने शर्तमा नेपाल सरकारको सेवामा नियुक्त भएका गैर नेपाली नागरिकले प्राप्त गरेको रकम,

- ऐनको दफा १० को खण्ड (ङ) अनुसार नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट सामाजिक सुरक्षाको रूपमा दिइने सबै प्रकारको भत्ता,

- ऐनको दफा १० को खण्ड (ज) अनुसार विदेशी राष्ट्रको सेना वा प्रहरी सेवाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको निवृत्तिभरण बापतको रकम ।

पारिश्रमिक आयमा समावेशनहुने आय सम्बन्धीप्रावधान यसै निर्देशिकाको परिच्छेद १७ मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

(२) <u>अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीः</u>

ऐनको दफा ९२ मा अन्तिम रूपमा अग्रिम कर कट्टी हुने भुक्तानीहरुको व्यवस्था गरिएको
छ । यसरी अन्तिम रूपमा कर कट्टी गरी प्राप्त गरिएको आयलाई रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दैन । ती भुक्तानीहरु तल प्रस्तुत गरिएका छन् :

- बासिन्दा कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश,
- व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसँग गाँसिएका जडानहरु र उपकरणहरु बापत भुक्तानी गरेको भाडा,
- बासिन्दा व्यक्तिले लगानी बीमा बापत भुक्तानी गरेको लाभ,
- बासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित बापत भुक्तानी गरेको लाभ,
- नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई र कर छुट पाउने संस्थालाई भुक्तानी गरेको दफा ८८ को उपदफा (३) मा उल्लेख भए बमोजिम बैङ्क, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृत भएका कम्पनी वा सहकारीले भुक्तानी दिएको ब्याज,
- दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम गैरबासिन्दा व्यक्तिलाई दिइएको कर कट्टी हुनुपर्ने भुक्तानी,
- नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीहरु समेत सबै प्रकारका अवकाश भुक्तानीहरु
(नियमित रूपमा भुक्तानी हुने निवृत्तिभरण बाहेक),
- प्रति बैठक बीस हजार रूपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तरपुस्तिका जाँच गरे बापतको भुक्तानी,
- आकस्मिक लाभ बापतको भुक्तानी,
- सामूहिक लगानी कोष (म्युच्यूअल फण्ड)बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम, तथा
- एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी वाढुवानी साधनको भाडा वा ढुवानी सेवा बापतको भुक्तानी ।

८(३)(ख) **समान शर्तमा सबै कर्मचारीलाई उपलब्ध हुने गरी रोजगारदाताबाट कार्यस्थलमा कर्मचारीलाई उपलब्ध गराइएका खाना तथा खाजा,**

८(३)(ग) **कुनै कर्मचारीले गरेको देहायका खर्चको फछ्र्योट वा सोधभर्ना :-**

(१) **सो खर्चले रोजगारदाताको व्यवसाय प्रयोजन पूरा गरेमा, वा**

(२) **प्राकृतिक व्यक्तिको व्यवसाय वा लगानीबाट हुने आयको गणनामा छुट भएको वा छुट हुने खर्च ।**

व्यवसायको प्रयोजन पूरा गर्नको लागि कर्मचारीले रोजगारदाताबाट प्राप्त गरेको रकमको फछ्र्योट वा सोधभर्ना कर्मचारीको रोजगारी आयमा समावेश गर्नु पर्दैन ।

**८(३)(घ) हिसाब किताब राख्न अव्यावहारिक वा प्रशासनिकरूपले कठिन हुने तोकिए बमोजिमको साना रकमको भुक्तानी ।**

हिसाब किताब राख्न अव्यवहारिक तथा प्रशासनिक हिसाबले कठिन हुने साना तिना खर्चहरु एक पटकमा रु.५००।- सम्म भुक्तानी प्राप्त गर्ने रोजगारकर्ताले उक्त भुक्तानी रकम आयमा समावेश गर्नु पर्दैन । सानातिना खर्चहरु आयकर नियमावलीको नियम ६ मा उल्लेख गरिएको छ ।

> **<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "भुक्तानी" भन्नाले देहाय बमोजिम भएको भुक्तानी सम्झनु पर्छ :-**
>
> **(क) रोजगारदाताबाट भएको,**
>
> **(ख) रोजगारदाताको सम्बद्ध व्यक्तिबाट भएको, र**
>
> **(ग) रोजगादाता वा निजको सम्बद्ध व्यक्तिसँग भएको सम्झौता अनुसारको कुनै तेस्रो व्यक्तिबाट भएको ।**

माथि उल्लिखित व्यवस्थाका सम्बन्धमा विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद १७ मा गरिएको छ ।

**६.४ लगानीबाट भएको आयमा समावेश हुने रकमहरुः**

६.४.१ लगानी भन्नाले एक वा एक भन्दा बढी सम्पत्ति धारण गर्ने वा सम्पत्ति लगानी गर्ने कार्यलाई सम्झनु पर्दछ । ऐनको दफा २ को खण्ड (कख) मा लगानीलाई निम्नानुसार परिभाषित गरिएको छः

**"लगानी" भन्नाले देहाय बमोजिम बाहेक एक वा एक भन्दा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य सम्झनु पर्छ :-**

**(१) सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य,**

**(२) रोजगारी वा व्यवसाय ।**

**तर गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य लगानी मानिने छ ।**

सम्पत्ति धारण (Holding)गरी आय आर्जन गर्ने कार्यलाई लगानी भनिन्छ । सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य वा रोजगारी वा व्यवसायमा प्रयोग गरिएको सम्पत्ति बाहेकका सम्पत्तिमा स्वामित्व राख्ने एवम् गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने जस्ता कार्यलाई लगानी भनिन्छ । सामान्यतयाः लगानीको आय आर्जन गर्ने कार्यमा आय आर्जन गर्ने व्यक्तिको निरन्तर सहभागिता (Active Engagement)रहदैन । लाभांश, ब्याज, प्राकृतिक स्रोत बापतको भुक्तानी, भाडा, रोयल्टी, लगानी बीमाबाट प्राप्त लाभ, स्वीकृति प्राप्त नगरेको अवकाश कोषको हितबाट प्राप्त लाभ वा स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानी, गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्ग (Disposal)बाट प्राप्त खुद लाभ जस्ता आय लगानीको आय वा प्रतिफल हुन्छ । सामान्यतयाः यस्ता आय आर्जन गर्ने व्यक्तिको सो आय आर्जन गर्ने सन्दर्भमा निरन्तर सहभागिता अनिवार्य छैन ।

**६.४.२ गैर व्यावसायिक करयोग्य सम्पत्ति**

ऐनको दफा २ को खण्ड (द) अनुसार "**गैर व्यावसायिक करयोग्य सम्पत्ति" भन्नाले देहायका सम्पत्ति बाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छ :-**

२(द)(१) **व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,**

(क) **व्यावसायिक सम्पत्तिः**व्यवसायिक सम्पत्ति भन्नाले व्यवसायमा प्रयोग गरिएका सम्पूर्ण सम्पत्तिलाई जनाउँछ । तर, Trading stock अर्थात बिक्रीको प्रयोजनको लागि रहेको सम्पत्ति र ह्रासयोग्य सम्पत्तिलाई व्यावसायिक सम्पत्ति मानिदैन ।

(ख) **ह्रासयोग्य सम्पत्तिः** ह्रासयोग्य सम्पत्ति भन्नाले कुनै लगानीमा आय आर्जनको लागि प्रयोग गरिएका टुटफुट वा पुरानो हुँदै गएको वा समय व्यतित हुदै गएको कारणबाट मूल्यमा ह्रास हुने सम्पत्तिलाई सम्झनु पर्दछ । तर, यस शब्दले व्यापारिक मौज्दातलाई भने जनाउँदैन ।

(ग) **व्यापारिक मौज्दात (Trading Stock)-** बिक्री गर्ने वा उत्पादन गर्नको लागि उपभोग गरिने उद्देश्यले राखिएको सम्पत्तिलाई व्यापारिक मौज्दात भनिन्छ । कुनै व्यक्तिको स्वामित्वमा रहेको एवम् निजद्वारा सञ्चालित नियमित व्यवसायको क्रममा बिक्री गरिने सम्पत्ति, कार्य प्रगतिमा रहेको सम्पत्ति (Work in Progress) र यस्ता सम्पत्तिमा प्रयोग हुने सामग्री, जस्तै Packing Material हरुको मौज्दातलाई व्यापारिक मौज्दात मानिन्छ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण ६.४.१: मानौं, हाडा फर्निचर प्रा.लि.ले फर्निचर खरिद बिक्री गर्ने कार्य गर्दछ । निजले आ.व.२०७०/०७१मा रु.१००,०००।-को दश वटा मेच खरिद गरेको रहेछ र सोमध्ये ६ वटा मेच रु.७०,०००।-मा बिक्री गरेको रहेछ भने सो आ.व.मा बिक्रीको लागि राखिएको १० वटा मेच उक्त प्रा.लि.को व्यापारिक मौज्दात हो । |

**२(द)(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवन -**

**(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको, र**

**(ख) सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कूल दश वर्ष वा दश वर्ष भन्दा सोभन्दा बढी बसोबास गरेको,**

**स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि "निजी भवन" भन्नाले भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गावा एक रोपनी जग्गा मध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ ।**

कुनै प्राकृतिक व्यक्तिको अविच्छिन्न (लगातार) दश वर्ष वादश वर्ष भन्दा बढी स्वामित्व (Ownership) रहेको र सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कूल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको निजी भवन (Personal House) लाई कर नलाग्ने सम्पत्ति मानिएको छ । कुनै व्यक्तिको निजी भवन गैर व्यावसायिक करयोग्य सम्पत्ति नमानिन सो व्यक्तिले सो भवन अविच्छिन्न दश वर्ष वा सो भन्दा बढी आफ्नो स्वामित्व (Ownership) मा राखेको हुनुपर्ने र सो व्यक्ति सो भवनमा अविच्छिन्न वा पटक पटक गरी दश वर्ष वा सो भन्दा बढी बसोबास गरेको (दुबै अवस्था पूरा गरेको) हुनु अनिवार्य रहेको छ । यस प्रयोजनका लागि निजी भवन भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा १ रोपनी (५४७६ वर्गफूट वा ५०८.७४ बर्गमिटर) मध्ये जुन घटी हुन्छ सोलाई बुझाउँछ ।

गैर व्यावसायिक करयोग्य सम्पत्ति सम्बन्धमा विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद २ मा गरिएको छ ।

**२(द)(३) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,**

अवकाश कोषमा योगदान गर्ने हरेक व्यक्ति अवकाश कोषमा रहेको लगानीको सन्दर्भमा हिताधिकारी हुन्छन् । यसरी हिताधिकारीको उक्त अवकाश कोषमा रहेको हितलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंन । उक्त व्यक्तिको अवकाश कोष बाहेक अन्यत्र निकायमा रहेको लगानीलाई गैरव्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ । उक्त अवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण ६.४.२: मानौं, रामप्रसादले कुनै अवकाश कोषमा हरेक महिना रु.४,०००।- योगदान गर्ने गरेका रहेछन् । साथै, निजले कुनै एक वित्तीय सस्थाको रु.१ लाखको शेयर |

खरिद गरेका रहेछन् भने अवकाश कोषमा योगदान गरी जम्मा रहेको रकमलाई गैर व्यावसायिक सम्पत्ति मानिदैंन । तर, निजको वित्तीय संस्थाको शेयरमा गरेको लगानी भने गैरव्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

**२(द)(४) कुनै प्राकृतिक व्यक्तिको दश लाख रूपैयाँ भन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन, वा**

कुनै प्राकृतिक व्यक्तिले जग्गा तथा निजी घर निःसर्ग गर्दा रु.१० लाख भन्दा कम मूल्यमा निःसर्ग गरेको छ भने त्यस्तो सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैन । सो भन्दा बढी मूल्यमा निःसर्ग गरेको भए सो सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ । उक्त अवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण ६.४.३: मानौं, सुरेशले मिति २०६३।०३।३२ मा रु.२० लाखमा एक घर किनेका रहेछन् र उक्त घर मिति २०७५।१०।५ मा रु.८० लाखमाबिक्री गरेका रहेछन् भने यसरी रु.१० लाख भन्दा बढी मूल्यमा निःसर्ग गरेको उक्त घर निजको गैर व्यवसायिक करयोग्य सम्पत्ति मानिन्छ र उक्त घर निःसर्ग हुँदा प्राप्त रकमलाई गैर व्यावसायिक करयोग्य आय मानिन्छ र ऐनको परिच्छेद ८ अनुसार लाभ गणना गरी हुन आउने खुद लाभलाई गैर व्यावसायिक करयोग्य आय मानी लगानीको आय गणना गर्दा समावेश गर्नुपर्दछ ।

सो घर निजले दश वर्ष वा सो भन्दा अगाडि खरिद गरेका एवम्अविच्छिन्न वा पटकपटक गरी कूल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेका रहेछन् भने त्यस्तो घर गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैन रत्यस्तो सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ निजको लगानीको आयमा समावेश गर्नु पर्दैन ।

**२(द)(५) तीन पुस्ताभित्र भएको खरिद बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्ग गरेको सम्पत्ति ।**

साधारणतया तीनपुस्ताभित्र खरिद बिक्री नभई अंशबण्डा, बकशपत्र आदि मार्फत सम्पत्तिको हस्तान्तरण गर्ने गरिन्छ । तर कहिलेकाँही तीनपुस्ताभित्र सम्पत्तिको खरिद बिक्री हुने हुँदा यसरी बिक्री गरिएको सम्पत्तिको बिक्री मूल्य रकमलाई गैर व्यावसायिक करयोग्य आय मानिन्छ भने तीन पुस्ताभित्र सम्पत्ति खरिद बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण भएको भए यस्तो कारोबारलाई गैर व्यावसायिक करयोग्य आय तथा कर प्रयोजनको लागि लगानी मानिदैन । तर तीन पुस्ताभित्र बिक्री गरिएको भएतापनि सम्पत्तिको मूल्य रु.१० लाख भन्दा कम भएमा पनि सो सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैन ।

### ६.४.३ लगानीबाट भएको आयको गणनामा समावेश हुने रकमहरु

मुनाफा तथा लाभ गणना गर्दा लगानीबाट प्राप्त हुने लाभांश, ब्याज, भाडा, रोयल्टी, गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ आदि समावेश गरिन्छ । कुनै पनि व्यक्तिको लगानीको आय गणना गर्दा ऐनको दफा ९ को उपदफा (२) मा उल्लिखित निम्नानुसार रकमहरु समावेश गरी गर्नु पर्दछ :

**९(२): कुनै व्यक्तिले कुनै आय वर्षमा लगानी गरे बापत गरेको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षमा प्राप्त गरेका देहायका रकमहरु समावेश गर्नु पर्नेछ :-**

**९(२)(क) सो लगानीबाट प्राप्त लाभांश, ब्याज, प्राकृतिक स्रोत बापतको भुक्तानी, भाडा, रोयल्टी, लगानी बीमाबाट प्राप्त लाभ, दफा ६३ को उपदफा (१) बमोजिम स्वीकृति प्राप्त नगरेको अवकाश कोषको हितबाट प्राप्त लाभ वा स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानी,**

कुनै व्यक्तिले शेयर लगानी गरे बापत प्राप्त गर्ने लाभांश, निक्षेप जम्मा गरे बापत वा कर्जा लगानी गरे बापत प्राप्त गरिने ब्याज, भाडा, स्वीकृति प्राप्त नगरेको अवकाश कोषबाट प्राप्त लाभ वा स्वीकृत अवकाश कोषबाट प्राप्त गरिएको अवकाश भुक्तानी आदि सबै लगानीको आय गणना गर्ने प्रयोजनको लागि आयमा समावेश गर्नु पर्दछ । एवम् प्रकारले कुनै निकायले पेट्रोलियम उत्खनन् गर्नका लागि स्वीकृति प्रदान गरे बापत प्राप्त गरिने रकम वा कुनै प्राविधिक सहयोग वा ट्रेडमार्क प्रयोग गरे बापत भुक्तानी प्राप्त गरिने रोयल्टी जस्ता रकम पनि लगानीको आयमा समावेश गर्नु पर्दछ । तर, लाभांश बापत प्राप्त गरेको रकम, प्राकृतिक व्यक्तिले व्यावसायिक तवरले बाहेक प्राप्त गरेको ब्याज र भाडा, लगानी बीमाबाट प्राप्त लाभ, अवकाश कोषबाट प्राप्त अवकाश भुक्तानीहरु ऐनको दफा ८८ अनुसार अग्रिम करकट्टी गरी भुक्तानी प्राप्त गरेको रकम ऐनको दफा ९२ अनुसार अन्तिम करकट्टी गरी भुक्तानी भएकोमानिने हुँदा उक्त रकमलाई लगानीको आयमा समावेश गर्नु पर्दैन । तर गैर बासिन्दाबाट भुक्तानी भएको अवस्थामा उक्त आम्दानीहरु (गैर बासिन्दा निकाय दफा ६९ को नियन्त्रित विदेशी निकाय भएका अवस्थामा लाभांश बाहेक) मुनाफा र लाभमा समावेश गर्नु पर्दछ । उक्त अवस्था तलको उदाहरणमा खुलाइएको छ :-

उदाहरण ६.४.४: मानौं, हरिस एण्ड कं. ले ABC Company Ltd. मा १० प्रतिशत ब्याज आउने गरी रु.१,००,०००।- कर्जा लगानी गरेको रहेछ । उक्त कम्पनीले सो बापत १० प्रतिशतले हुन आउने ब्याज रु.१०,०००।- मा ऐनको दफा ८८ (१) अनुसार १५ प्रतिशतका दरले हुने रु.१,५००।- अग्रिम करकट्टी गरी बाँकी रु.८,५००।- भुक्तान गरेको रहेछ । यस अवस्थामा निज हरिस एण्ड कं.ले पूरै रकम रु.१०,०००।-लाई लगानीको आयमा समावेश गर्नु पर्दछ । त्यस्तै यदि हरिस भन्ने व्यक्तिले आफ्नो व्यक्तिगत सम्पत्तिको रूपमा रहेको रकम ऋणपत्र जारी गर्ने स्वीकृति नभएको निकायABC Company Ltd.मा १० प्रतिशत ब्याज आउने गरी रु.१,००,०००।- लगानी गरेका रहेछन् र सो कम्पनीले ब्याज बापतभुक्तानीगरेकोरु.१०,०००।- मा ऐनको दफा ८८ (१) अनुसार १५ प्रतिशतका दरले हुने रु.१,५००।- अग्रिम करकट्टी गरी बाँकी रु.८,५००।- भुक्तान गरेको रहेछ भने यस अवस्थामा निज हरिसले पुरै रकम रु.१०,०००।-लाई लगानीको आयमा समावेश गरी आय विवरण पेश गर्नु पर्दछ । तर, निजले सो रकम कुनै बैङ्कमा वा ऋणपत्र जारी गर्ने स्वीकृति भएको निकायमा जम्मा गरी ब्याज प्राप्त गरेका रहेछन् भने त्यस्तो कर कट्टी गरी प्राप्त ब्याज अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिने हुनाले सो ब्याज आयलाई हरिसले लगानीको आयमा समावेश गर्नु पर्दैन ।

**९(२)(ख) परिच्छेद-८ बमोजिम गणना गरिएको सो व्यक्तिको सो लगानीको गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभ,**

गैर व्यावसायिक करयोग्य सम्पत्ति अर्थात व्यवसाय वा लगानीमा प्रत्यक्षरूपले प्रयोग नगरिएको तथा गैर व्यावसायिक करयोग्य सम्पत्तिमा पर्ने जग्गा, भवन तथा कुनै निकायमा रहेको हितको निःसर्ग भएमा त्यस्तो निःसर्गको समयमा निःसर्ग बापत प्राप्त खुद लाभलाई आयमा समावेश गर्नुपर्दछ । यस्तो खुद लाभ गणना गर्दा आम्दानीबाट खर्च घटाई बाँकी रहने लाभबाट कुनै कट्टी नभएको नोक्सानी भए सो समेत घटाई बाँकी रहने रकम खुद लाभ हुन्छ ।

**९(२)(ग) सो व्यक्तिले गरेको लगानीको ह्रासयोग्य सम्पत्ति निःसर्ग गर्दा अनुसूची-२ को दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम ह्रासयोग्य सम्पत्तिको समूहमा भएका सम्पत्तिको लागि गरिएको खर्चहरु (आउटगोइङ्गस) सहितको बाँकी मूल्य भन्दा प्राप्त हुने आम्दानीहरु (इनकमिङ्गस) बढी भएमा सो बढी भएजति रकम,**

लगानीमा उपभोग गरिएको ह्रासयोग्य सम्पत्ति निःसर्ग गर्दा लाभ भए त्यस्तो लाभलाई लगानीको आयमा समावेश गर्नु पर्दछ ।

**९(२)(घ) लगानीका सम्बन्धमा सो व्यक्तिले प्राप्त गरेको उपहार,**

लगानीको सन्दर्भमा प्राप्त उपहारलाई लगानीको आयमा समावेश गर्नु पर्दछ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण ६.४.५: मानौं, हरिसले सम्पन्न बैङ्क लि.मा रु.२ करोड शेयर लगानी गरेका रहेछन् । कुनै आय वर्षमा बैङ्कलेरु.१ करोड भन्दा बढी शेयर लगानी गर्ने शेयरधनीलाई दशैंमा एक तोलाको सुनको सिक्का उपहार स्वरूप दिएको रहेछ भने निजले प्राप्त गरेको उक्त सुनको सिक्का लगानी गरेर उपहार पाएको हुँदा सो उपहार बजार मूल्यमा मूल्यांकन गरी लगानीको आयमा समावेश गर्नु पर्दछ । |

**९(२)(ङ) सो लगानीका सम्बन्धमा गरिएको अवकाश भुक्तानी र सो व्यक्तिको लागि अवकाश कोषमा जम्मा गरिएको रकम समेतको अवकाश योगदान,**

लगानी गरे बापत प्राप्त हुने अवकाश भुक्तानी तथा त्यस्तो भुक्तानी पाउनको लागि अवकाश कोषमा गरिने योगदानलाई समेत लगानीको आयमा समावेश गर्नु पर्दछ ।

**९(२)(च) लगानीका सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त गरिएका रकमहरु, र**

लगानी नगर्ने शर्तमा वा यस्तै कुनै शर्त वा बन्देजका कारण प्राप्त रकमहरु लगानीको आयमा समावेश गर्नुपर्दछ ।

**९(२)(छ) परिच्छेद-६ वा ७ वा दफा ५६ बमोजिम समावेश गरिनु पर्ने अन्य रकमहरु ।**

ऐनको परिच्छेद-६ मा उल्लेख भए बमोजिमकर प्रयोजनको लागि कुनै व्यक्तिको लेखाङ्कन तरिका विभागबाट स्वीकृति लिई परिवर्तन गरेको खण्डमा वा सोही परिच्छेदका अन्य दफामा भएको व्यवस्थाको कारणबाट लेखाङ्कन तरिका परिवर्तन भएमा परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकमहरुमा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नु पर्ने छ ।

ऐनको परिच्छेद-७ मा उल्लेख भए बमोजिमकुनै व्यक्तिद्वारा गरिएको कारोबारको भुक्तानी नगदमा मात्र नभई सम्पत्तिको हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा त्यसरी हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकमलाई आयमा समावेश गर्नु पर्दछ । यसरी हस्तान्तरित सम्पत्तिको मूल्य दुई पक्षबीच भएको सम्झौतामा उल्लेख गरिएको मूल्य वा कितावी मूल्यलाई आधिकारीक कारोबार मूल्य नमानी सो बखत हस्तान्तरित सम्पत्तिको बजार अनुसार यकिन गरिएको मूल्यलाई ऐनको प्रयोजनको लागि आधिकारिक मूल्य मानी लगानीको आयमा समावेश गर्नुपर्दछ ।

ऐनको दफा ५६ अनुसार निकाय र हिताधिकारीबीचको कारोबारमा भएको सम्पत्ति वा दायित्वको निःसर्गबाट हुने लाभलाई यस खण्ड अन्तर्गत आयमा समावेश गर्नुपर्दछ । यस सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १३ मा उल्लेख गरिएको छ ।

६.४.४ लगानीबाट भएको आयको गणनामा समावेश नहुने रकमहरु

**९(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले लगानीबाट प्राप्त गर्ने मुनाफा तथा लाभको गणना गर्दा देहायका कुराहरु समावेश गरिने छैनन्ः-**

**९(३)(क) दफा १०, ५४, र ६९ बमोजिम छुट पाउने रकम र अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी, र**

ऐनको दफा १० बमोजिम निम्नानुसारको रकमहरुलाई आयमा समावेश गर्नु पर्दैन ।

**१०(क) नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,**

नेपाल सरकार र अन्य कुनै पनि विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षिय सन्धिमा वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने व्यक्तिले सो सन्धि वा सम्झौताको अधीनमा रही प्राप्त गरेको रकम कर छुटको रकम हुनेछ ।

ऐनको दफा ५४ अनुसार कम्पनी तथा साझेदारी फर्मबाट वितरण गरिएको लाभांशमा अन्तिमरूपमा कर कट्टी गर्ने विधिद्वारा कर लगाइन्छ भने अन्य निकायले वितरण गरेमा कर नलाग्ने व्यवस्था छ । यस सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १३ मा उल्लेख गरिएको छ ।

नियन्त्रित विदेशी निकायहरुद्वारा ऐनको दफा ६९ अनुसार वितरण हुने रकमहरु आय गणना गर्ने प्रयोजनको लागि समावेश गर्नु पर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १४ मा उल्लेख गरिएको छ ।

अन्तिम रूपमा कर कट्टी हुने ऐनको दफा ९२ अनुसारका भुक्तानीहरुमध्ये लगानीसँग सम्बन्धित भुक्तानी भए त्यस्तो भुक्तानीबाट प्राप्त भएको रकमलाई आयमा समावेश गर्नु पर्दैन । जस्तै, नेपाल स्रोत भएको भुक्तानीमा कर कट्टी गरी प्राप्त गरेको लाभांश रकमलाई ऐनको दफा ९२ अनुसार अन्तिम कर कट्टी गरी भुक्तानी गरिएको रकम भएको हुँदा यस्तो भुक्तानी रकमलाई आयमा समावेश गर्नु पर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १६ मा उल्लेख गरिएको छ ।

**९(३)(ख) सो व्यक्तिले रोजगारी वा व्यवसायबाट आर्जन गर्ने आयको गणना गर्दा समावेश गरिने रकम ।**

कुनै व्यक्तिको आय गणना गर्ने प्रयोजनको लागि समावेश गरिने रकमहरु दोहोरो नपर्ने गरी सो व्यक्तिले रोजगारी वा व्यवसायबाट आर्जन गर्ने आयको गणना गर्दा समावेश गरिने रकम लगानीको आयमा समावेश गर्नु पर्दैन । ऐनको दफा ७ अनुसार व्यवसायको आय गणना गर्दा समावेश गरिएको आयहरु र दफा ८ अनुसार रोजगारीको आय गणना गर्दा समावेश गरिएका आयहरुलाई लगानीको आय गणना गर्दा समावेश गर्नु पर्दैन । यस प्रकार लगानीको आय एक अवशिष्ट (Residual) आय हो जुन रोजगारी र व्यवसायबाट भएको आयको गणना पश्चात मात्र गणना वा परिभाषित गरिन्छ ।

# परिच्छेद ७

## रकमहरुको परिमाणीकरण, बाँडफाँड र चारित्रीकरण

## (Quantification, Allocation and Characterization of Amounts)

७.१ आयकर ऐन, २०५८ ले आयको गणना गर्दा नगद, जिन्सी वा अन्य तवरबाट गरिने भुक्तानी एवम् उपलब्ध भएको सुविधाहरु तथा सेवाहरुलाई आयमा समावेश गरिनुपर्ने व्यवस्था गरेको छ । जस अनुसार नगदमा भुक्तानी गरिएका बाहेक अन्य भुक्तानीहरुलाई जस्तैः जिन्सी भुक्तानी, सुविधा भुक्तानी, सेवा भुक्तानी आदिलाई समेत मौद्रिक रूपमा परिमाणीकरण गरी आयमा समावेश गर्ने र सोही अनुसार त्यस्ता भुक्तानीलाई करको दायरामा समेट्ने व्यवस्था रहेको छ । ऐनको परिच्छेद ७ मा यसरी नगद बाहेक अन्य तवरबाट भएका भुक्तानीलाई नगदमा परिवर्तन गर्ने व्यवस्था उल्लेख गरिएको छ । नगद बाहेक अन्य तवरबाट गरिएका भुक्तानीलाई आयकर प्रयोजनकोलागि चारित्रीकरण गर्ने, परिमाणीकरण (Quantify) गर्ने र बाँडफाँड गर्ने प्रक्रियाको सन्दर्भमा स्पष्ट पार्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

### ७.२ रकमहरुको परिमाणीकरण

### ७.२.१ परिमाणीकरण सम्बन्धी व्यवस्था

रकमहरुको परिमाणीकरण (Quantification) गर्ने सन्दर्भमा ऐनको दफा २७ को उपदफा (१) मा निम्नानुसार व्यवस्था रहेको छ :-

**२७(१) कुनै भुक्तानीलाई देहायको रकम बराबरमा परिमाणीकरण गर्नु पर्नेछ :-**

**२७(१)(क) कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा हस्तान्तरितसम्पत्तिको बजार मूल्य बराबरको रकम,**

ऐनको दफा २ को खण्ड (ह) मा भुक्तानी शब्दलाई निम्नानुसार परिभाषित गरिएको छ :-

**“भुक्तानी” भन्नाले देहायको काम कारबाही सम्झनु पर्छ :-**

**(१) कुनै एक व्यक्तिको रकम वा सम्पत्ति अर्को व्यक्तिको नाउँमा र कुनै अर्को व्यक्तिको दायित्व सो व्यक्तिको नाउँमा हस्तान्तरण भएमा,**

**(२) कुनै एक व्यक्तिबाट सिर्जित सम्पत्ति सो सम्पत्तिको सिर्जनापछि अर्को व्यक्तिको स्वामित्वमा भएमा वा कुनै एक व्यक्तिको दायित्वको भार अर्को व्यक्तिले बहन गरेमा,**

**(३) एक व्यक्तिले अर्को व्यक्तिलाई सेवा प्रदान गरेमा,**

**(४) कुनै एक व्यक्तिको स्वामित्वमा रहेको सम्पत्ति अर्को व्यक्तिले प्रयोग गरेमा वा प्रयोगको लागि उपलब्ध भएमा ।**

ऐनमा भुक्तानीलाई एक्रुयल आधारको खर्च एवम् आयको रूपमा मानिएको छ । ऐनको दफा २४ को उपदफा (१) मा व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको लेखाङ्कन एक्रुयल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी आयको गणनामा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । वित्तीय विवरणको आधार (Framework for the Preparation and Presentation of Financial Statements) तथा नेपाल लेखामान १ (NAS 01 मा समेत Accrual आधारमा लेखाङ्कन गर्नु पर्ने व्यवस्था गरेको छ । व्यक्तिको आय गणना गर्दा तथा खर्च कट्टी दाबी गर्दा “भुक्तानी” को भूमिका महत्वपूर्ण हुन्छ । भुक्तानी (Payment) शब्दले यथार्थमा कुनै व्यक्तिले अर्को व्यक्तिलाई लाभान्वित गराउन सक्ने हरेक माध्यमलाई समावेश गरेको छ । भुक्तानी शब्दको थप व्याख्या एवम् उदाहरणहरु यसै निर्देशिकाको परिच्छेद २ तथा परिच्छेद ८ मा गरिएको छ ।

कुनै व्यक्तिद्वारा गरिएको कारोबारको भुक्तानी नगदमा मात्र नभई सम्पत्तिको हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा त्यसरी हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकमलाई आयमा समावेश गर्नु पर्दछ । यो दफा अनुसार हस्तान्तरित सम्पत्तिको मूल्य दुई पक्षबीच भएको सम्झौतामा उल्लेख गरिएको मूल्य वा कितावी मूल्यलाई मात्र आधिकारिक कारोबार मूल्य नमानी सो बखत हस्तान्तरित सम्पत्तिको बजार अनुसार यकिन गरिएको मूल्यलाई ऐनको प्रयोजनको लागि आधिकारिक मूल्य मानी आयमा समावेश गर्नु पर्दछ । यसरी गरिएको कारोबार रोजगारी आयसँग सम्बन्धित भए रोजगारीको आयमा, व्यवसायसँग सम्बन्धित भए व्यवसायको आयमा र लगानीसँग सम्बन्धित भए लगानीको आयमा समावेश गर्नु पर्दछ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण ७.२.१: मानौं, दिगम बान्तवा भन्ने व्यक्तिले स्कट नेपाल प्रा.लि. नामको संस्थालाई कुनै सेवा उपलब्ध गराएका रहेछन् । उक्त संस्थाले निज दिगमलाई सो सेवाको मूल्य नगदमा भुक्तानी नदिई एउटा टेलिभिजन दिएको रहेछ । उक्त टेलिभिजनको बजार मूल्य रु. ५०,०००।- रहेछ भने सो अवस्थामा निज बान्तवाले रकम भुक्तानी नलिए पनि रु.५०,०००।- को भुक्तानी प्राप्त गरे सरह मानिनेछ । |
| उदाहरण ७.२.२: मानौं, नेपाल आयल निगममा कार्यरत कर्मचारीलाई मासिक ५० लिटर पेट्रोल सुविधा स्वरूप उपलब्ध गराउने व्यवस्था रहेछ र त्यस्तो पेट्रोलको बजार मूल्य प्रति लिटररु.८०।- रहेछ भने निजको रोजगारीको आय गणना गर्दा आयमा (८० x ५०)=रु. ४,०००।- प्रति महिनाका दरले हुने रु.४८,०००।- लाई समेतरोजगारीको आयमा समावेश गर्नु पर्दछ । |
| उदाहरण ७.२.३: मानौं, कुनै एक चाउचाउ फ्याक्ट्रीले वार्षिक रूपमा तोकिएको परिमाण बिक्री गर्ने कुनै डिलरलाई एउटा रंगीन टेलिभिजन दिने व्यवस्था गरेको रहेछ । उक्त डिलरले निजलाई तोकिएको परिमाण बिक्री गरी Target meet गरे बापत निजलाई प्राप्त भएको टेलिभिजन (सम्पत्ति) को बजार मूल्य रु.२०,०००।- रहेछ भने उक्त रु.२०,०००।- लाई डिलरले आफ्नो व्यवसायको आयमा समावेश गर्नु पर्दछ । |
| उदाहरण ७.२.४: मानौं, ABC Travel Agency Pvt. Ltd. मा कार्यरत प्रबन्ध निर्देशक श्री हरिप्रकाश श्रेष्ठलाई निजको संस्था प्रतिको इमान्दारिताको कदर गर्दै सञ्चालक समितिले निर्णय गरी निजलाई Jeep हस्तान्तरण गरेको रहेछ । यस अवस्थामा निजको इमान्दारिताको कदर स्वरूपको भुक्तानी सम्पत्तिको हस्तान्तरणबाट भएको हुँदा उक्त Jeep को बजार मूल्य बराबरको रकम निजको पारिश्रमिक आयमा समावेश गर्नु पर्दछ । बजार मूल्य भन्नाले सम्पत्तिको खातामा उल्लेख गरिएको Written Down Value नभई उक्त Jeep बजारमा बिक्री गर्दा कति रकम प्राप्त हुन सक्छ सो आधारमा निर्धारण गर्नु पर्दछ । |
| उदाहरण ७.२.५: मानौं, विद्युत वितरण गर्ने निकायले आफ्ना कामदार वा कर्मचारीहरुलाई सुविधाका रूपमा प्रति महिना निश्चित युनिटसम्म महसुल नलिने गरी छुट दिने वा टेलिफोन कम्पनीले आफ्ना कामदार वा कर्मचारीहरुलाई सुविधाका रूपमा प्रति महिना निश्चित कलसम्म महसुल नलिने गरी छुट दिने व्यवस्था गरेको रहेछ वा अन्य यस्तै छुटहरु आफ्ना कर्मचारीलाई उपलब्ध गराइने व्यवस्था छ भने त्यस्ता निकायले यसरी दिइने छुटलाई बजार मूल्यका आधारमा हिसाव गरी आउने रकम सुविधा उपभोग गर्ने कामदार वा कर्मचारीहरुको रोजगारीको आय गणना गर्दा आयमा समावेश गर्नु पर्दछ । |

२७(१)(ख) **देहायका कुरा उपलब्ध गराएबापत भएको भुक्तानीको लागि तोकिए बमोजिम निर्धारण हुने रकम वा रकम निर्धारण गर्ने व्यवस्था नगरिएकोमा खण्ड (ङ) अनुसार निर्धारण हुने रकम :-**

२७(१)(ख)(१) **भुक्तानी पाउने व्यक्तिको पूर्ण वा आंशिक रूपमा निजी प्रयोजनका लागि प्रयोग गरिएको वा प्रयोगको लागि उपलब्ध भएको सवारी साधन, वा**

आयकर नियमावली को नियम १३ को उपनियम (१) मा निजी प्रयोजनको सवारी साधन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :

*(१) कर्मचारी वा कामदार लगायतको कुनै हिताधिकारीको लागि कुनै व्यक्तिबाट पूर्ण वा आंशिक रूपमा निजी प्रयोजनको लागि प्रयोग भएको वा प्रयोगको लागि उपलब्ध भएको सवारी साधनलाई ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) बमोजिम कुनै आयवर्षकोलागि देहाय बमोजिम रकम निर्धारण हुनेछ :-*

*(क) कर्मचारी वा कामदार वा मासिक रूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई उपलब्ध गराएकोमा निजले खाईपाई आएको तलबको शून्य दशमलव पाँच प्रतिशतले हुने रकम ।*

*(ख) खण्ड (क) मा उल्लेख भएको अवस्थामा बाहेक सवारीसाधनको प्रचलित बजार मूल्यको वार्षिक एक प्रतिशतले हुने रकम ।*

*स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "सवारी साधन" भन्नाले मोटर, कार, जीप र यस्तै किसिमको अन्य सवारी साधन सम्झनु पर्छ ।*

आयकर नियमावलीको नियम १३ उपनियम (१) बमोजिम कर्मचारी वा कामदार वा मासिक रूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई पूर्ण वा आंशिक रूपमा निजी प्रयोजनकालागि उपलब्ध भएको सवारी साधनको लागि निजले खाइपाई आएको तलबको ०.५ प्रतिशतले हुने रकमलाई निजले प्राप्त गरेको भुक्तानी सरह मानी रोजगारीको आयमा समावेश गरिन्छ ।

माथिको स्पष्टीकरण अनुसार "सवारी साधन" ले मोटर, कार, जीप र यस्तै किसिमको सवारी साधनलाई जनाउँछ, अर्थात उपर्युक्त वर्ग (Category) का सवारी साधन बाहेक साइकल, मोटरसाइकल, कर्मचारीलाई संयुक्तरूपमा उपलब्ध बस सुविधा जस्ता सवारी साधन भने "सवारी साधन सुविधामा" समावेश हुने छैन ।

आयकर नियमावली, २०५९ को नियम १४ अनुसार *"कुनै भुक्तानीलाई ऐनको दफा २७बमोजिम परिमाणीकरण गर्दा वा ऐनको दफा २८ बमोजिम नेपाली रूपैयाँमा परिवर्तन गर्दा रूपैयाँभन्दा बढी भएको चानचुन पैसालाई गणना गरिने छैन् ।"*

उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण ७.२.६: मानौं, कुनै कर्मचारीलाई उसको रोजगारदाताले निजी तथा व्यावसायिक कामको लागि एउटा कार उपलब्ध गराएको रहेछ । सो कारको बजार मुल्य रु.२०,००,०००।- रहेछ । निजले आफ्नो मासिक पारिश्रमिक निम्नानुसार प्राप्त गर्ने गरेका रहेछन् ।

| | |
|---|---|
| तलब | रु.१५,०००।- |
| ग्रेड (जम्मा) | रु.५,९३०।- |
| महङ्गी भत्ता | रु.६००।- |
| अन्य भत्ता | रु.१,०००।- |

सवारी साधन निजी कार्यको लागि समेत उपलब्ध गराएकोमा, Perquisite को मूल्य निर्धारण गर्नको लागि निजले खाइपाई आएको तलब निर्धारण गर्नु पर्दछ ।

| | |
|---|---|
| शुरु तलब (१५,००० × १२) | १,८०,०००।- |
| ग्रेड | <u>५,९३०</u>।- |
| खाइपाई आएको तलब | रु.१,८५,९३०।- |

०.५% का दरले हुने (१,८५,९३० × ०.५/१००) =रु.९२९.६५

निजको सवारी साधन प्रयोग गरेबापत रु.९२९।- भुक्तानी दिए सरह मानी निजको रोजगारीको आयमा समावेश गरिन्छ । यसरी परिमाणीकरण (Quantification)गर्दा पैसालाई गणना गर्नु पर्दैन ।

सवारी साधन सुविधा दिंइदा सवारी चालक तथा इन्धन समेत दिनुपर्ने हुँदा माथि उल्लेख भए अनुसार सवारी साधन सुविधा बापतको रकम आयमा समावेश गरिसकेपछि सवारी चालक वा इन्धनको लागि रोजगारदाताले गरेको भुक्तानी वा सुविधालाई आयमा समावेश गर्नु पर्दैन । तर, यदि कर्मचारीलाई निजी प्रयोजनको निमित्त सवारी साधन सुविधा भनी निश्चित रकम भुक्तानी गरेको भए पुरै भुक्तानी रकम उक्त कर्मचारीको रोजगारीको आयमा समावेश गर्नुपर्ने हुन्छ ।

कुनै पनि निकायले आफ्नो कर्मचारीलाई निजको व्यक्तिगत सवारी साधनलाई सुविधा अन्तर्गत इन्धन उपलब्ध गराएको छ भने उपलब्ध गराएको इन्धनको बजार मूल्य निर्धारण गरी बजार मूल्य बराबरको रकम निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

नियम १३ को उपनियम (१) को खण्ड (ख) मा उल्लेख भए बमोजिम कर्मचारीबाहेक अन्यलाई सवारी साधन उपलब्ध गराएको खण्डमा सवारीसाधनको प्रचलित बजार मूल्यको वार्षिक एक प्रतिशतका दरले हुने रकम निजको आयमा समावेश गर्नु पर्दछ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ :-

उदाहरण ७.२.७: मानौं, हरीशरण भन्ने व्यक्तिABC Travel Agency Pvt. Ltd. मा एउटा कार्यक्रम सञ्चालन गर्न एकमुष्ठ रु.५०,०००।- शुल्क पाउने गरी परामर्शदाता नियुक्त भएका रहेछन् । निजलाई व्यक्तिगत प्रयोजन तथा तोकिएको कार्य सम्पादन गर्नसमेत सहयोग पुगोस् भन्ने उद्देश्यले सो निकायले एउटा कार तीन महिनाको लागि उपलब्ध गराएको रहेछ । सो कारको बजार मुल्य रु.२०,००,०००।- रहेछ भने निजले आफ्नो व्यवसायको आयमा सो निकायबाट नगदै प्राप्त रु.५०,०००।- को अतिरिक्त रु.२०,००,०००।- को १ प्रतिशतले ३ महिनाको हुन आउने रकमरु.५,०००।- समेतआयमासमावेश गर्नु पर्दछ ।

**२७(१)(ख)(२) भुक्तानी पाउने व्यक्तिको लागि उपलब्ध गराइएको भवन ।**

आयकर नियमावलीको नियम १३ को उपनियम (२) मा निजी प्रयोजनको भवन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेकोछ :

*(२) कर्मचारी वा कामदार लगायतको कुनै हिताधिकारीको लागि कुनै व्यक्तिबाट निजी प्रयोजनको लागि प्रयोग भएको वा प्रयोगको लागि उपलब्ध भएको भवनलाई ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (२) बमोजिम कुनै आयवर्षको लागि देहाय बमोजिम रकम निर्धारण हुनेछ :-*

*(क) भवन उपलब्ध गराउने व्यक्तिले कर्मचारी वा कामदार वा मासिक रूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई भवन उपलब्ध गराएकोमा निजले खाइपाई आएको तलबको २ प्रतिशतले हुने रकम,*

*(ख) भवन उपलव्ध गराउने व्यक्तिले घर भाडामा लिई खण्ड (क) मा उल्लेख भए बाहेकको व्यक्तिलाई भवन उपलब्ध गराएकोमा भाडाबापत भुक्तानी गरेको रकमको २५ प्रतिशतले हुने रकम,*

*(ग) भवन उपलब्ध गराउने व्यक्तिले भाडा तिर्नु नपर्ने घर खण्ड (क) मा उल्लेख भए बाहेकको व्यक्तिलाई भवन उपलब्ध गराएकोमा प्रचलित घरभाडाको २५ प्रतिशतले हुने रकम ।*

आयकर नियमावलीको नियम १३ को उपनियम (२) बमोजिम कर्मचारी, कामदार वा मासिक रूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई भाडामा लिई वा आफ्नै भवन उपलब्ध गराएकोमा निजले खाइपाई आएको तलबको २ प्रतिशतले हुने रकमलाई निजले प्राप्त गरेको भुक्तानी सरह मानी निजको रोजगारीको आयमा समावेश गरिन्छ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण ७.२.८: मानौं, उदाहरण ७.२.६ का कर्मचारीलाई तलब भत्ताको अतिरिक्त रु.६०,०००।- वार्षिक भाडा प्राप्त हुने भवन समेत उपलब्ध गराएको रहेछ । निज सो कम्पनीको कर्मचारी भएकोले भवन सुविधा बापत सो व्यक्तिले खाइपाई आएको तलबको २%का दरले हुने रकम रु.३,७१८।६० (१,८५,९३० × २/१००) सुविधाको रूपमा गणना गरी रोजगारीको आयमा समावेश गर्नु पर्दछ । भवन सुविधाको मूल्यांकन रु.३,७१८।६० भएतापनि आयकर नियमावली,२०५९ को नियम १४ अनुसार चानचुन पैंसालाई गणना गरिने छैन भन्ने व्यवस्था अनुसार रु.३,७१८।- मात्र आयमा समावेश गरिनु पर्दछ । रोजगारदाताले कामदार तथा कर्मचारीको लागि बासस्थानको लागि भनेर नगद वा सो सरह उपलब्ध गराएको छ भने उपलब्ध भएको कुल रकम नै भत्ताको रूपमा निजको आयमा समावेशगरी आय गणना गर्नु पर्दछ । |
| उदाहरण ७.२.९: मानौ, नेपाल बैङ्क लिमिटेडको भैरहवामा एक अतिथी गृह रहेछ । उक्त अतिथी गृहको एक तल्ला (Flat)उक्त बैङ्कका सञ्चालक श्री भद्रेश्वर महतलाई १ वर्ष बस्नको लागि उपलब्ध गराएको रहेछ । मानौ, उक्त अतिथी गृह रहेको सोही इलाकामा त्यस्तै प्रकारको तल्ला (Flat) लाई मासिक रु.५,०००।- भाडा पर्दोरहेछ । यस अवस्थामा निज सञ्चालक श्री भद्रेश्वर महतले मासिक रु.१,२५०।- (५,००० x २५ ⁄ १००) आफ्नो आयमा समावेश गरी आय गणना गर्नु पर्दछ । |

साधारणतया यो सुविधा बापत कर्मचारीको हकमा तलवबाट प्राप्त आयको २ प्रतिशतले हुने रकम निजको रोजगारीको आय गणना गर्ने प्रयोजनको लागि भुक्तानी पाए सरह (Deemed Income)मानी समावेश गरिन्छ । कार्यालयमा कार्यरत गार्ड तथा मेसेन्जर वा कार्यालय सहयोगी जस्ता कर्मचारीहरुको लागि अफिसमा नै सुरक्षाका दृष्टिकोणले बासस्थान उपलव्ध गराइएको अवस्थामा यस्तो बासस्थानको उपलब्धता निजको सुविधा नभई कार्यालयको सुरक्षार्थ (रोजगारदाताको व्यावसायिक प्रयोजनार्थ) बसेको अवस्थामा भने निजको रोजगारीको आयमा बासस्थान उपलब्ध गराए बापत तलबको २ प्रतिशतले हुने रकम समावेश गर्नु पर्दैन ।

कुनै निकायले बासस्थानको व्यवस्था गर्दा सहुलियत दरमा उपलब्ध गराएको अवस्थामा पनि नियमावलीमा उल्लेख भए बमोजिम खाइपाई आएको तलबको २ प्रतिशतले हुन आउने रकमलाई निजको आय गणना गर्दा समावेश गर्नुपर्ने हुन्छ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ :-

| |
|---|
| उदाहरण ७.२.१०: मानौं, मासिक रु.२५,०००।- तलब पाउने दिपक भन्ने एक कर्मचारीलाई कार्यालयले बासस्थान उपलब्ध गराएको रहेछ । कार्यालयले बस्नको लागि आवास गृह उपलब्ध गराए बापत मासिक रु.२००।- आफ्नो कार्यालयलाई तिर्दै आएका रहेछन् । उक्त आवास गृह निजलाई सुविधामा उपलब्ध गराएको हुँदा नियमावली अनुसार निजको आयमा खाइपाई आएको तलबबाट २ प्रतिशतका दरले हुन आउने रकम अर्थात रु.५००।- प्रति महिना निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ । |
| उदाहरण ७.२.११: मानौं, सामरी भन्ने एक जना नेपाल गियर प्रा.लि.का सञ्चालकलाई सो प्रा.लि.ले आवास (Quarter) उपलब्ध गराएको रहेछ । उक्त आवास स्थल कमलादी, काठमाडौंमा अवस्थित रहेछ । कमलादी क्षेत्रमा निजलाई उपलब्ध गराएको आवासस्थान बराबरको घर भाडामा लिएको अवस्थामा मासिक रु.५०,०००।-उक्त प्रा.लि.ले तिर्नुपर्ने |

अवस्था रहेछ भने निज सञ्चालक कर्मचारी वा कामदार नभएको कारण निज सञ्चालकले उक्त परिमाणीकरण गरिएको रकम रु.५०,०००।- को २५ प्रतिशतले हुने रु.१२,५००।- भुक्तानी पाए सरह मानी आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

उदाहरण ७.२.१२: मानौं, नेपाल गियर प्रा.लि.ले आफ्नो सञ्चालकलाई मासिक रु. ४०,०००।- पर्ने घर भाडामा लिई बासस्थानको लागि उपलब्ध गराएको अवस्थामा भने मासिक २५ प्रतिशतका दरले हुने रु.१०,०००।- निज सञ्चालकले भुक्तानी पाए सरह मानी आफ्नो आयमा समावेश गर्नु पर्दछ । तर निज सञ्चालकलाई बासस्थानको व्यवस्था उपलब्ध नगराई बासस्थानको लागि भनी मासिक रु.४०,०००।- उपलब्ध गराएको खण्डमा भने सम्पूर्ण रकमनै निजले आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(ग) देहायका कुरा उपलब्ध गराएबापत भुक्तानी दिने व्यक्तिले गरेको खर्चबाट भुक्तानी प्राप्त गर्ने व्यक्तिको योगदान कटाई बाँकी हुन आएको रकम :-**

**२७(१)(ग)(१) घरको रेखदेखकर्ता, भान्छे, सवारी चालक, माली वा अन्य घरेलु सहायकको सेवा,**

कुनै पनि निकायले आफ्नो कर्मचारीलाई निकायको नियमावली अनुसार निजको लागि घरको रेखदेखकर्ता, भान्छे, सवारी चालक, माली वा अन्य घरेलु सहायकको सेवा उपलब्ध गराएको अवस्थामा सुविधा प्राप्त गर्ने व्यक्तिको योगदान कटाई बाँकी हुन आउने रकम निजको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण ७.२.१३: मानौं, विकास बैंङ्क लिमिटेडले आफ्नो मुख्य कार्यकारी अधिकृतको लागि घरमा काम गर्नको लागि एक जना सहयोगी उपलब्ध गराएको रहेछ । उक्त सहयोगी विकास बैङ्क लिमिटेडमा काम गर्ने कर्मचारी हुन् । निजको मासिक रु.५,०००।- तलब रहेछ र संस्थाले निजको कार्यक्षेत्र मुख्य कार्यकारी अधिकृतको घरमा तोकेको रहेछ । निज कार्यकारी अधिकृतलाई नियुक्ति दिँदाका अवस्थामा भएको करारनामामा संस्थाले एक जना सहयोगी उपलब्ध गराए बापत निजको तलवबाट मासिक रूपमा रु.१,०००।- कट्टा गर्ने व्यवस्था रहेछ । यस अवस्थामा बैङ्कले सहयोगीलाई भुक्तानी गरेको पारिश्रमिक रु.५,०००।- बाट सेवा प्राप्त गर्ने व्यक्ति मुख्य कार्यकारी अधिकृतको योगदान रु.१,०००।- भएको हुँदा उक्त योगदान कटाउँदा बाँकी हुन आउने रकम रु.४,०००।- प्रति महिना ( ५,०००-१,०००) मुख्य कार्यकारी अधिकृतको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ । अर्थात कुनै व्यक्तिले संस्थाको लागतमा प्राप्त गरेको सुविधा नै सुविधा प्राप्त गर्ने व्यक्तिको Perquisite हुन आउँछ ।

**२७(१)(ग)(२) कुनै खाना, जलपान वा मनोरञ्जन, वा**

भुक्तानी दिने व्यक्तिले गरेको खर्चबाट भुक्तानी प्राप्त गर्ने व्यक्तिको योगदान कटाई बाँकी हुन आएको कुनै खाना, जलपान वा मनोरञ्जनलाई आयमा समावेश गर्ने व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण ७.२.१४: मानौं, होटल काठमाडौं रेजेन्सीमा कर्मचारी सेवा विनियमावली अनुसार तहाँ कार्यरत अधिकृत कर्मचारीहरुले आफूले वा आफ्ना परिवारजनका बढीमा २ जना सदस्यले रु.२००।- तिरी बुफेट डिनर खान पाउने सुविधा रहेछ । उक्त बुफेट(Buffet)डिनर अन्य व्यक्तिहरुले प्रति व्यक्ति रु.७००।- तिरी खान पाउने अवस्था छ भने रोजगारदाताको खर्च रु.७००।- बाट सुविधा प्राप्त गर्ने कर्मचारीको योगदान रु.२००।- कट्टा गरी बाँकी हुन आउने रु. ५००।- निज सुविधा उपभोग गर्ने व्यक्तिको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(ग)(३) भुक्तानी प्राप्त गर्ने व्यक्तिको निवासस्थानमा जडान गरिएको धारा, बिजुली, टेलिफोन जस्ता सेवाहरु,**

सुविधा प्राप्त गर्ने व्यक्तिको निवास स्थानमा जडान गरिएको धारा, बिजुली, टेलिफोन जस्ता सेवाहरु उपलब्ध गराए बापत निकायले तिरेको महसुल रकम भने सुविधा उपभोग गर्ने व्यक्तिको रोजगारीको आयमा समावेश गर्नु पर्दछ। उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ।

| |
|---|
| उदाहरण ७.२.१५: मानौं, नेपाल खुसी कम्पनी लि.ले आफ्नो मुख्य कार्यकारी अधिकृतको निजी निवासमा जडान गरिएको धारा बापतको महसुल प्रति महिना रु.१,०००।- बिजुलीको महसुल बापत प्रति महिना रु.२,०००।-र टेलिफोन महसुल बापत प्रति महिना रु.३,०००।- तिर्ने गरेको रहेछ । यस सम्बन्धमा निजको निवास स्थानमा उपलब्ध गराइएका माथि उल्लेख गरिए बमोजिमका सुविधा बापत संस्थाले प्रति महिना तिरेको रु.६,०००।-लाई निजको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ। |
| उदाहरण ७.२.१६: मानौं, कुनै रोजगारदाताले आफ्ना कामदार वा कर्मचारीहरुलाई सुविधाका रूपमा प्रति महिना निश्चित वा अनिश्चित युनिटसम्मको महसुल वा सुविधाका रूपमा प्रति महिना निश्चित कलसम्मको महसुल उपलब्ध गराइने व्यवस्था छ भने त्यस्ता निकायले यसरी दिइने सुविधालाई सो रोजगारदाताले भुक्तानी गरेको रकम सुविधा उपभोग गर्ने कामदार वा कर्मचारीहरुको रोजगारीको आय गणना गर्दा आयमा समावेश गर्नु पर्दछ। |

टेलिफोनको सुविधा प्राप्त गर्ने व्यक्तिको निवास स्थानमा जडान गरिएको टेलिफोनबाट निजले आफ्नो व्यक्तिगत प्रयोजनका साथै कार्यालयको कामको लागि समेत प्रयोग गरिने हुँदा व्यक्तिगत प्रयोजनको लागि गरिएको फोनको महसुल मात्रै आयमा समावेश गर्नुपर्दछ।

**२७(१)(घ) कुनै आय वर्षमा भुक्तानी प्राप्त गर्नुपर्ने कुनै व्यक्तिले ऋण बापत तिरेको ब्याज प्रचलित ब्याज दर अनुसार तिर्नुपर्ने ब्याज रकमभन्दा कम भएमा सो कम भएजति रकम, र**

प्रचलित ब्याजदर भन्नाले प्रवाह गरिएको ऋणको प्रकृति अनुसार बजारमा उपलब्ध हुने ब्याजदरलाई जनाउँदछ। यस प्रयोजनका लागि ब्याजदर घोषणा गर्ने र सोलाई पुष्ट्याई गर्ने दायित्व करदाता स्वयंको हुन्छ।

कर्मचारीलाई रोजगारदाताले उपलब्ध गराउने निर्ब्याजी वा कम ब्याज दरको कर्जाको ब्याज सहुलियत समेत आयमा समावेश गर्नु पर्दछ। उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएकोछ।

| |
|---|
| उदाहरण ७.२.१७: मानौं, कुनै व्यक्तिलाई रु.१,००,०००।- वार्षिक ४% का दरले ब्याज तिर्ने गरी कुनै कर्जा उपलब्ध गराएको रहेछ र प्रचलित ब्याजदर ८% रहेछ भने फरक दर ४% का हिसाबले हुने रु.४,०००।- सो कर्मचारीले प्राप्त गरेको ब्याज सहुलियतका रूपमा गणना गरी रोजगारीको आयमा समावेशगर्नुपर्दछ। |

**२७(१)(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित भुक्तानी बाहेक अन्य भुक्तानीको सम्बन्धमा भुक्तानी पाउने व्यक्तिको सट्टा तेस्रो व्यक्तिले भुक्तानी पाएमा सामान्यतयाः पाउने फाइदाको मूल्य बराबरको रकम,**

यस सम्बन्धीव्यवस्थालाई खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ।

| |
|---|
| उदाहरण ७.२.१८: मानौं, बोल्ड किड प्रा.लि.मा हरिप्रसाद भन्ने कर्मचारी काम गर्दा रहेछन् । निजको छोरा Kinder Worldभन्ने स्कुलमा पढ्ने गरेको रहेछ। उक्त स्कुलको मासिक फि बापत हुने रकम रु.१०,०००।- सो प्रा.लि.ले सिधै सोही स्कुललाई भुक्तानी गर्ने गरेको रहेछ । यस्तो भुक्तानी रकम कर्मचारीलाई अप्रत्यक्षरूपमा रोजगारदाताले सुविधा उपलब्ध गराएको मानी निज हरिप्रसादको रोजगारीको आय निर्धारण गर्दा आयमा समावेश गर्नुपर्दछ |

। यहाँ हरिप्रसादले तिर्नुपर्ने दायित्व सो प्रा.लि.ले तिरिदिएको हुँदा हरिप्रसादलाई अप्रत्यक्षरूपमा फाइदा पुगेको छ । तसर्थ अप्रत्यक्षरूपमा तेस्रो व्यक्तिले अर्थात Kinder Worldले उक्त भुक्तानी पाएको भएतापनि हरिप्रसादलाई फाइदा भएको हुँदा सो रकमलाई निजको आय मानिन्छ ।

### ७.२.२ परिमाणीकरणको समय

परिमाणीकरण (Quantification)गरिएका रकमहरुको भुक्तानीको समय मानिने सन्दर्भमा ऐनको दफा २७ को उपदफा (२) मा निम्नानुसार व्यवस्था रहेको छ :-

**२७(२) उपदफा (१) को खण्ड (क) र (ङ) को सम्बन्धमा भुक्तानी आर्जन गरेको, प्राप्त गरेको, दिएको, बहन गरेको वा कर प्रयोजनको लागि अन्य रूपमा हिसाब गरिएको समयलाई नै रकमहरुको परिमाणीकरण भएको समय मानिनेछ ।**

ऐनको दफा २७ को उपदफा (२) बमोजिम भुक्तानी आर्जन गरेको, प्राप्त गरेको, दिएको, बहन गरेको वा कर प्रयोजनको लागि अन्य रूपमा हिसाब गरिएको समयलाई नै रकमहरुको परिमाणीकरण भएको समय अर्थात सोही मितिमा भुक्तानी दिएको वा पाएको मानिनेछ । भुक्तानीका अवस्था खुलाउने उदाहरणहरु तल प्रस्तुत गरिएको छ ।

भुक्तानी प्राप्त (आर्जन) गरेको अवस्था :–

उदाहरण ७.२.१९: मानौं, ABC Consultancy Pvt. Ltd.लाई ने.बै.लि.ले कर परामर्शदाताको रूपमा २०६५ श्रावण १ गतेदेखि लागू हुने गरी मिति २०६४/१०/२८ मा नियुक्ति गरेको रहेछ । उक्त करारनामा अनुसार बैङ्कले सो कम्पनीलाई वार्षिक रु.१,००,०००।- भुक्तानी दिने व्यवस्था रहेछ । सो सम्झौता बमोजिम निजले करार गर्दाको अवस्थामा अर्थात मिति २०६४/१०/२८ मा अग्रिम पेश्की बापत रु.४०,०००।- लिएको रहेछ । ABC Consultancy एक कम्पनी भएको हुँदा Accrual Basis मा लेखाङ्कन गर्नुपर्ने र परामर्श बापतको शुल्क आ.व.०६५/६६ सालमा मात्र आर्जन (Accure) भएको मानिने हुँदा अग्रिम पेश्की बापत प्राप्त भएको रु.४०,०००।- आ.व.०६४/६५ को आर्जन नमानिने र आर्जन (Accure) नहुँदा सम्मका लागि दायित्वको रूपमा लेखाङ्कन गर्नु पर्ने हुन्छ ।

प्राप्त गरेको मानिने अवस्था :–

उदाहरण ७.२.२०: मानौं, श्री हरिश विकास बैङ्कका कर्मचारी रहेछन् । बैङ्कको नियमानुसार निजलाई व्यक्तिगत साथै कार्यालय प्रयोजनको लागि गाडीको व्यवस्था गरिएको रहेछ । मानौं निजको मासिक तलबरु.४०,०००।-रहेछ । यस अवस्थामा निजले सवारी साधन प्रयोग गरेबापत प्रति महिना रु.२००।-का दरले हुन आउने सुविधालाई भुक्तानी प्राप्त गरेको मानिन्छ । उक्त रकम तलव भूक्तान गरेको अवस्थामा नै निजले प्राप्त गरेको मानिन्छ ।

छुट दिएको अवस्थामा :–

उदाहरण ७.२.२१: मानौं, ABCकम्पनीको आर्थिक वर्ष२०६४/६५ को वासलातमा उल्लेख गरिए अनुसार B&Wलाई रु.४ लाख भुक्तानी गर्नुपर्ने रहेछ । २०६५ श्रावण १०गते B&Wको सञ्चालक समितिको निर्णयानुसार आफूले प्राप्त गर्नुपर्ने रु.४ लाख ABCकम्पनीको खराब आर्थिक अवस्थाका कारण मिन्हा गरेको रहेछ । यसरी मिन्हा भएको रु.४ लाख ABC Co.ले सोही समय अर्थात २०६५ श्रावण १०मा नै आम्दानी मानी लेखाङ्कन गर्नु पर्दछ ।

दायित्व बहन गरेको अवस्थामा :–

उदाहरण ७.२.२२: मानौं, रामले हरिश एण्ड कं. लाई रु.५ लाख तिर्नुपर्ने रहेछ । शिव शंकर र रामबीचको समझदारी अनुसार रामले हरिश एण्ड कं. लाई तिर्नुपर्ने दायित्व,

शिव शंकरले मिति २०६६/३/१६मा बहन गरेको रहेछ । यस अवस्थामा उक्त मितिमा नै दायित्व नि:सर्ग गरेको मानिने हुँदा रामले उक्त रकम आफ्नो आम्दानी मानी लेखाङ्कन गर्नु पर्दछ ।

## ७.३ रूपैयाँमा परिवर्तन :

कुनै व्यक्तिको कारोबार नेपाली मुद्राबाहेक अन्य विदेशी मुद्रामा भएको अवस्थामा सो व्यक्तिको आय निर्धारण गर्ने प्रयोजनको लागि विदेशी मुद्रामा भएको कारोबारको रकमलाई नेपाली मुद्रामा अङ्कित गरिनु पर्दछ । यस सन्दर्भमा ऐनको दफा २८ मा निम्नानुसारको व्यवस्था रहेको छ :

२८(१) **यस ऐनको प्रयोजनको लागि कुनै व्यक्तिको आय तथा सो आय निर्धारण गर्दा समावेश गरिने र कट्टी गरिने रकमहरु नेपाली रूपैयाँबाहेक अन्य मुद्रामा अंकित गरिएको भए त्यस्तो रकमलाई नेपाली रूपैयाँमा परिवर्तन गर्नु पर्नेछ ।**

२८(२) **कुनै व्यक्तिको कुनै आय वर्षमा आय गणना गर्दा समावेश गरिने वा कट्टी गरिने रकम नेपाली रूपैयाँबाहेक अन्य मुद्रामा अङ्कित गरिएकोमा सो रकम प्राप्त गरिएको, खर्च गरिएको, दिएको, बुझाएको वा कर प्रयोजनको लागि अन्य कुनै किसिमले हिसाब गर्दाका बखत प्रचलित विनिमय दर अनुसार सो मुद्रालाई नेपाली रूपैयाँमा परिवर्तन गर्नु पर्नेछ ।**

आयकर ऐनले गरेको व्यवस्था अनुसार नै नेपाल लेखामान ११ (NAS-11: Effects of Change in Foreign Currency Rates) मा पनि विदेशी मुद्रामा हुने कारोबारलाई कारोबार भएको दिनमा प्रचलित विनिमय दरले रूपान्तरण गरी नेपाली मुद्रा (Functional Currency)मा लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ । विदेशी मुद्रामा कारोबार भएको अवस्थामा सोही दिनको विनिमय दर प्रयोग गरी नेपाली मुद्रामा हिसाव राख्नु पर्दछ अर्थात आय वा खर्च लेखाङ्कन गर्नुपर्दछ । विनिमय दर प्रयोग गर्दा आफूले भुक्तानी गर्नु पर्दा बिक्री दरमा र आफूले भुक्तानी पाउने भए खरिद दरप्रयोग गर्नु पर्दछ । यसरी विदेशी मुद्रामा भुक्तानी दिँदा विदेशी मुद्रा खरिद गर्नुपर्ने अवस्था नभएमा अर्थात विदेशी मुद्राको स्रोत आफैसँग रहेको अवस्थामा समेत आफूले भुक्तानी गर्नुपर्ने रकम खरिद दरमा रूपान्तरण गर्नु पर्दछ ।

विदेशी मुद्रामा गरिएका हरेक दिनको हरेक कारोबारलाई नेपाली रूपैयामा रूपान्तरण गरी हिसाव राख्न करदातालाई कठिन हुन सक्तछ। यस्तो अवस्थामा करदाताले विभागको लिखितरूपमा स्वीकृति लिई कुनै आय वर्षमा विभागले तोकेको औसत विनिमय दर प्रयोग गर्न पनि सक्तछ। यस सम्बन्धमा ऐनको दफा २८(३) मा निम्न व्यवस्था रहेको छ :

२८(३) **उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको प्रयोजनको लागि विभागले लिखितरूपमा सूचना जारी गरी अनुमति दिएकोमा कुनै व्यक्तिले सो आयवर्षमा विभागले तोकेको औसत विनिमय दर प्रयोग गर्न सक्नेछ ।**

यस उपदफाको प्रयोजनका लागि औसत विनिमय दर भन्नाले कुनै व्यक्तिका लागि कुनै आय वर्षका हकमा लागू हुने गरी विभागले तोकिदिएको विनिमय दर सम्झनु पर्दछ ।

उदाहरण ७.३.१: मानौं कोलगेट नेपाल कम्पनीले २०६५।३।३२गतेका दिन US $ ५०,००० बराबरको विभिन्न प्रकारका Toothpasteनिर्यात बिल जारी गरी निर्यात गरेको रहेछ । उक्त दिन कम्पनीले आफ्नो बिक्री किताबमा US $ ५०,०००को बिक्री हिसाव लेखाङ्कन गरेका र सोही दिन नेपाल राष्ट्र बैंकले तोकेको खरिद दर १ US $ = ८०ने.रु.मा परिणत गरी जम्मा रु.४०,००,०००।-बिक्री किताबको ने.रु. कलममा आम्दानी जनाउनु पर्छ ।

७.४ **अप्रत्यक्ष भुक्तानीहरु :**

अप्रत्यक्ष भुक्तानीहरुलाई आयमा समावेश गर्ने सम्बन्धमा ऐनको दफा २९ मा निम्नानुसार व्यवस्था रहेको छ :

**२९. कुनै व्यक्तिले भुक्तानीकर्ता वा निजसँग सम्बद्ध व्यक्तिले गरेको भुक्तानीबाट अप्रत्यक्षरूपले फाइदा लिएमा वा भुक्तानी प्राप्त गर्ने अन्य व्यक्ति तोकेकोमा विभागले लिखितरूपमा सूचना जारी गरी त्यस्तो फाइदा लिने वा त्यस्तो अन्य व्यक्ति तोक्ने व्यक्तिलाई नै त्यस्तो भुक्तानी प्राप्त गर्ने व्यक्तिको रूपमा मान्न सक्नेछ ।**

कुनै व्यक्तिले कुनै भुक्तानीकर्ता वा निजसँग सम्बद्ध व्यक्तिले गरेको कुनै भुक्तानीबाट विशेष व्यवस्था गरी वा आदेश वा निर्देशन दिई कुनै तेस्रो व्यक्तिलाई भुक्तानी गराई आफूलाई फाइदा पुऱ्याउने आशय राखेमा विभागले लिखित सूचना दिई त्यस्तो फाइदा लिने वा त्यस्तो अन्य तेस्रो व्यक्तिलाई नै सो भुक्तानी प्राप्त गर्ने व्यक्तिकारूपमा लिन सक्दछ । उक्त अवस्था सम्बन्धी उदाहरण तल प्रस्तुत गरिएको छ :

| |
|---|
| उदाहरण ७.४.१: Zenith Co. र सुलेमान Housing Co. बीच भएको करारनामा अनुसार Zenith Co. आफैले ब्याज तिरी दिई आफ्नो प्रबन्ध सञ्चालकलाई किस्ताबन्दीमा घर बिक्री गरेको रहेछ भने प्रबन्ध सञ्चालकले अप्रत्यक्षरूपमा फाइदा लिएको ब्याज खर्च निजले प्राप्त गरेको भुक्तानी मानिन्छ । |
| उदाहरण ७.४.२:सुलेमान कम्पनीले कर्मचारीको बीमा गर्ने गरेको छ । कर्मचारी बीमाको प्रिमियम २० वर्षसम्म कम्पनीले तिर्ने र सो पछाडि बीमा कम्पनीबाट प्राप्त लाभ बीमकको हैसियतले कर्मचारीले पाउने व्यवस्था गरेको रहेछ । यसरी कर्मचारीलाई भुक्तानी नगरी बीमा कम्पनीलाई भुक्तानी देखाएको प्रिमियम रकम कर्मचारीले प्राप्त गरेको भुक्तानी मानी सो कर्मचारीको रोजगारीको आयमा समावेश गर्नु पर्दछ । |

७.५ **संयुक्त स्वामित्वमा रहेको लगानी**

संयुक्त स्वामित्वमा रहेको लगानीमा हुने आर्जनका सम्बन्धमा ऐनको दफा ३० मा निम्नानुसारको व्यवस्था रहेको छ :

**३०. कुनै व्यक्तिले अर्को व्यक्तिसँगको संयुक्त स्वामित्वमा रहेको लगानीबाट आर्जन गरेको आय गणना गर्ने प्रयोजनको लागि आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरु संयुक्त स्वामित्व भएका व्यक्तिहरुको सो लगानीमा रहेको आ-आफ्नो हितको समानुपातिक आधारमा बाँडफाँड गर्नु पर्नेछ ।**

संयुक्त लगानी गरिएको सम्पत्तिबाट प्राप्त हुने आय गणना गर्ने प्रयोजनको लागि संयुक्त लगानी गर्ने व्यक्तिहरुको आ–आफ्नो आय गणना गर्नको लागि उक्त संयुक्त सम्पत्तिबाट आर्जन हुने आयलाई निजहरुले उक्त सम्पत्तिमा संयुक्त लगानी गर्दा राखेका हितको अनुपात (Contribution Ratio)अनुसार बाँडफाँड गर्नुपर्दछ भने सोही अनुसार उक्त संयुक्त सम्पत्तिबाट आर्जन हुने आय प्राप्तिका लागि गरिएको खर्चहरु पनि सोही अनुपातमा बाँडफाँड गर्नु पर्दछ । जुन तल उल्लेख गरिएको उदारहणबाट प्रष्ट हुन्छ ।

| |
|---|
| उदाहरण ७.५.१: मानौं, सानिया र सफियाले कुनै जग्गा खरिद गर्नको लागि सानियाले रु.२० लाख र सफिनालेरु.३० लाख लगानी गर्ने गरी रकम योगदान गरेका रहेछन् । सोही अनुसार काठमाडौंको सिफलमा रु.४५,००,०००।- मा एउटा जग्गा खरिद गरी संयुक्त नाममा जग्गा पास गरेका रहेछन् । जग्गा पास गर्दा रजिष्ट्रेशन दस्तुर एवम् कमिसन खर्च गरी जम्मा रु.५,००,०००।- भएको रहेछ । सो खर्च समेत सानियाले रु.२०,००,०००।- तथा सफिया रु.३०,००,०००।- खर्च गरेका रहेछन् । उक्त संयुक्त लगानीको जग्गा रु.८६ लाखमा बिक्री भएको रहेछ र सो जग्गा बिक्री गर्दा बिक्री कमिशन तथा अन्य शीर्षकमा |

जम्मा रु.६,००,०००।- खर्च भएको रहेछ भने निजहरुको आय निम्नानुसार बाँडफाँड गरिन्छ ।

| विवरण | | सानिया | सफिया |
|---|---|---|---|
| खर्च : | | | |
| जग्गाको मोल रु. | ४५,००,०००।- | | |
| अन्य खर्च रु. | ५,००,०००।- | | |
| **जम्मा खर्च २:३ को अनुपात रु.** | **५०,००,०००।-** | २०,००,०००।- | ३०,००,०००।- |
| बिक्री आम्दानी | | | |
| बिक्री मूल्य रु. | ८६,००,०००।- | | |
| न्यून: अन्य खर्चरु. | (६,००,०००।-) | | |
| खुद बिक्री मूल्यरु. | ८०,००,०००।- | ३२,००,०००।- | ४८,००,०००।- |
| आय २:३ को अनुपातरु. | ३०,००,०००।- | १२,००,०००।- | १८,००,०००।- |

उदाहरण ७.५.२: मानौं, कुनै बैङ्कमा सानियाले रु.२० लाख र सफियाले रु.३० लाख लगानी गरी मुद्दति खाता खोलेका रहेछन् । दुबैको लगानी भएकाले यो रकम दफा ३० बमोजिम संयुक्त लगानी हो र यसबाट आर्जित आय लगानीको अनुपातमा प्रत्येकको आय हुनेछ । यो वर्ष बैङ्कले सो खातामा रु.१ लाख ५० हजार ब्याज भुक्तानी गरेको रहेछ । बैङ्कको खातामा राखेको रकम दुबैको व्यक्तिगत निक्षेप भएकाले त्यसरी प्राप्त हुने ब्याजमा अन्तिमरूपले भुक्तानीमा कर कट्टी हुन्छ । सो ब्याजमध्ये रु.६० हजार सानियाको तथा रु.९० हजार सफियाको आय मानिन्छ । अन्तिम कर कट्टीको विधिबाट कर लागेकाले निजहरुले आफ्नो वार्षिक आय विवरणमा भने यो आयलाई समावेश गर्नु पर्दैन।

७.६ क्षतिपूर्ति बापतको भुक्तानीको चारित्रीकरण :

क्षतिपूर्ति बापतको भुक्तानीको चारित्रीकरणका सम्बन्धमा ऐनको दफा ३१ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**३१. बीमा बापतको भुक्तानी लगायत देहायका कुराहरु बापत कुनै व्यक्ति वा सो व्यक्तिको सम्बद्ध व्यक्तिले कुनै क्षतिपूर्ति रकम प्राप्त गरेकोमा सो क्षतिपूर्ति बापतको रकम प्राप्त गरेको समयमा त्यस्तो रकम अवस्था अनुसार रोजगारी, व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्दा समावेश गर्नु पर्नेछ :-**

**(क) कुनै व्यवसाय, रोजगारी वा लगानीबाट सो व्यक्तिले प्राप्त गरेको वा प्राप्त हुन सक्ने कुनै आय वा सो आयको गणनामा समावेश हुने कुनै रकम बापतको क्षतिपूर्ति, वा**

**(ख) कुनै व्यवसाय वा लगानीमा सो व्यक्तिलाई भएको वा हुनसक्ने नोक्सानी वा सो व्यक्तिको आयको गणना गर्दा कट्टी हुने खर्च रकम बापतको क्षतिपूर्ति ।**

**तर,**

**(१) बासिन्दा प्राकृतिक व्यक्तिको व्यक्तिगत दुर्घटनाबाट भएको शारीरिक क्षति बापतको क्षतिपूर्ति भुक्तानी रकम आयमा समावेश गर्नुपर्ने छैन र त्यस्तो दुर्घटनाबाट भएको क्षतिको उपचारमा लागेको खर्च दफा ५१ बमोजिम कर मिलान दाबी गर्न पाउने छैन ।**

(२) **प्राकृतिक व्यक्तिको मृत्यु बापत प्राप्त हुने क्षतिपूर्तिको रकम आयमा समावेश गर्नु पर्ने छैन ।**

यस ऐन अनुसार कुनै पनि व्यक्तिले वा निजको सम्बद्ध व्यक्तिले बीमा बापतको भुक्तानी वा अन्य क्षतिपूर्ति बापत भुक्तानी प्राप्त गरेमा सो क्षतिपूर्ति बापत प्राप्त गरेको रकम प्राप्त गरेको समयमा नै आयको प्रकृति अनुसार रोजगारीको आय, व्यवसायको आय वा लगानीको आयमा समावेश गर्नु पर्दछ । यस दफाको व्यवस्था अनुसार खर्च वा नोक्सानी भएका वर्ष सो खर्च वा नोक्सानीको सम्बन्धित दफामा उल्लेख भए बमोजिम खर्च कट्टा हुने हुनाले त्यस खर्च वा नोक्सानी बापत प्राप्त रकम भने प्राप्त हुने अधिकार सिर्जना भएको वर्षमा कुल रकम नै आयमा समावेश गर्नु पर्दछ । बीमा वा अन्य क्षतिपूर्तिका आधारमा करदाताले कम्तीमा पनि निम्न प्रकारका क्षतिपूर्ति प्राप्त गर्न सक्तछ :

**आयसँग सम्बन्धित क्षतिपूर्ति**

मुनाफाको नोक्सानी बापतको क्षतिपुर्ति(Loss of Profit)

आम्दानीको नोक्सान भए बापतको क्षतिपूर्ति(Loss of income)

**खर्च कट्टीसँग सम्बन्धित क्षतिपूर्ति**

कट्टी हुने खर्चको क्षतिपूर्ति (Loss of deductible expenses)

सम्पत्ति बापतको क्षतिपूर्ति(Loss of assets -Trading stock, Depreciable assets or Business assets or non-business chargeable assets)

सम्पत्तिको क्षति बापत क्षतिपूर्ति प्राप्त हुने अवस्थामा भने करदाताले दफा ४६ को सुविधा लिन चाहेमा सो क्षतिपूर्तिलाई आयमा समावेश गर्नु पर्दैन तर दफा ४६ को प्रावधान भने पूरा गर्नुपर्दछ ।

व्यवसायको क्रममा कुनै सम्पत्तिको नोक्सान भएको अवस्थामा क्षतिपूर्ति बापतको बीमा रकम प्राप्त गर्नुपूर्वनै आफ्नो हिसावबाट अपलेखन गर्नुपर्ने तथा बीमा बापतको रकम प्राप्त भैसकेपछि करदाताले आफ्नो आयमा समावेश गर्नुपर्ने हुन्छ, अर्थात व्यापार मौज्दात (Trading Stock) मा भएको नोक्सानी बीमा रकम प्राप्त हुनु भन्दा पहिले अर्थात नोक्सानी भएकै अवस्थामा खर्च लेख्नु पर्दछ ।

उदाहरण ७.६.१: मानौं, कुमार कम्पनी प्रा.लि.ले कपडाको व्यवसाय गर्ने गरेको रहेछ । उक्त कम्पनीको गोदाममा मिति२०६५।३।२०मा आगो लागेको कारणले गर्दा Stockमा रहेको रु.५ लाख मूल्य बराबरको कपडा जलेर नष्ट भएको रहेछ । कम्पनीले उक्त गोदामको बीमा गरेको बीमा कम्पनी समक्ष मिति २०६५।३।२२मा बीमा दाबी गरेको रहेछ । तर दाबी गरेको रकम मिति २०६५।१०।२०मा मात्रै प्राप्त गऱ्यो भने यस अवस्थामा व्यापार मौज्दात (Trading Stock)बापत भएको नोक्सानीलाई आर्थिक वर्ष२०६४।६५मा ऐनको दफा १५ अनुसार खर्च दाबी गर्नु पर्दछ र बीमा दाबीबापत प्राप्त गरेको रकम भने आ.व.२०६५।६६ मामात्रै प्राप्त गरेको (वा प्राप्त गर्ने अधिकार सिर्जना भएको) हुँदा सोही प्राप्त गरेको आ.व.अर्थात आ.व.२०६५।६६ मा ऐनको दफा ३१ बमोजिम आयमा समावेश गर्नु पर्दछ ।

उदाहरण ७.६.२: मानौं, माथि उदाहरण ७.६.१ मा उल्लेख गरिएको कुमार कम्पनी प्रा.लि. मा आगो लाग्दा उक्त कम्पनीमा भएका सम्पूर्णफर्निचर तथा कार्यालय उपकरण पनि जलेर नष्ट भएका रहेछन् । निज कम्पनीले उक्त फर्निचर र कार्यालय उपकरणको नोक्सानी बापत बीमा कम्पनीसँग मिति २०६५।३।२२मा बीमा दाबी गरेको र बीमा दाबीबापत मिति २०६५।१०।२०मा रकम प्राप्त गरेको रहेछ। सो वर्षको अन्तमा सो समूहको सम्पत्तिको ह्रास आधार रु.५,००,०००।-रहेछ र कम्पनीले बीमा कम्पनीसँग भएको Insurance Policy अनुसार रु.६,००,०००।-बीमा दाबी गरेको रहेछ र बीमा दाबी गरेको रकममध्ये रु.५,००,०००।-मात्रै मिति२०६५।१०।२०मा प्राप्त गरेको रहेछ भने आ.व.२०६४।६५मा कर प्रयोजनको लागि निम्नानुसार तरिकाले लेखाङ्कनगर्नु पर्दछ ।

आ.व.२०६४।६५ मा

यस आर्थिक वर्षमा उक्त कम्पनीको फर्निचर तथा कार्यालय उपकरणको (समुह "ख") को सम्पूर्ण सम्पत्ति नै जलेर नष्ट भएको कारण कूल ह्रास आधार अर्थात रू. छ लाख निसर्ग भएको मानिन्छ र आयकर ऐन,२०५८ को दफा १९ बमोजिम रू। छ लाख कट्टी दावी गर्न सक्नेछ।

आ.व.२०६५।६६ मा

बीमाबाट प्राप्त भएको रकम रू. छ लाख यस वर्ष आयकर ऐन,२०५८ को दफा ३१ र ६२ बमोजिम व्यवसायको आयमा समावेश गर्नु पर्दछ ।
(बीमाबाट क्षतिपूर्ति वापत प्राप्त वास्तविक रकम आयमा समावेश गर्नु पर्दछ । )

## ७.७ वार्षिक वृत्ति, किस्ताबन्दी बिक्री र वित्तीय पट्टा अन्तर्गतका भुक्तानीको चारित्रीकरण:

वार्षिक वृत्ति, किस्ताबन्दी बिक्री र वित्तीय पट्टा अन्तर्गतका भुक्तानीको चारित्रीकरणका सम्बन्धमा ऐनको दफा ३२ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**३२(१) वार्षिक वृत्ति वा किस्ताबन्दी बिक्री अन्तर्गत सम्पत्ति प्राप्त गर्ने व्यक्तिबाट वा वित्तीय पट्टा अन्तर्गत कुनै सम्पत्तिको प्रयोग बापत कुनै व्यक्तिलाई गरिएको भुक्तानीलाई यस दफा बमोजिम ऋण दाबी अन्तर्गत ब्याज र पुँजी फिर्ता सरह व्यवहार गर्नु पर्नेछ ।**

**३२(२) उपदफा (१) बमोजिमका सबै भुक्तानीहरुलाई एकमुष्ट गणना गरी सोको कुल योगलाई देहाय बमोजिम दुई भागमा विभाजन गर्नु पर्नेछ :-**

**(क) आवश्यकता अनुसार वार्षिक वृत्ति बापतका सबै भुक्तानी वा कुनै सम्पत्ति किस्ताबन्दी बिक्री गर्दा वा पट्टामा दिँदाको समयमा सो सम्पत्तिको बजार मूल्य बराबर हुने पुँजीगत भाग, र**

**(ख) उपदफा (१) बमोजिमका सबै भुक्तानीहरुको कुल योगबाट पुँजीगत भाग घटाउँदा हुन आउने ब्याज भाग ।**

**३२(३) उपदफा (२) बमोजिम वार्षिक वृत्ति, किस्ताबन्दी बिक्री वा वित्तीय पट्टा दिँदाको समयमा नै किस्ताबन्दी निर्धारणगर्दा स्पष्टरूपमा पुँजीको भाग र ब्याजको भाग छुट्याई कुल भुक्तानी तालिका उपलब्ध गराउनु पर्नेछ । सो बमोजिमको तालिका उपलब्ध गराउन नसक्नेले ब्याज र पुँजीगत भागहरुलाई वार्षिक वृत्ति, किस्ताबन्दी बिक्री वा वित्तीय पट्टालाई छ/छ महिनामा जोड्दै लगिने ब्याज सहितको मिश्रित ऋण सरह मानी उपदफा (१) बमोजिमका भुक्तानीहरुमा विभाजन गर्नु पर्नेछ ।**

**३२(४) मिश्रित ऋण मानी उपदफा (१) बमोजिम गरिने भुक्तानीको ऋणको अवधिभर ब्याजको दर एउटै हुनेगरी प्रत्येक भुक्तानीको समयमा बुझाउन बाँकी साँवा (**

पुँजी) मा ब्याजको अंश हिसाब गरी ऋणीले आंशिकरूपमा साँवा र आंशिकरूपमा ब्याजको भुक्तानी गर्नु पर्नेछ ।

**३२(५) यस दफा बमोजिम वित्तीय पट्टा अन्तर्गत पट्टा गर्दा देहायका शर्त पूरा गर्नु पर्नेछ ।**

**३२(५)(क) पट्टा सम्झौतामा पट्टाको बहाली अवधि सकिएपछि स्वामित्वको हस्तान्तरण गरिने वा पट्टा लिने व्यक्तिले पट्टाको अवधि समाप्त भएपछि निश्चित वा पूर्वानुमानित मूल्यमा सो सम्पत्ति खरिद गर्न पाउने विकल्पको व्यवस्था भएको,**

उदाहरण ७.७.१: मानौं, XYZ Co. ले YZ Co. बाट वार्षिक रु. १० लाख भाडा तिर्ने गरी Excavatorपाँच वर्षको लागि भाडामा लिएको रहेछ र भाडा अवधि समाप्त भएपछि निज XYZ Co. ले रु.२० लाखमा खरिद गर्न सक्ने विकल्प रहेको कुरा सम्झौतामा स्पष्ट रूपमा उल्लेख गरेको रहेछ भने यस प्रावधानमा लिजमा लिएको सम्पत्ति लिज समयको समाप्तिपछि निश्चित मूल्य रु.२० लाखमा खरिद गर्न सक्ने विकल्प रहेको हुँदा XYZ Co. र YZ Co. बीच भाडामा मेसिन लिने प्रबन्ध (Arrangement)वित्तीय पट्टा हो ।

**३२(५)(ख) पट्टाको अवधि सो सम्पत्तिको उपयोगी आयुको पचहत्तर प्रतिशत भन्दा बढी भएको,**

कुनै एक सम्पत्तिको उपयोगी आयु (Effective Useful Life)८ वर्ष रहेछ भने पट्टाको अवधि ६ वर्षभन्दा बढी भएको हुनु पर्दछ ।

**३२(५)(ग) पट्टाको अवधि समाप्त भएपछि सो सम्पत्तिको अनुमानित बजार मूल्य पट्टाको प्रारम्भमा रहेको सो सम्पत्तिको बजार मूल्यको बीस प्रतिशत भन्दा कम भएको,**

उदाहरण ७.७.२: मानौं,YB & Co. ले BY Co. सँग कुनै एक मेसिन रु.१,००,०००।- वार्षिक किस्ता बुझाउने गरी ५ वर्षको लागि पट्टामा लिएको रहेछ । पट्टा लिँदाका अवस्थामा उक्त मेसिनको बजार मूल्य रु.२० लाख थियो । उक्त मेसिन ५ वर्षको समाप्ति पछि बिक्री गर्ने हो भने अनुमानित बजार मूल्य रु.२ लाख पर्दछ भने यस अवस्थामा मेसिनको अनुमानित बजार मूल्य १० प्रतिशत भएको हुँदा (२ लाख/२० लाख × १००) तोकिएको २० प्रतिशतभन्दा कम भएको कारण यसलाई पनि वित्तिय पट्टा मानिन्छ ।

**३२(५)(घ) सम्पत्तिको उपयोगी आयुको अन्तिम पच्चीस प्रतिशत आयु भन्दा अगावै प्रारम्भ हुने पट्टाको हकमा न्यूनतम पट्टा भुक्तानीको वर्तमान मूल्य पट्टाको अवधि प्रारम्भ हुँदाको समयमा सो सम्पत्तिको बजार मूल्यको नब्बे प्रतिशत बराबर वा सोभन्दा बढी भएको, वा**

उदाहरण ७.७.३: मानौं,कुनै एक सम्पत्तिको उपयोगी आयु २० वर्ष रहेछ । उपर्युक्त सम्पत्ति १५ वर्षको अवधिभित्र नैमिति २०६६।१०।१मा पट्टामा उपलब्ध गराएको तथा सो समयमा यसको बजार मूल्य रु.१०,०००।-रहेछ । प्रचलित ब्याज दर १० प्रतिशत रहेछ, पट्टा अवधि ५ वर्ष तथा वर्ष समाप्त भएपछि तिरिने किस्ता रु.२,५००।- रहेछ भने निम्नानुसार ५ वर्षको Discounted Value रु.९,४७७।- (रु.१०,०००।- को ९० प्रतिशत भन्दा बढी) भएको हुँदा सो Transaction लाई वित्तीय पट्टा मानिन्छ ।

| वर्ष | किस्ता रकम रु. | **Discount factor** | डिस्काउण्टेड मूल्य रु. |
|---|---|---|---|
| १ | २,५००।- | ०.९०९१ | २,२७३।- |
| २ | २,५००।- | ०.८२६४ | २,०६६।- |
| ३ | २,५००।- | ०.७५१३ | १,८७८।- |
| ४ | २,५००।- | ०.६८३० | १,७०८।- |
| ५ | २,५००।- | ०.६२०९ | १,५५२।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १२,५००।- | | ९,४७७।- | |

३२(५)(ङ) पट्टा लिने व्यक्तिको लागि विशेष किसिमले तयार गरिएको सम्पत्ति र पट्टाको अवधि समाप्त भएपछि सो सम्पत्ति पट्टा लिने व्यक्तिलाई बाहेक अन्य कुनै व्यक्तिलाई व्यवहारिक प्रयोग नहुने भएको ।

३२(६) उपदफा (१) बमोजिमको प्रत्येक भुक्तानीलाई उपदफा (३) बमोजिम दुई भागहरुमा विभाजन गरिनेछ र ऋण दाबी अन्तर्गत ब्याज भागलाई बुझाएको वा बुझाउने ब्याजको रूपमा र पुँजीगत भागलाई पुँजीको फिर्ताको रूपमा व्यवहार गर्नु पर्नेछ ।

३२(७) वित्तीय पट्टा अन्तर्गत पट्टा लिने व्यक्तिलाई पट्टा गरिएको सम्पत्तिको स्वामित्व भएको व्यक्ति सरह मानिनेछ र पट्टा दिने व्यक्तिको पट्टा लिने व्यक्ति माथि ऋण दाबी सरह मानिनेछ ।

३२(८) पट्टा भुक्तानीको वर्तमान मूल्यलाई सामान्य ब्याजदर बराबरको छुट( डिष्काउण्ट) दर प्रयोग गरी गणना गर्नु पर्नेछ ।

**<u>स्पष्टीकरण</u>: "पट्टाको अवधि" भन्नाले पट्टा लिने व्यक्तिले पट्टा नवीकरण गराउन पाउने अतिरिक्त अवधि समेतलाई सम्झनु पर्छ ।**

वार्षिक वृत्ति वा किस्ताबन्दी बिक्रीबाट सम्पत्ति प्राप्त गर्ने वा वित्तिय पट्टा अन्तर्गत कुनै सम्पत्तिको प्रयोग गरे बापत भुक्तानी गरिएको रकमलाई ब्याजको भाग र पुँजीको भाग गरी विभाजन गरिन्छ । एवम् प्रकारले वार्षिक वृत्ति, किस्ताबन्दी बिक्री वा वित्तिय पट्टा लिँदाको समयमा नै किस्ताबन्दी निर्धारण गर्दा स्पष्ट रूपमा पुँजीको भाग र ब्याजको भाग छुट्याई कुल भुक्तानी तालिका उपलव्ध गराउन नसकेको अवस्थामा ब्याज वा पुँजीगत भागहरुलाई वार्षिक वृत्ति, किस्तावन्दी बिक्री वा वित्तीय पट्टालाई ६, ६ महिनामा जोड्दै लगिने ब्याज सहितको मिश्रित ऋण सरह साँवा र ब्याज भुक्तानीको रूपमा विभाजन गर्नु पर्दछ ।

उदाहरण ७.७.४: मानौं, Aban Construction Company Pvt. Ltd. एउटा निर्माण कम्पनी रहेछ । उक्त प्रा.लि.ले पहिलो वर्ष Heavy Duty अर्थमुविङ मेसिन वार्षिक रु.५ लाख भाडा तिर्ने गरी Zircon Exim Pvt. Ltd. बाट ५ वर्षको लागि भाडामा लिएका रहेछन् । ५ औं वर्षको अन्त्यमा Aban Construction Company Pvt. Ltd.ले उक्त मेसिन रु.३०,००,०००।- मा खरिद गर्न सक्ने व्यवस्था रहेछ । उल्लिखित व्यवस्थाका आधारमा Aban Construction Company Pvt. Ltd.लाई लिज समयको अन्त्यमा वा समाप्त भएपछि निश्चित रकम रु.३० लाखमा खरिद गर्ने विकल्पको व्यवस्था भएको हुँदा यस्तो सम्झौता वा करारलाई ऐनको दफा ३२ को उपदफा (५) को खण्ड (क) बमोजिम वित्तीय पट्टा (Finance Lease) भनेर भनिन्छ । तसर्थ यस्तो पट्टालाई बिक्री मानिने हुँदा Aban Construction Company Pvt. Ltd.उक्त भाडामा लिएको मेसिनको मालिक (Owner) र भाडामा दिने Zircon Exim Pvt. Ltd. (Lessor) ऋण दाबी गर्ने व्यक्ति मानिन्छ । तसर्थ यस्तो अवस्थामा ऐनको दफा ३२ लागू हुने अवस्था भएको हुँदा पट्टा अन्तर्गत तिरिने भाडा भुक्तानी रकमलाई ऋण दायित्व अन्तर्गत पुँजीको फिर्ता र ब्याज भुक्तानी गरी भाडा रकमलाई पुनः चारित्रीकरण गर्नु पर्दछ ।

भाडा रकमलाई पुनः चारित्रीकरण गर्ने क्रममा पट्टा अन्तर्गत गरिने सम्पूर्ण भुक्तानी र पट्टाको समाप्तिसँगै मेसिनको लागि तिरिने निश्चित मूल्यलाई एकमुष्ठ भुक्तानी मानी ऐनको दफा ३२ को उपदफा (२) अनुसार पुँजीको र ब्याजको भाग गरी छुट्टयाउनु पर्दछ । यसरी एकमुष्ठ रकम रु.५५ लाख (रु.३० लाख + रु.२५ लाख) मा पुँजीको भाग भनेको मेसिनको बजार मूल्य र बाँकी भाग ब्याज हो । मानौं, मेसिनको बजार मूल्यरु.३५ लाख छ भने रु.२० लाख ब्याजको भाग हुन आउँछ । यसरी ऐनको दफा ३२ को उपदफा (३) अनुसार हरेक पट्टा भुक्तानीलाई पुँजीगत भाग र ब्याज भाग निम्नानुसार छुट्याउनु पर्दछ

।

| वर्ष | सुरु साँवारु. | जम्मा भुक्तानीरु. | ब्याजको अंशरु. | साँवाको अंशरु. | साँवा बाँकीरु. |
|---|---|---|---|---|---|
| १ | ३५,००,००० | ५,००,००० | ४,२१,३५६ | ७८,६४४ | ३४,२१,३५६ |
| २ | ३४,२१,३५६ | ५,००,००० | ४,११,८८८ | ८८,११२ | ३३,३३,२४४ |
| ३ | ३३,३३,२४४ | ५,००,००० | ४,०१,२८० | ९८,७२० | ३२,३४,५२४ |
| ४ | ३२,३४,५२४ | ५,००,००० | ३,८९,३९६ | १,१०,६०४ | ३१,२३,९२० |
| ५ | ३१,२३,९२० | ३५,००,००० | ३,७६,०८० | ३१,२३,९२० | - |
| | | | २०,००,००० | ३५,००,००० | |

ब्याज दर उपलब्ध नभएकोले यो ब्याज गणना PVIF Tableमा आधारित भएकाले Simulationतरीकाबाट गणना गरिएको (१२.०४ प्रतिशत) छ । पाँचौं वर्षको भुक्तानीमा वार्षिक भाडामा थप रु.३०लाख समावेश गरी सो मेसिन Aban Construction Company Pvt. Ltd.ले खरिद गर्न पाउने हुनु पर्दछ ।

यसरी यस उदाहरणमा उल्लेख गरिए बमोजिमको ब्याजको भागमा भुक्तानीका अवस्थामा भुक्तानीमा कर कट्टा गर्नु पर्दछ र Aban Construction Company Pvt. Ltd.ले उक्त ब्याज भागलाई ऐनको दफा १४ अनुसार खर्च दाबी गर्न पाउँछ ।

माथि उल्लेख गरिए अनुसार Aban Construction Company Pvt. Ltd.ले ऐनको दफा ३२ को उपदफा (७) अनुसार मेसिन लिज शुरु हुँदा कै अवस्थामा खरिद गरे सरह मानिने हुँदा दफा ४२ खण्ड (ख) अनुसार उक्त मेसिनको बजार मूल्य भुक्तानी गरे सरह मानिन्छ । तसर्थ मानौं उक्त मेसिनको खरिद मूल्यरु.३५ लाख Aban Construction Company Pvt. Ltd. को लागि Outgoing हुन आउँछ । सम्पत्तिको मालिकको हैसियतले Aban Construction Company Pvt. Ltd.ले पट्टा शुरु हुँदाका अवस्था देखिनै ह्रास खर्च दाबी गर्न पाउँदछ । लिज रकम भुक्तानी गर्दा पुँजीगत भाग ऋण दाबी अन्तर्गत भुक्तानी गरेको मानिन्छ । पट्टा अवधिको समाप्तिसँग दायित्वको भुक्तानी पनि सकिने हुँदा ऋण दायित्वको निर्सगबाट कुनै पनि लाभ/हानी (Gain/Loss) हुँदैन ।

उदाहरण ७.७.५: मानौं, Aban Construction Company Pvt. Ltd. एउटा निर्माण कम्पनी रहेछ । उक्त प्रा.लि.ले Heavy Duty अर्थमुविङ मेसिन वर्षको शुरुमा तिरिने वार्षिक रु.१०लाख किस्ता ५ वर्षसम्म तिर्ने गरी Zircon Exim Pvt. Ltd. बाट २०६६।१०।१मा खरिद गरेको रहेछ । यस्तो किसिमको किस्ताबन्दी बिक्रीमा ऐनको दफा ३२ आकर्षण हुन्छ । यस अवस्थामा ऐनको दफा ३२ को उपदफा (८) बमोजिम सामान्य ब्याज दर प्रयोग गरी कुल मूल्यलाई Dicounting गरी पट्टाको भुक्तानीको वर्तमान मूल्य अर्थात साँवा निम्नानुसार गणना गर्नु पर्दछ ।

| वर्ष | किस्तारु. | Discount Factor | Discounted Value रु. |
|---|---|---|---|
| १ | १,०००,००० | १.००००० | १०,००,०००.०० |
| २ | १,०००,००० | ०.९०९०९ | ९,०९,०९०.९१ |
| ३ | १,०००,००० | ०.८२६४५ | ८,२६,४४६.२८ |
| ४ | १,०००,००० | ०.७५१३१ | ७,५१,३१४.८० |
| ५ | १,०००,००० | ०.६८३०१ | ६,८३,०१३.४६ |
| जम्मा | ५,०००,००० | | ४१,६९,८६५.४५ |
| कुल भुक्तानीरु. | | | ५०,००,००० |
| साँवा (पट्टाको भुक्तानीको वर्तमान मूल्य)रु. | | | ४१,६९,८६५.४५ |
| ब्याजको अंशरु. | | | ८,३०,१३४.५५ |

उपर्युक्त कारोबारको साँवा फिर्ता र ब्याजको अंश निम्नानुसार हुन्छः

| वर्षको शुरु | सुरु साँवारु. | जम्मा भुक्तानीरु. | ब्याजको अंशरु. | साँवाको अंशरु. | साँवा बाँकीरु. |
|---|---|---|---|---|---|
| १ | ४१,६९,८६५।४५ | १०,००,००० | | १०,००,००० | ३१,६९,८६५।४५ |
| २ | ३१,६९,८६५।४५ | १०,००,००० | ३,१६,९८६।५४ | ६,८३,०१३।४६ | २४,८६,८५१।९९ |
| ३ | २४,८६,८५१।९९ | १०,००,००० | २,४८,६८५।२० | ७,५१,३१४।८०१ | १७,३५,५३७।१९ |
| ४ | १७,३५,५३७।१९ | १०,००,००० | १,७३,५५३।७२ | ८,२६,४४६।२८ | ९,०९,०९०।९१ |
| ५ | ९,०९,०९०।९१ | १०,००,००० | ९०,९०९।०९ | ९,०९,०९०।९१ | ०।०० |
| | | ५०,००,००० | ८,३०,१३४।५५ | ४१,६९,८६५।४५ | |

उपर्युक्त गणना बमोजिम Aban Construction Company Pvt. Ltd. ले भुक्तान गर्ने पाँच वर्षको कुल किस्ता रु.५० लाख मध्ये रु.८,३०,१३४।५५लाई ब्याज भुक्तानी मानिने तथा रु.४१,६९,८६५।४५लाई ऋण दाबी फिर्ता मानिन्छ । उक्त कम्पनीले पट्टा सम्झौताका आधारमा प्रथम वर्ष रु.४१,६९,८६५।४५लाई सम्पत्ति खरिदलेखाङ्कन(Debit: Fixed Asset) गरी सो बराबरको रकम ऋण दायित्व (Credit: Accounts Payable - Zircon Exim Pvt. Ltd. towards financial lease obligation)अन्तर्गत लेखाङ्कन गर्नु पर्दछ। सो कम्पनीले ब्याज अंश कुल रु.८,३०,१३४।५५लाई ऐनको दफा १४ अन्तर्गत रही खर्च कट्टी दाबी गर्न सक्दछ । त्यसैगरी Zircon Exim Pvt. Ltd. ले उक्त सम्पत्तिका पट्टाको भुक्तानीको वर्तमान मूल्य (साँवा) लाई प्रथम वर्षमा बिक्रीमा लेखाङ्कन गरी आयमा समावेशगर्नु पर्दछ र सो बराबरको रकम ऋण दाबी (Debit: Accounts Receivable - Aban Construction Company Pvt. Ltd.) अन्तर्गत लेखाङ्कन गर्नु पर्दछ । त्यसपछिका वर्षहरुमा माथिको तालिकामा उल्लेख गरे अनुरूपकुलरु.४१,६९,८६५।४५लाई पुँजीफिर्ता (Return of Capital) तथा कुलरु.८,३०,१३४।५५ब्याज आम्दानी मानी आयमा समावेश गर्नु पर्दछ ।

## ७.८ सम्बद्ध व्यक्तिहरुबीच मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ्ग) र अन्य प्रबन्धहरु

### ७.८.१ सम्बद्ध व्यक्तिहरुबीच मूल्य हस्तान्तरण सम्बन्धी अवधारणा

मूल्य हस्तान्तरण अवधारणालाई प्रष्ट पार्न निम्न शब्दावली एवम् तिनका परिभाषाहरु आवश्यक रहेको छ :

**सम्बद्ध व्यक्ति**(Associated Person): ऐनको दफा २ को खण्ड (कन) मा सम्बद्ध व्यक्तिलाई निम्नानुसार परिभाषित गरिएको छ :

**"सम्बद्ध व्यक्ति" भन्नाले एक अर्का व्यक्तिको मनसाय अनुसार काम गर्ने एक वा एकभन्दा बढी व्यक्ति वा त्यस्ता व्यक्तिहरुको समूह सम्झनुपर्दछ र सो शब्दले देहायका व्यक्तिहरुलाई पनि जनाउँछ :**

**(क) प्राकृतिक व्यक्ति र सो व्यक्तिको नातेदार वा कुनै व्यक्ति वा सो व्यक्तिको साझेदार,**

**(ख) विदेशी स्थायी संस्थापन र सो संस्थापनमा स्वामित्व भएको व्यक्ति, र**

**(ग) कुनै निकाय आफैवा आफूसँग सम्बन्धित अन्य व्यक्ति वा सहयोगी निकाय वा त्यस्ता सहयोगी निकायसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायसँग मिलेर कुनै निकायको आय, पुँजी वा मताधिकारको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा नियन्त्रण गर्ने वा सोबाट फाइदा प्राप्त गर्ने निकाय ।**

**तर देहायका व्यक्ति सम्बद्ध व्यक्ति हुने छैन :-**

**(अ) कर्मचारी,**

**(आ) विभागले सम्बद्ध व्यक्ति होइन भनी तोकेको व्यक्ति ।**

सम्बद्ध व्यक्तिको विस्तृत व्याख्या र उदाहरण यसै निर्देशिकाको परिच्छेद २ मा रहेको छ ।

**प्रबन्ध वाव्यवस्था(Arrangement)**

**"प्रबन्ध"**वा **"व्यवस्था"** भन्नाले कुनै एक व्यक्तिद्वारा आफैंले वा एकभन्दा बढी व्यक्तिहरु मिली प्रत्यक्ष वा अप्रत्यक्षरूपले गरेको कुनै कामकारबाही, सम्झौता, र आपसी व्यवहार गर्ने नियम, वाचा (Promise), कारोबार, समझदारी, तमसुक, कागज समेतको व्यवस्था वा प्रबन्धलाई सम्झनु पर्दछ । यस्तो व्यवस्था वा प्रबन्ध कुनै कानुनी कारबाहीद्वारा लागू गराउन सकिने वा नसकिने दुबै किसिमका हुन सक्छन् ।

**बजार मूल्य(Market Value)**

**"बजार मूल्य"** भन्नाले कुनै सम्पत्ति वा सेवाको सम्बन्धमा असम्बन्धित व्यक्तिहरुबीच सामान्य बजार व्यवहारको सिलसिलामा सेवा वा सम्पत्तिको सामान्य कारोबार मूल्य सम्झनु पर्दछ ।

**सामान्य बजार व्यवहार(Arms' Length Dealing)**

**"सामान्य बजार व्यवहार"** भन्नाले असम्बन्धित व्यक्तिहरुबीच (Among Unrelated Persons) बजार मूल्यमा (Market Value) कुनै सम्पत्ति वा सेवाको खरिद-बिक्री वा कुनै व्यावसायिककारोबार, लेनदेन वा व्यवहार (Business Deal) गर्दा गरिने व्यवहार हो ।

**मूल्य हस्तान्तरण(Transfer Pricing)**

**"मूल्य हस्तान्तरण"**भन्नाले सम्बद्ध व्यक्तिहरु वा खास गरी एउटै समूहका कम्पनीहरु (निकायहरु/व्यक्तिहरु) वा अन्तर्राष्ट्रिय कारोबारको सिलसिलामा उद्यम (Enterprise) र सोको विदेशस्थित शाखा (वा कुनै विदेशी स्थायी संस्थापन)बीच आपसी प्रबन्ध वा व्यवस्थाद्वारा (Arrangement) सो समूहको वा सम्बद्ध व्यक्तिहरुको कर दायित्व कम गर्ने प्रवन्धलाई बुझाउँछ । कुनै एक देशमा तिर्नुपर्ने तात्कालिक वा दीर्घकालीन करभार (Tax Incidence) घटाउन वा कुनै एक वा बढी निकायको करभार घटाउन वा एउटा व्यक्तिको सम्पत्ति वा सेवाको मूल्य घटाई वा कारोबारलाई योजना गरी (Planning of the Transaction) अर्को व्यक्तिको सम्पत्ति वा सेवाको मूल्यमा वृद्धि ल्याउने व्यवस्थालाई सम्झनुपर्दछ ।

मूल्य हस्तान्तरण (Transfer Pricing) का सन्दर्भमा माथि उल्लेख भएको शब्दावली तलका उदाहरणबाट थप प्रष्ट पारिएको छ :

| |
|---|
| उदाहरण ७.८.१: मानौं, कम्पनी ABC Global Incorporated एक विदेशी कम्पनी हो । सोको नेपालमा ABC (Nepal) Pvt. Ltd. नामको एक Subsidiaryकम्पनी रहेछ । उक्त प्रा.लि. ABC Global Incorporated को सम्बद्ध कम्पनी मानिन्छ । यस्तो सम्बद्ध सो निकायको Subsidiary कम्पनी नभई नेपालमा स्थापित शाखा वा विदेशी स्थायी संस्थापन पनि हुन सक्दछ । |
| उदाहरण ७.८.२: मानौं, ABC (Nepal) Pvt. Ltd. ले ABC Global Incorporated बाट कच्चा पदार्थ खरिद गर्दछ र साथै आफ्नो उत्पादन विदेशमा निर्यात गर्दछ । उक्त प्रा.लि.ले गर्ने अधिकांश उत्पादन ABC Global Incorporated ले वा निजको सम्बद्ध कम्पनीले नै खरिद गर्दछ वा मुख्य वितरकका रूपमा काम गर्दछ । यसलाई प्रबन्ध वा व्यवस्था (Arrangement) भनिन्छ । |
| उदाहरण ७.८.३: मानौं, यस्तो स्थितिमा कच्चा पदार्थ खरिद-बिक्री गर्दा वा उत्पादित बस्तु खरिद बिक्री गर्दा ABC (Nepal) Pvt. Ltd. ले गरेको वा पाएको भुक्तानी सामान्य बजार व्यवहार(Arms' Length Dealing) मा आधारित बजार मूल्य अनुसार नभई घटी-बढी भएमा मूल्य हस्तान्तरण (Transfer Pricing) को प्रबन्ध(Arrangement) भएको मानिन्छ । अर्थात् सोही कच्चा पदार्थ कुनै तेस्रो व्यक्तिसँग खरिद गरेको भए तिर्नुपर्ने मूल्य |

| |
|---|
| वा उत्पादित वस्तु तेस्रो व्यक्तिलाई बिक्री गरेको भए पाउनु पर्ने मूल्य फरक हुने भए यस्तो फरक रकम बराबर मूल्य हस्तान्तरण गरेको मानिन्छ । |
| उदाहरण ७.८.४: त्यस्तै गरी कुनै अन्तर्राष्ट्रिय ठेकेदारले नेपालमा निर्माण, जडान कार्य गर्दा विदेशस्थित आफ्नै सम्बद्ध व्यक्तिबाट उपकरणहरु खरिद गरी भुक्तानी गर्दछ र यस्तो भुक्तानी सोही विदेशी बजारमा प्रचलित मूल्यभन्दा घटी वा बढी छ भने नाफा घटाउन वा बढाउन (Profit Transfer) सो ठेकेदारको स्थायी संस्थापनले आफ्नो मुख्य कार्यालयका (Head Office) साथ मूल्य हस्तान्तरणको व्यवहार गरेको मान्नुपर्दछ । |
| उदाहरण ७.८.५: मुलुक "क" मा दर्ता रहेको "क" कम्पनीको अध्यक्ष ५५ प्रतिशत शेयर धनी रहेको "ख" कम्पनीको भारतमा शाखा कार्यालय रहेछ । "क" कम्पनीले नेपालमा सडक निर्माण ठेक्का पाएको रहेछ । यस्तो अवस्थामा नेपालको "क" को विदेशी स्थायी संस्थापन र "ख" कम्पनीको भारतीय शाखा सम्बद्ध व्यक्ति हुन्छन् । यी दुई निकायबीचको कारोबारमा मूल्य हस्तान्तरणको सम्भावना रहन्छ ।<br>दुबै निकाय नेपालमा दर्ता भएका अवस्थामा यही शर्त र अवस्थामा आय खण्डीकरण (IncomeSplitting) को अवसर हुन सक्तछ । |
| उदाहरण ७.८.६ : नेपालमा दर्ता रहेको "क" कम्पनीको अध्यक्ष ५५ प्रतिशत शेयरधनी रहेको "ख" कम्पनीले "ग" कम्पनीमा ६० प्रतिशत लगानी गरेको छ । "क" कम्पनी र "ग" कम्पनी मिलेर "घ" कम्पनी खोलेको रहेछ । "च" कम्पनीको २२ प्रतिशत "घ" कम्पनीले र ३० प्रतिशत शेयर "क" कम्पनीले खरिद गरेका रहेछन् । "क" कम्पनीको विगतको कर नोक्सानी रहेछ । "ग" कम्पनी राम्रो मुनाफा आर्जन गर्ने कम्पनी हो । यी दुई निकायबीचको कारोबारमा आय खण्डीकरणको तरिकाबाट मूल्य हस्तान्तरणको सम्भावना रहन्छ । |
| उदाहरण ७.८.७ : नेपालमा दर्ता रहेको "क"कम्पनीको अध्यक्षको ५५ प्रतिशत शेयर स्वामित्व छ । निजको सालाको ५२ प्रतिशत शेयर रहेको "ख" कम्पनीले "ग" कम्पनीको ५१ प्रतिशत शेयर खरिद गरेछ । "क" कम्पनीको विगतको कर नोक्सानी रहेछ । "ग" कम्पनी राम्रो मुनाफा आर्जन गर्ने कम्पनी हो । यी दुई निकायबीचको कारोबारमा आय खण्डीकरणको तरिकाबाट मूल्य हस्तान्तरणको सम्भावना रहन्छ । |
| उदाहरण ७.८.८ : "क" मुलुकमा दर्ता रहेको "क" कम्पनीको अध्यक्षको ५५ प्रतिशत शेयर स्वामित्व छ । कम्पनीले ५२ प्रतिशत शेयर लिएको "ख" कम्पनीले नेपालमा दर्ता रहेको "ग"कम्पनीको ५१ प्रतिशत शेयर खरिद गरेछ । "ग" कम्पनी राम्रो मुनाफा आर्जन गर्ने कम्पनी हो । तर कमाएको नाफा आफ्नो कम्पनीमा पठाउँदा तिर्नुपर्ने करको भार कम गर्न यो कम्पनीले कम्पनी "क" वा "ख" बाट विगतकोभन्दा बढी मूल्यमा सामान खरिद गरी नोक्सानी आर्जन गर्न सक्तछ । यो अवस्था यी तीन निकायबीचको कारोबारमा आय खण्डीकरणको तरिकाबाट मूल्य हस्तान्तरणको सम्भावना रहन्छ । |

७.८.२ **मूल्य हस्तान्तरण भएमा गरिने कर व्यवहार :**

ऐनको दफा ३३ मा सम्बद्ध व्यक्तिहरुबीच मूल्य हस्तान्तरण र अन्य प्रबन्धहरुका सन्दर्भमा गरिने कर व्यवहारका सन्दर्भमा निम्नानुसारको व्यवस्था रहेको छ :

३३(१) **सम्बद्ध व्यक्तिहरुबीच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहार**
**(आर्म्स लेन्थ) अनुसार सञ्चालन गरिएको भए तिनीहरुको लागि कायम हुनसक्ने करयोग्य आय वा बुझाउन पर्ने कर प्रतिविम्बित हुने किसिमले ती व्यक्तिहरुबीच आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरु विभागले लिखितरूपमा सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँड गर्न सक्नेछ ।**

३३(२) उपदफा (१) मा उल्लिखित कुनै कुरा गर्दा विभागले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) कुनै आय, नोक्सानी, रकम वा भुक्तानीको स्रोत र किसिमलाई पुनः चारित्रीकरण गर्न, वा

(ख) कुनै व्यवसाय सञ्चालन गर्न कुनै व्यक्तिले मुख्य कार्यालय खर्च लगायत गर्नु परेको विभिन्न खर्चबाट, सम्बद्ध व्यक्ति वा व्यक्तिहरुलाई फाइदा पुग्न गएकोमा त्यस्तो खर्च व्यवसायको कारोबारको तुलनात्मक आधारमा सम्बद्ध व्यक्तिहरुबीच बाँडफाँड गर्न ।

आयकर नियमावली २०५९ को नियम १५ मा अग्रिम रुपमा मूल्य निर्धारण गर्ने सम्बन्धमा निम्नानुसार ब्यवस्था रहेको छ :

*३३. <u>अग्रिम रूपमा मूल्य निर्धारण गर्नेः</u>(१) ऐनको दफा ३३ को उपदफा (१) बमोजिम कुनै व्यक्तिको आय गणना गर्दा समावेश वा कट्टी गरिने रकम सम्बन्धमा सामान्य बजार मूल्य (आर्म्स लेन्थ) को आधारमा विभागले वितरण, विनियोजन वा बाँडफाँड गर्ने सम्बन्धमा स्पष्ट हुन एक वा एकभन्दा बढी व्यक्तिले लिखित रुपमा अनुरोध गरेमा विभागले देहाय बमोजिम लिखित सूचना जारी गर्न सक्नेछः-*

*(क) लिखित सूचनाको अवधि एक पटकमा पाँच आय वर्षभन्दा बढी नहुने गरी,*

*(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो लिखित सूचना नवीकरण हुन सक्ने गरी।*

*(२) उपनियम (१) बमोजिमको लिखित सूचना विभाग तथा अनुरोध गर्ने पक्षलाई बाध्यात्मक हुनेछ।*

*तर सम्बन्धित निवेदकले गरेको अनुरोधमा विभाग सहमत भएमा सो लिखित सूचना निष्कृय हुनेछ।*

सम्बद्ध व्यक्तिहरुबीच कुनै व्यवस्था वा प्रबन्ध (Arrangement) भएकोमा सामान्य बजार व्यवहार (Arms' Length Dealing) अनुसार सञ्चालन गरिएको भए तिनीहरुको लागि कायम हुन सक्ने करयोग्य आय वा बुझाउनु पर्ने कर प्रतिविम्बित (Reflection of tax amount or taxable income on the basis of arms' length principle) हुने किसिमले ती व्यक्तिहरुबीच आय गणना गर्दा समावेश हुने वा कट्टी गरिने रकमहरुलाई (Inclusions and Deductions) आन्तरिक राजस्व विभागले वा मातहत कार्यालयले लिखितरूपमा सूचना जारी गरेर वितरण (Distribute), विनियोजन (Allocate) वा बाँडफाँड (Apportion) गर्न सक्दछ ।

उपर्युक्त अनुसार वितरण, विनियोजन वा बाँडफाँड गर्दा विभागले कुनै आय, नोक्सानी रकम वा भुक्तानी स्रोत र किसिमलाई पुनः चारित्रीकरण (Re-characterisation) गर्न सक्दछ । त्यसैगरी विभागले कुनै व्यवसाय सञ्चालन गर्न कुनै व्यक्तिले मुख्य कार्यालय खर्च (Head Office Expenses)लगायत गर्नुपरेको विभिन्न खर्चबाट सम्बद्ध व्यक्ति वा व्यक्तिहरुलाई फाइदा पुग्न गएकोमा त्यस्तो खर्च व्यवसायको कारोबारको तुलनात्मक आधारमा सम्बद्ध व्यक्तिहरुबीच बाँडफाँड (Apportion) गर्न सक्दछ ।

उदाहरण ७.८.९: मानौं, उदाहरण ७.८.१ मा उल्लिखित ABC Global Incorporated ले ABC (Nepal) Pvt. Ltd.लाई रु.३।- प्रति इकाईमा कच्चा पदार्थ बिक्री गरेको तर विदेशी बजारमा सो वस्तुको मूल्य रु.२।५० रहेको भएमा ABC (Nepal) Pvt. Ltd. ले कच्चा

| |
|---|
| पदार्थ बापतको खर्च कट्टी दाबी गरेको प्रति इकाइका रु.३।- को दरलाई अमान्य गरी प्रति इकाइका रु.२।५० को दरले मात्र पुनः गणना गरी ABC (Nepal) Pvt. Ltd. को खर्च कट्टी दाबीलाई विभागले सूचना जारी गरी (कार्यालयले पत्र लेखी) वा संशोधित कर निर्धारणको सूचना मार्फत पुनः चारित्रीकरण गर्न सक्दछ । त्यसैगरी ABC (Nepal) Pvt. Ltd. ले गरेको बिक्री उत्पादित वस्तु सो ABC Global Incorporated ले प्रति इकाई रु.५।- का दरले खरिद गर्ने गरेको रहेछ तर सो वस्तुको मोल विदेशी बजारमा रु.६।- प्रति इकाई मूल्य रहेछ भने सो फरक रकम रु.१।- प्रति इकाईका दरले ABC (Nepal) Pvt. Ltd. को आयतर्फ समावेश गरिने गरी सो प्रा.लि.को आय विभागले सूचना जारी गरी पुनः चारित्रीकरण गर्न सक्दछ । |
| उदाहरण ७.८.१०: मानौं, नेपालमा कार्यरत अन्तर्राष्ट्रिय ठेकेदारले नेपालमा दाबी गरेको मुख्यकार्यालय खर्च नेपालमा गरेको कार्यको तुलनामा बढी दाबी गरेको देखियो । यस अवस्थामा नेपाली कारोबार बापत हुनु पर्ने अंश मात्र खर्च कट्टी दिई बाँकी दाबी विभागले अमान्य गर्न सक्दछ । |

## ७.९ आयको खण्डीकरण

### ७.९.१ आयको खण्डीकरणको अवधारणा

कर घटाउने सम्भावना भएको आय आर्जन गर्ने संरचना स्थापना गरी हालको वा भविष्यको कर घटाउने प्रबन्ध आयको खण्डीकरण (Income Splitting) हो । मूल्य हस्तान्तरण पनि एक प्रकारको आयको खण्डीकरण नै हो तर सो मूल्य हस्तान्तरण सम्बद्ध व्यक्तिहरुबीच मात्र गरिन्छ भने आयको खण्डीकरण अन्य अवस्थामा पनि हुन सक्तछ । नेपालमा पारिवारिक संरचना र  व्यक्तिको आधारमा कर लगाइने व्यवस्थाले ठूलो मात्रामा आयको खण्डीकरण भएको हुन सक्तछ । अझ प्रगतिशील करको दर (Progressive Rates of Taxation) रहेको ठाउँमा पारिवारिक संरचना र करको संरचनाको बेमेलले आय खण्डीकरणको आधारशिला निर्माण गर्दछ । करको भार घटाउन करयोग्य आयको वितरण गरी सानो करको दर आपसमा लागू हुने गरी प्रबन्ध मिलाइएको भए आयको खण्डीकरण हुन्छ । उदाहरणका लागि १० र २० प्रतिशतको करको दर रहेकोमा कुनै व्यक्तिको १० प्रतिशतको दर लागू हुने सीमाको सुविधा बाँकी छ भने निजलाई सो करको भार बोकाई (मूल्य हस्तान्तरणद्वारा वा भुक्तानीद्वारा) सो बापत कुनै अप्रत्यक्ष भुक्तानी गर्ने क्रियाकलाप आयको खण्डीकरणको उदाहरण हो । प्राकृतिक व्यक्तिबीच मात्र नभई कुनै औद्योगिक प्रतिष्ठानले सुविधाजनक करको दर पाइरहेको भए कुनै अर्को व्यक्ति (वा प्रतिष्ठान)सँग प्रबन्ध वा व्यवस्था (Arrangement) मिलाई करको भार बाँडचुँड गर्न आयको खण्डीकरण गरेको अवस्था पनि यसको उदाहरण हुन सक्तछ । कम करको भार आपसमा बाँडफाँड गर्दा करको लाभ (Tax Benefit) दिने व्यक्तिले कुनै अप्रत्यक्ष भुक्तानी (लाभ) लिइरहेको हुन्छ । सारांशमा आय खण्डीकरण निम्नानुसार हुन सक्तछः

- प्रगतिशिल करको दरबाट पर्ने असर परस्पर मिलान गरेर
- सामाजिक वा पारिवारिक संरचना र कर आधार संरचना मिलान गरेर
- कर छुट वा औद्योगिक छुटको व्यवस्था परस्पर मिलान गरेर
- नभएको आय वा खर्च हस्तान्तरण गरेर
- सहुलियतपूर्ण करको दर भएका आयमा भएको खर्च सामान्य करको दर भएका आय निर्धारणमा रूपान्तर गरेर
- व्यावसायिक कामहरु अन्तिमरूपमा कर कट्टी हुने आयमा रूपान्तर गरेर
- कर घटाउने अन्य प्रबन्धहरु मिलान गरेर

### ७.९.२ आयको खण्डीकरणमा कर व्यवहार :

आयको खण्डीकरणमा कर व्यवहारकोसन्दर्भमा ऐनको दफा ३४ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**३४(१) कुनै व्यक्तिले आफ्नो आय अर्को व्यक्तिसँग विभाजन गर्न प्रयत्न गरी सोबाट बुझाउनु पर्ने करमा कुनै कमी आउने देखिएमा दायित्व घटी हुन नदिन विभागले लिखितरूपमा सूचना दिएर प्रत्येक व्यक्तिको आय गणना गर्दा समावेश वा कट्टी गरिने रकमहरु समायोजन गराउन सक्नेछ ।**

**३४(२) उपदफा (१) मा उल्लेख भए बमोजिम व्यक्ति र सम्बद्ध व्यक्तिबीच प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक वा बढी मध्यस्थ निकायहरुद्वारा देहायका रकमहरुको हस्तान्तरण र सो हस्तान्तरणको प्रयोजनले सो व्यक्ति वा सम्बद्ध व्यक्तिबाट बुझाउनु पर्ने करमा कमी ल्याउन आय विभाजन गर्ने प्रयत्न गरेको अवस्थाहरु समेतलाई जनाउँनेछ :-**

**(क) प्राप्त गरिने रकम वा गरिने खर्चहरु, वा**

**(ख) कुनै सम्पत्ति हस्तान्तरण गरिलिने व्यक्तिले सो सम्पत्तिबाट प्राप्त गर्ने रकम वा उपभोग गर्ने रकम वा सो सम्पत्तिको स्वामित्व लिए बापत व्यहोरेको खर्च वा दिएको भुक्तानी ।**

**३४(३) विभागले उपदफा (२) बमोजिम कुनै व्यक्तिले आय विभाजन गर्न खोजेको हो वा होइन भन्ने कुरा यकिन गर्दा हस्तान्तरणका लागि गरिएको कुनै पनि भुक्तानीको बजार मूल्यको आधार लिनेछ ।**

कुनै व्यक्तिले आफ्नो आय अर्को व्यक्तिसँग विभाजन गर्ने प्रयत्न गरी सोबाट बुझाउनु पर्ने करमा कुनै कमी आउने देखिएमा निजको कर दायित्व घटी हुन नदिन आन्तरिक राजस्व विभागले वा मातहत कार्यालयले लिखितरूपमा सूचना दिएर त्यस्तो प्रत्येक व्यक्तिको आय गणना गर्दा समावेश गरिने वा खर्च कट्टी गरिने (Inclusions or Deductions) रकमहरु आवश्यकता अनुसार समायोजन (Adjust) गर्न सक्दछ । विभागले आय विभाजन गर्न खोजेको हो वा होइन भन्ने कुरा यकिन गर्न हस्तान्तरणका लागि गरिएको कुनै पनि भुक्तानीको बजार मूल्यको (Market Value) आधार लिने गर्दछ । करमा कमी ल्याउन कुनै व्यक्ति र सम्बद्ध व्यक्तिबीच प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक वा बढी मध्यस्थ निकायहरुद्वारा (Interposed Entities) कुनै प्राप्त गरिने रकम वा गरिने खर्चहरु (Income or Expenses) को हस्तान्तरण र सो हस्तान्तरणद्वारा सो व्यक्ति वा सम्बद्ध व्यक्तिबाट बुझाउनु पर्ने करमा कमी ल्याउन गरिएको प्रयासलाई आयको खण्डीकरण गरेको मानी उपर्युक्त अनुसार समायोजन गरिन्छ । त्यसै गरी कुनै सम्पत्ति हस्तान्तरण गरिलिने व्यक्तिले (Transferee) सो सम्पत्तिबाट प्राप्त गर्ने रकम वा उपभोग गर्ने रकम वा सो सम्पत्तिको स्वामित्व लिएबापत व्यहोरेको खर्च वा दिएको भुक्तानी (Incomings or Outgoings) का सम्बन्धमा कर दायित्व कम हुनेगरी भएको हस्तान्तरणलाई पनि आयको खण्डीकरण मानी उपर्युक्त अनुसार विभागले समायोजन गर्न सक्दछ ।

## ७.१० कर मुक्ति विरुद्धको सामान्य नियम

### ७.१०.१ कर मुक्ति विरुद्धको सामान्य नियमको अवधारणा

"कर मुक्ति योजना" (Tax Avoidance Scheme) भन्नाले कर दायित्वबाट (Tax Liability) मुक्ति पाउने वा कर दायित्वमा कमी ल्याउने मुख्य उद्देश्य(Main Purpose) भएको कुनै प्रबन्ध वा व्यवस्था (Arrangement) सम्झनुपर्दछ । यस्तो व्यवस्था अरु व्यक्तिहरुसँग मिलेर गरिएको हुन सक्छ वा करदातास्वयंले मात्रै आफ्नो उद्यमका (Enterprise) सम्बन्धमा वा कारोबारका सम्बन्धमा गरेको हुन सक्दछ । यस्तो व्यवस्थाका सम्बन्धमा अरु पनि सानातिना उद्देश्य भएको व्याख्या गर्न सकिएला तर परीक्षणको क्रममा

कर छल्ने (कर नलाग्ने गराउन वा करदायित्व घटाउन) नै सो प्रबन्धको मुख्य उद्देश्य रहेको देखियो भने सोलाई कर मुक्ति योजना मानेर कर प्रशासनले त्यस्तो योजनालाई मान्यता नदिई सो योजना रहेको अवस्थामा सो व्यक्ति वा व्यक्तिहरुले तिर्नुपर्ने करदायित्व यकिन गरी करनिर्धारण गर्न आधुनिक कर कानुनमा करप्रशासनलाई सामान्य अधिकार दिइएको हुन्छ । यस्तो अधिकार वा कर मुक्ति योजनालाई प्रशासनले अमान्य गर्ने प्रचलनलाई कर मुक्ति विरुद्ध सामान्य नियम (General Anti Avoidance Rule, GAAR) भनिन्छ ।

GAARको उत्पत्ति शुरुमा विभिन्न देशहरुमा (जस्तै, अस्ट्रेलिया, न्यूजिलैन्ड) त्यहाँका अदालतहरुले गरेको फैसलाहरुबाट (Case Law) भएको हो । विभिन्न कारोबारमा वा विभिन्न प्रकार वा प्रकृतिका उद्यमहरुमा (Enterprises) वा विभिन्न प्रकारका आयहरुमा विभिन्न प्रकारले कर लाग्ने वा कतै कर लाग्ने तर कतै कर नलाग्ने करप्रणाली विद्यमान रहँदा करदाताबाट यस्तो जटिलताको (Complexity) फाइदा उठाई आफूलाई व्यावसायिक दृष्टिले आवश्यक नभए पनि वा कारोबारको सिलसिलामा स्वाभाविक (Natural) ढंगले आवश्यक नपरे पनि करदायित्वबाट उन्मूक्ति पाउन वा घटाउन मात्रका लागि कुनै योजना वा प्रबन्ध गरिएको छ भने सोलाई आयकर कानुनको मुलभूत उद्देश्य (प्रस्तावना) विपरीत मानी वा राज्यले न्यायिकढङ्गले पाउनुपर्ने राजस्वको अंश नपाउने अप्राकृतिक अवस्था (Against the Natural Justice for the State) सिर्जना गरेको मानी अदालतहरुले यस्तो प्रबन्ध, व्यवस्था वा योजनालाई अमान्य गर्ने एवम् राज्यलाई आउनुपर्ने कर रकम असुल गर्नेगरी निर्णयहरु भएको पाइन्छ । अचेल कानुनमै उल्लेखगरी स्थापित मान्यताका रूपमा यो सिद्धान्तलाई प्रतिपादित गर्न थालिएको छ र आयकर ऐन, २०५८ मा पनि कर मुक्ति विरुद्धको सामान्य नियमको (GAAR) व्यवस्था भएको छ ।

### ७.१०.२ कर मुक्ति विरुद्धको सामान्य नियम (GAAR)को कार्यान्वयन :

कर मुक्ति विरुद्धको सामान्य नियम (GAAR)को कार्यान्वयन सन्दर्भमा ऐनको दफा ३५ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**३५. विभागले यस ऐन बमोजिम कर दायित्वको यकिन गर्ने प्रयोजनको लागि देहायका कुराहरु गर्न सक्नेछ :-**

**(क) कर मुक्ति योजनाको भागकोरूपमा गरिएको वा गर्न खोजिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण गर्न,**

**(ख) कुनै सारभूत आर्थिक असर नदेखाउने कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई वेवास्ता गर्न, वा**

**(ग) सारभूततत्व नदेखाउने कुनै प्रबन्ध वा प्रबन्धको भागलाई पुनः चारित्रीकरण गर्न ।**

**स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "कर मुक्ति योजना" भन्नाले कर दायित्वबाट मुक्ति पाउने वा कर दायित्वमा कमी ल्याउने मुख्य उद्देश्य भएको कुनै प्रबन्ध सम्झनु पर्छ**

आयकर ऐन, २०५८ अनुसार आन्तरिक राजस्व विभागले वा मातहत कार्यालयले सो ऐन बमोजिम करदायित्वको यकिन गर्ने प्रयोजनको लागि कर मुक्ति योजनाको भागका रूपमा गरिएको वा गर्न खोजिएको कुनै प्रबन्ध वा प्रबन्धको कुनै भागलाई पुनः चारित्रीकरण (Re-characterise) अर्थात् सो प्रबन्धका अंशहरुलाई सो प्रबन्धमा लेखिए अनुसार व्याख्या नगरी कर घट्न नदिने गरी व्याख्या वा व्यवहार गर्न सक्दछ । त्यसैगरी विभागले वा कार्यालयले कुनै प्रबन्ध वा प्रबन्धको (Arrangement) भागले कुनै सारभूत आर्थिक असर (Substantial Economic Effect) नदेखाउने रहेछ भने सोलाई वेवास्ता (Disregard) गर्न सक्दछ । तर यस्तो प्रबन्धबाट करदायित्वमा असर नपरेको हुनुपर्दछ । कुनै प्रबन्ध वा प्रबन्धको भागको स्वरूपले (Form) सोको सारभूत तत्वलाई (Substance) प्रतिविम्बित (Reflect) नगरेको

अवस्थामा पनि विभागले वा कार्यालयले सो प्रबन्ध वा सोको भागलाई अमान्य गरी वा पुनः चारित्रीकरण गरी (Re-characterise) करको दायित्व यकिन गर्न सक्दछ ।

आयकर ऐन, २०५८ मा कर छल्न नदिन मूल्य हस्तान्तरण (Transfer Pricing), आयको खण्डीकरण (Income Splitting), लाभांश कर घटाउने प्रबन्ध (Dividend Stripping) तथा सम्बद्ध व्यक्तिहरुबीच वा कर तिर्नु नपर्ने व्यक्तिहरुसँग प्रबन्ध गरी पुँजी घटाउने (Thin Capitalisation) व्यवस्थाको नियन्त्रण गर्न छुट्टाछुट्टै विशेष व्यवस्था गरिएका छन् । यी सबै व्यवस्थाका अतिरिक्त उपर्युक्त अनुसार कर मुक्ति विरुद्धको सामान्य नियम (GAAR) जस्तो कर छल्ने वा कर घटाउने जुनसुकै प्रबन्ध, व्यवस्था वा योजनाहरुलाई अमान्य गरी पुनः चारित्रीकरण गर्ने (समावेश गरिने वा कट्टी गरिने रकमहरु दुबैतर्फ, Inclusions or Deductions) अधिकार पनि आयकर ऐनले कर प्रशासनलाई दिएको छ । यो अधिकारको विस्तृत व्याख्या ऐन, नियममा गर्न सम्भव हुँदैन, किनकि त्यसो गरियो भने विभिन्न प्रकारले वा समयको प्रवाहसँगै जटिल हुँदै जाने आधुनिक कारोबार प्रणालीलाई (इलेक्ट्रोनिक कारोबारको प्रभाव समेतले गर्दा) समेट्न सम्भव हुँदैन । आय आर्जन हुने जुनसुकै कारोबारमा कर लाग्ने सामान्य सिद्धान्तको मान्यताको परिधिभित्र (Scope) रही कर मुक्ति योजनालाई (Tax Avoidance Scheme) अमान्य गर्ने व्यवस्था गर्न सिद्धान्तको रूपमा उल्लेख गर्न सम्भव हुन्छ तर सबै परिवेशहरुलाई (भविष्यमा सिर्जना हुन सक्ने) व्याख्या गर्न सम्भव हुँदैन । त्यस कारणले यो नियम (GAAR) लागू गर्दा करप्रशासन अति सतर्क हुनुपर्दछ । कारोबार गर्ने चलनचल्तीको परिपाटी, आधुनिक कारोबारसँग सम्बन्धित आर्थिक प्रभाव पर्ने प्रबन्ध वा व्यवस्था हुनवा होईनन् भन्ने बारे राम्रो ज्ञान राखी सोको यकिन विभागले गर्न सक्नुपर्दछ । कुन योजना राज्यले सुविधा दिई कुनै निश्चित आर्थिक वा व्यावसायिक क्षेत्रको प्रबर्द्धन गर्न गरिएको हो (Tax Planning), कुन योजना आर्थिक प्रभाव पार्न नभई कर छल्न मात्र गरिएको हो, छुट्याउन सक्नुपर्दछ । उदाहरणस्वरूप औद्योगिक प्रवर्द्धनका लागि हिमाली क्षेत्रमा सहुलियत करको दर उपलब्ध गराइएको छ, सो सुविधा लिई कुनै उद्यमले (Enterprise) हिमाली क्षेत्रमा उद्योग स्थापना गरी आय आर्जन गरी सहुलियत खोजेमा राज्यले चाहना गरेको औद्योगिक प्रबर्द्धनका लागि दिइएको सहुलियत मानी GAARलाग्न नसक्ने ठहऱ्याउनु पर्दछ भने कुनै प्रबन्ध मिलाई सहरी क्षेत्रमै आर्थिक प्रभाव रहने गरी (रोजगारी, उत्पादन वा भौतिक संरचना निर्माण सबै सहरी क्षेत्रमै सीमित छ भने) कर छल्न मात्र ऐन अनुसार हुने गरी कुनै व्यवस्थापन मिलाएको रहेछ भने सोलाई GAARलगाई अमान्य पनि गर्नुपर्ने हुन्छ ।

तर GAARको दुरूपयोग हुन नदिन अर्थात् सामान्य व्यावसायिक प्रचलनमा वा राज्यले दिएको सुविधाबाट पनि वञ्चित गराउन GAARको प्रयोग रोक्न विभागले प्रशासनिक निर्देशनहरु, विभागीय नियन्त्रण, सार्वजनिक परिपत्र वा निर्देशिकाद्वारा व्यवस्थित गर्नु पर्दछ । करदाताले वा कर व्यवसायीले (Tax Professionals) पनि कर योजना र कर छल्ने प्रबन्धबीचको फरक (Difference between Tax Planning and Tax Avoidance) गम्भीरतापूर्वक मनन गरी कर छल्ने प्रबन्धबाट बच्नु पर्दछ अर्थात् विशुद्ध व्यावसायिक दृष्टिकोण वा व्यावसायिक सम्बन्धले गरिने कारोबारमा आफ्नो लेखा(Accounts) लाईसम्बद्ध गराई कर छल्ने उद्देश्य मात्रले कुनै लेखा व्यवस्थापन गरिएको हुनु हुँदैन ।

# परिच्छेद ८

# कर लेखाङ्कन र समय

# (Tax Accounting and Timing)

८.१ कर लेखाङ्कन भन्नाले आयकर प्रयोजनको निमित्त अपनाउनु पर्ने लेखाङ्कन पद्दती (Tax Accounting System) लाई बुझाउँछ । लेखाङ्कन पद्दतिले आय लेखाङ्कनमा उल्लेख्य असर समेत गर्ने अवस्थालाई ध्यानमा राखी कर लेखाङ्कनमा एकरुपता तथा नियमितता (Consistency) कायम राख्ने उद्देश्यले आयकर ऐन, २०५८ मा कर प्रयोजनको लागि ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरुप लेखाङ्कन गरिनु पर्ने व्यवस्था गरेको छ ।

आयकर ऐनमा स्पष्टरुपमा लेखाङ्कनको तरिका खुलाइएको अवस्थामा सोही बमोजिम र नखुलाइएको अवस्थामा लेखाको सर्वमान्य सिद्धान्त अनुरुप लेखाङ्कन (Accounting) गर्नु पर्ने हुन्छ । यस सन्दर्भमा नेपाल लेखामान बोर्डले तयार गरी नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था (Institute of Chartered Accountants of Nepal, ICAN) ले जारी गरेका नेपाल लेखामान (Nepal Accounting Standard/Nepal Financial Reporting Standard) र सो नभएको अवस्थामा अन्तर्राष्ट्रिय लेखामान (International Accounting Standard/International Financial Reporting Standard) वा अन्य प्रचलित सिद्धान्त (Best Practice) का आधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । यस प्रकार लेखाङ्कनको सन्दर्भमा ऐनमा रहेको कर लेखाङ्कन सम्बन्धी व्यवस्थाका विविध पक्षहरुको व्याख्या गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

## ८.२ कर लेखाङ्कन र समय

**८.२.१ ऐनको दफा २२ ले कर लेखाङ्कन र समयको सन्दर्भमा निम्नानुसार व्यवस्था गरेको छः**

**(१) कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरुप हुनेछ ।**

आयकर प्रयोजनका लागि आयमा समावेश गर्ने र खर्चलाई मान्यता दिने सन्दर्भमा कर लेखाङ्कनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । आयकर ऐनमा एवम् प्रचलित कानुनमा विशेषरुपमा उल्लेख नभएमा लेखाको सर्वमान्य सिद्धान्त अनुरुप लेखाङ्कनको तरिका एवं समयको निर्धारण गरिन्छ ।

लेखाका सर्वमान्य सिद्धान्त भन्नाले लेखाका अवधारणालाई बुझाउँछ । लेखाङ्कनसम्बन्धी व्यवस्था व्यवसायको कारोबारलाई दर्शाउने भाषा भएको हुँदा सबैका लागि जानकारी गराउने उद्देश्यले केही लेखाका अवधारणाहरु प्रतिपादन गरिएका छन् जसलाई लेखा राख्ने व्यक्तिहरुले पालन गर्नुपर्ने व्यवस्था संसारभरिनै लागू छ । ती अवधारणाहरु निम्नानुसार छोटकरीमा व्याख्या गरिएको छ ।

१) **Business Entity**:– व्यवसाय र व्यवसायको स्वामित्व धारण गर्ने व्यक्ति (Owner)फरक फरक व्यक्ति हुन भन्ने अवधारणाबाटव्यवसायका सम्पूर्ण कारोबारहरु लेखाङ्कन गरिएका हुन्छन् । यदि यस्तो प्रकारको अवधारणाबाट कारोबारको लेखाङ्कन नगर्ने हो भने मालिकको व्यक्तिगत कारोबार पनि व्यवसायको कारोबारसँग सम्मिश्रण भईव्यवसायको वास्तविक कारोबारको स्थिति चित्रण गर्न सकिदैन ।

२) **Money Measurement**:– यस अवधारणा बमोजिम व्यवसायमा हुने कारोबार मुद्रा (Money) मा भएको अवस्थामा मात्र लेखाङ्कन गरिन्छ । कुनै व्यवसायमा नयाँ साझेदारलाई सहभागी गराउनको लागि गरिने सम्झौता वा प्रमुख कार्यकारी नियुक्ति जस्ता घटना मौद्रिक कारोबार(Monetary Transaction)नभएको कारण त्यस्ता घटनालाई लेखामा लेखाङ्कन गरिदैन ।

३) **Cost** :– यस अवधारणा बमोजिम जति मूल्यमा कारोबार भएको हो, सोही मूल्यमात्र लेखाङ्कन गर्नु पर्दछ। कुनै एक जग्गाको बजार मूल्य रु.५ लाख पर्ने रहेछ। तर उक्त जग्गा असम्बद्ध व्यक्तिबाट रु. ३ लाखमा खरिद गरेको रहेछ भने जग्गा खरिदमा उक्त जग्गाको भुक्तानी (कारोबार) मूल्य रु.३ लाख भएको हुँदा सोही मूल्य (Cost)मा लेखाङ्कन गरिन्छ। यस अवस्थामा लेखाङ्कनको निमित्त बजार मूल्य (रु.५ लाख) लाई स्थान दिइदैन।

४) **Going Concern** :– व्यवसाय क्षणिक समयको लागि मात्र सञ्चालन नगरी निरन्तररुपमा चलिरहन्छ भन्ने अवधारणा अनुसार लेखाङ्कन गरिन्छ।

५) **Dual Aspect**:– कुनै पनि कारोबारको लेखाङ्कन दोहोरो श्रेस्ता प्रणाली अन्तर्गत रहेर गरिन्छ। उदारहणको लागि – एकलौटी व्यवसाय गर्ने व्यक्तिले व्यवसाय सञ्चालन गर्नका लागि रु.१ लाख पुँजी लगानी गरेको रहेछ भने यस अवस्थामा पुँजी आएको हुँदा नगद ( सम्पत्ति) रु.१ लाख Debitगरिन्छ भने Capital (दायित्व) रु.१ लाखलेCredit गरिन्छ।

६) **Types of Accounting**:– कुनै पनि कारोबारको लेखाङ्कन गर्ने मूलतः दुई वटा तरिका

छन। ती हुन् नगद आधारमा हुने लेखाङ्कन र एक्रुअल आधारमा हुने लेखाङ्कन। संसारभर कारोबारको लेखाङ्कन यी दुई मध्ये कुनै एक तरिकाबाट गर्ने गरेको पाइन्छ।

नगद आधारमा हुने लेखाङ्कन अन्तर्गत कुनै कारोबारबापत प्राप्त हुनुपर्ने रकम प्राप्त भएको वा भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिएको बखत आय वा खर्चको लेखाङ्कन गरिन्छ। यो तरिका अपनाई लेखाङ्कन गर्ने व्यक्तिले आय बापत प्राप्त हुनुपर्ने रकम प्राप्त नहुन्जेल आय लेखाङ्कन नगर्ने र खर्च बापत तिर्नुपर्ने रकम भुक्तानी नदिउन्जेल खर्च लेखाङ्कन नगर्ने प्रचलन छ।

त्यस्तै, एक्रुअल आधारको लेखाङ्कन अन्तर्गत आयको हकमा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ र खर्चको हकमा तिर्नुपर्ने दायित्व सिर्जना हुनासाथ आय वा खर्चको लेखाङ्कन गरिन्छ। यो तरिका अपनाई लेखाङ्कन गर्ने व्यक्तिले आय बापत प्राप्त हुनुपर्ने रकम प्राप्त नभए पनि आय लेखाङ्कन गर्ने र खर्च बापत तिर्नुपर्ने रकम भुक्तानी नदिए पनि खर्च लेखाङ्कन गर्ने प्रचलन छ।

सामान्यतया कर लेखाङ्कनको सन्दर्भमा तल उल्लिखित अवस्थालाई आधार मानिन्छ :

- आयकर ऐनमा तोकिएको आधारमा,
- प्रचलित कानुनमा तोकिएको आधारमा,
- नेपाल चार्टर्ड एकाउटेण्ट संस्थाबाट अवलम्बन गरिएको लेखामानको आधारमा,
- कुनै अन्तर्राष्ट्रिय मापदण्डको आधारमा आन्तरिक राजस्व विभागबाट तोकिएको आधारमा, तथा
- प्रचलित उत्तम अभ्यास (Best Practice)को आधारमा विभागले तोकेको आधारमा

**(२) प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नु पर्नेछ।**

प्राकृतिक व्यक्तिले आयकर प्रयोजनको लागि आफ्नो रोजगारी तथा लगानीबाट प्राप्त आयको लेखाङ्कन नगद प्राप्ति(Cash Receipt)भएको आधारमा गर्नु पर्दछ। उक्त व्यवस्था तलको उदाहरणबाट प्रष्ट पारिएको छ।

उदाहरण ८.२.१: मानौं, कमल परियार कृषि सामग्री संस्थानमा कार्यरत कर्मचारी रहेछन्। निजले २०७२श्रावण देखि २०७३ आषाढ मसान्तसम्म प्रति महिना रु.२०,०००।- का दरले पाउनु पर्ने तलब भत्ता बापतको कुल रकम रु.२,४०,०००।-, २०७३ श्रावणमा मात्रै

प्राप्त गरे। यस अवस्थामा नगदको आधारमा लेखाङ्कन गरिने कारणले गर्दा रकम प्राप्त गरेको महिना २०७३श्रावणमा कर प्रयोजनको लागि आयमा लेखाङ्कन गर्नुपर्ने हुन्छ । तसर्थ यो पद्दति अनुसार जुनसुकै आय वर्षको आय भएतापनि जुन आय वर्षमा आय प्राप्त भयो सोही आय वर्षमा आयको रुपमा लेखाङ्कन गर्नु पर्दछ ।

**(३) कम्पनीले कर प्रयोजनको लागि एक्रुयल आधारमा लेखाङ्कन गर्नु पर्नेछ ।**

कर प्रयोजनमा कम्पनी भन्नाले कर्पोरेट प्रयोजनको कम्पनीभन्दा व्यापक अर्थ हुन्छ । कर प्रयोजनमा रहेको कम्पनीमा पर्ने निकायहरुको विवरण परिच्छेद २ मा दिइएको छ । यस्ता कम्पनीले एक्रुयल आधारमा लेखाङ्कन गर्नु पर्दछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्टयाइएको छ ।

उदाहरण ८.२.२: मानौं, कमल सर्भिसेज एण्ड कम्पनी प्रा.लि.ले कृषि सामग्री संस्थानमा सुरक्षा गार्ड उपलब्ध गराउने सम्झौता गरेका रहेछन् र यस क्रममा सो कम्पनीले २०७१आषाढमा ५ जना सुरक्षा गार्ड उपलब्ध गराएको रहेछ । सुरक्षा गार्ड उपलब्ध गराएबापत सम्झौता बमोजिम सो महिनाको बीजक मूल्य रु.३०,०००।- हुन आउँने रहेछ । यसरी सुरक्षा गार्ड उपलब्ध गराएबापत सो कम्पनीले कृषि सामग्री संस्थानबाट रु.३०,०००।-पाउने अधिकार सिर्जना भएकोले कृषि सामग्री संस्थानबाट नगद भुक्तानी प्राप्त नभए पनि सो कम्पनीले उपर्युक्त बमोजिमको रु.३०,०००।-लाई आ.व.२०७१।०७२को आयमा समावेश गर्नु पर्दछ ।

**(४) विभागले लिखित सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक कुनै व्यक्तिले आयकर प्रयोजनका लागि उपदफा (१), (२) र (३) को अधीनमा रही नगद वा एक्रुयल आधारमा लेखाङ्कन गर्न सक्नेछ ।**

प्राकृतिक व्यक्तिले रोजगारी र लगानीबाट प्राप्त आयको गणना गर्दा र कम्पनीले कर प्रयोजनकोलागि लेखाङ्कन गर्दा क्रमशः नगद र एक्रुयलको आधारमा नै गर्नु पर्दछ । यस बाहेकका अवस्था, जस्तै प्राकृतिक व्यक्ति वा २० जनाभन्दा कम साझेदार भएका साझेदारी फर्मले व्यवसायको कर लेखाङ्कन गर्दा नगद वा एक्रुयल जुनसुकै आधारमा गर्न पाउँदछ ।

| अनिवार्य तोकिएका | **प्राकृतिक व्यक्तिको रोजगारी आय र लगानी आय** | **नगद आधार** |
|---|---|---|
| अनिवार्य तोकिएका | **कम्पनी** | **एक्रुयल आधार** |
| इच्छाधीन | प्राकृतिक व्यक्तिको व्यवसायको आय२० जनाभन्दा कम भएको साझेदारीको आय लगायत कम्पनी बाहेक अन्य निकायको आय | कारोबारको पहिलो वर्ष, इच्छानुसार र सो पछाडि विभागबाट स्वीकृत प्राप्त गरे बाहेक सोही आधारमा निरन्तरता |

**(५) कुनै व्यक्तिले कर प्रयोजनको लागि उपदफा (२) र (३) को अधीनमा रही कर लेखाङ्कन गर्ने तरिकामा परिवर्तन गर्न निवेदन दिन सक्नेछ । त्यस्तो व्यक्तिको आम्दानी स्पष्ट देखाउन लेखाङ्कन राख्ने तरिकामा परिवर्तन गर्न आवश्यक छ भन्ने विभागलाई लागेमा विभागले लेखाङ्कन गर्ने तरिकामा परिवर्तन गर्ने स्वीकृति दिन सक्नेछ ।**

सामान्यतया एक पटक अवलम्बन गरिएको लेखाङ्कन तरिका निरन्तर (Consistent)रुपमा प्रयोग गरिनु पर्दछ । तथापि कम्पनी बाहेक अन्य व्यक्तिले आफ्नो व्यवसायको लेखाङ्कन समान किसिमको व्यवसाय गर्ने अन्य व्यक्तिले गर्ने लेखाङ्कन तरिका भन्दा भिन्न भएको कारण तुलना गर्न कठिन हुन गएको महसुस गरेमा वा अन्य कुनै उचित कारणले लेखाङ्कन

तरिका परिवर्तन गर्न विभागसमक्ष निवेदन दिन सक्नेछ । अर्थात नगद आधारमा लेखाङ्कन गरिआएको व्यक्तिले एक्रुयलको आधारमा लेखाङ्कन गर्न चाहेमा वा एक्रुयलको आधारमा लेखाङ्कन गरिआएको व्यक्तिले नगद आधारमा लेखाङ्कन गर्ने गरी लेखाङ्कन तरिका परिवर्तन गर्न चाहेमा विभाग समक्ष निवेदन दिन सक्नेछ । आम्दानी स्पष्ट देखाउन लेखाङ्कनको तरिका परिवर्तन गर्न आवश्यक लागेमा विभागले सो परिवर्तनको लागि स्वीकृति दिन सक्नेछ ।

**(६) कर प्रयोजनको लागि कुनै व्यक्तिको लेखाङ्कन तरिका उपदफा (५) बमोजिम परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकमहरुमा कुनै रकम नछुट् ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नु पर्नेछ ।**

नियम ८ ले कर लेखाङ्कनको तरिकाको सन्दर्भमा निम्नानुसार व्यवस्था गरेको छः

*(१) ऐनको दफा २२ बमोजिम कर लेखाङ्कन गर्दा प्रचलित कानुन बमोजिम लेखामानको व्यवस्था भए सोही बमोजिम गर्नु पर्नेछ ।*

*(२) उपनियम (१) बमोजिम कुनै लेखामानको व्यवस्था नभएको अवस्थामा प्रचलित कुनै अन्तर्राष्ट्रिय सिद्धान्त वा प्रचलनको आधारमा विभागले तोकेको लेखामान अनुसार कर लेखाङ्कन गर्नु पर्नेछ ।*

प्राकृतिक व्यक्तिले आफ्नो रोजगारी र लगानीको आयको लेखाङ्कन नगद आधार (Cash Basis)मा गर्नु पर्दछ भने व्यवसायको आय भने एक्रुयल (Accrual)वा नगद आधारमा लेखाङ्कन गर्नुपर्ने हुन्छ । कम्पनीले आफ्नो आयको लेखाङ्कनAccrual Basisमा नै गर्नुपर्ने हुन्छ । अन्य अवस्थामा भने प्रचलित लेखा व्यवस्थाको अधारमा नगद वा एक्रुयलको आधारमा लेखाङ्कन गर्न सकिनेछ । यसरी प्रयोग गरिने लेखाङ्कन नीति लेखाको सर्वमान्य सिद्धान्त बमोजिम निरन्तररुपमा (Consistently)पालन गर्नुपर्ने हुन्छ । प्रचलित कानुनमा कुनै लेखामानको व्यवस्था नभएको अवस्थामा भने विभागले प्रचलित कुनै अन्तर्राष्ट्रिय सिद्धान्त वा प्रचलनको आधारमा तोकेको लेखामान बमोजिम लेखाङ्कन गर्नु पर्दछ ।

प्रचलित लेखामान अनुसार एवम् ऐनको दफा २२ को उपदफा (५) बमोजिम समेत लेखाङ्कन तरिकामा सामान्यतयाः परिवर्तन गर्न पाइदैन । तथापि प्रचलन (Industrial Practices) को आधारमा लेखाङ्कन तरिका परिवर्तन गर्न आवश्यक लागेको खण्डमा विभाग समक्ष निवेदन दिनु पर्दछ र सो कुरा विभागलाई उचित लागेमा कर प्रयोजनको लागि लेखाङ्कन तरिका परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ । प्राकृतिक व्यक्तिको रोजगारी र लगानी नगद आधारमा र कम्पनीको आयको लेखाङ्कन कर प्रयोजनको लागि Accrual Basisमा नै हुनुपर्ने हुनाले यी व्यवस्थाको परिवर्तनका लागि भने निवेदन दिन सक्ने छैनन् । यसरी कर प्रयोजनको लागि लेखाङ्कन तरिका विभागको स्वीकृति लिई परिवर्तन गरेको खण्डमा त्यस्तो परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकमहरुमा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नु पर्नेछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्टयाइएको छ ।

उदाहरण ८.२.३ः मानौं, देवेन महरा एक कानुन व्यवसायी रहेछन् । निजले आफ्नो पेशाबाट प्राप्त हुने आय नगदको आधारमा लेखाङ्कन गरी आएका रहेछन् । निजले आ.व.२०७१।०७२ मा Cash Basis बाट Accrual Basis मा लेखाङ्कन तरिका परिवर्तन गर्न विभागसमक्ष निवेदन दिएका रहेछन् । हिसाब किताब प्रचलित लेखा सिद्धान्तसँग मेल खाने भएकोले विभागले समेत सो परिवर्तन लाई आ.व.२०७१।०७२ देखि लागू हुने गरी स्वीकृति दिएको रहेछ । यसरी लेखाङ्कन परिवर्तन हुनु अघिको अवस्थामा निजको हिसाब किताबको अवस्था निम्नानुसार रहेछ ।

| | | |
|---|---|---|
| १. | २०७०।०७१ सम्म सेवा दिइसकेको तर नगद प्राप्त नभएको हुँदा सो आ.व.मा आम्दानीमा समावेश नगरेको । | रु.८०,०००।- |

| | | |
|---|---|---|
| २. | २०७०।०७१सम्म सेवा बापत पेश्की लिएको (सेवा प्रदान २०७१।०७२) तर सेवा प्रदान गर्न बाँकी भएतापनि नगद आधारमा सो आ.व.मा आम्दानीमा समावेश गरेको । | रु.३०,०००।- |
| ३. | २०७०माघदेखि २०७१पौष मसान्तसम्मको घरबहाल आ.व. २०७०।०७१मा भूक्तान गरेको र नगद आधारमा आ.व. २०७०।०७१ का खर्च कट्टी दाबी गरी सकेको | रु.४८,०००।- |

उपर्युक्त अवस्थामा आ.व.२०७१।०७२मा निजले निम्नानुसार आय तथा कट्टी दाबी समायोजन गर्नुपर्ने हुन्छ ।

१. आ.व.२०७०।०७१सम्म सेवा प्रदान गरिसके बापत प्राप्त हुन बाँकी रु.८०,०००।- लाई आ.व.२०७१।०७२मा आम्दानीमा समावेश गर्नुपर्ने ।

२. २०७०।०७१सम्म सेवा प्रदान गर्नु अगावै पेश्की लिएको रकम आ.व.२०७१।०७२मा सेवा प्रदान गरेतापनि आय २०७०।०७१मा नै गणना भइसकेको हुँदा रु.३०,०००।- आ.व.२०७१।०७२ मा सेवा प्रदान भएतापनि सो आ.व.को आयमा समावेश गर्नु नपर्ने

३. घर बहाल खर्च पेश्की रु.४८,०००।- मध्ये ६ महिनाको रु.२४,०००।- आ.व. २०७१।०७२ सँग सम्बन्धित भएतापनि नगद आधारमा आ.व.२०७०।०७१मा नै कट्टी दाबी गरी सकेको हुँदा आ.व.२०७१।०७२ मा कट्टी दाबी गर्न नपाउने ।

आ.व.२०७१।०७२मा यस्ता आय तथा कट्टी दाबी गर्ने खर्च रकमहरु दोहोरो नपर्ने गरी समायोजन गरे पश्चात त्यस पछिका आय वर्षमा भने Accrual basisमा लेखाङ्कन गर्नुपर्दछ ।

८.२.२ लेखाङ्कन नीति (Accounting Policy) ले आय लेखाङ्कनमा उल्लेखनीय असर समेत गर्ने अवस्थालाई ध्यानमा राखी एकरुपता तथा नियमितता (Consistency) समेत कायम राख्ने उद्देश्यले आयकर ऐन, २०५८ मा कर प्रयोजनको लागि ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरुप लेखाङ्कन गरिनुपर्ने व्यवस्था गरेको छ । उपर्युक्त बमोजिम ऐनमा स्पष्टरुपमा लेखाङ्कनको प्रक्रिया खुलाइएको अवस्थामा सोही बमोजिम र अन्यथा भएकोमा लेखाको सर्वमान्य सिद्धान्तअनुरुप कर प्रयोजनको लागि लेखाङ्कन(Accounting) गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था (Institute of Chartered Accountants of Nepal, ICAN) ले जारी गरेका नेपाल लेखामान (Nepal Accounting Standard/Nepal Financial Reporting Standard) र सो नभएको अवस्थामा International Accounting Standard/International Financial Reporting Standard वा अन्य प्रचलित सिद्धान्तका आधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । आयकर प्रयोजनको लागि निम्न व्यक्तिले निम्नानुसारको लेखाङ्कन तरिका अपनाई कारोबारलेखाङ्कन गर्नु पर्दछ :-

| व्यक्ति | आयको शीर्षक | लेखाङ्कन तरिका |
|---|---|---|
| प्राकृतिक व्यक्ति | रोजगारी, लगानी | नगद आधार |
| प्राकृतिक व्यक्ति<br>(कम्पनी बाहेक अन्य निकाय समेत) | व्यवसाय | नगद वा एक्रुयल आधार |
| कम्पनी | व्यवसाय, लगानी | एक्रुयल आधार |

**८.३ नगद आधारको लेखाङ्कन :**

**८.३.१ ऐनको दफा २३ ले नगद आधारको लेखाङ्कन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छः**

**कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही रोजगारी, व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-**

(क) **निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्नेछ ।**

(ख) **निजले भुक्तानी गरेपछि मात्र सो गणनामा खर्चबापत कट्टी गर्नु पर्नेछ ।**

नगद प्राप्त भएपछि आम्दानीमा समावेश गर्ने एवम् नगद भुक्तानी भएपछि मात्रै खर्च लेख्ने प्रणालीलाई नगद आधारमा लेखाङ्कन गर्ने पद्दति मानिन्छ । नगद आधारमा लेखाङ्कन भएतापनि दफा १५ का खर्चहरुलाई भने एक्रुयल आधारमा नै खर्च लेखाङ्कन गर्नु पर्दछ ।

नगद आधारमा लेखाङ्कनसम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्टयाइएको छ ।

उदाहरण ८.३.१: मानौं, मोहन कसजू एण्ड सन्स् एकलौटी फर्म रहेछ । उक्त फर्मले आफ्नो आम्दानी खर्च आयकर प्रयोजनको लागि Cash Basisमा लेखाङ्कन गर्ने गरेको रहेछ । आ.व. २०६५।६६मा निजको सो फर्मको कारोबारको अवस्था निम्न रहेछ ।

क. आ.व.२०६४।६५मा उधारोमा बिक्री गरेकोमध्ये आ.व.२०६५।६६मा नगद प्राप्त रु.५०,०००।-

ख. आ.व.२०६५।६६ मा कुल बिक्री रु.१०,००,०००।- मध्ये रु.९,००,०००।- नगद प्राप्त

ग. आ.व.२०६५।६६मा कर्मचारीहरुको तलब खर्च रु.२,००,०००।-मध्ये रु.१,८०,०००।- भुक्तान दिइसकेको रु.२०,०००।- मिति २०६६।४।१४ मा मात्र भुक्तानी दिएको ।

घ. बिक्रीको लागत रु.६,००,०००।- भुक्तानी भइसकेको ।

ङ. आ.व.२०६५।६६मा आ.व.२०६६।६७ को घरबहाल रु.१,००,०००।- अग्रिम भुक्तानी गरेको ।

च. आ.व.२०६५।६६ को बहाल रकम रु.९०,०००।-आ.व.२०६४।६५मानै नगद भुक्तान गरी सकेको ।

छ. आ.व.२०६५।६६को कुल ब्याज खर्च रु.६०,०००।- मध्ये रु.१०,०००।- मिति २०६६।४।२० मा मात्र भुक्तान गरेको ।

उपरोक्तानुसार नगद आधारमा आ.व.२०६५।६६मा सो फर्मको आयको गणना निम्नानुसार गर्नुपर्ने हुन्छ ।

| विवरण | कट्टी रकम रु. | आय रु. |
|---|---|---|
| क. २०६४।६५को बिक्री बापत नगद प्राप्ति | | ५०,०००।- |
| ख. २०६५।६६ को नगद बिक्री | | ९००,०००।- |
| ग. २०६५।६६ मा कर्मचारीलाई नगद भुक्तान गरेको तलब | १८०,०००।- | |
| घ. बिक्रीको लागत | ६००,०००।- | |
| ङ. २०६५।६६ मा नगद भूक्तान गरेको घर बहाल | १००,०००।- | |
| च. २०६५।६६ मा आ.व.२०६५।६६ को बहाल भुक्तान भएको (आ.व.२०६५।६६मा भुक्तान नभएको) | - | |
| छ. ब्याज नगद भुक्तानी | ५०,०००।- | |
| जम्मा रु. | ९,३०,०००।- | ९५०,०००।- |

यस प्रकार उपर्युक्त फर्मले आयकर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गरेको अवस्थामा माथि उल्लेख गरे बमोजिम रु.९,५०,०००।- लाई आयमा समावेश (Inclusion) गर्नु पर्ने हुन्छ भने रु.९,३०,०००।-लाई कट्टी (Deduction) दाबी गर्न सकिन्छ

## ८.४ एक्रुयल आधारको लेखाङ्कन

एक्रुयल आधारको लेखाङ्कन(Accrual Basis of Accounting)अन्तर्राष्ट्रिय प्रचलनमा रहेको लेखाङ्कन पद्धति हो । नेपाल लेखामान (Nepal Accounting Standard- 1: Presentation of Financial Statement) ले निकायको नगद प्रवाह (Cash Flow Statement)बाहेक अन्य आर्थिक विवरण Accrual Basis मा राख्नुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा २२ को उपदफा (३) मा कम्पनीले कर प्रयोजनको लागि Accrual Basisमा नै लेखाङ्कन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ ।

Accrual Basis of Accountingमा कुनै आर्थिक घटना वा कारोबार हुनासाथ नै लेखाङ्कन गरिन्छ । कारोबारहरु जुन समयसँग सम्बन्धित छ सोही समयमा नै लेखाङ्कन गरिने पद्धतिलाई एक्रुयल आधारको लेखाङ्कन भनिन्छ । यस्तो पद्धतिले आम्दानी र खर्चबीच Matching Conceptलाई समेत पुष्ट्याई गर्न सहयोग पुग्ने हुन्छ । यस पद्धतिमा आय लेखाङ्कन गर्दा भुक्तानी पाउने अधिकार सिर्जना (Right to Receive)भएको अवस्थामा आय लेखाङ्कन गरिनु पर्छ भने खर्चको सन्दर्भमा भुक्तानी दिनुपर्ने दायित्व (Obligation to Pay)सिर्जना हुनासाथ खर्च भएको मानी लेखाङ्कन गरिनु पर्दछ । अर्थात यस किसिमको लेखाङ्कन पद्धतिमा नगद प्राप्ति वा भुक्तानीलाई मात्र आधार मानिदैंन ।

ऐनको दफा २४ बमोजिम एक्रुयल आधारको लेखाङ्कन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छः

(१) **कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कनएक्रुयल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी निजको आयको गणनामा समावेश गर्नु पर्नेछ ।**

एक्रुयल आधारमा लेखाङ्कन गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना (Right to Receive)हुनासाथ आम्दानी लेखाङ्कन गर्नुपर्ने तथा खर्चको सन्दर्भमा भुक्तानी गर्नुपर्ने दायित्व सिर्जना (Obligation to Pay) हुनासाथ खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्टयाइएको छ ।

उदाहरण ८.४.१: मानौं, माथि उदाहरण ८.३.१ मा उल्लिखित मोहन कसजू एण्ड सन्स्ले आफ्नो आम्दानी खर्च आयकर प्रयोजनको लागि Accrual basis मा लेखाङ्कन गरेको अवस्थामा सो उदाहरणमा उल्लिखित कारोबार निम्नानुसार आयमा समावेश गर्नुपर्ने र कट्टी दाबी गर्नु पर्ने हुन्छ ।

| बिबरण | कट्टी रकम रु. | आयरु. |
|---|---|---|
| क. २०६४।६५को बिक्री बापत आ.व.२०६५।६६ मा नगद प्राप्ति | | - |
| ख. २०६५।६६को बिक्री | | १०,००,०००।- |
| ग. २०६५।६६को कर्मचारीको तलब खर्च | २,००,०००।- | |
| घ. बिक्रीको लागत | ६००,०००।- | |
| ङ. २०६५।६६को घर बहाल खर्च | ९०,०००।- | |
| च. २०६५।६६मा आ.व.२०६६।६७को बहाल भुक्तान भएको (पेश्की) | - | |
| छ. ब्याज खर्च | ६०,०००।- | |
| जम्मा रु. | ९,५०,०००।- | १०,००,०००।- |

यस प्रकार उपर्युक्त फर्मले आयकर प्रयोजनको लागि एक्रुयल आधारमा लेखाङ्कन गरेको अवस्थामा माथि उल्लेख गरे बमोजिम रु.१०,००,०००।-लाई आयमा समावेश (Inclusion)गर्नुपर्ने हुन्छ भने रु.९,५०,०००।- लाई कट्टी (Deduction)दाबी गर्न सकिन्छ ।

(२) **उपदफा (१) मा उल्लेखभए बमोजिम कुनै व्यक्तिको आय गणना गर्दा कट्टी गर्ने प्रयोजनको लागि देहायका खर्चहरु व्यहोरेको मानिनेछ :-**

(क) **कुनै अर्को व्यक्तिबाट भएको भुक्तानीको सट्टामा त्यस्तो खर्च समावेश भएको कुनै भुक्तानी गरिएको भएमा देहायको अवस्थामा खर्च व्यहोरेको मानिनेछ :-**

(१) **सो व्यक्तिमा सो भुक्तानी गर्ने दायित्व रहेकोमा,**

एक्रुयल आधारमा खर्च कट्टी हुन निम्न अवस्था पूरा हुनु पर्दछः

पहिलो अवस्थाः भुक्तानी पाउने व्यक्ति निश्चित (Fixed Party Obligation - liability) हुनु पर्दछ, अनिश्चित पार्टी भएको खर्च व्यवस्था (Probable Obligation- Provision) हुन्छ र व्यवस्था खर्च कट्टी हुँदैन ।

मानौ शैलेश भन्ने व्यक्तिले सिटी कम्प्यूटर प्रा.लि.बाट रु.१,००,०००।-मा कम्प्यूटर उधारो/नगदमा खरिद गरेको रहेछ । उक्त कम्प्यूटरको स्वामित्व सिटी कम्प्यूटरबाट शैलेश भन्ने व्यक्तिमा हस्तान्तरण भएको हुँदा निज शैलेशले रु.१ लाख सिटी कम्प्यूटर प्रा.लि.लाई तिर्नुपर्ने दायित्व सिर्जना भयो ।

(२) **त्यस्तो दायित्वको मूल्य यथार्थपरकढङ्गले अनुमान गर्न सकिने भएकोमा, र**

**दोस्रो अवस्थाः** एक्रुयल आधारमा खर्च कट्टी गर्न सो खर्चको रकम निश्चित (Measurable)हुनु पर्दछ । तिर्ने दायित्व नै भएमा पनि रकम अनिश्चित भएमा वित्तीय विवरणमा अनुमानित रकमको खर्च व्यवस्था (Estimated loss-Provision) हुन्छ र व्यवस्था खर्च कट्टी हुदैन ।

माथि उल्लेख गरिएको उदाहरणमा शैलेशले सिटी कम्प्यूटर प्रा.लि.बाट रु.१ लाखको समान खरिद गरेको र सो सामानको वील समेत काटी सकेको हुँदा उक्त दायित्वको मूल्य रु.१ लाख यकिन हुने हुन्छ ।

(३) **अर्को व्यक्तिबाट भुक्तानी प्राप्त भएकोमा, वा**

**तेस्रो अवस्थाः** एक्रुयल आधारमा खर्च कट्टी गर्न सो खर्चको रकम भुक्तानी पाउने पक्षबाट प्राप्त हुनुपर्ने वस्तु वा सेवा प्राप्त भए बापतको रकम हुनु पर्दछ । वस्तु वा सेवा प्राप्त नभएको अवस्थामा भुक्तानीको पक्ष निश्चित भएको वा रकम निश्चित भएतापनि सो खर्च नभई अग्रिम खर्च(Pre-paid) हुन्छ ।

अर्को व्यक्ति अर्थात माथि उल्लेख गरिएको उदारहणमा सिटी कम्प्यूटर प्रा.लि.बाट शैलेशले भुक्तानी प्राप्त
(अर्थात सामान प्राप्त) गरेको हुँदा एक्रुयल आधारमा खर्च लेख्नको लागि माथि उल्लिखित तीनवटै अवस्था पुरा गरेकोले यस्तो खरिदकारोबारलाई निजले एक्रुयलआधारमा खर्च लेख्नु पर्दछ ।

भुक्तानी सम्बन्धीलेखाङ्कन तलको उदाहरणबाट थप प्रष्ट पारिएको छ ।

| |
|---|
| उदाहरण ८.४.२ः मानौं, विकास नेपाल ट्रेडिङ प्रा.लि.ले रु.५०,०००।- मूल्य पर्ने सामान स्वर्णिम प्रा.लि.लाई एक महिनापछि रकम भुक्तानी गर्ने शर्तमा बिक्री गरेको रहेछ । यस अवस्थामा स्वर्णिम प्रा.लि.ले विकास नेपाल ट्रेडिङ प्रा.लिबाट रु.५०,०००।-मूल्य पर्ने सामान प्राप्त गरेको हुँदा सो बापत स्वर्णिम प्रा.लि ले एक महिनापछि रकम भुक्तानी गर्नुपर्ने र यस्तो दायित्व यथार्थपरक ढंगले यकिन समेत गर्न सकिने भएको हुँदा स्वर्णिम प्रा.लि.ले उक्त खर्च एक्रुयलको आधारमा सोही समय कट्टी दाबी गर्न सक्दछ । |

(ख) **खण्ड (क) मा उल्लिखित अवस्थाबाहेक अन्य सबै अवस्थामा भुक्तानी गरिएको समयमा खर्च व्यहोरेको मानिनेछ ।**

माथि उल्लेख गरिए अनुसार व्यवस्था खर्चलाई वित्तीय विवरणमा खर्च मानिए तापनि कर प्रयोजनमा खर्च मानिदैन । तर यस्ता व्यवस्थाबाट वास्तविक भुक्तानी भएका आय वर्षमा सो खर्चलाई खर्च कट्टी दिइन्छ । यस्ता खर्चहरु भने वास्तविक भुक्तानी (Actual Payments)को आधारमा खर्च व्यहोरेको मानिन्छ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएकोछ ।

उदाहरण ८.४.३: मानौं, ट्रेड नेपाल एण्ड कम्पनी प्रा.लि.को आ.व.२०७१।०७२ को अन्तसम्ममा कर्मचारी सेवा शर्त नियमावलीको आधारमा रु.५,००,०००।- को कर्मचारी उपदान दायित्व सिर्जना भइसकेको रहेछ । नेपाल लेखामान अनुरुप वित्तीय विवरण तयार पार्दा कम्पनीले उक्त रकम खर्च लेखी दायित्व हिसावमा लेखाङ्कन गर्नुपर्ने हुन्छ । सो कम्पनीको कर्मचारीहरु त्यस अवस्थामा सेवा निवृत भइनसकेको एवम् भविष्यमा सेवा निवृत हुने समयसम्म उक्त दायित्व रकम फरक पर्न सक्ने भएको हुँदा उक्त उपदान बापतको दायित्व आयकर प्रयोजनको लागि यथार्थ रुपमा यकिन हुन सक्ने दायित्व मानिदैंन र वित्तीय लेखा (Financial Accounts)मा खर्च दाबी गरेतापनि आयकर प्रयोजनको लागि सो रकम कट्टी दाबी योग्य मानिदैंन । यदि सो कम्पनीले उपर्युक्त बमोजिमको दायित्व कम्पनीले उपभोग गर्न नसक्ने गरी तथा कर्मचारीहरुको नामको यकिन आधारमा अर्थात दायित्वको मूल्य यथार्थपरक ढंगले अनुमान गर्न सकिने गरी स्वीकृत अवकाश कोषमा भुक्तान गरेको भए भुक्तानीको अवस्थामै आयकर प्रयोजनको लागि कट्टी दाबी गर्न सक्ने हुन्छ । अन्यथा सो उपदान बापतको दायित्व सेवा निवृत हुँदा कर्मचारीलाई भुक्तान गरेको समयमा मात्र खर्च गरेको मान्नु पर्दछ ।

(३) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानुनका अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्नेछ ।**

**तर सहकारी संस्थाले ब्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्नेछ ।**

कम्पनीले कर प्रयोजनको लागि एक्रूयलको आधारमा लेखाङ्कन गरिनु पर्ने व्यवस्था गरेको भएतापनि बैंकिङ्गव्यवसाय गर्ने निकायले भने नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्गसम्बन्धी प्रचलित कानुनका अधीनमा रही तोकेको लेखाङ्कन विधिलाई विभागले मान्यता दिन सक्ने व्यवस्था रहेको छ । त्यसैगरी सहकारी संस्थाले पनि ब्याज आयको लेखाङ्कन नगद आधारमा गर्न सक्दछन् ।

नेपाल राष्ट्र बैंकले बैंकिङ्गव्यवसायलाई जारी गरेको प्रचलित निर्देशिका अनुसार बैंकिङ्गव्यवसाय गर्ने निकायले कर्जा लगानीको ब्याज आय नगद प्राप्तिको आधारमा मात्र लेखाङ्कन गर्दछन् । नेपाल राष्ट्र बैंकले तोके अनुसार बैंकले आर्जन गरेको तर नगदमा भुक्तानी प्राप्त नभएको लिन बाँकी ब्याज रकम ब्याज मुल्तवी हिसावमा जम्मा गर्ने व्यवस्था छ । बैंकिङ्गव्यवसाय गर्ने निकायले लिन बाँकी देखाएको ब्याज र ब्याज मुल्तवी हिसावको रकम समान भएमात्र नेपाल राष्ट्र बैंकको निर्देशिका पालना भएको मान्ने अवस्था छ । तर अन्य आम्दानी तथा सबै प्रकारका खर्च एक्रुयल आधारमा लेखाङ्कन गर्नुपर्दछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएको छ ।

उदाहरण ८.४.४: मानौं, शूभ बैंक लि.को आ.व.२०६४।६५ को कर्जा सम्झौता बमोजिम कर्जा लगानी बापतAccrual Basisमा रु.१,५०,००,०००।- ब्याज आम्दानी भएकोमा सोमध्ये बैंकले रु.१,२५,००,०००।- नगद नै असुल गरेको र बाँकी रु.२५,००,०००।-नगद असुल हुन बाँकी रहेछ । त्यस्तै आ.व.२०६३।६४ को असुल गर्न बाँकी ब्याजमध्ये यस वर्ष रु.१,००,०००।-ब्याज नगदमा असुल भएको रहेछ भने आ.व.२०६४।६५ मा सो बैंकले रु.१,२६,००,०००।-
(रु.१२५,००,००० + रु.१,००,०००।-) लाई आयमा समावेश गर्नुपर्ने हुन्छ । यसरी नगदमा असुल नभएको ब्याज रकम भने सो बैंकले ब्याज मुल्तवी हिसाब (Interest Suspense)मा लेखाङ्कन गर्नुपर्ने हुन्छ र यस्तो ब्याज रकम जुन समय नगदमा असुल हुन्छ सोही समयमा

| |
|---|
| आयमा समावेश गर्नुपर्ने हुन्छ । |
| माथि उल्लिखित लेखाङ्कनका सम्बन्धमा तल उल्लिखित Accounting Entriesबाट थप प्रष्ट पारिएको छः |
| शुरु लेखाङ्कन |
| Interest Receivable …. Dr. 1,50,00,000 |
| To Interest Suspense 1,50,00,000 |
| आ.व.२०६४।६५ मा नगद प्राप्तिपछिलेखाङ्कन (आ.व. २०६४।६५ सँग सम्बन्धित) |
| Cash …. Dr. 1,25,00,000 |
| To Interest Receivable 1,25,00,000 |
| Interest Suspense …. Dr. 1,25,00,000 |
| To Interest Income 1, 25,00,000 |
| आ.व.२०६४।६५ मा नगद प्राप्तिपछिलेखाङ्कन (आ.व.२०६३।६४ सँग सम्बन्धित) |
| Cash …. Dr. 1,00,000 |
| To Interest Receivable 1,00,000 |
| Interest Suspense …. Dr. 1,00,000 |
| To Interest Income 1,00,000 |

## ८.५ विदेशि विनिमय नाफा वा नोक्सान :

ऐनको दफा २८ बमोजिम प्रचलित वा औसत ब्याज दरको प्रयोग गरी विदेशी मुद्रामा भएको कारोबारको आय वा खर्च लेखाङ्कन गरेको र सो कारोबारबापत प्राप्त हुनुपर्ने वा भुक्तानी दिनुपर्ने रकम कारोबार मितिभन्दा फरक रहेको अर्थात कारोबार भएको मितिभन्दा अगाडि वा पछाडि भएको अवस्था हुन सक्तछ । कारोबार मिति र भुक्तानी दिएको वा प्राप्त गरेको मितिको विनिमय दर फरक फरक हुन सक्तछ । यस्तो अवस्थामा आयको रुपमा लेखाङ्कन गरेको रकम र आयको रुपमा प्राप्त भएको भुक्तानी वा खर्चको रुपमा लेखाङ्कन गरेको रकम र खर्चको रुपमा भुक्तानी दिएको रकम फरक पर्न सक्तछ । यस्तो अवस्थामा यसरी फरक परेको रकमलाई के कसरी समायोजन गर्ने भन्ने सम्बन्धमा ऐनको दफा २८(२) मा निम्न व्यवस्था रहेको छ :

(४) **व्यवसाय वा लगानीबाट भएको कुनै व्यक्तिको आय एक्रुयल आधारमा गणना गर्दा सो व्यक्तिले आफूले पाउनुपर्ने कुनै भुक्तानी समावेश गरेकोमा वा आफूले व्यहोर्नुपर्ने कुनै भुक्तानी कट्टा गरेकोमा सटही दरको फरकको कारण समेतले गर्दा सो व्यक्तिले भुक्तानी पाउँदा वा भुक्तानी दिँदा फरक पर्न गएमा फरक रकमलाई भुक्तानी प्राप्त हुँदा वा दिँदा समायोजन गर्नु पर्नेछ ।**

ऐनको उक्त व्यवस्था अनुसार कुनै व्यक्तिले ऐनको दफा २८(१) बमोजिम विदेशी मुद्रामा भएको आय वा खर्चलाई कारोबार भएको दिनको विनिमय दरले नेपाली रुपैंयाँमा परिणत गरी आय वा खर्च लेखाङ्कन गरेको र सो आय वा खर्च बापतको रकम प्राप्त गर्दा वा भुक्तानी गर्दा लेखाङ्कन भएको भन्दा घटी वा बढी रकम प्राप्त भएको वा भुक्तानी गरेको अवस्थामा सो फरकलाई भुक्तानी प्राप्त भएको वा भुक्तानी दिएको मितिमा विनिमय नाफा वा नोक्सानको रुपमा आय वा खर्चमा समावेश गर्नु पर्दछ । नेपाल लेखामानले विदेशी मुद्रामा रहेको भुक्तानी पाउन वा दिन बाँकी रकमलाई आय वर्षको अन्तिम दिनको प्रचलित विनिमय दरले हिसाव गरी नेपाली मुद्रामा परिणत गर्नुपर्ने र सोबाट भएको नाफा नोक्सानलाई सो आय वर्षको नाफा नोक्सान हिसावमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल लेखामानले गरेको सो व्यवस्था वित्तीय प्रयोजनका लागि मान्य वा बाध्यकारी भएपनि आयकर प्रयोजनका लागि भने विदेशी मुद्रामा रहेको भुक्तानी पाउन वा दिन बाँकी रकमलाई आय वर्षको अन्तिम दिनको प्रचलित विनिमय दरले हिसाव गरी सोबाट भएको नाफा नोक्सानलाई सो आय वर्षको आय वा खर्चमा समावेश गर्न मिल्दैन । आयकर प्रयोजनका लागि विदेशी मुद्रामा रहेको भुक्तानी

पाउन वा दिन बाँकी रकम भुक्तानी पाएको वा दिएको दिनको विनिमय दरको हिसावले नाफा वा नोक्सानी गणना गरी त्यस्तो नाफा नोक्सान भुक्तानी पाएको वा दिएको आय वर्षको आयमा समावेस गर्नु पर्दछ । ऐनको यस व्यवस्थालाई तलका उदाहरणहरुले थप प्रष्ट पार्नेछन्

उदाहरण ८.५.१: मानौं, गंगा म्यानपावर सभिसेज प्रा.लि.ले२०६४।६।५ मा Overseas International Inc.लाई कमिशन बापतUS$ 10,000दिनु पर्ने आधारमा खर्च कट्टी दाबी गरेको रहेछ । उक्त रकममा ५ प्रतिशतले हुन आउने कर कट्टा पछि US$ 9,500कारोबारको समयमा कायम विनिमय दर रु.७५।-प्रति अमेरिकी डलरले हुन आउने रु.७,१२,५००।-लाई भुक्तानी दिन बाँकी दायित्वको रुपमा लेखाङ्कन गरेको रहेछ । उक्त प्रा.लि.ले सो Overseas International Inc.लाई मिति २०६४।१२।३ मा US$ 9,500भुक्तानी पठाएको रहेछ । भुक्तानी पठाउँदा सटही दर प्रति अमेरिकी डलरको रु.७२।- रहेछ भने आ.व. २०६४।६५ मा उक्त प्रा.लि.ले निम्नानुसार आयमा समायोजन गर्नुपर्ने हुन्छ ।

| | | |
|---|---|---|
| १. | समायोजन गर्नु अघिको भुक्तानी लिन बाँकी हिसाब | रु.७,१२,५००।- |
| २. | भुक्तानी पठाउँदाको विनिमय दरले हुने रकम<br>(US$ 9,500X72) | रु.६,८४,०००।- |
| ३. | आयमा समायोजन (थप) गर्नुपर्ने रकम (विनिमय नाफा)<br>(रु.७,१२,५०० - रु.६,८४,०००।-) | रु.२८,५००।- |

उदाहरण ८.५.२: मानौं, माथि उदाहरण ८.४.५ मा उल्लिखित गंगा म्यानपावर सभिसेज प्रा. लि.ले US$ 9,500सो Overseas International Inc.लाई मिति २०६४।१२।३ मा भुक्तानी पठाएको रहेछ । उक्त मितिमा अमेरिकी डलरको सटही दर प्रति अमेरिकी डलर रु.७६।- रहेछ भने आ.व.२०६४।६५ मा उक्त प्रा.लि.ले निम्नानुसार आयमा समायोजन गर्नुपर्ने हुन्छ ।

| | | |
|---|---|---|
| १. | समायोजन गर्न अघिको भुक्तानी दिन बाँकी हिसाब | रु.७,१२,५००।- |
| २. | भुक्तानी पठाउँदाको विनिमय दरले हुने रकम<br>(US$ 9,500X76) | रु.७,२२,०००।- |
| ३. | समायोजन (थप कट्टी दाबी) गर्नुपर्ने रकम (विनिमय नोक्सान)<br>(रु.७,२२,००० - रु.७,१२,५००।-) | रु.९,५००।- |

उदाहरण ८.५.३: मानौं कोलगेट नेपाल कम्पनीले २०७०।२।३० गतेका दिन US $ ५०,००० बराबरको विभिन्न प्रकारका Toothpasteनिर्यात बील जारी गरी निर्यात गरेको रहेछ । उक्त दिन कम्पनीले आफ्नो बिक्री किताबमा US $ ५०,०००को बिक्री हिसाव लेखाङ्कन गरेको र सोही दिन नेपाल राष्ट्र बैंकले तोकेको खरिद दर १US $ =८०।- ने.रु.मा परिणत गरी जम्मा रु.४०,००,०००।- बिक्री किताबको ने.रु.कलममा आम्दानी जनाएको रहेछ । उक्त रकम मिति २०७०।८।३ मा प्राप्त गरेकोमा प्राप्त गरेको दिन नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको विनिमय दर अनुसार १US $ = ७८ने.रु.रहेछ भने कम्पनीले जम्मा रु.३९,००,०००।- प्राप्त गर्दछ । जस अनुसार उक्त कम्पनी ले Exchange Loss बापत नोक्सान भएको रु.१,००,०००।- खर्च आ.व.२०७०।७१ मा कट्टीदाबी गर्नु पर्दछ । एवम् प्रकारले मानौं, यदि US $५०,०००प्राप्त गर्दा डलरसँग नेपाली मुद्राको विनिमय खरिद दर रु.८१।- भएमा हुन आउने Exchange Gain रु.५०,०००।- लाई आ.व.२०७०।७१ मा आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

यस उदाहरणमा मिति २०७०।३।३२ अर्थात आ.व.२०६९।७० को अन्तिम दिनको विनिमय दर मिति २०७०।२।३० को भन्दा बढी वा घटी जे भएपनि सो मितिमा रहेको विनिमय दरको आधारमा पाउन बाँकी रकमको हिसाव गर्न र सो हिसाव बमोजिम हुने देखिएको विनिमय नाफा वा नोक्सानलाई आयकर प्रयोजनका लागि आयमा समावेश गर्न वा खर्च कट्टी गर्न

पाइदैंन ।

उदाहरण ८.५.४मानौं, कोलगेट नेपाल कम्पनीले मिति २०७०।२।३० गतेका दिन US $ ५०,००० बराबरको विभिन्न प्रकारका Toothpaste को कच्चा पदार्थ आयात गर्न आयात भएको मितिले १८० दिनभित्र मूल्य भुक्तानी गर्ने शर्तमा युसेन्स एल.सी. (USANCE LC)खोलेको रहेछ । सो एल.सी.बमोजिमको वस्तु सो कम्पनीले मिति२०७०।३।१५ मा बीरगञ्ज भन्सार कार्यालयबाट आयात गरेको रहेछ । उक्त दिनको विनिमय दर प्रति अमेरिकी डलर रु.८०।- रहेको हुँदा सोही मूल्यका आधारमा भन्सार जाँचपास गराई सोही दर अनुसार हुन आउने रकम रु.४०,००,०००।- खरिद खर्च लेखाङ्कन गरेको रहेछ । उक्त रकम मिति २०७०।८।३ मा भुक्तानी गर्दा सो दिन नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको विनिमय दर १US $ = ७८ ने.रु. रहेछ भने कम्पनीले जम्मा रु.३९,००,०००।-भुक्तानी गर्दछ । जस अनुसार उक्त कम्पनीले Exchange Gainबापत नाफा भएको रु.१,००,०००।-लाई आ.व.२०७०।७१ मा आयमा समावेश गर्नुपर्दछ । एवम् प्रकारले मानौं, यदि US $ ५०,०००भुक्तानी गर्दा डलरसँग नेपाली मुद्राको विनिमय खरिद दर रु.८२।- भएमा हुन आउने Exchange Loss रु.१,००,०००।-लाई आ.व.२०७०।७१ मा विनिमय नोक्सानको रुपमा खर्च कट्टी गर्नु पर्दछ । यस उदाहरणमा एल.सी.खोल्ने र सामान पैठारी गर्ने कार्य आ.व.२०६९।७० मा भए पनि सो आ.व.को अन्त्यसम्ममा पनि सो पैठारी भएको सामानको मूल्य भुक्तान भई नसकेको हुँदा सो आ.व.को अन्त्यको विनिमय दरले तिर्न बाँकी रकमको हिसाव गरी आएको फरक रकमलाई आयमा समावेस गर्न वा खर्च कट्टी लिन हुँदैन ।

## ८.६ डुवेको ऋण लगायतका रकमहरुको रिभर्स

कुनै व्यक्तिको व्यवसाय, रोजगारी र लगानीबाट प्राप्त गरेको आयको गणनामा समावेश भएका रकमहरु कुनै अवस्थामा भुक्तानी प्राप्त नभएमा वा फिर्ता गर्नु परेमा र कट्टी दाबी गरिएका खर्चहरु भुक्तान गर्नु नपरेमा वा फिर्ता प्राप्त भएमा जुन समयमा फिर्ता गरेको वा फिर्ता प्राप्त भएको वा भुक्तानी प्राप्त नभएको वा भुक्तानी गर्न नपरेको वा यस्तै प्रकार दाबी त्याग, मिन्हा वा अपलेखन भएमा सो अवस्था यकिन भएको समयमा नै उपयुक्त समायोजन गर्नु पर्दछ । यस प्रकारको समायोजनका सन्दर्भमा ऐनको दफा २५ मा निम्नानुसार व्यवस्था गरेको छ ।

**(१) कुनै व्यक्तिले कुनै रोजगारी, व्यवसाय वा लगानीबाट प्राप्त गरेको आयको गणनामा प्राप्त गरेको रकम र व्यहोरेका खर्चको लेखा राख्दा देहायको कुनै अवस्थामा सो व्यक्तिले सोधभर्ना, असुलउपर, दाबी त्याग, अपलेखन, वा मिन्हा गरिएको समयमा उपयुक्त समायोजन गर्नु पर्नेछ :-**

**(क) पछि गएर सो व्यक्तिले अवस्था अनुसार सो रकम फिर्ता गरेमा वा खर्च असुलउपर गरेमा,**

कुनै व्यक्तिले आयकर प्रयोजनको निमित्त दाबी गरेको रकम पछि सोधभर्ना गरेमा वा फिर्ता प्राप्त भएमा सोही अनुरुप आय एवम् खर्चमा समायोजन गर्नु पर्दछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएको छ ।

उदाहरण ८.६.१: मानौं, गणेश जनरल स्टोर्स प्रा.लि.ले नेपाल ट्रेडिङ कम्पनी लि.बाटमिति २०६५।०३।२० मा रु.५,००,०००।-बराबरको सामान खरिद गरेको रहेछ । सोही बमोजिम गणेश जनरल स्टोर्स प्रा. लि.ले आ.व.२०६४।६५ मा रु.५,००,०००।- खर्च कट्टी दाबी गरेको रहेछ र नेपाल ट्रेडिङ कम्पनी लि.ले बिक्री बापत सो रकम आयमा समावेश गरेको रहेछ । मिति २०६५।०४।१० मा गणेश जनरल स्टोर्स प्रा.लि.ले खरिद गरेको उक्त सामानमध्ये रु.४०,०००।-बराबरको सामान Date Expire भई काम नलाग्ने भएको भनी दाबी गरेछ । सो कुरा यकिन

भएको आधारमा गणेश जनरल स्टोर्स प्रा.लि.ले उक्त सामान नेपाल ट्रेडिङ कम्पनी लि.लाई मिति २०६५।५।२० मा फिर्ता गरेको रहेछ । यस अवस्थामा नेपाल ट्रेडिङ कम्पनी लि.ले उक्त रकम मिति २०६५।५।२० मा कट्टी दाबी गरी समायोजन गर्नु पर्दछ भने गणेश जनरल स्टोर्स प्रा.लि.ले सोही मितिमा फिर्ता प्राप्त भएको रकमलाई आयमा समावेश गरी समायोजन गर्नु पर्दछ ।

**(ख) प्राप्त गरिएको रकमको लेखा एक्रुयल आधारमा राखिएकोमा पछि गएर सो व्यक्तिले सो रकम प्राप्त गर्ने आफनो अधिकार छाडि दिएमा वा सो रकम सो व्यक्तिको ऋण दाबी भएको अवस्थामा निजले सो ऋणलाई डुवेको ऋण मानी अपलेखन गरेमा, वा**

कुनै व्यक्तिले आयकर प्रयोजनको निमित्त एक्रुयल आधारमा लेखाङ्कन गरी लिन बाँकी (ऋण दाबी) हिसाब गणना गरेको र पछि सो व्यक्तिले प्राप्त गर्ने आफ्नो अधिकार ऐनले तोकेको आधारमा छोडी दिएमा अर्थात ऋणमाथिको आफ्नो दाबी परित्याग गरेमा सोही अनुरुप खर्च दाबी गर्न सक्दछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएको छ ।

उदाहरण ८.६.२: मानौं, हिमाल पब्लिक सर्भिसेज प्रा.लि.ले ग्राहकहरुलाई उधारोमा समेत सामान बिक्री गर्दै आएको रहेछ । उक्त प्रा.लि.ले आ.व.२०६४।६५ मा बिक्री गरे बापत एक्रुयलमा आम्दानी जनिएको रु.६०,०००।- लिन बाँकी रकम (आसामी) रहेछ ।

उक्त प्रा.लि.को लिन बाँकी आसामीमध्ये एक आसामी चिपालु कम्पनीसँगरु.१०,०००।- लिन बाँकी रहेछ । यस लेनदेन सम्बन्धमा विवाद भएको र विवाद मिलाउने सन्दर्भमा अदालतको आदेशले सो प्रा.लि.ले रु.२,०००।- छाड्ने भए चिपालु कम्पनीले बाँकी रु.८,०००।-भुक्तान गर्ने शर्तमा सो प्रा.लि.ले मिति २०६६।२।५ मा रु.२,०००।-माथि आफ्नो (ऋण) दाबी गर्ने अधिकार छोडेको रहेछ । यसरी दाबी गर्ने अधिकार छोडेको रु.२,०००।-सो प्रा.लि.ले दाबी छोडेको मितिमा कट्टी दाबी गर्न सक्नेछ ।

चिपालु कम्पनीका लागि तिर्न बाँकी रहेको रकम तिर्न नपरेकाले यो रकम आयमा समावेश हुन्छ ।

**(ग) खर्च गरिएको रकमको लेखा एक्रुयल आधारमा राखिएकोमा पछि गएर सो व्यक्तिले त्यस्तो खर्च गर्ने दायित्व छाडि दिएमा वा सो खर्च ऋण दाबी भएको अवस्थामा जुन व्यक्तिलाई सो ऋण तिर्नुपर्ने हो सो व्यक्तिले ऋण मिन्हा दिएमा**

कुनै व्यक्तिले आयकर प्रयोजनको निमित्त एक्रुयलको आधारमा लेखाङ्कन गरी दिन बाँकी (दायित्व वा ऋण) हिसाब गणना गरेको र पछि सो दायित्व नरहेमा वा भुक्तानी प्राप्त गर्ने व्यक्तिले आफ्नो अधिकार छोडी दिएमा अर्थात ऋणमाथिको आफ्नो दाबी परित्याग गरेमा सोही अनुरुप आयमा समायोजन गर्नु पर्दछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएको छ ।

उदाहरण ८.६.३: मानौं, शुभलक्ष्मी बाणिज्य बैंक लि.ले आफ्नो पुरानो कर्जा असुल गर्ने सन्दर्भमा दिवा उद्योग प्रा.लि.सँग लिन बाँकी ब्याज रु.१,००,०००।-मध्ये रु.४०,०००।- लाई मिति २०६६।२।१ मा मिन्हा गरेको रहेछ । यस अवस्थामा सो प्रा.लि.ले विगत वर्षमा एक्रुयलको आधारमा ब्याज खर्च कट्टी दाबी गरेको रकम भएकोले यसरी मिन्हा भएको ब्याज मिन्हा प्राप्त गरेको समयमै दिवा उद्योग प्रा.लि.ले रु.४०,०००।- लाई आयमा समावेश गर्नु पर्दछ ।

**(२) कुनै व्यक्तिले देहायका अवस्थामा मात्र कुनै रकम प्राप्त गर्ने अधिकार त्याग गर्न वा सो व्यक्तिको ऋण दाबीलाई डुवेको ऋणको रुपमा अपलेखन गर्न पाउनेछ :-**

**(क) कुनै वित्तीय संस्था वा बैंकको ऋण दाबीका हकमा सो ऋण दाबी तोकिएको मापदण्डहरु अनुसार डुवेको ऋणमा परिणत भएमा, र**

नियम ९ बमोजिम डुबेको वा खराब ऋणमा परिणत हुने मापदण्ड निम्नानुसार तोकेको छः

*ऐनको दफा २५ को उपदफा (२) को खण्ड (क) र दफा ४० को उपदफा (३) को खण्ड (ग) को उपखण्ड (१) को प्रयोजनको लागि बैंक वा वित्तीय संस्थाको ऋण डुबेको वा खराब ऋणमा परिणत हुने सम्बन्धमा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मापदण्ड अनुसार हुनेछ ।*

बैंक तथा वित्तिय संस्थाले उल्लिखित मापदण्डको अधीनमा रही ऋण दाबीबापत अपलेखन गर्न सक्दछन् । तर ऐनको दफा ५९ को उपदफा (१क) बमोजिम जोखिम व्यहोर्ने कोष बापत खर्च दाबी गर्ने बैंक तथा वित्तीय संस्थाले भने यस दफा अन्तर्गत ऋण दाबी अपलेखन बापत खर्च दाबी गर्न सक्ने छैनन् । तर, यस्तो कर्जा अपलेखन गर्दा अपलेखन गरिएको कर्जा रकममा नघट्ने गरी जोखिम व्यहोर्ने कोषमा रहेको रकम आयमा समावेश गरेको खण्डमा भने ऋण दाबीबापत अपलेखन गरेको मानिने छैन । यसरी कर्जा अपलेखन गर्दा अपलेखन गरिएको कर्जा बराबरको जोखिम व्यहोर्ने कोषबाट समेत नाफा नोक्सान हिसाबमा आम्दानी गणना गरिनु पर्दछ । उपरोक्त लेखाङ्कनसम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएकोछ

उदाहरण ८.६.४ : मानौं, न्यू बैंक लि. को आ.व.२०६५।६६ को अन्त्यमा कुल कर्जा बक्यौता एवम् नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम अपलेखन गरिनु पर्ने कर्जाको अवस्था निम्नानुसार रहेछ :

| | | |
|---|---|---|
| १. | अपलेखन गर्नुभन्दा अगाडिको कुल कर्जा रु. | १,००,००,००,०००।- |
| २. | अपलेखन गरिने कर्जा रु. | ६,००,००,०००।- |
| ३. | अपलेखन गरिसकेपछि हुने कर्जाको मौज्दात रु. | ९४,००,००,०००।- |

उक्त बैंकको कर्जा अपलेखन गर्दा नेपाल राष्ट्र वैंकले तोकिदिएको मापदण्डभित्र रही अपलेखन गरेको रहेछ र ऐनको दफा ५९(१क) अन्तर्गत जोखिम व्यहोर्ने कोष बापत खर्च दाबी गरेको रहेनछ । यस अवस्थामा उक्त बैंकले अपलेखन गरेको कर्जा रु.६ करोड यस दफा अन्तर्गत खर्चको रुपमा कट्टी दाबी गर्न पाउँनेछ ।

उपर्युक्त कर्जा अपलेखनको लेखाङ्कन निम्नानुसार हुने हुन्छः

कर्जा अपलेखन गर्दाः

Dr. Loan Write off (Profit & Loss Account) ………….. Rs. 6,00,00,000
Cr.Loans and Advances ………………………………..Rs. 6,00,00,000

जेखिम व्यहोर्ने कोषमा समायोजन गर्दा

Dr. Loan Loss Provision (Profit & Loss Account) …... Rs. 6,00,00,000
Cr. Loan Loss Provision (Balance Sheet) ……………..Rs. 6,00,00,000

उदाहरण ८.६.५ : मानौं, न्यू बैंक लि.ले ऐनको दफा ५९(१क) बमोजिम जोखिम व्यहोर्ने कोष बापत खर्च दाबी गर्ने गरेको रहेछ । सो बैंकको आ.व.२०६५।६६ को अन्तमा कुल कर्जा बक्यौता, जोखिम व्यहोर्ने कोष एवम् अपलेखन गरेको कर्जाको अवस्था निम्नानुसार रहेछ :

| | | |
|---|---|---|
| १. | अपलेखन गर्नुभन्दा अगाडिको कुल कर्जा रु. | १,००,००,००,०००।- |
| २. | अपलेखन गरिएको कर्जा रु. | १,००,००,०००।- |
| ३. | अपलेखन गरिसकेपछिको कर्जाको मौज्दात रु. | ९९,००,००,०००।- |
| ४. | नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जोखिम व्यहोर्ने कोषमा बाँकी व्यवस्था रु. | ५,१०,००,०००।- |
| ५. | आ.व.२०६४।६५ सम्म कायम व्यवस्था रु. | ३,७०,००,०००।- |
| ६. | यस वर्ष जोखिम व्यहोर्ने कोषबाट आम्दानीमा सारेको | १,१०,००,०००।- |

रकम रु.

७. यस वर्ष जोखिम व्यहोर्ने कोषमा खर्च लेखेको रकम रु. २,५०,००,०००।-

सो बैंकको आ.व.२०६५।६६ को अन्तमा ऐनको दफा ५९(१क) अनुसारको जोखिम व्यहोर्ने कोषको सीमारु.४ करोड ९५ लाख (बर्षान्तमा बाँकी रहेको कर्जा रु.९९ करोडको ५ प्रतिशत) भएको र वर्षान्तमा जोखिम व्यहोर्ने कोषमा रु.५ करोड १० लाख भएकोले बढी भएको व्यवस्था रु.१५ लाख मिन्हा नहुने । अर्थात यस वर्ष खर्च लेखेको रु.२ करोड ५० लाख मध्ये रु.२ करोड ३५ लाख मात्र खर्च मिन्हा हुने । सो वर्ष रु.१ करोड कर्जा अपलेखन गरे तापनि रु.१ करोड १० लाख जोखिम व्यहोर्ने कोषबाट आम्दानीमा सारेकोले यस दफा अन्तर्गत अपलेखन मानिदैंन । अर्थात यस्तो अपलेखन ऐनको दफा २५ को उपदफा (२) को खण्ड (क) बमोजिमको ऋण दाबी परित्याग गरेको मानिदैंन ।

**(ख) खण्ड (क) मा उल्लिखित अवस्थामाबाहेक अन्य अवस्थामा भुक्तानी प्राप्त गर्न सो व्यक्तिले सबै उपयुक्त उपायहरु अपनाएपछि सो व्यक्ति सो अधिकार वा ऋण दाबी असुलउपर हुन नसक्ने कुरामा मनासिव रुपमा विश्वस्त भएमा ।**

बैंक तथा वित्तीय संस्थाबाहेक अन्य व्यक्तिले ऋण दाबी रकम अपलेखन गर्दा, ऋणीको आर्थिक अवस्था, असुलीको लागि चालिएको कदम, जस्तै प्रहरी कारबाही, अवस्थाहेरी अदालती कारबाही आदिबाट असुलीको लागि प्रयास गरेको हुनु पर्दछ । तत्पश्चात समेत असुल हुन नसकेको खण्डमा मात्र यस्तो असुल गर्न बाँकी रकम सो व्यक्तिले अपलेखन गर्न सक्दछ ।

## ८.७ दीर्घकालीन करार अन्तर्गतको लेखाङ्कन

दीर्घकालीन करार भन्नाले १२ महिनाभन्दा बढी अवधिसम्म बहाल रहने उत्पादन, जडान वा निर्माण सम्बन्धी प्रतिफल विलम्बित (deferred return)हुने करारलाई बुझाउँछ । ऐनको दफा २६ मा दीर्घकालीन करार अन्तर्गत समावेश र कट्टी हुने रकमहरुका सम्बन्धमा उल्लेख गरिएको छ । दीर्घकालीन करारको लेखाङ्कनसम्बन्धी व्यवस्था एवम् विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद २० मा गरिएको छ ।

## परिच्छेद ९

## छुट हुने रकमहरू र अन्य छुटहरू

## (Exemptions and Other Reductions)

९.१ आयकर ऐन, २०५८ ले व्यक्तिको आयको गणना गर्ने प्रयोजनका लागि केही प्रकारका आयलाई छुट दिने व्यवस्था गरेको छ । सरकारले मित्रराष्ट्रहरूसँग कर छुट दिने गरी गरेको सम्झौताबमोजिमका व्यक्ति वा संस्थाहरू, सामाजिक तथा परोपकारमा संलग्न भएका संस्थाहरू, भौगोलिक रूपमा दुर्गम भएका क्षेत्रहरूमा कार्यरत रहेका व्यक्ति वा संस्थाहरू, शारीरिक रूपमा अशक्त भएका व्यक्ति एवं राष्ट्रिय प्राथमिकताका आधारमा छुट दिने वा कर प्रयोजनका लागि तोकिएको रकम घटाउन दिने व्यवस्था गरेको छ । ऐनको परिच्छेद ४ एवम् अनुसूची-१ मा छुट हुने आयहरू एवम् करयोग्य आयबाट घटाउन पाउने रकमहरूका सम्बन्धमा उल्लेख गरिएको छ । निर्देशिकाको यस परिच्छेदको उद्देश्य त्यस्ता आयहरूका सम्बन्धमा व्याख्या गर्नु रहेकोछ ।

### ९.२ छुट हुने रकमहरू

### ९.२.१ आयमा छुट हुने रकमहरू:

छुट हुने रकम भन्नाले रकम प्राप्त गर्ने व्यक्तिले आय गणना गर्ने प्रयोजनको लागि रोजगारी, व्यवसाय वा लगानीको आयमा समावेश गर्नु नपर्ने रकमहरूलाई बुझाउँछ । ऐनको दफा १० ले देहायका रकमहरूमा कर छुट हुने व्यवस्था गरेको छ ।

**१०(क) नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,**

नेपाल सरकार र अन्य कुनै पनि विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने व्यक्तिले सो सन्धि वा सम्झौताको अधीनमा रही प्राप्त गरेको रकम कर छुटको रकम हुनेछ । जस्तै, भियना कन्भेन्सन अन्तर्गत कूटनैतिक सुविधा प्राप्त व्यक्तिहरू अर्थात विदेशी कूटनैतिक अधिकृत, कन्सुलर आदिले आफ्नो देशको सरकारी सेवा बापत प्राप्त गर्ने रोजगारी आयमा कर छुट हुनेछ । यस्तो सुविधा प्राप्त गर्ने व्यक्तिहरूको रोजगारीको कार्यस्थल नेपाल रहेको भए तापनि ऐनको दफा १०(क) ले रोजगारीबाट प्राप्त आयमा कर छुट हुने व्यवस्था गरेको छ ।

नेपालमा रहेको विदेशी दूतावास, मिशनमा कार्यरत विदेशी कूटनैतिक अधिकृतहरूको आफ्नो राष्ट्रबाट प्राप्त हुने रोजगारीको आयमा भियना कन्भेन्सन् १९६१ को हस्ताक्षरकारी भएको नाताले (नेपालद्वारा १९६८ सेप्टेम्बर २८ मा अनुमोदित) नेपालले कर छुट दिएको हो

**१०(ख) विदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गरे बापत कुनै प्राकृतिक व्यक्तिले प्राप्त गरेको रकम,**

**तर,**

**(१) सो व्यक्ति रोजगारी गरेको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको हुनुपर्नेछ, र**

**(२) सो राष्ट्रको सरकारी कोषबाट त्यस्ता रकमहरू भुक्तानी गरिएको हुनु पर्नेछ ।**

कुनै प्राकृतिक व्यक्तिको रोजगारी विदेशी सरकारी सेवाको रूपमा नेपालमा रहेछ, सो रोजगारीको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको रहेछ र निजले सो राष्ट्रको

सरकारी कोषबाट त्यस्ता रकमहरू भुक्तानी प्राप्त गरेको रहेछ भने त्यस्तो आय नेपालमा कर छुट हुन्छ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट थप प्रकाश पारिएको छ :-

| |
|---|
| उदाहरण ९.२.१ : मानौं, रुइन पेएरे भन्ने व्यक्ति कुनै विदेशी राष्ट्रको परराष्ट्र मन्त्रालयमा कार्यरत रहेछ । सो विदेशी सरकारले निजलाई नेपालको Conflict Management मा सहयोग गर्न नेपालमा खटाएको रहेछ । निज रुइन पेएरे विगत एक वर्षदेखि सोही कार्यमा नेपालमा कार्यरत रहेछन । निजले सो विदेशी सरकारबाट मासिक युरो १०,००० पारिश्रमिक पाउने गरेका रहेछन । निज रुइन पेएरे सो विदेशी सरकारको सरकारी सेवामा कार्यरत भएको, रोजगारीको कारणले मात्र नेपालको बासिन्दा भएको र निजले सो विदेशी सरकारको सरकारी कोषबाट पारिश्रमिक भुक्तानी प्राप्त गरेको हुँदा निजले प्राप्त गर्ने उक्त रकम छुट हुने रकम मानिन्छ । |
| उदाहरण ९.२.२ : मानौं, नेपालको बासिन्दा दिनेश छतकुली कुनै विदेशी सरकारले नेपालमा सञ्चालन गरेको Conflict Management Program मा काम गर्ने कर्मचारी रहेछन् । निजले सो बापत सो विदेशी सरकारबाट मासिक युरो ५,००० पारिश्रमिक पाउने गरेका रहेछन । निजले उक्त पारिश्रमिक विदेशी सरकारको सरकारी कोषबाट भुक्तानी प्राप्त गर्ने गरेका रहेछन् । निजले उक्त भुक्तानी विदेशी सरकारको सरकारी कोषबाट प्राप्त गरेको भएतापनि निज नेपालको बासिन्दा भएको कारण यस्तो आय छुट हुने रकम मानिदैंन र निजले सो आय आफ्नो रोजगारीको आयमा समावेश गर्नु पर्दछ । |

बासिन्दा व्यक्तिको विस्तृत व्याख्या परिच्छेद २ मा गरिएको छ ।

ऐनको यस व्यवस्थाले विदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गरे बापत कुनै प्राकृतिक व्यक्तिले प्राप्त गरेको रकममा आय गणना गर्दा छुट पाउने व्यवस्था गरेको छ तर यसरी छुट पाउनको लागि त्यस्तो व्यक्तिले सरकारी सेवा बापत प्राप्त गर्ने रकम सोही राष्ट्रको सरकारी कोषबाट भुक्तानी भएको हुनुपर्ने र त्यस्तो सरकारी रोजगारी गर्ने व्यक्ति रोजगारीकै कारणबाट बासिन्दा तथा गैर बासिन्दा भएको हुनुपर्दछ । ऐनको यस व्यवस्था अनुसार नेपालस्थित विदेशी राष्ट्रको सरकारी सेवामा कार्यरत व्यक्तिहरूमध्ये उक्त सेवा प्रदान गर्ने कार्यको लागि मात्र बासिन्दा भएको व्यक्तिलाई मात्र यस प्रकारको छुट प्रदान गरेको छ ।

कुनै व्यक्ति त्यस प्रकारको सरकारी सेवामा संलग्न हुनुपूर्वदेखि नै नेपालमा रहेको छ र पछि मात्र विदेशी राष्ट्रको सरकारी सेवामा कार्यरत रहन्छ भने त्यस्ता व्यक्तिले ऐनको यस व्यवस्था अनुसार आय गणना गर्दा छुट पाउँदैन । नेपालस्थित विदेशी कूटनैतिक संस्थाहरूमा रोजगारी गर्ने र विदेशी सरकारी कोषबाट खर्च व्यहोर्ने गरी सञ्चालन भएका आयोजनाहरूमा कार्यरत रहने व्यक्ति पहिलेदेखि नेपालमानै बसोबास गरिराखेको थिए भने त्यस्ता व्यक्तिले यस प्रकारको सुविधा प्राप्त गर्दैनन् ।

**१०(ग) नेपालको नागरिक नभएको खण्ड (ख) बमोजिमको प्राकृतिक व्यक्ति वा निजको निकटस्थ परिवारको सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेका रकम,**

रोजगारीको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको तथा विदेशी राष्ट्रको सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको निकटस्थ परिवारको सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट पाउने भुक्तानी, जस्तै, Pension, Far Station Allowances, Family Allowance आदि रकम नेपालमा भुक्तानी प्राप्त गरेको रहेछ भने पनि त्यस्तो आय नेपालमा कर छुट हुन्छ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट पारिएको छ :

| |
|---|
| उदाहरण ९.२.३ : मानौं, मारिया स्मिथ भन्ने एक विदेशी महिला रहिछिन् । निजको पति नेपालस्थित सोही विदेशी मुलुकको दूतावासमा कार्यरत रहेछन् । सो विदेशी सरकारको नियमानुसार दूतावासमा काम गर्ने कर्मचारीको परिवारका सदस्यले निश्चित रकम भत्ता |

पाउने व्यवस्था भए अनुरूप मारिया स्मिथले सो विदेशी सरकारको सरकारी कोषबाट मासिक ३,००० पाउण्ड Far Station Allowance प्राप्त गरिआएकी रहिछिन् । यस अवस्थामा निजले प्राप्त गर्ने उक्त Allowanceबापतको रकम छुट हुने रकम मानिन्छ ।

**१०(घ) कर तिर्नु नपर्ने शर्तमा नेपाल सरकारको सेवामा नियुक्त भएका गैर नेपाली नागरिकले प्राप्त गरेको रकम,**

नेपाल सरकारले कुनै गैर नेपाली नागरिकलाई कर तिर्न नपर्ने सर्तमा नियुक्ति गर्न सक्ने र यसरी नियुक्ति भएको खण्डमा सो व्यक्तिले नेपाल सरकारबाट प्राप्त गर्ने आय रकम छुट हुने रकम मानिन्छ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट पारिएको छ :

उदाहरण ९.२.४ : मानौं, नेपाल सरकारले नेपालको जलस्रोतको समुचित उपयोग गर्न एउटा उच्च कार्यदल गठन गरेको रहेछ र उक्त कार्यदलमा कुनै विदेशी नागरिक तेवे फर्नाण्डो भन्ने व्यक्तिलाई कर तिर्नु नपर्ने शर्तमा मासिक यूरो १०,००० पारिश्रमिक भुक्तानी गर्ने गरी नियुक्त गरेको रहेछ । यस अवस्थामा निजको आयको स्रोत नेपालमा भए तापनि निजले प्राप्त गर्ने उक्त रकम छुट हुने रकम मानिन्छ ।

**१०(ङ) नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट सामाजिक सुरक्षाको रूपमा दिइने सबै प्रकारका भत्ता,**

नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट विधवा, वृद्ध, अपाङ्ग, असक्त व्यक्तिलाई सहयोग स्वरुप जीवन निर्वाहका लागि सामाजिक सुरक्षाको रुपमा दिइने सबै प्रकारका भत्तामा कर नलाग्ने व्यवस्था गरेको छ ।

**१०(च) दफा ७, ८ वा ९ बमोजिम आयको गणना गर्दा समावेश गरिनुपर्ने रकम बाहेक उपहार, इच्छापत्र, अपुताली वा छात्रवृत्तिको रूपमा प्राप्त रकमहरू,**

रोजगारी, व्यवसाय वा लगानीसँग सम्बन्धित उपहार आयकासोही शीर्षकमा समावेश गर्नुपर्ने
हुन्छ । त्यस्तै आकस्मिक लाभ कर लाग्ने बाहेक उपहार, ईच्छापत्र, अपुताली वा छात्रवृत्तिको रूपमा प्राप्त गरेको रकमहरू, जस्तै, विवाहको समयमा प्राप्त दाइजो, गरिब वा जेहेन्दार विद्यार्थीलाई उपलब्ध हुने छात्रवृत्ति जस्ता रकमहरू समेत करछुट हुने रकम मानिन्छ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट थप प्रकाश पारिएको छ :

उदाहरण ९.२.५ : मानौं, गोपी बान्तवा नेपाल सरकारबाट प्राप्त छात्रवृत्ति अन्तर्गत कुनै मेडिकल कलेजमा MBBS पढिरहेका रहेछन् । सो बापत रु.१५ लाख खर्च हुन आउने रहेछ । यसको अलावा निजले मासिक रु.१० हजार थप नगद पनि सोही छात्रवृत्ति अन्तर्गत प्राप्त गर्ने गरेका रहेछन् । यसरी अध्ययनको लागि भएको खर्च एवम् प्राप्त रकम निजको आयमा समावेश गर्नु पर्दैन त्यस्तो रकमलाई छुट हुने रकम मानिन्छ ।

**१०(छ) छुट पाउने संस्थाले देहायबापत प्राप्त गरेको रकम :-**

**(१) चन्दा, उपहार,**

**(२) दफा २ को खण्ड (ध) बमोजिमको छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित अन्य योगदानहरू, वा**

छुट पाउने संस्थाले प्राप्त गरेको चन्दा, उपहार वा छुट पाउने संस्थाबाट प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्षरूपले सम्बन्धित अन्य योगदानहरू कर छुट हुने रकम मानिन्छ ।

उदाहरण ९.२.६ : मानौं, नेपाल दलित विकाश मञ्च कार्यालयमा कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको एक निकाय रहेछ । उक्त मञ्चलाई विभिन्न दाताहरूबाट रु.५००,०००।- चन्दा प्राप्त भएको रहेछ । त्यस्तै, नेपाल सरकारबाट दलित उत्थान कार्यमा खर्च गर्नेगरी रु.१० लाख अनुदान प्राप्त भएको रहेछ भने त्यस्तो दुबै रकम उक्त निकायको लागि कर छुट रकम मानिन्छ ।

उदाहरण ९.२.७ : मानौं, उदाहरण ९.२.६मा उल्लिखित नेपाल दलित विकाश मञ्चले आफूले प्राप्त गर्ने रकमहरू वित्तीय संस्थामा बचत निक्षेपमा राख्ने गरेको रहेछ । यसरी राखिएको निक्षेपमा सो निकायलाई रु.१ लाख ब्याज आम्दानी प्राप्त भएको रहेछ । यस्तो ब्याज आम्दानी सो निकायको उद्देश्य अनुसारको आय नभएको हुँदा यस्तो रकममा कर छुट हुने छैन । उक्त निकायलाई ब्याज भुक्तानी गर्ने व्यक्तिले त्यस्तो ब्याज रकमको भुक्तानीमा ऐनको दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्छ र यसरी स्रोतमा कर कट्टी गरी सो निकायलाई प्राप्त भएको ब्याज ऐनको दफा ९२(१)(ङ)(२) बमोजिम अन्तिमरूपमा कर कट्टी हुने भुक्तानी मानिन्छ ।

**१०(ज) विदेशी राष्ट्रको सेना वा प्रहरी सेवाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको निवृत्तभरण बापतको रकम,**

नेपाली नागरिकहरू भारत, बेलायत लगायत अन्य राष्ट्रको सेना वा प्रहरीमा कार्यरत छन् । ती व्यक्तिहरूले आफ्नो सेवाबाट निवृत्त भइसकेपछि नेपालमा आई बसोबास गरेमा र निज वा निजको परिवारले पेन्सन रकम प्राप्त गरेमा नेपालमा कर लाग्दैन । तर नेपाली नागरिकले विदेशी राष्ट्रको सेना वा प्रहरी सेवाबाहेक अन्य सेवा प्रदान गरी निवृत्तभरण रकम नेपालमा निज वा निजको परिवारले प्राप्त गरेको छ भने कर प्रयोजनको लागि आयमा समावेश गर्नु पर्दछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट पारिएको छ :

उदाहरण ९.२.८ : मानौं, राम वहादुर थापा ब्रिटिस गोर्खा सैनिक सेवाबाट अवकाश प्राप्त कप्तान रहेछन र हाल पोखरामा बसोबास गरिराखेका रहेछन । निजले ब्रिटिस सरकारबाट मासिक १,२०० पाउण्ड निवृत्तभरण प्राप्त गर्ने गरेको रहेछन । निजले प्राप्त गर्ने यस्तो निवृत्तिभरण रकम छुट हुने रकम हो ।

**१०(झ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको जुनसुकै प्रकारको आय,**

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको जुनसुकै प्रकारको आय सम्पूर्ण रूपमा कर छुट हुने आय मानिएको छ र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई भुक्तानी गर्ने रकमहरूमा स्रोतमा कर कट्टी समेत गर्नु पर्नेछैन । यस सन्दर्भमा नेपाल सरकारको पूर्ण स्वामित्व भएको व्यावसायिक निकाय (जस्तैः राष्ट्रिय बाणिज्य बैंक) को आय भने यस खण्डको आधारमा छुट हुने आय मानिदैंन । सामान्यतयाः नेपाल सरकारको सञ्चित कोषमा जम्मा हुने रकम, प्रचलित कानुन बमोजिम सरकारी निकायबाट परिचालन हुने कोषमा जम्मा हुने रकम जस्ता आयलाई नेपाल सरकारको आय मानिन्छ ।त्यसैगरी प्रदेश सरकार वा स्थानीय तहको सञ्चित कोषमा जम्मा हुने रकम तत् तत् प्रदेश सरकार र स्थानीय तहको आय मानिन्छ ।

**१० (ञ) नेपाल राष्ट्र बैंकले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम ।**

नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को उद्देश्य बमोजिम वित्तीय स्थायित्व कायम गर्ने सम्बन्धमा गरेका वित्तीय गतिविधिबाट आर्जन गरेको रकममा कर छुट हुन्छ ।

उदाहरण ९.२.९ : मानौं, नेपाल राष्ट्र बैंकले बैकिङ्ग विकास कोषमा रु.२० करोड छुट्टयाएको रहेछ । उक्त कोषमा रहेको रकम विभिन्न बैंक तथा वित्तीय संस्थामा निक्षेपमा

रहेको र सो निक्षेपबाट नेपाल राष्ट्र बैंकलाई रु.१ करोड ब्याज आम्दानी भएको रहेछ। यस्तो आय नेपाल राष्ट्र बैंकको उद्देश्य अनुसार खर्च गर्ने कोषको आय भएको हुँदा त्यस्तो आय छुट हुने आय मानिन्छ।

**१०(ट) जलस्रोत ऐन,२०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम।**

जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकममा कर छुट हुन्छ।

**१०(ठ) नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सामूहिक लगानी कोष (म्युच्युअल फण्ड) ले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम।**

**१०(ड) नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित निकायसँग भएको समझदारीपत्रको आधारमा नाफा नकमाउने वा वितरण नगर्ने उद्देश्यले स्थापना भई सञ्चालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम।**

### ९.२.२ कर नलाग्ने व्यवस्था

माथि उल्लिखित व्यवस्थाको अतिरिक्त ऐनमा करयोग्य भनिएका सम्पत्ति वा दायित्व बाहेकका अन्य सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त रकमहरूमा कर नलाग्ने (कर छुट) हुन्छ। प्राकृतिक व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्ति (घर, जग्गा, निकायमा रहेको हित) को निःसर्ग बाहेक व्यवसायसँग असम्बन्धित निजी सम्पत्ति जस्तै, फर्निचर, गहना, आदिको बिक्रीबाट प्राप्त रकममा कर छुट हुन्छ।

### ९.२.३ आंशिक छुट सम्बन्धी व्यवस्था

प्राकृतिक व्यक्तिले करयोग्य आय गणना गर्दा ऐनको अनुसूची-१ मा उल्लेख भए बमोजिम करयोग्य आयबाट घटाउन पाउने आंशिक छुटहरू निम्नानुसार रहेका छन्:

**(१) दुर्गम भत्ता**

प्राकृतिक व्यक्तिले करयोग्य आय गणना गर्दा करयोग्य आयबाट घटाउन पाउने दुर्गम भत्ताका सम्बन्धमा ऐनको अनुसूची-१ को उपदफा(५) मा देहायको व्यवस्था छ :

**नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता बापत तोकिएबमोजिम बढीमा पचासहजार रुपैयाँसम्म करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिने छ।**

ऐनको उपर्युक्त व्यवस्थाको प्रयोजनका लागि नियमावलीको नियम ३८ मा देहाय बमोजिमको व्यवस्था रहेको छ :

*नियम ३८. दुर्गम भत्ताको सीमा: ऐनको अनुसूची -१ को उपदफा (५) को प्रयोजनका लागि व्यक्तिको कर नलाग्ने सीमामा थप हुने दुर्गम भत्ता बापतको रकम देहाय बमोजिम हुनेछ :*

*(क) "क" वर्गका क्षेत्रमा पचास हजार रुपैयाँ।*

*(ख) "ख" वर्गका क्षेत्रमा चालीस हजार रुपैयाँ।*

*(ग) "ग" वर्गका क्षेत्रमा तीस हजार रुपैयाँ*

*(घ) "घ" वर्गका क्षेत्रमा बीस हजार रुपैयाँ*

*(ङ) "ङ" वर्गका क्षेत्रमा दश हजार रुपैयाँ।*

(२) **वैदेशिक भत्ता**

प्राकृतिक व्यक्तिले करयोग्य आय गणना गर्दा करयोग्य आयबाट घटाउन पाउने वैदेशिक भत्ताका सम्बन्धमा ऐनको अनुसूची- १ को उपदफा (६)मा देहायको व्यवस्था छ :

**नेपालका विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिने छ ।**

(३) **अपाङ्ग व्यक्तिले घटाउन पाउने रकमः-** बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१०)बमोजिम एकल प्राकृतिक व्यक्तिले रु.२,००,०००।- (रु.४ लाखको पचास प्रतिशत) तथा दम्पत्तिले रु.२,२५,०००।-(रु.४ लाख ५० हजारको पचास प्रतिशत)थप रकम करयोग्य आयबाट घटाउन सक्नेछ ।

(४) **लगानी बीमा बापत तिरेको प्रिमियम**

कुनै बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको भए ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१२) बमोजिम सो बीमाबापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजाररुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन सक्नेछ ।

(५) **स्वास्थ्य बीमा बापत तिरेको प्रिमियम**

कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१६) बमोजिम सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रूपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन सक्नेछ ।

(६) **निवृतभरण आय हुने व्यक्तिले घटाउन पाउने रकम**

कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने ऐनको अनुसूची-१ को दफा १ को उपदफा (९क) बमोजिम एकल प्राकृतिक व्यक्तिले रु.१,००,००० (रु.४,००,००० को २५ प्रतिशत) तथा दम्पतिले रु.१,१२,५०० (रु.४,५०,००० को २५ प्रतिशत) थप रकम करयोग्य आयबाट घटाउन सक्नेछ । तर यसरी घटाइन पाउने रकम निवृतभरण आय भन्दा बढी नहुने व्यवस्था नियमावलीको नियम ३९ ले गरेको छ । आर्थिक ऐन, २०७७ ले यो व्यवस्था हटाएकोमा आर्थिक ऐन, २०७८ ले यसलाई पुनः निरन्तरता दिएको ।

(७) **निजी भवनको बीमा बापत तिरेको प्रिमियम**

आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा वापत तिरेको प्रिमियम कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१६क) बमोजिम त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम कर योग्य आयबाट घटाउन सक्नेछ ।

## ९.३ कर छुट पाउने संस्था (Tax Exempt Entity)

ऐनले सामाजिक न्याय, राज्यको सामाजिक दायित्व र कल्याणकारी राज्यको प्रचलित मान्यताको आधारमा केही सामाजिक र परोपकारी संघ संस्था र केही विशेष प्रकारका संस्था वा निकायलाई कर छुट संस्थाको रूपमा मान्यता दिई ती संघसंस्था वा निकायका सबै वा कुनै विशेष प्रकारको आयमा ऐन बमोजिम लाग्ने कर छुट हुने र त्यस्ता संस्थालाई करछुटको प्रमाणपत्र प्रदान गरिने व्यवस्था गरेको छ । कर छुट पाउने संस्थाको कर छुट हुने आयमा कर नलाग्ने व्यवस्था गरी

त्यस्ता संस्थाहरूलाई समेत करको दायरामा भने ल्याउने मनसाय ऐनमा रहेको छ । यस अर्थमा संस्था आफैमा कर छुट हुने संस्था नभई सामान्यतया कर छुट हुने संस्थाको उद्देश्य अनुसार प्राप्त हुने चन्दा, अनुदान, उपहार लगायत ऐनको दफा १० को खण्ड (छ) मा उल्लिखित आयमा मात्र कर छुट हुने व्यवस्था छ । कर छुट हुने संस्थाले प्राप्त गर्ने चन्दा र उपहार बाहेकका ब्याज आम्दानी, बहाल आम्दानी जस्ता लगानीबाट हुने आय तथा प्रतिस्पर्धा गरी वा अन्य कुनै माध्यमबाट प्राप्त गरेका प्रतिफल जस्ता व्यावसायिक कार्यबाट प्राप्त हुने आम्दानी भने कर छुट हुँदैन ।

आयकर नियमावली, २०५९ को बाह्रौं संशोधन, २०७८ले नवीकरण सम्बन्धी व्यवस्थामा कर छुटको प्रमाणपत्र प्राप्त गरेको छुट पाउने संस्थाले आय वर्ष समाप्त भएको मितिले एक वर्षभित्रआय विवरण र अग्रिम कर कट्टी गरी दाखिला गरेको विवरण तथा प्रमाणसहित नवीकरणको लागि तोकिएको ढाँचामा कर अधिकृतसमक्ष निवेदन दिएर प्रमाणपत्र नवीकरण गराउनुपर्ने व्यवस्था गरेको छ । यस अघि आयकर नियमावली, २०५९ को आठौं संशोधन, २०७५ मा छ महिनाभित्र नवीकरण गर्नु पर्ने व्यवस्था रहेको थियो ।

### ९.३.१ करछुट पाउने संस्थाको अर्थ

ऐनको दफा २ को खण्ड (ध) को उपखण्ड (१), र (२) ले "कर छुट पाउने संस्था" लाई देहाय बमोजिम परिभाषित गरेको छ :-

**(१) कर छुट पाउने संस्थाको रूपमा विभागमा दर्ता भएका देहाय बमोजिमका निकाय :-**

**(क) नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था,**

**(ख) सदस्यहरूले लाभ नलिने गरी सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी (एमेच्योर) खेलकूद संस्था,**

**(२) निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल,**

**तर छुट पाउने संस्थाको उद्देश्यअनुसार कार्य सम्पन्न हुँदा वा कुनै व्यक्तिद्वारा त्यस्तो संस्थालाई प्रदान गरिएका सम्पत्ति वा सेवा बापतको कुनै भुक्तानी गर्दा बाहेक त्यस्तो संस्थाको सम्पत्ति र त्यस्तो संस्थाले प्राप्त गरेको रकमबाट कुनै व्यक्तिलाई कुनै फाइदा पुऱ्याएको भए यस खण्ड बमोजिम कर छुट हुने छैन ।**

उपर्युक्त व्यवस्थाको विश्लेषण गर्दा ऐनमा कर छुट प्राप्त हुने दुई प्रकारको अवस्था रहेका छन् - कर छुट हुने संस्था र कर छुटको आय हुने संस्था । पहिलो अवस्था, कर छुट संस्थाको परिभाषामा पर्ने वित्तिकै स्वतः करछुटको सुविधा उपभोग गर्न पाउने र दोस्रो अवस्था, कर छुट संस्थाको परिभाषामा परे पनि सम्बन्धित कार्यालयमा दर्ता भएपछि वा सम्बन्धित कार्यालयबाट स्वीकृति प्राप्त गरेपछिमात्र कर छुटको सुविधा उपभोग गर्न पाउने । निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल, कर छुट संस्थाको परिभाषामा परेको कारणले स्वतः कर छुटको सुविधा उपभोग गर्न पाउने संस्था हुन भने नाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था र सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी (एमेच्योर) वा सार्वजनिक प्रकृतिका खेलकूद संस्थाहरूलाई ऐनले कर छुट संस्थाको रूपमा मान्यता दिएपनि ती संस्थाले सम्बन्धित कार्यालयमा दर्ता भएपछि वा सम्बन्धित कार्यालयबाट स्वीकृति प्राप्त गरे पछि मात्र करछुटको सुविधा उपभोग गर्न पाउँछन् । तर कर छुट हुने वा कर छुट पाएको कुनै संस्थाले आफ्नो सम्पत्ति र आफूले प्राप्त गरेको रकमबाट कुनै व्यक्ति विशेषलाई कुनै व्यक्तिगत फाइदा पुऱ्याएको भए त्यस्तो संस्थाले कर छुटको सुविधा प्राप्त गर्न सक्दैन ।

९.३.२ कर छुट पाउने संस्थाको दर्ता

ऐनको दफा २ को खण्ड (ध)(१) ले "कर छुट पाउने संस्था" को रूपमा परिभाषित गरेका नाफा कमाउने उद्देश्य नभएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक वा परोपकारी संस्था र सामाजिक वा खेलकूद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी (एमेच्योर) वा सार्वजनिक खेलकूद संस्थाहरूले सम्बन्धित कार्यालयमा कर छुट पाउने संस्थाको रूपमा दर्ता भएपछिमात्र करछुट संस्थाको हैसियत प्राप्त गर्न र करछुटको सुविधा उपभोग गर्न सक्तछन । यस्ता संस्थालाई करछुट संस्थाको रूपमा दर्ता गर्ने सम्बन्धमा नियमावलीको नियम ३ ले देहायको व्यवस्था गरेको छ ।

*(१) ऐनको दफा २ को खण्ड (ध) बमोजिम कर छुट पाउने संस्थाले कर छुटको लागि देहाय बमोजिमको विवरण संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ :-*

*(क) प्रचलित कानुन बमोजिम दर्ता हुनुपर्ने संस्थाको हकमा दर्ताको प्रमाणपत्रको प्रतिलिपि,*

*(ख) संस्था गठन सम्बन्धी विधानको प्रतिलिपि,*

*(ग) स्थायी लेखा नम्बर प्राप्त गरेको भए त्यस्तो प्रमाणपत्रको प्रतिलिपि र*

*(घ) लेखापरीक्षणको प्रतिवेदन भए सोको प्रतिलिपि ।*

*(२) उपनियम (१) बमोजिम पर्न आएको कर छुटको निवेदन उपर विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थालाई कर छुट पाउने संस्थाको रूपमा दर्ता गरी प्रमाणपत्र दिनेछ ।*

*(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर छुट पाउने संस्थाभित्र पर्ने कुनै निकायलाई दर्ता गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ ।*

नियम ५क. मा कर छुट पाउने संस्थालेउक्त संस्था नवीकरण गर्ने प्रयोजनका लागि पेश गर्नुपर्ने  आय विवरणको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

*"५क.नवीकरण सम्बन्धी व्यवस्था : (१) नियम ३ बमोजिम दर्ता भई कर छुटको प्रमाणपत्र प्राप्त गरेको छुट पाउने संस्थाले आय वर्ष समाप्त भएको एक वर्षभित्र त्यस्तो प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ ।*

*(२) उपनियम (१) बमोजिम नवीकरण गराउन निवेदन साथ अघिल्लो आय वर्षको आय विवरण र अग्रिम कर कट्टी गरी कर दाखिला गरेको विवरण तथा प्रमाणसहित विभागले तोकेको ढाँचामा विभागसमक्ष निवेदन दिनु पर्नेछ ।*

*(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको निवेदन उपर विभागले छानबिन गर्दा कर छुट पाउने देखिएमा त्यस्तो प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ ।*

*(४) यस नियम बमोजिम नवीकरणका लागि प्राप्त भएको कर छुटको प्रमाणपत्र विभागले तोकेको ढाँचा बमोजिम नभएमा साविकको कर छुटको प्रमाणपत्रको सट्टा नयाँ प्रमाणपत्र जारी गरिनेछ ।*

*(५) उपनियम (१) बमोजिम कर छुटको प्रमाणपत्र नवीकरण नगराएसम्म कर छुटको प्रमाणपत्र प्राप्त गरेको संस्थाले कर छुटको सुविधा उपयोग गर्न पाउने छैन ।*

कुनै संस्थाले कर छुट संस्थाको रूपमा दर्ता भई करछुटको प्रमाणपत्र प्राप्त गर्न र प्राप्त करछुटको सुविधालाई निरन्तरता दिन देहाय बमोजिमको प्रक्रिया र शर्त पुरा गर्नुपर्दछ ।

१. कर छुटको लागि संस्था दर्ताको प्रमाणपत्र, संस्थाको विधान, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र पहिलेदेखि सञ्चालन भइरहेको संस्था भए अघिल्लो आय वर्षकोलेखा परीक्षण प्रतिवेदनसाथ आय विवरण समेत पेश गरी सम्बन्धित कार्यालयमा निवेदन

दिनु पर्दछ । तर ऐनमा दर्ता हुनु नपर्ने भनी तोकेको कुनै संस्थाले दर्ता हुन निवेदन दिइरहनु पर्दैन ।

२. निवेदक ऐनको दफा २ को खण्ड (ध) ले "कर छुट पाउने संस्था" को रूपमा परिभाषित गरेको नाफा कमाउने उद्देश्य नभएको परोपकारी सामाजिक संस्था हुनुपर्दछ ।

३. कर छुट प्राप्त संस्थाले हरेक वर्ष आय वर्ष समाप्त भएको एक वर्षभित्रआय विवरण दाखिला गरी करछुटको प्रमाणपत्र नवीकरण गर्नु पर्दछ ।

४. त्यस्तो संस्थाले आफ्नो लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरणसाथआय विवरणपेश गरी ऐनको दफा १०(छ) बाहेकका अन्य कुनै रकम प्राप्त गरेको भएमा लाग्ने कर दाखिला गर्नु पर्नेछ ।

५. छुट प्राप्त संस्थाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा आयकर ऐन, २०५८ को परिच्छेद-१७ अनुसार अग्रिम कर कट्टी गरेको, ऐनको दफा १०(छ) बाहेकका अन्य कुनै रकम प्राप्त गरेको वा नगरेको र संस्थाको उद्देश्य अनुसारको मात्र कार्य गरेको वा नगरेको विषय उल्लेख गर्नु पर्दछ ।

६. कर छुट प्राप्त गर्ने संस्थाले प्राप्त गरेको भुक्तानीमा आयकर ऐन, २०५८ को परिच्छेद १७ अनुसार भुक्तानी दिने निकायले अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानी भए कर कट्टी गर्नुपर्ने र यसरी अग्रिम कर कट्टी भएको रकमको आयमा कर लाग्ने नदेखिएमा कर फिर्ता माग गर्नु पर्दछ ।

७. करयोग्य कारोबार गर्ने व्यक्ति तथा संस्थासँग प्रतिस्पर्धा गरी प्राप्त गरेको अनुदानलाई कर छुटको रूपमा मान्यता हुदैन ।

८. कर छुट पाएको कुनै संस्थाले आफ्नो सम्पत्ति र आफूले प्राप्त गरेको रकमबाट कुनै व्यक्ति विशेषलाई व्यक्तिगत फाइदा पुऱ्याएको हुनु हुदैंन । त्यसरी फाइदा पुऱ्याएको भए कर छुट पाउने संस्थाको हैसियत रहन्न ।

९. कर छुट प्राप्त गरेको संस्थाले आफ्नो विधानमा उल्लेख भएको उद्देश्य विपरित कार्य गर्नु हुदैन ।

### ९.३.३ कर छुटको प्रमाणपत्रः

कर छुट पाउने संस्थालाई कर छुटको प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा नियमावलीको नियम २७ ले देहायको व्यवस्था गरेको छ ।

*(१) कुनै कर छुट पाउने व्यक्तिले कर छुटको प्रमाणपत्र माग गर्न विभागमा निवेदन दिन सक्नेछ ।*

*(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि सो व्यक्तिले कर छुट पाउने देखिएमा विभागले सो व्यक्तिलाई कर छुटको प्रमाणपत्र दिनु पर्नेछ ।*

उपर्युक्त बमोजिम करछुट पाउने संस्थाको रूपमा कुनै कार्यालयले दर्ता गरेको संस्थालाई देहायको शर्त बन्देज उल्लेख गरी कर छुटको प्रमाणपत्र प्रदान गर्नु पर्दछ ।

(१) सो संस्थाको आयमध्ये आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) को उपखण्ड (१) अनुसारको कुनै व्यक्तिले सो संस्थालाई दिएको चन्दा, उपहार र उपखण्ड (२) अनुसारको कुनै व्यक्तिले प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्षरूपले सम्बन्धित कार्यको लागि सो संस्थालाई प्रदान गरेको रकम वा अन्य योगदानहरूमा मात्र करछुट हुने । सो बाहेक अन्य कुनैपनि प्रकारको आयमा कर छुट नहुने ।

(२) सो संस्थालाई दिइएको भुक्तानीमा बहाल वा भाडा, ब्याज, सेवा शुल्क, रोयल्टी वा ठेक्का वा करार बापतको भुक्तानी वा कुनै धितोपत्रको नि:सर्गबाट प्राप्त लाभ समावेश रहेको भए त्यस्तो भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम भुक्तानी दिने निकायले अग्रिम कर कट्टी गर्नुपर्ने । यसरी अग्रिम कर कट्टी भएको आयमा कर नलाग्ने भए सम्बन्धित कार्यालयसँग कर फिर्ता माग गर्न सक्ने ।

(३) हरेक आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरणसहितको आय विवरण सम्बन्धित कार्यालयमा छ महिनाभित्र पेश गर्नुपर्ने ।

(४) सो संस्थाले कुनै व्यक्तिलाई दिएको भुक्तानीमा पारिश्रमिक, बहाल वा भाडा,ब्याज, सेवा शुल्क, रोयल्टी वा ठेक्का वा करार बापतको भुक्तानी समावेश रहेको भए त्यस्तो भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम अग्रिम कर कट्टी गरी अग्रिम कर कट्टीको रकम र सोको विवरण सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने ।

(५) सो संस्थाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले आफ्नो लेखापरीक्षण प्रतिवेदनमा सो संस्थाले आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर कट्टी गरेको नगरेको र संस्थाको उद्देश्य अनुसारको मात्र कार्य गरेको वा नगरेको विषयमा किटानीसाथ उल्लेख गरेको हुनुपर्ने ।

(६) आफ्नो विधानमा उल्लेख भएको उद्देश्य विपरितको वा विधानमा उल्लेख नभएको कार्य गर्न नपाउने ।

### ९.३.४ कर छुटको सुविधा समाप्त हुने अवस्था

देहायको कुनै एक वा एक भन्दा बढी अवस्थामा कुनै करछुट संस्थाको रूपमा दर्ता भई कर छुटको प्रमाणपत्र प्राप्त गरेको संस्थाको कर छुटको सुविधा समाप्त हुनजान्छ ।

१. सो संस्था नाफा कमाउने उद्देश्य नभएको सार्वजनिक वा परोपकारी संस्थाको रूपमा नरहेमा,

२. सम्बन्धित कार्यालयमा तोकिएको समयमा लेखापरीक्षण भएको वित्तीय विवरणसाथ आय विवरण पेश नगरेसम्म ।

३. संस्थाको सम्पत्ति र आय रकमबाट कुनै व्यक्तिलाई कुनै व्यक्तिगत फाइदा पुऱ्याएमा ।

४. संस्थाको विधानमा उल्लेख भएको उद्देश्यभन्दा बाहेकका अन्य कार्यमा संलग्न भएमा ।

५. कर छुटको प्रमाणपत्र प्राप्त गरेको संस्थाले कर छुटको प्रमाणपत्र नवीकरण नगराएसम्म ।

**नोटः कर छुट संस्थाको दर्ता प्रमाणपत्र नवीकरण गराउन दिनुपर्ने निवेदन र प्रमाणपत्रको ढाँचा यसै निर्देशिकाको परिच्छेद ३२ को अनुसूचीमा उल्लेख गरिएको छ ।**

# परिच्छेद १०

# व्यावसायिक छुट तथा सुविधा

# (Business Exemption and Concession)

१०.१ आयकर ऐन, २०५८ ले केही व्यवसायको आयमा कर गणना गर्ने प्रयोजनको लागि कर छुट तथा सुविधा दिने व्यवस्था गरेको छ । आर्थिक क्रियाकलापलाई सबै क्षेत्रमा प्रवर्द्धन गराई आर्थिक वृद्धिलाई तीव्र पार्न, रोजगारीका अवसरको सिर्जना गर्न उत्प्रेरणा दिन र समावेशी विकासका लागि व्यावसायिक तथा छुट सुविधाको सुनिश्चितता गरेको छ। बढ्दो व्यापार घाटा घटाउन निर्यात प्रवर्द्धन गर्ने कार्यका विशेष स्रोतमा आयकर सहुलियतको प्रबन्ध गरेको छ । व्यवसायको प्रकृति, त्यस्तो व्यवसायमा रहेको स्वामित्व, व्यवसाय सञ्चालन भएको भौगोलिक क्षेत्र, रोजगारी उपलब्ध गराएको अवस्था, महिला तथा अन्य समुदायलाई रोजगारी उपलब्ध गराएको अवस्था तथा कुनै खास क्षेत्रलाई विशेष आर्थिक क्षेत्रभित्र सञ्चालनमा रहने गरी सरकारले गरेको व्यवस्था एवम् आर्थिक विकासको लागि अपरिहार्य पूर्वाधारको रूपमा सरकारले प्राथमिकतामा राखेको व्यवसायले आय निर्धारण गर्ने प्रयोजनका लागि छुट तथा सुविधा प्राप्त गरेका छन् । देशको सबै क्षेत्रमा आर्थिक गतिविधि बढाई सन्तुलित रूपमा विकास गर्न, विभिन्न कारणले विगतमा पिछडिएका वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आर्थिक रूपले सक्षम पार्न, कुनै खास क्षेत्रलाई विशेष आर्थिक क्षेत्र घोषणा गरी निर्यात व्यापारको लागत कम गराई अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउन एवम् पूर्वाधारको विकास गर्ने उद्देश्यले यस्तो छुट तथा सुविधा उपलब्ध गराउने गरिन्छ । कस्तो व्यवसाय, कहाँ सञ्चालन गरेमा, कस्तो स्वामित्व अन्तर्गत सञ्चालन भएमा, कुन संख्यामा रोजगारी सिर्जना गरेमा के कस्तो छुट तथा सुविधा प्राप्त गर्ने भन्ने व्यवस्था आयकर ऐन, २०५८ को परिच्छेद ४ मा उल्लेख गरिएको छ । राज्यले कुनै व्यवसाय वा क्षेत्र तथा वर्गको आर्थिक क्रियाकलापका सन्दर्भमा ऐनको परिच्छेद ४ मा कानुनी व्यवस्था गरी छुट तथा सुविधा दिन सक्दछ । निर्देशिकाको यस परिच्छेदको उद्देश्य व्यावसायिक छुट तथा सुविधा प्राप्त गर्ने आयको सन्दर्भमा उल्लेख गर्नु रहेको छ ।

१०.२ **व्यावसायिक छुट तथा सुविधा :**

अनुच्छेद १०.१ मा उल्लेख गरिएको उद्देश्य प्राप्तिको लागि आयकर ऐन, २०५८ को दफा ११ मा व्यावसायिक छुट तथा सुविधाको व्यवस्था गरिएको छ। यस दफामा व्यावसायिक छुट तथा सुविधा प्राप्त गर्ने व्यावसायिक आयको सम्बन्धमा स्पष्ट रूपमा उल्लेख भएको छ। ऐनको यस दफामा समावेश भएका व्यावसायिक छुट तथा सुविधा निम्नानुसार रहेका छन् ।

११(१) **कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको बाहेक अन्य कृषि आम्दानीमा कर लाग्ने छैन ।तर कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशतले कर छुट हुनेछ ।**

(यो प्रतिबन्धात्मक वाक्यांश आर्थिक ऐन, २०७८ ले थप गरेको हो)

ऐनको उपर्युक्त व्यवस्थाले संगठित रूपमा एवम् व्यावसायिक रूपमा सञ्चालित कृषि व्यवसायबाट प्राप्त कृषि आयलाई व्यक्तिको आयमा समावेश गर्ने व्यवस्था गरेको छ । तर कुनै प्राकृतिक व्यक्तिले भूमि सम्बन्धी ऐन, २०२१ ले तोकेको हदबन्दीभित्रको जग्गाबाट प्राप्त गरेको कृषि आयमा कर लाग्दैन । तर, भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भएको जग्गामा कृषि व्यवसाय गरी प्राप्त गरेको कृषि आयलाई आयकर

गणना प्रयोजनका लागि आयमा समावेश गर्नु पर्दछ । भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा निम्नानुसार व्यवस्था रहेको छ ।

| | |
|---|---|
| घ) | नेपाल सरकारको सूचित आदेशद्वारा तोकिएको औद्योगिक काममा तोकिएको शर्त अनुसार लगाइएको सोही आदेशमा तोकिएको हदसम्मको जग्गा, त्यस्तो काम रहेसम्म । |
| (ङ) | नेपाल सरकारले सूचित आदेशद्वारा तोकिदिएको कृषि उद्योगको काममा तोकिएको शर्त अनुसार लगाइएको सोही आदेशमा तोकिएको हदसम्मको जग्गा, त्यस्तो शर्त अनुसार सो काम रहेसम्म । |

भूमि सम्बन्धी ऐन, २०२१ मा जग्गाको स्वामित्वमा हदबन्दीको व्यवस्था गरेको र सोही ऐन बमोजिम यस्ता जग्गामा औद्योगिक व्यवसाय वा कृषि व्यवसाय सञ्चालन गर्नका लागि नेपाल सरकारले हदबन्दीको सीमा बढाउन सक्ने व्यवस्था समेत गरेको छ । तोकिएको हदबन्दी सीमाभन्दा बढी क्षेत्रफलमा कृषि व्यवसाय गरी प्राप्त गरेको आयलाई आयकर ऐनको उपर्युक्त व्यवस्थाले छुट दिएको छैन । यस सम्बन्धी व्यवस्थालाई तलको उदाहरणबाट प्रष्ट पारिएको छ ।

उदाहरण १०.२.१ : मानौं, ढक वहादुर बम्जनले आफ्नो पारिवारिक वा सगोल परिवारको स्वामित्व रहेको जग्गा (भूमि सम्बन्धी ऐन, २०२१ को हदबन्दी भित्ररही) मा चिया खेती गरी आएका रहेछन । यसरी चिया खेती गर्दा निजले आर्थिक वर्ष २०७०।७१ मा रु.१०,००,०००।- आय आर्जन गरेको रहेछन भने यस्तो आय कर छुट हुने आय भित्र पर्दछ ।

तर कसैले नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ (घ) वा (ङ) मा तोकिएको तरिका अनुसार हदबन्दी भन्दा बढी क्षेत्रफलमा खेती गरी आय आर्जन गरेको रहेछ भने त्यस्तो खेतीबाट प्राप्त आयमा कर छुट हुँदैन । त्यस्तै जुनसुकै अवस्था भए तापनि कुनै व्यावसायिक फर्म वा निकाय मार्फत कुनै प्रकारको कृषि आय भएमा सो आयमा कर लाग्दछ । यसरी व्यवसायिक कृषिबाट प्राप्त आयमा लाग्ने करमा ५० प्रतिशतले छुट हुने व्यवस्था आर्थिक ऐन, २०७८ ले गरेको छ ।

**११(२) सहकारी ऐन, २०७४ बमोजिम दर्ताभई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिबुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी बीउ बिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्नेबाहेक)को कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिकाको क्षेत्रमा सञ्चालितसहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन । यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।**

ऐनको यस उपदफाले सहकारीको माध्यमबाट आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्ने अभिप्रायले गाउँपालिकामा कृषि तथा वन पैदावारमा आधारित व्यवसाय, कृषिको उत्पादकत्व अभिवृद्धि गर्न आवश्यक पर्ने मल बीउबिजन एवम् पशुपालन व्यवसायको लागि आवश्यक पर्ने आहारा तथा दाना लगायत गाँउपालिकामाबचत अभिवृद्धि गर्नका लागि संगठित भएका सहकारी संस्थाको आयमा आयकर नलाग्ने व्यवस्था गरेको छ । यस्तो व्यवस्था विशेष गरी ग्रामिण क्षेत्रको विकासको लागि गरिएकोले महानगरपालिका, उपमहानगरपालिका एवम् नगरपालिकामा सञ्चालित सहकारी संस्थालाई उपलब्ध छैन । यस सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण १०.२.२ : मानौं, कन्याम सामुदायिक चिया बगान लि. सहकारी ऐन, २०७४बमोजिम दर्ता भएको एउटा सहकारी संस्था रहेछ । उक्त संस्थामा कन्याम क्षेत्रका ४० जना कृषक मिली सामूहिक रूपमा चिया खेती, प्रशोधन एवम् प्रशोधित चियाको बिक्री समेत गरी आएका रहेछन् । सो संस्थाले २०७०/२०७१मा एक करोड रूपैंयाँ आय आर्जन गरेको रहेछ । यस अवस्थामा उक्त संस्थाले आर्जन गरेको आयमा कर छुट हुनेछ । यसको अतिरिक्त सो संस्थाले आफ्नो शेयरहोल्डरलाई लाभांश बाँडेको अवस्थामा समेत त्यस्तो लाभांशमा कर कट्टी गर्नु पर्दैन ।

**११(२क)** **गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघु वित्त संस्था, ग्रामीण विकास बैङ्क, हुलाक बचत बैङ्क र उपदफा (२) बमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रूपैयाँसम्मको ब्याज आयमा कर लाग्ने छैन ।**

**११(२ख)** **कुनै आय वर्षमा वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा देहाय बमोजिम छूट हुनेछ :-**

**(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले,**

**(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशतले,**

**(ग) खण्ड (क) वा (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले यस दफा बमोजिम अर्को कुनै कर छुट सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउनेछ ।**

आयकर ऐन, २०५८ को अनुसूची-१ र २ मा विशेष उद्योगलाई करको दरमा दिएको छुट सुविधालाई दफा ११ मा छुट सुविधा अन्तर्गत राखी आर्थिक ऐन, २०७६ बाट संशोधन भएको हो ।वर्षभरी विशेष उद्योग सञ्चालनबाट बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले छुट हुँदा लाग्ने करको दर २० प्रतिशत हुन्छ । त्यस्तैगरी वर्षभरी विशेष उद्योग सञ्चालनबाट निकायको आयमा लाग्ने करमा बीस प्रतिशतले छुट हुँदा लाग्ने करको दर २० प्रतिशत हुन्छ । यसरी विशेष उद्योगलाई कर छुटको सुविधा यस उपदफाले प्रदान गरेको छ । उपर्युक्तखण्ड (क) वा (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले दफा ११ बमोजिम अर्को कुनै कर छुट सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउँदछ जस्तैः विशेष उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा दफा ११ (३ङ) बमोजिमको छुट सुविधा पनि पाउँदछ ।

**११(३)** **कुनै व्यक्तिलाई कुनै आयवर्षमा विशेष उद्योग र सूचना प्रविधि उद्योगबाट भएको आयमा देहाय बमोजिम कर लगाइनेछ :-**

**११(३)(क)** **एक सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको नब्बे प्रतिशत, तीन सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको असी प्रतिशत, पाँच सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको पचहत्तर प्रतिशत, एक हजार वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्ष भरिनै प्रत्यक्ष रोजगारी दिएमा सो वर्षको आयमा लाग्ने करको सत्तरी प्रतिशत,**

**तर महिला, दलित वा अपाङ्गहरूमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी सय जना भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएमा तिर्नुपर्ने कर रकममा थप दश प्रतिशत छुट हुने,**

देशको नागरिकलाई रोजगारीको अवसरमा वृद्धि गर्ने उद्देश्यले रोजगारीमूलक उद्योगको स्थापना एवम्सञ्चालनमा प्रोत्साहन गर्न निश्चित संख्याभन्दा बढी रोजगारी दिने विशेष उद्योग तथा सूचना प्रविधिको विकासको लागि सूचना प्रविधि उद्योगलाई लाग्ने करमा छुट सुविधा दिने व्यवस्था गरिएको छ । यस्तो व्यवस्था निश्चित रोजगारीको संख्याको अतिरिक्तमहिला, दलित तथा अपाङ्गलाई निश्चित संख्याभन्दा बढी रोजगारी उपलब्ध गराउने विशेष उद्योग तथा सूचना प्रविधि उद्योगलाई समेत उपलब्ध हुने व्यवस्था गरेको छ। ऐनले विशेष उद्योग तथा सूचना प्रविधि उद्योगलाई उपलब्ध गराएको छुट सुविधा निम्नानुसार रहेको छ।

| बिबरण | विशेष उद्योगमा लाग्ने करको सामान्य दर | विशेष उद्योगलाई सुविधा अनुसार लाग्ने करको दर | सूचना प्रविधि उद्योगलाई सुविधा अनुसार लाग्ने करको दर |
|---|---|---|---|
| क. वर्षभरि १०० वा सो भन्दा बढी प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग | २०% | १८% | २२.५० % |
| ख. वर्षभरी ३०० वा सो भन्दा बढीप्रत्यक्ष रोजगारी दिने विशेष उद्योग | २०% | १६% | २०% |
| ग. वर्षभरि ५०० वा सो भन्दा बढी प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग | २०% | १५% | १८.७५% |
| घ. वर्षभरि १००० वा सो भन्दा बढी प्रत्यक्ष रोजगार दिने विशेष उद्योग | २०% | १४% | १७.५% |
| तर महिला, दलित वा अपाङ्गहरूमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी सय जना भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएमा उपर्युक्तानुसारको तिर्नुपर्ने कर रकममा थप दश प्रतिशत छुट सुविधा समेत पाउने । | | | |

**११(३)(ख) अति अविकसित, अविकसित, कमविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्ता उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म उक्त वर्षहरूको आयमा लाग्ने करको क्रमशः दश, बीस र तीस प्रतिशत ।**

**तर कर्णाली प्रदेशमा स्थापित सय भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने बिशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पन्ध्र बर्षसम्म आयकर छुट हुनेछ ।**

(यो प्रतिबन्धात्मक वाक्यांश आर्थिक ऐन, २०७८ ले थप गरेको हो)

देशको विभिन्न क्षेत्रमा उद्योग स्थापनाको लागि उपलब्ध पूर्वाधार एवम् बजारको अवस्थाको आधारमा देशको भौगोलिक अवस्था अनुसार विभिन्न क्षेत्रमा विभाजन गरिएको छ। पूर्वाधार एवम् अन्य कारणले पछाडि परेको भौगोलिक क्षेत्रमा औद्योगिक विकासका लागि प्रोत्साहन गर्न त्यस्ता क्षेत्रमा सञ्चालन भएका विशेष उद्योगले आफ्नो आयमा तिर्नुपर्ने करमा निश्चित दरमा कर छुट पाउने व्यवस्था ऐनको उपर्युक्त अनुसारको व्यवस्थाले गरेको छ ।

उद्योग सञ्चालन हुने क्षेत्रको आधारमा करमा उपलब्ध गराइएको छुट सुविधा निम्नानुसार रहेको छ । अतिअविकसित, अविकसित, कमविकसितक्षेत्रको विवरण औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख गरिएको छ । अतिअविकशित, अविकसित तथा कमविकसितक्षेत्रमा सञ्चालित विशेष उद्योगलाई करको दरमा दिइएको छुटको कारणले त्यस्ता उद्योगलाई लाग्ने करको दर निम्नानुसार हुन आउँछ :

| उद्योग सञ्चालन हुने क्षेत्र | विशेष उद्योगमा लाग्ने करको दर | सुविधा अनुसार लाग्ने करको दर |
|---|---|---|
| क. अतिअविकसित | २०% | २% |
| ख. अविकसित | २०% | ४% |
| ग. कमविकसित | २०% | ६% |

यस्तो सुविधा उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म हुनेछ । उदारहणको, लागि कुनै उद्योग मिति २०६५/०५/०३ मा दर्ता भएको रहेछ एवम् सो उद्योगले आफ्नो उत्पादनवा कारोबारको कार्यमिति २०६६/०१/०१ बाट सुरु गरेको रहेछ भने उक्त उद्योगलाई मिति २०६६।१।१ बाट १० वर्ष अर्थात २०७५ चैत्र मसान्तसम्म छुटको सुविधा उपलब्ध हुनेछ ।

**११(३)(ग) एक अर्बभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग ( क्यासिनो बाहेक)लाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत,**

**तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रूपैयाँ पुँजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत ।**

आर्थिक ऐन, २०७१ ले विशेष उद्योगलाई मात्र यो सुविधा दिएकोमा आर्थिक ऐन, २०७७ ले पर्यटन उद्योगलाई पनि यो सुविधा दिने गरी संशोधन गरेको । यस संशोधन पश्चात एक अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढी व्यक्तिलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार शुरु गरेको मितिले पहिलो पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशतले छुट दिने व्यवस्था गरेको छ । हाल सञ्चालनमा रहेका उद्योगले समेत आर्थिक ऐन, २०७७ ले गरेको संशोधन पश्चात वर्तमान क्षमतामा कम्तीमा २५ प्रतिशत वृद्धि गरी आफ्नो लगानी दुई अर्ब रूपैंयाँ पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरि नै रोजगारी प्रदान गरेको अवस्थामा क्षमतावृद्धिबाट प्राप्त भएको आयमा पहिलो पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशतले छुट दिने व्यवस्था गरेको छ । यसरी गरिने पुँजी लगानीमा ऋणबाट गरेको लगानी रकम समावेश हुँदैन । यस सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएकोछ ।

उदाहरण १०.२.३: मानौं, नेपाल सिमेण्ट उद्योग प्रा.लि.ले शेयरधनीको पुँजी लगानी एक अर्ब पचास करोड रूपैयाँसहित कुल चार अर्बरूपैयाँको लगानीमा एक सिमेण्ट उद्योग स्थापना भएको रहेछ । १,५०० टन प्रति दिन जडित क्षमता रहेको उक्त उद्योगले मिति २०७१।६।१ बाट आफ्नो उत्पादन सुरु गरेको रहेछ र सो उद्योगमा ५१० जना कामदार कर्मचारी वर्षभरि काम गर्ने गरेका रहेछन् । यस अवस्थामा मिति २०७१।६।१ देखि

| |
|---|
| २०७६।५।३१ सम्म सो उद्योगको करयोग्य आयमा शतप्रतिशत कर छुट हुने एवम् मिति २०७६।६।१ देखि २०७९।५।३१ सम्म सो उद्योगको करयोग्य आयमा पचास प्रतिशत कर छुट हुन्छ । |
| उदाहरण १०.२.४: मानौं, हाम्रो सिमेन्ट उद्योगले रु.८० करोड पुँजी लगानीमा मिति २०७०।६।१ बाटै आफ्नो उत्पादन सुरु गरी सकेको रहेछ । उक्त उद्योगले आफ्नो पुँजी लगानी रु.२० करोड थप गरी जडित क्षमता १,५०० टन प्रति दिनबाट २,५०० टन प्रति दिन हुने गरी वृद्धि गरेको रहेछ ।यसरी वृद्धि भएको उत्पादनमिति २०७१।९।५ देखि शुरु भएको रहेछ । सो उद्योगमा ५१० जना कामदार तथा कर्मचारी वर्षभरि काम गर्ने गरेका रहेछन् । सो उद्योगको वार्षिक आय क्षमता वृद्धिअघिरु.४० करोड रहेछ र क्षमता वृद्धि पछि रु.६० करोड, अर्थात सो उद्योगको आयमा ५० प्रतिशत वृद्धि भएको रहेछ । यस अवस्थामा सो उद्योगको क्षमता वृद्धि भई प्राप्त भएको ५० प्रतिशत करयोग्य आयमा मिति २०७१।९।५ देखि मिति २०७६।९।४अर्थात पाँच वर्षसम्म शतप्रतिशतले र मिति २०७६।९।५ देखि मिति २०७९।९।४अर्थात तीन वर्षसम्म पचास प्रतिशतले कर छुट हुनेछ । पुनश्चः आर्थिक ऐन, २०७७ ले गरेको संशोधन पश्चात हाल सञ्चालनमा रहेका उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी,दुई अर्ब रूपैयाँ पुँजी पुऱ्याउनुपर्ने एवम् तीन सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा मात्र लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ । |

**११(३क)** **विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ :-**

**११(३क)(क)** **हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलेकारोबार शुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरको शतप्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,**

**११(३क)(ख)** **खण्ड (क) मा उल्लिखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शतप्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,**

हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्ला तथा अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई निम्नानुसारको छुट तथा सुविधाको व्यवस्था गरेको छ :

| **उद्योग सञ्चालन हुने विशेष आर्थिक क्षेत्र** | **विशेष उद्योगमा लाग्ने करको दर** | **विशेष उद्योगमा सुविधा अनुसार लाग्ने करको दर** |
|---|---|---|
| क. हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा | २०% | पहिलो १० वर्षसम्म ०%<br>त्यसपछि १०% |
| ख. अन्य क्षेत्रमा | २०% | पहिलो ५ वर्षसम्म ०%<br>त्यसपछि १०% |

**११(३क)(ग)** **विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने करको कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म शतप्रतिशत र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत,**

विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा कारोबार सञ्चालन शुरु गरेको मितिले ५ वर्षसम्म शतप्रतिशत कर छुट हुने अर्थात लाभांश भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्न नपर्ने एवम् छैठौ, सातौ तथा आठौ

वर्षमा लाग्ने करको ५०% (अर्थात २.५%) ले र नवौ वर्षदेखि सामान्य दर (अर्थात ५%) ले कर लाग्नेछ ।

११(३क)(घ) **विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको पचास प्रतिशत ।**

ऐनको दफा ८८ को उपदफा (१) बमोजिम रोयल्टी एवम् प्रविधि तथा व्यवस्थापन शुल्कजस्ता सेवा शुल्कमा १५% को दरले अग्रिम कर कट्टी गर्नुपर्ने एवम् दफा ९२ को उपदफा (१) को खण्ड (च) बमोजिम गैर बासिन्दालाई भुक्तानी गरेको त्यस्तो कर अन्तिम कर कट्टी हुने व्यवस्था भएकोमा विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्तालाई भुक्तानी गरिने यस्ता शुल्कमा ७.५% का दरले मात्र कर लाग्ने व्यवस्था रहेको ।

११(३ख) **खनिज,पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् २०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ ।**

खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन् गर्ने व्यवसायले २०८० साल चैत्रमहिनाभित्र व्यापारिक उत्पादन शुरु गरेमा त्यसरी कारोबार शुरु भएको पहिलो ७ वर्षसम्म पूरै कर छुट हुन्छ भने त्यसपछि ३ वर्षसम्म पचास प्रतिशत छुट हुन्छ ।

११(३ग) **नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्राणीशास्त्र सम्बन्धी**
**(जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी पार्क सञ्चालन, प्रविधि पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्यांक प्रशोधन, साइवर क्याफे, डिजिटल म्यापिङ्ग सम्बन्धी उद्योगको आयमा लाग्ने करको पचास प्रतिशत छुट हुनेछ ।**

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीव प्रविधि (बायोटेक) सम्बन्धी पार्क सञ्चालन, प्रविधि पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सूचना प्रविधिमूलक उद्योगमा लाग्ने प्रचलित करको दरमा ५० प्रतिशतले छुट हुनेछ । उदाहरणका लागि यदि कुनै सूचना प्रविधिमूलक उद्योग नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा स्थापना भई आय आर्जन गरेको छ भने त्यसरी आर्जित आयमा १२.५० प्रतिशतका दरले मात्र कर लाग्ने व्यवस्था छ ।

११(३घ) **सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रूपमा उत्पादन, प्रसारण वा वितरण शुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायलेजलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको मितिलेपहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ । त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउनेछ ।**

**तर, यो उपदफा प्रारम्भ भएका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाकाबखतको व्यवस्था कायम रहनेछ ।**

देशमा विद्यमान रहेको विद्युत संकटलाई सम्बोधन गर्न २०८० साल चैत्र मसान्तभित्र व्यापारिक रूपमा जलविद्युत उत्पादन, प्रसारण वा वितरण शुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको मितिले पहिलो दश वर्ष शतप्रतिशत र त्यसपछिको पाँच वर्ष पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था गरिएको छ । यस्तो छुटको सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउनेछ ।

तर २०७२ श्रावण १ गतेसम्ममा व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गरिएका बखत कायम रहेको कर सम्बन्धी व्यवस्था लागू हुनेछ ।

आर्थिक ऐन, २०७८ ले उपरोक्त उपदफा (३घ) को सट्टा देहायको व्यवस्था गरेकोछः

**विद्युतको व्यापारिक कारोबार गर्ने व्यक्तिलाई देहाय बमोजिम कर छुट हुनेछ**

**(क) संवत् २०८२ साल चैत महिनासम्म जलविद्युत, सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ ।**

**तर संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत्त आयोजनाको हकमा पहिलो पन्ध्र वर्षसम्म पूरै र त्यसपछिको छ वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउनेछ ।**

**(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुँदाका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाको बखतको व्यवस्था कायम रहनेछ ।**

**११(३ङ)** **नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा देहाय अनुसार कर छुट हुनेछ :-**

**(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतको दरले कर लाग्ने रहेछ भने सो करमा पच्चीस प्रतिशत र तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा पचास प्रतिशत,**

**(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशत,**

**(ग) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिम छुट पछि कायम हुने करमा थप पैतीस प्रतिशत ।**

नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा पच्चीस प्रतिशत छुट हुने अर्थात १५ प्रतिशतका दरले कर लाग्दछ । नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा पचास प्रतिशत छुट हुने अर्थात १५ प्रतिशतका दरले कर लाग्दछ । नेपालको स्रोतबाट कुनै आय

वर्षमा निकासीबाट निकायको आयमा लाग्ने करमा बीस प्रतिशत छुट हुने अर्थात २० प्रतिशतका दरले कर लाग्दछ ।

उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरेर प्राप्त गरेको आयमा दफा११(३ङ)को खण्ड (क) र (ख) बमोजिमको छुट पछि कायम हुने करको दरमा थप पच्चीस प्रतिशत छुट हुनेछ । यस व्यवस्था अनुसार निर्यातको प्रभावकारी दर निम्नानुसार हुन्छ :

| व्यक्ति | आयमा लाग्ने करको दर | विशेष उद्योगको करको दर | निर्यात गरेमा लाग्ने करको दर | उत्पादनमूलक उद्योगलाई निर्यातमा लाग्ने करको दर |
|---|---|---|---|---|
| बासिन्दा प्राकृतिक व्यक्ति | २०% | २०% | १५% | ११.२५% |
| बासिन्दा प्राकृतिक व्यक्ति | ३०% | २०% | १५% | ११.२५% |
| बासिन्दा निकाय | २५% | २०% | १६% | १२% |

**आर्थिक ऐन, २०७८ ले उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरेर प्राप्त गरेको आयमा दफा११(३ङ)को खण्ड (क) र (ख) बमोजिमको छुट पछि कायम हुने करको दरमा थप पैतीस प्रतिशत छुट हुने व्यवस्था गरेको छ । यस व्यवस्था अनुसार निर्यातको प्रभावकारी दर निम्नानुसार हुन्छ :**

| **व्यक्ति** | **आयमा लाग्ने करको दर** | **विशेष उद्योगको करको दर** | **निर्यात गरेमा लाग्ने करको दर** | **उत्पादनमूलक उद्योगलाई निर्यातमा लाग्ने करको दर** |
|---|---|---|---|---|
| **बासिन्दा प्राकृतिक व्यक्ति** | **२०%** | **२०%** | **१५%** | **९.७५%** |
| **बासिन्दा प्राकृतिक व्यक्ति** | **३०%** | **२०%** | **१५%** | **९.७५%** |
| **बासिन्दा निकाय** | **२५%** | **२०%** | **१६%** | **१०.४०%** |

११(३च) कुनै निकायले देहाय बमोजिमको कार्य गरी सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ :

(क) ट्राम वा ट्रलि बस सञ्चालन गरेमा चालीस प्रतिशत,

(ख) रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन गरेमा चालीस प्रतिशत,

(ग) सडक, पुल, सुरुङ्ग मार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गरेमा पचास प्रतिशत ।

**११(३छ) धितोपत्र बजारमा सूचिकृत भएका उत्पादनमुलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा उल्लेख भएका निकायहरूलाई लाग्ने करमा पन्ध्र प्रतिशतले छुट हुनेछ ।**

११(३ज) **अति अविकसित क्षेत्र र अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश बर्षसम्म क्रमशः चालीस र पच्चीस प्रतिशत आयकर छुट हुनेछ**

११(३झ) **कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरको दरमा पच्चीस प्रतिशतले छुट हुनेछ।**

११(३ञ) **कुनै व्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशतले छुट हुनेछ।**

आर्थिक ऐन, २०७१ ले दफा ११ को उपदफा (३ट) थप गरी पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई निम्नानुसार छुटको व्यवस्था गरेको छ।

११(३ट) **दुई अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा र त्यसपछिको तीन वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ।**

आर्थिक ऐन, २०७१ ले गरेको यस संशोधन पश्चात दुई अर्ब रूपैयाँ भन्दा बढीको पुँजी लगानीमा स्थापना हुने क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई कारोबार शुरु गरेको मितिले पहिलो पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशतले छुट दिने व्यवस्था गरेको छ। यस सम्बन्धी व्यवस्थाका लागि माथि उदाहरण १०.२.३ तथा १०.२.४ समेत प्रासंगिक हुनेछ।

आर्थिक ऐन, २०७८ ले उपरोक्त उपदफा (३ट) को सट्टा देहायको व्यवस्था गरेको छः

**पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई देहाय अनुसार कर छुट हुनेछः-**

(क) **एक अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएकोलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा र त्यसपछिको तीन वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ।**

(ख) **तीन अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएकालाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म पूर्ण रूपमा र त्यसपछिको पाँच वर्षसम्म लाग्ने आयकरको दरमा पचास प्रतिशत छुट हुनेछ।**

(ग) **पाँच अर्ब रूपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना भएकालाई कारोबार सुरु गरेको मितिले पन्ध्र वर्षसम्म पूर्ण रूपमा छुट हुनेछ।**

११(३ठ) **विशेष उद्योग, र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरूप लाग्ने लाभांश करमा शतप्रतिशत छुट हुनेछ।**

विशेष आर्थिक क्षेत्रमा स्थापित कुनै विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारका लागि पुँजीकरण गरेको अवस्थामा त्यसरी भएको पुँजीकरणलाई

लाभांश वितरण मानिने तर सोमा ऐनको दफा ८८ को उपदफा (२) को खण्ड(क) बमोजिम लाभांश कर नलाग्ने व्यवस्था रहेको छ ।

११(३ड) पचास करोड रूपैयाँ वा सो भन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको कुनै कम्पनी हुने गरी पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक कम्पनीको रूपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म लाग्ने करमा दश प्रतिशत छुट हुनेछ ।

तर, कम्पनी ऐन, २०६३ को दफा १२ बमोजिम पब्लिक कम्पनीको रूपमा संस्थापन हुनुपर्ने कम्पनीले यस उपदफा बमोजिमको सुविधा पाउने छैन ।

११(३ढ) स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशतले छुट हुनेछ ।

११(३ण) सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाको करयोग्य आयमा लाग्ने करमा बीस प्रतिशत छुट हुनेछ ।

११(३त) लघु उद्यमलाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले सात वर्षसम्म लाग्ने आयकर पूर्ण रूपमा छुट हुनेछ । यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप तीन वर्ष लाग्ने आयकर पूर्ण रूपमा छुट हुनेछ ।

११(३थ) कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधर संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकायलाई सो निकायको करयोग्य आयमा लाग्ने करमा बीस प्रतिशतले छुट हुनेछ ।

११(३द) औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना भई सञ्चालन भएका विशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरमा पच्चीस प्रतिशत छुट हुनेछ ।

औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना भई सञ्चालन भएका विशेष उद्योगले उत्पादन गरेको वस्तुको बिक्री कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको दरमा पच्चीस प्रतिशत छुट हुने व्यवस्था रहेको छ

आर्थिक ऐन, २०७८ ले उपरोक्त उपदफा (३द) को सट्टा देहायको व्यवस्था गरेको छ:

औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना वास्थानान्तरण भई सञ्चालनमा रहेको विशेष उद्योगलाई उत्पादन शुरू भएको मितिले तीन वर्षसम्म लाग्ने करमा पचास प्रतिशत र त्यसपछिको पाँच वर्षसम्म पच्चीस प्रतिशत छुट हुनेछ ।

आर्थिक ऐन, २०७८ ले देहायको उपदफा (३ध), (३न), (३प), (३फ), (३ब) थप गरिएको छ:

११(३ध) स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा बीस प्रतिशत छुट हुनेछ ।

११(३न) नवप्रवर्तनकारी ज्ञान, सोच, सीप, प्रविधि, व्यवहार र तरिका प्रयोग गरी वार्षिक एक करोडसम्म कारोबार गर्ने विभागले तोकेको स्टार्ट अप व्यवसायलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने करमा शतप्रतिशत छुट हुनेछ ।

११(३प) काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको कुनै विशेष उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण भई सञ्चालन भएमा त्यसरी स्थानान्तरण भई सञ्चालन भएको मितिले तीन वर्षसम्म लाग्ने करमा शतप्रतिशत र त्यसपछिको दुई वर्षसम्म पचास प्रतिशत छुट हुनेछ ।

११(३फ) वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रुपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई कारोबार शुरु गरेको मितिले पहिलो तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत र त्यस पछिको दुई वर्ष पच्चीस प्रतिशत छुट हुनेछ ।

११(३ब) स्वास्थ्य खोप, अक्सिजन ग्यास तथा स्यानिटरी प्याड उत्पादन गर्ने उद्योगलाई उत्पादन सुरू भएको मितिले तीन वर्षसम्म लाग्ने करमा शतप्रतिशत र त्यसपछिको दुई वर्षसम्म पचास प्रतिशत छुट हुनेछ ।

११(४) कुनै व्यक्तिले यस दफा बमोजिम बेग्लाबेग्लै कर छुट सुविधा पाउने कारोबार गरेको रहेछ भने त्यस्तो सुविधा लिने आयको गणना गर्दा छुट्टाछुट्टै व्यक्तिले सो आय प्राप्त गरेको सरह मानी आय गणना गुर्न पर्नेछ ।

ऐनको दफा ११ बमोजिमको छुटको सुविधा प्राप्त हुने व्यक्तिले आय गणना गर्दा सो मात्र आय रहेको मानी आय गणना गर्नु पर्दछ । अर्थात त्यस्तो व्यक्तिको अन्य आय पनि भए त्यस्तो अन्य आयमा यस्तो सुविधा उपलब्ध हुने छैन । यस सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ :

उदाहरण १०.२.५ : मानौं, स्वस्तिक गार्मेण्ट उद्योग प्रा.लि.को उद्योग काठमाडौंमा रहेछ । उक्त उद्योगको अर्को एकाइ धादिङ (कम विकसित क्षेत्र) मा समेत सञ्चालनमा रहेछ । आ.व. २०७५/७६ मा उक्त प्रा.लि.को दुई एकाईको कारोबारको अवस्था निम्नानुसार रहेछ ।

रकम रु. हजारमा

| विवरण | काठमाडौं | धादिङ | कुल |
|---|---|---|---|
| बिक्री | २,१०,०० | १,४०,०० | ३,५०,०० |
| बिक्रीको लागत | १,५०,०० | १,२५,०० | २,७५,०० |
| सञ्चालन खर्च | १०,०० | ८,०० | १८,०० |

उक्त प्रा.लि.को माथि उल्लेखित हिसाव किताबबाट छुट्टै खुल्ने खर्चको अलावा केन्द्रिकृत रूपमा अप्रत्यक्ष रु.५,००,०००।- खर्च भएको रहेछ । उक्त प्रा.लि.को आ.व.२०७५/७६ मा करको दायित्व निम्नानुसार गणना गरिनु पर्दछ : रकम रु. हजारमा

| विवरण | काठमाडौं | धादिङ | कुल |
|---|---|---|---|
| बिक्री | २,१०,०० | १,४०,०० | ३,५०,०० |
| न्यून: | | | |

| | | | |
|---|---|---|---|
| बिक्रीको लागत | १,५०,०० | १,२५,०० | २,७५,०० |
| सञ्चालन खर्च | १०,०० | ८,०० | १८,०० |
| अन्य खर्च (कुल बिक्रीको अनुपातमा अप्रत्यक्ष खर्च छुट्याइएको) | ३,०० | २,०० | ५,०० |
| **निर्धारणयोग्य आय** | **४७,००** | **५,००** | **५२,००** |
| छुट | - | - | - |
| **करयोग्य आय** | **४७,००** | **५,००** | **५२,००** |
| लाग्ने करको दर | २०% | ६% | |
| **कर रकम** | **९,४०** | **३०** | **९,७०** |

यसरी कम विकसित क्षेत्रमा रहेको विशेष उद्योगको आयमा मात्र उपर्युक्त बमोजिम करको दरमा छुट उपलब्ध हुन्छ । साथै एक इकाइमा नोक्सानी भएमा अर्को इकाइको आयमा मिलान गर्न पाईदैन । करको गणना गर्दा उक्त प्रा.लि.को आय गणना सम्बन्धी फाराम छुट्टाछुट्टै रूपमा भर्नु पर्दछ ।

११(५) **एउटै आयको सम्बन्धमा यस दफाबमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउने छ ।**

कुनै व्यक्तिको यस दफा अन्तर्गतका उपदफामा छुटका सुविधामध्ये एक भन्दा बढी सुविधा पाउन सक्ने अवस्था भए आफूले रोजेको कुनै एउटा छुट मात्र पाउने छ । जस्तैः दफा ११ को उपदफा (३) को खण्ड (क) बमोजिम वर्षभरि १०० वा सो भन्दा बढी प्रत्यक्ष रोजगारी दिने विशेष उद्योगले करको दरमा १०% छुट पाउने र दफा ११ को उपदफा (३) को खण्ड (ख) बमोजिम त्यस्तो उद्योग अतिअविकसित क्षेत्रमा सञ्चालन भए लाग्ने करको दरमा ९०% छुट हुने हुन्छ । यस्तो अवस्थामा सो व्यक्तिले दफा ११ को उपदफा (३) को खण्ड (क) वा खण्ड (ख) मध्ये आफूले रोजेको कुनै एक छुट मात्र पाउने छ । यस सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ :

उदाहरण १०.२.६: मानौं, माथि उदाहरण १०.२.५ मा उल्लिखित स्वस्तिक गार्मेण्ट उद्योग प्रा.लि.को धादिङ एकाईमा १०० जना भन्दा बढी नेपाली कामदार वर्षभरि कार्यरत रहेछन र सोमध्ये ३३% भन्दा बढी महिला, दलित र अपाङ्ग कार्यरत रहेछन भने त्यस्तो अवस्थामा ऐनको दफा ११(३)(क) मा उल्लिखित तोकिए भन्दा बढी रोजगारी दिने उद्योगले पाउने सुविधा (लाग्ने दरमा १९% कर छुटको सुविधा) वा ऐनको ११(३)(ख) मा उल्लिखित कमविकसित क्षेत्रमा सञ्चालित उद्योगले पाउने सुविधा (लाग्ने दरमा ७०% कर छुटको सुविधा)मध्ये सो प्रा.लि.ले कुनै एक सुविधा मात्र छान्न पाउँदछ ।

११(६) **उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (ख) बमोजिमको उद्योग सञ्चालन गर्न प्रयोग भएका सम्पत्तिहरू साविकमा अन्य व्यक्तिले सोही किसिमको उद्योग सञ्चालन गर्न प्रयोग गरेको भए सो उपदफाको समयको सीमाको गणना गर्दा त्यसरी प्रयोग भएको अवधिलाई समेत गणना गर्नु पर्नेछ ।**

उद्योगलाई आयकरको छुटको सुविधा दिँदा त्यस्ता सुविधामा समयसीमा भएको र उद्योग सञ्चालनको लागि प्रयोग भएको सम्पत्ति पुरानो रहेछ

भने त्यस्तो अवस्थामा समयको सीमा साविक अवधिबाट नै गणना गरिन्छ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएकोछ :

| |
|---|
| उदाहरण १०.२.७ : माथि उदाहरण १०.२.५ मा उल्लेखित स्वस्तिक गार्मेण्ट उद्योग प्रा.लि.को धादिङ एकाईमा उद्योग सञ्चालन गर्न प्रयोग भएको सम्पत्ति नयाँ भएको भए ऐनको दफा ११ को उपदफा (३) को खण्ड (ख) बमोजिम छुटको सुविधा १० वर्ष हुने हुन्छ तर उक्त सम्पत्ति यदि ३ वर्ष अन्य कुनै व्यक्तिले त्यस्तै उद्योग सञ्चालन गर्न प्रयोग गरिसकेको भए त्यस्तो अवस्थामा उक्त प्रा.लि.को धादिङ एकाईमा उद्योगले छुट सुविधा बाँकी अवधि अर्थात ७ वर्षमात्र पाउने हुन्छ । |

**स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि, -**

**(क) "कृषि व्यवसाय" भन्नाले सार्वजनिक वा निजी जमिनबाट बालीनाली उत्पादन गर्ने वा जमिन प्रयोग गर्ने मोहीबाट कुत वा बाली प्राप्त गर्ने व्यवसाय सम्झनु पर्छ ।**

**(ख) "अतिअविकसित", "अविकसित" र "कम विकसित क्षेत्र" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लिखित क्षेत्र सम्झनु पर्छ ।**

औद्योगिक व्यवसाय ऐन,२०७६ को अनुसूची-१० मा उल्लेखित "अतिअविकसित", "अविकसित" र "कम विकसित क्षेत्र"को सूचि यस निर्देशिकाको अनुसूची-२(क) मा उल्लेख गरिएको छ ।

**(ग) "विशेष उद्योग" भन्नाले चुरोट, बिँडी, सिगार, खानेसूर्ति, खैनी, गुटका, पानमसला, मुख्य कच्चा पदार्थ सूर्ति भएको सोही प्रकृतिका अन्य उत्पादनहरू, मदिरा, वियर तथा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योगबाहेक औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) मा वर्गीकरण गरिएका उत्पादनमूलक, कृषि तथा वनजन्य र खनिज उद्योग सम्झनु पर्छ ।**

**(घ) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (१) को खण्ड (क) मा वर्गीकरण गरिएको "लघु उद्यम" सम्झनु पर्छ ।**

११(७) **उपदफा (३क) र (३ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि सोही उपदफाहरुमा उल्लिखित उद्योग वा व्यवसाय सञ्चालन गर्न प्रयोग भएको सम्पत्ति साविकमा अन्य व्यक्तिले सोही किसिमको वा अन्य किसिमको उद्योग वा व्यवसाय सञ्चालन गर्न प्रयोग गरेको पुरानो सम्पत्ति भए सो उपदफाहरु बमोजिमको सुविधा प्राप्त हुने छैन ।**

दफा ११ को उपदफा (३क) मा उल्लिखित विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग एवम् दफा ११ को उपदफा (३ग) मा उल्लिखित सूचना पार्कभित्र सञ्चालित उद्योगले अन्य व्यक्तिले प्रयोग गरेको वा अन्यत्र प्रयोग भइसकेको सम्पत्ति प्रयोग गरी त्यस्ता उद्योग सञ्चालन गरेको अवस्थामा यस्तो सुविधा उपलब्ध हुनेछैन । अर्थात, सूचना पार्कमा वा विशेष आर्थिक क्षेत्रमा अन्यत्रबाट मेशिन, औजार तथा संयन्त्र स्थानान्तरण गरी सोही सम्पत्ति प्रयोग गर्ने उद्योगको हकमा यो सुविधा उपलब्ध हुने छैन ।

## १०.३ पूर्वाधार संरचना छुट तथा सुविधा :

ऐनको दफा ११क. बमोजिम पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निम्नानुसारको कर लाग्ने व्यवस्था गरेको छ ।

> **११क. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नका लागि नेपाल सरकार र कुनै व्यक्तिकाबीच कुनै सम्झौता भएमा सो सम्झौता गर्दाका बखत कायम ऐनले व्यवस्था गरेको करका सुविधाहरू त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभरउपभोग गर्न पाउनेछ ।**

नेपाल सरकारले पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नका लागि कुनै व्यक्तिसँग सम्झौता गर्दा कायम रहेको कर सम्बन्धी व्यवस्था तथा सुविधा जस्तैः करको दर एवम् सुविधा, ह्रास कट्टी सम्बन्धी व्यवस्था, नोक्सानी कट्टी आदि प्रावधानमा पछिल्ला वर्षमा ऐनमा संशोधन भएतापनि त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर त्यस्तो कर सम्बन्धी सुविधा उपभोग गर्न पाउनेछ ।

## १०.४ चन्दा उपहार

**ऐनको दफा १२ बमोजिम कर छुट पाएका संस्थाहरूलाई दिइएको चन्दा उपहार घटाउन दाबी गर्ने सन्दर्भमा निम्नानुसारको व्यवस्था गरेको छ :**

> **१२(१) कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउने दाबी गर्न सक्नेछ ।**

सामान्यतयाः चन्दा तथा उपहारले प्रतिफलको आस नराखी गरिने भुक्तानीलाई बुझाउँछ । यस्तो चन्दा तथा उपहार कर छुट पाउने संस्थालाई भुक्तान गरिएको खण्डमा मात्र त्यस्तो रकम आयकर प्रयोजनको लागि घटाउने दाबी गर्न सक्नेछ ।

> **१२(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्तउपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रूपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ त्यो भन्दा बढी हुने छैन ।**

ऐनको दफा २ को खण्ड (क न १) मा समायोजित करयोग्य आयलाई निम्नानुसार परिभाषित गरिएको छ ।

> **"समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आयवर्षको करयोग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ ।**

चन्दा खर्च आयकर प्रयोजनको लागि घटाउन दाबी गर्दा समायोजित करयोग्य आयको ५ प्रतिशत वा एक लाख वा वास्तविक भुक्तानीमध्ये जुन घटी हुन्छ सो मात्र दाबी गर्न सकिन्छ । चन्दा खर्च प्रयोजनका लागि समायोजित करयोग्य आय गणना गर्दा दफा १४(२), १७ तथा १८ बमोजिम खर्च मानिने रकमलाई खर्च कट्टी दिई गणना गर्नु पर्दछ ।

उदाहरण १०.४.१ : मानौं, स्वस्तिक नेपाल प्रा.लि.को आ.व.२०७५।७६ को कारोबारको अवस्था निम्नानुसार रहेछः

| | |
|---|---|
| बिक्री | रु.१०,००,०००।- |
| बिक्रीको लागत | रु.६,००,०००।- |
| ह्रास खर्च | रु.५०,०००।- |
| अन्य प्रशासनिक खर्च | रु.२,५०,०००।- |

| | |
|---|---|
| चन्दा खर्च | रु.१५,०००।- |
| उक्त प्रा.लि.को सो आ.व.मा छुट दाबी गर्न पाउने चन्दा खर्च निम्नानुसार हुन आउँछ । | |
| बिक्री | रु.१०,००,०००।- |
| न्यून: | |
| बिक्रीको लागत | रु.६,००,०००।- |
| ह्रास खर्च | रु.५०,०००।- |
| अन्य प्रशासनिक खर्च | रु.२,५०,०००।- |
| समायोजित करयोग्य आय | रु.१,००,०००।- |
| (क) वास्तविक चन्दा खर्च | रु.१५,०००।- |
| (ख) समायोजित करयोग्य आयको ५% हुने रकम | रु.५,०००।- |
| दाबी योग्य चन्दा खर्च ((क) र (ख) मध्ये घटी) | रु.५,०००।- |
| यस अनुसार उक्त प्रा.लि.ले आ.व.२०७५।७६ मा रु.१५,०००।- चन्दा भुक्तानी गरेतापनि रु. ५,०००।- मात्र करयोग्य आयबाट घटाई पाउन दाबी गर्न सक्दछ । | |

**१२(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च बापत पूर्ण वा आंशिक रूपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ ।**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष प्रयोजन (जस्तै, बाढी पिडित राहत कोष) को लागि दिइएको चन्दा खर्चमा भने यसरी खर्च दाबी गर्न पाउने रकमको सीमा तोकिएको छैन तथा यस्तो चन्दा खर्च दफा १२(२) को सीमाबाहिर पनि हुन सक्छ ।

उदाहरण १०.४.२: मानौं, माथि उदाहरण १०.४.१ मा उल्लिखित स्वस्तिक नेपाल प्रा.लि.ले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको कार्यको लागि थप रु.५०,०००।- चन्दा दिएको रहेछ र सो सूचनामा कर छुट हुने व्यवस्था रहेछ भने निजको समायोजित करयोग्य आयको ५% हुने रकम रु.५,०००।- को अलावा रु.५०,०००।- समेत कुलरु.५५,०००।- नै खर्च कट्टी पाउँछ ।

## १०.५ सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च

ऐनको दफा १२क. मा सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्चको दाबी गर्ने सन्दर्भ निम्नानुसारको व्यवस्था गरेको छ :

**१२क. कुनै कम्पनीले कुनै आय वर्षमा विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्चमध्ये दश लाख रूपैंयाँसम्मको रकम वा निर्धारणयोग्य आयको दश प्रतिशतले हुने रकममध्ये जुन घटी हुन्छ त्यस्तोरकम आफ्नो उक्तवर्षको करयोग्य आय गणना गर्दा घटाउने दाबी गर्न सक्नेछ ।**

नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा कुनै कम्पनीले गरेको खर्च निम्न आधारमा निर्धारणयोग्य आयबाट घटाई पाउन दाबी गर्न सक्छ:

क. **विभागबाट पूर्व स्वीकृति लिनुपर्ने:** यसरी स्वीकृति माग्दा खर्च गर्ने प्रयोजन, खर्च गर्ने अनुमानित रकम, खर्च गर्ने समयसीमा एवं खर्च गर्ने प्रक्रिया (जस्तै: सम्बन्धित निकायमा सिधा भुक्तानी गर्ने, आफै गर्ने वा ठेक्का मार्फत गर्ने) खोली खर्च गर्नु

कम्तीमा ७ दिन अगाडि सम्बन्धित कार्यालयमा वा विभागमा निवेदन दिनु पर्दछ । विभागले यस सम्बन्धमा स्वीकृति दिनु पर्दछ ।

ख. **खर्च गर्न सक्ने सीमा:** यस प्रयोजनकोलागि रु.१० लाख वा निर्धारणयोग्य आयको १० प्रतिशतमध्ये जुन घटी हुन्छ सोभन्दा बढी हुन हुँदैन ।

उदाहरण १०.५.१ : मानौं, दिप ज्योती नेपाल लि.को आ.व.२०७५।७६ को कारोबारको अवस्था निम्नानुसार रहेछ:

| | | |
|---|---|---|
| बिक्री रु. | | २,००,००,०००।- |
| बिक्रीको लागत रु. | | १,३५,००,०००।- |
| ह्रास खर्च रु. | | ८,५०,०००।- |
| अन्य प्रशासनिक खर्च रु. | | ३५,००,०००।- |
| प्राचिन मन्दिर जिर्णोद्धार खर्च रु. | | ५,००,०००।- |
| विभागबाट स्वीकृत प्राप्त कर छुट संस्थालाई दिएको चन्दा खर्च रु. | | १,३०,०००।- |

उक्त कम्पनीको सो आ.व.मा छुट दाबी गर्न पाउने चन्दा खर्च निम्नानुसार हुन आउँछ ।

| | | |
|---|---|---|
| बिक्री रु. | | २,००,००,०००।- |
| बिक्रीको लागत रु. | | (१,३५,००,०००।) |
| ह्रास खर्च रु. | | (८,५०,०००।-) |
| अन्य प्रशासनिक खर्च रु. | | (३५,००,०००।-) |
| निर्धारणयोग्य आय रु. | | २१,५०,०००।- |
| निर्धारणयोग्य आयको १०% ले हुने रकम रु. | २,१५,०००।- | |
| वास्तविक प्राचीन मन्दिर जिर्णोद्धार खर्च रु. | ५,००,०००।- | |
| दाबीयोग्य प्राचीन मन्दिर जिर्णोद्धार खर्च रु. | | (२,१५,०००।-) |
| समायोजित करयोग्य आय रु. | | १,९३५,०००।- |
| समायोजित करयोग्य आयको ५% रकम रु. | ९६,७५०।- | |
| अधिकतम सीमा रु. | १,००,०००।- | |
| वास्तविक चन्दा खर्च रु. | १,३०,०००।- | |
| दाबी योग्य चन्दा खर्च रु. | | (९६,७५०।-) |
| करयोग्य आय रु. | | १८,३८,२५०।- |

## १०.६ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च

ऐनको दफा १२ख.मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम खर्च दाबी गर्ने सन्दर्भ निम्नानुसारको व्यवस्था गरेको छ :

१२ख. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च : कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम सो वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ ।

१०.७ स्टार्ट अप व्यवसायलाई दिएको बीउ पुँजी वापतको रकम

ऐनको दफा १२ग.मा स्टार्ट अप व्यवसायलाई बीउ पुँजी वापत अनुदान स्वरुप उपलब्ध गराएको रकम खर्च दाबी गर्ने सन्दर्भमा निम्नानुसारको व्यवस्था गरेको छ :

१२ग. स्टार्ट अप व्यवसायलाई दिएको बीउ पुँजीः कुनै व्यक्तिले सम्बद्ध व्यक्ति बाहेकका बढीमा पाँच वटा स्टार्ट अप व्यवसायलाई प्रति व्यवसाय एक लाख रुपैयाँसम्मको बीउ पुँजी अनुदान स्वरुप उपलब्ध गराएमा सो रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ ।

# परिच्छेद ११

# प्राकृतिक व्यक्ति

# (Natural Person)

११.१ आयकर ऐन, २०५८ मा करयोग्य आय हुने व्यक्तिलाई कर लगाउने व्यवस्था रहेको छ । उक्त व्यवस्था अर्न्तगत व्यक्ति भन्नाले प्राकृतिक व्यक्ति (Natural Person)लगायत निकायलाई समेत जनाउँछ । प्राकृतिक व्यक्तिले आर्जन गरेको आयमा निकायको भन्दा फरक रूपमा आय तथा आयकर गणनाका सम्बन्धमा ऐनको परिच्छेद ९ मा विशेष व्यवस्था गरिएको छ । उपर्युक्त विशेष व्यवस्था लगायत प्राकृतिक व्यक्तिका आय वा आयकर गणना गर्ने सम्बन्धमा भएका व्यवस्थालाई प्रकाश पार्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

११.२ **मुख्य शब्दावली**

११.२.१ **प्राकृतिक व्यक्तिः** प्राकृतिक व्यक्ति (Natural Person) भन्नाले मानिस (Human being)लाई जनाउँछ । निकायको स्थापना एवम् सञ्चालन सम्बन्धी कानुनमा उल्लेख गरे बमोजिम हुनेछ भने प्राकृतिक व्यक्तिले सामान्यतयाः स्पष्ट रूपमा कानुनले बन्देज नलगाएका बाहेक अन्य काम गर्न सक्दछन् । ऐनको दफा (२) को खण्ड (व) मा प्राकृतिक व्यक्तिलाई निम्नानुसार परिभाषित गरिएको छ

**"प्राकृतिक व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति विशेष सम्झनु पर्छ र यस ऐनको प्रयोजनको लागि सो शब्दले दर्ता भई वा नभई प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको एकलौटी फर्म तथा एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी दफा ५० बमोजिम छनौट भएको दम्पती समेतलाई जनाउँछ ।**

११.२.२ **बासिन्दा व्यक्तिः** ऐनको दफा २ को खण्ड (कङ) को उपखण्ड (१) मा प्राकृतिक व्यक्ति निम्नानुसारको कुनै अवस्था भएमा बासिन्दा व्यक्ति मानिन्छ ।

(क) **सामान्य बसोबासको स्थान नेपालमा रहेको,**

(ख) **अविच्छिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सो भन्दा बढी नेपालमा रहेको, वा**

(ग) **नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको ।**

बासिन्दा व्यक्ति सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद २ मा गरिएको छ ।

११.२.३ **दम्पतीः**बासिन्दा प्राकृतिक व्यक्ति र सो व्यक्तिको बासिन्दा पति वा पत्नी दुवैले लिखित रूपमा सूचना दिएर कुनै खास आयवर्षमा कर प्रयोजनको लागि एउटै प्राकृतिक व्यक्तिको (Married filing jointly)रूपमा मानिने गरी छनौट गर्न सक्दछन् । कुनै आय वर्षकोलागि यो व्यवस्था छनौट गर्ने दम्पतीमध्ये पति वा पत्नीले सो वर्षमा बुझाउनुपर्ने करको लागि संयुक्त रूपमा र छुट्टाछुट्टै रूपमा जिम्मेवार (Jointly and Separately Liable) हुन्छन् । ऐनको दफा ५० मा दम्पतीको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ ।

५०(१) **बासिन्दा प्राकृतिक व्यक्ति र सो व्यक्तिको बासिन्दा पति वा पत्नी दुवैले लिखित सूचना दिएर कुनै खास आय वर्षमा कर प्रयोजनको लागि एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी छनौट गर्न सक्नेछन् ।**

५०(२) **कुनै आय वर्षको सम्बन्धमा उपदफा (१) मा उल्लिखित व्यवस्था छनौट गर्ने दम्पतीमध्ये पति वा पत्नीले सो वर्षमा बुझाउनु पर्ने करको लागि एक अर्कोप्रति संयुक्तरूपमा र छुट्टाछुट्टै रूपमा जिम्मेवार हुनेछन् ।**

५०(३) **उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आश्रितलाई भरणपोषण गर्नुपर्ने बासिन्दा विधवा वा विधुरलाई दम्पतीसरह मानिने छ ।**

ऐनको दफा ५० को व्यवस्था अनुसार दम्पतीहुनलाई सामान्यतया: निम्नानुसारको अवस्था भई छनौट गरेको हुनु पर्दछ ।

- पति पत्नी दुवै जना बासिन्दा व्यक्ति हुनु पर्दछ ।
- दम्पतीको रूपमा मानिने पति वा पत्नी दुवैले लिखित सूचना दिनु पर्दछ । तर आय विवरण फारममा छनौटबारे निर्दिष्ट महलमा जानकारी दिएमा सोही आधारमा छनौट गरेको मानिनेछ ।
- छनौट एक आय वर्षका लागिमात्र हुन्छ ।
- कर तिर्ने जिम्मेवारी पति र पत्नी दुवै जनाको संयुक्त र व्यक्तिगत रूपमा हुनेछ ।
- आश्रितलाई भरणपोषण गर्नुपर्ने बासिन्दा विधुर वा विधवाले (Qualified Widow/er) पनि दम्पती सरह सुविधा दाबी गर्न सक्तछन् ।

## ११.३ औषधि उपचार बापत कर मिलान (Medical Tax Credit)

११.३.१ प्राकृतिक बासिन्दा व्यक्तिले निजको लागि आफै वा अन्य कुनै व्यक्ति मार्फत (जस्तै, रोजगारदाता मार्फत) गरेको स्वीकृत औषधि उपचार खर्चको लागि कुनै आय वर्षमा औषधि उपचार बापत कर मिलान (Medical Tax Credit)दाबी गर्न सक्दछ । आयकर ऐन, २०५८ मा औषधि उपचार बापतको खर्च मिनाहा हुने व्यवस्था नगरी औषधि उपचार खर्च बापत प्राप्त भएको सुविधा भए सो सुविधाको भुक्तानीलाई आयको गणनामा समावेश गरी लाग्ने करको गणना पश्चात करबाट एउटा निश्चित व्यवस्था र तोकिएको सीमाको अधीनमा रही कर दायित्वबाट सिधै घटाउन पाउने व्यवस्था गरिएको छ । ऐनमा दम्पतीको रूपमा आय निर्धारण गर्न छनौट गरेको दम्पतीलाई पनि प्राकृतिक व्यक्ति मानिएको हुँदा कुनै आय वर्षमा एउटै प्राकृतिक व्यक्तिको रूपमा छनौट गरेको पति वा पत्नीले सो आय वर्षमा आफ्नो र आफ्नो पति वा पत्नी उपर गरिएको स्वीकृत औषधि उपचार खर्च समेत यस प्रयोजनको लागि मान्यता राख्दछ ।

ऐनको दफा ५१ मा औषधि उपचार बापत कर मिलान सम्बन्धी निम्नानुसारको व्यवस्था रहेको छ :

**५१(१) कुनै प्राकृतिक बासिन्दा व्यक्तिले निजको लागि आफैं वा अन्य कुनै व्यक्ति मार्फत गरेको स्वीकृत औषधि उपचार खर्चको लागि कुनै आय वर्षमा औषधि उपचार बापत कर मिलान गर्न दाबी गर्न सक्नेछ ।**

औषधोपचार खर्च प्राकृतिक व्यक्ति आफैंले वा अन्य कुनै व्यक्तिमार्फत निजको लागि गरिएको भए पनि त्यस्तो खर्च बापत कर मिलान दाबी गर्न पाइन्छ । निजको लागि भन्नाले प्राकृतिक व्यक्तिको आफ्नो लागि भएको औषधोपचार जनाउँदछ । तर कुनै आय वर्षमा दम्पती हुन छनौट गर्ने प्राकृतिक व्यक्तिको हकमा सो आय वर्षको लागि पति र पत्नी दुवैको लागि भएको औषधोपचार खर्चको लागि कर मिलान दाबी गर्न पाइन्छ ।

| |
|---|
| उदाहरण ११.३.१: मानौं, कुनै कम्पनीमा कार्यरत कुनै कर्मचारी विरामी भई औषधोपचार गराउँदा कर्मचारी आफैंले खर्च गरेको औषधोपचारको रकम होस् वा सो कर्मचारी काम गर्ने कम्पनीले खर्च गरिदिएको औषधोपचारको रकम होस्, दुवै अवस्थामा सो कर्मचारीले कर मिलान गर्न दाबी गर्न पाउँछ । तर, कम्पनीले औषधोपचार बापत गरेको खर्च प्राकृतिक व्यक्तिको आयमा समावेश भएको छ भने मात्र कर मिलान सुविधा पाउँछ । |

**५१(२) कुनै आय वर्षमा प्राकृतिक व्यक्तिको औषधि उपचार बापत कर मिलानको रकम उपदफा (१) बमोजिमको स्वीकृत औषधि उपचार खर्च रकमको पन्ध्र प्रतिशतको दरले हुने रकममा उपदफा (४) मा उल्लिखित कुनै रकम भए सो समेत जोडी गणना गर्नु पर्नेछ ।**

कर मिलान गर्न दाबी गर्दा कुनै आय वर्षमा स्वीकृत औषधोपचार बापत खर्च भएको सम्पूर्ण रकम तिर्नुपर्ने करबाट घटाउन पाइदैन । खर्च भएको स्वीकृत औषधोपचार बापतको रकमको पन्ध्र प्रतिशतले हुने रकम र विगतका वर्षबाट जिम्मेवारी सरेर आएको कर मिलान गर्न बाँकी रकम मात्र घटाउन पाइन्छ ।

| |
|---|
| उदाहरण ११.३.२: मानौं, कुनै व्यक्तिको विगत वर्षमा स्वीकृत औषधोपचार बापत कर मिलान हुन नसकेको रु.३००।- जिम्मेवारी सरेर आएको रहेछ । यो वर्ष निजले स्वीकृत औषधोपचार बापतरु.२,०००।- खर्च गरेको रहेछ भने उसले यो वर्ष खर्च गरेको रु.२,०००।- को पन्ध्र प्रतिशतले हुने रकम रु.३००।- र विगत वर्षबाट जिम्मेवारी सरिआएको बाँकी रकम रु.३००।- समेत जम्मा रु.६००।- कर मिलान दाबी गरी यो वर्ष तिर्नुपर्ने करबाट घटाई बाँकी कर तिर्नुपर्ने हुन्छ । |

**५१(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा प्राकृतिक व्यक्तिबाट दाबी गरिएको औषधि उपचार बापत कर मिलान रकम तोकिएको सीमाभन्दा बढी हुने छैन ।**

स्वीकृत औषधोपचार बापत भएको खर्चको पन्ध्र प्रतिशतले हुने रकममा विगतबाट जिम्मेवारी सरेको रकम जोड्नुपर्ने गरी उपदफा (२) मा व्यवस्था गरिएकोछ । यसरी जोड्दा हुने रकम निश्चित सीमाभित्र रही सोही वर्ष लाग्ने करबाट घटाउन पाइन्छ । आयकर नियमावलीको नियम १७ को उपनियम (३) मा कुनै एक वर्षमा कर मिलानको लागिदाबी गर्न पाउने अधिकतम हद तोकिएको छ । सो नियममा भएको व्यवस्था बमोजिम एक वर्षमा बढीमा रु. सात सय पचाससम्ममात्र स्वीकृत औषधोपचार बापत तिर्नुपर्ने करबाट घटाउन पाइन्छ । यसकारण, औषधोपचार कर मिलानको रकम निम्नानुसारका रकममध्ये सबैभन्दा कम रकममात्र निर्धारण हुन्छ :

क. रु.७५०।-,

ख. विगत वर्षबाट सरिआएको मिलान हुन बाँकी कर रकम र यो वर्षको स्वीकृत औषधोपचार खर्चको १५ प्रतिशतले हुने रकम,

ग. यो वर्ष तिर्नपर्ने कर रकम,

उपर्युक्त व्यवस्था तलको उदाहरणमा स्पष्ट पारिएको छ ।

| |
|---|
| उदाहरण ११.३.३: मानौं, कुनै व्यक्तिको विगत वर्षमा स्वीकृत औषधोपचार बापत कर मिलान हुन नसकेको रु.५००।- जिम्मेवारी सरेर आएको रहेछ । यो वर्ष निजले स्वीकृत औषधोपचार बापतरु.२०,०००।- खर्च गरेको रहेछ भने उसले यो वर्ष खर्च गरेको रु.२०,०००।-को पन्ध्र प्रतिशतले हुने रकम रु.३,०००।- र विगत वर्षबाट जिम्मेवारी सरेको बाँकी कर मिलान रकम रु.५००।- समेत जम्मा रु.३,५००।- कर मिलान गर्न पाउँछ । तर, आयकर नियमावलीको नियम १७ को उपनियम (३) मा एक वर्षमा कर मिलान गर्न पाउने अधिकतम सीमा सात सय पचासरूपैयाँमात्र तोकिएकोले यो वर्ष निजले रु.७५०।-मात्र कर मिलान गरी बाँकी रु.२,७५०।-आगामी वर्षकोलागि जिम्मेवारी सार्नु पर्दछ । |

**५१(४) कुनै आय वर्षमा कुनै प्राकृतिक व्यक्तिको हकमा देहायका हदसम्म खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम बढी भएको रकम जिम्मेवारी सारी आगामी वर्षहरुमा उपदफा (२) बमोजिमको रकममा समावेश गर्न सकिनेछ :-**

**५१(४)(क) उपदफा (२) बमोजिमको रकम उपदफा (३) बमोजिमको सीमाभन्दा बढी भएमा यस्तो बढी भएको रकम, र**

कुनै वर्ष स्वीकृत औषधोपचार बापत खर्च भएको रकमको पन्ध्र प्रतिशतले हुने रकम सात सय पचास रूपैयाँभन्दा बढी भएमा सो वर्ष तिर्नुपर्ने करबाट रु.७५०।- घटाई बाँकी रहेको रकम आगामी वर्षलाई जिम्मेवारी सार्न पाइन्छ ।

> उदाहरण ११.३.४: मानौं, कुनै आय वर्षमा कुनै व्यक्तिको स्वीकृत औषधोपचार बापतरु.१०,०००।-खर्च भएको रहेछ भने सो रकमको पन्ध्र प्रतिशत वा सो वर्षमा घटाउन पाउने सीमा रु.७५०।- मध्ये जुन घटी हुन्छ, सो रकम निजले सो वर्ष तिर्नुपर्ने करबाट घटाउन पाउँछ । यो उदाहरणमा रु.१०,०००।- को पन्ध्र प्रतिशत रु.१,५००।-हुने, तर अधिकतम घटाउन पाउने सीमारु.७५०।- भएकोले निजले रु.७५०।- मात्र यो वर्ष तिर्नुपर्ने करबाट घटाउन पाउँछ । बाँकी रहेको रु.७५०।- आगामी वर्ष तिर्नुपर्ने करबाट घटाउने गरी जिम्मेवारी सार्न पाउँछ ।

**५१(४)(ख) सो वर्षमा दफा ३ को खण्ड (क) बमोजिमको व्यक्तिले दाखिला गर्नुपर्ने कर रकम कम भएको कारणले सो व्यक्तिले औषधि उपचार बापत कर मिलान उपयोग गर्न नसक्ने हदसम्मको रकम ।**

कुनै वर्षमा कर मिलान गर्न पाउने रकमको सीमा रु.७५०।-भएतापनि तिर्नुपर्ने कर रु.७५०।-भन्दा कम रहेछ भने तिर्नुपर्ने कर रकमसम्म मात्र कर मिलान हुने हुँदा बढी भएको रकम आगामी वर्षकोलागि जिम्मेवारी सार्न पाइन्छ ।

> उदाहरण ११.३.५: मानौं, कुनै आय वर्षमा कुनै व्यक्तिको स्वीकृत औषधोपचार बापतरु.४,०००।- खर्च भएको रहेछ भने सो रकमको पन्ध्र प्रतिशत रु.६००।-सो वर्ष लाग्ने करबाट घटाउन पाउँछ । तर, यदि निजले सो वर्ष तिर्नुपर्ने कर रु.५००।-मात्र रहेछ भने निजले सो वर्ष रु.५००।-कर मिलान गरी बढी भएको रु.१००।-आगामी वर्ष तिर्नुपर्ने करबाट घटाउने गरी जिम्मेवारी सार्न पाउँछ ।

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "स्वीकृत औषधि उपचार खर्च" भन्नाले तोकिए बमोजिमको स्वीकृत औषधि उपचार खर्च सम्झनु पर्छ ।**

नियम १७ मा देहाय बमोजिमको औषधि उपचार खर्चलाई स्वीकृत औषधि उपचार खर्च मानिने व्यवस्था गरेको छः-

*(क) ........................*

*(ख) कुनै प्राकृतिक व्यक्तिलाई मान्यता प्राप्त अस्पताल, नर्सिङ्ग होम,स्वास्थ्य केन्द्र वा चिकित्सकले उपचार गर्दा लागेको औषधि लगायतका बील बमोजिमको रकम ।*

*तर देहायका खर्चहरु स्वीकृत औषधि उपचार खर्च मानिने छैनन् :-*

*(क) सौन्दर्य शल्यचिकित्सा (कष्मेटिक सर्जरी) मा भएको खर्च, र*

*(ख) ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१६) मा उल्लिखित बीमाबाट क्षतिपूर्ति प्राप्त भएको उपनियम (१) को खण्ड (ख) मा उल्लिखित खर्च ।*

कुनै व्यक्तिले स्वास्थ्य बीमा गराएको अवस्थामा बीमाको शर्तनामा बमोजिम सो व्यक्तिले व्यहोर्न पर्ने स्वास्थोपचार सम्बन्धी खर्चको सोधभर्ना अर्थात क्षतिपूर्ति प्राप्त गरेको रहेछ भने सो प्राप्त क्षतिपूर्तिको हदसम्म सो व्यक्तिले औषधि उपचार खर्च बापत कर मिलानको लागि दाबी गर्न सक्ने छैन ।

११.३.२ कुनै बासिन्दा प्राकृतिक व्यक्तिले स्वास्थ्य बीमा गरी भुक्तानी गरेको निश्चित रकम करयोग्य आयबाट घटाउन पाउँदछ । यस सम्बन्धमा अनुसूची-१ को दफा १ को उपदफा (१६) मा व्यवस्था रहेको छ ।

अनुसूची-१ को दफा १ को उपदफा (१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रूपैंयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

| |
|---|
| उदाहरण ११.३.६: मानौं, हरिहर माथेमाले बीमा कम्पनीसँग वार्षिक रु.१५,०००।- प्रिमियम तिर्ने गरी स्वास्थ्य बीमा गराएका रहेछन् । निजले पारिश्रमिक आय गणना गर्दा करयोग्य आयमा भुक्तानी गरेको बीमा प्रिमियम वा बीस हजार रूपैंयाँमा जुन घटी हुन्छ सो घटाउन पाउने हुँदा प्रिमियम तिरेको रु.१५,०००।- घटाई बाँकी रहने रकममा मात्र कर लाग्नेछ । |

कुनै बासिन्दा प्राकृतिक व्यक्तिले स्वास्थ्य बीमा प्रिमियम बापतको रकम करयोग्य आयबाट घटाएको अवस्थामा औषधि उपचार बापतको रु.७५०।-कर मिलान गर्न पाउँदैन ।

यस सम्बन्धमा आयकर नियमावली, २०५९ को नियम १७ को उपनियम (२) को खण्ड (ख) बमोजिमको खर्चहरु स्वीकृत औषधि उपचार खर्च नमानिने व्यवस्था रहेको छ ।

नियम १७(२): उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका खर्चहरु स्वीकृत औषधि उपचार खर्च मानिने छैनन् :

*(क) सौन्दर्य शल्यचिकित्सा (कष्मेटिक सर्जरी) मा भएको खर्च, र*

*(ख) ऐनको अनुसूची १ को दफा १ को उपदफा (१६) मा उल्लिखित बीमाबाट क्षतिपूर्ति प्राप्त भएको उपनियम (१) को खण्ड (ख) मा उल्लिखित खर्च ।*

ऐनमा प्राकृतिक बासिन्दा व्यक्तिले निजको लागि आफैं वा अन्य कुनै व्यक्तिमार्फत गरेको स्वीकृत औषधि उपचार खर्चको लागि कुनै आय वर्षमा औषधि उपचार बापत कर मिलान दाबी गर्न पाउने व्यवस्था रहेको र औषधि उपचार बापत कर मिलान गर्ने प्रयोजनको निमित्त सो व्यक्तिले स्वीकृत औषधि उपचार खर्च मात्र दाबी गर्न पाउँदछ । ऐनमा दम्पतीको रूपमा आय निर्धारण गर्न छनौट गरेको दम्पतीलाई पनि प्राकृतिक व्यक्ति मानिएको हुँदा दम्पतीछनौट गरेको आय वर्षमा आफ्नो र आफ्नो पति वा पत्नी उपर गरिएको स्वीकृत औषधि उपचार खर्च समेत यस प्रयोजनको लागि मान्यता राख्दछ ।

कुनै आय वर्षमा प्राकृतिक व्यक्तिको औषधि उपचार बापत कर मिलानको रकम स्वीकृत औषधि उपचार खर्च रकमको पन्ध्र प्रतिशतको दरले हुने रकममा बिगत वर्षमा मिलान हुन नसकेको कुनै रकम भए सोसमेत जोडी गणना गर्नु पर्नेछ ।

| |
|---|
| उदाहरण ११.३.७: मानौं, कुनै व्यक्तिको एक आर्थिक वर्षमा स्वीकृत औषधि उपचारको निमित्त रु.१०,०००।- खर्च भएको रहेछ तथा नियम १७(३) मा सो खर्चको सीमारु.७५०।- तोकिएको कारण उक्त व्यक्तिले सो वर्ष औषधि उपचार खर्चको १५ प्रतिशतको दरले हुने रकम रु.१,५००।-मध्ये रु.७५०।-सोही वर्ष आफ्नो कर दायित्वबाट घटाउन पाउनेछ र बाँकी रु.७५०।-आगामी वर्षमा आफ्नो कर दायित्वबाट घटाउन पाउनेछ । यदि निजको कर दायित्व रु.७५०।-भन्दा कम भएमा पनि यो सुविधा उपयोग गरी बाँकी हुन आउने रकम आगामी वर्षको लागि सार्न पाउने छ |
| उदाहरण ११.३.८: मानौं, भरत कुसवाहको आ.व.२०७६।७७ मा करयोग्य आय रु.६,३०,०००।-रहेछ । उक्त वर्ष निजले आय निर्धारण गर्ने प्रयोजनको निमित्त दम्पतीहुन छनौट गरेका रहेछन् । उक्त आय वर्षमा निजले आफू उपर रु.३,०००।- तथा आफ्नो श्रीमती उपर रु.४,०००।- गरी जम्मा रु.७,०००।-स्वीकृत औषधि उपचार खर्च गरेका रहेछन् । त्यस्तै निजको आ.व.२०७७।७८ मा करयोग्य आय रु.६,५०,०००।- रहेछ । उक्त वर्ष निजले आय निर्धारण गर्ने प्रयोजनको निमित्त दम्पतीहुन छनौट गरेका रहेछन् । उक्त आय वर्षमा |

निजले आफू उपर रु.४,०००।-स्वीकृत औषधि उपचार खर्च गरेका रहेछन् । निजले आ.व.२०७६।७७ तथा २०७७।७८ मा दाबी गर्न पाउने Medical Tax Creditनिम्नानुसार हुनेछ :

| | | |
|---|---|---|
| आ.व.२०७६।७७ को करयोग्य आय रु. | | ६,३०,०००।- |
| करको गणना : | | |
| | ४,५०,०००।- | ४,५००।- |
| | १,००,०००।- | १०,०००।- |
| | ८०,०००।- | १६,०००।- |
| जम्मा कर दायित्व रु. | | ३०,५००।- |
| स्वीकृत औषधि उपचार खर्च रु. | ७,०००।- | |
| १५ प्रतिशतले हुने रकम रु. | १,०५०।- | |
| यस वर्ष कर मिलान हुने रकम रु. | | ७५०।- |
| यस आय वर्षमा कर मिलान हुन नसकेको बाँकी रकम रु. | ३००।- | |
| तिर्नु पर्ने कर रकम रु. | | २९,७५०।- |

| | | |
|---|---|---|
| आ.व.२०७७।७८ को करयोग्य आय रु. | | ६,५०,०००।- |
| करको गणना : | ४,५०,०००।- | ४,५००।- |
| | १,००,०००।- | १०,०००।- |
| | १,००,०००।- | २०,०००।- |
| जम्मा कर दयित्व रु. | | ३४,५००।- |
| स्वीकृत औषधि उपचार खर्च रु. | ४,०००।- | |
| १५ प्रतिशतले हुने रकम रु. | ६००।- | |
| गत वर्षको बाँकी रु. | ३००।- | |
| जम्मा रु. | ९००।- | |
| यस वर्ष कर मिलान हुने रकम रु. | | (७५०।-) |
| तिर्नुपर्ने कर रकम रु. | | ३३,७५० |
| यस आय वर्षमा मिलान हुन नसकेको रकमरु. | १५०।- | |

आ.व.२०७७।७८ मा दाबी गरी बाँकी रहेको माथि उल्लिखित रु.१५०।-आगामी वर्षमा मिलान दाबी गर्न पर्नेछ ।

करयोग्य आयको गणना सम्बन्धी प्रावधान यसै निर्देशिकाको परिच्छेद ५ मा व्याख्या गरिएकोछ ।

११.३.३ प्रत्येक वर्ष तिर्नुपर्ने कर दायित्व रु.७५०।-भन्दा बढी छ भन्ने मान्यताका आधारमा औषधि उपचार बापत कर मिलान एवम् आगामी आय वर्षमा सार्ने सम्बन्धी प्रावधानलाई तल प्रस्तुत तालिकाबाट प्रष्ट पारिएको छ ।

| आय वर्ष | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| स्वीकृत औषधि उपचार खर्चरु. | १७,००० | ० | ० | ५०० |
| १५ प्रतिशतले हुने रकमरु. | २,५५० | ० | ० | ७५ |
| विगत वर्षको दाबी हुन बाँकी रकमरु. | ० | १,८०० | १,०५० | ३०० |
| जम्मा दाबी योग्य रकमरु. | २,५५० | १,८०० | १,०५० | ३७५ |
| नियम १७(३) को सीमा रु. | ७५० | ७५० | ७५० | ७५० |
| दाबि योग्य रकमरु. | ७५० | ७५० | ७५० | ३७५ |
| आगामी वर्ष सर्ने रकमरु. | १,८०० | १,०५० | ३०० | ० |

## ११.४ करयोग्य आयमा घटाउन पाउने व्यवस्था

प्राकृतिक व्यक्तिले करको गणना गर्नु अगाडि ऐनको अनुसूची-१ को दफा १ को उपदफा (५), (६), (९), (१०) तथा (१२) बमोजिम निम्नानुसारका रकम करयोग्य आयबाट घटाउन पाउने व्यवस्था रहेको छ :

**१(५) नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता बापत तोकिए बमोजिम बढीमा पचास हजार रूपैयाँसम्म करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिने छ ।**

***नियम ३८ बमोजिमऐनको अनुसूची-१ को दफा १ को उपदफा (५) को प्रयोजनको लागि व्यक्तिको कर नलाग्ने सीमामा थप हुने दुर्गम भत्ता बापतको रकम देहाय बमोजिम हुनेछ :-***

*१. "क" वर्गका क्षेत्रमा रु.५०,००० (पचास हजार)*

*२. "ख" वर्गका क्षेत्रमा रु.४०,००० (चालीस हजार)*

*३. "ग" वर्गका क्षेत्रमा रु.३०,००० (तीस हजार)*

*४. "घ" वर्गका क्षेत्रमा रु. २०,००० (बीस हजार)*

*५. "ङ" वर्गका क्षेत्रमा रु.१०,००० (दश हजार)*

उदाहरण ११.४.१: मानौं, विकास बैंक लिमिटेड दैलेख शाखामा श्याम महतो (एकल व्यक्ति) भन्ने कर्मचारी कार्यरत रहेछन् । आ.व.२०७६।७७ मा निजको तलब र भत्ता गरी मासिक रु.४०,०००।- रहेछ । निजले सो वर्ष दशैं खर्च बापत रु.३५,०००।- प्राप्त गरेका रहेछन् । सो वर्ष निजले रु.५०,०००।-बोनस प्राप्त गरेका रहेछन् । बैंकले सो वर्ष निजको आयमा कुल रु.३६,०००।-थप गरी निजको पारिश्रमिकबाट समेत त्यतिकै रकम कटाई सञ्चयकोष (स्वीकृत अवकाश कोष)मा जम्मा गर्ने व्यवस्था गरेको रहेछ । सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| तलव भत्तारु. | | | | ४,८०,०००।- |
| दशैं भत्तारु. | | | | ३५,०००।- |
| बोनसरु. | | | | ५०,०००।- |
| सञ्चय कोषमा थप | | | | ३६,०००।- |
| जम्मा निर्धारणयोग्य आय | | | | ६,०१,००० |

| | | | |
|---|---|---|---|
| घटाउनेः | | | |
| स्वीकृत अवकाश कोषमा लगानी | | | ७२,०००।- |
| करयोग्य आय | | | **५,२९,०००।-** |
| करयोग्य आयबाट घटाउने | | | |
| “ग” वर्गमा पाउँने दुर्गम क्षेत्र सुविधा | | | ३०,०००।- |
| **बाँकी करयोग्य आय** | | | **४,९९,०००।-** |
| आ.व.२०७६।७७ मा अनुसूची-१ को दफा १ बमोजिम निजको छुट पछिको कर लाग्ने करयोग्य आय रु.४,९९,०००।-भएकाले कर रकमको गणना देहाय बमोजिम गर्नुपर्नेछ । | | | |
| रु.४,००,०००।-सम्म | १% | ले | ४,०००।- |
| रु.९९,०००।- | १०% | ले | ९,९००।- |
| **जम्मा वार्षिक कर रकम रु.** | | | **१३,९००।-** |

ऐनले दुर्गम क्षेत्रको आधारमा प्राकृतिक व्यक्तिलाई मात्र यो सुविधा प्रदान गरेकोले दुर्गम क्षेत्रमा कार्यरत कर्मचारी, व्यवसायी तथा लगानीकर्ताले समेत यो सुविधा पाउँछन् । तर, दुर्गम क्षेत्रमा स्थायी बसोबास भएको तर अन्य क्षेत्रमा कार्यरत व्यक्तिले स्थायी बसोबास भएको कारणले मात्र यो सुविधा पाउँदैनन् ।

अ१(६) **नेपालका विदेश स्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिने छ ।**

उदाहरण ११.४.२ः मानौं, नेपाल सरकारले श्याम महतो भन्ने कर्मचारीलाई अमेरिकामा रहेको नेपाली राजदूतावासमा काम गर्ने गरी खटाएको रहेछ । आ.व.२०७६।७७ मा निजको तलब मासिक रु.५०,०००।-रहेछ । निजले सो वर्ष दशैं खर्च बापत रु.५०,०००।- प्राप्त गरेका रहेछन् । निजलाई नेपाल सरकारले प्रति महिना रु.६०,०००।-का दरले वैदेशिक भत्ता उपलब्ध गराएको रहेछ । नेपाल सरकारले सो वर्ष निजको आयमा कुलरु.३०,०००।-थप गरी निजको पारिश्रमिकबाट समेत त्यतिकै रकम कटाई सञ्चयकोष (स्वीकृत अवकाश कोष) मा जम्मा गर्ने व्यवस्था गरेको रहेछ । निजले सो वर्ष दम्पतीको रूपमा छनौंट गरेका रहेछन् । सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | |
|---|---|
| तलव भत्ता रु. | ६,००,०००।- |
| दशैं खर्च रु. | ५०,०००।- |
| वैदेशिक भत्ता रु. | ७,२०,०००।- |
| सञ्चय कोषमा थपरु. | ५०,०००।- |
| **जम्मा निर्धारणयोग्य आय** | **१४,२०,०००।-** |
| घटाउने | |
| स्वीकृत अवकाश कोषमा लगानीरु. | १,००,०००।- |
| **करयोग्य आय** | **१३,२०,०००।-** |
| करयोग्य आयबाट घटाउने | |
| वैदेशिक भत्ताको ७५ प्रतिशतरु. | ५,४०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| **बाँकी करयोग्य आय रू** | | | | **७,८०,०००।-** |
| कर रकमको गणना | | | | |
| पहिलो | रु.४,५०,०००।-मा | १% | ले | ४,५००।- |
| दोस्रो | रु.१,००,०००।-मा | १०% | ले | १०,०००।- |
| तेस्रो | रु.२,००,०००।-मा | २०% | ले | २०,०००।- |
| बाँकी | रु.३०,०००।-मा | ३०% | ले | ९,०००।- |
| **जम्मा वार्षिक कर रकम रु.** | | | | **४३,५००।-** |

**१(९) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृतिभरण आय रहेछ भने प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा दम्पतीको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पच्चीस प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ । तर यसरी घटाइने रकमको सीमा तोकिए बमोजिम भन्दा बढी हुने छैन । आर्थिक ऐन, २०७७ ले प्रस्तुत उपदफा खारेज गरेको हुँदा आ.व. २०७७७८ मा मात्र यो सुविधा नपाउने ।**

उदाहरण ११.४.३: मानौं, विकास बैंक लिमिटेड दैलेख शाखामा श्याम महतो भन्ने कर्मचारी कार्यरत रहेछन् । आ.व.२०७६।७७ मा निजको तलब र भत्ता गरी मासिक रु.५०,०००।- हुँदो रहेछ । निजले सो वर्ष दशैं खर्च बापत रु.४०,०००।- प्राप्त गरेका रहेछन् । सो वर्ष निजले रु.५०,०००।-बोनस प्राप्त गरेका रहेछन् । बैंकले सो वर्ष निजको आयमा कुल रु.३०,०००।- थप गरी निजको पारिश्रमिकबाट समेत त्यतिकै रकम कटाई सञ्चयकोष (स्वीकृत अवकाश कोष) मा जम्मा गर्ने व्यवस्था गरेको रहेछ । निजले विकास बैंकबाट पाउने पारिश्रमिकको अतिरिक्त नेपाल सरकारबाट सो वर्ष रु.२,५०,०००।- निवृत्तभरण समेत प्राप्त गरेका रहेछन् । निजले सो वर्ष दम्पतीको रूपमा छनौंट गरेका रहेछन् । सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| तलब भत्तारु. | | | | ६,००,०००।- |
| दशैं खर्च रु. | | | | ४०,०००।- |
| बोनसरु. | | | | ५०,०००।- |
| सञ्चय कोषमा थपरु. | | | | ३०,०००।- |
| निवृत्तिभरण रकम रु. | | | | २५०,०००।- |
| **जम्मा निर्धारणयोग्य आयरु.** | | | | **९,७०,०००।-** |
| घटाउने | | | | |
| स्वीकृत अवकाश कोषमा लगानीरु. | | | | ६०,०००।- |
| **करयोग्य आयरु.** | | | | **९,१०,०००।-** |
| घटाउनेः | | | | |
| “ग” वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधारु. | | | | ३०,०००।- |
| निवृत्तिभरणमा छुटरु. (४५०,०००।-को २५% ले) | | | | १,१२,५००।- |
| **बाँकी करयोग्य आय रु.** | | | | **७,६७,५००।-** |
| कर रकमको गणना | | | | |
| पहिलो | ४,५०,०००।- | १% | ले | ४,५००।- |

| | | | | |
|---|---|---|---|---|
| दोस्रो | १,००,०००।- | १०% | ले | १०,०००।- |
| तेस्रो | २,००,०००।- | २०% | ले | ४०,०००।- |
| बाँकी | १७,५००।- | ३०% | ले | ५,२५०।- |
| **जम्मा वार्षिक कर रकमरु.** | | | | **५९,७५०।-** |

अ१(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) दम्पतीको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पचास प्रतिशत थप रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

उदाहरण ११.४.४: मानौं, माथि उदाहरण ११.४.३ मा उल्लेखित श्याम महतो अपाङ्ग रहेछन् भने सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| तलव भत्तारु. | | | | ६,००,०००।- |
| दशैं खर्च रु. | | | | ४०,०००।- |
| बोनसरु. | | | | ५०,०००।- |
| संचय कोषमा थपरु. | | | | ३०,०००।- |
| निवृत्तिभरण रकम रु. | | | | २,५०,०००।- |
| **जम्मा निर्धारणयोग्य आयरु.** | | | | **९,७०,०००।-** |
| घटाउने | | | | |
| स्वीकृत अवकाश कोषमा लगानीरु. | | | | ६०,०००।- |
| **करयोग्य आयरु.** | | | | **९,१०,०००।-** |
| घटाउने: | | | | |
| “ग” वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधारु. | | | | ३०,०००।- |
| निवृत्तिभरणमा छुट (४५०,०००।-को २५% ले)रु. | | | | १,१२,५००।- |
| अपाङ्ग सुविधा (४५०,०००।-को ५०% ले)रु. | | | | २,२५,०००।- |
| **बाँकी करयोग्य आयरु.** | | | | **५,४२,५००।-** |
| कर रकमको गणना | | | | |
| पहिलो | रु.४,५०,०००।- | १% | ले | ४,५००।- |
| दोस्रो | रु.९२,५००।- | १०% | ले | ९,२५०।- |
| **जम्मा वार्षिक कर रकमरु.** | | | | **१३,७५०।-** |

अ१(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ ।

उदाहरण ११.४.५: मानौं, नेपाल बैंक लिमिटेड अछाम शाखामा सुश्री शशीकला राई भन्ने कर्मचारी कार्यरत रहिछन् । आ.व.२०७६।७७ मा निजको तलब र भत्ता गरी मासिक रु.६०,०००।- हुँदोरहेछ । निजले सो वर्ष दशैं खर्च बापत रु.५०,०००।- प्राप्त गरेका रहेछन् । सो वर्ष निजले रु.४०,०००।-बोनस प्राप्त गरेकी रहेछिन् । बैंकले सो वर्ष निजको आयमा कुल रु.३०,०००।-थप गरी निजको पारिश्रमिकबाट समेत त्यतिकै रकम कटाई सञ्चयकोष (स्वीकृत अवकाश कोष) मा जम्मा गर्ने व्यवस्था गरेको रहेछ । सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| तलब भत्तारु. | | | | ७,२०,०००।- |
| दशैं खर्च रु. | | | | ५०,०००।- |
| बोनस रकम रु. | | | | ४०,०००।- |
| सञ्चय कोषमा थपरु. | | | | ३०,०००।- |
| **जम्मा निर्धारणयोग्य आयरु.** | | | | **८,४०,०००।-** |
| घटाउने | | | | |
| स्वीकृत अवकाश कोषमा लगानीरु. | | | | ६०,०००।- |
| **करयोग्य आयरु.** | | | | **७,८०,०००।-** |
| घटाउने | | | | |
| "ग" वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधारु. | | | | ३०,०००।- |
| **बाँकी करयोग्य आयरु.** | | | | **७,५०,०००।-** |
| कर रकमको गणना | | | | |
| पहिलो | रु.४,००,०००।- | १% | ले | ४,०००।- |
| दोस्रो | रु.१,००,०००।- | १०% | ले | १०,०००।- |
| तेस्रो | रु.२,००,०००।- | २०% | ले | ४०,०००।- |
| बाँकी | रु.५०,०००।- | ३०% | ले | १५,०००।- |
| जम्मारु. | | | | **६९,०००।-** |
| घः १० प्रतिशतले छुटरु. | | | | ६९००।- |
| **जम्मा वार्षिक कर रकमरु.** | | | | **६२,१००।-** |

अ१(१२) **यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रूपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।**

उदाहरण ११.४.६: मानौं, माथि उदाहरण ११.४.४ मा उल्लिखित श्याम महतोले जीवन बीमा गरेको रहेछन् र सो वर्ष निजलेरु.३०,०००।-बीमा प्रिमियम भुक्तान गरेका रहेछन् भने सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| तलब भत्ता रु. | | | | ६,००,०००।- |
| दशैं खर्च रु. | | | | ४०,०००।- |
| बोनसरु. | | | | ५०,०००।- |
| सञ्चय कोषमा थप रु. | | | | ३०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| निवृत्तिभरण रकम रु. | | | | २,५०,०००।- |
| **जम्मा निर्धारणयोग्य आय रु.** | | | | **९,७०,०००।-** |
| घटाउने | | | | |
| स्वीकृत अवकाश कोषमा लगानीरु. | | | | ६०,०००।- |
| **करयोग्य आय रु.** | | | | **९,१०,०००।-** |
| घटाउनेः | | | | |
| "ग" वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधारु. | | | | ३०,०००।- |
| निवृत्तिभरणमा छुट (४५०,०००।-को २५% ले) रु. | | | | १,१२,५००।- |
| अपाङ्ग सुविधा (४५०,०००।- को ५०% ले)रु. | | | | २,२५,०००।- |
| लगानी बीमा प्रिमियम भुक्तानी रु.३०,०००।- | | | | |
| अधिकतम सीमा रकम रु. | | | | २५,०००।- |
| **बाँकी करयोग्य आय रु.** | | | | **५,१७,५००।-** |
| कर रकमको गणना | | | | |
| पहिलो | ४,५०,०००।- | १% | ले | ४,५००।- |
| दोस्रो | ६७,५००।- | १०% | ले | ६,७५०।- |
| **जम्मा वार्षिक कर रकमरु.** | | | | **११,२५०।-** |

**अ१(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रूपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।**

उदाहरण ११.४.७ः मानौं, माथि उदाहरण ११.४.४ मा उल्लिखित श्याम महतोले स्वास्थ्य बीमा गरेको रहेछन् र सो वर्ष निजले रु.२५,०००।-बीमा प्रिमियम भुक्तान गरेका रहेछन् भने सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| तलब भत्तारु. | | | | ६,००,०००।- |
| दशैं खर्च रु. | | | | ४०,०००।- |
| बोनसरु. | | | | ५०,०००।- |
| संचय कोषमा थपरु. | | | | ३०,०००।- |
| निवृत्तभरण रकम रु. | | | | २५०,०००।- |
| **जम्मा निर्धारणयोग्य आयरु.** | | | | **९,७०,०००।-** |
| घटाउने | | | | |
| स्वीकृत अवकाश कोषमा लगानीरु. | | | | ६०,०००।- |
| **करयोग्य आयरु.** | | | | **९,१०,०००।-** |
| घटाउनेः | | | | |

| | | | | |
|---|---|---|---|---|
| “ग” वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधारु. | | | | ३०,०००।- |
| निवृत्तभरणमा छुट (४५०,०००।- को २५% ले) रु. | | | | १,१२,५००।- |
| अपाङ्ग सुबिधा (४५०,०००।- को ५०% ले)रु. | | | | २,२५,०००।- |
| स्वास्थ्य बीमा प्रिमियम भुक्तानी रु.२५,०००।- | | | | |
| अधिकतम सीमा रकम रु. | | | | २०,०००।- |
| **बाँकी करयोग्य आयरु.** | | | | **५,२२,५००।-** |
| कर रकमको गणना | | | | |
| पहिलो | ४,५०,०००।- | १% | ले | ४,५००।- |
| दोस्रो | ७२,५००।- | १०% | ले | ७,२५०।- |
| **जम्मा वार्षिक कर रकमरु.** | | | | **११,७५०।-** |

**अ१(१६क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम कर योग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।**

## ११.५ करको सुविधा

### ११.५.१ विशेष उद्योग तथा निर्यातबाट हुने आयमा करमा छुट

ऐनको दफा ११ को उपदफा (२ख) र (३ङ)मा बिशेष उद्योग तथा निर्यातबाट हुने आयमा करमा छुटका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ।

**११(२ख) कुनै आय वर्षमा वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ :-**

**(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले,**

उपर्युक्त व्यवस्था तल उल्लिखित उदाहरणमा स्पष्ट पारिएको छ।

उदाहरण ११.५.१ः मानौं, सुश्री शशीकला राईले अछाम जिल्लामा फलफुल बाटजुस बनाउने उद्योग सञ्चालन गर्ने गरेकी रहिछिन्। आ.व.२०७८।७९मा सो उद्योगको कारोबार रु.२५,००,०००।- रहेछ र कट्टी दाबी योग्य रकमरु.१५,००,०००।-रहेछ। सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ।

| | | | |
|---|---|---|---|
| कारोबार (आयमा समावेश हुने रकम)रु. | | | २५,००,०००।- |
| न्यूनः कट्टी हुने रकमरु. | | | १५,००,०००।- |
| जम्मा निर्धारणयोग्य आयरु. | | | १०,००,०००।- |
| घटाउने -अवकाश योगदान र चन्दा)रु. | | | - |
| करयोग्य आय | | | १०,००,०००।- |
| करयोग्यमा आयमा घटाउने | | | |
| “ग” वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधा | | | ३०,०००।- |
| बाँकी करयोग्य आय | | | ९,७०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| कर रकमको गणना | | | | |
| पहिलो | ४,००,०००।- | ०% | ले | - |
| दोस्रो | १,००,०००।- | १०% | ले | १०,०००।- |
| तेस्रो | २,००,०००।- | २०% | ले | ४०,०००।- |
| बाँकी | २,७०,०००।- | २०% | ले | ५४,०००।- |
| जम्मा वार्षिक कर रकम | | - | - | १,०४,०००।- |

**दफा ११(३ङ) नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा देहाय अनुसार कर छुट हुनेछ :-**

**(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतको दरले कर लाग्ने रहेछ भने सो करमा पच्चीस प्रतिशत र तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा पचास प्रतिशत,**

**(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशत,**

**(ग) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिम छुट पछि कायम हुने करमा थप पैतिसप्रतिशत ।**

उपरोक्त व्यवस्था तल उल्लेखित उदाहरणमा स्पष्ट पारिएको छ ।

उदाहरण ११.५.२: मानौं, माथि उदाहरण ११.५.१ मा उल्लिखित कारोबारको आय निकासीबाट भएको रहेछ भने सो वर्ष निजको करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| कारोबार (आयमा समावेश हुने रकम) रु. | | | | २५,००,०००।- |
| न्यून: कट्टी हुने रकम रु. | | | | १५,००,०००।- |
| जम्मा निर्धारणयोग्य आय रु. | | | | १०,००,०००।- |
| घटाउने -अवकाश योगदान र चन्दा) रु. | | | | - |
| करयोग्य आयरु. | | | | १०,००,०००।- |
| करयोग्यमा आयमा घटाउने | | | | |
| “ग” वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधारु. | | | | ३०,०००।- |
| बाँकी करयोग्य आय रु. | | | | ९,७०,०००।- |
| कर रकमको गणना | | | | |
| पहिलो | रु.४,००,०००।- | ०% | ले | - |
| दोस्रो | रु.१,००,०००।- | १०% | ले | १०,०००।- |
| तेस्रो | रु.२,००,०००।- | ९.७५% | ले | १९,५००।- |
| बाँकी | रु.२,७०,०००।- | ९.७५% | ले | २६,३२५।- |
| जम्मा वार्षिक कर रकम रु. | | - | - | ६२,८७५।- |

**नोटः प्राकृतिक व्यक्तिलाई लाग्ने करको दर यसै निर्देशिकाको परिच्छेद २३ करको गणनामा उल्लेख गरिएकोछ ।**

# परिच्छेद १२

## अवकाश कोष

## (Retirement Fund)

१२.१ विभिन्न प्रकारका लगानीमध्ये अवकाश कोषमा गरिने लगानी पनि एक प्रकारको लगानी हो । यसबाट प्राप्त हुने प्रतिफल सामाजिक सुरक्षासँग सम्बद्ध भुक्तानी भएकोले अवकाश बचतलाई प्रोत्साहित गर्न विशेष सुविधाको रूपमा करमा सहुलियत दिने व्यवस्था गरिएको छ । आयकर ऐन, २०३१ ले अवकाश कोषको अवधारणामा सञ्चयकोष तथा सीमित मात्रामा नागरिक लगानी कोषमा गरिएको योगदान मात्र समावेश गरेको थियो । उक्त ऐन अनुसार कर्मचारीले प्राप्त गरेका उपदान, निवृत्तभरण, सञ्चित बिदा, औषधि उपचार खर्च, दशैं खर्च, सञ्चयकोषबाट भुक्तानी भएको रकम तथा अवकाश कोष (अवकाश कोष व्यवस्थापन गर्ने निकाय)लाई समेत कर नलाग्ने व्यवस्था थियो । यो ऐन लागू हुनुपूर्व अवकाश वचत सम्बन्धी व्यवस्था पारिश्रमिक आयका सम्बन्धमा मात्र लागू रहेको थियो । तर आयकर ऐन, २०५८ ले अवकाश वचत सम्बन्धी विशेष व्यवस्था गरेको छ । यो ऐनमा अवकाश वचत सम्बन्धी व्यवस्था रोजगारी आय आर्जन गर्ने व्यक्ति लगायत व्यवसायको आय वा लगानीको आय आर्जन गर्ने प्राकृतिक व्यक्तिलाई समेत लागू हुने व्यवस्था गरिएको छ । अर्थात, प्राकृतिक व्यक्तिले, रोजगारी, व्यवसाय वा लगानीको करयोग्य आय गणना गर्दा अवकाश योगदानलाई आयकर ऐन तथा नियमको अधीनमा रही खर्च छुट (Reduction) दाबी गर्न पाउने व्यवस्था गरेको छ । तदनुरूप यस परिच्छेदको मुख्य उद्देश्य अवकाश कोष, अवकाश भुक्तानी एवम् अवकाश कोषको कर सम्बन्धी प्रावधानलाई प्रष्ट पार्नु रहेकोछ ।

### १२.२ अवकाश कोष

**ऐनको दफा २ को खण्ड (घ) बमोजिम“अवकाश कोष” भन्नाले निकायको हिताधिकारी प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई कोषबाट अवकाश भुक्तानी प्रदान गर्ने प्रयोजनको लागि अवकाश योगदान रकम स्वीकार गर्ने र सो रकम लगानीगर्ने उद्देश्यले मात्र स्थापना भएको निकाय सम्झनु पर्छ ।**

अवकाश कोष मात्र परिचालन गर्ने उद्देश्यले सञ्चालन गरिएको निकायलाई अवकाश कोष भनिन्छ । यस्तो अवकाश कोषले निम्नानुसारको कार्य मात्र गर्न पाउँछ :

१) सो निकायमा प्राकृतिक व्यक्तिले वा निजको तर्फबाट अन्य कसैले अवकाश योगदान जम्मा गर्न ल्याएमा त्यस्तो योगदान जम्मा लिने,

२) यसरी जम्मा गर्ने व्यक्ति अर्थात् हिताधिकारीलाई वा निजको आश्रितलाई निज अवकाश भए पछि वा निजको मृत्यु भएपछि वा ५८ वर्ष पुगेमा अवकाश भुक्तानी गर्ने, र

३) जम्मा भएको अवकाश योगदान स्वीकृत लगानीमा लगानी गर्ने ।

अवकाश कोषका उदाहरणको लागि कर्मचारी सञ्चयकोष, सामाजिक सुरक्षा कोष, निवृत्तभरण कोषर नागरिक लगानी कोषले सञ्चालन गरेको अवकाश कोष, विभागबाट अवकाश कोष सञ्चालन गर्न ईजाजत पाएका निकाय वा ईजाजत नलिई सञ्चालन भएका निकायलाई लिन सकिन्छ । विभागबाट अवकाश कोष सञ्चालन गर्न ईजाजत लिएका निकाय, कर्मचारी सञ्चयकोष,सामाजिक सुरक्षा कोष, निवृत्तभरण कोष र नागरिक लगानी कोषले सञ्चालन गरेको अवकाश कोष जस्ता निकायलाई स्वीकृत अवकाश कोष भनिन्छ भने विभागबाट ईजाजत नलिई सञ्चालन गरिएका अवकाश कोषलाई स्वीकृत नलिएको अवकाश कोष वा अस्वीकृत अवकाश कोष भनिन्छ । निकायको हिताधिकारी प्राकृतिक

व्यक्ति भन्नाले सो निकायबाट आय वा पुँजी प्राप्त गर्ने हक भएको प्राकृतिक व्यक्ति भन्ने बुझाउँछ। जस्तै, सो निकायमा अवकाश योगदान जम्मा गर्ने प्राकृतिक व्यक्ति।

१२.३. **अवकाश कोषको स्वीकृति :**

१२.३.१ ऐनको दफा ६३ मा अवकाश कोषको स्वीकृतिका लागि निम्नानुसार व्यवस्था गरिएको छ।

(१) **अवकाश कोष राख्न चाहने बासिन्दा व्यक्तिले अवकाश कोष राख्ने स्वीकृतिको लागि विभाग समक्ष निवेदन दिएमा विभागले तोकिए बमोजिम स्वीकृति प्रदान गर्नेछ।**

**तर नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोष,योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोष, कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोषर निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषले अवकाश कोष सञ्चालन गरेमा त्यस्तो कोषको लागि स्वीकृति लिनुपर्ने छैन।**

(२) **स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा सो कोषमा गरेको अवकाश योगदान आफ्नो करयोग्य आयको गणना गर्दा घटाई पाउन दाबी गर्न सक्नेछ।**

(३) **उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कुनै आय वर्षमा कुनै व्यक्तिबाट घटाई पाउन दाबी गरिएको रकम तोकिएको अवकाश योगदानको सीमाभन्दा बढी हुने छैन।**

स्वीकृत अवकाश कोष हुनका लागि माथि उल्लेख गरिएका कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषले सञ्चालन गरेका अवकाश कोष, सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएका सामाजिक सुरक्षा कोष रनिवृत्तभरण कोष ऐन, २०७५ बमोजिम स्थापना भएको निवृत्तभरण कोषबाहेकका अन्य अवकाश कोषले विभागमा निवेदन दिनु पर्दछ र विभागले यसरी प्राप्त निवेदन उपर नियम २० को उपनियम (२) का अधीनमा रही स्वीकृति दिन सक्नेछ। नियम २० को उपनियम (२) मा अवकाश कोषको स्वीकृतिका सन्दर्भमा आवश्यक शर्त उल्लेख गरिएको छ। नियम २० को उपनियम (२) मा उल्लेख गरिएको शर्त निम्नानुसार रहेको छ।

*खण्ड (क) अवकाश कोषमा जम्मा गरिएको वा अवकाश कोषलाई प्राप्त हुने रकम स्वीकृत लगानीमा मात्र लगानी गर्नुपर्ने,*

हिताधिकारी वा हिताधिकारीको नाममा अन्य व्यक्ति (जस्तै, रोजगारदाता) बाट जम्मा गरिएको वा अन्य प्राकृतिक व्यक्तिले आफ्नो लागि अवकाश कोषमा जम्मा गरेको रकमलाई अवकाश कोषले स्वीकृत लगानीमा मात्र लगानी गर्नु पर्दछ। नियम २० मा उल्लिखित स्पष्टीकरण बमोजिम स्वीकृत लगानी भन्नाले निम्न बमोजिमका लगानीलाई सम्झनु पर्दछ।

*(क) प्रचलित कानुन बमोजिम स्थापना भएको नागरिक लगानी कोषमा गरिएको लगानी,*

*(ख) नेपाल सरकारले जारी गरेको ऋणपत्रमा गरिएको लगानी,*

*(ग) बैंक सम्बन्धी प्रचलित कानुन अन्तर्गत सञ्चालन भएका बैंकमा गरिएको लगानी,*

*(घ) बैंकसँग सह वित्तियकरणको आधारमा गरिएको लगानी, र*

*(ङ) आफ्ना शेयरहोल्डर बाहेकका हिताधिकारीलाई गरिएको लगानी।*

उक्त व्यवस्था सम्बन्धमा तलको उदाहरणमा थप स्पष्ट पारिएको छ।

उदाहरण १२.३.१: मानौं, नेपाल राष्ट्र बैंक कर्मचारी अवकाश कोषले नेपाल राष्ट्र बैंकका कर्मचारीको लागि अवकाश कोष सञ्चालन गर्दै आएको रहेछ। यस अवकाश कोषमा नेपाल राष्ट्र बैंकमा कार्यरत कर्मचारीले अवकाश योगदान गरिरहेका रहेछन्। उक्त कोषले

| |
|---|
| यसरी प्राप्त भएको अवकाश योगदानमाथि उल्लिखित (क) देखि (ङ) सम्मको स्वीकृत क्षेत्रमा मात्र लगानी गर्ने शर्तमा विभागले सो निकायलाई स्वीकृति दिन सक्नेछ । |

*खण्ड (क१) चुक्ता पुँजी कम्तीमा एक करोड रुपैयाँ हुनुपर्ने,*

*खण्ड (क२) अवकाश कोष सञ्चालन गर्ने निकायको हिताधिकारी कामदार वा कर्मचारीको संख्या कम्तीमा एक हजार हुनुपर्ने,*

कुनै अवकाश कोषले विभागबाट स्वीकृति प्राप्त गरी स्वीकृत अवकाश कोष हुन सो कोषको आफ्नै चुक्ता पुँजी रहनु पर्दछ र यस्तो पुँजी कम्तीमा एक करोड रुपैयाँ हुनु अनिवार्य छ । स्वीकृति माग गर्ने अवकाश कोषले स्वीकृत अवकाश कोष सञ्चालनको लागि कम्तीमा एक हजार व्यक्तिले अवकाश योगदान गरेको हुनु पर्दछ । यहाँ हिताधिकारी कामदार वा कर्मचारी भन्नाले रोजगारकर्ता वा अवकाश कोषमा योगदान गर्ने अन्य कुनै प्राकृतिक व्यक्तिलाई जनाउँछ ।

*खण्ड (ख) अवकाश कोषले कर्मचारी वा कामदारको तर्फबाट रोजगारदाताबाट अवकाश योगदान स्वीकार गर्ने भएमा सो कोषको व्यवस्थापन रोजगारदाताभन्दा स्वतन्त्र रूपमा भएको हुनुपर्ने,*

*तर सोही कोषका कर्मचारी वा कामदारको हकमा यो खण्ड लागू हुने छैन ।*

नेपाल सरकारका कर्मचारीको अवकाश योगदान सम्बन्धित कार्यालय (रोजगारदाता) मार्फत कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने गरिन्छ । यसमा कर्मचारी सञ्चय कोषको व्यवस्थापन स्वतन्त्र रूपमा भएको छ । उक्त कोषले आफ्ना कर्मचारीको अवकाश योगदान समेत स्वीकार्ने भएतापनि सो कोषको व्यवस्थापन रोजगारदाता भन्दा स्वतन्त्र भएको मानिन्छ । उक्त व्यवस्था सम्बन्धमा तलको उदाहरणमा थप स्पष्ट पारिएको छ ।

| |
|---|
| उदाहरण १२.३.२: मानौं, रा.बा.बैंक अवकाश कोषले रा.बा.बैंकका कर्मचारीको मात्रै अवकाश योगदान स्वीकार गर्ने प्रयोजनको लागि अवकाश कोष सञ्चालन गर्दै आएको रहेछ । सो अवकाश कोषको व्यवस्थापन छुट्टै विनियमावली तयार गरी सो कोष सञ्चालन गर्नको लागि व्यवस्थापन समिति गठन गरी आएको रहेछ । सो व्यवस्थापन समितिमा बैंक व्यवस्थापक तथा कर्मचारीको समेत प्रतिनिधित्व हुने र सो कोषको बैंक प्रति कुनै पनि दायित्व नहुने एवम् सो कोषको वित्तीय विवरण स्वीकृति प्राप्त लेखापरीक्षकबाट छुट्टै लेखापरीक्षण समेत गराएको अवस्थामा उक्त कोषको व्यवस्थापन रोजगारदाता भन्दा स्वतन्त्र रूपमा भएको मानिने छ । |

*खण्ड (ग) अवकाश योगदान रकम आषाढ महिनामा खर्च लेखेको भए खर्च लेखेको एक महिनाभित्र र अन्य महिनाको हकमा खर्च लेखेको पन्ध्र दिनभित्र अवकाश कोषमा जम्मा गर्नुपर्ने,*

| |
|---|
| उदाहरण १२.३.३: मानौं, कम्पास नेपाल लि., अवकाश कोषले कम्पास नेपाल लि.का कामदार कर्मचारीको लागि अवकाश कोष सञ्चालन गर्दै आएको रहेछ। उक्त अवकाश कोष विभागबाट स्वीकृत प्राप्त अवकाश कोष हो । सो कम्पास नेपाल लि.ले आफ्ना कामदार कर्मचारीको अवकाश योगदान बापतरु.१,००,०००।- आषाढमा नाफा-नोक्सान खातामा खर्च लेखी तिर्नुपर्ने दायित्वमा लेखाङ्कन गरेको रहेछ भने त्यस्तो रकम श्रावण महिनाभरि अर्थात १ महिनाभित्र अवकाश कोषमा जम्मा गरिसक्नु पर्दछ । त्यस्तै जेष्ठ महिनाको पारिश्रमिक वितरण गर्दा खर्च लेखेको रकम आषाढ महिनाको १५ गतेभित्र अवकाश कोषमा दाखिला गरी सक्नु पर्दछ। |

*खण्ड (घ) अवकाश कोषको हिताधिकारीलाई देहायका अवस्थामा मात्र अवकाश भुक्तानी गर्न सकिने:-*

*(१) कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गरेमा,*

*(२)  हिताधिकारीको उमेर अन्ठाउन्न वर्ष पुगेमा, वा*

*(३)  हिताधिकारीको मृत्यु भएमा वा निज स्थायी रूपमा अपाङ्ग भएमा ।*

अवकाश कोषबाट कामदार कर्मचारीलाई र हिताधिकारी प्राकृतिक व्यक्तिलाई भुक्तानी गर्दा कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गरेको हुनुपर्ने वा प्राकृतिक व्यक्ति ( हिताधिकारी) ५८ वर्ष पुगेको हुनुपर्ने वा हिताधिकारीको मृत्य वा निज स्थायीरूपमा अपाङ्ग भएको हुनुपर्ने शर्त पुरा गरेको हुनुपर्नेछ ।

उदाहरण १२.३.४: मानौं, सुरक्षा भन्ने एक जना व्यक्तिले एकलौटी व्यवसाय गरेकी रहिछन् । निजले आफ्नो लागि नागरिक लगानी कोषमा निर्धारणयोग्य आयको एक तिहाई वा रु.३,००,०००।- मध्ये जुन घटी हुन्छ सो रकममा नबढ्ने गरी वार्षिक रु.१,२०,०००।- जम्मा गर्दै आएकी रहिछन् । आयकर ऐन, २०५८ लागू भैसकेपश्चात पनि नियमानुसार निजले वार्षिक रु.१,२०,०००।- का दरले नागरिक लगानी कोषमा रकम जम्मा गर्दै आएकी रहिछन् । निजको उक्त कोषमा ५८ वर्ष पुग्नु भन्दा अघि अर्थात मिति २०६६।०२।१२ गतेसम्म जम्मा रु. ५ लाख ५० हजार जम्मा भएको रहेछ । मिति २०६६।०२।१३ गते ५८ वर्ष पुगेकी हुँदा निजले नागरिक लगानी कोषबाट भुक्तानी प्राप्त गर्ने रकम निम्नानुसार गणना गरी अग्रिम कर कट्टा गरी सो कोषले भुक्तानी दिनु पर्दछ ।

नागरिक लगानी कोषबाट प्राप्त गर्ने भुक्तानी रकम – रु.५,५०,०००।-

**छुट :–**

ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार छुट हुने रकम –

| | |
|---|---|
| १) भुक्तानी रकमको ५०% (५,५०,००० को ५०%) – | रु.२,७५,०००।- |
| २) तोकिएको रकम – | रु.५,००,०००।- |
| माथि उल्लिखित रकम मध्ये वढी हुने रु ५ लाख छुट हुन्छ । | |
| भुक्तानी प्राप्त गर्ने रकम – | रु.५,५०,०००।- |
| छुट हुने रकम – | रु.५,००,०००।- |
| कर लाग्ने भुक्तानी रकम – | रु.५०,०००।- |
| ५% का दरले कट्टी हुने कर – | रु.२,५००।- |
| जम्मा भुक्तानी गर्नुपर्ने रकम (५५०,०००–२,५००) रु.५,४७,५००।- | |

*खण्ड (ङ)  महालेखापरीक्षकको विभागबाट स्वीकृति पाएको लेखापरीक्षकबाट सो अवकाश कोषको वार्षिक रूपमा लेखापरीक्षण गराउनुपर्ने ।*

अवकाश कोषको लेखा परीक्षण स्वीकृति प्राप्त लेखापरीक्षकबाट गराउनु पर्दछ ।

१२.३.२ नियम २० को उपनियम (३) मा अवकाश कोषको स्वीकृति रद्द हुन सक्ने निम्नानुसारको अवस्था उल्लेख गरिएको छ:

*विभागबाट स्वीकृति प्राप्त गरेको स्वीकृत अवकाश कोषले उपनियम (२) का शर्तहरू पालना नगरेमा सो कोषलाई दिएको स्वीकृति विभागले रद्ध गर्न सक्नेछ ।*

नियमावलीको नियम २० को उपनियम (२) ले तोकेका शर्त माथि खण्ड १२.३.१ मा व्याख्या गरिएको छ ।

१२.३.३ कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निवृत्तभरण कोषलाई स्वीकृत अवकाश कोष मानिएको छ । ती कोषबाहेक अन्यले विभागबाट स्वीकृत लिई सञ्चालन गरेको अवकाश कोषलाई मात्र स्वीकृत अवकाश कोष मानिन्छ । यदि विभागबाट स्वीकृति नलिएको भए त्यस्तो अवकाश कोष स्वीकृति नलिएको अवकाश कोष हुन जान्छ ।

उदाहरण १२.३.५: मानौं, जेलिना मानन्धर, नेपाल विकास प्रा.लि.मा कार्यरत एक कर्मचारी हुन् । निजको मासिक तलबरु.२०,०००।- रहेछ । ऐन प्रारम्भ हुँदाका बखत उक्त कम्पनीले आफ्ना कर्मचारीको तलबको १० प्रतिशतका दरले हुने रकम रु.२,०००।-

कट्टा गरी सो रकममा शतप्रतिशत रकम थप गरी ने.बै.लि.मा छुट्टै खाता खोली सञ्चालन गरिआएको रहेछ । उक्त कम्पनीले आफ्ना कामदार र कर्मचारीको अवकाश कोष सञ्चालन गर्ने उद्देश्यले विभागबाट नेपाल विकास प्रा.लि.अवकाश कोष नामको अवकाश कोष सञ्चालन गर्न स्वीकृत प्राप्त गरी नेपाल बैंक लिमिटेडमा छुट्टै खाता खोली सञ्चित गरिएको रकम सो अवकाश कोषमा जम्मा गर्ने गरेको रहेछ । यस्तो कोषलाई स्वीकृत अवकाश कोष भनिन्छ । यस्तो स्वीकृत अवकाश कोषमा योगदान गरेको रकम निज जेलिनाले आफ्नो रोजगारीको आय निर्धारण गर्ने क्रममा आयकर नियमावलीको नियम २१ को अधीनमा रही करयोग्य आयबाटघटाउन पाउँछिन । यस्तो स्वीकृत अवकाश कोषबाट हुने भुक्तानीको हकमा २०५८ चैत्र १९ पछि जम्मा भएको योगदान बापत गरिएको भुक्तानीमा ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभ रकममा ऐनको दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (१) अनुसार ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ ।

उदाहरण १२.३.६: माथि उदाहरण १२.३.५ मा उल्लिखित उदाहरणमा यदि नेपाल विकास प्रा.लि. ले विभागबाट स्वीकृति प्राप्त नभएको अवकाश कोषमा त्यस्तो रकम जम्मा गरेमा त्यस्तो सञ्चालित अवकाश कोषलाई स्वीकृत नभएको अवकाश कोष (Unapproved Retirement Fund) भनिन्छ । यस्तो अवस्थामा जेलिनाले त्यस्तो कोषमा २०५८ चैत्र १९ पछि योगदान गरेको कुनै पनि रकम निर्धारणयोग्य आयबाट घटाउन पाउँदिनन् भने उक्त कोषबाट हुने लाभ भुक्तानी रकममा ऐनको दफा ८८ को उपदफा (२) को प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (ग) अनुसार ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्दछ ।

## १२.४ अवकाश भुक्तानी

**१२.४.१ ऐनको दफा २ को खण्ड (ङ) बमोजिम"अवकाश भुक्तानी" भन्नाले देहायका व्यक्तिलाई दिइने भुक्तानी सम्झनु पर्छः-**

**(१) प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानी, वा**

**(२) प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानी ।**

अवकाश भुक्तानी भन्नाले कुनै प्राकृतिक व्यक्ति सिद्धान्ततः कुनै रोजगारी, पेशा वा व्यवसाय गर्न सक्षम नहुने अवस्थामा पुगी रोजगारी, पेशा वा व्यवसायबाट अवकाश लिएपछि गरिने भुक्तानी हो । त्यसैगरी कुनै प्राकृतिक व्यक्तिको मृत्यु भएमा निजले पाउने रकम निजको आश्रितलाई भुक्तानी गर्दा त्यस्तो भुक्तानीलाई पनि अवकाश भुक्तानी भनिन्छ । सामान्यतयाः अवकाश भुक्तानीका उदाहरणमा स्वीकृत वा अस्वीकृत अवकाश कोषबाट गरिने अवकाश भुक्तानी, निवृत्तभरण, उपदान,सञ्चयकोष, बिदाको सट्टा नगद, औषधि उपचार खर्च, दीर्घ सेवा सुविधा (Long Service Gratuity), कल्याणकारी कोष जस्ता अवकाशको अवस्थामा प्राप्त हुने यस्तै प्रकृतिका अन्य भुक्तानी पर्दछन् । यस्ता अवकाश भुक्तानी नेपाल सरकारबाट, स्वीकृत अवकाश कोषबाट, स्वीकृत नलिएको अवकाश कोषबाट वा रोजगारदाताबाट हुने अन्य अवकाश भुक्तानी हुन सक्दछ । तर जीवन बीमा लगानी बीमा भएको हुँदा लगानी बीमाबाट हुने भुक्तानी भने यस व्यवस्था अन्तर्गत पर्दैन ।

- **नेपाल सरकारबाट गरिने अवकाश भुक्तानी** : यसमा नेपाल सरकारको कर्मचारी सेवा शर्त बमोजिम सरकारी सेवाबाट निवृत भएको अवस्थामा गरिने भुक्तानी, जस्तै, उपदान, औषधि उपचार खर्च, बिदा बापतका रकम, निवृत्तभरण आदि पर्दछन् ।

- **स्वीकृत अवकाश कोषबाट गरिने अवकाश भुक्तानी** : नागरिक लगानी कोष तथा कर्मचारी सञ्चयकोषले सञ्चालन गरेको अवकाश कोष वा विभागबाट स्वीकृति लिई

सञ्चालन गरिएको अवकाश कोषबाट नियम २० को उपनियम (२) को खण्ड (घ) मा तोकिए बमोजिम देहायका अवस्थामा गरिने भुक्तानी लाई अवकाश भुक्तानी मानिन्छ :-

*(१) कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गरेमा,*

*(२) हिताधिकारीको उमेर अन्ठाउन्न वर्ष पुगेमा, वा*

*(३) हिताधिकारीको मृत्यु भएमा वा निज स्थायी रूपमा अपाङ्ग भएमा*

- **स्वीकृति नलिएको अवकाश कोषबाट गरिने अवकाश भुक्तानी** : अवकाश भएको अवस्थामा भुक्तानी दिने उद्देश्य रहेको तर विभागबाट भने स्वीकृत नलिई सञ्चालित अवकाश कोषबाट प्राकृतिक व्यक्ति अवकाश भएको अवस्थामा गरिने भुक्तानी स्वीकृत नलिएको अवकाश कोषबाट गरिने अवकाश भुक्तानी मानिन्छ ।

- **अन्य अवकाश भुक्तानी** : नेपाल सरकार र अवकाश कोषबाट गरिने भुक्तानी बाहेक अवकाशको अवस्थामा गरिने अरु भुक्तानीलाई अन्य अवकाश भुक्तानी मानिन्छ । उदाहरणको लागि, कुनै एक निकायले आफ्नो कर्मचारी अवकाश भएपछि भुक्तानी गर्ने सञ्चित बिदा बापतको रकम वा औषधोपचार खर्च, स्वेच्छिक अवकाश योजना अन्तर्गत कर्मचारीलाई भुक्तानी गरिने एकमुष्ठ तलब रकम आदि भुक्तानी ।

माथि उल्लेख भए अनुसार नियम २० को उपनियम२ को खण्ड (घ) को प्रावधान पूरा नगरी अर्थात, कर्मचारी वा कामदार सेवाबाट अवकाश हुनु अगाडि प्राप्त गर्ने भुक्तानी, जस्तै:Long Service Gratuity, Leave Encashment, Medical Expenses जस्ता भुक्तानी सेवाकालमानै प्राप्त गरेको अवस्थामा त्यस्ता भुक्तानी अवकाश भुक्तानी अन्तर्गत पर्दैनन् र त्यस्ता भुक्तानी जहिले प्राप्त भएको हो सोही समयको रोजगारीको आयमा समावेश गर्नु पर्दछ। त्यस्तै अवकाश योगदान गर्ने कर्मचारीबाहेक अन्य प्राकृतिक व्यक्ति (हिताधिकारी) ले अन्ठाउन्न वर्ष उमेर नपुग्दै वा मृत्यु वा स्थायी रूपमा अपाङ्ग भएको अवस्थामाबाहेक अन्य अवस्थामा भुक्तानी प्राप्त गरेमा त्यस्ता भुक्तानी अवकाश भुक्तानी मानिनेछैन र त्यस्तो रकम भुक्तानी प्राप्त भएको समयमा आयमा समावेश गर्नुपर्ने हुन्छ । तर अवकाश कोषको स्वीकृत विनियम बमोजिम अवकाश कोषबाट यस्ता हिताधिकारीले लिएको कर्जा रकम कोषको लगानी हुने हुँदा त्यस्तो कर्जा रकमलाई भुक्तानी मानिदैंन । यसरी कोषबाट आफ्ना हिताधिकारीलाई लगानी गरेको रकम ब्याज सहित वा निर्ब्याजी रूपमा फिर्ता गर्नु पर्दछ । कोषमा योगदान भएको निजको रकम तथा त्यसमा प्राप्त प्रतिफललाई अवकाश भुक्तानी रकम मानी सोमा करकट्टी गर्नु पर्दछ।

एक भन्दा बढी अवकाश कोष व्यवस्थापकसँग अवकाश योगदान रकम जम्मा गरेको अवस्थामा ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार सीमाभन्दा बढी छुट लिन सक्ने सम्भावना भएको हुँदा कामदार तथा कर्मचारीको हकमा रोजगारदातालाई आफ्नो योगदान रहेको अर्को अवकाश कोषको बारेमा घोषणा गर्न लगाउने र अवकाश हुँदाको अवस्थामा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित अर्को अवकाश कोष व्यवस्थापकलाई जानकारी गराउनु पर्नेछ । रोजगारकर्ता बाहेक अन्य प्राकृतिक व्यक्तिको हकमा निजबाट घोषणा लिई सोको जानकारी सम्बन्धित कार्यालयमादिनुपर्ने दायित्व कोष व्यवस्थापकको हुनेछ ।

**१२.४.२ ऐनको दफा ६५ मा अवकाश भुक्तानी सम्बन्धमा निम्नानुसारको विशेष व्यवस्था गरिएको छ :-**

**६५(१) कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृत अवकाश कोषमा रहेकोयोगदानमा आधारित हितबाट भएको वा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम हुनेछ :-**

**(क) सो कोषमा रहेको हित बापत सो कोषले गरेका अवकाश भुक्तानीहरूलाई आयमा समावेश गर्नु पर्नेछ, र**

(ख) **खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यदि त्यस्तो भुक्तानी एकमुष्ठ रूपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ मानिनेछ ।**

कुनै प्राकृतिक व्यक्तिलाई स्वीकृत अवकाश कोष वा नेपाल सरकारबाट एकमुष्ठ अवकाश भुक्तानी गर्दा ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार लाभ गणना गरी ऐनको दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (१) अनुसार ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी दिनु पर्नेछ । यसरी अग्रिम कर कट्टा गरिएको रकम ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिन्छ ।

उदाहरण १२.४.१: मानौं, महन्त प्रसाद भन्ने कर्मचारी नेपाल वायुसेवा कम्पनीमा कार्यरत रहेछन्। निजको नोकरी अवधिमा कट्टी गरिएको अवकाश योगदान रकम कर्मचारी सञ्चयकोषमा जम्मा गर्ने गरेको रहेछ । निज मिति २०७६ आषाढ मसान्तमा नोकरीबाट निवृत्त भएका रहेछन् । निजले अवकाश भुक्तानी २०५८ चैत्र १८ गतेसम्म रु.६ लाख र त्यसपछि रु.२५ लाख गरी जम्मा रु.३१ लाख पाउने देखियो । यस अवस्थामा निजको आय गणना निम्नानुसार गर्नु पर्दछ ।

| | |
|---|---|
| २०५८ चैत्र १८ गतेसम्म | रु.६,००,०००।- |
| त्यसपछि निवृत्त हुँदा सम्म | रु.२५,००,०००।- |
| जम्मा अवकाश भुक्तानी | रु.३१,००,०००।- |
| न्युन २०५८ चैत्र १८ गतेसम्म पाकेको सञ्चयकोष रकम छुट हुने | रु.६,००,०००।- |
| आय | २५,००,०००।- |

| | |
|---|---|
| भुक्तानी रकम | रु.२५,००,०००।- |
| घटाउने, दफा ६५(१)(ख) अनुसार भुक्तानी रकमको ५०%ले हुने रकम रु.१२,५०,०००।- वा तोकिएको रकम रु.५,००,०००।-मा बढी हुने रकम | रु.१२,५०,०००।- |
| करयोग्य भुक्तानी | रु.१२,५०,०००।- |
| ५ प्रतिशतका दरले अग्रिम कर (अन्तिम विधि) | रु.६२,५००।- |
| निजले जम्मा प्राप्त गर्ने अवकाश भुक्तानी (३१,००,००० - ६२,५००) | रु.३०,३७,५००।- |

६५(२) **कुनै प्राकृतिक व्यक्तिको कुनै स्वीकृति नलिएको अवकाश कोषमा रहेको हितबाट भएको लाभ गणना गर्ने प्रयोजनका लागि देहाय बमोजिम हुनेछ :-**

(क) **बासिन्दा व्यक्तिबाट रकम भुक्तानी गरिएकोमा अन्तिम रूपमा हुने कर कट्टीको रूपमा सो हिताधिकारी उपर सो रकममा कर लाग्नेछ ,**

स्वीकृत नलिएको अवकाश कोषबाट हिताधिकारीलाई अवकाश रकम भुक्तानी गर्दा कट्टा गरिएको कर अन्तिम हुनेछ ।

उदाहरण १२.४.२: मानौं, माथि उल्लेख गरिएको उदाहरण १२.४.१ मा नेपाल वायु सेवा कम्पनीबाट कट्टा गरिएको योगदान रकम अस्वीकृत अवकाश कोषमा जम्मा गर्ने गरेको रहेछ । निज महन्तको २०५८ चैत्र १८ गते सम्म रु.४,००,०००।-र सो मिति पश्चात रु.२५,००,०००।-योगदान रहेछ । २०५८चैत्र १८ गतेसम्म आर्जित ब्याज रु.१ लाख रहेछ । उक्त अवकाश कोषबाट निवृत्त हुँदाका समयमा निजले एकमुष्ठ रु.३७ लाख

| |
|---|
| भुक्तान पाउने रहेछन् । कर प्रयोजनको लागि निजका लाभको गणना निम्नानुसार गर्नु पर्दछ । |

| | |
|---|---|
| निजले अवकाश कोषबाट प्राप्त गरेको एकमुष्ठ अवकाश भुक्तानी | रु.३७,००,०००।- |
| न्यून :<br>२०५८ चैत्र १८ गते सम्मको योगदान रु.४,००,०००।-<br>२०५८ चैत्र १८ गते सम्मको ब्याज रु.१,००,०००।-<br>२०५८ चैत्र १८ गते<br>पश्चात निवृत सम्मको योगदान रु.२५,००,०००।- | रु.३०,००,०००।- |
| अवकाश कोषमा रहेको हित बापत भएको लाभ | रु.७,००,०००।- |

| |
|---|
| उक्त लाभमा ऐनको दफा ८८ को उपदफा (२) को खण्ड (ग) अनुसार ५ प्रतिशतका दरले हुने रु.३५,०००।-अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.३६,६५,०००।-भुक्तानी गर्नु पर्दछ । यस्तो भुक्तानी रकम ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिम कर कट्टीको भुक्तानी हुन्छ । |

**(ख) गैर बासिन्दा व्यक्तिले रकम भुक्तानी गरेकोमा सो हिताधिकारीको आय गणना गर्दा सो रकम समावेश गर्नु पर्नेछ ।**

| |
|---|
| उदाहरण १२.४.३: मानौ, माथि१२.४.२ मा उल्लेख गरिएको उदाहरणमा, अवकाश कोष गैर बासिन्दा व्यक्ति रहेछ भने प्राप्त लाभ रु.७,००,०००।-लाई महन्त प्रसादले आयमा समावेश गरी आय विवरण दाखिला गर्नु पर्दछ । |

ऐनको दफा ६५ मा लाभ गणना गर्ने प्रयोजनको लागि निम्नानुसारको स्पष्टीकरण दिइएको छः

**यस दफाको प्रयोजनको लागि "स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ" भन्नाले स्वीकृति नलिएको अवकाश कोषलाई सो कोषमा रहेको हित बापत हिताधिकारी प्राकृतिक व्यक्तिबाट बुझाइएको अवकाश योगदानहरूको रकमभन्दा सो कोषबाट सो व्यक्तिको हित बापत सो व्यक्तिलाई गरिएको अवकाश भुक्तानी बढी भए यस्तो बढी भएजतिको रकम सम्झनु पर्छ ।**

**तर, हिताधिकारीको योगदान नहुने कुनै कोष (नन् कन्ट्रीब्युटरी फण्ड) बाट भएको भुक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ मानिने छैन ।**

उपर्युक्त व्यवस्था तलको उदाहरणबाट स्पष्ट पारिएको छः

| |
|---|
| उदाहरण १२.४.४: मानौ, सामन्त राई बाणिज्य बैंकमा कार्यरत अधिकृत कर्मचारी रहेछन् । बैंकको कर्मचारी सेवाशर्त अनुसार बैंकले कर्मचारी सुरक्षण कोष स्थापना गरी हरेक वर्ष उक्त कोषमा रकम जम्मा गर्दै आएको रहेछ र निज कर्मचारी बैंकबाट अवकाश प्राप्त गर्दा सो कोषबाट रु.३,००,०००।-भुक्तानी पाएका रहेछन् भने उक्त कोषबाट प्राप्त हुने अवकाश भुक्तानी स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत प्राप्त भएको लाभ नमानी Non Contributory Fundबाट प्राप्त भएको अवकाश भुक्तानी भएको र त्यस्तो भुक्तानीमा ऐनको दफा ८८ को उपदफा (१) अनुसार १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्दछ । यस्तो भुक्तानी ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिनेछ । |

**१२.४.३ नियम २० को उपनियम (६) मा ऐन प्रारम्भ हुनु भन्दा अगाडिको अवकाश भुक्तानीमा कर सम्बन्धी प्रावधान निम्नानुसार हुने व्यवस्था गरेको छ :-**

*खण्ड (क) ऐन प्रारम्भ हुनुभन्दा अघिका आयवर्षहरूमा कर्मचारी वा कामदारको सञ्चयकोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा ब्याज लगायतका*

*रकममा र सो अवधिसम्म पाकेको उपदान तथा संञ्चित बिदा बापतको रकममा कर छुट हुने,*

आयकर ऐन, २०५८ लागू हुनु भन्दा पूर्व आयकर ऐन, २०३१ अनुसार कर निर्धारण हुने व्यवस्था थियो । आयकर ऐन, २०३१ अनुसार कायम सुविधाको प्रत्याभूति आयकर ऐन, २०५८ ले पनि दिएको छ । यो ऐन २०५८ चैत्र १९ गतेदेखि लागू भएको हुँदा सो अवधिसम्मको सञ्चयकोष र नागरिक लगानी कोषमा जम्मा गरेको साँवा ब्याज लगायतका रकममा कर नलाग्ने व्यवस्था गरेको छ । साथै सो अवधिसम्म पाकेको उपदान तथा सञ्चित बिदा बापतको रकममा पनि कर लाग्दैन ।

उपर्युक्त व्यवस्था तलको उदाहरणबाट स्पष्ट पारिएको छः

उदाहरण १२.४.५: मानौं, हरि प्रसाद काफ्ले ने.बैं.लि.मा २०४४ बैशाख १ गते सहायक स्तरमा नियुक्त भएका रहेछन् । निज २०६५ जेष्ठ १ गते सेवाबाट निवृत्त भए । निवृत्त हुँदाका अवस्थामा निजले निम्नानुसारका रकम प्राप्त गरेका रहेछन् ।

| | |
|---|---|
| (१) सञ्चय कोष २०५८ चैत्र १८ गतेसम्म साँवा | रु.४,००,०००/- |
| (२) सञ्चय कोष २०५८ चैत्र १९ गते देखि २०६५ बैशाख मसान्त सम्मको साँवा | रु.८,००,०००/- |
| (३) सञ्चय कोष २०५८ चैत्र १८ गतेसम्म ब्याज | रु.१,५०,०००/- |
| (४) सञ्चय कोष २०५८ चैत्र १९ गते देखि २०६५ बैशाख मसान्त सम्मको ब्याज | रु.१,५०,०००/- |
| सञ्चयकोषबापत जम्मा प्राप्त गर्ने रकम रु. | रु.१५,००,०००/- |

आयकर नियमावली, २०५९ को नियम २० को उपनियम (६)(क) अनुसार निजको कर छुट हुने रकमको गणना निम्नानुसार गर्नु पर्दछ ।

| | |
|---|---|
| ऐन लागू हुनुभन्दा पूर्वको सञ्चयकोष साँवा | रु.४,००,०००/- |
| ऐन लागू हुनुभन्दा पूर्वको सञ्चयकोषब्याज | रु.१,५०,०००/- |
| छुट हुने सञ्चय कोष रकम रु. | ५,५०,०००/- |

ऐन लागू भैसके पश्चातको अवकाश भुक्तानीको गणना निम्नानुसार गर्नुपर्दछ ।

| | |
|---|---|
| ऐन लागू पश्चातको सञ्चयकोष (अवकाश कोष) रकम | रु.८,००,०००/- |
| ऐन लागू पश्चात सञ्चयकोष (अवकाश कोष) मा ब्याज | रु.१,५०,०००/- |
| जम्मा सञ्चय कोष रकम रु. | ९,५०,०००/- |

ऐन लागू भैसके पश्चात सञ्चयकोष रकम समेतलाई अवकाश कोष भनिन्छ, यदि उक्त अवकाश कोष स्वीकृत अवकाश कोष भएको अवस्थामा सो कोषबाट गरिने भुक्तानीलाई कर प्रयोजनको लागि निम्नानुसार गणना गर्नुपर्दछ ।

ऐन लागूभएपश्चातको अवधिको स्वीकृत अवकाश कोषबाट प्राप्त कूल रकम

रु.९,५०,०००/-
ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार लाभ गणना गर्दा भुक्तानी रकमको ५०% वा रु.५,००,०००/-मध्ये जुन बढी हुन्छ सो रकम घटाउनु पर्दछ, जस अनुसार,

(१) भुक्तानी रकमको ५०% ले हुने रकम रु.४,७५,०००/-
(२) तोकिएको रकम रु.५,००,०००/-

ऐन लागू भैसके पश्चात स्वीकृत अवकाश कोषबाट जम्मा रु.९,५०,०००/-भुक्तानी प्राप्त गरेकोमा ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार लाभ गणना गर्दा रु.५,००,०००/-छुट पाउने भएकोले सो कट्टा गरी बाँकी रु.४,५०,०००/-मा ऐनको दफा ८८ को उपदफा (१)(१) बमोजिम पाँच प्रतिशतका दरले कर कट्टा गरी सो

अवकाश कोषले बाँकी रकम निजलाई भुक्तानी दिनु पर्दछ।

ऐन लागू भैसके पश्चात यदि अवकाश कोष अस्वीकृत अवकाश कोष भएको अवस्थामा भुक्तानी प्राप्त गरेको रकम र सो कोषमा योगदान गरेको रकमको फरक रकममा अग्रिम कर कट्टा गर्नु पर्दछ

उपर्युक्त व्यवस्था तलको उदाहरणबाट स्पष्ट पारिएको छः

उदाहरण १२.४.६ मानौं, हरि काफ्लेले योगदान गरेको अवकाश कोष निजले अवकाश प्राप्त गर्दाका बखत स्वीकृति नलिएको अवकाश कोषमा परिणत भएको रहेछ। निजको सो अवकाश कोषको योगदान र प्राप्त गरेको भुक्तानी निम्नानुसार रहेछः

| | |
|---|---|
| (१) सञ्चय कोष - २०५८ चैत्र १९ गते देखि बैशाख मसान्त २०६० सम्मको साँवा .............. | रु.४,५०,०००/- |
| (२) ऐ अवधिमा सञ्चय कोषको रकममा ब्याज .......... | रु.५०,०००/- |
| जम्मा भुक्तानी रकम | रु.५,००,०००/- |

उक्त साँवा रकममध्ये निज हरि काफ्लेको आफ्नो योगदान रकम रु.४,५०,०००।- रहेछ भने सोमा निम्नानुसार कर कट्टा गर्नु पर्छ।

| | |
|---|---|
| (१) भुक्तानी हुने रकम | रु.५,००,०००/- |
| (२) उक्त कोषमा आफ्नो योगदान रकम | रु.४,५०,०००/- |
| कर प्रयोजनको लागि लाभ :- | रु.५०,०००/- |

ऐनको दफा ८८ (१) अनुसार भुक्तानी गर्दा ५ प्रतिशतका दरले हुने रु.२,५००।-अग्रिम कर कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्दछ।

तर, उक्त भुक्तानी नेपाल सरकारबाट प्राप्त भएको भए दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार हुन आउने लाभ अर्थात रु.५ लाख वा भुक्तानी रकमको पचास प्रतिशतमध्ये जुन बढी हुन्छ सो कटाई बाँकी रकममा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने हुन्छ।

उपर्युक्त व्यवस्था तलको उदाहरणबाट स्पष्ट पारिएको छः

उदाहरण १२.४.७ः मानौं, माथि उदाहरण १२.४.५ मा बैंकको कर्मचारी विनियामावली अनुसार उपदानको निम्नानुसार व्यवस्था रहेछ।

| | |
|---|---|
| ५ वर्ष सेवा अवधि पूरा भएका लागि - | प्रति वर्ष सेवा अवधि पूराको लागि आधा महिनाको तलब |
| ५ वर्ष भन्दा बढी १० वर्षसम्म - | प्रति वर्ष सेवा अवधिपूराको लागि एक महिनाको तलब |
| १० वर्ष भन्दा बढी १५ वर्षसम्म - | प्रति वर्ष सेवा अवधि पूराको लागि डेढ महिनाको तलब |
| १५ वर्ष भन्दा बढी - | प्रति वर्ष सेवा अवधिपूराको लागि दुई महिनाको तलब |

सेवा निवृत्त हुँदा निजको तलव रु.४०,०००।-प्रति महिना रहेछ। निजको २०५८ चैत्र १८ गतेसम्म ६० दिन र निवृत्त हुँदा १२० दिन घर बिदा रहेछ। सो बापतरु.१,६०,०००।- भुक्तानी प्राप्त गरेका रहेछन्। निजको कर गणना निम्नानुसार गर्नुपर्दछ।

उपदान रकम भुक्तानी (२१.०८ वर्षको प्रति वर्ष २ महिनाको तलब बराबर)रु. १६,८६,४००।-

आयकर नियमावली, २०५९को नियम २० (६) अनुसार ऐन प्रारम्भ हुनु भन्दा अगाडि र पछाडिको सञ्चित बिदा बापतको रकम र पाकेको उपदान निम्नानुसार गणना गर्नुपर्दछ। जम्मा

सेवा अवधि २१ वर्ष १ महिनामध्ये २०५८ चैत्र १८ गतेसम्म सेवा अवधि १४ वर्ष ११ महिना १८ दिन ।

| | |
|---|---|
| - घर बिदा १२० दिनबापत प्राप्त रकम | रु.१,६०,०००।- |
| २०५८ चैत्र १८ गते सम्मकोपाकेको विदा ६० दिनको | रु.८०,०००।- |
| बिदा बापत करयोग्य अवकाश भुक्तानी (क) | रु.८०,०००।- |
| - उपदान रकम - | रु.१६,८६,४००।- |
| २०५८ चैत्र १८ गतेसम्म पाकेको उपदान - | रु.(११,९६,२४०।-) |
| (४०,००० × १४.९५३ वर्ष × २ महिनाका दरले) | |
| करयोग्य अवकाश उपदान (ख) | रु.४,९०,१६०।- |
| कर प्रयोजनको लागि अवकाश भुक्तानी (क+ख) | **रु.५,७०,१६०।-** |

उक्त कर प्रयोजनको लागि गणना गरिएको अवकाश भुक्तानीरु.५,७०,१६०।-मा आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार १५% का दरले अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ । यसरी अग्रिम कर कट्टा गरी भुक्तानी प्राप्त रकम ऐनको दफा ९२ अनुसार अन्तिम कर कट्टी गरी प्राप्त गरिएको भुक्तानी हुने हुँदा ऐनको दफा ८(३) अनुसार रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दैन । यसमा नियम २० (६) को खण्ड (क) मा ऐन लागू हुनुभन्दा पूर्व पाकेको उपदान र बिदा बापतको रकम अवकाश हुँदाका अवस्थामा मात्र हिसाब किताब गरी भुक्तानी गरिने हुँदा अवकाश हुँदाका अवस्थामा खाइपाई आएको तलबबाट गणना गरी कर छुट दिनु पर्दछ ।

तर उक्त भुक्तानी नेपाल सरकारबाट प्राप्त भएको भए दफा ६५ को उपदफा (१) को खण्ड
(ख) अनुसार हुन आउने लाभ अर्थात रु.५ लाख वा भुक्तानी रकमको पचास प्रतिशतमध्ये जुन बढी हुन्छ सो कटाई बाँकी रकममा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने हुन्छ ।

***खण्ड (ख)*** ***ऐन प्रारम्भ हुँदाका बखत सेवामा रहेका कर्मचारी वा कामदारलाई सेवाबाट अवकाश हुँदा निजहरूको सेवा शर्त सम्बन्धी नियम अनुसार भुक्तानी हुने एक लाख असी हजार रुपैयाँसम्मको औषधि उपचार खर्च रकमलाई सो कर्मचारी वा कामदारको आयमा समावेश नगरिने ।***

उक्त अवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ :

उदाहरण १२.४.८: मानौं, स्वेच्छा कपाली विकास बैंक लिमिटेडमा २०५२ भदौ १ गतेदेखि कार्यरत कर्मचारी हुन् । बैंकको कर्मचारी सेवा शर्त विनियमावली अनुसार अवकाश हुँदाको अवस्थामा प्रति एक वर्ष सेवा अवधिको लागि एक महिनाको तलब औषधि उपचार खर्च दिने व्यवस्था रहेछ । निजको अन्य विवरण निम्नानुसार रहेछ ।

(क) सेवा निवृत्त : २०६४ श्रावण ३१ गते

(ख) निवृत्त हुँदाको अवस्थामा तलव रु.२०,०००।-प्रति महिना ।

(ग) सेवा अवधि : १२ वर्ष

माथि उल्लेख गरिएका सूचनाका आधारमा निजको औषधि उपचार खर्च कर प्रयोजनको लागि निम्नानुसार गणना गरिन्छ ।

(क) सेवा अवधि १२ वर्ष

| | |
|---|---|
| (ख) औषधि उपचार खर्च बापत भुक्तानी रकम : १२X२०,०००।- | रु.२,४०,०००।- |
| नियम २० को उपनियम ६(ख) अनुसार छुट हुने रकम | रु.१,८०,०००।- |
| औषधी उपचार खर्च अन्तर्गतको अवकाश भुक्तानी | रु.६०,०००।- |

नेपाल बैंक लिमिटेडले निजलाई भुक्तानी गर्नुपर्ने रु.२,४०,०००।-मा रु.९,०००।- (६०,०००X१५%) कर कट्टा गरी बाँकी हुन आउने रकम रु.२,३१,०००।-भुक्तानी गर्नुपर्दछ ।

## १२.५ अवकाश योगदान रकम

**ऐनको दफा २ को खण्ड (च) बमोजिम"अवकाश योगदान रकम" भन्नाले अवकाश भुक्तानीको व्यवस्था वा सोको भविष्यमा गरिने व्यवस्थाको लागि अवकाश कोषमा गरिएको भुक्तानी सम्झनु पर्छ ।**

अवकाश योगदान रकम भन्नाले प्राकृतिक व्यक्तिले आफैले वा सम्बद्ध व्यक्ति अर्थात रोजगारकर्ताको हकमा रोजगारदाताले जम्मा गरिदिएको अवकाश योगदान रकमलाई समेत जनाउँछ ।

| |
|---|
| उदाहरण १२.५.१ : हमिद अहमद मासिक रु.२०,०००।-पारिश्रमिक पाउने गरी कमलेश प्रा. लि.मा कार्यरत रहेछन् । उक्त कम्पनीबाट रु.२,०००।-प्रति महिना निजको नाममा अवकाश कोषमा जम्मा गरिने र सो कोषमा निजले बेग्लै रु.२,०००।-लगानी गरेको भए दुवै गरी हुने रु.४,०००।-लाई निज हमिद अहमदको अवकाश योगदान रकम मानिन्छ । |

अवकाश योगदान स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषमा हुन सक्दछ । स्वीकृत अवकाश कोषमा गरिएको अवकाश योगदान ऐनको दफा ६३ को अधीनमा रही करयोग्य आयबाट घटाई पाउँन दाबी गर्न सकिन्छ भने स्वीकृति नलिएको अवकाश कोषमा गरिएको अवकाश योगदान करयोग्य आयबाट घटाई पाउन दाबी गर्न सकिदैन ।

## १२.६ अवकाश योगदानको सीमा :

नियम २१ मा अवकाश योगदानको सीमा निम्नानुसार हुने व्यवस्था गरिएका छः

*कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा तीन लाख रुपैयाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ ।*

*तर योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले सो कोषमा योगदान गर्दा पाँच लाख रुपैयाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ ।*

यस व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ :

उदाहरण १२.६.१: मानौं, अपरिजिता कश्यप विकास बैंक लिमिटेडमा कार्यरत कर्मचारी हुन् । निजले बैंकबाट निम्नानुसारको तलव सुविधा प्राप्त गरेकी रहिछिन् ।

| | |
|---|---|
| मासिक तलव | रु.२०,०००।-प्रति महिना |
| शिक्षा भत्ता | रु.२,०००।-प्रति महिना |
| लुगा भत्ता | रु.१०,०००।-प्रति वर्ष |
| दशै खर्च | एक महिनाको तलब |
| सवारीसाधन भत्ता | रु.१,०००।-प्रति महिना |
| टेलिफोन खर्च | रु.१,०००।-प्रति महिना |

निजलाई बैकले आवास व्यवस्था गरेको रहेछ ।

बैंकले निजको तलबबाट १० प्रतिशत कट्टा गरी सोही रकम बरावर थप गरी स्वीकृत अवकाश कोषमा जम्मा गर्ने गरेको रहेछ ।

| | | |
|---|---|---|
| तलब | २०,०००x१२ | रु.२,४०,०००।- |
| शिक्षा भत्ता | २,००० x१२ | रु.२४,०००।- |
| लुगा भत्ता | | रु.१०,०००।- |
| दशै खर्च | | रु.२०,०००।- |
| सवारी साधन भत्ता | १,००० x१२ | रु.१२,०००।- |

| | | |
|---|---|---|
| टेलिफोन खर्च | १,००० X१२ | रु.१२,०००।- |
| आवास सुविधा | (२४०,००० X २/१००) | रु.४,८००।- |
| थप अवकाश योगदान | (२४०,००० X१०/१००) | रु.२४,०००।- |
| निर्धारणयोग्य आय | | रु.३,४६,८००।- |

घटाउने

अवकाश योगदान

दफा ६३(२) र नियम २१ अनुसार गणना गरिए मध्ये कम रकम छुट हुने,

| | | |
|---|---|---|
| i. | वास्तविक योगदान<br>(२४,०००+२४,०००) रु.४८,०००।- | |
| ii. | निर्धारणयोग्य आयको एक<br>तिहाई हुने रकम रु. १,१५,६००।-<br>(३,४६,८००X१/३) | |
| iii. | अधिकतम सीमा रु. ३,००,०००।- | |
| | करयोग्य आय रु. | २,९८,८००।- |

उदाहरण १२.६.२: मानौं, माथि उदाहरण १२.६.१ मा उल्लेख गरिएको उदाहरणमा उल्लेख गरिए अनुसारको निर्धारणयोग्य आय रु.३,४६,८००।-र निजले आफ्नो तर्फबाट नागरिक लगानी कोषमा प्रति महिना १०,०००।-थप योगदान गरेकी रहिछन् भने निजको योगदान निम्नानुसार गणना गर्नुपर्दछ।

निर्धारणयोग्य आय रु. ३,४६,८००।-

घटाउने

अवकाश योगदान

दफा ६३(२) र नियम २१ अनुसार गणना गरिए मध्ये कम रकम छुट हुने,

| | | |
|---|---|---|
| i. | वास्तविक योगदान रु.१,६८,०००।-<br>वि.वै.लि.अवकाश कोष रु.४८,०००।-<br>नागरिक लगानी कोष रु.१,२०,०००।- | रु.१,१५,६००।- |
| ii. | निर्धारणयोग्य आयको एक<br>तिहाई हुने रकम रु.रु.१,१५,६००।-<br>(३,४६,८००X१/३) | |
| iii. | अधिकतम सीमारु.३,००,०००।- | |
| | करयोग्य आय रु. | रु.२,३१,२००।- |

ऐनको दफा ४ को उपदफा (३) को खण्ड (ग) बमोजिम रोजगारदाताले भुक्तानी गरी दिएको अवकाश योगदान बाहेक अन्य अवकाश योगदान करयोग्य आयबाट घटाई पाउनको लागि दाबी गर्न निजले आफ्नो आय विवरण भने पेश गर्नु पर्दछ । यदि नागरिक लगानी कोष वा रोजगारदातासँगको करार अनुसार अन्य अवकाश कोषमा रोजगारदाता आफैले निजको तर्फबाट पारिश्रमिकबाट कट्टा गरी जम्मा गरिदिएको अवस्थामा त्यस्तो रोजगारकर्ताको अन्य आय नभएमा आय विवरण भने दाखिला गर्नु पर्दैन ।

आयकर नियमावली, २०५९ को दशौं संशोधनबाट "तर योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले सो कोषमा योगदान गर्दा पाँच लाख रुपैयाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ" भन्ने प्रतिबन्धात्मक वाक्यांश थपिएको हुँदा उक्त कोषमा योगदान गर्नेको हकमा पाँच लाख रुपैयाँ वा निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकम निर्धारणयोग्य आयबाट घटाउन पाउँदछ ।

उदाहरण १२.६.३: मानौं गनिलाल सरदार डालिमा रिसोर्टका कर्मचारी हुन् । निजले आ.व. २०७७०७८ मा उक्त रिसोर्टबाट जम्मा रु.२० लाख तलब सुविधा प्राप्त गरेका रहेछन् । उक्त रु.२० लाख रकमबाट डालिमा रिसोर्टले मासिक रु.५० हजारका दरले २०७७श्रावणदेखि माघ महिनासम्म जम्मा रु.३ लाख  नागरिक लगानी कोषमा जम्मा गरेको रहेछ । बाँकी ५ महिना रु.५० हजारको दरले रु.२ लाख ५० हजार सामाजिक सुरक्षा कोषमा जम्मा गरेको रहेछ । निज गनिलालको पारिश्रमिक आयको कर गणना गर्दा अधिकतम घटाउन पाउने अवकाश योगदानको सीमा रु.२० लाखको एक तिहाई रु. ६ लाख ६६ हजार वा अवकाश कोषमा योगदान गरेको पाँच लाखसम्मको रकम हो । निजको पारिश्रमिकबाट नागरिक लगानी कोषमा रु.३ लाख र सामाजिक सुरक्षा कोषमा गरी जम्मा रु.५ लाख ५० हजार अवकाश कोषमा जम्मा भएको हुँदा नागरिक लगानी कोषमा योगदान गरेको रु.३ लाख र सामाजिक सुरक्षा कोषमा जम्मा गरेको रु. २ लाख ५० हजार मध्ये रु. २ लाख गरी जम्मा रु. ५ लाख अवकाश योगदान वापतको रकम पारिश्रमिक करको गणना गर्दा करयोग्य रकमबाट घटाउन पाउंछ ।

## १२.७ अवकाश कोषमा कर:

ऐनको दफा ६४ मा अवकाश कोषको कर सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ:

**६४(१) अवकाश कोषको आय निर्धारण गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम समावेश हुने वा कट्टी हुने रकमहरू कोषको आय गणना गर्दा समावेश वा कट्टी गर्नु पर्नेछ ।**

तर-

**(क) सो कोषमा प्राप्त योगदान सो कोषको आम्दानी हुने छैन र त्यस्ता योगदानलाई गणनामा समावेश गरिने छैन ।**

अवकाश कोषले प्राप्त गर्ने योगदान रकम कोषको आम्दानी हुने छैन । उदाहरणको लागि कर्मचारी सञ्चय कोषले विभिन्न निजामतीका साथै अन्य संघ संस्थाबाट प्राप्त गरेको योगदान रकम कर्मचारी सञ्चय कोषको आम्दानी मानिदैंन ।

**(ख) अवकाश भुक्तानीहरू सो कोषको खर्च हुने छैन र त्यस्ता भुक्तानीलाई आयको गणना गर्दा कट्टी गर्न पाइने छैन ।**

विभिन्न हिताधिकारीले अवकाशको अवस्थामा प्राप्त गर्ने अवकाश भुक्तानी सो अवकाश कोषको खर्च मानिदैंन । जस्तैः विभिन्न कार्यालयमा कार्यरत कर्मचारीहरू सेवाबाट निवृत्त हुँदाको अवस्थामा कर्मचारी सञ्चय कोष मार्फत गरिने अवकाश भुक्तानी रकम कर्मचारी सञ्चय कोषको खर्च मानिदैंन ।

यस व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ :

उदाहरण १२.७.१: मानौं, नेपाल वायुसेवा कम्पनीमा कार्यरत कर्मचारी हरिहर विश्वकर्मा २०६५ जेष्ठ १२ गते कम्पनीबाट सेवा निवृत्त भएका रहेछन् । सेवा अवधिभर कम्पनीले उक्त कर्मचारीको सञ्चयकोष बापत रु.८,००,०००।-स्वीकृत अवकाश कोषमा पठाएको रहेछ । सेवा निवृत्त भएको समयमा उक्त अवकाश कोषले रु.१०,००,०००।-निज कर्मचारीलाई भुक्तान गर्नुपर्ने रहेछ । यसरी सो कोषले प्राप्त गरेको अवकाश योगदान रु.८,००,०००।-सो कोषको आम्दानी मानिदैंन भने सो कर्मचारीलाई अवकाश भुक्तानी गरेको रु.१० लाख पनि सो कोषको खर्च मानिदैंन ।

**(ग) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित सो कोषको दायित्व हुने छैन ।**

माथि उल्लेख गरिएको उदाहरण अनुसार निगमका कर्मचारीको अवकाश योगदान (हित) कर्मचारी सञ्चयकोष (अवकाश कोष) को दायित्व हुदैन । अवकाश कोषले अवकाश योगदान प्राप्त गर्दा आय नमानिने र उक्त कोषबाट हिताधिकारीलाई भुक्तानी गर्दा सो

कोषको खर्च पनि नमानिने हुँदा हिताधिकारीको हित पनि कोषको दायित्व नमानिएको हो । कोष हिताधिकारीको न्याय(Trust) को रूपमा रहने निकाय हो । हिताधिकारीको रूपमा रहेका प्राकृतिक व्यक्ति नै सो कोषको आ-आफ्नो खाता इकाईको अधिकारी (मालिक) हुन् । कोषको व्यवस्थापनले आयकर नियमावलीको नियम २० को उपनियम (२) ले तोकेको क्षेत्रमा लगानी गरी हिताधिकारीको लागि लाभ आर्जन गरिदिने मात्र हो ।

६४(२) **स्वीकृत अवकाश कोषको आयमा कर लाग्ने छैन ।**

कर्मचारी सञ्चयकोष, सामाजिक सुरक्षा कोष, निवृत्तभरण कोष तथा नागरिक लगानीकोषले सञ्चालन गरेको अवकाश कोष र विभागबाट स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका अवकाश कोषको आम्दानीमा कर लाग्दैन ।

६४(३) **कुनै स्वीकृत अवकाश कोष त्यस्तो कोषको रूपमा नरहेमा त्यस्तो कोषले खण्ड (क) बमोजिमको रकमबाट खण्ड (ख) बमोजिमको रकम घटाई हुने रकममा अनुसूची-१को दफा २ को उपदफा (१) मा उल्लिखित करको दर अनुसार हुन आउने रकम कर बुझाउनु पर्नेछ :-**

(क) **सो कोषबाट स्वीकृत अवकाश कोषको रूपमा स्वीकृति प्राप्त गरेको मितिदेखि मान्यता समाप्त भएको मितिसम्मको अवधिबीच सोकोषमा जम्मा भएको सबै अवकाश योगदानहरू र उपदफा (२) लागू नभएको भए करयोग्य आय मानिने सबै आय रकम,**

(ख) **सो कोषबाट स्वीकृत अवकाश कोषको रूपमा स्वीकृति प्राप्त गरेको मितिदेखि मान्यता समाप्त भएको मितिसम्मको अवधिबीच सो कोषले भुक्तानी दिएको सबै अवकाश भुक्तानी रकम ।**

यदि कुनै पनि स्वीकृत अवकाश कोष त्यस्तो कोषको रूपमा नरहेमा अर्थात स्वीकृति नलिएको अवकाश कोषमा परिणत भएको अवस्थामा त्यस्तो कोषको आयमा अनुसुची-१ को दफा २ को उपदफा (१) अनुसार २५%का दरले कर लाग्छ ।

यस व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ :

उदाहरण १२.७.२: मानौं नेपाल सृजन कम्पनी लि.ले आफ्ना कामदार कर्मचारीको लागि मिति २०६० आषाढ मसान्तका दिन विभागबाट स्वीकृति प्राप्त गरी अवकाश कोष सञ्चालन गरिरहेको छ । उक्त कोषको हिसाब किताब निम्नानुसार छ ।

| | |
|---|---|
| आ.व.६०/६१ अवकाश योगदान | रु.२५,००,०००।- |
| आ.व.६०/६१ लगानीबाट प्राप्त ब्याज | रु.१,५०,०००।- |
| आ.व.६१/६२ अवकाश योगदान | रु.३०,००,०००।- |
| आ.व.६१/६२ लगानीबाट प्राप्त ब्याज | रु.४,००,०००।- |
| आ.व.६०/६१ मा अवकाश भुक्तानी | रु.१५,००,०००।- |
| आ.व.६१/६२ मा अवकाश भुक्तानी | रु.१४,००,०००।- |
| आ.व.६०/६१ मा अवकाश कोष सञ्चालन खर्च | रु.१,००,०००।- |
| आ.व.६१/६२ मा अवकाश कोष सञ्चालन खर्च | रु.१,१०,०००।- |

मानौ उक्त अवकाश कोष २०६२ जेष्ठ मसान्तका दिनदेखि विभागले दिएको स्वीकृति रद्द गरेको जानकारी गरायो । यस अवस्थामा स्वीकृत अवकाश कोष अस्वीकृत अवकाश कोषमा २०६२ जेष्ठ मसान्तका दिनदेखि परिणत भएको हुँदा उक्त अवकाश कोषको कर गणना निम्नानुसार गर्नु पर्दछ ।

स्वीकृति प्राप्त भएको मिति : २०६० आषाढ मसान्त

स्वीकृति समाप्त भएको मिति : २०६२ जेष्ठ मसान्त

| | |
|---|---|
| स्वीकृति प्राप्त भएको मिति देखिको योगदान | रु.५५,००,००० |
| स्वीकृति समाप्त भएको मितिसम्म लगानीबाट प्राप्त ब्याज: | रु.५,५०,०००।- |

| | | |
|---|---|---|
| न्यूनः अवकाश कोष सञ्चालन खर्च रु. | | (२,१०,०००।-) |
| स्वीकृति समाप्त भएको मितिसम्मको करयोग्य आय | | रु.३,४०,०००।- |
| भएको मितिसम्म लगानीबाट प्राप्त ब्याज | | |
| जम्मा आय (क) | | रु.५८,४०,००० |
| अवकाश भुक्तानी : | | |
| आ.व.६०/६१ | रु.१५,००,०००।- | |
| आ.व.६१/६२ | रु.१४,००,०००।- | |
| जम्मा अवकाश भुक्तानी (ख) | | रु.२९,००,००० |
| करयोग्य आय (क -ख) | | रु.२९,४०,००० |
| करको दर २५% | | रु.७,३५,००० |

# परिच्छेद १३

# निकाय र वितरण

# (Entity and Distribution)

१३.१ निकाय (Entity)भन्नाले प्राकृतिक व्यक्ति बाहेक अन्य व्यक्तिलाई बुझाउँछ । आयकर ऐन, २०५८ अनुसार आयकर प्रयोजनको लागि निकायलाई कृत्रिम व्यक्ति (Artificial Person)को रूपमा लिई सोही अनुसार कर लगाइने व्यवस्था गरिएको छ । ऐनको दफा २(भ) मा साझेदारी, ट्रष्ट वा कम्पनी, गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह कुनै विदेशी सरकार वा सो सरकार अन्तर्गतका प्रान्तीय वा स्थानीय सरकार वा कुनै सन्धिद्वारा स्थापना भएको सार्वजनिक अन्तर्राष्ट्रिय संगठन, वा आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको संस्था वा संगठनको स्थायी संस्थापनलाई निकायको रूपमा परिभाषित गरिएको छ । सामान्यतयाः निकायको स्वामित्व प्राकृतिक व्यक्ति वा अन्य निकायद्वारा नियन्त्रित हुने भएतापनि निकायको छुट्टै कानुनी अस्तित्व हुन्छ । निकायको करको सम्बन्धमा व्याख्या गर्दा निकायमा रहेको हित एवम् निकायमा रहेको निहित स्वामित्वको बारेमा जानकारी हुनु जरुरी हुन्छ ।

लाभांश भन्नाले सामान्यतयाःकुनै निकाय (Entity)ले आफ्ना हिताधिकारीलाई वितरण गर्ने मुनाफाको अंशलाई जनाउँछ । ऐनको दफा २ को खण्ड (कघ) मा "लाभांश" शब्दले निकायबाट हुने वितरण सम्झनुपर्छ भन्ने उल्लेख गरेको छ । निकायले प्राप्त गर्ने आयमा ऐनको अधीनमा रही कर तिर्नुपर्ने, आंशिक छुट हुने वा पूर्ण रूपले कर छुट हुने अवस्था हुन सक्दछ । यसरी कर दायित्व भुक्तान गरिसकेको आयबाट निकायले आफ्नो हिताधिकारीलाई मुनाफाको अंश वितरण गर्न सक्दछन् वा उक्त मुनाफालाई निकायको पुँजीमा थप गर्न अर्थात पुँजीकरण गर्न सक्दछन् ।यसरी हुने वितरण सो निकायको हिताधिकारीको आय हुन्छ । निकायको कानुनी अवस्था आफ्ना हिताधिकारी भन्दा फरक रहेको कारण निकायले आर्जन गर्ने आयमा कर तिर्ने दायित्व सोही निकायको हुन्छ भने हिताधिकारीलाई प्राप्त हुने लाभांशको आयमा कर तिर्ने दायित्व सम्बन्धित हिताधिकारीको हुन्छ ।

ऐनमा उल्लेख भएका निकायको आय, निकायबाट हुने वितरण, निकायको स्वामित्वको परिवर्तन हुँदाका अवस्था जस्ता प्रावधानलाई व्याख्या गर्नु यस परिच्छेदको मुख्य उद्देश्य रहेको छ ।

१३.२ **निकायमा रहेको हितः**

ऐनको दफा २ को खण्ड (म) मा निकायमा रहेको हितलाई निम्नानुसार परिभाषित गरिएकोछ ।

**२(म) "निकायमा रहेको हित" भन्नाले कुनै निकायको आय वा पुँजी प्राप्त गर्ने सांयोगिक (कन्टिन्जेन्ट) अधिकार समेतको अधिकार सम्झनु पर्छ ।**

निकायमा रहेको हित (Interest on Entity)भन्नाले साझेदारी फर्मको हकमा सो फर्मको मुनाफा लगायत सो फर्मको सम्पत्तिमा साझेदारको अधिकारलाई जनाउँछ । सो वाक्यांशले सीमित दायित्व भएको कम्पनीमा शेयरहोल्डरले उक्त कम्पनीमा गरेको लगानीको प्रतिफल लगायत उक्त कम्पनी खारेजी (Liquidation) हुँदाको अवस्थामा हुने अधिकार (Contingent Right)लाई जनाउँछ भने अवकाश कोषमा लगानीकर्ता (हिताधिकारी) ले लगानी गरे बापत लगानी गरिएको रकम तथा सोको प्रतिफललाई समेत जनाउँछ ।

निकायमा रहेको हित भन्नाले विशेष गरी पुँजी र आयमा सहभागी हुने अधिकारलाई जनाउँदछ । साझेदारी फर्ममा सो फर्मका साझेदारको हित रहेको हुन्छ । एवम् प्रकारले कम्पनीमा सो कम्पनीका अंशियार (Shareholders)को हित रहेको हुन्छ भने ट्रष्टमा त्यसका हिताधिकारी (Beneficiary) को हित रहेको हुन्छ । साझेदारी फर्ममा साझेदारको हित रहेको हुन्छ भन्नाले साझेदारले उक्त साझेदारी फर्ममा आफ्नो पुँजी बापत केही रकम वा

जिन्सी, पुँजीको रूपमा लगानी गरेका हुन्छन् भने साझेदारी फर्मले गर्ने आय आर्जनको भागेदार (Share) निज साझेदार नै भएको हुँदा निजको उक्त फर्ममा हित रहेको मानिन्छ । यसैगरी कम्पनीमा अंशियारले आफ्नो शेयर लगानीको रूपमा पुँजी लगानी गरेका हुन्छन् । उक्त कम्पनीले गर्ने आय आर्जन मार्फत लाभांशको रूपमा प्राप्त गर्ने अधिकार र संस्था बिघटन हुँदाका अवस्थामा गरिने वितरणमा समेत निजको अधिकार रहने हुँदा अंशियारको उक्त कम्पनीमा हित रहेको मानिन्छ । संयुक्त उद्यममा संलग्न प्रत्येक सदस्यको लगानी वा सो काम गर्नका लागि पेश गरिएको परस्परको सम्झौता अनुसारको अनुपातमा सो संयुक्त उद्यममा हित रहेको मानिन्छ । माथिका अवस्था तलको उदाहरणमा खुलाइएको छः

| |
|---|
| उदाहरण १३.२.१: मानौं, कस्मिक व्यापार प्रा.लि.नामको एक कम्पनीमा ६० प्रतिशत शेयर दिनेशमान भन्ने व्यक्तिको रहेछ र बाँकी ४० प्रतिशत शेयर रमेश मल्ल भन्ने व्यक्तिको रहेछ भने सो कम्पनीमा सोही अनुपातमा दिनेशमान तथा रमेश मल्लको हित (Interest) रहेको मानिन्छ । |
| उदाहरण १३.२.२: मानौं, धोबी खोलामा बन्न लागेको पुल निर्माणको ठेक्का लिन दिवस कम्पनी लि.र दिनेश कम्पनी लि.ले ६०:४० को संयुक्त स्वामित्व रहेको संयुक्त उद्यम हुने गरी सडक विभागको बोलपत्र पेश गरेका रहेछन् । दिवस दिनेश संयुक्त उद्यममा सोही अनुपातमा ती कम्पनीको हित (Interest) रहेको मानिन्छ । |

## १३.३ निहित स्वामित्व :

विशेष गरी सम्बद्ध व्यक्तिबीचको कारोबारमा हुन सक्ने मूल्य हस्तान्तरण (दफा ३३), सम्बद्ध व्यक्ति बीचको हस्तान्तरण (दफा ४५) र अन्तर्राष्ट्रिय कर सम्झौता (दफा ७३) सम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नका लागि निकायको वास्तविक धनी यकिन गर्ने अवधारणा (Pass-through Approach )अन्तर्गत निहित स्वामित्वका सम्बन्धमा व्याख्या गरिनु आवश्यक रहेको छ । ऐनको दफा २ को खण्ड (र) मा निहित स्वामित्वलाई निम्नानुसार परिभाषित गरिएकोछ ।

**२(र) "निहित स्वामित्व" भन्नाले देहायको स्वामित्व सम्झनु पर्छ :-**

**(१) कुनै निकायको सम्बन्धमा कुनै प्राकृतिक व्यक्ति वा प्राकृतिक व्यक्तिको हित नरहेको निकायले सो निकायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक वा बढी मध्यस्थ निकायहरूद्वारा राखेको हितका आधारमा सिर्जित स्वामित्व, वा**

कुनै निकायमा प्राकृतिक व्यक्ति वा प्राकृतिक व्यक्तिको हित नरहेको निकायले धारण गरेको सो निकायको सम्पत्ति र आय माथिको अधिकारलाई त्यस्तो निकायको सो निकायमाथि निहित स्वामित्व (Underlying Ownership on Entity) रहेको मानिन्छ ।

| |
|---|
| उदाहरण १३.३.१: मानौं, हिमाल व्यापार प्रा.लि.का कोमल एण्ड कम्पनी प्रा.लि.तथा शितल ईन्भेष्टमेण्ट प्रा.लि.शेयर होल्डर रहेछन् । कोमल एण्ड कम्पनी प्रा.लि.ले उक्त कम्पनीको ६० प्रतिशत शेयर खरिद गरेको रहेछ भने शितल ईन्भेष्टमेण्ट प्रा.लि.ले बाँकी ४० प्रतिशत शेयर खरिद गरेको रहेछ । यो लगानीले हिमाल व्यापार प्रा.लि.मा कोमल एण्ड कम्पनी प्रा.लि. र शितल ईन्भेष्टमेण्ट प्रा.लि.को प्रत्यक्ष स्वामित्व (Direct ownership)सिर्जना गरेको छ ।<br>शितल ईन्भेष्टमेण्ट प्रा.लि.को ८० प्रतिशत शेयर शर्मिली प्रा.लि.ले र बाँकी २० प्रतिशत दिवाकर प्रा.लि.ले खरिद गरेको रहेछ । यस अवस्थामा, हिमाल व्यापार प्रा.लि.मा शर्मिली प्रा.लि.तथा दिवाकर प्रा.लि.को क्रमशः ३२ (८०%X४०%) प्रतिशत तथा ८ (२०%X४०%) प्रतिशत मध्यस्थ निकायद्वारा सिर्जना भएको अप्रत्यक्ष निहित स्वामित्व(Underlying Ownership through interposed entity) रहेको मानिन्छ । |

**(२) कुनै निकायको स्वामित्व रहेको सम्पत्तिको सम्बन्धमा सो निकायमा निहित स्वामित्व रहेका व्यक्तिहरूको स्वामित्वको समानुपातको आधारमा निर्धारण भएको सम्पत्तिको स्वामित्व**

कुनै व्यक्तिको कुनै निकायको सम्पत्ति वा आयमा आफ्नो अधिकारको अनुपात (सांयोगिक अधिकार समेत)को आधारमा त्यस्तो निकायमा सो व्यक्तिको निहित स्वामित्व रहेको मानिन्छ । कुनै व्यक्तिको कुनै निकायमा ४० प्रतिशत हिस्सा रहेछ । सो निकायको स्वामित्वमा रहेको कुनै जग्गा रहेछ भने निकायमा रहेको उक्त सम्पत्तिमाथि निजको समानुपातिक आधारमा अर्थात ४० प्रतिशतले हुन आउने रकम बराबर निहित स्वामित्व (Underlying Ownership on asset)रहेको मानिन्छ । उक्त अवस्था तलको उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण १३.३.२: मानौं, कस्मिक व्यापार प्रा.लि.नामको एक कम्पनीमा ६० प्रतिशत शेयर दिनेशमान भन्ने व्यक्तिको रहेछ र बाँकी ४० प्रतिशत शेयर रमेश मल्ल भन्ने व्यक्तिको रहेछ । उक्त कम्पनीको सुगम व्यापार निगम भन्ने कम्पनीमा रु.१ करोड बराबरको लगानी रहेछ । यस अवस्थामा उक्त निगममा सो कम्पनीको लगानीमाथि सोही अनुपातमा दिनेशमान तथा रमेश मल्लको निहित स्वामित्व (Underlying Ownership on asset) रहेको मानिन्छ । |

## १३.४ निकायका सम्बन्धमा लागू हुने करका सिद्धान्त :

निकायका सम्बन्धमा लागू हुने करका सिद्धान्तका सम्बन्धमा ऐनको दफा ५२ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**५२(१) कुनै निकाय कर दाखिला गर्ने प्रयोजनको लागि त्यसको हिताधिकारी भन्दा छुट्टै रूपमा जिम्मेवार हुनेछ ।**

कुनै पनि निकायलाई कर दाखिला गर्ने प्रयोजनको लागि उक्त निकायका हिताधिकारी (Beneficiary) भन्दा भिन्दै रूपमा लिइन्छ ।

| |
|---|
| उदाहरण १३.४.१: मानौं, शितल ईन्भेष्टमेण्ट प्रा.लि.को २ जना शेयरहोल्डरमध्ये एक जनाले उक्त कम्पनीको ६० प्रतिशत र अर्कोले ४० प्रतिशत शेयर लिएका रहेछन् । उक्त कम्पनीले आय वर्ष२०६७/०६८ मा रु.५० लाख मुनाफा गरेको रहेछ । कर पश्चातको मुनाफाबाट कम्पनीले १० प्रतिशतका दरले लाभांश वितरण गरेको रहेछ । यसरी भुक्तान गर्ने लाभांशमा लाग्ने कर कट्टा गरी हिताधिकारीलाई भुक्तानी दिनु पर्दछ। निकायले आर्जन गरेको मुनाफाबाट निकायले तिर्नुपर्ने करको दरमा कर तिरिसकेतापनि सो निकायको हिताधिकारीले सो निकायबाट प्राप्त भएको वितरण भने कर मुक्त हुन सक्दैन । अर्थात, निकायको आयमा कर तिर्ने दायित्व सोही निकायको हुने र हिताधिकारीको आय (निकायबाट हुने वितरण) मा कर तिर्नुपर्ने दायित्व हिताधिकारी कै हुन्छ। यसरी निकायले हिताधिकारीको तर्फबाट Withholding Agent को रूपमा समेत काम गर्नुपर्ने हुन्छ ।तर लगानीको हकमा निकायले लाभांश मार्फत गरेको आयमा भने हिताधिकारीलाई सो को वितरण गर्दा पुन: करकट्टी गर्नु पर्दैन । |

**५२(२) निकायबाट हुने वितरण दफा ५३ मा उल्लेख भए बमोजिम हुनेछ र त्यसरी हुने वितरणमा दफा ५४ बमोजिम यसका हिताधिकारीलाई कर लगाइनेछ ।**

निकायबाट यस ऐनको दफा ५३ अनुसार आफ्ना हिताधिकारीलाई गरेको वितरण (तोकिएका अपवाद बाहेक अन्य कुनै पनि हैसियतले गरिएको भुक्तानी वा मुनाफाको पुंजीकरण) सो निकायबाट हिताधिकारीलाई गरिएको वितरण मानिने हुँदा ऐनको दफा ५४ अनुसार लाभांश वितरण गरेको मानी ऐनको दफा ८८ को उपदफा (२) को खण्ड (क) अनुसार ५ प्रतिशतका दरले कट्टा गर्नुपर्दछ । यस सम्बन्धी विस्तृत व्याख्या बुँदा नं.१३.५ मा गरिएको छ ।

**५२(३) निकायबाट प्राप्त गरिएको रकम र व्यहोरिएको खर्च रकम निकायले अन्य व्यक्तिको लागि प्राप्त गरेको वा नगरेको वा खर्च व्यहोरेको वा नव्यहोरेको जे जस्तो भए पनि निकायले प्राप्त गरेको र व्यहोरेको मानिनेछ ।**

निकायबाट प्राप्त गरिएको रकम, अर्को व्यक्तिको लागि प्राप्त गरेको वा नगरेको जे भए पनि सोही निकायले नै प्राप्त गरेको मानिन्छ । त्यस्तै, निकायबाट खर्च व्यहोरिएको रकम पनि अर्को व्यक्तिको लागि खर्च गरेको वा नगरेको जे भए पनि सोही निकायले नै खर्च व्यहोरेको मानिन्छ ।

**५२(४) निकायको स्वामित्वमा रहेको सम्पत्ति र बहन गरिएका दायित्वलाई सोही निकायको स्वामित्व वा भारमा रहेको मानिनेछ । यस्तो स्वामित्वमा रहेको सम्पत्ति र बहन गरिएका दायित्वलाई अन्य कुनै व्यक्तिको स्वामित्व वा भारमा रहेको मानिने छैन ।**

निकाय सञ्चालनार्थ निकायको नाममा रहेका सम्पत्ति जस्तै भवन, फर्निचर तथा अन्य सम्पत्ति निकाय कै स्वामित्वमा रहेको मानिन्छ । यसरी निकायको स्वामित्वमा रहेको सम्पत्ति अन्य व्यक्तिको स्वामित्वमा रहेको मानिनेछैन । एवम् प्रकारले निकायले बहन गरेको दायित्वलाई समेत सोही निकायको दायित्व मानिन्छ ।

**५२(५) निकायको आयको लागि त्यसको व्यवस्थापक, हिताधिकारी वा निकाय जोसुकैले दाखिला गरेको विदेशी आयकर सो निकायले दाखिला गरेको मानिनेछ ।**

निकायको आय बापत बुझाउनुपर्ने वा बुझाएको विदेशी आयकर सो निकाय आफै वा यसका व्यवस्थापक वा हिताधिकारी (having interest on such entity)मध्ये जोसुकै व्यक्ति मार्फत दाखिला गरेको भए पनि सोही निकायले नै बुझाएको मानिन्छ ।

**५२(६) कुनै निकाय र यसका व्यवस्थापक तथा हिताधिकारीबीचको कारोबारलाई परिच्छेद-७ र दफा ४५ को अधीनमा रही मान्यता दिइनेछ ।**

कुनै निकाय र यसका व्यवस्थापक तथा हिताधिकारीबीचको कारोबारलाई रकमको परिमाणीकरण, बाँडफाँड र चारित्रीकरण तथा सम्बद्ध व्यक्ति बीचको हस्तान्तरण र अन्य गैर बजार हस्तान्तरण सम्बन्धी व्यवस्थाको अधीनमा रही मान्यता दिइन्छ । ऐनको दफा २ को खण्ड (कन) मा सम्बद्ध व्यक्तिलाई निम्नानुसार परिभाषित गरिएको छ :

> **"सम्बद्ध व्यक्ति" भन्नाले एक अर्को व्यक्तिको मनसाय अनुसार काम गर्ने एक वा एकभन्दा बढी व्यक्ति वा त्यस्ता व्यक्तिहरूको समूह सम्झनु पर्छ र सो शब्दले देहायका व्यक्तिहरू समेतलाई जनाउँछ :-**
>
> **(१) प्राकृतिक व्यक्ति र सो व्यक्तिको नातेदार वा कुनै व्यक्ति वा सो व्यक्तिको साझेदार,**
>
> **(२) विदेशी स्थायी संस्थापन र सो संस्थापनमा स्वामित्व भएको व्यक्ति, र**
>
> **(३) कुनै निकाय आफै वा आफूसँग सम्बन्धित अन्य व्यक्ति वा सहयोगी निकाय वा त्यस्ता सहयोगी निकायसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायसँग मिलेर कुनै निकायको आय, पुँजी वा मताधिकारको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा नियन्त्रण गर्ने वा सोबाट फाइदा प्राप्त गर्ने निकाय ।**
>
> **तर देहायका व्यक्ति सम्बद्ध व्यक्ति हुने छैन :-**
>
> **(१) कर्मचारी,**
>
> **(२) विभागले सम्बद्ध व्यक्ति होइन भनी तोकेको व्यक्ति ।**

सम्बद्ध व्यक्ति सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद २ मा उल्लेख गरिएकोछ ।

## १३.५ निकायबाट हुने वितरणः

निकायबाट हुने वितरणका सम्बन्धमा ऐनको दफा ५३ मा निम्नानुसारको व्यवस्था रहेकोछ :

**५३(१) निकायबाट हुने वितरणमा देहायका कुराहरू समावेश गर्नु पर्नेछ :-**

**(क) निकायबाट आफ्नो कुनै हिताधिकारीलाई कुनै पनि हैसियतले गरिएको भुक्तानी, वा**

**(ख) मुनाफाको पुँजीकरण ।**

कुनै निकायमा रहेको सञ्चित मुनाफा वा अन्य कोषबाट नगद लाभांश वितरण नगरी आफ्ना हिताधिकारीलाई बोनस शेयरको रूपमा वा शेयरको चुक्ता मूल्य वृद्धि गरी वा शेयर प्रिमियम खातामा आम्दानी गरी वितरण गरेको अवस्थामा मुनाफाको पुँजीकरण गरेको मानिन्छ ।

कुनै निकायमा कुनै व्यक्तिको हित रहेको अवस्थामा यस्तो निकायबाट सो निकायका हिताधिकारीलाई दफा ५३ को अधीनमा रही गरिने भुक्तानीलाई वितरण मानिन्छ । यो व्यवस्था अनुसार वितरण दुई थरीको हुन्छ :

१. मुनाफाको पुँजीकरण

२. उपदफा (२)को अधीनमा रही उपदफा (१)(क) बमोजिमका भुक्तानी

लाभांशको रूपमा प्राप्त गरिने वितरण रकमलाई ऐनको दफा ९ अनुसार आय गणना गर्दा समावेश गर्नुपर्ने भएतापनि बासिन्दा कम्पनीबाट भएको वितरण दफा ९२(१)(क) अनुसार अन्तिम करकट्टी हुने भुक्तानी मानिने हुँदा दफा ९(३)(क) अनुसार आयमा समावेश गर्नु पर्दैन । लाभांश निकायबाट वितरण हुने एक खास प्रकारको भुक्तानी हो । तसर्थ ऐनको प्रयोजनको लागि निकायबाट हिताधिकारीलाई गरिने कुनैपनि भुक्तानी चाहे जिन्सी होस वा नगदमा त्यसलाई यस दफाको अधीनमा रही निकायबाट भएको वितरण मानिन्छ ।

**५३(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको खण्ड (क) मा उल्लेख भएको कुनै भुक्तानी निम्न अवस्थाहरूमा मात्र वितरण भएको मानिनेछ :-**

**(क) निकायबाट प्राप्त हुनसक्ने प्रतिफलको सट्टामा हिताधिकारीले उक्त निकायलाई भुक्तानी गरेको रकमभन्दा सो भुक्तानी बढी भएमा, र**

**(ख) सो भुक्तानीमा निम्न रकमहरू समावेश नभएमा :-**

**(१) हिताधिकारीको आयको गणना गर्दा समावेश भएका रकमहरू,**

**(२) वितरणको कारणले बाहेक अन्तिम रूपमा कर कट्टी भएको भुक्तानीहरू ।**

माथि उपदफा (१)मा निकायबाट हिताधिकारीलाई भएको भुक्तानीलाई वितरण भनिएतापनि उपदफा (२) ले निम्न भुक्तानीलाई वितरण मानेको छैन ।

- हिताधिकारीले निकायबाट पाएको भुक्तानीलाई निजको करयोग्य आय गणना गर्दा समावेश हुने रकमको भुक्तानी वितरण मानिदैन ।
- वितरणको कारणले बाहेक अन्तिमरूपमा कर कट्टी भएको भुक्तानी पनि वितरण मानिदैन ।

| |
|---|
| उदाहरण १३.५.१: सूर्य प्रा.लि.का हिताधकिारी राजु शर्माले सो निकायलाई कन्सल्टेन्सी सेवा प्रदान गरी रु. १ लाख सेवा शुल्क प्राप्त गरेकोमा निकायले सो सेवा शुल्कमा ऐनको |

दफा ८८ बमोजिम भुक्तानीमा अग्रिम करकट्टी गर्नु पर्छ, तर उक्त रकम निकायको वितरण भने हुंदैन । सो रकमलाई हिताधिकारीको करयोग्य आयमा समावेश गर्नुपर्ने हुन्छ । त्यस्तै निज राजु शर्मा जसको कुनै व्यवसाय छैन, निजको सवारी साधन निकायले प्रयोग गरे बापतको भाडा भुक्तानी गर्दा ऐनको दफा ८८ बमोजिम भुक्तानीमा अग्रिम करकट्टी गर्नु पर्छ, तर उक्त रकम निकायको वितरण भने हुंदैन । सो अन्तिमरूपमा कर कट्टी भएको भुक्तानी अन्तर्गत पर्न आउंछ ।

**५३(३)** **कुनै निकायको वितरणले सो निकायको सम्पत्ति र दायित्वको मूल्य घटाउने भएमा मात्र त्यस्तो वितरण मुनाफाको वितरण वा पुँजीको फिर्ता मानिनेछ ।**

**५३(४)** **देहायका कुनै अवस्थामा कुनै निकायको वितरणलाई दफा ५५ को अधीनमा रही मुनाफाको वितरण मानिनेछ :-**

**(क) उपदफा (३) मा उल्लिखित किसिमको वितरण भएमा र वितरणको समयमा निकायको दायित्वको बजार मूल्य तथा पुँजीकृत गरिएको मुनाफा समेत समावेश भएको पुँजी योगदान रकमको जम्मा रकमभन्दा सम्पत्तिको बजार मूल्य बमोजिमको रकम बढी भएमा,**

**(ख) मुनाफाको पुँजीकरण भएमा ।**

यो व्यवस्था अनुसार मुनाफाको पुँजीकरणलाई निकायबाट गरिने वितरण मानी कर लगाइन्छ । निकायबाट भुक्तानी भएको अवस्थामा माथिका उपदफा (१),(२)र(३)को अधीनमा रही निम्नानुसारको रकम वितरण र पुँजी फिर्ता मानिन्छ:

१. वितरण = मुनाफाको वितरण लगायत सुविधाको वितरण (Deemed Dividend)

२ मुनाफाको वितरण हुनका लागि पूरा हुनुपर्ने शर्त:

क. सम्पत्ति र दायित्वको मूल्य वितरणको कारणले घट्नुपर्ने

ख. निकायको सम्पत्तिको बजार मूल्य, पुँजीको योगदान र दायित्वको बजार मूल्यको योग भन्दा बढी हुनु पर्छ

घ. पुँजीको फिर्ता = सम्पत्ति र दायित्वको मूल्य घट्ने गरी भएको वितरण– मुनाफाको वितरण

**५३(५)** **उपदफा (३) मा उल्लिखित वितरण मुनाफाको वितरण नभएको हदसम्म पुँजी फिर्ता भएको मानिनेछ ।**

**५३(६)** **कुनै निकायको वितरण पुँजीको फिर्ता नभएको हदसम्म सो निकायको लाभांश मानिनेछ ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “मुनाफाको पुँजीकरण” भन्नाले बोनस शेयर वा यस्तै कुनै हित जारी गरी पुँजीकृत गरेको वा सो निकायको हितको चुक्ता रकममा वृद्धि गरेको वा निकायको प्रिमियम तथा पुंजी खातामा नाफालाई आम्दानी बाँधेको समेतलाई जनाउँछ ।**

पुँजीको फिर्ता र मुनाफाको वितरण

ऐनको दफा ५३ को माथिको व्यवस्था अनुसार निकायबाट आफ्नो कुनै हिताधिकारी (Beneficiary)लाई निम्न अवस्थामाबाहेक अन्य कुनै पनि हैसियतले गरेको भुक्तानीलाई वितरण(Distribution) मानिएको छ :

(क) भुक्तानी प्रापक हिताधिकारीले गरेको भुक्तानी बापतको फिर्ता भुक्तानी

(ख) प्रापकलाई वितरण बाहेकका शीर्षकमा कर लाग्ने भुक्तानी

(ग) सम्पत्तिको मूल्य नघटाएका भुक्तानी

(घ) सम्पत्ति वा दायित्वको बजार मूल्य मूल्यांकन गर्दा भएको मुनाफाभन्दा बढी भुक्तानी

(ङ) दफा ५५ बमोजिमका भुक्तानीमध्ये पुँजी फिर्ता मानिने अंशको भुक्तानी

उदाहरण १३.५.२: मानौं, शितल गार्मेण्ट प्रा.लि.मा छेतेन दोर्जे भन्ने व्यक्ति शेयर होल्डर एवम् प्रबन्ध सञ्चालक रहेछन् । निजले सो कम्पनीलाई चालु पुँजीका लागि रु.५ लाख दिएका रहेछन् । कम्पनीले सो रकम फिर्ता गर्दा कम्पनीको हिताधिकारीलाई नै भुक्तानी गरेको भएतापनि प्रापक हिताधिकारीले गरेको भुक्तानी बापतको फिर्ता भुक्तानी भएकाले सो भुक्तानी वितरण होइन ।

उदाहरण १३.५.३: मानौं, सम्पूर्ण बैंक लि.ले जमाल भन्ने व्यक्तिलाई रोजगारी दिएको रहेछ । जमाल सो बैंकको शेयरधनी (हिताधिकारी)समेत रहेछन् । सम्पूर्ण बैंक लि.ले निज जमाललाई आ.व.२०६५।६६ मा रु.५ लाख तलब भुक्तानी निजको उक्त बैंकमानै रहेको खातामा जम्मा गरी दिएको रहेछ । सो आ.व.मा उक्त खातामा रहेको रकममा बैंकले कर कट्टा गरी रु.२० हजार ब्याज जम्मा गरेको रहेछ । साथै, सो वर्ष जमालले निजी घर किन्नको लागि सोही बैंकबाट नै अन्य व्यक्तिलाई दिइने घर कर्जामा लागू हुने ब्याज दर नै लागू हुने शर्तमा रु.१० लाख ऋण लिएका रहेछन् । बैंकले सो कर्जा रकम सिधै घर बिक्रेतालाई तिरिदिएको रहेछ । बैंकले सो आ.व.मा १० प्रतिशतले लाभांश घोषणा गरेको रहेछ र तदनुरूप जमालले आफ्नो लगानीको आधारमा कर कट्टा गरी रु.५,०००।-बैंकबाट लाभांश पनि प्राप्त गरेका रहेछन् ।

माथिको उदाहरणमा जमालले बैंकमा काम गरेको कारण प्राप्त गरेको तलब, निक्षेप राखे बापत प्राप्त ब्याज तथा बजार दरमा ब्याज भुक्तान गर्ने शर्तमा प्राप्त कर्जा सुविधालाई वितरण मानिदैन । सो आ.व.मा निजले प्राप्त गरेको लाभांश मात्र वितरण (लाभांश) मानिनेछ ।

माथि उल्लिखित अवस्थामा हिताधिकारीको हैसियतले नभई रोजगारी एवम् निक्षेपको आधारमा प्राप्त तलब, ब्याज, ऋण प्राप्त गरेको रकम ऐनको दफा ५३ अनुसार वितरणको परिधिबाट बाहिर राखिएको छ किनकी तलव बापत प्राप्त गरेको रकम दफा ८ अनुसार रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ, निक्षेप बापत प्राप्त गरेको ब्याज रकम दफा ८८ अनुसार अग्रिम करकट्टा गरिने र दफा ९२ अनुसार अन्तिम करकट्टी भुक्तानी भएको हुँदा दफा ५३ को उपदफा (३) अनुसार वितरण मानिदैन । कर्जा सापटको हकमा भनेजमालको घर बिक्रेता प्रतिको दायित्व घट्न गएको तर सो बापत बैंकबाट लिएको ऋण (ब्याज सहित) तिर्ने शर्तमा बैंकबाट घरधनिलाई रकम भुक्तान गरेको हुँदा त्यस्तो भुक्तानीलाई वितरण मानिदैंन । त्यस्तै, लाभांशको वितरण वा भुक्तानी भने अन्तिम करकट्टी भुक्तानी भएतापनि ऐनको दफा ५३ को उपदफा (३) अनुसार वितरण मानिन्छ ।

दफा ५३ को उपदफा (३) बमोजिम कुनै पनि निकायबाट गरिने वितरणले सो निकायको सम्पत्ति र दायित्वको मूल्य घटाउने भएमा मात्रै त्यस्तो कार्यलाई वितरण वा पुँजीको फिर्ता मानिन्छ ।

उदाहरण १३.५.४ : मानौं, ABC Co. Pvt. Ltd को वासलात निम्नानुसारको रहेछ :

Balance Sheet of ABC Co. Pvt. Ltd.

रकम रु.लाखमा

| | | | | |
|---|---|---|---|---|
| Share Capital | २० | Fixed Assets | ३० | |
| General Reserve | २० | Current Assets | २० | |
| Other Liabilities | १० | | | |
| Total | ५० | Total | ५० | |

मानौं, यस आ.व.मा सो कम्पनीले १० प्रतिशत लाभांश वितरण गर्ने घोषणा गऱ्यो । त्यस अवस्थामा सो कम्पनीको सम्पत्ति र सञ्चित मुनाफा घट्ने हुँदा सोही अनुसार वासलातलाई निम्नानुसार उल्लेख गरिएको छ ।

Balance Sheet of ABC Co. Pvt. Ltd. (after distribution)

रकम रु.लाखमा

| | | | | |
|---|---|---|---|---|
| Share capital | | २० | Fixed assets | ३० |
| General reserve | २० | १८ | Current Assets | १८ |
| Less, Dividend | (२) | | | |
| Curent liabilities | | १० | | |
| Total | | ४८ | Total | ४८ |

उक्त अवस्थामा सो कम्पनीको सम्पत्ति र दायित्व घट्न गएको हुँदारु.२ लाखलाई वितरण मानिन्छ ।

उक्त वितरण हुँदाका अवस्थामा सम्पत्तिको बजार मूल्य, निकायको दायित्वको बजार मूल्य र पुँजीकृत गरिएको मुनाफा समेत समावेश गरी भएको पुँजी योगदान रकमको जम्मा (Total) रकम भन्दा बढी भएमा बढी भएजतिको रकमलाई मुनाफाको वितरण मानिन्छ ।

उदाहरण १३.५.५ : मानौं, जम्बो फिड प्रा.लि.को सम्पत्ति रु.१० लाख रहेछ । शेयर पुँजी रु.९लाख तथा जगेडा रु. ५० हजार एवम् अन्य दायित्व रु.५० हजार रहेछ । उक्त कम्पनीको सम्पत्तिको बजार मूल्य रु.१२ लाख रहेछ तथा दायित्वको बजार मूल्यरु.५० हजार रहेछ । यसरी शेयर पुँजी रु.९ लाख तथा दायित्वको जम्मा रकम रु.९ लाख ५० हजार रहेको र सम्पत्तिको बजार मूल्य रु.१२ लाख भएकोले रु.२लाख पचास हजारसम्मको भुक्तानीलाई मुनाफाको वितरण मानिन्छ । सोभन्दा बढी भुक्तानी भएमा बढी भुक्तानी रकम पुँजी फिर्ता मानिन्छ ।

मानौ जम्बो फिडको शेयरधनीले रु.३,००,०००।-लगेको रहेछ :

वितरण = हिताधिकारीलाई भुक्तानी भएको अवस्थाको सम्पत्तिको बजार मूल्य - दायित्वको बजार मूल्य - चुक्ता पुँजी (Market price of assets- Market price of Liabilities- paid up Capital)

= रु.१२००००० - रु.५०,०००-रु.९००,००० = रु.२,५०,०००।-

भुक्तानी रु.३,००,०००।-भएकाले रु.२,५०,०००।-सम्म वितरण (Profit-first) र सोभन्दा बढी भएको रु.५०,०००।-पुँजी फिर्ता मानिन्छ ।

उदाहरण १३.५.६ : मानौं, जम्बो फिड प्रा.लि.को खुद सम्पत्ति रु.१० लाख र शेयर पुँजीरु.९ लाख ५० हजार रहेछ । हरि भन्ने व्यक्तिले उक्त कम्पनीको रु.४ लाखको शेयर खरिद गरेका रहेछन् । साथै निजले कम्पनीलाई रु.२ लाख तिर्नुपर्ने रहेछ । सो रकम कम्पनीको खुद सम्पत्ति गणना गर्दा समावेश भएको छ । कम्पनीले उक्त सापटी रकम तिर्नुनपर्ने गरी हरिलाई मिन्हा दिएको अवस्थामा कम्पनीले हरिलाई मिन्हा दिएको रकम रु.२ लाख ऐनको दफा ५३ अनुसार वितरण मानिन्छ किनभने कम्पनीको खुद सम्पत्ति, भुक्तानी गरिएको हदसम्मको रकमले (अर्थात रु.२ लाखले) घट्न गएको छ । यस उदाहरणमा, वितरणको कारणबाट घट्न गई खुद सम्पत्ति रु.८ लाख (रु.१० लाख - रु.२ लाख) हुन गएको छ । यहाँ बजारमूल्यको मुनाफा रु.५०,०००।-(खुद सम्पत्ति रु.१० लाख र शेयर रु.९ लाख ५० हजारको फरक) मात्र भएकाले सो रु.५०,०००।-वितरण मानिन्छ । निकायको पुँजीको योगदान रु.१,५०,०००।-ले घट्न गएको हुँदा सो रकमलाई पुँजीको फिर्ता (Repayment of Capital) मानिन्छ । उक्त लाभांश रु.५०,०००।-वितरणमा अन्तिम करकट्टी गरी ऐनको दफा ९२ अनुसार भुक्तानी गर्नुपर्दछ ।

| |
|---|
| उक्त सापटी मिन्हा पाएको हरिले सो कम्पनीको रु.९० हजारको मात्र शेयर खरिद गरेका रहेछन् भने निजको सापटी अपलेखन रु.२ लाख भई रु.५०,०००।-वितरण र रु.१,५०,०००।-पुँजि फिर्ता भएकाले लगानीभन्दा पुँजी फिर्ता बढी भएको रकम ऐनको दफा ४०(३)(ख)अनुसार लगानीको खर्चभन्दा आम्दानी बढी (Incoming is higher than Outgoings)भएकाले सो शेयर लगानी नै निःसर्ग मानी दफा ३७ बमोजिमको लाभ रु.६०,०००।-लाई आयमा समावेश गर्नु पर्दछ । |

**मुनाफाको पुँजीकरण**

मुनाफाको पुँजीकरण (Capitalization of Profit)भन्नाले निकायले आर्जन गरेको नाफा वा त्यस्तै हिसावबाट नगद वितरण नगरी बोनस शेयरको रूपमा आफ्ना अंशियारलाई वितरण गर्ने प्रकृयालाई मुनाफाको पुँजीकरण मानिन्छ ।

उदाहरण १३.५.७ : मानौं, जम्बो फिड प्रा.लि.को वासलातमा Reserve मा रु.५० लाख सञ्चिती रहेछ । उक्त कम्पनीको शेयर पुँजी(Share Capital)रु.१०० का दरको २ लाख कित्ता शेयरले कूल रु.२ करोड रहेछ । उक्त कम्पनीले यस आ.व.मा ५:१ का दरले बोनस शेयर दिने निर्णय गरेको रहेछ । त्यस्तो अवस्थालाई मुनाफाको पुँजीकरण गरेको मानिन्छ । उक्त मुनाफाको पुँजीकरणको लागि निम्नानुसारको Accounting Entires गरिन्छ :

| | |
|---|---|
| Reserve A/C Dr | ४०,००,०००।- |
| To share Capital A/C Cr | ४०,००,०००।- |

यसरी मुनाफाको पुँजीकरणलाई पनि निकायले वितरण गरेको मानिन्छ ।

उदाहरण १३.५.८ : मानौं, जम्बो फिड प्रा.लि.को वासलातमा रु.५० लाख सञ्चित मुनाफा र रु.९० लाख शेयर प्रिमियम रहेछ । उक्त कम्पनीको शेयर पुँजी(Share Capital)रु.१०० का दरको २ लाख कित्ता शेयरले कूल रु.२ करोड रहेछ । उक्त कम्पनीले यस आ.व.मा सञ्चित मुनाफाबाट ५:१ का दरले र शेयर प्रिमियमबाट ५:२ का दरले बोनस शेयर दिने निर्णय गरेको रहेछ । त्यस्तो मुनाफा पुँजीकरण गरेको बराबरको बोनस शेयरलाई वितरण गरेको मानिन्छ । उक्त पुँजीकरणको लागि निम्नानुसारको Accounting Entries गरिन्छ :

| | |
|---|---|
| Accumulated Profit A/C Dr | ४०,००,०००।- |
| Securities Premium A/c Dr | ८०,००,०००।- |
| To share Capital A/C Cr | १,२०,००,०००।- |

यसरी गरिएको मुनाफाको पुँजीकरणलाई निकायले वितरण गरेको मानिन्छ ।

## १३.६ लाभांशको कर

निकायले वितरण गर्ने लाभांशको कर सम्बन्धमा ऐनको दफा ५४ मा निम्नानुसारको व्यवस्था रहेको छः

**५४(१) बासिन्दा निकायले वितरण गरेको लाभांशमा देहाय बमोजिम हुनेछ :-**

**(क) कुनै कम्पनीको शेयरवाला वा साझेदारी फर्मको साझेदारलाई लाभांश वितरण गरेमा अन्तिम रूपमा कर कट्टीको विधिले कर लाग्नेछ, र**

कुनै बासिन्दा कम्पनीले आफ्ना अंशियार वा साझेदारी फर्मले आफ्ना साझेदारलाई लाभांश वितरण गरेमा अन्तिम रूपमा करकट्टीको विधिले कर लगाइन्छ । उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण १३.६.१ : मानौं, जम्बो फिड प्रा.लि.मा शेयर होल्डर जमिन मियाँले रु.१ लाख लगानी गरेका रहेछन् । आ.व.२०६५।६६ मा उक्त कम्पनीले १० प्रतिशतका दरले लाभांश

घोषणा गरेको रहेछ र जमिन मियाँलाई निजले गरेको लगानीको १० प्रतिशतका दरले हुने रु. १० हजार लाभांश भुक्तानी दिँदा ऐनको दफा ८८ अनुसार ५ प्रतिशतका दरले हुने रु.५००।- लाभांश कर कट्टा गरी रु.९,५००।-भुक्तानी दिनु पर्दछ । यसरी कर कट्टा गरी भुक्तानी गरेको लाभांश ऐनको दफा ९२ अनुसार अन्तिम करकट्टी हुने भुक्तानी हो ।

उदाहरण १३.६.२ : मानौं, XY एक साझेदारी फर्म रहेछ । उक्त फर्मको X र Y साझेदार रहेछन् । उक्त फर्मको Partnership Deed अनुसार नाफा नोक्सानको वितरण २:१ को अनुपातमा गरिने रहेछ । आ.व.२०६५।६६ मा सो निकायको कर पश्चात नाफा रु.६० हजार रहेछ र Partnership Deedअनुसार सो निकायले Xलाई रु.४० हजार (तीन खण्डको दुई खण्ड) र Yलाई रु.२० हजार (तीन खण्डको एक खण्ड) वितरण गरेको रहेछ । यसरी वितरण गरिएको लाभांश (मुनाफा बाँडफाँड)मा लाभांश कर लाग्दछ ।

**(ख) अन्य निकायहरूले वितरण गरेमा कर लाग्ने छैन ।**

**५४(२) कुनै गैर बासिन्दा निकायले कुनै बासिन्दा हिताधिकारीलाई वितरण गरेको लाभांशलाई सो हिताधिकारीको आयको गणना गर्दा समावेश गरी कर लाग्नेछ ।**

कुनै गैर बासिन्दा व्यक्तिबाट बासिन्दा व्यक्तिलाई वितरण गरिएको लाभांश रकमलाई बासिन्दा व्यक्तिले आय गणना गर्दा समावेश गर्नु पर्दछ । विदेशी कम्पनीबाट भएको वितरणको उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण १३.६.३: मानौं, डाबर भारत लि.भारतमा स्थापना भएको कम्पनी रहेछ । उक्त कम्पनीमा भारतीय नागरिक नेपालका बासिन्दा कमल श्रीवास्तव भन्ने व्यक्तिको रु.२ करोडको शेयर लगानी रहेछ तर सो निकाय कमल श्रीवास्तवका सन्दर्भमा नियन्त्रित विदेशी निकाय होइन रहेछ । डाबर भारत लि. ले २० प्रतिशतका दरले लाभांश वितरण गरेको रहेछ भने निजकमलले प्राप्त गर्ने लाभांश रु.४० लाख आफ्नो आय गणना गर्दा लगानीको आयमा समावेश गर्नु पर्दछ ।

उदाहरण १३.६.४: मानौं, नेपालका बासिन्दा भारतीय नागरिक पंकज जालानको भारतमा एक भारतीयसँग साझेदारी फर्म रहेछ । उक्त साझेदारी फर्मबाट यो वर्ष मिलनले रु.४ लाख प्राप्त गरेका रहेछन् । मिलनले उक्त साझेदारीको अंश आफ्नो आय गणना गर्दा लगानीको आयमा समावेश गर्नु पर्दछ ।

तर, दफा ६९ बमोजिमका नियन्त्रित विदेशी निकायबाट वितरित लाभांश भने यस दफामा भएको व्यवस्था बमोजिम आयमा समावेश गर्न पर्दैन । त्यस्तो निकायले वितरण गर्ने लाभांशमा लाग्ने कर सम्बन्धी व्यवस्था यस निर्देशिकको परिच्छेद १४ मा व्याख्या गरिएको छ

**५४(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम कर कट्टी भई प्राप्त भएको लाभांश वितरण गरेमा कर लाग्ने छैन ।**

अन्तिम रूपमा करकट्टी गरी वितरण गरेको लाभांशबाट पुनः लाभांश वितरण गरेमा उक्त वितरणको हदसम्मको रकममा लाभांश कर कट्टा गर्नु पर्दैन । उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण १३.६.५: मानौं, कमल एण्ड सन्स् प्रा.लि.ले लोबो कं लि.भन्ने बासिन्दा कम्पनीबाट लाभांश कर कट्टा गरेर रु.१० लाख लाभांश प्राप्त गरेको रहेछ । उक्त कमल एण्ड सन्स् प्रा.लि.को मुनाफालाभांश आय समावेश गर्नुपूर्व रु.९० लाख रहेछ । लाभांश प्राप्त गरेको रु.१० लाख गरी जम्मा रु.१ करोड यस आ.व.मा आफ्ना अंशियारलाई नगद लाभांश वितरण गर्ने घोषणा गरेको रहेछ । कमल एण्ड सन्स् प्रा.लि.का बिमल थापा एक जना अंशियार रहेछन् । निजले रु.५ लाख बराबरको लाभांश प्राप्त गर्ने रहेछन् भने निजलाई भुक्तानी गर्दा निम्नानुसार रु.२२,५००।-लाभांश कर कट्टा गरी बाँकी रु.४,७७,५००।-भुक्तानी दिनु पर्दछ ।

| | |
|---|---|
| जम्मा मुनाफा लाभांश वितरण | १०० लाख |
| कर कट्टी प्राप्त लाभांश आयको | १० लाख |
| लाभांश आयको अंश (१० लाख/१०० लाख) | १० प्रतिशत |
| बिमल थापालाई भुक्तानी रकम | रु.५,००,०००।- |
| कर नलाग्ने अंश (१० प्रतिशतले) | रु.५०,०००।- |
| कर लाग्ने अंश (९० प्रतिशतले) | रु.४,५०,०००।- |
| ५ प्रतिशतले हुने कर रकम | रु.२२,५००।- |
| बाँकी भुक्तान गर्नुपर्ने रकम | रु.४,७७,५००।- |

लाभांश आय भएका कम्पनीले पुनः लाभांश वितरण गर्नुपर्दा आयमा समावेश भएको लाभांशमा पुनः आफ्ना हिताधिकारीलाई लाभांश कर तिनुनपर्ने व्यवस्थाले त्यस्तो लाभांश आय हुने कम्पनीले हरेक वर्षको लाभांश आय र सोबाट वितरण गरिएको लाभांश रकमको छुट्टै हिसाब बनाई राख्नु पर्दछ । उदाहरणको लागिः

| लाभांश प्राप्त भएको रकम र वर्ष | प्राप्त लाभांशको शुरु मौज्दात रु. | यस वर्षमा लाभांश प्राप्त रु. | प्राप्त मध्ये यो वर्ष वितरण रु. | प्राप्त मध्ये वितरण गर्न बाँकी रु. |
|---|---|---|---|---|
| वर्ष १ | १,०००।- | १,०००।- | - | २,०००।- |
| वर्ष २ | २,०००।- | २,०००।- | १,५००।- | २,५००।- |
| वर्ष ३ | २,५००।- | | २,५००।- | ० |
| वर्ष ४ | ० | २,०००।- | १,०००।- | १,०००।- |
| वर्ष ५ | १,०००।- | ३,०००।- | १,८००।- | २,२००।- |

५४(५) **कुनै निकायको हिताधिकारीको हित बापत प्राप्त हुने परिच्छेद ८ बमोजिमका आम्दानीहरुमा सो हित बापत कुनै निकायबाट गरिएको पुँजीको फिर्ता रकम समावेश गर्नु पर्नेछ ।**

**तर निकायले वितरण गरेको लाभांश समावेश गर्नुपर्ने छैन ।**

## १३.७ निकायको विघटन

निकायको बिघटन सम्बन्धमा ऐनको दफा ५५ मा निम्नानुसारको व्यवस्था रहेको छः

५५(१) **कुनै निकायको बिघटनको क्रममा हितहरूको निःसर्ग हुँदा कुनै हिताधिकारीले पाउने नाफाको अंश र योगदान गरेको पुँजीको अंशको अनुपातमा गरेको वितरणलाई निम्न सबै अवस्थाहरू पूरा भएमा सो निकायको आंशिक लाभांश र आंशिक पुँजीको भुक्तानी मानिनेछ :-**

(क) **प्रचलित कानुनको प्रक्रिया पूरा गरी कुनै निकायले आफ्नो हित खरिद गरेको वा कुनै निकायको बिघटन भएको कारणबाट समेत सो निकायमा रहेको हितको खारेजी, मोचन वा समर्थनको सम्बन्धमा त्यस्तो निकायबाट कुनै वितरण गरिएको,**

(ख) **पूर्ण बिघटन भएकोमा बाहेक सो निकायको मुनाफाको अंशमा हिताधिकारीहरूको अधिकारको उपयुक्त अनुपातमा वितरणको गणना नभएको वा मनासिब रूपमा हुन नसकेको, र**

(ग) **सो निःसर्गपछि सो वितरण प्राप्त गर्ने सो हिताधिकारी सो निकायसँग सम्बद्ध व्यक्ति नभएको ।**

निकायबाट हुने भुक्तानीलाई माथि उल्लेख भएका आधारमा गणना गर्दा बजार मूल्यमा भएको मुनाफा सम्मको रकम (Networth at market price less paid up Capital) वितरण मानिन्छ । तर, शेयर संरचनामा परिवर्तन (buyback, forefeit, surrender, internal reconstruction, redeemption, etc.) गर्ने गरी हिताधिकारीलाई भएका भुक्तानीमा यो सूत्र अनुसार शेयरको चुक्ता रकम फिर्ता भएतापनि वितरण मानिने अवस्था आउँदछ। हिताधिकारीलाई भएको भुक्तानीमा वितरण पहिलो (Profit-first) अवधारणा भएतापनि शेयर संरचना नै परिवर्तन गर्ने गरी भएको भुक्तानीमा भने पुँजी फिर्ता पहिलो (Capital Refund-first) गर्ने गरी भुक्तानी बाँडफाँड गर्ने व्यवस्था यो दफाले गरेको छ । शेयर संरचना परिवर्तन भन्नाले संख्यात्मक शेयर हुने निकायको शेयर संख्यामा र अन्यको शेयर रकम (जस्तैः संयुक्त उद्यम) मा गरिएको परिवर्तन हो । आंशिक रूपमा शेयर संरचना परिवर्तन भएतापनि संयुक्त उद्यमका हकमा यस ऐनमा यो व्यवस्थालाई निकायको विघटन भनिएको छ । तर पूर्णरूपमा विघटन भई अन्तिम भुक्तानी गर्दा भने वितरण पहिलो (Profit-first) अवधारणा नै लागू हुन्छ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण १३.७.१ : मानौं, ललितपुर कम्पनी लि.को चुक्ता पुँजीरु.६ करोड रहेछ । उक्त फर्म पूर्ण रूपमा बिघटन भएको रहेछ । यसरी बिघटन हुँदा उक्त फर्मको सम्पत्तिको निःसर्गबाट रु.७ करोड प्राप्त भएको रहेछ । बिघटन भएको यस अवस्थामा पुँजीको अंश र लाभको अंश वितरण पहिलो (Profit-first)अवधारणा अनुसार गणना गरिन्छ र भुक्तानी रकममध्ये पहिलो रु.१ करोडलाई वितरण र बाँकी रु.६ करोडलाई पुँजी फिर्ता मानिन्छ ।

तर उक्त रकममध्ये रु.३ करोडमात्र वितरण भएको अवस्थामा भुक्तानी हुने रकम भने दफा ५५(१) बमोजिम पहिले पुँजी फिर्ता (Capital-first)को अवधारणा अनुसार आंशिक पुँजी फिर्ता र आंशिक वितरण मानिन्छ । अर्थात सम्पत्तिको वितरण अगाडिको बजार मूल्य रु.७ करोड भएमा वितरित रु.३ करोडलाई निम्नानुसार बाँडफाँड गरिन्छः

| | |
|---|---|
| पुँजीफिर्ता (600/700=85.71% of Rs. 3 crores) | रु.२५७.१३ लाख |
| वितरण | रु.४२.८७ लाख |

वितरण मानिने रकम रु.४२ लाख ८७ हजारमा लाभांश कर लाग्दछ ।

उदाहरण १३.७.२ : मानौं, माथिको उदाहरणमा जम्मा सम्पत्तिको मूल्य रु.४ करोडमात्र प्राप्त भएछ, यस अवस्थामा

वितरण = हिताधिकारीलाई भुक्तानी भएको अवस्थाको सम्पत्तिको बजार मूल्य - दायित्वको बजार मूल्य - चुक्ता पुँजी(Market price of net assets - paid up)

= ४ - ० - ६= २ करोड (ऋणात्मक पुँजी फिर्ता)

पुँजीरु.६ करोड र भुक्तानी रु.४ करोड मात्र भएकाले सबै रकम पुँजी फिर्ता मानिन्छ ।

**५५(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायमा रहेको कुनै हिताधिकारीको हित सो निकायले प्रचलित कानुन बमोजिम मान्यता प्राप्त धितोपत्र विनिमय बजार मार्फत खरिद गरी उक्त हिताधिकारीलाई गरेको वितरणमा सो उपदफा र दफा ५३ को व्यवस्था लागू हुने छैन ।**

शेयरधनीलाई माथि उल्लेख भएका शर्त र बन्देज बाहेक जुनसुकै नाम, शर्त, तरिका, अवधि वा अवस्थामा भएका भुक्तानी यात वितरण हुन्छन् या पुँजी फिर्ता । तर सूचिकृत कम्पनीले कम्पनी कानुनमा व्यवस्था भए बमोजिम स्टक एक्स्चेन्ज मार्फत आफ्नै शेयरमा लगानी गरेमा त्यस्तो लगानीलाई ट्रेजरी स्टकमा लगानी भनिन्छ । यस्तो अवस्थामा शेयरधनीलाई नै

भुक्तानी गरेतापनि यस्तो भुक्तानीलाई वितरण वा पुँजी फिर्ता मानिदैन । ट्रेजरी स्टकमा लगानी गर्ने अवस्थालाई निम्न उदाहरणबाट स्पष्ट गरिन्छ :

उदाहरण १३.७.३ : नेपाल डाँफे कम्पनी लि.ले आफ्ना शेयरधनीको स्वामित्वमा रहेको सो कम्पनीको रु.१०० दरका १,००० कित्ता शेयर नेपाल धितोपत्र विनिमय बजार मार्फत रु.५००।-का दरमा खरिद गरेको रहेछ । यस अवस्थालाई सो कम्पनीले आफ्नो शेयरमा लगानी (Treasury Stock Investments) गरेको मानिन्छ । यस्तो अवस्थामा आफ्नो स्वामित्वमा रहेको शेयर बिक्री गर्ने शेयरधनीले प्रति शेयर रु.५००।-का दरले १,००० कित्ताको हुने रु.५,००,०००।-प्राप्त गरेको रकमलाई ऐनको दफा ५३ अनुसार मुनाफाको वितरण वा पुँजी फिर्ता नमानी केवल अन्य कम्पनी सरहको लगानी मानिन्छ। यस अवस्थामा दफा ५३ आकर्षित नहुने हुँदा दफा ३६ बमोजिम गणना गरिएको लाभमा कर लाग्ने हुन्छ ।

## १३.८ निकाय र हिताधिकारीबीचको कारोबार

निकाय र हिताधिकारीबीचको कारोबारका सम्बन्धमा ऐनको दफा ५६ मा निम्नानुसारको व्यवस्था रहेको छः

**५६(१) दफा ४५ को अधीनमा रही कुनै निकाय तथा सो निकायको हिताधिकारीबीच एक अर्कामा वितरणको कुनै तरिका वा अन्य कुनै किसिमले सम्पत्तिको स्वामित्वको हस्तान्तरणबाट सम्पत्ति निःसर्ग भएमा देहाय बमोजिम हुनेछ :-**

**(क) सम्पत्ति हस्तान्तरणकर्ताले सो सम्पत्तिको निःसर्ग हुनुभन्दा तत्काल अघिको बजार मूल्य सरहको रकम सो निःसर्गबाट प्राप्त गरेको मानिनेछ, र**

**(ख) सम्पत्ति हस्तान्तरण गरिलिने व्यक्तिको सो सम्पत्ति प्राप्त गर्दा खण्ड (क) मा उल्लेख भए बराबरको रकम लागत परेको मानिनेछ ।**

**५६(२) दफा ४५ को अधीनमा रही कुनै निकाय र सो निकायको कुनै हिताधिकारीबीच एक अर्कामा कुनै दायित्वको हस्तान्तरणबाट सो दायित्वको निःसर्ग भएमा देहाय बमोजिम हुनेछ :-**

**(क) दायित्व हस्तान्तरणकर्ताको सो दायित्व निःसर्ग हुनुभन्दा तत्कालअघिको बजार मूल्य सरहको रकम सो दायित्व निःसर्ग गर्दा लागत परेको मानिनेछ, र**

**(ख) दायित्व हस्तान्तरण गरिलिने सो व्यक्तिले दायित्व लिँदा खण्ड (क) मा उल्लेख भए बराबरको रकम प्राप्त गरेको मानिनेछ ।**

ऐनको दफा ५६ को उपदफा (१) तथा (२) निकाय र निकायका हिताधिकारीबीच सम्पत्तिको स्वामित्वको हस्तान्तरण गरी गरिएको निःसर्गसँग सम्बन्धित रहेकोछ । यो दफाको व्यवस्था अनुसार हिताधिकारी र निकायबीचको कारोबारलाई निम्नानुसार परिमाणीकरण गरिन्छ :

क. सो हस्तान्तरणले दफा ४५(६) का अवस्था पूरा गरेमा सम्पत्ति खुद खर्चमा र दायित्व खुद आम्दानीमा

ख. सो हस्तान्तरणले दफा ४५(६) का अवस्था पूरा नगरेमा बजार मूल्यमा निःसर्ग भई हस्तान्तरण भएको मानिन्छ । निःसर्ग गर्ने निकायले निःसर्गमा भएको लाभलाई आयमा समावेश गर्नुपर्दछ ।

उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण १३.८.१ : मानौं, डाँफे कम्पनी लि.एउटा कार बिक्रेता रहेछ । सो कम्पनीमा लाक्पा शेर्पा भन्ने व्यक्तिको ४० प्रतिशत शेयर रहेछ । उक्त कम्पनीले लाक्पा शेर्पालाई

रु.१५ लाख पर्ने कार रु.८ लाखमा बिक्री गरेको रहेछ । यस्तो अवस्थामा सो कम्पनीले रु.१५ लाखलाईनै आफ्नो व्यवसायको आय गणना गर्दा आयमा समावेश गर्नु पर्दछ । कम्पनीको सो हस्तान्तरणले दफा ४५(६) बमोजिमका शर्त पूरा नगरेकाले सो हस्तान्तरणको परिमाणीकरण बजार मूल्यमा अर्थात रु.१५ लाखमा भएको मानिन्छ । दफा ५३ को प्रयोजनका लागि फरक भुक्तानी भएको रु.७ लाख वितरण मानिन्छ ।

उदाहरण १३.८.२: मानौं, शितल गार्मेण्ट प्रा.लि.मा छेतेन दोर्जे भन्ने व्यक्ति शेयर होल्डर एवम् प्रबन्ध सञ्चालक रहेछन् । उक्त कम्पनीले गार्मेन्ट उत्पादन गर्ने गरेको रहेछ । निजले सो कम्पनीबाट रु.५००।-पर्ने गार्मेण्टलाई रु.१००।-मा खरिद गरेका रहेछन् । निज सो कम्पनीको प्रबन्ध सञ्चालक एवम् हिताधिकारी समेत रहेको र निजले सो खरिदको फरक मूल्य रु.४००।-आफ्नो आयमा समावेश नगरेको खण्डमा उक्त रु.४००।-कम्पनीको आयमा समावेश गरी कम्पनीबाट निजलाई रु.४००।-वितरण गरेको मानिन्छ ।

यसरी एकभन्दा बढी हैसियतमा निकायबाट भुक्तानी प्राप्त गर्ने हिताधिकारीले प्राप्त गरेको सुविधा वा नगद वा जिन्सी जुन हैसियतमा प्राप्त भएको हो सोही हैसियतमा प्राप्त भएको मानी परिमाणीकरण गर्नु पर्दछ । यस उदाहरणमा छेतेनले सो सहुलियतपूर्ण गार्मेन्ट प्रबन्ध सञ्चालकको हैसियतमा पाएको अवस्थामा (जस्तैः अन्य कर्मचारीले पनि त्यस्तो सुविधा पाउने गरेका रहेछन्) सो फरक रकम निजको रोजगारीको आयमा समावेश हुन्छ । छेतेनको सो सहुलियत कर्मचारीको रूपमा नभएको भए निजलाई वितरण भएको मानिन्छ । शितल गार्मेन्टलाई जुनसुकै अवस्थामा पनि सो गार्मेन्ट रु.५००।-मा नै निःसर्ग मानिन्छ ।

## १३.९ मुनाफा बाहेकको रकमबाट हुने लाभांशको वितरण :

कुनै निकायले सो निकायको मुनाफा वा लाभ वा आय बाहेकको अन्य कुनै रकमबाट लाभांश वितरण गरेमा त्यसरी वितरित रकम सो निकायको आय हुने व्यवस्था ऐनले गरेको छ । यस सम्बन्धमा ऐनको दफा ५६(३) मा निम्न व्यवस्था रहेको छ :

**५६(३) कुनै निकायले कुनै हिताधिकारीलाई लाभांशको रूपमा मुनाफा बाहेकको लाभांश वितरण गरेमा त्यस्तो लाभांशको रकमलाई सो निकायको आय गणना गर्दा समावेश गर्नु पर्नेछ ।**

**तर तोकिएको कुनै अवस्थामा यो उपदफामा उल्लेख गरिएको कुरा लागू नहुने गरी व्यवस्था गर्न सकिनेछ ।**

यस सम्बन्धमा नियमावलीको नियम १८ मा देहायको व्यवस्था रहेको छ :

*लाभांशको रकमलाई निकायको आय गणना गर्दा समावेश गर्नु नपर्ने :*

*१८.(१) ऐनको दफा ५६ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि कुनै निकायले देहायको कार्यको लागि कुनै हिताधिकारीलाई सो निकायको व्यवसाय सञ्चालनको सिलसिलामा नभई अन्य कारणले मुनाफा बाहेकको लाभांश वितरण गरेमा आय गणना गर्दा समावेश गर्नुपर्ने छैन :-*

*(क) सो निकायबाट हिताधिकारीलाई उपलब्ध गराइएको सेवा, वा*

*(ख) हिताधिकारीको प्रयोगको लागि उपलब्ध गराइएको सो निकायको स्वामित्वमा रहेको सम्पत्ति ।*

*१८(२) उपनियम (१) बमोजिमको अवस्थामा त्यस्तो सेवा वा सम्पत्तिको सम्बन्धमा ह्रास कट्टी लगायत कुनै पनि खर्च कट्टी गर्न पाइने छैन ।*

ऐन र नियमावलीका उपर्युक्त व्यवस्था अनुसार कुनैपनि निकायले आफ्ना हिताधिकारीलाई नियमावलीको नियम १८ को उपनियम (१) मा उल्लिखित रकम बाहेक मुनाफा बाहेकको

अन्य कुनै रकमबाट लाभांश वितरण गरेमा त्यस्तो लाभांश रकमलाई सो निकायको आय गणना गर्दा आयमा समावेश गर्नु पर्दछ ।

ऐन र नियमावलीको उपर्युक्त व्यवस्था बमोजिम कुनै निकायले आफ्नो नाफा नोक्सानमा प्रतिविम्बित नभएको कुनै मुनाफा वा लाभ वा आयको रकम लाभांशको रूपमा वितरण गरेमा त्यसरी वितरण भएको रकमलाई वितरण भएको आय वर्षको आय गणना गर्दा सो निकायको आयमा समेत समावेश गर्नु पर्दछ । कुनै निकायको नाफा नोक्सानमा प्रतिविम्बित नभएको मुनाफा वा लाभ वा आयको उल्लेखनीय उदाहरण शेयर प्रिमियम बापत प्राप्त हुने रकमलाई लिन सकिन्छ । कम्पनी ऐन, २०६३ को दफा २९ ले सोही दफामा तोकिएका शर्त पूरा गर्ने कुनै कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयको पूर्व स्वीकृति लिई प्रिमियम मूल्यको शेयर जारी गर्न सक्ने व्यवस्था गरेको छ । यसरी प्रिमियम मूल्यमा शेयर बिक्री गर्दा प्राप्त भएको रकममध्ये शेयरको अंकित मूल्यभन्दा बढी भएको रकम प्रिमियम खाता खोली जम्मा गर्नुपर्ने समेत व्यवस्था छ । त्यसैगरी, प्रिमियम खातामा रहेको रकम बोनस शेयर जारी गर्न, अग्राधिकार शेयरको प्रिमियम भुक्तान गर्न, प्रारम्भिक खर्चको शोधभर्ना गर्न र कम्पनीको शेयर जारी गर्दा भएको खर्च व्यहोर्न प्रयोग गर्न सक्ने व्यवस्था समेत रहेको छ । सो व्यवस्था अनुसार प्रिमियम मूल्यको शेयर बिक्री गर्दा प्राप्त भएको रकममध्ये अंकित मूल्य बराबरको रकम शेयर पुँजीमा थप भई दायित्वमा वृद्धि हुने हुँदा सो रकमले शेयर जारी गर्ने कम्पनीको आय वा मुनाफामा कुनै असर गर्दैन । तर शेयर प्रिमियम खातामा आम्दानी बाँधिएको रकममध्ये बोनस शेयर जारी गर्न प्रयोग भएको अवस्थामा ऐनको दफा ५३(१)(क) बमोजिमको भुक्तानी सरह मानी अन्तिम रूपमा कर कट्टीको विधिले कर लगाउनु पर्दछ । साथै कम्पनिको विगत वर्षका वा प्रारम्भिक खर्च वा ऐनले छुट नपाउने खर्च शोधभर्ना गर्न प्रयोग भएको हदसम्मको रकमलाई जुन आय वर्षमा बोनस शेयर जारी गर्न वा कम्पनीको खर्च शोधभर्ना गर्न प्रयोग भएको हो सोही आय वर्षमा सो कम्पनी वा निकायको आयमा समावेश गर्नु पर्दछ ।

### १३.१० स्वामित्व परिवर्तनः

ऐनको दफा ५७ मा निकायको स्वामित्वमा परिवर्तन हुने अवस्था र यसरी स्वामित्व परिवर्तन भएको कारणले आयकर प्रयोजनकोलागि सो निकायमा पर्ने असर बारे विशेष व्यवस्था गरिएकोछ । कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएको अवस्थामा सो निकायको स्वामित्व परिवर्तन हुन्छ । यसरी स्वामित्व परिवर्तन हुने अवस्था सिर्जना भएमा स्वामित्व परिवर्तन हुने निकायलाई मूलतः दुई किसिमको असर पर्न जान्छ ।

- सर्वप्रथम सो निकायको साविकमा कायम नगरिएको (Unrealised)पुँजीगत लाभ वा नोक्सानीलाई स्वामित्व परिवर्तन भएको समयमा कायम (Realised)गरिन्छ ।
- त्यसैगरी पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व हासिल गर्ने नयाँ व्यक्तिलाई पुराना व्यक्तिको समयमा भएको कारोबारको कारणले आगामी वर्षमा समायोजन गर्न पाउने रकम (Tax Attributes)लाई समायोजन गर्न बन्देज हुन्छ ।

**५७(१) कुनै निकायको बिगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिने छ ।**

### १३.१०.१ समयावधिको गणनाः

स्वामित्व परिवर्तन भए नभएको जाँच गर्न स्वामित्व परिवर्तन भएको समयावधि र स्वामित्व परिवर्तन भएको प्रतिशत दुवै हेर्नुपर्ने हुन्छ । अवधिको हकमा तीन वर्षभित्रको अवधिलाई मात्र

गणना गर्नुपर्ने हुन्छ भने स्वामित्वको प्रतिशतको लागि एकै पटक वा पटक पटक गरी तीन वर्षभित्र (Moving - 3 years)परिवर्तन भएको कूल स्वमित्व परिवर्तनलाई गणना गर्नुपर्ने हुन्छ ।

निम्न उदाहरणले समयावधिको गणना गर्ने व्यवस्थालाई स्पष्ट गर्छ:

उदाहरण १३.१०.१:मानौं, "ज्ञ" कम्पनीले २०५९ बैसाख १ गते शेयर बाँडफाँड गरेको रहेछ । उक्त कम्पनीमा "क" कम्पनी र "ख" कम्पनीको क्रमशः ३० प्रतिशत र ३५ प्रतिशत शेयर रहेछ । २०६० चैत्र मसान्तमा "क" कम्पनीले आफ्नो स्वामित्वमा भएको "ज्ञ" कम्पनीको सबै ३० प्रतिशत शेयर "ज" कम्पनीलाई बिक्री गरेछ । यसरी स्वामित्व परिवर्तन ३० प्रतिशत मात्र भएकोले ऐनको दफा ५७ आकृष्ट हुँदैन ।

२०६१ चैत्र १५ गते "ख" कम्पनीले पनि आफ्नो स्वामित्वमा भएको "ज्ञ" कम्पनीको सबै ३५ प्रतिशत शेयर "ट" कम्पनीलाई बिक्री गरेछ । २०६० चैत्र मसान्तदेखि "क" कम्पनी र "ख" कम्पनीले शेयर बिक्री गरेको अवधि तीन वर्षभित्रै पर्न जान्छ । अर्थात् ३ वर्षभित्र "क" कम्पनीले ३० प्रतिशत र "ख" कम्पनीले ३५ प्रतिशत गरी ६५ प्रतिशत शेयर बिक्री भएकोले निकायको स्वामित्वमा ५० प्रतिशतभन्दा बढी परिवर्तन हुन जाने हुँदा २०६१ चैत्र १५ गते "ज्ञ" कम्पनी प्रा.लि.को स्वामित्व परिवर्तनको सन्दर्भमा दफा ५७ आकृष्ट हुन्छ ।

उदाहरण १३.१०.१क: मानौं, केदार पन्त भन्ने व्यक्तिको आरजु कम्पनी प्रा.लि.मा एकल स्वामित्व रहेको छ जसको चुक्ता पुंजी रु.४० लाख रहेछ । सो कम्पनीलाई पुँजीको अभावमा आ.ब. २०७६।७७ मा रु.६० लाख पुँजी थप गर्न कम्पनी रजिष्टारको कार्यालयबाट स्वीकृति प्राप्त गरी जम्मा पुंजी रु.१ करोड पुराउने योजना अनुरुप पुंजी थप भएको रहेछ । उक्त रकम केदार पन्तले नै लगानी गरेका रहेछन् । यस अवस्थामा कम्पनीको पुंजी वृद्धि भएतापनि स्वामित्व पहिले केदार पन्तको १०० प्रतिशत रहेको र पुंजी थप पश्चात् पनि निजकै स्वामित्व १०० प्रतिशत रहेकोले स्वामित्वमा परिवर्तन नहुँदा दफा ५७ आकर्षित हुंदैन ।

### १३.१०.२ स्वामित्व परिवर्तनको गणना:

कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन सम्बन्धमा स्वामित्वको प्रतिशतको लागि एकै पटक वा पटक पटक गरी तीन वर्षभित्र (Moving-3 years) परिवर्तन भएको कूल स्वामित्व परिवर्तनलाई गणना गर्नुपर्ने हुन्छ । यस व्यवस्थालाई निम्न उदाहरणबाट स्पष्ट गरिएको छ:

उदाहरण १३.१०.२: मानौं, डाँफे कम्पनी प्रा.लि.भन्ने कम्पनी २०५९ बैशाख २ गते स्थापना भएको रहेछ । सो कम्पनीमा रु.१,०००।-दरका २,००० थान शेयर पुँजी रहेछ । सो शेयर निम्नानुसारका शेयरधनीले खरिद गरेका रहेछन्:

| क्र.स. | शेयरधनीको नाम | खरिद गरेको शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | "क" कम्पनी | ६०० | ३०% |
| २ | "ख" कम्पनी | ७०० | ३५% |
| ३ | "ग" कम्पनी | ६०० | ३०% |
| ४ | "श्री क" | १०० | ५% |
| | **जम्मा** | २००० | १०० % |

मानौं २०६० चैत्र ३० गते "क" कम्पनीले आफ्नो स्वामित्वमा रहेको सबै ३० प्रतिशत शेयर "ज" कम्पनीलाई बिक्री गरेको रहेछ । डाँफे कम्पनी प्रा.लि.२०५९ बैशाख २ गतेमात्र स्थापना भएकोले "क" कम्पनीले मिति २०६० चैत्र ३० गते बिक्री गरेको ३० प्रतिशत शेयर तीन वर्षको अवधिभित्र ५० प्रतिशत भन्दा कम शेयर स्वामित्व हस्तान्तरण भएकोले

यस अवस्थामा दफा ५७ आकर्षित हुँदैन ।

मानौं २०६१ चैत्र ३ गते "ख" कम्पनीले आफ्नो स्वामित्वमा रहेको सबै शेयर (३५ प्रतिशत) "झ" कम्पनीलाई बिक्री गरेको रहेछ । "क" कम्पनीले २०६० साल चैत्र ३० गते आफ्नो स्वामित्वमा रहेको ३० प्रतिशत "ज" कम्पनीलाई बिक्री गरी स्वामित्व हस्तान्तरण गरेको र मिति २०६१ चैत्र ३ गते "ख" कम्पनीले आफ्नो स्वामित्वमा रहेको सबै शेयर ( ३५ प्रतिशत) हस्तान्तरण गरेको हुँदा डाँफे कम्पनी प्रा.लि.को तीन वर्षको अवधिभित्रमा कूल ६५ प्रतिशत शेयर स्वामित्वमा परिवर्तन भएकोले यस अवस्थामा दफा ५७ आकर्षित हुन्छ ।

२०६० चैत्र ३० गते "क" कम्पनीले आफ्नो नियन्त्रणमा रहेको शेयर बिक्री गरेको कारण ३० प्रतिशत स्वामित्व परिवर्तन हुन गएको र २०६१ चैत्र ३ गते "ख" कम्पनीले आफ्नो नियन्त्रणमा रहेको शेयर बिक्री गरेको कारण ३५ प्रतिशत स्वामित्व परिवर्तन हुन गएको छ । २०६० चैत्र ३० गतेदेखि २०६१ चैत्र मसान्तसम्म तीन वर्षको अवधिभित्र नै परेको छ । यो तीन वर्षको अवधिमा "क" कम्पनीले "ज" कम्पनीलाई बिक्री गरेको ६०० शेयर र "ख" कम्पनीले "झ" कम्पनीलाई बिक्री गरेको ७०० शेयरको जम्मा १३०० शेयर कूल २००० शेयरको ६५% हुन जान्छ । यसरी २०६० चैत्र ३० गतेदेखि २०६१ चैत्र मसान्तसम्म तीन वर्षको अवधिभित्र ५० प्रतिशतभन्दा बढी अर्थात् पैंसठ्ठी प्रतिशत स्वामित्वमा परिवर्तन भएकोले दफा ५७ आकृष्ट हुन्छ ।

**५७(१क) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै निकायको पचास प्रतिशत वा पचास प्रतिशतभन्दा बढी स्वामित्व परिवर्तनको गणना गर्ने प्रयोजनको लागि त्यस्तो निकायको देहाय बमोजिमको स्वामित्वलाई मात्र समावेश गरिने छ :-**

**(क) कूल स्वामित्वको एक प्रतिशत वा एक प्रतिशतभन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाले ग्रहण गरेको स्वामित्व, र**

**(ख) कूल स्वामित्वको एक प्रतिशतभन्दा कम स्वामित्व ग्रहण गर्ने शेयरवालामध्ये त्यस्तो निकायको कूल स्वामित्वको एक प्रतिशतभन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाको सम्बद्ध व्यक्तिले ग्रहण गरेको स्वामित्व ।**

पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तनको गणना गर्दा निकायको कूल स्वामित्वको एक प्रतिशत वा सो भन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाले ग्रहण गरेको स्वामित्वलाई मात्र गणना गर्नुपर्छ । तर, एक प्रतिशतभन्दा कम स्वामित्व ग्रहण गर्ने शेयरवाला, एक प्रतिशतभन्दा बढी स्वामित्व ग्रहण गर्ने शेयरवालाको सम्बद्ध व्यक्ति भएमा एक प्रतिशतभन्दा कम भएपनि गणना गर्नु पर्छ । यो व्यवस्थालाई निम्न उदाहरणबाट स्पष्ट गरिएको छ :

उदाहरण १३.१०.३: मानौं, डाँफे कम्पनी प्रा.लि.भन्ने कम्पनी २०५९ बैशाख २ गते स्थापना भएको रहेछ । सो कम्पनीमा रु.१,०००।-दरका २,००० थान शेयर पुँजी रहेछ । सो शेयर निम्नानुसारका शेयरधनीले खरिद गरेका रहेछन्:

| क.स. | शेयरधनीको नाम | खरिद गरेको शेयर संख्या | |
|---|---|---|---|
| १ | "क" कम्पनी | ६०० | ३०.००% |
| २ | "ख" कम्पनी | ७०० | ३५.००% |
| ३ | "ग" कम्पनी | ६०० | ३०.००% |
| ४ | "श्री क" | ५० | २.५०% |

| | | | |
|---|---|---|---|
| ५ | "श्री ख" | ३० | १.५०% |
| ६ | "श्रीमती ख" | ५ | ०.२५% |
| ७ | "श्री ग" | ५ | ०.२५% |
| ८ | "श्री घ" | ५ | ०.२५% |
| ९ | "श्री ङ" | ५ | ०.२५% |
| | **जम्मा** | २,००० | १००.००% |

माथिको उदाहरणमा "श्री ख" र "श्रीमती ख" श्रीमान् श्रीमती रहेछन् भने दफा २ (कन) र दफा २(ब) अनुसार यी दुवै सम्बद्ध व्यक्ति हुन जान्छन् । यस्तो अवस्थामा "श्रीमती ख" सँग ५ शेयर अर्थात् जम्मा २,००० शेयरको ०.२५ प्रतिशत अर्थात एक प्रतिशतभन्दा कम स्वामित्व भएतापनि "श्री ख" सँग ३० शेयर अर्थात १.५ प्रतिशत स्वामित्व भएकोले "श्रीमती ख" ले आफ्नो शेयर बेचेमा सो हस्तान्तरण स्वामित्व परिवर्तनको प्रयोजनको निमित्ति गणनामा समावेश गर्नुपर्छ । तर, मानौं "श्री घ" अन्य शेयरवालासँग सम्बद्ध रहेनछन् भने "श्री घ" ले आफ्नो शेयर बेचेमा उनको स्वामित्वको ५ शेयर कूल स्वामित्वको ०.२५ प्रतिशत अर्थात एक प्रतिशतभन्दा कम हुने हुँदा स्वामित्व परिवर्तनको गणनामा समावेश गर्नु पर्दैन ।

**१३.१०.३ सम्पत्ति र दायित्वको निःसर्ग :**

कुनै निकायको तीन वर्षको अवधिमा (Moving - 3 years) पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्वमा परिवर्तन भएमा उक्त निकायको स्वामित्वमा रहेको सम्पत्ति र बहन गरेको दायित्व निःसर्ग गरेको मानिन्छ । यो व्यवस्थालाई निम्न उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १३.१०.४: मानौं, डाँफे कम्पनी प्रा.लि.को ५० प्रतिशत शेयर स्वामित्व २०६२ चैत्र १५ गते परिवर्तन भएको रहेछ । सो मितिमा डाँफे कम्पनी प्रा.लि.को निम्नानुसारको सम्पत्ति र दायित्व रहेछ ।

**२०६२ चैत्र १५ गतेको सम्पत्ति र दायित्वको विवरण**

| पुँजी र दायित्व | | | सम्पत्ति | | |
|---|---|---|---|---|---|
| | किताबी मूल्यरु. | बजार मूल्यरु. | | कितावी मूल्यरु. | बजार मूल्यरु |
| सेयर पुँजी | १,००,००,००० | १,००,००,००० | अन्तिम मौज्दात | ५,००,००० | ६,००,००० |
| जगेडा | ३०,००,००० | ३०,००,००० | ह्रासयोग्य सम्पत्ति क वर्ग | ४,००,००० | ६,००,००० |
| अन्य दायित्व | ४५,००,००० | ४५,००,००० | जग्गा | १,००,००,००० | १,५०,००,००० |
| | | | अन्य लगानी | ५०,००,००० | ४०,००,००० |
| | | | नगद मौज्दात | १,००,००० | १,००,००० |
| | | | बैंक मौज्दात | १०,००,००० | १०,००,००० |
| निःसर्ग बाट लाभ | | ४३,५०,००० | विदेशी मुद्रा मौज्दात | ५,००,००० | ५,५०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| **जम्मा** | १,७५,००,००० | २,१८,५०,००० | **जम्मा** | १,७५,००,००० | २,१८,५०,००० |

२०६२ चैत्र १५ गते डाँफे कम्पनी प्रा.लि.को दफा ५७बमोजिम स्वमित्वमा परिवर्तन भएको मानिने अवस्था सिर्जना भएकोले सो दिन सो कम्पनीको स्वामित्वमा रहेको व्यापारिक मौज्दात (Trading stock),ह्रासयोग्य सम्पत्ति (Depreciable assets)तथा व्यावसायिक सम्पत्ति (Land, Investment,Foreign currency A/c) र दायित्वको बजार मूल्यमा नि:सर्ग भएको मानी सोको लाभ वा नोक्सानी समेत करयोग्य आयमा समावेश हुन्छ ।

उदाहरण १३.१०.५ : मानौं, दाहाल लिमिटेडको माघ १५ मा कर आधार वासलातको अवस्था निम्नानुसार रहेछ र शेयर स्वामित्वमा ५५ प्रतिशत परिवर्तन भयो । यस्तो अवस्थामा सम्पूर्ण सम्पत्ति तथा दायित्व बजार मूल्य (दफा ४१) मा नि:सर्ग भएको मानिन्छ

| **पुँजी तथा दायित्व** | **कर आधार रु.** | **बजार मूल्य रु.** | **सम्पत्ति** | **कर आधार रु.** | **बजार मूल्य रु.** |
|---|---|---|---|---|---|
| पुँजी | १,००,००० | | व्यापारिक मौज्दात | १,००,००० | १,१५,००० |
| मुनाफा | १,००,००० | | ह्रासयोग्य सम्पत्ति | १,००,००० | ९५,००० |
| दायित्व | १,००,००० | १,००,००० | व्यावसायिक सम्पत्ति | १,००,००० | १,१०,००० |
| | ३,००,००० | १,००,००० | | ३,००,००० | ३,२०,००० |

**यहाँ**

१. ह्रासयोग्य सम्पत्तिको समूहगत गणना गर्दा अन्तिममा बाँकी रहेको ह्रास आधार रु.५,०००।-खर्च पाउने ह्रास खर्च (Terminal Depreciation) मानिन्छ ।

२. व्यावसायिक सम्पत्ति र दायित्वको नि:सर्गको खुद लाभ रु.१०,०००।-दफा ३६ बमोजिम गणना गरी व्यवसायको समावेश हुने रकम (मुनाफा र लाभ) मा समावेश हुन्छ ।

उपरोक्तानुसारको सम्पत्ति र दायित्व नि:सर्ग गरेको मानिए पश्चात कम्पनीले निम्नानुसार सम्पत्ति र दायित्वको नि:सर्गबापत आम्दानी र खर्च यकिन गर्नुपर्छ । सम्पत्ति वा दायित्व निकायसँग हुँदाहुदै पनि नि:सर्ग भएको मानिने हुँदा यस्तो नि:सर्गलाई थमौती सहितको नि:सर्ग (Disposal with Retention)
भनिन्छ । जुनसुकै सम्पत्ति वा दायित्व नि:सर्ग भएमा वा नि:सर्ग भएको मानिएमा आयकर प्रयोजनको लागि सो सम्पत्तिको नि:सर्गबाट भएको लाभ वा नोक्सानीको गणना गर्नुपर्ने हुन्छ। दफा ४० अनुसार नि:सर्ग भएको वा नि:सर्ग भएको मानिएको सम्पत्ति वा दायित्वको आम्दानी (Incomings) खर्च (Outgoings) भन्दा बढी भएमा लाभ, खर्च (Outgoings) आम्दानी (Incomings) भन्दा बढी भएमा नोक्सानी मानिन्छ। यो विशेष किसिमको नि:सर्ग मानिएको अवस्था भएकोले अर्थात थमौती सहितको नि:सर्ग भएकोले यसमा नि:सर्गको समयसम्म भएका सम्पत्ति वा दायित्व बापतका खर्च (Outgoings) को हिसाव निकायसँग हुने भएतापनि यो नि:सर्गबाट वास्तविक आम्दानी नहुने हुँदा कति आम्दानी कायम गर्ने भन्ने प्रयोजनकोलागि दफा ४१ मा विशेष व्यवस्था गरिएकोछ ।

**व्यापारिक मौज्दातः** आय गणना गर्दानिकायसँग बाँकी रहेको व्यापारिक मौज्दात (अन्तिम मौज्दात) को बजार मूल्यलाई आयमा समावेश गर्नुपर्छ भने वास्तविक मूल्यलाई आय गणना गर्दा दफा १५ बमोजिम खर्च कट्टी गर्नुपर्छ ।

**ह्रासयोग्य सम्पत्तिः** ह्रासयोग्य सम्पत्तिको निःसर्गबाट भएको लाभ वा नोक्सानीको गणना गर्दा ऐनको अनुसूची-२ को दफा ४ बमोजिम गर्नु पर्दछ । निकायसँग बाँकी रहेको प्रत्येक समूहको ह्रासयोग्य सम्पत्तिको बजार मूल्यलाई आम्दानी (Incomings) मानी सो रकमबाट ह्रास कट्टी तालिका बमोजिम समूहमा बाँकी रहेको ह्रास आधार रकम घटाउँदा बढी हुन आउने रकम (Balancing Charge) लाई आयको गणना गर्दा आयमा समावेश गर्नुपर्छ वा यदि घटी भएमा सो रकम ह्रास खर्च (Terminal Depreciation) कट्टी पाउँछ ।

**व्यावसायिक सम्पत्तिः** निकायसँग रहेको व्यावसायिक सम्पत्तिको बजार मूल्यलाई आम्दानी (Incomings) र वास्तविक मूल्यलाई खर्च (Outgoings)मान्दा आम्दानी बढी भएमा लाभ, खर्च बढी भएमा नोक्सानी हुन्छ । एउटा व्यावसायिक सम्पत्तिमा लाभ र अर्को व्यावसायिक सम्पत्तिमा नोक्सानी भएमा नोक्सानीलाई लाभमा समायोजन गरी बाँकी खुद लाभ वा खुद नोक्सानी निकाल्नु पर्छ ।

**दायित्वः** निकायले बहन गरेको दायित्व निःसर्ग मानिएको अवस्थामा, दायित्व बहन गर्दाको अवस्थामा कायम भएको बजार मूल्यलाई आम्दानी (Incomings) र निःसर्ग मानिएको समयको बजार मूल्यलाई सो दायित्व बापतको खर्च (Outgoings)मानिन्छ । यस्तो खर्च (Outgoings) भन्दा आम्दानी (Incomings) बढी भएमा लाभ र खर्च बढी भएमा नोक्सानी हुन्छ । व्यावसायिक दायित्वबाट भएको लाभ र नोक्सानीको गणना गरिसके पछि विभिन्न व्यावसायिक दायित्वबाट भएको लाभ र नोक्सानीलाई समायोजन गरी खुद लाभ वा खुद नोक्सानी निकाल्नु पर्छ । यस्तो निःसर्ग पश्चात् सो निकायले पुनः सम्पत्ति वा दायित्वको निःसर्ग गरेमा बजार मूल्य सरह मानिएको आम्दानी वा खर्च अवस्था अनुसार खर्च वा आम्दानी मानी पुनः गणना गरिन्छ ।

यसरी निःसर्ग मानिएको अवस्थाको तत्काल मितिमा सो निकायको सम्पत्ति र दायित्वको कर आधार निःसर्गको समयमा रहेको बजार मूल्य हुने हुन्छ । उपर्युक्त व्यवस्थालाई निम्न उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १३.१०.६ : मानौं, उदाहरण १३.१०.२ मा उल्लिखित डाँफे कम्पनी प्रा.लि.को २०६२ चैत्र २ गते निम्नानुसारको सम्पत्ति र दायित्व रहेछ ।

| पुँजी र दायित्व | | | सम्पत्ति | | |
|---|---|---|---|---|---|
| | किताबी मूल्यरु. | कर आधाररु. | | किताबी मूल्यरु. | कर आधाररु. |
| सेयर पुँजी | १,००,००,००० | १,००,००,००० | अन्तिम मौज्दात | ५,००,००० | ६,००,००० |
| जगेडा | ३०,००,००० | ३०,००,००० | ह्रासयोग्य सम्पत्ति क वर्ग | ४,००,००० | ६,००,००० |
| अन्य दायित्व | ४५,००,००० | ४५,००,००० | जग्गा | १,००,००,००० | १,५०,००,००० |
| | | | अन्य लगानी | ५०,००,००० | ४०,००,००० |
| | | | नगद मौज्दात | १,००,००० | १,००,००० |
| | | | बैंक मौज्दात | १०,००,००० | १०,००,००० |
| निःसर्ग | | ४३,५०,००० | विदेशी | ५,००,००० | ५,५०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| बाट लाभ | | | मुद्रा मौज्दात | | |
| **जम्मा** | १,७५,००,००० | २,१८,५०,००० | **जम्मा** | १,७५,००,००० | २,१८,५०,००० |

उपर्युक्त विवरण अनुसारको सम्पत्ति र दायित्वको निःसर्ग बापत निम्नानुसारको रकम आयको गणना गर्दा आयमा समावेश गर्नु पर्छ ।

**सम्पत्तिः**

व्यापारिक मौज्दात तर्फ अन्तिम मौज्दात मूल्यका निःसर्गको समयमा बजार मूल्य रु.६,००,०००।- (स्वामित्व परिवर्तन हुँदाका बखत कम्पनीका बिक्री मूल्य) लाई दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिम आयमा समावेश गर्नुपर्ने हुन्छ भने अन्तिम मौज्दातको लागत (Book Value) रु.५,००,०००।-लाई दफा १५ बमोजिम खर्च कट्टी गर्नुपर्छ ।

ह्रासयोग्य सम्पत्ति तर्फ ह्रास कट्टी पछिको बाँकी मूल्य (ह्रास आधार) रु.४,००,०००।-र निःसर्गको समयमा बजार मूल्य रु.६,००,०००।-भएकोले आम्दानी (Incomings)रु.६,००,०००।-बाट सो समूहको बाँकी ह्रास आधार रु.४,००,०००।-खर्च (Outgoings) हुने हुँदा सो रकम घटाउँदा बाँकी रहने रकम रु.२,००,०००।- लाई दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिम आयमा समावेश गर्नुपर्ने हुन्छ ।

व्यावसायिक सम्पत्तितर्फ जग्गा, लगानी, नगद मौज्दात, बैंक मौज्दात, विदेशी मुद्रामा बैंक मौज्दात रहेछ । कम्पनीको लागि यी सबै सम्पत्ति व्यावसायिक सम्पत्ति हुन्छन् । यी सम्पत्तिको बेग्लाबेग्लै लाभ र नोक्सानी गणना गरी जम्मा लाभबाट जम्मा नोक्सानी घटाई खुद लाभ वा खुद नोक्सानी गणना गर्नुपर्छ ।

जग्गा तर्फ वास्तविक मूल्य (Book value) रु.१,००,००,०००।- र निःसर्गको समयमा बजार मूल्य रु.१,५०,००,०००।- भएकोले आम्दानी (Incomings) अर्थात बजार मूल्य रु.१,५०,००,०००।- बाट खर्च (Outgoings) रु.१,००,००,०००।- घटाउँदा हुने लाभ रु.५०,००,०००।- जग्गाको निःसर्गबाट लाभ हुन्छ ।

लगानी तर्फ वास्तविक मूल्य (Book value) रु.५०,००,०००।-र निःसर्गको समयमा बजार मूल्यरु.४०,००,०००।- भएकोले आम्दानी (Incomings) अर्थात बजार मूल्य रु.४०,००,०००।-बाट खर्च (Outgoings) रु.५०,००,०००।- घटाउँदा हुने नोक्सानी रु.१०,००,०००।- लगानीको निःसर्गबाट नोक्सानी हुन्छ ।

नगद मौज्दात र बैंक मौज्दाततर्फ सदैव Book Valueर Market Value समान हुने हुँदा यी सम्पत्तिको लाभ वा नोक्सानी हुँदैन ।

विदेशी मुद्राको बैंक मौज्दाततर्फ वास्तविक मूल्य (Book value)रु.५,००,०००।- र निःसर्गको समयमा बजार मूल्य रु.५,५०,०००।- भएकोले आम्दानी (Incomings)अर्थात बजार मूल्य रु.५,५०,०००।- बाट खर्च (Outgoings) रु.५,००,०००।- घटाउँदा हुने लाभ रु.५०,०००।- विदेशी मुद्राको बैंक मौज्दातको निःसर्गबाट लाभ हुन्छ ।

यो उदाहरणमा कम्पनीको व्यावसायिक सम्पत्तिमध्ये जग्गा र विदेशी मुद्राको सञ्चितिमा लाभ र लगानीमा नोक्सानी भएकोले जग्गाको निःसर्गबाट भएको लाभ रु.५०,००,०००।- र विदेशी मुद्राको सञ्चितिको निःसर्गबाट भएको लाभ रु.५०,०००।- को जम्मा योग रु.५०,५०,०००।- बाट लगानीको निःसर्गमा भएको नोक्सानी रु.१०,००,०००।- घटाई बाँकी रहने रु.४०,५०,०००।- व्यावसायिक सम्पत्तिको निःसर्गबाट खुद लाभ हुने हुँदा दफा ७ को उपदफा (२) को खण्ड (ग) बमोजिम आयमा समावेश गर्नुपर्ने हुन्छ ।

दायित्व:

नि:सर्ग मानिएको अवस्थामा दायित्व बहन गर्दाको अवस्थामा कायम भएको बजार मूल्यलाई आम्दानी (Incomings) र नि:सर्ग मानिएको समयको बजार मूल्यलाई सो दायित्व बापतको खर्च (Outgoings) मानिन्छ । यस्तो खर्च (Outgoings) भन्दा आम्दानी (Incomings) बढी भएमा लाभ र खर्च बढी भएमा नोक्सानी हुन्छ । माथिको उदाहरणमा शेयर पुँजी र कर तिरिसके पश्चातको सञ्चित दायित्व देखाइएकोमा यी दायित्वको बजार मूल्य र वास्तविक मूल्य सदैव समान हुने हुँदा यी दायित्वको नि:सर्गबाट कुनै लाभ हुँदैन । साथै यो उदाहरणमा अन्य दायित्वको बजार मूल्य र वास्तविक मूल्य समान रहेकोले दायित्वतर्फ केही गरिहनु पर्दैन । तर, कुनै दायित्वको नि:सर्गबाट लाभ वा नोक्सानी भएमा व्यावसायिक सम्पत्तिमा जस्तै लाभको जम्मा योगबाट नोक्सानीको जम्मा योग रकम घटाई खुद लाभ भएमा दफा ७ को उपदफा (२) को खण्ड (ग) बमोजिम आयमा समावेश गर्नुपर्ने हुन्छ ।

**१३.१०.४ समायोजन गर्न नपाउने व्यवस्था:**

स्वामित्व परिवर्तन भएको निकायको स्वामित्व परिवर्तन अघि कायम रहेका जिम्मेवारी सार्न पाउने नोक्सानी लगायतका विभिन्न रकम (Tax Attributes)लाई स्वामित्वमा परिवर्तनपछि समायोजन गर्न नपाउने गरी (No deferrals) दफा ५७ को उपदफा (२) द्वारा बन्देज लगाइएकोछ ।

**५७(२) उपदफा (१) मा उल्लेख भए बमोजिम कुनै निकायको स्वामित्व परिवर्तन भएमा त्यस्तो परिवर्तनपछि सो निकायलाई देहायका कार्य गर्न अनुमति दिइने छैन :-**

**(क) स्वामित्वको परिवर्तन हुनुभन्दा अघि सो निकायबाट खर्च गरिएका दफा १४ को उपदफा (३) बमोजिम अगाडि सारिएको ब्याज कट्टा गर्न,**

**(ख) स्वामित्वको परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० बमोजिम कट्टा गर्न,**

**(ग) स्वामित्वको परिवर्तनपछि हुन गएको नोक्सानीलाई दफा २० को उपदफा (४) बमोजिम त्यस्तो स्वामित्वको परिवर्तनअघिको कुनै आय वर्षमा पछाडि लैजान,**

**(घ) स्वामित्व परिवर्तन हुनुअघि दफा २४ को उपदफा (४) को खण्ड (क) बमोजिम कुनै रकम वा खर्च बापत हिसाब गरेको र स्वामित्वको परिवर्तनपछि सो रकम वा खर्चको दफा २४ को उपदफा (४) बमोजिम सच्चाएकोमा दफा २४ को उपदफा (४) बमोजिम समायोजन गर्न,**

**(ङ) स्वामित्वको परिवर्तन हुनुअघि दफा २५ को उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै रकमको हिसाब गरेको र स्वामित्वको परिवर्तनपछि सो रकम प्राप्त गर्ने अधिकार त्याग गरेको वा सो रकम कुनै व्यक्तिको ऋण दाबी भएकोमा त्यस्तो व्यक्तिले उक्त ऋणलाई डुबेको ऋण मानी अपलेखन गरेमा दफा २५ को उपदफा (१) बमोजिम समायोजन गर्न,**

**(च) स्वामित्वको परिवर्तन हुनुअघि सम्पत्ति वा दायित्वको नि:सर्ग गर्दा हुन गएको घाटा स्वामित्वको परिवर्तनपछि सम्पत्ति वा दायित्वको नि:सर्गबाट प्राप्त आम्दानीमा दफा ३६ बमोजिम घटाउन,**

**(छ) स्वामित्व परिवर्तन हुनुअघि दफा ६० को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) बमोजिम प्रिमियमको हिसाब गरेकोमा र स्वामित्वको परिवर्तनपछि त्यस्तो प्रिमियम बीमितलाई फिर्ता दिएमा सो बमोजिम खर्च दाबी गर्न, वा**

**(ज) स्वामित्व परिवर्तन हुनुअघि विदेशी आयका सम्बन्धमा दाखिला गरेको करलाई दफा ७१ को उपदफा (३) बमोजिम आगामी वर्षमा सार्न ।**

कुनै निकायको दफा ५७बमोजिम स्वामित्व परिवर्तन भएमा त्यसरी स्वामित्व परिवर्तन हुनु अगाडिका नोक्सानी लगायतका निम्नानुसारका रकम (Tax Attributes)लाई स्वामित्व परिवर्तन पछिका कारोबारको आयकर निर्धारण गर्दा जिम्मेवारी सारेर समायोजन गर्न दफा ५७ को उपदफा (२) ले बन्देज गरेकोछ ।

- यदि स्वामित्व परिवर्तन भएको निकाय दफा १४ को स्पष्टीकरणमा परिभाषित कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकाय रहेछ र नियन्त्रण गर्ने व्यक्तिलाई ब्याज भुक्तानी गरेको रहेछ तथा सो ब्याज दफा १४ (२) ले तोकेको सीमाभन्दा बढी भई दफा १४ को उपदफा (३) बमोजिम जिम्मेवारी सार्न पाउने रहेछ भने स्वामित्व परिवर्तन भएपश्चात जिम्मेवारी सारेर खर्च दाबी गर्न पाउँदैन ।

- स्वामित्व परिवर्तन हुनुअघि सो निकायलाई भएको नोक्सानी स्वामित्व परिवर्तन भएपश्चात दफा २० बमोजिम जिम्मेवारी सारेर (Carry Forward)कट्टी गर्न पाउँदैन । यदि स्वामित्व परिवर्तन भएको कारणले करयोग्य आय गणना गर्दा नोक्सानी भएमा त्यस्तो नोक्सानी पनि स्वामित्व परिवर्तन भएपश्चातको करयोग्य आय गणना गर्दा घटाउन पाइदैन ।

- स्वामित्व परिवर्तन भएपश्चात भएको नोक्सानीलाई दफा २० को उपदफा (४) बमोजिम विगतका वर्षमा जिम्मेवारी सारेर (Carry Back)कट्टी दाबी गर्न पाउँदैन ।

- एक्रुअल आधारमा स्वामित्व परिवर्तन अगाडि आम्दानी वा खर्च लेखेको रकमलाई स्वामित्व परिवर्तनपछि वास्तविक आम्दानी वा खर्च गर्दा भुक्तानी पाउनुपर्ने वा दिनुपर्ने रकममा सटही दरको कारण लगायत जुनसुकै कारणले फरक पर्ने भई सच्याएको अवस्थामा दफा २४ बमोजिम फरक रकमलाई समायोजन गर्न पाउँदैन ।

- एक्रुअल आधारमा स्वामित्व परिवर्तन अगाडि प्राप्त गरिएको रकमको लेखा राखिएकोमा स्वामित्व परिवर्तनपछि प्राप्त गर्ने अधिकार छोडेमा तथा ऋण दाबीलाई स्वामित्व परिवर्तन पछि डुबेको ऋण मानी अपलेखन गरेमा दफा २५ को उपदफा (१) अनुसार समायोजन गर्न पाउँदैन ।

- स्वामित्व परिवर्तन हुनुअघि सो निकायलाई सम्पत्ति वा दायित्वको निःसर्गबाट भएको नोक्सानी स्वामित्व परिवर्तन भएपश्चात सम्पत्ति वा दायित्वको निःसर्गबाट हुने आम्दानीबाट दफा ३६ बमोजिम घटाउन पाउँदैन । यदि स्वामित्व परिवर्तन भएको कारणले सम्पत्ति र दायित्वको निःसर्ग मानी लाभ वा नोक्सानी गणना गर्दा कुनै नोक्सानी भएमा त्यस्तो नोक्सानी पनि स्वामित्व परिवर्तन भएपश्चात घटाउन पाइदैन

- स्वामित्व परिवर्तन भएको निकाय सामान्य बीमा व्यवसाय भएमा सो निकायले स्वामित्व परिवर्तन हुनुअघि बीमकको हैसियतमा प्रिमियम भुक्तानी गर्नेगरी हिसाब गरेको रकम स्वामित्व परिवर्तनपछि बीमितलाई फिर्ता दिएमा त्यस्तो प्रिमियम रकम स्वामित्व परिवर्तनपछि करयोग्य आय निर्धारण गर्दा खर्च कट्टी दाबी गर्न पाउँदैन ।

- विदेशी स्रोतको आय हुने निकायको स्वामित्व परिवर्तन भएमा र त्यस्तो निकायले स्वामित्व परिवर्तन हुनु अगाडि लाग्ने भन्दा बढी विदेशमा तिरेको कर स्वामित्व परिवर्तन पछि लाग्ने वैदेशिक करमा मिलान गर्न पाउँदैन ।

**१३.१०.५ कर निर्धारण र आय विवरणः**

कुनै निकायको स्वामित्व परिवर्तन भएको मानिएको अवस्थामा स्वामित्व परिवर्तन भएको आय वर्षको स्वामित्व परिवर्तन हुनुअघि र पछिको भागलाई बेग्लाबेग्लै आय वर्षको रूपमा

मान्नु पर्ने व्यवस्था रहेको र सो सम्बन्धमा ऐनको दफा ५७ को उपदफा (३) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**५७(३) कुनै निकायको स्वामित्वमा कुनै आय वर्षमा उपदफा (१) मा उल्लिखित किसिमले परिवर्तन भएमा सो आय वर्षको स्वामित्व परिवर्तनअघि र पछिको भागहरूलाई छुट्टाछुट्टै आय वर्षहरूको रूपमा मानिनेछ ।**

दफा ५७बमोजिम कुनै निकायको स्वामित्व परिवर्तन भएमा स्वामित्व परिवर्तन भएको आयवर्षको अघि र पछिको भागलाई बेग्लाबेग्लै आय वर्षको रूपमा मान्नुपर्छ । बेग्लाबेग्लै आय वर्ष मान्नुपर्ने अवस्थाले गर्दा जुन मितिमा स्वामित्व परिवर्तन हुन्छ सो मितिभन्दा अगाडिको अवधिको लागि र सो मितिपछिको अवधिको लागि बेग्लाबेग्लै स्वयं कर निर्धारण गरी बेग्लाबेग्लै आय विवरण दिनुपर्छ । स्वामित्व परिवर्तन पछिको आय विवरण तयार पार्दा सम्पत्ति र दायित्वको मूल्यांकन स्वामित्व परिवर्तन भएको समयको बजार मूल्य अनुसार कायम गर्नुपर्छ ।

स्वामित्व परिवर्तन भएको आय वर्षको स्वामित्व परिवर्तन हुनुअघि र पछिको भागलाई बेग्लाबेग्लै आय वर्षको रूपमा मान्नुपर्ने हुँदा आय विवरण दाखिला गर्ने म्याद पनि फरक पर्न जान्छ । जुन मितिमा स्वामित्व परिवर्तन हुन्छ, सो मितिले तीन महिनाभित्र आय विवरण दाखिला गरिसक्नु पर्छ ।

| |
|---|
| उदाहरण १३.१०.७: मानौं, डाँफे कम्पनी प्रा.लि.भन्ने कम्पनीको २०६१ चैत्र १५ गते स्वामित्व परिवर्तन भएको रहेछ भने सो कम्पनीले सो मितिले ३ महिनाभित्र अर्थात २०६२ आषाढ १४ गतेभित्र स्वामित्व परिवर्तन अघिको भागको अर्थात् २०६१श्रावण १ गतेदेखि २०६१ चैत्र १५ गतेसम्मको अवधिको आय विवरण दाखिला गर्नुपर्छ । त्यसैगरी २०६१ चैत्र १६ गतेदेखि २०६२ आषाढ मसान्तसम्मको अवधिको आय विवरण २०६२ आश्विन मसान्तभित्र दाखिला गर्नुपर्छ । |

## १३.११ लाभांश कर घटाउन नदिने व्यवस्था

निकायले आफ्ना हिताधिकारीलाई निकायले आर्जन गरेको मुनाफाबाट वितरण गर्न सक्दछ । यस्तो वितरणलाई सामान्यतयाः लाभांशको वितरण भनिन्छ । लाभांशको वितरण नगद वा बोनस शेयर वा अन्य कुनै स्वरूपमा गरिन्छ । कहिलेकाँही लाभांश कर छल्ने मनसायले निकाय र हिताधिकारीको बीचमा कुनै प्रबन्ध हुन सक्दछ । यस्तो अवस्थामा लाभांश कर तिर्नुपर्ने गरी व्यवस्था गर्नको लागि यस ऐनको दफा ५८ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**५८(१) कुनै निकायले देहायको सबै अवस्था कायम राखी गरेको प्रबन्धलाई लाभांश कर घटाउन गरेको प्रबन्ध मानिने छ :-**

**(क) त्यस्तो निकायको सञ्चित, चालु वा अपेक्षित मुनाफा भएमा,**

**(ख) हित प्राप्त गर्ने कुनै व्यक्तिले सो निकायको कुनै हित प्राप्त गर्छ र त्यस्तो हित प्राप्तकर्ता वा निजको सम्बद्ध व्यक्तिले त्यस्तो निकायको हालको वा साविकको हिताधिकारीलाई वा निजको सम्बद्ध व्यक्तिलाई हित प्राप्तिसँग सम्बन्धित भए वा नभएपनि र हित प्राप्तिको समयमा भुक्तानी भए वा नभएपनि कुनै भुक्तानी गरेकोमा,**

**(ग) त्यस्तो भुक्तानी पूर्ण वा आंशिक रूपमा निकायको मुनाफामा प्रतिविम्बित भएमा, र**

**(घ) त्यस्तो निकायले त्यस्तो हित प्राप्तकर्तालाई लाभांश वितरण गरेकोमा र त्यस्तो लाभांशले पूर्ण वा आंशिक रूपले सो मुनाफालाई समावेश गरेमा ।**

**५८(२) उपदफा (१) बमोजिम गरिएको लाभांश कर घटाउने प्रबन्ध अन्तर्गत कुनै निकायबाट लाभांश वितरण गरिएकोमा सो प्रबन्धलाई देहाय सरह भएको मानिनेछः-**

(क) **हित प्राप्तकर्ता वा निजको सम्बद्ध व्यक्तिले गरेको भुक्तानीलाई सो व्यक्तिले गरेको भुक्तानी नमानी सो निकायले खण्ड (ख) मा उल्लिखित साविक वा हालको हिताधिकारीलाई लाभांश वितरण गरे सरह मानिनेछ ।**

माथि उल्लेख गरिएको ऐनको दफा सबै नै लागू हुने अवस्था रहेमा लाभांशको अपचलन भएको मानी लाभांश कर असुल उपर गरिन्छ । उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

| |
|---|
| उदाहरण १३.११.१: मानौं, डाँफे कम्पनी प्रा.लि.नेपालको बासिन्दा व्यक्ति रहेछ । उक्त कम्पनीको शतप्रतिशत शेयर Donald Inc.भन्ने एक गैर बासिन्दा कम्पनीले खरिद गरेको रहेछ । डाँफे कम्पनी प्रा.लि.ले हरेक वर्ष मुनाफा आर्जन गर्दै आएको छ । यसरी आर्जित मुनाफालाई उक्त कम्पनीले आफ्ना हिताधिकारी Donald Inc.लाई वितरण नगरी सञ्चित गरिरहेको रहेछ । मानौं, उक्त सञ्चित मुनाफा रकम रु.१ लाख पुगेको रहेछ । स्काई कम्पनी प्रा.लि.नेपालमा स्थापना भएको अर्को कम्पनी रहेछ । उक्त कम्पनीले Donald Inc.बाट डाँफे कम्पनी प्रा.लि.को सम्पूर्ण शेयर रु.१ लाख ६० हजारमा खरिद गरेको रहेछ । स्काई कम्पनी प्रा.लि.ले डाँफे कम्पनी प्रा.लि.को शेयर खरिद गरिसके पश्चात डाँफे कम्पनी प्रा.लि.ले रु.७० हजारको लाभांश वितरण गर्ने घोषणा गरेको रहेछ<br><br>यस अवस्थामा स्काई कम्पनी प्रा.लि.ले Donald Inc.लाई शेयर बिक्रीबापत भुक्तानी मध्येको रु.१ लाखसम्मको वितरणमध्येको हाल वितरित रु.७० हजारलाई स्काई कम्पनी प्रा.लि.ले पाएको लाभांश नमानी डाँफे कम्पनी प्रा.लि.बाट Donald Inc.लाई भुक्तानी गरेको वितरण मानिन्छ । मानौं वितरण गरेको वर्ष बासिन्दा शेयरधनीलाई लाभांशमा ५ प्रतिशत र शेयर बिक्री गरेको Donald Inc.लाई सो शेयर हस्तान्तरण गरेको वर्षको दरले गणना गर्दा सो वर्ष गैर बासिन्दालाई १० प्रतिशत कर लाग्ने व्यवस्था रहेछ भने त्यस्तो अवस्थामा सो लाभांश स्काई कम्पनीले प्राप्त गर्दा डोनाल्ड इन्कको दरले १० प्रतिशत कट्टा गर्नु पर्दथ्यो । Donald Inc.लाई वितरण मानिएकाले सो वास्तवमा वितरण भएको वर्षमा कर भुक्तानी गर्दा दफा ११९ बमोजिम ब्याज समेत लाग्दछ । |

(ख) **सो निकायबाट हित प्राप्तकर्तालाई वितरण गरिएको लाभांश खण्ड (क) मा उल्लिखित लाभांशबाट सो भुक्तानी भनिएको रकम घटाई हुन आउने रकम बराबर भएको मानिनेछ ।**

माथि उल्लेख गरिएको उदाहरणमा स्काई कम्पनीले व्यवसाय गरी कमाएको मुनाफासहित कुनै वर्षमा गएर रु.१ लाख १० हजार लाभांश भुक्तानी गरेको भएमा लाभांश फरक रु.१ लाखसम्ममा Donald Inc.ले डाँफे कम्पनी प्रा.लि.बाट लाभांश बापत प्राप्त गरेको र बाँकी रु.१० हजारमात्र स्काई कम्पनीले लाभांश पाएको मानिन्थ्यो जबकी सबै लाभांश स्काई कम्पनीले नै प्राप्त गर्दछ ।

## १३.१२ लाभांशमा लाग्ने करको दर एवम् छुट तथा सुविधाः

### १३.१२.१ लाभांशमा लाग्ने करको दरः

ऐनको दफा ८८ को उपदफा (२) को खण्ड (क) बमोजिम बासिन्दा कम्पनीतथा साझेदारी फर्मले भुक्तानी गर्ने लाभांशमा ५% प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । दफा ९२ को उपदफा (१) को खण्ड (क) मा यस्तो भुक्तानीलाई अन्तिम रूपमा करकट्टी हुने भुक्तानी मानिएकोछ । अर्थात यसरी कर कट्टी पछि प्राप्त हुने भुक्तानीलाई आयमा समावेश गर्नु पर्दैन । गैर बासिन्दा व्यक्तिले भुक्तान गरेको लाभांश आयलाई व्यवसाय वा लगानीको आयमा समावेश गरी सामान्य दरले कर लाग्दछ । यसरी गैर बासिन्दा व्यक्तिले भुक्तान गरेको लाभांश आयमा सो देशको कानुन बमोजिम तिरेको कर भने लाभांश प्राप्त गर्ने व्यक्तिले आफ्नो कर दायित्वमा वैदेशिक कर मिलान गरी समायोजन गर्न सक्दछन् । तर, यसरी वैदेशिक कर मिलान गर्दा नेपालको औसत करको दर भन्दा बढी भने सो वर्ष मिलान गर्न पाइने छैन । यसरी मिलान गरी

बाँकी रहेको कर रकम भने आगामी वर्षमा सारी त्यस्तो कर दायित्वसँग समायोजन गर्न सकिन्छ । वैदेशिक कर मिलान सम्बन्धमा यसै निर्देशिकाको परिच्छेद १४ मा विस्तृत व्याख्या गरिएकोछ ।

ऐनको दफा ६८ को उपदफा (४) बमोजिम गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले कुनै आय वर्षमा विदेश पठाएको आय सो विदेशी स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर हुनेछ । त्यस्तै अनुसूची-१ को दफा २ को उपदफा (६) बमोजिम गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा पाँच प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ ।

**१३.१२.२ छुट तथा सुविधाः**

ऐनको दफा ११ को उपदफा (२) बमोजिम सञ्चालनमा रहेको सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी बीउ बिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक)को कारोबार गर्ने सहकारी संस्थातथा गाउँपालिकाको क्षेत्रमा सञ्चालितसहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन । यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।तर सहकारी ऐन, २०७४ बमोजिम नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका क्षेत्रमा दर्ता भएका सहकारी संस्था वा संघले वितरण गरेको लाभांशमा भने कर लाग्दछ ।

ऐनको दफा ११ को उपदफा (३क) को खण्ड (ग) बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा कारोबार सञ्चालन सुरु गरेको मितिले ५ वर्षसम्म शत प्रतिशत कर नलाग्ने अर्थात लाभांश भुक्तानी गर्दा स्रोतमा कर कट्टी गर्न नपर्ने एवम् छैठौं, सातौं तथा आठौं वर्षमा लाग्ने करको ५०% (अर्थात २.५%) ले र नवौ वर्षदेखि सामान्य दर (अर्थात ५%) ले कर लाग्छ ।

# परिच्छेद १४
# अन्तर्राष्ट्रिय कर एवम् वैदेशिक कर मिलान
# (International Tax and Foreign Tax Adjustment)

१४.१ आयकर ऐन, २०५८ ले कुनै गैर बासिन्दा व्यक्तिले नेपालमा रोजगारी, व्यवसाय वा लगानीमा संलग्न रही आय आर्जन गरेको वा भुक्तानी प्राप्त गरेको छ भने त्यसरी प्राप्त भएको आय तथा भुक्तानीमा आयको स्रोतको आधार (Source Basis) मा नेपालमा कर लाग्ने व्यवस्था गरेको छ । नेपालको बासिन्दाले नेपाल बाहिर आय आर्जन वा भुक्तानी प्राप्त गरेकोछ भने त्यसरी आर्जित आय तथा प्राप्त भुक्तानीमा पनि बासिन्दाको आधार (Residence Basis) मा नेपालमा कर लाग्दछ । नेपालका बासिन्दा व्यक्तिले अन्य देशमा गरेको आय आर्जन तथा गैर बासिन्दाको नेपालमा स्रोत भएको आय, भुक्तानीमा लाग्ने कर अन्तर्राष्ट्रिय करको दायरा अन्तर्गत पर्दछ । नेपालको बासिन्दा व्यक्तिले नेपाल बाहेकका अन्य देशमा सेवा, रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभ आदिबाट आय आर्जन गर्ने कार्यमा संलग्न भई आय आर्जन गरेकोछ भने त्यसरी आय आर्जन गरेको आयलाई नेपालमा भएको आयसाथ समावेश गरी सोही अनुसार कर तिर्नु पर्दछ । त्यस्तै नेपाल बाहिरका गैर बासिन्दा व्यक्तिले नेपालमा रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट आय आर्जन गरेको छ भने नेपालमा स्रोत भएका आयमा आयकर तिर्नुपर्ने व्यवस्था आयकर ऐनले गरेको छ । गैर बासिन्दा व्यक्तिले नेपालमा आर्जन गरेको तथा नेपाली बासिन्दा व्यक्तिले नेपाल बाहेकका देशमा आर्जन गरेको आयमा तिर्नुपर्ने कर तथा त्यस सम्बन्धी विभिन्न व्यवस्था यस परिच्छेदमा प्रस्तुत गरिएको छ । अन्तर्राष्ट्रिय करको सन्दर्भमा विदेशी स्थायी संस्थापन, नियन्त्रित विदेशी निकाय, वैदेशिक कर मिलान सम्बन्धी प्रावधानलाई यस परिच्छेदमा स्पष्ट पारिएको छ ।

## १४.२ विदेशी स्थायी संस्थापन (Foreign Permanent Establishment)

सामान्यतयाः स्थायी संस्थापन भन्नाले व्यवसाय गर्ने स्थानलाई बुझाउँछ । ऐनको दफा २ को खण्ड (कद) मा स्थायी संस्थापनलाई निम्नानुसार परिभाषित गरिएको छ :-

**२(कद)"स्थायी संस्थापन" भन्नाले कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थान सम्झनु पर्छ र सो शब्दले देहायका स्थान समेतलाई जनाउँछ :-**

**(१) व्यवसाय सञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेण्ट मार्फत कुनै व्यक्तिले पूर्ण वा आंशिक रूपमा व्यवसाय गर्ने स्थान,**

**(२) कुनै व्यक्तिको मुख्य उपकरण वा मुख्य मेशिनरी रहेको वा प्रयोग गरेको वा जडान गरेको स्थान,**

**(३) कुनै बाह्र महिनाको अवधिमा एकै पटक वा पटक-पटक गरी नब्बे दिनभन्दा बढी कुनै व्यक्तिले कर्मचारी मार्फत वा अन्य प्रकारले प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कुनै देशको एक वा एकभन्दा बढी स्थान, वा**

**(४) कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयसम्म निर्माण गर्ने, जडान गर्ने वा स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरिवेक्षण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरेको स्थान ।**

व्यक्तिले आफ्नो व्यवसायसञ्चालन गर्ने स्थान (Fixed Place) लाई स्थायी संस्थापन (Permanent Establishment)भनिन्छ । स्थायी संस्थापनको कर व्यवहारका लागि विदेशी स्थायी संस्थापनको रूपमा हेरिनु पर्दछ । विदेशी व्यक्तिकालागि निम्न अवस्थामा कारोबार गर्ने स्थान विदेशी स्थायी संस्थापनको रूपमा रहन्छः

- **व्यवसाय गर्ने स्थान (Fixed Place)**: गैर बासिन्दाले नेपालमा व्यवसायसञ्चालन गर्ने गरी जुनसुकै प्रकारले स्थापना गरेको संरचना स्थायी संस्थापन हो । यस्तो संरचनामा शाखा, फ्याक्ट्री, वर्कसप, व्यवस्थापनस्थल, तेल कुवा, खानी, ग्यांस कुवा, कृषि वा वनस्पती फार्म, आदि पर्दछन् । गैर बासिन्दाको नेपालमा रहेको व्यवसाय गर्ने स्थान (Fixed Place)बाट गरिएको व्यवसाय स्थायी संस्थापन हुन उसको बसाई अवधि गणना गर्नु पर्दैन ।

| |
|---|
| उदाहरण १४.२.१: मानौं, American Sport Inc.ले आफ्नो सामान नेपालमा बिक्री वितरण गर्ने उद्देश्यले दरवारमार्गमा शाखा कार्यालय खोलेको रहेछ । आयकर ऐन, २०५८ मा निकाय वा प्राकृतिक व्यक्तिलाई कर लाग्ने व्यवस्था गरिएतापनि गैर बासिन्दाको शाखामात्र भएपनि स्थायी संस्थापनको रूपमा कर लाग्दछ । |

स्थान प्रधान रहेको अवस्थामा सो संरचना कति दिन नेपालमा प्रभावकारी रह्योसोको गणना गरिरहनु पर्दैन ।

माथि उल्लेख गरिएकाFixed Place Basedस्थायी संस्थापन बाहेक निम्न कार्यमा संलग्न रहेका गैर बासिन्दा समेत नेपालमा स्थायी संस्थापन रहेको मानिन्छ ।

- **एजेन्सी स्थायी संस्थापन (Agency PE)**: व्यवसायसञ्चालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेण्ट मार्फत कुनै व्यक्तिको पूर्ण वा आंशिक रूपमाव्यवसाय गर्ने स्थान नेपालमा भएमा सो एजेन्टमार्फत गरिएको कामको स्थान स्थायी संस्थापन हो । स्वतन्त्र एजेन्टले गरेको काम भने स्थायी संस्थापन मानिदैन । अन्तर्राष्ट्रिय व्यवसायमा सो विदेशीले कुनै करार गर्न अधिकार दिएको स्थानीय एजेन्टले सो अधिकार सामान्य स्वरूपमा नै आफ्नो Principalको नाममा करार गरी प्रयोग गर्ने गरेको अवस्थामा त्यस्तो एजेन्सी स्वतन्त्र हैसियत बाहेकको एजेन्ट (Dependent Agent) मानिन्छ ।

| |
|---|
| उदाहरण १४.२.२: मानौं, American Sport Inc. ले आफ्नो सामान नेपालमा बिक्री वितरण गर्ने उद्देश्यले नेपालको बासिन्दा Amco Sports Pvt. Ltd.लाई वितरक नियुक्त गरेको रहेछ र Amco Sports Pvt. Ltd.ले आफ्नो सामान सो अमेरिकी कम्पनीबाट आयात गरी आफ्नै जोखिम विश्लेषणका आधारमा दर निर्धारण गरी सामान बिक्री गर्ने गरेको छ । बिक्रीका लागि नेपालमा आयात गरिएको सो सामानमा अमेरिकी कम्पनीको स्वामित्व, बिक्री मूल्य वा सम्भाव्य ग्राहकका सम्बन्धमा कुनै प्रतिबन्ध वा विशेष सहयोग हुदैन, केवल सो अमेरिकी कम्पनीले नेपालमा सामान पठाउँदा Amco Sports Pvt. Ltd.मार्फत पठाई दिन्छ । यस्तो अवस्थामा Amco Sports Pvt. Ltd. को व्यवसायमा अमेरिकी कम्पनीको सहयोग देखिएतापनि आफ्नो कारोबारसञ्चालनमा पूर्णरूपमा स्वतन्त्र भएकाले सामान्य आयातकर्ता मात्र हो । यस अवस्थामा Amco Sports Pvt. Ltd.अमेरिकी कम्पनीको नेपाली स्थायी संस्थापन होइन । |

| |
|---|
| सोही उदाहरणमा Amco Sports Pvt. Ltd. ले गर्ने बिक्रीको दर अमेरिकी कम्पनीले तोक्ने र नाफाघाटा अमेरिकी कम्पनीले व्यहोर्ने गरी कारोबार गर्नेभएमा उक्त एजेन्सी Dependent Agentको रूपमा स्थायी संस्थापन मानिन्छ । Dependent Agent हुन घोषणा वा कागजातभन्दा पनि व्यवहार प्रधान हुन्छ । Dependent Agent ले आफ्नो मूल कम्पनीको स्थायी संस्थापनको कारोबार र सो कारोबारबाट आफूले पाउने कमिशन वा अन्य प्रकारको प्रतिफल सहितको आफ्नो कारोबारको बेग्लाबेग्लै आय विवरण बुझाउनु पर्दछ । |

- **सेवा प्रदान गर्ने स्थायी संस्थापन (Service PE)**: गैर बासिन्दा व्यक्तिले नेपालमा सेवा प्रदान गर्ने गरेकोमा आय वर्षको केही अवधि आफ्ना कर्मचारी पठाई वा अन्य प्रतिनिधिद्वारा सेवा प्रदान गरेको हुन सक्तछ । कर्मचारी वा प्रतिनिधि पठाएको अवस्थामा सामान बिक्री वा उत्पादन जस्तो तोकिएको एकै आधार खडा भई व्यवसायसञ्चालन

भएको पनि देखिदैन । तर गैर बासिन्दाले आफ्नै कर्मचारी पठाई वा अन्य प्रतिनिधित्वको तरिकाबाट नेपालमा सेवा व्यवसाय (प्राविधिक, व्यावसायिक वा परामर्श सेवा वा त्यस्तै प्रकारका सेवा) गरेको अवस्थामा निज कर्मचारी वा प्रतिनिधिको जम्माबसाईका आधारमा अवधि विगत १२ महिनाको अवधिको ९० दिन (90 days stay in moving 365 days) पुगेमा सो सेवा प्रदान गर्ने व्यक्ति स्थायी संस्थापन हुन्छ ।

| |
|---|
| उदाहरण १४.२.३: मानौं, American Sport Inc. ले नेपालमा खेलकुदको अन्तर्राष्ट्रिय अवसर सम्बन्धी अनुसन्धानको काम पाएको रहेछ । उसले सो काम सम्पन्न गर्न २ कर्मचारी पठाई जनवरी १ देखि ३५ दिन काम गरेछन् । पुन: बाँकी काम सम्पन्न गर्न जुलाईमा ३० दिन र डिसेम्बरमा ६० दिन २ जना कर्मचारी नेपालमा बसी काम गरेका रहेछन् । American Sport Inc.को कर्मचारीले काम सम्पन्न गर्न नेपाल बसाई विगत १२ महिनाको अवधिको ९० दिन (90 days stay in moving 365 days ) पुगेकाले सो American Sport Inc.स्थायी संस्थापन भएको मानिन्छ । |

- **निर्माण र जडान सम्बन्धी स्थायी संस्थापन (Construction PE)**: गैर बासिन्दा व्यक्तिले नेपालमा कुनै निर्माण, जडान वा स्थापना गर्ने सम्बन्धी काम गरेको वा सोसँग अनुसांगिक सेवा प्रदान गरेको अवस्थामा सो निर्माण, जडान वा स्थापना गर्ने स्थानमा सो गैर बासिन्दाको उपस्थिति निरन्तर ९० दिन वा सोभन्दा बढी भएमा सो निर्माण, जडान वा स्थापना स्थान नै स्थायी संस्थापन हुन्छ ।

| |
|---|
| उदाहरण १४.२.४: मानौं, Singapore Construction Company ले मेलम्ची आयोजनाको टनेलको लेदो सुकाउने कार्यका लागि १०० दिनको कार्यादेश पाएछ । उक्त कम्पनीले आफ्नो कार्य सम्पादन गर्न ५ जना कर्मचारी पठाएको रहेछ र ती कर्मचारीले तोकिएको कार्य ९५ दिनभित्र सम्पन्न गरेका रहेछन् । यस अवस्थामा Singapore Construcion Company ले नेपालमा लगातार ९० दिन भन्दा बढी संलग्न रही कार्य सम्पादन गरेकोले स्थायी संस्थापन मानिन्छ । |

कुनै व्यक्तिले आफू बासिन्दा रहेको देश बाहेकका अन्य देशमा माथि उल्लेखित अवस्था बमोजिम पूर्ण वा आंशिक रूपमा व्यवसाय सञ्चालन गर्ने स्थानलाई विदेशी स्थायी संस्थापन भनिन्छ । बासिन्दा व्यक्तिले अर्को देशमा कार्यालय, कारखाना, गोदाम, बिक्रीकक्ष वा प्रभावकारी व्यवस्थापनको माध्यमबाट अर्को देशमा व्यवसाय सञ्चालन गर्न सक्दछन ।

### १४.२.१ विदेशी स्थायी संस्थापनको करयोग्य आय

विदेशी स्थायी संस्थापनको करयोग्य आयमा बासिन्दा कम्पनीलाई लागे सरह कर लाग्दछ । त्यस्ता स्थायी संस्थापन र मूल कम्पनीबीच सम्पत्ति बापतका खर्च, शिरस्थ खर्च, आय तथा दायित्वको बाँडफाँड गर्ने तरिका निर्धारण भएको हुनु पर्दछ । यस खण्डका स्थायी संस्थापनको मुनाफा र लाभ गणना गर्न आवश्यक पर्ने केही आधारबारे विश्लेषण गरिएको छ ।

- **स्वतन्त्र निकाय (Independent entity)**: विदेशी स्थायी संस्थापन कर प्रयोजनका लागि मूल कम्पनीभन्दा स्वतन्त्र निकाय मानिन्छ ।

- **पुँजी लगानी (Capital investment)**: स्थायी संस्थापनमा लगानी गरेको रकमलाई सो संस्थापनको पुँजी सरह कर व्यवहार गरिन्छ । तर संस्थापनमा मूल कम्पनी वा सम्बद्ध व्यक्तिले ऋण लगानी गरेको अवस्थामा सो ऋणलाई मूल कम्पनीको संस्थापनमा भएको लगानी सरह व्यवहार गरिन्छ । तर त्यस्तो ऋण Arm's Lengthअवधारणा अनुसार अन्य तेस्रो पक्षसँग लिएको भए हुन सक्नेसम्मको शर्तमाभएको अवस्थामा भने ऋण रकमको नै व्यवहार गरिन्छ । आर्मलेन्थ अवधारणा बमोजिमको ऋण नै भएतापनि मूल कम्पनीको कूल सम्पत्ति र पुँजीको अनुपातभन्दा कम अनुपातमा पुँजी लगानी गरेको भए सो ऋणलाई पुँजी सरह व्यवहार गरी बाँकी

रकमलाई मात्र ऋण मानिन्छ । तर ब्याजका सम्बन्धमा भने ऐनको दफा १४(२) बमोजिम हुन्छ ।

- **सम्पत्तिको बाँडफाँड (Allocation of assets)** : संस्थापनको आर्थिकअधिकारमा रहेका सम्पत्ति बापतको खर्च (ह्रास, नोक्सानी, खर्च) संस्थापनको हुन्छ ।

- **खर्चको बाँडफाँड (Allocation of expenses)**: संस्थापनको कारोबारमामात्र लागेका खर्च संस्थापनको खर्च मानिन्छ । तर मूल कम्पनीले गरेका अप्रत्यक्ष खर्चमध्ये दफा ३३ बमोजिम बाँडफाँड भएको हदसम्मको खर्च संस्थापनको खर्च मानिन्छ ।

- **आयको बाँडफाँड (Allocation of income)**: संस्थापनको कारोबारबाट भएका आय संस्थापनको आय मानिन्छ । तर मूल कम्पनीले संस्थापनबाट प्राप्त गरेका वा गर्नुपर्ने आय बाँडफाँड गरी सो हदसम्मको आय संस्थापनको आय मानिन्छ ।

- **मूल्य हस्तान्तरण (Transfer Pricing)**:मूल कम्पनी वा सम्बद्ध व्यक्तिसँग संस्थापनबाट कारोबार भएको (खरिद, हस्तान्तरण वा भुक्तानी) आर्म लेन्थ अवधारणा बमोजिमको हुनु पर्दछ । आर्म लेन्थमा भएका कारोबार भएतापनि मूल कम्पनीसँगका स्वतन्त्र कारोबारमा अन्य व्यक्तिसँगका कारोबार सरह भुक्तानीमा कर कट्टी लगायतका कर व्यवहार हुन्छ ।

- **एजेन्सी संस्थापन (Agency PE)**:एजेन्सीमार्फत कारोबार गरेका कारण सिर्जना भएको संस्थापनमा सो एजेन्टको आफ्नो कारोबार र संस्थापनको कारोबारलाई छुट्टाछुट्टै व्यक्ति मानिने छ । एजेन्टको संस्थापन मानिने कारोबारमा माथि उल्लेख भएका सबै अवधारणा लागू हुन्छन् ।

माथिका अवधारणाका आधारमा विदेशी स्थायी संस्थापनको व्यवसायको करयोग्य आय निर्धारण गरिन्छ र त्यस्तो करयोग्य आयमा ऐनको अनुसूची-१ बमोजिमको करको दर लागू हुन्छ ।

ऐनको दफा ६८ मा विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर वा त्यस्ता निकायले विदेश पठाएको आयमा लाग्ने करका सम्बन्धमा उल्लेख गरेको छ । ऐनको दफा ६८ मा विदेशी स्थायी संस्थापनसँग सम्बन्धित विभिन्न पक्षको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छ ।

६८(१) **दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनका अन्य व्यवस्थाको अधीनमा रही गैर बासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको आयमा लाग्ने कर दाखिला गर्ने जिम्मेवारी सोही संस्थापनको हुनेछ**

ऐनको दफा ३ मा आयकर लगाउने निम्नानुसारको आधार प्रस्तुत गरिएकोछ:

(क) **कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्ति,**

(ख) **दफा ६८ को उपदफा (३) र (४) बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैरबासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन, र**

(ग) **कुनै आय वर्षमा अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति ।**

उपर्युक्त अनुसार खण्ड (क) को व्यक्तिको आय नेपालको स्रोत भएको वा विदेशमा स्रोत भएको वा दुवै देशमा स्रोत भएको आयमा कर लाग्दछ भने खण्ड (ख) र (ग) को व्यवस्थामा नेपालमा स्रोत भएको आयमा मात्र कर लाग्ने व्यवस्था भएको छ । ऐनको दफा ३ को खण्ड (क) अनुसारको आय नेपालमा स्रोत भएको वा नभएको जुन किसिमको भएपनि नेपालको बासिन्दा व्यक्तिले आर्जन गरेको छ भने त्यस आयमा नेपालमा कर तिर्नुपर्ने व्यवस्था छ ।

नेपालको कुनै बासिन्दा व्यक्तिले विदेशमा आर्जन गरेको आयमा आय आर्जन गरेको देशमा समेत्

कर तिर्नुपर्ने र उक्त आयमा नेपालमा पनि कर लाग्ने हुँदा दाहोरो कर लाग्न जाने अवस्था नहोस् भन्ने उद्देश्यले दफा ७१ मा वैदेशिक कर मिलान गर्ने सम्बन्धमा व्यवस्था गरेकोछ ।

गैर बासिन्दा व्यक्तिको नेपालस्थित कुनै विदेशी स्थायी संस्थापनको सम्बन्धमा त्यस्तो व्यक्तिले शाखा, कार्यालय, बिक्रीकक्ष, व्यापारिक गोदाम, निर्माणसाइट आदिको माध्यमबाट नेपालमा व्यवसायसञ्चालन गरेमा त्यस्तो व्यवसायबाट भएको आयमा कर असुलीको लागि व्यक्तिको स्थायी संस्थापन नै जिम्मेवार रहन्छ । विदेशी स्थायी संस्थापनले नेपालमा सञ्चालन गरेको कारोबारको हदसम्मको आयमा नेपालमा कर लाग्दछ । ऐनको यस व्यवस्थाले विदेशी स्थायी संस्थापनले नेपालमा गरेको कारोबारबाट भएको आयको कर तिर्ने दायित्व सोही विदेशी स्थायी संस्थापनमा निहित गरिएको छ । यस सम्बन्धी प्रावधान तलको उदाहरणबाट खुलाइएको छ ।

उदाहरण १४.२.५: मानौं, स्पेनको Dare Devil Inc.साहसिक कार्यद्वारा मनोरञ्जन गराउने कम्पनी रहेछ । उक्त कम्पनीले नेपालमा शाखा सञ्चालन गरी नेपाली तथा नेपालमा आउने विदेशी पर्यटकलाई Sky Jump गराई मनोरञ्जन उपलब्ध गराउँदै आएको रहेछ । आर्थिक वर्ष २०७५।७६ मा Dare Devil Inc.कम्पनीको नेपालको शाखाले रु.१ करोड करयोग्य आय प्राप्त गरेको रहेछ । Dare Devil Inc.कम्पनी विदेशी निकाय भएको र त्यसले शाखाद्वारा नेपालमा कार्य सञ्चालन गरेकोले उक्त शाखा नेपालको आयकर ऐन अनुसार विदेशी स्थायी संस्थापन हुन्छ । आ.व.२०७५।७६ मा भएको करयोग्य आयमा कर तिर्ने दायित्व स्पेनस्थित Dare Devil Inc.को नभई नेपालमा अवस्थित शाखा अर्थात विदेशी स्थायी संस्थापनको हुन्छ । Dare Devil Inc.कम्पनीको नेपालको शाखाले उक्त आयमा स्वदेशी कम्पनी सरह कर तिर्नु पर्दछ । यसको अतिरिक्त Dare Devil Inc.ले स्पेनमा पठाएको आयमा समेत विदेश पठाएको आयमा लाग्ने कर दाखिला गर्ने दायित्व समेत नेपाल स्थितDare Devil Inc.को शाखा कार्यालय अर्थात विदेशी स्थायी संस्थापनको हुन्छ ।

६८(२) **विदेशी स्थायी संस्थापनको आयबाट दफा ६९ बमोजिम सो संस्थापनको स्वामित्व भएको व्यक्तिको आय छुट्याउनु पर्नेछ ।**

ऐनले दफा ६९ मा नियन्त्रित विदेशी निकायको आयमा लाग्ने करका सम्बन्धमा व्यवस्था गरेको छ । नेपालको बासिन्दा व्यक्तिको विदेशस्थित कुनै निकायमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हित रहेको र आफै वा सम्बद्ध व्यक्ति समूह मार्फत नियन्त्रण कायम गरेको रहेछ भने त्यस्तो निकाय नियन्त्रित विदेशी निकाय हुन्छ । सोही दफाले नियन्त्रित विदेशी निकायको करयोग्य आय गणना गर्दा सो निकायलाई बासिन्दा निकाय भए सरह मानी आय गणना गर्न सक्ने व्यवस्था गरेको छ । कुनै विदेशी निकायको नेपालस्थित स्थायी बासिन्दाले करयोग्य कारोबार गरी आय प्राप्त गरेको छ र उक्त विदेशी निकायमा नेपाली बासिन्दा व्यक्तिको हित रहेको छ भने त्यस अवस्थामा विदेशी स्थायी संस्थापनको पूरै आयबाट नेपाली बासिन्दाको हित बराबर समानुपातिक रूपले हुने रकम छुट्याउनु पर्नेछ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण १४.२.६: मानौं, भूटानको दासो कन्स्ट्रक्सन कम्पनी लि.नेपालमा दर्ता भएको तिमिला निर्माण कम्पनी प्रा.लि.को ६० प्रतिशत शेयर स्वामित्व रहेछ । यस अवस्थामा ऐनको दफा ६९ को व्यवस्था अनुसार दासो कन्स्ट्रक्सन कम्पनी लि. नियन्त्रित विदेशी निकाय हो । दासो कन्स्ट्रक्सन कम्पनी लि.ले काठमाडौंको धापासीमा क्रिकेट स्टेडियम निर्माण गर्ने ठेक्का प्राप्त गरेको रहेछ । उक्त स्टेडियम निर्माण गरे बापतरु.१ करोड व्यवसायको आय ( मानौंसमावेश हुने आय रु.५ करोड र खर्च कट्टीरु.४ करोड) प्राप्त भएको रहेछ । दासो कन्स्ट्रक्सन कम्पनी लि.नियन्त्रित विदेशी निकाय भएको र सो कम्पनीको स्थायी संस्थापन नेपालमा रहेकाले नियन्त्रणको अनुपातमा सोही आय वर्षमा तिमिला निर्माण कम्पनीको आयमा समावेश हुने रकम रु.३ करोड तथा खर्च कट्टी रु.२ करोड ४० लाख समावेश

गर्नुपर्दछ । सो कम्पनीको आय रु.१ करोडमा २५ प्रतिशत कर तिरी बाँकी रहेको रु.७५ लाखमध्ये मूल कम्पनी भुटान पठाउँदा विदेश पठाएको आयमा रु.३० लाख मात्र समावेश गर्नु पर्दछ ।

### ६८(३) गैर बासिन्दा व्यक्तिको नेपाल स्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा दफा ३ को खण्ड (ख) मा उल्लेख भए बमोजिमको स्थायी संस्थापन उपर कर लाग्नेछ

ऐनको दफा ३ ले कुनै गैर बासिन्दा व्यक्तिको विदेशी स्थायी संस्थापनको रूपमा नेपालमा अवस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा नेपालस्थित विदेशी स्थायी संस्थापनलाई कर लगाउने व्यवस्था गरेको छ । ऐनको दफा ६८ को उपदफा (१) ले विदेशी स्थायी संस्थापनलाई व्यवसाय सञ्चालन बापत प्राप्त आयमा कम्पनी सरह लगाउने व्यवस्था छ । स्थायी संस्थापन देशको कम्पनी ऐन लगायत अन्य ऐनबाट दर्ता नभएको हुने हुँदा त्यस्ता स्थायी संस्थापनले आर्जन गरेको आय लाभांशको रूपमा वितरण नहुने र विदेशी स्थायी संस्थापनको प्रमुख निकाय जुन देशमा छ सोही देशमा व्यवसायबाट आर्जित आय Repatriateहुने गर्दछ । यसरी Repatriate रकममा कर लगाउने व्यवस्था यस दफाले गरेको छ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण १४.२.७: मानौं, ईटालीको बुर्लोस्की कन्स्ट्रक्सन कम्पनी सडक निर्माण गर्ने कम्पनी रहेछ । उक्त कम्पनीले नेपालमा सडक निर्माण गर्ने ठेक्का प्राप्त गरेको रहेछ । उक्त कम्पनीले आ.व.२०७५।७६ मा ९ महिनाको अवधिमा आफूले प्राप्त गरेको ठेक्का बापतको सडक निर्माण गर्ने कार्य सम्पादन गरेको रहेछ । सडक निर्माण गर्ने कार्यमा उक्त कम्पनी ९ महिना संलग्न रहेकोले नेपालको ऐन अनुसार स्थायी संस्थापन मानिन्छ । सडक निर्माण बापत उक्त कम्पनीले रु.१ करोड करयोग्य आय प्राप्त गरेको रहेछ । यस अवस्थामा उक्त कम्पनी विदेशी स्थायी संस्थापन भएकोले आर्जन गरेको रु.१ करोडमा २५ प्रतिशतले हुन आउने कर्पोरेट करको रूपमारु.२५ लाख आयकर तिर्नु पर्दछ । रु.२५ लाख कर्पोरेट आयकर तिरेपछि बाँकी रहेको रकम रु.७५ लाख उक्त कम्पनीको Head Officeमा पठाएको रकम विदेशी स्थायी संस्थापनले विदेशमा पठाएको आय मानिने र उक्त आयमा ऐनको अनुसूची–१ को दफा २ को उपदफा (६) अनुसार ५ प्रतिशतले कर भुक्तानी गर्नुपर्दछ । स्थायी संस्थापनले कर तिरेको सबै आय आफ्नो मूल कम्पनीमा पठाउँदा विदेश पठाएको आय मानिने रकममा ऐनको दफा ३ (ख) को व्यक्तिको रूपमा कर लाग्दछ ।

विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा सोही संस्थापनमा कर लाग्ने हुनाले सबै आय रु.७५ लाखमा विदेश पठाउँदा सोमा लाग्ने ५ प्रतिशत कर रु.३ लाख ७५ हजार कट्टा गरी रु.७१ लाख २५ हजार मात्र पठाउनु पर्दछ ।

### ६८(४)गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले कुनै आय वर्षमा विदेश पठाएको आय सो विदेशी स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर हुनेछ ।

कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले गैर बासिन्दा निकायलाई नेपालको कारोबारबाट भएको आय विदेश पठाएको रहेछ भने यसरी पठाएको आय (Repatriated Income) मा कर लाग्दछ । यसरी विदेश पठाएको आय (Repatriated Income) अन्य कुनै गैर बासिन्दा निकायको नेपालस्थित सम्बद्ध निकायले भुक्तानी गरेको लाभांश सरह नै हुन्छ । सम्बद्ध निकायले भुक्तानी गर्ने लाभांशमा कर तिर्ने दायित्व विदेशस्थित निकायको हुन्छ भने विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा विदेशी स्थायी संस्थापनले नै कर तिर्नुपर्दछ । सम्बद्ध निकायले भुक्तानी गरेको लाभांशको स्रोत नेपालमा हुने भन्ने दफा ६७ को उपदफा (६) को खण्ड (क) मा व्यवस्था भए बमोजिम लाभांशमा लाग्ने कर ऐनको दफा ८८ को

उपदफा (२) को खण्ड (क) ले व्यवस्था गरे अनुसार अग्रिम कर कट्टीको रूपमा कट्टा हुने व्यवस्था छ । तर विदेश पठाएको आय (Repatriated Income)को सम्बन्धमा ऐनको दफा ३ को खण्ड (ख) बमोजिम नै कर लाग्ने र यसरी लाग्ने करको दर अनुसूची–१ को दफा २ को उपदफा (६) ले व्यवस्था गरेको छ । यसरी विदेशी स्थायी संस्थापनले विदेश पठाएको रकमलाई सो स्थायी संस्थापनले सो वर्षमा वितरण गरेको लाभांश रकम बराबर नै हुने व्यवस्था ऐनले गरेको छ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

> उदाहरण १४.२.८: मानौं, भारतको कस्मस बीमा कम्पनीले नेपालमा शाखा कार्यालय स्थापना गरी नेपालमा सामान्य बीमा व्यवसाय गरिआएको रहेछ । नेपालमा शाखा कार्यालय खोली बीमा व्यवसाय गरेकोले उक्त शाखा कार्यालय ऐन अनुसार विदेशी स्थायी संस्थापन हुन्छ । उक्त कम्पनीले आ.व.२०७५।७६मा नेपालमा सामान्य बीमा कारोबार गरी रु.१ करोड आय आर्जन गरेको रहेछ । उक्त शाखाले नेपालको कर्पोरेट आयकरको दर अनुसार उक्त आयमा रु.३० लाख कर दायित्व भुक्तान गरी बाँकी रहेको रु.७० लाखमध्ये रु.५०लाख भारतस्थित आफ्नो मुख्य कार्यालयमा पठाएको रहेछ भने त्यसरी पठाइएको आयमा (Repatriated Income) मा अनुसूची–१ को दफा २ को उपदफा (६) अनुसार ५ प्रतिशतले हुने रकम रु.२ लाख ५० हजार नेपालको शाखाले कर बापत दाखिला गर्नु पर्दछ ।

## १४.३ नियन्त्रित विदेशी निकाय (Controlled Foreign Entity)

ऐनको दफा ६९ मा दिइएको स्पष्टीकरणमा नियन्त्रित विदेशी निकायलाई निम्नानुसार परिभाषित गरिएको छ :-

**"नियन्त्रित विदेशी निकाय" भन्नाले कुनै आय वर्षमा कुनै बासिन्दा व्यक्तिको प्रत्यक्ष रूपमा वा एक वा बढी मध्यस्थ गैर बासिन्दा निकायहरुको माध्यमबाट अप्रत्यक्ष रूपमा हित रहेको कुनै गैर बासिन्दा निकायलाई जनाउँछ र सो व्यक्ति सो निकायसँग सम्बद्ध रहेको छ वा सो सम्बद्ध मानिने व्यक्ति तथा कुनै अन्य बढीमा चार बासिन्दा व्यक्तिहरु सो निकायसँग सम्बद्ध भएको भए त्यस्तो निकायलाई पनि नियन्त्रित विदेशी निकाय सम्झनु पर्छ ।**

उक्त स्पष्टीकरण अनुसार कुनै नियन्त्रित विदेशी निकाय हुन एउटै बासिन्दा व्यक्तिले सोमा आय, पुँजी वा मताधिकार (Income, Capital or voting right)को माध्यमबाट नियन्त्रण गरेको छ वा नेपाली बासिन्दाको विदेशस्थित कुनै नियन्त्रित निकाय वा अन्य निकाय तथा नेपालको कुनै निकाय तथा सो निकायसँग सम्बद्ध बढीमा ४ बासिन्दा व्यक्तिले ५० प्रतिशतभन्दा बढी स्वामित्व लिएको छ भने त्यस्ता निकाय पनि नियन्त्रित विदेशी निकाय हुन्छ । नेपालको बासिन्दा व्यक्तिको विदेशस्थित कम्पनी ट्रष्ट वा साझेदार जसमा ५० प्रतिशत भन्दा बढी स्वामित्व वा हित छ भने त्यस्ता निकाय नियन्त्रित विदेशी निकाय हुन्छन् । यस सम्बन्धी प्रावधान तलको उदाहरणबाट खुलाइएको छ ।

> उदाहरण १४.३.१: मानौं, सगरमाथा कम्पनी लि.नेपालको बासिन्दा कम्पनी रहेछ । उक्त कम्पनीको जापानस्थित माउन्टफूजी कम्पनी प्रा.लि.मा ७० प्रतिशत शेयर स्वामित्व रहेछ । यस अवस्थामा नेपालको बासिन्दा सगरमाथा कम्पनी लि.को माउन्टफूजी कम्पनी प्रा.लि.मा प्रत्यक्ष रूपमा हित तथा नियन्त्रण रहेकोले माउन्टफूजीकम्पनी प्रा.लि. नेपाली बासिन्दाबाट नियन्त्रित विदेशी निकाय हो ।

> उदाहरण १४.३.२: मानौं, कोशी कम्पनी लि.नेपालको बासिन्दा कम्पनी रहेछ । उक्त कम्पनीको पाकिस्तानस्थित अस्कारी ग्रुप अफ कम्पनी प्रा.लि.को मुनाफामा भाग लिने अग्राधिकार शेयरमा लगानी गरेको रहेछ । अग्राधिकार शेयरबाट कम्पनीको ७० प्रतिशत आय कोशी कम्पनीको हुने शेयर सम्झौता रहेछ । यस अवस्थामा नेपालको बासिन्दा सगरमाथा कम्पनी लि.को अस्कारी ग्रुप अफकम्पनी प्रा.लि.मा प्रत्यक्ष रूपमा आयमा नियन्त्रण रहेकोले उक्तकम्पनी नेपाली बासिन्दाबाट नियन्त्रित विदशी निकाय हो ।

उदाहरण १४.३.३: मानौं, मेची कम्पनी लि.नेपालको बासिन्दा कम्पनी रहेछ । उक्त कम्पनीको पाकिस्तानस्थित कम्पनीको ४० प्रतिशत साधारण शेयरमा लगानी गरेको रहेछ । शेयर धनीको सो वर्गले ७ मध्ये ४ सञ्चालक नियुक्त गर्नसक्ने अधिकार कम्पनीको प्रबन्धपत्रमा रहेछ । यस अवस्थामा नेपालको बासिन्दा सगरमाथा कम्पनी लि.को प्रत्यक्ष रूपमा सञ्चालन नियन्त्रण रहेकोले सो कम्पनी नेपाली बासिन्दाबाट नियन्त्रित विदेशी निकाय हो ।

उदाहरण १४.३.४: मानौं, माथि उदाहरण १४.३.१ मा उल्लेखित माउन्टफूजीकम्पनी प्रा.लि. गैर बासिन्दा कम्पनी भएपनि नेपाली बासिन्दा व्यक्तिबाट नियन्त्रित कम्पनी हो । उक्त कम्पनीको जापानस्थित निप्पोन प्रा.लि.मा ८० प्रतिशत शेयर स्वामित्व रहेछ। माउन्टफूजीकम्पनी प्रा.लि. नेपाली बासिन्दा कम्पनीको सम्बद्ध निकाय (Associated Entity) हो र उक्त कम्पनीले निप्पोन प्रा.लि.माथि ८० प्रतिशत शेयरद्वारा नियन्त्रणमा राखेको अवस्थामा निप्पोनप्रा.लि.मा नेपाली बासिन्दा कम्पनी सगरमाथा कम्पनी लि.को आफ्नो सम्बद्ध निकायद्धारा अप्रत्यक्ष रूपमा नियन्त्रणमा रहेको हुँदा उक्त कम्पनी पनि नियन्त्रित विदेशी निकाय हो ।

निप्पोन कम्पनीमा नेपाली बासिन्दाको सम्बद्ध निकायमार्फत नियन्त्रण ५६ (७० को ८० प्रतिशत) प्रतिशत भएकाले यो नियन्त्रित बासिन्दा निकाय भएको हो ।

उदाहरण १४.३.५: मानौं, A, B, C, D, Eर F नेपालका बासिन्दा व्यक्ति हुन । उनीहरुले जापानस्थित ABCकम्पनीमा १० प्रतिशतका दरले शेयर स्वामित्व लिएका रहेछन् । A, B, C, D, Eर Fनेपालका बासिन्दा व्यक्ति भएतापनि सम्बद्ध व्यक्ति रहेनछन् । तिनीहरुले जापानस्थित कम्पनी ABCमा १० प्रतिशतका दरले अर्थात ६० प्रतिशत शेयर स्वामित्वमा रहेको भएतापनि ४ जना भन्दा बढी व्यक्तिबाट उक्त कम्पनी नियन्त्रित भएको हुँदा सो कम्पनी नेपाली बासिन्दा व्यक्तिबाट नियन्त्रित विदेशी निकाय मानिदैन ।

### १४.३.२ नियन्त्रित विदेशी निकायको आय

कुनै बासिन्दा व्यक्तिका लागि आफूले लगानी गरेको विदेशी निकाय कर प्रयोजनका लागि विदेशी नियन्त्रित निकायको अवस्थामा परेमा त्यस्तो विदेशी निकायको कर व्यवहार निम्नानुसार हुन्छः

**सम्बद्ध आय निर्धारण** : सो विदेशी निकायलाई आयकर ऐन, २०५८ को प्रयोजनकालागि नेपालको बासिन्दा निकाय सरह मानिन्छ । त्यसैले,

- त्यस्ता निकाय रहेका मुलुकको कर वर्ष वा निकायको आर्थिक वर्ष जेसुकै भएतापनि नेपालको आय वर्ष अनुसार आय विवरण तयार गर्नुपर्दछ ।
- आयकर ऐन, २०५८ बमोजिम व्यवसायको आय वा लगानीको आय निर्धारण गरिन्छ ।
- यसरी नेपालको आय वर्षको अवधिमा आयकर ऐन, २०५८ बमोजिम गणना गरेको आयलाई सो नियन्त्रित विदेशी निकायका सन्दर्भमा सम्बद्ध आय (Attributable income) भनिन्छ ।

ऐनको दफा ६९ को स्पष्टीकरणमा उल्लेख भए अनुसार निम्नानुसारको आयलाई नियन्त्रित सम्बद्ध आय भन्ने बुझिन्छ :

**“सम्बद्ध आय” भन्नाले कुनै आय वर्षमा कुनै नियन्त्रित विदेशी निकायको करयोग्य आय गणना गर्दा सो निकायलाई बासिन्दा निकाय भए सरह मानी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ**

यस प्रावधानलाई खुलाउने उदाहरण तल दिइएको छ ।

उदाहरण १४.३.६: मानौं, सगरमाथा लि.नेपालमा दर्ता भएको रहेछ । उक्त कम्पनीको जापानस्थित माउन्ट फूजी कम्पनी प्रा.लि.मा ७० प्रतिशत शेयर स्वामित्व रहेछ।जापानस्थित

माउन्ट फूजी कम्पनी प्रा.लि. सगरमाथा लि.को नियन्त्रित विदेशी निकाय हुन्छ । उक्त माउन्ट फूजी कम्पनीले आय वर्ष २०७५।७६ मा आफ्नो व्यवसायबाटरु.१ करोड व्यवसायको आय प्राप्त गरेको रहेछ । यस अवस्थामा माउन्ट फूजी कम्पनी प्रा.लि.(विदेशी नियन्त्रित निकाय) को नेपाली आय वर्षमा आयकर ऐन, २०५८ बमोजिम गणना गरिएको करयोग्य आय सो निकायको सम्बद्ध आय हो ।

नेपालको कम्पनी सगरमाथा लि.को सो निकायबाट प्राप्त आय सो माउन्ट फूजी कम्पनी प्रा.लि.को सम्बद्ध आयमध्ये कम्पनीको शेयरको समानुपातिक रूपले हुने रकम हुन्छ । अर्थात माउन्ट फूजी कम्पनी प्रा.लि.को सम्बद्ध आयको ७० प्रतिशतले हुन आउने रु.७० लाख सगरमाथा कम्पनीको जापान स्रोतको आय हो ।

ऐनले नियन्त्रित विदेशी निकायमा रहेको हित बापतको आयको गणना गर्ने सम्बन्धमा अन्य विदेशी निकायबाट प्राप्त आय भन्दा फरक रूपले गणना गर्ने व्यवस्था गरेको छ । कुनै बासिन्दा व्यक्तिको कुनै नियन्त्रित विदेशी निकायमा रहेको हित वा शेयरको आधारमा समानुपातिक रूपले हुने रकम बासिन्दा व्यक्तिको आयमा समावेश गर्नुपर्दछ । नियन्त्रित विदेशी निकायले आफ्ना हिताधिकारीलाई लाभांश वितरण नगरेको अवस्थामा समेत लाभांश वितरण गरिएको सरह मानी उक्त निकायमा रहेको आफ्नो अधिकारको आधारमा हुन आउने रकमलाई व्यक्तिको आयमा समावेश गर्नुपर्नेछ । नियन्त्रित विदेशी निकायमा बासिन्दा व्यक्तिको निर्णायक अधिकार हुने हुँदा त्यस्ता निकायमा भएको आयलाई नेपालको आयमा समावेश नगरी करको दायित्व स्थगन (Deferred) गर्नबाट नियन्त्रण गर्न ऐनले यस किसिमको विशेष व्यवस्था गरेको हो । यस विषयमा ऐनको दफा ६९(१) ले निम्नानुसार व्यवस्था गरेको छ ।

६९(१) **कुनै निकायले कुनै आय वर्षको अन्त्यमा नियन्त्रित विदेशी निकायको रूपमा सो निकायले सो वर्षमा भएको सम्बद्ध आयको लाभांश वितरण गरेमा आफ्ना हिताधिकारीहरुलाई समानुपातमा देहाय बमोजिम लाभांश वितरण गरेको मानिनेछ :-**

(क) **लाभांश वितरण गर्दा सो आयमा रहने सो हिताधिकारीहरुको अधिकार अनुसार, वा**

(ख) **ती अधिकारहरु मनासिव रूपमा निश्चित नभएमा विभागले परिस्थिति अनुरूप उपयुक्त ठानेको तरिका अनुसार ।**

उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण १४.३.७: मानौं, नेपालमा दर्ता भएको कम्पनी सगरमाथा लि.को जापानस्थित माउन्ट फूजीकम्पनी प्रा.लि.प्रत्यक्ष रूपले नियन्त्रित विदेशी निकाय रहेछ । त्यस्तै कञ्चनजंघा प्रा.लि.नेपालको कम्पनी सगरमाथा लि.को अप्रत्यक्ष रूपमा नियन्त्रित विदेशी निकाय रहेछ । आय वर्ष २०७५।७६ मा आयकर ऐन, २०५८ अनुसार गणना गर्दा माउन्ट फूजी कम्पनीको रु.१ करोड आय रहेकोछ । त्यस्तै कञ्चनजंघा प्रा.लि.को पनि उक्त वर्षमा रु.१ करोड आय रहेको छ ।

माउन्ट फूजी कम्पनी तथा कञ्चनजंघा प्रा.लि. सगरमाथा लि.नेपालको नियन्त्रित निकाय भएकाले ती निकायको आय वर्ष २०७५।७६ को आय सगरमाथा नेपालको सम्बद्ध आय भएकाले सगरमाथा नेपाललाई विदेशी नियन्त्रित निकायबाट निम्नानुसार लाभांश वितरण गरेको मानिनेछ ।

१. माउन्ट फूजी कम्पनीमा ७० प्रतिशत शेयर रहेकोले शेयर स्वामित्वको समानुपातिक रूपमा हुने सम्बद्ध आय रु.७० लाख ।

२. कञ्चनजंघा प्रा.लि.मा माउन्ट फूजीकम्पनीको ८० प्रतिशत शेयर रहेकोले सगरमाथा कम्पनीको प्रभावकारी अनुपात ५६ प्रतिशत मात्र रहेकोले सोको समानुपातिक रूपले

हुने रकम रु.५६ लाख ।

३. नेपालको कम्पनी सगरमाथा लि.को प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रहेको नियन्त्रित विदेशी निकायबाट आफ्नो शेयर स्वामित्वको आधारमा हुने सम्बद्ध आय माउन्ट फूजीकम्पनी प्रा.लि.का रु.७० लाख तथा कञ्चनजंघा प्रा.लि.को रु.५६ लाख गरी जम्मा रु.१ करोड २६ लाख जापानी स्रोतको आय हुन्छ ।

नेपालको कम्पनी सगरमाथा लि.ले आ.व.२०७५।७६ को आय विवरणमा नियन्त्रित विदेशी निकायबाट प्राप्त आयको रूपमारु.१ करोड २६ लाख कम्पनीको आयमा समावेश गर्नु पर्छ ।

नियन्त्रित विदेशी निकायको सम्बन्धमा नेपालको आयकर ऐनले बासिन्दा व्यक्तिको हितको आधारमा समानुपातिक रूपले हुने रकम आयमा समावेश गर्ने व्यवस्था गरेको छ । यसको लागि गैर बासिन्दाको रूपमा रहेको नियन्त्रित विदेशी निकायले लाभांशको रूपमा भुक्तानी गरिराख्नुपर्ने छैन । नियन्त्रित विदेशी निकायले आफ्नो कम्पनीको आर्थिक अवस्था एवम् अन्य व्यावसायिक अवस्थाको अध्ययनको आधारमा लाभांश वितरण गर्ने वा नगर्ने वा गरेमा कति गर्ने भन्ने विषय स्वविवेकीय अधिकारभित्र पर्दछ । बासिन्दा व्यक्तिले नियन्त्रित विदेशी निकायको सम्बद्ध आयको आधारमा आफ्नो अधिकार अनुसार प्राप्त हुने रकम सोही वर्षमा नै आयको रूपमा समावेश गरिसक्ने हुँदा पछि त्यस्ता नियन्त्रित विदेशी निकायले लाभांश वितरणको समयमा भुक्तानी गरेको रकमलाई बासिन्दा व्यक्तिले आफ्नो आयमा समावेश गर्नुपर्ने छैन । ऐनको दफा ६९(२) मा यस सम्बन्धमा निम्नानुसार व्यवस्था छ ।

६९(२) **कुनै आय वर्षको अन्त्यमा नियन्त्रित विदेशी निकायको रूपमा रहेको निकायबाट सो आय वर्षमा उपदफा (१) बमोजिम बाहेक वितरण गरिएका लाभांशहरुमा कर लाग्ने छैन ।**

उपर्युक्त व्यवस्थालाई तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण १४.३.८: मानौं, जापानमा दर्ता भएको माउन्ट फूजीकम्पनी प्रा.लि.मा नेपालको बासिन्दा कम्पनी सगरमाथा लि.को ७० प्रतिशत शेयर रहेछ । सो कारणले गर्दा माउन्ट फूजीकम्पनी प्रा.लि.नियन्त्रित विदेशी निकाय मानिन्छ । माउन्ट फूजी कम्पनी प्रा.लि.ले आय वर्ष २०७४।७५ मा भएको सम्बद्ध आय रु.१ करोडमध्ये रु.५० लाख आ.व.२०७५।७६ मा आफ्ना हिताधिकारीलाई लाभांश वितरण गरेको रहेछ । यस अवस्थामा सगरमाथा नेपाललि.को आफ्नो शेयर स्वामित्वको आधारमा (माउन्ट फूजी कम्पनी प्रा.लि.मा ७० प्रतिशत शेयर स्वामित्व भएकोले) वितरण गरिएको लाभांश मध्ये रु.३५ लाख प्राप्त गरेको रहेछ । सगरमाथा लि.ले आय वर्ष २०७४।७५ मा नै आफ्नो आय विवरणमा नियन्त्रित विदेशी निकायमा रहेको आफ्नो हितको आधारमा हुने रकम आयमा समावेश गरी कर दाखिला गरी सकेको हुँदा आय वर्ष २०७५।७६मा नियन्त्रित विदेशी निकाय अन्नपूर्ण कम्पनी प्रा.लि.बाट लाभांश बापत प्राप्त रकमलाई आयमा समावेश गर्नुपर्दैन ।

ऐनको दफा ६९ बमोजिम नियन्त्रित विदेशी निकायमा रहेको सम्बद्ध आयमध्ये समानुपातिक रूपले हुने रकम बासिन्दा व्यक्तिले आफ्नो आयमा देखाउनु पर्दछ । तर अप्रत्यक्ष नियन्त्रण भएका निकायले वितरण गरेको लाभांश त्यसको नियन्त्रण गर्ने निकायमा प्राप्त भई सो नियन्त्रण गर्ने निकायको सम्बद्ध आयको कर गणना गर्दा सो रकम दोहोरो पर्न जान्छ । यो दोहोरो हटाउन ऐनको दफा ६९ को उपदफा (३) मा निम्नानुसारको व्यवस्था छ ।

६९(३) **लाभांश वितरणको समयमा नियन्त्रित विदेशी निकायसँग सम्बद्ध रहेका हिताधिकारीहरुलाई सो निकायबाट उपदफा (१) बमोजिम वितरण गरिएको मानिने लाभांशको सम्बन्धमा देहाय बमोजिम भएको मानिनेछ :-**

(क) **सो निकायको सम्बद्ध आयको किसिम र स्रोत सरहको विशेषता भएको, र**

(ख) **सो निकायको सम्बद्ध आयको प्रत्येक किसिम र स्रोत मध्येबाट समानुपातिक रूपमा वितरण गरेको ।**

माथि १४.३.७ को उदाहरणमा कञ्चनजंघा कम्पनीको सम्बद्ध आयको समानुपातिकले हुने रकम (रु.५६ लाख) करयोग्यमा आयमा समावेश गरी कर तिरिसकिएको छ । कञ्चनजंघा कम्पनीले लाभांश वितरण गरेका वर्ष सोको नियन्त्रण गर्ने अर्को नियन्त्रित विदेशी निकाय माउन्ट फूजी कम्पनीमा रु.६० लाख प्राप्त हुन्छ । माउन्ट फूजी कम्पनीको लाभांश प्राप्त भएको वर्षको सम्बद्ध आय निर्धारण गर्दा सो लाभांश समावेश गर्न पर्दैन । जसले गर्दा दोहोरो कर नलाग्ने निश्चित हुन्छ ।

नियन्त्रित विदेशी निकायको सम्बद्ध आयमा हिताधिकारीले आफ्नो स्वामित्व वा हितको अधिकारको आधारमा आय भएकै वर्षमा समानुपातिक रूपमा आफ्नो आयमा समावेश गरेको हुन्छ । उपदफा (१) ले विदेशी नियन्त्रित निकायको हिताधिकारीले सम्बद्ध आयको समानुपातिक रूपमा हुने रकम लाभांश वितरण सरह मानी आयमा समावेश गरेको हुँदा यसको लागि नियन्त्रित विदेशी निकायले लाभांश वितरण बापतको भुक्तानी गरिराख्नु पर्नेछैन । कुनै वर्षको सम्बद्ध आय हिताधिकारीले सोही आय वर्षमा आफ्नो आय विवरणमा आयको रूपमा समावेश गरिसकेको हुन्छ भने त्यस्ता नियन्त्रित विदेशी निकायले सो आय वर्ष पछिको आय वर्षमा लाभांश वितरण गर्दछ वा अर्कातिर यो वर्षको आयमा विगतको लाभांश वितरण भएको पनि हुन सक्तछ । आय आर्जन गरेका मुलुकमा सो आयबापत सोही मुलुकको कर कानुन अनुसार कर्पोरेट आयकर तिरेको हुन सक्तछ र लाभांश वितरणबापत नियन्त्रित विदेशी निकाय अवस्थित रहेको देशको आयकर ऐनको व्यवस्था अनुसार लाभांशमा पनि कर लागेको हुन सक्तछ । यसरी निकायले तिरेको कर्पोरेट आयकर र कर्पोरेट आयकर आय गर्दाको वखत मिलान गर्नुपर्दछ । लाभांशमा लागेको कर बराबरको रकम हिताधिकारीको लागि निजले प्राप्त गरेको मानिने लाभांशको अनुपातमा छुट दिनुपर्ने हुन्छ । यस सम्बन्धी व्यवस्था ऐनको दफा ६९ को उपदफा (४) र (५) मा निम्नानुसार गरेको छ ।

६९(४) **उपदफा (३) बमोजिम वितरण गरिएको मानिने रकमका सम्बन्धमा उपदफा (५) वा दफा ५२ को उपदफा (५) बमोजिम दाखिला गरिएको मानिने समेत कुनै नियन्त्रित विदेशी निकायबाट दाखिला गरिएको कुनै कर सो निकायसँग सम्बद्ध हिताधिकारीका लागि छुट्याउनु पर्नेछ ।**

६९(५) **बाँडफाँडको समयमा उपदफा (४) बमोजिम छुट्याइएको कर हिताधिकारीले दाखिला गरेको मानिनेछ र त्यस्तो करका लागि हिताधिकारीले दफा ७१ मा व्यवस्था गरिएबमोजिम कर मिलान गर्ने सुविधा पाउन सक्नेछ ।**

यस व्यवस्थाले नियन्त्रित विदेशी निकायका नियन्त्रक बासिन्दाले निम्नानुसारको कर कट्टी सुविधा प्राप्त गर्दछन्:

उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण १४.३.९: मानौं, जापानमा दर्ता भएको माउन्ट फूजी कम्पनी प्रा.लि.मा नेपालको बासिन्दा कम्पनी सगरमाथा लि.को ७० प्रतिशत शेयर रहेछ । सो कारणले गर्दा माउन्ट फूजी कम्पनी प्रा.लि. नियन्त्रित विदेशी निकाय मानिन्छ । माउन्ट फूजी कम्पनीले सगरमाथा नेपाललाई आ.व.२०७५।७६ मा रु.३५ लाख लाभांश वितरण गरेको रहेछ । सो कम्पनीको सम्बद्ध आय रु.१ करोड भएको र सो वर्षमा कर्पोरेट कर रु.२९ लाख तिरेको रहेछ । माउन्ट फूजी कम्पनी प्रा.लि.जापानस्थित कम्पनी भएको र जापानको आयकर ऐन बमोजिम लाभांश भुक्तानीमा १० प्रतिशतले अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था रहेछ । यस अवस्थामा माउन्ट फूजीकम्पनीले वितरण गरेको लाभांश बापत करकट्टी भएको रकम र कर्पोरेट करको समानुपातिक रकम दफा ७१ का लागि

| |
|---|
| कर मिलान योग्य रकम मानिन्छ । |

नियन्त्रित विदेशी निकायको सम्बद्ध आयमा बासिन्दा व्यक्तिले आफ्नो अधिकारको समानुपातिक रूपमा आफ्नो आयमा समावेश गरिसकेको भुक्तानी प्राप्त नभएको अवस्था समेत आयकर बापतको आय हुन्छ । अर्कातिर प्रत्यक्ष नियन्त्रण भएको कम्पनीले वितरण गरेको वास्तविक लाभांशमा कर लाग्दैन । एकातर्फ प्राप्त नभइसकेको आयलाई आय मानी कर लगाइने र अर्कोतर्फ आय प्राप्त भएको बखत कर नलाग्ने हुनाले यस्ता कम्पनीमा अल्पकालिन कर अन्तर (Temporary tax difference)पर्न जान्छ । नियन्त्रित विदेशी निकायमा हुने यस्तो फरकता हटाउन यस ऐनको दफा ६९ को उपदफा (६) र (७) ले निम्नानुसार व्यवस्था गरेको छ ।

६९(६) **वितरणको समयमा उपदफा (१) बमोजिम हिताधिकारीलाई वितरण गरिएको मानिने रकमलाई सो प्रापक हिताधिकारीको सो वितरण गर्ने निकायमा हितकोरूपमा रहेको कुनै सम्पत्ति वा दायित्व बापतको खर्चमा समावेश गर्नु पर्ने छ ।**

६९(७) **वितरणको समयमा उपदफा (२) बमोजिम कर छुट पाउने हिताधिकारीलाई वितरण गरिएको लाभांशलाई प्रापक हिताधिकारीको सो वितरण गर्ने निकायमा हितको रूपमा रहेको कुनै सम्पत्ति वा दायित्व बापतको आम्दानीमा समावेश गर्नु पर्नेछ ।**

उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण १४.३.१०: मानौं, माथिको उदाहरण १४.३.७ मा उल्लेख भए बमोजिम नेपालको कम्पनी सगरमाथा लि.को प्रत्यक्ष रूपमा नियन्त्रित विदेशी निकाय अन्नपूर्ण कम्पनीको आय वर्ष २०७५।७६ को सम्बद्ध आय बापत दफा ६९ को उपदफा (१) अनुसार रु.७० लाख तथा अप्रत्यक्ष रूपमा रहेको नियन्त्रित विदेशी निकाय कञ्चनजंघा प्रा.लि.को सम्बद्ध आयमध्ये समानुपातिक रूपमा आयमा समावेश भएको रकम रु.४२ लाख गरी जम्मा रकम रु.१ करोड १२ लाख सगरमाथा लि.को आयमा समावेश गरिनेछ । यसरी समावेश गरेको जम्मा रकम रु.१ करोड १२ लाख माउन्ट फूजी प्रा.लि.मा रहेको हित बापत भएको खर्च (Outgoing) को रूपमा समावेश गर्नु पर्दछ । |
| उदाहरण १४.३.११: मानौं, माथि उदाहरण १४.३.७ मा सगरमाथा लि.ले आय वर्ष २०७५।७६ मा नियन्त्रित विदेशी निकाय माउन्ट फूजी प्रा.लि.बाटरु.३५ लाख लाभांश बापत प्राप्तगरेको रहेछ । सगरमाथा लि.ले उपदफा (२) अनुसार माथि उल्लिखित भए अनुसार प्राप्त रकम रु.३५ लाखलाई सम्बन्धित नियन्त्रित विदेशी निकाय रहेको सम्पत्तिको आम्दानी (Incoming)का रूपमा समावेश गर्नु पर्दछ । |

६९(८) **यस ऐनको प्रयोजनको लागि दाखिला गरेको विदेशी आयकरलाई वा उपदफा (५) वा दफा ५२ को उपदफा (५) बमोजिम कुनै नियन्त्रित विदेशी निकायले दाखिला गरे सरह मानिएको विदेशी आयकरलाई सो निकायले यस ऐन बमोजिम दाखिला गरेको वा दाखिला गरे सरह मानिएको कर रकम मानिनेछ ।**

यस ऐनको प्रयोजनको निमित्त उपदफा (५) अनुसार दाखिला भएको तथा निकायको लागि हिताधिकारी वा निकाय जोसुकैले दाखिला गरेको भएतापनि यसरी दाखिला भएको विदेशी आयकर निकायले दाखिला गरेको मानिने व्यवस्था गरेको छ । यस दफाको प्रयोजनको लागि विदेशी आयकर भन्नाले नियन्त्रित विदेशी निकाय अवस्थित रहेको देशले लगाएको आयकर वा भुक्तानी बापत कट्टा भएको अग्रिम करलाई समेत मान्नुपर्ने व्यवस्था उपदफा (८) ले गरेकोछ ।

**१४.४ नेपालमा जलयात्रा, हवाई यातायात वा दूर सञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दालाई लाग्ने कर:**

**१४.४.१ जल यातायात तथा हवाई यातायात सेवा :**

कुनै गैर बासिन्दा व्यक्तिले नेपालमा जलयात्रा, चार्टर सेवा सञ्चालन वा हवाई यातायात (Cross-boarder Transport)सञ्चालन गरी प्राप्त गरेको भुक्तानी नेपालको स्रोत हुने व्यवस्था ऐनको दफा ६७ को उपदफा (६) को खण्ड (छ) ले गरेको छ । ऐनको यस दफाले त्यसरी सेवा सञ्चालन गर्ने गैर बासिन्दा व्यक्तिको आयमा समावेश हुने रकम सोमा लाग्ने करको दर तथा कट्टा गर्न नपाइने खर्चको सम्बन्धमा उल्लेख गरेको छ । जलयात्रा, चार्टर सेवा, हवाई यातायात सञ्चालनद्वारा आय आर्जन गर्ने गैर बासिन्दा व्यक्तिको सम्बन्धमा ऐनले विशेष व्यवस्था गरेको छ । यो दफाको प्रयोजनको लागि ‘‘गैर बासिन्दा व्यक्ति’’लाई निम्नानुसार स्पष्ट पारिएको छ :-

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “गैर बासिन्दा व्यक्ति” भन्नाले नेपाल बाहिर मुख्य कार्यालय रहेको सम्बद्ध निकायहरुको समूहभित्र रहेको बासिन्दा निकाय सम्झनु पर्छ ।**

अर्थात यस दफाको प्रयोजनको लागि गैर बासिन्दा व्यक्ति भन्नाले नेपाल बाहिर मुख्य कार्यालय रहेको सम्बद्ध निकायको समूहभित्रको बासिन्दा निकाय सम्झनु पर्छ भन्ने स्पष्ट पारेको छ। यस सन्दर्भमा जलयात्रा, चार्टर सेवा तथा हवाई सेवा सञ्चालन गर्न नेपालमा कार्यालय स्थापना वा अधिकार प्राप्त सेल्स एजेन्ट नियुक्त गरेको छ भने पनि यस दफाको प्रयोजनको लागि नेपाल स्थायी संस्थापन नमानी गैर बासिन्दा व्यक्ति नै मानिने व्यवस्था गरेको छ । यस सम्बन्धमा ऐनको दफा ७० को उपदफा (१) मा निम्नानुसारको व्यवस्था रहेको छ :-

७०(१) **जलयात्रा सञ्चालन, चार्टर सेवा सञ्चालन वा हवाई यातायात सञ्चालन गर्ने गैर बासिन्दा व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा सो वर्षमा अन्तर चलान**
**(ट्रान्ससिपमेन्ट) बाट प्राप्त रकम बाहेक देहायका कार्यबाट प्राप्त रकमहरु समावेश गर्नु पर्नेछ :-**

(क) **नेपालबाट प्रस्थान हुने यात्रुहरुको ओसारपसार, वा**

(ख) **नेपालबाट चलान गरिएको डाँक, पशुपंक्षी वा मालसामानको ओसारपसार ।**

नेपालको एयरपोर्टलाई ट्रान्जिटको रूपमा प्रयोग गरी तथा एउटा एयरलाइन्सबाट नेपालको एयरपोर्टसम्म यात्रा गरी सोही वा अर्को एयरलाइन्सबाट आफ्नो गन्तव्य स्थानमा प्रस्थान गरेको छ भने त्यस्ता यात्रुले भुक्तानी गरेको रकम यस दफा प्रयोजनको लागि हवाई सेवा सञ्चालकले आफ्नो नेपाल स्रोतको आयमा समावेश गर्नु पर्दैन । त्यस्तै माल सामानको सन्दर्भमा पनि अर्को देशको स्थानबाट नेपालको एयरपोर्टसम्म ढुवानी गरेको र नेपालबाट अर्को गन्तव्य (Destination)सम्म ढुवानी गरेको छ भने सोबापत प्राप्त आय समेत हवाई यातायात सञ्चालन गर्ने व्यक्तिको नेपालको आयमा समावेश गर्नुपर्दैन । कुनै व्यक्तिले हवाई यातायात सेवाको सन्दर्भमा नेपालमा नै शुरु प्रस्थान बिन्दु भई यात्रु ओसारपसार भए बापत भुक्तानी गरेको हवाई यातायात बापतको रकम तथा नेपालबाट नै चलान भएको मालसामानको ओसारपसार बापत प्राप्त गरेको भुक्तानीको रकम मात्र यस दफाको प्रयोजनको लागि उक्त व्यक्तिको आयमा समावेश हुने रकम मानिनेछ । जलयात्रा तथा चार्टर सेवा सम्बन्धमा पनि आयमा समावेश हुने रकम उपर्युक्त अनुसार नै हुन्छ। उपर्युक्त व्यवस्थालाई तलको उदाहरणबाट प्रकाश पारिएको छ।

उदाहरण १४.४.१: मानौं, साउदी अरवमा दर्ता भएको रोल्स एयरवेजले काठमाडौं र साउदी अरवको रियादबीच हवाई सेवा सञ्चालन गरेको छ । उक्त एयरवेजले काठमाडौंमा हवाई यातायातको व्यवस्थापन गर्न शाखा सञ्चालन गरेको रहेछ । उक्त एयरवेजको२०७६श्रावणको हवाई सेवा सञ्चालन तथा अन्य कार्य बापत निम्नानुसार आय भएको रहेछ ।

| | | |
|---|---|---|
| १. | काठमाडौंबाट प्रस्थान गर्ने यात्रु बापत प्राप्त रकम | रु.१,००,००,०००।– |
| २. | काठमाडौं पहिलो बिन्दु भई ढुवानी भएका मालसामान बापत प्राप्त रकम | रु.५०,००,०००।– |
| ३. | भुटान तथा ल्हासाबाट काठमाडौं ट्रान्जिट भएका यात्राबाट प्राप्त रकम | रु.५०,००,०००।– |
| ४. | भुटानबाट ढुवानी भै काठमाडौं Transit भई आएको मालसामानको भाडा बापत प्राप्त | रु.५०,००,०००।– |
| ५. | काठमाडौं बिमानस्थलमा हवाई यात्रुको सुविधाको लागि सञ्चालन गरेको रेष्टुरेण्टबाट प्राप्त रकम | रु.२५,००,०००।– |
| ६. | अन्य एयरलाइन्सको सेवा सञ्चालनमा ग्राउण्ड सर्भिस उपलब्ध गराए बापत प्राप्त रकम | रु.२५,००,०००।– |
| | जम्मा आय | रु.३,००,००,०००।– |

ऐनको यस दफाको प्रयोजनको लागि रोल्स एयरवेजको श्रावण महिनाको समावेश हुने रकम निम्नानुसार हुन्छ ।

| | | |
|---|---|---|
| १. | काठमाडौंबाट प्रस्थान गर्ने यात्रु ओसारपसार बापत प्राप्त आय | रु.१,००,००,०००।– |
| २. | काठमाडौं पहिलो बिन्दु भई ढुवानी भए बापतको मालसामान बापतको रकम | रु.५०,००,०००।– |
| | दफा ७०(१) अनुसार समावेश हुने जम्मा रकम | रु.१,५०,००,०००।– |

माथिको उदाहरणमा समावेश हुने आयलाई नै सो एयरवेजको दफा ७०(१) प्रयोजनकोलागि करयोग्य आय मानिन्छ र दफा ७०(३) बमोजिम त्यस्तो रकमबाट ती रकमको गणनासँग सम्बन्धित खर्च सो करयोग्य आय गणना गर्दा कट्टी गर्न पाइने छैन । यसरी गणना गरिएको करयोग्य आयमा ऐनको अनुसूची-१ को दफा २ को उपदफा (७) बमोजिम पाँच प्रतिशतका दरले कर लाग्नेछ ।

माथिको उदाहरणमा उल्लिखित भुटान तथा ल्हासाबाट काठमाडौं ट्रान्जिट भएका यात्रुबाट प्राप्त रकम रु.५०,००,०००।-भुटानबाट ढुवानी भई काठमाडौं Transit भई आएको मालसामानको भाडा बापत प्राप्त रु.५०,००,०००।-भने यस दफा बमोजिम सो एयरवेजको आयमा समावेश गर्नु पर्दैन । त्यस्तै, काठमाडौं बिमानस्थलमा हवाई यात्रुको सुविधाको लागि सञ्चालन गरेको रेष्टुरेण्टबाट प्राप्त रकम रु.२५,००,०००।-र अन्य एयरलाइन्सको सेवा सञ्चालनमा ग्राउण्ड सर्भिस उपलब्ध गराए बापत प्राप्त रकम रु.२५,००,०००।-भने अन्य व्यवसायको आय सरह गणना गरी २५ प्रतिशतका दरले कर भुक्तानी गर्नुपर्दछ ।

### १४.४.२ तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह सञ्चार व्यवसाय :

कुनै गैर बासिन्दा व्यक्तिले नेपालमा तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह जस्ता सञ्चारको माध्यमबाट खवर वा सूचना सम्प्रेषण गर्ने (Cross-boarder Data Transmission)व्यवसाय सञ्चालन गरी नेपालमा स्थापित संयन्त्रबाट गरिएको, नेपालमा उत्पत्ति भएको वा नभएको खवर वा सूचनाको संप्रेषणबाट प्राप्त गरेको भुक्तानी नेपालको स्रोत हुने व्यवस्था ऐनको दफा ६७ को उपदफा (६) को खण्ड (ज) ले व्यवस्था गरेको छ । ऐनको यस दफाले त्यस्तो व्यवसायसञ्चालन गर्ने गैर बासिन्दा व्यक्तिको आयमा समावेश हुने रकम सोमा लाग्ने करको दर तथा कट्टा गर्न नपाइने खर्चको सम्बन्धमा उल्लेख गरेको छ । यो दफाको प्रयोजनको लागि "गैर बासिन्दा व्यक्ति"लाई निम्नानुसार स्पष्ट पारिएको छ :-

**<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "गैर बासिन्दा व्यक्ति" भन्नाले नेपाल बाहिर मुख्य कार्यालय रहेको सम्बद्ध निकायहरुको समूहभित्र रहेको बासिन्दा निकाय सम्झनु पर्छ ।**

यस दफाको प्रयोजनको लागि गैर बासिन्दा व्यक्ति भन्नाले नेपाल बाहिर मुख्य कार्यालय रहेको सम्बद्ध निकायको समूहभित्रको बासिन्दा निकाय सम्झनु पर्छ भन्ने स्पष्ट पारेको छ । यसलाई तलको उदाहरणमा अझ प्रष्ट पारिएको छ :

यस सम्बन्धमा ऐनको दफा ७० को उपदफा (२) मा निम्नानुसारको व्यवस्था रहेको छ :-

७०(२) **तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह सञ्चारको व्यवसाय सञ्चालन गर्ने गैर बासिन्दा व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा नेपालमा स्थापित संयन्त्रबाट गरिएको नेपालमा उत्पत्ति भएको वा नभएको खवर वा सूचनाको संप्रेषणबाट प्राप्त रकमहरु समावेश गर्नु पर्नेछ ।**

ऐनको यस व्यवस्था तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह सञ्चार व्यवसाय सञ्चालन गर्ने गैर बासिन्दा व्यक्तिको सम्बन्धमा भएको विशेष व्यवस्था हो । यस्तो व्यवसायमा संलग्न व्यक्तिले नेपालमा उत्पति भएको वा नभएको खवर वा सूचनाको सम्प्रेषण नेपालमा स्थापित संयन्त्रबाट भएको छ भने सो बापत प्राप्त आय रकमलाई समावेश गर्नु पर्दछ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण १४.४.२: मानौं, सुपर स्टार टि.भि.नेटवर्क गैर बासिन्दा व्यक्ति रहेछ । उक्त नेटवर्कले आफूद्वारा प्रसारण गरिएको सबै कार्यक्रम नेपालका दर्शकसामू प्रसारण हुनको लागि काठमाडौंमा एउटा संयन्त्र स्थापित गरेको रहेछ । उक्त स्थापित संयन्त्रमार्फत नेपालका टि.भि. केवुल अपरेटरलाई आफ्नो कार्यक्रम सम्प्रेषण गर्ने गरेको रहेछ र यसरी सम्प्रेषण बापत टि.भि.केवुल नेटवर्कबाट निश्चित रकम शुल्कको रूपमा लिने गरेको रहेछ । सुपर स्टार टि.भि. नेटवर्कले यसरी टि.भि. केवुल अपरेटरबाट प्राप्त रकम यस दफाको प्रयोजनको लागि सुपर स्टार टि.भि. नेटवर्कले आफ्नो आयमा समावेश गर्नुपर्दछ । माथिको उदाहरणमा समावेश हुने आय सुपर स्टार टि.भि. नेटवर्कको दफा ७०(२) प्रयोजनकोलागि करयोग्य आय मानिन्छ र दफा ७०(३) बमोजिम त्यस्तो रकमबाट ती रकमको गणनासँग सम्बन्धित खर्च करयोग्य आय गणना गर्दा कट्टी गर्न पाइने छैन । यसरी गणना गरिएको करयोग्य आयमा ऐनको अनुसूची-१ को दफा २ को उपदफा (७) बमोजिम पाँच प्रतिशतका दरले कर लाग्नेछ । |
| उदाहरण १४.४.३: मानौं, नेपालमा दर्ता भएको एचएसविसी नेपाल बैंक लिमिटेड एचएसविसी बैकिङ नेटवर्क अन्तर्गतको बासिन्दा बैक हो । सो बैंकले आफ्नो नेटवर्कका बैंकहरुमा सूचना प्रसार गर्ने एक उपकरण एचएसविसी नेपाल बैंक लिमिटेडको कार्यालयमा जडान गरेको रहेछ । सो उपकरणबाट एचएसविसी नेटवर्कका सबै बैंकमा सूचना प्रवाह हुँदो रहेछ । यस्तो अवस्थामा सो उपकरण नेपालमा जडान भएकाले एचएसविसी समूहले प्राप्त गर्ने वा प्राप्त गरेको मानिने रकममा दफा ७०(२) बमोजिम नेपालमा कर लाग्दछ । |

### १४.४.३ लाग्ने करको दर:

कुनै गैर बासिन्दा व्यक्तिले नेपालमा जलयात्रा, चार्टर सेवा, हवाई यातायात सेवा, सञ्चालन गरी प्राप्त गरेको आय तथा नेपालमा तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह सञ्चारको व्यवसायसञ्चालन गर्ने व्यक्तिहरुको उपदफा (१) र (२) अनुसार समावेश हुने आयमा लाग्ने करको सम्बन्धमा ऐनको दफा ७० को उपदफा (३) मा निम्नानुसारको व्यवस्था रहेको छ :-

७०(३) उपदफा (१) वा (२) बमोजिम कुनै गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा समावेश गरिने रकमहरुमा अनुसूची-१ को दफा २ को उपदफा (७) मा तोकिएको दरले कर लाग्नेछ । तर,

(क) सो व्यक्तिको कुनै बाँकी करयोग्य आयका सम्बन्धमा दाखिला गर्नुपर्ने कर गणना गर्दा ती रकमहरुलाई गणना गर्नुपर्ने छैन,

(ख) ती रकमहरुको गणनासँग सम्बन्धित खर्चहरु सो बाँकी करयोग्य आय गणना गर्दा कट्टी गर्न पाइने छैन, र

(ग) ती रकमहरुका सम्बन्धमा यस दफा बमोजिम सो व्यक्तिबाट दाखिला गर्नुपर्ने कर रकमबाट सो व्यक्तिले कुनै पनि कर मिलान गर्ने सुविधा पाउने छैन ।

ऐनको अनुसूचि-१ को दफा २ को उपदफा (७) मा गैर बासिन्दा व्यक्तिले नेपालमा जलयात्रा, चार्टर सेवा, हवाई यातायात सेवा, सञ्चालन गरी प्राप्त गरेको आय तथा नेपालमा तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह सञ्चारको व्यवसाय सञ्चालन गर्ने व्यक्तिको उपदफा (१) र (२) अनुसार समावेश हुने आयमा लाग्ने करको सम्बन्धमा ऐनको दफा ७० बमोजिमको आयमा निम्नानुसार कर लाग्ने व्यवस्था गरेको छ :

२(७) कुनै आय वर्षमा ऐनको दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा पाँच प्रतिशतका दरले कर लाग्नेछ ।

तर नेपालबाट अर्को विदेशी मूलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको हकमा दुई प्रतिशतका दरले कर लाग्नेछ ।

कुनै गैर बासिन्दा व्यक्तिले नेपालमा जलयात्रा, चार्टर सेवा, हवाई यातायात सेवा, सञ्चालन गरी प्राप्त गरेको आय तथा नेपालमा तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह सञ्चारको व्यवसायसञ्चालन गर्ने व्यक्तिको उपदफा (१) र (२) अनुसार समावेश हुने आयमा छुट्टै दरले कर लाग्ने व्यवस्था ऐनले गरेको छ । उपदफा (१) तथा (२) अनुसार आय हुने व्यक्तिको आयमा ऐनको अनुसूची–१ को दफा २ को उपदफा (७) अनुसार ५ प्रतिशतले कर लाग्ने छ । जलयात्रा सेवा, हवाई यातायात, तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रह सञ्चारको व्यवसाय गरेबापत प्राप्त वा आयमा सोसँग सम्बन्धित खर्च त्यस्तो करयोग्य आय गणना गर्दा कट्टी गर्न नपाइने हुनाले कूल आयनै करयोग्य आय हुँदा सो रकममा नै कर लाग्दछ । यस्तो व्यक्तिको उपदफा (१) वा (२) अनुसार समावेश हुने आयको अतिरिक्त अन्य आय छ भने त्यस्तो अतिरिक्त आय उक्त व्यक्तिको उपदफा (१) वा (२) बमोजिमको आय गणना गर्दा समावेश गर्नुपर्दैन र त्यस्तो आय अन्य सामान्य व्यवसाय सरह नै गणना गरिनु पर्दछ । त्यस्तै उपदफा (१) र (२) को अतिरिक्त आय समेत रहेको अवस्थामा उपदफा (१) तथा (२) को आय प्राप्त गर्न भएको कुनै पनि किसिमको खर्च अन्य आय गणना गर्ने प्रयोजनको लागि कट्टा गर्न पाइदैन । त्यस्तै यस दफा बमोजिम सो व्यक्तिबाट दाखिला गर्नुपर्ने कर रकममा सो व्यक्तिले कुनैपनि कर मिलान गर्ने सुविधा पाउने छैन । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट प्रकाश पारिएको छ ।

उदाहरण १४.४.४: मानौं, रोल्स एयरवेजले काठमाडौं र साउदी अरबको रियादबीच हवाई सेवा सञ्चालन गरेको छ । उक्त एयरवेजले काठमाडौंमा हवाई यातायातको व्यवस्थापन गर्न शाखा सञ्चालन गरेको रहेछ । उक्त एयरवेजको २०७६श्रावणको हवाई सेवा सञ्चालन तथा अन्य कार्य बापत निम्नानुसार आय भएको रहेछ ।

| | | |
|---|---|---|
| १. | काठमाडौंबाट प्रस्थान गर्ने यात्रुबापत प्राप्त रकम | रु.१,००,००,०००।– |
| २. | काठमाडौं पहिलो बिन्दु भई ढुवानी भएका मालसामान बापत प्राप्त रकम | रु.५०,००,०००।– |

| | | |
|---|---|---|
| ३. | भुटान तथा ल्हासाबाट काठमाडौं ट्रान्जिट भएका यात्राबाट प्राप्त रकम | रु.५०,००,०००।– |
| ४. | भुटानबाट ढुवानी भई काठमाडौंमा आएको र काठमाडौंबाट ढुवानी भएको मालसामानको भाडा बापत प्राप्तरकम | रु.५०,००,०००।– |
| ५. | काठमाडौं बिमानस्थलमा हवाईयात्रुको सुविधाको लागि सञ्चालन गरेको रेष्टुरेण्टबाट प्राप्त रकम | रु.२५,००,०००।– |
| ६. | अन्य एयरलाइन्सको सेवा सञ्चालनमा ग्राउण्ड सर्भिस उपलब्ध गराए बापत प्राप्त रकम | रु.२५,००,०००।– |
| | जम्मा आय | रु.३,००,००,०००।– |

रोल्स एयरवेजको उपर्युक्त अनुसार आय प्राप्त गर्न निम्नानुसार खर्च भएको रहेछ ।

| | | |
|---|---|---|
| ७. | हवाई टिकट बापतको खर्च | रु.५०,००,०००।– |
| ८. | चालकदलको होटल तथा खाना खर्च | रु.५०,००,०००।– |
| ९. | ग्राउण्ड सेवा सञ्चालनमा भएका खर्च | रु.३०,००,०००।– |
| १०. | रेष्टुरेण्ट सञ्चालन बापत खर्च | रु.२०,००,०००।– |
| ११. | भुटान ल्हासाबाट आएका यात्रु बापतको खर्च | रु.५०,००,०००।– |
| १२. | भुटानबाट ढुवानी भई आएको मालसामानको पुनःढुवानीमा भएको खर्च | रु.५०,००,०००।– |
| | जम्मा खर्चः | रु.२,५०,००,०००।– |

नोट : रोल्स एयरवेजको उक्त आ.व.मा आफ्नो १०० वटा उडान तथा अन्य एयरलाइन्सको १०० गरी जम्मा २०० वटा उडानको ग्राउण्ड व्यवस्थापन (Ground Handling) गरेको रहेछ

माथि उदाहरणमा उल्लिखित आय तथा आय प्राप्त गर्न भएका खर्चको सम्बन्धमा दफा ७० को प्रयोजनको लागि गैर बासिन्दा व्यक्तिको समावेश हुने आय तथा अन्य आय र कट्टा गर्न पाउने खर्च निम्नानुसार हुन्छ ।

१. दफा ७० को प्रयोजनको निमित्त रोल्स एयरवेजको श्रावण महिनाकोसि.नं.(१) र (२) अनुसार आय रु.१,५०,००,०००।–मात्र हुन्छ । उक्त आयमा अनुसूची–१ को दफा २ को उपदफा (७) अनुसार ५ प्रतिशतका दरले रु.७,५०,०००।–कर लाग्दछ ।

२. सि.नं.(३) र (४) अनुसार भएको आय रु.१,००,००,०००।–नेपालको आय नभएकोले उक्त आयमा आयकर ऐन, २०५८ अनुसार कर लाग्दैन ।

३. सि.नं.(५) तथा (६) अनुसार रोल्स एयरवेजको आय दफा ७० अनुसारको आय नभएकोले सामान्य व्यवसायको आय गणना गरी हुन आउने करयोग्य आयमा निकायलाई लागू हुने दरले कर लाग्दछ ।

४. सि.नं.(५) तथा (६) अनुसार रोल्स एयरवेजको आय गणना गर्दा उक्त आय प्राप्त गर्न भएको खर्च कट्टा गर्न पाउँछ ।

५. खर्च तर्फसि.नं. (७), (८) र (९) मध्ये आफ्नै हवाई सेवाको ग्राउण्ड ह्याण्डलिङ्गमा भएको खर्च दफा ७० को प्रयोजनको निमित्त भएको खर्च भएतापनि दफा ७० बमोजिमको आयबाट सो आय बापत खर्च कट्टा गर्न नपाउने ।

६. खर्चतर्फको सि.नं.(११) र (१२) को खर्च नेपालमा आयकर तिर्नु नपर्ने आयको लागि भएको खर्च भएकोले खर्च कट्टा गर्न नपाइने ।

७. आयतर्फकोसि.नं. (५) र (६) अनुसार आय प्राप्त गर्न लागेको खर्च ग्राउण्ड सेवा सञ्चालनमा भएका खर्चमध्ये आधा खर्च रकम रु.१५,००,०००।– तथा रेष्टुरेण्ट सञ्चालन बापत भएको खर्च रु.२०,००,०००।– गरी रु.३५,००,०००।–कट्टा गर्न पाउँछ ।

८. आयतर्फकोसि.नं.(५) र (६) बमोजिमको आय रु.५०,००,०००।– मा बुँदा नं.७ अनुसारको खर्च रु.३५,००,०००।–कट्टा गरी आउने रु.१५,००,०००।– मा कर्पोरेट करको रूपमा २५ प्रतिशतका दरले कर लाग्दछ ।

| |
|---|
| उदाहरण १४.४.५: मानौं, मलेसियामा दर्ता भएको अल्फा एयरवेजले नेपालमा उडान सेवा सञ्चालन गर्ने गरेको रहेनछ तर बिक्री एजेण्टमार्फत उक्त एयरवेजले उक्त आयवर्षमा बैंककबाट अन्य मुलुक जाने यात्रुलाई रु.५ करोड बराबरको टिकट बिक्री एवम् सेवा उपलब्ध गराएको रहेछ । यस अवस्थामा ऐनको दफा ७० एवम् अनुसूची-१ को दफा २ को उपदफा (७) बमोजिम बैंककबाट प्रस्थान हुने यात्रुलाई सेवा पुऱ्याए बापत अनुसूची-१ को दफा २ को उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम रु.५ करोडको २% ले हुने रु.१० लाख कर लाग्दछ । |

## १४.५ वैदेशिक कर मिलान (Foreign Tax Credit)

### १४.५.१ वैदेशिक कर मिलान गर्न सकिने ब्यवस्था

ऐनमा नेपालको बासिन्दा व्यक्तिले संसारभरि जहाँ आय आर्जन गरे पनि सो आयलाई नेपालको आयमा समावेश गरी आयकर तिर्नुपर्ने व्यवस्था गरेकोछ । कुनै बासिन्दा व्यक्तिले नेपाल बाहिरव्यवसाय, रोजगारी, लगानी वा आकस्मिक लाभबाट आय आर्जन गरेको छ भने त्यसरी आय आर्जन गरेको देशमा त्यस देशको आयकर ऐन अनुसार कर तिरेको हुन सक्छ । बासिन्दा व्यक्तिले जहाँसुकै आर्जन गरेको आय भएतापनि नेपालको आयमा समावेश गरी कर तिर्नुपर्ने हुँदा र नेपालबाहिर आर्जन गरेको आयमा त्यही देशमा कर तिरिसकेको हुँदा दोहोरो कर लाग्ने अवस्था सिर्जना हुन्छ । यसरी कुनै बासिन्दा व्यक्तिको वैदेशिक आय छ र त्यस आयमा विदेशमा समेत कर तिरको छ भने एउटै आयमा दोहोरो कर नलागोस भन्ने उद्देश्यले ऐनको दफा ७१ ले वैदेशिक कर मिलान गर्न पाउने सुविधा दिएको छ ।

७१(१) **कुनै बासिन्दा व्यक्तिले कुनै आय वर्षमा दाखिला गरेको कुनै विदेशी आयकर सो व्यक्तिको निर्धारणयोग्य विदेशी आय बापत दाखिला गरिएको करको हदसम्म सो आय वर्षमा सो विदेशी आयकर बापत कर मिलानको दाबी गर्न सक्नेछ ।**

ऐनको उपर्युक्त व्यवस्थाले बासिन्दा व्यक्तिले निजको निर्धारणयोग्य विदेशी आयबापत दाखिला गरेको करको हदसम्म कर मिलान दाबी गर्न सक्ने व्यवस्था गरेको छ । यसरी वैदेशिक कर मिलान गर्न उक्त व्यक्तिले विदेशमा कर दाखिला गरेको हुनुपर्छ । उक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

| |
|---|
| उदाहरण १४.५.१: मानौं, सुश्री रामेश्वरी शर्मा नेपालमा रोजगारी गरी आय आर्जन गर्ने व्यक्ति रहिछन् । निज नेपालको शुभ लक्ष्मी बैंकमा आ.व.२०७५।७६ मा कार्यरत रहेकी रहिछन् । उनले २०७५माघदेखि चैतसम्म आफू कार्यरत बैंकमा तीन महिनाको लागि बिदा लिई मलेशियाको मे बैंकमा काम गरेकी रहिछन् । उक्त बैंकमा काम गरे बापत ३ महिनाको रु.३ लाख आय आर्जन गरेकी रहिछन् । उनले आर्जन गरेको रु.३ लाखमा मलेशियाको आयकर ऐन अनुसार रु.६० हजार आयकर बापत कर दाखिला गरेकी रहेछन् । यस अवस्थामा सुश्री रामेश्वरी शर्माले मलेशियामा आर्जन गरेको रु.३ लाख आय समेत समावेश गरी गणना गरिएको निर्धारणयोग्य आयका आधारमा नेपालमा पेश गरिएको |

आफ्नो आय विवरण अनुसार लाग्ने कर दाखिला गर्दा मलेशियामा दाखिला गरेको कर ऐनको दफा ७१ अन्तर्गत रही मिलानको लागि दाबी गर्न पाउँछिन् ।

### १४.५.२ वैदेशिक कर मिलान गर्ने प्रक्रिया

वैदेशिक कर मिलान गर्ने प्रकृयाका सम्बन्धमा ऐनको दफा ७१ को उपदफा (२), (३) र (४) मा निम्नानुसारको व्यवस्था गरिएको छ :

७१(२) **उपदफा (१) बमोजिम दाबी गरिएको विदेशी कर मिलानको गणना गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-**

(क) **प्रत्येक देशको स्रोतको निर्धारणयोग्य विदेशी आयका लागि छुट्टाछुट्टै गणना गर्नुपर्नेछ, र**

(ख) **प्रत्येक गणनाका सम्बन्धमा सो वर्षमा उक्त व्यक्तिको नेपालको करको औसत दरभन्दा निर्धारणयोग्य विदेशी आयका हकमा बढी करको दरले सो विदेशी कर मिलानको दाबी गर्न पाइने छैन ।**

नेपालको बासिन्दा व्यक्तिले विदेशमा आर्जन गरेको आयमा भुक्तानी गरेको विदेशी करको मिलान गर्दा वा मिलान गर्न दाबी गर्दा नेपालको करको औसत दर भन्दा बढी भुक्तानी गरेकोछ भने नेपालको औसत करको दर भन्दा बढी रकम मिलानको लागि दाबी गर्न नपाउने व्यवस्था नेपालको आयकर ऐनले गरेको छ । कुनै व्यक्तिले विदेशमा आय आर्जन गरेको छ र सो आयमा कर दाखिला गरेकोछ भने नेपालमा उक्त आय समावेश गरी २५ प्रतिशत कर दाखिला गर्दा दोहोरो करको दायित्व पर्ने हुँदा सोबाट उन्मुक्ति दिन विदेशमा दाखिला गरेको कर नेपालमा तिर्नुपर्ने करमा मिलान गर्न पाउने (Credit) सुविधा प्रदान गरेतापनि नेपालमा तिर्नुपर्ने कर भन्दा बढी तिरेको छ भने त्यसरी तिरेको सम्पूर्ण करको रकम मिलान गर्न नपाउने गरी नियन्त्रण गरेको छ । यसको लागि ऐनमा नेपालको कर औसत दरभन्दा बढी नहुने भनी उल्लेख गरेको र ऐनमा नै नेपालको करको औसत दरको परिभाषा गरेको छ ।

कतिपय बासिन्दा व्यक्तिको वैदेशिक आय एक भन्दा बढी देशमा भएको हुन सक्छ । कुनै व्यक्तिको एक भन्दा बढी देशमा वैदेशिक आय छ र ती देशमा कर तिरेको छ भने त्यसरी आय बापत ती देशमा तिरेको वैदेशिक कर मिलान गर्दा आय भएको देश अनुसार छुट्टाछुट्टै रूपमा वैदेशिक कर मिलान गर्न दाबी गर्नुपर्नेछ । विभिन्न देशमा भएका आय तथा ती देशमा दाखिला गरेको वैदेशिक कर एकमुष्ट रूपमा मिलानको लागि दाबी गर्न पाइदैन । यस दफाको प्रयोजनको लागि ‘‘निर्धारणयोग्य विदेशी आय’’ तथा ‘‘नेपालको करको औसत दर’’ लाई दफा ७१ को स्पष्टीकरणको खण्ड (क) र (ख) मा निम्नानुसार स्पष्ट पारिएकोछ :

(क) **“निर्धारणयोग्य विदेशी आय” भन्नाले कुनै आय वर्षमा कुनै बासिन्दा व्यक्तिको सो वर्षमा कुनै रोजगारी, व्यवसाय वा लगानीबाट भएको सो व्यक्तिको निर्धारणयोग्य आयमा समावेश गरिने देहाय बमोजिमको आय सम्झनु पर्छ :-**

(१) **विदेशी स्रोतबाट भएको आय, वा**

(२) **जुनसुकै स्रोतको भए तापनि दफा ६९ अन्तर्गत सो बासिन्दा व्यक्तिलाई वितरण गरिएको मानिने गैर बासिन्दा व्यक्तिको आय ।**

(ख) **“नेपालको करको औसत दर” भन्नाले कुनै आय वर्षमा कुनै विदेशी कर मिलान गर्नु अगावैको दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिले त्यस्तो वर्षमा दाखिला गर्नुपर्ने करको रकमलाई सो व्यक्तिको उक्त आयवर्षको करयोग्य आयले भाग गरी हुन आउने रकमलाई एकसयले गुणन गर्दा हुन आउने दर सम्झनु पर्छ ।**

नेपालको करको औसत दरलाई निम्नानुसार बुझ्न सकिन्छ :

$$\text{करको औसत दर} = \frac{\text{विदेशी कर मिलान अघि जम्मा लाग्ने कर}}{\text{करयोग्य आय}} \times १००\%$$

उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण १४.५.२: माथि उदाहरण १४.५.१ मा उल्लिखित सुश्री रामेश्वरी शर्माले नेपालको शुभ लक्ष्मी बैंकबाट आ.व.२०७६।७७मा रु.६ लाख पारिश्रमिक प्राप्त गरेकी रहिछिन् । सोमध्ये निज कार्यरत शुभ लक्ष्मी बैंकले रु.१ लाख ५० हजार स्वीकृत अवकाश कोषमा दाखिला गरिदिएको रहेछ । उनले २०७६ माघदेखि चैतसम्म आफू कार्यरत बैंकमा तीन महिनाको लागि बिदा लिई मलेशियाको मे बैंकमा काम गरेकी रहिछिन् । उक्त बैंकमा काम गरे बापत ३ महिनाको रु.३ लाख आय आर्जन गरेकी रहिछिन् । उनले आर्जन गरेको रु.३ लाखमा मलेशियाको आयकर ऐन अनुसार रु.३० हजार आयकर बापत कर दाखिला गरेकी रहेछिन् । यस अवस्थामा सुश्री रामेश्वरी शर्मालेकर प्रयोजनका लागि एकल व्यक्ति घोषणा गरी आफ्नो आय विवरण अनुसार लाग्ने कर दाखिला गर्दा मलेशियामा दाखिला गरेको कर मिलानको लागि दाबी गर्न पाउने रकम निम्नानुसार गणना गर्नु पर्दछ :

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| नेपालको रोजगारीको आय | | ६,००,०००।- |
| मलेशियाको रोजगारीको आय | | ३,००,०००।- |
| **निर्धारण योग्य आय (क)** | | ९,००,०००।- |
| घटाउने: | | |
| **स्वीकृत अवकास योगदान (ख)** | | (१,५०,०००।-) |
| बास्तबिक योगदान | १,५०,०००।- | |
| निर्धारण योग्य आयको एक तिहाई | ३,००,०००।- | |
| अधिकतम सीमा | ३,००,०००।- | |
| **चन्दा खर्च (ग)** | | ०।- |
| **करयोग्य आय (क-ख-ग)** | | ७,५०,०००।- |
| करको गणना | | |
| रु.४,००,०००।-सम्म १% ले | ४,०००।- | |
| रु.१,००,०००।-मा १०% ले | १०,०००।- | |
| रु.२,००,०००।-मा २०% ले | ४०,०००।- | |
| बाँकी रु.५०,०००।-मा ३०% ले | १५,०००।- | |
| जम्मा | | ६९,०००।- |
| न्यून: महिलालाई छुट (अनु.१(१)(११) बमोजिम कर रकमको १०% ले | ६,९००।- | |
| औषधोपचार कर मिलान | ०।- | |
| विदेशी कर मिलान अघि जम्मा लाग्ने कर | ६२,१००।- | |
| न्यून वैदेशिक कर मिलान | २४,८४०।- | |
| जम्मा कर दायित्व | | ३७,२६०।- |
| # वैदेशिक कर मिलानको गणना | | |
| करको औसत दर = (विदेशी कर मिलान अघि जम्मा लाग्ने कर / करयोग्य आय) X १००% | | |
| = | ८.२८% | |
| विदेशको आय = | ३,००,०००।- | |
| विदेशमा तिरेको कर = | ३०,०००।- | |

| | | |
|---|---|---|
| दाबी योग्य कर (८.२८%ले) = | २४,८४०।- | |

सुश्री रामेश्वरी शर्माको मलेशियामा रोजगारी बापत आर्जित आयमा रु.३०,०००।-कर कट्टा भएको रहेछ । उनको आ.व.२०७६।७७ को करयोग्य आयमा लाग्ने नेपालको करको औषत दर ८.२८% प्रतिशतले मलेशियामा रोजगारीको निर्धारणयोग्य आय रु.३ लाखको हुने कर रकम रु.२४,८४०।-सम्म वैदेशिक कर मिलान दाबी गर्न पाउने भएकोले उनले रु.३०,०००।-वैदेशिक कर दाखिला गरेतापनि रु.२४,८४०।-मात्र वैदेशिक करको रूपमा मिलान गर्न पाउँछिन् ।

**७१(३) उपदफा (२) को खण्ड (ख) मा व्यवस्था गरिएको सीमाको कारणले उपदफा (१) बमोजिम विदेशी कर मिलान गर्न पाउने सुविधा प्रदान नगरिने कुनै व्यक्तिको निर्धारणयोग्य विदेशी आयका सम्बन्धमा दाखिला गरेको कुनै विदेशी आयकरलाई देहाय बमोजिम गर्न पाइनेछ :-**

**(क) आगामी वर्षमा सार्न सकिने, र**

**(ख) यस्तो विदेशी आय भएको देशमा स्रोत रहेको सो व्यक्तिको भावी आयवर्षको निर्धारणयोग्य विदेशी आयका सम्बन्धमा दाखिला गरेको मानिने ।**

कुनै बासिन्दा व्यक्तिको व्यवसाय, रोजगारी वा लगानी आय नेपाल बाहिर आर्जन गरेको रहेछ र बाहिर आय आर्जन गरेको देशमा त्यस देशको आयकर ऐन अनुसार दाखिला भएको कर वैदेशिक कर मिलानको रूपमा नेपालमा तिर्नुपर्ने आयकरमा मिलान गर्न पाउने व्यवस्था रहेको भएतापनि त्यस्तो कर मिलान नेपालको करको औसत दर भन्दा बढी दाखिला भएको कारणबाट दाखिला गरेको रकममध्ये आंशिकरूपमा मिलान हुन नसक्ने हुन्छ । कुनै व्यक्तिको वैदेशिक कर दाखिला गरेको आय वर्षमा मिलान हुन सकेको छैन भने मिलान हुन नसकेको हदसम्मको वैदशिक कर मिलान आगामी वर्ष सार्न सक्ने व्यवस्था ऐनले गरेको छ । त्यसरी मिलान हुन नसकेको कर रकम जुन देशमा तिरेको कर मिलान हुन नसकेको हो सोही देशको स्रोतको रूपमा आगामी आय वर्षको निर्धारणयोग्य विदेशी आयको सम्बन्धमा दाखिला गरेको मानिनेछ । उपर्युक्त व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप प्रकाश पारिएको छ ।

उदाहरण १४.५.३: मानौं, उदाहरण १४.५.२ मा उल्लिखित सुश्री रामेश्वरी शर्माको आ.व.२०७६।७७ मा विदेशमा भएको आयमा भुक्तान गरिएको वैदेशिक कर रु.३० हजार आ.व.२०७६।७७को आयकर दायित्वबाट समायोजन हुन बाँकी रु.५,१६०।-आगामी वर्षको वैदेशिक आय (मलेशियाको आय) मा लाग्ने करसँग समायोजन गर्ने गरी सार्न सक्नेछिन् ।

उदाहरण १४.५.४: मानौं, सन्तोष हस्तकला इण्टरप्राइजेजले हस्तकला सामान उत्पादन गरी बिक्री गर्ने व्यवसाय गर्दछ । उक्त इण्टरप्राइजेजले आफ्नो सामान बिक्री गर्न काठमाडौंको अतिरिक्त भारतको कलकत्ता तथा कतारको दोहामा बिक्री कक्ष राखेको छ । आ.व.२०७६।७७मा उक्त इण्टरप्राइजेजको नेपाल तथा विदेशमा रहेको बिक्री कक्षको निर्धारणयोग्य आय निम्नानुसार रहेको छ ।

उपर्युक्त बिक्री कक्षमा भएको निर्धारणयोग्य आयमा सन्तोष हस्तकला इण्टरप्राइजेजले निम्नानुसार वैदेशिक कर दाखिला गरेको छ ।

(१) कलकत्ता बिक्री कक्षको रु.१०,००,०००।-निर्धारणयोग्य आयमा ३० प्रतशितका दरले रु.३,००,०००।-

(२) कतारको दोहाको बिक्री कक्षको रु.५,००,०००।-निर्धारणयोग्य आयमा १५ प्रतिशतका दरले रु.७५,०००।-

यदि सन्तोष हस्तकला इण्टरप्राइजेज प्राकृतिक व्यक्ति भए र निजले सो आ.व.मा दम्पत्ति छनौट गरेको भए निजले आ.व.२०७६।७७मा नेपालमा भएको व्यवसाय तथा विदेशमा भएको आय बापत निम्नानुसार कर तिर्नुपर्ने हुन्छ ।

| विवरण | | रकम रु. | रकम रु. |
|---|---|---|---|
| काठमाडौं बिक्री कक्ष | | | ५,००,०००।- |
| कलकत्ता (भारत) को बिक्री कक्ष | | | १०,००,०००।- |
| दोहा (कतार) को बिक्री कक्ष | | | ५,००,०००।- |
| **निर्धारणयोग्य आय (क)** | | | २०,००,०००।- |
| छुट रकमः | | | |
| **छुट पाउने अवकास योगदान (ख)** | | | **–** |
| **चन्दा खर्च (ग)** | | | **–** |
| **करयोग्य आय (क-ख-ग)** | | | २०,००,०००।- |
| करको गणना | | | |
| रु.४,५०,०००।- सम्म १% | | ४,५००।- | |
| रु.१,००,०००।- मा १०% ले | | १०,०००।- | |
| रु.२,००,०००।- मा २०% ले | | ४०,०००।- | |
| बाँकी रु.१२,५०,०००।- मा ३०% ले | | ३,७५,०००।- | |
| जम्मा कर | | ४,२९,५००।- | |
| न्यून: बैदेशिक कर मिलान | | | |
| भारतको | | (२१४,७००।-) | |
| कतारको | | (७५,०००।-) | |
| **जम्मा कर दायित्व** | | | १,३९,८००।- |
| कर मिलान पाउने रकम गणना | | | |
| करयोग्य आय | | २०,००,०००।- | |
| वैदेशिक कर मिलान अघिको कर | | ४,२९,५००।- | |
| वैदेशिक कर मिलानको गणना | | | |
| करको औषत दर = | बिदेशी कर मिलान अघि जम्मा लाग्ने कर / करयोग्य आय | | X १००% |
| = | | २१.४७% | |
| मुलुक | | भारत | कतार |
| निर्धारणयोग्य आय रु. | | १०,००,०००।- | ५,००,०००।- |
| औसत दर (२१.४७%) ले हुने रकम रु. | | २,१४,७००।- | १,०७,३५०।- |
| सो मुलुकमा तिरेको कर (विगतको बाँकी समेत) | | ३,००,०००।- | ७५,०००।- |
| दाबी योग्य कर रु. | | २१४,७००।- | ७५,०००।- |

| | | |
|---|---|---|
| आगामी वर्ष दाबी गर्न सकिने रकम रु. | ८५,३००।- | – |

सन्तोष हस्तकला इण्टरप्राइजेजको विदेशको समेत जम्मा निर्धारणयोग्य आय रु.२०,००,०००।- भएको र सो बापत निजको कर दायित्व रु.४२९,५००।- भएकोले नेपालको कर औसत दर २१.४७ प्रतिशत हुन्छ । उक्त इण्टप्राइजेजले कतारको दोहाको बिक्री कक्षमा भएको आय बापत कतारमा १५ प्रतिशतका दरले रु.७५,०००।- वैदेशिक करको रूपमा दाखिला गरेकोमा नेपालमा तिर्नुपर्ने कर दायित्व मिलान दाबी गरेकोमा कतारमा तिरेको कर नेपालको करको औसत दरले गणना गर्दा हुने रकम भन्दा कम भएकोले उक्त वैदेशिक कर सबै मिलान गर्न पाउँछ। त्यस्तै, भारतको कलकत्ता बिक्री कक्षमा भएको निर्धारणयोग्य आयमा रु.३,००,०००।-कर दाखिला गरेको छ । उक्त आ.व.२०७६।७७ मा उक्त इण्टरप्राईजेजको नेपालमा तिर्नुपर्ने नेपालको करको औसत दर २१.४७ प्रतिशत भएकोले भारतको कलकत्तामा बिक्रीको निर्धारणयोग्य आय रु.१०,००,०००।- बापतरु.२,१४,७००।- मात्र वैदेशिक करको रूपमा मिलानको लागि दाबी गर्न पाउँछ । यस अवस्थामा उक्त इण्टरप्राइजेजको भारतमा तिरेको करमध्ये मिलान हुन नसकेको रु.८५,३००।- आगामी वर्षको लागि सार्न पाउँछ । यसरी सारेको रकम सन्तोष हस्तकला इण्टरप्राइजेजको आगामी आ.व.मा भारतको कलकत्ताको बिक्री कक्षबाट हुने निर्धारणयोग्य आय बापत दाखिला गरेको मानिनेछ। यस्तो रकम समायोजन नहुन्जेल सम्म सार्न सकिन्छ।

**७१(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षकोलागि कुनै व्यक्तिले सो वर्षमा पाउने विदेशी कर मिलानको दाबी छोडी यस्तो मिलान सुविधा उपलब्ध रहेको विदेशी आयकर बापतको रकम खर्च दाबी गर्न पनि सक्नेछ ।**

ऐनले बासिन्दा व्यक्तिको वैदेशिक आय छ र सोमा विदेशमा आयकर तिरेको छ भने नेपालको करको औसत दरको सीमाभित्र रही वैदेशिक कर मिलान गर्न सक्ने व्यवस्था गरेको छ । तर कुनै बासिन्दा व्यक्तिले कुनै आय वर्षमा वैदेशिक आय बापत विदेशमा कर तिरेको छ भने त्यसरी तिरेको कर उक्त विदेशको आय नेपालको आय समेत समावेश गर्दा लाग्ने करमा मिलान नगरी विदेशमा दाखिला गरेको कर रकम बराबरको रकमलाई खर्च दाबी गर्न सक्ने व्यवस्था (Foreign Tax- Expense Method)समेत रहेको छ । यस्तो अवस्थामा यसरी तिरिएको कर रकमलाई दाबीयोग्य खर्च मानिन्छ। उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाइएको छ।

उदाहरण १४.५.५: मानौं, विश्वरूप कार्पेट प्रा.लि.नेपालमा गलैंचा उत्पादन गर्ने व्यवसाय गर्दोरहेछ। उक्त प्रा.लि.ले आफ्नो गलैचा विश्व वजारमा बिक्री गर्ने उद्देश्यले आ.व.२०७५।७६ मा जर्मनीको फ्रान्कफर्टमा बिक्री कक्ष खोली त्यस बिक्री कक्षबाट भएको कारोबारमा रु.१०,००,०००।- निर्धारणयोग्य आय आर्जन गरेको रहेछ । फ्रान्कफर्ट बिक्री कक्षमा भएको निर्धारणयोग्य आयमा जर्मनीको आयकर ऐन अनुसार रु.३,५०,०००।- कर दाखिला गरेको रहेछ । उक्त प्रा.लि.को नेपालको कारोबारबाट समेत रु.१०,००,०००।- निर्धारणयोग्य आय प्राप्त भएको रहेछ । यस अवस्थामा उसले आफ्नो कर दायित्व निम्नानुसार निर्धारण गर्न पाउँछ ।

| विवरण | नेपालको व्यवसाय | जर्मनीको व्यवसाय |
|---|---|---|
| नेपालमा भएको निर्धारणयोग्य आय रु. | १०,००,०००।- | १०,००,०००।- |
| न्यून: जर्मनीमा दाखिला कर रु. | | (३५०,०००।-) |
| जम्मा करयोग्य आय रु. | १०,००,०००।- | ६,५०,०००।- |
| लाग्ने कर (नेपालको आयमा २०% तथा जर्मनीको आयमा २५%) रु. | २,००,०००।- | १,६२,५००।- |
| जम्मा दाखिला गर्नुपर्ने कर रु. | ३,६२,५००।- | |

यस उदाहरणमा सो प्रा.लि.को जर्मनीको व्यवसायमा तिर्नुपर्ने कर रु.१,६२,५००।- समेत रु.३ लाख ६२ हजार ५ सय नेपालमा कर दाखिला गर्नु पर्दछ ।

# परिच्छेद १५

## दोहोरो कर मुक्तितथा वित्तीय छल निरोध सम्झौता सम्बन्धी व्यवस्था

## (Provision related to Avoidance of Double Taxation and the Provision of Fiscal Evasion)

१५.१ आयकर ऐन, २०५८ ले नेपाल सरकारलाई अन्य कुनै देशको सरकारसँग दोहोरो कर मुक्ति तथावित्तीय छल निरोध सम्झौता गर्न सक्ने अधिकार प्रदान गरेको छ । दुईदेशबीचमा हुने व्यापार, प्रविधिको हस्तान्तरण तथा एक देशको व्यक्तिले अर्को देशमा गर्ने पुँजी लगानीका कारणले एक देशका बासिन्दाको अर्को देशमा आयको स्रोत हुन जाने भएकोले आफू बासिन्दा रहेको देशमा र त्यस्तो आयको स्रोत रहेको देशमा समेत दुई देशमा कर लाग्न जाने हुन्छ । यसरी एउटै व्यक्तिको एउटै आयमा दोहोरो कर लाग्न जाने अवस्था हुन्छ । त्यस्तो अवस्थाबाट उन्मुक्ति दिन विभिन्न देशको बीचमा दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता गरिन्छ । नेपालको आयकर ऐन को दफा ७३ ले दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता लगायत कर प्रशासनमा पारस्परिक सहयोग प्रदान गर्ने विषयमा समेत सम्झौता हुन सक्ने व्यवस्था गरेको छ । अन्तर्राष्ट्रिय करको सन्दर्भमा दोहोरो कर मुक्ति सम्बन्धी प्रावधान एवम् सो सम्बन्धी सम्झौताका आधारलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### १५.२ अन्तर्राष्ट्रिय सम्झौता

ऐनको दफा ७३ ले अन्तर्राष्ट्रिय सम्झौता एवम् दोहोरो कर मुक्ति सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

७३(१) **कुनै व्यक्तिको कुनै आयमा यस ऐन वा प्रचलित कानुन बमोजिम कर लाग्ने व्यवस्था भएको र सोही आयमा विदेशी मुलुकमा पनि कर लाग्ने रहेछ भने यस्तो दोहोरो कर नलाग्ने गर्न नेपाल सरकारले विदेशी सरकारसित अन्तर्राष्ट्रिय सम्झौता गर्न सक्नेछ ।**

कुनै व्यक्तिको आयको स्रोत बासिन्दा भएको देशमा मात्र सीमित नभई विदेशी मुलुकमा समेत आयकरका विभिन्न शीर्षक अन्तर्गतको आयका स्रोत रहेको हुन सक्दछ । यसले गर्दा आयको स्रोत भएको देशको आयकर ऐन अनुसार त्यस देशमा कर लाग्ने र त्यस देशमा आर्जन गरी प्राप्त गरेको आय स्वदेशमा ल्याउँदा वा बासिन्दा व्यक्तिको संसारभरिको आयमा कर लाग्ने सिद्धान्त अनुसार कर लाग्ने देशमा आर्जन गरेको आय समेत समावेश गरी आयकर भुक्तानी गर्दा एउटै आयमा दोहोरो कर लाग्न जाने हुन्छ । यस्तो अवस्थामा दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको छ भने कुनै व्यक्तिको एउटै आयमा दुई वटा देशमा कर नलाग्ने हुन्छ । उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाईएको छ ।

उदाहरण १५.२.१: मानौं, नगेन्द्र झा नेपालको वरिष्ठ आँखा शल्य चिकित्सक रहेछन् । आर्थिक वर्ष २०७५।७६ मा निजले भारतको मद्रासको अस्पतालमा स्रोत व्यक्तिको हैसियतले ४ महिना सेवा प्रदान गरी रु.१० लाख सेवा शुल्क प्राप्त गरेका रहेछन । नेपाल सरकार र भारत सरकारबीच दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको र उक्त सम्झौतामा स्रोत व्यक्तिको हैसियतले शल्यक्रिया सेवा प्रदान गर्ने व्यक्तिले बासिन्दा नभएको देशमा १८३ दिनभन्दा कमसमय सेवा प्रदान गरी प्राप्त गरेको आयमा स्रोत देशमा कर नलाग्ने व्यवस्था रहेछ भने यस अवस्थामा डा.नगेन्द्र झाले भारतमा गरेको आँखाको शल्यचिकित्साबापत प्राप्त आयमा भारतमा आयकर तिर्नु पर्दैन ।

यदि नेपाल सरकार तथा भारत सरकारबीच यस किसिमको दोहोरो कर मुक्ति सम्झौता

नभएको अवस्थामा भारतमा प्राप्त गरेको आयमा भारतमा कर भुक्तानी गर्नुपर्ने र नेपालमा समेत सो आय समावेश गरी कर तिर्नुपर्ने हुन्छ । यसर्थ यसबाट एउटै आयमा दोहोरो कर लाग्ने अवस्था हुन जान्छ ।

**७३(२) नेपालसँग सम्पन्न भएका कुनै अन्तर्राष्ट्रिय सम्झौता बमोजिम अर्को देशको सक्षम अधिकारीले सो अर्को देशको कर कानुन अन्तर्गत कुनै बक्यौता राख्ने व्यक्तिले बुझाउनु पर्ने रकम नेपालमा संकलन गरिदिन विभागलाई अनुरोध गरेको अवस्थामा यो उपदफा लागू हुनेछ ।**

कुनै एक देशमा आय आर्जन गर्दा आय आर्जन गरेको देशको आयकर ऐन अनुसार दाखिला गर्नुपर्ने कर दायित्व भुक्तानी नगरी अर्को देशमा गई बस्ने व्यक्तिलाई आय आर्जन भएको देशमा लाग्ने करको दायित्वबाट उन्मुक्ति नमिलोस भन्ने अभिप्रायले देशको बीचमा हुने दोहोरो कर मुक्ति सम्झौतामा कर संकलनको लागि सहयोग गर्ने सम्बन्धी विषयलाई समेत समावेश गर्न सकिने प्रचलन रहेको छ । यस किसिमको व्यवस्थाले कर दायित्वबाट उन्मुक्ति पाउन एउटा देशबाट भागी अर्को देशमा बस्ने उद्देश्यलाई नियन्त्रण गर्दछ । दोहोरो कर मुक्ति सम्झौताको विभिन्न नमूना (Model) मा यससम्बन्धी व्यवस्थालाई छुट्टै धाराको रूपमा राख्न थालिएको छ । OECD Model ले पछिल्लो संस्करणमा कर संकलनमा सहयोग (Assistance inthe Collection of Taxes) लाई छुट्टै धाराको रूपमा समावेश गरेकोछ । त्यस्तै SAARC Modelमा पनि यस धारा समावेश भएको छ । नेपालको आयकर ऐनमा माथि उल्लेख गरेको व्यवस्था समावेश गरी संविदाकारी देशलाई त्यस देशको कर दायित्व संकलनमा सहयोग गर्ने प्रत्याभूति दिएको छ । अर्को देशमा कर दायित्व रहेको आफ्नो बासिन्दा व्यक्तिबाट कसरी कर संकलन गर्ने, कति दिनसम्म संकलन गर्ने भन्ने विभिन्न विषयको सम्बन्धमा दुई देशको बीचमा सम्पन्न हुने सम्झौतामा नै विस्तृत रूपमा उल्लेख भएको हुन्छ । उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाइएको छ ।

उदाहरण १५.२.२: मानौं, अमिर हुसेन भन्ने व्यक्तिले भारतमा आ.व.२०७४।७५ मा सोही देशको बासिन्दा व्यक्ति भई होटल व्यवसाय सञ्चालन गरेका रहेछन् । उनले भारतमाव्यवसाय सञ्चालन गरेबापत भारतमारु.१० लाख कर भुक्तानी गर्नुपर्ने रहेछ । निजले भारतमाउक्त कर दाखिला नगरी देश छोडी आ.व.२०७५।७६ देखि नेपालको बासिन्दा व्यक्ति भई बसेका रहेछन । निजले नेपालमा बासिन्दा व्यक्तिकोरूपमाव्यवसाय सञ्चालन समेत गरेका रहेछन ।

नेपाल सरकार तथा भारत सरकारबीच दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौतामा कर संकलनमा सहयोग गर्ने धारा समावेश भएकोले भारतको सक्षम अधिकारीले नेपालको आन्तरिक राजस्व विभागका महानिर्देशक (सक्षम अधिकारी) लाई भारतमाबक्यौता रहेको अमिर हुसैनको कर दायित्व संकलन गर्न पत्राचार गरेमा नेपालको आन्तरिक राजस्व विभागको महानिर्देशकले यस दफाको अधीनमा रही कर संकलनमा सहयोग गरिदिनु पर्दछ ।

**७३(३) उपदफा (२) लागू हुने अवस्थामा विभागले सो सक्षम अधिकारीलाई सो रकम पठाउने प्रयोजनको लागि कर बक्यौता राख्ने सो व्यक्तिलाई लिखित रूपमा सूचना गरी सो सूचनामा उल्लेख गरिएको मितिभित्रमा त्यस्तो रकम विभागमा दाखिला गर्न लगाउन सक्नेछ ।**

नेपालले दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौतामा हस्ताक्षर गरेको देशको सक्षम अधिकारीले कर संकलनका लागि अनुरोध गरी पठाएको अवस्थामा विभागले संकलनको प्रक्रिया अवलम्बन गर्नुपर्दछ । सम्झौता भएको देशमा कर दायित्व रहेको नेपालको बासिन्दा व्यक्तिबाट कर संकलन गरी पठाउनको लागि विभागले रकम दाखिला गर्नुपर्ने म्याद सहित लिखित सूचना जारी गर्नु पर्दछ । माथिको उदाहरण १५.२.२ मा अमिर हुसैनको भारतमा रहेको कर दायित्व

असुली गरी पठाउन  भारतको सक्षम अधिकारीले नेपालको सक्षम अधिकारीलाई पत्राचार गरेको अवस्थामा आन्तरिक राजस्व विभागले निज अमिर हुसैनलाई भारतमा निजले दाखिला गर्नुपर्ने कर रकम दाखिला गर्नुपर्ने मिति उल्लेख गरी सूचना जारी गर्नुपर्दछ ।

**७३(४) कुनै अन्तर्राष्ट्रिय सम्झौतामा नेपालले आय वा भुक्तानीमा छुट दिनुपर्ने वा आय वा भुक्तानीमा करको घटाइएको दर लगाउनु पर्नेगरी व्यवस्था गरिएको भएमा यो उपदफा लागू हुनेछ ।**

कुनैपनि देशको आयकर ऐनले आयको प्रकार अनुसार पनि कर लाग्ने दर निर्धारण गरेको हुन्छ । दोहोरो कर मुक्ति सम्झौतामा आयको प्रकार अनुसार त्यसमा लाग्ने कर वा कुन देशमा त्यस्तो आयमा कर लाग्ने हो स्पष्ट रूपमा विभिन्न धारामा उल्लेख भएको हुन्छ । देशको आयकर ऐनमा तोकिएको दर र सम्झौतामा उल्लेख भएको दर कतिपय आयमा फरक पर्न सक्दछ । सम्झौतामा उल्लेख भएको दर ऐनमा उल्लेख भएको दरभन्दा घटी भएको अवस्था वा सम्झौतामा कुनै व्यक्तिको आयको स्रोत देशमा छुट दिने उल्लेख भएको तर त्यस्तो व्यक्तिको आयमा ऐनमा कर लाग्ने अवस्था हुन सक्दछ । ऐन अनुसार कर लाग्ने तथा बढी दरले कर लाग्ने तर सम्झौता अनुसार कर नलाग्ने वा घटी दरले कर लाग्ने उल्लेख भएको छ भने दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको देशको सन्दर्भमा सम्झौताको व्यवस्था अनुरूप गर्नुपर्दछ । नेपालको आयकर ऐनले यसै उपदफा मार्फत सम्झौताको व्यवस्था प्रभावकारी हुने प्रत्याभूति गरेको छ । उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाइएको छ ।

| |
|---|
| उदाहरण १५.२.३: मानौं, चीनको Dr. Leeले नेपालको भृकुटी मेडिकल कलेजमा अध्यापन कार्य गरी रु.१० लाख आय प्राप्त गरेका रहेछन् । नेपाल सरकार तथा चीन सरकारको बीचमा हस्ताक्षर भएको दोहोरो कर मुक्ति सम्झौतामा एक देशको प्राध्यापकले अर्को देशमा अध्यापन गर्दा निजले प्राप्त गरेको आयमा त्यस्तो देशमा दुई वर्ष कर नलाग्ने व्यवस्था रहेको छ । अतः यस अवस्थामा नेपालको आयकर ऐनको व्यवस्था प्रभावकारी नभई सम्झौताको व्यवस्था प्रभावकारी हुने हुँदा Dr. Lee ले नेपालको भृकुटी मेडिकल कलेजबाट प्राप्त गरेको आयमा नेपालमा कर तिर्नु पर्दैन । |
| उदाहरण १५.२.४: मानौं, नेपाल तथा कतार सरकारबीच दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौतामा एक देशको बासिन्दा व्यक्तिले अर्को देशमा ऋण लगानी गरी प्राप्त गरेको ब्याज आयमा १० प्रतिशतले कर लाग्ने व्यवस्था उल्लेख गरेको छ । नेपालको आयकर ऐनले बासिन्दा प्राकृतिक व्यक्ति बाहेक अन्य व्यक्तिले प्राप्त गरेको ब्याज आयमा १५ प्रतिशतले स्रोतमा कर कट्टी गर्नुपर्ने र गैर बासिन्दा व्यक्तिको हकमा यसरी १५ प्रतिशतका दरले कट्टी गरिएको कर नै अन्तिम कर हुने व्यवस्था गरेको छ । आ.व.२०७६।७७मा कतारका बासिन्दा व्यक्ति जाकिर हुसैनले नेपालको कर्णाली जलविद्युत कम्पनीमा रु.१ करोड लगानी गरी रु.१० लाख ब्याज आय प्राप्त गरेको रहेछ । यस अवस्थामा निज जाकिर हुसैनले प्राप्त गरेको ब्याजमा नेपालको आयकर ऐन अनुसार १५ प्रतिशतले रु.१ लाख ५० हजार कर लाग्ने हुन्छ तर कतारसँगको सम्झौताको व्यवस्था अनुसार रु.१ लाख (१० प्रतिशत) मात्र कर लाग्ने हुन्छ । अतः नेपाल सरकार तथा कतार सरकारबीच दोहोरो कर मुक्ति सम्झौता भएको हुँदा जाकिर हुसैनको ब्याज आयमा सम्झौतामा उल्लेख गरिएको दर अनुसार १० प्रतिशतले हुने रु.१ लाख मात्र कर लाग्दछ |

**७३(५) उपदफा (४) लागू भएको अवस्थामा देहाय बमोजिमको कुनै निकायलाई कर छुट वा कर कट्टीको सुविधा उपलब्ध हुने छैन :-**

**(क) सो सम्झौताको प्रयोजनको लागि सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको बासिन्दा मानिने निकाय, र**

**(ख) सो निकायको निहित स्वामित्वको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा प्राकृतिक व्यक्तिहरुद्धारा वा कुनै प्राकृतिक व्यक्तिको हित नरहेको निकायहरुद्धारा ग्रहण गरिएको, र सो सम्झौताको प्रयोजनको लागि सो व्यक्तिहरु वा निकायहरु सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको वा नेपालको पनि बासिन्दा नभएको ।**

उपदफा (४) ले नेपालको ऐनको व्यवस्थाभन्दा कम कर दायित्व हुने गरी व्यवस्था उल्लेख भई सम्झौता सम्पन्न भएको अवस्थामा सम्झौतामा उल्लेख भएको व्यवस्था नै प्रभावकारी हुने व्यवस्था गरेको छ । तर उपदफा (४) को व्यवस्था उपदफा (५) मा उल्लेख गरिएको व्यक्तिको सम्बन्धमा भने व्यवस्था प्रभावकारी नहुने व्यवस्था गरेको छ । सम्झौतामा भएको कर छुटको सुविधा पाउँन संविदाकारी मुलुकको वा नेपालको बासिन्दा व्यक्ति भएको हुनुपर्दछ ।

उदाहरणका लागि नेपाल र कतारकाबीचमा दोहोरो कर मुक्ती सम्बन्धी सम्झौता छ । ऐनको यो दफा अनुसार सुविधा प्राप्त गर्न कुनै कतारी कम्पनीको कम्तिमा ५० प्रतिशत शेयरधनी कतारको कर कानुन अनुसार बासिन्दा व्यक्ति वा नेपालको बासिन्दा व्यक्ति हुनु पर्दछ । कतारको बासिन्दा व्यक्ति वा नेपालको बासिन्दा व्यक्ति बाहेक अन्य देशको बासिन्दा व्यक्तिको ६० प्रतिशत शेयर भएको कतारी कम्पनीले यो दफा बमोजिमको कर सहुलियत प्राप्त गर्न सक्तैन ।

**<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "अन्तर्राष्ट्रिय सम्झौता" भन्नाले देहायको व्यवस्था गर्ने कुनै विदेशी सरकारसँग सम्पन्न गरिएको नेपालको हकमा लागू भएको कुनै सन्धि वा सम्झौता सम्झनु पर्छ :-**

**(क) दोहोरो करबाट मुक्ति दिने र वित्तीय छल निरोध गर्ने, वा**

**(ख) कर दायित्वको कार्यान्वयनमा पारस्परिक प्रशासनिक सहायता प्रदान गर्ने ।**

आयकरको सम्बन्धमा विदेशी मुलुकसँग सम्पन्न हुने सम्झौता मुख्य रूपमा दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध गर्ने सम्बन्धमा नै हुन्छ । तर कतिपय देशको बीचमा पूर्णरूपको ( Full-fledged) सम्झौता नभईसीमित विषयमा समेत सम्झौता हुने गरेको छ । व्यक्तिको सबै प्रकारको आय वा नमूना सम्झौता (Model Agreement) को सबै धारा समावेश गरी सम्झौता गर्न बढी समय लाग्ने र देशको आर्थिक गतिविधिको अवस्था अनुसार सीमित विषयमा मात्र सम्झौता भएपनि हुने कारणवस केही धारामात्र समावेश गरी सम्झौता सम्पन्न गर्न सकिन्छ । दुई राष्ट्रबीच Exchange of Information को सम्बन्धमा मात्र सम्झौता हुन सक्दछ । त्यस्तै एउटा देशमा कर दायित्व राखी अर्को देशमा बस्ने प्रवृतिलाई निरुत्साहित गर्न देशको बीचमा Assistance in the Collection of Taxes को लागि मात्र सम्झौता भएको हुन सक्दछ ।

दोहोरो कर मुक्ति वा वित्तीय छल निरोध गर्ने सम्बन्धमा पनि व्यक्तिको सबै आयको सम्बन्धमा सम्झौता नभई सीमित क्षेत्र एवम् आयको लागि मात्र सम्झौता हुने गरेको छ । विशेष गरी Shipping and Air Enterprisesको आयको लागि मात्र धेरै देशको बीचमा सम्झौता भएको पाइन्छ । देशको बीच व्यापार, लगानी, प्रविधि हस्तान्तरण एवम् सेवा प्रदान आदि आर्थिक गतिविधि नभएको अवस्थामा समेत Shipping and Air Enterprises गतिविधि हुन सक्ने हुँदा यसको विविध पक्षलाई स्पष्ट गरी सम्झौता हुन सक्दछ ।

### १५.३ दोहोरो कर मुक्ति सम्झौता

### १५.३.१ दोहोरो कर मुक्ति सम्झौताको परिचय

वर्तमान विश्वमा कुनै पनि राष्ट्र एक्लिएर आर्थिक गतिविधिमा रहन सक्ने अवस्था छैन । देशको तीव्र आर्थिक विकासको लागि विकासशील राष्ट्रलाई वैदेशिक लगानी, आधुनिक प्रविधि तथा विशेषज्ञको सेवा आवश्यक पर्दछ । त्यस्तै विकसित राष्ट्रले आफ्नो देशमा लगानीको अवसर कम हुँदै गएको तथा विकासशिल राष्ट्रमा बजार एवम् कच्चा पदार्थको उपलब्धता एवम् सस्तो श्रमशक्तिको उपलब्धताको कारणबाट विकासशील देशमा लगानी प्रवाहित गर्ने कार्य सामान्य

भइसकेको छ । एक देशको बासिन्दा व्यक्तिले अर्को देशमा व्यवसाय गर्ने रोजगारी वा सेवा प्रदानमा सहभागी हुने, पुँजी एवम् ऋण लगानी गर्ने एवम् प्रविधि हस्तान्तरण गर्ने कार्यबाट अर्को देशमा आय आर्जन गर्ने गर्छन् । यसरी प्राप्त हुने आयमा जुन देशमा आय प्राप्त भएको छ सो देशको आयकर ऐन अनुसार कर लाग्ने व्यवस्था रहेको हुन्छ । अर्कोतर्फ कुनै पनि बासिन्दा व्यक्तिको स्वदेशी आयमा मात्र कर नलागी जुनसुकै देशमा आय भएको भएपनि कर लगाउने अधिकार (Exclusive Right of Taxation)बासिन्दा रहेको देशलाई हुन्छ ।

नेपालको आयकर ऐनमा मुख्य रूपमा २ वटा करको आधार रहेको छ । नेपालको बासिन्दाले जुनसुकै देशमा आय प्राप्त गरेपनि सो आयमाथि कर लगाउने अधिकार नेपाललाई रहेको छ । त्यस्तै कुनै गैर बासिन्दाको नेपालमा स्रोत भएको आय छ भने सोमा कर लगाउने अधिकार पनि आयकर ऐनले नेपाललाई उपलब्ध गराएको छ ।

बासिन्दा व्यक्तिलाई बासिन्दा रहेको देशमा कर लाग्ने तथा अन्य देशमा भएको आर्जनमा सो देशमा समेत कर लाग्ने हुँदा कुनै व्यक्तिको एउटै आयमा दोहोरो कर लाग्ने अवस्था सिर्जना हुन सक्छ । कुनै पनि व्यक्तिको एउटै आयमा दुई देशमा कर नलाग्ने व्यवस्था गर्न तथा बासिन्दा नभएको देशमा आय आर्जन गरे बापत भुक्तानी गरेको कर मिलान गर्ने व्यवस्थाको लागि विभिन्न देशका बीचमा दोहोरो कर मुक्ति सम्झौता गर्ने गरिन्छ । कुन व्यक्तिको कुन आयमा कुन देशमा कर लाग्ने, कति दरमा कर लाग्ने, अर्को देशमा तिरेको कर आफ्नो देशमा कसरी र कतिसम्म मिलान गर्ने भन्ने सम्बन्धमा स्पष्ट हुन दुई देशको बीचमा गरिने सम्झौतालाई नै दाहोरो कर मुक्ति सम्झौता भनिन्छ ।

## १५.३.२ दोहोरो कर मुक्ति सम्झौता सम्बन्धी समान अवधारणा

दोहोरो कर मुक्ति सम्झौताले अन्तर्राष्ट्रियकारोबारलाई समेट्छ । कुनै देशको अन्तर्राष्ट्रियकर पक्ष आन्तरिक (Inbound) तथा बाह्य (Outbound) दुवै हुन्छ । दोहोरो कर मुक्ति सम्झौता सम्बन्धमा विभिन्न अवधारणा रहेको भएतापनि केही विषयमा समान अवधारणा रहेको पाइन्छ । अन्तर्राष्ट्रियरूपमा समान अवधारणा रहेको मुख्य बुँदा निम्नानुसार रहेको छ :

(१) जुन देशमा व्यापार, व्यवसाय, कारोबार वा अन्य कुनै पनि कारणबाट आय आर्जन हुन्छ भने त्यसरी भएको आय आर्जनमा स्रोत देशलाई कर लगाउने पहिलो अधिकार हुन्छ । कुनै देशको बासिन्दा व्यक्तिले अर्को देशमा शाखा सञ्चालन गरी प्रभावकारी व्यवस्थापनद्वारा कार्यालय वा कारखाना सञ्चालन गरी सक्रिय रूपमा आय आर्जन गरेको छ भने त्यसरी गरेको आयमा आय आर्जन गरेको देशमा नै कर लाग्दछ ।

(२) कुनै देशको बासिन्दा व्यक्तिले अर्को देशमा स्थायी संस्थापनको माध्यमबाट कारोबार नगरी बासिन्दा भएको देशमा नै बसी पुँजी लगानी, ऋण लगानी एवम् प्रविधि हस्तान्तरण गर्ने कार्य गरी आय आर्जन गर्न सक्दछन् । यसरी आफै अर्को देशमा कुनै न कुनै रूपमा सक्रिय नभई प्राप्त गरेको आयमा स्रोत देशमा सिमित दरले कर लाग्दछ

(३) कुनै देशको बासिन्दा व्यक्तिले अर्को देशमा आय प्राप्त गरेको छ भने आय आर्जन गरेको देशमा स्रोतमा कर लाग्दछ । यसरी स्रोतमा लागेको कर मिलान गरेपश्चात कर लगाउने अधिकार बासिन्दा रहेको देशलाई हुन्छ ।

(४) कुनै देशको बासिन्दा व्यक्तिले अर्को देशमा आय आर्जन गर्दा स्रोत भएको देशमा तिरेको कर मिलान गर्नु पर्दछ । यसरी स्रोत देशमा तिरेको कर बासिन्दा देशमा मिलान गर्ने व्यवस्थाले कुनै पनि व्यक्तिको एउटै आयमा दोहोरो कर नलाग्ने अवस्था हुन्छ ।

दोहोरो कर मुक्ति सम्झौता गर्दा आयमा कर लगाउने सम्बन्धमा दुई देशको बीच हुने वार्ताबाट तय हुन्छ । अन्य आयका शीर्षकमा वार्ताद्वारा तय भएतापनि माथिका बुँदाको सम्बन्धमा संविदाकारी (Contracting) देशका बीचमा समान धारणा रहेको हुन्छ ।

### १५.३.३ दोहोरो कर मुक्ति सम्झौताको उद्देश्य

कुनै व्यक्तिले कुनै देशमा आय आर्जन गरेको छ भने सो देशको आयकर ऐन अनुसार कर लाग्ने व्यवस्था रहेको हुन्छ । वर्तमान विश्वमा कतिपय व्यक्तिको आय एउटै देशमा मात्र सीमित नहुन सक्छ । अन्तर्राष्ट्रियव्यापार,व्यवसाय, लगानी तथा प्रविधि हस्तान्तरणको माध्यमबाट व्यक्तिको उपस्थिति अर्को देशमा हुन सक्छ । अन्तर्राष्ट्रियव्यापार एवम् लगानीबाट देशको आर्थिक विकासमा सहयोग पुग्दछ । यसरी अन्तर्राष्ट्रियकारोबारमा संलग्न दुवै देशको आर्थिक विकास हुन गई समग्र रूपमा विश्वकै आर्थिक विकासमा सहयोग पुग्न जान्छ । दुई देशबीच कुनै पनि स्वरूपमा हुने कारोबारलाई सहज गर्न वा संविदाकारी देशको बीचमा उपयुक्तरूपले स्रोतको बाँडफाँड गर्ने व्यवस्थाको लागि दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको हुन्छ । दोहोरो कर मुक्ति सम्झौता सम्पन्न गर्नुपर्ने विभिन्न उद्देश्य हुन्छन् । सोमध्ये प्रमुख उद्देश्य निम्नानुसार रहेका छन् :

(१) **दोहोरो करको अवस्थालाई हटाउने** : सामान्यतयाः कुनै व्यक्तिले आर्जन गरेको आयमा जुन देशमा आर्जन भएको छ सोही देशमा कर लाग्दछ । त्यस देशको ऐन अनुसार त्यस्तै बासिन्दा व्यक्तिले आय आर्जन जुन देशमा गरेको भएतापनि बासिन्दा भएको देशमा कर लाग्छ । यसरी एउटै व्यक्तिको एउटै आयमा दुईवटा देशमा कर लाग्ने व्यवस्था हटाउने उद्देश्यले देशको बीचमा दोहोरो कर मुक्ति सम्झौता सम्पन्न हुन्छ । उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाइएको छ ।

> उदाहरण १५.३.१: मानौं, Mr. Peterसंयुक्त अधिराज्यको बासिन्दा व्यक्ति रहेछन् । उनले आय वर्ष२०७५।७६ मा नेपालको बेलायतस्थित आवासीय राजदूतावासमा टेलिफोन अपरेटरको रूपमा कार्य गरी आय आर्जन गरेका रहेछन् । Mr. Peter संयुक्त अधिराज्यको बासिन्दा भएपनि टेलिफोन अपरेटरको रूपमा कार्य गरी नेपाल सरकारबाट प्राप्त गरेको रकम ऐनको दफा ६७(६)(झ) अनुसार नेपालको स्रोत हुन्छ र उनले प्राप्त गरेको आयमा नेपालको आयकर ऐन अनुसार कर लाग्दछ ।
>
> संयुक्त अधिराज्यको आयकर ऐनले कुनै देशको सरकारी सेवाबाट निजकै बासिन्दा व्यक्तिले आय प्राप्त गरेको छ भने संयुक्त अधिराज्यमा नै कर लाग्ने व्यवस्था गरेको छ भने यस अवस्थमा Mr. Peterले प्राप्त गरेको आयमा दुवै देशमा कर लाग्न जान्छ ।
>
> यदि नेपाल सरकार तथा संयुक्त अधिराज्य सरकारबीच दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको अवस्थामा भने त्यस्तो सम्झौतामानै सरकारी सेवाबाट प्राप्त गरेको आयमा कुन देशमा कर लाग्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था हुने हुँदा दोहोरो कर लाग्ने अवस्थाबाट उन्मुक्ति हुने हुन्छ ।

(२) **करको भार कम गर्ने**: कुनै व्यक्तिले अर्को देशमा आय आर्जन गरे बापत आय आर्जन गरेको देशमा सोही देशको आयकर ऐन अनुसार कर लाग्दछ । कुनै देशको बासिन्दा व्यक्तिले आय आर्जन गरेको देश तथा बासिन्दा देशको बीचमा दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको छ भने आयको प्रकृति अनुसार लाग्ने करको दर समेत निश्चित गरिएको हुन्छ । यदि आय आर्जन गरेको देशको आयकर ऐनले तोकेको करको दर भन्दा दुई देशबीच सम्पन्न सम्झौतामा उल्लिखित करको दर कम भए दोहोरो कर मुक्ति सम्झौताको कारणबाट करको भार कम पर्न जान्छ । उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाइएको छ ।

> उदाहरण १५.३.२: मानौं, ABC कम्पनी नेपालको विद्युत उत्पादन गर्ने कम्पनी रहेछ । उक्त कम्पनीले अफ्नो व्यवसाय सञ्चालन गर्नको लागि चिनीया नागरिक Mr. Changबाट १० प्रतिशतको दरले ब्याज भुक्तानी गर्ने शर्तमा रु.१ करोड ऋण लिएको रहेछ । आ.व.२०७५।७६ मा उक्त ऋणको ब्याज बापतABC कम्पनीले Mr.

Changलाई रु.१० लाख भुक्तानी गरेको रहेछ । नेपालको आयकर ऐन अनुसार गैर बासिन्दा व्यक्तिलाई यस्तो ब्याज भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्दछ । Mr. Chang चिनियाँबासिन्दा व्यक्ति भएको तथा नेपाल र चीन सरकारबीच सम्पन्न दोहोरो कर मुक्ति सम्भौता अनुसार ब्याज आयमा १० प्रतिशतले कर लाग्ने व्यवस्था भएकोले Mr. Changलाई करको भार ५ प्रतिशतले कम पर्न जान्छ ।

(३) **करको दायित्वको अनिश्चितता कम गर्ने** : कुनै पनि देशको आयकर ऐन सो देशको आवश्यकता अनुसार संशोधन हुन सक्दछ । आयकर ऐन संशोधन गर्दा कुनै व्यक्तिको आयमा लाग्ने करको दर बढ्न जान सक्ने अवस्था हुन्छ । एउटा देशको बासिन्दा व्यक्तिले अर्को देशमा लगानी गर्दाको समयमा रहेको करको दरपछि संशोधनको कारणबाट परिवर्तन हुन सक्ने हुँदा कुनै व्यक्तिले आयमा लाग्ने करको सम्बन्धमा अनिश्चितता रहन सक्दछ । यदि लगानी गर्ने व्यक्ति बासिन्दा रहेको देश तथा लगानी गरेको देशको बीचमा दोहोरो कर मुक्ति सम्भौता सम्पन्न भएको छ भने आयको प्रकृति अनुसार करको दर निश्चित हुने एवम् सम्भौतामा उल्लेख भएको करको दर त्यस देशको आयकर ऐनमा उल्लिखित दर भन्दा बढी भएको अवस्थामा समेत सम्भौताको व्यवस्था नै प्रभावकारी हुने हुँदा करको दायित्वको अनिश्चितता हुँदैन । उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाइएको छ ।

उदाहरण १५.३.३: मानौं, Mr. Habibपाकिस्तानी बासिन्दा व्यक्ति रहेछन् । उनले बैंकिङव्यवसायलाई सहज वनाउने Computer Software को विकास गरेका रहेछन् । उनले विकास गरेको Computer Software नेपालको ABC बैंकले ५ वर्षसम्म अविछिन्न प्रयोग गर्ने अधिकार लिई प्रत्येक वर्ष रु.१ करोड रोयल्टी भुक्तानी गर्ने गरेको रहेछ । नेपालको आयकर ऐन अनुसार रोयल्टीको भुक्तानीमा १५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । आयकर ऐनमा पटक पटक संशोधन भई रोयल्टीको भुक्तानीमा लाग्ने करको दरमा परिवर्तन हुन सक्ने हुँदा रोयल्टी बापत प्राप्त आयमा लाग्ने करको अनिश्चितता Mr. Habibलाई रहिरहन सक्छ । Mr. Habibपाकिस्तानी बासिन्दा भएको एवम् नेपाल र पाकिस्तान सरकारबीच दोहोरो कर मुक्ति सम्भौता भएकोले नेपालको आयकर ऐनमा संशोधन भई रोयल्टी भुक्तानीमा लाग्ने करको दर बढाए पनि दोहोरो कर मुक्ति सम्भौताको कारणबाट निजलाई लाग्ने करको दरको सम्बन्धमा कुनै अनिश्चितता हुदैन । नेपाल र पाकिस्तान सरकारबीच दोहोरो कर मुक्ति सम्भौता बमोजिम उक्त करको दर १५ प्रतिशत भन्दा बढि हुँदैन ।

(४) **कर चुहावट कम गर्ने** :अन्तर्राष्ट्रियकारोबारमा संलग्न हुने व्यक्तिले करको दर बढी भएको देशबाट तुलनात्मक रूपमा करको दर कम भएको देशमा आयलाई हस्तान्तरण(Transfer Pricing) गर्न सक्ने अवस्था रहन्छ । यसले गर्दा जुन देशमा कारोबार भई आय प्राप्त भएको छ सो देशमा लाग्नुपर्ने कर रकम कम हुन गई स्रोत देशलाई नोक्सानी पर्न जान सक्ने अवस्था हुन्छ । कारोबार गर्ने बासिन्दा व्यक्ति रहेको देश तथा कारोबार भएको देशको बीचमा दोहोरो कर मुक्ति सम्भौता सम्पन्न भएको छ भने यस किसिमको चुहावटलाई नियन्त्रण गर्न सकिन्छ । दोहोरो कर मुक्ति सम्भौतामा संविदाकारी देशको बासिन्दाको कारोबार सम्बन्धी सूचना आदान प्रदान गर्ने व्यवस्था हुने हुँदा उक्त व्यवस्थाको अधीनमा रही कारोबारको जानकारी लिन सकिन्छ । अतः यस किसिमको व्यवस्थाले कर चुहावटको सम्भावनालाई न्यून गर्न सहयोग पुऱ्याउँदछ । उक्त व्यवस्था तलको उदाहरणबाट समेत खुलाइएको छ ।

उदाहरण १५.३.४: मानौं, मौरिसस्मा रहेको एक कम्पनीले सवारी साधन बिक्रीको कार्य गर्ने गरेको रहेछ र त्यस कम्पनीको नेपाल तथा कुबेतमा स्थायी संस्थापन रहेछ । मौरिसस्को आयकर ऐनले व्यवसायको आयमा २० प्रतिशतले कर लाग्ने व्यवस्था गरेको रहेछ भने नेपालको आयकर ऐनले सामान्य व्यवसायको आयमा २५

प्रतिशतका दरले कर लाग्ने व्यवस्था गरेको छ । त्यस्तै कुबेतमा करको दर मानौं १५ प्रतिशत रहेछ । मौरिसस्को कम्पनीले नेपालमा पठाएको प्रति गाडीको मूल्य रु.८ लाख रहेछ र कुबेतमा सोही किसिमको गाडी रु.७ लाख प्रति गाडीका दरले पठाउँने गरेको रहेछ । यसरी उक्त कम्पनीले नेपालबाट मौरिसस्मा मूल्य हस्तान्तरण (Transfer Pricing)को Arrangement गरेको मानिनेछ । नेपाल तथा मौरिसस्बीच दोहोरो कर मुक्ति सम्झौता भएकोले नेपालको अधिकार प्राप्त अधिकारी (Competent Authority)ले मौरिसस्को कम्पनीले उसको अन्य स्थायी संस्थापनमा पठाएको मूल्य सम्बन्धी जानकारी (Exchange of Information)माग गर्न सक्दछ । यसरी माग गरेको जानकारी मौरिसस सरकारले उपलब्ध गराउनु पर्दछ ।

### १५.३.४ दोहोरो कर मुक्ति सम्झौताका नमूना (Models)

देशको बीचमा हुने वस्तु तथा सेवाको आदानप्रदान, प्रविधि हस्तान्तरण, पुँजी तथा ऋण लगानीको कारणबाट एउटा देशमा आय प्राप्त हुने तथा उक्त आय प्राप्त गर्ने व्यक्ति अर्को देशको बासिन्दा हुन सक्ने हुँदा व्यक्तिले प्राप्त गरेको आयको सम्बन्धमा दुई वटा देशको आयकर ऐन आकर्षित हुने गर्दछ । सामान्यतयाः आय प्राप्त भएको देशमा त्यस देशको आयकर ऐन अनुसार स्रोतको आधारमा कर लाग्दछ । बासिन्दा व्यक्तिको संसारभरको आय (Worldwide Income) मा कर लाग्ने सिद्धान्त भएकोदेशको आयकर ऐनले बासिन्दा व्यक्तिको देश बाहिर आर्जन गरेको आयमा समेत कर लाग्दछ । यसरी एउटै व्यक्तिको एउटै आयमा दोहोरो कर लाग्न जान्छ । कुनै पनि व्यक्तिको एउटै आयमा दोहोरो कर नलागोस् तथा दुवै देशमा कर नलाग्ने अवस्था सिर्जना हुन नदिनको लागि देशको बीचमा दोहोरो कर मुक्ति सम्झौता सम्पन्न हुने गर्दछ ।

अन्तर्राष्ट्रिय सम्झौताको मुख्य उद्देश्य दोहोरो करबाट उन्मुक्ति दिनु हो । यसको लागि सम्झौतामा व्यक्तिको कुन आयमा कुन देशमा कर लाग्ने हो सो आयको प्रकृतिको आधारमा यकिन गरिएको हुन्छ । कतिपय आयमा व्यक्तिको स्रोत भएको देशको साथसाथै बासिन्दा भएको देशमा लागेको कर बासिन्दा भएको देशमा घोषणा गरी सो आयमा लागेको करलाई मिलान गर्ने व्यवस्था गरी दोहोरो करबाट उन्मुक्ति दिएको हुन्छ । वर्तमान समयमा अन्तर्राष्ट्रियसम्झौतामा सूचनाको आदानप्रदानबाट कर चुहावट नियन्त्रण गर्न प्रभावकारी व्यवस्था राख्न थालेको छ । कुनै एक देशको बासिन्दा व्यक्तिले अर्को देशमा तिर्नुपर्ने कर दायित्व बक्यौतामा राखेकोछ भने संविदाकारी देशको बीचमा एक अर्को देशमा रहेको बक्यौता कर असुली गर्ने सम्बन्धी विषय समेतअन्तर्राष्ट्रिय सम्झौतामा व्यवस्था गर्न थालिएको छ ।

देशको बीचमा दोहोरो कर मुक्तिको लागि गरिने सम्झौता कसरी गर्दा उपयुक्त हुन्छ वा सम्झौता गर्दा कुनै एक देशलाई प्राप्त हुने कर रकम फरक पर्न नजाओस भन्ने उद्देश्यले अन्तर्राष्ट्रिय सम्झौताका विभिन्न नमुना (Model) प्रचलनमा रहेका छन् । केही वर्ष अगाडि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) ले समेत सीमित विषयलाई समावेश गरीSAARC Modelजारी गरेको छ । मुख्य रूपमा प्रचलनमा रहेको सम्झौतका नमुना (Models) निम्नानुसार रहेको छ ।

(क) राष्ट्र संघको नमुना (UN Model)

(ख) आर्थिक सहयोग एवम् विकास संगठनको नमुना (OECD Model)

(ग) दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको नमुना (SAARC Model)

(घ) US Model

(ङ) Netherlands Model

अन्तर्राष्ट्रिय सम्झौताको सम्बन्धमा प्रकाशित विभिन्नModelsमध्येOECD Modelतथा UN Modelबढी प्रचलनमा रहेका छन् । दुवै Modelमा सम्झौताले समावेश गर्ने व्यक्ति, समावेश गरिने कर, परिभाषा, आयको प्रकृति अनुसार कर लाग्ने देशको व्यक्ति आफै सक्रिय नभई अर्को देशमा पुँजी लगानी, प्रविधी हस्तान्तरण एवम् सम्पत्ति प्रयोग गर्न दिएबापत प्राप्त गरिने आयPassive Incomeमा स्रोत देशमा लाग्ने कर, व्यक्ति आफै सक्रिय भई व्यवसाय वा सेवा प्रदान गरे बापत प्राप्त गर्ने आयमा लाग्ने कर, सूचना आदानप्रदान एवम् अर्को देशमा स्रोत भएको आय बापतबासिन्दा भएको देशमा घोषणा गरेको आय तथा तिरेको कर मिलान गर्ने तरिका (Method) आदि समावेश भएको छ । दुवै Model आफैमा पूर्ण भएतापनि व्यक्तिको आयको प्रकृति अनुसार कर लाग्ने देश तथा लाभांश, ब्याज एवम् रोयल्टीको आयमा स्रोत देशमा लाग्ने करको दर आदि विषयमा फरक धारणा रहेको छ । यी दुवै Model मा रहेको केही प्रमुख फरक धारणा निम्नानुसार रहेको छ ।

(१) UN Modelमा विभिन्न २९ वटा धारा(Articles)रहेको छ भने OECD Modelमा ३१ (हाल ३०) वटा धारा(Articles)रहेका छन् । OECD modelमा UN Modelमा उल्लेख भएको धाराको अतिरिक्त"Assistance in the Collection of Taxes"तथा "Teritorial Extension"लाई पनि नमुनामा समावेश गरेको छ भने Independent Personnel Servicesलाई हटाइएको छ ।

(२) OECD Modelले निर्माण सम्बन्धी स्थायी संस्थापन हुनको लागि अर्को देशमा एक वर्ष भन्दा बढी कार्यरत रहनुपर्ने उल्लेख गरेको छ । यस विषयमा UN Model ले ६ महिनाभन्दा वढी अर्को देशमा कार्यरत रहेमा स्थायी संस्थापन हुने उल्लेख गरेको छ । UN Modelले भवन निर्माण तथा जडानमा प्रत्यक्षरूपमा सुपरीवेक्षण गर्ने कार्य पनि स्थायी संस्थापन हुने उल्लेख गरेको छ ।

(३) UN Modelले कुनै व्यक्तिले आफ्नो कर्मचारी वा अन्य व्यक्तिमार्फत अर्को देशमा सेवा प्रदान गरेको छ र यसरी सेवा प्रदान गरेको अवधि १८३ दिनभन्दा बढी भएमा त्यस्तो सेवा प्रदान गर्ने व्यक्ति सेवा प्रदान गर्ने देशको स्थायी संस्थापन(Enterprises) हुने भन्ने स्पष्ट रूपमा उल्लेख गरेको छ ।

(४) UN Modelले व्यवसायको आयको धारामा स्थायी संस्थापनको आय गणना गर्ने सम्बन्धमा OECD Modelको क्षेत्रभन्दा बढी क्षेत्र समावेश गरेको छ । UN Model ले स्थायी संस्थापनको आय गणना गर्दा "Force of Attraction Rule" लाई समेत समावेश गरेको छ । Force of Attraction Ruleभन्नाले यदि कुनै देशमा अर्को देशको स्थायी संस्थापन छ भने स्थायी संस्थापन भएको देशको कुनै व्यक्तिले स्थायी संस्थापनको मुख्य कार्यालय वा त्यससँग आवद्ध व्यक्तिसँग कारोबार गरेको छ भने त्यस किसिमको कारोबारबाट हुने आय स्थायी संस्थापनको आयमा समावेश गर्ने पद्दतिलाई जनाउँछ ।

(५) OECD Modelले Shipping and Air Transport Enterprisesको आयमा त्यस्तो Enterprises को प्रभावकारी व्यवस्थापन (Place of Effective Management) रहेको देशमा मात्र कर लाग्ने उल्लेख गरेको छ । UN Modelले यस किसिमको आयमा कर लाग्ने सम्बन्धमा २ वटा विकल्प दिएको छ ।

(६) कुनै देशको कम्पनीले वितरण गर्ने लाभांशमा हिताधिकारीको कम्पनीमा रहेको शेयर स्वामित्वको आधारमा ५ वा १५ प्रतिशतले कम्पनी बासिन्दा व्यक्ति रहेको देशमा कर लाग्ने भन्ने OECD Modelमा उल्लेख छ । तर UN Model ले कम्पनी बासिन्दा रहेको देशमा लाग्ने करको दर स्पष्ट रूपमा उल्लेख गरेको छैन ।

(७) OECD Modelले ब्याज आर्जन भएको देशमा १० प्रतिशतले कर लाग्ने उल्लेख भएको तर UN Model ले ब्याज आयमा लाग्ने करको दर द्विपक्षीय वार्ताबाट यकिन गर्न उपयुक्त हुने उल्लेख गरेको छ ।

(८) OECD Modelले रोयल्टीबाट प्राप्त आयमा बासिन्दा व्यक्तिको देशमा मात्र कर लाग्ने उल्लेख गरेको छ । यस सम्बन्धमा UN Modelले रोयल्टीको आयमा स्रोत देशमा पनि कर लाग्ने तर कति दरमा लाग्ने भन्ने सम्बन्धमा सम्बन्धित देशले द्विपक्षीय रूपमा यकिन गर्न उपयुक्त हुने धारणा राखेको छ ।

(९) OECD Modelले यसको धारा १४ "Independent Personal Services" (छुट्टै धारा) लाई पछिल्लो संशोधनमा हटाएको छ । UN Modelले यस धारालाई हालसम्म कायम राखेको छ ।

(१०) OECD Modelले सन् २००८ को संशोधन पश्चात Exchange of Informationको क्षेत्रलाई व्यापक गरेको छ । यसले कुनै व्यक्तिको बैंकिङ्गसूचनालाई पनि Exchange of Information हुने विषयमा समावेश गरेको छ ।

(११) OECD Modelतथा UN Modelमा समावेश गरिएको व्यक्ति, कर, परिभाषा आयको प्रकृति अनुसार कर लाग्ने देश तथा करको दर लगायत अन्य विषयलाई निम्नानुसारको धारामा समावेश गरेको छ ।

| Article | UN Model | OECD Model |
|---|---|---|
| १ | Persons Covered | Persons Covered |
| २ | Taxes Covered | Taxes Covered |
| ३ | General Definitions | General Definitions |
| ४ | Resident | Résident |
| ५ | Permanent Establishment | Permanent Establishment |
| ६. | Income from Immovable Property | Income from Immovable Property |
| ७. | Business Profits | Business Profits |
| ८. | Shipping Inland water ways transport and Air transport | Shipping Inland water ways transport and Air transport |
| ९. | Associated Enterprises | Associated Enterprises |
| १०. | Dividend | Dividend |
| ११ | Interest | Interest |
| १२ | Royalties | Royalties |
| १३. | Capital Gains | Capital Gains |
| १४. | Independent Personnel Services | Deleted |
| १५ | Dependent Personnel Services | Income from Employment |
| १६. | Director's fees & Remuneration of Top Level Managerial Officials | Director's Fees |
| १७. | Artists and Sportsperson | Artists and Sportsmen |
| १८. | Pensions and Social Security Payments | Pensions |
| १९ | Government Service | Government Service |
| २० | Students | Students |
| २१ | Other Income | Other Income |

| | | |
|---|---|---|
| २२ | Capital | Capital |
| २३ | Method for Elimination of Double Taxation | Method for Elimination of Double Taxation |
| २४ | Non-discrimination | Non-discrimination |
| २५ | Mutual Agreement Procedure | Mutual Agreement Procedure |
| २६ | Exchange of Information | Exchange of Information |
| २७. | Member of Diplomatic Mission and Consular Posts | Assistance in the Collection of Taxes |
| २८ | Entry in to Force | Members of Diplomatic Missions and Consular Posts |
| २९ | Termination | Territorial Extensions |
| ३० | | Entry into Force |
| ३१ | | Termination |

**१५.३.५ नेपालले गरेको दोहोरो कर मुक्ति सम्झौताका मुख्य अवधारणा**

कुनै आयमा कर नलाग्ने वा कम कर लाग्ने आदि विषयमा अर्को देशको सरकारसँग दोहोरो कर मुक्ति सम्झौता गर्न नेपाल सरकारलाई आयकर ऐन,२०५८ ले नै अधिकार प्रदान गरेको छ । नेपाल सरकारले विदेशी राष्ट्रसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता सम्पन्न गरेको छ । नेपालले हालसम्म विभिन्न ११ वटा राष्ट्रसँग दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता गरेको छ । दोहोरो कर मुक्ति सम्झौता गरिएको सबै देशसँग पूर्ण रूपमा( Comprehensive) सम्झौता भएको छ । नेपालले अन्य राष्ट्रसँग सम्झौता गर्दा UN Modelतथा OECD Model को व्यवस्था अनुरूप गरेको छ । नेपालले पहिलो दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता सन् १९८७ मा भारत सरकारसँग गरेको थियो । पछि क्रमशः नर्वे, थाइल्याण्ड, मौरिसस् आदि राष्ट्रसँग हस्ताक्षर भई हालसम्म ११ वटा राष्ट्रसँग सम्झौता भएको छ । नेपालले गरेको दोहोरो कर मुक्ति सम्झौतामा उल्लेख भएको मुख्य मुख्य बुँदा निम्नानुसार रहेको छ ।

(१) नेपालले हालसम्म सम्झौता गरेको ११वटा देशमध्ये नर्वे सरकारसँग भएको सम्झौतामा समावेश हुने करमा पुँजी (capital)लाई समेत समावेश गरेको छ । नर्वे सरकारसँग भएको सम्झौता "In respect of Income and/or Capital"मा भएको छ । अन्य राष्ट्रसँग भएको सम्झौता "In respect of Income"मा भएको छ ।

(२) नेपालले हस्ताक्षर गरेको दोहोरो कर मुक्ति सम्झौतामा कुनै व्यक्तिले निर्माण, जडान, स्थापना गर्ने आयोजनामा संलग्न रहेको स्थान तथा सो आयोजनाको सुपरीवेक्षण क्रियाकलाप सञ्चालन गरेको स्थान स्थायी संस्थापन हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा नेपालले UN Model को व्यवस्था अंगिकार गरेको छ ।

(३) कुनै व्यक्तिले कर्मचारीमार्फत वा अन्य प्रकारले कुनै देशको एक वा एकभन्दा बढी स्थानमा प्राविधिक, व्यावसायिक वा परामर्श सेवा प्रदान गरेको कारणले स्थायी संस्थापन रहेको मानिने गरी नेपालले सम्झौता गरेको छ । यस विषयमा सो देशमा संलग्न हुनपर्ने दिनको संख्या भने सम्झौता भएको देशमा फरक फरक छ ।

(४) नेपालले स्थायी संस्थापनको आय गणना गर्ने प्रयोजनको लागि केही देशसँग "Force of Attraction Rule" समेत अवलम्बन गरेको छ ।

(५) Shipping and Air Transport Enterprisesको सम्बन्धमा नेपालले सम्झौता गरेको अधिकांश सम्झौतामा त्यस्तो व्यवसाय सञ्चालन गर्ने व्यक्ति रहेको देशमा कर लाग्ने उल्लेख भएको छ ।

(६) नेपालले सम्झौता गरेको राष्ट्रको सरकार तथा केन्द्रीय बैंकलाई ब्याज बापत भुक्तानी गरेको ब्याजमा स्रोत देशमा कर नलाग्ने गरी सम्झौता गरेको छ ।

(७) कुनै खेलाडी तथा कलाकारले जुन देशमा आय आर्जन गरेको छ सोही देशमा कर लाग्ने व्यवस्था गरी सम्झौता भएको छ । तर कुनै खेलाडी वा कलाकारलाई भुक्तानी गरिएको रकम सार्वजनिक कोष (Public Funds)बाट गरिएको छ भने स्रोत भएको देशमा कर नलाग्ने व्यवस्था सहित नेपालले सम्झौता गरेको छ ।

(८) नेपालले अन्य राष्ट्रसँग गरेको सम्झौतामध्ये भारतसँग भएको सम्झौता बाहेक अन्यमा पुँजीगत लाभको विषयलाई समेत समावेश गरेको छ ।

(९) शिक्षक वा प्राध्यापकले अर्को देशमा शिक्षण वा प्राध्यापन पेशामा संलग्न रही गरेको आय आर्जनमा निश्चित अवधिको लागि कर नलाग्ने व्यवस्था समावेश गरी दोहोरो कर मुक्ति सम्झौता सम्पन्न गरेको छ ।

(१०) नेपाल सरकारले गरेको सबै सम्झौतामा रोयल्टी बापत प्राप्त आयमा एकमुष्ट १५ प्रतिशतले स्रोत देशमा कर लाग्ने उल्लेख भएको छ ।

(११) नेपालले गरेको सम्झौतामा कुनै व्यक्तिले अर्को देशमा आर्जन गरेको आयमा कर भुक्तानी गर्दा आय आर्जन गरेको देशमा दाखिला गरेको कर आफू बासिन्दा रहेको देशको आयकरमा मिलान गर्न पाउने व्यवस्था समावेश भएको छ । तर यसरी दाखिला गरेको करको मिलान नेपालको-बासिन्दा देशको) प्रचलित करको दर भन्दा बढी नहुने गरी अर्थात Ordinary Credit Method अपनाएको छ ।

(१२) नेपाल र भारतबीच गरिएको सम्झौताको धारा २७ मा कर संकलनसम्बन्धी विषय समावेश गरिएको छ । उक्त व्यवस्था अनुसार दुवै देशले राजस्व दाबी फछ्र्यौटमा एकले अर्कोलाई सहयोग पु¥याउनुपर्नेछ ।

नेपालले गरेको सम्झौतामा उल्लेख भएको मुख्य मुख्य बुँदा माथि उल्लेख भए बमोजिम छ । नेपालले गरेको सम्झौता अनुसार लाभांश, ब्याज तथा रोयल्टी बापत प्राप्त आयमा लाग्ने करको दर एवम् नेपालले सम्झौता गरेको देशको नाम तल उल्लेख गरिएको छ ।

**नेपाल सरकारले गरेको दोहोरो कर मुक्ति सम्झौता गरेको देश**

| क.सं. | सम्झौता गरेको देश | सम्झौता विषय |
|---|---|---|
| १. | भारत | आयको सम्बन्धमा(In respect of Income) |
| २. | नर्वे | आय तथा पूँजीको सम्बन्धमा(In respect of Income and/or Capital) |
| ३. | थाइल्याण्ड | आयको सम्बन्धमा(In respect of Income) |
| ४. | श्रीलंका | आयको सम्बन्धमा(In respect of Income) |
| ५. | मौरिसस | आयको सम्बन्धमा(In respect of Income) |
| ६. | अष्ट्रिया | आयको सम्बन्धमा(In respect of Income) |
| ७. | पाकिस्तान | आयको सम्बन्धमा(In respect of Income) |
| ८ | चीन | आयको सम्बन्धमा(In respect of Income) |
| ९. | दक्षिण कोरिया | आयको सम्बन्धमा(In respect of Income) |
| १०. | कतार | आयको सम्बन्धमा(In respect of Income) |
| ११. | बंगलादेश | आयको सम्बन्धमा(In respect of Income) |

**नेपालले गरेको दोहोरो कर मुक्ति सम्झौता गरेका देशसँग लाभांश, ब्याज तथा रोयल्टी आयमा लाग्ने करको दर निम्नानुसार रहेको छः**

| क.सं. | देशको नाम | लाभांशमा कर | ब्याजमा कर | रोयल्टीमा कर |
|---|---|---|---|---|
| १. | भारत | ५%, १०% | १० % | बढीमा १५ % |
| २. | नर्वे | ५ % १० %, १५ % | १० %, १५ % | बढीमा १५ % |
| ३. | थाइल्याण्ड | १५ %मा नबढ्ने | १० %, १५ % | बढीमा १५ % |
| ४. | श्रीलंका | १५ %मा नबढ्ने | १० %, १५ % | बढीमा १५ % |
| ५. | मौरिसस् | ५ % १० %, १५ % | १० %, १५ % | बढीमा १५ % |
| ६. | अष्ट्रिया | ५ % १० %, १५ % | १० %, १५ % | बढीमा १५ % |
| ७. | पाकिस्तान | १० %, १५ % | १० %, १५ % | बढीमा १५ % |
| ८ | चीन | १० % मा नबढ्ने | १० % | बढीमा १५ % |
| ९. | दक्षिण कोरिया | ५ % १० %, १५ % | १० %, | बढीमा १५ % |
| १०. | कतार | १० % मा नबढ्ने | १० % | बढीमा १५ % |
| ११. | बंगलादेश | १० %, १५ % | १० %, १५ % | बढीमा १५ % |

नोटः लाभांशमा लाग्ने करको फरक दर उल्लेख भएको देशसँग पुँजीको लगानीको प्रतिशतको आधारमा करको दर फरक रहने व्यवस्था भएको । तथापि नेपालको आयकर ऐन अनुसार लाभांशमा लाग्ने करको दर सम्झौतामा उल्लिखित दर भन्दा कम रहेको अवस्थामा कम दरलेनै कर लाग्दछ । अर्थात वर्तमान अवस्थामा, सम्झौतामा बढी दर उल्लेख गरिएको भएतापनि बासिन्दा निकायले लाभांश भुक्तानी गर्दा ५% का दरले कर कट्टी गर्नुपर्ने हुन्छ ।

**१५.३.६Tax Residency Certificate सम्बन्धमाः**

दोहोरो करमुक्ति सम्झौता अन्तर्गत सुविधा प्राप्त गर्न Tax Residencyयकिन गर्नुपर्ने हुन्छ। Tax Residencyप्रमाणितगर्न नसक्ने व्यक्तिलेदोहोरो करमुक्ति सम्झौता अन्तर्गतको सुविधा पाउन योग्य मानिदैन। Tax Residency Certificate आवश्यक भएको व्यक्तिले Double Taxation Avoidance Agreement (DTAA) अनुसार Tax Residency Certificate माग गर्न सक्छन। करदाताले Double Taxation Avoidance Agreement (DTAA) अनुसार Tax Residency Certificate माग गरेमा सम्बन्धित कार्यालयले अनुसूची ११ बमोजिमको ढाँचामा त्यस्तो Tax Residency Certificate जारी गर्नु पर्दछ।

# परिच्छेद १६

# भुक्तानीमा कर कट्टी

# (Withholding Tax)

१६.१ कर लाग्ने कारोबार गर्ने व्यक्तिलाई आयकरको दायरामा ल्याउन एवम् नियमित रूपले कर संकलन गर्ने उद्देश्यले आयकर ऐन, २०५८ को परिच्छेद १७ मा स्रोतमा कर कट्टीसम्बन्धी प्रावधान रहेका छन् । यसरी भुक्तानी कै समयमा अर्थात स्रोतमा नै कर कट्टी हुने प्रावधानलाई भुक्तानी (स्रोत) मा कर कट्टी (Tax Deduction at Source, TDS) भनिन्छ । भुक्तानी गर्दा लाग्ने कर रकम भुक्तानी प्राप्त गर्नेबाट कट्टा गर्ने हुँदा यसलाई Withholding Tax समेत भनिन्छ । आय गर्दाका बखतमा नै कर तिरिने भएकाले यसरी कर तिर्ने अवधारणालाई Pay As You Earn (PAYE) भनिन्छ । कर कट्टी गर्ने दायित्व भएको व्यक्तिले ऐनले तोकेको भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा स्पष्ट पार्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

**१६.२ भुक्तानीमा कर कट्टी (Withholding Tax)**

**१६.२.१ भुक्तानीमा कर कट्टीसँग सम्बन्धित पक्ष :**

आयकर ऐन, २०५८ को परिच्छेद १७ मा भुक्तानीमा कर कट्टी सम्बन्धी व्यवस्था छ । भुक्तानीमा कर कट्टी भन्नाले कुनै पनि व्यक्तिले आय वर्षमा गरेको आयलाई ऐनको परिच्छेद १७ अन्तर्गत उल्लिखित दफामा उल्लेख गरिएका भुक्तानीका किसिममा भुक्तानी गर्दा कै अवस्थामा तोकिएको दरले कर कट्टा गरी बाँकी रकम भुक्तानी गरिने प्रणालीलाई भुक्तानीमा कर कट्टी (Withholding Tax) भनिन्छ । खासगरी यस्तो प्रणाली लगानीबाट भएको आय, लाभांश, रोजगारीको आय, सेवाशुल्क, ठेक्का पट्टा (Contract) आदिमा गरिने भुक्तानीमा त्यस्तो भुक्तानी हुँदाका अवस्थामा नै अग्रिम कर कट्टा गरी बाँकी रकम भुक्तानी गरिन्छ । यस प्रणालीले गर्दा सरकारलाई अग्रिममा राजस्व संकलन पनि हुने र करको दायरामा बढी करदाता पनि समेटिनुका साथै सरकार तथा करदाता दुवैको कर संकलन लागत (Compliance Cost) पनि न्यून हुन जान्छ । विशेष गरी असंगठित क्षेत्र, छरिएका र साना भुक्तानी एवं निष्कृय आय हुने प्राकृतिक व्यक्ति (Hard to Tax Group) को आयमा कर लगाउने उद्देश्यले समेत यस्तो प्रबन्ध गरिएको हो ।

भुक्तानीमा कर कट्टी गर्ने सन्दर्भमा अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) र अग्रिम कर कट्टी हुने व्यक्ति (Withholdee)दुई महत्वपूर्ण पक्ष हुन्छन् ।

**ऐनको दफा २ को खण्ड (क) बमोजिम “अग्रिम कर कट्टी गर्ने व्यक्ति” भन्नाले रोजगारी, लगानी प्रतिफल, सेवा शुल्क तथा ठेक्का वा करार समेतको भुक्तानी गर्दा परिच्छेद-१७ बमोजिम अग्रिम कर कट्टी गर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ ।**

बासिन्दा व्यक्तिले गरेको भुक्तानीमा मात्र कर कट्टी गर्नु पर्दछ । यस हिसाबले गैर बासिन्दा व्यक्ति अग्रिम कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) हुन सक्तैन । अर्कातिर ऐनको परिच्छेद १७ अन्तर्गतका भुक्तानी पाउने व्यक्ति अग्रिम कर कट्टी हुने व्यक्ति (Withholdee) भएकाले भुक्तानीको प्रापक बासिन्दा वा गैर बासिन्दा जोसुकै व्यक्ति हुन सक्तछ ।

आयकर ऐन, २०५८ ले विभिन्न भुक्तानीमा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था गरेकोछ । यसरी अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्दा ऐनमा तोकेको दर अनुसार हुने रकम कट्टा गरी बाँकी रकम मात्र सो व्यक्तिलाई भुक्तानी गर्नुपर्ने हुन्छ । यस्तो कर कट्टी गर्नुपर्ने दायित्व भएको व्यक्तिलाई अग्रिम कर कट्टी गर्ने व्यक्ति भनिन्छ ।

उदाहरणको लागि कुनै बासिन्दा रोजगारदाताले आफ्नो कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा भुक्तानीमा कर कट्टा गरी भुक्तानी गर्नुपर्ने दायित्व भएको अवस्था रहेछ भने यस्ता रोजगारदातालाई अग्रिम कर कट्टी गर्ने व्यक्ति भनिन्छ । त्यस्तै, कुनै कम्पनीले कुनै परामर्शदातालाई कुनै काम लगाए बापत कर कट्टी गरेर सेवा शुल्क भुक्तानी गर्दछ भने त्यसरी कर कट्टी गरेर सेवा शुल्क भुक्तानी गर्ने व्यक्तिलाई अग्रिम कर कट्टी गर्ने व्यक्ति मानिन्छ । समष्टिगत रूपमा तल उल्लिखित व्यक्तिलाई अग्रिम कर कट्टी गर्ने व्यक्तिको रूपमा लिइन्छ ।

| क्र.सं. | भुक्तानी (आय) को किसिम | अग्रिम कर कट्टी गर्ने व्यक्ति | ऐनको दफा |
|---|---|---|---|
| १ | नेपालमा स्रोत भएको रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको पारिश्रमिक | पारिश्रमिक भुक्तानी गर्ने बासिन्दा रोजगारदाता | ८७(१) |
| २ | नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा बिक्री बोनस र अवकाश भुक्तानी | भुक्तानी गर्ने बासिन्दा व्यक्ति | ८८(१) |
| ३ | ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी | भुक्तानी गर्ने बासिन्दा व्यक्ति | ८९(१) |
| ४ | आकस्मिक लाभ बापतको रकमको भुक्तानी | भुक्तानी दिने व्यक्ति | ८८क.(१) |

अग्रिम कर कट्टी गर्ने व्यक्ति खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण १६.२.१: मानौं, नेपाल राष्ट्र बैंकमा नोट जलान गर्ने कार्यमा गठित समितिमा नेपाल सरकारको तर्फबाट जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि रहने व्यवस्था रहेछ । उक्त समितिको बैठकमा उपस्थित भए बापत बैठक भत्ता रु.२५०।-को व्यवस्था रहेछ । सोही व्यवस्था बमोजिम श्रीमती सुनयना स्वांरलाई उक्त समितिमा उपस्थित भए बापत नेपाल राष्ट्र बैंकबाट प्राप्त हुने बैठक भत्ता भुक्तानी रु.२५०।- मा ऐनको दफा ८८ अनुसार १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी बाँकी रकम रु.२१२।५० निजलाई भुक्तानी गर्नुपर्ने हुन्छ । यस कार्यमा नेपाल राष्ट्र बैंकलाई अग्रिम कर कट्टी गर्ने व्यक्ति भनिन्छ ।

ऐनको दफा २ को खण्ड (ण) मा कर कट्टी हुने व्यक्तिलाई निम्नानुसार परिभाषित गरिएको छ:

**“कर कट्टी हुने व्यक्ति” भन्नाले रोजगारी, लगानी प्रतिफल, सेवा शुल्क तथा ठेक्का वा करार समेतको भुक्तानी गर्दा परिच्छेद-१७ बमोजिम कर कट्टी गरी भुक्तानी प्राप्त गर्ने वा भुक्तानी प्राप्त गर्ने अधिकार भएको व्यक्ति सम्झनु पर्छ ।**

कर कट्टी हुने व्यक्ति भन्नाले भुक्तानी प्राप्त गर्दा स्रोतमा कर कट्टा भई भुक्तानी प्राप्त गर्ने व्यक्तिलाई जनाउँछ । कर कट्टी हुने व्यक्ति बासिन्दा वा गैर बासिन्दा जो सुकै हुन सक्तछ तर अवस्था अनुसार कर कट्टीको दर भने फरक हुन सक्तछ । सो व्यवस्था तलको उदाहरणबाट स्पष्ट गरिएको छ:

उदाहरण १६.२.२: माथि उदाहरण १६.२.१ मा उल्लेख गरिएको उदाहरणमा अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.२१२।५० प्राप्त गर्ने श्रीमती सुनयना स्वांरलाई अग्रिम कर कट्टी हुने व्यक्ति भनिन्छ ।

### १६.२.२ रोजगारदाताबाट कर कट्टी :

ऐनको दफा ८७ मा रोजगारदाताबाट रोजगारीको आय भुक्तानीमा कर कट्टी सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छ :

**(१) प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची -१ बमोजिमको दरले हुने कर कट्टी गर्नु पर्नेछ ।**

**(२) उपदफा (१) बमोजिम कर कट्टी गर्नुपर्ने रोजगारदाताको दायित्व देहायको कारणले घट्ने वा समाप्त हुने छैन :-**

**(क) रोजगारदाताले उल्लिखित भुक्तानीबाट अन्य कुनै रकम कट्टी गर्ने वा रोक्का राख्ने वा घटाउने अधिकार वा कर्तव्य भएकोमा, वा**

**(ख) अन्य प्रचलित कानुन बमोजिम कर्मचारी वा कामदारको रोजगारीबाट भएको आय घटाउन नपाउने भएकोमा ।**

ऐनको दफा ८ अनुसार समावेश गरिने रोजगारीको आयमा छुट तथा सुविधा घटाई हुन आउने करयोग्य आयमा ऐनको अनुसूची-१ मा उल्लेख गरिएको करको दर अनुसार हुन आउने कर दायित्वमा रोजगारदाताले भुक्तान गरेको औषधि उपचार बापतको कर मिलान (Medical Tax Credit)गरी सकेपछिको खुद कर रकमलाई दामासाहीले मासिक रूपमा निजको पारिश्रमिकबाट कट्टा गरी सम्बन्धित कार्यालयमा प्रत्येक महिना समाप्त भएको २५ गतेभित्र बुझाउनु पर्दछ । यसरी रोजगारीबाट भएको आयको कर दायित्व यकिन गरी कर कट्टा गर्ने दायित्व यस ऐनले रोजगारदातालाई तोकेको छ । यसरी कर दायित्व यकिन गर्ने प्रयोजनको लागि रोजगारदाताले पारिश्रमिक भुक्तानीबाट अन्य कुनै रकम (जस्तै, पेश्की बापत कट्टा गर्नुपर्ने रकम) घटाउन पाउने अधिकार भएतापनि रोजगारदाताको रोजगारीको आयमा कर कट्टी गर्ने दायित्व समाप्त हुदैन । यसको अलावा यो ऐन बाहेक अन्य प्रचलित कानुन बमोजिम रोजगारीको आय घटाउन नपाउने भनी तोकिएको भएतापनि रोजगारदाताको रोजगारीको आयमा कर कट्टी गर्ने दायित्व समाप्त हुने छैन । सो व्यवस्था तलको उदाहरणबाट स्पष्ट गरिएको छ ।

| |
|---|
| उदाहरण १६.२.३ : मानौं, आर्थिक वर्ष २०७६।७७ मा नेपाल सेवा बैंक लि.को एक कर्मचारीको मासिक पारिश्रमिक रु.५०,०००।- रहेछ । सो बैंकले निजको मासिक भुक्तानीमा नियमानुसार रु.४,५००।- कर कट्टा गर्नुपर्ने रहेछ । आषाढ २०७७ को पारिश्रमिकबाट बैंकले निजले लिएको पेश्की बापत रु.४८,०००।- कट्टा गर्नुपर्ने रहेछ । अर्थात सो महिना निजले रु.२,०००।-मात्र नगद भुक्तानी प्राप्त गर्न सक्ने रहेछन् । यस अवस्थामा निजको पारिश्रमिक भुक्तानीबाट बैंकले पेश्की बापत रु.४८,०००।- कट्टा गर्न सक्ने भए तापनि कर कट्टी गर्नुपर्ने दायित्वबाट सो बैंक उन्मुक्त हुन सक्दैन । यसरी पेश्की रकम कट्टा गर्नु अगाडि नियमानुसार हुन आउने कर रु.४,५००।- कट्टा गरी सो रकम सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्ने हुन्छ । |
| उदाहरण १६.२.४: मानौं, नेपाल सेवा बैंक लि.ले प्रमुख कार्यकारी अधिकृतलाई निजको पारिश्रमिकमा कर नकाटी एकमुष्ट रूपले भुक्तानी गर्ने शर्तमा आर्थिक वर्ष २०७६।७७ को लागि वार्षिक रु.४०,००,०००।-पारिश्रमिक पाउने गरी नियुक्त गरेको रहेछ । सेवाको शर्त बमोजिम बैंकले निजलाई पारिश्रमिक भुक्तानी गर्दा स्रोतमा कर कट्टा गर्न नसक्ने भए तापनि सो बैंकले प्रमुख कार्यकारी अधिकृतको रोजगारीको आयमा कर कट्टी गर्ने दायित्व समाप्त हुने छैन र सो बैंकले निजलाई भुक्तान गर्ने पारिश्रमिकमा (निजको हैसियत प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी छनौट गर्ने दम्पत्ति मान्दा) निम्नानुसार निजको तर्फबाट बैंकले तिरेको करलाई समेत आय मानी कुल पारिश्रमिक (Backward Calculation ofGross Salary) गणना गरी सो बमोजिम हुन आउने रु.१७,९६,०९३।-कर कट्टी गरी दाखिला गर्नु पर्दछ । |

| | | | |
|---|---|---|---|
| कुल रोजगारीको आय रु. | | | ५७,९६,०९३।- |
| रु.४,५०,०००।-सम्म (दम्पत्ति) | ४,५०,०००।- | १%ले | ४,५००।- |
| त्यसपछिको पहिलो रु. | १,००,०००।- | १०%ले | १०,०००।- |
| त्यसपछिको २ लाखसम्म रु. | २,००,०००।- | २०% ले | ४०,०००।- |
| त्यसपछिको २० लाखसम्म रु | १२,५०,०००।- | ३०% ले | ३,७५,०००।- |
| बाँकी रु. | ३७,९६,०९३।- | ३६% ले | १३,६६,५९३।- |
| कुल कर रकम रु.<br>कर पछिको पारिश्रमिक रकम रु. | | | १७,९६,०९३।-<br>४०,००,०००।- |

ऐनको अनुसूची-१ को दफा १(२)(ङ) अनुसार २० लाख रुपैयाँभन्दा बढी करयोग्य आय हुने व्यक्तिले बढी भएजतिको रकममा ३० प्रतिशत कर र सोमा २० प्रतिशतले अतिरिक्त कर लाग्ने व्यवस्था भए अनुरूप सो बढी भएजतिको रकममा करको गणना ३६ प्रतिशतले गरिएको ।

यसरी कर दायित्व पछाडिको पारिश्रमिक निर्धारण गर्दा निजलाई दिनुपर्ने जम्मा पारिश्रमिक बराबरको रकम आउने गरी कुल पारिश्रमिकमा आवश्यक कर दायित्व समेत समायोजन गर्नुपर्दछ ।

### १६.२.३ रोजगारदाताले पारिश्रमिक भुक्तानीमा कर कट्टी गर्ने तरिका :

रोजगारदाताले पारिश्रमिक भुक्तानीमा कर कट्टी गर्ने तरिकाका सम्बन्धमा आयकर नियमावलीको नियम ३१ मा निम्नानुसारको व्यवस्था रहेको छ :

*३१: कुनै रोजगारदाताले ऐनको दफा ८७ को उपदफा (१) बमोजिम रोजगारीबाट अग्रिम कर कट्टी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-*

*(क) ऐनको दफा ५१ बमोजिम औषधि उपचार बापत कर मिलान गर्न पाउने भए त्यसलाई मिलान गर्न सक्ने, र*

*(ख) कर्मचारी वा कामदारको वार्षिक पारिश्रमिकमा लाग्ने करको दामासाहीको हिसाबले मासिक रूपमा अग्रिम कर कट्टी गर्नुपर्ने ।*

माथि उल्लेख गरिए अनुसार कुनै पनि रोजगारदाताले कर कट्टी गर्दा निम्नानुसार गर्नु पर्दछ:

१. रोजगारदाताले कामदार वा कर्मचारीलाई आय वर्षको पहिलो भुक्तानी गर्नु अगावै सो कर्मचारी वा कामदारले प्राप्त गर्न सक्ने रकम गणना गरी रोजगारीको आयको निर्धारणयोग्य आय (अर्थात आयमा समावेश गर्नुपर्ने कुल रकम)यकिन गर्नुपर्दछ । शुरु अनुमान बमोजिम आय तथा कर निर्धारण गरी मासिक रूपले समानुपातिक आधारमा कट्टा गरिएको रकममा कुनै परिवर्तन भएमा त्यसरी फेरबदल भएको महिनाको पारिश्रमिक भुक्तानी गर्नु अगावै सो आयमा संशोधन गरी रोजगारीको आय यकिन गर्नु पर्दछ ।

२. ऐनको दफा ६३ को उपदफा (२) र नियम २१ अनुसार रोजगारदाताले भुक्तान गरी दिएको स्वीकृत अवकाश कोषमा गरेको योगदान भए सो रकम घटाउनु पर्दछ ।

३. दुर्गम क्षेत्रमा कार्यरत कर्मचारी भए ऐनको अनुसूची-१ को दफा १ को उपदफा (५) बमोजिम दुर्गम भत्ता बापत तोकिएको रकम निजको करयोग्य आयबाट घटाउनु पर्दछ ।

४. ऐनको अनुसूची-१ को दफा १ को उपदफा (६) बमोजिम नेपालका विदेशस्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारी भए निजले प्राप्त गरेको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम निजको करयोग्य आयबाट घटाउनु पर्दछ ।

५. कुनै बासिन्दा कर्मचारी अपाङ्ग रहेछ भने ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१०) बमोजिमको रकम(आ.व.२०७६।७७ मा एकल व्यक्ति भए रु.२,००,०००।-एवम् दम्पती भएमा रु.२,२५,०००।-) करयोग्य आयबाट घटाउनु पर्दछ ।

६. बासिन्दा कर्मचारीले लगानी बीमा (जस्तै, जीवन बीमा) गरेको भए ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१२) बमोजिमरु.२५,०००।-वा भुक्तान गरिएको बीमा प्रिमियममध्ये जुन घटी हुन्छ सो रकम निजको करयोग्य आयबाट घटाउनु पर्दछ । त्यस्तै स्वास्थ्य बीमा गरेको भए ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१६) बमोजिम रु.२० हजार वा भुक्तानी गरिएको प्रिमियममध्ये जुन घटी हुन्छ सो रकम निजको करयोग्य आयबाट घटाउन पाइन्छ ।

७. बासिन्दा कर्मचारी एकल व्यक्ति भए ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१) एवम्एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी छनौट गर्ने दम्पत्ति भए उपदफा (२) अनुसार लाग्ने करको गणना गरी कर दायित्व यकिन गर्नु पर्दछ ।

८. गैर बासिन्दा कर्मचारी भए समदरमा २५ प्रतिशतको दरले करको गणना गर्नुपर्दछ ।

९. ऐनको अनुसूची-१ को दफा १ को उपदफा (११) बमोजिम कुनै बासिन्दा प्राकृतिक व्यक्ति रोजगारीको आय मात्र आर्जन गर्ने महिला रहिछिन् भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट दिई कर रकम यकिन गर्नुपर्दछ ।

१०. कर दायित्व यकिन भइसकेपछि बासिन्दा कर्मचारी वा कामदारको हकमा रोजगारदाताले भुक्तान गरेको दफा ५१ अनुसारको औषधोपचार कर मिलान गर्नुपर्दछ ।

११. कर मिलान पश्चात हुन आउने खुद कर दायित्वलाई १२ महिनाले वा नोकरी अवधि सोभन्दा कम भए सोही बमोजिम दामासाहीले भाग गर्दा हुन आउने कर दायित्व पारिश्रमिक भुक्तानीबाट कट्टा गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ ।

पुनश्चः १. एक पटकमा एउटा मात्र बासिन्दा रोजगारदाता भएको रोजगारी आय हुने व्यक्तिको कर रोजगारदाताले कट्टा गरेको रकममात्र हुने भएकाले आय वर्षको बीचमा रोजगारदाता परिवर्तन गरेका व्यक्तिले अघिल्लो रोजगारदाताबाट प्राप्त गरेको रकम र भुक्तानीमा कट्टा गरेको रकम उल्लेख भएको विवरण दफा ९१ बमोजिमको प्रमाणपत्र नयाँ रोगजारदातासमक्ष पेश गर्नु पर्दछ । नयाँ रोजगारदाताले पनि सो आय वर्षको भुक्तानीमा कर कट्टा गर्दा सो विवरण अनुसार समायोजन गर्नु पर्दछ ।

२. रोजगारीको आय आर्जन गर्ने व्यक्तिको रोजगारीको आयबाहेक निवृत्तिभरण आय समेत भएमा, रोजगारीको आयका साथै व्यवसाय वा लगानी वा दुवैको आय भएमा,एक पटकमा एक भन्दा बढी रोजगारदाता भएमा, गैर बासिन्दा रोजगारदाताबाट आय प्राप्त गर्ने भएमा, ऐनको दफा १२ बमोजिमको चन्दा खर्च छुट दाबी गर्ने भएमा वा रोजगारदाताले जम्मा गरिदिएको अवकाश योगदान बाहेक थप अवकाश योगदान बापत छुट दाबी गर्न परेमा सम्बन्धित कार्यालय समक्ष आय विवरण दाखिला गर्नु पर्दछ । सो व्यवस्था तलको उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १६.२.५: मानौं, देवेश खड्का भन्ने एकल व्यक्ति World and Nepal भन्ने एक संस्थामा ६ महिनाको Contract मा २०७६ भाद्र १ देखि २०७६ माघ मसान्तसम्म कार्यरत रहेछन् । उक्त संस्थाले सो अवधिमा निम्नानुसारको भुक्तानी गरेको रहेछ ।

- तलब मासिक रु.१,००,०००।-
- निजलाई कार्यालय तथा व्यक्तिगत प्रयोजनको लागि एक ड्राइभरसहितको कार उपलब्ध गराएको रहेछ ।

सो संस्थाले भुक्तानी गरेको रकममा नियमानुसारले मासिक रूपमा कर कट्टा गरी सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

| विवरण | | रकम रु. |
|---|---|---|
| तलब | | ६,००,०००।- |
| गाडी सुविधा | | ३,०००।- |
| रोजगारीको निर्धारणयोग्य आय | | ६,०३,०००।- |
| छुट रकम | | - |
| करयोग्य आय | | ६,०३,०००।- |
| करको गणना | | |
| रु. ४,००,००० मा १% ले | ४,०००।- | |
| रु. १,००,००० मा १०% ले | १०,०००।- | |
| बाँकी रु. १,०३,००० मा २०% ले | २०,६००।- | |
| जम्मा कर दायित्व | | ३४,६००।- |
| प्रति महिना कर दायित्व(३४,६००/६) | | ५,७६६।- |

सो संस्थाले निजको मासिक तलवबाट रु.५,७६६।-कर कट्टा गरी अर्को महिनाको २५ गते भित्र सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ ।

उदाहरण १६.२.६: मानौ, भाई राजा भन्ने व्यक्ति कुनै एक वाणिज्य बैंकमा प्रबन्धकको रूपमा कार्य गर्दै आएका रहेछन् । निजले आ.व.२०७६।७७ मा निम्नानुसारको आय रोजगारदाताबाट प्राप्त गरेका रहेछन् ।

| | |
|---|---|
| तलब मासिक | रु.१,६०,०००।- |
| दशै खर्च | रु.१,६०,०००।- |
| शैक्षिक भत्ता | रु.५,०००।- प्रति महिना |
| महँगी भत्ता | रु.५,०००।- प्रति महिना |
| बोनस | रु.२,००,०००।- |

- निजलाई कार्यालय तथा व्यक्तिगत प्रयोजनको लागि एक ड्राइभरसहितको कार उपलब्ध गराएको रहेछ ।
- ड्राइभरको मासिक तलब तथा भत्ता रु.२०,०००।- बैंकले नै भुक्तानी गर्दो रहेछ ।
- उक्त मुख्य प्रबन्धकको गाडीको लागि मासिक पेट्रोल खर्च सरदर रु.२०,०००।-लाग्दो रहेछ र सो कारको लागि आ.व.२०७६।७७ मा रु.४०,०००।-को मर्मत खर्च लागेको रहेछ । यी रकमको भुक्तानी बैंकले नै गर्दो रहेछ ।
- निजलाई कार्यालयको आवास व्यवस्था समेत उपलब्ध गराइएको छ ।
- निजलाई निजको आवासमा जडान गरिएको टेलिफोन खर्च बापत रु.५,०००।-प्रति महिना कार्यालयले उपलब्ध गराउने गरेको रहेछ, सोमध्ये व्यक्तिगत खर्च ५०% ।
- निजको आवासमा रेखदेख गर्नको लागि एकजना सेक्यूरिटी गार्ड उपलब्ध गराएको र निज गार्डलाई प्रति महिना रु.२०,०००।-उपलब्ध गराएको रहेछ र गार्ड प्रयोग गरेबापत निज प्रबन्धकको मासिक तलबबाट रु.५,०००।-कट्टा गर्ने गरिएको रहेछ ।
- निजले आवास ऋण बापत कार्यालयबाट ५% दरले ब्याज तिर्ने गरी रु.३०,००,०००।-को कर्जा वर्षभरि उपभोग गरेका रहेछन् । उक्त संस्थाले यस्तै किसिमको कर्जा अन्य ऋणीलाई दिंदा औसत ८% का दरले ब्याज लिने गरेको रहेछ ।
- निजले २०७६ मंसिरमा घर बिदा बापत एक महिनाको तलब पनि प्राप्त गरेका रहेछन् ।
- कार्यालयले निजले खाइपाई आएको तलबको १०% र सोमा त्यत्तिनै रकम थप गरी

कर्मचारी सञ्चय कोष (स्वीकृत अवकाश कोष) मा जम्मा गरिदिने गरेको र निजको सहमतिमा कार्यालयले नागरिक लगानी कोषमा प्रति महिना रु.२०,०००।-का दरले जम्मा गर्ने गरेको रहेछ ।

- निजले आफ्नो लागि रु.२,५०,०००।- को र आफ्नो श्रीमतीको लागि रु.१,५०,०००।-को जीवन बीमा नेपाल बीमा संस्थानमा गरेका रहेछन् र सो बापतको प्रिमियम सो आ.व.मा क्रमशः रु.१९,०००।-तथा १४,०००।-तिरेका रहेछन् ।
- निजले २०७६को श्रावण महिनामा त्रि.वि.शिक्षण अस्पतालमा स्वास्थ्योपचारमा रु.२०,०००।- खर्च गरेका रहेछन् ।
- निज र निजकी श्रीमतीले सो आ.व.मा दम्पती हुनको लागि छनौट गरेका रहेछन् र सो आ.व.मा निजकी श्रीमतीको कुनै आय रहेनछ ।

निजको निर्धारणयोग्य आय, करयोग्य आयको गणना निम्नानुसार गर्नु पर्दछ ।

| विवरण | | रकम रू. |
|---|---|---|
| तलब (१,६०,०००X१२) | | १९,२०,०००।- |
| दशैं खर्च | | १,६०,०००।- |
| शैक्षिक भत्ता (५,०००X१२) | | ६०,०००।- |
| महंगी भत्ता (५,०००X१२) | | ६०,०००।- |
| बोनस | | २,००,०००।- |
| गाडी सुविधा (१९,२०,०००X०.५%) | | ९,६००।- |
| ड्राइभरको तलब भत्ता (तल नोटमा उल्लेख) | | नलाग्ने |
| पेट्रोल खर्च (तल नोटमा उल्लेख) | | नलाग्ने |
| मर्मत खर्च (तल नोटमा उल्लेख) | | नलाग्ने |
| आवास सुविधा (१९,२०,०००X२%) | | ३८,४००।- |
| टेलिफोन खर्च (५,०००X१२X५०%) | | ३०,०००।- |
| गार्ड खर्च (२०,०००-५०००)X१२ | | १,८०,०००।- |
| व्याज खर्च (८%-५%)X३०,००,००० | | ९०,०००।- |
| घर विदावापत प्राप्त रकम | | १,६०,०००।- |
| अवकाश कोषमा योगदान रू. | | १,९२,०००।- |
| **रोजगारीको निर्धारणयोग्य आय रू.** | | **३१,००,०००।-** |
| छुट रकम | | |
| छुट पाउने अवकाश योगदान रु. | | ३,००,०००।- |
| सञ्चयकोषमा जम्मा गरेको रु. | १,९२,०००।- | |
| रोजगारकर्ताको पारिश्रमिकबाट कट्टा गरी सञ्चयकोषमा जम्मा गरेको रु. | १,९२,०००।- | |
| रोजगारदाताले रोजगारकर्ताको सहमतिमा नागरिक लगानी कोषमा जम्मा गरेको रु. | २,४०,०००।- | |
| जम्मा अवकाश योगदान रु. | ६,२४,०००।- | |
| निर्धारणयोग्य आयको एक तिहाई रु. | १०,३३,३३३।३३ | |
| अधिकतम सीमा रु. | ३,००,०००।- | |
| **करयोग्य आय रु.** | | **२८,००,०००।-** |
| जीवन बीमा प्रिमियम बापत घटाउन पाउने रु. | | (२५,०००।-) |
| आफनो र आफनो श्रीमतिको लागि तिरेको प्रिमियम रु. | ३३,०००।- | |

| | | | |
|---|---|---|---|
| | अधिकतम सीमा रु. | २५,०००।- | |
| | करयोग्य आय (करको गणनाको लागि) | | २७,७५,०००।- |
| | करको गणना | | |
| | रु.४,५०,०००।-सम्म १% | ४,५००।- | |
| | रु.१,००,०००।-मा १०% | १०,०००।- | |
| | बाँकी रु.२,००,०००।-मा २०% | ४०,०००।- | |
| | बाँकी रु.१२,५०,०००।-मा ३०% | ३,७५,०००।- | |
| | बाँकी रु.७,७५,०००।- मा ३६% | २,७९,०००।- | |
| | जम्मा रु. | ७,०८,५००।- | |
| | न्यून औषधि खर्च मिलान रु. | ७५०।- | |
| | **जम्मा कर दायित्व रु.** | | ७,०७,७५०।- |
| | **प्रति महिना कर दायित्व रु.** | (७,०७,७५०/ १२) | ५८,९७९।१६ |
| | निजको मासिक तलबबाट रु.५८,९७९।१६ कर कट्टा गरी अर्को महिनाको २५ गतेभित्र सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ । **नोटः गाडी सुविधा बापत दफा २७(१)(ख) बमोजिम तलबको ०.५% हुने रकम आयमा समावेश गरेकोले सोही सुविधा अन्तर्गतका अन्य रकम समावेश गर्नु नपर्ने ।** | | |

एक पटकमा एउटा मात्रै बासिन्दा रोजगारदाता भएको र कर्मचारी वा कामदारको रोजगारीको आय नेपाल स्रोत भएको रोजगारीबाट मात्रै भएको र रोजगारदाताले भुक्तानी गरेको औषधोपचार खर्च वा अवकाश योगदान बाहेक अन्य खर्च वा कर मिलान दाबी नभएको कर्मचारीको हकमा दफा ८७ अनुसार रोजगारदाताबाट कर कट्टा गरेको रकम नै अन्तिम कर मानिने हुँदा उक्त रकम सम्बन्धित कार्यालयमा दाखिला गरेमा यस ऐनको दफा ३ को खण्ड (ग) मा उल्लेख भए बमोजिमको व्यक्तिले कर दायित्व पूरा गरेको मानिन्छ । त्यस्तो व्यक्तिले आय विवरण बुझाउनु पर्दैन र रोजगारदाताले कट्टा गरी जम्मा गरिदिएको कर रकम नै अन्तिम हुनेछ ।

रोजगारी आय हुने रोजगारकर्ताले व्यक्तिगत स्थायी लेखा नम्बर {Personnel Permanent Account Number (P-PAN)}लिनुपर्ने र रोजगारदाताले रोजगारकर्तालाई पारिश्रमिक भुक्तानी गर्दा स्रोतमा कर कट्टी गरेको रकम सम्बन्धित कार्यालयमा दाखिला गर्दा उक्त रोजगारकर्ताको स्थायी लेखा नम्बर समेत उल्लेखगरीE-TDS मार्फत विवरण दाखिला गर्नु पर्नेछ ।

**१६.२.४ लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा कर कट्टी :**

ऐनको दफा ८८ मा लगानी प्रतिफल र सेवा शुल्कको भुक्तानी गर्दा भुक्तानीमा कर कट्टी सम्बन्धी निम्नानुसारको प्रावधानको व्यवस्था गरेको छ :

८८(१) **बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस,अवकाश भुक्तानी, रअन्य कुनै प्रतिफलको रकमभुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ ।**

बासिन्दा व्यक्ति भन्नाले प्राकृतिक व्यक्तिको हकमा सामान्य बसोबासको स्थान नेपालमा रहेको वा अविछिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सोभन्दा बढी नेपालमा रहेको वा नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको जुनसुकै अवस्था भएपनि त्यस्तो व्यक्तिलाई नेपालको बासिन्दा मानिन्छ । त्यस्तै निकायको (अन्य व्यक्ति) हकमा सामान्यतया: नेपालमा दर्ता भएको निकायलाई जनाउँदछ ।

त्यस्तै नेपालमा स्रोत भएको भुक्तानी भन्नाले नेपालमा रहेको सम्पत्ति बापत वा सम्पत्ति प्रयोग बापत भुक्तानी, नेपालमा गरेको दायित्व बापतको भुक्तानी वा नेपालमा आधार रहेको कारोबारबाट प्राप्त भुक्तानीलाई सामान्यतयाः नेपाल स्रोत भएको भुक्तानी मानिन्छ ।

**ऐनको दफा २ को खण्ड (श) बमोजिम "प्राकृतिक स्रोत बापतको भुक्तानी" भन्नाले देहायको कुनै भुक्तानीको रकम सम्झनु पर्छ :-**

(१) **जमिनबाट पानी, खनिज पदार्थ वा अन्य जीवित वा निर्जीव स्रोत निकाल्ने अधिकार प्राप्त गरेबापतको भुक्तानी, वा**

(२) **जमिनबाट समग्र वा आंशिक रूपमा निकालिएको प्राकृतिक स्रोत र खनिज पदार्थको जीवित वा निर्जीव स्रोतको परिमाण वा मूल्यका आधारबाट गणना गरिएको रकम ।**

**ऐनको दफा २ को खण्ड (कम) बमोजिम "सेवा शुल्क" भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ ।**

उदाहरणको लागि परामर्शदातालाई निजले सेवा उपलब्ध गराए बापत दिइने भुक्तानी (Consultancy Fee), लेखापरीक्षण सेवा उपलब्ध गराए बापत लेखापरीक्षकलाई दिइने पारिश्रमिक सेवा शुल्क हुन्छ । तर आन्तरिक लेखापरीक्षक भुक्तानीकर्ताको कर्मचारी भए निजलाई दिइने पारिश्रमिक भने रोजगारी अन्तर्गत पर्दछ ।

कर छुट भएको गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, कुनै नियोग, कार्यालय वा अन्य कुनै संस्थाले आफूलाई कुनै प्रतिफल प्राप्त नहुने कार्यको लागि स्थानीय रूपमा दिएको अनुदान (Local Subsidy), परामर्श सम्बन्धी सम्झौता (Consulting Contract)वा अन्य कुनै सम्झौता (Contract) को रूपमा सेवा सम्बन्धि सम्झौता गरी रकम भुक्तानी गर्दा निम्नानुसार गर्नुपर्छः

१. कर छुटको प्रमाणपत्र पेश गरेको संस्थालाई सो संस्थाको उद्देश्य अनुसारको कार्यक्रम सञ्चालन गर्न प्रतिफलको आस नगरी अनुदान भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नु पर्दैन । यस्को अर्थ भुक्तानीकर्ताले कर छुट पाएको संस्थालाई भुक्तानी गरेको हुनुपर्छ, भुक्तानीकर्ताले कुनै किसिमको प्रतिफलको आस गरेको वा कुनै प्रतिफल प्राप्त गरेको हुनु हुदैन, भुक्तानीको स्वरूप अनुदानको रूपमा हुनुपर्छ र यस्तो भुक्तानी सो कर छुट पाएको संस्थाको उद्देश्य अनुसारको कार्य सञ्चालन गर्नको लागि गरिएको हुनुपर्दछ । यी सबै शर्त पूरा भए मात्र भुक्तानीको अवस्थामा कर कट्टी गर्नु पर्दैन ।

२. कर छुटको प्रमाणपत्र पेश गरे पनि माथि खण्ड (१) मा उल्लिखित कुनै शर्त पुरा नभएको भुक्तानी गर्दा वा कर छुटको प्रमाणपत्र पेश नगर्ने संस्थालाई भुक्तानी गर्दा वा अन्य कुनै व्यक्तिलाई भुक्तानी गर्दा निम्नानुसार गर्नुपर्दछः

- भुक्तानीकर्ताको तर्फबाट हुने खर्चको बिल, भौचर र खर्चको प्रमाण पेश गरेपछि सोधभर्ना गर्ने वा हिसाव फछ्र्यौट गर्ने रकमको हकमा यस्तो रकम भुक्तानी प्राप्त गर्ने संस्था वा व्यक्तिको आम्दानी हुने नभई भुक्तानीकर्ताको तर्फबाट हुने खर्च भएकोले यस्तो भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्दैन ।

- तर खर्चको सोधभर्ना गर्दा वा हिसाबफछ्र्यौट गर्दा सम्झौता गर्ने अर्को पक्षले आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्नुपर्ने भुक्तानी गरे नगरेको र गरेको भए सो भुक्तानीमा कर कट्टी गरे नगरेको यकिन गर्नुपर्छ ।

- कर कट्टी गरेको भए कर कट्टी गरेको रकम राजस्वमा दाखिला गरेको निस्सा पेश गराउने, कर कट्टी नगरेको भए कट्टी गरी राजस्वमा दाखिला गराउनुपर्दछ।

उदाहरणको लागि कुनै कर छुट भएको गैर सरकारी संस्थाले कुनै तालिम सञ्चालन गर्न कुनै परामर्शदातासँग सम्झौता गरेको रहेछ । सो सम्झौता अनुसार सो परामर्शदातालाई सो संस्थाले परामर्शदाताको सेवा शुल्कका अतिरिक्त सहभागीलाई वितरण गर्ने मसलन्द, सहभागीको खाना खर्च, तालिम सञ्चालन गर्न हलभाडाआदि संस्थाले खर्च गर्नुपर्ने रकम बिल भौचर पेश गरी फछ्र्यौट गर्ने गरी परामर्शदातालाई भुक्तानी दिनुपर्ने रहेछ । यस्तो अवस्थामा सो संस्थाले सो परामर्शदातालाई भुक्तानी गरेको सेवाशुल्कमा अग्रिम कर कट्टी गर्नु पर्छ । सो संस्थाको तर्फबाट परामर्शदाताले गरेको मसलन्द, सहभागीको खाना खर्चआदिबापतको बिलबमोजिम भुक्तानी गर्ने वास्तविक खर्चको भुक्तानीमा भने कर कट्टी गर्नु पर्दैन । हिसाव फछ्र्यौट गर्दा हल भाडा जस्ता कर कट्टी हुनुपर्ने भुक्तानीमा भने कर कट्टी गराई राजस्वमा दाखिला गराउनु पर्छ ।

परामर्श दिने वा सेवा उपलब्ध गराउने व्यक्तिले परामर्श दिने वा सेवा उपलब्ध गराउने कार्यको लागि सेवा शुल्क गणना गर्दा सेवा शुल्कको अतिरिक्त रात्री भत्ता, होटल खर्च आदि शीर्षक समावेश गरी कुल प्राप्त गर्ने सेवा शुल्कको गणना भएको छ भने सेवा प्रदान गर्ने व्यक्तिले सेवा प्रदान गर्ने सन्दर्भमा भएका त्यस्ता खर्च सेवा प्रदान गर्ने व्यक्तिको खर्च भएतापनि सो कटाई सेवा शुल्क गणना गर्न पाईदैन । निजले सेवा उपलब्ध गराउँदा तेश्रो पक्षलाई भुक्तानी भएको भए तापनि सेवा उपलब्ध गराउने व्यक्तिले खर्च मात्र गर्दछ र बिल भर्पाइ पेश गरी सेवा पाउने व्यक्तिबाट भुक्तानी प्राप्त गर्दछ भने मात्र सो वास्तविक रकमको भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्दैन । सेवा प्रदायकले सेवा प्रदान गर्ने सम्बन्धमा विभिन्न शीर्षक कटाई प्राप्त गरेको छ भने पनि सोलाई एकमुष्ट सेवा शुल्क भुक्तानी मानी अग्रिम कर कट्टी गर्नु पर्दछ ।

उदाहरणको लागि कुनै गैर सरकारी संस्थाले कुनै तालिम सञ्चालन गर्न कुनै परामर्शदातासँग सम्झौता गरेको रहेछ । सो सम्झौता अनुसार सो परामर्शदातालाई सो संस्थाले परामर्शदाताको सेवा शुल्कका अतिरिक्त सो परामर्शदाताले आफ्नो लागि वा आफ्नो कर्मचारी वा प्रतिनिधिको लागि खर्च गर्नुपर्ने हवाई भाडा, होटल खर्च, दैनिक खर्च आदिको लागि बेग्लै शीर्षक अन्तर्गत भुक्तानी गर्ने रहेछ भने यस्तो खर्च बापतका भुक्तानी सेवा शुल्कको अंश हुने हुँदा सेवा शुल्कमा समावेश गरी अग्रिम कर कट्टी गर्नुपर्छ । सो व्यवस्था तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.२.७ः मानौं, नेपाल सरकार स्वास्थ्य सेवा विभागले स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यको लागि एक प्रा.लि.लाई रु.४०,०००।- भुक्तान गरेको रहेछ । यसको अलावा उक्त प्रा.लि.का कर्मचारीलाई हवाई भाडा, होटल खर्च, दैनिक खर्च आदिबापतरु.२०,०००।- भुक्तान गरेको रहेछ । यसरी सेवा शुल्क बाहेक प्रा.लि.का कर्मचारीको लागि भुक्तानी गरेको हवाई भाडा, होटल खर्च आदिलाई समेत सेवा शुल्कको अंश मानी कर कट्टी गर्नुपर्ने हुँदा जम्मा रु.६०,०००।- मा नै अग्रिम कर कट्टी गर्नुपर्छ । त्यस्तो भुक्तानी सेवा शुल्क भएको हुँदा सो भुक्तानीमा मू.अ.कर मा दर्ता नभएको भए १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने हुन्छ भने मू.अ.कर मा दर्ता भएको भए १.५ प्रतिशतले कर कट्टी गर्नुपर्ने हुन्छ ।<br>तर उक्तजनचेतनामूलक कार्यका लागि उक्त प्रा.लि.को कर्मचारीलाई नखटाई विभागको कर्मचारी खटाउने र उक्त खटिएका कर्मचारीलाई बिल, भर्पाई पेश गरिसकेपछि वास्तविकताका आधारमा उक्त प्रा.लि.का तर्फबाट रु.२०,०००।- स्वास्थ्य सेवा विभागले कर्मचारीलाई भुक्तानी दिने रहेछ भने उक्त रकम प्रा.लि.लाई भुक्तानी भए तापनि अग्रिम कर कट्टी गर्नु पर्दैन । |

उदाहरण १६.२.८: मानौं, माथि उदाहरण १६.२.७ मा उल्लिखित सेवाको लागि नेपाल सरकार स्वास्थ्य सेवा विभागले स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्य गर्ने TaxExempt NGOलाई बिल भर्पाई पेश गर्नुपर्ने गरी अनुदान दिएको रहेछ भने त्यस्तो भुक्तानीमा ऐनको दफा ८८(४)(ग) बमोजिम कर कट्टी गर्नु पर्दैन ।

उदाहरण १६.२.९: मानौं, कुनै कर छुट भएको अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कुनै जिल्लामा आफ्नो उद्देश्य अनुसारको कार्यक्रम "The Promotion of Local Product of the Region"लाई सहयोग र समन्वय गराउन च्याम्वर भवनमा सो संस्थाको सम्पर्क कार्यालय स्थापना गर्न च्याम्बर अफ कमर्शको स्थानीय निकायसँग स्थानीय अनुदान (Local Subsidy)को रूपमा तीन वर्षका लागि निम्नानुसारको खर्च गर्ने गरी सम्झौता गरेको रहेछ । उक्त सम्पर्क कार्यालयका कर्मचारीले कार्यक्रम सञ्चालन गर्दा उक्त INGOप्रति जिम्मेवार हुने रहेछन् । (मानौं, उक्त च्याम्बर अफ कमर्शले स्थानीय प्रशासनमा गैर सरकारी संस्थाको रूपमा दर्ता गराएको, तर कार्यालयमा कर छुट पाउने संस्थाको रूपमा दर्ता भई कर छुटको प्रमाणपत्र प्राप्त गरेको रहेनछ)

| | |
|---|---|
| कार्यक्रम संयोजक (बढीमा रु.१४,०००।- प्रति महिना INGO लाई भर्पाई पेश गर्नुपर्ने) लाई ३ वर्षका लागि रु. | ५,०४,०००।- |
| कार्यालय प्रबन्धक (बढीमा रु.१४,०००।- प्रति महिना INGO लाई भर्पाई पेश गर्नुपर्ने) लाई ३ वर्षका लागि रु. | ५,०४,०००।- |
| सवारी चालक (बढीमा रु.८,०००।- प्रति महिना INGO लाई भर्पाई पेश गर्नुपर्ने) लाई ३ वर्षका लागि रु. | २,८८,०००।- |
| **कार्यालय भाडा, सामान खर्च** | |
| कार्यालयको लागि कोठा भाडा (प्रति महिना रु.१०,०००।-का दरले २ कोठाको बिल पेश गर्नुपर्ने) रु. | ३,६०,०००।- |
| बिजुली पानी (प्रति महिना रु.१,५००।- का दरले बिल पेश गर्नुपर्ने)रु. | ५४,०००।- |
| कार्यालय सरसफाई (प्रति महिना रु.१,५००।- का दरले बिल पेश गर्नुपर्ने) रु. | ५४,००० |
| टेलिफोन महसुल (प्रति महिना बढीमा रु.३,०००।- बिल पेश गर्नुपर्ने) रु. | १,०८,००० ।- |
| ईण्टरनेट महसुल (प्रति महिना बढीमा रु.१,५००।- बिल पेश गर्नुपर्ने) रु. | ५४,०००।- |
| **कार्यालय सञ्चालन खर्च** | |
| चिया, कफी, खानेपानी (प्रति महिना रु.२,७००।- का दरले बिल पेश गर्नुपर्ने) रु. | ९७,२००।- |
| विविध खर्च (प्रति महिना बढीमा रु.५,०००।- INGO को नियम बमोजिम खर्च गरी बिल पेश गर्नुपर्ने) रु. | १,८०,००० ।- |
| अफिस ओभरहेड ( बिल पेश गर्नु नपर्ने) रु. | २,५४,१००।- |
| **जम्मा खर्च रु.** | **२४,५७,३००** |
| जिन्सीको रूपमा च्याम्बरको सहभागिता हुने रु. | ४,५०,०००।- |

यस सम्बन्धमा उक्त INGO ले भुक्तान गर्ने रकमका सम्बन्धमा निम्नानुसार हुन्छ ।

कर छुट हुने संस्थाको रूपमा दर्ता भएको उक्त INGO ले आफ्नो सम्पर्क कार्यालय सञ्चालन गर्न कर छुट हुने संस्थाको रूपमा दर्ता नभएको च्याम्बर (NGO)लाई भुक्तानी

गर्दा सो INGO लाई खर्चको सक्कल भर्पाई पेश गर्नुपर्ने भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्दैन तर खर्चको सोधभर्ना गर्दा वा हिसाब फछ्र्यौट गर्दा सम्झौता गर्ने अर्को पक्षले आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्नुपर्ने भुक्तानी गरे नगरेको र गरेको भए सो भुक्तानीमा कर कट्टी गरे नगरेको यकिन गर्नुपर्छ ।बिल पेश गर्नु नपर्ने अफिस ओभरहेड खर्चको भुक्तानीमाभने यो खर्च INGO को नभई च्याम्बरको आम्दानी भएकोले करछुट हुने संस्थाको रूपमा दर्ता नभएको उक्त च्याम्बरलाई भुक्तानी गर्दा कर कट्टी गर्नु पर्छ ।

उदाहरण १६.२.१०: मानौं गरिबी निवारणमा सहयोग गर्ने उद्देश्य भई कर छुटको प्रमाणपत्र प्राप्त गरेको कुनै गैर सरकारी संस्थालाई कुनै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कुनै प्रतिफलको आस नगरी गरिबीको रेखामुनी रहेकाको आय वृद्धिसम्बन्धी तालीम सञ्चालन गरी बिल भर्पाईको आधारमा हिसाब फर्छौट गर्ने गरीLocal Subsidyवा Consulting Contract को रूपमा बढीमा निम्नानुसारको खर्च गर्ने गरी सम्झौता गरेको रहेछः

| | |
|---|---|
| कार्यालय सञ्चालन खर्च | रु.६,३१,०००।- |
| कार्यक्रम सञ्चालन खर्चः | रु.१,७६,०००।- |
| रिसोर्स पर्सनलाई भत्ता | रु.५०,०००।- |
| सहभागीलाई यातायात खर्च | रु.१,०००।- |
| हल भाडा | रु.४,०००।- |
| सहभागीलाई खाना खर्च | रु.३०,०००।- |
| मसलन्द लगायत अन्य खर्च | रु.७१,०००।- |
| ट्रेनिङ मेटेरियल उत्पादन | रु.३,००,०००।- |
| जम्मा रु. | ११,०७,०००।- |

उपर्युक्त सम्झौता बमोजिम कर छुटको प्रमाणपत्र प्राप्त NGO लाई NGO को उद्देश्य अनुसारको कार्य गर्न खर्च गरेको बिलबमोजिम हिसाबफछ्र्यौट गरी भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नु पर्दैन । तर, NGO ले खर्च गर्दा भने आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने रकममा कर कट्टी गर्नु पर्छ ।

उदाहरण १६.२.११: मानौं,गाउँ सेवा परिवार नामक गैह्र सरकारी संस्था (NGO)ले नेपालगञ्जमा तालिम सञ्चालन गर्नको लागि काठमाडौं बस्ने परामर्शदाता हरिश माथेमालाई निम्नानुसारको खर्च गर्ने अख्तियारी प्रदान गरी पारिश्रमिक तथा दैनिक भत्ता बाहेकको बिल भर्पाई पेश भएपछि भुक्तानी दिने गरी करार/सम्झौता गरेको रहेछ ।

| | |
|---|---|
| प्रति दिन पारिश्रमिक रु.५,०००।- का दरले २ दिनको रु. | १०,०००।- |
| काठमाडौं-नेपालगञ्ज हवाई भाडा रु. | ९,०००।- |
| स्थानिय भ्रमण खर्च रु. | १,०००।- |
| दैनिक भत्ता (TADA) रु. | २,०००।- |
| खाना खर्च (बढीमा प्रति दिन रु.५००।-का दरले) रु. | १,०००।- |
| स्टेशनरी (बढीमा प्रति व्यक्ति रु.५०।-का दरले) रु. | २,०००।- |
| सहभागीलाई दिवा खाना (बढीमा प्रति व्यक्ति रु.३००।- को दरले) रु. | ३०,०००।- |
| हल भाडा रु. | ५,०००।- |
| **जम्मा रु.** | ६०,०००।- |

ऐनको दफा ८९ अनुसार ठेक्का वा करार भन्नाले उक्त दफामा दिइएको स्पष्टीकरण अनुसार माथि उल्लेख गरिएका कार्य सम्पन्न गरी वास्तविक बिल अनुसार भुक्तानी गर्नको लागि गरिएको सम्झौता वा करार नपर्ने हुँदा दफा ८९

| |
|---|
| आकृष्ट हुने अवस्था देखिदैंन । दफा ८८ मा उल्लेख गरिएका भुक्तानीमध्ये निज हरिश माथेमाले प्राप्त गर्ने परामर्श शुल्क बापतरु.१०,०००।-, काठमाडौं नेपालगञ्ज हवाई भाडा रु.९,०००।-,स्थानीय भ्रमण खर्च रु.१,०००।-, दैनिक भत्ता रु.२,०००।-, खाना खर्च रु.१,०००।- गरी हुने रु.२३,०००।-मा १५ प्रतिशतकादरले अग्रिम कर रु.३,४५०।- कट्टागर्नु पर्ने हुन्छ । प्रस्तुत उदाहरणमा हरिश माथेमाले स्टेशनरी, सहभागीलाई दिवा खानाएवम् हलभाडा बिल भर्पाई पेश गर्ने अख्तियारी मात्र प्राप्त गरेको र निजको परामर्श कार्यसम्पादनको लागि निजको खर्च नभई परामर्शदाताको खर्च भएकोले सोमा अग्रिम कर कट्टी गर्नु पर्दैन । तर यदि बिल भर्पाई पेश गर्नु नपर्ने गरी कुनै कार्य सञ्चालन गर्न कुनै सम्झौता भई समदरमा भुक्तानी गरेको भए त्यस्तो पुरै भुक्तानी रकममा अग्रिम कर कट्टी गर्नु पर्छ । |
| उदाहरण १६.२.१२: मानौं, उदाहरण १६.२.११ मा उल्लिखित तालिम सञ्चालन गर्नको लागि निज परामर्शदाता हरिश माथेमालाई बिल भर्पाई पेश गर्नु नपर्ने गरी रु.६०,०००।-मा करार/सम्झौता गरेको रहेछ भने यो रु.६०,०००।-मा नै अग्रिम कर कट्टी गर्नु पर्छ । |

ऐनको दफा ८८ को उपदफा (१) मा उल्लेख भए बमोजिम लगानी वा प्रतिफलको भुक्तानीमा १५ प्रतिशतले कर कट्टी गर्नुपर्ने उल्लेख भएतापनि देहायका भुक्तानीमा देहायका दरले कर कट्टी गर्नु पर्नेछ :-

**अवकाश भुक्तानीमा कर कट्टी :**

अवकाश भुक्तानी भन्नाले प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानी वा प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानीलाई जनाउँछ । यस अर्थमा प्राकृतिक व्यक्ति कुनै कर्मचारी भएमा निजले रोजगारीबाट अवकाश पाएको अवस्थामा वा निजको मृत्यु भएको अवस्थामा दिइने भुक्तानी अवकाश भुक्तानी हुन्छ र सो व्यक्ति कुनै व्यवसायी वा लगानीकर्ता भएमा निजको उमेर अन्ठाउन्न वर्ष पुगेमा वा निजको मृत्यु भएमा वा निज स्थायी रूपमा अपाङ्ग भएमा गरिने भुक्तानी अवकाश भुक्तानी हुन्छ । अग्रिम कर कट्टी प्रयोजनको लागि अवकाश भुक्तानीलाई निम्नानुसारका शीर्षकमा विभाजन गर्नुपर्छः

- नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी,
- स्वीकृत नलिएको अवकाश कोषबाट भएको अवकाश भुक्तानी,
- अन्य कोषबाट भएको अवकाश भुक्तानी र
- अन्य अवकाश भुक्तानी

**८८(१)(१) नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएकोयोगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले,**

नेपाल सरकारको सेवाबाट कामदार वा कर्मचारीको अवकाश हुँदा गरिने उपदान, बिदा बापतको रकम लगायतका अवकाश भुक्तानीका साथै स्वीकृत अवकाश कोषबाटयोगदानमा आधारित भुक्तानी गर्दा सो भुक्तानी रकमको ५० प्रतिशत वा रु.५ लाखमध्ये जुन बढी हुन्छ सो रकम घटाई बाँकी हुन आउने लाभमा ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी दिनु पर्दछ । यस दफामा भएको व्यवस्था बमोजिम नेपाल सरकार र स्वीकृत अवकाश कोषबाटभएको योगदानमा आधारितहुने भुक्तानी बाहेक अन्य बासिन्दा व्यक्तिले गर्ने अवकाश भुक्तानीमा भने १५ प्रतिशतका दरले कर कट्टा गरी भुक्तानी दिनु पर्दछ । सो व्यवस्था तलको उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १६.२.१३: मानौं, हरि प्रसाद काफ्ले ने.बैं.लि.मा २०४४ बैशाख १ गते सहायकस्तरमा नियुक्त भएका रहेछन् । निज२०७५ जेष्ठ १ गते सेवाबाट निवृत्त भए । निवृत्त हुँदाका अवस्थामा निजले निम्नानुसारका रकम प्राप्त गरेका रहेछन् ।

| | | |
|---|---|---|
| (१) | सञ्चय कोष २०५८ चैत्र १८ गतेसम्म साँवा रु. | ४,००,०००/- |
| (२) | सञ्चय कोष २०५८ चैत्र १९ गते देखि २०७५ बैशाख मसान्त सम्मको साँवा रु. | ८,००,०००/- |
| (३) | सञ्चय कोष २०५८ चैत्र १८ गतेसम्म ब्याज रु. | १,५०,०००/- |
| (४) | सञ्चय कोष २०५८ चैत्र १९ गते देखि २०७५ बैशाख मसान्तसम्मको ब्याज रु. | १,५०,०००/- |
| | सञ्चयकोष बापत जम्मा प्राप्त गर्ने रकम रु. | १५,००,०००/- |

आयकर नियमावली,२०५९ को नियम २० को उपनियम (६)(क) अनुसार निजको कर छुट हुने रकमको गणना निम्नानुसार गर्नु पर्दछ ।

| | |
|---|---|
| ऐन लागू हुनुभन्दा पूर्वको सञ्चयकोष साँवा रु. | ४,००,०००/- |
| ऐन लागू हुनुभन्दा पूर्वको सञ्चयकोष ब्याज रु. | १,५०,०००/- |
| छुट हुने सञ्चय कोष रकम रु. | ५,५०,०००/- |

ऐन लागू भैसके पश्चातको अवकाश भुक्तानीको गणना निम्नानुसार गर्नुपर्दछ ।

| | |
|---|---|
| ऐन लागू पश्चातको सञ्चयकोष (अवकाश कोष) रकम रु. | ८,००,०००/- |
| ऐन लागू पश्चात सञ्चयकोष (अवकाश कोष) मा ब्याज रु. | १,५०,०००/- |
| जम्मा सञ्चय कोष रकम रु. | ९,५०,०००/- |

ऐन लागू भैसके पश्चात सञ्चयकोष रकम समेतलाई अवकाश कोष भनिन्छ, यदि उक्त अवकाश कोष स्वीकृत अवकाश कोष भएको अवस्थामा सो कोषबाट गरिने भुक्तानीलाई कर प्रयोजनको लागि निम्नानुसार गणना गर्नुपर्दछ ।

ऐन लागूभएपश्चात स्वीकृत अवकाश कोषबाट प्राप्त कुल रकम रु.९,५०,०००/-

ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार लाभ गणना गर्दा भुक्तानी रकमको ५०% वा रु.५,००,०००/- मध्ये जुन बढी हुन्छ सो रकम घटाउनु पर्दछ, जस अनुसार,

| | | |
|---|---|---|
| (१) | भुक्तानी रकमको ५०% ले हुने रकम | रु.४,७५,०००/- |
| (२) | तोकिएको रकम | रु.५,००,०००/- |

ऐन लागू भैसके पश्चात स्वीकृत अवकाश कोषबाट जम्मा रु.९,५०,०००/- भुक्तानी प्राप्त गरेको तर ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार लाभ गणना गर्दा रु.५,००,०००/- छुट पाउने भएकोले सो कट्टा गरी बाँकी रु.४,५०,०००/- मा ऐनको दफा ८८ को उपदफा (१)(१) बमोजिम पाँच प्रतिशतका दरले कर कट्टा गरी सो अवकाश कोषले बाँकी रकम निजलाई भुक्तानी दिनु पर्दछ ।

उदाहरण १६.२.१४: मानौं, माथि उदाहरण नं १६.२.१३ मा बैंकको कर्मचारी विनियमावली अनुसार उपदानको निम्नानुसार व्यवस्था रहेछ ।

| | |
|---|---|
| ५ वर्ष सेवा अवधि पुरा भएका लागि - | प्रति वर्ष सेवा अवधि पूराको लागि आधा महिनाको तलब |
| ५ वर्ष भन्दा बढी १० वर्षसम्म - | प्रति वर्ष सेवा अवधि पूराको लागि एक महिनाको तलब |
| १० वर्ष भन्दा बढी १५ वर्षसम्म - | प्रति वर्ष सेवा अवधि पूराको लागि डेढ महिनाको तलब |
| १५ वर्ष भन्दा बढी - | प्रति वर्ष सेवा अवधिपूराको लागि दुई |

महिनाको तलब

सेवा निवृत्त हुँदा निजको तलबरु.४०,०००।- प्रति महिना रहेछ । निजको २०५८ चैत्र १८ गतेसम्म ६० दिन र निवृत्त हुँदा १२० दिन घर बिदा पाकेको रहेछ । सो बापतरु.१,६०,०००।- भुक्तानी प्राप्त गरेका रहेछन् । निजको कर गणना निम्नानुसार गर्नुपर्दछ ।

उपदान रकम भुक्तानी (३१.०८ वर्षको प्रति वर्ष २ महिनाको तलब बराबर)

२४,८६,४०० ।-

आयकर नियमावली, २०५९को नियम २० (६) अनुसार ऐन प्रारम्भ हुनुभन्दा अगाडि र पछाडिको सञ्चित बिदा बापतको रकम र पाकेको उपदान निम्नानुसार गणना गर्नुपर्दछ । जम्मा सेवा अवधि ३१ वर्ष १ महिनामध्ये २०५८ चैत्र १८ गतेसम्म सेवा अवधि १४ वर्ष ११ महिना १८ दिन

| | |
|---|---|
| - घर बिदा बापत प्राप्त रकम रु. | १,६०,०००।- |
| २०५८ चैत्र १८ गतेसम्मको पाकेको बिदा ६० दिनको रु. | ८०,०००।- |
| विदाबापत करयोग्य अवकाश भुक्तानी (क) रु. | ८०,०००।- |
| - उपदान रकम रु. | २४,८६,४००।- |
| २०५८ चैत्र १८ गतेसम्म पाकेको उपदान रु. | (११,९६,२४०।-) |
| (४०,००० × १४.९५३ वर्ष × २ महिनाका दरले) | |
| करयोग्य अवकाश उपदान (ख) रु. | १२,९०,१६०।- |
| कर प्रयोजनको लागि अवकाश भुक्तानी (क+ख) | **रु १३,७०,१६०।-** |

उक्त कर प्रयोजनको लागि गणना गरिएको अवकाश भुक्तानीरु.१३,७०,१६०।-मा आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार १५% का दरले हुने अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ । यसरी अग्रिम कर कट्टा गरी भुक्तानी प्राप्त रकम ऐनको दफा ९२ अनुसार अन्तिम कर कट्टी गरी प्राप्त गरिएको भुक्तानी हुने हुँदा ऐनको दफा ८(३) अनुसार रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दैन । यसमा नियम २० (६) को खण्ड (क) मा ऐन लागू हुनुभन्दा पूर्व पाकेको उपदान र बिदा बापतको रकम अवकाश हुँदाका अवस्थामा मात्र हिसाब किताब गरी भुक्तानी गरिने हुँदा अवकाश हुँदाका अवस्थामा खाइपाई आएको तलबबाट गणना गरी कर छुट दिनु पर्दछ ।

तर, उक्त भुक्तानी नेपाल सरकारबाट प्राप्त भएको भए दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार हुन आउने लाभ अर्थात रु.५ लाख वा पचास प्रतिशतमध्ये जुन बढी हुन्छ सो कटाई बाँकी रकममा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने हुन्छ ।

## ८८(२)(ग) स्वीकृत नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको पाँच प्रतिशत ।

नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानीमा कुल भुक्तानी रकमको ५० प्रतिशत वा रु.५ लाखमध्ये जुन बढी हुन्छ सो कटाई बाँकी रहन आएको रकम (लाभ)मा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था भएको भएतापनि स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको ५ प्रतिशतले कर कट्टी गर्नुपर्ने व्यवस्था ऐनको दफा ८८(२)(ग) मा रहेको छ ।

स्वीकृत नलिएको अवकाश कोषबाट अवकाश भुक्तानी गर्दा प्राकृतिक व्यक्ति (हिताधिकारी) ले गरेको योगदानमा योगदान गर्दा कै अवस्थामा योगदान रकमलाई आयमा समावेश गरी कर तिर्नुपर्ने हुन्छ । तसर्थ यस्तो भुक्तानीको लाभ गणना गर्दा अवकाश भुक्तानीको रकमबाट सो प्राकृतिक व्यक्तिले पहिले कर तिरेर योगदान गरेको रकम घटाई बाँकी रहने रकम (लाभ) मा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्छ । यो व्यवस्थालाई तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.१५ मानौं, हरि प्रसाद काफ्ले हिमालयन उद्योगमा कार्यरत कर्मचारी रहेछन् । उक्त उद्योगले वार्षिक रूपमा निजको नाममा कुनै स्वीकृत नलिएको अवकाश कोषमा सेवा निवृत भएपछि उपदान दिने प्रयोजनको लागि वार्षिक रु.१,००,०००।-का दरले ७ वर्षसम्म योगदान गरिदिएको रहेछ । यसरी उपदान कोषमा रकम योगदान गर्दा योगदान गरिएको रकमलाई निजको वार्षिक रोजगारीको आयमा समावेश गरिएको रहेछ । निज सेवा निवृत भएपछि सो अवकाश कोषले निजलाई रु.१०,००,०००।-उपदान भुक्तानी गरेको रहेछ । यस अवस्थामा निजलाई उपदान भुक्तानी गर्दा निम्नानुसार करको गणना गर्नुपर्छ ।

| | |
|---|---|
| जम्मा उपदान भुक्तानी (आम्दानी) रु. | १०,००,०००।- |
| कर तिरी योगदान गरेको रकम (खर्च) रु. | ७,००,०००।- |
| लाभ रु. | ३,००,०००।- |

अवकाश कोषले भुक्तानी गर्ने उपदानमा रु.३,००,०००।-लाभ हुने हुँदा सो रकमको ५ प्रतिशतका दरले रु.१५,०००।-कर कट्टी गरी बाँकी रु.९,८५,०००।-मात्र भुक्तानी गर्नुपर्छ ।

अवकाश कोषबाहेकका अन्य कोषबाट अवकाश भुक्तानी गर्दा प्राकृतिक व्यक्ति(हिताधिकारी) ले कर तिरेको रकम योगदान गरेको भए स्वीकृत नलिएको अवकाश कोषबाट गरिने अवकाश भुक्तानी सरह करको गणना गरी बाँकी रकम (लाभ) मा १५ प्रतिशतका दरले कर कट्टीगर्नुपर्छ । तर, ऐनको दफा ६५ को स्पष्टीकरणमा भएको प्रतिबन्धात्मक वाक्यांश अनुसार, हिताधिकारीको योगदान नहुने कुनै कोष (नन् कन्ट्रीबुटरी फण्ड)बाट भएको भुक्तानीलाई स्वीकृति नलिएको अवकाश कोषमा रहेको हित बापत भएको लाभ नमानिने हुँदा प्राकृतिक व्यक्तिको योगदान नै नभएको कोषबाट अवकाश भुक्तानी भएको भए त्यस्तो अवकाश भुक्तानीको कुल रकममा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्छ । यो व्यवस्थालाई तलको उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १६.२.१६ मानौं, हरि प्रसाद काफ्ले विकाशसिल बैंकमा कार्यरत कर्मचारी रहेछन् । उक्त बैंकले कर्मचारी कल्याणको लागि बैंकमा कोष स्थापना गरी वार्षिक रूपमा निश्चित रकम जम्मा गर्ने गरेको रहेछ । सो बैंकको आन्तरिक विनियमावली अनुसार कर्मचारी अवकाश भएमा सो कोषबाट विनियमावलीमा तोकिए वमोजिमको रकम कर्मचारीलाई भुक्तानी गरिने रहेछ । यो व्यवस्था अनुसार निज हरि प्रसाद काफ्लेले सेवा निवृत भए पछि रु.६,००,०००।- प्राप्त गर्ने रहेछन् भने निजलाई यो रकम भुक्तानी गर्दा रु.६,००,०००।-को १५ प्रतिशतका दरले रु.९०,०००।-कर कट्टी गरी बाँकी रु.५,१०,०००।-निजलाई भुक्तानी गर्नुपर्छ ।

कुनै प्राकृतिक व्यक्ति सेवा निवृत भएको कारणले निजलाई रोजगारदाताले माथि उल्लेख गरिए बमोजिमको कुनै निजी कोषबाट अवकाश भुक्तानी दिन सक्छ । यसको साथै एकमुष्ठ रूपमा उपदान, सञ्चित बिदा बापतको रकम, सञ्चित औषधोपचार बापतको रकम आदिका साथै नियमित रूपमा निवृत्तिभरण पनि दिन सक्छ । यस्तो अवस्थामा रोजगारदाताले एकमुष्ठ दिने भुक्तानी र नियमित रूपमा दिने भुक्तानीलाई छुट्याउनु पर्छ । एकमुष्ठ दिने भुक्तानी अर्थात् उपदान, सञ्चित बिदा बापतको रकम, सञ्चित औषधोपचार बापतको रकम आदिको भुक्तानीमा कुल भुक्तानीको १५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्छ भने नियमित रूपमा दिइरहने निवृत्तिभरणलाई रोजगारीको आय सरह गणना गरी सोही बमोजिम कर कट्टी गर्नु पर्छ । यो व्यवस्थालाई तलको उदाहरणबाट स्पष्ट गरिएकोछ :

उदाहरण १६.२.१७ मानौं, हरि प्रसाद काफ्ले विकाशसिल बैंकमा ०५९ सालदेखि कार्यरत कर्मचारी रहेछन् । उक्त बैंकले सेवा निवृत भएपछि निजलाई उपदानको रूपमा एकमुष्ठ रूपमा रु.६,००,०००।-भुक्तानी गर्नुपर्ने रहेछ भने निजलाई यो रकम भुक्तानी गर्दा रु.६,००,०००।-को १५ प्रतिशतका दरले रु.९०,०००।-कर कट्टी गरी बाँकी

रु.५,१०,०००।- भुक्तानी गर्नुपर्छ ।

उदाहरण १६.२.१८ मानौं, हरि प्रसाद काफ्ले विकाशसिल बैंकमा ०५९ सालदेखि कार्यरत कर्मचारी रहेछन् । उक्त बैंकले सेवा निवृत भएपछि निजलाई निजले सेवा अवधिमा उपभोग नगरेको बिदा बापतरु.५०,०००।-र सेवा अवधिमा उपभोग नगरेको औषधोपचार खर्च बापत रु.१,००,०००।-भुक्तानी गर्नुपर्ने रहेछ भने निजलाई यी रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गरी बाँकी रकम भुक्तानी गर्नुपर्छ ।

उदाहरण १६.२.१९: मानौं, हरि प्रसाद काफ्ले विकाशसिल बैंकमा ०४० सालदेखि कार्यरत कर्मचारी रहेछन् । उक्त बैंकले सेवा निवृत भएपछि निजलाई तोकिएको रकम मृत्युपर्यान्त मासिक रूपमा पाउने गरी निवृत्तिभरण दिने व्यवस्था रहेछ । निज २०७६ श्रावण १ गते सेवा निवृत भएछन् । निजले सो वर्ष मासिक रु.५०,०००।-का दरले १३ महिनाको रकम निवृत्तिभरण पाउने रहेछन् । सो आयवर्षमा श्रीमतिको कुनै आय रहेनछ । निज र निजको श्रीमतिले आ.व.२०७६।७७ को लागि एउटै प्राकृतिक व्यक्ति हुन छनौट गरेका रहेछन् भने निजको करको गणना निम्नानुसार गर्नु पर्छ ।

| | |
|---|---|
| वार्षिक निवृत्तिभरण आय (५०,०००×१३) रु. | ६,५०,०००।- |
| निवृत्तिभरण आय भएकोले थप छुट सुविधा बापत | |
| घटाउन पाउने रकम (रु.४,५०,०००।-को २५% ले हुने रकम)रु. | (१,१२,५००।-) |
| दम्पती छुट रु. | (४,५०,०००।-) |
| बाँकी करयोग्य आय रु. | ८७,५००।- |
| लाग्ने कर १०% ले रु. | ८,७५०।- |
| मासिक भुक्तानीमा कर कट्टा (८,७५०/१२) | रु.७२९।१६ |

उदाहरण १६.२.२०: मानौं, हरि प्रसाद काफ्ले विकाशसिल बैंकमा २०४० सालदेखि कार्यरत कर्मचारी रहेछन् । उक्त बैंकले सेवा निवृत भएपछि निजलाई तोकिएको रकम मृत्युपर्यान्त मासिक रूपमा पाउने गरी निवृत्तभरण दिने व्यवस्था रहेछ । निज २०७६ श्रावण १ गते सेवा निवृत भएछन् । निजले सो वर्ष मासिक रु.५०,०००।-का दरले १३ महिनाको रकम निवृत्तभरण पाउने रहेछन् । सो आय वर्षमा श्रीमतिको अन्य कुनै व्यवसायबाट रु.४ लाख आय रहेछ । निज र निजको श्रीमतिले आ.व.२०७६।७७ को लागि एउटै प्राकृतिक व्यक्ति हुन छनौट गरेका रहेछन् भने निजको करको गणना निम्नानुसार गर्नु पर्छ ।

| | |
|---|---|
| वार्षिक निवृत्तभरण आय रु. | ६,५०,०००।- |
| व्यावसायिक आय रु. | ४,००,०००।- |
| जम्मा आय रु. | १०,५०,०००।- |
| आ.व.२०७६।७७ मा निवृत्तभरण तथा व्यवसाय दुवैमा एक प्रतिशत कर नलाग्ने भएकाले | |
| रु.४,५०,०००।-को २५ प्रतिशतले हुने रकम घटाउने रु. | (१,१२,५००।-) |
| दम्पत्ति छुट रु. | (४,५०,०००।-) |
| बाँकी करयोग्य आय रु. | ४,८७,५००।- |
| लाग्ने कर: पहिलो रु.१,००,०००।-मा १० प्रतिशतले रु. | १०,०००।- |
| दोश्रो रु.२,००,०००।-मा २०% ले रु. ४०,०००।- | |

| | |
|---|---|
| बाँकी रु.१,८७,५००।-मा ३०%ले रु. | ५६,२५०।- |
| जम्मा लाग्ने कर रु. | ५६,२५०।- |
| तर निवृतभरण भुक्तानी गर्ने व्यक्तिले भने निम्नानुसार मासिक कर कट्टा गर्नु पर्दछः | |
| वार्षिक निवृत्तभरण आय रु. | ६,५०,०००।- |
| जम्मा रोजगारीको करयोग्य आय रु. | ६,५०,०००।- |
| आ.व.२०७६।७७ मा एक प्रतिशत कर नलाग्ने | |
| रु.४,५०,०००।-को २५ प्रतिशतले हुने रकम घटाउने रु. | (१,१२,५००।-) |
| बाँकी करयोग्य आय रु. | ४,२०,०००।- |
| रोजगारीको बाँकी करयोग्य आय रु. | ५,३७,५००।- |
| रु.४,५०,०००।-सम्म दम्पती छुट | |
| रोजगारीको बाँकी करयोग्य आयरु. | ८७,५००।- |
| लाग्ने कर:१० प्रतिशतले रु. | ८,७५०।- |
| मासिक कर रु. | ७२९।१६ |
| पुनश्चः आर्थिक ऐन, २०७७ बाट अनुसूची-१ को दफा १ को उपदफा (९) खारेज भएकोले आ.व.२०७७।७८ देखि उक्त उपदफाको निवृत्तभरण आयमा थप छुट सुविधा पाउँदैन । | |

**८८(१)(२)बासिन्दा रोजगार कम्पनीले गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा पाँच प्रतिशतका दरले,**

रोजगार कम्पनी (Manpower Agency) ले विदेश स्थित आफ्नो स्थानीय एजेण्टलाई भुक्तानी गर्ने कमिशन यस अन्तर्गत पर्दछ । सो व्यवस्था तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.२१: मानौं, एभरेष्ट म्यानपावर कम्पनी (नेपाल) प्रा.लि.ले विदेशस्थित गैर बासिन्दा व्यक्ति एभरेष्ट इण्टरनेशनल म्यानपावर इन्कर्पोरेशन, दोहालाई नेपाली कामदार कतारमा आपूर्ति गरे बापत नेपाली कम्पनीबाट प्रति कामदार US $ 100का दरले कमिशन लिने गरेको रहेछ । उक्त कमिशन, अर्थात रु.७,५००।- (मानौं US$ 1 =Rs 75) मा ५ प्रतिशतका दरले हुन आउने रु.३७५।-अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.७,१२५।-को हुने अमेरिकन डलर ९५।-भुक्तानी पठाउनु पर्ने हुन्छ । यसरी विनिमय दर प्रयोग गर्दा सो दिनको लागि नेपाल राष्ट्र बैंकले तोकेको विदेशी मुद्राको बिक्री दर प्रयोग गरी विदेशी मुद्रा नेपाली मुद्रामा परिवर्तन गर्नु पर्नेछ ।

**८८(१)(३)वायुयानको लिज (पट्टा) बापतको रकम भुक्तानी गर्दा दश प्रतिशतका दरले,**

वायुयान लिज (पट्टा) मा लिई कारोबार गर्ने बासिन्दा व्यक्तिले त्यस्तो लिज (पट्टा) बापतको भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टा गरी भुक्तानी दिनु पर्दछ । सो व्यवस्था तलको उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १६.२.२२: मानौं, एभरेष्ट वायु सेवा निगमले फ्रान्सको एउटा कम्पनीबाट प्रति घण्टाUS $ 3,000 Lease Rent तिर्ने गरी एउटा जहाज लिजमा लिई सञ्चालन गरिआएको रहेछ । कुनै एक महिनामा निगमले उक्त जहाज ३०० घण्टा सञ्चालन गरेको रहेछ । लिजको शर्त बमोजिम US $ 3,000प्रति घण्टाका दरले ३०० घण्टाको US $ 900,000 हुन आउने Lease Rentमा दश प्रतिशतका दरले अर्थात US $ 90,000निगमले सो लिज (पट्टा) बापत कर कट्टा गरी बाँकी रकम सो कम्पनीलाई भुक्तानी पठाउनु पर्दछ। कर दाखिला गर्ने प्रयोजनको लागि यसरी विनिमय दर प्रयोग गर्दा सो दिनको लागि नेपाल राष्ट्र बैंकले तोकेको विदेशी मुद्राको बिक्री दर प्रयोग गरी विदेशी मुद्रा नेपाली मुद्रामा परिवर्तन गर्नु पर्नेछ । अर्थात, भुक्तानीको समयमा नेपाल राष्ट्र बैंकले US$ 1 = Rs 75को बिक्री दर तोकेको रहेछ भने निगमले रु.६७,५०,०००।-अग्रिम कर कट्टी गरी सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्दछ।

तर, वित्तीय पट्टा अन्तर्गत कुनै वायुयान पट्टामा लिइएको रहेछ भने ऐनको दफा ३२ बमोजिम गणना गरिएको ब्याज भुक्तानीमा यस दफा बमोजिम १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्दछ ।

**८८(१)(४)मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्ति वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा भुक्तानी रकमको एक दशमलब पाँच प्रतिशतका दरले**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ मा उल्लिखित वस्तु वा सेवा बाहेक अन्य सबै वस्तु वा सेवालाई करयोग्य वस्तु तथा सेवा भनी परिभाषित गरिएको छ । करयोग्य वस्तुको कारोबार वार्षिक पचास लाख रुपैयाँभन्दा बढी, करयोग्य सेवाको कारोबार वार्षिक बीस लाख रुपैयाँभन्दा बढी र करयोग्य वस्तु तथा सेवाको मिश्रित कारोबार वार्षिक बीस लाख रुपैयाँभन्दा बढी भएमा त्यस्तो कारोबार गर्ने प्रत्येक व्यक्ति अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्दछ । यसरी मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने हुन्छ । यसको अलावा आर्थिक ऐन, २०७१ ले दफा ८८(१)(४) मा गरेको संशोधन पश्चात मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई गरेको सेवा शुल्कको भुक्तानी रकममा समेत एक दशमलव पाँच प्रतिशतका दरले कर कट्टा गर्नु पर्ने व्यवस्था गरेको छ ।

यस सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछ:

उदाहरण १६.२.२३: Rocy & Co.मू.अ.करमा दर्ता भएको एक लेखा व्यवसायी फर्म रहेछ । उक्त फर्मले Jacky & Sons Pvt. Ltd. लाई परामर्श सेवा उपलब्ध गराए बापतरु.२,००,०००।- मू.अ.कर रु.२६,०००।- सहित रु.२,२६,०००।-को बीजक जारी गरेको रहेछ भने Jacky & Sons Pvt. Ltd. ले उक्त रकम भुक्तानी दिँदा सेवा शुल्क रु.२,००,०००।-को १.५ प्रतिशतका दरले हुने रु.३,०००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.२,२३,०००।- Rocy & Co. लाई भुक्तानी गर्नु पर्दछ । Rocy & Co.यसरी स्रोतमा काटिएको कर रकम अग्रिम करको रूपमा दाबी मिलान गर्न सक्दछ । मू.अ.करमा दर्ता भएका बासिन्दा व्यक्तिलाई सेवा शुल्क भुक्तानीमा अग्रिम कट्टी हुने करको दर १.५ प्रतिशत भएकोले मू.अ.करमा दर्ता भएका बासिन्दा प्राकृतिक व्यक्ति, बासिन्दा फर्म, बासिन्दा कम्पनी वा जुनसुकै बासिन्दा व्यक्तिलाई यही दरले अग्रिम कर कट्टी गर्नु पर्छ ।

| |
|---|
| उदाहरण १६.२.२४: डि.बि. कोल्ड स्टोर प्रा.लि.कृषि पैदावारको शित भण्डारण सेवा प्रदान गरी आएको रहेछ । शित भण्डारले उपलब्ध गराउने कृषि पैदावार भण्डारण सेवा मू.अ.कर ऐनको अनुसूची-१ अन्तर्गत पर्ने हुँदा सो कोल्ड स्टोर मू.अ.कर प्रयोजनको निमित्त दर्ता भएको रहेनछ । प्रसाद फल प्रशोधन उद्योगले आफ्नो फलफुलको मौज्दात डि.बि.कोल्ड स्टोर प्रा.लि.मा राख्ने गरेको र सो बापत२०७१ असोज महिनामा सो प्रा.लि. लाई रु.३०,०००।- को सेवा शुल्क भुक्तान गर्नुपर्ने रहेछ । प्रसाद फल प्रशोधन उद्योगले डि.बि.कोल्ड स्टोर प्रा.लि.लाई भुक्तान गरेको उक्त सेवा शुल्कमा १.५ प्रतिशतका दरले कर कट्टी गर्नु पर्दछ । |
| उदाहरण १६.२.२५ मानौ खार्पा सिमेन्ट उद्योग प्रा.लि.ले राम सिमेन्ट बिक्री भण्डार प्रा.लि लाई तोकिएको सिमेन्ट बिक्रीको लक्ष्य पूरा गरे बापत बिक्री कमिशन दिएको रहेछ । खार्पा सिमेन्ट उद्योग प्रा.लि.ले राम सिमेन्ट बिक्री भण्डार प्रा.लि.लाई भुक्तानी दिने बिक्री कमिशन रकममा मूल्य अभिवृद्धि कर सहितको बीजक प्राप्त गरेको भएपनि आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्छ । किनभने राम सिमेन्ट बिक्री भण्डार प्रा.लि मूल्य अभिवृद्धि करमा दर्ता भए तापनि निजले सेवा प्रदान गरेबापत प्राप्त गरेको रकम नभई सिमेन्ट बिक्रीको लक्ष्य पूरा गरे अनुसार प्रोत्साहन बापत प्राप्त गरेको रकम भएकाले दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (४) बमोजिमको दरले अग्रिम कर कट्टी गर्न पाइदैन । |

**८८(१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (५) बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले**

**तर, मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकममा एक दशमलव पाँच प्रतिशतले कर कट्टी गर्नु पर्नेछ ।**

**ऐनको दफा २ को खण्ड (स) बमोजिम "भाडा" भन्नाले घर बहाल समेतका मूर्त सम्पत्तिको बहाल तथा पट्टा अन्तर्गत गरिएका प्रिमियम लगायतका सबै भुक्तानी सम्झनु पर्छ ।**

**तर यस शब्दले प्राकृतिक स्रोत बापत भएको भुक्तानीवा एकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकमलाईजनाउने छैन ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.२.२६: मानौ, आदिश्री एण्ड कम्पनीको स्वामित्वमा पोखराको न्यूरोडमा रहेको घर प्रस्तुत कम्पनीले व्यवसाय सञ्चालन गर्नको लागि मासिक रु.५०,०००।- भाडा तिर्ने गरी रामश्री प्रा.लि.सँग सम्झौता गरेको रहेछ । सम्झौता बमोजिम रामश्री प्रा.लि.ले आदिश्री एण्ड कम्पनीलाई घरभाडा बापत भुक्तानी गर्दा १० प्रतिशतका दरले अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु. ४५,०००।-भुक्तानी गर्नु पर्दछ । |
| उदाहरण १६.२.२७: मानौ,आदिश्री एण्ड कम्पनीले आफ्नो कम्पनीको लागि आवश्यक फर्निचर १ महिनाको रु.२५,०००।-मा भाडामा लिएका रहेछन् । यसरी फर्निचर भाडामा लिए बापत भुक्तानी गरिने रकम रु.२५,०००।-मा १० प्रतिशतका दरले अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.२२,५००।- भुक्तानी गर्नु पर्दछ । |

उदाहरण १६.२.२८: मानौ,आदिश्री एण्ड कम्पनीले आफ्नो कम्पनीको व्यावसायिक प्रयोजनको लागि दमन भेहीकल सर्भिसेज प्रा.लि.बाट सवारी साधन भाडामा लिने गरेको रहेछन् । उक्त प्रा.लि.मू.अ.कर प्रयोजनको लागि समेत दर्ता भएको रहेछ । २०७६ असोज महिनामा सवारी साधन भाडा बापत उक्त प्रा.लि.ले रु.३०,०००।-र यसको अलावा ड्राईभर तथा अन्य सेवाबापत थप रु.२०,०००।-गरी जम्मा रु.५०,०००।-को मू.अ.कर बीजक जारी गरेको रहेछ । उक्त कम्पनीले भुक्तान गर्नुपर्ने जम्मा रु.५०,०००।-(मू.अ.कर बाहेक) भुक्तानी गर्दा१.५ प्रतिशतले अर्थात रु.७५०।-अग्रिम कर कट्टा गरी सो प्रा.लि.लाई भुक्तान गर्नु पर्दछ ।

उदाहरण १६.२.२९: मानौ,आदिश्री एण्ड कम्पनीले आफ्नो कम्पनीको व्यावसायिक प्रयोजनको लागि दमन थापाको स्वामित्वमा रहेको भाडामा दर्ता भएको सवारी साधन रु.२५,०००।-मा भाडामा लिएका रहेछन् । उक्त भाडा बापतको भुक्तानीमा दुई दशमलब पाँच प्रतिशतले हुने रकम रु.६२५।- अग्रिम कर कट्टी गरी निज दमन थापालाई भुक्तानी गर्नुपर्दछ ।

**८८(१)(५)(ख) प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकममा करकट्टी गर्नु पर्नेछैन**

आर्थिक ऐन, २०७५ ले आयकर ऐन २०५८ मा दफा ८८(१)(५)(ख) थप गरेको र सो बमोजिम एकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्ति(Individuals) ले घर बहाल बापत प्राप्त गरेको रकममा करकट्टी गर्नु नपर्ने व्यवस्था गरेको छ ।यस सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.३०: मानौ, आदिश्री एण्ड कम्पनीले पोखराको न्यूरोडमा व्यवसाय सञ्चालन गर्नको लागि मासिक रु.५०,०००।-भाडा तिर्ने गरी घरधनी श्री गरिबदाशसँग सम्झौता गरेको रहेछ । सम्झौता बमोजिम प्रस्तुत कम्पनीले गरिबदाशलाई घरभाडा भुक्तानी गर्दा अग्रिम कर कट्टा गर्नु पर्दैन ।

**८८(१)(६) सामूहिक लगानी कोष (म्यूच्युअल फण्ड)बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम भुक्तानीमा पाँच प्रतिशतका दरले ।**

आर्थिक ऐन, २०७० ले आयकर ऐन, २०५८ मा दफा ८८(१)(६) थप गरेको र सो बमोजिम भएको संशोधनपश्चात सामूहिक लगानी कोष (म्यूच्युअल फण्ड)बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम भुक्तानीमा पाँच प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.३१: गोल्डन म्यूच्युअल फण्डले आर्थिक वर्ष २०७६ पौष ६ गते आफ्ना हिताधिकारीलाई १० प्रतिशतले प्रतिफल वितरण गरेको रहेछ । यसरी वितरण गरिएको प्रतिफलमध्ये प्राकृतिक व्यक्तिलाई वितरण गरेको प्रतिफलमा पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने हुन्छ । अन्यको हकमा भने यस्तो प्रतिफलको भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने हुन्छ ।

**८८(१)(७) बासिन्दा व्यक्तिले भू-उपग्रह, ब्याण्डविथ, अप्टिकल फाइवर, दुरसञ्चार सम्बन्धी उपकरण वा विद्युत प्रशारण लाइन प्रयोग गरे बापतको भुक्तानीमा दश प्रतिशतका दरले ।**

आर्थिक ऐन, २०७३ ले आयकर ऐन, २०५८ मा दफा ८८(१)(७) थप गरेको र सो बमोजिम बासिन्दा व्यक्तिले भू-उपग्रह, ब्याण्डविथ, अप्टिकल फाइवर, दुरसञ्चार सम्बन्धी उपकरण वा विद्युत प्रशारण लाइन प्रयोग गरे बापतको भुक्तानीमा दश प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ ।

**८८(१)(८) ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतका दरले ।**

**तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा एक दशमलव पाँच प्रतिशतले कर कट्टी गर्नु पर्नेछ ।** (यो प्रतिबन्धात्मक वाक्यांश आर्थिक ऐन, २०७८ ले हटाएको छ)

ढुवानी सेवा प्रदायकले मालधनीको सामान तोकिएको गन्तब्यमा पुऱ्याए बापतको भाडा भुक्तानीमा दुई दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था आर्थिक ऐन, २०७५ ले थप गरेको साथै आर्थिक ऐन, २०७७ ले ढुवानी सेवा तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ ।तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा भने एक दशमलव पाँच प्रतिशतले कर कट्टी गर्नु पर्दछ ।

**८८(१)(९) बासिन्दा बैंङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैङ्क वा अन्य वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी गर्दा दश प्रतिशतका दरले ।**

आर्थिक ऐन, २०७७ ले आयकर ऐन, २०५८ को दफा ८८(१)(९) थप गरेको व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएको छ ।

| |
|---|
| उदाहरण १६.२.३२ः मानौं, City Commerce and Development Bank Ltd.ले नेपाल राष्ट्र बैंकले तोकेको क्षेत्रमा लगानी गर्नको लागि जापानको निप्पोन बैंकबाट अमेरिकी डलर १ करोड रकम ५ प्रतिशत वार्षिक ब्याज तिर्ने गरी ५ वर्षको लागि ऋण लिएको रहेछ । City Commerce and Development Bank Ltd.ले निप्पोन बैंकलाई उक्त ऋण बापतको ब्याज भुक्तानी गर्दा ब्याज भुक्तानी रकमको १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्छ । |

**८८(१)(१०) उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी कार्ड, इ-मनी (वालेट), मोवाइल बैंकिङ्ग जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरे बापत प्रदान गरिने प्रोत्साहन रकममा कर कट्टी गर्नुपर्ने छैन ।**

उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा कार्ड□ इ-मनी (वालेट)□ मोवाइल बैंकिङ्ग जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरे बापत प्रदान गरिने प्रोत्साहन रकममा कर कट्टी गर्नुपर्ने छैन भन्ने व्यवस्था आर्थिक ऐन, २०७७ ले थप गरेको । यस सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएको छ :

| |
|---|
| उदाहरण १६.२.३३ः मानौ, आदिश्री एण्ड कम्पनीले डिपार्टमेन्ट स्टोर सञ्चालन गर्ने रहेछ । हनुमानदाशले उक्त डिपार्टमेन्ट स्टोरबाट रु.५०,०००।-को सामान खरिदमा १३ प्रतिशतले हुने रु.६,५००।-मू.अ.कर सहित रु.५६,५००।-विद्युतीय माध्यमबाट भुक्तानी गर्दा कर रकमको दश प्रतिशतले हुने रु.६५०।-नगद प्रोत्साहन स्वरूप निजको बैंक खातामा फिर्ता गरेको रहेछ । यसरी विद्युतीय माध्यमबाट वस्तु खरिद बापतको भुक्तानी हुँदा हनुमानदाशलाई प्रोत्साहन स्वरूप फिर्ता दिएको रकम रु.६५०।-मा आदिश्री एण्ड कम्पनीले कर कट्टी गर्नुपर्दैन । |

**८८(१)(११)** **विदेशी विद्यालय वा विश्वविद्यालयलाई रजिष्ट्रेशन शुल्क, शिक्षण शुल्क तथा परीक्षा शुल्क बापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशतका दरले ।**

**८८(१)(१२)** **बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले जीवन बीमा कम्पनीलाई निक्षेप बापत भुक्तानी गरेको ब्याजमा पाँच प्रतिशतका दरले ।**

**८८(२)** **बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको देहायका भुक्तानी गर्दा देहायका दरले करकट्टी गर्नु पर्नेछः-**

**८८(२)(क)** **लाभांश भुक्तानी गरेकोमा भुक्तानी रकमको पाँच प्रतिशत,**

कुनै पनि कम्पनीले आफ्ना अंशियार वा साझेदारी फर्मले आफ्ना साझेदारलाई लाभांश घोषणा गर्दा साधारण सभा वा साझेदारको बैठकले अनुमोदन गरिसकेपछि मात्रै कम्पनी वा साझेदार फर्मको दायित्व सिर्जना हुने गर्दछ । लाभांश भुक्तानी गर्दा बासिन्दा व्यक्ति वा गैर बासिन्दा व्यक्ति जसलाई भुक्तानी गरेतापनि ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ । लाभांश भन्नाले नगद लाभांश वा बोनस शेयर वितरण गरेकोलाई पनि बुझिन्छ । ऐनको दफा ५३ अनुसार निकायबाट गरिने मुनाफाको पुँजीकरणलाई वितरण मानिने र ऐनको दफा ५४ अनुसार कम्पनीबाट त्यस्तो वितरणमा लाभांश कर लाग्ने व्यवस्था भएको हुँदा बोनस शेयर वितरण पनि मुनाफाको पुँजीकरण भएको हुँदा लाभांश कर लाग्दछ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.२.३४: मानौं, आदिश्री एण्ड कम्पनी लिमिटेडको २०७६ मार्ग २८ गते बसेको साधारण सभाले २०७५।७६ को मुनाफाबाट शेयर पुँजीको १० प्रतिशतका दरले हुने रु.५०,०००।-नगद लाभांश तथा २० प्रतिशतका दरले हुने रु.१,००,०००।-बोनस शेयर बितरण गर्ने निर्णय गरेको रहेछ । यस अवस्थामा रु.१,५०,०००।-लाई नै जम्मा वितरण अर्थात लाभांश मानिन्छ र साधारण सभाले निर्णय गरेको मिति २०७६ मार्ग २८ गतेलाई भुक्तानी मिति मानिन्छ । सोही बमोजिम जम्मा लाभांश रु.१,५०,०००।-को ५ प्रतिशतले हुने रु.७,५००।-सो कम्पनीको २०७६ मार्ग महिनाको लाभांश बापत अग्रिम कर कट्टी गर्ने दायित्व हुनेछ । |
| उदाहरण १६.२.३५: मानौं, आदिश्री एण्ड साझेदारी फर्मको २०७६ मार्ग २८ गते बसेको साझेदारी सभाले २०७५।७६ को मुनाफाबाट रु.१,५०,०००।-साझेदारको लगानीको अनुपातमा लाभांश वितरण गर्ने निर्णय गरेको रहेछ । यसरी उक्त फर्मले वितरण गरेको मुनाफामा ५ प्रतिशतले हुने कर, अर्थात रु.७,५००।-सो फर्मको २०७६ मार्ग महिनाको लाभांश बापत अग्रिम कर कट्टी गर्ने दायित्व हुनेछ । |
| उदाहरण १६.२.३६: मानौं, आदिश्री एण्ड कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७५।७६ मा आफ्ना शेयरधनीलाई नगद लाभांश वितरण नगरी रु.९,५००।-मूल्य पर्ने घडी वितरण गरेको रहेछ । यसरी कम्पनीले कुनै प्रतिफल प्राप्त नै नगरी हिताधिकारीलाई गरिएको भुक्तानी ऐनको दफा ५३ बमोजिम लाभांश मानिनेछ । यसरी गरिएको वितरण कर कट्टी पछिको लाभांश भुक्तानी (अर्थात९५%) मानिने हुँदा यसरी लाभांश मानिएको रकम ( ९,५००/९५X५% = रु.१०,०००।-) को ५ प्रतिशतले हुने रकम रु.५००।-दाखिला गर्नु सो कम्पनीको दायित्व हुनेछ । |

**८८(२)(ख)** **लगानी बीमाको लाभ भुक्तानी गर्दा भुक्तानी रकमको पाँच प्रतिशत,वा**

लगानी बीमा वा जीवन बीमा वा ५ वर्षभन्दा बढी जोखिम दायित्व व्यहोर्ने बीमा गरेको र त्यस्तो बीमाबाट प्राप्त गर्ने भुक्तानीमा आफूले प्रिमियम बापत तिरेको रकम कट्टा गरी हुन आउने रकमलाई लाभ भनिन्छ । यसरी गणना गरिएको लाभ रकम भुक्तानी गर्दाका

अवस्थामा ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी दिनु पर्दछ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.२.३७: मानौं, पूर्णताले आफ्नो जीवन बीमा नेपाल जीवन बीमा संस्थानमा गराएकी रहिछन् । निजको Policy Amount (Sum Insurred) रु.८,००,०००।-को प्रिमियम बापत वार्षिक रु.४०,०००।-तिर्ने गरेकी रहिछिन् । उक्त पोलिसी अवधि समाप्त हुँदासम्म निजले प्रिमियम बापत रु.६,००,०००।- भुक्तान गरी सकेकी रहिछिन् । नेपाल जीवन बीमा संस्थानबाट उक्त Policy Matureभएपछि निजले रु.१२,००,०००।-पाउने देखियो । यस्तो रकम भुक्तानी दिँदा संस्थानले लाभ गणना गर्दा रु.६,००,०००।-(१२,००,००० - ६,००,०००) मा ५ प्रतिशतका दरले हुने रु.३०,०००।-अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.११,७०,०००।- भुक्तानी दिनु पर्दछ । यसरी अग्रिम कर कट्टी गरी प्राप्त गरिएको भुक्तानी रकम रु.११ लाख ७० हजारलाई पूर्णताले आफ्नो अन्य आयमा समावेश भने गर्नु पर्दैन । |
| उदाहरण १६.२.३८: मानौं, सजग सापकोटाले Accidental Insuranceपोलिसी नेपाल जीवन बीमा संस्थानबाट खरिद गरेका रहेछन् र नियमित रूपमा प्रिमियम भुक्तानी गरिआएका रहेछन् । पोलिसी खरिद गरेको तेश्रो वर्ष निजको दुर्घटना भई हात भाँचिएछ । उक्त बीमा कम्पनीले क्षतीपूर्ति बापत रु.५०,०००।-निजलाई भुक्तानी दिएको रहेछ । यसरी बीमा भुक्तानी प्राप्त गरेको समयसम्म निजले रु.२०,०००।-सो पोलिसी बापत प्रिमियम दाखिला गरेका रहेछन् । यस्तो क्षतिपूर्ति बापत प्राप्त रकम दफा ३१ बमोजिम कर नलाग्ने हुँदा भुक्तानीमा दफा ८८ बमोजिम अग्रिम कर कट्टी गर्नु पर्दैन । |

**८८(२)(ग)स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको पाँच प्रतिशत ।**

स्वीकृति नलिएको अवकाश कोषबाट गरिने लाभको भुक्तानीमा ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्दछ । सो सम्बन्धमा तल उल्लिखित उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १६.२.३९: मानौं, हरि काफ्लेले अवकाश योगदान गरिआएको अवकाश कोष, ऐन लागू भैसकेपश्चात यदि स्वीकृति नलिएको अवकाश कोष भएको अवस्थामा भुक्तानी प्राप्त गरेको रकम र सो कोषमा योगदान गरेको रकमको फरक रकममा निम्नानुसार अस्वीकृत अवकाश कोषले अग्रिम कर कट्टा गर्नु पर्दछ ।

| | |
|---|---|
| (१) सञ्चय कोष - २०५८ चैत्र १९ गतेदेखि | |
| बैशाख मसान्त २०६० सम्मको साँवारु............ | ४,५०,०००/- |
| (२) ऐ.अवधिमा सञ्चय कोषको रकममा ब्याज रु. ................ | <u>५०,०००/-</u> |
| जम्मा भुक्तानी रकम रु. | <u>५,००,०००/-</u> |

मानौं,उक्त साँवा रकममध्ये निज हरि काफ्लेको आफ्नो योगदान रकम रु.४,५०,०००।-रहेछ ।

| | |
|---|---|
| (१) भुक्तानी हुने रकम | रु.५,००,०००/- |
| (२) उक्त कोषमा आफ्नो योगदान रकम | रु.४,५०,०००/- |
| कर प्रयोजनको लागि लाभ | रु.५०,०००/- |

ऐनको दफा ८८ (२)(ग) अनुसार भुक्तानी गर्दा ५ प्रतिशतका दरले हुने रु.२,५००।- अग्रिम कर कट्टा गरी बाँकी रकम रु.४,९७,५००।- भुक्तानी गर्नुपर्दछ ।

**८८(३)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बासिन्दा बैंक, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी बण्ड**

**बापत देहाय बमोजिमको ब्याज वा ब्याज बापतको कुनै रकम भुक्तानी दिँदा कुल भुक्तानी रकममा पाँच प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ :-**

(क) **नेपालमा स्रोत भएको, र**

(ख) **व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको ।**

कुनै पनि प्राकृतिक व्यक्तिलाई बासिन्दा बैंक तथा वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने निकाय वा Stock Exchangeमा सूचीकृत भएका कम्पनीले निक्षेप, ऋणपत्र वा डिबेन्चर वा सरकारी बण्ड बापत तिरिने ब्याज रकम भुक्तानी गर्दा भुक्तानी रकममा ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्दछ । तर प्राकृतिक व्यक्तिबाहेक अन्य निकायलाई गरिने (माथि उल्लेख गरिएका संस्थाले) ब्याज भुक्तानीमा भने १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी दिनु पर्दछ । यहाँ बैंक तथा वित्तीय संस्था भन्नाले बैंक तथा वित्तीय संस्था ऐन,२०७३ अनुसार नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २ को खण्ड (छ) अनुसार कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनका लागि कर्जा दिने वा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको वित्तीय संस्था सम्झनु पर्दछ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकिदिएको संस्था समेतलाई जनाउँछ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

> उदाहरण १६.२.४०: मानौं, हिमालयन ईन्फोटेक लि.Nepal Stock Exchange Ltd. मा सूचिकृत कम्पनी रहेछ । उक्त कम्पनीले पुँजी जुटाउने क्रममा १० प्रतिशत ब्याज दरको ऋणपत्र जारी गरेको रहेछ । दिपीकाले रु.५,००,०००।-को त्यस्तो ऋणपत्र खरिद गरेकी रहिछन् । ABC & Co. ले रु.२०,००,०००।- को ऋणपत्र खरिद गरेको रहेछ । सो कम्पनीले उक्त ऋणपत्रको ब्याज भुक्तानी गर्ने क्रममा दिपीकालाई ब्याज भुक्तानी गर्दा ब्याज रु.५०,०००।- मा ५ प्रतिशतका दरले हुने रु.२,५००।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.४७,५००।- भुक्तानी गर्नु पर्दछ । यसरी अग्रिम कर कट्टा गरी प्राप्त भुक्तानी रकम ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (ङ) बमोजिम अन्तिमरूपमा कर कट्टी हुने भुक्तानी भएको हुँदा त्यस्तो रकमलाई पुनः आयमा समावेश गर्नु पर्दैन । त्यस्तै, ABC & Co. ले प्राप्त गर्ने ब्याज आम्दानी रु.२,००,०००।-मा ऐनको दफा ८८ उपदफा (१) अनुसार १५ प्रतिशतका दरले हुने रु.३०,०००।-अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रु.१,७०,०००।- भुक्तानी गर्नु पर्दछ । यसरी कट्टा गरिएको अग्रिम कर अन्तिम कर कट्टा नहुने हुँदा ABC & Co. ले आफ्नो तिर्नुपर्ने कर दायित्वबाट मिलान गर्न सक्नेछ । अर्थात कुलब्याज रु.२,००,०००।- लाई आफ्नो नाफा-नोक्सान खातामा आम्दानी देखाउनु पर्दछ भने रु.३०,०००।- लाई अग्रिम करको रूपमा वासलातमा देखाउनु पर्दछ ।

८८(४) **उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका भुक्तानी गर्दा यो दफा लागू हुने छैन :-**

माथि उल्लेख गरिएका विभिन्न भुक्तानीमा अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने भनिएतापनि निम्नानुसारका भुक्तानीमा अग्रिम कर कट्टा गर्नु पर्दैन ।

८८(४)(क) **प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धितबाहेकका अन्य कुनै भुक्तानी,**

प्राकृतिक व्यक्तिले जग्गा र सोसँग जडित सामान तथा उपकरण भाडामा लिएबापत तिरेको भाडा भुक्तानी वा प्राकृतिक व्यक्तिको आफ्नो व्यवसायसँग सम्बन्धित भुक्तानीमा कर कट्टा गर्नुपर्ने तर अन्य भुक्तानीमा भने कर कट्टा गर्नु पर्दैन । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.४१: मानौं, गोविन्द भन्ने व्यक्तिले आफ्नो घर निर्माण गर्ने क्रममा नक्सा बनाउनको लागि र घरको निर्माण नहुन्जेल रेखदेख गर्ने गरी कृष्ण शर्मा भन्ने इन्जिनियरलाई मासिक रु.२०,०००।-परामर्श शुल्क बापत तिर्ने गरेका रहेछन् । यसरी भुक्तानी गरिने शुल्कमा अग्रिम कर कट्टा गर्नु पर्दैन । तर निज कृष्ण शर्माले यसरी प्राप्त परामर्श शुल्कलाई भने आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

**८८(४)(क१)पत्रपत्रिकामा प्रकाशित लेख रचना बापतको भुक्तानी**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.४२: मानौं, श्याम एक प्राध्यापक हुन् । निजलेकुनै पत्रिकामा आर्थिक विषयमा लेख रचना प्रकाशित गरे बापतरु.५,०००।-प्राप्त गरेका रहेछन् । उक्त पत्रिकामा लेख रचना प्रकाशित भए बापतको भुक्तानी गर्दा भुक्तानी दिने व्यक्तिले भुक्तानीमा कर कट्टा गर्नु पर्दैन ।

तर निज प्राध्यापकले यसरी प्राप्त गरेको रकम निजले आय विवरण पेश गर्दा आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

**८८(४)(ख) बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज,**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.४३: मानौं, एस् एण्ड कम्पनीले City Commerce and Development Bank Ltd.बाट व्यवसायको लागि आवश्यक पर्ने Working Capitalको लागि रु.२ करोड वार्षिक १० प्रतिशतका दरले ब्याज तिर्ने गरी ऋण लिएको रहेछ । उक्त कम्पनीले वार्षिक रु.२० लाख ब्याज वित्तीय संस्थालाई भुक्तानी गरेको रहेछ । यसरी सो कम्पनीले वित्तीय संस्थालाई भुक्तानी गरेको ब्याज रकममा भुक्तानीमा कर कट्टा गर्नु पर्दैन ।

**८८(४)(ख१) सहकारी बैङ्क तथा सहकारी संघ संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याज ।**

**८८(४)(ख२) संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत्त आयोजनाले विदेशी बैङ्क वा अन्य विदेशी वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापत तिरेको ब्याज ।**

**८८(४)(ग) कर छुट पाएको भुक्तानी वा दफा ८७ बमोजिम कर कट्टी हुनुपर्ने भुक्तानी,**

उदाहरण १६.२.४४: मानौं, Poor & Supportएक मुनाफा नकमाउने गैर सरकारी संस्था रहेछ । यसले आफ्नो संस्थाको उद्देश्य अनुरूप ग्रामीण भेगका निमुखा जनताको लागि शिक्षा प्रदान गर्नको लागि Donorबाट कुनै प्रतिफलको आस नगरी गरिएको अनुदान प्राप्त गरी खर्च गर्ने गर्दछ । उक्त संस्थाले कार्यालयबाट कर छुटको प्रमाणपत्र लिएको रहेछ । यस अवस्थामा सो संस्थाले अनुदान बापत प्राप्त गरेको रकम ऐनको दफा १०(छ) अनुसार कर छुट हुने रकम भएकोले अनुदान दिने व्यक्तिले सो रकममा कर कट्टा गर्नु पर्दैन । तर, कर छुट नहुने रकम जस्तै निक्षेप रकमको ब्याज भुक्तानीमा भने भुक्तानी दिनेले स्रोतमा कर कट्टा गर्नु पर्दछ ।

**८८(४)(घ) क्रेडिट कार्ड जारी गर्ने बैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क,**

उदाहरण १६.२.४५: मानौं, National Bank Limited एकCommercial Bankरहेछ । उक्त बैंकले Master Cardजस्ता Credit Cardसञ्चालनमा ल्याएको रहेछ । बैंकले यस्तो Credit Cardजारी गर्ने Master Card International लाई Master Card प्रयोग गरेबापत लिने शुल्कको केही अंश भुक्तानी गर्नुपर्ने हुन्छ । यसरी सेवा शुल्क बापतMaster Card Internationalलाई Transferगरिने रकममा भुक्तानीमा कर कट्टा गर्नु पर्दैन ।

**८८(४)(ङ)सामुहिक लगानी कोष (म्युचुअल फण्ड) लाई भुक्तानी गरिएको लाभांश र ब्याज ।**

(यो व्यवस्था आर्थिक ऐन, २०७८ ले हटाएको छ)

आर्थिक ऐन, २०७० ले दफा ८८(४)(ङ) थप गरेको र सो बमोजिममा गरेको संशोधन पश्चात सामूहिक लगानी कोष (म्युचुअल फण्ड)लाई भुक्तानी गर्ने लाभांश र ब्याज भुक्तानीमा कर कट्टा गर्नु नपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछ :

| |
|---|
| उदाहरण १६.२.४६: गोल्डन म्युचुअल फण्डले नेपाल बैंक लि.मा रु.१ करोड निक्षेप राखेको रहेछ । उक्त बैंकले सो म्यूच्युअल फण्डलाई २०७१ असोज मसान्तमा रु.५ लाख ब्याज भुक्तान गर्नुपर्ने रहेछ । उक्त ब्याज भुक्तानीमा कर कट्टा गर्नु पर्दैन । |

### १६.२.५ आकस्मिक लाभमा करकट्टी

ऐनको दफा ८८क. बमोजिम आकस्मिक लाभमा निम्नानुसार करकट्टी गर्नु पर्दछ :–

**८८क.(१)आकस्मिक लाभ बापतको भुक्तानीमा पच्चीस प्रतिशतका दरले करकट्टी गर्नुपर्नेछ ।**

**तर साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पुरस्कारमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आकस्मिक लाभ कर नलाग्ने गरी छुट दिन सक्नेछ ।**

**८८क.(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकारिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपैयाँसम्मको पुरस्कारमा आकस्मिक लाभ कर लाग्ने छैन ।**

ऐनको दफा २ (ज१) मा आकस्मिक लाभलाई निम्नानुसार परिभाषित गरेको छ :

**“आकस्मिक लाभ” भन्नाले चिठ्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी वा अन्य कुनै पनिआकस्मिक रूपमा प्राप्त हुने लाभ सम्झनु पर्दछ ।**

लाभ प्राप्त हुने निश्चितता नभएतापनि प्रापक व्यक्तिको श्रम वा पुँजीको उपयोग नगरी प्राप्त हुने चिठ्ठा, उपहार, पुरस्कार बक्सिस, जितौरी वा अन्य रकमलाई आकस्मिक लाभ मानिन्छ । ऐनको दफा ९२(१)(झ) बमोजिम यस्तो आकस्मिक लाभमा हुने कर कट्टी रकम अन्तिम कर कट्टी मानिन्छ ।

| |
|---|
| उदाहरण १६.२.४: मानौं, दिपक निरौला भन्ने व्यक्तिले Casino Nepal मा जुवा खेलेका रहेछन् र रु.१,००,०००।-जितेका रहेछन् । यस्तो जितौरी रकममा Casino Nepal ले २५ प्रतिशत अर्थात रु.२५,०००।-भुक्तानीमा कर कट्टा गरी बाँकी रु.७५,०००।-मात्र निज दिपक निरौलालाई भुक्तानी गर्नु पर्दछ । ऐनको दफा ९२ (१)(झ) बमोजिम यस्तो जितौरीमा हुने कर कट्टी रकम अन्तिम कर कट्टी मानिन्छ । |
| उदाहरण १६.२.४८: मानौं, दिपक कायस्थ भन्ने व्यक्तिले दशैंको समयमा चिठ्ठा खरिद गरेको रहेछ । चिठ्ठा खोल्दा सो व्यक्तिलाई रु.१,००,०००।-को चिठ्ठा परेको रहेछ भने उक्त व्यक्तिलाई भुक्तानी गर्दा २५ प्रतिशतले हुने अर्थात रु.२५,०००।-कर कट्टा गरी बाँकी रु.७५,०००।-मात्र भुक्तानी गर्नुपर्दछ । ऐनको दफा ९२(१)(झ) बमोजिम यस्तो जितौरीमा हुने कर कट्टी रकम अन्तिम कर कट्टी मानिन्छ । |

### १६.२.६ ठेक्का वा करारको भुक्तानी गर्दा कर कट्टी :

ऐनको दफा ८९ बमोजिम ठेक्का वा करारको भुक्तानी गर्दा निम्नानुसार कर कट्टी गर्नुपर्ने हुन्छः

**८९(१) बासिन्दा व्यक्तिले ठेक्का वा करार बापत पचास हजार रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कुल रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्नेछ ।**

**८९(२) उपदफा (१) मा उल्लिखित रकम यकिन गर्न एउटै करार अन्तर्गत त्यस्तो व्यक्ति वा निजको सम्बद्ध व्यक्तिबाट सोही करार अन्तर्गत भुक्तानी पाउने व्यक्ति वा निजको सम्बद्ध व्यक्तिलाई विगतको दश दिनमा दिइएका अन्य कुनै भुक्तानीहरु भए सो समेत जोडी यकिन गर्नु पर्नेछ ।**

कुनै पनि बासिन्दा व्यक्तिले ठेक्का वा करार अन्तर्गत रु.५०,०००।-भन्दा बढीको रकम भुक्तानी गर्दा भुक्तानी रकमको १.५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ र भुक्तानी रकम वा करार वा ठेक्का रकम यकिन गर्ने प्रयोजनको लागि सोही करार अन्तर्गत भुक्तानी पाउने व्यक्ति वा निजकोसम्बद्धव्यक्तिलाई विगत दश दिनमा दिइएका अन्य कुनै भुक्तानी भए सो समेत जोडी यकिन गर्नु पर्दछ । यस दफाको प्रयोजनको लागि "ठेक्का वा करार" लाई निम्नानुसार स्पष्ट पारिएको छ :-

**यस दफाको प्रयोजनको लागि "ठेक्का वा करार" भन्नाले कुनै वस्तु वा श्रमिकको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता तथा विभागले ठेक्का वा करार भनी तोकेको कार्यलाई सम्झनु पर्छ र त्यस्तो करार वा सम्झौताले निर्माण वा जडान वा स्थापनासँग सम्बन्धित सेवा समेतलाई समेटेको भए सो सेवा बापतको भुक्तानीलाई समेत जनाउँछ ।**

यसरी ठेक्का वा करारमा निम्न कारोबार पर्दछन् :

- वस्तु वा श्रमिकको आपूर्ति,
- मूर्त सम्पत्ति वा संरचनाको निर्माण, जडान वा स्थापना (सम्बन्धित सेवा समेत) र
- विभागले ठेक्का वा करार भनी तोकेका कारोबार ।

यस सम्बन्धमा ऐनको दफा ८८ बमोजिम सेवा मानिएको भुक्तानी भने ठेक्का मानिदैंन । ठेक्का मानिन मुख्य रूपले आपूर्तिको Arrangement, Labor Supply, मालसामानको आपूर्ति वा Tangible Assets निर्माणसँग प्रत्यक्ष सम्बन्धित हुनु पर्दछ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.४९: मानौं, ABC & Co.ले CBS Internationalबाट राशन ठेक्का बापतरु.५१,०००।-प्राप्त गरेका रहेछन् । यस्तो भुक्तानी रु.५०,०००।-भन्दा बढी भएकोले पूरै भुक्तानी रकममा कर कट्टा गर्नु पर्दछ । अर्थात, CBS Internationalले कुल ठेक्का रकम रु.५१,०००।-भुक्तानी दिंदा १.५ प्रतिशतका दरले हुने रु.७६५।-कर कट्टा गरी बाँकी हुन आउने रु.५०,२३५।- ABC & Co. लाई भुक्तानी दिनु पर्दछ ।

उदाहरण १६.२.५०: मानौं, Zenithहोटल प्रा.लि.ले आफ्नो होटललाई वर्ष दिनभरि आवश्यक पर्ने कुखुराको मासु Haris Fresh Houseबाट खरिद गर्ने गरी सम्झौता गरेका रहेछन् । निज होटलले मासु खरिद गरेबापत भुक्तानी निम्नानुसार दिएका रहेछन् ।

| | |
|---|---|
| २०६५।४।७ | रु.२५,०००।- |
| २०६५।४।१२ | रु.१०,०००।- |
| २०६५।४।१३ | रु.५,०००।- |
| २०६५।४।१५ | रु.१०,०००।- |
| २०६५।४।१७ | रु.५,०००।- |

करार अनुसार रु.५०,०००।- यकिन गर्ने प्रयोजनको लागि भुक्तानी दिएको दिनदेखि विगत दश दिनको भुक्तानी रकम जोडिन्छ ।

| भुक्तानी मिति | विगत दश दिन | रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| २०६५।४।१७ | ० | ५,०००।- |
| २०६५।४।१५ | २ | १०,०००।- |
| २०६५।४।१३ | २ | ५,०००।- |
| २०६५।४।१२ | १ | १०,०००।- |
| २०६५।४।७ | ५ | २५,०००।- |
| जम्मा | १० | ५५,०००।- |

यसरी विगत दश दिनमा भुक्तानी गरेको रकम रु.५५,०००।-मा १.५ प्रतिशतका दरले हुने रु. ८२५।- भुक्तानीमा कर कट्टा गरी भुक्तानी दिनु पर्दछ ।

**८९(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा व्यक्तिले कुनै ठेक्का वा करार अन्तर्गत कुनै गैर बासिन्दा व्यक्तिलाई दिने भुक्तानीबाट देहाय बमोजिम कर कट्टी गर्नु पर्नेछ :-**

**८९(३)(क) ठेक्का वा करारमा पाँच प्रतिशत**

**८९(३)(ख) गैर बासिन्दा बीमा कम्पनीलाई प्रिमियम भुक्तानी गर्दा वा गैर बासिन्दा बीमा कम्पनीबाट पुनर्बीमा बापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशनमा एक दशमलब पाँच प्रतिशत**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.२.५१ः मानौं, नेपाल जीवन बीमा कम्पनी लि.ले जापानी जीवन बीमा कम्पनीसँग Reinsuranceकरार गरेको रहेछ । आर्थिक वर्ष २०७६।७७ मा जापानी जीवन बीमा कम्पनीलाई रु.१०,००,०००।- Reinsurance Premiumभुक्तान गरेको रहेछ भने जापानी जीवन बीमा कम्पनी गैर बासिन्दा बीमा कम्पनी भएको कारण यस्तो भुक्तानी रकममा १.५ प्रतिशतका दरले हुन आउने रकम रु.१५,०००।- भुक्तानीमा कर कट्टा गरी बाँकी रकम रु.९,८५,०००।- भुक्तानी दिनु पर्दछ ।

**८९(३)(ग)खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक विभागले त्यस्तो बासिन्दा व्यक्तिलाई लिखित सूचना दिएकोमा सो सूचनामा उल्लिखित दरमा ।**

माथि उपखण्ड (क) वा (ख) बाहेक गैर बासिन्दा व्यक्तिलाई दिइने भुक्तानीका अन्य अवस्थामा विभागले बासिन्दा भुक्तानीकर्तालाई लिखित सूचना दिए बमोजिम कर कट्टा गरी भुक्तानी गर्नु पर्दछ ।

**तर नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले आफ्नो प्रयोजनका लागि खरिद गर्ने हातहतियार, गोली गट्ठा तथा सञ्चार उपकरणको खरिद बापतको भुक्तानीमा यो उपदफा लागू हुने छैन ।** (यो प्रतिबन्धात्मक वाक्यांश आर्थिक ऐन, २०७८ ले थप गरेको हो)

**८९(३क.) उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्नेछ ।**

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका निकायहरुबाट उपभोक्ता समिति गठन गरी उक्त उपभोक्ता समिति मार्फत काम गराउने गरी पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी दिँदा भुक्तानी रकमको १.५ प्रतिशतका दरले करकट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्छ ।

**८९(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका भुक्तानीका हकमा यो दफा लागू हुने छैन :-**

(क) **व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र घरमा जडित सामान तथा उपकरण बापत तिरेको भाडा बाहेकको अन्य कुनै भुक्तानी,**

(ख) **कर छुट दिइएका भुक्तानी वा दफा ८७, ८८ वा ८८क. बमोजिम कर कट्टी गर्नुपर्ने भुक्तानी ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.२.५२ः मानौं, गोबिन्द भन्ने व्यक्तिले आफ्नो घर रु.५० लाखमा निर्माण गर्ने गरी निर्माण कम्पनीलाई ठेक्का दिएको रहेछ । यसरी दिएको ठेक्काको भुक्तानीमा निज गोविन्दले भुक्तानीमा कर कट्टा गर्नु पर्दैन । तर, सो निर्माण कम्पनीले यसरी ठेक्का बापत प्राप्त रकमलाई भने आफ्नो आयमा समावेश गर्नु पर्दछ । |
| उदाहरण १६.२.५३ः मानौं, नेपाल अवकाश कोष, विभागबाट स्वीकृत अवकाश कोष रहेछ । उक्त कोषको निक्षेप शुभ बैंक लि. मा रहेछ । अवकाश कोषको ब्याजमा आय कर नलाग्ने भएको हुँदा सो बैंकले उक्त कोषलाई भुक्तानी गर्ने ब्याजमा कर कट्टा गर्नु पर्दैन । |

कुनै भुक्तानी दफा ८७ वा ८८ अन्तर्गत पनि पर्ने र यो दफा अन्तर्गत पनि पर्ने देखिएमा दफा ८७ वा ८८ अन्तर्गतको भुक्तानीमा कर कट्टी गर्नु पर्ने दर लागू हुन्छ ।

## १६.२.७ कर कट्टी गरिनु पर्ने दर :

बासिन्दा व्यक्तिले ऐनको ८७, ८८, ८८क. र ८९, बमोजिम गरिनुपर्ने कर कट्टीका दर समष्टिगतमा तल तालिकामा प्रस्तुत गरिएको छ ।

| आकर्षित हुने दफा | भुक्तानीमा करकट्टी हुने भुक्तानी | भुक्तानीमा कर कट्टीको दर | अन्तिम हुने/नहुने |
|---|---|---|---|
| दफ ८७ (१) | रोजगारीको आय (पारिश्रमिक) | अनुसूची -१ को दफा १ मा तोकिएको दरले | सामान्यतयाः हुने |
| दफा ८८(१) | सामान्य ब्याज भुक्तानी | १५ प्रतिशत | नहुने |
| दफा ८८(१) | प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन वा बिक्री वोनस, अवकाश भुक्तानी आदि | १५ प्रतिशत | नहुने |
| दफा ८८(१)<br>दफा ९२(१)(ज) | पटके रूपमा गरिएको अध्यापन गराए बापतको भुक्तानी, प्रश्नपत्र तयार गरे वा उत्तरपुस्तिका जाँच गरे बापतको भुक्तानी | १५ प्रतिशत | हुने (प्रति बैठक बीस हजार रुपैयाँसम्म) |
| दफा ८८(१)(१)<br>दफा ९२(१)(छ) | नेपाल सरकार वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानी रु. ५,००,०००।-वा भुक्तानी रकमको ५० प्रतिशतमध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानीमा | ५ प्रतिशत | हुने (नियमित रूपमा भुक्तानी हुने निवृत्तभरण बाहेक) |
| दफा ८८(१)(२)<br>दफा ९२(१)(च) | बासिन्दा रोजगार कम्पनीले गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा | ५ प्रतिशत | हुने |
| दफा ८८(१)(३)<br>दफा ९२(१)(च) | वायुयानको लिज (पट्टा) बापतको रकम भुक्तानी | १० प्रतिशत | हुने (गैर बासिन्दा |

| | | | |
|---|---|---|---|
| | | | व्यक्तिको हकमा) |
| दफा ८८(१)(४) | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा वा मूल्य अभिवृद्धि कर छुटको कारोबार गर्ने बासिन्दा निकायलाई भुक्तानी गरेको सेवा शुल्कमा | १.५ प्रतिशत | नहुने |
| दफा ८८(१)(५) | बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानीमा | १० प्रतिशत | नहुने |
| दफा ८८(१)(५)(क) | मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकम | १.५ प्रतिशत | नहुने |
| दफा ८८(१)(५)(ख) | प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकम | कर कट्टी गर्नुनपर्ने | |
| दफा ८८(१)(७) | बासिन्दा व्यक्तिले भू-उपग्रह, ब्याण्डविथ, अप्टिकल फाइवर, दुरसञ्चार सम्बन्धी उपकरण वा विद्युत प्रशारण लाइन प्रयोग गरेबापत गरेको भुक्तानी | १० प्रतिशत | नहुने |
| दफा ८८(१)(६)<br><br>दफा ९२(१)(ञ) | सामुहिक लगानी कोष (म्युचुअल फण्ड) बाट वितरण गरिने प्रतिफल<br>प्राकृतिक व्यक्तिलाई<br>अन्य व्यक्तिलाई | <br><br>५ प्रतिशत<br>१५ प्रतिशत | <br><br>हुने<br>नहुने |
| दफा ८८(१)(८) | ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकम | २.५ प्रतिशत | हुने( प्राकृतिक व्यक्तिको हकमा) |
| दफा ८८(१)(८) (यो व्यवस्था आर्थिक ऐन, २०७८ ले खारेज गरेको) | मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकम | १.५ प्रतिशत | नहुने |
| दफा८८(१)(९) | बासिन्दा बैंङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैङ्क वा अन्य वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी | १० प्रतिशत | हुने |
| दफा८८(१)(१०) | उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी कार्ड, इ-मनी (वालेट), | कर कट्टी गर्नुनपर्ने | |

| | | | |
|---|---|---|---|
| | मोवाइल बैंकिङ्ग जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरे बापत प्रदान गरिने प्रोत्साहन रकममा | | |
| दफा८८(१)(११) | विदेशी विद्यालय वा विश्वविद्यालयलाई रजिष्ट्रेशन शुल्क, शिक्षण शुल्क तथा परीक्षा शुल्क बापतको रकम भुक्तानी | ५ प्रतिशत | हुने |
| दफा८८(१)(१२) | बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले जीवन बीमा कम्पनीलाई निक्षेप बापत भुक्तानी गरेको ब्याजमा पाँच प्रतिशतका दरले । | ५ प्रतिशत | नहुने |
| दफा ८८(२)(क)<br>दफा ९२(१)(क) | कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश | ५ प्रतिशत | हुने |
| दफा ८८(२)(ख)<br>दफा ९२(१)(ग) | लगानी बीमाको लाभ भुक्तानी | ५ प्रतिशत | हुने |
| दफा ८८(२)(ग)<br>दफा ९२(१)(घ) | स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ५ प्रतिशत | हुने |
| दफा ८८(३)<br>दफा ९२(१)(ङ) | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको खण्डमा बासिन्दा बैंक, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी बण्ड बापत भुक्तान गर्ने ब्याज | ५ प्रतिशत | हुने |
| दफा ८८ (१)<br>दफा ९२(१)(ङ) | बासिन्दा बैंक, वित्तीय संस्था, सहकारी वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृत भएका कम्पनीले कर छुट पाउने संस्थालाई भुक्तान गर्ने ब्याज | १५ प्रतिशत | हुने |
| दफा ८८(४)(क) | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय सञ्चालनसँग सम्बन्धित बाहेकका अन्य कुनै भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(क१) | पत्रपत्रिकामा प्रकाशित लेख रचना बापतको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(ख) | बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने | |
| दफा८८(४)(ख१) | सहकारी बैङ्क तथा सहकारी संघ | कर कट्टी गर्नु नपर्ने | |

| | | | |
|---|---|---|---|
| | संस्थाले एक आपसमा ऋण लगानी बापत तिरेको ब्याज । | | |
| दफा८८(४)(ख२) | संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाले विदेशी बैङ्क वा अन्य विदेशी वित्तीय संस्थाबाट विदेशी मुद्रामा लिएको ऋण बापत तिरेको ब्याज । | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(ग) | कर छुट पाएको भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(घ) | क्रेडिट कार्ड जारी गर्ने बैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क | कर कट्टी गर्नु नपर्ने | |
| दफा८८(४)(ङ) (आर्थिक ऐन, २०७८ले खारेज) | सामुहिक लगानी कोष (मुच्यूअल फण्ड) लाई भुक्तानी गरिएको लाभांश र ब्याज | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८क.(१) दफा ९२(१)(झ) | आकस्मिक लाभ | २५ प्रतिशत | हुने |
| दफा ८८क.(२) दफा ९२(१)(झ) | साहित्य, कला, संस्कृति, खेलकुद, पत्रकरिता, विज्ञान, प्रविधि तथा सार्वजनिक प्रशासन क्षेत्रमा योगदान पुऱ्याए बापत प्राप्त हुने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका पाँच लाख रुपैयाँसम्मको पुरस्कार | कर कट्टी गर्नु नपर्ने | कर नलाग्ने |
| दफा ८९(१) | करार वा ठेक्का बापत रु. ५०,००० भन्दा बढी रकमको भुक्तानी | १.५ प्रतिशत | नहुने |
| दफा ८९(३)(क) | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने ठेक्का वा करारमा | ५ प्रतिशत | हुने |
| दफा ८९(३)(ख) | गैर बासिन्दा व्यक्तिलाई भुक्तानी हुने पूनर्बिमा प्रिमियम र गैर बासिन्दा बीमा कम्पनीबाट पुनर्बीमा बापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशन | १.५ प्रतिशत | हुने |
| दफा ८९(३)(ग) | गैर बासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | विभागले लिखित सूचना दिए बमोजिम | हुने |
| दफा ८९(३) को प्रतिबन्धात्मक | नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले आफ्नो प्रयोजनका | कर कट्टी गर्नु नपर्ने | |

| | | | |
|---|---|---|---|
| वाक्यांश | लागि खरिद गर्ने हातहतियार, गोली गट्ठा तथा सञ्चार उपकरणको खरिद बापत गैर बासिन्दा व्यक्तिलाई गरेको भुक्तानी | | |
| दफा ८९(३क.) | उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी रकममा | १.५ प्रतिशत | नहुने |

## १६.३ अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीः

ऐनको दफा ९२ मा अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी सम्बन्धमा निम्नानुसार व्यवस्था रहेको छः

**९२(१) देहायका भुक्तानीलाई अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिनेछ :-**

**९२(१)(क) बासिन्दा कम्पनी वा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश,**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.३.१: मानौं, नेपाल वैदेशिक रोजगार प्रा.लि.एक बासिन्दा कम्पनी रहेछ । उक्त कम्पनीले आ.व.२०६४।६५को मुनाफाबाट आफ्नो शेयरहोल्डरलाई रु.६० प्रति शेयरको दरले लाभांशको घोषणा गरेको रहेछ । उक्त लाभांशमा सो कम्पनीले ५ प्रतिशतका दरले हुने रु.३।- प्रति शेयर कर कट्टी गरी रु.५७।- प्रति शेयर शेयरहोल्डरलाई भुक्तानी गरेको रहेछ भने सो लाभांश अन्तिमरूपमा कर कट्टी भएको लाभांश मानिनेछ र शेयरहोल्डरले सो लाभांश आयमा समावेश गर्नु पर्दैन । |
| उदाहरण १६.३.२: मानौं, आदिश्री एण्ड साझेदारी फर्मको २०७५ मार्ग २८ गते बसेको साझेदारी सभाले २०७४।७५ को मुनाफाबाट रु.२,००,०००।-साझेदारको लगानीको अनुपातमा लाभांश वितरण गर्ने निर्णय गरेको रहेछ । उक्त लाभांशमा उक्त फर्मले ५ प्रतिशतका दरले हुने रु.१०,०००।-साझेदारहरुबाट कर कट्टी गरी बाँकी रु.१,९०,०००।-साझेदारहरुलाई भुक्तानी गरेको रहेछ भने सो लाभांश अन्तिम रूपमा कर कट्टी भएको लाभांश मानिनेछ र साझेदारहरुले सो लाभांश आयमा समावेश गर्नु पर्दैन । |

**९२(१)(ख) व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसँग गाँसिएका जडानहरु र उपकरणहरु बापत भुक्तानी गरेको भाडा,**

**९२(१)(ग) बासिन्दा व्यक्तिले लगानी बीमा बापत भुक्तानी गरेको लाभ,**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.३.३: मानौं, पूर्णताले आफ्नो जीवन बीमा नेपाल जीवन बीमा संस्थानमा रु.८,००,०००।-(Sum Insurred) को जीवन बीमा गराएकी रहिछन् । निजले सो बापत वार्षिक रु.४०,०००।-प्रिमियम तिर्ने गरेकी रहिछिन् । उक्त पोलिसी अवधि समाप्त हुँदासम्म निजले प्रिमियम बापतरु.६,००,०००।-भुक्तान गरिसकेकी रहिछिन् । जीवन बीमा संस्थानबाट उक्त Policy Mature भएपछि निजले रु.१२,००,०००।-पाउने देखियो । यस्तो रकम भुक्तानी दिंदा संस्थानले लाभ रु.६,००,०००।-(१२,००,०००-६,००,०००)मा ५ प्रतिशतका दरले हुने रु.३०,०००।- भुक्तानीमा कर कट्टा गरी बाँकी हुन आउने रु.११,७०,०००।- भुक्तानी दिनु पर्दछ । यसरी कट्टी गरिएको कर अन्तिम कर कट्टी हुनेछ र पूर्णताले सो रकमलाई आयमा समावेश गर्नु पर्दैन । तर, यसरी लगानी बीमाको लाभ गैर |

| |
|---|
| बासिन्दा व्यक्तिबाट भुक्तानी प्राप्त भएको खण्डमा भने त्यस्तो लाभलाई आयमा समावेश गर्नु पर्दछ । |
| उदाहरण १६.३.४: मानौं, सजग महराले रु.१० लाखको १० वर्षे बीमा गराएका रहेछन् । पाँच वर्षको नियमित प्रिमियम वार्षिक रु.१ लाख तिरिसकेपछि निजको मृत्यु भएछ । बीमा कम्पनीले बीमा पोलिसी अनुसार रु.६ लाख ५० हजार र बीमांक रु.१० लाख भुक्तानी गर्नुपर्ने यकिन गरेछ । सो रकम भुक्तानी गर्दाको लाभ रु.११ लाख ५० हजार (रु.१६ लाख ५० हजारमा तिरेको प्रिमियम रु.५ लाख घटाउँदा) लाभ भएपनि ऐनको दफा ३१ बमोजिम यस्तो किसिमको आयमा कर नलाग्ने व्यवस्था भएको हुँदा यस किसिमको भुक्तानीमा कर कट्टी गर्नु पर्दैन । |

९२(१)(घ) **बासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित बापत भुक्तानी गरेको लाभ,**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएको छः

| |
|---|
| उदाहरण १६.३.५: मानौं, दिलेन्द्र खड्काले आफ्नो आयबाट नियमित रूपले बिगत वर्षमा स्वीकृति नलिएको अवकाश कोषमा रकम जम्मा गर्दै आएका रहेछन् । उक्त कोषले मिति २०६५।६।६ मा निजलाई जम्मा रु.८,००,०००।- भुक्तान गर्नुपर्ने रहेछ । आ.व.२०६५।६६ सम्ममा निजले उक्त कोषमा रु.६,००,०००।- जम्मा गरिसकेका रहेछन् । सो कोषले गर्नुपर्ने भुक्तानीबाट लाभ रु.२,००,०००।-(८,००,०००-६,००,०००) मा ५ प्रतिशतका दरले हुने रु.१०,०००।-भुक्तानीमा कर कट्टा गरी बाँकी हुन आउने रु.७,९०,०००।- निज दिलेन्द्र खड्कालाई भुक्तानी दिनु पर्दछ । यसरी कट्टी गरिएको कर अन्तिम कर कट्टी हुनेछ र निजले सो रकमलाई आयमा समावेश गर्नु पर्दैन ।<br>तर, यसरी प्राप्त हुने लाभ गैर बासिन्दा व्यक्तिबाट भुक्तानी प्राप्त भएको खण्डमा भने त्यस्तो लाभलाई आयमा समावेश गर्नु पर्दछ । |

९२(१)(ङ) **दफा ८८ को उपदफा (३) मा उल्लिखित बैंक, वित्तीय संस्था वा ऋण पत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृत भएका कम्पनी वा सहकारीले भुक्तानी दिएको देहाय बमोजिमको ब्याज :-**

(१) **नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,**

(२) **दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.३.६: मानौं, दिलेन्द्र खड्काले दिपलक्ष्मी विकास बैंक लि.मा रु.१ लाखको निक्षेप राखेका रहेछन् । आ.व.२०७६।७७ मा सो बैंकले निजलाई रु.१०,०००।- ब्याज भुक्तान गरेको रहेछ र यसरी भुक्तान गर्दा सो ब्याज रकमको ५ प्रतिशतका दरले हुने रु.५००।- भुक्तानीमा कर कट्टा गरी बाँकी हुन आउने रु.९,५००।-निज दिलेन्द्र खड्कालाई भुक्तान गरेको रहेछ । दिलेन्द्र खड्काको उक्त निक्षेप व्यवसायसँग सम्बन्धित नभएको अवस्थामा यसरी कट्टी गरिएको कर अन्तिम कर कट्टी हुनेछ र निजले सो रकमलाई आयमा समावेश गर्नु पर्दैन ।<br>तर, व्यावसायिक फर्मको निक्षेपमा दिइएका ब्याज वा व्यवसायसँग सम्बन्धित ब्याज भुक्तानीमा भने १५ प्रतिशत कर कट्टा गर्नु पर्दछ । यसरी प्राप्त हुने ब्याजलाई सो व्यवसायको आयको गणना गर्दा समावेश गर्नु पर्दछ । |

उदाहरण १६.३.७: मानौं,Support Nepalऐनको दफा २(ध) बमोजिम कर छुट हुने निकायको रूपमा दर्ता भएको एक गैर सरकारी संस्था हो । उक्त संस्थाले दिपलक्ष्मी विकास बैंक लि.मा रु.१,००,०००।- को निक्षेप राखेका रहेछन् । आ.व.२०७६।७७ मा सो बैंकले निजलाई रु.१०,०००।-ब्याज भुक्तान गरेको रहेछ र यसरी भुक्तान गर्दा सो ब्याज रकमको १५ प्रतिशतका दरले हुने रु.१,५००।- भुक्तानीमा कर कट्टा गरी बाँकी हुन आउने रु.८,५००।- सो संस्थालाई भुक्तान गरेको रहेछ । यसरी कट्टी गरिएको कर अन्तिम कर कट्टी हुने भुक्तानी हुनेछ

९२(१)(च) **दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम गैर बासिन्दा व्यक्तिलाई दिइएको कर कट्टी हुनुपर्ने भुक्तानी,**

दफा ८७ बमोजिमको पारिश्रमिक, दफा ८८ बमोजिमकोब्याज, प्राकृतिक स्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन, वायुयानको लिज (पट्टा) बापतको रकम, भाडा, लाभांश, लगानी बीमाको लाभ, दफा ८९ बमोजिमको करार वा ठेक्का बापतको भुक्तानी गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरिएमा त्यस्ता भुक्तानी समेत अन्तिम कर कट्टी हुने भुक्तानी मानिन्छन् ।

९२(१)(छ) **नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीसमेत सबै प्रकारका अवकाश भुक्तानी (नियमित रूपमा भुक्तानी हुने निवृत्तिभरण बाहेक),**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.३.८ः मानौं, दिलेन्द्र खड्का Support Nepalमा काम गर्ने कर्मचारी रहेछन् । सो संस्थाबाट निजले मिति २०७६।१०।५ मा अवकाश लिएको रहेछन् । अवकाशको समयमा नियमित पारिश्रमिकको अलावा सञ्चित बिदा बापतरु.१०,०००।- एवम् उपदान बापतरु.२,००,०००।- समेत प्राप्त गरेका रहेछन् । निजले प्राप्त गर्ने अवकाश भुक्तानी रु.२,१०,०००।-मा सो संस्थाले १५ प्रतिशतका दरले हुने रु.३१,५००।- भुक्तानीमा कर कट्टा गर्नु पर्दछ र सो अवकाश भुक्तानी रु.२,१०,०००।- निजको रोजगारीको आयमा समावेश गर्नु पर्दैन । निजको नियमित पारिश्रमिक भने आयमा समावेश गरी नियमानुसार लाग्ने कर कट्टी गर्नु पर्दछ ।

९२(१)(ज) **प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी, र**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.३.९ः मानौं, दिलेन्द्र खड्का एक स्वतन्त्र व्यवसायी रहेछन् । Support Nepalभन्ने संस्थाले निजलाई आफ्ना कर्मचारीको लागि एउटा विशेष कक्षामा Lecture दिनको लागि रु.१०,०००।- अध्यापन शुल्क उपलब्ध गराएको रहेछ । सो संस्थाले यस्तो भुक्तानीमा १५ प्रतिशतका दरले हुने रु.१,५००।- भुक्तानीमा कर कट्टा गर्नु पर्दछ । यसरी कर कट्टापछि प्राप्त भएको भुक्तानी रकमलाई निज दिलेन्द्र खड्काले आफ्नो आयमा समावेश गर्नु पर्दैन ।

उदाहरण १६.३.१०ः मानौं, दिलेन्द्र खड्का विश्व विद्यालयका गणित विषयका प्राध्यापक रहेछन् । विश्व विद्यालयले लिने उक्त विषयको वार्षिक परीक्षाको लागि निजले प्रश्नपत्र तयार गरे बापत विश्वविद्यालयले रु.५०,०००।-भुक्तानी दिंदा उक्त भुक्तानीमा १५ प्रतिशतका दरले रु.७,५००।-कर कट्टा गर्नु पर्दछ । त्यसैगरी निज प्राध्यापकले गणित विषयको उत्तरपुस्तिका जाँच गर्ने कार्यसमेत प्राप्त गरी सो बापत रु.१,००,०००।- भुक्तानी दिइएको रहेछ भने उक्त भुक्तानीमा १५ प्रतिशतका दरले रु.१५,०००।- कर कट्टा

गर्नु पर्दछ । यसरी कर कट्टा पछि प्राप्त भएको भुक्तानी रकमलाई निज दिलेन्द्र खड्काले आफ्नो आयमा समावेश गर्नु पर्दैन ।

**९२(१)(झ)आकस्मिक लाभ बापतको भुक्तानी ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.३.११: मानौं, दिपक निरौला भन्ने व्यक्तिले Casino Nepalमा जुवा खेलेका रहेछन् र रु.१,००,०००।- जितेका रहेछन् । यस्तो जितौरी रकममा Casino Nepal ले २५ प्रतिशत अर्थात रु.२५,०००।- भुक्तानीमा कर कट्टा गरी बाँकी रु.७५,०००।- मात्र निज दिपक निरौलालाई भुक्तान गर्नु गर्दछ । ऐनको दफा ९२(१)(झ) बमोजिम यस्तो जितौरीमा हुने कर कट्टी रकम अन्तिम कर कट्टी मानिन्छ । यसरी कर कट्टी पछि प्राप्त भएको भुक्तानी रकमलाई निज दिपक निरौलाले आफ्नो आयमा समावेश गर्नु पर्दैन ।

**९२(१)(ञ)सामूहिक लगानी कोष (म्युचुअल फण्ड) बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम ।**

यस सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.३.१२: गोल्डन म्यूच्युअल फण्डले २०७६ पौष ६ गते आफ्ना हिताधिकारीलाई १० प्रतिशतले प्रतिफल वितरण गरेको रहेछ । यसरी वितरण गरिएको प्रतिफलमध्ये प्राकृतिक व्यक्तिलाई वितरण गरेको प्रतिफलमा पाँच प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने हुन्छ । अन्यको हकमा भने यस्तो प्रतिफलको भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने हुन्छ । प्राकृतिक व्यक्तिले यसरी प्रतिफलमा पाँच प्रतिशतका दरले कर कट्टी गरी प्राप्त भएको रकम आयमा समावेश गर्नु पर्दैन ।

**९२(१)(ट) एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी वा ढुवानी साधनको भाडा वा ढुवानी सेवा बापतको भुक्तानी।**

**९२(२) अग्रिम कर कट्टी गर्ने व्यक्तिले वा कर कट्टी हुने व्यक्तिले अन्तिम रूपमा कट्टी हुने भुक्तानीबाट दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम कर कट्टी गरेको वा दफा ९० को उपदफा (३) बमोजिम कट्टी गरिएको भनी मानिएको कर रकम विभागलाई दाखिला गरेमा दफा ३ को खण्ड (ग) मा उल्लेख भए बमोजिमको व्यक्तिले कर दायित्व पूरा गरेको मानिनेछ ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.३.१३: मानौं,Support Nepalले आफ्ना कर्मचारीको पारिश्रमिकबाट नियमानुसार हुन आउने कर रकम पारिश्रमिक भुक्तानी गर्ने अवस्थामा नै कट्टा गरी सम्बन्धित कार्यालयमा दाखिला गर्ने गरेको रहेछ भने त्यस्तो अवस्थामा अन्य आय नभए अर्थात आय विवरण बुझाउनुपर्ने दायित्व नभएको कर्मचारीले आफ्नो दायित्व पूरा गरेको मानिनेछ । तथापि, सो संस्थाले दाखिला गरेको कर नपुग भएमा दफा ९२ को उपदफा (२) बमोजिमको रकम दाखिला नभएको कारणले नपुग करसहित शुल्क तथा ब्याज दाखिला गर्ने दायित्व सो संस्था वा सम्बन्धित कर्मचारीको (Jointly and severally responsible) हुनेछ ।

## १६.४ अन्तिम रूपमा कट्टी नहुने करको मिलान सुविधा र समावेशः

ऐनको दफा ९३ मा अन्तिम रूपमा कर कट्टी नहुने करको मिलान सम्बन्धमा निम्नानुसार व्यवस्था रहेको छ :

**९३(१) कुनै भुक्तानीको रकम गणना गर्ने प्रयोजनको लागि सो भुक्तानीबाट कुनै कर कट्टी गरिएको भए त्यस्तो कर कट्टी रकमलाई सो भुक्तानीको अंशको रूपमा लिइनेछ ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.४.१: मानौं, कल्पना एण्ड सन्स् प्रा. लि.ले कन्सल्टेन्सी सेवा बापत प्रकाश एण्ड कं. लाई रु.५०,०००।- भुक्तानी गर्नुपर्नेमा १५ प्रतिशतले हुने रकम रु.७,५००।- भुक्तानीमा कर कट्टी गरी रु.४२,५००।- मात्र प्रकाश एण्ड कं. लाई भुक्तान गरी सम्बन्धित कार्यालयमा दाखिला गरेको रहेछ भने यसरी दाखिला भएको कर रकमसमेत भुक्तानीको अंश मानिनेछ । यस प्रकार कल्पना एण्ड सन्स् प्रा.लि.ले कुल भुक्तानी रु.५०,०००।- नै खर्च कट्टी दाबी गर्न सक्नेछ भने प्रकाश एण्ड कं.ले रु.५०,०००।- नै भुक्तानी प्राप्त गरेको मानी आयमा समावेश गर्नुपर्छ । |

**९३(२) अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी बाहेकको कुनै भुक्तानीमा कर कट्टी भएको रहेछ भने कर कट्टी हुने व्यक्तिले देहाय बमोजिमको कर रकम दाखिला गरे सरह मानिनेछ :-**

**(क) दफा ८७, ८८ वा ८९ बमोजिम भुक्तानीमा कट्टी गरिएको कर रकम,**

**(ख) अग्रिम कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले दफा ९० को उपदफा (३) बमोजिमको वा भुक्तानीमा कर कट्टी गरेको मानिने कर रकम विभागमा दाखिला गरेको भए त्यस्तो रकम ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.४.२: मानौं, कल्पना एण्ड सन्स् प्रा.लि.ले कन्सल्टेन्सी सेवा बापत प्रकाश एण्ड कम्पनीलाई रु.५०,०००।- भुक्तानी गर्नुपर्नेमा १५ प्रतिशतले हुने रकम रु.७,५००।- भुक्तानीमा कर कट्टी गरेको रहेछ भने यसरी कट्टी भएको कर रकम प्रकाश एण्ड कम्पनीले कर दायित्व बापत दाखिला गरेको अर्थात Advance Taxमानिनेछ र आफ्नो कुल कर दायित्वसँग मिलान गर्न सक्नेछ ।<br>तर निजलाई सो रकम भुक्तानी गर्दा कर कट्टी नगरेको अवस्थामा त्यस्तो रकम दफा ९०(३) बमोजिम प्रा.लि.ले दाखिला गरेको भए पनि प्रकाश एण्ड कम्पनीले दाखिला गरेको मानिन्छ । भुक्तानीमा कर कट्टी नगरी दाखिला गरेको रकम दफा ९०(८) को व्यवस्था बमोजिम दाखिला गर्ने कल्पना एण्ड सन्स् प्रा.लि.ले प्रकाश एण्ड कम्पनीसँग फिर्ता माग गर्न भने पाउँदछ । |

**९३(३) उपदफा (२) बमोजिमको रकम कर कट्टी हुने व्यक्तिले सो भुक्तानी गरेको आय वर्षमा दाखिला गर्नुपर्ने कर रकममा मात्र मिलान गर्न दाबी गर्न सक्नेछ ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.४.३: मानौं, ABC Companyले आफ्नो व्यवसाय सञ्चालन गर्नका लागि घर भाडामा मासिक रु.५०,०००।-तिर्ने गरी लिएका रहेछन् । निजले मासिक रूपमा १० प्रतिशतका दरले हुने रु.५,०००।- भुक्तानीमा कर कट्टा गरी बाँकी रकम BCZ & Co.लाई बुझाउने गरेको रहेछ । BCZ & Co. ले आफ्नो आय विवरण बुझाउने क्रममा आ.व.०७६।७७ को तिर्नुपर्ने दायित्व रु.१,००,०००।-रहेछ भने उक्त तिर्नुपर्ने दायित्व रकम रु.१,००,०००।-बाट घरभाडा बापतABC Companyले तिरेको बाह्र महिनाको भुक्तानीमा कर रकम रु.६०,०००।-मिलान गरी बाँकी रकम रु.४०,०००।-मात्रै बुझाउनु पर्दछ । |
| उदाहरण १६.४.४:मानौ, सो आय वर्ष, BCZ & Co.ले तिर्नुपर्ने दायित्व रकम रु.५०,०००।- मात्रै रहेछ भने निजले त्यस आ.व.मा भुक्तानीमा कर कट्टा गरी बुझाएको |

| |
|---|
| रकम रु.६०,०००।- कर मिलान गरी ऐनको दफा ११३ अनुसार अर्को वर्षमा मिलान गर्नका लागि Carry Forward गर्न पाउने वा Refundको लागि दाबी गर्न सक्नेछन् । |
| उदाहरण १६.४.५ः मानौं उक्त Co. ले आ.व.२०७५।७६ को तिर्नुपर्ने कर दायित्व रु.१,००,०००।-मा सोही आर्थिक वर्षमा ABC Companyमार्फत तिरेको घरभाडाको भुक्तानीमा कर मिलान गर्न छुटेको रहेछ । BCZ Co.ले उक्त स्रोतमा कट्टा गरिएको भुक्तानीमा कर आ.व.२०७५।७६ मा तिरेको भुक्तानीमा कर रकम पछिल्लो आ.व.मा कर मिलान दाबी गर्न पाउने छैन । तर, ऐनको दफा ११३ बमोजिम बढी तिरेको कर फिर्ताको लागि दाबी गर्न सक्नेछ । |

## १६.५ कट्टी गरिएको करको विवरण र भुक्तानीः

ऐनको दफा ९० बमोजिम कट्टी गरिएको करको विवरण सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्ने हुन्छ ।

**९०(१) अग्रिम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नु पर्नेछ ।**

कर कट्टी विवरण दाखिला गर्दा विभागको Web-site: www.ird.gov.np मार्फत विद्युतीय माध्यमElectronicallyविवरण (E-TDS) दाखिला गर्नु पर्नेछ ।अर्थात, भुक्तानीमा कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र E-TDS मार्फत वा सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.५.१ः मानौं, कल्पना एण्ड सन्स् प्रा.लि.ले आफ्ना कर्मचारीको २०७६ फागुन महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु.५०,०००।-कर कट्टा गरेको रहेछ, त्यस्तै सो महिनामा एविसि कम्पनीलाई रु. १ लाख घर बहाल भुक्तानी गर्दारु.१०,०००।-कर कट्टा गरेको रहेछ । उक्त कर कट्टी विवरण सो प्रा.लि.ले २०७६ चैत्र महिनाको २५ गतेभित्र विभागले तोकेको तरिका र ढाँचामा सम्बन्धित कार्यालयमा विवरण सहित बुझाउनु पर्दछ । |

**९०(२) उपदफा (१) मा उल्लिखित विवरणसँग अग्रिम कर कट्टी गर्ने व्यक्तिले कट्टी गरिएको कर वा उपदफा (३) बमोजिम कर कट्टी गरेको मानिएको रकम उपदफा (१) मा उल्लिखित म्यादभित्र विभागमा दाखिला गर्नु पर्नेछ ।**

अग्रिम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र, अर्थात बैशाख महिनाभर कर कट्टी गरिएको विवरण जेष्ठ २५ गते भित्र E-TDSमार्फत विवरण दाखिला गर्नुपर्ने र कर कट्टी गरिएको रकम विभागमा वा राजस्व खाता सञ्चालन हुने बैंकमा दाखिला गर्नु पर्नेछ । अग्रिम कर कट्टी शीर्षकका आधारमा जम्मा गरिनुपर्ने सम्बन्धित राजस्व खाता विवरण यसै निर्देशिकाको अनुसूचीमा उल्लेख गरिएको छ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.५.२ः मानौं, माथि उदाहरण १६.५.१ मा उल्लिखित कर कट्टी विवरणको साथ कट्टा गरेको अग्रिम कर रकम २०७६ चैत्र महिनाको २५ गतेभित्र सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ । |

**९०(३) अग्रिम कर कट्टी गर्ने व्यक्तिले दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम कर कट्टी नगरेको भए पनि सो कर कट्टी हुनुपर्ने समयमा सो कर कट्टी गरिएको मानिनेछ ।**

अग्रिम कर कट्टी गर्ने दायित्व भएको व्यक्तिले कर कट्टी हुनुपर्ने भुक्तानीमा कर कट्टी गर्नु पर्नेछ । यस्तो व्यक्तिले त्यस्तो भुक्तानीमा कर कट्टी गर्न छुटाएको भए तापनि ऐनको दफा ९० को उपदफा (३) बमोजिम विभागले त्यस्तो व्यक्तिबाट कर असुल गर्न सक्दछ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण १६.५.३: मानौं, कल्पना एण्ड सन्स् प्रा.लि.ले मू.अ.कर प्रयोजनको निमित्त दर्ता भएको दिनेस सप्लायर्सबाट रु.१,००,०००।- को सामानकोठेक्का वा करार अर्न्तगत आपूर्ति लिएको
रहेछ । उक्त रकम भुक्तानी गर्दा कल्पना एण्ड सन्स् प्रा.लि.ले स्रोतमा कर कट्टा नगरी भुक्तानी गरेको रहेछ । दिनेस सप्लायर्सको भुक्तानीमा कर कट्टा नगरेको भएतापनि कल्पना एण्ड सन्स् प्रा.लि.ले सो भुक्तानी बापत १.५ प्रतिशतले हुन आउने कर रकम अर्थात रु.१,५००।-कट्टी गरिएको मानिनेछ ।

उदाहरण १६.५.४: मानौं, गुरुजी कम्पनीले परामर्शदातालाई भुक्तानी गरेको सेवा शुल्क रु.१,००,०००।- मा रु.१५,०००।- कर कट्टी गरेका रहेनछ । भुक्तानीमा कर कट्टीको सम्बन्धमा कार्यालयबाट छानबिन गर्दा भुक्तानीमा कर कट्टी नगरेको देखियो । यस्तो अवस्थामा भुक्तानीमा कर कट्टी नगरेको रु.१५ हजार दफा ९०(३) र ९०(८) बमोजिम निजबाट कट्टी भएको मानी ऐनको दफा १२० को खण्ड (क) बमोजिमकर रकमको पचास प्रतिशतले हुनेरु.७,५००।- शुल्क समेत लगाउनु पर्दछ ।

**९०(४) दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम कुनै कर कट्टी गरिएको रकम वा उपदफा(३) बमोजिम कर कट्टी गरेको मानिने रकम सो अग्रिम कर कट्टी गर्ने व्यक्तिले दाखिला गर्नु पर्नेछ र उपदफा (५) लागू हुने अवस्थामा कर कट्टी हुने व्यक्तिले उपदफा (१) मा उल्लिखित अवधि पश्चात् पच्चीस दिनभित्र सो कर दाखिला गर्नु पर्नेछ ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएको छः

उदाहरण १६.५.५: मानौं, कल्पना एण्ड सन्स् प्रा.लि.ले आफ्ना कर्मचारीको चैत्र महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु.५०,०००।-कर कट्टा गरेको रहेछ । उक्त कट्टा गरेको अग्रिम कर रकम बैशाख महिनाको २५ गतेभित्र विभागले तोकेको तरिका र ढाँचामा कार्यालयमा विवरण सहित बुझाउनु पर्दछ । ऐनको दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम अग्रिम कर कट्टा गर्नुपर्नेमा नगरिएको भएतापनि उक्त भुक्तानी अग्रिम कर कट्टा भएको मानिने हुँदा भुक्तानी भएको महिना समाप्त भएको २५ दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्दछ । दफा ८७, ८८, ८८क. वा ८९ अनुसार अग्रिम कर कट्टा गरेको रकम कट्टा नगरिएको भए पनि भुक्तानी हुने समयमा कट्टा गर्नुपर्ने रकमलाई कट्टा गरिए सरह मानी अग्रिम कर कट्टा गर्ने दायित्व भएको व्यक्तिले २५ दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्दछ ।

**(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४ को उपदफा ( ४क) बमोजिम कारोबारको आधारमा कर तिर्ने व्यक्तिले परिच्छेद-१७ बमोजिम कट्टा गरिएको अग्रिम कर किस्ताबन्दी कर तिर्ने समयमा दाखिला गर्नु पर्नेछ ।**

**९०(५) देहाय बमोजिमको अवस्थामा अग्रिम कर कट्टी हुने व्यक्ति र सो अग्रिम कर कट्टी गर्ने व्यक्ति दुवैजना संयुक्त रूपमा र छुट्टाछुट्टै रूपमा सो कर रकम विभागमा दाखिला गर्न जिम्मेवार हुनेछन् :-**

**(क) अग्रिम कर कट्टी गर्ने व्यक्तिले दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम कुनै भुक्तानीबाट कर कट्टी नगरेमा, र**

**(ख) अग्रिम कर कट्टी गर्ने व्यक्तिले उपदफा (३) बमोजिम कर कट्टी गरेको मानिने रकम उपदफा (४) बमोजिम कर दाखिला गर्नुपर्ने मितिभित्र विभागमा दाखिला नगरेमा ।**

अग्रिम कर कट्टी गर्ने दायित्व भएको व्यक्तिले दफा ८७, ८८, ८८क. वा ८९ मा तोकिएका भुक्तानीमा अग्रिम कर कट्टा नगरेको र कट्टा नगरे तापनि कट्टा गर्नुपर्ने समयमा कट्टा गरेको मानिने अग्रिम कर रकम महिना समाप्त भएको २५ दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला नगरेको अवस्थामा अग्रिम कर कट्टी गर्ने र हुने व्यक्ति संयुक्त रूपमा वा छुट्टाछुट्टै रूपमा कर रकम दाखिला गर्न जिम्मेवार हुन्छन् (Jointly and severally liable)।

**९०(६) अग्रिम कर कट्टी गर्ने व्यक्तिले दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम कर कट्टी गरी विभागमा दाखिला गरेकोमा सो कर कट्टी भएको भुक्तानीका विषयमा कर कट्टी हुने व्यक्तिद्वारा कुनै दाबी गरिएमा सो रकम कर कट्टी हुने व्यक्तिलाई भुक्तानी गरे सरह मानिनेछ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.५.६: माथि उदाहरण १६.५.१ मा उल्लेखित कल्पना एण्ड सन्स् प्रा.लि.ले कुल घर बहाल भुक्तानी रु.१,००,०००।-मा अग्रिम कर कट्टी गरेको रु.१०,०००।- सम्बन्धित कार्यालयमा दाखिला गरेको रहेछ भने सो रकम निज घरभाडामा दिने निकायलाई नै भुक्तान गरे सरह हुनेछ। |

**९०(७) दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम कर कट्टी नगरेको रकम अग्रिम कर कट्टी गर्ने व्यक्तिले विभागलाई दाखिला गरेको भएमा सो दाखिला भएको कर रकम बराबरको रकम सो कर कट्टी हुनुपर्ने व्यक्तिबाट असूल उपर गर्न पाउनेछ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

| |
|---|
| उदाहरण १६.५.७: मानौं, प्राण पखेरु नेपाल बैंक लिमिटेडमा सञ्चालक रहेछन्। निजले बैंकको बैठकमा उपस्थित भई छलफल गरे अनुरूप बैठक भत्ताको रूपमा रु.५,०००।- प्राप्त गरेका रहेछन्। तर भुक्तानी गर्दाका अवस्थामा अग्रिम कर कट्टा नगरी भुक्तानी दिएको रहेछ। तर नेपाल बैंक लिमिटेडले उक्त रकम अर्थात १५ प्रतिशतका दरले हुने अग्रिम कर रकम रु.७५०।-सम्बन्धित कार्यालयमा बुझाई दिएका रहेछन् भने त्यस्तो अवस्थामा नेपाल बैंक लिमिटेडले निज सञ्चालकबाट उक्त रु.७५०।- असुल उपर गर्न सक्दछ। तर, उक्त कर रकम दाखिला गर्ने सन्दर्भमा सो बैंकले कुनै ब्याज तथा शुल्कसमेत विभागमा दाखिला गरेको रहेछ भने यस्ता ब्याज तथा शुल्क भने दाबी गर्न सक्ने छैन। |

**९०(८) कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिम दाखिला गर्नुपर्ने विवरण वा कर दाखिला नगरेको वा कुनै व्यक्तिको सम्बन्धमा उपदफा (५) को अवस्था रहेको कुरामा विभाग विश्वस्त भएमा दाखिला नगरेको वा घटी दाखिला गरेको रकम र दफा ११९ बमोजिमको ब्याज तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेतदाखिला गर्न आदेश दिन सक्नेछ।**

**तर त्यस्तो आदेश दिनुभन्दा पहिले उचित कारण खोली सो आदेशका सम्बन्धमा सफाइको सबुत प्रमाण पेश गर्न १५ दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ।**

१६.६ कर कट्टी प्रमाणपत्रः

ऐनको दफा ९१ बमोजिम अग्रिम कर कट्टी गर्ने व्यक्तिले कर कट्टी हुने व्यक्तिलाई निम्नानुसारको कर कट्टीको प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ :

**९१(१) अग्रिम कर कट्टी गर्ने व्यक्तिले कर कट्टी हुने व्यक्तिलाई उपदफा (२) मा तोकिएको समयमा देहाय बमोजिमको कर कट्टी प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ :**

(क) विभागद्वारा कुनै तरिका तोकिएको भए सो तरिका बमोजिम प्रमाणित गरिएको, र

(ख) दफा ८७, ८८, ८८क. वा ८९ बमोजिम कट्टी गरिएको कर रकम तथा भुक्तानी रकमहरु खुलेको ।

९१(२) अग्रिम कर कट्टी गरेको अवधि खुलाई अग्रिम कर कट्टी गरेको महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र अग्रिम कर कट्टी प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

९१(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८७ बमोजिम कर कट्टी गरिएको अवस्थामा अग्रिम कर कट्टी प्रमाणपत्र देहाय बमोजिम प्रदान गर्नु पर्नेछ :

(क) सो प्रमाणपत्र सो आय वर्षमा सो कर्मचारी बहाल रहेको अवधिभरको लागि मात्र हुनेछ ।

(ख) सो प्रमाणपत्र सो वर्ष समाप्त भएको मितिले तीस दिनभित्र उपलब्ध गराई सक्नुपर्नेछ वा सो वर्षमा सो कर्मचारीले सो अग्रिम कर कट्टी गर्ने व्यक्तिकोमा रोजगारी गर्न छोडेको भए सो रोजगारी छोडेको मितिले तीस दिनभित्र सो प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

ऐनको दफा ९१ बमोजिम अग्रिम कर कट्टी गर्ने व्यक्तिले अग्रिम कर कट्टी हुने व्यक्तिलाई उपलब्ध गराएको अग्रिम कर कट्टी प्रमाणपत्रलाई कर दाखिलाको प्रमाण मानिएको हुँदा सोलाई प्रमाणित गर्न अन्य कागजातसँग भिडान गरिरहनु पर्दैन ।

# परिच्छेद १७
# रोजगारीबाट भएको आयको गणना
# (Calculation of Income from Employment)

१७.१ आयकर ऐन, २०५८ मा आयका चार शीर्षकको व्याख्या गरिएको छ । जसमा, व्यवसाय, रोजगारी, लगानी एवम् आकस्मिक लाभका शीर्षक पर्दछन् । यस परिच्छेदमा रोजगारीको आय गणनासँग सम्बन्धित ऐनका प्रावधानलाई एकत्रित रूपमा प्रस्तुत गरिएको छ । रोजगारी र सोसँग सम्बन्धित ऐनले समेट्न खोजेका क्षेत्र, खासगरी अवकाश कोष भुक्तानी एवम् प्राकृतिक व्यक्तिसँग सम्बन्धित पक्ष यस परिच्छेदमा समावेश गरिएको छ ।

१७.२ **रोजगारीबाट भएको आयको गणना**

ऐनको दफा ८ को उपदफा(१) मा रोजगारीबाट भएको आयको गणनाको सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेकोछ :-

**८(१) कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्नेछ ।**

आयकर ऐन, २०५८ को दफा २ खण्ड (ञ) अनुसार रोजगारी भन्नाले कुनै पनि किसिमको विगत, वर्तमान वा भावी रोजगारी सम्झनु पर्दछ । उक्त परिभाषा अनुसार कुनै पनि प्राकृतिक व्यक्तिले विगतमा गरेको वा वर्तमानमा गर्दैरहेको वा कुनै शर्त बमोजिम भविष्यमा गरिने रोजगारीलाई समेत जनाउँछ । रोजगारी आय भन्नाले कुनै पनि प्राकृतिक व्यक्तिले रोजगारीको शर्त अनुसार आफ्नो ज्ञान, अनुभव, सीप, जाँगर तथा श्रम प्रयोग गरी सेवा प्रदान गरे बापत प्राप्त गरिने नगद, जिन्सी तथा अन्य सुविधालाई जनाउँदछ ।

**रोजगारी** : रोजगारी र परामर्शदाता (Consultant)बीच यदाकदा शाब्दिक द्विविधा हुने गरेको पाइन्छ । सामान्यतयाः Contract of Serviceले रोजगारी बुझाउँछ भने Contract for Serviceले परामर्शदाता (Consultant)तर्फ इंगित गर्दछ । "रोजगारी" शब्दले काम गर्ने (Employee) तथा काम लगाउने (Employer)बीचको सम्बन्ध खुल्ने गरी कुनै व्यक्ति वा निकायमा व्यवस्थापकीय, सुपरीवेक्षण, प्रशासकीय, प्राविधिक वा यस्तै अन्य कुनै काम गरी सो व्यक्ति वा निकायको लिखित वा अलिखित कर्मचारी सेवा शर्त तथा सुविधा वा यस्तै अन्य शर्त तथा सुविधा सम्बन्धी प्रावधान लागू हुने गरी सो निकायबाट काम गर्ने व्यक्तिले तलब वा ज्याला वा यस्तै अन्य भुक्तानी पाउँन सक्ने अवस्थालाई जनाउँछ । यस्तो व्यक्ति वा निकाय बासिन्दा वा गैर बासिन्दा पनि हुन सक्छ । काम गर्ने र काम लगाउनेबीचको सम्बन्ध खुल्ने भुक्तानीलाई रोजगारीमा गणना गरिनुपर्छ । उक्त व्यवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.२.१: मानौं, रमिला कुनै निकायमा रु.५०,०००।- मासिक पारिश्रमिक प्राप्त गर्ने गरी छ महिनाको लागि नियुक्त भएकी रहिछिन् । त्यस्तै हनिफ भन्ने व्यक्ति सोही निकायको लागि बजारको अवस्था अध्ययन गर्ने र छ महिनाभित्र प्रतिवेदन बुझाउँने शर्तमा रु.३,००,०००।- पारिश्रमिक पाउने गरी नियुक्त भएका रहेछन् । सो निकायले निज हनिफलाई मासिक रूपमारु.५०,०००।- का दरले रकम भुक्तान गर्ने गरेको रहेछ । उक्त अवस्थामा रमिलालाई भुक्तानी गरेको रकम रोजगारी अन्तर्गत पर्दछ (Contract of Service)भने हनिफलाई भुक्तानी गर्ने रकम सेवा शुल्क (Contract for Service)अन्तर्गत पर्दछ । हनिफले प्राप्त गरेको कुल रकम (कर अघिको) आफ्नो व्यवसायको आयमा समावेश गर्नु पर्दछ र कर कट्टी रकमलाई अग्रिम करको रूपमा

| |
|---|
| दाबी गर्नु पर्दछ । |

**विगत, वर्तमान तथा भावी रोजगारी** : रोजगारकर्ताले विगत, वर्तमान तथा भावी रोजगारी बापत प्राप्त भएको पारिश्रमिक रकमलाई नगद प्राप्ति(Cash Basis) को आधारमा रोजगारीको आयमा समावेश गरी कर गणना गर्नु पर्दछ । परिभाषाले समेटेको विगतको रोजगारी भन्नाले कुनै व्यक्तिले विगतमा कुनै निकायमा रोजगारीका सेवा शर्त अनुसार काम गरेका रहेछन् तर हाल निजले उक्त निकाय छोडिसकेका रहेछन् भने छोडिएको निकायमा रोजगारीका सेवा शर्त अनुसार गरिएको कार्यलाई विगतको रोजगारी भनेर भनिन्छ । अर्थात काम गरेको संस्थालाई विगतको रोजगारदाता (Former Employer)र काम गरेको व्यक्तिलाई विगतको कामदार (Former Employee) भनिन्छ । यसैगरी वर्तमान रोजगारी भन्नाले रोजगारीका सेवा शर्त अनुसार नियुक्ति पाई कार्यरत गरिरहेको अवस्थालाई वर्तमान रोजगारी भनिन्छ । एवम् प्रकारले रोजगारीका सेवा शर्त अनुसार नियुक्ति लिई किटान मितिसाथ भविष्यमा सेवा प्रदान गर्नेगरी वर्तमान अवस्थामा गरिएको करारनामालाई भावी रोजगारी भनिन्छ । उक्त व्यवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

| |
|---|
| उदाहरण१७.२.२: मानौं, केट्रीनाले सामग्री संस्थानमा स्टोरकिपरको रूपमा मासिक तलब रु.२०,०००।-पाउने गरी मिति २०४९ सालमा नियुक्ति पाएकी रहिछिन् । संस्थानको आर्थिक अवस्था त्यति राम्रो नभएको हुँदा २०५४ साल वैशाखदेखि तहाँ कार्यरत कर्मचारीलाई संस्थानले तलब भुक्तान गर्न सकेन । सोही अनुसार केट्रीनाले पनि तलब पाइनन् । निजले २०५६ साल वैशाखमा जागिरबाट राजिनामा दिइन र अर्को रोजगारदाता विकास बैंक लिमिटेडमा रोजगारी गर्न थालिन् । संस्थानको आर्थिक अवस्था राम्रो भएपछि कर्मचारीको दायित्व भुक्तानी गर्नका लागि आव्हान गरे अनुरूप निज केट्रीनाले पनि २०६० श्रावण १० गते सामग्री संस्थानबाट एकमुष्ठ रु.४,८०,०००।- प्राप्त गरिन् । यसरी निजले प्राप्त गरेको एकमुष्ठ पारिश्रमिक रकमलाई ऐनको दफा २२ अनुसार नगद प्राप्तिको आधारमा आ.व.२०६०।६१ अर्थात प्राप्त भएको आर्थिक वर्षको आयमा समावेश गर्नु पर्दछ । यसमा सामग्री संस्थान विगतका रोजगारदाता हुन भने प्राप्त भएको पारिश्रमिक विगतको रोजगारीबाट प्राप्त आय हो । |
| उदाहरण १७.२.३: माथि उल्लेख गरिएको उदाहरण १७.२.२ मा केट्रीना सामग्री संस्थानको जागिर छोडी विकास बैंक लिमिटेडमा कार्यरत छिन् । यसरी केट्रीनाको लागि विकास बैंक लिमिटेड वर्तमान रोजगारदाता हुन र सो रोजगारीबाट प्राप्त भइरहेको पारिश्रमिक वर्तमान रोजगारीबाट प्राप्त आय हो । यसरी वर्तमान रोजगारदाताबाट प्राप्त गरिने तलब, भत्ता तथा अन्य सुविधाका भुक्तानीलाई रोजगारीको आय निर्धारण गर्दा समावेश गर्नु पर्दछ । |
| उदाहरण १७.२.४: केट्रीना बिकास बैंक लिमिटेडमा कार्यरत हुँदा कै अवस्थामा बैंक अफ नेपालमा २०६८ साल बैशाखदेखि सेवा प्रदान गर्नेगरी मिति २०६६ साल बैशाखमा करारनामा गरेकी रहिछिन् । उक्त करारनामा अनुसार निजले भबिष्यमा प्राप्त गर्ने पारिश्रमिकबाट कट्टा हुनेगरी रु.१,००,०००।-करारनामामा हस्ताक्षर गर्दा कै अवस्थामा भुक्तानी गरिएको रहेछ भने यसरी भावी रोजगारदाता(Prospective Employer)बाट वर्तमान अवस्थामा प्राप्त गरेको रकम रु.१,००,०००।- लाई ऐनको दफा ८ अनुसार रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ । |
| उदाहरण १७.२.५: कुनै उद्योगले आफ्नो उत्पादन कार्यमा प्रयोग हुने मेशिन चलाउन दक्षता हासिल गर्ने प्रयोजनको निमित्त एक कर्मचारीलाई रु.५,००,०००।- खर्च गरी अध्ययनमा पठाएको रहेछ । यस्तो अध्ययन खर्चको उद्देश्य सो उद्योगको व्यवसायको प्रयोजनको निमित्त भएकोले त्यस्तो खर्च सम्बन्धित कर्मचारीको आयमा समावेश गर्नु पर्दैन । तर त्यस्तो खर्च रोजगारदाताको व्यवसायसँग सम्बन्धित नभएमा त्यस्तो |

अध्ययन शुल्क ऐनको दफा २२ अनुसार सम्बन्धित कर्मचारीको आयमा समावेश गर्नु पर्दछ ।

## १७.३ रोजगारीबाट भएको आयको गणनामा समावेश हुने रकमः

रोजगारीको आय गणना गर्दा रोजगारीको सिलसिलामा रोजगारदाताबाट रोजगारकर्ताले प्राप्त गरेको नगदी, जिन्सी, सुविधा वा प्रत्यक्ष वा परोक्ष तरिकाले प्राप्त गरेको भुक्तानी वा भुक्तानी मानिने रकमलाई समावेश गर्नुपर्छ । ऐनको दफा ८ को उपदफा (२) मा आयमा समावेश गर्ने सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :-

**८(२) रोजगारदाताबाटकुनै आय वर्षमा प्राकृतिक व्यक्तिलाई दिइएका देहायका भुक्तानीहरु त्यस्तो प्राकृतिक व्यक्तिको सो आय वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा समावेश गर्नु पर्नेछ :-**

**८(२)(क) ज्याला, तलब, बिदा बापतको रकम, अतिरिक्त समय काम गरेबापतको रकम, शुल्क, कमिशन, पुरस्कार, उपहार, बोनस र अन्य सुविधाहरु बापतको भुक्तानी,**

**ज्याला तथा तलब** : ज्याला तथा तलबमा सिद्धान्ततः खासै भिन्नता भने पाइदैन । दुवै शब्दावलीले सेवा प्रदान गरेबापत प्राप्त हुने प्रतिफललाई बुझाउँछ । उदारणको लागि, कुनै प्रतिष्ठानको प्रशासनिक कार्यमा संलग्न व्यक्तिलाई दिइने पारिश्रमिकलाई तलब भनिन्छ भने उत्पादन गर्ने कार्यसँग प्रत्यक्ष संलग्न हुने कामदारलाई दिइने पारिश्रमिकलाई ज्याला (Wage) भनिन्छ । ज्याला शब्दले पिस रेट वा करार अन्तर्गत काम गर्ने कामदारलाई भुक्तानी गर्ने पारिश्रमिकलाई समेत जनाउँछ । आयकर ऐनको प्रयोजनकोलागि रोजगारीको आय निर्धारण गर्दा तलब तथा ज्यालालाई एउटै आयको शीर्षकमा गणना गरिने हुँदा तलब तथा ज्याला छुट्याउनु भने पर्दैन ।

**बिदा बापतको रकम** : कामदार कर्मचारीले कर्मचारी विनियमावली वा निजसँग भएको करारनामा अनुसार निजले संस्थामा काम गरेबापत विभिन्न प्रकारका बिदा पाउन सक्छन् । जस्तै, घर बिदा, बिरामी बिदा, विशेष बिदा, भैपरी आउने बिदा, आदि । कुनै बिदा पाउनको लागि तोकिएको दिन संस्थामा काम गर्नु पर्दछ र यसरी बिदा पाकिसकेपछि ती बिदा कर्मचारीले प्रयोग नगरेमा नगद लिन पाउने व्यवस्था पनि हुन सक्छ । यसरी बिदा प्रयोग नगरिएको अवस्थामा रोजगारीकै क्रममा वा रोजगारी अन्त्यको समयमा कर्मचारीले सञ्चित बिदा बापत भुक्तानी पाउने रकमलाई बिदा बापतको रकम भनिन्छ ।

पाकेको बिदा बापतको रकम भुक्तानीका सम्बन्धमा नियम २० को उपनियम ६ को खण्ड (क) मा निम्नानुसारको व्यवस्था गरेको छ ।

*(क) ऐन प्रारम्भ हुनुभन्दा अघिका आय वर्षहरुमा कर्मचारी वा कामदारको सञ्चयकोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा ब्याज लगायतका रकममा र सो अवधिसम्म पाकेको उपदान तथा सञ्चित बिदा बापतको रकममा कर छुट हुने,*

**शुल्क** : रोजगारकर्तालाई रोजगारीको सन्दर्भमा रोजगारदाताबाट प्राप्त हुने शुल्क (जस्तै, Job joining Fees, वा यस्तै भुक्तानी)लाई रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**कमिशन तथा बोनस** : सामान्यतयाः बिक्री, मुनाफाको लक्ष्य, कानुनी बाध्यता वा यस्तै अन्य कारण पूर्व निर्धारित प्रबन्धको आधारमा दिइने भुक्तानीलाईकमिशन तथा बोनस रकम भनिन्छ । कुनै औषधि निर्माण कम्पनीले आफ्नो कर्मचारीमा नियुक्त गरेको Medical Representativeलाई तलबको अलावा निजलाई बिक्री अनुपातका आधारमा दिइने कमिशन वा कार्यक्षमताका आधारमा दिइने रकम (Performance Bonus), Bonus Actअनुसार कर्मचारीलाई दिइने बोनस यसका उदाहरण हुन् । कमिशन तथा बोनस आफ्नो कर्मचारीलाई भुक्तानी दिंदा भुक्तानी प्राप्त गर्ने व्यक्तिले ऐनको दफा ८ बमोजिम रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**पुरस्कार तथा उपहार** : कुनै कर्मचारीले उत्कृष्ट कार्य गरे बापत रोजगारदाताबाट प्राप्त हुने भुक्तानीलाई पुरस्कार वा उपहार भनिन्छ । यस्ता पुरस्कार वा उपहार नगद बाहेक Kindमा प्राप्त भए सोलाई प्रचलित बजार मूल्य अनुसार मूल्याङ्कन गरी दफा ८ बमोजिम आयमा समावेश गर्नु पर्दछ । यस्तो पुरस्कार वा उपहारमा कर्मचारी वा अन्य व्यक्तिले समेत भाग लिन सक्ने खुल्ला प्रतिस्पर्धाबाट प्राप्त भएमा त्यस्तो पुरस्कार तथा उपहार रोजगारीको आयमा समावेश गर्नु पर्दैन । उक्त व्यवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

| |
|---|
| उदाहरण १७.३.१: मानौं, वाणिज्य बैंकले आफ्नो वार्षिकोत्सवमा उत्कृष्ट कर्मचारीलाई रु.१०,०००।- नगद पुरस्कार दिएको रहेछ । यस्तो पुरस्कारलाई निज कर्मचारीले ऐनको दफा ८ बमोजिम रोजगारीको आयमा समावेश गर्नु पर्दछ । |
| उदाहरण १७.३.२: मानौं, वाणिज्य बैंकले आफ्नो वार्षिकोत्सवमा राष्ट्रिय खेलकुद परिषदसँग समन्वय गरी राष्ट्रियस्तरको दौड प्रतियोगिता आयोजना गर्ने गरेको र उक्त दौड प्रतियोगितामा उत्कृष्ट धावक, सर्वसाधारण लगायत सो बैंकका कर्मचारीले समेत भाग लिन सक्ने व्यवस्था रहेको रहेछ । उक्त दौड प्रतियोगितामा सोही बैंकका एक कर्मचारी उत्कृष्ट भई रु.२०,०००।- ले पुरस्कृत भएछन् । यस अवस्थामा निज पुरस्कृत व्यक्ति बैंकको कर्मचारीको हैसियतले पुरस्कृत नभई एक उत्कृष्ट धावक भएको कारण पुरस्कार प्राप्त गरेको हुँदा यस्तो पुरस्कारलाई भने निज कर्मचारीले ऐनको दफा ८ बमोजिम रोजगारीको आयमा समावेश गर्नु पर्दैन । उक्त रकम निज कर्मचारीको आकस्मिक लाभको आय हुनेछ । |

८(२)(ख) **महँङ्गी भत्ता, जीवन निर्वाह खर्च, भाडा, मनोरन्जन वा यातायात भत्ता बापतको रकम लगायत कुनै पनि व्यक्तिगत भत्ताका भुक्तानी,**

८(२)(ग) **निज वा निजको सम्बद्ध व्यक्तिले व्यक्तिगत प्रयोजनको लागि गरेको खर्चको फछ्र्यौट वा सोधभर्ना बापत प्राप्त गरिएको भुक्तानी,**

**सम्बद्ध व्यक्ति** : ऐनको दफा २ को खण्ड (कन) बमोजिम "सम्बद्ध व्यक्ति" भन्नाले एक अर्को व्यक्तिको मनसाय अनुसार काम गर्ने एक वा एकभन्दा बढी व्यक्ति वा त्यस्ता व्यक्तिको समूहलाई बुझाउँछ । एवम् प्रकारले रोजगारकर्ताको सन्दर्भमा सम्बद्ध व्यक्ति भन्नाले निजको नातेदारलाई सम्झनु पर्दछ । ऐनको दफा २ को खण्ड (ब) मा नातेदार शब्दलाई निम्नानुसार परिभाषित गरेको छः

**"नातेदार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी, छोरा, छोरी (धर्मपुत्र, धर्मपुत्री समेत), बाबु, आमा, बाजे, बज्यै, दाजु, भाई, भाउजु, बुहारी, दिदी, बहिनी, सासु, ससुरा, साला, जेठान, साली, जेठीसासु, काका, काकी, भतिजा, भतिजी, नाति र नातिनी सम्झनु पर्छ ।**

**व्यक्तिगत प्रयोजन** : कुनै निकायको कर्मचारी वा निजको कुनै सम्बद्ध व्यक्तिले आफ्नो व्यक्तिगत कामको लागि गरेको खर्चको रकम सो निकायबाट सोधभर्नाको रूपमा प्राप्त गरेको छ भने त्यस्तो रकम व्यक्तिगत प्रयोजनको निमित्त भुक्तानी भएकोले निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

| |
|---|
| उदाहरण १७.३.३: मानौं, भरत भन्ने व्यक्ति कुनै कम्पनीमा कार्यरत रहेछन् । निजले बिदा मनाउन परिवार सहित होलिडे ट्रिपमा गएका रहेछन् । कम्पनीको नियमानुसार त्यस्तो ट्रिपमा जान आउन यातायात सुविधा कम्पनीले भुक्तानी गर्ने रहेछ । यस्तो अवस्थामा होलिडे ट्रिपमा कम्पनीले गरेको यातायात खर्च निज भरतको व्यक्तिगत प्रयोजनको खर्च भएकोले निज भरतको रोजगारीको आयमा समावेश गर्नुपर्दछ । |
| उदाहरण१७.३.४: मानौं, हरिप्रसाद भन्ने व्यक्ति एक कम्पनीमा कार्यरत रहेछन् । निजको छोरा किड बोल्ड भन्ने स्कुलमा पढ्ने र निजले मासिक स्कुलमा फि बापतरु.१०,०००।-तिर्ने गरेका रहेछन् । उक्त फी रकम निजले आफू कार्यरत कम्पनीबाट मासिक रूपमानै सोधभर्ना लिने गरेका रहेछन् । यस्तो सोधभर्ना प्राप्त रकम रोजगारदाताको व्यवसाय प्रयोजनको लागि |

नभई निज कर्मचारीको व्यक्तिगत प्रयोजनको लागि भएको हुँदा यस्तो सोधभर्ना बापत प्राप्त गरेको भुक्तानीलाई निजको रोजगारीको आय निर्धारण गर्दा समावेश गर्नु पर्दछ ।

**८(२)(घ) रोजगारीका कुनै शर्तमा सहमति जनाएबापत गरिएका भुक्तानी,**

रोजगारदाता र रोजगारकर्ताले रोजगारीका कुनै शर्तमा सहमति जनाएबापत गरिएको भुक्तानीलाई रोजगारीको आयमा समावेश गर्नु पर्दछ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.५: मानौं, कुनै एक बैंकले कार्यकारी अधिकृत नियुक्तिको शर्तमा बैंकले आर्जन गरेको मुनाफाको ५ प्रतिशत रकम निजलाई प्रोत्साहन स्वरूप प्रदान गर्ने सहमति भएको रहेछ । यसरी भुक्तानी प्राप्त हुने रकम रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**८(२)(ङ) रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अवकाश बापत गरिएका भुक्तानी,**

कुनै कर्मचारीले रोजगारीको सेवा शर्त अनुसार सेवा प्रदान गरिरहेको हुन्छ । रोजगारीको शर्त अनुसार रोजगारी छोड्ने, त्याग्ने, राजिनामा दिने, मृत्यू वा अन्य विविध कारणले रोजगारीको अन्त्य हुन सक्छ । रोजगारदाताले रोजगारीका सेवा शर्त अनुसार काम कार्यवाही गरेको नपाइएको वा अन्य कुनै कारणले रोजगारकर्तालाई रोजगारीबाट निकाल्ने, बर्खास्त गर्ने, स्वेच्छिक अवकाश वा अन्य कारणले रोजगारीको अन्त्य (Terminate) हुन सक्छ । यसरी रोजगारीको अन्त्य वा नोक्सानी भएको कारणबाट गरिने भुक्तानी रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

रोजगारकर्ताको योगदान नहुने कोष (Non-Contributory Fund)बाट रोजगारकर्तालाई अवकाशको समयमा कुनै एकमुष्ठ भुक्तानी गरिएको खण्डमा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) अनुसार १५% का दरले भुक्तानीमा कर कट्टा गर्नुपर्ने र दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार यस्ता भुक्तानी अन्तर्गतको अग्रिम करलाई अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिने हुँदा यस्तो भुक्तानीलाई कर्मचारीको आयमा समावेश गर्नु पर्दैन । तर नियमित रूपमा भुक्तानी हुने निवृत्तभरणलाई भने अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिएको छैन ।

**रोजगारीको अन्त्य**: कुनै कर्मचारी रोजगारीको नोक्सानी, अवकाश, अनिवार्य अवकाश वा अन्य कुनै तरिकाले रोजगारीबाट निवृत्त हुन सक्छ । जुनसुकै Modality ले रोजगारीबाट निवृत्त भए तापनि रोजगारदाताबाट प्राप्त गरिने अवकाश भुक्तानीलाई ऐनको दफा ८८(१) अनुसार १५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गरी भुक्तानी दिनुपर्ने हुन्छ । यस्तो भुक्तानी ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिम कर कट्टी हुने भुक्तानीमा पर्ने हुँदा ऐनको दफा ८ को उपदफा(३)अनुसार रोजगारीको आयमा भने समावेश गर्नु पर्दैन । रोजगारीको अन्त्य, साधारणतयाः रोजगारीको क्रममा गरिएका सेवा शर्त अनुसार राजीनामा दिई, बर्खास्तमा परी, मृत्यु भई वा उमेर (सेवा शर्तमा कामकाज गर्नसक्ने उमेर) को हदबन्दीका कारण रोजगारीको अन्त्य हुने गर्दछ । यसरी रोजगारीको अन्त्य हुँदाका अवस्थामा निजले विभिन्न किसिमका सुविधा प्राप्त गर्न सक्दछ, जस्तै, स्वीकृत वा अस्वीकृत अवकाश कोषबाट हुने भुक्तानी रकम, बिदा बापतको रकम, औषधि उपचार लगायत निकायको कर्मचारी सेवा विनियमावली अनुसार अन्य सुविधा बापतको रकम । निकायमा उपदान वा पेन्सनमध्ये कुनै सुविधा पाउने व्यवस्था हुन सक्छ । साथै, एकमुष्ठ पेन्सनको व्यवस्था भएका निकाय पनि हुन सक्छन् । यसरी एकमुष्ठ प्राप्त गरिने निवृत्तभरण रकम ऐनको दफा २२ अनुसार भुक्तानीका आधारमा आयमा समावेशगर्नु पर्दछ । ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार, यस्तो निवृत्तभरण भुक्तानीलाई अन्तिम कर कट्टी हुने भुक्तानी मानिने हुँदा कर कट्टी भई प्राप्त हुने यस्तो भुक्तानीलाई कर्मचारीको

आयमा समावेश गर्नु पर्दैन । तर नियमित रूपमा भुक्तानी हुने निवृत्तभरणलाई भने अन्तिम रूपमा करकट्टी हुने भुक्तानी मानिएको छैन ।

**रोजगारीको नोक्सानी** : रोजगारीको नोक्सानी अवकाश हुने प्रकृयामध्ये एक हो । तर यो अन्य प्रकृया भन्दा भिन्न प्रकारले रोजगारीबाट रोजगारकर्ता बिमुख हुन्छन् । उदाहरणको लागि Liquidation, संस्थाको वर्तमान कर्मचारी नराख्ने शर्तसहितको निजीकरण, संस्थामा कार्यरत कर्मचारी/कामदार अशक्त भई काम गर्न नसक्ने अवस्था भई रोजगारीबाट छोड्नुपर्ने अवस्था, कर्मचारी कटौतीमा परेका रोजगारकर्ता आदि । माथि उल्लेख गरिएका अवस्थामा कामदार/कर्मचारीको रोजगारीको नोक्सानी हुने र यसरी रोजगारीको नोक्सानी भए बापत सम्बन्धित संस्थाबाट क्षतिपूर्ति (Compensation)बापत प्राप्त गरिने रकमलाई ऐनको दफा ८ को उपदफा (२) को खण्ड (ङ) अनुसार रोजगारीको आयमा समावेश गर्नु पर्दछ । तर ऐनको दफा ८८ को उपदफा (१) अनुसार १५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गर्नुपर्ने र ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिम कर कट्टी हुने हुँदा दफा ८ को उपदफा (३) अनुसार रोजगारीको आय गणना गर्दा आयमा समावेश गर्नु पर्दैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरणको १७.३.६: मानौं, कृषि सामग्री संस्थान निजीकरण गर्ने क्रममा कर्मचारीलाई निवृत्त गर्ने तर रोजगारीको नोक्सानी भए बापत निजले पाउने सुविधाको अलावा सेवा गरेको प्रति वर्षको २महिनाको दरले थप तलब क्षतिपूर्ति (Compensation)को रूपमा दिने निर्णय गरेको रहेछ । यस सन्दर्भमा दिपक भन्ने व्यक्तिले निम्नानुसारको भुक्तानी प्राप्त गरेका रहेछन्:

| | |
|---|---|
| साविक तलब तथा सुविधा | रु.८०,०००।- |
| ऐन लागू पश्चात पाकेको बिदा बापतको रकम | रु.५०,०००।- |
| ऐन लागू पश्चात पाकेका उपदान | रु.२,५०,०००।- |
| क्षतिपूर्ति बापत प्राप्त थप तलब | रु.४,००,०००।- |

उक्त भुक्तानीमध्ये ऐन लागू भएपछि पाकेको बिदा बापतको रकम रु.५०,०००।-, उपदान बापतको रकम रु.२,५०,०००।- र थप तलबरु.४,००,०००।- मा ऐनको दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्छ र ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिम कर कट्टी हुने हुँदा दफा ८ को उपदफा (३) अनुसार रोजगारीको आय गणना गर्दा आयमा समावेश गरी आय निर्धारण गर्नु पर्दैन । तर साविक तलब तथा सुविधारु.८०,०००।- भने रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

कुनै एक कारखानामा कार्यरत मजदुर कामको सिलसिलामा मेसिन चलाउँदा दुर्घटना हुनगई दाहिने हात गुमाउनु पर्‍यो । यसरी अपाङ्ग भइसकेपछि निजबाट कार्य गराउन सम्भव नहुने देखेपछि उक्त कारखानाले निजलाई नियमानुसार थप सुविधा दिई रोजगारीबाट अवकाश दियो । यसरी रोजगारी गुमाए (Job Loss)बापत प्राप्त गरिने क्षतिपूर्ति रकम (Retrenchment Amount)लाई आयकर प्रयोजनको लागि आयमा समावेशगर्नु पर्दछ । तर दफा ९२(१) ले यस्तो अवकाश भुक्तानी अन्तिम विधिले कर कट्टा हुने व्यवस्था गरेको हुँदा यस्तो भुक्तानीमा दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले कर कट्टा गरेपछि सो कर नै अन्तिम हुन्छ ।

**अनिवार्य अवकाश (Compulsory Retirement)**: कुनै निकायले आफ्नो संस्थामा रहेका कामदार/कर्मचारी कटौती गर्ने क्रममा तोकिएको समूहलाई रोजगारीबाट अवकाश दिने वा Staff Regulation अनुसार तोकिएको अवधि/उमेर पूरागरी रोजगारीबाट अवकाश हुने प्रक्रियालाई अनिवार्य अवकाश भनिन्छ । यसरी अनिवार्य अवकाश दिँदा Staff Regulation

अनुसार तोकिएको अवधि/उमेर पूरागरी रोजगारीबाट अवकाश हुने अवस्थाबाहेक अन्य अवस्थाबाट कामदार/ कर्मचारीलाई अनिवार्य अवकाश दिँदा विशेष सुविधाको पनि व्यवस्था गरिएको हुन सक्दछ । यसरी प्राप्त गरिएको विशेष सुविधाबापत प्राप्त गरिएको भुक्तानी अवकाश भुक्तानी भएको हुँदा ऐनको दफा ८८ को उपदफा (१) बमोजिम स्रोतमा १५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गर्नुपर्ने र ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिम कर कट्टी हुने हुँदा दफा ८ को उपदफा (३) अनुसार रोजगारीको आय गणना गर्दा आयमा समावेश गर्नु पर्दैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.७: मानौं, वाणिज्य बैंकमा कर्मचारी कटौती गर्ने क्रममा २० वर्ष सेवा अवधि पुगेका कर्मचारीले स्वेच्छिक अवकाशको लागि आवेदन दिनसक्ने र यसरी VRSअन्तर्गत अवकाश हुने कर्मचारीको लागि विशेष सुविधाको रूपमा प्रत्येक वर्ष सेवा अवधिको लागि निजले खाइपाई आएको तलबको २ महिनाको सुविधा दिने व्यवस्था गरेको रहेछ । यहि Scheme अन्तर्गत रसिक कलाम भन्ने कर्मचारीले २०६५ आषाढ मसान्तमा लागू हुने गरी अवकाश लिएका रहेछन् । बैंकको नियम बमोजिम १५ वर्षभन्दा बढी सेवा अवधिपूरा गर्नेलाई २ महिनाको र बीस वर्षभन्दा बढी सेवा अवधि पूरा गर्नेले साढे दुई महिनाको तलबका दरले उपदान समेत बैंकले भुक्तान गरेको रहेछ । २०५८ चैत्र १८ गते अघिको कर्मचारी विनियम बमोजिम निजले तीन महिनाको औषधि उपचार खर्च समेत अवकाशको समयमा भुक्तानी लिएका रहेछन् । यसरी अवकाश रकम भुक्तानी सहित आ.व.२०६४।६५ मा निजले निम्नानुसारका भुक्तानी प्राप्त गरेका रहेछन् ।

मानौं, कृषि सामग्री संस्थान निजीकरण गर्ने क्रममा कर्मचारीलाई निवृत्त गर्ने तर रोजगारीको नोक्सानी भए बापत निजले पाउने सुविधाको अलावा सेवा गरेको प्रति वर्षको २ महिनाको दरले थप तलब क्षतिपूर्ति (Compensation) को रूपमा दिने निर्णय गरेको रहेछ । यस सन्दर्भमा दिपक भन्ने

सेवा निवृत हुँदा तलब - रु.२०,०००।- प्रति महिना
२०५८ चैत्रमा तलब - रु.१५,०००।- प्रति महिना
भत्ता - रु.१०,०००।- प्रति महिना
सेवा अवधि - २५ वर्ष (२०५८।१२।१८ सम्म १९ वर्ष)
बिदा - १५० दिन (२०५८।१२।१८ सम्म - ६० दिन)
दशैं खर्च - रु.२०,०००।-

अवकाश योगदानमा तलबको १० प्रतिशत गर्ने गरिएको रहेछ ।

| विवरण | रोजगारीको आय | अवकाश भुक्तानी |
|---|---|---|
| तलबरु.२०,०००।- ले १२ महिनाको रु. | २,४०,०००।- | |
| भत्ता रु.१०,०००।- ले १२ महिनाको रु. | १,२०,०००।- | |
| दशैं खर्च रु. | २०,०००।- | |
| अवकाश कोषमा योगदान (२,४०,००० को १० प्रतिशतले) रु. | २४,०००।- | |
| उपदान (२५X२.५ X २०,०००=१२,५०,०००) रु. | | १२,५०,०००।- |
| न्यून: २०५८ चैत्र १८ सम्मको पाकेको उपदान (१९ X २.५ X २०,०००) रु. | | (९,५०,०००।-) |
| औषधि उपचार खर्च | | नलाग्ने |
| VRS सुविधा (२५ X २ X २०,०००) रु. | | १०,००,०००।- |
| बिदा भुक्तानी प्राप्त | | |

| | | |
|---|---|---|
| २०५८ चैत्र १८ सम्म पाकेका बिदा ६० दिन | | नलाग्ने |
| २०५८चैत्र १९ देखिको पाकेका बिदा ९० दिन (२०,०००/३० X ९०)रु. | | ६०,०००।- |
| निर्धारणयोग्य आय / अवकाश भुक्तानी : रु. | ४,०४,०००।- | १३,६०,०००।- |

नियम २० को उपनियम ६ को खण्ड (क) बमोजिम २०५८ चैत्र १८ गतेसम्म पाकेको बिदा, उपदान तथा नियम २० को उपनियम ६ को खण्ड (ख) बमोजिम सो मितिमा सेवामा रहेका कर्मचारीलाई सेवाबाट अवकाश हुँदा निजको सेवा शर्त सम्बन्धी नियम अनुसार भुक्तानी हुने एक लाख असी हजार रुपैयाँसम्मको औषधि उपचार खर्च रकममा कर नलाग्ने व्यवस्था छ।

अवकाश भुक्तानी (VRS/CRS) सुविधा, उपदान तथा बिदा) बापत प्राप्त गरेको रकममा रोजगारदाताले ऐनको दफा ८८ को उपदफा (१) अनुसार १५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गरी भुक्तानी दिने र यसरी भुक्तानीमा कर कट्टा गरी भुक्तानी दिएको रकम ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (छ) अनुसार अन्तिमरूपमा कर कट्टी हुने भुक्तानी भएको हुँदा ऐनको दफा ८ को उपदफा (३) अनुसार रोजगारीको आय गणना गर्दा समावेश गर्न पर्दैन तसर्थ, माथि उल्लेख गरिएको उदाहरणमा अवकाश भुक्तानीबापतको बिदाको रकमलाई रोजगारी आयको निर्धारणयोग्य आय गणनामा समावेश नगरिएको हो।

**८(२)(च) अवकाश भुक्तानी र रोजगारदाताले सो कर्मचारीको लागि अवकाश कोषमा जम्मा गरेको रकम समेतका अवकाश योगदान,**

**ऐनको दफा २ को खण्ड (ङ) बमोजिम"अवकाश भुक्तानी" भन्नाले देहायका व्यक्तिलाई दिइने भुक्तानी सम्झनु पर्छ :-**

**(१) प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानी, वा**

**(२) प्राकृतिक व्यक्तिको मृत्यु भएको अवस्थामा निजको आश्रितलाई दिइने भुक्तानी।**

स्वीकृत अवकाश कोषबाट भुक्तानी गर्न सकिने अवस्था नियम २० उपनियम (२) को खण्ड (घ) मा उल्लेख गरिएको छ।

*२०(२)(घ) अवकाश कोषको हिताधिकारीलाई देहायका अवस्थामा मात्र अवकाश भुक्तानी गर्न सकिने :-*

*(१) कर्मचारी वा कामदार सेवाबाट अवकाश प्राप्त गरेमा,*

*(२) हिताधिकारीको उमेर अन्ठाउन्न वर्ष पुगेमा, वा*

*(३) हिताधिकारीको मृत्यु भएमा वा निज स्थायी रूपमा अपाङ्ग भएमा।*

रोजगारीका क्रममा रोजगारीको सेवा शर्त अनुसार कर्मचारी अवकाश हुँदाका अवस्थामा भुक्तानी प्राप्त हुने गरी रोजगारदाताले कर्मचारीको निमित्त अवकाश कोषमा जम्मा गरिदिएको रकमलाई रोजगारदाताले गरेको अवकाश योगदान भनिन्छ। उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ।

| |
|---|
| उदाहरणको १७.३.८: हफर सिंह मासिक रु.२०,०००।- पारिश्रमिक पाउने गरी सरकारी कम्पनीमा कार्यरत रहेछन्। उक्त कम्पनीबाट मासिक पारिश्रमिक बाहेक रु.२,०००।- प्रति महिना निजको नामको अवकाश कोषमा जम्मा गरिने गरेको रहेछ भने सो रकमलाई अवकाश योगदान मानिन्छ र यस्तो रकम निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ। |

अवकाशको समयमा दिइने बिदा तथा औषधि उपचार सुविधा बापतको रकम एवम् अन्य अवकाश भुक्तानीका सम्बन्धमा नियम २० को उपनियम ६ को खण्ड (क) तथा खण्ड (ख) बमोजिम तल उल्लेखित व्यवस्था गरेको छ।

*२०(६) यस नियममा माथि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका रकमका सम्बन्धमा देहाय बमोजिम हुनेछ :-*

*(क) ऐन प्रारम्भ हुनुभन्दा अघिका आय वर्षहरुमा कर्मचारी वा कामदारको सञ्चय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा ब्याज लगायतका रकममा र सो अवधिसम्म पाकेको उपदान तथा सञ्चित बिदा बापतको रकममा कर छुट हुने, र*

*(ख) ऐन प्रारम्भ हुँदाका बखत सेवामा रहेका कर्मचारी वा कामदारलाई सेवाबाट अवकाश हुँदा निजहरुको सेवा शर्त सम्बन्धी नियम अनुसार भुक्तानी हुने एक लाख असी हजार रुपैयाँसम्मको औषधि उपचार खर्च रकमलाई सो कर्मचारी वा कामदारको आयमा समावेश नगरिने ।*

**८(२)(छ) रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी,**

रोजगारदाताले रोजगारकर्तालाई रोजगारीको सम्बन्धमा गरिएका माथि उल्लेख गरिएका बाहेक पनि अन्य भुक्तानी,जस्तै Holiday Trip, Shopping जस्ता व्यक्तिगत खर्चका भुक्तानीलाई समेत रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**८(२)(ज) परिच्छेद ६ (कर लेखाङ्कन समय) वा परिच्छेद ७(रकमहरुको परिमाणीकरण, बाँडफाँड र चारित्रीकरण) बमोजिम समावेश गरिनुपर्ने अन्य रकमहरु ।**

कुनै पनि व्यक्तिले रोजगारदाताले उपलब्ध गराएको विभिन्न सुविधालाई परिमाणीकरण एवम् चारित्रीकरण गरी आफ्नो आयमा समावेश गर्नु पर्दछ ।

- **रोजगारीको आयको कर लेखाङ्कन गर्ने तरिका र समय :**

  रोजगारीको आयको कर लेखाङ्कनऐनको दफा २२ को उपदफा (१) तथा (२) बमोजिम निम्नानुसार गरिनु पर्दछ :-

  (१) **कुनै व्यक्तिले कहिले कुनै आय प्राप्त गर्छ वा कुनै खर्च गर्छ भन्ने कुराको निर्धारण यस ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्त अनुरूप हुनेछ ।**

  (२) **प्राकृतिक व्यक्तिले निजको रोजगारी तथा लगानीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नु पर्नेछ ।**

ऐनको दफा २३ को खण्ड (क) तथा (ख) अनुसार प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगदको आधारमा देहाय बमोजिमलेखाङ्कन गर्नु पर्दछ :-

(क) **निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्नेछ ।**

(ख) **निजले भुक्तानी गरेपछि मात्र सो गणनामा खर्चबापत कट्टी गर्नु पर्नेछ ।**

यसमा खास गरिकन कुनै पनि रोजगारकर्ताले आफूले प्राप्त गरेको नगद वा निजको खातामा जम्मा भएको अवस्थामा मात्रै आयमा समावेश गर्ने र भुक्तानी गरेपछि मात्रै खर्च दाबी गर्ने प्रणालीलाई नगदको आधारमा लेखाङ्कन गर्ने पद्दति मानिन्छ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.९: मानौं, कमल भन्ने व्यक्ति सामग्री संस्थानमा कार्यरत कर्मचारी हुन् । निज व्यक्तिले आफूले खाइपाई आएको तलबभत्ता २०६४ श्रावणदेखि २०६५ आषाढ मसान्तसम्म प्रति महिना रु.२०,०००।- का दरले पाउनु पर्ने रकम रु.२,४०,०००।-२०६५ श्रावणमा मात्रै प्राप्त गरे । यस अवस्थामा नगदको आधारमा लेखाङ्कन गरिने कारणले गर्दा रकम प्राप्त गरेको महिना २०६५ श्रावणमा कर प्रयोजनको लागि आयमा समावेश गर्नुपर्ने हुन्छ । तसर्थ यो पद्दति अनुसार जुन आर्थिक वर्षको आय आम्दानी भएतापनि

जुन आर्थिक वर्षमा प्राप्त भयो सोही आर्थिक वर्षको आम्दानीमा समावेश गर्नु पर्दछ ।

- **रोजगारी आयमा समावेश गरिने सुविधा तथा चारित्रीकरण :**

**रकमको परिमाणीकरण** : रोजगारीको आयमा समावेश गरिने सुविधा यस ऐनको दफा २७ मा व्यवस्था गरेको छ । उक्त दफामा व्यवस्था गरिएका सुविधालाई मौद्रिक रूपमा यकिन गरी सोही अनुसार रोजगारकर्ताको आयमा समावेश गर्नु पर्दछ । यसको अलावा ऐनको दफा ३१ बमोजिम क्षतिपूर्ति बापतको भुक्तानीको चारित्रीकरण गरी आयमा समावेश गर्नु पर्दछ ।

ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्म भुक्तानीका रकमलाई परिमाणीकरण (Quantification) निम्नानुसार गरिएको छ :-

**२७(१)(क)कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई सम्पत्ति हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम ।**

रोजगारदाताले आफ्नो कार्यालयमा कार्यरत कामदार तथा कर्मचारीका लागि चल या अचल सम्पत्ति हस्तान्तरण गरी भुक्तानी गरेको अवस्थामा त्यसरी हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकम प्राप्तकर्ता अर्थात कर्मचारीको रोजगारीको आयमा समावेश गर्नु पर्दछ । ऐनको दफा २७ को उपदफा (२) बमोजिम भुक्तानी आर्जन गरेको, प्राप्त गरेको, दिएको, बहन गरेको वा कर प्रयोजनको लागि अन्य रूपमा हिसाब गरिएको समयलाई नै रकमको परिमाणीकरण भएको समय अर्थात सोही मितिमा भुक्तानी दिएको मानिनेछ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.१०: मानौं, ABC Travel Agency Pvt. Ltd.मा कार्यरत प्रबन्ध निर्देशक श्री हरिप्रकाश श्रेष्ठलाई निजको संस्था प्रतिको इमान्दारिताको कदर गर्दै सञ्चालक समितिले निर्णय गरी निजलाई Jeep हस्तान्तरण गरेको रहेछ । यस अवस्थामा निजको इमान्दारिताको कदर स्वरूपको भुक्तानी सम्पत्तिको हस्तान्तरणबाट भएको हुँदा उक्त Jeep को बजार मूल्य बराबरको रकम निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ। बजार मूल्य भन्नाले सम्पत्तिको रजिष्टर्डमा उल्लेख गरिएको Written Down Valueनभई उक्त Jeep बजारमा बिक्री गर्दा कति रकम प्राप्त हुन सक्छ सो आधारमा निर्धारण गर्नु पर्दछ । करदाता आफैले बजार मूल्य निर्धारण गर्ने हुँदा कर निर्धारण गर्ने अधिकृतले अन्यथा प्रमाणित गरेको अवस्थामा बाहेक उक्त घोषणा गरेको मूल्यलाई नै बजार मूल्य मान्नु पर्दछ । करदाताले घोषणा गरेको बजारमूल्यको औचित्य पुष्टी गर्ने दायित्व करदाताको हुन्छ । यदि करदाताले निर्धारण गरेको बजार मूल्य प्रति कर अधिकृत सहमत नभई अर्को मूल्य निर्धारण गरेमा त्यसको तथ्य तथा प्रमाण जुटाउने दायित्व कर अधिकृतको हुनेछ ।

**२७(१)(ख) देहायका कुरा उपलब्ध गराएबापत भएको भुक्तानीको लागि तोकिए बमोजिम निर्धारण हुने रकम वा रकम निर्धारण गर्ने व्यवस्था नगरिएकोमा खण्ड (ङ) अनुसार निर्धारण हुने रकम :-**

**२७(१)(ख)(१) भुक्तानी पाउने व्यक्तिको पूर्ण वा आंशिक रूपमा निजी प्रयोजनका लागि प्रयोग गरिएको वा प्रयोगको लागि उपलब्ध भएको सवारी साधन, वा**

आयकर नियमावलीको नियम १३ को उपनियम (१) मा निजी प्रयोजनको सवारी साधन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :

*१३(१) कर्मचारी वा कामदार लगायतको कुनै हिताधिकारीको लागि कुनै व्यक्तिबाट पूर्ण वा आंशिकरूपमा निजी प्रयोजनको लागि प्रयोग भएको वा प्रयोगको लागि उपलब्ध भएको सवारी साधनलाई ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) बमोजिम कुनै आयवर्षकोलागि देहाय बमोजिम रकम निर्धारण हुनेछ :-*

*(क) कर्मचारी वा कामदार वा मासिकरूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई उपलब्ध गराएकोमा निजले खाइपाई आएको तलबको शून्य दशमलव पाँच प्रतिशतले हुने रकम ।*

*(ख) खण्ड (क) मा उल्लेख भएको अवस्थामा बाहेक सवारीसाधनको प्रचलित बजार मूल्यको वार्षिक एक प्रतिशतले हुने रकम ।*

*स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "सवारी साधन" भन्नाले मोटर, कार, जीप र यस्तै किसिमको अन्य सवारी साधन सम्झनु पर्छ ।*

आयकर नियमावलीको नियम १३ उपनियम (१) बमोजिम कर्मचारी वा कामदार वा मासिकरूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई पूर्ण वा आंशिकरूपमा निजी प्रयोजनकालागि उपलब्ध भएको सवारी साधनको लागि निजले खाइपाई आएको तलबको ०.५ प्रतिशतले हुने रकमलाई निजले प्राप्त गरेको भुक्तानी सरह मानी रोजगारीको आयमा समावेश गरिन्छ ।

सो नियमको लागि उपलब्ध स्पष्टीकरण अनुसार "सवारी साधन" ले मोटर, कार, जीप र यस्तै किसिमको सवारी साधनलाई जनाउँछ, अर्थात उपर्युक्त प्रकार (Category) का सवारी साधन बाहेक साइकल, मोटरसाइकल, कर्मचारीलाई संयुक्तरूपमा उपलब्ध बस सुविधा जस्ता सवारी साधन भने "सवारी साधन सुविधामा" समावेश हुने छैन । तर संयुक्तरूपमा उपयोग गरिने मोटर, कार, जीप र यस्तै किसिमको सवारी साधन उपलब्ध भएको अवस्थामा भने प्रयोग गर्ने प्रत्येक कर्मचारीको सुविधा गणना गर्नु पर्दछ ।

*आयकर नियमावली, २०५९ को नियम १४ अनुसार "कुनै भुक्तानीलाई ऐनको दफा २७बमोजिम परिमाणीकरण गर्दा वा ऐनको दफा २८ बमोजिम नेपाली रुपैयाँमा परिवर्तन गर्दा रुपैयाँभन्दा बढी भएको चानचुन पैसालाई गणना गरिने छैन् ।"*

माथिको अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.११: मानौं, कुनै कर्मचारीलाई उसको रोजगारदाताले निजी तथा व्यावसायिक कामको लागि एउटा कार उपलब्ध गराएको रहेछ । सो कारको बजार मुल्य रु.२०,००,०००।- रहेछ । निजले आफ्नो मासिक पारिश्रमिक निम्नानुसार प्राप्त गर्ने गरेका रहेछन् ।

| | |
|---|---|
| तलब | रु.१५,०००।- |
| ग्रेड (जम्मा) | रु.५,९३०।- |
| महङ्गी भत्ता | रु.६००।- |
| अन्य भत्ता | रु.१,०००।- |

सवारी साधन निजी कार्यको लागि समेत उपलब्ध गराएकोमा, Perquisite को मूल्य निर्धारण गर्नको लागि निजले खाइपाई आएको तलब निर्धारण गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| शुरु तलब (१५,००० × १२) | रु.१,८०,०००।- |
| ग्रेड | रु.५,९३०।- |
| कुल खाइपाई आएको तलब | रु.१,८५,९३०।- |

०.५% का दरले हुने (१,८५,९३० × ०.५/१००) =रु.९२९।६५

निजले सवारी साधन प्रयोग गरेबापतरु.९२९।- भुक्तानी दिए सरह मानी निजको रोजगारीको आयमा समावेश गरिन्छ । यसरी परिमाणीकरण (Quantification) गर्दा पैसालाई गणना गर्नु पर्दैन ।

सवारी साधन सुविधा दिँइदा सवारी चालक तथा ईन्धन समेत दिनुपर्ने हुँदा माथि उल्लेख भए अनुसार सवारी साधन सुविधाबापतको रकम आयमा समावेश गरिसकेपछि सवारी

चालक वा ईन्धनको लागि रोजगारदाताले गरेको भुक्तानी वा सुविधालाई आयमा समावेश गर्नु पर्दैन । तर, यदि कर्मचारीलाई निजी प्रयोजनको निमित्त सवारी साधन सुविधा भनी निश्चित रकम भुक्तानी गरेको भए पूरै भुक्तानी रकम उक्त कर्मचारीको रोजगारीको आयमा समावेश गर्नुपर्ने हुन्छ ।

कुनै पनि निकायले आफ्नो कर्मचारीलाई निजको व्यक्तिगत सवारी साधनलाई सुविधा अन्तर्गत इन्धन उपलब्ध गराएको छ भने उपलब्ध गराएको इन्धनको बजार मूल्य निर्धारण गरी बजार मूल्य बराबरको रकम निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

नियम १३ को उपनियम (१) को खण्ड (ख) मा उल्लेख भए बमोजिम कर्मचारीबाहेक अन्य हिताधिकारीलाई सवारी साधन उपलब्ध गराएको खण्डमा सवारीसाधनको प्रचलित बजार मूल्यको वार्षिक एक प्रतिशतका दरले हुने रकम निजको आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(ख)(२) भुक्तानी पाउने व्यक्तिको लागि उपलब्ध गराइएको भवन ।**

आयकर नियमावली को नियम १३ को उपनियम (२) मा निजी प्रयोजनको भवन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :

*१३(२) कर्मचारी वा कामदार लगायतको कुनै हिताधिकारीको लागि कुनै व्यक्तिबाट निजी प्रयोजनको लागि प्रयोग भएको वा प्रयोगको लागि उपलब्ध भएको भवनलाई ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) को उपखण्ड (२) बमोजिम कुनै आयवर्षको लागि देहाय बमोजिम रकम निर्धारण हुनेछ :-*

*(क) भवन उपलब्ध गराउने व्यक्तिले कर्मचारी वा कामदार वा मासिकरूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई भवन उपलब्ध गराएकोमा निजले खाइपाई आएको तलबको दुई प्रतिशतले हुने रकम,*

*(ख) भवन उपलब्ध गराउने व्यक्तिले घर भाडामा लिई खण्ड (क) मा उल्लेख भए बाहेकको व्यक्तिलाई भवन उपलब्ध गराएकोमा भाडाबापत भुक्तानी गरेको रकमको पच्चीस प्रतिशतले हुने रकम,*

*(ग) भवन उपलब्ध गराउने व्यक्तिले भाडा तिर्नु नपर्ने घर खण्ड (क) मा उल्लेख भए बाहेकको व्यक्तिलाई भवन उपलब्ध गराएकोमा प्रचलित घरभाडाको पच्चीस प्रतिशतले हुने रकम ।*

आयकर नियमावलीको नियम १३(२) बमोजिम कर्मचारी, कामदार वा मासिकरूपमा पारिश्रमिक प्राप्त गर्ने अन्य कुनै व्यक्तिलाई भाडामा लिई वा आफ्नै भवन उपलब्ध गराएकोमा निजले खाइपाई आएको तलबको २ प्रतिशतले हुने रकमलाई निजले प्राप्त गरेको भुक्तानीसरह मानी निजको रोजगारीको आयमा समावेश गरिन्छ ।

साधारणतयाः यो सुविधा बापत कर्मचारीको हकमा रोजगारीको आयको २ प्रतिशतले हुने रकम निजको रोजगारीको आय गणना गर्ने प्रयोजनको लागि भुक्तानी पाए सरह (Deemed Income)मानी समावेश गरिन्छ । कार्यालयमा कार्यरत गार्ड तथा मेसेन्जर वा कार्यालय सहयोगी जस्ता कर्मचारीको लागि अफिसमा नै सुरक्षाका दृष्टिकोणले बासस्थान उपलब्ध गराइएको अवस्थामा यस्तो बासस्थानको उपलब्धता, निजको सुविधा नभई कार्यालयको सुरक्षार्थ बसेकोले निजको रोजगारीको आयमा बासस्थान उपलब्ध गराए बापत तलबको २ प्रतिशतले हुने रकम समावेश गर्नु पर्दैन ।

कुनै निकायले बासस्थानको व्यवस्था गर्दा सहुलियत दरमा उपलब्ध गराएको अवस्थामा पनि नियमावलीमा उल्लेख भए बमोजिम खाइपाई आएको तलबको २ प्रतिशतले हुन आउने रकमलाई निजको आय गणना गर्दा समावेश गर्नुपर्ने हुन्छ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.१२: मानौं, मासिक रु.२५,०००।- तलब पाउने "दिपक" भन्ने एक कर्मचारीलाई कार्यालयले बासस्थान उपलब्ध गराएको रहेछ । कार्यालयले बस्नको लागि आवासगृह उपलब्ध गराए बापत मासिक रु.२००।- आफ्नो कार्यालयलाई तिर्दै आएका रहेछन् । उक्त आवास गृह निजलाई सुविधामा उपलब्ध गराएको हुँदा नियमावली अनुसार निजको आयमा खाइपाई आएको तलबबाट २ प्रतिशतका दरले हुन आउने रकम अर्थात रु.५००।-प्रति महिना निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**२७(१)(ग) देहायका कुरा उपलब्ध गराएबापत भुक्तानी दिने व्यक्तिले गरेको खर्चबाट भुक्तानी प्राप्त गर्ने व्यक्तिको योगदान कटाई बाँकी हुन आएको रकम :-**

(१) **घरको रेखदेखकर्ता, भान्छे, सवारी चालक, माली वा अन्य घरेलु सहायकको सेवा,**

(२) **कुनै खाना, जलपान वा मनोरञ्जन, वा**

(३) **भुक्तानी प्राप्त गर्ने व्यक्तिको निवासस्थानमा जडान गरिएको धारा, बिजुली, टेलिफोन जस्ता सेवा,**

कुनै पनि निकायले आफ्नो कर्मचारीलाई निकायको नियमावली अनुसार निजको लागि घरको रेखदेखकर्ता, भान्छे, सवारी चालक, माली वा अन्य घरेलु सहायकको सेवा उपलब्ध गराएको अवस्थामा सुविधा प्राप्त गर्ने व्यक्तिको योगदान कटाई बाँकी हुन आउने रकम निजको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.१३: मानौं, विकास बैंक लिमिटेडले आफ्नो मुख्य कार्यकारी अधिकृतको लागि घरमा काम गर्नको लागि एक जना सहयोगी उपलब्ध गराएको रहेछ । उक्त सहयोगी विकास बैंक लिमिटेडमा काम गर्ने कर्मचारी हुन् । निजको मासिक रु.५,०००।-तलब रहेछ र संस्थाले निजको कार्यक्षेत्र मुख्य कार्यकारी अधिकृतको घरमा तोकेको रहेछ । निज कार्यकारी अधिकृतलाई नियुक्ति करारनामा बमोजिम संस्थाले सहयोगी उपलब्ध गराएबापत निजको तलबबाट मासिक रूपमारु.१,०००।-कट्टा गर्ने व्यवस्था रहेछ । यस अवस्थामा बैंकले सहयोगीलाई भुक्तानी गरेको पारिश्रमिक रु.५,०००।- बाट सेवा प्राप्त गर्ने मुख्य कार्यकारी अधिकृतको योगदान रु.१,०००।-भएको हुँदा उक्त योगदान कटाउँदा बाँकी हुन आउने रकम रु.४,०००।-प्रति महिना (५,०००-१,०००) मुख्य कार्यकारी अधिकृतको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ । अर्थात कुनै व्यक्तिले संस्थाको लागतमा प्राप्त गरेको सुविधा नै सुविधा प्राप्त गर्ने व्यक्तिको Perquisite हुन आउँछ ।

सुविधा प्राप्त गर्ने व्यक्तिको निवास स्थानमा जडान गरिएको धारा, बिजुली, टेलिफोन जस्ता सेवा उपलब्ध गराए बापत निकायले उक्त सुविधा उपलब्ध गराए बापत तिरेको महसुल रकम भने सुविधा उपभोग गर्ने व्यक्तिको रोजगारीको आयमा समावेश गर्नु पर्दछ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.१४: मानौं, नेपाल खुसी कम्पनी लि.ले आफ्नो मुख्य कार्यकारी अधिकृतको निजी निवासमा जडान गरिएको धारा बापतको महसुल प्रति महिना रु.१,०००।-बिजुलीको महसुल बापत प्रति महिना रु.२,०००।-र टेलिफोन महसुल बापत प्रति महिना रु.३,०००।- तिर्ने गरेको रहेछ । यस सम्बन्धमा निजको निवास स्थानमा उपलब्ध गराइएका माथि उल्लेख गरिए बमोजिमका सुविधा बापत संस्थाले प्रति महिना तिरेको रु.६,०००।- लाई निजको रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दछ ।

विद्युत वितरण गर्ने निकायले आफ्ना कामदार वा कर्मचारीलाई सुविधाका रूपमा प्रति महिना निश्चित युनिटसम्म महसूल नलिने गरी छुट दिने वा टेलिफोन कम्पनीले आफ्ना कामदार वा कर्मचारीलाई सुविधाका रूपमा प्रति महिना निश्चित कलसम्म महसुल नलिने गरी छुट दिने व्यवस्था गरेको रहेछ वा अन्य यस्तै छुट आफ्ना कर्मचारीलाई उपलब्ध गराइने व्यवस्था छ भने त्यस्ता निकायले यसरी दिइने छुटलाई बजार मूल्यका आधारमा हिसाब गरी आउने रकम सुविधा उपभोग गर्ने कामदार वा कर्मचारीको रोजगारीको आय गणना गर्दा आयमा समावेश गर्नु पर्दछ । तर अन्य निकायबाट खरिद गरी उपलब्ध गराएका यस्ता सेवाका हकमा सो सेवा वा वस्तुको लागत निज कर्मचारी वा कामदारले प्राप्त गरेको आय मानिन्छ ।

टेलिफोनको सुविधा प्राप्त गर्ने व्यक्तिको निवास स्थानमा जडान गरिएको टेलिफोनबाट निजले आफ्नो व्यक्तिगत प्रयोजनका साथै कार्यालयको कामको लागि फोन गरिने हुँदा व्यक्तिगत प्रयोजनको लागि गरिएको फोनको महसुल मात्रै आयमा समावेश गर्नु पर्नेछ ।

**२७(१)(घ) कुनै आय वर्षमा भुक्तानी प्राप्त गर्नुपर्ने कुनै व्यक्तिले ऋण बापत तिरेको ब्याज प्रचलित ब्याज दर अनुसार तिर्नुपर्ने ब्याज रकमभन्दा कम भएमा सो कम भएजति रकम**

कर्मचारीलाई रोजगारदाताले उपलब्ध गराउने निर्ब्याजी वा कम ब्याजदरको कर्जाको ब्याज सहुलियत समेत आयमा समावेश गर्नु पर्दछ ।

उदाहरण १७.३.१५: मानौं, कुनै व्यक्तिलाई रु.१,००,०००।- वार्षिक ४% का दरले ब्याज तिर्ने गरी कुनै कर्जा उपलब्ध गराएको रहेछ र प्रचलित ब्याजदर ८% रहेछ भने फरक दर ४% का हिसाबले हुने रकम रु.४,०००।- सो कर्मचारीले प्राप्त गरेको ब्याज सहुलियतका रूपमा गणना गरी रोजगारीको आयमा समावेश गरिन्छ ।

प्रचलित ब्याजदर भन्नाले प्रवाह गरिएको ऋणको प्रकृति अनुसार बजारमा उपलब्ध हुने ब्याजदरलाई जनाउँदछ । यस प्रयोजनका लागि ब्याजदर घोषणा गर्ने र सोलाई पुष्ट्याई गर्ने दायित्व करदाता स्वयंको हुन्छ ।

**२७(१)(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा उल्लिखित भुक्तानी बाहेक अन्य भुक्तानीको सम्बन्धमा भुक्तानी पाउने व्यक्तिको सट्टा तेस्रो व्यक्तिले भुक्तानी पाएमा सामान्यतया पाउने फाइदाको मूल्य बराबरको रकम ।**

उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.३.१६: मानौं, बोल्ड किड प्रा.लि.मा हरिप्रसाद भन्ने कर्मचारी काम गर्दा रहेछन् । निजको छोरा Kinder World भन्ने स्कुलमा पढ्ने गरेको रहेछ । उक्त स्कुलको मासिक फि बापत हुने रकम रु.१०,०००।-सो प्रा.लि.ले सिधै सोही स्कुललाई भुक्तानी गर्ने गरेको रहेछ । यस्तो भुक्तानी रकम कर्मचारीलाई अप्रत्यक्षरूपमा रोजगारदाताले सुविधा उपलब्ध गराएको मानी निज हरिप्रसादको रोजगारीको आय निर्धारण गर्दा समावेश गर्नु पर्दछ । यहाँ हरिप्रसादले तिर्नुपर्ने दायित्व सो प्रा.लि.ले तिरिदिएको हुँदा हरिप्रसादलाई अप्रत्यक्ष रूपमा फाइदा पुगेको मानिन्छ । तसर्थ अप्रत्यक्ष रूपमा तेश्रो व्यक्तिले अर्थात Kinder World ले उक्त भुक्तानी पाएको भए तापनि हरिप्रसादलाई फाइदा भएको हुँदा सो रकमलाई निजको आय मानिन्छ ।

**२७(२)उपदफा (१) को खण्ड (क) र (ङ) को सम्बन्धमा भुक्तानी आर्जन गरेको, प्राप्त गरेको, दिएको, बहन गरेको वा कर प्रयोजनको लागि अन्य रूपमा हिसाब गरिएको समयलाई नै रकमहरुको परिमाणीकरण भएको समय मानिनेछ ।**

ऐनको दफा २७ को उपदफा (२) बमोजिम भुक्तानी आर्जन गरेको, प्राप्त गरेको, दिएको, बहन गरेको वा कर प्रयोजनको लागि अन्य रूपमा हिसाब गरिएको समयलाई नै रकमको परिमाणीकरण भएको समय अर्थात सोही मितिमा भुक्तानी दिएको मानिनेछ ।

**रुपैयाँमा परिवर्तन** : ऐनको दफा २८ को उपदफा (१), (२) तथा (३) मा नेपाली रुपैयाँ बाहेक अन्य मुद्रामा भएका कारोबारलाई नेपाली रुपैयाँमा परिवर्तन गर्ने सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :

(१) **यस ऐनको प्रयोजनको लागि कुनै व्यक्तिको आय तथा सो आय निर्धारण गर्दा समावेश गरिने र कट्टी गरिने रकमहरु नेपाली रुपैयाँ बाहेक अन्य मुद्रामा अंकित गरिएको भए त्यस्तो रकमलाई नेपाली रुपैयाँमा परिवर्तन गर्नु पर्नेछ ।**

(२) **कुनै व्यक्तिको कुनै आय वर्षमा आय गणना गर्दा समावेश गरिने वा कट्टी गरिने रकम नेपाली रुपैयाँ बाहेक अन्य मुद्रामा अंकित गरिएकोमा सो रकम प्राप्त गरिएको, खर्च गरिएको, दिएको, बुझाएको वा कर प्रयोजनको लागि अन्य कुनै किसिमले हिसाब गर्दाका बखत प्रचलित विनिमय दर अनुसार सो मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्नु पर्नेछ ।**

(३) **उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाको प्रयोजनको लागि विभागले लिखितरूपमा सूचना जारी गरी अनुमति दिएकोमा कुनै व्यक्तिले सो आयवर्षमा विभागले तोकेको औसत विनिमय दर प्रयोग गर्न सक्नेछ ।**

नेपाल लेखामान ११ (NAS-11: Effects of Change in Foreign Currency Rate) मा विदेशी मुद्रामा हुने कारोबारलाई कारोबारको समयमा प्रचलित विनियम दरले रूपान्तरण गरी नेपाली मुद्रा (Functional Currency) मा लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ । रोजगारीको आय बापत विदेशी मुद्रा प्राप्त भएमा सो प्राप्त भएको दिनको विनिमय दर (बैंकको खरिद दर) बमोजिम रूपान्तर गरी आय कायम गर्नु पर्दछ । तर विभागको पूर्व लिखित स्वीकृति लिई कुनै व्यक्तिले सो आयवर्षमा विभागले तोकेको औसत विनिमय दर प्रयोग गर्न सक्नेछ ।

कुनै भुक्तानीलाई ऐनको दफा २७ बमोजिम परिमाणीकरण गर्दा वा ऐनको दफा २८ बमोजिम नेपाली रुपैयाँमा परिवर्तन गर्दा रुपैयाँभन्दा बढी भएको चानचुन पैसालाई गणना गरिने छैन ।

**अप्रत्यक्ष भुक्तानी** : ऐनको दफा २९ ले अप्रत्यक्ष भुक्तानीका सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :

**कुनै व्यक्तिले भुक्तानीकर्ता वा निजसँग सम्बद्ध व्यक्तिले गरेको भुक्तानीबाट अप्रत्यक्षरूपले फाइदा लिएमा वा भुक्तानी प्राप्त गर्ने अन्य व्यक्ति तोकेकोमा विभागले लिखितरूपमा सूचना जारी गरेर त्यस्तो फाइदा लिने वा त्यस्तो अन्य व्यक्ति तोक्ने व्यक्तिलाई नै सो भुक्तानी प्राप्त गर्ने व्यक्तिको रूपमा मान्न सक्नेछ ।**

उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

> उदाहरण १७.३.१७: मानौं, हरिप्रसाद सरकारी सेवाबाट सेवा निवृत्त कर्मचारी रहेछन् । निजले आफूले पाउने पेन्सन छुट्टी भिन्न भई बसेकी श्रीमतीले भुक्तानी पाउने बन्दोबस्त गरेका रहेछन् । यसरी निजले भुक्तानी पाउन अन्य व्यक्ति तोकेको भएतापनि विभागले लिखितरूपमा सूचना जारी गरेर त्यस्तो फाइदा लिने व्यक्ति अर्थात निजको श्रीमती वा त्यस्तो अन्य व्यक्ति तोक्ने व्यक्ति अर्थात निजलाई नै सो भुक्तानी प्राप्त गर्ने व्यक्तिकोरूपमा मान्न सक्नेछ ।

## १७.४ रोजगारीको आयमा समावेश नगरिने रकम :

कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको रोजगारीको आयको गणना गर्दा समावेश गर्नु नपर्ने रकमको सन्दर्भमा ऐनको दफा ८ को उपदफा (३) मा निम्नानुसारको व्यवस्था गरको छ :-

**८(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको पारिश्रमिकको गणना गर्दा देहायका कुरा समावेश गर्नुपर्ने छैन :-**

**८(३)(क) दफा १० बमोजिम छुट पाउने रकम र अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी,**

**(१) ऐनको दफा १० मा उल्लेख भए अनुसार छुट पाउने रकमः**

- **ऐनको दफा १० को खण्ड (क) अनुसारनेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धिवा सम्झौतामाउल्लेख भएबमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,**

कुनै पनि द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौता नेपाल सरकार र अन्य कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको हुनुपर्दछ, अर्थात पक्ष नेपाल सरकार हुनु अनिवार्य छ । नेपाल सरकारबाहेक अन्य संघ संस्थाले विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाबीच कर छुट हुने गरी गरिएको सम्झौता आयकर प्रयोजनको लागि मान्य हुने छैन । उदाहरणको लागि, नेपाल बिद्युत प्राधिकरणले विदेशी राष्ट्रवा अन्तर्राष्ट्रिय संघ संस्थासँग बिद्युत गृह निर्माण एवं सञ्चालन सम्बन्धी आयोजनाको लागि सम्झौता गरेको रहेछ । उक्त बमोजिम सो आयोजनामा काम गर्ने कर्मचारीलाई कर नलाग्ने उल्लेख गरेको रहेछ भने पनि यस्तो आधारमा मात्र त्यस्तो आयोजनामा काम गर्ने कर्मचारीलाई यस दफा अनुसार कर छुट दिन मिल्दैन । तर सोही संझौतामा नेपाल सरकार पक्ष भई गरेको रहेछ भने उपर्युक्त बमोजिम कर नलाग्ने व्यवस्था कायम हुन्छ

- **ऐनको दफा १० को खण्ड (ख) अनुसारविदेशी राष्ट्रको सरकारी सेवामा रोजगारी गरेबापत कुनै प्राकृतिक व्यक्तिले प्राप्त गरेको रकम,**

  **तर,**

  **(१) सो व्यक्ति रोजगारी गरेको कारणले मात्र बासिन्दा वा गैर बासिन्दा भएको हुनुपर्नेछ, र**

  **(२) सो राष्ट्रको सरकारी कोषबाट त्यस्ता रकमहरु भुक्तानी गरिएको हुनु पर्ने छ ।**

कुनै प्राकृतिक व्यक्तिको रोजगारी विदेशी सरकारी सेवाको रूपमा नेपालमा रहेछ, सो रोजगारीको कारणले मात्र बासिन्दा भएको रहेछ । निजले सो राष्ट्रको सरकारी कोषवाट पारिश्रमिक वा सोसँग सम्बन्धित अन्य रकम भुक्तानी प्राप्त गरेको रहेछ भने त्यस्तो आय नेपालमा कर छुट हुन्छ । तर सामान्य बसोबासका आधारमा बासिन्दा भएका व्यक्तिले विदेशी सरकारी कोषबाट नै नेपालमा रोजगारी आय प्राप्त गरेको अवस्थामा छुटको सुविधा प्राप्त हुदैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

> उदाहरण १७.४.१: मानौं, Mr. Harishनेपालस्थित कुनै विदेशी राजदूतावासमा कार्यरत विदेशी नागरिक हुन् । निज सो राजदूतावासमा विगत ५ वर्षदेखि अविछिन्नरूपमा काम गर्दै आएका छन् र निजले सो विदेशी सरकारको सरकारी कोषबाट तलब तथा भत्ता प्राप्त गरिआएका रहेछन् । यस अवस्थामा निजले प्राप्त गर्ने आयको स्रोत नेपाल भएको
> मानिदैन । सोही रोजगारीका कारणले मात्र निजको बसोबास नेपाल भई नेपालको

बासिन्दा भएकाले निजले प्राप्त गरेको तलब भत्तामा पारिश्रमिक कर लाग्दैन । तर निजले नेपालमा व्यवसाय, लगानी वा सो विदेशी सरकारको सरकारी कोषबाट बाहेक अन्य स्रोतबाट भुक्तानी प्राप्त हुने गरी गरेको रोजगारीको आयमा भने कर छुट हुने छैन ।

- **ऐनको दफा १० को खण्ड (ग) अनुसारनेपालको नागरिक नभएको खण्ड (ख) बमोजिमको प्राकृतिक व्यक्ति वा निजको निकटस्थ परिवारको सदस्यले विदेशी राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको रकम,**

कुनै गैर नेपाली नागरिक व्यक्ति रोजगारीको कारणले मात्र नेपालको बासिन्दा व्यक्ति भएमा निज गैर नेपाली नागरिकले विदेशी राज्यको सरकारी कोषबाट कुनै पनि रकम निज वा निजको आश्रित परिवार वा निकटस्थ परिवारको सदस्यले प्राप्त गरेको छ भने त्यस्तो रकममा कर छुट हुन्छ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.२: मानौ, उदाहरण १७.४.१ मा उल्लेखित Mr. Harish का पिता Mr. Jackविदेशी नागरिक हुन् र उनी तहाँको सरकारी जागिरबाट निवृत्त भई लामो समयदेखि छोरासँगै नेपालमा बसोबास गर्दै आएका रहेछन् । निजले सो विदेशी सरकारबाट मासिक £२,०००।- निवृत्तभरण (Pension) प्राप्त गर्ने गरेका रहेछन् भने निजले प्राप्त गरेको उक्त निवृत्तभरण रकम £२,०००।- ऐनको दफा १० को खण्ड(ग) अनुसार आय गणना गर्दा समावेश गर्नु पर्दैन ।

- **ऐनको दफा १० को खण्ड (घ) अनुसार कर तिर्नु नपर्ने शर्तमा नेपाल सरकारको सेवामा नियुक्त भएका गैर नेपाली नागरिकले प्राप्त गरेको रकम,**

नेपाल सरकारले आफ्नो आवश्यकता अनुसार विभिन्न विधामा उचित राय, सल्लाह तथा सुझाव दिनको लागि सम्बन्धित क्षेत्रका गैर नागरिक विज्ञलाई नेपालमा कर तिर्न नपर्ने शर्तमा नियुक्त गरेको हुन सक्छ । नेपाल सरकारबाट भुक्तानी प्राप्त गरेको भएतापनि त्यस्तो प्राप्त गरेको भुक्तानी रकमलाई आयमा समावेश गर्नु पर्दैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.३: मानौं, Ratnakar De Silva, एक गैर नेपाली नागरिक रहेछन् । शान्ति प्रक्रियालाई सहयोग गर्नको लागि विशेषज्ञको रूपमा नेपाल सरकारले निजलाई कर तिर्नु नपर्ने शर्तमा मासिक २०,०००।- डलर भुक्तानी दिने गरी नियुक्ति गरेको रहेछ भने त्यस्तो अवस्थामा निजले प्राप्त गरेको उक्त भुक्तानी रकम आयमा समावेश गर्नु पर्दैन ।

- **ऐनको दफा १० को खण्ड (ङ) अनुसार नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट सामाजिक सुरक्षाको रूपमा दिइने सबै प्रकारका भत्ता,**

- **ऐनको दफा १० को खण्ड (ज) बमोजिमविदेशी राष्ट्रको सेना वा प्रहरी सेवाबाट अवकाश प्राप्त गरेको नेपाली नागरिकले सो राष्ट्रको सरकारी कोषबाट प्राप्त गरेको निवृत्तभरण बापतको रकम ।**

नेपाली नागरिक भारतीय सरकार, ब्रिटिश सरकार लगायत अन्य राष्ट्रको सेना वा प्रहरीमा कार्यरत छन् । ती व्यक्तिले आफ्नो सेवाबाट निवृत्त भैसकेपछि नेपालमा आई बसोबास गरी पेन्सन रकम प्राप्त गरे वा पेन्सन रकम निजको परिवारले प्राप्त गरे पनि नेपालमा कर लाग्दैन । तर नेपाली नागरिकले विदेशी राष्ट्रको सेना वा प्रहरी सेवाबाहेक अन्य सेवा प्रदान गरी निवृत्तभरण रकम नेपालमा निज वा निजको परिवारले प्राप्त गरेको छ भने कर प्रयोजनको लागि आयमा समावेश गर्नु पर्दछ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.४: मानौं, रामबहादुर भारतीय सैन्य फौजमा कार्यरत क्याप्टेन हुन् । निजले आफ्नो २० वर्षको सेवा पूरा गरी हाल आफ्नो गाऊँ कास्की जिल्लाको ढिकुरथोक गाउँपालिकामा बसोबास गरेका छन् । निजले निवृत्तभरणको रूपमा भारतीय पेन्सन क्याम्प पोखराबाट मासिक भा.रु.२०,०००।-प्राप्त गर्दा रहेछन् । साथै निज विकास बैंक लिमिटेडमा सुरक्षा प्रमुखको रूपमा मासिक रु.१५,०००।-पारिश्रमिक पाउने गरी नियुक्ति भई कार्यरत रहेछन् । यस अवस्थामा निजले भारतीय सरकारको राज्य कोषबाट प्राप्त गरेको निवृत्तभरण बापतको मासिक भा.रु.२०,०००।- लाई रोजगारीको आयमा समावेश गर्नु पर्दैन । निजले विकास बैंक लिमिटेडबाट प्राप्त गर्ने मासिक रु.१५,०००।- ऐनको दफा ८ अनुसार आयमा समावेश गर्नुपर्ने हुन्छ ।

(२) **अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीः**

ऐनको दफा ९२ मा अन्तिमरूपमा कर कट्टी हुने भुक्तानीको व्यवस्था गरेको छ । रोजगारीबाट आय प्राप्त हुने कुनै व्यक्तिले अन्तिमरूपमा कर कट्टी गरी प्राप्त गरिएको आयलाई रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दैन । रोजगारी अन्तर्गतका ती भुक्तानीको उदाहरण तल प्रस्तुत गरिएको छ :

(क) **ऐनको दफा ९२(१)(क) बमोजिम बासिन्दा कम्पनीवा साझेदारी फर्मले भुक्तानी गरेको लाभांश ।**

यस सम्बन्धी उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.५: मानौं, रामप्रसाद विकास बैंक लिमिटेडमा अधिकृतस्तरमा कार्यरत कर्मचारी हुन् । निजले नबिल बैंकमा रु.१,००,०००।- बराबरको साधारण शेयर खरिद गरेका रहेछन् । बैंकले उपरोक्त शेयरमा रु.५,०००।-लाभांश घोषणा गरेको र उक्त लाभांश भुक्तानी गर्दा बैंकले ५ प्रतिशतका दरले हुने रु.२५०।- अग्रिम कर कट्टी गरी बाँकी रकम रु.४,७५०।-निजलाई भुक्तानी दिएको रहेछ । यसरी अन्तिम कर कट्टीको रूपमा रहेको लाभांश कर कट्टा गरेपश्चात प्राप्त गरेको रु.४,७५०।- लाई निज रामप्रसादले आफ्नो रोजगारीको आयमा समावेश भने गर्नु पर्दैन ।

(ख) **ऐनको दफा ९२(१)(ख) बमोजिमव्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसँग गासिएका जडानहरु र उपकरणहरु बापत भुक्तानी गरेको भाडा ।**

यस सम्बन्धी उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.६: मानौं, विश्व कम्पास प्रा.लि.ले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि रहिम मियाँ भन्ने व्यक्तिको ८ आना जग्गा प्रति महिना रु.१०,०००।- भाडा तिर्ने गरी लिएको रहेछ । निज रहिम मियाँ एक गैर सरकारी कार्यालयमा मासिक रु.३०,०००।-पारिश्रमिक पाउनेगरी रोजगारी समेत गर्दा रहेछन् । उक्त प्रा.लि.ले सम्झौता बमोजिमको रकम रु.१०,०००।-मा १० प्रतिशतका दरले अग्रिम कर कट्टा गरी बाँकी रकम रु.९,०००।- जग्गाधनी रहिम मियाँलाई बुझाउने गरेको रहेछ । जग्गाधनी रहिम मियाँले अन्तिम कर कट्टीको रूपमा कर कट्टी गरी प्राप्त गरेको जग्गा बहाल आय भएको हुँदा निजले आयमा समावेश गर्नु पर्दैन । तर निज रहिम मियाँको व्यवसायनै जग्गा बहालमा लगाउने रहेछ भने निजले संझौता बमोजिमको रकम, अर्थात रु.१०,०००।-आयमा समावेश गर्नुपर्ने हुन्छ भने बहालमा बस्ने विश्व कम्पास प्रा.लि.ले जग्गा भाडा भुक्तानी गर्दा कट्टा गरेको रकम निजको अग्रिम करको रूपमा रहने र आफ्नो कर दायित्वसँग मिलान गर्न सक्ने छन् ।

(ग) ऐनको दफा ९२(१)(ग) बमोजिम बासिन्दा व्यक्तिले लगानी बीमा बापत भुक्तानी गरेको
लाभ ।

ऐनको दफा २ को खण्ड (कग) मा लगानी बीमालाई निम्नानुसार परिभाषित गरिएको छ :

"लगानी बीमा" भन्नाले देहायका कुनै बीमा सम्झनु पर्छ :-

(१) बीमित व्यक्ति वा बीमित व्यक्तिको सम्बद्ध व्यक्तिको मृत्युसम्बन्धी घटनाका हकमा गरिएको बीमा,

(२) बीमित व्यक्ति वा निजको सम्बद्धव्यक्तिको व्यक्तिगत चोटपटक वा कुनै खास तवरमा असक्षम हुने घटना सम्बन्धी बीमा,

तर बीमाको बीमा सम्झौता कम्तीमा पाँच वर्षसम्म बहाल रहने वा बहालीको समय सीमा नभएको र करारमा उल्लिखित विशेष परिस्थितिहरुमा बाहेक पाँच वर्षको अवधि भुक्तान हुनु अगावै बीमकबाट अन्त्य गर्न नसकिने गरी गरिएको हुनु पर्नेछ ।

(३) कुनै रकम वा श्रृखलाबद्ध रकमहरु भविष्यमा बीमितलाई भुक्तानी हुनेगरी गरिएको बीमा,

(४) उपखण्ड (१), (२), वा (३) अन्तर्गतका बीमाको पुनर्बीमा, र

(५) उपखण्ड (४) मा उल्लिखित पुनर्बीमाको पुनर्बीमा ।

लगानी बीमाको उदाहरणको रूपमाLife Insurance,Endowment Policy, Superannuation,आदि जस्ता कारोबारलाई लिन सकिन्छ । जीवन सम्बन्धी जोखिमसँग सम्बन्धित बीमा भए पनि Accidental Insurance को सम्झौता पाँच वर्षभन्दा कम अवधिमा समाप्त हुने भए त्यस्तो कारोबार भने लगानी बीमा अन्तर्गत पर्दैनन् । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

| |
|---|
| उदाहरण १७.४.७: मानौं, विकास बैंक लिमिटेडमा कार्यरत एक जना कर्मचारीले कुनै बीमा कम्पनीमा आफ्नो जीवन बीमा गरेका रहेछन् । यसरी बीमा गरे बापत प्रिमियम रकम प्रति महिना रु.१,०००।-का दरले जम्मा गर्दै जाँदा २०६५ साल आषाढ मसान्तमा रु.२,००,०००।-प्रिमियम बापत बुझाएका रहेछन् । निजको उक्त बीमा Matured भएको हुँदा निजलाई सो बीमा कम्पनीले रु.३,००,०००।-बाट लाभ रु.१,००,०००।-(३,००,००० - २,००,०००) मा ५ प्रतिशतले कर कट्टा गरी भुक्तानी दिएको रहेछ । यस अवस्थामा कर्मचारीले प्राप्त गरेको त्यस्तो भुक्तानी आयमा समावेश गर्नु पर्दैन । |

(घ) ऐनको दफा ९२(१)(घ) बमोजिम बासिन्दा व्यक्तिले तिरेको स्वीकृत नलिएको अवकाश कोषको हित बापत भुक्तानी गरेको लाभ ।

स्वीकृत नलिएको अवकाश कोषमा कर्मचारी, संस्था वा कुनै व्यक्तिद्वारा जम्मा गरिएको रकम भुक्तानी दिंदाका अवस्थामा निजले उक्त कोषमा योगदान गरेको रकम भन्दा प्राप्त हुने भुक्तानी बढी भएमा प्राप्त भुक्तानीबाट योगदान रकम घटाई बाँकी हुन आउने रकमलाई लाभ भनिन्छ । यस्तो लाभमा पाँच प्रतिशतका दरले अग्रिम कर कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्दछ । यसरी अग्रिम कर कट्टा गरी प्राप्त भएको रकमलाई आयमा समावेश गर्नु पर्दैन ।

(ङ) **ऐनको दफा ९२(१)(ङ) बमोजिमदफा ८८ को उपदफा (३) मा उल्लिखित बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुनबमोजिम सूचीकृत भएका कम्पनी वा सहकारीले भुक्तानी दिएको देहाय बमोजिमकोब्याज ।**

(१) **नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको,**

(२) **दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेको ।**

ऐनको दफा ८८(३) बमोजिम बासिन्दा बैंक, वित्तीय संस्था, वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृतभएका कम्पनीवा सहकारीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिबेन्चर तथा सरकारी बण्ड बापत नेपालमा स्रोत भएको, र व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको ब्याज वा ब्याज बापतको कुनै रकम भुक्तानी दिंदा कुल भुक्तानी रकममा ५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै ऐनको दफा ८८(१) बमोजिम त्यस्ता निकायले ऐनको दफा २ को खण्ड (ध) बमोजिमको कर छुट पाउने संस्थालाई भुक्तानी गरेकोब्याजमा भने अन्य व्यक्तिसरह ब्याज भुक्तानीमा १५% का दरले कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ९२(१)(ङ) बमोजिम बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानुन बमोजिम सूचिकृतभएका कम्पनीर सहकारीले प्राकृतिक व्यक्तिलाई व्यवसाय सञ्चालनसँग सम्बन्धित नभएको ब्याज भुक्तानी दिंदा कुल भुक्तानी रकममा ५% का दरले कर कट्टी गर्नुपर्नेर कर छुट पाउने संस्थालाई भुक्तानी गरेकोब्याजमा १५% का दरले गरेको करकट्टी पछिको भुक्तानी अन्तिम करकट्टी हुने भुक्तानी मानेको छ ।

कुनै पनि बैंक तथा वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने निकाय वा कानुनबमोजिम सूचिकृत भएका कम्पनी र सहकारीले व्यवसायसँग असम्बन्धित प्राकृतिक व्यक्तिलाई गरिएको ब्याज आयमा समावेश गर्नु पर्दैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

| |
|---|
| उदाहरण १७.४.८ः मानौं, हरिस विकास बैंकमा कार्यरत कर्मचारी हुन् । निजले तहाँबाट तलब भत्ता बापत वार्षिक रूपमा प्राप्त गरेको रु.४,००,०००।-र जग्गा बिक्री गरे बापत प्राप्त गरेको रु.६,००,०००।-गरी जम्मा रु.१०,००,०००।-बैंकमा बचत खातामा जम्मा गरेका रहेछन् । उक्त खातामा आय वर्ष २०६५।६६ मा रु.१,००,०००।- ब्याज प्राप्त गरेमा बैंकले उक्त रु.१,००,०००।-निजको खातामा जम्मा गरिदिनुका साथसाथै अग्रिम कर ५ प्रतिशतका दरले हुने रु.५,०००।-निजकै खाताबाट खर्च गरी राजस्वमा जम्मा गरेको रहेछ । यसरी प्राप्त हुने ब्याज हरिसले रोजगारीको आयमा समावेश गर्नु पर्दैन । तर निज हरिसको व्यवसायसँग सम्बन्धित रकम रहेको बैंक खाताबाट प्राप्त ब्याज भने आयमा समावेश गर्नुपर्ने हुन्छ । यसको अलावा दफा ८८ को उपदफा (३) मा उल्लेख भए बाहेक अन्य व्यक्ति (जस्तै, कुनै प्रा.लि.)बाट प्राप्त गरेको ब्याज भने आयमा समावेश गर्नुपर्ने हुन्छ र भुक्तानीको समयमा कर कट्टी भएको रहेछ भने सो कर कट्टी रकमलाई अग्रिम कर गणना गरी आफूले तिर्नुपर्ने कर रकमबाट मिलान गर्न पाइन्छ । |

(च) **ऐनको दफा ९२(१)(छ) बमोजिमनेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानीसमेत सबै प्रकारका अवकाश भुक्तानी(नियमित रूपमा भुक्तानी हुने निवृत्तभरण बाहेक), ।**

**ऐनको दफा २ को खण्ड (घ) मा अवकाश कोषलाई निम्नानुसार परिभाषित गरिएकोछ :**

**“अवकाश कोष” भन्नाले निकायको हिताधिकारी प्राकृतिक व्यक्ति वा निजको आश्रितलाई कोषबाट अवकाश भुक्तानी प्रदान गर्ने प्रयोजनको लागि अवकाश योगदान रकम स्वीकार गर्ने र सो रकम लगानी गर्ने उद्देश्यले मात्र स्थापना भएको निकाय सम्झनु पर्छ ।**

अवकाश कोषको उदाहरणको लागि कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, निवृत्तभरण कोष र विभागबाट अवकाश कोष सञ्चालन गर्न ईजाजत पाएका निकाय वा ईजाजत नलिई सञ्चालन भएका निकायलाई लिन सकिन्छ । ऐनको दफा ६३ बमोजिम नागरिक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापना भएको नागरिक लगानी कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोषले र कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोषले सञ्चालन गरेको अवकाश कोष, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषले अवकाश कोष राख्न चाहेमा त्यस्तो कोष र निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम भएको निवृत्तभरण कोषले अवकाश कोष सञ्चालन गरेमा भने विभागबाट अवकाश कोष सञ्चालन गर्न ईजाजत लिन आवश्यक छैन । विभागबाट अवकाश कोष सञ्चालन गर्न ईजाजत लिएका निकाय, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष र निवृत्तभरण कोष जस्ता निकायलाई स्वीकृत अवकाश कोष भनिन्छ भने विभागबाट ईजाजत नलिएका तर अवकाश कोष सञ्चालन गर्ने निकायलाई स्वीकृति नलिएको अवकाश कोष भनिन्छ । निकायको हिताधिकारी प्राकृतिक व्यक्ति भन्नाले सो निकायबाट आय वा पुँजी प्राप्त गर्ने हक भएको प्राकृतिक व्यक्ति भन्ने बुझाउँछ । जस्तै, सो निकायमा अवकाश योगदान जम्मा गर्ने प्राकृतिक व्यक्ति ।

सामान्यतयाः अवकाश भुक्तानीका उदाहरणमा उपदान, बिदाको सट्टा नगद, औषधि उपचार भुक्तानी, दीर्घ सेवा सुविधा(Long Service Gratuity), कल्याणकारी कोष, वा अवकाशको समयमा प्राप्त हुने यस्तै प्रकृतिका अन्य भुक्तानी पर्दछन् । अवकाश भुक्तानी नेपाल सरकारबाट, स्वीकृत अवकाश कोषबाट, स्वीकृत नलिएको अवकाश कोषबाट वा रोजगारदाताबाट हुन सक्दछ ।

नेपाल सरकारबाट वा स्वीकृत अवकाश कोषबाट अवकाश भुक्तानी दिंदा लाभ रकममा ५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्दछ । यसरी प्राप्त गरिएको अवकाश भुक्तानीलाई आयमा समावेश गर्नु पर्दैन । एवम् प्रकारले स्वीकृत तथा अस्वीकृत अवकाश कोषबाहेक पनि अवकाश हुँदाका अवस्थामा प्राप्त गरिने अन्य भुक्तानी जस्तैं बिदा बापतको रकम, औषधि उपचार बापतको रकम, कर्मचारी सुरक्षण कोष आदिबाट प्राप्त हुने रकममा ऐनको दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गर्नु पर्दछ र त्यस्तो भुक्तानी ऐनको दफा ९२(१)(छ) बमोजिम अन्तिमरूपमा कर कट्टी हुने भुक्तानी भएको हुँदा आयमा समावेश गर्नु पर्दैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.९: मानौं, हरिप्रसाद काफ्ले ने.बैं.लि.मा २०४४ बैशाख १ गते सहायक स्तरमा नियुक्त भएका रहेछन् । निज २०६५ जेष्ठ १ गते सेवाबाट निवृत्त भए । निवृत्त हुँदाका अवस्थामा निजले निम्नानुसारका रकम प्राप्त गरेका रहेछन् ।

(१) सञ्चय कोष २०५८ चैत्र १८ गतेसम्म साँवा रु. ४,००,०००/-
(२) सञ्चय कोष २०५८ चैत्र १९ गतेदेखि २०६५ बैशाख मसान्तसम्मको साँवा रु. ८,००,०००/-
(३) सञ्चय कोष २०५८ चैत्र १८ गतेसम्म ब्याज रु. १,५०,०००/-
(४) सञ्चय कोष २०५८ चैत्र १९ गतेदेखि २०६५ बैशाख मसान्तसम्मको ब्याज रु. १,५०,०००/-

सञ्चयकोष बापत जम्मा प्राप्त गर्ने रकम रु.१५,००,००

आयकर नियमावली, २०५९ को नियम २० को उपनियम (६)(क) अनुसार निजको कर छुट हुने रकमको गणना निम्नानुसार गर्नु पर्दछ ।
ऐन लागू हुनुभन्दा पूर्वको सञ्चयकोष साँवा रु. ४,००,०००/
ऐन लागू हुनुभन्दा पूर्वको सञ्चयकोष ब्याज रु. १,५०,०००/
छुट हुने सञ्चय कोष रकम रु.५,५०,०००/

ऐन लागू भैसके पश्चातको अवकाश भुक्तानीको गणना निम्नानुसार गर्नुपर्दछ ।
ऐन लागू पश्चातको सञ्चयकोष (अवकाश कोष) रकम रु. ८,००,०००/-
ऐन लागू पश्चात सञ्चयकोष (अवकाश कोष) मा ब्याज रु. १,५०,०००/-
जम्मा सञ्चय कोष रकम रु.९,५०,०००/-

ऐन लागू भैसके पश्चात सञ्चयकोष रकमसमेतलाई अवकाश कोष भनिन्छ, यदि उक्त अवकाश कोष स्वीकृत अवकाश कोष भएको अवस्थामा सो कोषबाट गरिने भुक्तानीलाई कर प्रयोजनको लागि निम्नानुसार गणना गर्नुपर्दछ ।

ऐन लागूभएपश्चातको अवधिको स्वीकृत अवकाश कोषबाट

प्राप्त कुल रकम रु.९,५०,०००/-
ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार लाभ गणना गर्दा भुक्तानी रकमको ५०% वा रु.५,००,०००/-मध्ये जुन बढी हुन्छ सो रकम घटाउनु पर्दछ, जस अनुसार,
(१) भुक्तानी रकमको ५०% ले हुने रकम रु.४,७५,०००/-
(२) तोकिएको रकम रु.५,००,०००/-

ऐन लागू भैसकेपश्चात स्वीकृत अवकाश कोषबाट जम्मा रु.९,५०,०००/- भुक्तानी प्राप्त गरेकोमा ऐनको दफा ६५ को उपदफा (१) को खण्ड (ख) अनुसार लाभ गणना गर्दा रु.५,००,०००/-छुट पाउने भएकोले सो कट्टा गरी बाँकी रु.४,५०,०००/-मा ऐनको दफा ८८ को उपदफा (१) को देहाय खण्ड (१) बमोजिम पाँच प्रतिशतका दरले कर कट्टा गरी सो अवकाश कोषले बाँकी रकम निजलाई भुक्तानी दिनु पर्दछ ।

ऐन लागू भैसकेपश्चात यदि अवकाश कोष स्वीकृत नभएको अवकाश कोष भएको अवस्थामा भुक्तानी प्राप्त गरेको रकम र सो कोषमा योगदान गरेको रकमको फरक रकममा दफा ८८(२)(ग) बमोजिम ५ प्रतिशतले अग्रिम कर कट्टा गर्नु पर्दछ ।

मानौं,
(१) सञ्चय कोष - २०५८ चैत्र १९ गतेदेखि
बैशाख मसान्त २०६० सम्मको साँवा रु. ............... ४,५०,०००/-

(२) ऐ अवधिमा सञ्चय कोषको रकममा ब्याज रु. ........... ५०,०००/-

जम्मा भुक्तानी रकम रु.
५,००,०००/-

उक्त साँवा रकममध्ये निज हरि काफ्लेको आफ्नो योगदान रकम रु. ४,५०,०००।-
रहेछ भने सोमा निम्नानुसार कर कट्टा गर्नु पर्छ ।

(१) भुक्तानी हुने रकम रु.५,००,०००/-

(२) उक्त कोषमा आफ्नो योगदान रकम रु.४,५०,०००/-

| | |
|---|---|
| कर प्रयोजनको लागि लाभ :- | रु. ५०,०००/- |
| ऐनको दफा ८८(२)(ग) अनुसार भुक्तानी गर्दा ५ प्रतिशतका दरले हुने रु.२,५००।- भुक्तानीमा कर कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्दछ । | |

अवकाश कोष सम्बन्धमा विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद १२ मा गरिएको छ

(छ) **ऐनको दफा ९२(१)(ज) बमोजिम प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी,**

संस्थाको सेवा शर्त वा विनियमावली अनुसार रोजगारदाताबाट रोजगारकर्ताले प्राप्त गर्ने नगद, जिन्सी वा सुविधालाई रोजगारीको आय गणना गर्दा आय मानी गणना गर्नु पर्दछ तर संस्थाकै व्यवस्था अनुसार कुनै विशेष परिस्थितिमा वा संस्थाद्वारा सञ्चालन गरिने छलफल कार्यक्रम (Meeting) वा गोष्ठीमा वा अन्य कुनै संस्थाको बैठकमा भाग लिए बापत प्राप्त गरिने रकमलाई बैठक भत्ता भनिन्छ । यसरीबैठक भत्ताका साथै पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तरपुस्तिका जाँच गरेबापत प्राप्त हुने भुक्तानी रकममा ऐनको दफा ८८ को उपदफा (१) अनुसार १५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गरी भुक्तानी दिनुपर्ने र ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (ज) अनुसार प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता, पटके रूपमा अध्यापन गराए बापत, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानी अनुसार अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी रकम भएको हुँदा उक्त कर कट्टी गरी प्राप्त गरिएको रकमलाई ऐनको दफा ८ को उपदफा (३) अनुसार रोजगारीको आय गणना गर्दा समावेश भने गर्नु पर्दैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

| |
|---|
| उदाहरण १७.४.१०: मानौं, निलिमा श्रेष्ठ कुनै क्याम्पसमा कार्यरत प्राध्यापक हुन् । निज निलिमाले सोही क्याम्पसको एक बैठकमा उपस्थित भए बापत नियमानुसार बैठक भत्ता बापतरु.१,०००।-प्राप्त गरेकी रहिछन् । निजले अर्को क्याम्पसमा English विषयमा एउटा विशेष कक्षामा अध्यापन गराए बापत रु.१,५००।-प्राप्त गरेकी रहिछन्साथै निजले क्याम्पसको परीक्षाको लागि प्रश्नपत्र तयार गरे बापत रु.१०,०००।-र उत्तरपुस्तिका जाँच गरेबापत रु.२०,०००।-प्राप्त गरेकी रहिछिन भने निजले बैठक भत्ता बापत प्राप्त गर्ने रु.१,०००।-,मार पटके रूपमा अध्यापन गराए बापत प्राप्त गर्ने रु. १,५००।-, प्रश्नपत्र तयार गरे बापत रु.१०,०००।-र उत्तरपुस्तिका जाँच गरेबापत रु.२०,०००।- मा १५ प्रतिशतका दरले भुक्तानीमा कर कट्टा गरी प्राप्त गरेको भुक्तानीलाई रोजगारीको आय गणना गर्दा समावेश गर्नु पर्दैन । |
| तर, निज निलिमा हप्तामा तीन पटकका दरले नियमित रूपमा अन्यत्र पनि अध्यापन गराउने र सो अध्यापन गराएबापत सो निकायबाट मासिक रूपमा पारिश्रमिक पाउने गरेकी रहेछिन् भने त्यस्तो पारिश्रमिक भने ऐनको दफा ८ बमोजिम आयमा समावेश गर्नु पर्दछ । |

(ज) **ऐनको दफा ९२(१)(झ) बमोजिमआकस्मिक लाभ बापतको भुक्तानी ।**

आकस्मिक लाभ शब्दले चिठ्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी तथा अन्य कुनै पनि आकस्मिक रूपमा प्राप्त हुने लाभलाई जनाउँछ । यस्तो लाभमा प्राप्त आयमा ऐनको दफा ८८क.बमोजिम २५ प्रतिशतका दरले भुक्तानीको समयमा कर कट्टी गर्नु

पर्दछ र त्यस्तो रकम ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (झ) बमोजिम अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मानिने भएकोले त्यस्तो रकम आयमा समावेश गर्नु पर्दैन ।

**(झ) ऐनको दफा ९२(१)(ञ) बमोजिम सामूहिक लगानी कोष (म्युचुअल फण्ड) बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम ।**

ऐनको दफा ८८(१) को प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (६) मा सामूहिक लगानी कोष

(म्यूच्युअल फण्ड)बाट प्राकृतिक व्यक्तिलाई वितरण गरिने प्रतिफल रकम भुक्तानीमा पाँच प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने प्रावधान रहेकोले त्यस्तो कर कट्टी गरी प्राप्त भएको रकम ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (ञ) बमोजिम अन्तिमरूपमा कर कट्टी हुने भुक्तानी मानिने भएकोले त्यस्तो रकम आयमा समावेश गर्नु पर्दैन ।

**८(३)(ख)समान शर्तमा सबै कर्मचारीलाई उपलब्ध हुने गरी रोजगारदाताबाट कार्यस्थलमा कर्मचारीलाई उपलब्ध गराइएका खाना तथा खाजा,**

यस सम्बन्धी उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.११: मानौं, कल अमेरिका प्रा.लि.नामक कल सेन्टरले आफू कहाँ कार्यरत कर्मचारीलाई दैनिक रूपमा कार्यालयमा उपस्थिति भएको बेला समान रूपमा खाना उपलब्ध गराउँदो रहेछ र सो बापत औसत प्रति व्यक्ति दैनिक सरदर रु.२००।- खर्च हुँदो रहेछ । यसरी कर्मचारीले कार्यस्थलमा नै समान रूपले प्राप्त गरेको खाजा बापतको रकम कर्मचारीको रोजगारीको आयमा समावेश गर्नु पर्दैन ।

तर कर्मचारीलाई खाना तथा खाजा बापत नगदै उपलब्ध गराएको अवस्थामा भने सम्बन्धित कर्मचारीको रोजगारीको आयमा समावेश गर्नु पर्दछ ।

**८(३)(ग) कुनै कर्मचारीले गरेको देहायका खर्चको फछ्र्यौट वा सोधभर्ना :-**

(१) **सो खर्चले रोजगारदाताको व्यवसाय प्रयोजन पूरा गरेमा, वा**

(२) **प्राकृतिक व्यक्तिको व्यवसाय वा लगानीबाट हुने आयको गणनामा छुट भएको वा छुट हुने खर्च ।**

व्यवसायको प्रयोजन पूरा गर्नको लागि कर्मचारीले रोजगारदाताबाट प्राप्त गरेको रकमको फछ्र्यौट वा सोधभर्ना कर्मचारीको रोजगारी आयमा समावेश गर्नु पर्दैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.४.१२: मानौं, गोपी भन्ने विकास नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, काठमाडौंमा कर्मचारीको रूपमा कार्यरत छन् । कार्यालयको काम गर्ने सिलसिलामा निजलाई चार दिनको लागि नेपाल बैंक लिमिटेड पोखरामा काजमा खटाउँदा निम्नानुसारको रकम भुक्तानी दिएको रहेछ ।

| | |
|---|---|
| दैनिक भ्रमण भत्ता ४ दिनको प्रति दिन रु.१,०००।-का दरले | रु.४,०००।- |
| हवाई जहाज खर्च ३,०००।- × २ | रु.६,०००।- |
| अन्य बील अनुसारको खर्च | रु.१,०००।- |
| जम्मा रु. | ११,०००।- |

निज गोपी आफ्नो कार्यालयको काम गर्ने सिलसिलामा पोखरा गई आफ्नो हिसाब फछ्र्यौट गर्नको लागि बील भरपाई पेश गरेपछि सम्बन्धित अख्तियारी प्राप्त व्यक्तिबाट बील भरपाई स्वीकृत भैसकेपछि निजको हिसाब फछ्र्यौट हुन्छ ।

रोजगारदाताबाट प्राप्त गरेको यस्तो रकम रु.११,०००।-रोजगारदाताको व्यावसायिक प्रयोजनको लागि भएकोले निजको पारिश्रमिक आयमा समावेश गर्नु पर्दैन ।

साधारणतया पारिश्रमिक आय गणना गर्ने प्रयोजनको लागि रोजगारदाताबाट प्राप्त गरेको नगद, जिन्सी वा सुविधा सम्पूर्णलाई समावेश गर्नुपर्ने हुन्छ । तर व्यावसायिक प्रयोजन पूरा हुने कार्यको लागि कर्मचारीले प्राप्त गरेको रकम भने आयमा समावेश गर्नु पर्दैन । यदि रोजगारदाताले कर्मचारीलाई दिएको रकम व्यावसायिक प्रयोजनको लागि नभई व्यक्तिगत प्रयोजनको लागि भएमा निजको रोजगारीको आयमा समावेश गर्नु पर्दछ । यस्तै प्रकारले सोधभर्ना बापत प्राप्त गरेको रकम पनि यदि व्यावसायिक प्रयोजनको लागि छ भने त्यस्तो रकमलाई पनि निजको आयमा समावेश गर्न पर्दैन ।

**८(३)(घ)हिसाब किताब राख्न अव्यावहारिक वा प्रशासनिक रूपले कठिन हुने तोकिए बमोजिमको साना रकमको भुक्तानी ।**

**<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "भुक्तानी" भन्नाले देहाय बमोजिम भएको भुक्तानी सम्झनु पर्छ :-**

**(क) रोजगारदाताबाट भएको,**

**(ख) रोजगारदाताको सम्बद्ध व्यक्तिबाट भएको, र**

**(ग) रोजगादाता वा निजको सम्बद्ध व्यक्तिसँग भएको सम्झौता अनुसारको कुनै तेस्रो व्यक्तिबाट भएको ।**

आयकर नियमावली, २०५९ को नियम ६ मा सानातिना रकमको भुक्तानी भन्नाले चिया खर्च, स्टेशनरी, बक्सिस, पुरस्कार, आपत्कालीन औषधोपचार तथा विभागले तोकेका यस्तै प्रकारका भुक्तानी बापत भुक्तानीकर्ताले एक पटकमा पाँचसय रुपैयाँसम्म भुक्तानी गरेको रकमलाई आयमा समावेश गर्नुपर्दैन ।

**१७.५ रोजगारीको आयबाट घटाउन पाउने रकम :**

**(क) अवकाश कोषमा गरिएको योगदान,**

ऐनको दफा ६३(२) अनुसार प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा स्वीकृत अवकाश कोषमा गरेको अवकाश योगदान आयबाट घटाई पाउन दाबी गर्न सक्नेछ । ऐनको दफा ६३(३) एवम् नियमावलीको नियम २१ बमोजिम रु.३ लाख वा आफ्नो निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकममा ननघाई आफ्नो आयबाट घटाई पाउन दाबी गर्नसक्नेछ ।साथै योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले सो कोषमा योगदान गर्दा पाँच लाख रुपैयाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ ।तर स्वीकृति प्राप्त नगरेका अवकाश कोषमा गरेको योगदान भने आयवाट घटाई पाउन दाबी योग्य हुँदैन ।

निर्धारणयोग्य आयलाई ऐनको दफा ६ मा निम्नानुसार परिभाषित गरिएको छ ।

**यस ऐनको अधीनमा रहि कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको देहायका आयलाई निर्धारणयोग्य आय मानिनेछ**

**(क) बासिन्दा व्यक्तिको आयको स्रोत जहाँसुकै भएपनि त्यस्ता व्यक्तिको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय र**

(ख) **गैर बासिन्दा व्यक्तिको सो वर्षमा आयको स्रोत नेपालमा भएको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय ।**

**तर, निर्धारणयोग्य आयमा दफा ११ वा ६४ वा दुवै दफा बमोजिम कर छुट दिइएको कुनैपनि आय समावेश हुने छैन ।**

माथि उल्लेख गरिएको परिभाषा अनुसार दफा ११ र ६४ व्यवसायसँग सम्बन्धित भएको हुँदा रोजगारीको आयसँग उक्त दफाले सम्बन्ध राख्दैन । तसर्थ रोजगारीको आयबाट निर्धारणयोग्य आय निर्धारण गर्ने प्रयोजनको लागि रोजगारीको क्रममा दफा ८ अनुसार प्राप्त गरिने नगद, जिन्सी र सुविधा सहितको कुल आय (Gross Receipt)लाई नै निर्धारणयोग्य आय मानिन्छ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.५.१: मानौं, रविनाथ झा विकास बैंक लिमिटेडमा कार्यरत कर्मचारी हुन् । निजले संस्थाबाट निम्नानुसारका तलब भत्ता र सुविधा प्राप्त गरेका छन् ।

(क) तलबरु.२०,०००।-प्रति महिना

(ख) खाजा भत्ता रु.३,०००।-प्रति महिना

(ग) बोनस रु.३०,०००।-

(घ) विकास बैंक लिमिटेडले तलबको १० प्रतिशतका दरले कट्टा गरी शतप्रतिशत रकम थप गरी अवकाश कोषमा जम्मा गर्ने गरेको ।

(ङ) निजलाई एक महिना बराबरको तलब दशैं खर्च बापत उपलब्ध भएको रहेछ ।

(च) निजलाई र अर्को कर्मचारीलाई Pick up र Drop गर्ने गरी एउटा कार उपलब्ध गराएको रहेछ ।

(छ) निजलाई अफिसले आवासको व्यवस्था पनि गरेको रहेछ ।

निर्धारणयोग्य आय गणना गर्ने तरिका :

| | |
|---|---|
| - तलबः २०,००० × १२ | रु.२,४०,०००।- |
| - खाजा भत्ताः ३,००० × १२ | रु.३६,०००।- |
| - बोनस | रु.३०,०००।- |
| - अवकाश कोषमा योगदानः (२,४०,००० × १०/१००) | रु.२४,०००।- |
| - दशैं खर्चः २०,००० × १ | रु.२०,०००।- |
| - सवारी साधन सुविधाः (२,४०,००० × ०.५/१००) | रु.१,२००।- |
| - बासस्थानको सुविधाः (२,४०,००० × २ %) | रु.४,८००।- |
| कुल रोजगारीको आय : | रु.३,५६,०००।- |

माथि उदाहरणमा उल्लेख गरिएको रोजगारीको आयलाई नै रोजगारीको आय निर्धारण गर्ने प्रयोजनको लागि निर्धारणयोग्य आय भनिन्छ ।

आयकर नियमावली, २०५९ को नियम २१ मा व्यवस्था गरे बमोजिम स्वीकृत अवकाश कोषमा योगदान गरेको रकम रु.३,००,०००।-को सीमाभित्र रही बढीमा निर्धारणयोग्य आयको एक तिहाई रकमसम्म योगदान गर्न सक्ने व्यवस्था छ । जुन तल उल्लेख गरिएको उदाहरणबाट स्पष्ट हुन्छ ।

माथि उल्लेख गरिएको उदाहरण अनुसार निर्धारणयोग्य आय रु.३,५६,०००।-देखिन्छ । नियम २१ अनुसार रु.३,००,०००।-र निर्धारण योग्य आयको एक तिहाईले हुने रकम रु.१,१८,६६७-हुने देखिन्छ । निज र निजको रोजगारदाताले उक्त अवकाश कोषमा रु. ४८,०००।-(२४,०००+२४,०००)मात्रै वास्तविक योगदान गरेको देखिएको हुँदा निर्धारणयोग्य आयको एक तिहाईले हुने रकम रु.१,१८,६६७-

भएतापनि वास्तविक रूपमा योगदान गरेको रकम रु.४८,०००।- मात्रै आफ्नो रोजगारीको आयबाट घटाउन पाउन सक्छन् ।

(ख) **चन्दा खर्च :**

आयकर ऐन, २०५८ को दफा १२ अनुसार चन्दा बापत खर्च गरिएको रकमलाई निम्नानुसार छुट दाबी गर्न सकिने व्यवस्था गरिएको छ :

(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउन दाबी गर्न सक्ने छ ।**

(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उक्त उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको ५ प्रतिशतमध्ये जुन घटी हुन्छ त्योभन्दा बढी हुने छैन ।**

यस व्यवस्था अन्तर्गत खर्च छुट दाबी गर्न, चन्दा खर्च विभाग (कार्यालय)बाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थालाई दिइएको हुनु पर्दछ । विशेष गरी कर छुट पाउने संस्थामा परोपकारी संस्था, धार्मिक संस्थाका साथै सामाजिक कार्य गर्ने NGOहुन सक्छन् ।

(३) **उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च बापत पूर्ण वा आंशिक रूपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ ।**

**ऐनको दफा २ को खण्ड (कन१) अनुसार समायोजित करयोग्य आय भन्नाले कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आयको गणना गर्दा दफा १२ बमोजिम चन्दा रकम नघटाई तथा दफा १४ को उपदफा (२) को ब्याज, दफा १७ को प्रदूषण नियन्त्रण खर्च वा १८ बमोजिम अनुसन्धान र विकास खर्च कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्दछ ।**

रोजगारीको आय गणना गर्ने प्रयोजनको लागि समायोजित करयोग्य आय भन्नाले प्राकृतिक व्यक्ति वा रोजगारकर्ताले रोजगारदाताबाट रोजगारीको क्रममा प्राप्त गरेको नगद जिन्सी तथा सुविधाको कुल रकमलाई निर्धारणयोग्य आय भनिन्छ जसबाट चन्दा बापतको रकम नघटाई र अवकाश कोषमा योगदान गरेको रकम घटाइ बाँकी रहेको रकमलाई समायोजित करयोग्य आय भनिन्छ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.५.२: मानौं, रविनाथ झा विकास बैंक लिमिटेडमा कार्यरत कर्मचारी हुन् । निजले संस्थाबाट निम्नानुसारका तलब भत्ता र सुविधा प्राप्त गरेका रहेछन् ।

(क) तलबरु.२०,०००।-प्रति महिना

(ख) खाजा भत्ता रु.३,०००।-प्रति महिना

(ग) बोनस रु.३०,०००।-

(घ) बैंकले तलबको १० प्रतिशतका दरले कट्टा गरी शतप्रतिशत रकम थप गरी अवकाश कोषमा जम्मा गर्ने गरेको ।

(ङ) निजलाई एक महिना तलब बराबरको रकम दशैं खर्च बापत उपलब्ध भएको रहेछ ।

(च) निजलाई रअर्को कर्मचारीलाई Pick up र Drop गर्ने गरी एउटा कार

| | |
|---|---|
| | उपलब्ध गराएको रहेछ । |
| (छ) | निजलाई अफिसले आवासको व्यवस्था पनि गरेको रहेछ । |
| (ज) | निजले विभागबाट कर छुट प्राप्त संस्थालाई जनतालाई निःशुल्क पानी ख्वाउने प्रयोजनको लागि रु.५०,०००।-चन्दा दिएको रहेछ । |
| (झ) | निजले विकास बैंक लिमिटेडबाट जम्मा हुने अवकाश कोष योगदानको अलावा थप रु.६०,०००।-सोही बैंक मार्फत स्वीकृत अवकाश कोषमा जम्मा गर्ने गरेका रहेछन् । |

समायोजित करयोग्य आय गणना गर्ने तरिका :

| | |
|---|---|
| - तलब २०,००० × १२ | रु.२,४०,०० |
| - खाजा भत्ता ३,००० × १२ | रु.३६,०० |
| - बोनस | रु.३०,०० |
| - अवकाश कोषमा योगदान (२,४०,००० × १०/१००) | रु.२४,०० |
| - दशैं खर्च २०,००० × १ | रु.२०,०० |
| - सवारी साधन सुविधा (२,४०,००० × ०.५/१००) | रु.१,२० |
| - बासस्थानको सुविधा (२,४०,००० × २ %) | रु.४,८० |
| घटाउने : | |
| स्वीकृत अवकाश कोषमा योगदान गरेको रकम | |
| (२४०००+२४०००+६०,०००) | रु. १,०८,०० |
| समायोजित करयोग्य आय | रु. २,४८,०००।- |

निजले चन्दा खर्च बापत निम्नानुसारको रकम आफ्नो रोजगारीको आयबाट घटाउन पाउँदछ ।

| | | |
|---|---|---|
| (१) | वास्तविक चन्दा रकम | रु.५०,०० |
| (२) | ऐनमा उल्लेख गरिएको अधिकतम सीमा रकम | रु.१,००,०० |
| (३) | समायोजित करयोग्य आयको ५ प्रतिशतले हुने रकम | रु.१२,४० |

माथि उल्लेख गरिएकामध्ये कम हुने रकम रु.१२,४००।-निजले आफ्नो रोजगारीको आयबाट घटाउन पाउने छन् ।

कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च बापत पूर्ण वा आंशिक रूपमा घटाउन पाउँछ । यस्तो अवस्थामा माथि उल्लिखित सीमा लागू हुँदैन । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.५.३: मानौं, माथि १७.५.२मा उल्लेख गरिएको उदाहरणमा नेपाल सरकारले पशुपति विकास कोषमा योगदान गरेमा पूर्णरूपमा कर छुट हुने भनी नेपाल राजपत्रमा सूचना प्रकाशित गरे अनुरूप निजले रु.१०,०००।-उक्त कोषलाई अनुदान दिएका थिए ।

| | |
|---|---|
| माथि उल्लेख गरिए बमोजिमको घटाउन पाउने चन्दा खर्च | रु.१२,४००।- |
| पशुपति विकास कोषमा योगदान गरेको ऐनको | |
| दफा १२(३)अनुसारको चन्दा खर्च | रु.१०,०००।- |

| | |
|---|---|
| जम्मा छुट हुने चन्दा रकम | रु.२२,४००।- |

(ग) **बीमा प्रिमियम :**

ऐनको अनुसूची-१ को दफा १ को खण्ड (१२) अनुसार कुनै बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेकोवार्षिक प्रिमियम वा पच्चीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई पाउन दाबी गर्न सक्नेछ ।

लगानी बीमा प्रिमियम सम्बन्धी छुट बासिन्दा प्राकृतिक व्यक्तिले रु.२५०००।- मा नबढाई वास्तविक भुक्तानीको आधारमा दाबी गर्न सक्दछ । यस्तो बीमा प्रिमियम गैर बासिन्दा लगानी बीमा कम्पनीलाई भुक्तानी गरेको भएतापनि खर्च छुट दाबी गर्न बन्देज हुने छैन । तर ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (ग) बमोजिम बासिन्दा लगानी बीमा कम्पनीले स्रोतमा पाँच प्रतिशत कट्टा गरी भुक्तानी गरेको लाभ अन्तिम रूपले कर कट्टी हुने भुक्तानी भएको हुँदा आयमा समावेश गर्नु पर्दैन भने गैर बासिन्दा लगानी बीमा कम्पनीले भुक्तान गर्ने लाभ भने ऐनको दफा ९ बमोजिम लगानीको आयमा समावेश गर्नु पर्दछ ।

(घ) **स्वास्थ्य बीमा प्रिमियमः**

ऐनको अनुसूची-१ को दफा १ को खण्ड (१६) अनुसार प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउँदछ ।यस अनुसार करयोग्य आयमा स्वास्थ्य बीमा प्रिमियम घटाएकोमा औषधि उपचार मिलान गर्न पाउने कर रकम सात सय पचास मिलान गर्न पाइने छैन ।

(घ१) **निजी भवनकोबीमामाछुटसुविधा**

ऐनको अनुसूची-१ को दफा १ को खण्ड (१६क) अनुसार कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

(ङ) **दुर्गम क्षेत्र सुविधा :**

ऐनको अनुसूची-१ को दफा १ को खण्ड(५) अनुसार नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता बापत तोकिए बमोजिम बढीमा पचास हजार रुपैयाँसम्म करयोग्य आयबाट घटाई पाउँन दाबी गर्न सक्नेछ ।

नेपाल सरकारले तोकेको दुर्गम क्षेत्र अर्न्तगतका जिल्ला तथा गाउँपालिकामा कार्यरत रही आय आर्जन गर्ने कामदार तथा कर्मचारी लगायतका प्राकृतिक व्यक्तिलाई आयकर सुविधा प्रदान गर्ने व्यवस्था रहेको छ । उक्त तोकिएका क्षेत्रमा कार्यरत कामदार तथा कर्मचारीलाई रोजगारदाताबाट दुर्गम क्षेत्र भत्ता प्राप्त भए पनि वा नभए पनि आयकर प्रयोजनको लागि तोकिए अनुसारको रकम करयोग्य आयबाट घटाउन पाइनेछ ।

**दुर्गम क्षेत्र सम्बन्धी व्यवस्था:**दुर्गम क्षेत्रको वर्गीकरण यस निर्देशिकाको अनुसूचि-२ मा दिइएको छ ।

**दुर्गम भत्ताको सीमा**ः आयकर नियमावली, २०५९ कोनियम ३८मा तोकिए बमोजिम प्रकृतिक व्यक्तिको कर नलाग्ने सीमामा थप हुने दुर्गम भत्ता बापतको रकम देहाय बमोजिम हुनेछ ।

*१. "क" वर्गका क्षेत्रमा रु.५०,००० (पचास हजार)*

*२. "ख" वर्गका क्षेत्रमा रु. ४०,००० (चालीस हजार)*

*३. "ग" वर्गका क्षेत्रमा रु.३०,००० (तीस हजार)*

*४. "घ" वर्गका क्षेत्रमा रु.२०,००० (बीस हजार)*

*५. "ङ" वर्गका क्षेत्रमा रु.१०,००० (दश हजार)*

उक्त व्यवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.५.४: मानौं, विकास बैंक लिमिटेड दैलेख शाखामा श्याम महतो भन्ने कर्मचारी कार्यरत रहेछन् । निजलाई तलब र भत्ता गरी मासिक रु.२०,०००।- प्राप्त हुँदो रहेछ । निजले दैलेख जिल्लामा कार्यरत रहे बापत उक्त बैंकबाट दुर्गम भत्ता पाउँदा रहेनछन् । निजले दुर्गम भत्ता प्राप्त नगरे पनि निजको पारिश्रमिक आय गणना गर्दा हुन आउने करयोग्य आयबाट दुर्गमक्षेत्र सुविधा अर्न्तगत "क"वर्गको दुर्गम क्षेत्रको लागि तोकिएको रु.५०,०००।- निजले करयोग्य आयबाट घटाउन पाउँछन् । यदि निजको एकै आर्थिक वर्षमा अन्य क्षेत्रमा सरुवा भएको अवस्थामा भने दुर्गम क्षेत्रमा कार्यरत अवधिको आधारमा दुर्गमक्षेत्र सुविधा गणना गर्नुपर्दछ । जस्तै, निज २०६७ पौष मसान्तसम्म मनाङ शाखामा कार्यरत थिए र माघ १, २०६७ सालमा सोलुखुम्वु, खोम्जुङ् गाउँपालिका ("ख" वर्गको दुर्गमक्षेत्र)मा रहेको शाखामा सरुवा भएको रहेछ । यस अवस्थामा निजको दुर्गमक्षेत्र सुविधा निम्नानुसार गणना गर्नु पर्दछ ।

"क"वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधा - रु.५००००।-

निजले "क" वर्गमा काम गरेको अवधि ६ महिना

दुर्गम क्षेत्र ("क"वर्ग) मा पाऊने सुविधा $\frac{५०,००० \times ६}{१२}$ = रु.२५,०००।-

"ख" वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधा - रु.४०,०००।-

निजले "ख" वर्गमा काम गरेको अवधि - ६ महिना

दुर्गम क्षेत्र ("ख" वर्ग)मा पाऊने सुविधा $\frac{४०,००० \times ६}{१२}$ = रु.२०,०००।-

आ.व.०६७/६८ मा दुर्गम क्षेत्र बापत पाऊने सुविधा : रु.४५,०००।-

उपरोक्तानुसारको उदाहरण अनुसार आ.व.२०६७६८ को कर निर्धारण गर्दा निज श्याम महतोले रु.४५,०००।-आफ्नो करयोग्य आयबाट घटाउन पाउँछन् ।

## १७.६ दम्पती :

**ऐनको दफा २ को खण्ड (व) बमोजिम "प्राकृतिक व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति विशेष सम्झनु पर्छ र यस ऐनको प्रयोजनको लागि सो शब्दले दर्ता भई वा नभई प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको एकलौटी फर्म तथा एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी दफा ५० बमोजिम छनौट भएको दम्पती समेतलाई जनाउँछ ।**

ऐन अनुसार प्रत्येक प्राकृतिक व्यक्ति बेग्लै करदाताको रूपमा मानिन्छ । सामान्यतयाः कुनै प्राकृतिक व्यक्ति विवाहित भए पनि निजको छोरा, छोरी, बाबु, आमा सगोलमानै भए पनि निज, निजको पति वा पत्नी, छोरा, छोरी, बाबु, आमा सबै बेग्लाबेग्लै व्यक्ति मानिन्छ ।

ऐनको दफा ५०(१) बमोजिम बासिन्दा प्राकृतिक व्यक्ति र सो व्यक्तिको बासिन्दा पति वा पत्नी दुवैले लिखित सूचना दिएर कुनै खास आय वर्षमा कर प्रयोजनको लागि एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी छनौट गर्न सक्नेछन् । यसरी छनौट गर्ने दम्पतीमध्ये पति वा पत्नीले सो वर्षमा बुझाउनुपर्ने करको लागि एक अर्कोप्रति संयुक्तरूपमा र छुट्टाछुट्टै रूपमा जिम्मेवार हुनेछन्, [दफा ५०(२)] । यसरी दम्पती हुन छनौट गरेको आय वर्षमा पति पत्नी दुवैको करयोग्य आय समावेश गरी आय कायम गर्नु पर्दछ । ऐनको दफा ५०(३) मा आश्रितलाई भरण पोषण गर्नुपर्ने बासिन्दा विधवा वा विधुरलाई दम्पती सरह मानिने व्यवस्था गरेको छ ।

## १७.७ औषधि उपचार बापत कर मिलान(Medical Tax Credit)

**(१) ऐनको दफा ५१(१) मा कुनै प्राकृतिक बासिन्दा व्यक्तिले निजको लागि आफैं वा अन्य कुनै व्यक्तिमार्फत गरेको स्वीकृत औषधि उपचार खर्चको लागि कुनै आय वर्षमा औषधि उपचार बापत कर मिलान गर्न दाबी गर्न पाउने व्यवस्था गरेको छ ।**

**(२) ऐनको दफा ५१(२) बमोजिम कुनै आय वर्षमा प्राकृतिक व्यक्तिको औषधि उपचार बापत कर मिलानको रकम स्वीकृत औषधि उपचार खर्च रकमको पन्ध्र प्रतिशतको दरले हुने रकममा बिगत वर्षमा मिलान हुन नसकेको कुनै रकम भए सोसमेत जोडी गणना गर्नु पर्नेछ ।**

*नियम १७(१)ऐनको दफा ५१ बमोजिमको औषधि उपचार बापत कर मिलान गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको औषधि उपचार खर्चलाई स्वीकृत औषधि उपचार खर्च मानिने व्यवस्था गरेको छः-*

*(क) ....*

*(ख) कुनै प्राकृतिक व्यक्तिलाई मान्यता प्राप्त अस्पताल, नर्सिङ्ग होम, स्वास्थ्य केन्द्र वा चिकित्सकले उपचार गर्दा लागेको औषधि लगायतका बील बमोजिमको रकम ।*

*(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका खर्च स्वीकृत औषधि उपचार खर्च मानिने छैनन् :-*

*(क) सौन्दर्य सल्यचिकित्सा (कष्मेटिक सर्जरी) मा भएको खर्च, र*

*(ख) ऐनको अनुसूची–१ को दफा १ को उपदफा (१६) मा उल्लिखित बीमाबाट क्षतिपूर्ति प्राप्त भएको उपनियम (१) को खण्ड (ख) मा उल्लिखित खर्च*

*(३) ऐनको दफा ५१ को उपदफा (३) बमोजिम कर मिलान गर्न सकिने रकमको सीमा सातसय पचास रुपैयाँ हुनेछ ।*

ऐनको दफा ५१(४) मा व्यवस्था भए अनुसार यसरी सीमाभन्दा बढी भएको खर्च वा कर दायित्व रु.७५०।-भन्दा कम भएको अवस्थामा यस्तो रकम आगामी वर्षमा सारी दाबी गर्न सकिनेछ । यस्तो दाबी योग्य रकम अनन्तकालसम्म दाबी मिलान गर्न पाइन्छ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.७.१: मानौं, कुनै व्यक्तिको एक आर्थिक वर्षमा स्वीकृत औषधि उपचारको निमित्त रु.१०,०००।- खर्च भएको रहेछ । ऐनको दफा ५१ को उपदफा (२) अनुसार १५ प्रतिशत कर मिलान गर्न सक्ने, सोही दफामा सीमा तोक्ने प्रावधान भए अनुसार नियम १७(३) मा सो खर्चको सीमारु.७५०।- तोकिएको कारण उक्त व्यक्तिले सो वर्ष औषधि उपचार खर्च रु.१०,०००।- को १५ प्रतिशतको दरले हुने रकम रु.१,५००।- मध्ये रु.७५०।- सोही वर्ष आफ्नो कर

| दायित्वबाट घटाउन पाउनेछ र बाँकी रु.७५०।- आगामी वर्षमा आफ्नो कर दयित्वबाट घटाउन पाउनेछ । यदि निजको कर दायित्व रु.७५०।- भन्दा कम भएमा पनि यो सुविधा उपयोग गरी बाँकी हुन आउने रकम अर्को वर्षको लागि सार्न सक्ने छन् । |
|---|

तल प्रस्तुत तालिकाबाट औषधि उपचार बापत कर मिलान सम्बन्धी प्रावधानलाई प्रष्ट पारिएको छ ।

| आय वर्ष | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| स्वीकृत औषधि उपचार खर्च रु. | १७,०००।- | ० | ० | ५००।- |
| १५ प्रतिशतले हुने रकम रु. | २,५५०।- | ० | ० | ७५।- |
| बिगत वर्षको दाबी हुन बाँकी रकम रु. | ० | १,८००।- | १,०५०।- | ३००।- |
| जम्मा दाबी योग्य रकम रु. | २,५५०।- | १,८००।- | १,०५०।- | ३७५।- |
| नियम १७(३) को सीमा रु. | ७५०।- | ७५०।- | ७५०।- | ७५०।- |
| दाबी योग्य रकम रु. | ७५०।- | ७५०।- | ७५०।- | ३७५।- |
| पछिल्ला वर्ष सर्ने रकम रु. | १,८००।- | १,०५०।- | ३००।- | ० |

स्वास्थ्य बीमाको प्रिमियम घटाउन दाबी गर्ने प्राकृतिक व्यक्तिले दफा ५१ बमोजिमको औषधि उपचार बापतको सात सय पचास रुपैयाँ कर मिलान दाबी गर्न पाउने छैन ।

औषधि उपचार बापत कर मिलान सम्बन्धी विस्तृत व्याख्या परिच्छेद ११ मा गरिएको छ ।

## १७.८ आय विवरण दाखिला गर्न नपर्ने :

ऐनको दफा ४(३) तथा दफा ९७ मा उल्लेख भए बमोजिम रोजगारीको आय भएको व्यक्तिले देहायका सबै अवस्था पूरा गरे आय विवरण दाखिला गर्नु पर्दैन :-

(क) सो आय वर्षको आयमा नेपालमा स्रोत भएको कुनै रोजगारीको आयमात्र समावेश भएको,

(ख) सो आय वर्षमा सबै रोजगारदाता बासिन्दा व्यक्ति भएको र एक पटकमा एउटामात्र रोजगारदाता भएको, र

(ग) रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च बापतको कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दाबी गरेको तथा चन्दा बापत खर्च घटाउन दाबी नगरेको ।

यस्तो अवस्थामा सो व्यक्तिले दाखिला गर्नुपर्ने कर त्यस्ता व्यक्तिलाई सो आय वर्षमा रोजगारदाताबाट दिइएका भुक्तानीबाट ऐनको दफा ८७ बमोजिम स्रोतमा कर कट्टी भएको कर रकमको जम्मा रकम बराबर हुनेछ । आय वर्षको बीचमा रोजगारदाता परिवर्तन भएका करदाताले यस्तो सुविधा प्राप्त गर्न पहिलो रोजगारदाताबाट प्राप्त गरेको भुक्तानी, सो भुक्तानीमा कट्टी भएको करसमेत खुलेको कर कट्टीको प्रमाणपत्र दोश्रो रोजगारदातासमक्ष पेश गरेको हुनु पर्दछ । दोश्रो रोजगारदाताले पनि पहिलो रोजगारदाताले गरेको भुक्तानी र सो भुक्तानीमा गरेको कर कट्टी समायोजन गरी आफूले गरेको भुक्तानीमा कर गणना गरी दफा ८७ बमोजिम भुक्तानीमा कर कट्टी गरेको हुनु पर्दछ ।

आयकर ऐन, २०५८ को दफा ४(३) अनुसार एकपटकमा एउटा मात्र रोजगारदाता भएको र रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च बापत कर मिलान र रोजगारदाताले नै

भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दाबी गरेको तथा चन्दा बापत खर्च घटाउन दाबी नगरेको अवस्थामा निजले तिरेको र तिर्नुपर्ने पारिश्रमिक कर ऐनको दफा ८७ अनुसार भुक्तानी गरेको भएमा निजले आय विवरण दाखिला गर्न नपर्ने हुन्छ । तर, एकपटकमा एकभन्दा बढी रोजगारदाता भएको अवस्थामा वा आफैले खर्च गरेको औषधोपचार बापत कर मिलान दाबी गरेको वा आफैले स्वीकृत अवकाश कोषमा योगदान गरेको वा आफैले दिएको चन्दा घटाउन दाबी गरेको वा गैर बासिन्दा व्यक्ति रोजगारदाता भएको अवस्थामा भने निजले आय विवरण बुझाउनु पर्दछ ।

## १७.९ करमा छुट

ऐनको अनुसूची-१ मा उल्लेख भए बमोजिम  पारिश्रमिक लगायतका आय हुने प्राकृतिक व्यक्तिलाई आयकरमा निम्नानुसारको छुटको व्यवस्था गरेको छ ।

(१) १ प्रतिशत मात्र कर लाग्ने सीमाः अनुसूची-१, दफा १(१) तथा १(२) बमोजिमको सीमामा प्राकृतिक व्यक्तिको लागि रु.४,००,०००।- सम्म र दम्पतीका लागि रु.४,५०,०००।- करयोग्य आयमा १ प्रतिशत मात्र कर लाग्दछ ।तर निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्ति वा दम्पतीको हकमा १ प्रतिशत कर लाग्दैन ।

(२) अनुसूची-१, दफा १(५) बमोजिम नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिले दुर्गम भत्ता बापत बढीमा पचास हजार रुपैयाँसम्म करयोग्य आयबाट घटाउन पाउँछ । दुर्गम क्षेत्रको विवरण अनुसूची-२ मा दिइएको छ ।

(३) अनुसूची-१, दफा १(६) बमोजिम नेपालका विदेशस्थित कूटनैतिक नियोगमा कार्यरत कर्मचारीले वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाउन पाउँछ

(४) अनुसूची-१, दफा १(१०) बमोजिम अपाङ्ग व्यक्तिको हकमा माथि खण्ड (१) मा उल्लिखित रकमको ५० प्रतिशत रकम करयोग्य आयबाट घटाउन सक्दछ ।

(५) अनुसूची-१, दफा १(११) बमोजिम बासिन्दा प्राकृतिक व्यक्ति रोजगारीको आयमात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुन्छ ।

(६) अनुसूची-१, दफा १(१२) बमोजिम बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउँछ ।

(७) अनुसूची-१, दफा १(१६) बमोजिम कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।

## १७.१० करको दर

आयकर ऐन,२०५८ को अनुसूची-१ (आर्थिक ऐन, २०७७) बमोजिम बासिन्दा प्राकृतिक व्यक्तिको लागि रोजगारीको आयमा निम्नानुसारको दरले कर लाग्दछः

| विवरण | करको दर |
|---|---|
| क.१ पहिलो सीमा (सामान्य अवस्था)<br>व्यक्तिलाई रु.४,००,०००।- सम्म<br>दम्पतीलाई रु.४,५०,०००।- सम्म | १ प्रतिशतले |
| ख. त्यसपछिकोरु.१,००,०००।- मा | १० प्रतिशतले |

| | |
|---|---|
| ग. त्यसपछिको रु.२,००,०००।-मा | २० प्रतिशतले |
| घ. त्यसपछिको रु.१३,००,०००।- मा (एक्लो व्यक्ति) | ३० प्रतिशतले |
| ङ त्यसपछिको रु.१२,५०,०००।- मा (दम्पती) | ३० प्रतिशतले |
| च. रु.२० लाखभन्दा बढीमा | ३६ प्रतिशतले |
| अपाङ्ग व्यक्तिको हकमा करयोग्य आयबाट घटाउन पाउने रकम<br>व्यक्तिलाई रु.२,००,०००।- सम्म<br>दम्पतीलाई रु.२,२५,०००।-सम्म | |

**नोटः** ऐनको अनुसूची-१ को दफा १(८)बमोजिम गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा २५ प्रतिशतका दरले कर लाग्दछ। त्यस्तो करयोग्य आय गणना गर्दा अन्य कुनै छुट र सुविधा उपलब्ध हुने छैन र त्यस्तो करयोग्य आय रु.२० लाख भन्दा बढी भएतापनि सोमा अतिरिक्त कर लाग्दैन।

कुनै बासिन्दा प्राकृतिक व्यक्ति रोजगारीको आयमात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ । यसरी छुट गणना गर्दा कुल कर रकम अर्थात सामाजिक सुरक्षा कर सहितको हुन आउने कर रकममा गणना गर्नु पर्दछ ।

## १७.११ स्रोतमा कर कट्टी एवम् दाखिला सम्बन्धी व्यवस्था

(१) ऐनको दफा ८७ (१) मा उल्लेख भए बमोजिम प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा स्रोतमा नै कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ९० को उपदफा (२) मा व्यवस्था भए बमोजिम यसरी गरिएको कर कट्टी रकम एवम्विवरण महिना समाप्त भएको २५ दिनभित्र सम्बन्धित कार्यालय वा करदाता सेवा कार्यालयमा जम्मा गर्नु पर्दछ ।

(२) कर्मचारीको वार्षिक पारिश्रमिकमा लाग्ने करको गणना गर्दा यदि कर्मचारीले वर्षभरि नै काम गर्ने निश्चित रहेछ भने निजले सो वर्ष प्राप्त गर्ने कुल पारिश्रमिकमा करको गणना गर्नु पर्दछ । यदि कुनै कर्मचारी सो वर्षको बीचमा नियुक्ति भएको भए वा कुनै कर्मचारीले सो वर्षको बीचमा अवकाश पाउने निश्चित भएमा जति अवधिको निजले पारिश्रमिक प्राप्त गर्ने हो सोही अवधिको पारिश्रमिकमा करको गणना गरी सोही अवधिको कर दायित्व रकमलाई भाग गरी मासिक रूपमा कर कट्टी गर्नु पर्दछ । उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.११.१ः मानौ, दिपीका बस्नेत भन्ने एकल व्यक्ति नेपाल विकास बैंकको सेवारत एकल महिला रहिछिन् । निजले आ.व.२०७६।७७ मा निम्नानुसारको आय नेपाल विकास बैंकबाट प्राप्त गरेकी रहिछिन् ।

- वार्षिक तलब सुविधा रु.९,५०,०००।-

निजको निर्धारणयोग्य आय, करयोग्य आयको गणना निम्नानुसार हुन आउँछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| वार्षिक तलब सुविधा | | ९,५०,०००।- |
| रोजगारीको निर्धारणयोग्य आय | | ९,५०,०००।- |
| छुट रकम | | - |

| | | |
|---|---|---|
| करयोग्य आय | | ९,५०,०००।- |
| करको गणना | | |
| रु.४००,०००।-मा १% ले (एकल व्यक्ति) | ४,०००।- | |
| थप रु.१,००,०००।-मा १०% | १०,०००।- | |
| थप रु.२,००,०००।-मा २०% | ४०,०००।- | |
| बाँकी रु.२,५०,०००।-मा ३०% | ७५,०००।- | |
| जम्मा रु. | | १,२९,०००।- |
| न्यून: महिलाको रोजगारीको आयमात्र रहेकोले कर रकममा १०% ले छुट | १२,९००।- | |
| जम्मा वार्षिक कर दायित्व | | १,१६,१००।- |
| निजलाई पारिश्रमिक भुक्तानी गर्दा नेपाल विकास बैंकले मासिक रूपमा कर कट्टी गनुपर्ने रकम (१,१६,१००।-/१२) | | ९,६७५।- |

यसरी कुलतिर्नुपर्ने कर रकमलाई पारिश्रमिक भुक्तानी गर्ने महिनाले भाग गरी पारिश्रमिक भुक्तानी गर्दा मासिक रूपमा कर कट्टी गर्नुपर्छ ।

उदाहरण १७.११.२: मानौ, हरेन्द्र कपाली भन्ने एकल व्यक्ति नेपाल विकास बैंकमा मिति २०७०।९।१ मा सेवा प्रवेश गरेका रहेछन् । निजले आ.व.२०७६।७७ मा निम्नानुसारको आय नेपाल विकास बैंकबाट प्राप्त गरेका रहेछन् ।

- ७ महिनाको तलब सुविधा रु.६,८०,०००।-

निजको निर्धारणयोग्य आय, करयोग्य आयको गणना निम्नानुसार हुन आउँछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| ७ महिनाको जम्मा तलब | | ६,८०,०००।- |
| रोजगारीको निर्धारणयोग्य आय | | ६,८०,०००।- |
| छुट रकम | | - |
| करयोग्य आय | | ६,८०,०००।- |
| करको गणना | | |
| रु.४००,०००।-मा १% ले (एकल व्यक्ति) | ४,०००।- | |
| थप रु.१,००,०००।-मा १०% | १०,०००।- | |

| | | |
|---|---|---|
| बाँकी रु.१,८०,०००।-मा २०% | ३६,०००।- | |
| जम्मा रु. | ५०,०००।- | |
| जम्मा वार्षिक कर दायित्व | | ५०,०००।- |
| निजलाई पारिश्रमिक भुक्तानी गर्दा नेपाल विकास बैंकले पुष २०७६ देखि आषाढ २०७७ सम्म ७ महिनामा दामासाही रूपमा मासिकरूपमा कर कट्टी गनुपर्ने रकम (५०,०००।-/७) | | ७,१४२/८५ |

यसरी कुलतिर्नुपर्ने कर रकमलाई पारिश्रमिक भुक्तानी गर्ने महिनाले भाग गरी पारिश्रमिक भुक्तानी गर्दा मासिक रूपमा कर कट्टी गर्नु पर्छ ।

उदाहरण १७.११.३: मानौ, कुमार बिष्ट भन्ने एकल व्यक्ति एक गैर सरकारी संस्थामा मिति २०७६।९।१ मा ६ महिनाको Contract मा सेवा प्रवेश गरेका रहेछन् । निजले आ.व. २०७६।७७ मा सो निकायबाट निम्नानुसारको आय प्राप्त गरेका रहेछन् ।

- ६ महिनाको तलब सुविधा रु.७,२०,०००।-

निजको निर्धारणयोग्य आय, करयोग्य आयको गणना निम्नानुसार हुन आउँछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| ६ महिनाको तलब सुविधा | | ७,२०,०००।- |
| रोजगारीको निर्धारणयोग्य आय | | ७,२०,०००।- |
| छुट रकम | | - |
| करयोग्य आय | | ७,२०,०००।- |
| करको गणना | | |
| रु.४,००,०००।-मा १% ले (एकल व्यक्ति) | ४,०००।- | |
| थप रु.१,००,०००।-मा १०% | १०,०००।- | |
| थप रु.२,००,०००।-मा २०% | ४०,०००।- | |
| बाँकी रु.२०,०००।-मा ३०% | ६,०००।- | |
| जम्मा रु. | ६०,०००।- | |
| जम्मा वार्षिक कर दायित्व | | ६०,०००।- |
| निजलाई पारिश्रमिक भुक्तानी गर्दा उक्त गैर सरकारी संस्थाले पुष २०७६ देखि जेष्ठ | | १०,०००।- |

| | | |
|---|---|---|
| २०७७ सम्म जम्मा ६ महिनामा दामासाही रूपमा मासिकरूपमा कर कट्टी गर्नुपर्ने रकम (६०,०००।-/६) | | |

यसरी कुलतिर्नुपर्ने कर रकमलाई पारिश्रमिक भुक्तानी गर्ने महिनाले भाग गरी पारिश्रमिक भुक्तानी गर्दा मासिकरूपमा कर कट्टी गर्नु पर्छ ।

(३) ऐनको दफा ११७ को उपदफा (३) मा अग्रिम कर कट्टी गर्ने व्यक्तिलाई एजेण्ट भनिएको छ । यस्तो व्यक्तिले स्रोतमा कर कट्टी गरेको विवरण ऐनको दफा ९० को उपदफा (२) बमोजिम २५ दिनभित्र पेश नगरेमा त्यस्तो एजेण्टलाई विवरण पेश गर्नुपर्ने मितिबाट यस्तो विवरण दाखिला नभएको मितिसम्मको प्रत्येक महिना र महिनाको भागको लागि अग्रिम कर कट्टी गर्नुपर्ने कर रकमको वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुने रकम शुल्क लाग्नेछ ।

(४) ऐनको दफा ११९ को उपदफा (१) बमोजिम कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याजदरले ब्याज लाग्नेछ र यस्तो ब्याज निजले अग्रिम कर कट्टी हुने व्यक्तिबाट असुल उपर गरी लिन पाउने छैन ।

**ऐनको दफा २ खण्ड (कब) बमोजिम"सामान्य ब्याज दर" भन्नाले वार्षिक पन्ध्र प्रतिशतको ब्याजको दर सम्झनु पर्छ ।**

(५) ऐनको दफा १२३ बमोजिम मनासिब माफिकको कारणबिना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ । दफा १३१ मा भएको व्यवस्था बमोजिम यस्तो सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएको पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(६) ऐनको दफा ९१ ले तोके बमोजिम बासिन्दा रोजगारदाताले अग्रिम कर कट्टी हुने व्यक्तिलाई कर कट्टीको विवरण खुल्ने गरी विभागले तोकेको ढाँचामा कर कट्टीको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ । रोजगारदाताले ऐनको दफा ९१ को उपदफा (३) बमोजिम अग्रिम कर कट्टी प्रमाणपत्र देहाय बमोजिम प्रदान गर्नु पर्नेछ :

**(क) सो प्रमाणपत्र सो आय वर्षमा सो कर्मचारी बहाल रहेको अवधिभरको लागि मात्र हुनेछ**

**(ख) सो प्रमाणपत्र सो वर्ष समाप्त भएको मितिले तीस दिनभित्र उपलब्ध गराई सक्नुपर्नेछ वा सो वर्षमा सो कर्मचारीले सो अग्रिम कर कट्टी गर्ने व्यक्तिकोमा रोजगारी गर्न छोडेको भए सो रोजगारी छोडेको मितिले तीस दिनभित्र सो प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।**

स्रोतमा कर कट्टी गरेको रकम दाखिला सम्बन्धी प्रावधानको विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद १६ मा तथा ब्याज एवम् शुल्क सम्बन्धी प्रावधानको विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद २९ मा गरिएको छ ।

## १७.१२ निवृत्तभरण (पेन्सन) भुक्तानीमा कर कट्टी

निवृत्तिभरण आय कर्मचारीको विगतको रोजगारी बापतको अवकाश भुक्तानी हो । तसर्थ निवृत्तभरण आयलाई आयकर ऐन, २०५८ को दफा ८ को उपदफा (२) को खण्ड (च) बमोजिम रोजगारीको आयमा समावेश गरी रोजगारीको आय गणना गरे सरह करयोग्य आयको गणना गर्नुपर्छ । यसरी गणना गरिएको करयोग्य आयमा अनुसूची-१ बमोजिम करको गणना गरी अन्य

रोजगारीको आयमा जस्तै दफा ८७बमोजिम कर कट्टी गर्नु पर्छ। कर्मचारीले पाउने निवृत्तभरण रकमबाट प्राकृतिक व्यक्तिले घटाउन पाउने निम्नलिखित रकम घटाई करलाग्ने रकम कायम गर्नु पर्छ।

- अनुसूची-१ को दफा ९ मा उल्लेख भए बमोजिम निवृत्तभरण आय भएको व्यक्तिको हकमा एकल प्राकृतिक व्यक्ति भए रु.४,००,०००।- को २५ प्रतिशतले हुने रकम रु.१,००,०००।- र दम्पती छनौट गरेको भए रु.४,५०,०००।- को २५ प्रतिशतले हुने रकम रु.१,१२,५००।- निवृत्तभरण आयबाट घटाई करयोग्य आय गणना गर्नुपर्छ। यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा दम्पतीको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पच्चीस प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ भन्ने व्यवस्था आ.व.२०७७/७८ को आर्थिक ऐनमा हटेको हुँदा सो आ.व.मात्र योसुविधा नपाउने।
- अनुसूची-१ को दफा १० मा उल्लेख भए बमोजिम अपाङ्ग एकल प्राकृतिक व्यक्ति भए रु.४,००,०००।- को ५० प्रतिशतले हुने रकम रु.२,००,०००।- र अपाङ्ग दम्पती छनौट गरेको भए रु.४,५०,०००।- को ५० प्रतिशतले हुने रकम रु.२,२५,०००।- आफ्नो आयवाट घटाई करयोग्य आय गणना गर्नु पर्छ।
- अनुसूची-१ को दफा १२ मा उल्लेख भए बमोजिम प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको भए सो बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रुपैयाँमा जुन घटी हुन्छ, सो रकम निवृत्तभरण आयबाट घटाई करयोग्य आय गणना गर्नुपर्छ।

निवृत्तभरण आयमात्र हुने व्यक्तिले निवृत्तभरण आयबाट उपरोक्तानुसारका रकम घटाएपछि बाँकी रहने रकम सो व्यक्तिको करयोग्य आय हुन्छ। सो करयोग्य आयमा आ.व.२०७६।७७ मा अनुसूची-१ को दफा १ अनुसार एकल प्राकृतिक व्यक्तिले करको गणना निम्नानुसार गर्नुपर्छः

- करयोग्य आय रु.४,००,०००।- सम्म कर नलाग्ने।
- करयोग्य आय रु.५,००,०००।- सम्म भएमा रु.४,००,०००।-सम्म कर नलाग्ने र सोदेखि माथिको करयोग्य आयमा १० प्रतिशतका दरले करको गणना गर्नुपर्छ।
- करयोग्य आय रु.५,००,०००।- भन्दा बढी भएमा रु.४,००,०००।- सम्म कर नलाग्ने सोदेखि माथिरु.१,००,०००।- मा १० प्रतिशतका दरले, सोदेखि माथि रु.२,००,०००।- मा २० प्रतिशतका दरले, सोदेखि माथि रु.१३,००,०००।-सम्म ३० प्रतिशतका दरले र रु.२०,००,०००।- लाखदेखि माथि जतिसुकै भएतापनि बढी भएजति रकममा अतिरिक्त कर सहित ३६ प्रतिशतका दरले करको गणना गर्नुपर्छ।

उपरोक्तानुसार करको हिसाब गरिसकेपछि जम्मा लाग्ने करबाट देहाय बमोजिमको रकम घटाउनु पर्छः

- अनुसूची-१ को दफा ११ मा उल्लेख भए बमोजिम निवृत्तभरण प्राप्त गर्ने व्यक्ति निवृत्तभरण आय मात्र प्राप्त गर्ने महिला भएमा निजलाई लाग्ने कर रकममा १० प्रतिशत छुट दिनुपर्छ। यो छुट सुविधा पछि महिलाले ऐनको दफा ५० बमोजिम दम्पतीले पाउने छुट सुविधा पाउने छैन।
- निवृत्तभरण प्राप्त गर्ने प्राकृतिक व्यक्तिले स्वीकृत औषधोपचार बापत खर्च गरेको भए खर्च रकमको १५ प्रतिशतले बढीमा रु.७५०।-सम्म लाग्ने करबाट घटाउनु पर्छ तर निजले स्वास्थ्य बीमा गरी सोबापतरु.२०,०००।-सम्मको रकम करयोग्य गणना गर्दा घटाएको रहेछ भने औषधोपचार बापतको कर मिलान सुविधा पाउने छैन।

उक्त अवस्था खुल्ने उदाहरण तल दिइएको छ ।

उदाहरण १७.१२.१: मानौ, भाई राजा नेपाली भन्ने व्यक्ति नेपाल सरकारको सेवाबाट निवृत्त भएको अपाङ्ग कर्मचारी रहेछन् । हाल निज "ग" वर्गको दुर्गम जिल्ला दैलेखमा बसोबास गरी आएका रहेछन् । निजले आ.व.२०७८।७९ मा निम्नानुसारको आय प्राप्त गरेका रहेछन् ।

- मासिक पेन्सन रकम रु.५०,०००।-
- निजले जीवन बीमा बापत वार्षिक रु.१०,०००।- प्रिमियम भुक्तान गर्ने गरेका रहेछन्
- निजले आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा बापत बासिन्दा बीमा कम्पनीलाई वार्षिक रु.१०,०००।- प्रिमियम भुक्तान गर्ने गरेका रहेछन् ।
- निजले सो वर्ष स्वीकृत औषधि उपचार बापत रु.२०,०००।- खर्च गरेका रहेछन् ।
- निजले सो आ.व.मा दम्पती हुन छनौट गरेका रहेछन् ।

निजको निम्नानुसार निर्धारणयोग्य आय, करयोग्य आय तथा करको गणना गरी आय विवरण पेस गर्नु पर्दछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| वार्षिक पेन्सन रकम | | ६,००,०००।- |
| जम्मा | | ६,००,०००।- |
| करयोग्य आयबाट घटाउन पाउने रकम | | ३,८२,५००।- |
| दुर्गम सुविधा | ३०,०००।- | |
| पेन्सन बापत | १,१२,५००।- | |
| अपाङ्ग सुविधा | २,२५,०००।- | |
| जीवन बीमा | १०,०००।- | |
| निजी भवनको बीमा | ५,०००।- | |
| करयोग्य आय (करको गणनाको लागि) | | २,१७,५००।- |
| करको गणना | | |
| रु.४,५०,०००।- सम्म कर नलाग्ने | ०।०० | |

निज भाई राजा नेपालीले स्वीकृत औषधोपचारमा रु.२०,०००।- खर्च गरेको र सोको १५% ले हुन आउने रकम रु.३,०००।- यस वर्ष कर मिलान दाबी गर्ने अवस्था नरहेको हुँदा आगामी वर्षमा दाबी मिलान गर्न सक्दछन् ।

उदाहरण १७.१२.२: मानौ, दिपीका बस्नेत भन्ने व्यक्ति नेपाल विकास बैंकको सेवाबाट सेवा निवृत भएकी एकल महिला रहिछिन् । हाल तिनी "ङ" वर्गको दुर्गम जिल्ला धनकुटामा बसोबास गरी आएकी रहिछिन् । निजले आ.व.२०७६।७७ मा निम्नानुसारको आय नेपाल विकास बैंकबाट प्राप्त गरेकी रहिछिन् ।

- वार्षिक पेन्सन रकम रु.४,२०,०००।-

- दशै भत्ता रु.३५,०००।-
- विगत वर्षमा बढेको पेन्सन भुक्तानी रु.४०,०००।-

निजको निर्धारणयोग्य आय, करयोग्य आयको गणना निम्नानुसार हुन आउँछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| पेन्सन आय | | ४,२०,०००।- |
| दशैं भत्ता | | ३५,०००।- |
| विगत वर्षमा बढेको पेन्सन भुक्तानी | | ४०,०००।- |
| रोजगारीको निर्धारणयोग्य आय | | ४,९५,०००।- |
| करयोग्य आयबाट घटाउन पाउने रकम | | १,१०,००० ।- |
| दुर्गम सुविधा | १०,०००।- | |
| पेन्सन बापत(४,००,००० को २५%) | १,००,०००।- | |
| करयोग्य आय (करको गणनाको लागि) | | ३,८५,०००।- |
| करको गणना | | |
| यस उदाहरणमा करयोग्य आय रु.४,००,०००।- भन्दा घटी भएकोले कर नलाग्ने । | ०।०० | |

## १७.१३ रोजगारीको आय गणनासँग सम्बन्धी थप उदाहरण

**रोजगारीको स्रोतः**

उदाहरण १७.१३.१: नेपाली राजदूतावास(फ्रान्स)मा कार्यरत नेपाली नागरिक कर्मचारीको तलब भत्ता नेपाल सरकारले फ्रान्सस्थित नेपाली राजदूतावासमार्फत भुक्तानी गर्दछ भने, त्यसरी प्राप्त गरिएको आयलाई नेपालमा स्रोत भएको आय मानिनेछ । यहाँ भुक्तानीको तथा कार्यरत स्थान फ्रान्स भए तापनि आयको स्रोत नेपालनै मानिन्छ । तर वैदेशिक भत्ता प्राप्त गरेकोमा भत्ताको ७५ प्रतिशत रकमसम्म ऐनको अनुसूची-१ को दफा १ को उपदफा (६) बमोजिम करयोग्य आयबाट घटाई पाउन दाबी गर्न सक्नेछन् ।

उदाहरण १७.१३.२: मानौं, विकास बैंक लिमिटेडमा कार्यरत कर्मचारी ज्ञानेश प्रधान मिति २०७३ वैशाख ६ गते आफ्नो सहायक निर्देशकको पदबाट निवृत्त भएका रहेछन् । निज २०७३ श्रावण ५ मा अष्ट्रेलियाको स्थायी बासिन्दा (Permanent Residence) को भिषा प्राप्त गरी सोही देशमा हालसम्म बसोबास गरिरहेका रहेछन् । निजले आ.व.२०७६।७७ मा बैंकको सेवा शर्तअनुसार मासिक रु.४०,०००।-पेन्सन प्राप्त गर्ने गरेका रहेछन् । निजले सो वर्ष जीवन बीमा बापत रु.५० हजार बराबर प्रिमियम बुझाएका रहेछन् एवम् नेपालमा दर्ता रहेको कर छुट प्राप्त संस्थालाई रु.२५,०००।- चन्दा समेत बुझाएका रहेछन् । उक्त अवस्थामा निजको कर दायित्व निम्नानुसार गणना गर्नु पर्दछ ।

पेन्सन (४०,००० × १२) रु.४,८०,०००।-

| | |
|---|---|
| दशै खर्च (४०,००० × १) | रु.४०,०००।- |
| निर्धारणयोग्य आय : | रु.५,२०,०००।- |
| घटाउने : | |
| (१) बासिन्दा व्यक्तिबाट सञ्चालित अवकाश कोषमा गरेको योगदान (योगदान भए घटाउन पाउने) । | |
| करयोग्य आय : | रु.५,२०,०००।- |
| (२) चन्दा खर्च : विभागबाट स्वीकृत प्राप्त गरेका कर छुट हुने संस्थालाई दिएको चन्दा रकम ऐनको दफा १२ को सीमाभित्र रही घटाउन पाउने तर विवरण पेश गर्नुपर्ने । | |
| (३) लगानी बीमाः घटाउन नपाउने - बासिन्दा व्यक्ति हुनु पर्ने । | |
| कुल करयोग्य आय | रु.५,२०,०००।- |
| कर नलाग्ने सीमा लागू नहुने । | |
| कर रकम (५,२०,००० × २५% ले) = | रु.१,३०,०००।- |
| न्यूनः औषधि उपचार बापतको रकम मिलान दाबी गर्न नपाउने (बासिन्दा व्यक्ति हुनुपर्ने ।) | |

यसरी नेपाल विकास बैंकले रु.१,३०,०००।-कर कट्टा गरी बाँकी पेन्सन रकम निजलाई वा निजको आश्रित परिवारलाई भुक्तानी दिनु पर्दछ ।

नोटः कुनै व्यक्तिको कार्यक्षेत्र नेपाल वा निज व्यक्तिले नेपालमा काम वा रोजगारी गरी प्राप्त गरेको रकमलाई नेपालको स्रोत मानी ऐनको दफा ८ अनुसार आयमा समावेश गर्नु पर्दछ । एवम् प्रकारले नेपालमा रोजगारी निवृत्त भएका व्यक्तिले विदेशमा उक्त निवृत्तभरण रकम प्राप्त गरेको अवस्थामा समेत निजको रोजगारीको स्रोत नेपालमै हुने र भुक्तानीको स्थान नेपाल भन्दा बाहिर भए तापनि यसरी प्राप्त गरेको निवृत्तभरण रकम नेपालमा स्रोत भएको मानिन्छ । यदि यसरी भुक्तानी प्राप्त गर्ने व्यक्ति गैर बासिन्दा व्यक्ति भएको अवस्थामा भने बासिन्दा व्यक्तिले पाउने छुट प्राप्त नहुने र एकमुष्ठ २५ प्रतिशतका दरले कर लाग्नेछ ।

उदाहरण १७.१३.३: मानौं, नेपालको एक कम्पनीमा कार्यरत एक कर्मचारीले २०६२ श्रावण १ गते एक वर्षको विशेष बिदा लिई अफगानिस्तानमा काम गर्न गएछन् । निजको मासिक तलबअमेरिकी डलर ५,०००।-रहेछ । निज २०६३ भदौ १० गते नेपाल प्रवेश गरी पुनः सोही कम्पनीमा हाजिर भएका रहेछन् । निजले अफगानिस्तानमा आय आर्जन गरेको रकममा कर दायित्व सम्बन्धमा निम्नानुसार व्याख्या गरिएकोछ ।

(१) ऐनको दफा २ खण्ड (कङ) (१) (ख) को प्रावधान अर्थात अविछिन्न ३६५ दिनको अवधिमा १८३ दिन वा सोभन्दा बढी नेपालमा रहेको हुनुपर्ने व्यवस्था भएको र आ.व.२०६२/६३ मा निज १८३ दिनभन्दा बढी नेपालमा नरहेकोले निज गैर बासिन्दा व्यक्ति हुन्छ ।

(२) ऐनको दफा ६७ उपदफा (५) खण्ड (झ१) अनुसार भुक्तानीको स्थान जहाँसुकै भएपनि नेपालमा सेवा प्रदान सम्बन्धी कार्य भएमा, निज कर्मचारीले आफ्नो सेवा प्रदान नेपालभन्दा बाहिर अर्थात अफगानिस्तानमा गरेको हुँदा निजले आर्जन गरेको आम्दानीको स्रोत नेपाल होइन ।

(३) ऐनको दफा ६७ उपदफा (६) खण्ड (झ)(२) अनुसार रोजगार जहाँसुकै भएपनि नेपाल सरकारले भुक्तानी दिने भएमा सो भुक्तानीको स्रोत नेपाल हुने तर यस उदाहरणमा निज कर्मचारीले नेपाल सरकारबाट भुक्तानी प्राप्त नगरेको हुँदा निजले आर्जन गरेको रकमको स्रोत नेपाल होइन ।

(४) ऐनको दफा ६ को खण्ड (ख) अनुसार गैर बासिन्दा व्यक्तिको सो वर्षमा नेपालमा स्रोत

भएको रोजगारीबाट भएको आयलाई निर्धारणयोग्य आय भनिन्छ । निज कर्मचारी उक्त आ.व.को लागि गैर बासिन्दा व्यक्ति भएको र माथि उल्लेख गरिए अनुसार आयको स्रोत नेपाल नभई अन्यत्र भएको हुँदा निजको निर्धारणयोग्य आय देखिदैन । तसर्थ निज कर्मचारीले उक्त आ.व. २०६२/६३ मा अफगानिस्तानमा गै प्रति महिना अमेरिकी डलर ५,०००।- का दरले कमाएको रकममा नेपालमा कर लाग्दैन । उक्त व्यक्तिको मुख्य आय आर्जनको कार्यस्थल सो आर्थिक वर्षको लागि नेपाल नभई अफगानिस्तान भएको र उक्त आर्थिक वर्षको लागि सामान्य बसोबासको स्थान पनि अफगानिस्ताननै भएको हुँदा ऐनको दफा २ को खण्ड (कङ)(१)(क) को प्रावधान अनुसार समेत निज सो अवधिको लागि गैर बासिन्दा भएको हुँदा आयको स्रोत नेपाल पनि नभएको हुँदा सो आय नेपालको निर्धारणयोग्य आयमा समावेश गर्नु पर्दैन ।

बासिन्दा व्यक्तिको एक भन्दा बढी रोजगारी भएको ।

उदाहरण १७.१३.४: मानौं, भाइराजा भन्ने व्यक्ति कुनै एक वित्तीय संस्थामा मुख्य प्रबन्धकको रूपमा कार्य गर्दै आइरहेका छन् । निज उक्त संस्थाको अलावा, एक क्याम्पसमा Account विषय पनि अध्यापन गराउँदा रहेछन् । निजले आ.व.२०७६।७७ मा निम्नानुसारको आय रोजगारदाताबाट प्राप्त गरेका रहेछन् ।

तलब मासिक रु.६०,०००।-

दशै खर्च रु.६०,०००।-

शैक्षिक भत्ता रु.५,०००।- प्रति महिना

महंगी भत्ता रु.५,०००।- प्रति महिना

बोनस रु.६०,०००।-

क्याम्पस अध्यापनबाट तलब रु.१०,०००।- प्रति महिना

- निजलाई कार्यालय तथा व्यक्तिगत प्रयोजनको लागि एक ड्राइभरसहितको कार उपलब्ध गराएको रहेछ ।
- ड्राइभरको मासिक तलब तथा भत्ता रु.८,०००।- रहेछ ।
- उक्त मुख्य प्रबन्धकको गाडीको लागि मासिक पेट्रोल खर्च सरदर रु.१०,०००।-लाग्दो रहेछ र सो कारको लागि आर्थिक वर्ष २०७६।७७मा रु.२५,०००।-को मर्मत खर्च लागेको रहेछ
- निजलाई कार्यालयले आवास व्यवस्थासमेत उपलब्ध गराइएको रहेछ ।
- निजलाई निजको आवासमा जडान गरिएको टेलिफोन खर्च बापत रु.२,०००।-प्रति महिना कार्यालयले उपलब्ध गराउने गरेको रहेछन् सोमध्ये ५०% व्यक्तिगत टेलिफोन खर्च रहेछ ।
- निजको आवासमा रेखदेख गर्नको लागि एकजना सेक्यूरीटी गार्ड उपलब्ध गराएको र निज गार्डलाई प्रति महिना रु.६०००।-उपलब्ध गरेको रहेछ । गार्ड प्रयोग गरेबापत निजको मासिक तलबबाट रु.३,०००।-कट्टा गर्ने गरिएको रहेछ ।
- निजले आवास ऋण बापत कार्यालयबाट ५% दरले ब्याज तिर्ने गरी रु.३०,००,०००।- को कर्जा वर्षभरि उपभोग गरेका रहेछन् । उक्त संस्थाले यस्तै किसिमको कर्जा अन्य ऋणीलाई दिंदा औसत ८% का दरले ब्याज लिने गरेको रहेछ ।
- निजले २०७६ मंसिर महिनामा घरबिदा बापत एक महिनाको तलब पनि प्राप्त गरेका रहेछन् ।

- कार्यालयले निजले खाइपाई आएको तलबको १०% र सोमा त्यत्तिनै रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिने गरेको र निज आफैले नागरिक लगानी कोषमा प्रतिमहिना रु.२०,०००।-का दरले जम्मा गर्ने गरेका रहेछन् ।
- निजले विभागबाट स्वीकृति प्राप्त कर छुट हुने संस्थालाई रु.६०,०००।-चन्दा दिएका रहेछन्
- निजले आफ्नो रु.२,५०,०००।-बराबरको र आफ्नो श्रीमतीको रु.१,५०,०००।-बराबरको जीवन बीमा नेपाल बीमा संस्थानमा गरेका रहेछन् र सो बापत आ.व. २०७६।७७ मा क्रमशः रु.१९,०००।- तथा रु.१४,०००।- प्रिमियम तिरेका रहेछन् ।
- निजले सो आ.व.मा मा त्रि.वि.शिक्षण अस्पतालमा स्वास्थोपचार बापत रु.२०,०००।- खर्च गरेका रहेछन् ।
- निजले सो आ.व.मा दम्पती हुन छनौट गरेका रहेछन् ।

निजको निर्धारणयोग्य आय, करयोग्य आयको गणना निम्नानुसार गरी आय विवरण पेश गर्नु पर्दछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| तलब | | ७,२०,०००।- |
| दशै खर्च | | ६०,०००।- |
| शैक्षिक भत्ता | | ६०,०००।- |
| महंगी भत्ता | | ६०,०००।- |
| बोनस | | ६०,०००।- |
| गाडी सुविधा | | ३,६००।- |
| ड्राइभरको तलब | नलाग्ने | |
| पेट्रोल खर्च | नलाग्ने | |
| मर्मत खर्च | नलाग्ने | |
| आवास सुविधा | | १४,४००।- |
| टेलिफोन खर्च (२०००X१२X५०%) | | १२,०००।- |
| सेक्यूरीटी गार्ड सुविधा (६,०००-३,०००)x१२ | | ३६,०००।- |
| कर्जा सुविधा (८%-५%)x३०,००,००० | | ९०,०००।- |
| घरविदा बापत तलब | | ६०,०००।- |
| अवकाश कोषमा योगदान | | ७२,०००।- |
| वित्तीय संस्थाबाट प्राप्त कुल रोजगारीको आय | | १२,४८,०००।- |
| क्याम्पस अध्यापनबाट प्राप्त तलब | | १,२०,०००।- |
| रोजगारीको निर्धारणयोग्य आय | | १३,६८,०००।- |
| <u>छुट रकमः</u> | | |
| छुट पाउने अवकाश योगदान | | (३,००,०००।-) |
| वास्तविक योगदान | | |
| रोजगारदाताबाट सञ्चयकोषमा | ७२,०००।- | |

| | | |
|---|---|---|
| रोजगारकर्ताबाट सञ्चयकोषमा | ७२,०००।- | |
| रोजगारकर्ताबाट नागरिक लगानी कोषमा | २,४०,०००।- | |
| जम्मा अवकाश योगदान | ३,८४,०००।- | |
| निर्धारणयोग्य आयको एक तिहाई | ४,५६,०००।- | |
| अधिकतम सीमा | ३,००,०००।- | |
| समायोजित करयोग्य आय (१३,६८,००० - ३,००,०००) | १०,६८,०००।- | |
| चन्दा खर्च | | (५३,४००।-) |
| समायोजित करयोग्य आयको ५% ले | ५३,४००।- | |
| वास्तविक चन्दा खर्च | ६०,०००।- | |
| अधिकतम सीमा | १,००,०००।- | |
| करयोग्य आय | | १०,१४,६००।- |
| जीवन बीमा प्रिमियम बापत घटाउन पाउने | | (२५,०००।-) |
| आफ्नो र आफ्नो श्रीमतीको लागि तिरेको प्रिमियम | ३३,०००।- | |
| अधिकतम सीमा | २५,०००।- | |
| करयोग्य आय (करको गणनाको लागि) | | ९,८९,६००।- |
| करको गणना | | |
| रु.४,५०,०००।-सम्म (दम्पती) १% ले | ४,५००।- | आ.व.२०७६।७७ |
| रु.१,००,०००।-मा १०% ले | १०,०००।- | |
| रु.२,००,०००।-मा २०% ले | ४०,०००।- | |
| बाँकी रु.२,३९,६००।-मा ३०% ले | ७१,८८०।- | |
| जम्मा | १,२६,३८०।- | |
| न्यून: औषधि खर्च मिलान | ७५०।- | |
| **जम्मा कर दायित्व** | | **१,२५,६३०।-** |

निज भाइराजाले स्वीकृत औषधोपचारमा रु.२०,०००।-खर्च गरेको र सोको १५% ले हुन आउने रकम रु.३,०००।-मध्ये रु.७५०।-यस वर्ष कर मिलान दाबी गरी बाँकी रहन आएको रु.२,२५०।- आगामी वर्षमा दाबी मिलान गर्न सक्दछन् । निजले आफैंले अवकाश योगदान गरेको रकम र चन्दा बापतको रकम घटाउन दाबी गरेकोले र एकै पटक दुईवटा रोजगारदाता भएकोले आय विवरण दाखिला गर्नु पर्छ ।

बासिन्दा व्यक्तिको व्यवसाय तथा रोजगारीको आय भएको ।

उदाहरण १७.१३.५: मानौ, माथि उदाहरण १७.१३.४ मा निज भाइराजाको एक एकलौटी फर्म समेत रहेको र उक्त फर्मले रु.२,००,०००।-सबै खर्च कटाई नाफा आर्जनगरेको रहेछ भने निजको निर्धारणयोग्य आय, करयोग्य आय र करको गणना निम्नानुसार गर्नु पर्दछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| व्यवसायको आय | | २,००,०००।- |
| रोजगारीको आय (उदाहरण १७.१४.४ बमोजिम) | | १३,६८,०००।- |
| निर्धारणयोग्य आय | | १५,६८,०००।- |

| | | |
|---|---|---|
| छुट रकमः | | |
| छुट पाउने अवकाश योगदान | | (३,००,०००।-) |
| वास्तविक योगदान | | |
| रोजगारदाताबाट सञ्चयकोषमा | ७२,०००।- | |
| रोजगारकर्ताबाट सञ्चयकोषमा | ७२,०००।- | |
| रोजगारकर्ताबाट नागरिक लगानी कोषमा | २४०,०००।- | |
| जम्मा अवकाश योगदान | ३,८४,०००।- | |
| निर्धारणयोग्य आयको एक तिहाई | ५,२२,६६६/६६ | |
| अधिकतम सीमा | ३,००,०००।- | |
| समायोजित करयोग्य आय (१५,६८,००० -३००,०००) | १२,६८,०००।- | |
| चन्दा खर्च | | (६०,०००।-) |
| समायोजित करयोग्य आयको ५% ले | ६३,४००।- | |
| बास्तविक चन्दा खर्च | ६०,०००।- | |
| अधिकतम सीमा | १,००,०००।- | |
| करयोग्य आय | | १२,०८,०००।- |
| जीवन बीमा प्रिमियम | | (२५,०००।-) |
| आफ्नो र आफ्नो श्रीमतीको लागि तिरेको प्रिमियम | ३३,०००।- | |
| अधिकतम सीमा | २५,०००।- | |
| करयोग्य आय (करको गणनाको लागि) | | ११,८३,०००।- |
| करको गणना | | |
| रु.४,५०,०००। सम्म (दम्पत्ती) १% ले | ४,५००।- | आ.व.२०७६।७७ |
| रु.१,००,०००।-मा १०% ले | १०,०००।- | |
| रु.२,००,०००।-मा २०% ले | ४०,०००।- | |
| बाँकी रु.४,३३,०००।-मा ३०% ले | १,२९,९००।- | |
| जम्मा रु. | १,८४,४००।- | |
| न्यून: औषधि खर्च मिलान | ७५०।- | |
| **जम्मा कर दायित्व रु.** | | **१,८३,६५०।-** |

नोटः

१. निज भाइराजाले स्वीकृत औषधोपचारमा रु.२०,०००।-खर्च गरेको र सोको १५% ले हुन आउने रकम रु.३,०००।-मध्ये रु.७५०।-यस वर्ष कर मिलान दाबी गरी बाँकी रहन आएको रु.२,२५०।-आगामी वर्षमा दाबी मिलान गर्न सक्दछन्।

२. निज भाइराजाको व्यवसायमा आय नभई नोक्सानी भएको अवस्थामा व्यवसायको नोक्सानी रोजगारीको आयबाट कट्टा गर्न पाईंदैन तर त्यस्तो नोक्सानी आगामी ७ वर्षसम्म सार्न (Carry Forward)गर्न पाइन्छ।

बासिन्दा व्यक्तिको व्यवसाय, रोजगारी तथा लगानीको आय भएको।

उदाहरण १७.१३.६: मानौ, उदाहरण १७.१३.४ तथा १७.१३.५, मा भाइराजाले आ.व.२०७०।७१ मा सूचीकृत कम्पनीको शेयर बिक्री गरेको (गैर व्यावसायिक करयोग्य सम्पत्तिको नि:सर्ग) र सो बिक्रीमा निजलाई रु.२,५०,०००।-लाभ भएको रहेछ भने निजको निर्धारणयोग्य आय, करयोग्य आय र करको गणना निम्नानुसार गर्नु पर्दछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| व्यवसायको आय | | २,००,०००।- |
| रोजगारीको आय<br>(उदाहरण १७.१४.४ बमोजिम) | | १३,६८,०००।- |
| लगानीको आय | | २,५०,०००।- |
| निर्धारणयोग्य आय | | १८,१८,०००।- |
| छुट रकम: | | |
| छुट पाउने अवकाश योगदान | | (३,००,०००।-) |
| बास्तविक योगदान | | |
| रोजगारदाताबाट सञ्चयकोषमा | ७२,०००।- | |
| रोजगारकर्ताबाट सञ्चयकोषमा | ७२,०००।- | |
| रोजगारकर्ताबाट नागरिक लगानी कोषमा | २,४०,०००।- | |
| जम्मा अवकाश योगदान | ३,८४,०००।- | |
| निर्धारणयोग्य आयको एक तिहाई | ५,२२,६६६।- | |
| अधिकतम सीमा | ३,००,०००।- | |
| समायोजित करयोग्य आय<br>(१८,१८,००० -३००,०००) | | १५,१८,०००।- |
| चन्दा खर्च | | (६०,०००।-) |
| समायोजित करयोग्य आयको ५% ले | ७५,९००।- | |
| बास्तविक चन्दा खर्च | ६०,०००।- | |
| अधिकतम सीमा | १,००,०००।- | |
| करयोग्य आय | | १४,५८,०००।- |
| जीवन बीमा प्रिमियम | | (२५,०००।-) |
| आफ्नो र आफ्नो श्रीमतीको लागि तिरेको प्रिमियम | ३३,०००।- | |
| अधिकतम सीमा | २५,०००।- | |
| करयोग्य आय (करको गणनाको लागि) | | १४,३३,०००।- |
| करको गणना | | |
| रु.४,५०,००० सम्म (दम्पती)१% ले | ४,५००।- | आ.व.२०७६।७७ |
| रु.१,००,००० मा १०% ले | १०,०००।- | |
| रु.२,००,००० मा २०% ले | ४०,०००।- | |
| गैर व्यवसायिक करयोग्य लाभ बाहेक बाँकी रु.४,३३,०००।-<br>(१४,३३,०००-२,५०,०००-४,५०,०००-१,००,०००-२,००,०००।-)मा ३०% ले | १,२९,९००।- | |
| गैरव्यावसायिक करयोग्य सम्पत्तिको निसर्गको लाभ रु.२,५०,०००।-मा ५% का दरले | १२,५००।- | |

| | | |
|---|---|---|
| जम्मा | १,९६,९००।- | |
| न्यून: औषधि खर्च मिलान | ७५०।- | |
| **जम्मा कर दायित्व** | | **१,९६,१५०।-** |

नोट:

१. निज भाइराजाले स्वीकृत औषधोपचारमा रु.२०,०००।-खर्च गरेको र सोको १५% ले हुन आउने रकम रु.३,०००।-मध्ये रु.७५०।-यस वर्ष कर मिलान दाबी गरी बाँकी रहन आएको रु.२,२५०।-आगामी वर्षमा दाबी मिलान गर्न सक्दछन् ।

२. निज भाइराजाको व्यवसायमा आय नभई नोक्सानी भएको अवस्थामा व्यवसायको नोक्सानी रोजगारीको आयबाट कट्टा गर्न पाईंदैन तर लगानीमा भएको आयबाट भने कट्टा गर्न पाइन्छ ।

३. निज भाइराजाको गैर व्यावसायिक करयोग्य सम्पत्तिको नि:सर्गमा आय नभई नोक्सानी भएको अवस्थामा त्यस्तो नोक्सानी व्यवसायको वा रोजगारीको आयबाट कट्टा गर्न पाईंदैन तर त्यस्तो नोक्सानी अनन्तकालसम्म सार्न (Carry Forward) इन्छ ।

**योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने बासिन्दा प्राकृतिक व्यक्ति भएमा ।**

उदाहरण १७.१३.७: मानौ, लक्ष्मीकुमार रिमाल भन्ने व्यक्ति कुनै एक वाणिज्य बैंकमा मुख्य प्रबन्धकको रूपमा कार्य गर्दै आइरहेका रहेछन् । निजले आ.व.२०७६।७७ मा निम्नानुसारको आय रोजगारदाताबाट प्राप्त गरेका रहेछन् ।

| | |
|---|---|
| तलब मासिक | रु.२,००,०००।- |
| दशै खर्च | रु.२,००,०००।- |
| शैक्षिक भत्ता | रु.१०,०००।- प्रति महिना |
| महंगी भत्ता | रु.१०,०००।- प्रति महिना |
| बोनस रु.२,००,०००।- | |

- निजलाई कार्यालय तथा व्यक्तिगत प्रयोजनको लागि एक ड्राइभर सहितको कार उपलब्ध गराएको रहेछ ।
- ड्राइभरको मासिक तलब तथा भत्ता रु.२०,०००।- रहेछ ।
- उक्त मुख्य प्रबन्धकको गाडीको लागि मासिक पेट्रोल खर्च सरदर रु.१०,०००।- लाग्दो रहेछ र सो कारको लागि आर्थिक वर्ष २०७६।७७मा रु.४०,०००।-को मर्मत खर्च लागेको रहेछ ।
- निजलाई कार्यालयले आवास व्यवस्था समेत उपलब्ध गराइएको रहेछ ।
- निजलाई निजको आवासमा जडान गरिएको टेलिफोन खर्च बापत रु.६,०००।-प्रति महिना कार्यालयले उपलब्ध गराउने गरेको रहेछन् सोमध्ये ५०% व्यक्तिगत टेलिफोन खर्च रहेछ ।
- निजको आवासमा रेखदेख गर्नको लागि एकजना सेक्यूरीटी गार्ड उपलब्ध गराएको र निज गार्डलाई प्रति महिना रु.१६,०००।-उपलब्ध गरेको रहेछ । गार्ड प्रयोग गरेबापत निजको मासिक तलबबाट रु.८,०००।-कट्टा गर्ने गरिएको रहेछ ।

- निजले आवास ऋण बापत कार्यालयबाट ५% दरले ब्याज तिर्नेगरी रु.३०,००,०००।- को कर्जा वर्षभरि उपभोग गरेका रहेछन् । उक्त संस्थाले यस्तै किसिमको कर्जा अन्य ऋणीलाई दिंदा औसत ८% का दरले ब्याज लिने गरेको रहेछ ।
- निजले २०७६ मंसिर महिनामा घरबिदा बापत एक महिनाको तलब पनि प्राप्त गरेका रहेछन् ।
- कार्यालयले निजले खाइपाई आएको तलबको १०% र सोमा त्यत्तिनै रकम थप गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने गरेको रहेछ एवम् निज आफैले नागरिक लगानी कोषमा प्रतिमहिना रु.२०,०००।-का दरले जम्मा गर्ने गरेका रहेछन् ।
- निजले आफ्नो रु.५,००,०००।-बराबरको जीवन बीमा नेपाल बीमा संस्थानमा गरेका रहेछन् र सो बापत आ.व.२०७६।७७ मा निजले रु.३०,०००।-प्रिमियम दाखिला गरेका रहेछन ।
- निजले सो आ.व.मा स्वास्थ्य बीमा बापत रु.२०,०००।-प्रिमियम दाखिला गरेका रहेछन ।

निजको निर्धारणयोग्य आय, करयोग्य आयको गणना निम्नानुसार गरी आय विवरण पेस गर्नु पर्दछ ।

| विवरण | रकम रु. | रकम रु. |
|---|---|---|
| तलब | | २४,००,०००।- |
| दशै खर्च | | २,००,०००।- |
| शैक्षिक भत्ता | | १,२०,०००।- |
| महँगी भत्ता | | १,२०,०००।- |
| बोनस | | २,००,०००।- |
| गाडी सुविधा | | १२,०००।- |
| ड्राइभरको तलब | नलाग्ने | |
| पेट्रोल खर्च | नलाग्ने | |
| मर्मत खर्च | नलाग्ने | |
| आवास सुविधा | | ४८,०००।- |
| टेलिफोन खर्च (६०००X१२X५०%) | | ३६,०००।- |
| सेक्यूरीटी गार्ड सुविधा (१६,०००-८,०००)x१२ | | ९६,०००।- |
| कर्जा सुविधा (८%-५%)x३०,००,००० | | ९०,०००।- |
| घरविदा बापत तलब | | २,००,०००।- |
| सामाजिक सुरक्षा कोषमा योगदान | | २,४०,०००।- |
| रोजगारीको निर्धारणयोग्य आय | | ३७,६२,०००।- |
| छुट रकमः | | |
| छुट पाउने सामाजिक सुरक्षा कोषमा योगदान | | (५,००,०००।-) |
| वास्तविक योगदान | | |
| रोजगारदाताबाट सामाजिक सुरक्षा कोषमा | २,४०,०००।- | |

| | | |
|---|---|---|
| रोजगारकर्ताबाट सामाजिक सुरक्षा कोषमा | २,४०,०००।- | |
| रोजगारकर्ताबाट नागरिक लगानी कोषमा | २,४०,०००।- | |
| जम्मा अवकाश योगदान | ७,२०,०००।- | |
| निर्धारणयोग्य आयको एक तिहाई | १२,५४,०००।- | |
| अधिकतम सीमा | ५,००,०००।- | |
| करयोग्य आय | | ३२,६२,०००।- |
| जीवन बीमा प्रिमियम बापत घटाउन पाउने | | (२५,०००।-) |
| आफ्नो लागि तिरेको प्रिमियम | ३०,०००।- | |
| अधिकतम सीमा | २५,०००।- | |
| स्वास्थ्य बीमा प्रिमियम बापत घटाउन पाउने | | (२०,०००।-) |
| स्वास्थ्य बीमाको लागि तिरेको प्रिमियम | २०,०००।- | |
| अधिकतम सीमा | २०,०००।- | |
| करयोग्य आय (करको गणनाको लागि) | | ३२,१७,०००।- |
| करको गणना | | |
| रु.४,००,०००।-सम्म कर नलाग्ने | | आ.व.२०७६।७७ |
| बाँकी रु.१,००,०००।-मा १०% ले | १०,०००।- | |
| बाँकी रु.२,००,०००।-मा २०% ले | ४०,०००।- | |
| बाँकी रु.१३,००,०००।-मा ३०% ले | ३,९०,०००।- | |
| बाँकी रु.१२,१७,०००।-मा ३६% ले | ४,३८,१२०।- | |
| जम्मा रु. | ८,७८,१२०।- | |
| **जम्मा कर दायित्व रु.** | | **८,७८,१२०।-** |

नोटः

१. लक्ष्मीकुमार रिमालले योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा र नागरिक लगानी कोषमा पनि अवकाश योगदान गरेको हुँदा सामाजिक सुरक्षा कोषमा गरेको योगदानको सीमा पाँच लाख रुपैयाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म मात्र करयोग्य आयबाट घटाउन पाउँदछ । नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष दुवैमा गरेको अवकाश योगदानको सुविधा उपयोग गर्न निजले पाउँदैनन् ।

# परिच्छेद १८

# व्यवसायबाट भएको आयको गणना

# (Income from Business)

१८.१ आयकर ऐन, २०५८ ले आयका चार शीर्षक व्यवसाय, रोजगारी, लगानी तथा आकस्मिक लाभ उल्लेख गरेको छ । उल्लिखित आयका शीर्षकमध्ये व्यवसायको आय एक महत्वपूर्ण शीर्षक रहेको छ । सामान्यतयाः पुँजी, साधन तथा श्रमको प्रयोग गरी व्यवसायबाट आय आर्जन गरिन्छ । व्यवसायको आय गणना गर्ने प्रयोजनको लागि आय आर्जन गर्ने कार्यसँग सम्बन्धित खर्चलाई खर्चको रूपमा कट्टी दाबी गर्न सकिने व्यवस्था रहेको छ । यसरी खर्च कट्टी दाबी गर्ने प्रयोजनको लागि ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्तअनुरूप हुने व्यवस्था गरेको छ । व्यवसायबाट भएको आयको गणना सम्बन्धमा व्याख्या गर्दा आवश्यक महत्वपूर्ण व्यवस्था जस्तैः ऐनको परिच्छेद-३ मा उल्लेख भएको समावेश हुने रकम, परिच्छेद-४ मा उल्लेख भएको व्यावसायिक छुट, परिच्छेद-५ मा उल्लेख भएको कट्टी हुने रकम, परिच्छेद-६ मा उल्लेख भएको कर लेखाङ्कन र समय, अनुसूचि-२ मा उल्लेख भएको ह्रासकट्टीसम्बन्धी व्यवस्था लगायत अन्य महत्वपूर्ण व्यवस्था समेतको व्याख्या यस परिच्छेदमा गरिएको छ ।

१८.२ व्यवसाय

आयकर ऐन, २०५८ को दफा ५ बमोजिम कुनै आय वर्षको आय व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभशीर्षकमा वर्गीकरण गरिएको छ । ऐनको दफा २ (कज) ले "व्यवसाय" लाई निम्नानुसार परिभाषित गरेको छ :

**"व्यवसाय" भन्नाले कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार सम्झनु पर्छ र सो शब्दले त्यस्तै प्रकारका विगत, वर्तमान वा भावी व्यवसायलाई समेत जनाउँछ ।**

**तर यस शब्दले रोजगारीलाई जनाउँने छैन ।**

रोजगारीका सम्बन्धमा सामान्यतयाः श्रमको उपभोग हुन्छ त्यस्तै व्यवसायमा श्रम, साधन तथा पुँजीको उपभोग हुन्छ । लगानीमा सामान्यतयाः सम्पत्ति धारण गर्ने तथा आय आर्जन गर्ने सन्दर्भमा सो व्यक्तिको सक्रिय सहभागिता (Active Engagement)हुँदैन । व्यवसायको सन्दर्भमा भने सो व्यक्तिको आय आर्जन गर्ने कार्यमा सक्रिय सहभागिता (Active Engagement) हुन्छ । सम्पत्ति धारण गरी प्रत्यक्ष संलग्न नभई आय आर्जन गर्ने कार्यलाई सामान्यतयाः लगानी मानिन्छ भने सो व्यक्ति प्रत्यक्षरूपमा संलग्न भई सम्पत्ति एवम् आयलाई व्यवस्थापन गर्ने गरेको रहेछ भने सोलाई व्यवसाय मानिन्छ । यस अर्थमा निकायको सामान्यतयाः लगानीको आय हुँदैन । व्यवसाय अन्तर्गत उद्योग (Industry)अर्थात कुनै वस्तु उत्पादन गरी बिक्री गर्ने, व्यापार (Trading)अर्थात कुनै Tangible वा Intangibleवस्तुको खरिद बिक्री गर्ने, पेशा (Profession) वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने गरिन्छ ।

व्यवसाय (खासगरी Professional Service) र रोजगारीको बीचमा यदाकदा द्विविधा भइरहेको पाइन्छ । व्यवसाय र रोजगारीका बीचमा खास के भिन्नता छन् र ती कारोबारलाई कसरी व्यवसाय(Independent Contractor) वा रोजगारी भनी छुट्याउन सकिन्छ भन्ने बारेमा निम्नानुसारका बुँदालाई विशेष ध्यान दिनु पर्दछ ।

(i) **काम गर्ने प्रकृया** : व्यवसायमा खासगरी Independent Contractorले तोकिएको काम सम्पन्न गर्नुपर्ने हुँदा काम गर्ने प्रकृयाका सम्बन्धमा निर्देशन दिने काम

सामान्यतयाः हुँदैन् । तर कामदार वा कर्मचारीलाई काम गर्ने प्रकृया र के काम गर्ने भन्ने बारेमा स्पष्ट निर्देशन दिइएको हुन्छ ।

(ii) **सामान र साधनको प्रयोग** : व्यवसायमा Independent Contractor आफ्नो सामान र साधन प्रयोग गरी वा खरिद गरी आफूलाई दिइएको कार्य सम्पन्न गर्दछन् । कामदार वा कर्मचारीलाई भने रोजगारदाताले सामान र साधन उपलब्ध गराउँछ । सोही सामान र साधन प्रयोग गरी आफ्नो श्रमका कारण आफूलाई तोकिएको कार्य निरन्तर रूपमा गरिरहन्छन् ।

(iii) **कार्य समय** : Independent Contractorलाई कहिलेसम्ममा कार्य सम्पन्न गर्ने भन्ने समय तोकिएको हुन्छ । उक्त तोकिएको समयभित्र कार्य सम्पन्न गर्नको लागि Independent Contractorले आफ्नै हिसावले कार्य गर्ने समय तोकेका हुन्छन् । सामान्यतयाः कर्मचारीलाई तोकिएको समयभन्दा साधारणतया फरक हुन सक्दछ । तर, कामदार वा कर्मचारीलाई कहिले वा कुन समयमा काम गर्ने भनी तोकिएको हुन्छ । साधारणतया कर्मचारीले पूर्णकालीन समय काम गर्दछन् ।

(iv) **काम गर्ने व्यक्ति** : Independent Contractorले आफूलाई दिइएको कार्य अर्को व्यक्ति समेतको सहयोग लिई वा नलिई तोकिएको कार्य सम्पन्न गर्न सक्दछ । कर्मचारीले आफूलाई दिइएको कार्य सामान्यतयाः आफै वा आफ्नो सहायकमार्फत सम्पन्न गर्दछन् ।

(v) Exclusivity: Independent Contractorले एक समयमा एकभन्दा बढी सेवाग्राहीसँग काम गर्न सक्दछन् भने कर्मचारीले सामान्यतयाः एउटै रोजगारदातासँग कार्य गर्दछन् ।

(vi) **तालिम** : Independent Contractorले आफ्नो तालिमको व्यवस्था आफै गर्दछन् र त्यसमा लाग्ने सम्पूर्ण खर्च आफैले नै व्यर्होछन् । कर्मचारीको तालिमको व्यवस्था र सोको लागि लाग्ने खर्च भने रोजगारदाता (Employer) ले व्यवस्था गर्दछन् ।

(vii) **भुक्तानी गर्ने व्यवस्था** : Independent Contractorलाई कामको गुणस्तरको आधारमा वा काम गरेको समयको आधारमा भुक्तानी गरिन्छ । सो व्यवस्था कर्मचारीको हकमा लागू नहुन पनि सक्दछ ।

(viii) **सम्बन्धको (Relationship) निरन्तरता** : Independent Contractor को Employer सँगको सम्बन्ध तोकिएको कार्य सम्पन्न नहुँदासम्म मात्रै हुने गर्दछ । तर, कर्मचारीको रोजगारदातासँगको सम्बन्ध भने निरन्तर रहिरहन्छ ।

(ix) **पारिश्रमिकको गणना** : Independent Contractorले कुनै पनि कार्य बापत नाफा नोक्सानको जोखिम आफैले बहन गरी कुनै एउटा निश्चित रकम लिने गर्दछन् । जसले गर्दा उक्त कार्यबाट नाफा वा नोक्सानको गुन्जायस रहन्छ । कर्मचारीको हकमा भने तोकिएको समय कार्य गरे बापत निश्चित रकम पारिश्रमिकको रूपमा भुक्तानी गरिएको हुन्छ, अतिरिक्त नाफा वा नोक्सान हुने गुन्जायस देखिदैंन ।

माथि उल्लेख गरिएका बुँदाका अलावा कामको प्रकृति, भुक्तानी प्रणाली, व्यवहारिकता आदि प्रकृयाबाट समेत रोजगारी वा व्यवसाय भन्ने कुरा स्पष्ट रूपमा छुट्याउन सकिन्छ ।

### १८.३ व्यवसायको आयको लेखाङ्कन

### १८.३.१ कर लेखाङ्कन र समय

प्राकृतिक व्यक्तिले आफ्नो रोजगारी र लगानीको आयको लेखाङ्कन नगद आधार (Cash Basis)मा गर्नुपर्दछ भने व्यवसायको आय एक्रुयल (Accrual)वा नगद आधारमा लेखाङ्कन गर्नुपर्ने हुन्छ । कम्पनीले आफ्नो आय Accrual basisमा नै लेखाङ्कन गर्नुपर्ने हुन्छ । अन्य

व्यक्तिको हकमा भने प्रचलित लेखा व्यवस्थाको आधारमा नगद वा एक्रुयलको आधारमा लेखाङ्कन गर्न सक्दछन् । यसरी प्रयोग गरिने लेखाङ्कन नीति लेखाको सर्वमान्य सिद्धान्त बमोजिम निरन्तर रूपमा(Consistently) पालन गर्नुपर्ने हुन्छ । प्रचलित लेखामान अनुसार एवम् ऐनको दफा २२ को उपदफा (५) बमोजिम समेत लेखाङ्कन तरिकामा सामान्यतयाः परिवर्तन गर्न पाईदैंन । तथापि प्रचलित Industrial Practices को आधारमा लेखाङ्कन तरिका परिवर्तन गर्न आवश्यक लागेको खण्डमा प्राकृतिक व्यक्तिले विभागसमक्ष निवेदन दिन सक्नेछ । विभागलाई लेखाङ्कन विधि परिवर्तन गर्न उचित लागेमा कर प्रयोजनको लागि लेखाङ्कन तरिका परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।कम्पनीको कर प्रयोजनको लागि लेखाङ्कनAccrual Basis मा नै हुनुपर्ने हुनाले कम्पनीले भने लेखाङ्कन परिवर्तन गर्न निवेदन दिन सक्ने छैनन् । यसरी कर प्रयोजनको लागि लेखाङ्कन तरिका विभागको स्वीकृति लिई परिवर्तन गरेको खण्डमा त्यस्तो परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकममा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नुपर्नेछ ।

### १८.३.२ लेखाङ्कन नीति (Accounting Policy)

लेखाङ्कन नीति (Accounting Policy)ले आय लेखाङ्कनमा उल्लेखनीय असर गर्ने अवस्थालाई ध्यानमा राखि एकरूपता तथा नियमितता (Consistency)कायम राख्ने उद्देश्यले आयकर ऐन, २०५८ मा कर प्रयोजनको लागि ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्तअनुरूप हुने व्यवस्था गरेको छ । उपर्युक्त बमोजिमको प्रयोजनका लागि ऐनमा स्पष्टरूपमालेखाङ्कनको प्रकृया खुलाइएको अवस्थामा सोही बमोजिम र अन्यथा भएकोमा लेखाको सर्वमान्य सिद्धान्तअनुरूपलेखाङ्कन(Accounting) गर्नुपर्दछ । यस सन्दर्भमा नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था (Institute of Chartered Accountants of Nepal, ICAN) ले जारी गरेका नेपाल लेखामान (Nepal Accounting Standard) र सो नभएको अवस्थामा अन्तर्राष्ट्रिय लेखामान (International Accounting Standard) वा अन्य प्रचलित सिद्धान्तका आधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । आयकर प्रयोजनको लागि निम्न व्यक्तिले निम्नानुसारको लेखाङ्कन तरिका अपनाई कारोबार लेखाङ्कन गर्नु पर्दछ ।

| व्यक्ति | आयको शीर्षक | लेखाङ्कन तरिका |
|---|---|---|
| प्राकृतिक व्यक्ति | रोजगारी, लगानी | नगदको आधार |
| प्राकृतिक व्यक्ति | व्यवसाय | नगद वा एक्रुयल आधार |
| कम्पनी | व्यवसाय, लगानी | एक्रुयल आधार |
| कम्पनी बाहेकका निकाय | व्यवसाय, लगानी | नगद वा एक्रुयल आधार |

### १८.३.३ नगद आधारको लेखाङ्कन (Cash Basis of Accounting):

नगद प्राप्त भएपछि आम्दानीमा समावेश गर्ने एवम् नगद भुक्तानी भएपछि मात्रै खर्च लेख्ने प्रणालीलाई नगदको आधारमा लेखाङ्कन गर्ने पद्दति मानिन्छ । ऐनको दफा २३ ले नगद आधारको लेखाङ्कन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छः

**कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही रोजगारी, व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-**

**(क) निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्नेछ ।**

**(ख) निजले भुक्तानी गरेपछि मात्र सो गणनामा खर्चबापत कट्टी गर्नु पर्नेछ ।**

### १८.३.४ एक्रुयल आधारको लेखाङ्कन (Accrual Basis of Accounting):

एक्रुयल आधारको लेखाङ्कन(Accrual Basis of Accounting) अन्तर्राष्ट्रिय प्रचलनमा रहेको लेखाङ्कन पद्धति हो । नेपाल लेखामान (Nepal Accounting Standard- 1: Presentation of Financial Statement) ले निकायको नगद प्रवाह (Cash Flow Statement) बाहेक अन्य आर्थिक विवरण Accrual Basisमा राख्नुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा २२ को उपदफा (३) मा कम्पनीले कर प्रयोजनको लागि Accrual Basis मा नै लेखाङ्कन गर्नुपर्ने स्पष्ट व्यवस्था छ ।

Accrual Basis of Accounting मा कुनै आर्थिक घटना वा कारोबार हुनासाथ नै लेखाङ्कन गरिन्छ । कारोबार जुन समयसँग सम्बन्धित छ सोही समयमा नै लेखाङ्कन गरिने पद्दतिलाई एक्रुयल आधारको लेखाङ्कन भनिन्छ । यस्तो पद्दतिले आम्दानी र खर्चबीच Matching Concept लाई समेत पुष्ट्याई गर्न सहयोग पुग्ने हुन्छ । यस पद्दतिमा आय लेखाङ्कन गर्दा भुक्तानी पाउने अधिकार सृजना (Right to Receive) भएको अवस्थामा आय लेखाङ्कन गरिनुपर्छ भने खर्चको सन्दर्भमा भुक्तानी दिनुपर्ने दायित्व (Obligation to Pay) सृजना हुनासाथ खर्च भएको मानी लेखाङ्कन गरिनु पर्दछ । यस किसिमको लेखाङ्कनपद्दतिमा नगद प्राप्ति वा भुक्तानीलाई मात्र लेखाङ्कनको आधार मानिदैंन ।

ऐनको दफा २४ बमोजिम एक्रुयल आधारको लेखाङ्कन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छः

**(१) कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कनएक्रुयल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी निजको आयको गणनामा समावेश गर्नु पर्नेछ ।**

**(२) उपदफा (१) मा उल्लेखभए बमोजिम कुनै व्यक्तिको आय गणना गर्दा कट्टी गर्ने प्रयोजनको लागि देहायका खर्चहरु व्यहोरेको मानिनेछ :-**

**(क) कुनै अर्को व्यक्तिबाट भएको भुक्तानीको सट्टामा त्यस्तो खर्च समावेश भएको कुनै भुक्तानी गरिएको भएमा देहायको अवस्थामा खर्च व्यहोरेको मानिनेछ :-**

**(१) सो व्यक्तिमा सो भुक्तानी गर्ने दायित्व रहेकोमा,**

**(२) त्यस्तो दायित्वको मूल्य यथार्थपरकढङ्गले अनुमान गर्न सकिने भएकोमा, र**

**(३) अर्को व्यक्तिबाट भुक्तानी प्राप्त भएकोमा, वा**

**(ख) खण्ड (क) मा उल्लिखित अवस्थाबाहेक अन्य सबै अवस्थामा भुक्तानी गरिएको समयमा खर्च व्यहोरेको मानिनेछ ।**

**(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानुनका अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्नेछ ।**

**तर सहकारी संस्थाले ब्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्नेछ ।**

**(४) व्यवसाय वा लगानीबाट भएको कुनै व्यक्तिको आय एक्रुयल आधारमा गणना गर्दा सो व्यक्तिले आफूले पाउनुपर्ने कुनै भुक्तानी समावेश गरेकोमा वा आफूले व्यहोर्नुपर्ने कुनै भुक्तानी कट्टा गरेकोमा सटही दरको फरकको कारण समेतले गर्दा सो व्यक्तिले भुक्तानी पाउँदा वा भुक्तानी दिँदा फरक पर्न गएमा फरक रकमलाई भुक्तानी प्राप्त हुँदा वा दिँदा समायोजन गर्नु पर्नेछ ।**

कर लेखाङ्कन तरिका, समय एवम् आधारका बारेमा विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद ८ मा गरिएको छ ।

## १८.४ व्यवसायको आयमा समावेश हुने रकम

ऐनको दफा ७ मा व्यवसायबाट भएको आयको गणनाका सम्बन्धमा समावेश हुने रकम उल्लेख
छ । उपदफा (१) मा कुनै व्यक्तिको व्यवसायको आयको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

७(१) **कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायसञ्चालनबाट भएको मुनाफा र लाभहरु सो व्यक्तिको सो व्यवसायको सो वर्षको आय हुनेछ ।**

कुनै पनि आय वर्षमा व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभ सो व्यक्तिको सो आय वर्षको व्यवसायको आय हुन्छ ।

| |
|---|
| उदाहरण १८.४.१ : मानौं, ABC Companyएक उत्पादनमूलक कम्पनी रहेछ । यस कम्पनीको आ.व.२०६५।६६ मा भएको कारोबारबाट रु.२ करोड प्राप्त भएको रहेछ र उक्त कम्पनीमा रहेको व्यावसायिक सम्पत्ति बिक्री बापत रु.२० लाख लाभ भएको रहेछ । यसरी भएको मुनाफा र लाभ गरी जम्मा रु.२ करोड २० लाख कर प्रयोजनको लागि उक्त आ.व. मा सो कम्पनीको व्यवसायको आय मानिन्छ । |

कुनै पनि व्यक्तिको व्यवसायको आय गणना गर्दा ऐनको दफा ७ को उपदफा (२) मा उल्लिखित निम्नानुसार रकम समावेश गरी गर्नुपर्दछ :

७(२) **कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसायसञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षभित्र प्राप्त गरेको देहायका रकमहरु समावेश गरी गणना गर्नु पर्नेछ :-**

७(२)(क) **सेवा शुल्क,**

सेवा शुल्क भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवाबापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क (Management Fee) वा प्राविधिक सेवा शुल्क (Technical Service Fee)लाई समेत जनाउँछ । उदाहरणको लागि, परामर्शदातालाई निजले सेवा उपलब्ध गराएबापत दिइने भुक्तानी (Consultancy Fee), लेखापरीक्षण सेवा उपलब्ध गराएबापत लेखापरीक्षकलाई दिइने पारिश्रमिक सेवा शुल्क अन्तर्गतपर्दछ । तर कर्मचारी आन्तरिक लेखापरीक्षक भए निजलाई दिइने पारिश्रमिक भने पारिश्रमिक अन्तर्गत पर्दछ ।

**ऐनको दफा २ को खण्ड (कम) मा सेवा शुल्कलाई निम्नानुसार परिभाषित गरिएको छ : "सेवा शुल्क" भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले बैठक भत्ता, व्यवस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ ।**

सेवा शुल्कमा सामान्यतया श्रम, सीप, ज्ञानको प्रयोग बापत प्राप्त हुने शुल्क, अर्थात व्यवस्थापन शुल्क, परामर्श शुल्क जस्ता आय समावेश हुन्छन् । यस अन्तर्गत, बासिन्दा व्यक्तिले नेपालभित्र प्रदान गर्ने हस्पिटालिटी सेवा, ढुवानी सेवा, दूर सञ्चार सेवा, विज्ञापन सेवा, ईन्टरनेट सेवा जस्ता व्यावसायिक र निरन्तर रूपमा प्रदान गरिने सेवाको भुक्तानी भने सेवा शुल्क अन्तर्गत पर्दैनन्

**७(२)(ख) व्यापारिक मौज्दातको निःसर्गबाट प्राप्त रकम,**

व्यापारिक मौज्दातको बिक्री वा अन्य कुनै किसिमले भएको निःसर्गबाट प्राप्त रकमलाई व्यवसायको आय गणनामा समावेश गर्नुपर्दछ । यहाँ व्यापारिक मौज्दात भन्नाले बिक्रीयोग्य वस्तुलाई लिइएको छ । कुनै पनि व्यवसायको मुख्य कारोबारबाट प्राप्त हुने रकमलाई व्यापारिक मौज्दातको निःसर्गबाट प्राप्त गरिने रकम मानी गणना गर्नुपर्दछ । व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष (जस्तै, Packing Material)रूपमा बिक्रीको प्रयोजनको लागि राखिएका सम्पत्तिलाई व्यापारिक मौज्दात भनिन्छ । त्यसैगरी उत्पादनको क्रममा रहेको कार्य प्रगति (Work-in progress) लाई पनि व्यापारिक मौज्दात भनिन्छ । व्यक्तिको व्यवसायको आधारमा यस्तो वस्तुको उदाहरण फरक फरक हुन सक्दछ । जस्तै, फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यक्तिको लागि भने सो ह्रासयोग्य सम्पत्ति मानिन्छ ।

ऐनको दफा २ को खण्ड (कञ) मा व्यापारिक मौज्दातलाई निम्नानुसार परिभाषित गरिएको छ :

**"व्यापारिक मौज्दात" भन्नाले कुनै व्यक्तिको स्वामित्वमा रहेको निजद्वारा सञ्चालित नियमित व्यवसायको क्रममा बिक्री गरिनेसम्पत्ति, कार्य प्रगतिमा रहेको सम्पत्ति र सम्पत्तिमा समाविष्ट हुने सामाग्रीहरुको मौज्दात सम्झनुपर्छ ।**

**तर यस शब्दले विदेशी मुद्रामा रहेको सम्पत्तिलाई जनाउँने छैन ।**

कुनै व्यक्तिसँग विदेशी मुद्रा मौज्दात रहेछ भने त्यस्तो सम्पत्तिलाई व्यावसायिक सम्पत्ति (Foreign Currency Assets)मानिन्छ र उक्त विदेशी मुद्रामा रहेको सम्पत्तिलाई व्यापारिक मौज्दात मानिदैन । विदेशी मुद्राको मौज्दातलाई ऐनको दफा २८ बमोजिम नेपाली मुद्रामा परिवर्तन गरी बैंक तथा नगद मौंज्दात (Cash & bank balance) मा समावेश गर्नुपर्दछ । तर, त्यसरी नेपाली मुद्रामा परिवर्तन गर्दा हुन आउने विनिमय नाफा वा नोक्सानलाई आयकर प्रयोजनका लागि भने आयमा समावेश गर्न वा खर्च कट्टी गर्न पाइदैंन । विदेशी मुद्रामा रहेको सम्पत्ति प्राप्त गर्दा वा प्रयोग गर्दा प्राप्त गरेको वा प्रयोग गरेको समयको विनिमय दरले हुन आउने विनिमय नाफा नोक्सानलाई मात्र आयकर प्रयोजनका लागि आय वा खर्चमा समावेस गर्नुपर्दछ । बैंक तथा वित्तीय संस्थाको हकमा भने यस सन्दर्भमा नेपाल राष्ट्र बैंकले कुनै मापदण्ड निर्धारण गरेको भए सोही अनुसार अन्यथा माथि उल्लेख भए अनुसार नाफा नोक्सानको लेखाङ्कन गर्नुपर्दछ ।

**७(२)(ग) परिच्छेद-८बमोजिम गणना गरिएको कुनै व्यक्तिको व्यावसायिक सम्पत्ति वा व्यावसायिक दायित्वको निःसर्गबाट प्राप्त खुद लाभ,**

माथि (क) मा उल्लिखित सेवा शुल्क र (ख) मा उल्लिखित व्यापारिक मौज्दातको निःसर्गबाट प्राप्त रकमसमेत भुक्तानी पाएको पूरै रकम (Gross Receipt) आयमा समावेश गर्नुपर्दछ भने यो खण्ड बमोजिम भुक्तानी भएको पूरै रकम आयमा समावेशनगरी ऐनको परिच्छेद ८ बमोजिम खुद लाभ गणना गरी खुद लाभ भएको रकम मात्र आयमा समावेश गर्नुपर्दछ ।

व्यावसायिक सम्पत्ति र दायित्वको निःसर्ग (Disposal) बाट हुने लाभ गणना यस ऐनको परिच्छेद-८ अनुसार गरिन्छ । सम्पत्तिको हकमा बिक्री वा किस्ताबन्दीमा बिक्री गरी, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, नासिई, हराई, अंशबण्डा वा हक हस्तान्तरण गरी, साटासाट गरी वा कुनै तवरबाट आफ्नो स्वामित्व हट्ने माध्यमलाई सम्पत्तिको निःसर्ग (Disposal) मानिन्छ । त्यस्तै, दायित्वको हकमा

दायित्व भुक्तान गरी, दायित्वबाट मुक्त भई, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, दायित्व रद्द भई वा कुनै पनि माध्यमबाट दायित्व मुक्त भएको खण्डमा दायित्वको निःसर्ग मानिन्छ । सो निःसर्गबाट प्राप्त खुद लाभ व्यवसायको आय गणना गर्दा समावेश गर्नुपर्दछ । व्यावसायिक सम्पत्तिमा व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्ति बाहेक अन्य सम्पत्ति, जस्तै शेयर, जग्गा, लिनुपर्ने रकम, पेश्की हिसाब, नगद तथा बैंक मौज्दात आदि पर्दछन् ।

**ऐनको दफा २ को खण्ड (कट) मा व्यावसायिक सम्पत्तिलाई निम्नानुसार परिभाषित गरिएको छः**

**"व्यावसायिक सम्पत्ति" भन्नाले कुनै व्यवसायमा प्रयोग गरिएको कुनै सम्पत्ति सम्झनु पर्छ ।**

**तर यस शब्दले व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिलाई जनाउँनेछैन ।**

यसै निर्देशिकाको परिच्छेद २ मा व्यावसायिक सम्पत्तिबारे थप व्याख्या गरिएको छ ।

व्यावसायिक सम्पत्ति र दायित्वको निःसर्ग (Disposal) बाट हुने लाभको गणना ऐनको परिच्छेद-८ अनुसार गरिन्छ । सो परिच्छेद अनुसार गणना गरिएको लाभलाई व्यावसायिक आय मानिने हुँदा यस दफा अनुसार व्यवसायको आय गणना गर्दा समावेश गर्नुपर्दछ । व्यावसायिक सम्पत्तिमा व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिबाहेक अन्य सम्पत्ति, जस्तै, लिनुपर्ने रकम, पेश्की हिसाब, धितोपत्र, जग्गा आदिमा गरेको लगानी, नगद तथा बैंक मौज्दात आदि पर्दछन् । ऐनको परिच्छेद-८ मा उल्लिखित व्यावसायिक सम्पत्ति र दायित्वको निःसर्ग (Disposal) बाट हुने लाभका सन्दर्भमा यसै निर्देशिकाको परिच्छेद २२ मा विस्तृत व्याख्या गरिएका छ ।

७(२)(घ) **व्यवसायको ह्रासयोग्य सम्पत्तिको निःसर्गबाट अनुसूची-२ को दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम प्राप्त गरेको मानिने रकम,**

समय एवम् उपभोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति मानिन्छ । व्यक्तिको व्यवसायको प्रकृतिको आधारमा यस्तो वस्तुको उदाहरण फरक फरक हुन सक्दछ । जस्तैः फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यवसायमा त्यसको प्रयोग भएको छ भने सो ह्रासयोग्य सम्पत्ति मानिन्छ । सामान्यतयाः समय एवम् उपभोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिको उपभोग गरी आय आर्जन गर्ने कार्य भएको छ भने त्यस्तो सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति भनिन्छ ।

**ऐनको दफा २ को खण्ड (कर) मा ह्रासयोग्य सम्पत्तिलाई निम्नानुसार परिभाषित गरिएको छ :**

**"ह्रासयोग्य सम्पत्ति" भन्नाले कुनै व्यवसाय वा लगानीमा आय आर्जनको लागि प्रयोग गरिएका टुटफुट, पूरानो हुंदै गएको वा समय व्यतित हुदै गएको कारणबाट मूल्यमा ह्रास हुने सम्पत्ति सम्झनु पर्छ ।**

**तर यस शब्दले व्यापारिक मौज्दातलाई जनाउँने छैन ।**

ह्रासयोग्य सम्पत्तिको कुनै पनि वर्ग (Pool)मा रहेका सम्पूर्ण सम्पत्तिको ह्रासको आधार (ह्रास खर्च कट्टी गर्नु पूर्वको रकम) रकमलाई सोही वर्गको कुनै वा सबै सम्पत्ति बिक्री वा निःसर्गबाट प्राप्त रकमबाट घटाउँदा सम्पत्तिको निःसर्गबाट

प्राप्त रकमभन्दा उक्त वर्गको सम्पूर्ण सम्पत्तिको ह्रास आधार रकम कम भएमा बढी भए जतिको रकमलाई सो वर्गमा सम्पत्ति बाँकी रहे वा नरहे तापनि यस दफा अन्तर्गत लाभ मानी आय गणना गर्नुपर्दछ । जुन तल उल्लेख गरिएको उदाहरणबाट प्रष्ट हुन्छ ।

उदाहरण १८.४.२: मानौं, ABC कम्पनीको आ.व.०६५।६६ को ह्रासकट्टी गर्नुपूर्व समुह "ख" कम्प्युटर र फर्निचर रहेको सम्पत्तिको ह्रास आधार रु.९,००,०००।-रहेछ । कम्पनीले सो समूहको फर्निचर रु.१०,००,०००।-मा सोही आ.व.मा बिक्री गरेको रहेछ भने उक्त सम्पत्ति बिक्रीबाट प्राप्त गरिने लाभ (Balancing Charge)रकमलाई निम्नानुसार आयमा समावेश गर्नुपर्दछ ।

| | |
|---|---|
| "ख" वर्गको सम्पूर्ण सम्पत्तिको ह्रास आधार (ख) | रु.९,००,०००।- |
| "ख" वर्गमा पर्ने सम्पत्तिमध्ये फर्निचरको निःसर्गबाट प्राप्त रकम (क) | रु.१०,००,०००।- |
| लाभ (क-ख) : | रु.१,००,०००।- |

उदाहरण १८.४.३ : माथि उल्लेख गरिएको उदाहरण नं. १८.४.२ मा उल्लेख भएको "ख" वर्गमा रहेका फर्निचर तथा कम्प्युटर सामान सम्पूर्णनै बिक्री भएको अवस्थामा उक्त वर्ग विघटन भएको मानिन्छ । मानौं, फर्निचर रु.१०,००,०००।-मा र कम्प्युटर रु.५,००,०००।- गरी जम्मा रु.१५,००,०००।-मा बिक्री भएको अवस्थामा उक्त समूहको विघटनको लाभ वा नोक्सान गणना निम्नानुसार गरिन्छ ।

| | |
|---|---|
| सम्पत्ति समूह "ख" को निःसर्गबाट प्राप्त रकम | रु.१५,००,०००।- |
| सम्पत्ति समूह "ख" को ह्रासकट्टी आधार | रु.९,००,०००।- |
| सम्पत्ति समूह "ख" को निःसर्गबाट भएको लाभ : | रु.६,००,०००।- |

यसरी समूहको विघटनबाट भएको लाभलाई आय गणना गर्दा आयमा समावेश गर्नुपर्दछ ।

उदाहरण १८.४.४ : मानौं, माथि उदाहरण नं. १८.४.२ मा उल्लेख गरिए अनुसार कम्प्युटर विग्रेर काम नलाग्ने भयो वा उक्त कम्प्युटर चोरी भयो । त्यस्तो अवस्थामा ऐनको दफा ४० बमोजिम निःसर्ग भएको मानिन्छ र निम्नानुसार गणना गरिन्छ ।

| | |
|---|---|
| ह्रास आधार | रु.९,००,०००।- |
| निःसर्गबाट प्राप्त रकम | ०।- |
| बाँकी ह्रास आधार | रु.९,००,०००।- |

उल्लिखित उदाहरणमा सम्पूर्ण "ख" वर्गको सम्पत्तिमा रहेको फर्निचर बाँकी नै भएकाले वर्ग विघटन नभएको हुँदा सोही अनुसार ह्रास गणना गर्नु पर्दछ

७(२)(ङ) **व्यवसायका सम्बन्धमा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार,**

व्यवसायका क्रममा कुनै व्यक्तिबाट प्राप्त गरेको उपहार छन् भने सो उपहारलाई पनि व्यवसायको आयमा समावेश गर्नुपर्दछ ।

| |
|---|
| उदाहरण १८.४.५: मानौं, दिवाकर भन्ने व्यक्ति सोनि टि.भि. कम्पनीको डिलर रहेछन् । आ.व. २०६५।६६ मा कम्पनीले तोकेको लक्ष हासिल गरेको कारण रु.२५,०००।-पर्ने एउटा टि.भि. प्राप्त गरेका रहेछन् । यसरी प्राप्त भएको थप प्रतिफललाई उपहार भनिन्छ । सो टि.भि. व्यवसायसँग सम्बन्धित उपहार भएको हुँदा व्यवसायको आयमा समावेश गर्नुपर्दछ । |

**ऐनको दफा २ को खण्ड (त्र) मा उपहारलाई निम्नानुसार परिभाषित गरिएको छ**

**"उपहार" भन्नाले कुनै प्रतिफल विनाको भुक्तानी वा प्रतिफल सहितको भुक्तानी भएमा प्रतिफलको बजार मूल्यभन्दा भुक्तानीको बजारमूल्य बढी भएमा बढी भएको हदसम्मको भुक्तानी सम्भनुपर्छ ।**

**७(२)(च) व्यवसायसञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त गरेको रकम,**

व्यवसायसञ्चालनको सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकारेको सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट पारिएको छ ।

| |
|---|
| उदाहरण १८.४.६: मानौं, नेपाल रसबेरी फ्याक्ट्री र जुसबेरी कं.प्रा.लि.बीचमा कमलादी क्षेत्रमा रसबेरीले आफ्नो उत्पादन बिक्री नगरेबापत जुसबेरीले मासिक रु.१ लाख दिने भन्ने सम्भौता (Contract) भएको रहेछ भने यस अवस्थामा रसबेरीले उक्त प्रतिबन्ध स्वीकार गरे बापत प्राप्त रु.१ लाख आफ्नो व्यवसायको आयमा समावेश गर्नुपर्दछ । |

७(२)(छ) **कुनै व्यक्तिले प्राप्त गरेको रकम लगानीबाट हुने आयमा समावेश हुने प्रकृतिको भए तापनि त्यस्तो व्यक्तिले आफ्नो व्यवसायसँग प्रत्यक्षरूपमा सम्बन्धित भई प्राप्त गरेको रकम, र**

सामान्यतयाः कम्पनीको सबै आय व्यावसायिक आय हुने हुँदा आयको प्रकृति लगानी भए तापनि व्यावसायिक आयमा समावेश गर्नु पर्दछ । तसर्थ बैंक तथा वित्तीय संस्थाले कर्जा लगानीबाट प्राप्त गरेको ब्याज आयलाई यस दफा अन्तर्गत आय गणना गर्ने प्रयोजनको लागि यसै खण्ड अन्तर्गत समावेश गर्नु पर्दछ । वास्तवमा कर्जा लगानीबाट भएको आय सामान्यतयाः लगानीबाट गरिएको आर्जन भएतापनि व्यवसायको मुख्य कारोबार कर्जा लगानीसँग सम्बन्धित रहेको भए ब्याज आयलाई व्यवसायको आयमा समावेश गर्नुपर्दछ ।

७(२)(ज) **परिच्छेद-६वा ७ वा दफा ५६ वा ६० बमोजिम समावेश गरिनुपर्ने अन्य रकमहरु ।**

ऐनको परिच्छेद-६ वा ७ र दफा ५६ वा ६० बमोजिम समावेश गरिनुपर्ने रकमको केही उदाहरण निम्नानुसार छन्:

| | |
|---|---|
| दफा २२ | लेखाको तरिका (नगद वा एक्रुअल) अनुसार समावेश हुने रकम |
| दफा २२ | लेखाको तरिका परिवर्तनबाट (नगद वा एक्रुअलबाट रूपान्तर) अनुसार समावेश हुने रकम |
| दफा २३ | नगद आधारमा समावेश हुने रकम |
| दफा २४ | एक्रुअल आधारमा समावेश हुने रकम<br>स्वीकृत तरिका बमोजिमका बैंकिङव्यवसायका रकम |

| | |
|---|---|
| दफा २५ | तिर्न नपर्ने रकम समावेश हुने<br>अपलेखित खराव कर्जा उठेको रकम समावेश गर्ने |
| दफा २६ | दीर्घकालिन करारको रकम समावेश गर्ने |
| दफा २७ | सुविधाको परिमाणीकरण गर्ने |
| दफा २८ | विदेशी मुद्रामा रहेको हिसावको रूपान्तरण र समावेश |
| दफा २९ | अप्रत्यक्ष भुक्तानीको परिमाणीकरण |
| दफा ३१ | क्षतिपूर्ति रकम समावेश गर्ने |
| दफा ३२ | वित्तीय पट्टा र वार्षिक वृतिको रकम समावेश गर्ने |
| दफा ३३ | मूल्य हस्तान्तरण भएको रकम समावेश गर्ने |
| दफा ३४ | आय खण्डिकरण भएको रकम समावेश गर्ने |
| दफा ३५ | कर मुक्तिको सामान्य नियम अनुसारका रकम समावेश गर्ने |
| दफा ५६ | मुनाफा रहितको वितरण आयमा समावेश गर्ने |
| दफा ६० | बीमा व्यवसायको रकम समावेश गर्ने |

व्यवसायको लेखाङ्कनएवम् तरिकामा भएको परिवर्तन समेतका आधारमा आय गणना हुने व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट थप स्पष्ट पारिएकोछ।

उदाहरण १८.४.७: मानौं, देवेन महरा कानुन व्यवसायी रहेछन् । निजले आफ्नो पेशाबाट प्राप्त हुने आय नगदको आधारमा लेखाङ्कन गरिआएका रहेछन् । निजले आ.व.२०६५।६६ मा **Cash Basis**बाट**Accrual Basis**मा लेखाङ्कन तरिका परिवर्तन गर्न विभागसमक्ष निवेदन दिएका रहेछन् । हिसाब किताब प्रचलित लेखा सिद्वान्तसँग मेल खाने भएकोले विभागले समेत सो परिवर्तनलाई आ.व.२०६५।६६ देखि लागू हुने गरी स्वीकृति दिएको रहेछ । यसरी लेखाङ्कन परिवर्तन हुनु अघिको अवस्थामा निजको हिसाब किताबको अवस्था निम्नानुसार रहेछ।

| | | |
|---|---|---|
| १. | २०६४।६५ सम्म सेवा दिइसकेको तर नगद प्राप्त नभएको हुँदा सो आ.व.मा आम्दानीमा समावेश नगरेको | रु.८०,०००।- |
| २. | २०६४।६५ सम्म सेवा बापत पेश्की तिरेको (सेवा प्रदान २०६५।६६) तर सेवा प्रदान गर्न बाँकी भएतापनि नगद आधारमा सो आ.व.मा आम्दानीमा समावेश गरेको | रु.३०,०००।- |
| ३. | २०६४ माघ देखि २०६५ पौष मसान्तसम्मको घरवहाल आ.व. २०६४।६५ मा भुक्तान गरेको र नगद आधारमा आ.व. २०६४।६५ मा खर्च कट्टी दाबी गरिसकेको | रु.४८,०००।- |

उपर्युक्त अवस्थामा आ.व.२०६५।६६ मा निजले निम्नानुसार आय तथा कट्टी दाबी समायोजन गर्नुपर्ने हुन्छ।

१. आ.व.२०६४।६५ सम्म सेवा प्रदान गरिसकेको बापत प्राप्त हुन बाँकी रु.८०,०००।-लाई Accrual Basisमा आ.व.२०६५।६६ मा आम्दानीमा समावेश गर्नुपर्ने।

२. २०६४।६५ सम्म सेवा प्रदान गर्नु अगावै पेश्की लिएको रकम आ.व.२०६५।६६ मा सेवा प्रदान गरेतापनि आय २०६४।६५ मा नै गणना भइसकेको हुँदा रु.३०,०००।- दोहोरो आय गणना गर्नु नपर्ने । अर्थात आ.व.२०६५।६६ मा सेवा प्रदान भएतापनि सो आ.व.को आयमा समावेश गर्नु नपर्ने ।

३. घर बहाल खर्च पेश्की रु.४८,०००।-मध्ये ६ महिनाको रु.२४,०००।- आ.व.२०६५।६६ सँग सम्बन्धित भएतापनि नगद आधारमा आ.व.२०६४।६५ मा नै कट्टी दाबी गरिसकेको हुँदा आ.व. २०६५।६६ मा कट्टी दाबी गर्न नपाउने ।

आ.व.२०६५।६६ मा यस्ता आय तथा कट्टी दाबी गर्ने खर्च रकम दोहोरो नपर्ने गरी समायोजन गरेपश्चात त्यस पछिका आय वर्षमा भने Accrual Basisमा लेखाङ्कन गर्नुपर्दछ ।

ऐनको परिच्छेद-७ मा उल्लेख भए बमोजिमकुनै व्यक्तिद्वारा गरिएको कारोबारको भुक्तानी नगदमा मात्रै नभई सम्पत्तिको हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा त्यसरी हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकमलाई आयमा समावेश गर्नुपर्दछ । यसरी हस्तान्तरित सम्पत्तिको मूल्य दुई पक्षबीच भएको सम्झौतामा उल्लेख गरिएको मूल्य वा कितावी मूल्यलाई आधिकारिक कारोबार मूल्य नमानी सो वखत हस्तान्तरित सम्पत्तिको बजार अनुसार यकिन गरिएको मूल्यलाई ऐनको प्रयोजनको लागि आधिकारिक मूल्य मानी आयमा समावेश गर्नुपर्दछ । यसरी गरिएको कारोबार व्यवसायसँग सम्बन्धित भएको हुँदा व्यवसायको आय गणना गर्दा समावेश गर्नुपर्दछ । उक्त व्यहोरा तलको उदाहरणबाट स्पष्ट पारिएको छ :

उदाहरण १८.४.८: मानौं, दिगम बान्तवा भन्ने व्यक्तिले स्कट नेपाल प्रा.लि.नामको संस्थालाई कुनै सेवा उपलब्ध गराएका रहेछन् । उक्त संस्थाले निज दिगमलाई सो सेवाको मूल्य नगदमा भुक्तानी नदिई एउटा टेलिभिजन दिएको रहेछ । उक्त टेलिभिजनको बजार मूल्य रु.५०,०००।- रहेछ भने सो अवस्थामा निज बान्तवाले नगदमा भुक्तानी नलिए पनि रु. ५०,०००।-को भुक्तानी प्राप्त गरे सरहमानिनेछ ।

ऐनको दफा ५६(३)अनुसार निकायले हिताधिकारीलाई गरेको कुनै भुक्तानीले निकायको मुनाफाभन्दा बढी रकम वितरण गरेको देखिएमा सो बढी जति रकमलाई आयमा समावेश गर्ने व्यवस्था गरेको छ । यस सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १३ मा उल्लेख गरिएको छ ।

ऐनको दफा ६० अनुसार सामान्य बीमा व्यवसायबाट हुने आय यस खण्डमा समावेश गरी विवरण भर्नुपर्दछ । यस सम्बन्धमा विशेष तथा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १९ मा उल्लेख गरिएको छ ।

## १८.५ व्यवसायको आयमा समावेश नहुने रकम

ऐनको दफा ७ को उपदफा (३) मा व्यवसायको आयमा समावेश नहुने रकमका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छः

७(३) **उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०, ५४ र ६९ बमोजिम छुट पाउने रकम र अन्तिमरूपमा कर कट्टी हुने भुक्तानीहरु व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभको गणना गर्दा समावेश गर्नुपर्ने छैन ।**

ऐनको दफा १० बमोजिम निम्नानुसारको रकमलाई आयमा समावेश गर्नुपर्दैन :-

**१०(क)  नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,**

नेपाल सरकार र अन्य कुनै पनि विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय सन्धिमा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने व्यक्तिले सो सन्धिको अधीनमा रही प्राप्त गरेको रकम कर छुटको रकम हुनेछ ।

**१०(छ)  छुट पाउने संस्थाले देहायबापत प्राप्त गरेको रकम :-**

**(१)  चन्दा, उपहार,**

**(२)  दफा २ को खण्ड (ध) बमोजिमको छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्षरूपले सम्बन्धित अन्य योगदानहरु,**

छुट पाउने संस्थाले प्राप्त गरेको चन्दा, उपहार वा छुट पाउने संस्थाबाट प्रतिफल प्राप्त गरी वा प्रतिफलको आस नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्षरूपले सम्बन्धित अन्य योगदान रकमलाई कर छुट हुने रकम मानिन्छ ।

| |
|---|
| उदाहरण १८.५.१: मानौं, नेपाल दलित विकाश मञ्च विभागमा कर छुट पाउने संस्थाको रूपमा दर्ता भएको एक निकाय रहेछ । उक्त मञ्चलाई विभिन्न दाताबाट रु.५,००,०००।- चन्दा प्राप्त भएको रहेछ । त्यस्तै नेपाल सरकारबाट दलित उत्थान कार्यमा खर्च गर्ने गरी रु.१० लाख अनुदान प्राप्त भएको रहेछ भने त्यस्तो दुवै रकम उक्त निकायको लागि कर छुट रकम मानिन्छ र आयकर प्रयोजनको निमित्त आयमा समावेश गर्नुपर्दैन । |
| उदाहरण १८.५.२: मानौं, कुनै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले सडक वालवालिकालाई कम्प्युटर शिक्षा दिने तालिम सञ्चालन गर्नको लागि कर छुट प्रमाणपत्र प्राप्त गरेको एक गैरसरकारी संस्था छनौट गरेको रहेछ । तालिम कार्यका लागि सो गैरसरकारी संस्थालाई दिएको रकम बापत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले तालिम (प्रतिफल) को आश गरेकाले कर छुट भएको निकाय भई सो गैरसरकारी संस्थाले आफ्नो उद्देश्य अनुसारकै कार्यक्रम सञ्चालन गर्नका लागि रकम पाए तापनि यस्तो रकम अनुदान नभएकाले यसरी प्राप्त गरेको रकम (सेवा शुल्क) मा कर छुट हुँदैन । |

**१०(झ)  नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको जुनसुकै प्रकारको आय ।**

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आय सम्पूर्ण रूपमा कर छुट हुने आय मानिएको छ । तसर्थ नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई भुक्तानी गर्ने रकममा स्रोतमा कर कट्टी समेत गर्नुपर्ने छैन । यस सन्दर्भमा नेपाल सरकारको पूर्ण स्वामित्व भएको व्यावसायिक निकाय (जस्तै, राष्ट्रिय वाणिज्य बैंक) को आय भने यस खण्डको आधारमा छुट हुने आय मानिदैंन ।

**१०(ञ) नेपाल राष्ट्र बैंकले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम ।**

नेपाल राष्ट्र बैंकले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकम कर छुट हुने रकम मानिन्छ

| |
|---|
| उदाहरण १८.५.३ : मानौं, नेपाल राष्ट्र बैकले बैकिङ्ग विकास कोषमा रु.२० करोड छुट्याएको रहेछ । उक्त कोषमा रहेको रकम विभिन्न बैंक तथा वित्तीय संस्थामा निक्षेपमा रहेको र सो निक्षेपबाट नेपाल राष्ट्र बैंकलाई रु.१ करोड ब्याज आम्दानी भएको रहेछ । यस्तो आय नेपाल राष्ट्र बैंकको उद्देश्य अनुसार खर्च गर्ने कोषको आय |

भएको हुँदा त्यस्तो आय छुट हुने आय मानिन्छ । ब्याज भुक्तानी गर्ने व्यक्तिले त्यस्तो ब्याज रकमको भुक्तानीमा समेत स्रोतमा कर कट्टी गर्नुपर्दैन ।

**१०(ट) खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आय ।**

जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरूप आर्जन गरेको रकममा कर छुट हुन्छ ।

**१०(ठ) नेपाल धितोपत्र बोर्डबाट स्विकृत प्राप्त सामुहिक लगानी कोष(म्युच्युअल फण्ड) ले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकमलाई आयमा समाबेश गर्नु पर्देन ।**

**१०(ड) नेपाल सरकार वा नेपाल सरकारको सम्वन्धित निकाय संग भएको समझदारी पत्रको आधारमा नाफा नकमाउने वा बितरण नगर्ने उद्देश्यले स्थापना भई संचालनमा रहेको शैक्षिक संस्थाले आफ्नो उद्येश्य अनुरुप आर्जन गरेको रकमलाई आयमा समाबेश गर्नु पर्देन ।**

**कम्पनी वा साझेदारीबाट वितरण गरिएको लाभांश**

ऐनको दफा ५४ अनुसार कम्पनी र साझेदारीबाट वितरण गरिएको लाभांशमा अन्तिमरूपमा कर कट्टी गर्ने विधिद्वारा कर लगाइन्छ । अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीलाई आयमा समावेश गर्नु पर्दैन । यस सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १३ मा उल्लेख गरिएको छ ।

**नियन्त्रित विदेशी निकायद्वारा वितरण हुने रकम**

नियन्त्रित विदेशी निकायद्वारा ऐनको दफा ६९ को उपदफा (२) अनुसार वितरण हुने लाभांश रकम आय गणना गर्ने प्रयोजनको लागि आयमा समावेश गर्नुपर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १४ मा उल्लेख गरिएको छ ।

**अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी**

अन्तिम रूपमा कर कट्टी हुने ऐनको दफा ९२ अनुसारका भुक्तानीबाट प्राप्त भएको रकमलाई आयमा समावेश गर्नुपर्दैन । जस्तै, नेपाल स्रोत भएको भुक्तानीमा कर कट्टी गरी प्राप्त गरेको लाभांश रकमलाई ऐनको दफा ९२ अनुसार अन्तिम कर कट्टी गरी भुक्तानी गरिएको रकम मानिएको हुँदा यस्तो भुक्तानी रकमलाई आयमा समावेश गर्नुपर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १६ मा उल्लेख गरिएको छ ।

## १८.६ कट्टी हुने रकम(Deductions)

### १८.६.१ सामान्य कट्टी

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायको आय निर्धारण गर्दा सामान्यतया: कारोबारसँग सम्बन्धित सम्पूर्ण खर्च कट्टी दाबी गर्न पाउनेछ । व्यवसायको लागि भएका सबै खर्च ऐनको दफा १३ तथा दफा २१ को अधीनमा रही खर्च कट्टी पाइन्छ । तर दफा १४ देखि १९ सम्मका खर्चको हकमा तत् तत् दफामा तोकिएको हदसम्म मात्र खर्च कट्टी पाइन्छ । सो सम्बन्धमा ऐनको दफा १३ मा निम्नानुसारको व्यवस्था गरेको छ :

**१३. कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरु कट्टी गर्न पाउनेछ :-**

**(क) सो आयवर्षमा भएका,**

**(ख) सो व्यक्तिबाट भएका, र**

(ग) व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका ।

यस दफाले व्यवसायबाट आय आर्जन गर्ने कार्यसँग सम्बन्धित सो वर्ष भएको र सो व्यक्तिले गरेको खर्च सामान्य कट्टीको रूपमा खर्च दाबी गर्न सक्ने व्यवस्था गरेको छ । माथि उल्लिखित तीनवटै अवस्था पूरा नभएको खण्डमा भने खर्च दाबी गर्न सकिदैंन ।

उदाहरण १८.६.१: मानौं, नेपाल दक्षता कम्पनी प्रा.लि.ले आय वर्ष२०६४।६५ मा आफ्नो व्यावसायिक प्रयोजनको निमित्त रु.१० हजारको विज्ञापन गरेको रहेछ । उक्त वर्ष सो कम्पनीले सो रकमको नगद भुक्तानी नगरी आ.व.२०६५।६६ मा मात्र गरेको रहेछ । उक्त खर्च रकम सो कम्पनीले आ.व.२०६४।६५ मा गरेको र सो खर्च व्यवसायसँग सम्बन्धित समेत भएकोले आ.व.२०६४।६५ मा खर्च कट्टी पाउँदछ ।

तर, सो कम्पनीले उक्त खर्च आ.व.२०६४।६५ मा दाबी नगरी आ.व.२०६५।६६ मा गरेको खण्डमा उक्त खर्च रकम सो कम्पनीले गरेको र सो खर्च व्यवसायसँग सम्बन्धित भएतापनि आ.व.२०६५।६६ को आय आर्जन गर्ने कार्यसँग सम्बन्धित नभएकोले आ.व.२०६५।६६ मा खर्च कट्टी पाउन सक्दैन ।

प्रारम्भिक एवम् पूर्व सञ्चालन खर्चलाई कारोबार प्रारम्भ भएको वर्ष उपर्युक्त शीर्षकमा एकमुष्ठ रूपमा सोही वर्ष खर्चका रूपमा कट्टा गर्न पाइनेछ । प्रारम्भिक एवम् पूर्व सञ्चालन खर्चलाई स्थगन गरी आगामी वर्षमा खर्चको रूपमा दाबी गर्न सकिदैंन र पुँजीगत प्रकृतिका बाहेक त्यस्ता खर्चलाई स्थायी सम्पत्तिमा समेत समावेश गर्न पाईदैन ।

१८.६.२ ब्याज कट्टी

कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायको आय निर्धारण गर्दा सामान्यतया: कारोबारसँग सम्बन्धित सम्पूर्ण ब्याज खर्च कट्टी दाबी गर्न पाउँनेछ । सो सम्बन्धमा ऐनको दफा १४ मा निम्नानुसारको व्यवस्था गरेको छ :

**१४(१) कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको देहायको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउनेछ :-**

**(क) कुनै रकम ऋण लिए बापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको, वा**

**(ख) अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएको ।**

**दफा २(कभ) अनुसार,"ब्याज" भन्नाले देहायका भुक्तानी वा लाभ सम्झनु पर्छ :-**

**(१) साँवा बाहेक ऋण दायित्व अन्तर्गतको भुक्तानी,**

**(२) छुट, ऋण दायित्व अन्तर्गतको छुट, प्रिमियम, अदलबदल भुक्तानी वा त्यस्तै भुक्तानीको माध्यमबाट प्राप्त गरिएको लाभ, र**

**(३) वार्षिक वृत्ति वा किस्ताबन्दी बिक्री अन्तर्गत सम्पत्ति प्राप्त गर्ने व्यक्तिबाट वा वित्तीय पट्टा अन्तर्गत कुनै सम्पत्तिको प्रयोग बापत कुनै व्यक्तिलाई गरिने भुक्तानी मध्ये ब्याजको रूपमा लिइने दफा ३२ बमोजिमका रकमहरु ।**

उक्त परिभाषा अनुसार ब्याज खर्चमा निम्न खर्च पर्दछन्:

| ऋण दायित्व | ब्याज |
|---|---|
| कर्जा, ऋण, निक्षेप | साँवा बाहेकका सवै भुक्तानी - सेवा शुल्क, नवीकरण शुल्क, ब्याज, डकुमेन्टेशन शुल्क, अदल बदल शुल्क (Swap)<br>(तर धितोमा रहेको सम्पत्तिको रजिष्ट्रेशन, बीमा, पोत वा शुल्क ब्याज होइनन्, सम्बन्धित सम्पत्ति वा दायित्वका आउटगोइंग वा सामान्य खर्च हुन्) |
| वार्षिक वृत्ति | ब्याज, प्रिमियम, बोनस |
| वित्तीय पट्टा | ब्याज, प्रिमियम, |
| विनिमयपत्र, ट्रेजरी बील, डिपबण्ड,बण्ड, बचतपत्र | ब्याज, छुट, प्रिमियम (तर डिवेन्चर, बण्ड वा बचतपत्र जारी गर्दाको खर्च ब्याज नभई दायित्वमा भएको खर्च (Outgoings) हो) |
| नासो | ब्याज, वृद्धि |

ऐनको दफा १४ को उपदफा (१) अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसायबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले सो वर्षमा प्रयोग गरेको कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएका ऋण दायित्व वा व्यवसायबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउनेछ । तर त्यस्तो ऋण व्यवसायको काममा प्रयोग नगरिएको हदसम्मको ब्याज भने खर्च कट्टी पाउँदैन ।

कुनै सम्पत्ति खरिद गर्न ऋण दायित्व सिर्जना भएकोमा सो खरिद गरिएको सम्पत्ति व्यवसायमा प्रयोग गर्न शुरु भएको वर्षदेखिको सो ऋणमा लागेको ब्याज खर्च कट्टी पाउँदछ । यस्तो सम्पत्तिको व्यवसायमा प्रयोग वर्षको बीचमा शुरु भए तापनि सो पूरै वर्षको ब्याज खर्च कट्टी पाउँदछ ।

उदाहरण १८.६.२: मानौं, कुनै व्यक्तिले चालु आय वर्षमा प्रयोग भइरहेको मेशिन खरिद गर्नको लागि २ वर्ष अघि ऋण लिएको रहेछ भने सो ऋण दायित्वमा चालु आय वर्षमा लागेका ब्याज कट्टी गर्न पाउनेछ । तर सो मेशिन प्रयोगमा आइनसकेको भए त्यस्तो ब्याज भने पुँजीकरण गरी सम्पत्तिको मूल्यमा समावेश गर्नुपर्छ, खर्च कट्टी गर्न पाइदैन । यसको अलावा चालु पुँजीको (जस्तैः कर्मचारीलाई तलब दिन, उत्पादनमा प्रयोग भएको कच्चा पदार्थ खरिद गर्न आदि) को निमित्त लिएको ऋणको ब्याज पनि कट्टी गर्न पाउनेछ ।

उदाहरण १८.६.३ : मानौं, कुनै व्यक्तिले यो वर्ष मेशिन खरिद गर्नको लागि १२ प्रतिशत प्रतिवर्षका दरले ब्याज तिर्ने गरी श्रावण १ गते रु.२ करोड ऋण लिएको रहेछ । सो मेशिन बैशाख १ गतेदेखि प्रयोगमा आएको रहेछ । ऋणका शर्त पूरा गर्न यो वर्ष निम्नानुसार खर्च व्यहोरिएको रहेछः

क) सेवा शुल्क १ प्रतिशत वार्षिक नवीकरण शुल्क ०.५ प्रतिशत हरेक वर्षको श्रावण १ गते भुक्तानी हुने ।

ख) कर्जा रजिष्ट्रेशन शुल्क रु.२०,०००।-

ग) धितो मूल्यांकन रु.२०,०००।-, मालपोत रु.२,०००।-, बीमा रु.३०,०००।-

घ) हरेक ३ महिनामा बैंक र बीमा कम्पनीले धितो स्वतन्त्र रूपमा निरीक्षण गराउँदो रहेछ र मूल्यांकनकर्ताले प्रति भ्रमण रु.२०००।-लिँदो रहेछ ।

यस्तो अवस्थामा निम्नानुसार खर्च कट्टी गर्न पाउनेछ :

- ब्याज रकम रु.२६ लाख (ब्याज रु.२४ लाख र सेवा शुल्क रु.२ लाख) हुनेछ र

ऋण व्यक्तिगत प्रयोग भएको छैन ।

- ऋण र खरिद गरिएको सम्पत्तिको प्रत्यक्ष सम्बन्ध भएकाले भारित दर गणना गर्नुपर्दैन । खरिद गरिएको सम्पत्ति बैशाख १ मा व्यवसायमा प्रयोग गरिएकाले सो आय वर्षमा सो ऋणमा तिरिएको वा तिर्नपर्ने सबै ब्याज दफा १४(१) बमोजिम कट्टी हुन्छ । तसर्थ पुँजीकरण हुने ब्याज शून्य हुन्छ ।
- ऋण दाबी भएको निकाय कर छुट हुने निकायद्वारा नियन्त्रित निकाय होइन । त्यसैले यो वर्षको ब्याज रु.२६ लाखमध्ये पुँजीकरण हुने रु.० घटाई बाँकी रहेको रु.२६ लाख ब्याज खर्च कट्टी हुन्छ ।

कर्जा रजिष्ट्रेशन शुल्क रु.२०,०००।-र धितो मूल्यांकन रु.२०,०००।-दायित्व बापतका आउटगोइंग हुन भने मालपोत रु.२,०००।-, बीमा रु.३०,०००।-र आवधिक निरीक्षण शुल्क रु. ६,०००।-सम्पत्तिको सुरक्षासँग सम्बन्धित सामान्य खर्च हुन् ।

उदाहरण १८.६.४: मानौं, जुट उत्पादन कम्पनीले यो वर्ष रु.३० लाख ऋण ल्याई कच्चा जुट खरिद गरेको रहेछ । बैंकसँग कर्जा लिँदा सो ऋण कच्चा पदार्थ खरिद गर्ने शर्तमा ओभरड्राफ्ट लिई यो वर्ष रु.३,४०,०००।-ब्याज तिरेको रहेछ । कच्चा पदार्थ तथा व्यापारिक मौज्दातको खरिदमा लिएको चालु कर्जा भएकाले सो कर्जाको सबै ब्याज दफा १४(१) बमोजिम ब्याज खर्च मानिन्छ ।

१४(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकायले कुनै आय वर्षमानियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई ब्याज भुक्तानी गरेमा उपदफा (१) बमोजिम कट्टी गर्न पाउने त्यस्तो ब्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुने छैन :-**

(क) **सो निकायको करयोग्य आयको गणनामा समावेश गरिने सो वर्षमा प्राप्त गरेको सबै ब्याज रकम, र**

(ख) **सो निकायबाट प्राप्त गरिएको कुनै ब्याज समावेश नगरी वा सो निकायबाट बुझाइएको कुनै ब्याज कट्टी नगरी गणना गरिएको सो निकायको सो वर्षको समायोजित करयोग्य आयको पचास प्रतिशत रकम ।**

दफा १४ मा दिइएको स्पष्टीकरणमा कर छुट पाउने संस्थालाई निम्नानुसार स्पष्ट पारिएको छ :

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि कुनै आय वर्षको लागि "कर छुट पाउने संस्थाद्धारा नियन्त्रित बासिन्दा निकाय" भन्नालेसो वर्षमा बासिन्दा निकाय भई सो बासिन्दा निकायमा सो वर्षको कुनै समयमा देहायका व्यक्ति वा संस्थाहरुको पच्चीस प्रतिशत वा सोभन्दा बढी निहित स्वामित्व वा नियन्त्रण रहेको निकाय सम्झनुपर्छ :-**

(क) **कर छुट पाउने संस्था र सोसँग सम्बद्ध व्यक्ति,**

(ख) **सो वर्षमा दफा ११ बमोजिम कर छुट पाउने व्यक्ति वा त्यस्तो व्यक्तिसँग सम्बद्ध व्यक्ति,**

(ग) **गैर बासिन्दा व्यक्ति वा गैर बासिन्दा व्यक्तिसँग सम्बद्ध व्यक्ति, वा**

(घ) **खण्ड (क), (ख) र (ग) मा उल्लिखित व्यक्तिहरुको कुनै संयोजन ।**

उपर्युक्त परिभाषा अनुसार कर छुट पाउने व्यक्तिद्वारा नियन्त्रित निकाय हुन आय वर्षको कुनै पनि दिनमा निम्नानुसारको शेयर स्वामित्व गणना गर्नुपर्दछ :

- कर छुट पाउने संस्था वा निजका सम्बद्ध व्यक्तिको सो आय वर्षको कुनै दिन शेयरको चुक्ता पुँजीमा वा शेयर संख्यामा २५ प्रतिशत वा सोभन्दा बढी नियन्त्रण भएको वा
- दफा ११ बमोजिमका कर छुट पाएका व्यक्ति वा निजका सम्बद्ध व्यक्तिको सो आय वर्षको कुनै दिन शेयरको चुक्ता पुँजीमा वा शेयर संख्यामा २५ प्रतिशत वा सोभन्दा बढी नियन्त्रण भएको वा
- गैर बासिन्दा व्यक्ति वा निजका सम्बद्ध व्यक्तिको सो आय वर्षको कुनै दिन शेयरको चुक्ता पुँजीमा वा शेयर संख्यामा २५ प्रतिशत वा सोभन्दा बढी नियन्त्रण भएको वा
- कर छुट पाउने व्यक्ति र दफा ११ बमोजिम सहुलियत पाउने व्यक्तिको संयोजनबाट कुनै नयाँ व्यक्ति कायम भएमा वा कर छुट पाउने व्यक्ति र गैरबासिन्दा व्यक्तिको संयोजनबाट कुनै नयाँ व्यक्ति बन्न गई (अर्थात माथिका एकभन्दा बढी व्यक्ति मिली कुनै नयाँ व्यक्ति निर्माण हुने अवस्था प्राप्त गरेको भई) सो व्यक्ति वा निजका सम्बद्ध व्यक्तिको सो आय वर्षको कुनै दिन शेयरको चुक्ता पुँजीमा वा शेयर संख्यामा २५ प्रतिशत वा सोभन्दा बढी नियन्त्रण भएको ।

यो अनुपात शेयरधनी परिवर्तन भएका हरेक दिन गणना गरेको हुनुपर्दछ । आय वर्षको कुनै दिनमा यो अनुपात २५ प्रतिशत वा सोभन्दा बढी भएमा यही समूहलाई तिरेको ब्याज रकममा दफा १४(२) बमोजिम गणना गरेको हुनुपर्दछ ।

ऐनको दफा १४ को उपदफा (२) अनुसार कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकायले नियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई गरेको ब्याज भुक्तानी खर्च दाबी गर्दा, सो निकायको करयोग्य आयको गणनामा समावेश गरिने सो वर्षमा प्राप्त गरेको सबै ब्याज रकम र सो निकायको ब्याज खर्च तथा प्राप्त ब्याज आम्दानी समावेश नभएको समायोजित करयोग्य आयको पचास प्रतिशतको योगसम्म मात्र सो वर्ष ब्याज कट्टा गर्न पाइन्छ । ऐनको दफा २ को खण्ड ( कन१) मा समायोजित करयोग्य आयलाई निम्नानुसार परिभाषित गरिएको छ :

**"समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ ।**

नेपालमा कर नतिर्ने कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकायले कुनै आय वर्षमानियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई गरेको ब्याज भुक्तानी, प्रदूषण नियन्त्रण खर्च वा अनुसन्धान र विकास खर्च कट्टी दाबी गर्नुअघिएवम् चन्दा खर्च दाबी अगाडिको करयोग्य आयलाई समायोजित करयोग्य आय भनिन्छ । यस उपदफाको सीमा गणना गर्ने समायोजित करयोग्य आयमा दफा १७ र दफा १८ को सीमा गणना नगरी खर्च कट्टी गरिएको हुनुपर्दछ ।

उदाहरण १८.६.५: मानौं, ईन्फो अमेरिका ईन्कर्पोरेसन (गैर बासिन्दा व्यक्ति) ले ईन्फो नेपाल प्रा.लि.मा ५० प्रतिशत स्वामित्व धारण गरी नियन्त्रण गरेको रहेछ । ईन्फो अमेरिका ईन्कर्पोरसनले आ.व. २०६५।६६ मा ईन्फो नेपाल प्रा.लि.लाई कर्जा समेत लगानी गरेको रहेछ । आ.व. २०६५।६६ मा ईन्फो नेपाल प्रा.लि.ले ईन्फो अमेरिका ईन्कर्पोरसनलाई रु.७५,०००।-ब्याज भुक्तानी गरेको रहेछ । सो आय वर्षको ईन्फो नेपाल प्रा.लि.को करयोग्य आयको अवस्था निम्नानुसारको रहेछ ।

| | |
|---|---|
| बिक्री रु. | ७,५०,०००।- |
| ब्याज आम्दानी रु. | ५,०००।- |
| जम्मा आम्दानी रु. | ७,५५,०००।- |
| बिक्रीको लागत रु. | ५,००,०००।- |
| प्रशासनिक खर्च रु. | १,२०,०००।- |
| ब्याज खर्च (नियन्त्रण गर्ने व्यक्तिलाई) रु. | ७५,०००।- |

| | |
|---|---|
| ब्याज खर्च (अन्यलाई) रु. | १०,०००।- |
| ह्रास खर्च रु. | २०,०००।- |
| जम्मा खर्च रु. | ७,३०,०००।- |

उक्त निकायको समायोजित करयोग्य आय निम्नानुसार गणना गरिएको छः

| | | |
|---|---|---|
| समावेश हुने रकम रु. | | ७,५५,०००।- |
| बिक्रीको लागत रु. | ५,००,०००।- | |
| प्रशासनिक खच रु. | १,२०,०००।- | |
| ब्याज खर्च (अन्यलाई) रु. | १०,०००।- | |
| ह्रास खर्च रु. | २०,०००।- | |
| खर्च कट्टी रु. | | ६,५०,०००।- |
| समायोजित करयोग्य आय रु. | | १,०५,०००।- |

माथि उल्लिखित उदाहरणमा निम्नानुसार ब्याज खर्च उक्त आय वर्षमा दाबी योग्य रहन्छ ।

| | | |
|---|---|---|
| निकायको ब्याज आम्दानी (क) रु. | | ५,०००।- |
| समायोजित करयोग्य आय रु. | १,०५,०००।- | |
| विगतको बाँकी ब्याज रकम रु. | ० | |
| थपः ब्याज खर्च (दफा १४.१ बमोजिमको) रु. | १०,०००।- | |
| न्यूनः ब्याज आम्दानी रु. | (५,०००।-) | |
| जम्मारु. | १,१०,०००।- | |
| ५० प्रतिशतले हुने रकम (ख) रु. | | ५५,०००।- |
| जम्मा दाबी योग्य ब्याज खर्च (क + ख) रु. | | ६०,०००।- |

उक्त निकायको कूल ब्याज खर्च रु.७५,०००।- मध्ये यस आय वर्षमा रु.६०,०००।- मात्र खर्च दाबी गर्न सकिने तथा बाँकी रु.१५,०००।-(७५,०००–६०,०००) आगामी आय वर्षमा जिम्मेवारी सारी सो वर्षको आयमा यसै बमोजिम खर्च पाउने सीमा गणना गरी खर्च दाबी गर्न सकिन्छ ।

१४(३) **उपदफा (२) बमोजिम कट्टी गर्न नदिएको वा नगरिएको कुनै ब्याजलाई अगामी आय वर्षमा जिम्मेवारी सार्न र खर्च भएको देखाउन पाउँनेछ ।**

कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकायले कुनै आय वर्षमानियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई गरेको ब्याज भुक्तानी ऐनको दफा १४ को उपदफा (२) मा तोकिएको सीमाभन्दा बढी भएमा यसरी बढी भएको ब्याज खर्चलाई आगामी आय वर्षमा जिम्मेवारी सारी खर्च भएको देखाउन पाइन्छ । जिम्मेवारी सारी ल्याएको वर्षमा सो निकाय नियन्त्रित निकाय नरहे तापनि बाँकी रहेको ब्याज खर्च कट्टी नभएसम्म यो उपदफाको सीमामा रही ब्याज गणना गर्नुपर्दछ ।

### १८.६.३ व्यापार मौज्दातको लागतको खर्च कट्टी

कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायको आय निर्धारण गर्दा कारोबारसँग सम्बन्धित व्यापार मौज्दातको लागतको खर्च कट्टी दाबी गर्न पाउनेछ । सो सम्बन्धमा ऐनको दफा १५ले निम्नानुसारको व्यवस्था गरेको छ :

१५(१) **कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो वर्षमा सो व्यक्तिको व्यवसायको व्यापार मौज्दातको निःसर्गका सम्बन्धमा उपदफा (२) बमोजिम गणना गरिएको लागतको खर्च कट्टी (एलाउन्स) बाहेक अन्य कुनै पनि खर्च कट्टी गर्न पाउनेछैन ।**

१५(२) उपदफा (१) बमोजिमको लागतको खर्च कट्टीको गणना देहाय बमोजिम खण्ड (क) को रकमबाट खण्ड (ख) को रकम घटाई गर्नुपर्नेछ :-

(क) कुनै आय वर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको शुरु मूल्यमा सो वर्षमा सो व्यवसायबाट प्राप्त गरिएको व्यापार मौज्दातको लागत जोडी हुने रकम,

(ख) खण्ड (क) बमोजिमको आय वर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्यको रकम ।

ऐनको दफा १५ को उपदफा (१) अनुसार कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्दा व्यापार मौज्दातको लागत (Cost of Trading Stock)कट्टी गर्न पाउँनेछ । उपदफा (२) बमोजिम यसरी व्यापार मौज्दातको लागत (Cost of Trading Stock) गणना गर्दा निम्नानुसार गर्नु पर्छ ।

१. शुरु मौज्दातको मूल्य (Opening Stock)

२. जोड्नेः यो वर्षको व्यापार मौज्दातको लागत

३. घटाउनेः अन्तिम मौज्दातको मूल्य (Less: Closing Stocks)

४. व्यापार मौज्दातको लागत खर्च (Cost of Trading Stock, १+२-३)

१५(३) कुनै आय वर्षमा कुनै व्यवसायको व्यापार मौज्दातको शुरु मूल्य गत आय वर्षको अन्त्यको सो व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्य हुनेछ ।

१५(४) देहायमा उल्लिखित रकममध्ये जुन घटी हुन्छ त्यसलाई सो आय वर्षको व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्य मान्नु पर्नेछ :-

(क) सो आय वर्षको अन्त्यको व्यवसायको व्यापार मौज्दातको लागत, वा

(ख) सो आय वर्षको अन्त्यको व्यवसायको व्यापार मौज्दातको बजार मूल्य ।

अन्तिम मूल्य निर्धारण गर्दा आय वर्षको अन्त्यको व्यवसायको व्यापार मौज्दातको लागत वा बजार मूल्यमध्ये जुन घटी हुन्छ त्यसलाई सो आय वर्षको व्यवसायको व्यापार मौज्दातको अन्तिम मूल्य मान्नु पर्छ ।

१५(५) कुनै व्यक्तिले व्यवसायको व्यापार मौज्दातको लागतको गणना गर्दा दफा ४५ र उपदफा (६) को अधीनमा रही देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) व्यवसायको आय गणना गर्दा नगद आधारमा लेखा राख्ने व्यक्तिको हकमा परल लागत वा खपत लागतको तरिका प्रयोग गरेर, र

(ख) व्यवसायको आय गणना गर्दा एक्रुअल आधारमा लेखा राख्ने व्यक्तिको हकमा खपत लागतको तरिका प्रयोग गरेर ।

व्यवसायको व्यापार मौज्दातको लागतको गणना गर्दा,

- नगद आधारमा लेखा राख्ने व्यक्तिको हकमा परल लागत वा खपत लागतको आधारमा मूल्याङ्कन गरिनुपर्छ ।

परल लागत अनुसार मूल्याङ्कन गर्दा प्रत्यक्ष सामग्री लागत (Direct Material), प्रत्यक्ष श्रम लागत (Direct Labour) र कारखानाको परिवर्तनशील शिरोभार (Variable Factory Overhead) समावेश गरी मूल्याङ्कन गरिनुपर्छ । तर, परिवर्तनशिल कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश हुने छैन । यस पद्धतिमा उत्पादनको लागत

गणना गर्दा प्रति इकाई लागतमा कारखानाको Fixed Factory Overhead समावेश गर्नु पर्दैन, बरु नगद आधारमा खर्च भएका वर्ष पूरै रकम खर्च कट्टी पाउँदछ ।

नगद आधारमा कर लेखाङ्कन गर्ने व्यक्तिको यो दफा बमोजिम गणना गरिने खपत लागत अनुसारको गणना एक्रुअल आधारमा लेखा राख्ने व्यक्तिको सरह हुन्छ ।

- **एक्रुअल आधारमा लेखा राख्ने व्यक्तिको हकमा खपत लागतको आधारमा मूल्याङ्कन गरिनुपर्छ ।**

खपत लागत अनुसार मूल्याङ्कन गर्दाः प्रत्यक्ष सामग्री लागत(Direct Material), प्रत्यक्ष श्रम लागत (Direct Labour) र कारखानाको शिरोभार (Factory Overhead) समावेश गरी मूल्याङ्कन गरिनुपर्छ । यस्तो कारखानाको शिरोभारमा Fixed Factory र Variable Fixed Factory दुवै समावेश गर्नुपर्दछ । तर कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश हुने छैन ।

१५(६) **कुनै व्यक्तिको व्यवसायको व्यापार मौज्दात यकिन गर्न नसकिने भएमा त्यस्तोव्यक्तिले पहिलो प्राप्ति पहिलो निष्काशन तरिका वा भारित औसत लागत तरिकाबाट व्यापार मौज्दातको लागत गणना गर्न छनौट गर्न सक्नेछ ।**

निःसर्ग भएको व्यापार मौज्दातको लागत निर्धारण गर्दा सोही मौज्दातको वास्तविक खर्चलाई लागत मानी गणना गर्नुपर्दछ। तर निःसर्ग भएको वास्तविक मौज्दात र सोको लागत प्रष्टरूपमायकिन गर्न नसकिने भएमा पहिला प्राप्त भएको सामान (मौज्दात) पहिले नै निःसर्ग हुन्छ भन्ने आधारमा (First in First Out, FIFO)वा व्यवसायमा रहेका समान किसिमका सबै व्यापार मौज्दातको भारित औसत लागत (Weighted Average Method) को आधारमा व्यापार मौज्दातको लागत निकाल्नु पर्छ ।

उदाहरण १८.६.६: मानौं, नेपाल व्यापार विकास प्रा.लि.ले निम्नानुसार खरिद र बिक्री गरेको रहेछ ।

| सि.नं. | मिति | खरिद | | | निष्कासन |
|---|---|---|---|---|---|
| | | एकाई | दर | जम्मा | |
| १ | २०६५/४/१० | ५ | १० | ५० | |
| २ | २०६५/६/१२ | १० | ११ | ११० | |
| ३ | २०६५/८/२ | | | | ३ |
| ४ | २०६६/२/२ | | | | ६ |

सो निकायले आफ्नो व्यापार मौज्दात निःसर्ग गर्दा पहिला प्राप्त पहिले नै निःसर्ग हुन्छ भन्ने आधारमा(FIFO)निष्कासन गरेको खण्डमा अन्तिम मौज्दातको अवस्था निम्नानुसार हुन्छ :

| सि. नं | मिति | खरिद | | | निष्कासन | | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | दर | जम्मा | एकाई | दर | जम्मा | एकाई | रकम रु. |
| १ | ४/१०/२०६५ | ५ | १० | ५० | | | ५ | ५० | |
| २ | ६/१२/२०६५ | १० | ११ | ११० | | | १५ | १६० | |
| ३ | ८/२/२०६५ | | | | ३ | १० | ३० | १२ | १३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २/२/२०६६ | | | | २ | १० | २० | १० | ११० |
| | | | | | ४ | ११ | ४४ | ६ | ६६ |
| | जम्मा | १५ | | १६० | ९ | | ९४ | ६ | ६६ |

नोटः २/२/२०६६ मा निष्कासन गरिएका ६ एकाई भएको र सोमध्ये पहिलो खरिदमध्येबाट२ (प्रति एकाईको मुल्य रु.१०) भएको र बाँकी ४ एकाई पछि खरिद भएको मध्येबाट हुन जाने हुँदा २ एकाई रु.१० का दरले र ४ एकाई रु.११ का दरले निष्कासन गरिएको ।

उदाहरण १८.६.७ : मानौं, माथि उदाहरण १८.६.६ मा उल्लिखित नेपाल व्यापार विकास प्रा.लि.ले आफ्नो व्यापार मौज्दात निःसर्ग गर्दा भारित औसत लागतको आधारमा निष्कासन गरेको खण्डमा अन्तिम मौज्दातको अवस्था निम्नानुसारको हुने हुन्छ ।

| सि. नं. | मिति | खरिद | | | निष्कासन | | | बाँकी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | दर | जम्मा | एकाई | दर | जम्मा | एकाई | दर | रकम रु. |
| १ | ४/१० | ५ | १० | ५० | | | | ५ | १० | ५० |
| २ | ६/१२ | १० | ११ | ११० | | | | १५ | १०।६६ | १६० |
| ३ | ८/२ | | | | ३ | १०।६६ | ३१।९८ | १२ | १०।६६ | १२८।०२ |
| ४ | २/२ | | | | २ | १०।६६ | २१।३२ | १० | १०।६६ | १०६।७ |
| | | | | | ४ | १०।६६ | ४२।६४ | ६ | १०।६६ | ६४।०६ |
| जम्मा | | १५ | | १६० | ९ | | ९५।९४ | ६ | | ६४।०६ |

१५(७) **उपदफा (५) बमोजिम व्यापार मौज्दातको लागत गणना गर्दा देहायको तरिकाले गणना गर्नुपर्नेछ ।**

**(क) खपत लागत तरिका बमोजिम गणना गर्दा लेखाको सर्वमान्य सिद्धान्त अन्तर्गत प्रत्यक्ष सामग्री लागत, प्रत्यक्ष श्रम लागत र कारखानाको शिरोभार लागतको योग बराबर हुने गरी व्यापार मौज्दातको लागत गणना गर्ने ।**

खपत लागत अनुसार मूल्याङ्कन गर्दाः प्रत्यक्ष सामग्री लागत (Direct Material), प्रत्यक्ष श्रम लागत (Direct Labour) र कारखानाको शिरोभार (Factory Overhead) समावेश गरी मूल्याङ्कन गरिनुपर्छ । तर कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश हुने छैन ।

**प्रत्यक्ष सामाग्री लागतः-** प्रत्यक्ष सामाग्री लागत भन्नाले कुनै पनि सामान बिक्री गर्ने उद्देश्य वा खपत गर्ने वा उत्पादन गर्ने प्रयोजनको लागि खरिद गरिएको सामानको बील (Invoice) मा उल्लेख गरिएको मूल्य र सो सामानलाई प्रयोग गर्ने स्थानसम्म ल्याउँदा लागेका सम्पूर्ण प्रत्यक्ष खर्चलाई प्रत्यक्ष सामाग्री लागत भनिन्छ । उक्त सम्बन्धमा तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण १८.६.८ : मानौं, काठमाडौं अवस्थित ABC कम्पनीले प्लाष्टिकका भाडा उत्पादन गर्दो रहेछ । उक्त वस्तु उत्पादन गर्नका लागि आवश्यक पर्ने कच्चा पदार्थ बीरगञ्जबाट खरिद गर्दो रहेछ । उक्त कच्चा पदार्थ काठमाडौंसम्म ल्याई पुऱ्याउदा, निम्नानुसारका खर्च लागेको रहेछ ।

१. बील अनुसारको कच्चा पदार्थको परल मूल्यरु.१,००,०००।-

२.बीरगञ्जमा उक्त कच्चा पदार्थ Load गर्दा भएको कूल्ली खर्च रु.५,०००।-

३. बीरगञ्ज देखि काठमाडौंको फ्याक्ट्रीसम्मको ट्रक भाडा रु.२०,०००।-

४. नगरपालिका कर रु.२,०००।-

५. अन्य ख रु.१,०००।-

६. काठमाडौं फ्याक्ट्रीमा Unload बापत कुल्ली खर्च रु.१०,०००।-

**जम्मा प्रत्यक्ष सामाग्री लागत रु.१,३८,०००।-**

मानौं, उक्त खर्चमध्ये अन्य खर्च रु.१,०००।-को खर्च गत वर्षसँग सम्बन्धित रहेछ र सोवर्ष उक्त खर्च कट्टी भएको रहेनछ । यो खर्च दफा १३ बमोजिम यो वर्षको नभएका कारण प्रत्यक्ष सामग्री लागतमा समावेश गर्न मिल्दैन र प्रत्यक्ष लागत रु.१,३७,०००।-हुन्छ ।

**प्रत्यक्ष श्रम लागत** :- प्रत्यक्ष श्रम लागत भन्नाले कच्चा पदार्थलाई अर्ध तैयारी व्यापारिक मौज्दात, तैयारी व्यापारिक मौज्दातमा परिवर्तन गर्नको लागि आवश्यक पर्ने श्रम प्रयोग गरे बापतश्रमिकलाई भुक्तान गरिने रकमलाई प्रत्यक्ष श्रम लागत (Direct Labor Cost) भनिन्छ । उक्त सम्बन्धमा तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण १८.६.९: मानौं, माथिको उदाहरणमा उल्लेख भएको कच्चा पदार्थलाई तैयारी अवस्थाको वस्तु उत्पादन गर्नका लागि रु.२ लाख ज्याला भुक्तान गरी १० जना श्रमिक प्रयोग भएको रहेछ । यसरी भुक्तानी गरिएको श्रमिक खर्चलाई प्रत्यक्ष श्रम लागत भनिन्छ ।

**कारखाना शिरोभार** :- कारखाना शिरोभार भन्नाले वस्तु उत्पादन गर्नका लागि प्रत्यक्ष सामाग्री लागत र प्रत्यक्ष श्रम लागत बाहेकका अन्य सम्पूर्ण उत्पादनसँग सम्बन्धित खर्चलाई कारखाना शिरोभार भनिन्छ । उदाहरणको लागि, उत्पादन गर्ने प्रयोजनका लागि मेशिन मर्मत खर्च, बिजुली, फ्याक्ट्रीमा खपत हुने पानी, पावर, फ्यूल खर्च आदि खर्चलाई कारखाना शिरोभार भनिन्छ । कारखानाको शिरोभार खर्चलाई लेखाको सिद्धान्त अनुसार सो मेशिन वा उपकरणको सामान्य उत्पादन क्षमताले भाग गरी प्रति इकाई लागत समावेश गर्नुपर्दछ । एउटै उपकरण वा मेशिन एकभन्दा बढी खालका सामान उत्पादनमा प्रयोग हुने भएमा (उदाहरणका लागि संयुक्त उत्पादन) सो शिरोभार खर्च उचित र वैज्ञानिक पद्धतिले उत्पादन हुने समानमा बाँडफाँड गर्नुपर्दछ ।

सामान्य उत्पादन क्षमताबाट गणना गरिएको प्रति इकाई दरबाट वास्तविक उत्पादन परिमाणका कारण फरक पर्ने रकम (Over-absorption or under-absorption)लेखाको सर्वमान्य सिद्धान्त बमोजिम नै सोही वर्षको शिरोभार खर्चमा समायोजन गर्नुपर्दछ ।

तर आयकर प्रयोजनको निमित्त कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको रकम समावेश हुने छैन । आयकर प्रयोजनमा कारखानाको मर्मत तथा सुधार खर्च र ह्रास कट्टी रकम दफा १६ र दफा १९ अन्तर्गत गणना हुने कारणले त्यस्तो मर्मत र ह्रास समावेश गरी सर्वमान्य लेखा सिद्धान्त अनुसार गणना भएको व्यापारिक मौज्दातको लागतमा समावेश भएको लेखाको ह्रास र मर्मत घटाएर मात्र खर्च लेखाङ्कन गर्नुपर्दछ ।

(ख) परल लागत तरिका बमोजिम गणना गर्दा लेखाको सर्वमान्य सिद्धान्त अन्तर्गत प्रत्यक्ष सामग्री लागत, प्रत्यक्ष श्रम लागत र कारखानाको परिवर्तनशील शिरोभार लागतको योग बराबर हुने गरी व्यापार मौज्दातको लागत गणना गर्ने ।

परल लागत अनुसार मूल्याङ्कन गर्दा प्रत्यक्ष सामग्री लागत (Direct Material), प्रत्यक्ष श्रम लागत (Direct Labour) र कारखानाको परिवर्तनशील शिरोभार (Variable Factory Overhead) समावेश गरी मूल्याङ्कन गरिनुपर्छ । तर, परिवर्तनशील कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको रकम समावेश हुने छैन ।

**परिवर्तनशील कारखाना शिरोभार** :- परिवर्तनशील कारखाना शिरोभार भन्नाले उत्पादित वस्तुको ईकाइ अनुसार खर्चको मात्रामा परिवर्तन हुने खर्चलाई बुझिन्छ । चकलेट उत्पादन गर्दा प्रयोग हुने Wrapper, झोल औषधि उत्पादन गर्दा प्रयोग हुने सिसी आदि परिवर्तनशिल कारखाना शिरोभार (Variable Factory Overhead)का केही उदाहरण हुन् ।

१५(८) उपदफा (६) बमोजिम व्यापार मौज्दातको लागत गणना गर्दा देहायको तरिकाले गणना गर्नु पर्नेछ :-

(क)भारितऔसत लागत तरिका बमोजिम गणना गर्दा लेखाको सर्वमान्य सिद्धान्त अन्तर्गत व्यवसायमा रहेका उही किसिमका सबै व्यापार मौज्दातको भारित औसत लागतको आधारमा गणना गर्ने ।

(ख) पहिलो प्राप्ति पहिलो निष्काशन तरिका बमोजिम गणना गर्दा लेखाको सर्वमान्य सिद्धान्त अन्तर्गत पहिले प्राप्त भएको व्यापार मौज्दात पहिले नै नि:सर्ग हुन्छ भन्ने आधारमा गणना गर्ने ।

स्पष्टीकरणः यस दफाको प्रयोजनकोलागि,-

(क) "प्रत्यक्ष श्रम लागत" भन्नाले व्यापार मौज्दातको उत्पादनसँग प्रत्यक्ष रूपमा सम्बन्धित श्रम लागत सम्झनु पर्छ ।

(ख) "प्रत्यक्ष सामग्री लागत" भन्नाले व्यापार मौज्दातको अभिन्न अङ्गको रूपमा भएको वा हुने सामग्रीको लागत सम्झनु पर्छ ।

(ग) "कारखानाको शिरोभार लागत" भन्नाले प्रत्यक्ष श्रम र प्रत्यक्ष सामाग्री लागत बाहेक व्यापार मौज्दातको उत्पादन गर्न लागेको कूल लागत सम्झनु पर्छ ।

तर कारखानाको शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश हुने छैन ।

(घ) "परिवर्तनशील कारखाना शिरोभार लागत" भन्नाले व्यापार मौज्दातको उत्पादित परिमाणको परिवर्तनसँगै प्रत्यक्षरूपमा परिवर्तन हुने कारखाना शिरोभार लागत सम्झनु पर्छ ।

तर परिवर्तनशील कारखाना शिरोभार लागतमा मर्मत तथा सुधार र ह्रास कट्टी बापतको कुनै रकम समावेश हुने छैन ।

### १८.६.४ मर्मत तथा सुधार खर्च

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायको आय निर्धारण गर्दा सामान्यतया: कारोबारसँग सम्बन्धित मर्मत तथा सुधार खर्च कट्टी दाबी गर्न पाउनेछ । मर्मत खर्च सम्बन्धमा निम्न व्यवस्था रहेका छन्:

- ह्रासयोग्य सम्पत्तिको मर्मत तथा सुधार खर्च दफा १६ बमोजिम
- व्यावसायिक सम्पत्तिको मर्मत तथा सुधार खर्च दफा ३८ बमोजिम
- व्यापारिक मौज्दातको मर्मत (आवश्यक परेमा) दफा १५ बमोजिम
- तेश्रो पक्षको सम्पत्तिको करार बमोजिम हुने मर्मत दफा १३ बमोजिम

ह्रासयोग्य सम्पत्तिको मर्मत तथा सुधार सम्बन्धमा ऐनको दफा १६ को उपदफा (१), (२) तथा (३) मा निम्नानुसारको व्यवस्था रहेको छ :

१६(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउनेछ ।**

१६(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा उक्त आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशत भन्दा बढी हुने छैन ।**

**तर,**

(क) **हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाई जहाजको परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा यो सीमा लागू हुने छैन ।**

१६(३) **उपदफा (२) बमोजिमको सीमाको परिणाम स्वरूप कट्टी गर्न नपाइने मर्मत तथा सुधार बापत कुनै अधिक खर्च वा त्यसको भाग आगामी आयवर्षको सुरूमा सम्बन्धित सम्पत्तिको समूहको ह्रास आधार रकममा जोड्न पाउनेछ ।**

ऐनको दफा १६ को उपदफा (१) अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायको आय गणना गर्दा निम्नानुसार सम्पूर्ण अवस्था पूरा भएमा मर्मत सम्भार खर्च कट्टी दाबी गर्न पाउनेछः

- मर्मत गरिएको सम्पत्ति व्यवसायको आय आर्जन गर्ने कार्यमा प्रयोग भएको,
- मर्मत गरिएको सम्पत्तिमा सो व्यक्तिको स्वामित्व भएको
- प्रयोग गरिएको सम्पत्ति ह्रासयोग्य सम्पत्ति भएको र
- उपदफा (२) मा तोकिए बमोजिम यसरी कट्टी दाबी गरिएको मर्मत वा सुधार खर्च सो आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधारको सात प्रतिशतभन्दा बढी हुनु हुदैन ।

यस सम्बन्धी व्यवस्था निम्नानुसार प्रष्ट गरिएको छः-

| वर्ग | क | ख | ग | घ |
|---|---|---|---|---|
| वर्षको शुरुको ह्रास आधाररु. | १००० | १००० | १००० | १००० |
| यो वर्ष वर्गमा समावेश रकमरु. | ० | ० | ० | ० |
| यो वर्षको निःसर्गबाट प्राप्त हुने वा भएको रकमरु. | ५०० | ० | ८०० | १२०० |
| समूहको अस्तित्व रहेको | छ | छ | छैन | छ |
| समूह विघटनको ह्रास | | | २०० | |
| आयमा समावेश हुनेरु. | | | | २०० |
| ह्रास आधार (मर्मत र ह्रास कट्टीका लागि)रु. | ५०० | १००० | | ० |
| ह्रास आधारको ७ प्रतिशतले हुने रकम (क)रु. | ३५ | ७० | | |
| मर्मत सुधारको वास्तविक खर्च (ख)रु. | २० | ८० | ६० | १०० |
| खर्च कट्टी रकमरु. | २० | ७० | ६०* | ० |
| समूहमा समूहीकृत हुने रकमरु. | ० | १० | | १००** |

*समूहमा सम्पत्ति बाँकी नरहेको समूहको मर्मत तथा सुधार खर्च दफा १६ बमोजिम खर्च कट्टी पाउँदछ ।

** समूहमा सम्पत्ति बाँकी रहेको तर रकम बाँकी नभएको समूहको मर्मत खर्च आगामी वर्षको शुरुमा सम्बन्धित समूहमा समूहीकृत हुन्छ ।

तर हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाई जहाजको पूर्ण परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा उक्त सीमा लागू हुने छैन । उपदफा (३) बमोजिम मर्मत सुधार खर्च बापत कट्टी नभएको रकम आगामी आय वर्षको सुरूमा सम्बन्धित सम्पत्तिको समूहको ह्रास आधार रकममा समावेश गर्न पाउँछ ।

उदाहरण १८.६.१० : मानौं, आ.व.२०६५।६६ मा नेपाल व्यापार विकास प्रा.लि.को मर्मत सुधार खर्च तथा स्थिर सम्पत्तिको अवस्था निम्नानुसारको रहेछ :

**१. सो आ.व.मा निम्नानुसार मर्मत सुधार खर्च भएको रहेछ:**

| | |
|---|---|
| क. भवन समूह | रु.१०,००,०००।- |
| ख. कम्प्यूटर समूह | रु. ५०,०००।- |
| ग. अटोमोवाइल्स समूह | रु.८,००,०००।- |

**२. सो कम्पनीको ह्रास आधार (Depreciation Basis)निम्नानुसार रहेछ :**

| | |
|---|---|
| क. भवन समूह | रु.५,००,००,०००।- |
| ख. कम्प्यूटर समूह | रु.४,००,०००।- |
| ग. अटोमोवाइल्स समूह | रु.८०,००,०००।- |

**३. सो कम्पनीले सो आय वर्षमा निम्नानुसार हुने मर्मत सुधार खर्च दाबी गर्न सक्नेछ :**

| | | |
|---|---|---|
| क. भवन समूह | ७ प्र.श. ले | रु.३५,००,०००।- |
| ख. कम्प्यूटर समूह | ७ प्र.श. ले | रु.२८,०००।- |
| ग. अटोमोवाइल्स समूह | ७ प्र.श. ले | रु.५,६०,०००।- |

**४. कट्टी नहुने मर्मत सुधार खर्च (ह्रास आधारमा समावेश हुने रकम):**

क. भवन समूह : पूरै खर्च दाबी योग्य भएको हुँदा खर्च कट्टी पाउने ।

ख. कम्प्यूटर समूहः रु.२८,०००।-खर्च कट्टी हुने हुँदा खर्च कट्टी नहुने रकम रु.२२,०००।-(५०,०००–२८,०००) "ख" वर्गको आगामी आय वर्षको शुरु ह्रास आधारमा समावेश हुन्छ ।

ग. अटोमोवाइल्स समूहः रु.५,६०,०००।-खर्च कट्टी हुने हुँदा खर्च कट्टी नहुने रकम रु.२,४०,०००।-(८,००,०००–५,६०,०००) "ग" वर्गको आगामी आय वर्षको सुरु ह्रास आधारमा समावेश हुन्छ ।

कुनै व्यक्तिले व्यवसायको आय आर्जन हुने कार्यमा प्रयोग भएको सम्पत्ति भाडामा लिई प्रयोग गरेको रहेछ र सो सम्पत्तिमा सो वर्ष मर्मत आदि खर्च भएको रहेछ भने सो सम्पत्तिसँग सम्बन्धित मर्मत खर्च यस दफा अन्तर्गत खर्च दाबी नगरी दफा १३ अन्तर्गत रही खर्च दाबी गर्नुपर्ने हुन्छ ।

## १८.६.५ प्रदूषण नियन्त्रण खर्च

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायको आय निर्धारण गर्दा सामान्यतयाः कारोबारसँग सम्बन्धित प्रदूषण नियन्त्रण खर्च कट्टी दाबी गर्न पाउनेछ । सो सम्बन्धमा ऐनको दफा १७ को उपदफा (१), (२) तथा (३) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**१७(१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो वर्षमा सो व्यवसाय सञ्चालन गर्ने कार्यमा खर्च गरेको हदसम्मको प्रदूषण नियन्त्रण खर्च कट्टी गर्न पाउनेछ ।**

**१७(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा त्यस्तो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन**

**१७(३) उपदफा (२) मा उल्लिखित सीमाभन्दा बढी कट्टी गर्न नपाइने अधिक खर्च वा सोको भागलाई आगामी आयवर्षको शुरुमा पुँजीकरण गरी अनुसूची-२ बमोजिम ह्रास कट्टी गर्न सक्नेछ ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "प्रदूषण नियन्त्रण खर्च" भन्नाले प्रदूषण नियन्त्रण गर्ने वा अन्य रूपमा वातावरण संरक्षण गर्ने वा जोगाई राख्ने उद्देश्यको लागि कुनै प्रक्रियासँग सम्बन्धित कुनै व्यक्तिबाट गरिएको खर्च सम्झनु पर्छ ।**

ऐनको दफा १७ अनुसार कुनै वर्षकुनै व्यवसायसञ्चालन गर्ने कार्यमा खर्च गरेको प्रदूषण नियन्त्रण गर्ने वा अन्य रूपमा वातावरण संरक्षण गर्ने वा जोगाई राख्ने उद्देश्यको लागि व्यवसायको कुनै प्रक्रियासँग सम्बन्धित प्रदूषण नियन्त्रण खर्च निम्नानुसार गणना गरिएको समायोजित करयोग्य आयको पचास प्रतिशतसम्म मात्र सो वर्ष कट्टी दाबी गर्न पाइन्छ । प्रदूषण नियन्त्रणका लागि नै खर्च गरेको भए तापनि व्यवसायको कुनै प्रक्रियासँग सम्बन्ध नभएको खर्चलाई यो दफा बमोजिम खर्च कट्टी गर्न मिल्दैन ।

उदाहरण १८.६.११: मानौं, नेपाल व्यापार विकास प्रा.लि.को आ.व.२०६५।६६ मा उक्त प्रा.लि. को नाफा नोक्सान हिसाब निम्नानुसारको रहेछ :

| खर्च | रकम रु. | आम्दानी | रकम रु. |
|---|---|---|---|
| व्यापार मौज्दातको लागत खर्च | ४४,००,०००।- | बिक्री | ७१,५०,०००।- |
| प्रशासनिक खर्च | ५,००,०००।- | ब्याज आम्दानी | ५,०००।- |
| चन्दा | १०,०००।- | | |

| | | | |
|---|---|---|---|
| बैंक ब्याज खर्च | २,८०,०००।- | | |
| प्रदूषण नियन्त्रण खर्च | १२,००,०००।- | | |
| अनुसन्धान र विकास खर्च | ७,००,०००।- | | |
| ह्रास खर्च | ५०,०००।- | | |
| खुद नाफा | १५,०००।- | | |
| **जम्मा** | **७१,५५,०००।-** | **जम्मा** | **७१,५५,०००।-** |

माथि उल्लिखित उदाहरणमा निम्नानुसार प्रदूषण नियन्त्रण खर्च सो आय वर्षमा दाबी योग्य रहन्छ ।

| **समायोजित करयोग्य आयको गणना** | **रकम रु.** | **रकम रु.** |
|---|---|---|
| समावेश हुने रकम | | ७१,५५,०००।- |
| न्यून खर्च कट्टी : | | |
| ब्याज खर्च | २,८०,०००।- | |
| व्यापार मौज्दातको लागत खर्च | ४४,००,०००।- | |
| ह्रास खर्च | ५०,०००।- | |
| अन्य प्रशासनिक खर्च | ५,००,०००।- | |
| अनुसन्धान र विकास खर्च | ७,००,०००।- | |
| जम्मा कट्टी | | ५९,३०,०००।- |
| समायोजित करयोग्य आय | १२,२५,०००।- | |
| ५० प्रतिशतले हुने रकम | ६,१२,५००।- | |
| वास्तविक प्रदूषण नियन्त्रण खर्च | १२,००,०००।- | |
| **जम्मा दाबी योग्य रकम** | | ६,१२,५००।- |
| समूहीकृत हुने रकम | | ५,८७,५००।- |

माथि उदाहरणमा प्रदूषण नियन्त्रण खर्च रु.१२,००,०००।-मध्ये रु.६,१२,५००।-मात्र दाबी गर्न सकिन्छ । कट्टी हुन बाँकी रु.५,८७,५००।-वर्ग "घ" को सम्पत्तिको ह्रास आधारमा समावेश गरी आगामी वर्ष देखि ह्रासकट्टी गर्न पाइन्छ ।

### १८.६.६ अनुसन्धान र विकास खर्च

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायको आय निर्धारण गर्दा सामान्यतयाः कारोबारसँग सम्बन्धित अनुसन्धान र विकास खर्च कट्टी दाबी गर्न पाउनेछ । सो सम्बन्धमा ऐनको दफा १८ को उपदफा (१), (२) तथा (३) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**१८(१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो वर्षमा सो व्यवसायसञ्चालन गर्ने कार्यमा खर्च गरेको हदसम्मको अनुसन्धान र विकास खर्च कट्टी गर्न पाउनेछ ।**

**१८(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षमा सो उपदफा बमोजिम कट्टा गर्न पाउने खर्चको सीमा गणना गर्दा सो व्यक्तिबाट सञ्चालित सबै व्यवसायको समायोजित करयोग्य आयको पचास प्रतिशतभन्दा बढी हुने छैन**

**१८(३) उपदफा (२) मा उल्लिखित सीमाभन्दा बढी कट्टी गर्न नपाइने कुनै अधिक खर्च वा सोको कुनै भागलाई आगामी आयवर्षको शुरुमापुँजीकरण गरी अनुसूची-२ बमोजिम ह्रासकट्टी गर्न सक्नेछ ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "अनुसन्धान र विकास खर्च" भन्नाले कुनै व्यक्तिबाट निजको व्यवसायको विकास गर्ने र व्यापारिक उत्पादन वा प्रक्रियाको सुधार गर्ने उद्देश्यबाट गरिएको खर्च सम्झनु पर्छ ।**

**तर यस्तो खर्चमा अनुसूची-२ को दफा १ को उपदफा (३) मा उल्लिखित कुनै पनि सम्पत्ति प्राप्त गर्दाको लागत समावेश हुने छैन ।**

ऐनको दफा १८ अनुसार कुनै वर्षकुनै व्यक्तिबाट निजको व्यवसायको विकास गर्ने र व्यापारिक उत्पादन वा प्रक्रियाको सुधार गर्ने उद्देश्यबाट गरिएको अनुसन्धान र विकास खर्च निम्नानुसार गणना गरिएको समायोजित करयोग्य आयको पचास प्रतिशतसम्म मात्र सो वर्ष कट्टी दाबी गर्न पाइन्छ ।

उदाहरण १८.६.१२: माथि उदाहरण १८.६.११, नेपाल व्यापार विकास प्रा.लि.कोनिम्नानुसार अनुसन्धान र विकास खर्च सो आय वर्षमा दाबी योग्य रहन्छ ।

| **समायोजित करयोग्य आयको गणना** | **रकम रु.** | **रकम रु.** |
|---|---|---|
| आम्दानी | | ७१,५५,०००।- |
| न्यून: | | |
| ब्याज खर्च | २,८०,०००।- | |
| व्यापार मौज्दातको लागत खर्च | ४४,००,०००।- | |
| ह्रास खर्च | ५०,०००।- | |
| अन्य प्रशासनिक खर्च | ५,००,०००।- | |
| प्रदूषण नियन्त्रण खर्च | १२,००,०००।- | |
| जम्मा कट्टी | | ६४,३०,०००।- |
| समायोजित करयोग्य आय | | ७,२५,०००।- |
| ५० प्रतिशतले हुने रकम | | ३,६२,५००।- |
| वास्तविक अनुसन्धान र विकास खर्च | | ७,००,०००।- |
| **जम्मा दाबी योग्य रकम** | | **३,६२,५००।-** |
| समूहीकृत हुने रकम | | ३,३७,५००।- |

माथि उदाहरणमा अनुसन्धान र विकास खर्च भएको रु.७,००,०००।-मध्ये रु.३,६२,५००।-मात्रदाबी गर्न सकिन्छ । कट्टी हुन बाँकी रु.३,३७,५००।-वर्ग "घ" को सम्पत्तिको ह्रास आधारमा समावेश गरी आगामी वर्ष देखि ह्रासकट्टी गर्न पाइन्छ ।

### १८.६.७ ह्रासकट्टी खर्च

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै व्यवसायको आय निर्धारण गर्दा सामान्यतया: कारोबारसँग सम्वन्धित ह्रासकट्टी खर्च कट्टी दाबी गर्न पाउनेछ । सो सम्बन्धमा ऐनको दफा १९ को उपदफा (१), तथा (२) मा निम्नानुसारको व्यवस्था रहेको छ :

१९(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्ने सो वर्षमा आफनो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भए बापत अनुसूची-२ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ ।**

१९(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरु र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गर्ने आयोजनाहरुमा जडान भएका संयन्त्रहरु, उपकरणहरु, र अन्य मेशिनरीहरुको ह्रास कट्टी सम्बन्धमा निम्नानुसार हुनेछ :-**

(क) **साविकमा जडान भइरहेका संयन्त्रहरु, उपकरणहरु, र अन्य मेशिनरीहरु पूरानो वा जीर्ण भई काम नलाग्ने हुन गई सोको सट्टा नयाँ संयन्त्रहरु, उपकरणहरु र अन्य मेशिनरीहरु जडान गर्नुपर्ने**

भएमा यसरी जडान गरेको आय वर्षमा साविकमा जडान भएका पूरानो वा जिर्ण भई काम नलाग्ने सम्पत्तिको लागतबाट सो आयवर्षसम्मको ह्रास कट्टी घटाउदा बाँकी हुने मूल्य खर्चको रूपमा कट्टी गर्न पाउनेछ ।

(ख) खण्ड (क) बमोजिम फेरिएका पूराना सम्पत्ति बाहेकका अन्य सम्पत्तिहरुका सम्बन्धमा सो निकायले त्यस्ता आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्ने समयमा सो सम्पत्तिको लागतबाट हस्तान्तरण हुने आयवर्षसम्मको ह्रास कट्टी घटाउदा मूल्य बाँकी रहन आएमा त्यस्तो बाँकी मूल्य खर्चको रूपमा कट्टी गर्न पाउनेछ ।

ऐनको दफा १९ को उपदफा (१) अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसायको आय गणना गर्दा निम्नानुसार सम्पूर्ण अवस्थामा पूरा भएमा ह्रास कट्टी खर्च दाबी गर्नुपर्नेछ :

- सो सम्पत्ति व्यवसायबाट आय आर्जन गर्ने कार्यमा प्रयोग भएको,
- सो व्यक्तिको स्वामित्व भएको, र
- प्रयोग गरिएको सम्पत्ति ह्रासयोग्य भएको ।

उपदफा (१) मा उल्लेख भए बमोजिम ह्रास कट्टी खर्च दाबी ऐनको अनुसूची-२ मातोकिए बमोजिम गर्नुपर्नेछ । सो सम्बन्धमा ऐनको अनुसूची-२ मा निम्नानुसारको व्यवस्था रहेको छः

**१. ह्रासयोग्य सम्पत्तिको वर्गीकरण र समूहीकरण :**

ऐनको अनुसूची-२ को दफा १ बमोजिम ह्रासयोग्य सम्पत्तिको वर्गीकरण र समूहीकरण सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छः

अ.२.१(१) **ह्रासयोग्य सम्पत्तिको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-**

| वर्ग | सम्पत्तिको विवरण |
|---|---|
| "क" | भवन, स्ट्रक्चर र स्थायी प्रकृतिका यस्तै प्रकारका अन्य बनौटहरु । |
| "ख" | कम्प्यूटर, तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु । |

**"ग" अटोमोबाइल्स, बस तथा मिनीबसहरु ।**

**"घ" निर्माण तथा उत्खनन् सम्बन्धी उपकरणहरु र दफा १७ को उपदफा (३), दफा १८ को उपदफा (३) र यस अनुसूचीको उपदफा (३) समेत अन्य कतै समावेश नभएका ह्रासयोग्य सम्पत्तिहरु ।**

**"ङ" वर्ग "घ" मा उल्लेख भएका ह्रासयोग्य सम्पत्तिहरु बाहेकका अदृश्य सम्पत्तिहरु ।**

ह्रास खर्च गणना गर्ने प्रयोजनका लागि

"क"वर्ग (स्थायी संरचना) : जस्तै, भवन, सडक, टनेल, ड्याम, स्विमिंग पुल, पावर हाउस, गोदाम, स्टेडियम, भ्यू टावर, नहर, पुल, हवाई एप्रोन, पार्किंग स्टल यस्तै स्थायी सम्पत्ति,

"ख" वर्ग (कार्यालय समान र फिक्स्चर) : जस्तै फर्निचर, कम्प्युटर (Personal Computers), अफिस उपकरण, फिक्चर्स जस्ता शिरोभार कार्यालय उपकरण,

उदाहरणः१८.६.१२क

मानौं सनराईज बोर्डिङ स्कुल प्रा.लि.ले रु.१०००००।०० को र डायमण्ड

| |
|---|
| रेस्टुरेन्ट प्रा.लि.ले पार्टिहलको लागि रु.२०००००।०० का कुर्सी टेवल खरिद गरेका रहेछन । उपरोक्त दुबै करदाताले ति सम्पतिलाई बर्ग "ख" को सम्पतिको ह्रास आधारमा समाबेश गरी ह्रास खर्च दावी गर्न् पर्दछ । |

"ग" वर्ग (सवारी साधन): जस्तै कार, जिप, बस, मिनिबस, मोटरसाइकल जस्ता सवारी साधन,

| |
|---|
| उदाहरण:१८.६.१२.ख<br>मानौं सनराईज बोर्डिङ स्कुल प्रा.लि.ले बिद्यार्थि ओसार पसार गर्न रु.३००००००।०० मा बस किनेको रहेछ । एन्जिला टाभल प्रा.लि.ले पर्यटक ओसार पसार गर्न रु.४००००००।०० मा जिप खरिद गरेको रहेछ । उपरोक्त बस र जिप दुबै सवारी साधन भएकोले बर्ग "ग" को सम्पतिको ह्रास आधारमा समाबेश गरी ह्रास खर्च दावी गर्न् पर्दछ । |

"घ" वर्ग (आधारभूत सम्पत्ति): यसमा निम्नअनुसारका सम्पति रहन्छन ।

. निर्माण तथा उत्तखनन सम्वन्धि उपकरणहरु
. दफा १७ को उपदफा ३ अन्तर्गतका सम्पतिहरु
. दफा १८ को उपदफा ३ अन्तर्गतका सम्पतिहरु
. अन्य कतै समाबेश नभएका ह्ासयोग्य सम्पतिहरु

"ङ" वर्ग (अमूर्त सम्पत्ति): जस्तै प्याटेन्ट, कपी राइट, ट्रेडमार्क, सूत्र, ब्राण्ड जस्ता समयसँग अधिकार आबद्ध गरिएका सम्पत्ति, (तर कर प्रयोजनमा Goodwill सम्पत्ति मानिदैंन) र प्रति इकाई उत्पादन वा बिक्रीमा आबद्ध भएको सम्झौता अमुर्त सम्पत्ति नभई रोयल्टी हो ।

ह्रास खर्च गणना गर्ने प्रयोजनका लागि "क" वर्गमा स्थायी संरचना, जस्तै, भवन, Approach Road, Compound wall जस्ता सम्पत्ति समावेश गरिनु पर्दछ । निश्चित अवधिको लागि जग्गा भाडामा लिई निर्माण हुने संरचना एवम्व्यावसायिक भवनमा ठाउँ लिई निर्माण हुने संरचना भाडामा लिने दिने बीचको सम्झौताका आधारमा अवधि निर्धारण भएको हुन्छ । यसरी निर्माण भएको संरचनाको लागत "ङ" वर्गमा समावेश गरी सो सम्झौताको अधीनमा रही ह्रासकट्टी खर्च दाबी गर्नुपर्दछ ।

अ.२.१(२) **कुनै व्यक्तिले कुनै आय वर्षमा निजको स्वामित्वमा रही व्यवसाय वा लगानीबाट आय आर्जनको लागि प्रयोग गरेको कुनै ह्रासयोग्य सम्पत्तिलाई पहिलो पटक स्वामित्वमा आएको वा प्रयोग भएको समयमा निम्नानुसारको समूह राख्नु पर्नेछ र सो समूहहरुलाई सो वर्षमा उक्त व्यक्तिको ह्रासयोग्य सम्पत्तिहरुको समूह मानिनेछ :-**

(क) **सो व्यक्तिको स्वामित्वमा रहेको वा प्रयोगमा रहेको उस्तै सम्पत्तिहरुको सम्बन्धमा वर्ग "क", "ख", "ग" वा "घ" का ह्रासयोग्य सम्पत्ति सोही वर्गका अन्य सम्पत्तिहरुको उही समूहमा ।**

अनुसूची-१ को दफा १(२)(क) बमोजिम कुनै समूह अन्तर्गतको सम्पत्ति खरिद गर्दा सोही समूहमा थप गर्नुपर्दछ । अर्थात आयकर प्रयोजनको लागि सम्पत्तिको छुट्टा छुट्टै गणना नगरी समूहमा गणना गर्नुपर्दछ । उक्त व्यवस्था तल उदाहरणमा खुलाइएको छ ।

| |
|---|
| उदाहरण १८.६.१३: मानौं, आ.व.२०६५।६६ मा नेपाल व्यापार विकास प्रा.लि.ले निम्नानुसारको सम्पत्ति खरिद गरेको रहेछ । |

| सि.नं. | मिति | सम्पत्तिको विवरण | रकम रु. |
|---|---|---|---|
| १. | २०६५।४।६ | टेवल | १०,०००।- |
| २. | २०६५।५।५ | कम्प्यूटर | ६०,०००।- |
| ३. | २०६५।५।७ | साईकल | ५,०००।- |
| ४. | २०६५।६।८ | जेनेरेटर | १,००,०००।- |
| ५. | २०६५।९।१७ | दराज | १२,०००।- |
| ६. | २०६५।११।१ | मेच | १५,०००।- |
| ७. | २०६५।१२।३ | कार | १८,००,०००।- |
| ८. | २०६६।१।४ | मोटर साईकल | १,२०,०००।- |
| ९. | २०६६।३।५ | पानी तान्ने पम्प | ९,०००।- |

उक्त समूहलाई आयकर प्रयोजनको लागि छुट्टाछुट्टै गणना नगरी निम्नानुसार समूहमा गणना गर्नुपर्दछ ।

समुह "ख"

| | | |
|---|---|---|
| २०६५।४।६ | टेवल | १०,०००।- |
| २०६५।५।५ | कम्प्यूटर | ६०,०००।- |
| २०६५।९।१७ | दराज | १२,०००।- |
| २०६५।११।१ | मेच | १५,०००।- |
| **जम्मा समुह "ख"** | | **९७,०००।-** |

समुह "ग"

| | | |
|---|---|---|
| २०६५।१२।३ | कार | १८,००,०००।- |
| २०६६।१।४ | मोटर साईकल | १,२०,०००।- |
| **जम्मा समुह "ग"** | | **१९,२०,०००।-** |

समुह "घ"

| | | |
|---|---|---|
| २०६५।५।७ | साईकल | ५,०००।- |
| २०६५।६।८ | जेनेरेटर | १,००,०००।- |
| २०६६।३।५ | पानी तान्ने पम्प | ९,०००।- |
| **जम्मा समुह "घ"** | | **१,१४,०००।-** |

(ख) **वर्ग "ङ" का ह्रासयोग्य सम्पत्तिको सम्बन्धमा उही वर्गको सम्पत्तिहरु भए तापनि बेग्ला बेग्लै समूहमा राख्नुपर्छ ।**

अनुसूची-२ को दफा १(२)(ख) बमोजिम वर्ग "ङ" का ह्रासयोग्य सम्पत्ति, जस्तै, पेटेण्ट राइट, ट्रेडमार्क आदि प्रत्येक सम्पत्तिको हैसियत फरक फरक हुने हुनाले यी सम्पत्तिलाई सोही वर्गको भएतापनि छुट्टा छुट्टै समूहमा राखी गणना गर्नु पर्दछ ।

अ.२.१(३) **व्यवसायबाट आय आर्जन गर्ने सिलसिलामा प्राकृतिक स्रोतको उत्खनन, खनिज निकाल्ने कार्य तथा सोको विकासको लागि परेको लागत सो आयसँग सम्बन्धित व्यवसायको लागि सम्पत्ति खरिद गर्दा परेको लागत सरह मानिनेछ ।**

प्राकृतिक स्रोतको उत्खनन, खनिज निकाल्ने कार्य तथा सोको विकासको लागि परेको लागतनै यस्ता कार्यको लागि आवश्यक सम्पत्ति मानिएकोछ र यस्तो सम्पत्तिलाई वर्ग "घ" अन्तर्गत राखिएकोछ ।

२. **ह्रासको दर :**

गणनाका आधारमा ह्रासको दर र तरिका ३ थरीको हुन्छः

१) सामान्य दर (Normal Rate): अनुसूचि-२ को दफा ३(१) बमोजिमको दर

२) थप दर (Accelerated Rate): अनुसूचि-२ को दफा ३(२) बमोजिमको थप दर

३) बाँकी मूल्य ह्रास (Terminal Depreciation) : अनुसूचि-२ को दफा ४ तथा ऐनको दफा १९(२) बमोजिमको ह्रास

ऐनको अनुसूची-२ को दफा ३ बमोजिम ह्रासयोग्य सम्पत्तिको वर्गको आधारमा निम्नानुसारको सामान्य दर (Normal Rate)प्रयोग गर्नुपर्दछ :

अ.२.३(१) **उपदफा (२) को अधीनमा रही यस अनुसूचीको दफा २ को उपदफा (२) मा उल्लिखित प्रत्येक समूहको हकमा लागू हुने ह्रासको दर देहाय बमोजिम हुने छ :-**

| **वर्ग** | **दर** |
|---|---|
| **“क”** | **५ प्रतिशत** |
| **“ख”** | **२५ प्रतिशत** |
| **“ग”** | **२० प्रतिशत** |
| **“घ”** | **१५ प्रतिशत** |
| **“ङ”** | **सम्पत्ति खरिद गर्दाको बखतमा उक्त सम्पत्तिको लागतलाई सम्पत्तिको प्रयोगावधिले भाग गरी निकटतम आधा वर्षमा मिलानगरी हुन आउने दर प्रतिशतमा ।** |

अ.२.३(२) **यस ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरुले र ऐनको दफा ११ को उपदफा (२ख), (३च), (३थ) र अनुसूची-१ को दफा २ को उपदफा (३) मा उल्लेख गरिएका निकायले यस अनुसूचीको उपदफा (१) मा उल्लेख गरेका वर्ग “क”, “ख”, “ग” र “घ”मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रासकट्टीको दरमा एक तिहाइले थप पाउनेछन् ।**

ह्रास कट्टीको गणना गर्दा आय वर्षको अन्त्यमा सम्पत्तिको समूहमा रहेको ह्रास आधार रकममा ह्रास कट्टीको दर ले गणना गर्नुपर्छ ।

तर निम्नानुसारका निकायले भने “क”, “ख”, “ग” र “घ” मा उल्लेखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रासकट्टीको दरमा एक तिहाईले थप दर (Accelerated Rate) सुविधा पाउँछन् । सामान्य दर वा थप दर जेसुकै सुविधा पाउने भएतापनि सम्बन्धित सम्पत्ति समूहको ह्रास गणना गरी बाँकी रहने रकममात्र आगामी आय वर्षमा जिम्मेवारी सार्नु पर्दछ । ऐनको दफा १९ को व्यवस्था अनुसार ह्रास खर्च अनिवार्य खर्च हो ।

(क) निकायले सञ्चालन गरेका “विशेष उद्योग” अर्थात चुरोट, बिंडी, सिगार, खानेसूर्ति, खैनी, मुख्य कच्चा पदार्थ सूर्ति भएको सोही प्रकृतिका अन्य उत्पादन, मदिरा, वियर तथा यस्तै प्रकारका वस्तु उत्पादन गर्ने उद्योगबाहेक औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ मा वर्गीकरण गरिएका उत्पादनमूलक उद्योग ।

(ख) कुनै ट्राम वा ट्रलि बस सञ्चालन गर्ने, रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन गर्ने र सडक, पुल, सुरुङ्ग मार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गर्ने निकाय ।

(ग) कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकाय ।

(घ) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएकाकर नलाग्ने बाहेकका सहकारी संघ तथा संस्था ।

माथि (क), (ख) तथा (ग) मा उल्लिखित निकायको लागि ह्रास कट्टीको दर निम्नानुसारको हुनेछ ।

| वर्ग | दर |
|---|---|
| "क" | ६.६७ प्रतिशत |
| "ख" | ३३.३३ प्रतिशत |
| "ग" | २६.६७ प्रतिशत |
| "घ" | २०.०० प्रतिशत |

सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गर्ने आयोजनामा जडान भएका संयन्त्र, उपकरण, र अन्य मेशिनरीको हकमा Terminal Depreciation समेत कट्टी गर्न पाउनेछ । अर्थात, हस्तान्तरण गरिने सम्पत्तिको बाँकी मूल्य बराबरको रकम मूख्य उपकरण प्रतिस्थापन गर्दा र हस्तान्तरण हुने आयोजनाबाट सम्पत्ति हस्तान्तरण हुँदाका बखत ह्रास कट्टी खर्च दाबी गर्न सक्दछन्

३. ह्रास खर्च :

ऐनको अनुसूची-२ को दफा २ बमोजिम ह्रासयोग्य सम्पत्तिको वर्गको आधारमा निम्नानुसारको दर प्रयोग गर्नुपर्दछ :

**अ.२.२(१) कुनै पनि व्यक्तिले कुनै आय वर्षमा सो व्यक्तिको ह्रासयोग्य सम्पत्तिका समूहहरु बापत यस दफाको उपदफा (२) र (६) बमोजिम गणना गरिएका प्रत्येक समूहमा रहेका सम्पत्तिको सो वर्षमा भएको ह्रास बराबरको खर्च कट्टी गर्न पाउनेछ ।**

**अ.२.२(२) कुनै व्यक्तिले आफ्नो आय वर्षमा समूहमा रहेका सम्पत्तिको ह्रास कट्टीको गणना देहाय बमोजिमको सूत्रको प्रयोग गरी निकाल्नु पर्नेछ :-**

**क Xख**

**"क" भन्नाले सो आय वर्षको अन्त्यमा सम्पत्तिको समूहमा रहेको ह्रास आधार रकमलाई जनाउँनेछ ।**

**"ख" भन्नाले सो समूहको हकमा लागू हुने यस अनुसूचीको दफा ३ मा उल्लिखित ह्रास कट्टी दरलाई जनाउँनेछ ।**

**अ.२.२(६) वर्ग "क", "ख", "ग" वा "घ" का समूहको ह्रासयोग्य सम्पत्तिहरुको ह्रास कट्टी आधार रकमबाट यस दफाको उपदफा (२) बमोजिम गणना गरिने ह्रास खर्च कटाउँदा दुईहजार रुपैयाँभन्दा कम भएमा अतिरिक्त ह्रास खर्च बापत सो बाँकी रकम सबै गणना गर्नुपर्नेछ ।**

ह्रास खर्च कटाउँदा कुनै वर्गमा रहेको सम्पत्तिको ह्रास आधारमा सो वर्गको ह्रास कट्टी दर प्रयोग गरी हुन आउने रकम दाबी गर्नुपर्नेछ। उक्त व्यवस्था तल उदाहरणमा खुलाइएको छ ।

उदाहरण १८.६.१४: मानौं, नेपाल व्यापार विकास प्रा.लि.को आ.व.२०६५।६६ अन्तमा समुह "ख" को ह्रास आधार रु.१,००,०००।-रहेछ भने सो आ.व.मा सो समूहको ह्रास

खर्च निम्नानुसार गणना गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| (क) सो आय वर्षको अन्त्यमा सम्पत्तिको समूहमा रहेको ह्रास आधार रकम | = | रु.१,००,०००।- |
| (ख) ह्रास कट्टी दर | = | २५ प्रतिशत |
| ह्रास खर्च | = | क Xख |
| | = | रु. २५,०००।- |

"क", "ख", "ग" वा "घ" समूहको ह्रासयोग्य सम्पत्तिको ह्रास कट्टी आधार रकमबाट कुनै वर्षको ह्रास खर्च कटाउँदा दुईहजार रुपैयाँभन्दा कम भएमा अतिरिक्त ह्रास खर्च बापत सो बाँकी रकम सबै गणना गर्नुपर्छ । उक्त व्यवस्था तल उदाहरणमा खुलाइएको छ ।

उदाहरण १८.६.१५: मानौं, नेपाल व्यापार विकास प्रा.लि.को आ.व.२०६५।६६ अन्तमा वर्ग "ख"को ह्रास आधार रु.२,४००।-रहेछ । सो वर्ष उक्त वर्गको दर २५% ले रु.६००।-ह्रास कट्टी गरी बाँकी रु.१,८००।-हुन्छ । उक्त रकम रु.२,०००।-भन्दा कम भएकोले सोही आ.व. मा अतिरिक्त ह्रास खर्च बापत कट्टी दाबी गर्न पाइन्छ ।

अ.२.२(३) **कुनै आय वर्षको अन्त्यमा वर्ग "क", "ख", "ग" वा "घ" मा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास आधार रकम देहाय बमोजिमको खण्ड (क) र खण्ड (ख) को योगबाट खण्ड (ग) को रकम घटाई कायम गर्नु पर्नेछ ।**

**तर यसरी घटाइएपछिको रकम शून्य भन्दा कम हुने छैन :-**

**(क) अघिल्लो वर्षको अन्त्यको सो समूहको ह्रास कट्टीआधार रकमबाट उपदफा (२) र (६) बमोजिम गणना गरिएको सो समूहको ह्रास खर्च कट्टी गरी बाँकी हुने रकम ।**

**(ख) सो वर्षमा सो समूहको ह्रास कट्टी आधार रकममा सो समूहमा थपिएका सम्पत्तिको लागि गरिएको सो समूहमा थप गरेको सो आय वर्षभित्र यस अनुसूचीको उपदफा (५) बमोजिमको खर्च वा समूहमा जोडिएको खर्च ।**

**(ग) सो समूहको कुनै सम्पत्तिको सो वर्षमा भएको निःसर्गबाट प्राप्त कुनै रकम**

कुनै आय वर्षको अन्त्यमा वर्ग "क", "ख", "ग" वा "घ" अन्तर्गतका समूहमा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास आधार निम्नानुसार कायम गर्नुपर्छ :

| | | |
|---|---|---|
| क. | अघिल्लो आय वर्षको अन्त्यको सो समूहको ह्रास आधार रकमबाट सो वर्षको ह्रास कट्टी गरी बाँकी रकम रु.२,०००।-भन्दा कम भएमा सो समेत कट्टा पछिको रकम (Opening Depreciation Base) | |
| ख. | जोड्नेः | अघिल्लो आय वर्षमा थपिएका सम्पत्ति तर दफा १९ को प्रयोजनको लागि सो आय वर्षको ह्रास आधारमा समावेश नहुने रकम |
| | | अघिल्लो आय वर्षको दफा १६ अनुसार यस आय वर्षको ह्रास आधारमा थप हुने रकम ("घ"वर्गको सम्पत्तिको हकमादफा १७ र १८ बमोजिम थप भएका रकम समेत) |
| | | यस आय वर्षभित्र सो समूहमा थपिएका समय अनुसारको सम्पत्तिको लागत वा समूहमा जोडिएको खर्च |
| ग. | घटाउनेः | सो आय वर्षभित्र सो समूहको सम्पत्तिको निःसर्गबाट प्राप्त रकम |

कुनै आय वर्षको अन्त्यमा वर्ग "ङ" अन्तर्गतका समूहमा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास आधार निम्नानुसार कायम गर्नुपर्छ :

क. अघिल्लो आय वर्षको अन्त्यमा समूहमा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास कट्टीको आधार रकम, र

ख. त्यस आर्थिक वर्षमा सो ह्रास कट्टी आधार रकममा सो समूह भित्रको सम्पत्तिको लागि (समय अनुसारको) थपिएको रकम ।

अ.२.२(४) कुनै आय वर्षको अन्त्यमा वर्ग "ङ" अन्तर्गतका प्रत्येक ह्रासयोग्य सम्पत्तिको ह्रास कट्टीको आधार रकम देहाय बमोजिमको रकमको कूल योग हुनेछ :-

(क) अघिल्लो आय वर्षको अन्त्यमा समूहमा रहेका ह्रासयोग्य सम्पत्तिहरुको ह्रास कट्टीको आधार रकम, र

(ख) त्यस आर्थिक वर्षमा सो ह्रास कट्टी आधार रकममा सो समूहभित्रको सम्पत्तिको लागि उपदफा (५) बमोजिम थपिएको रकम ।

अ.२.२(५) कुनै व्यक्तिको ह्रासयोग्य सम्पत्तिको कुनै समूहमा समावेश भएको कुनै ह्रासयोग्य सम्पत्तिको लागि गरिएको लागतलाई सम्बन्धित समूहको ह्रास आधार रकममा देहाय बमोजिम जोड्नु पर्नेछ :-

(क) सो सम्पत्ति यस अनुसूचीको दफा १ बमोजिम समूहमा समावेश गरिने समय वा सो सम्पत्ति प्राप्त गर्न खर्च गरेको समयमध्ये जुन पछि आउँछ सो समयमा निम्न सूत्र अनुसार गणना गरी पहिलो मान मानी जोड्नु पर्नेछ :-

क/३ **X**ख

यस खण्डको प्रयोजनको लागि "क" लाई देहायको अवधिको लागि देहायको मान हुनेछ :-

(अ) आय वर्षको शुरुदेखी पुष मसान्तसम्मको अवधिको अन्त्यको समय तीन हुनेछ,

(आ) माघदेखि चैत्रमसान्तबीचको अवधि दुई हुनेछ, र

(इ) बैशाखदेखि आय वर्षको अन्त्यसम्मको अवधि एक हुनेछ ।

"ख" भन्नाले सो लागत रकम जनाउँनेछ ।

(ख) लागतको बाँकी भाग पहिलो भाग थप गरिएको आय वर्षपछिको आय वर्षमा जोडिन्छ तर सो अवधिको बीचमा यस अनुसूचीको दफा ४ को उपदफा(२) बमोजिम उक्त समूह विघटन भएको हुनुहुदैन ।

ह्रास आधार प्रयोजनको लागि समूहमा समावेश भएको (व्यवसायमा प्रयोग भएको) समय अनुसार सम्पत्तिको लागतको गणना गर्दा निम्नानुसारको रकम ह्रास आधारमा जोड्नु पर्छ,

- आय वर्षको शुरुदेखी पुष मसान्तसम्मको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागत रकम पूरै,
- माघदेखि चैत्र मसान्तबीचको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागतको दुई तिहाई रकम,
- बैशाखदेखि आय वर्षको अन्त्यसम्मको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागतको एक तिहाई रकम,

- उपरोक्तानुसार समावेश भई बाँकी रहने लागत रकम आगामी आय वर्षको सुरु ह्रास आधारमा जोडिन्छ ।

उक्त व्यवस्था तल उदाहरणमा खुलाइएकोछ ।

उदाहरण १८.६.१६: मानौं, नेपाल व्यापार विकास प्रा.लि.ले आ.व.२०६५।६६ मा रु.६०,०००।-को कम्प्युटर खरिद गरेको रहेछ । उक्त आ.व.को ह्रास आधार गणना गर्दा "ख" समुहको सम्पत्ति, रु.६०,०००।-पर्ने कम्प्युटर २०६५ पौष महिनाभित्रमा थप भएको रहेछ भने पूरै रकम अर्थात रु.६०,०००।-नै ह्रास आधारमा समावेश गर्न पाइन्छ । त्यस्तै सो कम्प्यूटर २०६५ माघदेखि चैत्र मसान्तसम्ममा थप भएको रहेछ भने दुई तिहाई रकम अर्थात रु.४०,०००।-तथा सो कम्प्यूटर २०६६ बैशाखदेखि आषाढ मसान्तसम्ममा थप भएको रहेछ भने एक तिहाई रकम अर्थात रु.२०,०००।-ह्रास आधारमा समावेश गर्न पाइन्छ ।

उदाहरण १८.६.१७: मानौं, नेपाल व्यापार विकास प्रा.लि.ले २०६५ माघ १० गते एउटा Trade Mark को Licenseखरिद लागत रु.६,००,०००।-रहेछ र प्रयोग अवधि ५ वर्ष २ महिना रहेछ भने उक्त सम्पत्तिको ह्रास कट्टी निम्नानुसारको दरले गणना गर्नुपर्दछ ।

| | | | |
|---|---|---|---|
| लागत रु. | ६,००,०००।- | | |
| अवधि (निकटम आधा वर्षमा) | ५.०० | | |
| वार्षिक ह्रास दर | २०% | २०% | २०% |
| वार्षिक ह्रासरु. | १,२०,०००।- | | |
| | २०६५/६६ | २०६६/६७ | २०६७/६८ |
| खरिद रकमरु. | ६,००,०००।- | ६,००,०००।- | ६,००,०००।- |
| वर्षको शुरुको ह्रास आधाररु. | – | ५,२०,०००।- | ४,००,०००।- |
| यो वर्ष थप (अवधि अनुसार)रु. | ४,००,०००।- | | |
| यो वर्षको निःसर्ग | – | | |
| ह्रास आधाररु. | ४,००,०००।- | ५,२०,०००।- | ४,००,०००।- |
| ह्रास खर्चरु. | ८०,०००।- | १,२०,०००।- | १,२०,०००।- |
| आगामी वर्षको शुरुको ह्रास आधार रु. | ५,२०,०००।- | ४,००,०००।- | २,८०,०००।- |
| बाँकी ह्रास आधार रु. | ३,२०,०००।- | ४,००,०००।- | २,८०,०००।- |
| समूहमा जोड्न बाँकी रकमरु. | २,००,०००।- | – | – |

## ४. ह्रासयोग्य सम्पत्तिको निःसर्ग :

ऐनको अनुसूची-२ को दफा ४ बमोजिम ह्रासयोग्य सम्पत्तिको निःसर्गको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

**अ.२.४(१) कुनै व्यक्तिको सो आय वर्षमा व्यवसाय वा लगानीमा प्रयोग भएका ह्रासयोग्य सम्पत्ति वा सम्पत्तिहरुको निःसर्गबाट भएको आयको गणना गर्दा खण्ड (ख) भन्दा खण्ड (क) बढी भए यस्तो बढी भएजति रकम सो आयमा समावेश गर्नुपर्नेछ ।**

**(क) कुनै व्यक्तिको समूहको "क", "ख", "ग" वा "घ" वर्गमा पर्ने कुनै आय वर्षमा निजको सो वर्ष ह्रासयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त भएका आयहरु,**

(ख) **नि:सर्गबाट प्राप्त आयलाई समावेश नगरी यस अनुसूचिको दफा २ को उपदफा (३) बमोजिम समूहको सो वर्षको अन्त्यमा रहेको ह्रास कट्टी आधार रकम ।**

सम्पत्तिको नि:सर्गबापत हुने आय सम्बन्धी अवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएकोछ ।

उदाहरण १८.६.१८: मानौं, नेपाल व्यापार विकास प्रा.लि.को आ.व.२०६४।६५ अन्तमा वर्ग "ग" र "घ" मा निम्नानुसारको सम्पत्ति रहेछ । सो प्रा.लि.ले आ.व.२०६५।६६ माघमा रु.१,००,०००।- को मोटरसाइकल थप गरेको रहेछ । आ.व.२०६५।६६ मा सो प्रा.लि.ले आफूसँग भएको कार रु.१७ लाख र मेशिन रु.९ लाखमा बिक्री गरेको रहेछ । मोटरसाइकल दुर्घटनामा परी काम नलाग्ने भएकाले अब कुनै सम्पत्ति बाँकी रहेनछ भने सो समूहको कट्टी हुने खर्च (Outgoings) र आयमा समावेश हुने रकम (Incomings) निम्नानुसार रहन्छ ।

| **समूह** | **ग** | **घ** | **जम्मारु.** |
|---|---|---|---|
| वर्षको शुरुको ह्रास आधार | १५,००,०००।- | १०,५०,०००।- | २५,५०,०००।- |
| यो वर्ष थप (अवधि अनुसार) | १,००,०००।- | – | १,००,०००।- |
| यो वर्षको नि:सर्ग | १७,००,०००।- | ९,००,०००।- | २६,००,०००।- |
| समूहमा सम्पत्ति बाकी | छैन | छैन | |
| आयमा समावेश हुने रकम (Balancing Charge) | १,००,०००।- | – | १,००,०००।- |
| विघटन हुदाको ह्रास (Terminal Depreciation) | – | १,५०,०००।- | १,५०,०००।- |
| ह्रास आधार | – | – | – |

माथि उल्लिखित अवस्थामा समूहमा सम्पत्ति बाँकी नरहेकाले ह्रास आधारभन्दा बढी प्राप्त भएको आय (Balancing Charge) दफा ७(२)(घ) बमोजिम आयमा समावेश हुन्छ भने समूहमा सम्पत्ति बाँकी नरहेको तर मूल्य बाँकी भएको रकम अनुसूचि-२ को दफा ४ बमोजिम ह्रास खर्च (Terminal Depreciation)पाउँदछ । समूहका सम्पत्तिको बिक्री वर्षको शुरुमा नै नभई बीचमा वा वर्षान्तमा भएमा सो समूहमा मर्मत खर्च भएको हुन सक्तछ ।

तर उल्लिखित अवस्थामा सम्पत्ति रहेको तर सो सम्पत्तिको समुहमा बाँकी रकम नरहेको कारण त्यस्तो सम्पत्तिमा हुन आउने मर्मत सुधार खर्च भएमा वर्ग विघटन नभएकाले सो सम्पत्तिको ह्रास आधारमा थप हुन जान्छ र आगामी वर्ष ह्रास आधारमा समावेश गरी ह्रास खर्च दाबी गर्नुपर्नेछ ।

अ.२.४(२) **कुनै व्यक्तिले कुनै आय वर्ष समाप्त हुनुभन्दा अगाडि सो व्यक्तिको ह्रासयोग्य सम्पत्तिको समूहमा रहेका सबै सम्पत्तिहरु नि:सर्ग गरेमा सो समूह विघटन भएको मानिनेछ र देहाय बमोजिम हुनेछ :-**

(क) **ह्रासयोग्य सम्पत्तिको समूहमा भएका सम्पत्तिको निम्न सूत्र बमोजिम ह्रास गणना गर्दा हुने ह्रास कट्टी रकम समूहको ह्रास कट्टी आधार रकमभन्दा बढी भएमा सो व्यक्तिले सो वर्षको लागि सो बढी भएजति रकम प्राप्त गरे सरह मानिनेछ ।**

**क - ख**

**वा**

(ख) ह्रासयोग्य सम्पत्तिको समूहमा भएका सम्पत्तिको निम्न सूत्र बमोजिम ह्रास गणना गर्दा हुन आउने रकम समूहको ह्रास कट्टी आधार रकमभन्दा बढी भएमा सो व्यक्तिलाई सो वर्ष सो बढी भएजति खर्च रकम मिनाहा हुनेछ

ख - क

स्पष्टीकरणः यस दफाको प्रयोजनकोलागिः-

(१) "क" भन्नाले कुनै व्यक्तिले सो सम्पत्तिको निःसर्गबाट सो वर्ष प्राप्त गरेको वा प्राप्त गर्ने आम्दानीहरु (इनकमिङ्गस) सम्झनुपर्छ ।

(२) "ख" भन्नाले खण्ड (अ), (आ) र (इ) को जम्मा रकम सम्झनुपर्छ

(अ) सो वर्षमा समूहको घट्दो प्रणालीको बाँकी मूल्य,

(आ) समूहको ह्रास आधार रकममा जोडिएका सो वर्षका खर्चहरु (आउटगोइङ्गस), र

(इ) समूहको ह्रास आधार रकममा यस अनुसूचीको दफा २ को उपदफा (५) बमोजिम आगामी वर्षमा जोडिने खर्चहरु (आउटगोइङ्गस) ।

सम्पत्तिको समुहको निःसर्गको अवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

| |
|---|
| उदाहरण १८.६.१९: माथिको उदाहरणमा समूह "घ" मा निःसर्ग भएका सम्पत्तिका कारण वर्षान्तमा समूह विघटन भएर पनि मूल्य बाँकी रहेको छ । यस्तो बाँकी रहेको मूल्य सो समूह विघटन भएका वर्षमा ह्रास खर्च (Terminal Depreciation) पाउँदछ । |

अ.२.४(३) यस अनुसूचीको प्रयोजनको लागि कुनै आय वर्षमा ह्रासयोग्य सम्पत्तिको समूहको घट्दो प्रणालीको बाँकी रहेको मूल्य भन्नाले निम्नानुसारको रकमलाई जनाउँछ :

(क) समूहको वर्ग "क", "ख", "ग" वा "घ" को हकमा, सो समूहको अघिल्लो आय वर्षको अन्त्यमा रहेको ह्रास आधार रकमबाट सो वर्षको लागि सो समूहको यस अनुसूचीको दफा २ को उपदफा (२) र उपदफा (६) बमोजिम गणना गरिएको कुनै ह्रास भए सो घटाए पछि हुने रकम,

(ख) समूहको वर्ग "ङ" को सम्बन्धमा सो समूहको अघिल्लो आय वर्षको अन्त्यमा रहेको ह्रास आधार रकमबाट सो व्यक्तिलाई यस अनुसूचीको दफा २ को उपदफा (१) बमोजिम कट्टी गर्न दिइएका विगतका आय वर्षहरुका सबै खर्चहरु घटाएपछि हुने रकम ।

प्रत्येक आ.व.मा ह्रास खर्च घटाई सकेपछि कायम हुने बाँकी मूल्यलाई घट्दो प्रणालीको बाँकी रहेको मूल्य (Written Down Value) भनिन्छ । यसलाई स्पष्ट गर्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

| |
|---|
| उदाहरण १८.६.२०: मानौं, नेपाल व्यापार विकास प्रा.लि.को आ.व.२०६४।६५को अन्त्यमा समूह ''ग'' मा निम्नानुसारको सम्पत्ति रहेछ । सो प्रा.लि. ले आ.व.२०६५।६६ मा कुनै सम्पत्ति थप गरेको रहेनछ । |

| | |
|---|---|
| आ.व.२०६४।६५ ह्रास आधार रु. | १२,४०,०००।- |
| आ.व.२०६४।६५ को ह्रास खर्च रु. | ३,१०,०००।- |
| घट्दो प्रणालीको बाँकी रहेको मूल्य (Written Down Value) | ९,३०,०००।- |

तर कुनै सम्पत्तिको प्रयोग शुरु भएको अवधिका कारण समूहमा समावेश गर्न बाँकी रहेको रकम आगामी वर्षको शुरुमा मात्र बाँकी मूल्यमा समावेश हुन्छ ।

**५. ह्रासयोग्य सम्पत्ति सम्बन्धी विशेष व्यवस्थाः**

निर्माण सञ्चालन र हस्तान्तरण (BOT/BOOT)अवधारणा अन्तर्गतका आयोजना तथा विद्युत गृह निर्माण, उत्पादन र प्रशारण गर्ने निकायले प्रयोग गरेका मूख्य उपकरण बिग्री काम नलागिअर्को उपकरणले प्रतिस्थापन गरेमा त्यसरी प्रतिस्थापन गरेको वर्ष प्रतिस्थापित भई जाने उपकरणको बाँकी घट्दो मूल्य दफा १९(२) बमोजिम ह्रास खर्च पाउँदछ । अर्कातिर निर्माण सञ्चालन र हस्तान्तरण (BOT/BOOT)अवधारणा अन्तर्गतका आयोजनाले त्यस्ता आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरेका वर्ष हस्तान्तरण भएका सम्पत्तिको बाँकी घट्दो मूल्य दफा १९(२) बमोजिम ह्रास खर्च पाउँदछ । त्यस्तै, कुनै व्यक्तिले आफैले निर्माण गरी सञ्चालन गर्ने एवम् सम्झौताको समाप्तिपछि उक्त आयोजना हस्तान्तरण (BOOT)गर्नुपर्ने आयोजना (जस्तैः जल विद्युत आयोजना) का निमित्त खरिद गरिएको जग्गा समेत हस्तान्तरण गर्नुपर्ने अवस्थामा उक्त जग्गामा भएको लागतलाई "ङ" समुहमा समावेश गरि सम्झौताका अवधिको आधारमा ह्रास कट्टी खर्च दाबी गर्न सक्दछन् । उक्त व्यवस्था तल उदाहरणमा खुलाइएको छ ।

उदाहरण १८.६.२१: मानौं, नेपाल जलविद्युत आयोजना प्रा.लि.ले सरकारबाट रसुवामा ३० मेगावाटको जलविद्युत आयोजनाको अनुमति (License) प्राप्त गरेको रहेछ । उक्त अनुमति बमोजिम निजले सो आयोजना सञ्चालनमा आएको ३० वर्षमा नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने रहेछ । निजले सो आयोजनाको निमित्ति अन्य सम्पत्तिको अलावा रु.९० लाखको जग्गा समेत खरिद गरेका रहेछन् । उक्त अवस्थामा निजले उक्त जग्गामा भएको लगानी सो आयोजनाको अनुमति (License)मा तोकिएको अवधि अर्थात ३० वर्षमा प्रतिवर्ष रु.३ लाखका दरले आयकर प्रयोजनको लागि कट्टी दाबी योग्य हुन्छ ।

अ२.३(३) **कुनै व्यक्तिले आफ्नो व्यावसायिक प्रयोजनको निमित्त आवश्यक पर्ने उर्जाशक्ति उत्पादन गर्न पुँजीकृत गरेको सम्पत्तिको पुँजीगत रकमको पचास प्रतिशत सोही वर्ष ह्रास खर्च बापत कट्टी दाबी गर्न सक्नेछ ।**

अ२.३(४) **कुनै व्यक्तिले फिस्कल प्रिन्टर र क्यास मेशिन राखी बील बीजक जारी गर्ने गरेमा सो प्रिन्टर तथा क्यास मेशिनमा भएको खर्चको एकमुष्ट रकम ह्रास खर्च बापत सोही वर्ष दाबी गर्न सक्नेछ ।**

उक्त व्यवस्थाको व्याख्या गर्न निम्न उदाहरण प्रस्तुत गरिएको छः

उदाहरण १८.६.२२: मानौ, कत्था लिमिटेड एक उद्योग रहेछ । मुलुकको विद्युत आपूर्तिको अनियमितताको जोखिम कम गर्न २०६७ माघमा रु.९ लाखमा जेनेरेटर जडान गरेको रहेछ र समूह "घ" मा अन्य सम्पत्तिको वर्षको शुरुको ह्रास आधार रु.२९ लाख रहेछ । यस्तो अवस्थामा जेनेरेटर जडान गरेको वर्षमा आधा पुँजीगत खर्च ह्रास पाउने हुनाले ह्रास खर्चको गणना निम्नानुसार हुन्छः

वर्षको शुरुको ह्रास आधार रु.२,९००,०००।-

ह्रासको दर (विशेष उद्योग)२० प्रतिशत

ह्रास खर्च (सामान्य (क)रु.५८०,०००।-

विशेष ह्रास खर्च (ख)रु.९,००,०००।०० को ५० प्रतिशतले रु.४,५०,०००।-

जम्मा ह्रास खर्च (क र ख को जम्मा) रु.१०,३०,०००।-

| |
|---|
| आगामी वर्षका लागि शुरु ह्रास आधारः यस वर्षको शुरु ह्रास आधार रु.२९,००,०००।- र जेनेरेटर खरिद रु.९०००००।०० समेत गरि जम्मा रु.३८,००,०००।०० मा यस वर्षको ह्रास खर्च रु.१०,३०,०००।०० ।- घटाउँदा हुन आउने रु.२७,७०,०००।- हुन आउँछ । |
| उदाहरण १८.६.२३: मानौं माथिको उदाहरणमा फिस्कल प्रिन्टर र क्यास मेशिन खरिद गरी प्रयोग गरेको र सो खरिदमा रु.५० हजार खर्च भएको भए पूरै खर्च रकम प्रयोग शुरु गरेको वर्ष नै ह्रास खर्च कट्टी पाउँदथ्यो । |

## १८.७ अन्य विशेष व्यवस्था

### १८.७.१ बैकिङ्ग तथा बीमा व्यवसायको आय गणना सम्बन्धी विशेष व्यवस्था

बैकिङ्ग तथा बीमा व्यवसाय गर्ने निकायको आय गणना गर्ने सम्बन्धमा ऐनले गरेको विशेष व्यवस्था एवम्व्याख्या यसै निर्देशिकाको परिच्छेद १९ मा गरिएको छ ।

### १८.७.२ दीर्घकालीन करार सम्बन्धी विशेष व्यवस्था

ऐनको दफा २६ मा दीर्घकालीन करारको आय गणना गर्ने सम्बन्धी छुट्टै व्यवस्था गरिएको छ । उक्त व्यवस्थाका सन्दर्भमा विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद २० मा गरिएको छ ।

### १८.७.३ विदेशमा तिरेको आयकर बापत खर्च दाबी :

आयकर ऐन, २०५८ ले बासिन्दा व्यक्तिको वैदेशिक आय छ र सोमा विदेशमा आयकर तिरेको छ भने नेपालको करको औसत दरको सीमाभित्र रही वैदेशिक कर मिलान गर्न सक्ने व्यवस्था गरेको छ । तर कुनै बासिन्दा व्यक्तिले कुनै आय वर्षमा वैदेशिक आय बापत विदेशमा कर तिरेको छ भने त्यसरी तिरेको कर उक्त विदेशको आय नेपालको आय समेत समावेश गर्दा लाग्ने करमा मिलान नगरी विदेशमा दाखिला गरेको कर रकम बराबरको रकमलाई खर्च दाबी गर्न सक्ने व्यवस्था ऐनको दफा ७१ को उपदफा (४) मा रहेको छ ।

७१(४) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षकोलागि कुनै व्यक्तिले सो वर्षमा पाउने विदेशी कर मिलानको दाबी छोडी यस्तो मिलान सुविधा उपलब्ध रहेको विदेशी आयकर बापतको रकम खर्च दाबी गर्न पनि सक्नेछ ।**

## १८.८ व्यवसायबाट नोक्सानी :

ऐनको दफा २० मा व्यवसायबाट नोक्सानी निम्नानुसार कट्टी गर्न पाउने व्यवस्था रहेको छः

२०(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नोक्सानी कट्टी गर्न पाउँनेछ :-**

(क) **सो व्यक्तिले अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको सो वर्षको कुनै कट्टी हुन नपाएको नोक्सानी, र**

(ख) **त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी ।**

**तर सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरु, विद्युत गृह निर्माण, उत्पादन र प्रशारण गर्ने आयोजनाहरु र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको हकमा विगत बाह्र वर्षको कट्टी हुन नपाएको नोक्सानी ।**

कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको सो वर्षको कुनै कट्टी हुन नपाएको नोक्सानी र सो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय वर्षको कट्टी हुन

नपाएको नोक्सानी कट्टी गर्न पाउँछ । यस अर्थमा व्यवसायको नोक्सानी लगानीको आयमा कट्टी दाबी गर्न सकिने भएतापनि लगानीको नोक्सानी भने व्यवसायको आयबाट कट्टी दाबी गर्न पाईदैन । त्यस्तै, व्यवसाय वा लगानीबाट भएको नोक्सानी पारिश्रमिकको आयबाट घटाउन सकिदैंन । नोक्सानी समायोजन खुलाउने उदाहरण तल प्रस्तुत गरिएकोछ ।

| |
|---|
| उदाहरण १८.८.१: मानौं, गणेश सिंखडाको आ.व.२०६५।६६ मा आयात व्यवसायमा रु.१ करोडको आय भएको रहेछ । निजको सो आ.व.मा होटल सञ्चालनमा रु.५० लाख नोक्सानी भएको रहेछ । निजले आ.व.२०६५।६६ को आय विवरण पेश गर्दा होटल सञ्चालनमा भएको नोक्सानी रु.५० लाख आयात व्यवसायमा भएको रु.१ करोडबाट कट्टी दाबी गर्न सक्दछन् । |
| उदाहरण १८.८.२: मानौं, गणेश सिंखडाको आ.व.२०६५।६६ मा होटल सञ्चालनमा रु.५० लाख नोक्सानी भएको रहेछ र सो वर्ष निजको अन्य आय रहेनछ भने निजको सो नोक्सानी आगामी आ.व.मा सार्न सकिन्छ । यस्तो नोक्सानी ७ वर्ष (अर्थात आ.व.२०७२।७३) सम्म समायोजन नहुन्जेल सारी दाबी गर्न सकिन्छ । यस्तो नोक्सानी २०६६।६७ देखि २०७२।७३ सम्मका जुनसुकै व्यवसाय वा लगानीको आयमा कट्टी गर्न पाउँदछ । |

तर यसरी नोक्सानी ७ वर्षसम्म सार्न सकिने प्रावधान ऐनमा २०६४।६५ (२०६४ सालको संशोधन) बाट मात्र प्रारम्भ भएकोले सो भन्दा अघिको आ.व.को नोक्सानी ४ वर्ष व्यतित नभएको खण्डमा ७ वर्षसम्म दाबी गर्न पाउने र यस्तो नोक्सानी आ.व.२०६४।६५ अघि ४ वर्ष व्यतित भएको खण्डमा भने थप ३ वर्षसम्म दाबी गर्न पाउदैंन ।

सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना, विद्युत गृह निर्माण, उत्पादन र प्रशारण गर्ने आयोजना र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम उत्खनन्, उत्पादन जस्ता कार्य गर्ने निकायको कट्टी हुन नपाएको नोक्सानी बाह्र वर्षसम्म सार्न सकिन्छ ।

ऐनको दफा ५७ बमोजिम कुनै निकायको बिगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ र यस अवस्थामा स्वमित्वको परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी स्वामित्वको परिवर्तनपछि कट्टा गर्न पाईदैंन ।

२०(२) **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि त्यस्तो व्यक्तिले अन्य कुनै लगानीबाट व्यहोर्नु परेको उक्त वर्षको कट्टी हुन नपाएको नोक्सानी र त्यस्तो व्यक्तिको उक्त लगानी र अन्य कुनै लगानीबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउनेछ ।**

कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले अन्य कुनै लगानीबाट व्यहोर्नु परेको सो वर्षको कुनै कट्टी हुन नपाएको नोक्सानी र सो व्यक्तिले कुनै लगानीबाट व्यहोर्नु परेको विगत सात आय वर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउँछ । व्यवसायको नोक्सानी लगानीको आयबाट कट्टी दाबी गर्न पाइए पनि लगानीको नोक्सानी व्यवसायको आयमा कट्टी दाबी गर्न पाईदैंन । त्यस्तै, लगानीबाट भएको नोक्सानी पारिश्रमिकको आयबाट घटाउन सकिदैंन ।

२०(३) **उपदफा (१) र (२) को अधीनमा रही सो उपदफाहरूको प्रयोजनका लागि कुनै व्यक्तिले विदेशी स्रोतका सम्बन्धमा व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको विदेशी स्रोतबाट भएको आयको गणना गर्दा मात्र कट्टी गर्न पाउनेछ र कुनै कर नलाग्ने आय प्राप्त गर्दा भएको कट्टी हुन नपाएको**

नोक्सानी सो व्यक्तिको कर नलाग्ने आयको गणना गर्दा मात्र कट्टी गर्न पाउँनेछ ।

कुनै व्यक्तिले विदेशी स्रोतका सम्बन्धमा व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको सोही मुलुकको विदेशी स्रोतबाट भएको आयको गणना गर्दा मात्र (Per country basis) कट्टी गर्न पाउँनेछ र कुनै कर नलाग्ने आय प्राप्त गर्दा भएको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको कर नलाग्ने आयको गणना गर्दा मात्र कट्टी गर्न पाउनेछ । अर्थात कुनै व्यक्तिको पाकिस्तानमा भएको व्यवसायको नोक्सानी पाकिस्तानमानै भएको व्यवसाय वा लगानीको आयबाट मात्र कट्टी गर्न पाउनेछ ।

**२०(४)** **उपदफा (१) र (२) को अधीनमा रही कुनै व्यक्तिको व्यवसायको अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरी प्राप्त गरेको दीर्घकालीन करार पूरा भएको वा अन्य कुनै रूपमानिःसर्ग गरिएको आय वर्षमा सो व्यक्तिले नोक्सानी व्यहोर्नु परेमा वा उपदफा (१) को खण्ड (ख) बमोजिम जिम्मेवारी सारी आगामी वर्षमा ल्याउन पाउने कुनै कट्टी हुन नपाएको नोक्सानी दीर्घकालीन करारसँग सम्बन्धित भएमा विभागले लिखित सूचना दिएर सो नोक्सानी देहाय बमोजिम गर्न अनुमति दिन सक्नेछ :-**

**(क) विगतको आय वर्ष वा वर्षहरुमा पछाडि सारी लैजान पाउने, र**

**(ख) सो वर्ष वा वर्षहरुमा सो दीर्घकालीन करारसँग सम्बन्धित व्यवसायको आयको गणना गर्दा आयतर्फ समावेश हुने रकमहरु खर्चतर्फ समावेश हुने रकमहरु भन्दा बढी भए जतिको हदसम्म मात्र कट्टी हुन नपाएको नोक्सानी मान्न पाउने ।**

दीर्घकालीन करारको आय गणना गर्दा समावेश गरिने रकम अनुमानित लागतको आधारमा गरिने हुँदा शुरु वर्षमा करयोग्य आय देखिई पछिल्ला वर्षमा नोक्सानी हुन सक्ने सम्भावना रहन्छ । Global Contract का माध्यमबाट हुने यस्ता करारका सन्दर्भमा यस्ता नोक्सानी Carry-forward मात्र गर्दा नोक्सानी समायोजन (Set-off) हुन नसक्ने सम्भावना रहेको हुँदा ऐनको दफा २० को उपदफा (४) मा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गरी प्राप्त गरेको दीर्घकालीन करार पूरा भएको वा अन्य कुनै रूपमानिःसर्ग गरिएको आय वर्षमा विभागले लिखित सूचना दिएर सो नोक्सानी विगतको आय वर्ष वा वर्षमा पछाडि सारी लैजान (Carry-backward) पाउने समेत अनुमति दिन सक्नेछ ।

ऐनको दफा ५७ बमोजिम कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्व (नियन्त्रण) को तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व ( नियन्त्रण) परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफूले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ र यस अवस्थामा स्वामित्वको परिवर्तनपछि हुन गएको नोक्सानीलाई त्यस्तो स्वामित्वको परिवर्तन अघिको कुनै आय वर्षमा पछाडि लैजान सकिदैंन ।

**२०(५)** **कुनै व्यक्तिले कुनै आय वर्षमा व्यहोर्नु परेको देहायको नोक्सानी सो व्यक्तिको दीर्घकालीन करार वा करारहरुसँग सम्बन्धित रहेको मानी बाँडफाँड गर्नु पर्नेछ :-**

**(क) व्यवसायसँग सम्बन्धित दीर्घकालीन करार वा करारहरुबाट भएको नोक्सानी, र**

**(ख) त्यस्ता प्रत्येक करारका लागि सो करारसँग सम्बन्धित वर्षमा सो व्यवसायबाट भएको आय गणना गर्दा कट्टी गरिने खर्चहरु सो करारसँग सम्बन्धित समावेश गरिने रकमभन्दा बढी भएको नोक्सानी ।**

यस सम्बन्धी उदाहरण एवम्व्याख्या यसै निर्देशिकाको परिच्छेद २० मा उल्लेख गरिएको छ।

२०(६) **कुनै व्यक्तिले कुनै आय वर्षमा एकभन्दा बढी व्यवसाय वा लगानीबाट भएको आय गणना गर्दा सो व्यक्तिले कट्टी हुन नपाएको नोक्सानी एकभन्दा बढी व्यवसाय वा लगानीबाट कट्टी गर्न पाउने भएमा सो व्यक्तिले सो नोक्सानी वा नोक्सानीको अंश कट्टी गर्ने व्यवसाय वा लगानीको प्राथमिकता आफै निर्धारण गर्न सक्नेछ।**

कुनै व्यक्तिले कुनै आय वर्षमा एकभन्दा बढी व्यवसाय वा लगानीबाट भएको आय गणना गर्दा सो व्यक्तिले कट्टी हुन नपाएको नोक्सानी एकभन्दा बढी व्यवसाय वा लगानीबाट कट्टी गर्न पाउने भएमा सो व्यक्तिले सो नोक्सानी वा नोक्सानीको अंश कट्टी गर्ने व्यवसाय वा लगानीको प्राथमिकता आफै निर्धारण गर्न सक्नेछ। यस सम्बन्धी उदाहरण तल प्रस्तुत गरिएको छ।

| |
|---|
| उदाहरण १८.८.३: मानौं, ग्लोब नेपाल प्रा.लि.को काठमाडौंमा एउटा Trading Business रहेछ। उक्त प्रा.लि.को भैरहवा र धनगढीमा LPG Factory रहेछ। आ.व.२०६५।६६ मा Trading Business रु.१० लाख नोक्सानी भएको रहेछ। भैरहवाको LPG व्यवसायबाट रु.१ करोडको आय भएको रहेछ। एवम् धनगढीको फ्याक्टरीबाट कारोबारमा रु.२० लाख आय भएको रहेछ। यस अवस्थामा उक्त प्रा.लि.ले Trading Business को नोक्सानीलाई भैरहवाको व्यवसायबाट भएको आय वा धनगढीबाट भएको आयमध्ये कुन आयमा कट्टी गर्ने भन्ने आफैंले रोज्नु पर्दछ। |

२०(७) **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाटव्यहोर्नु परेको नोक्सानीको गणना गर्दा यस दफाको प्रयोग नगरी सो व्यक्तिको व्यवसाय वा लगानीबाट भएको आय गणना गर्दा समावेश गरिने रकमहरु भन्दा कट्टी गरिने रकमहरु बढी भए यसरी बढी भए जतिको रकमको गणना गर्नु पर्नेछ।**

२०(८) **कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीको आयमा पूर्ण कर छुट प्राप्त गरेको भए त्यस्तो आय वर्षमा भएको नोक्सानी आगामी आय वर्षमा सारी लैजान (क्यारी फरवार्ड) पाउने छैन।**

कुनै व्यक्तिको कुनै व्यवसायबाट भएको आयमा पूरा कर छुट हुने रहेछ भने त्यस्तो व्यवसायमा भएको नोक्सानी अन्य व्यवसाय वा लगानीको आयबाट घटाउन पाउने छैन। यसको साथै त्यस्तो व्यवसायमा नोक्सानी भएमा त्यस्तो नोक्सानी पछाडिका आयवर्षमा सारी लैजान (Carry Forward) पनि पाउँदैन। यस्तो अवस्थालाई तलको उदाहरणबाट प्रष्ट पारिएको छ :

| |
|---|
| उदाहरण १८.८.४: मानौं, ग्लोब विद्युत कम्पनी प्रा.लि.ले साना जल विद्युत गृह सञ्चालन गरिआएको रहेछ। उक्त उद्योगले आ.व.२०६९।७० सम्म कर पूर्ण रूपले छुट पाइआएको रहेछ। सो अवधिमा उक्त कम्पनीको रु.६० लाख नोक्सानी रहेछ। आ.व.२०७०।७१ को व्यावसायिककारोबारबाट सो कम्पनीलाई रु.१० लाख आय भएको रहेछ। आ.व. २०६९।७० मा सो कम्पनीले पूर्ण कर छुट प्राप्त गरेको सो अवधिको नोक्सानी आ.व. २०७०।७१ मा सार्न नपाउने हुनाले आ.व.२०७०।७१ मा उक्त कम्पनी ले रु.१० को करयोग्य आयमा ऐनको अनुसूची-१ बमोजिम, अर्थात २० प्रतिशतले हुन आउने कर रु.२ लाख दाखिल गर्नुपर्दछ। |


| |
|---|
| उदाहरण १८.८.५: मानौं, माथिको उदाहरणमा ग्लोब विद्युत कम्पनी प्रा.लि.ले आ.व. २०६९।७० सम्म आंशिकमात्र कर छुट पाइआएको भए सो अवधिको नोक्सानी रु.६० लाख आ.व.२०७०।७१ मा सारी कट्टी दाबी गर्न सक्दछ सो आ.व.को आयबाट कट्टी हुन नसकेको नोक्सानी ऐनको दफा २०(१) को अधीनमा रही आगामी वर्षको आयबाट कट्टी दाबी गर्न सक्दछ। |

**<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "कट्टी हुन नपाएको नोक्सानी" भन्नाले उपदफा (१), (२) वा (४) बमोजिम कुनै व्यक्तिको आय गणना गर्दा कट्टी नगरिएको हदसम्मको नोक्सानी सम्झनु पर्छ।**

उदाहरणको लागि:

| | |
|---|---|
| क. समावेश गरिने आय (मानौ) | रु.१,००,००,०००।- |
| ख. कट्टी गरिने रकम (मानौं) | रु.१,१०,००,०००।- |
| ग. कट्टी हुन नपाएको नोक्सानी (ख–क) | रु.१०,००,०००।- |

**नोक्सानी समायोजनका अवस्थाको चित्र**




## १८.९ घटाउन पाउने चन्दा रकम :

आयकर ऐन, २०५८ को दफा १२ अनुसार चन्दा बापत खर्च गरिएको रकमलाई निम्नानुसार छुट दाबी गर्न सकिने व्यवस्था गरिएको छ :

(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउन दाबी गर्न सक्ने छ।**

(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उक्त उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ त्यो भन्दा बढी हुने छैन ।**

यस व्यवस्था अन्तर्गत खर्च छुट दाबी गर्न यस्तो चन्दा खर्च विभाग (कार्यालय)बाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थालाई दिइएको हुनुपर्दछ । विशेष गरी कर छुट पाउने संस्थामा परोपकारी संस्था, धार्मिक संस्थाका साथै सामाजिक कार्य गर्ने NGO हुन सक्छन् ।

(३) **उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च बापत पूर्ण वा आंशिक रूपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ ।**

ऐनको दफा २ को खण्ड (कन१) अनुसार समायोजित करयोग्य आय भन्नाले कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आयको गणना गर्दा दफा १२ बमोजिम चन्दा रकम नघटाई तथा दफा १४ को उपदफा (२) को ब्याज, दफा १७ को प्रदूषण नियन्त्रण खर्च वा १८ बमोजिम अनुसन्धान र विकास खर्च कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्दछ । दफा १४(२) बमोजिमको ब्याज, दफा १७ बमोजिमको प्रदूषण नियन्त्रण खर्च र दफा १८ बमोजिमको अनुसन्धान र विकास खर्च नभएका करदाताका लागि निर्धारणयोग्य आयबाट कुनै अवकाश योगदान भए घटाइ आउने रकम नै समायोजित करयोग्य आय हुन्छ ।

## १८.१० सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च

ऐनको दफा १२क. मा सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च दाबी गर्ने सन्दर्भमा निम्नानुसारको व्यवस्था गरेको छ :

**कुनै कम्पनीले कुनै आय वर्षमा विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्चमध्ये दश लाख रुपैयाँसम्मको रकम वा निर्धारणयोग्य आयको दश प्रतिशतले हुने रकममध्ये जुन घटी हुन्छ त्यस्तो रकम आफ्नो उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउने दाबी गर्न सक्नेछ ।**

नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा कुनै कम्पनीले गरेको खर्च निम्न आधारमा निर्धारणयोग्य आयबाट घटाई पाउन दाबी गर्न सक्छः

क. **विभागबाट पूर्व स्वीकृति लिनुपर्नेः** यसरी स्वीकृति माग्दा खर्च गर्ने प्रयोजन, खर्च गर्ने अनुमानित रकम, खर्च गर्ने समय सीमा एवम् खर्च गर्ने प्रकृया (जस्तैः सम्बन्धित निकायमा सिधा भुक्तानी गर्ने, आफै गर्ने वा ठेक्का मार्फत गर्ने) खोली खर्च गर्ने कम्तीमा ७ दिन अगाडि सम्बन्धित कार्यालय निवेदन दिनुपर्दछ । निवेदन उपर कार्यालयले निर्णय गरी करदातालाई निर्णयको जानकारी दिएको हुनुपर्दछ ।

ख. **खर्च गर्न सक्ने सीमाः** यस प्रयोजनकोलागि रु.१० लाखमा नबढ्ने गरी वा निर्धारणयोग्य आयको १० प्रतिशतभन्दा बढी हुन नहुने ।

## १८.११ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च :

ऐनको दफा १२ख. मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम खर्च कट्टी गर्न पाउने सन्दर्भमा देहायको व्यवस्था छ :

कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ ।

**१८.११क स्टार्टअप व्यवसायलाई दिएको बिउ पुंजी खर्च कट्टी पाउने :**

**कुनै व्यक्तिले सम्वद्ध व्यक्ति बाहेकका बढीमा पांच वटा स्टार्ट अप व्यवसायलाई प्रति व्यवसाय एक लाख रुपैयांसम्मको बिउ पुंजी अनुदान स्वरुप उपलब्ध गराएमा सो रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने छ ।**

**१८.१२ घटाउन पाउने अवकाश योगदान रकम :**

ऐनको दफा ६३(२) अनुसार प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा स्वीकृत अवकाश कोषमा गरेको अवकाश योगदान आयबाट घटाई पाउन दाबी गर्न सक्नेछ । तर दफा ६३(३) एवम् नियम २१ बमोजिम रु.३ लाख वा आफ्नो निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकममा ननघाई आफ्नो आयबाट घटाई पाउन दाबी गर्नसक्नेछ ।तर स्वीकृति प्राप्त नगरेका अवकाश कोषमा गरेको योगदान भने आयबाट घटाई पाउन दाबी योग्य हुँदैन ।यसै गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्नेको हकमा नियम २१ बमोजिम रु.५ लाख वा आफ्नो निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकममा ननघाई आफ्नो आयबाट घटाई पाउन दाबी गर्नसक्नेछ ।

**१८.१३ बोनस खर्च कट्टी :**

बोनस ऐन, २०३० ले प्रतिष्ठानमा काम गर्ने कर्मचारीलाई प्रतिष्ठानको कुनै आय वर्षको खुद नाफामध्ये बढीमा खुद नाफाको १० प्रतिशतले हुने रकम बोनस व्यवस्था गरी वितरण गर्नुपर्ने व्यवस्था गरेको छ । बोनस बापत व्यवस्था गरिएको रकम आयकर ऐन, २०५८ को दफा १३ र २४ को अधीनमा रही खर्च कट्टी दिने भनी यस विभागबाट मिति २०६१।३।१४ मा सार्वजनिक परिपत्रसमेत भइसकेको छ । बोनस वितरण भएको अवस्थामा बोनस प्राप्त गर्ने व्यक्तिको आयमा सो रकम समावेश भई नेपाल सरकारले प्राप्त गर्नुपर्ने आयकर प्राप्त हुने भएकोले बोनस व्यवस्था बापतको रकमलाई आयकर प्रयोजनका लागि कट्टी दिने निर्णय भएको हो । बोनस ऐन, २०३० को प्रावधान बमोजिम व्यवस्था गरिएको रकम वितरण नभएमा वा वितरण भई कुनै रकम बांकी रहन गएमा के गर्ने भन्ने विषयमा कर अधिकृत र करदाता दुवै पक्षमा द्विविधा रहेको, सो रकमलाई कर प्रयोजनका लागि विभाग अन्तर्गतका कार्यालयहरुबाटफरक फरकव्यवहार गरेको पाइएको। सम्मानित सर्वोच्च अदालतबाट बोनस सम्बन्धमा भएको फैसला समेतलाई मध्यनजर राख्दै कुनै आय वर्षमा बोनस व्यवस्था गरी आयकर प्रयोजनका लागि खर्च कट्टी लिएको रकम कुनै पनि कारणले वितरण नभएमा वा बोनस ऐनले तोकेको सीमामा रही वितरण गर्दा बोनस बापत छुट्याएको र खर्च कट्टी लिएको रकम बढी हुन गई वितरण हुन नसकेमा वा वितरण गर्नु नपर्ने भएमा करदाताले देहाय बमोजिम गर्ने गरी स्पष्ट गरिएको छ :

१. बोनस ऐन, २०३० बमोजिम बोनस बापत व्यवस्था गरिएको खुद नाफाको बढीमा १० प्रतिशत बराबरको रकम आयकर प्रयोजनका लागि खर्च कट्टी गर्नुपर्ने।

२. कुनै आय वर्षमा बोनस व्यवस्था गरी खर्च कट्टी लिएको रकम सो आय वर्षको तत्काल पछिल्लो आय वर्षमा वितरण गरिसक्नु पर्नेछ । तर, नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र बोनस वितरण गर्न पाउने भनी तोकिएका सार्वजनिक संस्थानको हकमा भने नेपाल सरकारले जुन आय वर्षमा बोनस वितरण गर्न स्वीकृति दिएको हो सोही आय वर्ष भित्रमा बोनस वितरण गरिसक्नुपर्ने ।

३. बोनस बापत छुट्याइएको र खर्च कट्टी लिएको रकममध्ये पूरै वा आंशिक रकम उपर्युक्त खण्ड (१) वा खण्ड (२) मा उल्लिखित समय सीमाभित्र वितरण नभएमा आयकर ऐन, २०५८ को दफा २५ को उपदफा (१) को खण्ड (ग) बमोजिम त्यसरी वितरण नभएको वा हुन नसकेको रकम बोनस खर्च कट्टी लिएको आय वर्षको तत्काल पछिल्लो आय वर्षमा आयमा समावेश गर्नुपर्ने । तर, वितरण नभएको वा हुन नसकेको बोनस रकममध्ये बोनस ऐन, २०३० मा उल्लेख भए बमोजिम राष्ट्रियस्तरको कल्याणकारी कोष वा प्रतिष्ठानस्तरको कल्याणकारी कोष/कल्याणकारी कोषमा खर्च कट्टी लिएको आय वर्षको तत्काल पछिल्लो आय वर्षमा दाखिला भएको हदसम्मको रकमलाई भने आयमा समावेश गर्नु नपर्ने ।

### १८.१४ कट्टी गर्न नपाउने खर्च :

सामान्यतयाः आयकर ऐन, २०५८ मा व्यवसायको आय गणना गर्दा सो व्यवसायको निमित्त सो व्यक्तिले गरेको आय आर्जनसँग सम्बन्धित खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था भए पनि ऐनको दफा २१ मा केही विशेष व्यवस्था अन्तर्गत कट्टी दाबी गर्न नपाउने खर्च रहेको र सो सम्बन्धी प्रावधान तल खुलाइएको छ :

२१(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई कुनै आय वर्षमा कुनै व्यवसाय, रोजगारी वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहायको खर्च वा रकम कट्टी गर्न पाइने छैन :-

(क) घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च,

(ख) यस ऐन बमोजिम बुझाउनु पर्ने कर र कुनै देशको सरकार तथा सोको कुनै पनि स्थानीय निकायलाई कुनै कानुन वा सो कानुन अन्तर्गत बनेको कुनै नियम, विनियमको उल्लङ्घन गरे बापत बुझाइएको जरिबाना र यस्तै अन्य शुल्क,

तर प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चको रुपमा कट्टी गर्न पाइनेछ ।

(ग) दफा १० बमोजिम छुट पाउने रकमहरु प्राप्त गर्न कुनै व्यक्तिबाट खर्च गरिएको हदसम्मका वा अन्तिम रूपमा कर कट्टी गरिएका रकमहरु प्राप्त गर्न गरिएका खर्चहरु,

(घ) उपदफा (२) मा लेखिएको भुक्तानी बापतको खर्च,

(घ१) पटके प्रकृतिको तीन हजार रुपैयाँसम्मको ज्याला भुक्तानी बाहेक स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च,

(घ२) स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँभन्दा बढीको बीजक बापतको खर्च,

तर व्यावसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिदमा बिक्रेताले स्थायी लेखा नम्बर लिएको रहेनछ भने पनि त्यस्तो खरिद खर्च मान्य हुनेछ ।

(ङ) कुनै निकायबाट गरिएको मुनाफाको वितरण, वा

(च) यस परिच्छेद वा परिच्छेद६, ७, १०, ११, १२ वा १३ बमोजिम प्रदान गरिएका बाहेक खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा खर्च कट्टी गर्न नपाउने भनी नभनिएको भए तापनि यस्ता अन्य कुनै रकमहरु ।

२१(२) कुनै आय वर्षमा बीस लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले देहायका अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा पचास हजार रुपैयाँभन्दा बढीको नगद भुक्तानी गरेमा सो कट्टी गर्न पाउनेछैन :-

(क) नेपाल सरकार, संवैधानिक निकाय, नेपाल सरकारको स्वामित्व भएको संस्थान वा बैंक वा वित्तीय संस्थालाई गरिएको भुक्तानी,

(ख) प्राथमिक कृषि पैदावार उत्पादन गर्ने कृषक वा उत्पादकलाई भुक्तानी गर्दा र त्यस्तो पैदावारको प्राथमिक प्रशोधन भइसकेको भए पनि कृषक आफैले प्रशोधन गरी भुक्तानी पाएको भए सो रकम,

(ग) अवकाश योगदान वा अवकाश भुक्तानी बापतको भुक्तानी,

(घ) बैकिङ्ग सेवाहरु उपलब्ध नभएको स्थानमा गरिएको भुक्तानी,

(ङ) बैकिङ्ग सेवा बन्द भएको दिनमा गरिएको भुक्तानी वा नगदमा नै गर्नुपर्ने कुनै अपरिहार्य बाध्यता भएको भुक्तानी, वा

(च) भुक्तानी पाउने व्यक्तिको बैंक खातामा जम्मा गरिएको रकम ।

२१(३) दफा १४, १५, १६, १७, १८, १९, २० र ७१ का व्यवस्थाहरूको अधीनमा रही पुँजीगत प्रकृतिको खर्च वा विदेशी आयकरबापत कुनै पनि रकम कट्टी गर्न पाइने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि, -

(क) "घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च" भन्नाले देहायका खर्चहरु सम्झनु पर्छ :-

(१) कुनै प्राकृतिक व्यक्तिको निजी खर्च, ऋण लिएकोमा व्यक्तिगत प्रयोग भएको हदसम्मको ऋण बापतको ब्याज समेत देहायका खर्चहरु :-

(क) बासस्थान, खाना, खाजा, मनोरञ्जन वा आमोदप्रमोदका अन्य क्रियाकलापहरु उपलब्ध गराउने समेतका प्राकृतिक व्यक्तिको लागि भएका खर्च,

(ख) व्यवसाय वा लगानीको सिलसिलामा आवतजावत गर्ने बाहेक प्राकृतिक व्यक्तिले घरबाट व्यवसाय वा लगानी सञ्चालन गरिने स्थानमा आवत-जावत गरेबापतको खर्च,

(ग) काम गर्दाको समयबाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगाबाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरिद गर्न भएको खर्च, र

(घ) शिक्षा वा तालिमको लागि गरिएको खर्च ।

तर कुनै डिग्री वा डिप्लोमा हासिल नहुने किसिमका व्यवसाय वा लगानीसँग प्रत्यक्ष रूपले सम्बन्धित शिक्षाको लागिमात्र गरिएको खर्च कट्टी गर्न पाइनेछ ।

(२) देहायका अवस्थाहरु तथा सोको हदसम्म बाहेक कुनै व्यक्तिले कुनै प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको सम्बन्धमा लागेका खर्चहरु र तेस्रो व्यक्तिको लागि गरिएको खर्चहरु :-

(क) प्राकृतिक व्यक्तिको आयको गणना गर्दा सो भुक्तानीलाई समावेश गरिएको भएमा,

(ख) प्राकृतिक व्यक्तिले आफूले पाएको भुक्तानीको बजार मूल्य बराबरको सो व्यक्तिलाई प्रतिफलस्वरूप फिर्ता भुक्तानी गरेको भएमा,

(ग) हिसाब राख्न कठिन हुने वा प्रशासनिक रूपले अव्यावहारिक हुने तोकिएबमोजिमका सानातिना रकमको भुक्तानी भएमा ।

(ख) "बैकिङ्ग सेवा उपलब्ध स्थान" भन्नाले कुनै स्थान विशेषको दश किलोमिटर क्षेत्रभित्र बैकिङ्ग सेवा उपलब्ध भएकोमा सो स्थानलाई बैकिङ्ग सेवा उपलब्ध स्थान सम्झनुपर्छ ।

(ग) "नगद भुक्तानी" भन्नाले बैंक वा वित्तीय संस्थामार्फत प्रतितपत्र, एकाउण्ट पेयी चेक, ड्राफ्ट, धनादेश, टेलिग्राफिक ट्रान्सफर, मनी ट्रान्सफर (हुण्डी) द्धारा बैंक खातामा जम्माहुने गरी गरिएको भुक्तानी र बैंक वा वित्तीय संस्थाबीच अन्य कुनै किसिमबाट गरिएको स्थानान्तरण बाहेकका भुक्तानी सम्झनुपर्छ ।

(घ) "पुँजीगत प्रकृतिको खर्च" भन्नाले देहाय बमोजिमका खर्च सम्झनुपर्छ :-

(१) प्राकृतिक स्रोतको सम्भाव्यता अध्ययन, अन्वेषण र विकासका सम्बन्धमा लागेको खर्च,

(२) बाह्र महिनाभन्दा बढी लाभप्रद आयु भएको कुनै सम्पत्ति प्राप्त गर्दा लागेको खर्च, वा

(३) दायित्वको नि:सर्ग गर्दा लागेको खर्च ।

ऐनको दफा २१ अनुसार कुनै व्यक्तिलाई कुनै आय वर्षमा कुनै व्यवसाय, रोजगारीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहायको खर्च वा रकम कट्टी गर्न पाइनेछैन :-

- घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च,

(क) "घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च" भन्नाले देहायका खर्च सम्झनुपर्छ:-

कुनै प्राकृतिक व्यक्तिको निजीखर्च, ऋण लिएकोमा व्यक्तिगत प्रयोग भएको हदसम्मको ऋण बापतको ब्याज समेत देहायका खर्च :-

(क) बासस्थान, खाना, खाजा, मनोरञ्जन वा आमोदप्रमोदका अन्य क्रियाकलाप उपलब्ध गराउने समेतका प्राकृतिक व्यक्तिको लागि भएका खर्च,

(ख) व्यवसायको सिलसिलामा आवतजावत गर्ने बाहेक प्राकृतिक व्यक्तिले घरबाट व्यवसायसञ्चालन गरिने स्थानमा आवतजावत गरेबापतको खर्च,

(ग) काम गर्दाको समयबाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगाबाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरिद गर्न भएको खर्च, र

(घ) शिक्षा वा तालिमको लागि गरिएको खर्च ।
तर कुनै डिग्री वा डिप्लोमा हासिल नहुने किसिमका व्यवसायसँग प्रत्यक्ष रूपले सम्बन्धित शिक्षाको लागिमात्र गरिएको खर्च कट्टी गर्न पाइनेछ ।

- यस ऐन बमोजिम बुझाउनुपर्ने कर र कुनै देशको सरकार तथा सोको कुनै पनि स्थानीय निकायलाई कुनै कानुन वा सो कानुन अन्तर्गत बनेको कुनै नियम, विनियमको उलङ्घन गरेबापत बुझाइएको जरिबाना र यस्तै अन्य शुल्क,
- कर छुट पाउने आय प्राप्त गर्न गरिएको खर्च वा अन्तिम रूपमा कर कट्टी गरिएका रकम प्राप्त गर्न गरिएका खर्च,
- कुनै आय वर्षमा बीस लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले ऐनमा तोकिएको अवस्थामा बाहेक एक पटकमा पचास हजार रुपैयाँभन्दा बढीको नगद भुक्तानीबापतको खर्च,
- कुनै निकायबाट गरिएको मुनाफाको वितरण,
- दफा १४, १५, १६, १७, १८, १९, २० र ७१ को अधीनमा रही पुँजीगत प्रकृतिको खर्च वा विदेशी आयकर बापत कुनैपनि रकम कट्टी गर्न पाइदैन ।
- दफा २१(१)(च) मा ऐनको कुनै दफाले स्पष्ट रूपमा खर्च कट्टी गर्न नपाउने भनी नभनिएको भएतापनि यस्ता अन्य कुनै रकम समेत खर्च कट्टी गर्न पाईनेछैन ।

# परिच्छेद १९

## बैंकिङ्ग तथा बीमा व्यवसाय सम्बन्धी विशेष व्यवस्था

## (Special Provision for Banking and Insurance Business)

१९.१ बैकिङ्ग तथा बीमा व्यवसायले सर्वसाधारण तथा अन्य व्यवसाय गर्ने व्यक्तिलाई समेत उल्लेखनीय प्रभाव पार्ने हुनाले बैकिङ्ग व्यवसाय गर्ने निकायलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंक ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले विभिन्न निर्देशन दिने गरेको तथा अनुगमन गर्ने गरेको छ भने बीमा कारोबार गर्ने निकायलाई बीमा ऐनले दिएको अधिकार प्रयोग गरी बीमा समितिले निर्देशन दिने तथा अनुगमन गर्ने कार्य गरिआएको छ । आयकर ऐन, २०३१ मा बीमा व्यवसायको आय निर्धारण सम्बन्धमा छुट्टै व्यवस्था (दफा १६) गरेको थियो भने सो ऐनको आठौं संशोधन पश्चात दफा ४१ (ज) मा थप भएको प्रतिबन्धात्मक वाक्यांशले बैंकिङ्ग व्यवसाय गर्ने निकायको निमित्त छुट्टै थप व्यवस्था गरेको थियो । यसै सन्दर्भमा आयकर ऐन, २०५८ को परिच्छेद ११ मा समेत बैंकिङ्ग तथा बीमा सम्बन्धी व्यवसायको आय निर्धारण सम्बन्धमा विशेष व्यवस्था गरेको छ । यस परिच्छेदको उद्देश्य बैकिङ्ग तथा बीमा सम्बन्धी व्यवसाय गर्ने निकायको करयोग्य आय निर्धारण गर्ने सिलसिलामा ऐनमा रहेको विशेष व्यवस्थाको सन्दर्भमा उपयुक्त उदाहरण सहित विस्तृत व्याख्या गर्नु रहेको छ ।

### १९.२ बैंकिङ्गव्यवसायको निमित्त विशेष व्यवस्था

### १९.२.१ मुख्य शब्दावली :

(क) आयकर ऐन २०५८को दफा ५९ को प्रतिबन्धात्मक वाक्यांश अनुसार **"बैंकिङ्गव्यवसाय" भन्नाले प्रचलित कानुन बमोजिम बैकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थाहरूले सञ्चालन गरेको बैकिङ्गकारोबार सम्झनु पर्छ ।** विद्यमान कानुन बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त गरेर मात्र बैंकिङ्ग कारोबार सञ्चालन गर्न सकिन्छ । ऐनको दफा ५९ को उपदफा (१) बमोजिम **बैंकिङ्ग व्यवसायसञ्चालन गर्ने कुनै व्यक्तिको कुनै आय वर्षमा सो व्यवसायबाट प्राप्त हुने आय वा नोक्सानीको गणना गर्दा सो व्यक्तिले सञ्चालन गरेको अन्य व्यवसायभन्दा बैंकिङ्ग व्यवसायलाई भिन्न व्यवसायको रूपमा मानी छुट्टै गणना गर्नु पर्नेछ ।**

(ख) **वित्तीय संस्था** भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २ को खण्ड (छ) अनुसार कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनका लागि कर्जा दिने वा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको वित्तीय संस्था सम्झनु पर्दछ र सो शव्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकिदिएको संस्था समेतलाई जनाउँछ ।

(ग) **वित्तीय कारोबार** वा **बैकिङ्ग व्यवसाय** भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ मा उल्लेख भए अनुसार मुख्य रुपले माग गर्नासाथ वा कुनै निर्धारित समयपछि प्रचलित तरिका अनुसार ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने, कर्जा लगानी गर्ने जस्ता काम कारबाही सम्झनु पर्दछ ।

### १९.२.२ जोखिम व्यहोर्ने कोष सम्बन्धी व्यवस्था

ऐनको दफा ५९ को उपदफा (१क) बमोजिम जोखिम व्यहोर्ने कोष सम्बन्धमा निम्नानुसार व्यवस्था रहेको छ:

**५९(१क)** **नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमतथा गैर बैकिङ्ग सम्पत्तिबापत व्यवस्था गरिएको रकम समेतकोबढीमा पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ ।**

यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुनेछैन र सो कोषमा रहेको रकम पुँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिने छ ।

**५९(१ख)** **सहकारी संस्थाले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको पाँच प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गरिनेछ ।**

**५९(१ग)** **उपदफा (१क) र (१ख) बमोजिम जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिन्हा हुने छैन र त्यस्तो कोषमा रहेको रकम पुँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिनेछ ।**

आयकर ऐन, २०३१ को दफा ४१(ज) ले नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डबमोजिम बैंकले जोखिम व्यहोर्ने कोषमा सारेको रकममध्ये कुलबक्यौता ऋण रकमको ३ प्रतिशतसम्म छुट पाउने व्यवस्था गरेको थियो । आयकर ऐन, २०५८ को दफा ५९(१क) मा भएको व्यवस्था अनुरूप नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैंकिङ्गव्यवसायसञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको रकममध्ये कुलबक्यौता ऋण रकम तथा गैर बैकिङ्ग सम्पत्ति बापत व्यवस्था गरिएको रकम समेत हुन आउने रकमको बढीमा ५ प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा दाबी गर्न पाउने व्यवस्था गरेको छ । आर्थिक ऐन, २०७१ ले ऐनको दफा ५९(१क) मा गरेको संशोधनको कारण बैंक तथा वित्तीय संस्थाले जोखिम व्यहोर्ने कोष बापत खर्च लेख्न सक्ने ५ प्रतिशतको सीमा गणना गर्ने प्रयोजनको लागि कर्जाको अलावा गैर बैकिङ्ग सम्पत्ति समेत समावेश गर्न सक्छन् । त्यस्तै आर्थिक ऐन, २०७१ ले ऐनको दफा ५९(१ख) थप गरेको कारण सहकारी संस्थाले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको ५ प्रतिशतसम्मको रकमलाई खर्चको रूपमा कट्टी गर्न पाउने छन् । सहकारी संस्थाकोलागि ५ प्रतिशतको सीमा गणना गर्ने प्रयोजनको लागि गैर बैकिङ्ग सम्पत्ति भने समावेश हुने छैन । यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखेको रकम मिन्हा हुनेछैन र सो कोषमा रहेको रकम पुँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिनेछ । ऐनको यस व्यवस्था अनुसार बैंकिङ्गव्यवसाय गर्ने निकायले जोखिम व्यहोर्ने कोष खडा गरी खर्च दाबी गर्ने वा वास्तविक डुबेको ऋणलाई अपलेखन गर्ने भन्ने कुनै एक व्यवस्था रोज्नु पर्ने हुन्छ । जोखिम व्यहोर्ने कोष बापत खर्च दाबी गर्न सक्ने व्यवस्था तलको उदाहरणमा खुलाइएको छ ।

उदाहरण १९.२.१ : मानौं, न्यू बैंक लि.को आर्थिक वर्ष २०५७।५८ को अन्तमा कुल कर्जा बक्यौता तथा जोखिम व्यहोर्ने कोषमा क्रमशः रु.१,५०,००,०००।- तथा रु.६,३०,०००।-रहेछ । सोमध्ये आयकर प्रयोजनको लागि रु.४,५०,०००।- मिन्हा भएको रहेछ (आ.व.२०५७।५८ सम्म कुल कर्जाको बढीमा ३ प्रतिशत मात्र मिन्हा हुने) । आर्थिक वर्ष २०५८।५९ को अन्तमा उक्त बैंकको कुल कर्जा बक्यौता रु.२,५५,००,०००।- रहेछ तथा जोखिम व्यहोर्ने कोषमा रु.१४,००,०००।- रहेछ भने ऐनको दफा ५९(१क) बमोजिम सो बैंकले जोखिम व्यहोर्ने कोष बापत निम्नानुसारको रकम खर्च दाबी गर्न पाउने हुन्छः

क) आर्थिक वर्ष २०५८।५९ को अन्तमा कुल कर्जा बक्यौता रु.२,५५,००,०००।-

ख) कुल कर्जाको ५ प्रतिशतले हुने रकम रु.१२,७५,०००।-

ग) जोखिम व्यहोर्ने कोषमा जम्मा रहेको रकम रु.१४,००,०००।-

घ) आर्थिक वर्ष २०५७।५८ को अन्तमा जोखिम व्यहोर्ने कोषमा जम्मा रहेको रकम रु.६,३०,०००।- मध्ये कुल बक्यौता कर्जा रु.१,५०,००,०००।- को ३ प्रतिशतले हुने रकम रु.४,५०,०००।- आयकर प्रयोजनको निमित्त छुट भएको ।

ङ) आर्थिक वर्ष २०५८।५९ मा नाफा नोक्सान हिसाबमा रु.७,७०,०००।- खर्च लेखिएको (रु.१४,००,०००-रु.६,३०,०००) ।

च) आर्थिक वर्ष २०५८।५९ मा नाफा नोक्सान हिसाबमा रु.७,७०,०००।- खर्च लेखिएको भए तापनि दाबी गर्न सक्ने रकम रु.८,२५,०००।-, (खण्ड (ख) मा उल्लिखित रकम रु.१२,७५,०००।- बाट खण्ड (घ)मा उल्लिखित रकम रु.४,५०,०००।- घटाउँदा हुन आउने रकम) ।

उदाहरण १९.२.२ : मानौं, माथि उदाहरण १९.२.१ मा उल्लेख भएको न्यू बैंक लि.को आर्थिक वर्ष २०५९।६० को अन्तमा कुल कर्जा बक्यौता तथा जोखिम व्यहोर्ने कोषमा क्रमशः रु.२,४०,००,०००।- तथा रु.१४,५०,०००।- रहेछ । आर्थिक वर्ष २०५९।६० मा ऐनको दफा ५९(१क) बमोजिम सो बैंकको जोखिम व्यहोर्ने कोषको अवस्था निम्नानुसार हुनेछः

क) आर्थिक वर्ष २०५९।६० को अन्तमा कुल कर्जा बक्यौता रु.२,४०,००,०००।-

ख) कुल कर्जाको ५ प्रतिशतले हुने रकम रु.१२,००,०००।-

ग) जोखिम व्यहोर्ने कोषमा जम्मा रहेको रकम रु.१४,५०,०००।-

घ) आर्थिक वर्ष २०५८।५९ को अन्तमा जोखिम व्यहोर्ने कोषमा जम्मा रहेको रकम रु.१४,००,०००।- मध्ये कुल बक्यौता कर्जा रु.२,५५,००,०००।- को ५ प्रतिशतले हुने रकम रु.१२,७५,०००।- आयकर प्रयोजनको निमित्त छुट भएको ।

ङ) आर्थिक वर्ष २०५९।६० मा नाफा नोक्सान हिसाबमा रु.५०,०००।-खर्च लेखिएको (रु.१४,५०,०००-रु.१४,००,०००) ।

च) आर्थिक वर्ष २०५९।६० मा नाफा नोक्सान हिसाबमा रु.५०,०००।- खर्च लेखिएको भए तापनि दफा ५९(१क) बमोजिम दाबी गर्न सक्ने कुल रकम रु.१२,००,०००।- मात्र भएको र विगत वर्षमा रु.१२,७५,०००।- खर्च दाबी गरीसकेको हुँदा सीमाभन्दा बढी दाबी भएको रु.७५,०००।- आ.व.२०५९।६० मा आयकर प्रयोजनको निमित्त आयमा समावेश गर्नुपर्दछ ।

उदाहरण १९.२.३: मानौं, न्यू बैंक लि. को आर्थिक वर्ष २०७०।७१ को अन्तमा कुल कर्जा बक्यौता, गैर बैंकिङ्ग सम्पत्ति तथा जोखिम व्यहोर्ने कोषमा क्रमशः रु.२,३०,००,०००।-, रु.२०,००,०००।- तथा रु.१४,००,०००।-रहेछ । त्यस्तै, आर्थिक वर्ष २०७१।७२ को अन्तमा कुल कर्जा बक्यौता, गैर बैंकिङ्ग सम्पत्ति तथा जोखिम व्यहोर्ने कोषमा क्रमशः रु.२,४०,००,०००।-, रु.२०,००,०००।-तथा रु.१४,५०,०००।-रहेछ । आर्थिक वर्ष २०७१।७२ मा ऐनको दफा ५९(१क) बमोजिम सो बैंकको जोखिम व्यहोर्ने कोषको अवस्था निम्नानुसार हुनेछः

क) आर्थिक वर्ष २०७१।७२ को अन्तमा कुल कर्जा बक्यौता रु.२,४०,००,०००।-

ख) आर्थिक वर्ष २०७१।७२ को अन्तमा गैर बैंकिङ्ग सम्पत्ति रु.२०,००,०००।-

ग) कुल कर्जा तथा गैर बैंकिङ्ग सम्पत्तिको ५ प्रतिशतले हुने रकम रु.१३,००,०००।-

घ) जोखिम व्यहोर्ने कोषमा जम्मा रहेको रकम रु.१४,५०,०००।-

च) आर्थिक वर्ष २०७१।७२ मा नाफा नोक्सान हिसाबमा रु.५०,०००।- खर्च लेखिएको (रु.१४,५०,०००-रु.१४,००,०००) ।

छ) आर्थिक वर्ष २०७१।७२ मा नाफा नोक्सान हिसाबमा रु.५०,०००।- मात्र खर्च लेखिएको भए तापनि दफा ५९(१क) बमोजिम दाबी गर्न सक्ने कुल रकम रु.१३,००,०००।- भएको र विगत वर्षमा रु.११,५०,०००।- खर्च दाबी गरिसकेको हुँदा सीमाभित्र हुन आउने थप रकम रु.१,५०,०००।- आ.व. २०७१।७२ मा आयकर प्रयोजनको निमित्त कट्टी दाबी गर्न सकिन्छ।

१९.२.३ कर्जा अपलेखनः

ऐनको दफा २५ को उपदफा (२) को खण्ड (क) मा बैंकिङ्गव्यवसाय गर्ने व्यक्तिले कर्जा अपलेखन सन्दर्भमा निम्नानुसारको व्यवस्था गरेको छ :-

**२५(२) कुनै व्यक्तिले देहायका अवस्थामा मात्रकुनै रकम प्राप्त गर्ने अधिकार त्याग गर्न वा सो व्यक्तिको ऋण दाबीलाई डुवेको ऋणको रूपमा अपलेखन गर्न पाउँनेछ :-**

**(क) कुनै वित्तीय संस्था वा बैंकको ऋण दाबीका हकमा सो ऋण दाबी तोकिएको मापदण्ड अनुसार डुवेको ऋणमा परिणत भएमा, र**

त्यस्तै, ऐनको दफा ४० को उपदफा (३) खण्ड (ग) को उपखण्ड (१) बमोजिम देहायका अवस्थामा ऋण दाबी भएको सम्पत्ति निःसर्ग भएको मानिने व्यवस्था रहेको छ :-

**"बैंक वा वित्तीय संस्थाको ऋण दाबीको सम्बन्धमा तोकिए बमोजिमका मापदण्ड अनुसार खराब ऋण हुन पुगेकोमा"**

आयकर नियमावलीको नियम ९ मा डुबेको वा खराब ऋणमा परिणत हुने मापदण्ड निम्नानुसार तोकेको छ :

*नियम ९ ऐनको दफा २५ को उपदफा (२) को खण्ड (क) र दफा ४० को उपदफा (३) को खण्ड (ग) को उपखण्ड (१) को प्रयोजनको लागि बैंक वा वित्तीय संस्थाको ऋण डुबेको वा खराब ऋणमा परिणत हुने सम्बन्धमा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मापदण्ड अनुसार हुनेछ।*

तसर्थ ऐनको दफा २५ को उपदफा (२) को खण्ड (क) तथा आयकर नियमावली, २०५९ को नियम ९ बमोजिम कुनै वित्तीय संस्था वा बैंकको ऋण दाबीका हकमा सो ऋण दाबी नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डका अनुसार डुबेको ऋणमा परिणत भएमा अपलेखन गर्न पाउने हुन्छ।

आयकर ऐन, २०५८ को दफा ५९(१क) मा भएको व्यवस्था अनुरुप नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधीनमा रही बैंकिङ्गव्यवसायसञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको रकममध्ये कुलबक्यौता ऋण रकमको बढीमा ५ प्रतिशतको रकमलाई खर्चको रूपमा दाबी गर्न पाउने व्यवस्था गरेको छ। यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखेको रकम मिन्हा हुनेछैन र सो कोषमा रहेको रकम पुँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिनेछ।

बैंक तथा वित्तिय संस्थाले उल्लिखित मापदण्डको अधीनमा रही ऋण दाबी बापत अपलेखन गर्न सक्दछन्। तर ऐनको दफा ५९ को उपदफा (१क) बमोजिम जोखिम व्यहोर्ने कोष बापत खर्च दाबी गर्ने बैंक तथा वित्तीय संस्थाले भने यस दफा अन्तर्गत ऋण दाबी अपलेखन बापत खर्च दाबी गर्न सक्ने छैनन्। तर, यस्तो कर्जा अपलेखन गर्दा अपलेखन गरेको कर्जा रकममा नघट्ने गरी जोखिम व्यहोर्ने कोषमा रहेको रकम आयमा समावेश गरेको खण्डमा भने ऋण दाबीबापत अपलेखन गरेको मानिने छैन। यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएको छ।

उदाहरण १९.२.४: मानौं, न्यू बैंक लि. को आ.व.२०६५।६६ को अन्तमा कुल कर्जा बक्यौता एवम्नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम अपलेखन गरिनुपर्ने कर्जाको अवस्था

निम्नानुसार रहेछ :

| | | |
|---|---|---|
| १. | अपलेखन गर्नुभन्दा अगाडिको कुल कर्जा रु. | १,००,००,००,०००।- |
| २. | अपलेखन गरिने कर्जा रु. | ६,००,००,०००।- |
| ३. | अपलेखन गरिसकेपछि हुने कर्जाको मौज्दात रु. | ९४,००,००,०००।- |

उक्त बैंकको कर्जा अपलेखन गर्दा नेपाल राष्ट्र बैंकले तोकिदिएको मापदण्डभित्र रही अपलेखन गरेको रहेछ र ऐनको दफा ५९(१क) अन्तर्गत जोखिम व्यहोर्ने कोषको बापत खर्च दाबी गरेको रहेनछ । यस अवस्थामा उक्त बैंकले अपलेखन गरेको कर्जा रु.६ करोड यस दफा अन्तर्गत खर्चको रूपमा कट्टी दाबी गर्न पाउँनेछ ।

उदाहरण १९.२.५ : मानौं, न्यू बैंक लि. ले ऐनको दफा ५९(१क) बमोजिम जोखिम व्यहोर्ने कोष बापत खर्च दाबी गर्ने गरेको । सो बैंकको आ.व.२०६५।६६ को अन्तमा कुल कर्जा बक्यौता, जोखिम व्यहोर्ने कोष एवम् अपलेखन गरेको कर्जाको अवस्था निम्नानुसार रहेछ :

| | | |
|---|---|---|
| १. | अपलेखन गर्नुभन्दा अगाडिको कुल कर्जा रु. | १,००,००,००,०००।- |
| २. | अपलेखन गरिएको कर्जा रु. | १,००,००,०००।- |
| ३. | अपलेखन गरिसकेपछिको कर्जाको मौज्दात रु. | ९९,००,००,०००।- |
| ४. | नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जोखिम व्यहोर्ने कोषमा बाँकी व्यवस्था रु. | ४,१०,००,०००।- |
| ५. | आ.व. २०६४।६५ सम्म कायम व्यवस्था रु. | ३,७०,००,०००।- |

यस बैंकले ऐनको दफा ५९(१क) को व्यवस्था अनुसार आयकर प्रयोजनको लागि जोखिम व्यहोर्ने कोषमा राख्ने सुविधा लिएको छ । उक्त व्यवस्था अपनाउने व्यक्तिले ऐनको दफा २५(२) को व्यवस्था अनुसार सिधै नाफा नोक्सान खातामा अपलेखन बापत खर्च लेख्न पाउँदैन । नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार अनिवार्य रूपमा अपलेखन गर्नुपर्ने र श्रेस्ताबाट हटाउनु पर्ने ऋणको अपलेखन गर्दा उक्त ऋण बापतको रकमलाई जोखिम व्यहोर्ने कोषमा आम्दानी बाँधी खर्च लेख्नु पर्दछ । यसरी खर्च लेख्दा अपलेखन बापत खर्च लेखिएको रकम र जोखिम व्यहोर्ने कोषमा रहेको रकमको योग अपलेखन गर्नुपूर्वको असुल हुन बाँकी ऋण रकमको ५ प्रतिशत भन्दा बढी भएमा बढी भएजति रकम आयकर प्रयोजनको लागि खर्च दाबी गर्न पाइदैन । यस उदाहरणमा अपलेखन गर्नुभन्दा अगाडिको कुल कर्जा रु.१,००,००,००,०००।- र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार अनिवार्य रूपमा अपलेखन गुर्नपर्ने कर्जा रु.१,००,००,०००।- छ तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जोखिम व्यहोर्ने कोषमा बाँकी व्यवस्था रु.४,१०,००,०००।- रहेको छ । बैंकले कर्जा अपलेखन बापतको रकम रु.१,००,००,०००।- र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जोखिम व्यहोर्ने कोषमा रहेको व्यवस्था रु.४,१०,००,०००।- हुँदा कुलरु.५,१०,००,०००।- हुन आउँछ । बैंकले ऐनको दफा ५९ (१क) को व्यवस्था अवलम्बन गरेको हुँदा अपलेखन गर्नुभन्दा अगाडिको कुल कर्जा रु.१,००,००,००,०००।- भएको हुँदा सो बापत रु.५,००,००,०००।- सम्म खर्च दाबी गर्न पाउँछ । बैंकले अपलेखन बापत र जोखिम व्यहोर्ने कोषमा गरेको व्यवस्थाको कुल रकम रु.५,१०,००,०००।- भएको हुँदा रु.१०,००,०००।- खर्चको रूपमा दाबी गर्न पाउँदैन ।

### १९.२.४ ब्याज आम्दानीको गणना

ऐनको दफा २४ को उपदफा (१) बमोजिम एक्रुयल आधारको लेखाङ्कन गर्नुपर्ने र सो सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

२४(१) **कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कन एक्रुयल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी निजको आयको गणनामा समावेश गर्नु पर्नेछ ।**

तर, ऐनको दफा २४ को उपदफा (३) मा बैंकिङ्गव्यवसाय गर्ने व्यक्तिको लागि कर्जा तथा सापटीको ब्याज आम्दानी निम्नानुसार गर्न सकिने व्यवस्था गरेको छ :

२४(३) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानुनको अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्नेछ ।**

**तर सहकारी संस्थाले ब्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्नेछ**

नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम बैंकिङ्गव्यवसायसञ्चालन गर्ने व्यक्तिले कर्जामा Accrual Basis मा ब्याज आम्दानी जनाउँन सक्दैनन् । बैंकिङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले आफ्नो बक्यौता ऋणमा पाकेको ब्याजलाई नगदमानै असुल गर्न नसकेको खण्डमा सो ब्याज रकमलाई मुल्तबी हिसाबमा (Interest Suspense) राख्नुपर्ने निर्देशन नेपाल राष्ट्र बैंकले जारी गरेको छ र यसरी मुल्तबीमा रहेको ब्याज रकम जुन समयमा नगद असुल हुन्छ सोही समयमा ब्याज आम्दानी जनाउनुपर्ने हुन्छ । नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम बैंकिङ्गसम्बन्धी प्रचलित कानुनको अधीनमा रही बैंकिङ्गव्यवसाय गर्ने निकायले गरेको कर्जा लगानीको ब्याज नगद प्राप्तिको आधारमा मात्र आय गणना गर्न सक्नेछ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएको छ ।

उदाहरण १९.२.६ : मानौं, न्यू बैंक लि. को आर्थिक वर्ष २०६५।६६ मा कुल कर्जा बक्यौताको Accrual Basis मा ब्याज गणना गर्दा रु.९,००,००,०००।- ब्याज आम्दानी हुने रहेछ । सोमध्ये रु.८,५०,००,०००।- नगदमै असुल भएको रहेछ र बाँकी रकम प्राप्त नभएको रहेछ भने नगदमा प्राप्त ब्याज रु.८,५०,००,०००।- मात्र आर्थिक वर्ष २०६५।६६ मा आयमा गणना गरिनुपर्छ र बाँकी रकम सो वर्ष ब्याज मुल्तबी (Interest Suspense)हिसाबमा राख्नुपर्दछ । यसरी मुल्तबी रहेको ब्याज जुन समयमा नगद प्राप्त हुन्छ सोही समयमा आयमा समावेश गर्नुपर्दछ । तर, ब्याज मूल्तबीमा रहेको रकम र उठ्न बाँकी ब्याज रकम भन्दा बढी हुनु हुँदैन ।

ब्याज मुल्तबी हिसाबको लेखाङ्कनसम्बन्धी व्यवस्था यसै निर्देशिकाको परिच्छेद ८ मा व्याख्या गरिएको छ ।

## १९.२.५ विदेशी मुद्रा कारोबार आम्दानी

ऐनको दफा २८ को उपदफा (१) तथा (२) बमोजिम कुनै व्यक्तिको आय तथा सो आय निर्धारण गर्दा समावेश गरिने र कट्टी गरिने रकम नेपाली रुपैयाँबाहेक अन्य रुपैयाँमा भएको खण्डमा निम्नानुसार हुने व्यवस्था रहेको छ :

२८(१) **यस ऐनको प्रयोजनको लागि कुनै व्यक्तिको आय तथा सो आय निर्धारण गर्दा समावेश गरिने र कट्टी गरिने रकमहरु नेपाली रुपैयाँबाहेक अन्य मुद्रामा अंकित गरिएको भए त्यस्तो रकमलाई नेपालीरुपैयाँमा परिवर्तन गर्नु पर्नेछ ।**

२८(२) **कुनै व्यक्तिको कुनै आय वर्षमा आय गणना गर्दा समावेश गरिने वा कट्टी गरिने रकम नेपाली रुपैयाँबाहेक अन्य मुद्रामा अंकित गरिएकोमा सो रकम प्राप्त**

**गरिएको, खर्च गरिएको, दिएको, बुझाएको वा कर प्रयोजनको लागि अन्य कुनै किसिमले हिसाब गर्दाका बखत प्रचलित विनिमय दर अनुसार सो मुद्रालाई नेपाली रुपैयाँमा परिवर्तन गर्नु पर्नेछ ।**

बैंकिङ्गव्यवसायसञ्चालन गर्ने व्यक्तिले विदेशी मुद्रामा समेत सम्पत्ति दायित्व कायम गर्ने हुँदा विनिमय दरमा परिवर्तन भएको आधारमा सम्पत्ति दायित्व समेतलाई सोही अनुसार रूपान्तरण गर्नुपर्दछ । नेपाल लेखामान ११ (NAS-11: Effects of Change in Foreign Currency Rate) मा समेत विदेशी मुद्रामा हुने कारोबारलाई कारोबारको समयमा प्रचलित विनिमय दरले रुपान्तरण गरी नेपाली मुद्रा (Functional Currency)मा लेखाङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ । विदेशी मुद्रालाई प्रचलित दर अनुसार नेपाली रुपैयाँमा परिवर्तन गर्नुपर्दछ । तर, विभागले लिखित सूचना जारी गरी अनुमति दिएमा विभागले तोकेको औसत विनिमय दर अनुसार परिवर्तन गर्न सकिनेछ ।

## १९.३ सामान्य बीमा व्यवसायको निमित्त विशेष व्यवस्था

### १९.३.१ मुख्य शब्दावली :

(क) ऐनको दफा २ को खण्ड (कफ) बमोजिम “सामान्य बीमा” भन्नाले **लगानी बीमा बाहेकका बीमा सम्झनु पर्छ ।**

सामान्यतयाः सामान्य बीमा भन्नाले छोटो अवधिको लागि गरिने बीमा बुझिन्छ । जस्तै, Transit Insurance, Accidental Insurance, Medical Insurance, Fire Insurance, Motor Insurance, Engineering Insurance,आदि । यस्ता बीमा पोलिसी समान्यतयाः एक वर्ष वा सोभन्दा कम अवधिका लागि मात्र बहाल हुनेछ ।

(ख) ऐनको दफा ६० मा उल्लिखित स्पष्टीकरण बमोजिम “दर्ता भएको सामान्य बीमा व्यवसाय” भन्नाले प्रचलित कानुन बमोजिम नेपालमा दर्ता भई सामान्य बीमा कारोबार गर्ने बीमा व्यवसाय सम्झनु पर्छ ।

नेपालमा बीमा व्यवसायसञ्चालन गर्नको लागि बीमा ऐन अन्तर्गत रही बीमा समितिबाट स्वीकृति लिनुपर्ने हुन्छ ।

(ग) “बीमक (Insurer)”भन्नाले प्रचलित कानुन बमोजिम बीमा वा पुनर्बीमा व्यवसायसञ्चालन गर्न स्वीकृति लिएका निकायलाई बुझाउँछ । प्रचलित बीमा सम्बन्धित कानुन(बीमा ऐन, २०४९) बमोजिम बीमा व्यवसायसञ्चालन गर्न संगठित संस्थाले मात्र आवेदन दिन सक्ने भएको हुँदा प्राकृतिक व्यक्ति बीमक हुन सक्ने छैनन् ।

(घ) “बीमित(Insured)”भन्नाले बीमा गराउने प्राकृतिक व्यक्ति वा संस्थालाई बुझाउँछ ।

### १९.३.२ सामान्य बीमा व्यवसायको आय

ऐनको दफा ६० को उपदफा (१) ले लगानी बीमा व्यवसायको आय गणना गर्ने सन्दर्भमा निम्नानुसारको विशेष व्यवस्था गरेकोछ :-

६०(१) **सामान्य बीमा व्यवसायसञ्चालन गर्ने कुनै व्यक्तिको कुनै आय वर्षमा सो व्यवसायबाट प्राप्त हुने आय वा नोक्सानी गणना गर्दा सो व्यक्तिले सञ्चालन गरेको अन्य व्यवसाय भन्दा बीमा व्यवसायलाई भिन्न व्यवसायको रूपमा मानी छुट्टै गणना गर्नु पर्नेछ ।**

### १९.३.३ सामान्य बीमाको आय गणना गर्ने तरिका :

ऐनको दफा ६० को उपदफा (२) मा सामान्य बीमा व्यवसाय गर्ने व्यक्तिको कुनै आय वर्षको आय गणना गर्ने सन्दर्भमा निम्नानुसारको व्यवस्था रहेको छ :-

६०(२) **सामान्य बीमा व्यवसाय गर्ने कुनै व्यक्तिको कुनै आय वर्षको आयको गणना गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-**

**(क) आयतर्फ यस ऐन बमोजिम समावेश गर्नुपर्ने कुनै अन्य रकमहरुका अतिरिक्त देहायका रकमहरु पनि समावेश गर्नु पर्नेछ :-**

**(१) सो व्यक्तिले सो वर्षमा सो व्यवसाय सञ्चालन गरी प्राप्त गरेको पुनर्बीमाको प्रिमियम लगायत बीमाको प्रिमियम बापतको रकम, र**

**(२) पुनर्बीमा, जमानत, सुरक्षण वा क्षतिपूर्तिको कुनै करारबापत खण्ड (ख) को उपखण्ड (१) बमोजिमका भुक्तानीबाट सो वर्षमा प्राप्त रकमहरु ।**

**(ख) खर्चतर्फ यस ऐन बमोजिम कट्टा गर्न पाउने रकमका अतिरिक्त देहायका रकमहरु पनि कट्टा गर्न पाउनेछ :-**

**(१) सो व्यवसाय सञ्चालन गर्दा सो व्यक्तिबाट बीमकको हैसियतमा सो वर्षमा गरिएको भुक्तानीहरु, र**

**(२) सो वर्ष वा विगत वर्षमा सो व्यवसायबाट भएको आय गणना गर्दा खण्ड (क) को उपखण्ड (१) बमोजिम समावेश गरिएका सो वर्षमा बीमितलाई फिर्ता दिइएका प्रिमियमहरु ।**

**(३) जोखिम व्यहोर्ने कोषमा राखेको देहाय बमोजिमको रकमको योग**

**(क) कुनै वर्षको नाफा नोक्सान हिसाबमा देखाइएको खुद बीमा शुल्कको पचास प्रतिशतसम्मको रकम, र**

**(ख) कुनै वर्षको अन्त्यमा दाबी भुक्तानी बापत बाँकी रकमको एक सय पन्ध्र प्रतिशतसम्मको रकम ।**

**तर, यस उपखण्ड बमोजिम कुनै वर्ष खर्चकट्टी लिएको रकम आगामी आय वर्षमा बीमा व्यवसायको आय गणना गर्दा आयमा समावेश गर्नु पर्नेछ ।**

सामान्य बीमा व्यवसाय गर्ने व्यक्तिको आयमा लगानीमा प्राप्त ब्याज आम्दानीको समेत महत्वपूर्ण अंश रहेको हुन्छ । यस्ता आयबाहेक बीमा व्यवसाय गर्नेको व्यक्तिको आयमा तल उल्लिखित आय विशिष्ट रहेका हुन्छन् :

- बीमा दायित्व स्वीकारे बापत सम्झौताबमोजिम बीमितबाट प्राप्त हुने प्रिमियम (Premium Received),
- पुनर्बीमा स्वीकार गरे (Reinsurance accepted)बापत प्राप्त प्रिमियम,
- पुनर्बीमा गराए (Reinsurance ceded)बापत प्राप्त हुने कमिशन, तथा
- सो निकायबाट बीमकको हैसियतबाट भुक्तान भएका रकमको बीमा सम्झौताबमोजिम फिर्ता प्राप्त हुने रकम (Recovery) ।

त्यसै गरी सामान्य बीमा व्यवसाय गर्ने व्यक्तिले अन्य सामान्य कट्टीको अतिरिक्त तल उल्लिखित विशिष्ट शीर्षक अन्तर्गत थप कट्टी दाबी गर्न सक्दछन् :

- बीमकको हैसियतले बीमा सम्झौताबमोजिम भुक्तान गर्नुपर्ने Insurance/ Reinsurance claim,

- बीमा सम्झौताबमोजिम बीमितलाई फिर्ता गरिएका प्रिमियम जस्ता रकम (Premium Refund),
- पुनर्बीमा स्वीकार गरे (Reinsurance accepted)बापत दिइने कमिसन,
- अभिकर्ता कमिसन (Agent Commission),
- **बीमा जगेडा हिसाबः** सो वर्ष प्राप्त गरेको खुद बीमा प्रिमियम (Insurance premium collected + Premium on reinsurance accepted - Premium on reinsurance ceded) को ५० प्रतिशतले हुन आउने रकम असमाप्त जोखिम जगेडा (Unexpired Risk Reserve) बापत जोखिम व्यहोर्ने कोषमा राखेको रकम ।

सामान्य बीमाको अवधि सामान्यतयाः एक वर्षको हुन्छ र बीमा कम्पनीले वर्षभरि बीमा आलेख (Insurance Policy) जारी गर्ने हुँदा कम्पनीको सम्भावित दायित्व आर्थिक वर्षसँगै समाप्त भई सकेको हुँदैन । अतः बीमा ऐन बमोजिम सो आर्थिक वर्षमा संकलन गरेको खुद बीमा प्रिमियम पुनर्बीमा कट्टा गरी खुद रकममध्ये ५० प्रतिशत रकम असमाप्त जोखिम जगेडामा सार्नुपर्ने प्रावधान रहेको छ । तर, यसरी असमाप्त जोखिम जगेडामा सारेको रकम अर्को वर्ष आम्दानीमा सार्नुपर्ने व्यवस्था रहेको छ ।

**दाबी बापत अनुमानित दायित्वः** सो आय वर्षमा दाबी प्राप्त भइसकेको तर वर्षान्तसम्ममा निर्क्यौल हुन बाँकी दाबी रकमको ११५ प्रतिशतले हुन आउने रकम दाबी बापत अनुमानित दायित्व (Reserve for unsettled claim)सम्बन्धी जोखिम व्यहोर्ने कोषमा सारेका रकम समेत खर्च कट्टी दाबी गर्न सक्नेछन् ।

प्रचलित बीमा सम्बन्धी कानुन अनुसार सामान्य बीमा कम्पनीले वर्षान्तसम्ममा दाबी प्राप्त भएको तर स्वीकार गरी नसकेको क्षतिको सर्भे कार्य बाँकी वा अन्य आवश्यक दाबी सम्बन्धी कागजात पेश हुन बाँकी रहेको हकमा त्यस्तो दाबी प्राप्त रकममा १५ प्रतिशत थप गरी रकम जगेडामा राख्नुपर्ने हुन्छ । यसको मुख्य आशय सम्बन्धित आर्थिक वर्षमा Intimate भएको दाबीको १५ प्रतिशतका दरले बीमा दाबी योग्य घटना भइसकेको तर Intimateहुन बाँकी दाबीका लागि समेत जगेडा छुट्याउनु रहेको छ । तर, यसरी यस वर्ष खर्च (जगेडाको लागि) दाबी गरेको रकम अर्को वर्ष आम्दानीमा गणना गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धी व्यवस्था तलको उदाहरणबाट प्रष्ट्याइएको छ ।

उदाहरण १९.३.१ : मानौं, नेपाल बीमा कम्पनी लि.को आर्थिक वर्ष २०६४।६५ तथा आ.व.२०६५।६६ मा बीमा हिसाब सम्बन्धी तथ्याङ्क निम्नानुसार रहेछन् ।

| | | |
|---|---|---|
| १. | आ.व.२०६५।६६ मा खुद बीमा प्रिमियम रु. | ४,००,०००।- |
| २. | आ.व.२०६५।६६ मा पुनर्बीमा गराए बापत प्राप्त (Commission on insurance ceded) रु. | २०,०००।- |
| ३. | आ.व.२०६४।६५ को अन्तमा रहेको असमाप्त बीमा कोष रु. | १,५०,०००।- |
| ४. | आ.व.२०६४।६५ को अन्तमा रहेको दाबी बापत अनुमानित दायित्व रु. | २३,०००।- |
| ५. | आ.व.२०६५।६६मा भुक्तानी गरिएको पुनर्बीमा कमिशन (Commission on reinsurance accepted) रु. | १०,०००।- |
| ६. | आ.व.२०६५।६६ मा भुक्तान गरिएको बीमा अभिकर्ता कमिशन रु. | १५,०००।- |
| ७. | व्यवस्थापन खर्च रु. | १,००,०००।- |
| ८. | आ.व.२०६५।६६ को बीमा दाबी भुक्तानी रु. | १,००,०००।- |

| | | |
|---|---|---|
| ९. | आ.व.२०६५।६६ मा बीमा दाबी प्राप्त तर निर्क्योल भइनसकेका दाबी रु. | ३०,०००।- |
| १०. | लगानीमा प्राप्त ब्याज रु. | ५०,०००।- |
| ११. | दाबीयोग्य ह्रास खर्च रु. | ६०,०००।- |
| १२. | विविध आम्दानी रु. | २५,०००।- |

उपर्युक्त तथ्याङ्कको आधारमा नेपाल बीमा कम्पनी लि.को आयको गणना निम्नानुसार गर्नुपर्दछ :

| आयमा समावेश हुने रकम | | |
|---|---|---|
| १. | गत वर्षको असमाप्त जोखिम जगेडा रु. | १,५०,०००।- |
| २. | गत वर्षको दाबी बापत अनुमानित दायित्व रु. | २३,०००।- |
| ३. | खुद बीमा प्रिमियम रु. | ४,००,०००।- |
| ४. | पुनर्बीमा कमिशन आम्दानी रु. | २०,०००।- |
| ५. | लगानीमा प्राप्त ब्याज रु. | ५०,०००।- |
| ६. | विविध आम्दानी रु. | २५,०००।- |
| | जम्मा (क): रु. | ६,६८,०००।- |
| न्यून: कट्टी दाबी रकम | | |
| १. | बीमा दाबी भुक्तानी (दफा ६०) रु. | १,००,०००।- |
| २. | अभिकर्ता कमिशन (दफा १३) रु. | १५,०००।- |
| ३. | पुनर्बीमा कमिशन भुक्तानी (दफा १३) रु. | १०,०००।- |
| ४. | व्यवस्थापन खर्च (दफा १३, १४, १६) रु. | १,००,०००।- |
| ५. | दाबीयोग्य ह्रास खर्च (दफा १९) रु. | ६०,०००।- |
| ६. | दाबी बापत अनुमानित दायित्व (३०,०००×११५%) रु. | ३४,५००।- |
| ७. | यस वर्षको असमाप्त जोखिम जगेडा (खुद बीमा प्रिमियम रु.४,००,०००।- को ५०% ले) हुने रकम (दफा ६०) रु. | २,००,०००।- |
| | जम्मा (ख) : रु. | ५,१९,५००।- |
| | आय(क-ख ) रु. | १,४८,५००।- |

माथि उल्लिखित कट्टी दाबी गरिएको जोखिम व्यहोर्ने कोषमा सारेको रकम, अर्थात दाबी बापत अनुमानित दायित्व रु.३४,५००।-तथा असमाप्त जोखिम जगेडा रु.२,००,०००।-आ.व.२०६६।६७ को आयमा समावेश गर्नुपर्दछ ।

**१९.४ लगानी बीमा व्यवसायको निमित्त विशेष व्यवस्था**

**१९.४.१ लगानी बीमा व्यवसायको आय**

ऐनको दफा ६१ को उपदफा (१) ले लगानी बीमा व्यवसायको आय गणना गर्ने सन्दर्भमा निम्नानुसारको विशेष व्यवस्था गरेकोछ :-

६१(१) **लगानी बीमा व्यवसायसञ्चालन गर्ने कुनै व्यक्तिको कुनै आय वर्षमा सो व्यवसायबाट प्राप्त हुने आय वा नोक्सानीको गणना गर्दा सो व्यक्तिले सञ्चालन**

गरेको अन्य व्यवसायभन्दा लगानी बीमा व्यवसायलाई भिन्न व्यवसायको रूपमा मानी छुट्टै गणना गर्नु पर्नेछ ।

ऐनको दफा २ को खण्ड (क ग) बमोजिम “लगानी बीमा” भन्नाले देहायका कुनै बीमा सम्झनु पर्छ :-

(१) बीमित व्यक्ति वा बीमित व्यक्तिको सम्बद्ध व्यक्तिको मृत्युसम्बन्धी घटनाका हकमा गरिएको बीमा,

(२) बीमित व्यक्ति वा निजको सम्बद्ध व्यक्तिको व्यक्तिगत चोटपटक वा कुनै खास तवरमा असक्षम हुने घटना सम्बन्धी बीमा,

तर बीमाको बीमा सम्झौता कम्तीमा पाँच वर्षसम्म बहाल रहने वा बहालीको समय सीमा नभएको र करारमा उल्लिखित विशेष परिस्थितिहरुमा बाहेक पाँच वर्षको अवधि भुक्तान हुनु अगावै बीमकबाट अन्त्य गर्न नसकिने गरी गरिएको हुनु पर्नेछ ।

(३) कुनै रकम वा श्रृखलाबद्ध रकमहरु भविष्यमा बीमितलाई भुक्तानी हुने गरी गरिएको बीमा,

(४) उपखण्ड (१), (२), वा (३) अन्तर्गतका बीमाको पुनर्बीमा, र

(५) उपखण्ड (४) मा उल्लिखित पुनर्बीमाको पुनर्बीमा ।

लगानी बीमाको उदाहरणको रूपमा Life Insurance, Endowment Policy, Superannuation आदि जस्ता कारोबारलाई लिन सकिन्छ । जीवन सम्बन्धी जोखिमसँग सम्बन्धित बीमा भए पनि Accidental Insurance, Medical Insurance को सम्झौता अवधि पाँच वर्षभन्दा कम अवधिमा समाप्त हुने भए त्यस्तो कारोबार भने लगानी बीमा अन्तर्गत पर्दैनन् । तर यस्तो बीमाको सम्झौता अवधि पाँच वर्षभन्दा बढी अवधिको भए लगानी बीमाको परिभाषा भित्र पर्दछन् ।

१९.४.२ लगानी बीमाको आय गणना गर्ने तरिका :

ऐनको दफा ६१ को उपदफा (२) मा लगानी बीमा व्यवसाय गर्ने व्यक्तिको कुनै आय वर्षको आय गणना गर्ने सन्दर्भमा निम्नानुसारको व्यवस्था रहेको छ :-

६१(२) लगानी बीमा व्यवसाय गर्ने कुनै व्यक्तिको कुनै आय वर्षको आयको गणना गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) देहायका रकमहरु बाहेक यस ऐन बमोजिम समावेश गर्न सकिने अन्य रकमहरु समावेश गर्ने :-

(१) सो व्यक्तिले सो व्यवसायसञ्चालन गर्दा प्रिमियम लगायत बीमा प्रिमियम बापतको रूपमा सो आय वर्षमा प्राप्त गरेको पुनर्बीमाको रकम, र

(२) पुनर्बीमा, जमानत, सुरक्षण वा क्षतिपूर्तिको कुनै करार बापतको खण्ड (ख) को उपखण्ड (१) बमोजिमको भुक्तानीबाट सो वर्षमा प्राप्त रकमहरु ।

(ख) देहायका रकमहरु बाहेक यस ऐन बमोजिम कट्टी गर्न सकिने अन्य रकमहरु कट्टी गर्ने :-

(१) कुनै व्यक्तिले बीमकको हैसियतमा उक्त व्यवसायसञ्चालन गर्दा गरेको भुक्तानीहरु, र

**(२) बीमितलाई फिर्ता भएको खण्ड (क) को उपखण्ड (१) मा उल्लिखित प्रिमियम ।**

**६१(३) उपदफा (२) को खण्ड (क) को उपखण्ड (१) र (२) तथा खण्ड (ख) को उपखण्ड (१) र (२) मा उल्लिखित रकमहरु सो व्यक्तिको सम्पत्ति वा दायित्व बापतका आम्दानी र खर्च मानिने छैन।**

**६१(४) कुनै व्यक्तिको लगानी बीमा व्यवसायको लगानी बीमा सम्झौता सो व्यक्तिको सम्पत्ति तथा दायित्व मानिने छैन ।**

सामान्य बीमा व्यवसायमा प्राप्त भएका प्रिमियमहरु सो व्यवसायको सन्दर्भमा आय मानिने भए तापनि लगानी बीमाको सन्दर्भमा भने बीमा आलेख (Insurance policy) बापत बीमितले जम्मा गरिने प्रिमियमलाई भने आयकर प्रयोजनको निमित्त सो निकायको आय मानिदैन । दफा ६१(३) बमोजिम यसरी प्राप्त हुने प्रिमियम रकमलाई सो निकायले आफ्नो दायित्व वा सम्पत्ति बापतको आम्दानी (Incomings) पनि मानिदैंन । त्यसकारण लगानी बीमा व्यवसाय गर्ने निकायले प्राप्त गरेको प्रिमियमलाई निकायको पुँजीकोरूपमालेखाङ्कन गर्नुपर्ने हुन्छ । यसैगरी बीमा आलेखका सन्दर्भमा सम्झौता बमोजिम प्राप्त हुने सोधभर्ना बापतको रकम, पुनर्बीमा प्रिमियम जस्ता रकमसमेत सो निकायको आय मानिदैन र पुँजी मानिन्छन् ।

त्यसैगरी बीमकको हैसियतले सो निकायले भुक्तान गरेका रकम एवम्बीमितलाई फिर्ता गरिएका बीमा प्रिमियम लगायतका रकम सो निकायको खर्च कट्टी वा कुनै सम्पत्ति वा दायित्व बापतको खर्च (Outgoings) मानिदैन । यस अर्थमा लगानी बीमा व्यवसाय गर्ने व्यक्तिले आयकर प्रयोजनको निमित्त अन्य निकाय सरह सामान्य आय, जस्तै ब्याज आम्दानी, विविध आम्दानी आयमा समावेस गर्नुपर्ने हुन्छ र सामान्य खर्च, जस्तै व्यवस्थापन खर्च, ब्याज खर्च, ह्रास खर्च, कमिशन खर्च, आदि आयकर प्रयोजनको लागि कट्टी दाबी गर्न सक्ने छन् ।

माथिका व्यवस्था अनुसार लगानी बीमा व्यवसायको कर आधार वासलात निम्नानुसार हुन्छः

| पुँजी तथा दायित्व | कर आधार | सम्पत्ति | कर आधार |
|---|---|---|---|
| शेयर पुँजी | चुक्ता पुँजीको रकम | ह्रासयोग्य सम्पत्ति | अनुसूचि-२ बमोजिम |
| जगेडा र नाफा | कर तिरिएको करयोग्य आय | | |
| लगानीकर्ताको लगानी<br>प्रिमियम<br>बीमा कोष | <br>चुक्ता भएको रकम<br>कोषमा समावेश रकम | व्यावसायिक सम्पत्ति | दफा३८(२) बमोजिम |
| अन्य दायित्व | दफा ३९(२) बमोजिम | | |
| जम्मा पुँजि तथा दायित्व | | जम्मा सम्पत्ति | |

कर प्रयोजनको लेखा अवधारणा र वित्तीय लेखाको अवधारणामा ठूलो मात्रामा फरक रहेकाले लगानी बीमा व्यवसायको हरेक जसो हिसाबमा डेफर्ड आयकर प्रयोजनका लागि अस्थायी अन्तर र डेफर्ड कर सिर्जना भएको हुन्छ । माथिको अवधारणा व्याख्या गर्ने उदाहरण निम्नानुसार छः

उदाहरण १९.४.१:मानौ स्वर्णिम जीवन बीमा कम्पनी लि.एक लगानी बीमा व्यवसाय गर्ने निकाय (बीमक) रहेछ । यो आय वर्षका लागि सो निकायको निम्नानुसार तथ्याङ्क रहेछ ।

| | | |
|---|---|---|
| १. | बीमा प्रिमियम प्राप्त (खुद) रु. | १०,००,०००।- |

| | | |
|---|---|---|
| २. | कुल बीमा आलेख मूल्य रु. | ५,००,००,०००।- |
| ३. | पुनर्बीमा लिए बापत भुक्तान गरिएको कमिशन खर्च रु. | १०,०००।- |
| ४. | पुनर्बीमा गराएबापत प्राप्त कमिशन रु. | १५,०००।- |
| ५. | लगानी तथा कर्जामा ब्याज आम्दानी रु. | २०,००,०००।- |
| ६. | अन्य विविध आम्दानी रु. | ४०,०००।- |
| ७. | बीमा कोषमा यस वर्ष थप गरिएको रकम रु. | १५,००,०००।- |
| ८. | रु.३ लाख प्रिमियम तिरिसकेको एक पोलिसि होल्डरले पोलिसी समर्पण (policy surrender)गर्दा गरिएको भुक्तानी रु. | २,५०,०००।- |
| ९. | रु.५०,०००।-मात्र प्रिमियम जम्मा गरेको एक पोलिसी होल्डरको मृत्यु भएको कारण निजको हकवालालाई भुक्तान गर्नुपरेको रकम रु. | ४,००,०००।- |
| १०. | रु.३००,०००।-प्रिमियम तिरिसकेको एक बीमितको Policy Mature भएको कारण बोनस सहित भुक्तानी गर्नुपरेको रकम रु. | ५,५०,०००।- |
| ११. | अभिकर्ता कमिशन रु. | १,००,०००।- |
| १२. | व्यवस्थापन खर्च रु. | ६,००,०००।- |
| १३. | मेडिकल शुल्क रु. | २०,०००।- |
| १४. | दाबीयोग्य ह्रास खर्च रु. | १,००,०००।- |

उपर्युक्त तथ्याङ्कको आधारमा उक्त बीमकको आयको गणना निम्नानुसार हुने हुन्छ ।

| | | |
|---|---|---|
| | **समावेश गरिने रकम :** | |
| १. | ब्याज आम्दानी रु. | २०,००,०००।- |
| २. | विविध आम्दानी रु. | ४०,०००।- |
| ३. | पुनर्बीमा गराएबापत कमिशन रु. | १५,०००।- |
| | **जम्मा (क) रु.** | **२०,५५,०००।-** |
| | **कट्टी दाबी योग्य खर्च :** | |
| १. | पुनर्बीमा लिए बापत कमिशन खर्च रु. | १०,०००।- |
| २. | अभिकर्ता कमिशन रु. | १,००,०००।- |
| ३. | व्यवस्थापन खर्च रु. | ६,००,०००।- |
| ४. | ह्रासकट्टी खर्च रु. | १,००,०००।- |
| ५. | मेडिकल शुल्क रु. | २०,०००।- |
| | **जम्मा खर्च कट्टी (ख) रु.** | **८३०,०००।-** |
| | **व्यवसायको मुनाफा र लाभ (क-ख) रु.** | **१३,२५,०००।-** |

बीमितलाई फिर्ता गरिएका भुक्तानी कर प्रयोजनमा लाभ सहितको पुँजी फिर्ता सरह व्यवहार गरिन्छ।

| | | |
|---|---|---|
| | **यस वर्ष भुक्तानी भएको बीमा बापतको रकम** | |
| १. | Matured policyबापत भुक्तानी रु. | ५,५०,०००।- |
| | प्राप्त भएको प्रिमियम रु. | ३,००,०००।- |

| | | |
|---|---|---|
| | लगानीकर्ताको लाभ (दफा ८८ बमोजिम लाभमा ५ प्रतिशत कर लाग्ने) रु. | २,५०,०००।- |
| २. | Death claimबापत भुक्तानी रु. | ४,००,०००।- |
| | प्राप्त भएको प्रिमियम रु. | ५०,०००।- |
| | लगानीकर्ताको लाभ रु. | ३,५०,०००।- |
| ३. | Policy surrenderबापत भुक्तानी रु. | २,५०,०००।- |
| | प्राप्त भएको प्रिमियम रु. | ३,००,०००।- |
| | नाफा :(पुँजी सरहको आम्दानी भएकाले कर नलाग्ने तर दफा ५६(३)बमोजिम मुनाफारहितको लाभांश वितरण हुनगएमा व्यवसायको आयमा समावेश हुने) रु. | ५०,०००।- |

माथिको उदाहरणमा बीमा प्रिमियम बापत प्राप्त रु.१०,००,०००।-सो बीमकको आय वा व्यावसायिक दायित्व वा सम्पत्ति बापतको आम्दानी मानिदैन । सो प्रिमियम बापतको बीमा आलेख सम्झौता मूल्य (Sum insured) रु.५,००,००,०००।-पनि सो बीमकको दायित्व मानिने छैन । ऐनको व्यवस्था अनुसार बीमितबाट प्राप्त प्रिमियम लगायतका रकम र बीमकको हैसियतले बीमितलाई गरिने भुक्तानी बीमकको सम्पत्ति र दायित्व बापतका आम्दानी र खर्च नमानिने हुँदा त्यस्ता प्राप्ति र भुक्तानी एवम् सो कारण हुने बचत वा नोक्सानी कर प्रयोजनको निमित्त आम्दानी वा कट्टी मानिदैन ।

## १९.५ बीमाबाट प्राप्त रकम

ऐनको दफा ६२ बमोजिम बीमाबाट प्राप्त रकम निम्नानुसार गणना गर्नु पर्दछ :

**(१) कुनै व्यक्तिको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले बीमाबाट प्राप्त गरेको रकमको सम्बन्धमा दफा ३१ मा उल्लेख भए बमोजिम हुनेछ ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लगानी बीमाबाट प्राप्त लाभ सम्बन्धमा देहाय बमोजिम हुनेछ :-**

**(क) बासिन्दा व्यक्तिले त्यस्तो रकम भुक्तानी गरेको अवस्थामा बीमित उपर अन्तिम रूपमा हुने कर कट्टीद्वारा कर लगाइनेछ, र**

**(ख) गैर बासिन्दा व्यक्तिले त्यस्तो रकम भुक्तानी गरेको अवस्थामा बीमितको आयमा सो रकम समावेश गरी गणना गर्नु पर्नेछ ।**

**<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि “लगानी बीमाबाट प्राप्त लाभ” भन्नाले सो बीमाको सम्बन्धमा कुनै व्यक्तिले लगानी बीमा बापत प्राप्त गरेको भुक्तानी सो व्यक्तिले तिरेको प्रिमियमभन्दा बढी भएजतिको रकमलाई सम्झनु पर्छ ।**

सामान्य बीमाबाट प्राप्त क्षतिपुर्तिको हकमा ऐनको दफा ४६ को व्यवस्था छनौट भएको अवस्था बाहेक दफा ३१ अनुसार निम्नानुसार चारित्रीकरण गर्नुपर्दछ ।

**दफा३१ : बीमा बापतको भुक्तानी लगायत देहायका कुराहरु बापत कुनै व्यक्ति वा सो व्यक्तिको सम्बद्ध व्यक्तिले कुनै क्षतिपूर्ति रकम प्राप्त गरेकोमा सो क्षतिपूर्ति बापतको रकम प्राप्त गरेको समयमा त्यस्तो रकम अवस्था अनुसार रोजगारी, व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्दा समावेश गर्नु पर्नेछ :-**

**(क) कुनै व्यवसाय, रोजगारी वा लगानीबाट सो व्यक्तिले प्राप्त गरेको वा प्राप्त हुन सक्ने कुनै आय वा सो आयको गणनामा समावेश हुने कुनै रकम बापतको क्षतिपूर्ति, वा**

(ख) कुनै व्यवसाय वा लगानीमा सो व्यक्तिलाई भएको वा हुनसक्ने नोक्सानी वा सो व्यक्तिको आयको गणना गर्दा कट्टी हुने खर्च रकम बापतको क्षतिपूर्ति ।

तर,

(१) बासिन्दा प्राकृतिक व्यक्तिको व्यक्तिगत दुर्घटनाबाट भएको शारीरिक क्षति बापतको क्षतिपूर्ति भुक्तानी रकम आयमा समावेश गर्नुपर्ने छैन र त्यस्तो दुर्घटनाबाट भएको क्षतिको उपचारमा लागेको खर्च दफा ५१ बमोजिम कर मिलान दाबी गर्न पाउने छैन ।

(२) प्राकृतिक व्यक्तिको मृत्यु बापत प्राप्त हुने क्षतिपूर्तिको रकम आयमा समावेश गर्नुपर्ने छैन ।

ऐनको दफा ३१, ६२ तथा ९२ को अधीनमा रही बीमाबाट प्राप्त क्षतिपुर्तिको हकमा आयकर लाग्दछ । यस सम्बन्धी व्यवस्था तलका उदाहरणबाट प्रष्ट पारिएको छ ।

| |
|---|
| उदाहरण १९.५.१ः मानौं, तुलसी इण्टरप्राइजेज कम्पनीले आफ्नो स्टकको सुरक्षणको लागि रु.५० लाखको बीमा गरेको रहेछ । आय वर्ष २०६४/६५ मा उक्त कम्पनीको गोदाममा आगलागि भएको रहेछ र आगलागिको समयमा उक्त गोदाममा रु.३० लाख मूल्य बराबरको मौज्दात रहेछ । उक्त कम्पनीले बीमा कम्पनीसँग सो नोक्सानीको दाबी भुक्तानीको लागि आय वर्ष २०६४/६५ मा नै निवेदन दिइसकेको रहेछ । तर सो आ.व.को अन्त्यसम्म पनि बीमा कम्पनीले सो दाबीबारे निर्क्योल गरिसकेको रहेनछ । यस अवस्थामा सो कम्पनीले ऐनको दफा १५ को उपदफा (१) अन्तर्गत आय वर्ष २०६४/६५ मा यसरी नोक्सान भएको मौज्दात कट्टी दाबी गर्न सक्नेछ । यदि उक्त बीमा कम्पनीले सो दाबीबापत आय वर्ष २०६५/६६ मा दाबी स्वीकार गरी रु.२५ लाख भुक्तान गरेको रहेछ भने सो पूरै रकम आ.व.२०६५।६६ को व्यवसायको आयमा समावेश गर्नुपर्छ । |
| उदाहरण १९.५.२ः मानौं, पिपल इण्टरप्राइजेज कम्पनीले आफ्नोफर्निचर तथा कार्यालय उपकरण बापत रु.२० लाखको बीमा गराएको रहेछ। २०६४ असोजमा आगलागीबाट सम्पूर्ण फर्निचर तथा कार्यालय उपकरण जलेर काम नलाग्ने भएको रहेछ। सो आय वर्षमा उक्त कम्पनीको समूह "ख" को ह्रास आधार रु.१५ लाख रहेछ। बीमा कम्पनीले सो दावीको समेत निर्क्यौल एवं भुक्तानी आ.व.२०६४/६५ मा नगरी आ.व.२०६५/६६ मा मात्र रु.१८ लाख भुक्तानी गरेको रहेछ।आ.व.२०६५/६६ मा सो कम्पनीले २०६५ पौष मसान्त भित्र रु.१० लाखको कार्यालय उपकरण तथा फर्निचर खरिद गरिसकेको रहेछ भने सो कम्पनीले आ.व.२०६४/६५ तथा २०६५/६६ मा यस सम्बन्धमा निम्नानुसार लेखाङ्कन गर्नु पर्दछ।<br><u>आ.व.२०६४/६५</u><br>यस आर्थिक वर्षमा उक्त कम्पनीको समूह "ख" को सम्पूर्णसम्पत्ति नै जलेर नष्ट भएको कारण कूल ह्रास आधार अर्थात रू.१५ लाख निःसर्ग भएको मानिन्छ र ऐनको दफा १९ बमोजिम रू.१५ लाख कट्टी दावी गर्न सक्नेछ।<br><u>आ.व.२०६५/६६</u> |

आ.व.२०६५/६६ मा उक्त कम्पनीले समूह“ख” अन्तर्गत रू.१० लाखको सम्पत्ति २०६५ पौष मसान्त भित्र खरीद गरेको र बीमा कम्पनीबाट समेत रू.१८ लाख दावी भुक्तानी प्राप्त भएको सम्पत्तिको ह्रास आधार तथा निसर्गबाट प्राप्त लाभ निम्नानुसार हुन्छः

| | |
|---|---|
| आ.व.२०६५/६६ मा ह्रास आधारमा समावेश हुने रकम | रू.१०,००,०००।- |
| न्यूनः सम्पत्तिको निसर्गबाट प्राप्त रकम | रू.०।- |
| ह्रास आधार | रू.१०,००,०००।- |

बीमाबाट प्राप्त भएको रकम रु.१८ लाख प्राप्त भएको आ.व.२०६५/६६ मा दफा ३१ र ६२ बमोजिमव्यवसायको आयमा समावेश गर्नु पर्दछ।

ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (ग) बमोजिम बासिन्दा कम्पनीले भुक्तानी गरेको लगानी बीमाबापत प्राप्त गरेको लाभ अन्तिम रुपले कर लाग्ने तथा गैर बासिन्दा कम्पनीले भुक्तान गरेको भए बीमाबाट प्राप्त लाभ बीमितको आयमा समावेश गरी गणना गर्नुपर्ने हुन्छ । ऐनको दफा ८८ को उपदफा (२) बमोजिम बासिन्दा कम्पनीले भुक्तानी गरेको लगानी बीमा बापत प्राप्त गरेको लाभमा ५ प्रतिशतका दरले कर लाग्दछ । सोही अनुरुप लगानी बीमा म्याद भुक्तानी (matured) वा कुनै दाबी योग्य घटना घटेको अवस्थामा (happening of incidence) प्राप्त रकममध्ये बीमितले सो समयसम्म भुक्तान गरेको बीमा प्रिमियम रकम कट्टा गरी खुद बढी प्राप्त रकममात्र लाभको रूपमा गणना गर्नुपर्दछ । त्यस्तै, ऐनको दफा ३१ बमोजिम बासिन्दा प्राकृतिक व्यक्तिको व्यक्तिगत दुर्घटनाबाट भएको शारीरिक क्षतिबापतको क्षतिपूर्ति भुक्तानी रकम आयमा समावेश गर्नु नपर्ने व्यवस्था भएकोले त्यस्तो रकम आयमा समावेस गर्नु पर्दैन ।

उदाहरण १९.५.३ः मानौं, दिवाकर खनियाँले नेपालमा दर्ता भएको शुभ जीवन बीमा कम्पनी लि.मा रु.५,००,०००।-को जीवन बीमा पोलिसी लिएका रहेछन् र सोबापत कुल प्रिमियम रु.५,५०,०००।-जम्मा गरेका रहेछन् । मिति २०६६।२।४ मा सो पोलिसीको म्याद भुक्तानी(Matured)भएको रहेछ । बीमा सम्झौताबमोजिम सो बीमा कम्पनीले निजलाई रु.९,५०,०००।-भुक्तान गरेको रहेछ । उक्त भुक्तानीमा रु.४,००,०००।-लाभ भएको ( रु.९,५०,०००-रु.५,५०,०००) र सो लाभमा ५ प्रतिशतका दरले हुने रकम कर लाग्दछ र सो बीमा कम्पनीले निजलाई भुक्तानीको समयमानै रु.२०,०००।-कर रकम कट्टा गरी बाँकी रु.९,३०,०००।-भुक्तान गर्नुपर्दछ । यसरी कट्टा भएको कर रकम ऐनको दफा ६२ को उपदफा (२) को खण्ड (क) तथा दफा ९२ को उपदफा (१) को खण्ड (ग) बमोजिम अन्तिमरुपले कर कट्टी भएको भुक्तानी मानिन्छ र निजको आयमा समावेश गर्नु पर्दैन ।

तर, माथिको उदाहरणमा निज दिवाकर खनियाँले नेपालमा दर्ता भएको बीमकसँग बीमा नगराई गैर बासिन्दा व्यक्तिसँग बीमा गराएको र सोही बराबरको रकम भुक्तानी भएको रहेछ भने कुल लाभ रु.४,००,०००।-लाई नै लगानीको आयमा समावेश गर्नुपर्ने हुन्छ । यस अवस्थामा निजले विदेशमा सो भुक्तानीबापत कुनै कर तिरका रहेछन् भने सो कर ऐनको अधीनमा रही मिलान दाबी गर्न पाउनेछन् । यसरी विदेशमा तिरेको कर मिलान सम्बन्धी व्यवस्था यसै निर्देशिकाको परिच्छेद १४ मा दिइएको छ ।

## १९.६ व्यवसाय गाभिएको कारणले हुने निःसर्ग सम्बन्धी विशेष व्यवस्था

ऐनको दफा ४७क. ले बैंकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा विशेष व्यवस्था गरेको छ ।

**४७क.(१) बैंकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिको निकायहरु आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क),(ख),(घ), (ङ), (च) र (छ) तथा सोही दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन ।**

बैंकिङ्ग वा बीमा सम्बन्धी एकै प्रकृतिको व्यवसाय गर्ने निकाय गाभिएका बखतमा यो

दफामा गरिएका व्यवस्था लागू हुन्छन् । कुनै बैंकिङ्गव्यवसाय गर्ने निकाय वा बीमा व्यवसाय गर्ने निकाय आपसमा गाभिएका अवस्थामा दफा ५७ बमोजिम स्वामित्व परिवर्तन भएको निकायको स्वामित्व परिवर्तन अघि कायम रहेका जिम्मेवारी सार्न पाउने नोक्सानी लगायतका विभिन्न रकम (Tax Attributes)लाई स्वामित्वमा परिवर्तनपछि समायोजन गर्न नपाउने गरी (No deferrals) दफा ५७ को उपदफा (२) द्वारा लगाइएको निम्न बन्देज लागू हुने छैन :

**५७(२) उपदफा (१) मा उल्लेख भए बमोजिम कुनै निकायको स्वामित्व परिवर्तन भएमा त्यस्तो परिवर्तन पछि सो निकायलाई देहायका कार्य गर्न अनुमति दिइने छैन :-**

**(क) स्वामित्वको परिवर्तन हुनुभन्दा अघि सो निकायबाट खर्च गरिएका दफा १४ को उपदफा (३) बमोजिम अगाडि सारिएको ब्याज कट्टा गर्न,**

**(ख) स्वमित्वको परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० बमोजिम कट्टा गर्न,**

**(ग) स्वामित्वको परिवर्तनपछि हुन गएको नोक्सानीलाई दफा २० को उपदफा (४)बमोजिम त्यस्तो स्वामित्वको परिवर्तन अघिको कुनै आय वर्षमा पछाडि लैजान,**

**(घ) स्वामित्व परिवर्तन हुनुअघि दफा २४ को उपदफा (४) को खण्ड (क) बमोजिम कुनै रकम वा खर्च बापत हिसाब गरेको र स्वामित्वको परिवर्तन पछि सो रकम वा खर्चको दफा २४ को उपदफा (४) बमोजिम सच्चाएकोमा दफा २४ को उपदफा (४) बमोजिम समायोजन गर्न,**

**(ङ) स्वामित्वको परिवर्तन हुनुअघि दफा २५ को उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै रकमको हिसाब गरेको र स्वामित्वको परिवर्तनपछि सो रकम प्राप्त गर्ने अधिकार त्याग गरेको वा सो रकम कुनै व्यक्तिको ऋण दाबी भएकोमा त्यस्तो व्यक्तिले उक्त ऋणलाई डुबेको ऋण मानी अपलेखन गरेमा दफा २५ को उपदफा (१) बमोजिम समायोजन गर्न,**

**(च) स्वामित्वको परिवर्तन हुनुअघि सम्पत्ति वा दायित्वको निःसर्ग गर्दा हुन गएको घाटा स्वामित्वको परिवर्तनपछि सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त आम्दानीमा दफा ३६ बमोजिम घटाउन,**

**(छ) स्वामित्व परिवर्तन हुनुअघि दफा ६० को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) बमोजिम प्रिमियमको हिसाब गरेकोमा र स्वामित्वको परिवर्तनपछि त्यस्तो प्रिमियम बीमितलाई फिर्ता दिएमा सो बमोजिम खर्च दाबी गर्न ।**

कुनै निकायको दफा ५७(३) बमोजिम स्वामित्व परिवर्तन भएमा त्यसरी स्वामित्व परिवर्तन हुनु अगाडि र पछाडिका भागलाई बेग्लाबेग्लै आय वर्ष मानिने व्यवस्था पनि दफा ४७क. को अवस्थामा लागू हुँदैन ।

विगतका नोक्सानी कट्टी सम्बन्धमा निम्न प्रतिबन्धात्मक व्यवस्था लागू रहन्छः

**तर, गाभिएर अस्तित्वमा नरहेको निकायको कुनै कट्टी हुन नसकेको नोक्सानी भए त्यस्तो नोक्सानी दामासाहीले आगामी सात वर्षमा कट्टी गर्नु पर्नेछ । यसरी समान किस्तामा नोक्सानी कट्टी गर्ने निकाय सो पूरै नोक्सानी कट्टी नगर्दै पुनः विभाजन भएमा कट्टी भएको नोक्सानी बापत कट्टी भएको रकममा गाभिएको (मर्जर वा एक्युजिशन) आर्थिक वर्षमा कायम रहेको करको दरले कर तिर्नु पर्नेछ ।**

सो सम्बन्धी व्यवस्थालाई निम्न उदाहरणमा स्पष्ट गरिएको छः

| |
|---|
| उदाहरण १९.६.१: मानौ, काभ्रे बैक लि.ले कास्की बैंक लि.का सबै शेयरधनीलाई प्रत्येक १०० कित्ता शेयर बराबर ९० कित्ताशेयर दिई कास्की बैंक लि.गाभिएको रहेछ । कास्की बैंक लि.मा रु.२ करोड १० लाख कट्टी हुन बाँकी नोक्सान रहेछ । गाभिएको वर्ष गाभिने कारोबारपछि काभ्रे बैंकको नोक्सानी कट्टी अगाडिको करयोग्य आय रु.३ करोड रहेछ । गाभिएर अस्तित्वमा नरहेको कास्की बैंक लि.को यस्तो कट्टी हुन बाँकी नोक्सानी गाभिएपछिको काभ्रे बैंकले दामासाहीले ७ वर्षमा कट्टी गर्न पाउँदछ । यो वर्ष रु.३० लाखमात्र नोक्सानी कट्टी गर्न पाउँदछ । गाभिएर अस्तित्वमा नरहेको कम्पनीको गाभिनु अगाडि७ वर्ष ननाघेको नोक्सानीमात्र यस व्यवस्था बमोजिम दामासाहीमा कट्टी गर्न पाइन्छ । |
| उदाहरण १९.६.२: मानौ, काभ्रे बैक लि.ले कास्की बैंक लि.का सबै शेयरधनीलाई प्रत्येक १०० कित्ता शेयर बराबर ९०कित्ता शेयर दिई कास्की बैंक लि.गाभिएको रहेछ । काभ्रे बैंक लि.मा रु.१ करोड ३० लाख कट्टी हुन बाँकी नोक्सान रहेछ । गाभिएको वर्ष गाभिने कारोबारपछि कास्की बैंकको कारोबार पनि समाहित भएकाले काभ्रे बैंकको नोक्सानी कट्टी अगाडिको करयोग्य आय रु.३ करोड रहेछ । गाभिएपछि पनि अस्तित्वमा रहेको काभ्रे बैंक लि.को यस्तो कट्टी हुन बाँकी नोक्सानी गाभिएपछिको दफा २० को व्यवस्था बमोजिम नोक्सानी सिर्जना भएको वर्षबाट ७ वर्षसम्म कट्टी गर्न पाउँदछ, दामासाही गरिरहनु पर्दैन । |
| उदाहरण १९.६.३: मानौ, काभ्रे बैक लि. ले कास्की बैंक लि. का सबै शेयरधनीलाई प्रत्येक १०० कित्ता शेयर बराबर ९० किक्ता शेयर दिई कास्की बैंक लि.गाभिएको रहेछ । कास्की बैंक लि.मा रु.२ करोड १० लाख कट्टी हुन बाँकी नोक्सान रहेछ । गाभिएको ४ वर्षपछि काभ्रे बैंकबाट पुराना कास्की बैंकका शेयरधनी विभाजन भई जाने निर्णय गरेछन् । यस्तो अवस्थामा कास्की बैंक लि.अस्तित्वमा हुँदाको ७ वर्षसम्म पुरानो नोक्सान रु.२ करोड १० लाखको ७ भागको ४ भाग कट्टी भइसकेको हुन्छ । विभाजनबाट नयाँ कम्पनी बनेको वर्ष सो कट्टी भइसकेको नोक्सानी रु.१ करोड २० लाखमा गाभिएको वर्षको आयकरको दर अनुसार हुने कर रकम काभ्रे बैक लि.ले तिर्नु पर्दछ । बाँकी रहेको कट्टी नभएको नोक्सानी रु.९० लाख पनि कट्टी गर्न पाउँदैन । |

निकाय आपसमा गाभिने क्रममा एउटा निकायमा भएका सबै सम्पत्ति तथा दायित्व अर्को निकायमा हस्तान्तरण हुन जान्छन् । यस्तो हस्तान्तरणका सम्बन्धमा निम्न तरिकाले मूल्यांकन हुने व्यवस्था उपदफा (२) मा गरिएको छः

**४७क.(२) उपदफा (१) बमोजिम निकायहरु गाभिई सम्पत्ति र दायित्वको निःसर्ग भएमा देहाय बमोजिम हुनेछः-(क) व्यापारिक मौज्दात तथा व्यावसायिक सम्पत्तिको निःसर्गको हकमा,-**

**(१) निःसर्गको तत्काल अघि सो सम्पत्ति बापत भएको खुद खर्च बराबरको रकम सो निःसर्ग बापत सो व्यक्तिले प्राप्त गरेको मानिनेछ, र**

**(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।**

**(ख) ह्रासयोग्य सम्पत्तिको निःसर्गको हकमा,-**

(१) निःसर्ग हुँदाका बखत अनुसूची-२ को दफा ४ बमोजिम समूहको घट्दो प्रणालीको बाँकी मूल्य बराबरको रकम सो निःसर्ग बापत प्राप्त गरेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।

(ग) दायित्वको निःसर्गको हकमा,-

(१) निःसर्गको तत्काल अघि सो दायित्वको बजार मूल्य र खुद आम्दानीमध्ये जुन घटी हुन्छ सो बराबरको रकम निःसर्ग बापत सो व्यक्तिको लागत परेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम दायित्व बहन गर्ने व्यक्तिले सो दायित्व बहन गरे बापत प्राप्त गरेको मानिनेछ ।

(घ) व्यवसाय गाभ्ने निकाय वा गाभिएर कायम भएको निकायले गाभिएको सम्पत्ति र दायित्वको लागत गणना गर्दा गाभिने निकायबाट सो गाभिएको व्यवसायसञ्चालन गरेका बखत (मर्जर वा एक्युजिसन अगाडि) कायम रहेका सम्पत्ति र दायित्व बापतका लागत मात्र खण्ड (क), (ख) र (ग) बमोजिम गणना गर्नु पर्नेछ ।

सो सम्बन्धी व्यवस्थालाई निम्न उदाहरणमा स्पष्ट गरिएको छः

| |
|---|
| उदाहरण १९.६.४: मानौ, काभ्रे बैक लि.ले कास्की बैंक लि.का सबै शेयरधनीलाई प्रत्येक १० कित्ता शेयर बराबर ९कित्ता शेयर दिई कास्की बैंक लि. गाभिएको रहेछ । कास्की बैंक लि. का निम्न सम्पत्ति तथा दायित्व निम्नानुसार मूल्यमा निःसर्ग भएको र काभ्रे बैंकको लागत परेको मानिन्छः<br>व्यावसायिक सम्पत्ति : गाभिनुको तत्कालअघिको खुद खर्च (नेट आउटगोइंग)<br>ह्रासयोग्य सम्पत्ति : गाभिनुको तत्कालअघिको अनुसूचि-२ को दफा ४ बमोजिमको घट्दो प्रणालीको बाँकी मूल्य<br>व्यावसायिक दायित्व : गाभिनुको तत्कालअघिको खुद आम्दानी (नेट इन्कमिंग) र बजारमूल्यमध्ये जुन घटी हुन्छ सो रकम |
| उदाहरण १९.६.५: मानौं, मिति २०७१ माघ ३ गते काभ्रे बैक लि.मा कास्की बैंक लि. गाभिएको रहेछ । सो मितिमा कास्की बैंक लि.को समुह "ख" को ह्रासयोग्य सम्पत्तिको ह्रास आधार रु.१०,००,०००।-रहेछ । उक्त सम्पत्तिको आ.व.२०७१।७२ को कुल ह्रासकट्टी खर्च २५ प्रतिशतका दरले हुन आउने रु.२,५०,०००।-को ह्रासकट्टी खर्च दाबी गर्दा दामासाहीले कास्की बैंक लि.को१८६ दिनको हुन आउने ह्रास खर्च रु.१,२७,६०३।-र बाँकी १७९ दिनको ह्रासकट्टी खर्च रु.१,२२,६०३।-काभ्रे बैक लि.ले कट्टी दाबी गर्नु पर्दछ । |

निकाय गाभिने क्रममा गाभिने कम्पनी र गाभ्ने कम्पनीका कर्मचारीको सामूहिक अवकाशको अवस्था भएमा निम्नानुसार हुन्छः

४७क.(३) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा वा गाभिएपश्चातको निकायमा कार्यरत कर्मचारीहरुलाई सामूहिकरूपमा सेवाबाट अवकाश दिने प्रयोजनको लागि गरिने थप एकमुष्ट भुक्तानीमा (अवकाश कोष मार्फत गरिने भुक्तानी वा कर्मचारी सेवा शर्तमा उल्लेख भए अनुसार गर्नुपर्ने भुक्तानी बाहेकका) अवकाश भुक्तानीमा कर कट्टी गर्नुपर्ने दरमा पचास प्रतिशत छुट दिई भुक्तानीमा कर कट्टी गर्नुपर्नेछ ।

सो सम्बन्धी व्यवस्थालाई निम्न उदाहरणमा स्पष्ट गरिएको छः

| |
|---|
| उदाहरण १९.६.६: मानौ, काभ्रे बैक लि.ले कास्की बैंक लि.का सबै शेयरधनीलाई प्रत्येक १० कित्ता शेयर बराबर ९ कित्ताशेयर दिई कास्की बैंक लि.गाभिएको रहेछ । गाभिने शर्तमध्ये एउटा दुवै बैंकका ६० प्रतिशत कर्मचारीलाई सामूहिक अवकास दिने र सो बापत सम्बन्धित कर्मचारी नियमावलीमा भएको व्यवस्था अनुसारको सुविधाका अतिरिक्त रु.१,००,०००।- दिइने रहेछ । यस्तो अवस्थामा दुवै निकायका अवकाश पाउने कर्मचारीको सो भुक्तानीमा लाग्ने करमा ५० प्रतिशतले छुट दिई अग्रिम कर कट्टी गर्नु पर्दछ ।<br>अवकाश पाउने कर्मचारीको थप सुविधा (दुवै कम्पनीमा) :<br>भुक्तानी भएको अवकास रकम रु.१००,०००।-<br>कर छुट पाउने रकम (५० प्रतिशत) रु.५०,०००।-<br>बाँकी रकम रु.५०,०००।-<br>भुक्तानीमा कर कट्टी (१५ प्रतिशतले) रु.७,५००।-<br>दफा ९२ मा भएको व्यवस्था अनुसार यो रकम अन्तिम विधिअनुसार कर लाग्ने आय हो । |

निकाय गाभिने क्रममा गाभिने कम्पनीका शेयरधनीले अर्को कम्पनी (गाभ्ने कम्पनी) को शेयर प्राप्त गरेका हुन्छन् । यस्तो शेयर बिक्री सम्बन्धमा निम्नानुसार हुन्छः

४७क.(४) **उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरुले आफ्नो शेयर गाभिएको दुई वर्षभित्र आफ्नो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गरेमा त्यसरी निःसर्ग भएको शेयरमा भएको लाभमा पुँजीगत लाभकर लाग्ने छैन ।**

सो सम्बन्धी व्यवस्थालाई निम्न उदाहरणमा स्पष्ट गरिएको छः

| |
|---|
| उदाहरण १९.६.७: मानौ, काभ्रे बैक लि.ले कास्की बैंक लि.का सबै शेयरधनीलाई प्रत्येक १० कित्ता शेयर बराबर ९कित्ता शेयर दिई काभ्रे बैक लि. र कास्की बैंक लि.२०६८।२।२९ मा एक आपसमा गाभिएका (मर्जर) रहेछन् । रमेशजी शाहको कास्की लि.मा १००० कित्ता शेयर (चुक्ता मूल्य रु.१००।-लागत रु.२००।-) रहेछ । गाभिएको कारण रमेशजीले ९०० कित्ता शेयर प्राप्त गरेका रहेछन् । रमेशजीले काभ्रे लि.को ४०० कित्ता शेयर २०६९।३।२० मा प्रतिशेयर रु.३१०।- मा बिक्री गरेछन् । यो अवस्थामा शेयर बिक्रीमा भएको लाभ रु.४४,०००।-(११०*४००) मा गाभिएको २ वर्षभित्रै बिक्री गरी लाभ भएकाले पुँजीगत लाभकर लाग्दैन । |
| उदाहरण १९.६.८: मानौ, काभ्रे बैक लि.ले नेपाल राष्ट्र बैंकले तोकेको संस्था प्राप्ति-एक्युजिसन) विनियम बमोजिम कास्की बैंक लि.लाई मिति २०७०।२।१ मा गाभेको (Acquire)रहेछ । गाभिनु तत्कालअघि कास्की बैंक लि.मा गरिमा प्रा.लि.को परल मूल्य रु.१० लाख भएको १०,००० कित्ता साधारण शेयर रहेछ । गाभिएपश्चात उक्त कम्पनीले कास्की बैंक लि.को १०,००० कित्ता साधारण शेयरको बदला काभ्रे बैक लि.को ९,००० कित्ता साधारण शेयर प्राप्त गरेको रहेछ । उक्त कम्पनीले आफ्नो सबै शेयर मिति२०७०।१०।५ मा कुलरु.१५ लाखमा बिक्री गरेको रहेछ । यसरी बिक्री गरी प्राप्त लाभमा कर लाग्दैन । यदि उक्त शेयर रु.९ लाखमा बिक्री गरी रु.१ लाख नोक्सानी भएको अवस्थामा त्यस्तो नोक्सानी कर नलाग्ने आयसँग सम्बन्धित भएकोले आगामी वर्षमा सार्न पनि सकिने छैन । |

गाभिने प्रक्रिया पूरा भइसकेपछिको कम्पनीका शेयरधनीले सो कम्पनी (गाभ्ने कम्पनी) को लाभांश प्राप्त भएमा निम्नानुसार हुन्छः

४७क.(५) **उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्ष भित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई बितरण गरेको लाभांशमा कर लाग्ने छैन ।**

सो सम्बन्धी व्यवस्थालाई निम्न उदाहरणमा स्पष्ट गरिएको छः

उदाहरण १९.६.९: मानौ, काभ्रे बैंक लि. ले कास्की बैंक लि. का सबै शेयरधनीलाई प्रत्येक १० कित्ता शेयर बराबर ९ कित्ता शेयर दिई कास्की बैंक लि. मिति २०६७।२।२९ मागाभिएको रहेछ । गाभिए पछि काभ्रे बैंक लि. ले मिति २०६९।२।२० मा प्रति शेयर रु.४० लाभांश वितरण गरेको रहेछ । यो अवस्थामा काभ्रे बैंक लि.का मिति २०६७।२।२९ मा कायम रहेका कुनै पनि शेयरधनीलाई लाभांश कर लाग्दैन । साथै गाभिएको मितिमा कायम रहेको शेयरधनीको कायम रहेको शेयर संख्या मात्रमा कर छुट हुने र गाभिए पछि थप हुन आएको बोनस शेयर वा अरु शेयरमा वितरण हुने लाभांशमा कर छुट नहुने ।

तर उक्त लाभांश मिति २०६९।२।२९ वा सो पछाडि वितरण गरेको भए यो सुविधा प्राप्त हुन सक्तैन र लाभांश कर ५ प्रतिशत लाग्दथ्यो ।

बैंक तथा वित्तीय संस्था र बीमा व्यवसाय गर्ने कम्पनी गाभिने सम्बन्धी अन्य व्यवस्था निम्नानुसार छन् :

४७क.(६) **उपदफा (१) अनुसार गाभिई निःसर्ग हुन चाहने निकायले सम्वत्२०७८ साल असारमसान्तभित्र गाभिने आशयपत्र आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ ।**

४७क.(७) **उपदफा (१) बमोजिम गाभिनको लागि उपदफा (६) बमोजिम आशयपत्र दिने निकायहरुले गाभिने प्रक्रिया सम्वत्२०७९ असार मसान्तभित्र पूरा गर्नुपर्नेछ ।**

४७क.(८) **यो दफा प्रारम्भ भएपछि एक आपसमा गाभिई यस दफा बमोजिमको सुविधा उपयोग नगरेका निकायले समेत यसै बमोजिमको सुविधा उपयोग गर्न पाउनेछन्**

४७क.(९) **उपदफा (६) मा तोकिएको अवधिभित्र आशयपत्र नदिने निकाय तथा उपदफा (७) मा उल्लेख भएको मितिसम्म गाभिने प्रक्रिया पूरा नगरेको निकायको हकमा यो दफाको व्यवस्था लागू भएको मानिने छैन ।**

बैंक तथा वित्तीय संस्था र बीमा व्यवसाय गर्ने कम्पनी गभिन चाहने कम्पनीले २०७८ साल असार मसान्तभित्र गाभिने आशयपत्र आन्तरिक राजस्व विभागमा दिई सो सम्बन्धी प्रक्रिया २०७९ साल असार मसान्तभित्र पूरा गरिसकेको हुनु पर्दछ ।

## परिच्छेद २०

## दीर्घकालीन करारको आय गणना

# (Income from Long Term Contract)

२०.१ **दीर्घकालीन करार :**

सामान्य अर्थमा भन्नुपर्दा दीर्घकालीन करार भन्नाले लामो अवधिको करारलाई जनाउँछ । कुनै करार दीर्घकालीन करार हुनका लागि त्यस्तो करार भएको हुनु पर्ने र सो करार लामो अवधिका लागि हुनु पर्ने दुई मूलभूत शर्त पूरा भएको हुनु पर्दछ । दीर्घकालीन करारलाई अझ प्रष्टसँग बुझ्नका लागि करारको अर्थ, करारको प्रकृति र करारको अवधिका बारेमा प्रष्ट हुन जरुरी छ । ती पक्षका बिषयमा तल विवेचना गरिएको छ ।

२०.१.१ **करारको अर्थ :**

कुनै कार्य करार अन्तर्गतको कार्य हो होइनभन्ने मापन गर्ने पहिलो आधार भनेको करारको विद्यमानता हो । सामान्यतया करार दुई वा दुई भन्दा बढी व्यक्तिबीच कायम भएको कानुनी सम्बन्ध हो । कुनै कार्य करार हुनको लागि सो कार्य गर्ने वा नगर्ने सम्बन्धमा दुई वा दुईभन्दा बढी व्यक्ति वा पक्षबीच कुनै सम्झौता हुनु अनिवार्य हुन्छ । कुनै करार विधिवत करार हो होइन भन्ने कुरा करार ऐन, २०२३, नेपाल लेखामान बोर्डले जारी गरेको नेपाल लेखामान (Nepal Accounting Standard) र आयकर ऐन, २०५८ मा भएका व्यवस्थाको अधीनमा रही निर्क्यौल गर्नु पर्दछ ।

**करार ऐनअनुसार करारको अर्थ :**

करार ऐन अनुसार कुनै व्यक्ति वा व्यक्तिले कुनै अर्को व्यक्ति वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्नका लागि स्वीकृति पाउने आशाले राखेको प्रस्ताव अर्को व्यक्ति वा व्यक्तिले प्रस्ताव राख्ने व्यक्ति वा व्यक्तिले जुन अर्थमा प्रस्ताव राखेको हो सोही अर्थमा सहमति दिएमा सो प्रस्तावलाई करार भनिन्छ । करार ऐन, २०२३ को दफा २ मा करार, प्रस्ताव र स्वीकृतिलाई देहाय बमोजिम परिभाषित गरिएको छ ।

(क) **“करार” भन्नाले दुई वा दुई भन्दा बढी पक्षहरुका बीच कुनै काम गर्न वा नगर्नका लागि गरिएको मञ्जुरी सम्झनुपर्छ ।**

(ख) **“प्रस्ताव”भन्नाले कुनै काम गर्न वा नगर्नका लागि स्वीकृति पाउने आशाले कुनै व्यक्तिले अर्को कुनै व्यक्तिका समक्ष राखेको प्रस्ताव सम्झनु पर्छ ।**

(ग) **“स्वीकृति” भन्नाले प्रस्तावको कुरा प्रस्ताव राख्ने व्यक्तिले जुन अर्थमा लिएको छ सो कुरामा जसका समक्ष प्रस्ताव राखिएको हो, सो व्यक्तिले सोही अर्थमा दिएको सहमति सम्झनुपर्छ ।**

करार ऐनको उपरोक्त व्यवस्था अनुसार कुनै पनि करारमा बिद्यमान रहनु पर्ने महत्वपूर्ण तत्वहरु देहाय बमोजिम रहेका छन् :

- एक वा सो भन्दा बढी व्यक्तिले कुनै प्रस्ताव गरेको हुनुपर्छ,

- प्रस्ताव प्राप्त गर्ने सबै व्यक्तिले सो प्रस्ताव स्वीकार गरेको हुनुपर्छ,
- करारका सबै पक्ष करारमा उल्लिखित कानुनीरूपमा परिपालन हुन सक्ने कार्य गर्न वा नगर्न सहमत हुनुपर्छ,
- प्रस्ताव अनुरूपको कार्य सम्पादनको बदलामा कुनै कार्य गर्ने वा नगर्ने प्रतिवद्धता सहित कुनै स्वरूपको प्रतिफल प्राप्त हुने अवस्था हुनपर्छ ।

करार मौखिक वा लिखित हुन सक्तछ । सामान्यतया लामो अवधिको करार गर्ने करारका पक्षले सो करार अन्तर्गत तिनीहरुको अधिकार र कर्तव्य उल्लेख भएको लिखित दस्तावेजमा औपचारिक रूपमा हस्ताक्षर गर्ने गर्दछन् । अरु अवस्थामा कुनै प्रस्तावका शर्त बन्देज लिखित रूपमा तर्जुमा गरिए पनि ती शर्त बन्देजमा हरेक पक्षले लिखितरूपमा हस्ताक्षर गर्ने गरिदैन । प्रस्ताव प्राप्त गर्ने पक्षले जानीजानी प्रथमपक्षलाई प्रस्तावित शर्त बन्देज अनुरूप कुनै कार्य गर्न अनुमति प्रदान गरेमा उक्त करार र करारका शर्तमा सो पक्षको मौन स्वीकृत प्राप्त गरेको मानिन्छ र सो प्रस्तावले करारको स्वरूप ग्रहण गर्दछ ।

**नेपाल लेखामान अनुसार करारको अर्थ :**

नेपाल लेखामानले करारको छुट्टै परिभाषा नगरे पनि नेपाल लेखामान १३ मा निर्माण सम्बन्धी करारको परिभाषा गरिएको छ । यो निर्देशिका दीर्घकालीन करारको हकमा लागू हुने र दीर्घकालीन करारले निर्माण सम्बन्धी करारलाई पनि समेट्ने एवम् निर्माण सम्बन्धी दीर्घकालीन करारले लेखा प्रयोजनका लागि आफ्नो आय र खर्चको लेखांकन गर्दा नेपाल लेखामान १३ बमोजिम गर्नु पर्ने हुँदा सो लेखामानले गरेको निर्माण सम्बन्धी करारको परिभाषा सान्दर्भिक हुने देखिएकोले यहाँ प्रस्तुत गरिएको हो । नेपाल लेखामान १३ को ३ परिभाषा खण्डमा निर्माण सम्बन्धी करारलाई देहायअनुसार परिभाषित गरिएको छ :

A construction contract is a contract specifically negotiated for the construction of an asset or a combination of assets that are closely interrelated or interdependent in terms of their design, technology and function or their ultimate purpose or use.

नेपाल लेखामानको उक्त परिभाषा अनुसार कुनै एउटा सम्पत्ति निर्माण गर्न वा बनौट व াप्रविधि र कार्य वा तिनको अन्तिम उद्देश्य वा प्रयोगका दृष्टिकोणबाट एकापसमा अन्तर सम्बन्धित वा एकापसमा निर्भर एक भन्दाबढी सम्पत्ति निर्माण गर्ने सन्दर्भमा विशेष रूपमा गरिएको कुनै सम्झौतालाई करार भनिन्छ ।

**आयकर ऐनअनुसार करारको अर्थः**

आयकर ऐनले ऐनको परिभाषा खण्डमा करारको परिभाषानगरे पनि करार बापतको भुक्तानीमा अग्रिम कर कट्टी गर्ने प्रयोजनका लागि के कस्ता कार्य करारको परिधिभित्र पर्दछन् भन्ने स्पष्ट गर्न ऐनको दफा ८९ को स्पष्टीकरण खण्डमा करारको परिभाषा गरिएको छ । ऐनको उक्त दफाको स्पष्टीकरण खण्डमा करारलाई देहाय अनुसार परिभाषित गरिएको छ :

**स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "ठेक्का वा करार" भन्नाले कुनै वस्तु वा श्रमिकको आपूर्ति वा मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा गरिएको करार वा सम्झौता तथा विभागले ठेक्का वा करार भनी तोकेको कार्यलाई सम्झनु पर्छ र त्यस्तो करार वा सम्झौताले निर्माण वा जडान वा स्थापनासँग सम्बन्धित सेवा समेतलाई समेटेको भए सो सेवा बापतको भुक्तानीलाई समेत जनाउछ ।**

ऐनको उपरोक्त परिभाषा ऐनको दफा ८९ को प्रयोजनका लागि अर्थात ठेक्कावा करारमा अग्रिम कर कट्टी गर्ने प्रयोजनका लागि गरिएको भएपनि सो परिभाषा करार ऐनले गरेको करारको परिभाषासँग नबाझिएको र आयकर ऐनको अन्य कुनै दफाले करारको छुट्टै

परिभाषा नगरेको हुँदा आयकर ऐन र यस निर्देशिकाको प्रयोजनका लागि करारको उक्त परिभाषा नै सान्दर्भिक र आधिकारिक रहेको मान्नु पर्दछ। ऐनको उपरोक्त व्यवस्था अनुसार करारले कुनै वस्तु वा श्रमिकको आपूर्ति सम्बन्धमा भएको सम्झौता वा कुनै मूर्त सम्पत्ति वा संरचनाको निर्माणवा जडान वा स्थापना गर्ने वा सो सम्बन्धी सेवा प्रदान गर्ने सम्बन्धमा गरिएको कुनै पनि प्रकारको लिखित वा मौखिक सम्झौतालाई जनाउछ। ऐनको उपरोक्त व्यवस्थामा विभागले करार भनी तोकेको कार्य पनि करार अन्तर्गत पर्ने भएतापनि विभागले हालसम्म करार अन्तर्गत पर्ने भनी उपरोक्त परिभाषामा उल्लिखित कार्य बाहेक अन्य कुनै कार्यलाई तोकेको छैन । यस अवस्थामा आयकर ऐन र यस निर्देशिकाको प्रयोजनका लागि करार भन्नाले कुनै वस्तु वा श्रमिकको आपूर्ति गर्ने सम्बन्धमा भएको सम्झौता, कुनै मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडान वा स्थापना गर्ने सम्बन्धमा भएको सम्झौता र कुनै मूर्त सम्पत्ति वा संरचनाको निर्माण वा जडानवा स्थापना गर्ने सिलसिलामा आवश्यक पर्ने कुनै सेवा प्रदान गर्ने सम्बन्धमा भएको सम्झौतालाई सम्झनु पर्दछ ।

२०.१.२ दीर्घकालीन करार :

दीर्घकालीन करारका सम्बन्धमा अन्य कुनै कानुनले स्पष्ट व्यवस्था नगरेको र आयकर ऐनले मात्र त्यस्तो करारको परिभाषा गरी दीर्घकालीन करारका सम्बन्धमा व्यवस्था गरेको देखिदा दीर्घकालीन करार अन्तर्गत पर्ने करारका विषयमा पनि आयकर ऐन नै एक मात्र आधार हो। करारको सम्बन्धमा आयकर ऐन,२०५८ ले विशेष व्यवस्था गरेको छ। आयकर ऐनले आयकर प्रयोजनका लागि के कस्ता करार दीर्घकालीन करार अन्तर्गत पर्दछन् भन्ने सम्बन्धमा ऐनको परिभाषा खण्डमा स्पष्ट गरिएको छ । सो सम्बन्धमा ऐनले गरेको व्यवस्थानिम्नअनुसार रहेको छ :

**दफा२ (फ) "दीर्घकालीन करार" भन्नाले करारको बहालीअवधिबाह्र महिनाभन्दाबढीभएको दफा२६बमोजिमको करार सम्झनु पर्दछ।**

ऐनको उपरोक्त परिभाषा अनुसार करारको बहाली अवधि बाह्र महिनाभन्दा बढी भएको र ऐनको दफा२६ मा उल्लेख भएको करार दीर्घकालीन करार अन्तर्गत पर्दछ । आयकर प्रयोजनका लागि के कस्ता करार दीर्घकालीन करार अन्तर्गत पर्दछन् भन्ने सम्बन्धमा ऐनको दफा२६ को स्पष्टीकरण खण्डमा निम्नअनुसारको व्यवस्था रहेको छ :

दफा२६(१)<u>स्पष्टीकरणः</u> **यस दफाको प्रयोजनको लागि "दीर्घकालीन करार" भन्नाले देहायबमोजिमको अवस्थाको करार सम्झनु पर्छ :-**

(क) **सो करारको बहालीअवधिबाह्र महिनाभन्दा बढी भएको, र**

(ख) **सो करार उत्पादन, जडान वानिर्माणका लागिवात्यस्तो प्रत्येक कामका सम्बन्धमा सम्बद्ध सेवाको सम्पादनका लागि गरिएको वा समावेश नभएको करार बाहेकको प्रतिफल विलम्बित हुने करार।**

ऐनको उपरोक्त व्यवस्था अनुसार कुनै वस्तु वा सम्पत्तिको उत्पादन, जडान वा निर्माण गर्ने वा सो कार्यका लागि आवश्यक पर्ने सेवा प्रदान गर्ने गरी गरिएको कुनै करारको बहाली अवधि बाह्र महिनाभन्दा बढी भएमा त्यस्तो करार र प्रतिफल विलम्बित हुने करार दीर्घकालीन करार अन्तर्गत पर्दछ।

२०.१.३ दीर्घकालीन करार अन्तर्गत पर्ने करार :

आयकर ऐनले आयकर प्रयोजनका लागि करारको बहाली अवधि बाह्र महिनाभन्दा बढी भएको करार दीर्घकालीन करार हुने व्यवस्था गरे पनि करारको बहाली अवधि बाह्र

महिनाभन्दा बढी भएका सबै करार दीर्घकालीन करार नहुने व्यवस्था पनि गरेको छ । आयकर ऐन, २०५८ को दफा २६ को उपदफा (१) को स्पष्टीकरणको खण्ड (ख) ले के कस्ता प्रकृतिका कार्य सम्पादन गर्ने गरी भएको करार दीर्घकालीन करार हुन्छन् भन्ने सम्बन्धमा व्यवस्था गरेको छ। ऐनको सो व्यवस्था निम्नअनुसार रहेको छः

**स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "दीर्घकालीन करार" भन्नाले देहाय बमोजिमको अवस्थाको करार सम्झनु पर्छ :**

(क) **सो करारको बहाली अवधि बाह्र महिनाभन्दा बढी भएको, र**

(ख) **सो करार उत्पादन, जडान वा निर्माणका लागि वा त्यस्तो प्रत्येक कामका सम्बन्धमा सम्बद्ध सेवाको सम्पादनका लागि गरिएको वा समावेश नभएको करार बाहेकको प्रतिफल विलम्बित हुने करार ।**

उपरोक्त व्यवस्था अनुसार आयकर ऐन, २०५८ को प्रयोजनका लागि कुनै करार दीर्घकालीन करार हो होइन भन्ने कुराको निर्धारण सो करारको बहाली अवधि र सो करार अन्तर्गत सम्पादन हुने कार्यले गर्दछन् । यहाँ ती दुवै पक्षको उदाहरण सहित सविस्तार व्याख्या गरिएको छ ।

**२०.१.४ करारको बहालीअवधि :**

आयकर ऐन, २०५८ को प्रयोजनका लागि कुनै करार दीर्घकालीन करार हुनका लागि सर्वप्रथम सो करारको बहाली अवधि अर्थात करार अन्तर्गत गर्नुपर्ने कार्य सम्पन्न हुनु पर्ने अवधि बाह्र महिनाभन्दा बढी रहेको हुनु अनिवार्य हुन्छ । कुनै करार दीर्घकालीन करार हुनको लागि करार गरिएको समयमा सो करार सम्पन्न हुन १२ महिनाभन्दा बढी समय लाग्ने भनी करारका पक्षबाट स्वीकार गरिएको हुनुपर्छ । करारको बहाली अवधि भन्नाले करार अन्तर्गत गरिनु पर्ने कार्य सुरु गरी सो कार्य सम्पन्न गर्न लाग्ने अवधिलाई सम्झनु पर्दछ । यस्तो अवधिमा सो करारमा सो करार अनुसार गर्नुपर्ने कार्यको ग्यारेन्टी वा वारेन्टीका शर्त समावेश रहेको भए सो ग्यारेन्टी वा वारेन्टीको अवधि समेतलाई करारको बहाल अवधि अर्थात करार सम्पन्न हुन लागेको वालाग्ने अवधिमा समावेश गर्नु पर्दछ ।

उदाहरण२०.१.१: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनीप्रा.लि.ले आ.व.२०६६।०६७ मा ४वर्ष अवधिमा सम्पन्न हुने गरी रु.११ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ। सडक निर्माण गर्ने करार गर्ने दुवै पक्षले करार गर्दाको समयमा सो करार सम्पन्न गर्न १२ महिना भन्दा बढी अर्थात चार वर्षको अवधि लाग्ने भनी स्वीकार गरी सोही अनुसार करार गरेको हुँदा सडक निर्माण गर्ने गरी भएको उक्त करार दीर्घकालीन करार हुन्छ । यदि उपरोक्त करार गर्दा करार गर्ने पक्षबीच करार अनुसार निर्माण हुने सडक निर्माण गरी हस्तान्तरण गरेको एक वर्षसम्ममा सो सडकमा कुनै क्षति भएमा सोको मर्मत सुधार नेपाल कन्स्ट्रक्सन कम्पनीले नै गर्नुपर्ने शर्त सो करारमा उल्लेख भएको अवस्थामा सो वारेन्टीको अवधिलाई समेत करारको बहाली अवधिमा समावेश गर्नु पर्छ र यस अवस्थामा उपरोक्त करारको बहाली अवधि ५ वर्षको हुन आउँछ।

करारको बहाली अवधिको गणना गर्दा अर्थात करार सम्पन्न हुने अवधिको हिसाब गर्दा सो करार गरिएको समयमा करारका पक्षले निर्धारण गरेको र स्वीकार गरेको करार सम्पन्न हुने अवधिलाई नै आधार मान्नु पर्ने हुन्छ । करार अनुसारको कार्य सुरु भएपश्चात करारको बहाली अवधिमा कुनै परिवर्तन भएमा अर्थात करार गरिएको समयमा करारका पक्षले निर्धारण गरेको करार सम्पन्न हुने अवधि कम वा बढी जे भएपनि सो करार गर्दाको समयमा अनुमान गरिएको र करारका पक्षले स्वीकार गरेको अवधिलाई नै सो करारको बहाल अवधि मान्नु पर्दछ । कुनै करार गर्दा करारको बहाली अवधि १२ महिनाभन्दा बढी हुने अनुमान गरिएकोमा सो करार १२ महिनाभन्दा कम अवधि मै सम्पन्न भएपनि सो

करारको बहाल अवधि १२ महिनाभन्दा बढी रहेको मान्नु पर्दछ र १२ महिनाभन्दा कम अवधि मै सम्पन्न भएपनि सो करार दीर्घकालीन करार अन्तर्गत नै पर्दछ

| |
|---|
| उदाहरण२०.१.२ : न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६८।६९ मा १६ महिनाको अवधिमा सम्पन्न हुने गरी रु.५ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ। तर काम गर्दै जाँदा सो कम्पनीले १० महिना मै सडक निर्माणको कार्य सम्पन्न गरी सडक विभागलाई निर्माण भएको सडक हस्तान्तरण समेत गरेको रहेछ। सडक निर्माण गर्ने सम्बन्धी उक्त करार १२ महिनाभन्दा कम अवधि मै सम्पन्न भएपनि करार गर्ने दुवै पक्षले करार गर्दाको समयमा सो करार सम्पन्न गर्न १२ महिनाभन्दा बढी अर्थात १६ महिनाको अवधि लाग्ने भनी स्वीकार गरी सोही अनुसार करार गरेको हुँदा उक्त करार दीर्घकालीन करार नै हुन्छ। |

कहिलेकाँही कुनै विशेष परिस्थितिमा कुनै करारको बहाल अवधि बढ्न सक्तछ। कुनै करार गर्दा करारको बहाली अवधि १२ महिनाभन्दा कम हुने अनुमान गरिएकोमा सो करार सम्पन्न गर्न १२ महिनाभन्दा बढी समय लागेको र सो अवधि परिस्थितिजन्य कारणले बढ्न गएको अवस्थामा सो करारको बहाल अवधि १२ महिनाभन्दा कम नै रहेको मान्नु पर्दछ र करार सम्पन्न गर्न १२ महिनाभन्दा बढी समय लागे पनि सो करार दीर्घकालीन करार अन्तर्गत पर्दैन।

| |
|---|
| उदाहरण२०.१.३: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६८।६९ मा १० महिनाको अवधिमा सम्पन्न हुने गरी रु.३ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ। तर काम गर्दै जाँदा सो कम्पनीले सडक निर्माणको कार्य सम्पन्न नगर्दै पहिरो आई निर्माण भएको केही सडक क्षतिग्रस्त हुन पुगेछ। सो क्षतिग्रस्त सडकको पुनर्निर्माण गर्नु परेको कारणले सो करार पूरा गर्न नेपाल कन्स्ट्रक्सन कम्पनीले १४ महिना लगाएको रहेछ। सडक निर्माण गर्ने सम्बन्धी उक्त करार सम्पन्न हुन १२ महिनाभन्दा बढी अवधि लगाए पनि करार गर्ने दुवै पक्षले करार गर्दाको समयमा सो करार सम्पन्न गर्न १२ महिनाभन्दा घटी अर्थात १० महिनाको अवधि लाग्ने भनी स्वीकार गरी सोही अनुसार करार गरेको र सो करारको बहाल अवधि परिस्थितिजन्य कारणले बढ्न गएको हुँदा उक्त करार दीर्घकालीन करार अन्तर्गत पर्दैन। |

तर कसैले कुनै गलत मनसाय राखी वा आफ्नो करारलाई दीर्घकालीन करारको परिधिभित्र वा बाहिर राख्ने उद्देश्यले सुरु करार गर्दा करारको अवधि १२ महिनाभन्दा बढी वा कम निर्धारण गर्ने र पछि करारको अवधि घटाउँदै वा बढाउँदै लग्ने गरेको अवस्थामा भने त्यस्तो करारलाई कर अधिकृतले दीर्घकालीन करार वाअन्य करारको रूपमा चारित्रीकरण गरी सो करारको आय र कर दायित्व निर्धारण गर्न सक्तछ।

## २०.२ दीर्घकालीन करार अन्तर्गत पर्ने करारका प्रकार :

आयकर ऐनको दफा २६ को व्यवस्था अनुसार कुनै करार दीर्घकालीन करार हो होइन भन्ने कुराको निर्धारण करारको बहाल अवधिका अलावा करारको प्रकारले समेत गर्दछ। आयकर ऐनको प्रावधान अनुसार कुनै वस्तु वा सम्पत्तिको उत्पादन, जडान वा निर्माण गर्ने विषयसँग सम्बन्धित रहेको वा उत्पादन, जडान वा निर्माण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवा प्रदान गर्ने बिषयसँग सम्बन्धित रहेको वा प्रतिफल विलम्बित हुने करार रहेको भएमा मात्र कुनै करार आयकर ऐनको प्रयोजनका लागि दीर्घकालीन करार हुन सक्तछ। सो बाहेकका अन्य करार दीर्घकालीन करारको परिभाषा भित्र पर्दैनन। आयकर ऐनको व्यवस्था अनुसार दीर्घकालीन करार अन्तर्गत पर्ने करारको बारेमा तलव याख्या गरिएको छ।

### २०.२.१ उत्पादन सम्बन्धी करार :

उत्पादनसँग सम्बन्धित करार त्यस्तो करार हो जसमा करारको एउटा पक्ष अर्थात कुनै वस्तुको उत्पादकले करारको अर्को पक्षको लागि एक वा एक भन्दा बढी सम्पत्तिजन्य वस्तु उत्पादन गर्नु

आवश्यक हुन्छ । अर्को शब्दमा भन्नु पर्दा कुनै व्यक्तिले कुनै अर्को व्यक्तिसँग सो व्यक्तिको लागिकुनै वस्तु वा सम्पत्ति उत्पादन गरी हस्तान्तरण गर्ने गरी कुनै करार गर्दछभने त्यस्तो करार उत्पादनसँग सम्बन्धित करार मानिन्छ । यसरी उत्पादन गरी हस्तान्तरण गर्ने गरी भएको कुनै करार सम्पन्न गर्न बाह्र महिना भन्दा बढीको समय लाग्छ भने सो करारलाई आयकर प्रयोजनका लागि दीर्घकालीन करार मानिन्छ ।

> उदाहरण२०.२.१: पशुपति प्रा.लि.ले कुनै एक जलविद्युत कम्पनीका लागि पेनस्ट्रोक पाइप र टर्वाइन उत्पादन गरि दिने गरी २०६९श्रावण १ गते करार गरेको रहेछ । उत्पादन गरिने उक्त वस्तु सो प्रा.लि. ले उत्पादन गरी २०७१ असार मसान्तमा हस्तान्तरण गर्ने गरी सो करार भएको रहेछ । पेनस्ट्रोक पाइप र टर्वाइन उत्पादन गर्ने गरी भएको सो करार उत्पादन सम्बन्धी करार रहेको र सो करारको बहाल अवधि बाह्र महिनाभन्दा बढी भएको हुँदा उक्त करार दीर्घकालीन करार अन्तर्गत पर्दछ ।

### २०.२.२ जडान सम्बन्धी करार :

जडान (Installation) सम्बन्धी करार भन्नाले करारको एक पक्ष अर्थात् जडानकर्ताले करारको अर्को पक्षका लागि अर्को पक्षले तोकिदिएको स्थानमा निजद्वारा उपलब्ध गराइएको एक वा सो भन्दा बढी सम्पत्तिजन्य वस्तु जडान गर्नु आवश्यक हुन्छ ।

> उदाहरण२०.२.२:पशुपति प्रा.लि.ले कुनै एक जलविद्युत आयोजना सञ्चालन गरेको अर्को एक कम्पनीले विदेशबाट पैठारी गरी ल्याएको पेनस्ट्रोकपाइप र टर्वाइन सो कम्पनीले आयोजना सञ्चालन गरेको स्थानमा जडान (Install) गरिदिने गरी २०६९ श्रावण १ गते करार गरेको रहेछ । जडान गरिने उक्तवस्तु सो प्रा.लि.ले २०७०मंसिर मसान्तमा जडान गरिसक्ने गरी सो करार भएको रहेछ । पेनस्ट्रोक पाइप र टर्वाइनजडान गर्ने गरी भएको सो करार जडान सम्बन्धी करार रहेको र सो करारको बहाल अवधि बाह्र महिनाभन्दा बढी भएको हुँदाउक्त करार दीर्घकालीन करार अन्तर्गत पर्दछ ।

### २०.२.३ निर्माण सम्बन्धी करार :

निर्माण (Construction) सम्बन्धी करार भन्नाले करारको एक पक्ष (सामान्य बोलीचालीको भाषामा निर्माण व्यवसायी) ले करारको अर्को पक्षको लागि कुनै एक वा सो भन्दाबढी सम्पत्तिजन्य वस्तु सो व्यक्तिले तोकिदिएको स्थानमा निर्माण गरिदिने गरी भएको करार सम्झनु पर्दछ । निर्माण सम्बन्धी करार अन्तर्गत सामान्यतया भौतिक संरचनाको निर्माण सम्बन्धी करार पर्दछन् । आयकर ऐनले निर्माण सम्बन्धी करारको परिभाषा नगरेको भएपनि नेपाल लेखामान १३ ले निर्माण सम्बन्धी करारको परिभाषा गरेको छ । निर्माण सम्बन्धी करार गर्ने व्यक्तिले नेपाल लेखामान १३ को अनिवार्य रूपमा पालना गर्नुपर्ने र आयकर ऐनले नेपाल लेखामान अनुसार राखिएको लेखालाई मान्यता दिने हुँदा नेपाल लेखामान १३ ले गरेको निर्माण सम्बन्धी करारको परिभाषा आयकर ऐनको दफा २६ को प्रयोजनका लागि पनि मान्य रहेको छ । नेपाल लेखामान १३ ले निर्माण सम्बन्धी करारलाई देहाय अनुसार परिभाषित गरेको छ :

**A construction contract is a contract specifically negotiated for the construction of an asset or a combination of assets that are closely interrelated or interdependent in terms of their design, technology and function or their ultimate purpose or use.A construction contract is a contract specially negotiated for the construction of an asset or a combination of assets that are closely interrelated or independent in terms of their design, technology and function or their ultimate purpose or use.**

A construction contract may be negotiated for the construction of a single asset such as a bridge, building, dam, pipeline, road, hydro power, runway of airport or tunnel.

A construction contract may also deal with the construction of a number of assets which are closely interrelated or interdependent in terms of their design, technology and function or their ultimate purpose or use; examples of such contracts include those for the construction of refineries and other complex pieces of plant or equipment.

नेपाल लेखामानको उक्त व्यवस्था अनुसार निर्माण सम्बन्धी करार कुनै एक सम्पत्तिको निर्माणको लागि वा बनौट वा प्रविधि र कार्य वा तिनको अन्तिम उद्देश्य वा प्रयोगका दृष्टिकोणबाट एकापसमा अन्तर सम्बन्धित वा एकापसमा अन्तरनिर्भर (Interdependent) र एक भन्दा बढी सम्पत्ति निर्माणको लागि भएको हुन सक्तछ । कुनै निर्माण सम्बन्धी करार कुनै पुल, भवन, बाँध, पाइपलाइन, सडक, जलविद्युत आयोजना, टनेल, रनवे, रोपवे वा यस्तै अन्य कुनै एक भौतिक संरचना निर्माण गर्ने गरी भएको हुन सक्तछ ।

> उदाहरण२०.२.३: पशुपति प्रा.लि.ले कुनै एक जलविद्युत आयोजना सञ्चालन गरेको अर्को एक कम्पनीको लागि सो कम्पनीले आयोजना सञ्चालन गरेको स्थानमा सुरुङ्ग निर्माण गरिदिने गरी २०६९ श्रावण १ गते करार गरेको रहेछ । निर्माण गरिने उक्त सुरुङ्ग सो प्रा.लि.ले २०७१ मंसिर मसान्तमा निर्माण गरिसक्ने गरी सो करार भएको रहेछ । सुरुङ्ग निर्माण गर्ने गरी भएको सो करार निर्माण सम्बन्धी करार रहेको र सो करारको बहाल अवधि बाह्र महिनाभन्दा बढी भएको हुँदा उक्त करार दीर्घकालीन करार अन्तर्गत पर्दछ ।

यसैगरी, कुनै निर्माण सम्बन्धी करार कुनै रिफाइनरी, एयरपोर्ट, बन्दरगाहको निर्माणको लागि भएको हुन सक्तछ जस अन्तर्गत अन्तर सम्बन्धित वा एकापसमा अन्तरनिर्भर एक भन्दाबढी सम्पत्ति निर्माण गर्नुपर्ने हुन्छ ।

> उदाहरण २०.२.४: पशुपति प्रा.लि.ले कुनै एक जलविद्युत आयोजना सञ्चालन गरेको अर्को एक कम्पनीको लागि सो कम्पनीले आयोजना सञ्चालन गरेको स्थानमा सुरुङ्ग र सो आयोजना स्थलसम्मपुग्ने मोटर बाटो निर्माण गरिदिने गरी २०६९ श्रावण १ गते करार गरेको रहेछ । निर्माण गरिने उक्त सुरुङ्ग र मोटर बाटो सो प्रा.लि.ले २०७२ पुष मसान्तमा निर्माण गरिसक्ने गरी सो करार भएको रहेछ । सुरुङ्ग निर्माण गर्ने गरी भएको सो करार निर्माण सम्बन्धी करार रहेको, सुरुङ्ग र मोटर बाटो निर्माण गर्ने दुवै कार्य जलविद्युत आयोजनासँग अन्तर सम्बन्धित र अन्तर निर्भर कार्य रहेको तथा सो करारको बहाल अवधि बाह्र महिना भन्दा बढी भएको हुँदा उक्त दुवै करार एउटै दीर्घकालीन करार अन्तर्गत पर्दछन ।

नेपाल लेखामानको प्रयोजनका लागि कुनै सम्पत्तिको निर्माण गर्ने सन्दर्भमा भएको करार अन्तर्गत प्रदान गरिने सेवा पनि निर्माण सम्बन्धी करारको अभिन्न अंग मानिन्छ । त्यस्तै, कुनै सम्पत्ति नष्ट गर्ने वाकुनै सम्पत्तिको पुनर्स्थापना गर्ने वाकुनै सम्पत्ति नष्ट गरे पश्चात सो कार्यबाट बिग्रेको वातावरणलाई पुनर्स्थापना गर्ने कार्य पनि निर्माण सम्बन्धी करारको अभिन्न अंग मानिन्छ । यस सम्बन्धमा उक्त लेखामानमा देहायको व्यवस्था रहेको छ :

For the purposes of this Standard, construction contracts include:

(a) contracts for the rendering of services which are directly related to the construction of the assets, for example, those for the services of project managers and architects; and

(b) contracts for the destruction or restoration of assets, and the restoration of the environment following the demolition of assets.

> उदाहरण २०.२.५: पशुपति प्रा.लि.ले कुनै एक जलविद्युत आयोजना सञ्चालन गरेको

अर्को एक कम्पनीको लागि सो कम्पनीले आयोजना सञ्चालन गरेको स्थानमा सुरुङ्ग निर्माण गरिदिने गरी २०६९ श्रावण १ गते करार गरेको रहेछ । सो सम्झौतामा सो प्रा.लि.ले जलविद्युत आयोजनाको डिजाइन तयार गरिदिने कार्य समेत समावेश भएको रहेछ । सम्झौता अनुसार डिजाइन तयार गर्ने र सुरुङ्ग निर्माण गर्ने कार्य प्रा.लि.ले २०७२ पुष मसान्तमा गरिसक्ने गरी सो करार भएको रहेछ । सुरुङ्ग निर्माण गर्ने गरी भएको सो करार निर्माण सम्बन्धी करार रहेको, सुरु निर्माण गर्ने र डिजाइन तयार गर्ने दुवै कार्य जलविद्युत आयोजनासँग अन्तर सम्बन्धित र अन्तर निर्भर कार्य रहेको, डिजाइन तयार गर्ने कार्य सेवासँग सम्बन्धित रहे पनि सुरु निर्माण गर्ने कार्यसँग प्रत्यक्षरूपमा सम्बन्धित रहेको र सो करारको बहाल अवधि बाह्र महिना भन्दा बढी भएको हुँदा उक्त दुवै करार एउटै दीर्घकालीन करार अन्तर्गत पर्दछन् ।

नेपाल लेखामानले निर्माण सम्बन्धी करारको सम्बन्धमा गरेका व्यवस्था हरेक करारको लागि अलग अलग रूपमा लागू हुन्छन् । त्यसैले कुनै करार एउटै करार हो वा एक भन्दाबढी करार हो भन्ने कुराको निर्धारण अवस्था अनुसार गर्नुपर्ने हुन्छ । यसको लागि करारलाई एकापसमा जोड्नु वा छुट्याउनु पर्ने हुन्छ । करारले समेटेको हरेक सम्पत्तिको लागि अलग अलग प्रस्ताव गरिएको, हरेक सम्पत्तिको लागि अलग अलग छलफल तथा सम्झौता भएको एवम् करारको सो भागमात्र स्वीकार वा रद्द हुन सक्ने अवस्थाको रहेको र हरेक सम्पत्तिको लागत तथा आय छुट्याउन सकिने अवस्था भएमा हरेक सम्पत्तिको निर्माणलाई अलग अलग करारको रूपमा व्यवहार गरिनु पर्दछ । यस सम्बन्धमा उक्त लेखामानमा देहायको व्यवस्था रहेको छ :

***When a contract covers a number of assets, the construction of each asset shall be treated as a separate construction contract when:***

***(a) separate proposals have been submitted for each asset;***

***(b) each asset has been subject to separate negotiation and the contractor and customer have been able to accept or reject that part of the contract relating to each asset; and***

***(c) the costs and revenues of each asset can be identified.***

तर, करारले समेटेको हरेक सम्पत्तिको लागि एउटै प्रस्ताव गरिएको, हरेक सम्पत्तिको लागि अलग अलग छलफल र सम्झौता नभएको एवम् करारको सो भागमात्र स्वीकार वारद्दहुन सक्ने अवस्थाको नरहेको र हरेक सम्पत्तिको लागत र आय छुट्याउन नसकिने अवस्था रहेमा भने एक भन्दाबढी सम्पत्ति निर्माणसँग सम्बन्धित करारलाई एउटै करार मान्नु पर्ने हुन्छ ।

उदाहरण २०.२.६: कुनै एक जलविद्युत आयोजना सञ्चालन गरेको एक कम्पनीले आफूले आयोजना सञ्चालन गरेको स्थानमा सुरुङ्ग निर्माण गर्ने र सो आयोजना स्थलसम्म पुग्ने मोटर बाटो निर्माण गर्ने प्रस्ताव गर्दै सूचना प्रकाशन गरेको रहेछ । पशुपति प्रा.लि. ले सो सूचना अनुसारको दुवै काम एकमुष्ठ रु.१० करोडमा सम्पन्न गर्ने गरी २०६९ श्रावण १गते करार गरेको रहेछ । सुरुङ्ग निर्माण गर्ने र मोटर बाटो निर्माण गर्ने कार्य अलग अलग कार्य भए पनि दुवै कार्यको लागि एउटै प्रस्ताव गरिएको, ती दुवै कार्य गर्ने सम्बन्धमा अलग अलग सम्झौता नभई एउटै सम्झौता भएको, ती दुवै कार्यको लागि एउटै मूल्य तोकिएको र हरेक कामको मूल्य तथा लागत छुट्याउन सक्ने अवस्था नरहेको, ती दुई काममध्ये कुनै एउटा मात्र कामको लागि करार गर्ने र अर्को कामको लागि गरिएको प्रस्ताव अस्वीकार गर्ने अवस्था नरहेको हुँदा उपरोक्त करार बमोजिम एक भन्दा बढी काम हुने भए पनि ती दुवै कामलाई एउटै करार अन्तर्गतको कार्य मान्नु पर्दछ ।

उदाहरण २०.२.७: कुनै एक जलविद्युत आयोजना सञ्चालन गरेको एक कम्पनीले आफूले आयोजना सञ्चालन गरेको स्थानमा सुरुङ्ग निर्माण गर्ने र सो आयोजनास्थलसम्म पुग्ने मोटर बाटो निर्माण गर्ने प्रस्ताव गर्दै दुवै कामको फरक फरक लागत अनुमान गरी फरक फरक कार्यको रूपमा सूचना प्रकाशन गरेको रहेछ । पशुपति प्रा.लि.ले सो सूचना अनुसारको दुवै कामप्राप्त गरी २०६९ श्रावण १ गते दुवै कार्यका लागि करार गरेको रहेछ । सुरुङ्ग निर्माण गर्ने र मोटर बाटो निर्माण गर्ने कार्य एकापसमा अन्तर सम्बन्धित कार्य रहेको, ती कार्यको ग्राहक र ठेकेदार एउटै व्यक्ति रहेको र तीदुवै कार्यको लागि करार गर्दा एउटै करार गरेको भए पनि दुवै कार्यको लागि फरक फरक प्रस्ताव गरिएको, ती दुवै कार्यको लागि छुट्टाछुट्टै मूल्य तोकिएको र हरेक कामको मूल्य तथा लागत छुट्याउन सक्ने अवस्था रहेको, ती दुइ काम मध्ये कुनै एउटा मात्र कामको लागि करार गर्ने र अर्को कामको लागि गरिएको प्रस्ताव अस्वीकार गर्ने अवस्था रहेको हुँदा उपरोक्त काम एउटै करार बमोजिम गरिएको भए पनि ती दुवै कामलाई फरक फरक करार अन्तर्गतको कार्य मान्नु पर्दछ ।

यसैगरी, एक वा सो भन्दा बढी ग्राहकसँग गरिएको धैरै करारलाई त्यस अवस्थामा एउटै करार मानिनु पर्दछ जब ती करारका सम्बन्धमा एउटै छलफल र सम्झौता भएको हुन्छ, ती करार एकापसमा सम्बन्धित र एउटै परियोजनाका अंग हुन्छन् एवम् ती करार अन्तर्गतको कार्य अलग अलग समयमा वा लगातार रूपमा सञ्चालन गरिन्छन् । यस सम्बन्धमा उक्त लेखामानमा देहाय बमोजिमउल्लेख रहेको छ :

***A group of contracts, whether with a single customer or with several customers, shall be treated as a single construction contract when:***

***(a) the group of contracts is negotiated as a single package;***

***(b) the contracts are so closely interrelated that they are, in effect, part of a single project with an overall profit margin; and***

***(c) the contracts are performed concurrently or in a continuous sequence.***

कहिलेकाँही ग्राहकको इच्छा अनुसार सुरु करारले नसमेटेको थप सम्पत्ति निर्माण गर्नुपर्ने हुन सक्तछ । यसरी थप निर्माण गर्नुपर्ने सम्पत्ति निर्माणसँग सम्बन्धित करारलाई त्यस अवस्थामा छुट्टै करार मानिनु पर्दछ जब सो सम्पत्ति साविकको करारले समेटेको सम्पत्तिको प्रारूप, प्रविधि वा कार्य भन्दा विल्कुलै भिन्न हुन्छ वा सो थप सम्पत्तिको मूल्य साविकको करार मूल्यलाई ध्यानमा नराखी कायम गरिएको हुन्छ । यस सम्बन्धमा उक्त लेखामानमा देहाय बमोजिम उल्लेख रहेको छ :

***A contract may provide for the construction of an additional asset at the option of the customer or may be amended to include the construction of an additional asset. The construction of the additional asset shall be treated as a separate construction contract when:***

***(a) the asset differs significantly in design, technology or function from the asset or assets covered by the original contract; or***

***(b) the price of the asset is negotiated without regard to the original contract price.***

निर्माणसम्बन्धी करार अन्तर्गत सामान्यतया देहायका कार्य सम्पन्न गर्ने गरी भएका करार पर्दछन् :

- कुनै घर वा आवासीय कम्प्लेक्स वा व्यावसायिक वा औद्योगिक कम्प्लेक्सको निर्माण गर्ने कार्य,
- भइरहेको आवासीय वा व्यावसायिक वा औद्योगिक भवन वा कम्प्लेक्समा तला थप्ने वा सुधार गर्ने कार्य,

– कुनै पुल, बाँध, टनेल, जलासय, सडक, नहर, रोपवे, एयरपोर्ट, जलविद्युत आयोजना, सुख्खा बन्दरगाह जस्ता भौतिक पुर्वाधारको निर्माण गर्ने कार्य,
– कुनै सम्पत्ति भत्काए पछि वातावरणलाई साविक अनुरूप बनाउने कार्य,
– कुनै संरचना निर्माणका लागि तोकिएको निर्माणस्थललाई संरचना निर्माणका लागि उपयुक्त बनाउने कार्य ।

कुनै करार दुई वा सोभन्दा बढी प्रकारका करारको संयोग पनि हुन सक्दछ । उदाहरणको लागि करारको एक पक्षले करारको अर्को पक्षको लागि कुनै वस्तु उत्पादन गरी सो वस्तु अर्को व्यक्तिले तोकिदिएको स्थानमा जडान गरि दिनु पर्ने गरी करार भएको भए वस्तु उत्पादन गर्ने कार्य र जडान गरिदिनु पर्ने कार्य दुवै दीर्घकालीन करार अन्तर्गत पर्दछन् । त्यस्तै, कुनै निर्माणसम्बन्धी करारमा निर्माताले कुनै तेश्रो पक्षले उत्पादन गरिदिएको कुनै सम्पत्ति निर्माणधीन सम्पत्तिमा जडान गरिदिनु पर्ने भएमा निर्माण गर्ने कार्य र जडान गरिदिनु पर्ने कार्य दुवै दीर्घकालीन करार अन्तर्गत पर्दछन ।

नेपाल लेखामान १३ ले करार मूल्य निर्धारणका दृष्टिकोणबाट निर्माणसम्बन्धी करार मूलतः दुई प्रकारका हुने व्यवस्था गरेको छ । मूल्य निर्धारणका दृष्टिकोणबाट कुनै पनि निर्माणसम्बन्धी करार यात लागत जोड करार (Cost plus contract) हुन सक्तछ या स्थिर मूल्य करार (Fixed price contract) हुन सक्तछ । यस सम्बन्धमा नेपाल लेखामान १३ को परिभाषा खण्डमा देहाय बमोजिमको व्यवस्था रहेको छ :

***A cost plus contract is a construction contract in which the contractor is reimbursed for allowable or otherwise defined costs, plus a percentage of these costs or a fixed fee.***

***A fixed price contract is a construction contract in which the contractor agrees to a fixed contract price, or a fixed rate per unit of output, which in some cases is subject to cost escalation clauses.***

Construction contracts are formulated in a number of ways which, for the purposes of this Standard, are classified as fixed price contracts and cost plus contracts. Some construction contracts may contain characteristics of both a fixed price contract and a cost plus contract, for example in the case of a cost plus contract with an agreed maximum price. In such circumstances, a contractor needs to consider all the conditions in paragraphs 23 and 24 in order to determine when to recognise contract revenue and expenses.

नेपाल लेखामानको उपरोक्त व्यवस्था अनुसार लागत जोड करार भन्नाले त्यस्तो करारलाई जनाउँछ जसमा निर्माता अर्थात ठेकेदारलाई करार अन्तर्गत निर्माण गर्नुपर्ने सम्पत्ति निर्माण गर्दा निजले व्यहोरेको र करार सम्झौताले समेटेको लागतको अतिरिक्त सो लागतको निश्चित प्रतिशत वा निश्चित शुल्क शोधभर्ना गरिन्छ । त्यस्तै, स्थिर मूल्य करार भन्नाले त्यस्तो करारलाई जनाउँछ जसमा निर्माता अर्थात निर्माण व्यवसायीले करार बापत कुनै निर्धारित मूल्य लिन वा करार अन्तर्गत गर्नुपर्ने कार्यको लागि निर्धारित प्रति इकाई दर (fixed rate per unit of output) ले करार मूल्य लिन मन्जुर गर्दछ । कुनै कुनै अवस्थामा कुनै करार लागत जोड करार र स्थिर मूल्य करारको मिश्रण पनि हुन सक्तछ ।

**२०.२.४ उत्पादन, जडान वा निर्माणसँग सम्बद्ध सेवा प्रदान गर्ने सम्बन्धी करार :**

उत्पादन, जडान वा निर्माणसँग सम्बद्ध सेवा प्रदान गर्ने सम्बन्धमा गरिएको करार भन्नाले त्यस्तो करारलाई जनाउँछ जसमा करारको एक पक्ष ।अर्थात सेवा प्रदायकले करारको अर्को पक्षलाई निजले सञ्चालन गरेको उत्पादन, जडान वा निर्माणसम्बन्धी कार्यलाई पूर्णता प्रदान गर्ने सन्दर्भमा आवश्यक पर्ने सेवा प्रदान गर्न मञ्जुर गर्दछ । कुनै निर्माण, जडान वा उत्पादनसम्बन्धी कार्यलाई सघाउ पुऱ्याउने वा पूर्णता दिने प्रयोजनका लागि आवश्यक पर्ने कुनै पनि प्रकारको

सेवा प्रदान गर्ने गरी भएको १२ महिनाभन्दा बढी अवधिको करार दीर्घकालीन करारको परिभाषाभित्र पर्दछ । दीर्घकालीन करार अन्तर्गत उत्पादन, जडान वा निर्माणको कार्यका लागि आवश्यक पर्ने देहायका सेवा प्रदान गर्ने गरी भएका करार पर्दछन् :

क) व्यवस्थापकीय वा पेशागत वा प्राविधिक सेवा,

ख) यातायात तथा ढुवानी सेवा र भ्रमणसँग सम्बन्धित सेवा,

ग) सञ्चार सेवा,

घ) वस्तु वा श्रमिकको आपूर्ति सम्बन्धी सेवा,

ङ) सरसफाइ सेवा, आदि ।

| |
|---|
| उदाहरण २०.२.८: पशुपति कन्सल्ट प्रा.लि.ले कुनै एक जलविद्युत आयोजना सञ्चालन गरेको अर्को एक कम्पनीको लागि सो कम्पनीले आयोजना सञ्चालन गर्ने आयोजनाको विस्तृत डिजाइन तयार गरिदिने गरी २०६९ श्रावण १ गते करार गरेको रहेछ । सम्झौता अनुसार डिजाइन तयार गर्ने कार्य प्रा.लि. ले २०७० पुष मसान्तमा गरि सक्ने गरी सो करार भएको रहेछ । डिजाइन तयार गर्ने कार्य सेवा प्रदान गर्ने कार्य रहे पनि सो कार्य जलविद्युत आयोजनाको निर्माणसँग सम्बन्धित कार्य रहेको र सो कार्य गर्ने सम्बन्धमा भएको करारको बहाल अवधि बाह्र महिनाभन्दा बढी भएको हुँदा उक्त सेवा करार दीर्घकालीन करार अन्तर्गत पर्दछ । |

### २०.३ प्रतिफल विलम्बित हुने करारः

प्रतिफल विलम्बित हुने करार पनि दीर्घकालीन करार हुने व्यवस्था आयकर ऐनको दफा२६ ले गरेको छ । आयकर ऐनको प्रयोजनका लागि कुनै करारको पक्षले करार प्रारम्भ भएपछि हरेक छ महिनामा सो करारको अनुमानित लाभ र हानीका सम्बन्धमा विभागले तोकेका कुरा नदेखाएमा त्यस्तो करार प्रतिफल विलम्बित करार हुन्छ र सोही कारणले त्यस्तो करारले दीर्घकालीन करारको स्वरूप ग्रहण गर्दछ । आयकर नियमावली, २०५९ को नियम१० मा प्रतिफल विलम्बित हुने करारलाई निम्नानुसार स्पष्ट गरिएको छ :

*नियम१०, प्रतिफल विलम्बित हुने करार : कुनै करारको पक्षले करार प्रारम्भ भएपछि प्रत्येक छ महिनाको अवधिमा अनुमानित लाभ र अनुमानित हानी सम्बन्धमा विभागले तोकेका कुराहरु नदेखाएमा त्यस्तो करार प्रतिफल विलम्बित करार हुनेछ ।*

यसको अर्थ करार गर्ने कुनै व्यक्तिले आफूले करार अन्तर्गत गरेको कार्यको अनुमानित लाभ वा अनुमानित नोक्सानको सम्बन्धमा विभागले तोके बमोजिमको सूचना संलग्न रहेको विवरण पेश नगरेमा सो करारले प्रतिफल विलम्बित हुने करारको स्वरूपधारण गर्ने हुँदा दीर्घकालीन करार अन्तर्गत पर्दछ । यस अवस्थामा त्यस्तो व्यक्तिले आफ्नो करार बापतको आय गणना गर्दा ऐनको दफा २६ अनुसार सम्पन्न प्रतिशतको आधारमा गर्नु पर्दछ ।

### २०.४ समावेश नभएको करारः

आयकर ऐनको दफा २६ ले प्रतिफल विलम्बित हुने करार दीर्घकालीन करारको परिभाषाभित्र पर्ने व्यवस्था गरे पनि समावेश नभएको करार चाँही दीर्घकालीन करारको परिभाषाभित्र नपर्ने व्यवस्था छ । आयकर ऐनको प्रयोजनका लागि समावेश नभएको करार भन्नाले कुनै निकायमा हितप्राप्त गरेको वा कुनै अवकाश कोषमा सदस्यताप्राप्त गरेको कारणले सिर्जना भएको करार वा लगानी वीमा गर्दा गरिएको करार सम्झनु पर्दछ । आयकर नियमावली,२०५९ को नियम ११ मा यस सम्बन्धमा देहायको व्यवस्था रहेको छ :

*नियम११. समावेश नभएको करार (एक्स्क्लुडेड कन्ट्राक्ट) : देहाय बमोजिमको करार समावेश नभएको करार (एक्स्क्लुडेड कन्ट्राक्ट) हुनेछ :*

*(क) कुनै निकायमा हित निहित भएको वा अवकाशकोषको सदस्यताप्राप्त गरेको कारणले उत्पन्न कुनै करार, वा*

*(ख) लगानी बीमाको कुनै करार ।*

नियमावलीको उपरोक्त व्यवस्था अनुसार कुनै निकायको हित अर्थात स्वामित्वप्राप्त गरेको वा अवकाश कोषमा योगदान गरी अवकाश कोषको सदस्यताप्राप्त गरेको कारणले स्वाभाविकरूपमा सिर्जना भएको करार र लगानी बीमा अर्थात् जिवन बीमा, घटीमा पाँच वर्षका लागि गरिएको दुर्घटना बीमा लगायतका बीमा गर्दा भएको करार नै समावेश नभएको करार हुन । समावेश नभएको करारको प्रतिफल विलम्बित हुने भए पनि त्यस्तो करार दीर्घकालीन करार नहुने व्यवस्था ऐनले गरेको छ ।

उदाहरण २०.४.१: देवेश ढकालले कुनै एक बीमा कम्पनीसँग सम्झौता गरी १५ वर्ष अवधिको लागि जीवन बीमा गरेका रहेछन् । निजले उक्त बीमा सम्झौतामा तोकिएको अवधि पछि एकमुष्ठ रु.१,५०,०००।- भुक्तानी पाउने रहेछन् । यसरी १५ वर्ष पछि भुक्तानी पाउने गरी गरिएको करारको अवधि १२ महिनाभन्दा बढी भए पनि यस्तो लगानी बीमाको करार दीर्घकालीन करार अन्तर्गत पर्दैन ।

**२०.५ कुनै करार दीर्घकालीन करार हुने अन्यअवस्था :**

आयकर ऐनको दफा २६ मा तोकिएका बाहेक अन्य करार पनि दीर्घकालीन करार हुन सक्तछन । आयकर ऐन तथा नियमावलीले गरेको व्यवस्था अनुसार आन्तरिक राजस्व विभागले तोकि दिएका करारका हकमा दीर्घकालीन करारको व्यवस्था लागू हुने उल्लेख भएको हुँदा त्यसरी विभागले तोकिदिएका करार पनिदीर्घकालीन करारको परिभाषाभित्र पर्ने स्पष्टछ । यस सम्बन्धमा आयकर नियमावली, २०५९ को नियम १२ को उपनियम (५) मा देहायको व्यवस्था रहेको छ :

*नियम१२(५).देहायको करारलाई ऐनको दफा २६ मा गरिएको दीर्घकालीन करारको व्यवस्था लागू हुनेछ :-*

*(क) ऐन लागू हुँदाका बखत उत्पादन, निर्माण वा जडानसँग सम्बन्धित करार वा सो विषयसँग सम्बन्धित सेवाहरु पूरा गर्ने करार, र*

*(ख) खण्ड (क) बाहेकको अवस्थामा विभागले तोकि दिएको समय र अवस्था अनुसारका करार ।*

उपर्युक्त खण्ड (क) आयकर ऐन, २०५८ लागू हुँदाका अवस्थामा सञ्चालन भइरहेका करारका हकमा लागू हुने संक्रमणकालीन व्यवस्था रहेको र सो अवस्था हाल विद्यमान नरहेकोले सो सम्बन्धमा कुनै व्याख्या वा विवेचना गर्नु परेन । त्यस्तै, नियमावलीले विभागले ऐनको दफा २६ मा उल्लेख भएका बाहेक अन्य करारलाई पनि दीर्घकालीन करारको व्यवस्था लागू हुने गरी तोक्न सक्ने व्यवस्था गरे पनि हालसम्म विभागले त्यसरी कुनै करारलाई नतोकेको हुँदा सो सम्बन्धमा पनि विवेचनाको आवश्यकता रहेन ।

**२०.६ दीर्घकालीन करारको व्यवस्थालागू नहुने अवस्था :**

आयकर ऐन तथा नियमावलीको प्रावधान अनुसार कुनै करार दीर्घकालीन अन्तर्गत पर्ने भए पनि विशेष अवस्थामा त्यस्ता करारको हकमा दीर्घकालीन करारको व्यवस्था लागू नहुने व्यवस्था समेत रहेको छ । आयकर नियमावलीले कुनै आय वर्षमा अनुमानित करको विवरण दाखिला गर्नु नपर्ने व्यक्तिको हकमा दीर्घकालीन करारको व्यवस्था लागू नहुने व्यवस्था गरेको छ । यस सम्बन्धमा नियमावलीको नियम १२ को उपनियम (४) मा देहाय बमोजिमको व्यवस्था छ :

*नियम१२(४) ऐनको दफा ९५ बमोजिम कुनै आय वर्षमा अनुमानित करको विवरण दाखिला गर्नु नपर्ने व्यक्तिको हकमा ऐनको दफा २६ मा गरिएको दीर्घकालीन करारको व्यवस्था लागू हुने छैन ।*

ऐनको उपर्युक्त व्यवस्था अनुसार अनुमानित करको विवरण दाखिला गर्नु नपर्ने व्यक्तिको हकमा दीर्घकालीन करारको व्यवस्था लागू हुँदैन । अनुमानित करको विवरण दाखिला गर्ने व्यवस्था आयकर ऐनको दफा ९५ ले गरेको छ । सो दफामा रहेको अनुमानित करको विवरण दाखिला गर्ने सम्बन्धी व्यवस्था हेर्दा उपदफा(१) मा कुनै आय वर्षमा किस्ता दाखिला गर्नु पर्ने व्यक्तिले मात्र अनुमानित करको विवरण दाखिला गर्नु पर्दछ । करको किस्ता दाखिला गर्ने सम्बन्धमा ऐनको दफा९४ को उपदफा २ ले किस्ता बापत बुझाउनु पर्ने समग्र रकम सात हजार पाँच सय रुपैयाँभन्दा कम रहेको व्यक्तिले किस्ताको रकम बुझाउनु नपर्ने व्यवस्था गरेको र आयकर ऐनको दफा ४ को उपदफा ४ मा उल्लिखित प्राकृतिक व्यक्तिले बुझाउनु पर्ने करको रकम सात हजार पाँच सय रुपैयाँभन्दा कम रहेको हुँदा ती प्राकृतिक व्यक्तिले किस्ता दाखिल गर्नु नपर्ने र सोही कारणले अनुमानित करको विवरण दाखिला गर्नु नपर्ने हुँदा ती प्राकृतिक व्यक्तिको हकमा ऐनको दफा २६ मा गरिएको दीर्घकालीन करारको व्यवस्था लागू हुँदैन । यसैगरी, आयकर ऐनको दफा ९५ को उपदफा (६) र नियमावलीको नियम ३३ ले विभागले कुनै व्यक्ति वा वर्गले ऐनको दफा ९५ बमोजिम अनुमानित करको विवरण पेश गर्नु नपर्ने गरी तोक्न सक्ने व्यवस्था ।

## २०.७ दीर्घकालीन करारको सम्पन्न प्रतिशतको गणना

दीर्घकालीन करार बापतको आय व्यवसायको आय हुने भए तापनि आयकर ऐनले कुनै पनि दीर्घकालीन करारको आय गणना गर्ने छुट्टै विधि तोकेको छ । ऐनले तोकेको विधि अनुसार कुनै पनि दीर्घकालीन करारको आय गणना गर्दा त्यस्तो करारको सम्पन्न प्रतिशतलाई आधार मान्नु पर्दछ । दीर्घकालीन करारको सम्पन्न प्रतिशतका आधारमा गणना गर्दा हुन आउने आयको अनुमानित रकमलाई सो करारको आयमा समावेश गर्नु पर्दछ । त्यस्तै, दीर्घकालीन करारको आयमा कुनै आयवर्ष विशेषको मात्र नभई सो करारको सुरु आय वर्षदेखि चालु आय वर्षसम्मको आयलाई समावेश गर्नु पर्दछ जसलाई क्रमबद्धवृद्धिको योग (TOTAL OF CUMULATIVE INCLUSIONS) भनिन्छ । आयकर ऐनको दफा २६ को उपदफा (१) मा दीर्घकालीन करारको आय गणनाका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छ :

**दफा २६ दीर्घकालीन करार अन्तर्गत समावेश र कट्टी हुने रकममा औसत निकाल्ने तरिका :**
**(१) कुनै व्यक्तिलाई कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिको दीर्घकालीन करार अन्तर्गत करारको सम्पन्न प्रतिशत अनुसार क्रमबद्ध वृद्धिको योग अनुसार समावेश हुने र क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी गरिने अनुमानित रकम, प्राप्त गरिएको वा खर्च गरिएको मानिनेछ ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै पनि दीर्घकालीन करारको आय गणना गर्ने आधार भनेको सो करारको सम्पन्न प्रतिशतहो । कुनै पनि दीर्घकालीन करारको आयमा सो करारको सम्पन्न प्रतिशत अनुसार हुन आउने अनुमानित रकम समावेश गर्नु पर्दछ । दीर्घकालीन करारको आयमा करारको सम्पन्न प्रतिशत अनुसार हुन आउने कुनै आय वर्ष विशेषको अनुमानित रकममात्र समावेश नगरी सो करारको सुरु आय वर्षदेखि चालु आय वर्षसम्मको करारको सम्पन्न प्रतिशत अनुसार हुनआउने सम्पूर्ण अनुमानित रकमलाई समावेश गर्नु पर्दछ, जसलाई क्रमबद्ध वृद्धिको योग अनुसार समावेश हुने रकम भनिन्छ ।

सामान्यतया कुनै दीर्घकालीन करारको सम्पन्न प्रतिशत (Percentage of completion) भन्नाले सो करार अन्तर्गत सम्पन्न गर्नु पर्ने कुल कार्य मध्ये कुनै समयमा सो करारको सम्पन्न भइसकेको कामको अनुपातलाई जनाउँछ । अर्को शब्दमा भन्नु पर्दा कुनै दीर्घकालीन करार अन्तर्गत सम्पन्न गर्नुपर्ने कुल कार्यमध्ये कुनै आय वर्षसम्ममा सो करारको सम्पन्न भइसकेको कामको प्रतिशत अर्थात अनुपात नै दीर्घकालीन करारको सम्पन्न प्रतिशत हुन्छ । दीर्घकालीन करारको सम्पन्न प्रतिशत गणना गर्ने सम्बन्धमा आयकर ऐनले नै कुनै विधि निर्धारण नगरे पनि

ऐनको दफा २६ को उपदफा (२) मा करारको सम्पन्न प्रतिशत तोकिए बमोजिम हुने उल्लेख छ। ऐनको सोही व्यवस्था बमोजिम दीर्घकालीन करारको सम्पन्न प्रतिशत गणना गर्ने विधिका सम्बन्धमा आयकर नियमावली, २०५९ को नियम१२ को उपनियम (३) मा देहाय बमोजिम उल्लेख छ :

*(३) कुनै खास समयमा ऐनको दफा२६ को उपदफा (२) मा उल्लिखित करारको सम्पन्न प्रतिशत निर्धारण गर्दा देहाय बमोजिम निर्धारण गरिनेछ:*

*(क) उत्पादन, निर्माण वा जडानसँग सम्बन्धित करार वा सोसँग सम्बन्धित सेवाहरु पूरा गर्ने करारको सम्बन्धमा सो समयमा क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने रकमलाई करार अन्त्य हुने समयमा क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने रकमसँग तुलना गरेर , वा*

*(ख) खण्ड (क) बाहेकको अवस्थामा सो खण्डको अधीनमा रही विभागले तोके बमोजिम*

नियमावलीको उपर्युक्त व्यवस्थाको विश्लेषण गर्दा नियमावलीले कुनै पनि दीर्घकालीन करारको सम्पन्न प्रतिशत निर्धारण गर्ने दुई वटा आधार तोकेको छ । पहिलो, उत्पादन, निर्माण वा जडानसँग सम्बन्धित दीर्घकालीन करार वा सो कार्यसँग सम्बन्धित सेवा पूरा गर्ने करारको सम्बन्धमा सो दीर्घकालीन करारको सन्दर्भमा भएको र हुने खर्चको अनुपात र दोस्रो, उपरोक्त बाहेक अन्य दीर्घकालीन करारको सम्बन्धमा विभागले तोकेको विधि । जुनसुकै र जस्तो प्रकारको दीर्घकालीन करार भएपनि सो करारको सम्पन्न प्रतिशत निर्धारण गर्दा उपरोक्त दुई मध्ये कुनै एक विधिको प्रयोग गर्नु पर्दछ ।

आयकर नियमावलीले दीर्घकालीन करारको सम्पन्न प्रतिशत गणना गर्ने एक मात्र आधार (विभागले तोकेको आधार बाहेक) सो करार अन्तर्गतको कार्य गर्दा भएको वाहुने अनुमान गरिएको खर्च हुने स्पष्ट गरेको छ । दीर्घकालीन करारको सम्पन्न प्रतिशत गणना गर्दा सो करारको कुनै निश्चित समयसम्मको खर्च रकम र करारको अन्त्यमा कट्टी हुने जम्मा रकमलाई आधार मान्नु पर्ने व्यवस्था नियमावलीले गरेको छ । नियमावलीको व्यवस्था बमोजिम दीर्घकालीन करारको आय गणनागर्दा आधारको रूपमा लिइनुपर्ने करारको कट्टी हुने रकम, क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम, करारको सम्पन्न प्रतिशत गणना गर्ने विधिआदिका सम्बन्धमा तलका खण्डमा उदाहरण सहित व्याख्या गरिएको छ ।

### २०.७.१ दीर्घकालीन करारको कट्टी हुने रकम :

कुनै दीर्घकालीन करारको सम्पन्न प्रतिशत निर्धारण गर्दा सो करारको कट्टी हुने रकमलाई आधार मान्नु पर्ने व्यवस्था आयकर नियमावलीले गरेको हुँदा दीर्घकालीन करारको सम्बन्धमा कट्टी हुने रकम भन्नाले के कस्तो रकमलाई जनाउँछ भन्ने सन्दर्भमा विवेचना गर्नु सान्दर्भिक र आवश्यक भएकोले सो सम्बन्धमा यहाँ व्याख्या गर्ने प्रयास गरिएको छ ।

आयकर ऐनको दफा २६ वा नियमावलीले करारको कट्टी हुने खर्चका बारेमा केही उल्लेख गरेको छैन । यस अवस्थामा करारको कट्टी हुने खर्च भन्नाले प्रचलित लेखामानले कुनै करारको लागतमा समावेश हुने भनी तोकेका खर्चलाई नै सम्झनु पर्ने हुन्छ । नेपाल लेखामान १३ ले कुनै करारको लागतमा समावेश हुने भनी तोकेका रकम स्वाभाविक रूपमा दीर्घकालीन करारको लागतमा समेत समावेश हुने प्रकृतिका खर्च हुन् । नेपाल लेखामानले कुनै करारको लागत अन्तर्गत सो लागतसँग प्रत्यक्षरूपमा सम्बन्ध रहेका खर्च, सो करारका सन्दर्भमा भएका र सो करारलाई विनियोजन गरिएका खर्च र करारको शर्त अनुसार ग्राहकसँग असुल उपर गर्न सकिने अन्यखर्चको योग नै करारको लागत हुने व्यवस्था गरेको हुँदा दीर्घकालीन करारको लागतगणनागर्दा सो व्यवस्था आकर्षित हुने स्पष्ट छ । नेपाल लेखामान १३ को प्यारा १६ मा सो सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छ :

***16. Contract costs shall comprise:***

*(a) costs that relate directly to the specific contract;*

*(b) costs that are attributable to contract activity in general and can be allocated to the contract; and*

*(c) such other costs as are specifically chargeable to the customer under the terms of the contract.*

**२०.७.२ दीर्घकालीन करारको कट्टीनहुने रकम :**

आयकर ऐन वा नियमावलीले करारको के कस्ता खर्च कट्टी नहुने खर्च हुने हो सो बारेमा केही उल्लेख गरेको छैन । यस अवस्थामा करारको कट्टी नहुने खर्च भन्नाले प्रचलित लेखामानले कुनै करारको लागतमा समावेश नहुने भनी तोकेका खर्चलाई नै सम्झनु पर्दछ । नेपाल लेखामान १३ ले कुनै करारको लागतमा समावेश नहुने भनी तोकेका रकम स्वाभाविक रूपमा दीर्घकालीन करारको लागतमा समेत समावेश नहुने प्रकृतिका खर्च हुन् । नेपाल लेखामानले कुनै निश्चित प्रकृतिका खर्च वास्तविक रूपमा खर्च भएको भए पनि करारको लागतमा समावेश नहुने व्यवस्था गरेको हुँदा दीर्घकालीन करारको लागत गणना गर्दा सो व्यवस्था आकर्षित हुने स्पष्टछ । नेपाल लेखामानमा कुनै करारको लागतमा समावेश गर्न नमिल्ने खर्चका सम्बन्धमा लेखामान १३ को प्यारा २० मा देहाय बमोजिमको व्यवस्था छ :

**20. Costs that cannot be attributed to contract activity or cannot be allocated to a contract are excluded from the costs of a construction contract. Such costs include:**

**(a) general administration costs for which reimbursement is not specified in the contract;**

**(b) selling costs;**

**(c) research and development costs for which reimbursement is not specified in the contract; and**

**(d) depreciation of idle plant and equipment that is not used on a particular contract.**

लेखामानको उपर्युक्त व्यवस्था अनुसार कुनै करारलाई विनियोजन गर्न नसकिने खर्च सो करारको लागतअन्तर्गत पर्दैन । त्यस्तै, सो करारको कुनै सम्पत्ति बिक्री गर्दा भएको खर्च, शोधभर्ना प्राप्त हुने भनी उल्लेख नगरिएको प्रशासनिक खर्च र अनुसन्धान तथा विकास खर्च एवम् सम्बन्धित करार अन्तर्गतको कार्यमा प्रयोग नभएको ह्रासयोग्य सम्पत्तिको ह्रास खर्च पनि करारको लागतमा समावेश हुँदैन ।

यसैगरी, नेपाल लेखामानले कुनै करारको लागतमा समावेश हुने भनी तोकेका खर्चसो लेखामानले निर्धारण गरेको समय वा अवधिमा गरेको भए मात्र ती खर्च करारको लागतमा समावेश हुने व्यवस्था समेत गरेको छ । यस सम्बन्धमा नेपाल लेखामान १३ को प्यारा २१ मा देहाय बमोजिमको व्यवस्था रहेको छ :

**21. Contract costs include the costs attributable to a contract for the period from the date of securing the contract to the final completion of the contract. However, costs that relate directly to a contract and are incurred in securing the contract are also included as part of the contract costs if they can be separately identified and measured reliably and it is probable that the contract will be obtained. When costs incurred in securing a contract are recognised as an expense in**

**the period in which they are incurred, they are not included in contract costs when the contract is obtained in a subsequent period.**

लेखामानको उपर्युक्त व्यवस्था अनुसार कुनै करारको लागि व्यहोरिएका खर्चमध्ये सो करार प्राप्त भएको मितिदेखि सो करारको समाप्ति भएको मितिसम्ममा व्यहोरिएका खर्च मात्र सो करारको लागतमा समावेश गर्नुपर्दछ । कुनै करार प्राप्त गर्ने सन्दर्भमा भएका र करारसँग प्रत्यक्ष रूपमा सम्बन्ध रहेका खर्चलाई त्यस अवस्थामा करारको लागतको अभिन्न अंग मानिन्छ जब ती खर्चलाई छुट्टाछुट्टै रूपमा पहिचान र मापन गर्न सकिन्छ तथा करार प्राप्त गर्ने सम्भावना रहेको हुन्छ । तर, कुनै करार प्राप्त गर्ने सन्दर्भमा भएका खर्चलाई ती खर्च व्यहोरेको समयमा नै खर्च लेखांकन गरेको अवस्थामा भने ती खर्चलाई सो करार प्राप्त भएमा पनि करारको लागतमा समावेश गर्न मिल्दैन ।

२०.७.३ **सम्पन्न प्रतिशत निर्धारण गर्ने प्रयोजनका लागि कट्टी हुने रकम :**

कुनै दीर्घकालीन करारको करयोग्य आय र करको गणना गर्ने सन्दर्भमा कट्टी हुने रकम भन्नाले आयकर ऐनको दफा १३ बमोजिम कट्टी गर्न पाउने रकम नै हुन् । करयोग्य आय र करको गणना गर्ने सन्दर्भमा कुनै दीर्घकालीन करारमा संलग्न व्यक्तिले आफ्नो दीर्घकालीन करार अन्तर्गत व्यहोरेका खर्च कट्टी लिँदा ऐनको दफा १३ को अतिरिक्त दफा १४, १५, १६, १७, १८, १९, २० र २१ मा उल्लेख भएका प्रावधान र बन्देजको अधीनमा रही गर्नु पर्दछ । त्यस्तै, त्यस्तो व्यक्तिले ऐनको परिच्छेद ६ र ७ का प्रावधानको समेत पालना गर्नु पर्दछ ।

करयोग्य आय तथा करको गणना गर्ने कार्य र करारको सम्पन्न प्रतिशत निर्धारण गर्ने कार्य भिन्ना भिन्नै रहेको हुँदा करारको सम्पन्न प्रतिशत निर्धारण गर्ने सन्दर्भमा करारको कट्टीहुने रकम र कर निर्धारणको प्रयोजनको खर्च कट्टी हुने रकम फरक फरक हुन सक्तछ । आयकर दायित्व निर्धारण गर्ने प्रयोजनका लागि ऐनले केही खास खास खर्चको सीमांकन गरेको, केही खर्च वास्तविक खर्च भए पनि कट्टी नपाउने व्यवस्था गरेको र केही खर्चका सम्बन्धमा चारित्रीकरणको व्यवस्था गरेको हुँदा कुनै दीर्घकालीन करारको खास लागत र सो करारको आयकर प्रयोजनको लागि कट्टी हुने खर्च फरक पर्न सक्तछ ।

करारको सम्पन्न प्रतिशत निर्धारण गर्ने प्रयोजनका लागि करारसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चलाई नै सो करारको कट्टी हुने रकम मान्नु पर्दछ । तर सो रकममा नेपाल लेखामानले करारको लागतमा समावेश नहुने भनी तोकेको रकम समावेश गर्नु हुँदैन । यसको अर्थ आयकर ऐनले खर्च कट्टीका सम्बन्धमा जे जस्तो प्रबन्ध वा सीमांकन गरेको भए पनि करारको सम्पन्न प्रतिशत निर्धारण गर्ने प्रयोजनका लागि सो करारको कट्टी हुने रकममा नेपाल लेखामानले करारको प्रत्यक्ष लागतमा समावेश हुने भनीतोकेका खर्च समावेश गर्नुपर्दछ । यो विधिलाई कुनै करारको कुनै समयको कट्टी गरिने रकम र सो करारको अन्त्यको कट्टी गरिने अनुमानित रकम गणना गर्ने दुवै प्रयोजनका लागि अवलम्बन गर्नु पर्दछ । कुनै करारको सम्बन्धमा के कस्तो खर्चलाई प्रत्यक्ष खर्च मान्ने भन्ने सम्बन्धमा नेपाल लेखामान १३ को प्यारा १७ मा देहाय बमोजिमको व्यवस्था रहेको छ :

**17. Costs that relate directly to a specific contract include:**

**(a) site labour costs, including site supervision;**

**(b) costs of materials used in construction;**

**(c) depreciation of plant and equipment used on the contract;**

**(d) costs of moving plant, equipment and materials to and from the contract site;**

**(e) costs of hiring plant and equipment;**

(f) **costs of design and technical assistance that is directly related to the contract;**

(g) **the estimated costs of rectification and guarantee work, including expected warranty costs; and**

(h) **claims from third parties.**

लेखामानको उपर्युक्त व्यवस्था अनुसार कुनै दीर्घकालीन करारको कुनै आय वर्षको सम्पन्न प्रतिशत निर्धारण गर्ने प्रयोजनका लागि सो आय वर्षसम्मको क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम र सो करारको करार अन्त्य हुने समयमा क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम गणना गर्दा देहाय बमोजिमका खर्चलाई कट्टी हुने रकममा समावेश गर्नु पर्दछ :

क) आयोजनास्थलको सुपरीवेक्षणमा भएको खर्च र आयोजनास्थलको श्रमिक खर्च,

ख) आयोजनाको निर्माणमा प्रयोग भएको निर्माण सामग्रीमा भएको खर्च,

ग) करारको कार्य सम्पादन गर्न प्रयोग भएका यन्त्र उपकरणको ह्रास खर्च,

घ) करारको कार्य सम्पादन गर्न प्रयोग भएका निर्माण सामग्री र यन्त्र उपकरणको परिवहन वा ढुवानीमा भएको खर्च,

ङ) यन्त्र उपकरण बहालमा लिएकोमा बहाल बापत भएको खर्च,

च) करारसँग प्रत्यक्ष रूपमा सम्बन्धित डिजाइन तयार गर्दा र प्राविधिक सेवा प्राप्त गर्दा भएको खर्च,

छ) तेश्रो पक्षबाट क्षतिपूर्ति बापत दाबी गरिएका रकम, र

ज) करार सम्बन्धी कार्यमा भएको भूल सुधार गर्ने र ग्यारेन्टी बापतको कार्य गर्ने सम्बन्धमा लाग्न सक्ने अनुमानित खर्च एवम् वारेन्टी बापत व्यहोर्नु पर्ने अपेक्षा गरिएको खर्च ।

लेखामानमा कुनै करारको सन्दर्भमा कुनै परिस्थितिजन्य अवस्थाले प्राप्त हुन आएको आयलाई करारको आयमा समावेश नगरी सो रकम बराबरले लागतलाई घटाउन सकिने व्यवस्था भएपनि करारको सम्पन्न प्रतिशत निर्धारण गर्दा भने लागतलाई त्यसरी नघटाई कुल लागतलाई नै करारको सम्पन्न प्रतिशत निर्धारण गर्ने आधारको रूपमा लिनु पर्दछ ।

**२०.७.४ क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम :**

आयकर नियमावलीले कुनै दीर्घकालीन करारका सम्बन्धमा भएको वास्तविक खर्चको क्रमबद्ध वृद्धिको योग र सो करारको अन्त्य सम्ममा कट्टी हुने कुल खर्चका आधारमा सो करारको आयको अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ । कुनै दीर्घकालीन करारका सम्बन्धमा सो करारको कट्टी हुने रकम भन्नाले कुनै आय वर्षको सम्बन्धमा सो करार अन्तर्गत सम्पादन गर्नु पर्ने कार्य सम्पादन गर्न सो आय वर्षमा व्यहोरेको सो करारसँग सम्बन्धित वास्तविक प्रत्यक्ष खर्चको रकमलाई जनाउँछ । त्यस्तै, करारको अन्त्यसम्ममा कट्टी हुने कुल खर्च भन्नाले सो करारको अन्त्यसम्ममा सो करारको सम्बन्धमा हुने अनुमान गरिएको प्रत्यक्षलागतलाई जनाउँछ । करारको आय अनुमान गर्न सो करारको अन्त्यमा सो करारको सम्बन्धमा हुने अनुमान गरिएको प्रत्यक्ष लागत नै प्रमुख आधार हुने हुँदा दीर्घकालीन करारको करार अवधि भरका लागि हुने कुल प्रत्यक्ष खर्चको अनुमान करार गर्दा कै अवस्थामा गर्नु पर्दछ । त्यस्तो अनुमान प्राविधिक विश्लेषण सहितको बजार मूल्यका आधारमा तयार गरेको हुनु पर्दछ ।

नियमावलीको व्यवस्था अनुसार आय गणना गर्नका लागि कुनै पनि दीर्घकालीन करारको कुनै समयको क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने रकम र सो करार अन्त्य हुने समयमा

क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने अनुमानित रकम गरी दुई प्रकार वा चरणका खर्च गणना गर्नु पर्दछ । कुनै दीर्घकालीन करारको कुनै समयको क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी गरिने रकम भन्नाले सो करार अन्तर्गतको कार्य प्रारम्भ भएको आय वर्षदेखि चालु आय वर्षसम्मको अवधिमा सो करार अन्तर्गत सम्पादन गर्नु पर्ने कार्य सम्पादन गर्न लागेको वा व्यहोरेको वास्तविक प्रत्यक्ष खर्च अर्थात यसै परिच्छेदको खण्ड २०.७.३.बमोजिमका खर्च शीर्षकमा भएका खर्च रकमको योग सम्झनु पर्दछ । त्यस्तै, करार अन्त्य हुने समयमा क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने रकम भन्नाले सो करार अन्तर्गतको सम्पूर्ण कार्य सम्पादन गर्न लाग्ने वारेन्टी वा ग्यारेन्टी बापत हुने अनुमान गरिएको खर्च समेत कुल प्रत्यक्ष खर्च अर्थात यसै परिच्छेदको खण्ड २०.७.३ बमोजिमका खर्च शीर्षकमा करार अवधि भरमा अर्थात करार प्रारम्भ भई सो करारको वारेन्टी वा ग्यारेन्टीको अवधि समेतमा हुने अनुमान गरिएको खर्च रकमको योग सम्झनु पर्दछ । करार अन्तर्गतको कार्य सम्पादन गर्न लागेको वा लाग्ने अनुमान गरिएको खर्चमा नेपाल लेखामानमा करारको प्रत्यक्ष लागतमा समावेश हुने भनी उल्लेख भए बमोजिमको खर्चको रकमलाई मात्र समावेश गर्नु पर्दछ ।

उदाहरण२०.७.१: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने गरी रु.१३ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ । सो करारको कुल अनुमानित प्रत्यक्ष लागत रकमरु.१० करोड रहेछ । उक्त प्रा.लि.ले सो करारको लागि आ.व.०६६।६७ मा रु.२ करोड, आ.व.२०६७६८ मा रु.३ करोड र आ.व.२०६८।६९ मा रु.३ करोड प्रत्यक्ष खर्च कट्टी दाबी गरेको रहेछ । यस अवस्थामा करारको सम्पन्न प्रतिशत निर्धारण गर्ने प्रयोजनार्थ ती आय वर्षका लागि सो करारको क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने खर्च निम्नानुसार हुन्छ :

| आ.व. | यस वर्षको खर्च रु. | गत वर्षसम्मको खर्च रु. | जम्मा खर्च रु. |
|---|---|---|---|
| २०६६।६७ | २,००,००,०००।- | ००।- | २,००,००,०००।- |
| २०६७।६८ | ३,००,००,०००।- | २,००,००,०००।- | ५,००,००,०००।- |
| २०६८।६९ | ३,००,००,०००।- | ५,००,००,०००।- | ८,००,००,०००।- |

उदाहरण २०.७.२: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने सडक निर्माणको ठेक्का सडक विभागबाट रु.१३ करोडमा लिएको रहेछ र सो करारको कुल अनुमानित प्रत्यक्ष लागत रकम रु.१० करोड रहेछ भने सो करार अन्त्य हुने समयमा सो करारको क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने अनुमानित रकम सो करारको कुल प्रत्यक्ष लागत अर्थात रु.१० करोड हुन्छ ।

**२०.८ खर्चका आधारमा करारको सम्पन्न प्रतिशतको गणना :**

आयकर नियमावलीले कुनै पनि दीर्घकालीन करारको सम्पन्न प्रतिशत निर्धारण गर्दा सो करारको कुल अनुमानित प्रत्यक्ष खर्च र भएको प्रत्यक्ष खर्चका आधारमा हुने व्यवस्था गरेको छ । नियमावलीको उपर्युक्त व्यवस्था अनुसार कुनै दीर्घकालीन करारको जुन आय वर्षको लागि कार्य सम्पन्न प्रतिशत गणना गर्ने हो सो आय वर्षसम्म सो करार बमोजिम गर्नु पर्ने कार्यका लागि भएको र खर्चको रूपमा कट्टी लिएको प्रत्यक्ष खर्च (क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम) लाई सो करार सम्पन्न हुँदाको अवस्था सम्ममा सो करार बमोजिम गर्नु पर्ने कार्यका लागि हुने अनुमान गरिएको कुल प्रत्यक्ष खर्चले भाग गर्दा हुन आउने भागफल नै सो करारको सो आय वर्षको कार्य सम्पन्न प्रतिशत हुन्छ । अर्को शब्दमा भन्नु पर्दा कुनै करारको कुनै आय वर्षसम्मको वास्तविक प्रत्यक्ष खर्च र सो करारको अनुमानित कुल प्रत्यक्ष खर्चको अनुपातलाई नै सो करारको सो आय वर्षको कार्य सम्पन्न प्रतिशत मान्नु पर्दछ ।

> उदाहरण २०.८.१: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने गरी रु.१३ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ । सो करारको कुल अनुमानित प्रत्यक्ष लागत रकमरु.१० करोड रहेछ । आ.व.२०६६।६७ मा उक्त प्रा.लि.ले रु.२ करोड प्रत्यक्ष खर्च कट्टी गरेको रहेछ भने सो करारको सो आ.व.को सम्पन्न प्रतिशत निम्नानुसार हुन्छ :
>
> $$\frac{\text{आ.व.२०६६।०६७ को प्रत्यक्ष लागत कट्टी रकम}}{\text{करारको कुल अनुमानित प्रत्यक्ष लागत रकम}} \times १००\%$$
>
> $$\frac{२,००,००,०००}{१०,००,००,०००} \times १००\%$$
>
> करारको आ.व.२०६६।६७ को सम्पन्न प्रतिशत २०%

यसैगरी कुनै दीर्घकालीन करारको कुनै आय वर्षको सम्पन्न प्रतिशत निर्धारण गर्दा सो र सोभन्दा अगाडिका आय वर्षमा सो करारका सम्बन्धमा भएका सबै खर्चको आधारमा गणना गर्नुपर्दछ ।

> उदाहरण: २०.८.२: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने गरी रु.११ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ । सो करारको कुल अनुमानित लागत रकमरु.१० करोड रहेछ । आ.व. २०६६।६७ र २०६७।६८ मा उक्त प्रा.लि.ले रु.५ करोड खर्च कट्टी दाबी गरेको रहेछ भने सो करारको आ.व.०६७।६८ को सम्पन्न प्रतिशत निम्नानुसार हुन्छ :
>
> $$\frac{\text{आ.व. २०६७।६८ सम्मको लागत कट्टी रकम}}{\text{करारको कुल अनुमानित लागत रकम}} \times १००\%$$
>
> $$\frac{५,००,००,०००}{१०,००,००,०००} \times १००\%$$
>
> करारको जम्मा सम्पन्न प्रतिशत . ५०%

## २०.९ करारको कट्टी हुने अनुमान गरिएको कुल रकम फरक परेमा सम्पन्न प्रतिशतको निर्धारण

कुनै पनि करार गर्दाको अवस्थामा अनुमान गरिएको कट्टी हुने कुल खर्च विभिन्न कारणले घट बढ हुन सक्तछ । सामान्यतया करार अन्तर्गतको परियोजनामा प्रयोग हुने वस्तु वा सेवाको लागत बढेमा वा करार अन्तर्गत सम्पादन हुनु पर्ने भनिएका कार्यको परिमाण बढेमा करारको कट्टी हुने खर्च बढ्न सक्तछ भने करार अन्तर्गतको परियोजनामा प्रयोग हुने वस्तु वा सेवाको लागत घटेमा वा करार अन्तर्गत सम्पादन हुनु पर्ने भनिएका कार्यको परिमाण घटेमा करारको कट्टी हुने खर्च घट्मा सक्तछ । यसरी कुनै दीर्घकालीन करारको कट्टी हुने खर्चमा घटबढ भएमा जुन आय वर्षमा सो अवस्था सिर्जना भएको हो सो आयवर्ष र सोभन्दा पछाडिका आय वर्षका लागि घटबढ भई कायम भएको सो करारको कुल कट्टी हुने रकम नै सो करारको अन्त्यमा क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम हुन्छ र सोही रकमका आधारमा सो करारको बाँकी अवधिको सम्पन्न प्रतिशत निर्धारण गर्नु पर्दछ ।

> उदाहरण २०.९.१. न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि. ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने सडक निर्माणको ठेक्का सडक विभागबाट रु.११ करोडमा लिएको रहेछ र सो करारको कुल अनुमानित लागत रकम रु.१० करोड रहेछ । तर सो करार सम्पन्न गर्न आवश्यक निर्माण सामग्रीको लागत अत्यधिक वृद्धि भएको कारणले आ.व.२०६८।६९ मा निर्माण लागत रु.१२ करोड पुग्न जाने अवस्था आएछ । न्यू नेपाल

कन्स्ट्रक्सन कम्पनीले करारको शर्त अनुसार बढेको सो लागत रु.२करोड शोधभर्ना पाउन सडक विभागसँग दाबी गरेकोमा सडक विभागले सो दाबी रकम शोधभर्ना गर्न सहमति जनाएको रहेछ । यस अवस्थामा सो करार अन्त्य हुने समयमा सो करारको क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने अनुमानित रकम सो करारको मूल्यवृद्धि भएको कारणले थप भएको रु.२ करोड समेतको कुल लागत अर्थात रु.१२ करोड हुन्छ । तसर्थ, उक्त करारको आ.व.२०६६।६७ र आ.व.२०६७।६८ को हकमा सो करारको कुल लागत रु.१० करोड र सोभन्दा पछाडिका वर्षको हकमा सो करारको कुल लागत रु.१२ करोड मानी करारको सम्पन्न प्रतिशर्ता नर्धारण गर्नु पर्दछ ।

**२०.१० हरेक दीर्घकालीन करारको सम्पन्न प्रतिशत अलग अलग रूपमा गणना गर्नुपर्ने :**

आयकर ऐनले दीर्घकालीन करारलाई अन्य व्यवसाय भन्दा भिन्न व्यवसायको रूपमा अंगिकार गरेको र ती करारको आय गणना र खर्च कट्टीका सम्बन्धमा विशेष व्यवस्था गरेको छ । यसै कारणले गर्दा हरेक दीर्घकालीन करारलाई एक छुट्टै व्यवसाय मानी हरेक दीर्घकालीन करारको कुनै समयको क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम, सो करारको अन्त्यमा क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकम र सो करारको कार्य सम्पन्न प्रतिशत अलग अलग रूपमा गणना गर्नु पर्दछ ।

**२०.११ कट्टी हुने रकम फरक परेमा सोबाट पर्ने असर :**

कुनै पनि दीर्घकालीन करारको कुल अनुमानित लागत करार सम्झौतामा नै उल्लेख हुने र उपरोक्त २०.६ मा उल्लेख भएका अवस्थामा बाहेक सामान्यतया अपरिवर्तनीय हुने हुँदा सो रकम स्थिर रहन्छ । अर्कोतर्फ सो करार बमोजिम गर्नुपर्ने कार्यका लागि भएको र खर्चको रूपमा कट्टी लिएको रकम सो करारको कार्य सम्पादन गर्ने सन्दर्भमा भएको वास्तविक खर्च हुने हुँदा सो खर्च परिवर्तनशील हुन्छ । भन्नुको अर्थ करार अन्तर्गत सम्पन्न गर्नु पर्ने कार्य जुन अनुपातमा सम्पन्न हुँदै जान्छ सोही अनुपातमा सो करारको वास्तविक खर्च पनि बढ्दै जान्छ । कुनै करारको सम्पन्न प्रतिशतले सो करारको आय निर्धारण हुने र सम्पन्न प्रतिशत निर्धारण गर्ने एक तत्व करार बमोजिम गर्नुपर्ने कार्यका लागि भएको र खर्चको रूपमा कट्टी लिएको प्रत्यक्ष लागत रकम हुने हुँदा सो खर्चको लेखाङ्कन सही नभएमा करारको आय नै फरक पर्ने हुन्छ । त्यस्तै, करार बमोजिम गर्नुपर्ने कार्यका लागि हुने अनुमान गरिएको प्रत्यक्ष लागतको रकम सही रूपमा अनुमान नगरेको अवस्थामा पनि करारको आय फरक पर्ने हुन्छ । करारको लागि वास्तवमा भएको खर्च भन्दा बढी खर्च लेखाङ्कन भएमा वा करारको वास्तविक कुल प्रत्यक्ष लागतभन्दा कम लागत अनुमान गरिएमा कार्य सम्पन्न प्रतिशत वास्तविक भन्दा बढी हुने र सोही कारणले करारको आय पनि सोही अनुपातमा वास्तविक भन्दा बढी हुन जान्छ जसको कारणले करारको हकमा तिर्नुपर्ने करको दायित्व अस्वाभाविक रूपमा बढी हुन जान्छ । त्यस्तै, करारको लागि वास्तवमा भएको खर्च भन्दा घटी खर्च लेखाङ्कन भएमा वा करारको वास्तविक कुल प्रत्यक्ष लागतभन्दा बढी लागत अनुमान गरिएमा कार्य सम्पन्न प्रतिशत वास्तविक भन्दा घटी हुने र सोही कारणले करारको आय पनि सोहीअनुपातमा वास्तविक भन्दा घटी हुन जान्छ जसको कारणले सो करारको हकमा तिर्नु पर्ने करको दायित्व अस्वाभाविक रूपमा घट ीहुन जान्छ । वास्तवमा भएको खर्च भन्दा घटी खर्च लेखाङ्कन भएमा वा करारको वास्तविक कुल प्रत्यक्ष लागत भन्दा बढी लागत अनुमान गरिएमा सो करारको कार्य सम्पन्न प्रतिशत र करारको आय वास्तविक भन्दा घटी हुन गई करको दायित्व वास्तविक भन्दा कम हुन गएमा कर अधिकृतले करारको आय र कर दायित्वमा समायोजन गरी थप कर दायित्व सिर्जना गरी शुल्क तथा ब्याज लगाउनु पर्ने अवस्था हुन्छ । यी दुवै अवस्थामा करारमा संलग्न व्यक्तिले करको अतिरिक्त भार बहन गर्नुपर्ने हुँदा करारको खर्च लेखांकन र अनुमान गर्दा सो करारको यथार्थ खर्च चित्रण हुने गरी लेखांकन र अनुमान गर्नु पर्दछ ।

## २०.१२ विभागले तोकेको आधारमा करारको सम्पन्न प्रतिशतको गणना :

आयकर नियमावलीले उत्पादन, निर्माण वा जडानसँग सम्बन्धित करार वा सोसँग सम्बन्धित सेवा पूरा गर्ने करार बाहेक अन्य करारको सम्बन्धमा विभागले तोके बमोजिम करारको सम्पन्न प्रतिशत निर्धारण गरिने व्यवस्था गरे पनि हालसम्म विभागले कुनै करारको सम्बन्धमा अर्को कुनै विधि नतोकेको हुँदा सो सम्बन्धमा विवेचना गर्नु सान्दर्भिक देखिएन ।

## २०.१३ दीर्घकालीन करारको आयमा समावेश हुने रकम

दीर्घकालीन करार कुनै सम्पत्तिको उत्पादन वा जडान वा निर्माण गर्ने वा कुनै सम्पत्तिको उत्पादन वा जडान वा निर्माणसँग सम्बन्धित सेवा प्रदान गर्ने कार्यसँग सम्बन्धित छ । दीर्घकालीन करारको परिभाषा भित्र पर्ने कार्य व्यवसाय नै हुन् र ती करारबाट प्राप्त हुने आय व्यवसायको आय हो । व्यवसायको आय गणना गर्दा सामान्यतया आयकर ऐन, २०५८ को दफा ७ अनुसार गर्नुपर्ने भए पनि आयकर ऐन, २०५८ ले दीर्घकालीन करारलाई विशेष प्रकारको व्यवसायको रूपमा व्यवहार गरेको र ती व्यवसायको आय गणना गर्ने छुट्टै विधि निर्धारण गरेको हुँदा दीर्घकालीन करारको आय गणना गर्दा आयकर ऐनले निर्दिष्ट गरेको विधि अनुसार नै गर्नु पर्दछ । आयकर ऐनको दफा२६ ले कुनै पनि दीर्घकालीन करारको आय गणना गर्ने विधि तोकेको छ । सो विधि अनुसार कुनै पनि दीर्घकालीन करारको आय गणना गर्दा त्यस्तो करारको सम्पन्न प्रतिशतलाई आधार मान्नु पर्दछ । दीर्घकालीन करारको सम्पन्न प्रतिशतका आधारमा गणना गर्दा हुन आउने आयको अनुमानित रकमलाई सो करारको आयमा समावेश गर्नु पर्दछ । त्यस्तै दीर्घकालीन करारको आयमा कुनै आय वर्ष विशेषको मात्र नभई सो करारको सुरु आय वर्षदेखि चालु आय वर्षसम्मको आयलाई समावेश गर्नु पर्दछ जसलाई क्रमबद्ध वृद्धिको योग (TOTAL OF CUMULATIVE INCLUSIONS) भनिन्छ । आयकर ऐनको दफा २६ को उपदफा (१) मा दीर्घकालीन करारको आय गणनाका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था रहेको छ :

**दफा २६ दीर्घकालीन करार अन्तर्गत समावेश र कट्टीहुने रकमहरुमा औसत निकाल्ने तरिका : (१) कुनै व्यक्तिलाई कुनै आयवर्षमा कुनै रोजगारी, व्यवसायवा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिको दीर्घकालीन करार अन्तर्गत करारको सम्पन्न प्रतिशत अनुसार क्रमबद्ध वृद्धिको योग अनुसार समावेश हुने र क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी गरिने अनुमानित रकम, प्राप्त गरिएको वा खर्च गरिएको मानिनेछ ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै पनि दीर्घकालीन करारको आय गणना गर्ने आधार भनेको सो करारको सम्पन्न प्रतिशत हो । कुनै पनि दीर्घकालीन करारको आयमा सो करारको सम्पन्न प्रतिशत अनुसार हुन आउने अनुमानित रकम समावेश गर्नु पर्दछ । दीर्घकालीन करारको आयमा करारको सम्पन्न प्रतिशत अनुसार हुन आउने कुनै आय वर्ष विशेषको अनुमानित रकममात्र समावेश नगरी सो करारको सुरु आय वर्षदेखि चालु आय वर्षसम्मको करारको सम्पन्न प्रतिशत अनुसार हुन आउने सम्पूर्ण अनुमानित रकमलाई समावेश गर्नु पर्दछ जसलाई क्रमबद्ध वृद्धिको योग अनुसार समावेश हुने रकम भनिन्छ । दीर्घकालीन करारको कार्य सम्पन्न प्रतिशत बमोजिम करारको आयमा समावेश हुने रकम गणना गर्ने तरिकाका विषयमा तल विवेचना गरिएको छ ।

### २०.१३.१ दीर्घकालीन करारको आयमा समावेश हुने रकम :

कुनै दीर्घकालीन करारको आयमा समावेश हुने रकम बिक्री बीजक वा अन्य आधारमा तय हुने नभई सो करारको सम्पन्न प्रतिशत (Percentage of completion) का आधारमा अनुमान गरिएको रकम हुने व्यवस्था आयकर ऐनले गरेको छ । करारको सम्पन्न प्रतिशत (Percentage of completion) को अर्थ र सो गणना गर्ने तरिकाका विषयमा अगाडिका बुँदाहरुमा नै व्याख्या गरी सकिएको छ । कुनै दीर्घकालीन करारको कुनै समयको आय भन्नाले

सो समयमा सो करारको सम्पन्न प्रतिशत जति हुन्छ, सो करार बापत प्राप्त हुने कुल रकम (करार मूल्य) को सोही प्रतिशतले हुन आउने रकमलाई जनाउँछ । कुनै करारको कुल आय मध्ये कुनै समयमा सो करारको जति प्रतिशत सम्पन्न भएको हुन्छ, कुल आयको सोही प्रतिशतले हुन आउने रकम नै सो करारको आय हुन्छ । यसरी गणना गर्दा हुन आउने रकम करारको अनुमानित आय हुने हुँदा सो आय सो करारको वास्तविक आय भने नहुन सक्तछ ।

उदाहरण २०.१३.१: मानौं, न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६९।०७० मा Shopping Mall बनाउन रु.२ अर्बमा ठेक्का लिएको रहेछ । उक्त निर्माण कार्य ३ वर्षमा समापन गर्नुपर्ने रहेछ । उक्त ठेक्काको सुरु अनुमानित लागत रु.१ अर्ब ८० करोड रहेछ । दोस्रो वर्षमा Shopping Mall धनीले रु.३ करोड ५० लाख को Variation Order दिएको रहेछ, तेस्रो वर्ष सो Variation Order मा रु.५० लाख थप गरी बढाएर रु.४ करोड बनाएको रहेछ । यसरी Variation Order को कारण दोस्रो वर्षमा अनुमानित लागत रु.२ करोड ५० लाख थप भएको र तेस्रो वर्ष सोमा रु.५० लाख थप भई अनुमानित लागतरु.३ करोड भएको रहेछ । उक्त प्रा.लि. को आ.व. २०६९।०७० मा निर्माणको लागत रु.९० करोड रहेको, आ.व.२०७०।०७१ मा रु.४१ करोड ४० लाख खर्च भएको र आ.व.२०७१।०७२ मा रु.५१ करोड ६० लाख खर्च भएको रहेछ । उत्त ाप्रा.लि. ले आ.व.२०६९।०७० देखि आ.व.२०७१।०७२ सम्ममा निम्नानुसारको रकम कट्टी दाबी एवम् आयमा समावेश गरी करयोग्य आय गणना गर्नु पर्दछ :

(रकम रु. लाखमा)

| विवरण | आ.व. २०६९।०७० | आ.व. २०७०।०७१ | आ.व. २०७१।०७२ |
|---|---|---|---|
| सुरु करार मूल्य | २,००,०० | २,००,०० | २,००,०० |
| भेरीएसन | – | ३,५० | ४,०० |
| **जम्मा करार मूल्य** | २०,००० | २,०३,५० | २,०४,०० |
| सुरु अनुमानित लागत खर्च | १,८०,०० | १,८०,०० | १,८०,०० |
| थ्प अनुमानित लागत खर्च | – | २,५० | ३,०० |
| **जम्मा अनुमानित लागत खर्च** | १,८०,०० | १,८२,५० | १,८३,०० |
| यस वर्षको खर्च | ९०,०० | ४१,४० | ५१,६० |
| हाल सम्मको खर्च | ९०,०० | १,३१,४० | १,८३,०० |
| करार सम्पन्न हुन लाग्ने थप अनुमान | ९०,०० | ५१,१० | - |
| **अनुमानित आय(Estimated Profit)** | २०,०० | २१,०० | २१,०० |
| जम्मा सम्पन्न प्रतिशत | ५०% | ७२% | १००% |
| आयको गणना:<br>आयमा समावेश गर्नुपर्ने रकम<br>(सम्पन्न प्रतिशतX करार मूल्य) | १,००,०० | १,४६,५२ | २,०४,०० |
| न्यून:गतवर्षसम्म आयमा समावेश भएको रकम | – | (१,००,००) | (१,४६,५२) |
| **यस वर्षको आयमा समावेश हुने रकम** | १,००,०० | ४६,५२ | ५७,४८ |

| | | | |
|---|---|---|---|
| **यस वर्षको कट्टी दाबी रकम** | ९०,०० | ४१,४० | ५१,६० |
| **निर्धारण योग्य आय** | १०,०० | ५,१२ | ५,८८ |
| न्यून: छुट रकम (नभएको मानिएको) | – | – | – |
| **करयोग्यआय** | १०,०० | ५,१२ | ५,८८ |

**२०.१३.२ क्रमबद्ध वृद्धिको योग अनुसार दीर्घकालीन करारको आयमा समावेश हुने रकम:**

आयकर ऐन र नियमावलीको व्यवस्था अनुसार दीर्घकालीन करारको आयकर प्रयोजनका लागि पेश हुने आय विवरणमा चालु आय वर्षको आय मात्र समावेश नगरी सो करारको सुरु आय वर्षदेखि चालु आय वर्षसम्मको सम्पूर्ण आय समावेश गर्नु पर्दछ । यसरी समावेश गरिने कुल आयलाई क्रमबद्ध वृद्धिको योग अनुसार आयमा समावेश हुने रकम भनिन्छ । दीर्घकालीन करारको आयमा समावेश हुने रकमका बारेमा आयकर नियमावलीको नियम १२ को उपनियम (१) मा देहाय बमोजिमको व्यवस्था रहेको छ :

***नियम१२ (१) कुनै समयमा कुनै व्यक्तिको लगानी, रोजगारी वा व्यवसायबाट आर्जित आयलाई कुनै समयमा सामान्य आय वर्ष सरह गणना नगरी सो वा सोभन्दा अघिल्लो समयमा आय गणना गर्दा समावेश हुने रकमहरु क्रमबद्ध वृद्धिको योग अनुसार समावेश हुने रकम हुनेछन् ।***

उदाहरण २०.१३.२: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने गरी रु.११ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ । सो करारको कुल अनुमानित लागत रकम रु.१० करोड रहेछ । उक्त प्रा.लि.ले सो करार अनुसार गर्नुपर्ने काम मध्ये आ.व.२०६६।६७ मा २० प्रतिशत, आ.व.२०६७।६८ सम्ममा ५० प्रतिशत र आ.व.२०६८।६९ सम्ममा ८० प्रतिशत कार्य सम्पन्न गरेको रहेछ । उक्त करारको कुल आय अर्थात करार मूल्य रु.११ करोड रहेको हुँदा सो करारको देहाय बमोजिमको आय वर्षमा देहाय बमोजिमको आय भएको मानिन्छ :

| आ.व. | २०६६।६७ | २०६७।६८ | २०६८।६९ |
|---|---|---|---|
| करार मुल्य | रु.११,००,००,०००।- | ११,००,००,०००।- | ११,००,००,००० |
| यस आ.व.को आय | रु.२,२०,००,०००।- | ३,३०,००,०००।- | ३,३०,००,०००। |
| यस आ.व.सम्मको आय | रु.२,२०,००,०००।- | ५,५०,००,०००।- | ८,८०,००,००० |
| आय विवरणमा समावेश हुने | रु.२,२०,००,०००।- | ५,५०,००,०००।- | ८,८०,००,०००। |

**२०.१३.३ दीर्घकालीन करारको सन्दर्भमा प्राप्त हुने करारसँग सम्बन्धित अन्य रकम :**

कुनै पनि करार गर्दाको अवस्थामा निर्धारण गरिएको करार बापत प्राप्त हुने आय विभिन्न कारणले बढ्न सक्तछ । करार अन्तर्गतको परियोजनामा प्रयोग हुने वस्तु वा सेवाको लागत बढेमा र त्यसरी बढेको लागत बापतको रकम ग्राहकले शोधभर्ना दिएमा त्यसरी शोधभर्ना प्राप्त भएको रकम सो करार बापतको आय हुन्छ । यसैगरी, करार अन्तर्गत सम्पादन हुनु पर्ने भनिएका कार्यको परिमाण वा गुणस्तर बढेमा करारका पक्षबीचको सहमतिबाट करारको लागत बढ्ने र सो करार बापत प्राप्त हुने आय पनि स्वाभाविक रूपमा बढ्न जान्छ । यसरी कुनै दीर्घकालीन करारको लागतमा वृद्धि भएको वा थप काम गर्नुपर्ने भएको वा ग्राहकबाट कुनै पनि कारणले कुनै रकम क्षतिपूर्ति वा पुरस्कार व ाप्रोत्साहन स्वरूप प्राप्त भएको वा

करारका सम्बन्धमा अन्य कुनै रकम प्राप्त भएको अवस्था भएमा करारको सम्बन्धमा प्राप्त भएका ती सबै रकम सो करारको आयमा समावेश गर्नु पर्दछ ।

कुनै करारको सम्बन्धमा माथि उल्लिखित कुनै रकम प्राप्त हुने भएमा जुन आय वर्षमा त्यस्तो रकम प्राप्त भई आय वृद्धि हुने अवस्था सिर्जना भएको हो, सो आय वर्ष र सोभन्दा पछाडिका आय वर्षका लागि वृद्धि भई कायम भएको सो करारको कुल आय नै सो करारको अन्त्यमा क्रमबद्ध वृद्धिको योग अनुसार आयमा समावेश हुने रकम हुन्छ र सोही रकमका आधारमा सो करारको बाँकी अवधिको आय निर्धारण गर्नु पर्दछ ।

उदाहरण २०.१३.३: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने सडक निर्माणको ठेक्का सडक विभागबाट रु.११ करोडमा लिएको रहेछ र सो करारको कुल अनुमानित लागत रकम रु.१० करोड रहेछ । तर सो करार सम्पन्न गर्न आवश्यक निर्माण सामग्रीको लागत अत्यधिक वृद्धि भएको कारणले आ.व.२०६८।६९ मा निर्माण लागत रु.१२ करोड पुग्न जाने अवस्था आएछ । न्यू नेपाल कन्स्ट्रक्सन कम्पनीले करारको शर्त अनुसार बढेको सो लागत रु.२ करोड शोधभर्ना पाउन सडक विभागसँग दावी गरेकोमा सडक विभागले सो दाबी रकम शोधभर्ना गर्न सहमति जनाएको रहेछ । यस अवस्थामा सो करार अन्त्य हुने समयमा सो करारको क्रमबद्ध वृद्धिको योग अनुसार आयमा समावेश हुने रकम सो करारको मूल्यवृद्धि भएको कारणले थप भएको रु.२ करोड समेतको कुल लागत अर्थात रु.१३ करोड हुन्छ । तसर्थ, उक्त करारको आ.व.२०६६।६७ र आ.व.२०६७।६८ को हकमा सो करारको कुल आय रु.११ करोड र सोभन्दा पछाडिका वर्षको कुल लागत रु.१३ करोड मानी करारको आय निर्धारण गर्नु पर्दछ ।

### २०.१३.४ दीर्घकालीन करारमा संलग्न व्यक्तिलाई प्राप्त हुने अन्य रकम :

दीर्घकालीन करारमा संलग्न रहेको व्यक्तिलाई सो करारमा संलग्न रहेको कारणले सो करारको कार्य सम्पादनसँग सम्बन्ध नरहेको कुनै रकम प्राप्त भएमा त्यस्तो रकमलाई जुन आय वर्षमा सो आय प्राप्त भएको हो, सोही आय वर्षको आयमा समावेश गर्नु पर्दछ । यस्तो आयलाई करार बापतको प्राप्त हुने आयको अंशको रूपमा नलिई त्यस्तो आयलाई आकस्मिक आयको रूपमा प्राप्त भएकै वर्ष सम्पूर्ण रकम अन्य आयको रूपमा आयमा समावेश गर्नु पर्दछ । त्यसरी प्राप्त भएको रकमलाई सो करारको कुनै समयको क्रमबद्ध वृद्धिको योग अनुसार आयमा समावेश हुने रकम गणना गर्ने प्रयोजनका लागि सो करारको अन्त्यमा प्राप्त हुने कुल आयमा समावेश गर्नु पर्दैन । कुनै सम्पत्तिको बिक्री बापत प्राप्त भएको आय, व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त आय, करारको सन्दर्भमा बाहेक कुनै व्यक्तिलाई प्रदान गरिएको सेवा बापतको आय, कुनै सम्पत्ति बहालमा दिएकोमा सो बापत प्राप्त भएको आय आदि अन्य आयका उदाहरण हुन ।

### २०.१३.५ हरेक दीर्घकालीन करारको आय अलग अलग रूपमा गणना गर्नुपर्ने :

आयकर ऐनले दीर्घकालीन करारलाई अन्य व्यवसाय भन्दा भिन्न व्यवसायको रूपमा अंगिकार गरेको र ती करारको आय गणना र खर्च कट्टीका सम्बन्धमा विशेष व्यवस्था गरेको छ । यसै कारणले गर्दा हरेक दीर्घकालीन करारलाई एक छुट्टै व्यवसाय मानी हरेक दीर्घकालीन करारको सम्पन्न प्रतिशत अनुसार हुने आय र सो करारको अन्य आय अलग अलग रूपमा गणना गर्नु पर्दछ ।

## २०.१४ दीर्घकालीन करारको आयमा कट्टी हुने रकम

आयकर दायित्व निर्धारण गर्ने प्रयोजनका लागि ऐनले केही खास खास खर्चको सीमांकन गरेको, केही खर्च वास्तविक खर्च भए पनि कट्टी नपाउने व्यवस्था गरेको र केही खर्चका सम्बन्धमा चारित्रीकरणको व्यवस्था गरेको हुँदा कुनै दीर्घकालीन करारको खास लागत र सो करारको

आयकर प्रयोजनको लागि कट्टी हुने खर्च फरक पर्न सक्तछ। दीर्घकालीन करारको करयोग्य आय गणना गर्दा कट्टी गर्न पाइने रकमका बारेमा निम्नानुसार व्याख्या गरिएको छ।

### २०.१४.१ दीर्घकालीन करारको आयमा कट्टी हुने रकम :

कुनै दीर्घकालीन करारको करयोग्य आय र करको गणना गर्ने सन्दर्भमा कट्टी हुने रकम भन्नाले आयकर ऐनको दफा १३ बमोजिम कट्टी गर्न पाउने रकम नै हुन । करयोग्य आय र करको गणना गर्ने सन्दर्भमा कुनै दीर्घकालीन करारमा संलग्न व्यक्तिले आफ्नो दीर्घकालीन करार अन्तर्गत व्यहोरेका खर्च कट्टी लिँदा ऐनको दफा १३ को अतिरिक्त दफा १४, १५, १६, १७, १८, १९ र २० मा उल्लेख भएका प्रावधान र बन्देजको अधीनमा रही सो करारसँग सम्बन्धित वास्तविक खर्च ऐनले तोकेको सीमाभित्र रही कट्टी गर्नु पर्दछ । यसैगरी, कुनै दीर्घकालीन करारको नोक्सानी कट्टी गर्दा ऐनको दफा २० को अधीनमा रही कट्टी गर्नु पर्दछ । त्यस्तै, त्यस्तो व्यक्तिले ऐनको परिच्छेद ६ र ७ का प्रावधानको समेत पालना गर्नु पर्दछ । आयकर ऐनको व्यवस्था अनुसार कट्टी हुने रकमका सम्बन्धमा आयकर निर्देशिकामा उल्लेख भएका व्यवस्था लागू हुने हुँदा तिनै व्यवस्थाको अधीनमा रही खर्च कट्टी गर्नु पर्दछ ।

### २०.१४.२ दीर्घकालीन करारको आयमा क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकमः

कुनै दीर्घकालीन करारको करयोग्य आय र करको गणना गर्ने प्रयोजनक लागि खर्च कट्टी गर्दा अन्य व्यवसायले जस्तो जुन आय वर्षको आय गणना गर्ने हो सोही वर्षको खर्च मात्र कट्टी नलिई सो करारको सम्बन्धमा सो आय वर्ष र सो आय वर्षभन्दा अगाडिको आय वर्ष वा आय वर्षमा भएका करारसँग सम्बन्धित सम्पूर्ण वास्तविक खर्च ऐनले तोकेको सीमाभित्र रही कट्टी गर्नु पर्दछ । खर्च कट्टी गर्ने यस्तो कुल रकमलाई क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने रकम (Total of cumulative deductions) भनिन्छ । यस सम्बन्धमा आयकर नियमावलीको नियम १२ को उपनियम (२) मा देहाय बमोजिमको व्यवस्था रहेको छ :

*नियम१२(२) कुनै समयमा कुनै व्यक्तिको व्यवसाय वा लगानीबाट आर्जित आयलाई कुनै समयमा सामान्य आय वर्ष सरह गणना नगरी सो वा सोभन्दा अघिल्लो समयमा आय गणना गर्दा कट्टा गर्न पाइने रकम क्रमबद्ध वृद्धिको योग अनुसार कट्टा गरिने रकम हुनेछन्*

उदाहरण २०.१४.१: न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले आ.व.२०६६।६७ मा ४ वर्ष अवधिमा सम्पन्न हुने गरी रु.११ करोडमा सडक निर्माण गर्न सडक विभागसँग करार गरेको रहेछ । सो करारको कुल अनुमानित लागत रकम रु.१० करोड रहेछ । उक्त प्रा.लि.ले सो करारको लागि आ.व.२०६६।६७ मा रु.२ करोड, आ.व.२०६७।६८ मा रु.३ करोड र आ.व.२०६८।६९ मा रु.३ करोड खर्च गरेको रहेछ । यसरी भएका खर्चमध्ये आ.व.२०६६।६७ मा रु.२ लाख, आ.व.२०६७।६८ मा रु.५ लाख र आ.व.२०६८।६९ मा रु.१० लाख आयकर प्रयोजनका लागि खर्च कट्टी नपाउने रहेछ । यस अवस्थामा ती आय वर्षका लागि सो करारको आयकर प्रयोजनका लागि क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने खर्च निम्नानुसार हुन्छ :

| आ.व. | यस वर्षको खर्च रु. | गत वर्षसम्मको खर्च रु. | जम्मा खर्च रु. |
|---|---|---|---|
| २०६६।६७ | १,९८,००,०००।- | ००।- | १,९८,००,०००।- |
| २०६७।६८ | २,९५,००,०००।- | १,९८,००,०००।- | ४,९३,००,०००।- |
| २०६८।६९ | २,९०,००,०००।- | ४,९३,००,०००।- | ७,८३,००,०००।- |

### २०.१४.३ हरेक दीर्घकालीन करारको कट्टी हुने खर्च अलग अलग रूपमा गणना गर्नुपर्नेः

आयकर ऐनले दीर्घकालीन करारलाई अन्य व्यवसाय भन्दा भिन्न व्यवसायको रूपमा अंगिकार गरेको र ती करारको आय गणना र खर्च कट्टीका सम्बन्धमा विशेष व्यवस्था गरेको छ । यसै कारणले गर्दा हरेक दीर्घकालीन करारलाई एक छुट्टै व्यवसाय मानी प्रत्येक करारको हरेक वर्ष आयकर प्रयोजनका लागि कट्टी हुने खर्च अलग अलग रूपमा गणना गरी कट्टी गर्नु पर्दछ ।

### २०.१४.४ नोक्सानी पछाडि सारी लैजाने (Carry-backward) विशेष व्यवस्था :

दीर्घकालीन करारको आय गणना गर्दा समावेश गरिने रकम अनुमानित लागतको आधारमा गरिने हुँदा सुरु वर्षमा करयोग्य आय देखिई पछिल्ला वर्षमा नोक्सानी हुन सक्ने सम्भावना रहन्छ । Global Contract का माध्यमबाट हुने यस्ता करारका सन्दर्भमा यस्ता नोक्सानी अगाडि सारी लैजाने (Carry-forward) मात्र गर्दा नोक्सानी समायोजन (Set-off) हुन नसक्ने सम्भावना रहेको हुँदा ऐनको दफा २० को उपदफा (४) तथा (५) मा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गरी प्राप्त गरेको दीर्घकालीन करार पूरा भएको वा अन्य कुनै रूपमा समाप्त गरिएको आय वर्षमा विभागले लिखित सूचना दिएर सो नोक्सानी विगतको आय वर्ष वा वर्षहरुमा पछाडि सारी लैजान (Carry-backward) पाउने समेत अनुमति दिन सक्नेछ । ऐनको दफा २० को उपदफा (४) तथा (५) यस सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**दफा२०(४):** **उपदफा (१) र (२) को अधीनमा रहीकुनै व्यक्तिको व्यवसायको अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गरी प्राप्त गरेको दीर्घकालीन करार पूरा भएको वाअन्यकुनै रूपमा निःसर्ग गरिएको आय वर्षमा सो व्यक्तिले नोक्सानी व्यहोर्नु परेमा वा उपदफा (१) को खण्ड (ख) बमोजिम जिम्मेवारी सारी आगामी वर्षमा ल्याउन पाउने कुनै कट्टी हुन नपाएको नोक्सानी दीर्घकालीन करारसँग सम्बन्धित भएमा विभागले लिखित सूचना दिएर सो नोक्सानी देहाय बमोजिम गर्न अनुमति दिन सक्नेछ :**

**(क) विगतको आय वर्ष वा वर्षहरुमा पछाडि सारी लैजान पाउने, र**

**(ख) सो वर्ष वा वर्षहरुमा सो दीर्घकालीन करारसँग सम्बन्धित व्यवसायको आयको गणना गर्दा आयतर्फ समावेश हुने रकमहरु खर्चतर्फ समावेश हुने रकमहरु भन्दा बढी भए जतिको हदसम्म मात्र कट्टी हुन नपाएको नोक्सानी मान्न पाउने ।**

**दफा२०(५):** **कुनै व्यक्तिले कुनै आय वर्षमा व्यहोर्नु परेको देहायको नोक्सानी सो व्यक्तिको दीर्घकालीन करार वा करारहरुसँग सम्बन्धित रहेको मानी बाँडफाँड गर्नु पर्ने छ :**

**(क) व्यवसायसँग सम्बन्धित दीर्घकालीन करार वा करारहरुबाट भएको नोक्सानी, र**

**(ख) त्यस्ता प्रत्येक करारका लागि सो करारसँग सम्बन्धित वर्षमा सो व्यवसायबाट भएको आय गणना गर्दा कट्टी गरिने खर्चहरु सो करारसँग सम्बन्धित समावेश गरिने रकमभन्दा बढी भएको नोक्सानी**

ऐनको दफा २६ अनुसार कुनै दीर्घकालीन करारको समावेश गरिने आय भन्दा कट्टी दाबी योग्य खर्च बढी भए जति रकम ऐनको दफा २० को उपदफा (१) को खण्ड (क) बमोजिम सो व्यक्तिको अन्य व्यवसाय वा लगानीको आयबाट घटाई पाउँन दाबी गर्न सक्दछ । यदि सो व्यक्तिको अन्य व्यवसाय वा लगानीको आय नभए ऐनको दफा २० को उपदफा (१) को खण्ड (ख) बमोजिम त्यस्तो नोक्सानी आगामी सात आय वर्षसम्म सारी ती आय वर्षको व्यवसाय वा लगानीको आयबाट कट्टी दाबी गर्न सक्दछ । तर यसरी पछिल्ला आय वर्षमा जिम्मेवारी सार्ने नोक्सानी (Loss Carry-forward) Global Contract अन्तर्गतको दीर्घकालीन करारसँग सम्बन्धित भएको खण्डमा ऐनको दफा २० को उपदफा (२) बमोजिम त्यस्तो नोक्सानीलाई विगत वर्षको आयबाट घटाउने गरी पछाडी सार्न (Carry backward) विभागले लिखित सूचना जारी गरी अनुमति दिन सक्दछ ।

उदाहरण २०.१४.२: मानौं, माथि २०.१३.१ र २०.१४.१ मा उल्लिखित उदाहरणमा दोस्रो वर्ष बजार मूल्य बढेर करारको लागत बढेर रु.२ अर्ब १० करोड पुग्ने अनुमान

भएको रहेछ । सो वर्ष Shopping Mall धनीले यसरी बढेको रकमको क्षतिपूर्ति गर्न अस्वीकार गरेको रहेछ । तेस्रो वर्षको अन्तमा न्यू नेपाल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.र Shopping Mall धनीबीच सम्झौता भई भेरीयसन अर्डर सहित कुल भुक्तानीरु.२ अर्ब ११ करोड दिन सहमत भएको रहेछ । उक्त प्रा.लि. ले आ.व.२०६९।०७० देखि आ.व.२०७१।०७२ सम्ममा निम्नानुसारको रकम कट्टी दाबी एवम् आयमा समावेश गर्नुपर्ने तथा समायोजन गर्ने नोक्सानी निम्न बमोजिम हुनेछ :
रकम रु.लाखमा

| विवरण | आ.व.२०६९।०७० | आ.व.२०७०।०७१ | आ.व.२०७१।०७२ |
|---|---|---|---|
| सुरु करार मूल्य | २,००,०० | २,००,०० | २,००,०० |
| भेरीएसन र थपमूल्य | - | ३,५० | ११,०० |
| जम्मा करार मूल्य | २,००,०० | २,०३,५० | २,११,०० |
| सुरु अनुमानित करार खर्च | १,८०,०० | १,८०,०० | १,८०,०० |
| थ्प अनुमानित | - | ३०,०० | ३०,५० |
| जम्मा अनुमानित खर्च | १,८०,०० | २,१०,०० | २,१०,५० |
| यस वर्षको खर्च | ९०,०० | ४,६२० | ७,४३० |
| हाल सम्मको खर्च | ९०,०० | १,३६,२० | २,१०,५० |
| करार सम्पन्न हुन लाग्ने थप अनुमान | ९०,०० | ७,३८० | - |
| अनुमानित आय (Estimated Profit) | २०,०० | (६५०) | ५० |
| जम्मा सम्पन्न प्रतिशत | ५०% | ६४.८६% | १००% |
| आयको गणना: | | | |
| आयमा समावेश गर्नुपर्ने रकम<br>(सम्पन्न प्रतिशतx करार मूल्य) | १,००,०० | १,३१,९९ | २,११,०० |
| न्यून: गत वर्षसम्म समावेश भएको रकम | - | (१,००,००) | (१,३१,९९) |
| यस वर्षको आयमा समावेश हुने रकम | १,००,०० | ३१,९९ | ७९,०१ |
| कट्टीदाबीखर्च | ९०,०० | १,३६,२० | २,१०,५० |
| न्यून:गतवर्षसम्म कट्टी दाबी भएको रकम | - | (९०,००) | (१,३६,२०) |
| गतवर्षको नोक्सानी (दफा | - | - | १४,२१ |

| | | | |
|---|---|---|---|
| २०.१.ख) | | | |
| यस वर्षको कट्टी दाबी रकम | ९०,०० | ४६,२० | ८८,५१ |
| आय (नोक्सानी) | १०,०० | (१४,२१) | (९,५०) |
| Carry Back भएको नोक्सानी (दफा २०.४) | (९,५०) | - | - |

## २०.१५ विविध

दीर्घकालीन करारको आय विवरण दाखिला, राख्नु पर्ने कागजात आदिका सम्बन्धमा निम्नानुसार विवेचना गरिएको छ ।

### २०.१५.१आय विवरण दाखिला सम्बन्धी व्यवस्था :

ऐनको दफा २६ तथा नियम १२ बमोजिम दीर्घकालीन करारको आय गणना गर्नुपर्ने र यस्तो आयसँग सम्बन्धित विवरण ऐनको दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ९६(१) बमोजिम प्रत्येक व्यक्तिले आयवर्ष समाप्त भएको तीन महिनाभित्र वा थप म्याद प्राप्त भएमा सो थपिएको म्यादभित्र सम्बन्धित कार्यालयमा विवरण दाखिला गर्नु पर्दछ । आय विवरण दाखिला गर्ने सम्बन्धमा यसै निर्देशिकाको परिच्छेद २५ मा विस्तृत व्याख्या गरिएको छ

यसैगरी दीर्घकालीन करारको आय हुने करदाताले ऐनको दफा ९६ बमोजिम किस्ताबन्दीमा कर दाखिला गर्नु पर्दछ । अर्थात यस्ता व्यवसायको कार्य सम्पन्न प्रतिशतको आधारमा हुन आउने अनुमानित आयका आधारमा करयोग्य आय गणना गरी सो आयमा तिर्नु पर्ने कर रकमको ४० प्रतिशतले हुन आउने रकम सो आय वर्षको पौष मसान्तभित्र, ७० प्रतिशतले हुन आउने रकम सो आय वर्षको चैत्र मसान्तभित्र तथा बाँकी रकम आषाढ मसान्तभित्र दाखिला गर्नु पर्दछ । किस्ताबन्दी कर दाखिला सम्बन्धमा आयकर निर्देशिकाको परिच्छेद २४ मा विस्तृत व्याख्या गरिएको छ ।

### २०.१५.२ दीर्घकालीन करारको आय विवरण साथ पेश गर्नुपर्ने कागजात र विवरणहरु :

दीर्घकालीन करार विशेष प्रकृतिको व्यवसाय भई आयकर ऐनले त्यस्ता करारको आय, खर्च र नोक्सानी कट्टीका सम्बन्धमा विशेष व्यवस्था गरेको छ । तसर्थ यस्ता करारका सम्बन्धमा पेश गरिने आय विवरणसँग अन्य व्यवसायको हकमा पेश हुने कागजात वा विवरण लगायत केही विशेष र थप विवरण र कागजात समेत पेश गर्नु पर्दछ । दीर्घकालीन करारबाट आय प्राप्त गर्ने हरेक करदाताले हरेक दीर्घकालीन करारको लागि देहायका कागजात र विवरण खडा गरी पाँच वर्षसम्म सुरक्षित रूपमा राख्नु पर्दछ :

क) सो करार अन्तर्गत प्राप्त हुने कुल आयलाई पुष्टि गर्ने प्रमाण,

ख) सो करार अन्तर्गत करारको अन्त्य सम्ममा प्रत्यक्ष लागत अन्तर्गत कट्टी हुने खर्च र कुल लागत अन्तर्गत कट्टी हुने खर्चको विवरण,

ग) हरेक वर्षको अन्त्यमा सो करार अन्तर्गत कुल आय घटबढ हुने भएमा सोलाई पुष्टि गर्ने प्रमाण,

घ) गत वर्षको अन्त्यमा भन्दा यस वर्ष सो करार अन्तर्गत प्रत्यक्ष लागत अन्तर्गतको अनुमानित खर्च र कुल लागत अन्तर्गतको अनुमानित खर्च घटबढ हुने भएमा सोलाई पुष्टि गर्ने प्रमाण,

ङ) सो करारको लागि सो वर्ष र गत वर्षसम्म व्यहोरिएका खर्चलाई पुष्टि गर्ने प्रमाण,

च) कार्य सम्पन्न प्रतिशत विधिको पालना गरेको पुष्टि गर्ने कागजात ।

यसैगरी दीर्घकालीन करारको आय विवरण पेश गर्दा सो विवरणसाथ यस निर्देशिकाको अनुसूचीमा उल्लिखित ढाँचाका विवरण समेत पेश गर्नु पर्दछ ।

**२०.१५.३ आय फरक परेमा सोको न्यायोचित समायोजन गर्नुपर्ने :**

दीर्घकालीन करारमा संलग्न रहेको कुनै व्यक्तिले सो कारोबारको आय विवरण ऐनको दफा २६ र नियमावलीको नियम १२ अनुरूप पेश नगरेको अवस्थामा कार्यालयले यो आय विवरणको कर परीक्षण गर्दा उक्त दफाको प्रावधान अनुसार सो व्यक्तिको कुनै दीर्घकालीन करारको कार्य सम्पन्न प्रतिशत अनुसार सो आ.व. सम्मको क्रमबद्ध वृद्धिको योग अनुसार हुने अनुमानित रकम सो करारको आयमा समावेश गर्नु पर्नेछ । त्यस्तै, सो करारको सम्बन्धमा भएका र आयकर ऐन तथा नियमावली अनुसार कट्टी गर्न पाउने सो आय वर्षसम्मको क्रमबद्ध वृद्धिको योग अनुसार हुने खर्चलाई खर्चको रूपमा कट्टी गर्नु पर्नेछ ।

# परिच्छेद २१

# लगानीबाट भएको आयको गणना

# (Income from Investment)

२१.१ आयकर ऐन, २०५८ मा व्यवसाय, रोजगारी, लगानी तथा आकस्मिक लाभलाई आयको शीर्षकको रूपमा उल्लेख गरेको छ । उल्लिखित आयका शीर्षकमध्ये लगानीको आय एक रहेको छ । सामान्यतयाः लगानीको आय प्राकृतिक व्यक्तिले गर्ने गर्दछन् । लगानीको सन्दर्भमा लगानी गर्ने व्यक्ति सामान्यतयाः निस्क्रिय (Passive) हुने र कम्पनी आय आर्जन गर्ने कार्यमा निस्क्रिय (Passive) नरहने हुनाले कम्पनीको सामान्यतयाः लगानीको आय हुँदैन । लगानीको आय गणना गर्ने प्रयोजनको लागि आयआर्जन गर्ने कार्यसँग सम्बन्धित खर्चलाई ऐनमा स्पष्ट रूपमा अन्यथा उल्लेख भएको अवस्थामाबाहेक खर्चको रूपमा कट्टी दाबी गर्न सकिने व्यवस्था रहेको छ । यसरी खर्च कट्टी दाबी गर्ने प्रयोजनको लागि ऐनको अधीनमा रही लेखाको सर्वमान्य सिद्धान्तअनुरूप हुने व्यवस्था गरेको छ । लगानीबाट भएको आयको गणना तथा खर्चको व्याख्या यस परिच्छेदमा गरिएको छ ।

## २१.२ मुख्य परिभाषा

### २१.२.१ लगानीको परिभाषाः

आयकर ऐन, २०५८ को दफा ५ बमोजिम कुनै आय वर्षको आय व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभशीर्षकमा वर्गीकरण गरेको छ । ऐनको दफा २ (कख) ले "**लगानी**" लाई निम्नानुसार परिभाषित गरेको छ :

२(कख) **"लगानी" भन्नाले देहाय बमोजिमबाहेक एक वा एक भन्दा बढी सम्पत्ति धारण गर्ने वा त्यस्तो सम्पत्ति लगानी गर्ने कार्य सम्झनुपर्छ :-**

(१) **सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य,**

(२) **रोजगारी वा व्यवसाय ।**

**तर गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य लगानी मानिने छ ।**

सम्पत्ति धारण (Holding)गरी आयआर्जन गर्ने कार्यलाई लगानी भनिन्छ । सम्पत्तिमा स्वामित्व राख्ने व्यक्तिबाट निजी प्रयोगमा ल्याइएको सम्पत्ति राख्ने कार्य वा रोजगारी वा व्यवसायमा प्रयोग

गरिएको सम्पत्तिबाहेकका सम्पत्तिमा स्वामित्व राख्ने एवम् गैर व्यावसायिक करयोग्य सम्पत्ति राख्ने कार्य जस्ता कार्यलाई लगानी भनिन्छ ।सामान्यतयाः लगानीको आय आर्जन गर्ने कार्यमा आय आर्जन गर्ने व्यक्तिको निरन्तर सहभागिता (Active Engagement)रहदैन । लाभांश, ब्याज, प्राकृतिक स्रोत वापतको भुक्तानी, भाडा, रोयल्टी, लगानी बीमाबाट प्राप्त लाभ, स्वीकृति प्राप्त नगरेको अवकाश कोषको हितबाट प्राप्त लाभ वा स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानी गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्ग (Disposal)बाट प्राप्त खुद लाभ जस्ता आय लगानीको आय वा प्रतिफल हुन्छ । सामान्यतयाः यस्ता आय आर्जन गर्ने व्यक्तिको सो आय आर्जन गर्ने सन्दर्भमा निरन्तर सहभागिता अनिवार्य छैन ।

कुनै कारोबार लगानी मानिन सम्पत्ति धारणको प्रकृतिलाई ध्यान दिनुपर्छ । सामान्यतयाः लगानीको प्रयोजनको लागि धारण गरिएको सम्पत्ति लामो समयसम्म धारण गरिन्छ । लगानीमा सोही सम्पत्तिबाट आय हुने तथा व्यवसायमा सो सम्पत्ति किनबेच वा अन्य तवरले प्रयोग गरी आय आर्जन गरिने हुन्छ । लगानी र व्यवसायको आयमा धेरै हदसम्म समानता रहे पनि लगानी वा व्यवसायको लागि धारण गरिने उद्देश्य (Intention) महत्वपूर्ण रहन्छ । तथापि निकायको हकमा भने सामान्यतयाः लगानीको आय हुँदैन ।

### २१.२.२ गैर व्यावसायिक करयोग्य सम्पत्ति

**ऐनको दफा २ को खण्ड (द) अनुसार “गैर व्यावसायिक करयोग्य सम्पत्ति” भन्नाले देहायका सम्पत्ति बाहेकका जग्गा, घरजग्गा तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छ :-**

२(द)(१) **व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,**

(क) **व्यावसायिक सम्पत्ति** : व्यावसायिक सम्पत्ति भन्नाले व्यवसायमा प्रयोग गरिएका Trading stock अर्थात बिक्रीको प्रयोजनको लागि रहेको सम्पत्ति र ह्रासयोग्य सम्पत्ति बाहेकका सम्पूर्ण सम्पत्तिलाई जनाउँछ । उदाहरणका लागि व्यवसायको स्वामित्वमा रहेको जग्गा, व्यवसायले लगानी गरेको शेयर, डिबेन्चर, व्यवसायले असुल गर्नुपर्ने आसामी आदिव्यावसायिक सम्पत्ति हुन् ।

(ख) **ह्रासयोग्य सम्पत्ति** : ह्रासयोग्य सम्पत्ति भन्नाले आय आर्जनको लागि प्रयोग गरिएका टुटफुट वा पुरानो हुँदै गएको वा समय व्यतित हुँदै गएको कारणबाट मूल्यमा ह्रास हुने सम्पत्तिलाई सम्झनु पर्दछ । तर, यस शब्दले व्यापारिक मौज्दातलाई भने जनाउँदैन ।

उदाहरण २१.२.१: मानौं, हरिसले आफ्नो निजी प्रयोगको लागि पोखरामा घर किनेको रहेछ । उक्त घरबाट आय आर्जन गर्ने हेतुले हरिस लगानी केन्द्र खोली उक्त घर भाडामा दिई आय आर्जन गर्ने गरेको रहेछ । उक्त घरको मूल्यमा ऐन अनुसार ह्रास खर्च कट्टा गरेको र ह्रास खर्च कट्टा गरी बाँकी हुन आउने रकम वासलातमा देखाएको रहेछ । यस्तो अवस्थामा लगानी प्रयोजनका लागि प्रयोग गरिएको सम्पत्ति अर्थात घरको प्रयोग गरे वापत हुन आउने टुटफुट वापत उपलब्ध गराइएको ह्रास खर्च कट्टा गरी देखाइएको घरको किताबी मूल्य अनुसारको सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति भनिन्छ ।

(ग) **व्यापारिक मौज्दात (Trading Stock)** -बिक्री गर्ने वा उत्पादन गर्नको लागि उपभोग गरिने उद्देश्यले राखिएको सम्पत्तिलाई व्यापारिक मौज्दात भनिन्छ । कुनै व्यक्तिको स्वामित्वमा रहेको एवम् निजद्वारा सञ्चालित नियमित व्यवसायको क्रममा बिक्री गरिने सम्पत्ति, कार्य प्रगतिमा रहेको सम्पत्ति (Work in progress)र यस्ता सम्पत्तिमा प्रयोग हुने सामग्री, जस्तै Packing Materialको मौज्दातलाई व्यापारिक मौज्दात बुझिन्छ ।

उदाहरण २१.२.२: मानौं, हाडा फर्निचर प्रा.लि.ले फर्निचर खरीद बिक्री गर्ने कार्य गर्दछ । निजले आ.व.२०६५/०६६ मा रु.१,००,०००।- को दश वटा मेच खरीद गरेको रहेछ र

सोमध्ये ६ वटा मेच रु.७०,०००।- मा बिक्री गरेको रहेछ भने सो आ.व.मा बिक्रीको लागि राखिएको १० वटा मेच उक्त प्रा.लि.को व्यापारिक मौज्दात हो । सो व्यापारिक मौज्दातमध्ये ६ वटा मेच निजले बिक्री गरेको हुँदा बाँकी हुन आउने अन्तिम मौज्दातमा रहेको मेच थान ४ वटा भने व्यापारिक मौज्दात मानिन्छ ।

**२(द)(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवन -**

**(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको, र**

**(ख) त्यस्तो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कूल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको,**

**स्पष्टीकरणः यस उपखण्डको प्रयोजनको लागि निजी भवन भन्नाले भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ ।**

गैर व्यावसायिक करयोग्य सम्पत्तिमा जग्गा, भवन तथा कुनै निकायमा रहेको हित (जस्तै, शेयर, डिबेञ्चर, आदि) पर्दछन् भने सुन, चाँदी, मोटर आदि अन्य सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्तिमा पर्दैनन् ।

- व्यावसायिक प्रयोजनमा उपभोग भएका सम्पत्ति अन्तर्गत ह्रासयोग्य (Depreciable)सम्पत्ति (जस्तैः भवन, मेशिनरी, गाडी, आदि) तथा गैर ह्रासगोग्य (Non-depreciable)सम्पत्ति (जस्तैः जग्गा, शेयर, आदि) पर्दछन् । तर व्यवसायको आयआर्जन गर्ने कार्यमा प्रयोग नभएको अर्थात सो व्यक्तिले धारणमात्र गरेको गैर ह्रासयोग्य सम्पत्ति (जस्तै, जग्गा, शेयर, आदि) भने गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छन् । यसको अलावा व्यापारिक मौज्दात (Stock in Trade) अर्थात बिक्रीको प्रयोजनको लागि धारण गरिएको सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंन ।

- कुनै प्राकृतिक व्यक्तिको अविच्छिन्न (लगातार) दश वर्ष वा सो भन्दा बढी स्वामित्व (Ownership) रहेको र सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कूल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको निजी भवन (Personal House)लाई व्यक्तिगत सम्पत्ति मानिएको छ । कुनै व्यक्तिको निजी भवन गैर व्यावसायिक करयोग्य सम्पत्ति नमानिन सो व्यक्तिले सो भवन अविच्छिन्न दश वर्ष वा सो भन्दा बढी आफ्नो स्वामित्व (Ownership)मा राखेको हुनुपर्ने र सो व्यक्ति त्यस्तो भवनमा अविच्छिन्न वा पटक पटक गरी दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको (दुवै अवस्था पूरा गरेको) हुनु अनिवार्य रहेको छ ।

- कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँभन्दा कम मूल्यमा निःसर्ग (Dispose) गरेको जग्गा तथा निजी भवन पनि गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैन ।

- तीनपुस्ताभित्र भएको खरीद बिक्रीबाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्ग गरेको सम्पत्ति । अन्य किसिमले हस्तान्तरण भन्नाले सामान्तयाः अंशबण्डा, अपुताली, बकसपत्र, आदि पर्दछ । तीनपुस्ता बाहेक अन्यबाट बकसपत्र जस्ता प्रकृयाबाट हस्तान्तरण गरिएको सम्पत्तिको हकमा भने त्यस्ता सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

- तर निजी भवन भएको जग्गाका हकमा भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गावा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ सो जग्गामात्र निजी भवनको मूल्यांकनमा समावेश हुन्छ ।

गैर व्यावसायिक करयोग्य सम्पत्ति सम्बन्धमा विस्तृत व्याख्या यस निर्देशिकाको परिच्छेद २ मा गरिएको छ ।

२(द)(३) **कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,**

अवकाश कोषमा योगदान गर्ने हरेक व्यक्ति अवकाश कोषमा रहेको लगानीको सन्दर्भमा हिताधिकारी हुन्छन् । यसरी हिताधीकारीको उक्त अवकाश कोषमा रहेको हितलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंन । उक्त व्यक्तिको अवकाश कोषबाहेक अन्यत्र निकायमा रहेको लगानीलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

| |
|---|
| उदाहरण २१.२.३: मानौं, राम प्रसादले रोजगारदाताबाट स्वतन्त्र रूपमा सञ्चालित अवकाश कोषमा हरेक महिना रु.४,०००।- योगदान गर्ने गरेका रहेछन् । साथै, निजले कुनै एक वित्तीय संस्थामा रु.१ लाखको शेयर खरीद गरेका रहेछन् भने अवकाश कोषमा योगदान गरी जम्मा रहेको रकमलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंन । तर, निजको वित्तीय संस्थाको शेयरमा लगानी भने गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ । |

२(द)(४) **कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँ भन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घर जग्गा तथा निजी भवन,**

कुनै प्राकृतिक व्यक्तिले जग्गा तथा निजी घर निःसर्ग गर्दा रु.१० लाख भन्दा कम मूल्यमा निःसर्ग गरेको छ भने त्यस्तो सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंन । सो भन्दा बढी मूल्यमा निःसर्ग गरेको भए सो सम्पत्ति निःसर्गबाट प्राप्त रकमलाई गैर व्यावसायिक करयोग्यआय मानिन्छ ।

| |
|---|
| उदाहरण २१.२.४: मानौं, सुरेशले मिति२०६०।०३।३२ मा रु.२० लाखमा एक घर किनेका रहेछन् र उक्त घर मिति २०७५।५।१०गते रु.८० लाखमा बिक्री गरेका रहेछन् भने यसरी रु.१० लाख भन्दा बढी मूल्यमा निःसर्ग गरेको हुँदा यसरी प्राप्त गरिएको रकमलाई गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्ग मानिन्छ र ऐनको दफा ३७ अनुसार गणना गरी हुन आउने लाभलाई गैर व्यावसायिक करयोग्य आय मानी लगानीको आय गणना गर्दा समावेश गर्नुपर्दछ ।<br>तर यदि निजले सो घर रु.१० लाख भन्दा कम मूल्यमा बिक्री गरेका रहेछन् भने त्यस्तो घर भने गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैंन र निजको लगानीको आयमा समावेश गर्नु पर्दैन । |

२(द)(५) **तीनपुस्ताभित्र भएको खरीद बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्ग गरेको सम्पत्ति ।**

साधारणतया तीनपुस्ताभित्र खरीद बिक्री नभई अंशबण्डा, बकसपत्र आदि मार्फत सम्पत्तिको हस्तान्तरण गर्ने गरिन्छ । तर कहिलेकाँही तीनपुस्ताभित्र पनि सम्पत्तिको खरीद बिक्री हुने हुँदा यसरी बिक्री गरिएको सम्पत्तिको बिक्री मूल्य रकमलाई गैर व्यावसायिक करयोग्य आय मानिन्छ । तर तीन पुस्ताभित्र बिक्री गरिएको सम्पत्तिको मूल्य रु.१० लाखभन्दा कम भएमा सो सम्पत्तिलाई व्यावसायिक करयोग्य नमानी निजी सम्पत्ति मानिन्छ ।

## २१.३ लगानीको आयको लेखाङ्कन

### २१.३.१ कर लेखाङ्कन र समय

प्राकृतिक व्यक्तिले आफ्नो रोजगारी र लगानीको आयको लेखाङ्कन नगद आधार (Cash Basis) मा गर्नु पर्दछ । कम्पनीले आफ्नो आय Accrual Basisमा नै लेखाङ्कन गर्नुपर्ने हुन्छ । अन्य व्यक्तिको हकमा भने प्रचलित लेखा व्यवस्थाको अधारमा नगद वा एक्रुयलको आधारमा लेखाङ्कन गर्न सकिन्छ । यसरी प्रयोग गरिने लेखाङ्कन नीति लेखाको सर्वमान्य सिद्वान्त बमोजिम निरन्तर रूपमा(Consistently)पालन गर्नुपर्ने हुन्छ । प्रचलित लेखामान अनुसार एवम् ऐनको दफा२२ को उपदफा (५) बमोजिम समेत लेखाङ्कन तरिकामा सामान्यतयाः परिवर्तन गर्न पाईदैन । तथापि प्रचलित Industrial Practices को आधारमा लेखाङ्कन तरिका परिवर्तन गर्न

आवश्यक लागेको खण्डमा प्राकृतिक व्यक्तिले विभाग समक्ष निवेदन दिन सक्नेछ र सो कुरा विभागलाई उचित लागेमा कर प्रयोजनको लागि लेखाङ्कन तरिका परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ । कम्पनीको कर प्रयोजनको लागि लेखाङ्कन Accrual Basis मा नै हुनुपर्ने हुनाले कम्पनीले भने लेखाङ्कन परिवर्तन गर्न निवेदन दिन सक्ने छैनन् । यसरी कर प्रयोजनको लागि लेखाङ्कन तरिका विभागको स्वीकृति लिई परिवर्तन गरेको खण्डमा त्यस्तो परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकममा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नु पर्नेछ ।

### २१.३.२ नगद आधारको लेखाङ्कन (Cash basis of accounting):

नगद प्राप्त भएपछि आम्दानीमा समावेश गर्ने एवम् नगद भुक्तानी भएपछि मात्रै खर्च लेख्ने प्रणालीलाई नगदको आधारमा लेखाङ्कन गर्ने पद्धति मानिन्छ ।ऐनको दफा २३ बमोजिम नगद आधारको लेखाङ्कन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ:

**२३ कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही रोजगारी, व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-**

(क) **निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुँदाका अवस्थामा मात्र निजको आयको गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नु पर्नेछ ।**

(ख) **निजले भुक्तानी गरेपछि मात्र सो गणनामा खर्च वापत कट्टी गर्नु पर्नेछ ।**

### २१.३.३ एक्रुयल आधारको लेखाङ्कन (Accrual Basis of Accounting):

एक्रुयल आधारको लेखाङ्कन (Accrual Basis of Accounting) अन्तर्राष्ट्रिय प्रचलनमा रहेको लेखाङ्कन पद्धति हो । नेपाल लेखामान (Nepal Accounting Standard- 1: Presentation of Financial Statement) ले निकायको नगद प्रवाह (Cash Flow Statement)बाहेक अन्य आर्थिक विवरण Accrual Basis मा राख्नुपर्ने उल्लेख गरेको छ । ऐनको दफा २२ को उपदफा (३) मा कम्पनीले कर प्रयोजनको लागि Accrual Basisमा नै लेखाङ्कन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ ।

Accrual Basis of Accounting मा कुनै आर्थिक घटना वा कारोबार हुनासाथ नै लेखाङ्कनगरिन्छ । अर्थात कारोबार जुन समयसँग सम्बन्धित छ सोही समयमा नै लेखाङ्कन गरिने पद्धतिलाई एक्रुयल आधारको लेखाङ्कन भनिन्छ । यस्तो पद्धतिले आम्दानी र खर्चबीचको Matching Conceptलाई समेत पुष्ट्याई गर्न सहयोग पुग्ने हुन्छ । यस पद्धतिमा आय लेखाङ्कन गर्दा भुक्तानी पाउने अधिकार सिर्जना (Right to Receive) भएको अवस्थामा आय लेखाङ्कन गरिनुपर्छ भने खर्चको सन्दर्भमा भुक्तानी दिनुपर्ने दायित्व (Obligation to Pay)सिर्जना हुनासाथ खर्च भएको मानी लेखाङ्कन गरिनुपर्दछ । अर्थात यस किसिमको लेखाङ्कन पद्धतिमा नगद प्राप्ति वा भुक्तानीलाई मात्र आधार मानिदैंन।

ऐनको दफा २४ बमोजिम एक्रुयल आधारको लेखाङ्कन सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ:

२४(१) **कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधीनमा रही व्यवसाय वा लगानीबाट भएको आफ्नो आयको गणनाको लेखाङ्कनएक्रुयल आधारमा गर्दा भुक्तानी प्राप्त गर्ने अधिकार सिर्जना हुनासाथ त्यस्तो भुक्तानी प्राप्त गरेको मानी निजको आयको गणनामा समावेश गर्नु पर्नेछ ।**

२४(२) **उपदफा (१) मा उल्लेखभए बमोजिम कुनै व्यक्तिको आय गणना गर्दा कट्टी गर्ने प्रयोजनको लागि देहायका खर्चहरु व्यहोरेको मानिनेछ :-**

(क) कुनै अर्को व्यक्तिबाट भएको भुक्तानीको सट्टामा त्यस्तो खर्च समावेश भएको कुनै भुक्तानी गरिएको भएमा देहायको अवस्थामा खर्च व्यहोरेको मानिनेछ :-

(१) सो व्यक्तिमा सो भुक्तानी गर्ने दायित्व रहेकोमा,

(२) त्यस्तो दायित्वको मूल्य यथार्थपरक ढङ्गले अनुमान गर्न सकिने भएकोमा,

(३) अर्को व्यक्तिबाट भुक्तानी प्राप्त भएकोमा, वा

(ख) खण्ड (क) मा उल्लिखित अवस्थाबाहेक अन्य सबै अवस्थामा भुक्तानी गरिएको समयमा खर्च व्यहोरेको मानिनेछ ।

२४(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंकिङ्ग व्यवसायका सम्बन्धमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंकिङ्ग सम्बन्धी प्रचलित कानुनको अधीनमा रही नेपाल राष्ट्र बैंकले तोकेको लेखाङ्कनलाई विभागले मान्यता दिन सक्नेछ ।

तर सहकारी संस्थाले ब्याज आयको लेखाङ्कन नगद आधारमा समेत गर्न सक्नेछ ।

२४(४) व्यवसाय वा लगानीबाट भएको कुनै व्यक्तिको आय एक्रुयल आधारमा गणना गर्दा सो व्यक्तिले आफूले पाउनुपर्ने कुनै भुक्तानी समावेश गरेकोमा वा आफूले व्यहोर्नुपर्ने कुनै भुक्तानी कट्टा गरेकोमा सटही दरको फरकको कारण समेतले गर्दा सो व्यक्तिले भुक्तानी पाउँदा वा भुक्तानी दिँदा फरक पर्न गएमा फरक रकमलाई भुक्तानी प्राप्त हुँदा वा दिँदा समायोजन गर्नु पर्नेछ ।

कर लेखाङ्कन तरिका, समय एवम् आधारहरुका बारेमा यसै निर्देशिकाको परिच्छेद ७ मा र सटही नाफा वा नोक्सानका सम्बन्धमा परिच्छेद ८ मा विस्तृत व्याख्या गरिएको छ ।

## २१.४ लगानीबाट भएको आयको गणनामा समावेश हुने रकम

ऐनको दफा ९ मा लगानीबाट भएको आयको गणनाका सम्बन्धमा समावेश हुने रकम उल्लेख गरेको छ । उपदफा (१) मा कुनै व्यक्तिको लगानीको आयको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ ।

**९(१) कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट गरेको मुनाफा र लाभहरु सो व्यक्तिको सो लगानीको सो वर्षको आय हुनेछ ।**

मुनाफा तथा लाभ गणना गर्ने प्रयोजनका लागि लगानीबाट प्राप्त हुने लाभांश, ब्याज, भाडा, रोयल्टी, गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ आदि समेत राखी गणना गरिन्छ । कुनै पनि व्यक्तिको लगानीको आय गणना गर्दा ऐनको दफा ९ को उपदफा (२) मा उल्लिखित निम्नानुसार रकम समावेश गर्नुपर्दछ :

**९(२) कुनै व्यक्तिले कुनै आय वर्षमा लगानी गरे वापत गरेको मुनाफा र लाभको गणना गर्दा सो व्यक्तिले सो वर्षमा प्राप्त गरेका देहायका रकमहरु समावेश गर्नु पर्नेछ :-**

**९(२)(क) सो लगानीबाट प्राप्त लाभांश, ब्याज, प्राकृतिक स्रोत वापतको भुक्तानी, भाडा, रोयल्टी, लगानी बीमाबाट प्राप्त लाभ, दफा ६३ को उपदफा (१) बमोजिम स्वीकृति प्राप्त नगरेको अवकाश कोषको हितबाट प्राप्त लाभ वा स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानी,**

कुनै व्यक्तिले शेयर लगानी गरे वापत प्राप्त गर्ने लाभांश, निक्षेप जम्मा गरे वापत वा कर्जा लगानी गरे वापत प्राप्त गरिने ब्याज, घरभाडा लगाए वापत प्राप्त गरिने भाडा वा अन्य

भाडा, स्वीकृत अवकाश कोषबाट प्राप्त लाभ वा स्वीकृत अवकाश कोषबाट प्राप्त गरिएको अवकाश भुक्तानी सबै लगानीको आय गणना गर्ने प्रयोजनको लागि आयमा समावेश गर्नुपर्दछ । तर, ऐनको दफा ९२ अनुसार अन्तिम रूपमा करकट्टी भई भुक्तानी भएको मानिने रकमलाई लगानीको आयमा समावेश गर्नुपर्दैन ।

| |
|---|
| उदाहरण २१.४.१: मानौं, हरिसले ABC Company Ltd. मा रु.१,००,०००।- कर्जा लगानी गरेको रहेछ । उक्त कम्पनीले सो वापत १० प्रतिशतले हुन आउने ब्याज रु.१०,०००।- मा ऐनको दफा ८८(१) अनुसार १५ प्रतिशतका दरले हुने रु.१,५००।- अग्रिम करकट्टी गरी बाँकी रु.८,५००।- भुक्तान गरेको रहेछ । यस अवस्थामा निजको रु.१०,०००।- लगानीको आय मानिन्छ । |

**९(२)(ख) परिच्छेद-८बमोजिम गणना गरिएको सो व्यक्तिको सो लगानीको गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभ,**

यस सम्बन्धी उदाहरण तल खुलाइएको छ ।

| |
|---|
| उदाहरण २१.४.२: मानौं, हरिसले नेपाल स्टक एक्स्चेन्जमा दर्ता भएको ABC Company Ltd. को १०० कित्ता शेयर मिति २०७०।२।२० मा रु.२०,०००।- मा खरीद गरेका रहेछन् । निजले उक्त शेयरमिति २०७१।१०।१५ मा रु.२५,०००।- मा बिक्री गरेका रहेछन् । प्राकृतिक व्यक्तिको व्यवसायसँगअसम्बन्धित शेयरअर्थात गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभ अर्थात रु.५,०००।- लाई निजले आफ्नो आय विवरणमा लगानीको आयमा समावेश गरी विवरण दाखिल गर्नु पर्ने हुन्छ । |

**९(२)(ग) सो व्यक्तिले गरेको लगानीको ह्रासयोग्य सम्पत्ति निःसर्ग गर्दा अनुसूची-२ को दफा ४ को उपदफा (२) को खण्ड (क) बमोजिम ह्रासयोग्य सम्पत्तिको समूहमा भएका सम्पत्तिको लागि गरिएको खर्चहरु (आउटगोइङ्गस) सहितको बाँकी मूल्यभन्दा प्राप्त हुने आम्दानीहरु (इनकमिङ्गस) बढी भएमा सो बढी भएजति रकम,**

लगानीमा उपयोग गरिएको ह्रासयोग्य सम्पत्ति निःसर्ग गर्दा लाभ भए त्यस्तो लाभलाई लगानीको आयमा समावेश गर्नुपर्दछ ।

**९(२)(घ) लगानीका सम्बन्धमा सो व्यक्तिले प्राप्त गरेको उपहार,**

लगानीको सन्दर्भमा प्राप्त उपहारलाई लगानीको आयमा समावेश गर्नुपर्दछ ।

| |
|---|
| उदाहरण २१.४.३: मानौं, हरिसले सम्पन्न बैंक लि.मा रु.२ करोडको निक्षेप लगानी गरेका रहेछन् । कुनै आय वर्षमा बैंकले रु.१ करोडभन्दा बढी निक्षेप भएका लगानीकर्तालाई दशैंमा एक तोलाको सुनको सिक्का उपहार स्वरुप दिएको रहेछन् भने निजले प्राप्त गरेको उक्त सुनको सिक्का लगानी गरेर उपहार पाएको हुँदा, सो उपहार बजार मूल्यमा मूल्यांकन गरी लगानीको आयमा समावेश गर्नुपर्दछ । |

**९(२)(ङ) सो लगानीका सम्बन्धमा गरिएको अवकाश भुक्तानी र सो व्यक्तिको लागि अवकाश कोषमा जम्मा गरिएको रकम समेतको अवकाश योगदान,**

लगानी वापत प्राप्त हुने अवकाश भुक्तानी, जस्तै पेन्सन फण्डबाट प्राप्त हुने पेन्सन जस्ता रकमलाई समेत लगानीको आयमा समावेश गर्नुपर्दछ ।

**९(२)(च) लगानीका सम्बन्धमा कुनै प्रतिबन्ध स्वीकार गरे वापत प्राप्त गरिएका रकमहरु, र**

लगानी नगर्ने शर्तमा वा यस्तै कुनै शर्त वा बन्देजका कारण प्राप्त रकम लगानीको आयमा समावेश गर्नुपर्दछ ।

**९(२)(छ) परिच्छेद-६वा ७ वा दफा ५६ बमोजिम समावेश गरिनुपर्ने अन्य रकमहरु ।**

ऐनको परिच्छेद-६ मा उल्लेख भए बमोजिमकर प्रयोजनको लागि कुनै व्यक्तिले लेखाङ्कन तरिका विभागबाट स्वीकृति लिई परिवर्तन गरेको खण्डमा वा सोही परिच्छेदका अन्य दफामा भएको व्यवस्थाको कारणबाट लेखाङ्कन तरिका परिवर्तन भएमा परिवर्तन भएको आय वर्षमा सो व्यक्तिको आय गणना गर्दा समावेश भएको, कट्टा भएको वा समावेश हुने वा कट्टा हुने रकममा कुनै रकम नछुट्ने गरी वा दोहोरो नपर्ने गरी समायोजन गर्नुपर्नेछ ।

ऐनको परिच्छेद-७ मा उल्लेख भए बमोजिमकुनै व्यक्तिद्वारा गरिएको कारोबारको भुक्तानी नगदमा मात्रै नभई सम्पत्तिको हस्तान्तरण गरी गरिएको भुक्तानीको हकमा त्यसरी हस्तान्तरित सम्पत्तिको बजार मूल्य बराबरको रकमलाई आयमा समावेश गर्नुपर्दछ । यसरी हस्तान्तरित सम्पत्तिको मूल्य दुई पक्षबीच भएको सम्झौतामा उल्लेख गरिएको मूल्य वा किताबी मूल्यलाई आधिकारिक कारोबार मूल्य नमानी सो बखत हस्तान्तरित सम्पत्तिको बजार अनुसार यकिन गरिएको मूल्यलाई ऐनको प्रयोजनको लागि आधिकारिक मूल्य मानी आयमा समावेश गर्नुपर्दछ । यसरी गरिएको कारोबार लगानीसँग सम्बन्धित भए लगानीको आय गणना गर्दा समावेश गर्नुपर्दछ ।

ऐनको दफा ५६ अनुसार निकाय र हिताधिकारीबीचको कारोबारमा भएको सम्पत्ति वा दायित्वको निःसर्गबाट हुने लाभलाई यस खण्ड अन्तर्गत आयमा समावेश गरी विवरण भर्नुपर्दछ । यस सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १३ तथा २२ मा उल्लेख गरिएको छ ।

### २१.५ लगानीको आयमा समावेश नहुने रकम

ऐनको दफा ९ को उपदफा (३) मा लगानीको आयमा समावेश नहुने रकमका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छः

**९(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले लगानीबाट प्राप्त गर्ने मुनाफा तथा लाभको गणना गर्दा देहायका कुराहरु समावेश गरिने छैनन् :-**

**९(३)(क) दफा १०, ५४, र ६९ बमोजिम छुट पाउने रकम र अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी, र**

ऐनको दफा १० बमोजिम निम्नानुसारको रकमलाई आयमा समावेश गर्नुपर्दैन ।

**१०(क) नेपाल सरकार र कुनै विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौतामा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने कुनै व्यक्तिले प्राप्त गरेको कर छुटको रकम,**

नेपाल सरकार र अन्य कुनै पनि विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्थाको बीचमा भएको द्विपक्षीय सन्धिमा उल्लेख भए बमोजिम कर छुटको सुविधा पाउने व्यक्तिले सो सन्धिको अधीनमा रही प्राप्त गरेको रकम कर छुटको रकम हुनेछ ।

**१०(झ) नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहको जुनसुकै प्रकारको आय**

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आय सम्पूर्ण रूपमा कर छुट हुने आय मानिएको छ । तसर्थ नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई भुक्तानी गर्ने रकममा स्रोतमा कर कट्टीसमेत गर्नुपर्ने छैन । नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पुँजी लगानी वा ऋण लगानी वा प्राकृतिक स्रोतको प्रयोग गरे वापत प्राप्त लगानीजन्य भुक्तानी आयकर प्रयोजनको लागि छुट हुन्छ । यस सन्दर्भमा नेपाल सरकारको पूर्ण स्वामित्व

भएको व्यावसायिक निकाय (जस्तै, राष्ट्रिय वाणिज्य बैंक) को आय भने यस खण्डको आधारमा छुट हुने आय मानिदैन ।

**कम्पनी वा साझेदारी फर्मबाट वितरण गरिएको लाभांश**

ऐनको दफा ५४ अनुसार बासिन्दा कम्पनी वा साझेदारी फर्मबाट वितरण गरिएको लाभांशमा अन्तिम रूपमा कर कट्टी गर्ने विधिद्वारा कर लाग्ने हुँदा उक्त लाभांश आय गणना गर्ने प्रयोजनका लागि समावेश गर्नु पर्दैन । यस सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १३ मा उल्लेख गरिएको छ ।

**नियन्त्रित विदेशी निकायद्वारा वितरण हुने रकम**

नियन्त्रित विदेशी निकायद्वारा ऐनको दफा ६९ को उपदफा (१) अनुसार वितरण हुने लाभांश रकम बाहेक अन्य लाभांश आय गणना गर्ने प्रयोजनको लागि आयमा समावेश गर्नुपर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १४ मा उल्लेख गरिएको छ ।

**अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी**

अन्तिम रूपमा कर कट्टी हुने ऐनको दफा ९२ अनुसारका भुक्तानीबाट प्राप्त भएको रकमलाई आयमा समावेश गर्नुपर्दैन । जस्तैः नेपाल स्रोत भएको भुक्तानीमा कर कट्टी गरी प्राप्त गरेको लाभांश रकमलाई ऐनको दफा ९२ अनुसार अन्तिम कर कट्टी गरी भुक्तानी गरिएको रकम मानिएको हुँदा यस्तो भुक्तानी रकमलाई आयमा समावेश गर्नुपर्दैन । यस सम्बन्धमा विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १६ मा उल्लेख गरिएको छ ।

९(३)(ख) **सो व्यक्तिले रोजगारी वा व्यवसायबाट आर्जन गर्ने आयको गणना गर्दा समावेश गरिने रकम ।**

कुनै व्यक्तिको लगानी आय गणना गर्ने प्रयोजनको लागि समावेश गरिने रकम दोहोरो नपर्ने गरी सो व्यक्तिले ऐनको दफा ७ अनुसार व्यवसायको आय गणना गर्दा समावेश गरिएको आय र दफा ८ अनुसार रोजगारीको आय गणना गर्दा समावेश गरिएका आयलाई लगानीको आय गणना गर्दा समावेश गर्नु पर्दैन ।

## २१.६ कट्टी हुने रकम(Deductions)

### २१.६.१ सामान्य कट्टी

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै लगानीको आय निर्धारण गर्दा सामान्यतयाः कारोबारसँग सम्बन्धित सम्पूर्ण खर्च कट्टी दाबी गर्न पाउँनेछ । सो सम्बन्धमा ऐनको दफा १३ मा निम्नानुसारको व्यवस्था गरेको छ :

१३ **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित देहायका खर्चहरु कट्टी गर्न पाउनेछ :-**

(क) **सो आयवर्षमा भएका,**

(ख) **सो व्यक्तिबाट भएका, र**

(ग) **व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका ।**

लगानीबाट आय आर्जन गर्ने कार्यसँग सम्बन्धित सो वर्ष भएको र सो व्यक्तिले गरेको खर्च सामान्य कट्टीको रूपमा खर्च दाबी गर्न सक्ने व्यवस्था रहेको छ । माथि उल्लिखित तीनवटै अवस्था पूरा नभएको खण्डमा भने खर्च दाबी गर्न सकिदैन ।

उदाहरण २१.६.१ : मानौं, गोबिन्द नेपालले कुनै निकायमा कर्जा लगानी गरेका रहेछन् । उक्त कर्जा वापतको ब्याज उठाउने एवम् हिसाब राख्ने प्रयोजनको निमित्त आ.व.२०६४।६५ मा एक जना कर्मचारी नियुक्त गरेका रहेछन् र सो आय वर्षमा निजलाई रु.३० हजार पारिश्रमिक भुक्तानी गरेका रहेछन् । यस्तो खर्च सो आय वर्षमा लगानीको आय आर्जन गर्ने कार्यमा भएको हुँदा निजले सो पारिश्रमिक भुक्तानी आ.व.२०६४।६५ मा खर्च कट्टीदाबी गर्न सक्दछ ।

### २१.६.२ ब्याज कट्टी

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै लगानीको आय निर्धारण गर्दा सामान्यतया: कारोबारसँग सम्बन्धित ब्याज सम्पूर्ण खर्च कट्टी दाबी गर्न पाउनेछ । सो सम्बन्धमा ऐनको दफा १४ मा निम्नानुसारको व्यवस्था गरेको छ :

**१४(१) कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको देहायको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउनेछ :-**

**(क) कुनै रकम ऋण लिए वापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरीद गर्न प्रयोग गरिएको, वा**

**(ख) अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएको ।**

ऐनको दफा १४ को उपदफा (१) अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरीद गर्न प्रयोग गरिएका ऋण दायित्व वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउँनेछ ।

उदाहरण २१.६.२: मानौं, गोबिन्द नेपालले कुनै निकायमा रु.१० लाख कर्जा लगानी गरेका रहेछन् । उक्त कर्जा लगानी गर्न निजले कुनै बैंकबाट रु.५ लाख कर्जा लिएका रहेछन् । आ.व. २०६४।६५ मा निजले सो लगानी वापत रु.१ लाख २० हजार ब्याज आम्दानी गरेका रहेछन् र कर्जा वापत रु.५० हजार ब्याज भुक्तान गरेका रहेछन् । यस्तो ब्याज भुक्तानी लगानीको आय आर्जन गर्ने निजले सो वर्ष खर्च गरेको हुँदा निजले सो ब्याज भुक्तानी लगानीको आय आर्जन गर्ने कार्यसँग सम्बन्धित भएकोले आ.व.२०६४।६५ मा ब्याज खर्च कट्टीदाबी गर्न सक्दछ ।

**१४(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकायले कुनै आय वर्षमानियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई ब्याज भुक्तानी गरेमा उपदफा (१) बमोजिम कट्टी गर्न पाउने त्यस्तो ब्याज रकम देहायका रकमहरुको जम्मा भन्दा बढी हुने छैन :-**

**(क) सो निकायको करयोग्य आयको गणनामा समावेश गरिने सो वर्षमा प्राप्त गरेको सबै ब्याज रकम, र**

**(ख) सो निकायबाट प्राप्त गरिएको कुनै ब्याज समावेश नगरी वा सो निकायबाट बुझाइएको कुनै ब्याज कट्टी नगरी गणना गरिएको सो निकायको सो वर्षको समायोजित करयोग्य आयको पचास प्रतिशत रकम ।**

दफा १४ मा दिइएको स्पष्टीकरणमा कर छुट पाउने संस्थालाई निम्नानुसार स्पष्ट पारिएको छ :

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि कुनै आय वर्षको लागि "कर छुट पाउने संस्थाद्धारा नियन्त्रित बासिन्दा निकाय" भन्नाले सो वर्षमा बासिन्दा निकाय भई सो बासिन्दा निकायमा सो वर्षको कुनै समयमा देहायका व्यक्ति वा संस्थाहरुको पच्चीस प्रतिशत वा सोभन्दा बढी निहित स्वामित्व वा नियन्त्रण रहेको निकाय सम्झनु पर्छ :-

(क) कर छुट पाउने संस्था र सोसँग सम्बद्ध व्यक्ति,

(ख) सो वर्षमा दफा ११ बमोजिम कर छुट पाउने व्यक्ति वा त्यस्तो व्यक्तिसँग सम्बद्ध व्यक्ति,

(ग) गैर बासिन्दा व्यक्ति वा गैर बासिन्दा व्यक्तिसँग सम्बद्ध व्यक्ति, वा

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लिखित व्यक्तिहरुको कुनै संयोजन ।

ऐनको दफा १४ को उपदफा (२) अनुसार कर छुट पाउने संस्थाद्धारा नियन्त्रित बासिन्दा निकायले नियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई गरेको ब्याज भुक्तानी खर्च दाबी गर्दा सो निकायको करयोग्य आयको गणनामा समावेश गरिने सो वर्षमा प्राप्त गरेको सबै ब्याज रकम र सो निकायको ब्याज खर्च तथा प्राप्त ब्याज आम्दानी समावेश नभएको समायोजित करयोग्य आयको पचास प्रतिशतको योगसम्म मात्र सो वर्ष ब्याज कट्टा गर्न पाइन्छ । ऐनको दफा २ को खण्ड (कन१) मा समायोजित करयोग्य आयलाई निम्नानुसार परिभाषित गरिएको छ :

२(कन१) "समायोजित करयोग्य आय" भन्नाले कुनै व्यक्तिको कुनै आयवर्षको करयोग्य आयको गणना गर्दा दफा १२ बमोजिम कुनै रकम नघटाई तथा दफा १४ को उपदफा (२), दफा १७ वा १८ बमोजिम कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्छ ।

अर्थात, कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकायले कुनै आय वर्षमानियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई गरेको ब्याज भुक्तानी, प्रदूषण नियन्त्रण खर्च वा अनुसन्धान र विकास खर्च कट्टी दाबी गर्नुअघि एवम् चन्दा खर्च दाबी अगाडिको करयोग्य आयलाई समायोजित करयोग्य आय भनिन्छ ।

१४(३) उपदफा (२) बमोजिम कट्टी गर्न नदिएको वा नगरिएको कुनै ब्याजलाई आगामी आय वर्षमा जिम्मेवारी सार्न र खर्च भएको देखाउन पाउँनेछ ।

कर छुट पाउने संस्थाद्वारा नियन्त्रित बासिन्दा निकायले कुनै आय वर्षमानियन्त्रण गर्ने व्यक्ति वा सम्बद्ध व्यक्तिलाई गरेको ब्याज भुक्तानी ऐनको दफा १४ को उपदफा (२) मा तोकिएको सीमा भन्दा बढी भएमा यसरी बढी भएको ब्याज खर्चलाई आगामी आय वर्षमा जिम्मेवारी सार्न र खर्च दाबी गर्न पाइन्छ ।

## २१.६.३ मर्मत तथा सुधार खर्च

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै लगानीको आय निर्धारण गर्दा सामान्यतया: कारोबारसँग सम्बन्धित मर्मत तथा सुधार खर्च कट्टी दाबी गर्न पाउनेछ । सो सम्बन्धमा ऐनको दफा १६ को उपदफा (१), (२) तथा (३) मा निम्नानुसारको व्यवस्था रहेको छ :

१६(१) कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउनेछ ।

१६(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उक्त उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा उक्त आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशतभन्दा बढी हुने छैन ।

**तर हवाई यातायात सेवा उपलब्ध गराउने व्यक्तिले नेपाल नागरिक उड्डयन प्राधिकरणले निर्धारण गरेको मापदण्ड बमोजिम हवाइजहाजको परीक्षण गर्दा लागेको मर्मत सम्भार खर्चमा यस्तो सीमा लागू हुने छैन ।**

१६(३) **उपदफा (२) बमोजिमको सीमाको परिणाम स्वरुप कट्टी गर्न नपाइने मर्मत तथा सुधार वापत कुनै अधिक खर्च वा त्यसको भाग आगामी आयवर्षको सुरुमा सम्बन्धित सम्पत्तिको समूहको ह्रास आधार रकममा जोड्न पाउँनेछ ।**

ऐनको दफा १६ को उपदफा (१) अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै लगानीको आय गणना गर्दा निम्नानुसार सम्पूर्ण अवस्था पूरा भएमा मर्मत सम्भार खर्च कट्टी दाबी गर्न पाउनेछः

- सो सम्पत्ति लगानीबाट आयआर्जन गर्ने कार्यमा प्रयोग भएको,
- सो व्यक्तिको स्वामित्व भएको, र
- प्रयोग गरिएको सम्पत्ति ह्रासयोग्य भएको ।

उपदफा (२) मा तोकिए बमोजिम यसरी कट्टी दाबी गरिएको मर्मत वा सुधार खर्च सो आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशतभन्दा बढी हुनु हुँदैन ।

उदाहरण २१.६.३: मानौं, आ.व.२०६५।६६ मा गोबिन्द लामाले नेपाल व्यापार विकास प्रा.लि.लाई कार भाडामा दिएका रहेछन् र सम्झौताबमोजिम सो कारको मर्मत सुधार खर्च निजले नै गर्नुपर्ने रहेछ । सो आ.व.मा उक्त कारको मर्मत सुधार खर्च तथा सम्पत्तिको अवस्था निम्नानुसारको रहेछ :

१. सो आ.व. मा निम्नानुसार मर्मत सुधार खर्च भएको रहेछः

| | |
|---|---|
| "ग" अटोमोवाइल्स समूह | रु.१,१५,०००।- |

२. सो सम्पत्तिको ह्रास आधार (Depreciation Base) निम्नानुसार रहेछ :

| | |
|---|---|
| "ग" अटोमोवाईल्स समूह | रु.१५,००,०००।- |

३. निजले सो आय वर्षमा निम्नानुसार हुने मर्मत सुधार खर्च दाबी गर्न सक्नेछन् :

| | |
|---|---|
| "ग" अटोमोवाईल्स समूह ७ प्र.श. ले | रु.१,०५,०००।- |

४. कट्टी नहुने मर्मत सुधार खर्च (ह्रास आधारमा समावेश हुने रकम): आ.व.२०६५।६६ मा रु.१,०५,०००।-मात्र खर्च कट्टी दाबी गर्न सकिने हुँदा खर्च कट्टी नहुने रकम रु.१०,०००।- (रु.१,१५,०००–रु.१,०५,०००) आगामी आय वर्षको सुरु ह्रास आधारमा समावेश हुन्छ ।

## २१.६.४ ह्रासकट्टी खर्च

कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै लगानीको आय निर्धारण गर्दा सामान्यतयाः कारोबारसँग सम्बन्धित ह्रासकट्टी खर्च कट्टी दाबी गर्न पाउनेछ । सो सम्बन्धमा ऐनको दफा १९ को उपदफा (१) तथा (२) मा निम्नानुसारको व्यवस्था रहेको छ :

१९(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीबाट सो व्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफनो स्वामित्वमा रही प्रयोग गरेको ह्रासयोग्य सम्पत्तिको ह्रास भए वापत अनुसूची-२ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ ।**

१९(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायले सार्वजनिक पुर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजनाहरु र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गर्ने आयोजनाहरुमा जडान**

भएका संयन्त्रहरु, उपकरणहरु, र अन्य मेशिनरीहरुको ह्रास कट्टी सम्बन्धमा निम्नानुसार हुनेछ :-

(क) साविकमा जडान भई रहेका संयन्त्रहरु, उपकरणहरु र अन्य मेशिनरीहरु पुरानो वा जीर्ण भई काम नलाग्ने हुन गई सोको सट्टा नयाँ संयन्त्रहरु, उपकरणहरु र अन्य मेशिनरीहरु जडान गर्नुपर्ने भएमा यसरी जडान गरेको आय वर्षमा साविकमा जडान भएका पूरानो वा जिर्ण भई काम नलाग्ने सम्पत्तिको लागतबाट सो आयवर्षसम्मको ह्रास कट्टी घटाउदा बाँकी हुने मूल्य खर्चको रूपमा कट्टी गर्न पाउनेछ ।

(ख) खण्ड (क) बमोजिम फेरिएका पुराना सम्पत्ति बाहेकका अन्य सम्पत्तिहरुका सम्बन्धमा सो निकायले त्यस्ता आयोजना नेपाल सरकारलाई हस्तान्तरण गर्ने समयमा सो सम्पत्तिको लागतबाट हस्तान्तरण हुने आयवर्षसम्मको ह्रास कट्टी घटाउँदा मूल्य बाँकी रहन आएमा त्यस्तो बाँकी मूल्य खर्चको रूपमा कट्टी गर्न पाउनेछ ।

ऐनको दफा १९ को उपदफा (१) अनुसार कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै लगानीको आय गणना गर्दा निम्नानुसार सम्पूर्ण अवस्था पूरा भएमा ह्रास कट्टी खर्च दाबी गर्नुपर्नेछ :

- सो सम्पत्ति लगानीबाट आयआर्जन गर्ने कार्यमा प्रयोग भएको,
- सो व्यक्तिको स्वामित्व भएको, र
- प्रयोग गरिएको सम्पत्ति ह्रासयोग्य भएको ।

उपदफा (१) मा उल्लेख भए बमोजिम ह्रास कट्टी खर्च दाबी ऐनको अनुसूची-२ मातोकिए बमोजिम गर्नुपर्नेछ । सो सम्बन्धमा ऐनको अनुसूची-२ मा निम्नानुसारको व्यवस्था रहेको छ:

**१. ह्रासयोग्य सम्पत्तिको वर्गीकरण र समूहीकरण :**

ऐनको अनुसूची-२ को दफा १ बमोजिम ह्रासयोग्य सम्पत्तिको वर्गीकरण र समूहीकरण सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ:

अ.२.१(१) **ह्रासयोग्य सम्पत्तिको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-**

| <u>वर्ग</u> | <u>सम्पत्तिको विवरण</u> |
|---|---|
| "क" | भवन, स्ट्रक्चर र स्थायी प्रकृतिका यस्तै प्रकारका अन्य बनौटहरु । |
| "ख" | कम्प्यूटर, तथ्याङ्क केलाउने उपकरण, फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरु । |
| "ग" | अटोमोबाइल्स, बस तथा मिनीबसहरु। |
| "घ" | निर्माण तथा उत्खनन् सम्बन्धी उपकरणहरु र दफा १७ को उपदफा (३), दफा १८ को उपदफा (३) र यस अनुसूचीको उपदफा (३) समेत अन्य कतै समावेश नभएका ह्रासयोग्य सम्पत्तिहरु । |
| "ङ" | वर्ग "घ" मा उल्लेख भएका ह्रासयोग्य सम्पत्ति बाहेकका अदृश्य सम्पत्तिहरु । |

ह्रास खर्च गणना गर्ने प्रयोजनका लागि "क" वर्गमा स्थायी संरचना, जस्तै, भवन, Approach Road, Compound wallजस्ता सम्पत्ति समावेश गरिनुपर्दछ । निश्चित अवधिको लागि जग्गा भाडामा लिई निर्माण हुने संरचना एवम्व्यावसायिक भवनमा ठाउँ लिई निर्माण हुने संरचना भाडामा लिनेदिनेबीचको सम्झौताका आधारमा अवधि निर्धारण भएको हुन्छ । यसरी निमाण भएको संरचनाको लागत "ङ" वर्गमा समावेश गरी सो सम्झौताको अधीनमा रही ह्रास कट्टी खर्च दाबी गर्नुपर्दछ ।

अ.२.१(२) **कुनै व्यक्तिले कुनै आय वर्षमा निजको स्वामित्वमा रही व्यवसाय वा लगानीबाट आय आर्जनको लागि प्रयोग गरेको कुनै ह्रासयोग्य सम्पत्तिलाई**

पहिलो पटक स्वामित्वमा आएको वा प्रयोग भएको समयमा निम्नानुसारको समूह राख्नुपर्नेछ र सो समूहहरुलाई सो वर्षमा उक्त व्यक्तिको ह्रासयोग्य सम्पत्तिहरुको समूह मानिनेछ :

(क) सो व्यक्तिको स्वामित्वमा रहेको वा प्रयोगमा रहेको उस्तै सम्पत्तिहरुको सम्बन्धमा वर्ग “क”, “ख”, “ग” वा “घ” का ह्रासयोग्य सम्पत्ति सोही वर्गका अन्य सम्पत्तिहरुको उही समूहमा ।

अनुसूची-२ को दफा १(२)(क) बमोजिम कुनै समूह अन्तर्गतको सम्पत्ति खरीद गर्दा सोही समूहमा थप गर्नुपर्दछ । अर्थात आयकर प्रयोजनको लागि सम्पत्तिको छुट्टाछुट्टै गणना नगरी समूहमा गणना गर्नुपर्दछ ।

उदाहरण २१.६.४: मानौं, आ.व.२०६५।६६ मा मनोज कश्यपले लगानी कार्यमा प्रयोग गर्न निम्नानुसारको सम्पत्ति खरीद गरेको रहेछ ।

| सि.नं. | मिति | सम्पत्तिको विवरण | रकम रु. |
|---|---|---|---|
| १. | २०६५।४।६ | टेवल | १०,०००।- |
| २. | २०६५।५।५ | कम्प्यूटर | ६०,०००।- |
| ३. | २०६५।५।७ | साइकल | ५,०००।- |
| ४. | २०६५।६।८ | जेनेरेटर | १,००,०००।- |
| ५. | २०६५।९।१७ | दराज | १२,०००।- |
| ६. | २०६५।११।१ | मेच | १५,०००।- |
| ७. | २०६५।१२।३ | कार | १८,००,०००।- |
| ८. | २०६६।१।४ | मोटर साईकल | १,२०,०००।- |
| ९. | २०६६।३।५ | पानी तान्ने पम्प | ९,०००।- |

उक्त समूहलाई आयकर प्रयोजनको लागि छुट्टाछुट्टै गणना नगरी निम्नानुसार समूहमा गणना गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| **समुह “ख”** | | |
| २०६५।४।६ | टेवल | १०,०००।- |
| २०६५।५।५ | कम्प्यूटर | ६०,०००।- |
| २०६५।९।१७ | दराज | १२,०००।- |
| २०६५।११।१ | मेच | १५,०००।- |
| **जम्मा समुह “ख”** | | **९७,०००।-** |
| समुह “ग” | | |
| २०६५।१२।३ | कार | १८,००,०००।- |
| २०६६।१।४ | मोटर साईकल | १,२०,०००।- |
| **जम्मा समुह “ग”** | | **१९,२०,०००।-** |
| समुह “घ” | | |
| २०६५।५।७ | साईकल | ५,०००।- |
| २०६५।६।८ | जेनेरेटर | १,००,०००।- |
| २०६६।३।५ | पानी तान्ने पम्प | ९,०००।- |
| **जम्मा समुह “घ”** | | **१,१४,०००।-** |

(ख) **वर्ग "ङ" का ह्रासयोग्य सम्पत्तिको सम्बन्धमा उही वर्गको सम्पत्तिहरु भए तापनि बेग्लाबेग्लै समूहमा राख्नुपर्छ ।**

अनुसूची-२ को दफा १(२)(ख) बमोजिम वर्ग ''ङ'' का ह्रासयोग्य सम्पत्ति, जस्तै, पेटेण्ट राईट, ट्रेडमार्क आदि प्रत्येक सम्पत्तिको हैसियत फरक फरक हुने हुनाले यी सम्पत्तिलाई सोही वर्गको भए तापनि छुट्टाछुट्टै समूहमा राखी गणना गर्नुपर्दछ ।

अ.२.१(३) **व्यवसायबाट आय आर्जन गर्ने सिलसिलामा प्राकृतिक स्रोतको उत्खनन, खनिज निकाल्ने कार्य तथा सोको विकासको लागि परेको लागत सो आयसँग सम्बन्धित व्यवसायको लागि सम्पत्ति खरीद गर्दा परेको लागत सरह मानिनेछ ।**

प्राकृतिक स्रोतको उत्खनन, खनिज निकाल्ने कार्य तथा सोको विकासको लागि परेको लागतनै यस्ता कार्यको लागि आवश्यक सम्पत्ति मानिएको छ र यस्तो सम्पत्तिलाई वर्ग ''घ'' अन्तर्गत राखिएको छ ।

२. **ह्रासको दर :**

ऐनको अनुसूची-२ को दफा ३ बमोजिम ह्रासयोग्य सम्पत्तिको वर्गको आधारमा निम्नानुसारको दर प्रयोग गर्नुपर्दछ :

अ.२.३(१) **उपदफा (२) को अधीनमा रही यस अनुसूचीको दफा २ को उपदफा (२) मा उल्लिखित प्रत्येक समूहको हकमा लागू हुने ह्रासको दर देहाय बमोजिम हुनेछ :-**

| वर्ग | दर |
|---|---|
| "क" | ५ प्रतिशत |
| "ख" | २५ प्रतिशत |
| "ग" | २० प्रतिशत |
| "घ" | १५ प्रतिशत |
| "ङ" | सम्पत्ति खरीद गर्दाको बखतमा उक्त सम्पत्तिको लागतलाई सम्पत्तिको प्रयोगावधिले भाग गरी निकटतम आधा वर्षमा मिलानगरी हुन आउने दर प्रतिशतमा । |

अ.२.३(२) **यस ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरुले र ऐनको दफा ११ को उपदफा (२ख), (३च), (३थ) र अनुसूची-१ को दफा २ को उपदफा (३) मा उल्लेख गरिएका निकायले यस अनुसूचीको उपदफा (१) मा उल्लेख गरेका वर्ग "क", "ख", "ग" र "घ"मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रासकट्टीको दरमा एक तिहाइले थप पाउनेछन् ।**

ह्रास कट्टीको गणना गर्दा आय वर्षको अन्त्यमा सम्पत्तिको समूहमा रहेको ह्रास आधार रकममा ह्रास कट्टीको दरले गणना गर्नुपर्दछ । तर थप ह्रास कट्टीको व्यवस्था लगानीको सन्दर्भमा लागूहुँदैन ।

३. **ह्रास खर्च :**

ऐनको अनुसूची-२ को दफा २ बमोजिम ह्रासयोग्य सम्पत्तिको वर्गको आधारमा निम्नानुसारको दर प्रयोग गर्नुपर्दछ :

**अ.२.२(१)** **कुनै पनि व्यक्तिले कुनै आय वर्षमा सो व्यक्तिको ह्रासयोग्य सम्पत्तिका समूहहरु वापत यस दफाको उपदफा (२) र (६) बमोजिम गणना गरिएका प्रत्येक समूहमा रहेका सम्पत्तिको सो वर्षमा भएको ह्रास बराबरको खर्च कट्टी गर्न पाउनेछ ।**

**अ.२.२(२)** **कुनै व्यक्तिले आफ्नो आय वर्षमा समूहमा रहेका सम्पत्तिको ह्रास कट्टीको गणना देहाय बमोजिमको सूत्रको प्रयोग गरी निकाल्नु पर्नेछ :**

**क Xख**

**"क" भन्नाले सो आय वर्षको अन्त्यमा सम्पत्तिको समूहमा रहेको ह्रास आधार रकमलाई जनाउँनेछ,**

**"ख" भन्नाले सो समूहको हकमा लागू हुने यस अनुसूचीको दफा ३ मा उल्लिखित ह्रास कट्टी दरलाई जनाउँनेछ ।**

**अ.२.२(६)** **वर्ग "क", "ख", "ग" वा "घ" का समूहको ह्रासयोग्य सम्पत्तिहरुको ह्रास कट्टी आधार रकमबाट यस दफाको उपदफा (२) बमोजिम गणना गरिने ह्रास खर्च कटाउँदा दुईहजार रुपैयाँभन्दा कम भएमा अतिरिक्त ह्रास खर्च वापत सो बाँकी रकम सबै गणना गर्नु पर्नेछ ।**

ह्रास खर्च कटाउँदा कुनै वर्गमा रहेको सम्पत्तिको ह्रास आधारमा सो वर्गको ह्रास कट्टी दर प्रयोग गरी हुन आउने रकम दाबी गर्नुपर्नेछ । उक्त व्यवस्था तल उदाहरणमा खुलाइएको छ ।

उदाहरण २१.६.५: मानौं, गोबिन्द लामाको आ.व.२०६५।६६ को अन्त्यमा समूह "ग" को ह्रास आधार रु.१५,००,०००।- रहेछ भने सो आ.व.मा सो समूहको ह्रास खर्च निम्नानुसार गणना गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| (क) सो आय वर्षको अन्त्यमा सम्पत्तिको समूहमा रहेको ह्रास आधार रकम | = | रु.१५,००,०००।- |
| (ख) ह्रास कट्टी दर | = | २० प्रतिशत |
| ह्रास खर्च | = | क Xख |
| | = | रु.३,००,०००।- |

"क", "ख", "ग" वा "घ" का समूहको ह्रासयोग्य सम्पत्तिको ह्रास कट्टी आधार रकमबाट कुनै वर्षको ह्रास खर्च कटाउँदा दुईहजार रुपैयाँभन्दा कम भएमा अतिरिक्त ह्रास खर्च वापत सो बाँकी रकम सबै गणना गर्नुपर्छ । उक्त व्यवस्था तल उदाहरणमा खुलाइएको छ ।

उदाहरण २१.६.६: मानौं, दिनेश छतकुलीको लगानीको कारोबार रहेछ । निजको आ.व. २०६५।६६ को अन्त्यमा वर्ग "ख"को ह्रास आधार रु.२,४००।- रहेछ । सो वर्ष उक्त वर्गको दर २५% ले रु.६००।- ह्रास कट्टी गरी बाँकी रु.१,८००।- हुन्छ । उक्त रकम रु.२,०००।-भन्दा कम भएकोले सोही आ.व.मा अतिरिक्त ह्रास खर्च वापत कट्टी दाबी गर्न पर्नेछ ।

**अ.२.२(३)** **कुनै आय वर्षको अन्त्यमा वर्ग "क", "ख", "ग" वा "घ" मा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास आधार रकम देहाय बमोजिमको खण्ड (क) र खण्ड (ख) को योगबाट खण्ड (ग) को रकम घटाई कायम गर्नुपर्नेछ ।**

**तर यसरी घटाइएपछिको रकम शून्य भन्दा कम हुने छैन :-**

(क) अघिल्लो वर्षको अन्त्यको सो समूहको ह्रास कट्टीआधार रकमबाट उपदफा (२) र (६) बमोजिम गणना गरिएको सो समूहको ह्रास खर्च कट्टी गरी बाँकी हुने रकम ।

(ख) सो वर्षमा सो समूहको ह्रास कट्टी आधार रकममा सो समूहमा थपिएका सम्पत्तिको लागि गरिएको सो समूहमा थप गरेको सो आय वर्षभित्र यस अनुसूचीको उपदफा(५) बमोजिमको खर्च वा समूहमा जोडिएको खर्च ।

(ग) सो समूहको कुनै सम्पत्तिको सो वर्षमा भएको निःसर्गबाट प्राप्त कुनै रकम ।

कुनै आय वर्षको अन्त्यमा वर्ग "क", "ख", "ग" वा "घ" अन्तर्गतका समूहमा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास आधार निम्नानुसार कायम गर्नुपर्दछ :

| | | |
|---|---|---|
| क. | अघिल्लो आय वर्षको अन्त्यको सो समूहको ह्रास आधार रकमबाट सो वर्षको ह्रास कट्टी गरी बाँकी रकम रु.२,०००।- भन्दा कम भएमा सोसमेत कट्टा पछिको रकम (Opening Basis) | |
| ख. | जोड्नेः | अघिल्लो आय वर्षमा थपिएका सम्पत्ति तर दफा १९ को प्रयोजनको लागि सो आय वर्षको ह्रास आधारमा समावेश नहुने रकम |
| | | अघिल्लो आय वर्षको दफा १६, अनुसार यस आय वर्षको ह्रास आधारमा थप हुने रकम ("घ"वर्गको सम्पत्तिको हकमा दफा१७ र १८ बमोजिम थप भएका रकम समेत) |
| | | यस आय वर्षभित्र सो समूहमा थपिएका समय अनुसारको सम्पत्तिको लागत वा समूहमा जोडिएको खर्च |
| ग. | घटाउनेः | सो आय वर्षभित्र सो समूहको सम्पत्तिको निःसर्गबाट प्राप्त रकम |

अ.२.२(४) कुनै आय वर्षको अन्त्यमा वर्ग "ङ" अन्तर्गतका प्रत्येक ह्रासयोग्य सम्पत्तिको ह्रास कट्टीको आधार रकम देहाय बमोजिमको रकमको कूल योग हुनेछ :-

(क) अघिल्लो आय वर्षको अन्त्यमा समूहमा रहेका ह्रासयोग्य सम्पत्तिहरुको ह्रास कट्टीको आधार रकम, र

(ख) त्यस आर्थिक वर्षमा सो ह्रास कट्टी आधार रकममा सो समूहभित्रको सम्पत्तिको लागि उपदफा (५) बमोजिम थपिएको रकम ।

कुनै आय वर्षको अन्त्यमा वर्ग "ङ" अन्तर्गतका समूहमा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास आधार निम्नानुसार कायम गर्नु पर्दछ :

क. अघिल्लो आय वर्षको अन्त्यमा समूहमा रहेका ह्रासयोग्य सम्पत्तिको ह्रास कट्टीको आधार रकम, र

ख. त्यस आर्थिक वर्षमा सो ह्रास कट्टी आधार रकममा सो समूहभित्रको सम्पत्तिको लागि (समय अनुसार) थपिएको रकम ।

अ.२.२(५) कुनै व्यक्तिको ह्रासयोग्य सम्पत्तिको कुनै समूहमा समावेश भएको कुनै ह्रासयोग्य सम्पत्तिको लागि गरिएको लागतलाई सम्बन्धित समूहको ह्रास आधार रकममा देहाय बमोजिम जोड्नु पर्नेछ :-

(क) सो सम्पत्ति यस अनुसूचीको दफा १ बमोजिम समूहमा समावेश गरिने समय वा सो सम्पत्ति प्राप्त गर्न खर्च गरेको समयमध्ये जुन पछि आउँछ सो समयमा निम्न सूत्र अनुसार गणना गरी पहिलो मान मानी जोड्नु पर्नेछ ।

क/३ **X**ख

**यस खण्डको प्रयोजनको लागि "क" लाई देहायको अवधिको लागि देहायको मान हुनेछ :-**

(अ) **आय वर्षको सुरुदेखी पुष मसान्तसम्मको अवधिको अन्त्यको समय तीन हुनेछ,**

(आ) **माघदेखि चैत्रमसान्तबीचको अवधि दुई हुनेछ, र**

(इ) **बैशाखदेखि आय वर्षको अन्त्यसम्मको अवधि एक हुनेछ ।**

**"ख" भन्नाले सो लागत रकम जनाउँनेछ ।**

(ख) **लागतको बाँकी भाग पहिलो भाग थप गरिएको आय वर्षपछिको आय वर्षमा जोडिन्छ तर सो अवधिको बीचमा यस अनुसूचीको दफा ४ को उपदफा (२) बमोजिम उक्त समूह विघटन भएको हुनुहुदैन ।**

ह्रास आधार प्रयोजनको लागि समय अनुसार सम्पत्तिको लागतको गणना गर्दा निम्नानुसारको रकम ह्रास आधारमा जोड्नु पर्दछ,

- आय वर्षको सुरुदेखि पुष मसान्तसम्मको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागत रकम पूरै,
- माघदेखि चैत्र मसान्तबीचको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागतको दुई तिहाई रकम,
- बैशाखदेखि आय वर्षको अन्त्यसम्मको अवधिमा समावेश भएमा सो सम्पत्तिको लागतको एक तिहाई रकम,
- उपरोक्तानुसार समावेश भई बाँकी रहने लागत रकम आगामी आय वर्षको सुरु ह्रास आधारमा जोडिन्छ ।

उक्त व्यवस्था तल उदाहरणमा खुलाइएको छ ।

उदाहरण २१.६.७ः मानौं, हिमलाल डंगोलको लगानीको आय रहेछ । निजले सो कारोबारको लागि आ.व.२०६५।६६ मा रु.६०,०००।- को कम्प्यूटर खरीद गरेका रहेछन् । उक्त आ.व.को ह्रास आधार गणना गर्दा "ख" समुहको सम्पत्ति रु.६०,०००।- पर्ने कम्प्यूटर २०६५ पौष महिनाभित्रमा थप भएको रहेछ भने पूरै रकम अर्थात रु.६०,०००।- नै ह्रास आधारमा समावेश गर्न पाइन्छ । त्यस्तै सो कम्प्यूटर २०६५ माघदेखि चैत्रमसान्तसम्ममा थप भएको रहेछ भने दुई तिहाई रकम अर्थात रु.४०,०००।- तथा सो कम्प्यूटर २०६६ बैशाखदेखि आषाढ मसान्तसम्ममा थप भएको रहेछ भने एक तिहाई रकम अर्थात रु.२०,०००।- ह्रास आधारमा समावेश गर्न पाइन्छ ।

४. **ह्रासयोग्य सम्पत्तिको निःसर्ग :**

ऐनको अनुसूची-२ को दफा ४ बमोजिम ह्रासयोग्य सम्पत्तिको निःसर्गको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

अ.२.४(१) **कुनै व्यक्तिको सो आय वर्षमा व्यवसाय वा लगानीमा प्रयोग भएका ह्रासयोग्य सम्पत्ति वा सम्पत्तिहरुको निःसर्गबाट भएको आयको गणना गर्दा खण्ड (ख) भन्दा खण्ड (क) बढी भए यस्तो बढी भएजति रकम सो आयमा समावेश गर्नुपर्नेछ ।**

(क) कुनै व्यक्तिको समूहको “क”, “ख”, “ग” वा “घ” वर्गमा पर्ने कुनै आय वर्षमा निजको सो वर्ष ह्रासयोग्य सम्पत्तिको नि:सर्गबाट प्राप्त भएका आयहरु,

(ख) नि:सर्गबाट प्राप्त आयलाई समावेश नगरी यस अनुसूचीको दफा २ को उपदफा (३) बमोजिम समूहको सो वर्षको अन्त्यमा रहेको ह्रास कट्टी आधार रकम ।

सम्पत्तिको नि:सर्गवापत हुने आय सम्बन्धी अवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २१.६.८: मानौं, नेपाल व्यापार विकास प्रा.लि.को आ.व.२०६४।६५ अन्तमा वर्ग ‘‘ग’’ र ‘‘घ’’ मा निम्नानुसारको सम्पत्ति रहेछ । सो प्रा.लि.ले आ.व.२०६५।६६ माघमा रु.१,००,०००।- को मोटरसाइकल थप गरेको रहेछ ।आ.व.२०६५।६६ मा सो प्रा.लि.ले आफूसँग भएको कार रु.१७ लाख र मेशिन रु.९ लाखमा बिक्री गरेको रहेछ । मोटर साइकल दुर्घटनामा परी काम नलाग्ने भएकाले अब कुनै सम्पत्ति बाँकी रहेनछ भने सो समुहको कट्टी हुने खर्च (Outgoings) र आयमा समावेश हुने रकम (Incomings)निम्नानुसार रहन्छ ।

| समूह | ग | घ | जम्मा |
|---|---|---|---|
| वर्षको सुरुको ह्रास आधार रु. | १५,००,०००।- | १०,५०,०००।- | २५,५०,०००।- |
| यो वर्ष थप (अवधि अनुसार) रु. | १,००,०००।- | - | १,००,०००।- |
| यो वर्षको नि:सर्ग रु. | १७,००,०००।- | ९,००,०००।- | २६,००,०००।- |
| समूहमा सम्पत्ति बाँकी | छैन | छैन | |
| आयमा समावेश हुने रकम (Balancing Charge) रु. | १,००,०००।- | - | १,००,०००।- |
| विघटन हुँदाको ह्रास रु. (Terminal Depreciation) | - | १,५०,०००।- | १,५०,०००।- |
| ह्रास आधार | - | - | - |

माथि उल्लिखित अवस्थामा वर्गमा सम्पत्ति बाँकी नरहेकाले ह्रास आधारभन्दा बढी प्राप्त भएको आय (Balancing Charge)दफा ७(२)(घ) बमोजिम आयमा समावेश हुन्छ भने वर्गमा सम्पत्ति बाँकी नरहेको तर मूल्य बाँकी भएको रकम अनुसूचि-२ को दफा ४ बमोजिम ह्रास खर्च (Terminal Depreciation)पाउँदछ । वर्गका सम्पत्तिको बिक्री वर्षको सुरुमा नै नभई बीचमा वा वर्षान्तमा भएमा सो वर्गमा मर्मत खर्च भएको हुन सक्तछ ।

तर उल्लिखित अवस्थामा सम्पत्ति रहेको तर सो सम्पत्तिको वर्गमा बाँकी रकम नरहेको कारण त्यस्तो सम्पत्तिमा हुन आउने मर्मत सुधार खर्च भएमा वर्ग विघटन नभएकाले सो सम्पत्तिको ह्रास आधारमा थप हुन जान्छ र आगामी वर्ष ह्रास आधारमा समावेश गरी ह्रास खर्च दाबी गर्नुपर्नेछ ।

अ.२.४(२) कुनै व्यक्तिले कुनै आय वर्ष समाप्त हुनुभन्दा अगाडि सो व्यक्तिको ह्रासयोग्य सम्पत्तिको समूहमा रहेका सबै सम्पत्तिहरु नि:सर्ग गरेमा सो समूह विघटन भएको मानिनेछ र देहाय बमोजिम हुनेछ :-

(क) ह्रासयोग्य सम्पत्तिको समूहमा भएका सम्पत्तिको निम्न सूत्र बमोजिम ह्रास गणना गर्दा हुने ह्रास कट्टी रकम समूहको ह्रास कट्टी आधार रकमभन्दा बढी भएमा सो व्यक्तिले सो वर्षको लागि सो बढी भएजति रकम प्राप्त गरे सरह मानिनेछ ।

क - ख

वा

(ख) ह्रासयोग्य सम्पत्तिको समूहमा भएका सम्पत्तिको निम्न सूत्र बमोजिम ह्रास गणना गर्दा हुन आउने रकम समूहको ह्रास कट्टी आधार रकमभन्दा बढी भएमा सो व्यक्तिलाई सो वर्ष सो बढी भएजति खर्च रकम मिनाहा हुनेछ

ख - क

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि:-

(१) "क" भन्नाले कुनै व्यक्तिले सो सम्पत्तिको नि:सर्गबाट सो वर्ष प्राप्त गरेको वा प्राप्त गर्ने आम्दानीहरु (इनकमिङ्गस) सम्झनु पर्छ।

(२) "ख" भन्नाले खण्ड (अ), (आ) र (इ) को जम्मा रकम सम्झनु पर्छ

(अ) सो वर्षमा समूहको घट्दो प्रणालीको बाँकी मूल्य,

(आ) समूहको ह्रास आधार रकममा जोडिएका सो वर्षका खर्चहरु (आउटगोइङ्गस), र

(इ) समूहको ह्रास आधार रकममा यस अनुसूचीको दफा २ को उपदफा (५) बमोजिम आगामी वर्षमा जोडिने खर्चहरु (आउटगोइङ्गस)।

सम्पत्तिको समूहको नि:सर्गको अवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ।

उदाहरण २१.६.९: मानौं, गोबिन्द लामाको आ.व.२०६४।६५ को अन्त्यमा समूह ''ग'' मा निम्नानुसारको सम्पत्ति रहेछ। निजले आ.व.२०६५।६६ मा कुनै सम्पत्ति थप गरेको रहेनछ। आ.व.२०६५।६६ मा निजले आफूसँग भएको कार रु.१४ लाखमा बिक्री गरेको रहेछ भने सो समूहको Outgoingsर Incomings निम्नानुसार रहन्छ।

| | |
|---|---|
| (क) जम्मा समुह ''ग'' | रु.१५,००,०००।- |
| (ख) आ.ब. २०६४।६५ ह्रास आधार | रु.१५,००,०००।- |
| (ग) आ.ब. २०६४।६५ को ह्रास खर्च | रु.३,००,०००।- |
| (घ) ह्रास आधारबाट ह्रास खर्च पछिको रकम (ख-ग) | रु.१२,००,०००।- |
| (ङ) आ.ब. २०६५।६६ ह्रास आधार, समायोजन अघि (Outgoings) | रु.१२,००,०००।- |
| (च) सम्पत्ति बिक्रीबाट प्राप्त रकम (Incomings) | रु.१४,००,०००।- |
| (५) आयमा समावेश गर्नु पर्ने रकम (च-ङ) | रु.२,००,०००।- |

यसरी सो सम्पत्तिको समूहमा बाँकी रकम (Outgoings)भन्दा Incomings बढी भएको र सो समूहमा अन्य सम्पत्ति समेत नरहेको कारण त्यस्तो सम्पत्तिको समूह नि:सर्ग भएको मानिन्छ र Outgoings भन्दा Incomings बढीको रकम रु.२ लाख लगानीको आयमा समावेश गर्नुपर्नेछ।

यदि निजले सो कार रु.११ लाखमा मात्र बिक्री गरेको भए Incomingsभन्दा Outgoings रु.१ लाखले कम भएको हुँदा दफा १९ अन्तर्गत सो आ.व.मा खर्च दाबी गर्न पाउँथ्यो।

अ.२.४(३) यस अनुसूचीको प्रयोजनको लागि कुनै आय वर्षमा ह्रासयोग्य सम्पत्तिको समूहको घट्दो प्रणालीको बाँकी रहेको मूल्य भन्नाले निम्नानुसारको रकमलाई जनाउँछ :

(क) समूहको वर्ग "क", "ख", "ग" वा "घ" को हकमा, सो समूहको अघिल्लो आय वर्षको अन्त्यमा रहेको ह्रास आधार रकमबाट सो वर्षको लागि सो समूहको यस अनुसूचीको दफा २ को उपदफा (२) र उपदफा (६) बमोजिम गणना गरिएको कुनै ह्रास भए सो घटाए पछि हुने रकम,

(ख) समूहको वर्ग "ङ" को सम्बन्धमा सो समूहको अघिल्लो आय वर्षको अन्त्यमा रहेको ह्रास आधार रकमबाट सो व्यक्तिलाई यस अनुसूचीको

**दफा २ को उपदफा (१) बमोजिम कट्टी गर्न दिइएका विगतका आय वर्षहरुका सबै खर्चहरु घटाएपछि हुने रकम ।**

प्रत्येक आ.व.मा ह्रास खर्च घटाइसकेपछि कायम हुने बाँकी मूल्यलाई घट्दो प्रणालीको बाँकी रहेको मूल्य (Written Down Value) भनिन्छ । यस व्यवस्थालाई स्पष्टपार्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २१.६.१०: मानौं, गोबिन्द लामाको आ.व.२०६४।६५कोअन्त्यमा समूह "ग" मा निम्नानुसारको सम्पत्ति रहेछ ।निजले आ.व.२०६५।६६ मा कुनै सम्पत्ति थप गरेको रहेनछ ।

| | |
|---|---|
| (क) जम्मा समूह "ग" | रु.१५,००,०००।- |
| (ख) आ.व.२०६४।६५ ह्रास आधार | रु.१५,००,०००।- |
| (ग) आ.व.२०६४।६५ को ह्रास खर्च | रु.३,००,०००।- |
| (घ) घट्दो प्रणालीको बाँकी रहेको मूल्य (Written Down Value)(ख-ग) | १२,००,०००।- |

## २१.७ विदेशमा तिरेको आयकर

आयकर ऐन, २०५८ ले बासिन्दा व्यक्तिको वैदेशिक आय छ र सोमा विदेशमा आयकर तिरेको छ भने नेपालको करको औसत दरको सीमाभित्र रही वैदेशिक कर मिलान गर्न सक्ने व्यवस्था गरेको छ । तर कुनै बासिन्दा व्यक्तिले कुनै आय वर्षमा वैदेशिक आय वापत विदेशमा कर तिरेको छ भने त्यसरी तिरेको कर उक्त विदेशको आय र नेपालको आय समेत समावेश गर्दा लाग्ने करमा मिलान नगरी विदेशमा दाखिला गरेको कर रकम बराबरको रकमलाई खर्च दाबी गर्न सक्ने व्यवस्था ऐनको दफा ७१ को उपदफा (४) मा रहेको छ ।

७१(४) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आय वर्षको लागि कुनै व्यक्तिले सो वर्षमा पाउने विदेशी कर मिलानको दाबी छोडी यस्तो मिलान सुविधा उपलब्ध रहेको विदेशी आयकर वापतको रकम खर्च दाबी गर्न पनि सक्नेछ ।**

## २१.८ लगानीबाट नोक्सानी :

ऐनको दफा २० मा लगानीबाट भएको नोक्सानी निम्नानुसार कट्टी गर्न पाउने व्यवस्था रहेको छः

२०(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिमको नोक्सानी कट्टी गर्न पाउनेछ :-**

(क) **सो व्यक्तिले अन्य कुनै व्यवसायबाट ब्यहोर्नु परेको सो वर्षको कुनै कट्टी हुन नपाएको नोक्सानी, र**

(ख) **त्यस्तो व्यक्तिले कुनै व्यवसायबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी ।**

**तर सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना, विद्युत गृह निर्माण, उत्पादन तथा प्रसारण गर्ने आयोजना र नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको हकमा विगत बाह्र वर्षको कट्टी हुन नपाएको नोक्सानी ।**

कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भए

को आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले अन्य कुनै व्यवसायबाट व्यहोर्नु परेको सो वर्षको कुनै कट्टी हुन नपाएको नोक्सानी र सो व्यक्तिले कुनै व्यवसायबाट

व्यहोर्नु परेको विगत सात आय वर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाइन्छ। यस अर्थमा व्यवसायको नोक्सानी लगानीको आयमा कट्टी दाबी गर्न सकिने भएतापनि लगानीको नोक्सानी भने व्यवसायको आयबाट कट्टी दाबी गर्न सकिदैंन । त्यस्तै व्यवसाय वा लगानीबाट भएको नोक्सानी पारिश्रमिकको आयबाट घटाउन सकिदैंन । नोक्सानी समायोजन खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ।

उदाहरण २१.८.१: मानौं, गणेश सिंखडाको आ.व.२०६५।६६ मा होटल व्यवसायबाट रु.१० लाख नोक्सानी भएको रहेछ। निजले सो वर्ष एक सूचिकृत कम्पनीको शेयर बिक्री (लगानीको आय) गरेका रहेछन् र सो वापतरु.१५ लाख लाभ भएको रहेछ। निजको सो आ.व.मा शेयर नि:सर्गबाट भएको खुद लाभ गणना गर्दा होटल व्यवसायबाट भएको नोक्सानी रु.१० लाख कट्टी दाबी गरी बाँकीरु.५ लाख मात्र खुद लाभ हुने हुन्छ।

माथि उल्लिखित उदाहरणमा होटल व्यवसायबाट भएको आयबाट भने लगानीको नोक्सानी कट्टी दाबी गर्न पाइदैन।

२०(२) **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि त्यस्तो व्यक्तिले अन्य कुनै लगानीबाट व्यहोर्नु परेको उक्त वर्षको कट्टी हुन नपाएको नोक्सानी र त्यस्तो व्यक्तिको उक्त लगानी र अन्य कुनै लगानीबाट व्यहोर्नु परेको विगत सात आय वर्षहरुको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाउनेछ।**

कुनै व्यक्तिले कुनै आय वर्षमा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिले अन्य कुनै लगानीबाट ब्यहोर्नु परेको सो वर्षको कुनै कट्टी हुन नपाएको नोक्सानी र सो व्यक्तिले कुनै लगानीबाट व्यहोर्नु परेको विगत सात आय वर्षको कट्टी हुन नपाएको नोक्सानी कट्टी गर्न पाइन्छ। लगानीमा भएको नोक्सानी समायोजन खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ।

उदाहरण २१.८.२: मानौं, गणेश सिंखडाले आ.व.२०६४।६५ मा एक सूचीकृत कम्पनीको शेयर बिक्री (लगानीको आय) गरेका रहेछन् र सो वापतरु.६ लाख नोक्सान भएको रहेछ र त्यस्तो नोक्सानी सो वर्ष समायोजन हुन सकेको रहेनछ। आ.व.२०६५।६६ मा निजले एउटा जग्गा (गैर व्यावसायिक करयोग्य सम्पत्ति) रु.१ करोडमा बिक्री (लगानीको आय) गरेका रहेछन् र सो वापतरु.२० लाख लाभ भएको रहेछ। निजको सो आ.व.मा गैर व्यावसायिक करयोग्य सम्पत्तिको नि:सर्गबाट भएको खुद लाभ गणना गर्दा आ.व.२०६४।६५ मा लगानीमा भएको नोक्सानी रु.६ लाख कट्टी दाबी गरी बाँकीरु.१४ लाख मात्र खुद लाभ हुन्छ।

२०(३) **उपदफा (१) र (२) को अधीनमा रही सो उपदफाहरुको प्रयोजनका लागि कुनै व्यक्तिले विदेशी स्रोतका सम्बन्धमा व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको विदेशी स्रोतबाट भएको आयको गणना गर्दा मात्र कट्टी गर्न पाउनेछ र कुनै कर नलाग्ने आय प्राप्त गर्दा भएको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको कर नलाग्ने आयको गणना गर्दा मात्र कट्टी गर्न पाउनेछ।**

कुनै व्यक्तिले विदेशी स्रोतका सम्बन्धमा व्यहोर्नु परेको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको विदेशी स्रोतबाट भएको आयको गणना गर्दा मात्र कट्टी गर्न पाउनेछ र कुनै कर नलाग्ने आय प्राप्त गर्दा भएको कट्टी हुन नपाएको नोक्सानी सो व्यक्तिको कर नलाग्ने आयको गणना गर्दा मात्र कट्टी गर्न पाउनेछ। अर्थात कुनै व्यक्तिको पाकिस्तानमा भएको लगानीको नोक्सानी पाकिस्तानमा नै भएको लगानीको आयबाट मात्र कट्टी गर्न पाउनेछ।

२०(७) **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट व्यहोर्नु परेको नोक्सानीको गणना गर्दा यस दफाको प्रयोग नगरी सो व्यक्तिको व्यवसाय वा**

लगानीबाट भएको आय गणना गर्दा समावेश गरिने रकमहरु भन्दा कट्टी गरिने रकमहरु बढी भए यसरी बढी भए जतिको रकमको गणना गर्नु पर्नेछ ।

२०(८) कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीको आयमा पूर्णकर छुट प्राप्त गरेको भए त्यस्तो आय वर्षमा भएको नोक्सानी आगामीआय वर्षमा सारी लैजान
(क्यारी फरवार्ड) पाउने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “कट्टी हुन नपाएको नोक्सानी” भन्नाले उपदफा (१), (२) वा (४) बमोजिम कुनै व्यक्तिको आय गणना गर्दा कट्टी नगरिएको हदसम्मको नोक्सानी सम्झनु पर्छ ।

उदाहरणको लागि:


क. समावेश गरिने आय (मानौ) रु.१,००,००,०००।-

ख. कट्टी गरिने रकमहरु (मानौं) रु.१,१०,००,०००।-

ग. कट्टी हुन नपाएको नोक्सानी (ख–क) रु.१०,००,०००।-

कुनै व्यक्तिको आयमा पूर्ण कर छुट हुने रहेछ भने त्यस्तो व्यवसाय वा लगानीमा भएको नोक्सानी अन्य व्यवसाय वा लगानीको आयबाट घटाउन पाउने छैन । जस्तो, ऐनको दफा ११ बमोजिम पूर्ण कर छुट भएको व्यवसायको नोक्सानी अन्य व्यवसाय वा लगानीको आय गणना गर्दा कट्टी दाबी गर्न पाईदैन र त्यस्तो नोक्सानी Carry Forward समेत गर्न सकिदैंन ।

**नोक्सानी समायोजनका अवस्थाको चित्र**



२१.९ **घटाउन पाउने चन्दा रकम :**

आयकर ऐन, २०५८ को दफा १२ अनुसार चन्दा वापत खर्च गरिएको रकमलाई निम्नानुसार छुट दाबी गर्न सकिने व्यवस्था गरिएको छ :

**(१) कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो करयोग्य आय गणना गर्दा यस दफाको प्रयोजनको लागि विभागबाट स्वीकृति प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम घटाउन दाबी गर्न सक्नेछ ।**

**(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उक्त उपदफा बमोजिम कुनै आय वर्षमा घटाउन पाउने खर्च एक लाख रुपैयाँ वा त्यस्तो व्यक्तिको उक्त वर्षको समायोजित करयोग्य आयको पाँच प्रतिशतमध्ये जुन घटी हुन्छ त्यो भन्दा बढी हुने छैन ।**

यस व्यवस्था अन्तर्गत खर्च छुट दाबी गर्न यस्तो चन्दा खर्च विभाग (कार्यालय)बाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थालाई दिइएको हुनु पर्दछ । विशेष गरी कर छुट पाउने संस्थामा परोपकारी संस्था, धार्मिक संस्थाका साथै सामाजिक कार्य गर्ने NGO हुन सक्छन् ।

**(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै खास अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै कार्यको लागि कुनै व्यक्तिले खर्च गरेको वा चन्दा दिएको रकम सो व्यक्तिको आय निर्धारण गर्दा खर्च वापत पूर्ण वा आंशिक रूपमा कट्टी गर्न पाउने गरी तोक्न सक्नेछ ।**

ऐनको दफा २ को खण्ड (कन१) अनुसार समायोजित करयोग्य आय भन्नाले कुनै व्यक्तिको कुनै आय वर्षको करयोग्य आयको गणना गर्दा दफा १२ बमोजिम चन्दा रकम नघटाई तथा दफा १४ को उपदफा (२) को ब्याज, दफा १७ को प्रदूषण नियन्त्रण खर्च वा १८ बमोजिम अनुसन्धान र विकास खर्च कट्टी नगरी गणना गरिएको करयोग्य आय सम्झनु पर्दछ । दफा १४(२) बमोजिमको ब्याज, दफा १७ बमोजिमको प्रदुषण नियन्त्रण खर्च र दफा १८ बमोजिमको अनुसन्धान र विकास खर्च नभएका करदाताका लागि निर्धारणयोग्य आयबाट कुनै अवकाश योगदान भए घटाई आउने रकम नै समायोजित करयोग्य आय हुन्छ ।

२१.१० **सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्च**

ऐनको दफा १२क. मा सम्पदा संरक्षण र खेलकूदको विकासमा गरेको खर्चका दाबी गर्ने सन्दर्भ निम्नानुसारको व्यवस्था गरेको छ :

**१२क. कुनै कम्पनीले कुनै आय वर्षमा विभागको पूर्व स्वीकृति लिई नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा गरेको खर्चमध्ये दश लाख रुपैंयाँसम्मको रकम वा निर्धारणयोग्य आयको दश प्रतिशतले हुने रकममध्ये जुन घटी हुन्छत्यस्तो रकम आफ्नो उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउने दाबी गर्न सक्नेछ ।**

नेपालभित्र रहेका प्राचीन, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन गर्ने वा खेलकूदको सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा कुनै कम्पनीले गरेको खर्च निम्न आधारमा निर्धारणयोग्य आयबाट घटाई पाउँन दाबी गर्न सक्छ:

क. **विभागबाट पूर्व स्वीकृति लिनु पर्ने:** यसरी स्वीकृति माग्दा खर्च गर्ने प्रयोजन, खर्च गर्ने अनुमानित रकम, खर्च गर्ने समयसीमाएवम् खर्च गर्ने प्रक्रिया (जस्तैः सम्बन्धित निकायमा सिधा भुक्तानी गर्ने, आफै गर्ने वा ठेक्का मार्फत गर्ने) खोली खर्च गर्ने कम्तीमा ७ दिन अगाडि सम्बन्धितकार्यालय मार्फत विभागमा निवेदन दिनुपर्दछ । निवेदन उपर कार्यालयले निर्णय गरी करदातालाई निर्णयको जानकारी दिएको हुनुपर्दछ ।

ख. **खर्च गर्न सक्ने सीमा:** यस प्रयोजनकोलागि रु.१० लाखमा नबढ्ने गरी वा निर्धारणयोग्य आयको १० प्रतिशत भन्दाबढी हुन नहुने ।

**२१.११ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च :**

ऐनको दफा १२ख. मा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम खर्च कट्टी गर्न पाउने सन्दर्भमा देहायको व्यवस्था छ :

**प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको खर्च : कुनै व्यक्तिले कुनै आय वर्षमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र नेपाल सरकारले स्थापना गरेको पुनर्निर्माण कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा घटाउन सक्नेछ ।**

**२१.१२ स्टार्ट अप व्यवसायलाई दिएको बीउ पुंजी :**

ऐनको दफा १२ग. मा स्टार्ट अप व्यवसायलाई दिएको बीउ पुंजीरकम खर्च कट्टी गर्न पाउने सन्दर्भमा देहायको व्यवस्था छ :

**स्टार्ट अप व्यवसायलाई दिएको बीउ पुंजी: कुनै व्यक्तिले सम्बद्ध व्यक्ति बाहेकका बढीमा पाँच वटा स्टार्ट अप व्यवसायलाई प्रति व्यवसाय एक लाख रुपैयाँसम्मको बीउ पुंजी अनुदान स्वरुप उपलब्ध गराएमा सो रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ ।**

**२१.१३ घटाउन पाउने अवकाश योगदान रकम :**

ऐनको दफा ६३(२) अनुसार प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा स्वीकृत अवकाश कोषमा गरेको अवकाश योगदान आयबाट घटाई पाउन दाबी गर्न सक्नेछ । तर दफा ६३(३) एवम् नियम २१ बमोजिम रु.३ लाख वा निजको निर्धारण योग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो कर योग्य आयबाट घटाउन सक्नेछ । तर स्वीकृति प्राप्त नगरेका अवकाश कोषमा गरेको योगदान भने आयबाट घटाई पाउन दाबी योग्य हुँदैन ।यसैगरी योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्नेको हकमा नियम २१ बमोजिम रु.५ लाख वा निजको निर्धारण योग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो कर योग्य आयबाट घटाउन सक्नेछ ।

**२१.१४ बोनस खर्च कट्टी :**

**बोनस खर्च कट्टीका बिषयमा यस निर्देशिकाको परिच्छेद १८.१३ मा उल्लेख गरिए बमोजिम नै गर्नु पर्दछ ।**

**२१.१५ कट्टी गर्न नपाउने खर्च :**

सामान्यतया: आयकर ऐन, २०५८ मा लगानीको आय गणना गर्दा सो लगानीको निमित्त सो व्यक्तिले गरेको आय आर्जनसँग सम्बन्धित खर्च कट्टी दाबी गर्न पाउने व्यवस्था भए पनि ऐनको दफा २१ मा केही विशेष व्यवस्था अन्तर्गत कट्टी दाबी गर्न नपाउने खर्च रहेको र सो सम्बन्धी प्रावधान तल खुलाइएको छ :

२१(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई कुनै आय वर्षमा कुनै व्यवसाय, रोजगारी वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहायको खर्च वा रकम कट्टी गर्न पाइने छैन :-

(क) घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च,

(ख) यस ऐन बमोजिम बुझाउनुपर्ने कर र कुनै देशको सरकार तथा सोको कुनै पनि स्थानीय निकायलाई कुनै कानुन वा सो कानुन अन्तर्गत बनेको कुनै नियम, विनियमको उल्लंघन गरे वापत बुझाइएको जरिबाना र यस्तै अन्य शुल्क,

तर प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चको रूपमा कट्टी गर्न पाइनेछ।

(ग) दफा १० बमोजिम छुट पाउने रकमहरु प्राप्त गर्न कुनै व्यक्तिबाट खर्च गरिएको हदसम्मका वा अन्तिम रूपमा कर कट्टी गरिएका रकमहरु प्राप्त गर्न गरिएका खर्चहरु,

(घ) उपदफा (२) मा लेखिएको भुक्तानी वापतको खर्च,

(घ१) पटके प्रकृतिको तीन हजार रुपैयाँसम्मको ज्याला भुक्तानी बाहेक स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च,

(घ२) स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँभन्दा बढीको बीजक वापतको खर्च**,**

तर व्यावसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरीदमा बिक्रेताले स्थायी लेखा नम्बर लिएको रहेनछ भने पनि त्यस्तो खरीद खर्च मान्य हुनेछ।

(ङ) कुनै निकायबाट गरिएको मुनाफाको वितरण, वा

(च) यस परिच्छेद वा परिच्छेद६, ७, १०, ११, १२ वा १३ बमोजिम प्रदान गरिएका बाहेक खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा खर्च कट्टी गर्न नपाउने भनी नभनिएको भए तापनि यस्ता अन्य कुनै रकमहरु।

२१(२) कुनै आय वर्षमा बीस लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले देहायका अवस्थामा बाहेक सो आय वर्षमा एक पटकमा पचास हजार रुपैयाँभन्दा बढीको नगद भुक्तानी गरेमा सो कट्टी गर्न पाउनेछैन :-

(क) नेपाल सरकार, संवैधानिक निकाय, नेपाल सरकारको स्वामित्व भएको संस्थान वा बैंक वा वित्तीय संस्थालाई गरिएको भुक्तानी,

(ख) प्राथमिक कृषि पैदावार उत्पादन गर्ने कृषक वा उत्पादकलाई भुक्तानी गर्दा र त्यस्तो पैदावारको प्राथमिक प्रशोधन भइसकेको भए पनि कृषक आफैले प्रशोधन गरी भुक्तानी पाएको भए सो रकम,

(ग) अवकाश योगदान वा अवकाश भुक्तानी वापतको भुक्तानी,

(घ) बैकिङ्ग सेवाहरु उपलब्ध नभएको स्थानमा गरिएको भुक्तानी,

(ङ) बैकिङ्ग सेवा बन्द भएको दिनमा गरिएको भुक्तानी वा नगदमा नै गर्नुपर्ने कुनै अपरिहार्य बाध्यता भएको भुक्तानी, वा

(च) भुक्तानी पाउने व्यक्तिको बैंक खातामा जम्मा गरिएको रकम ।

२१(३) दफा १४, १५, १६, १७, १८, १९, २० र ७१ का व्यवस्थाहरूको अधीनमा रही पुँजीगत प्रकृतिको खर्च वा विदेशी आयकर वापत कुनै पनि रकम कट्टी गर्न पाइने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि, -

(क) "घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च" भन्नाले देहायका खर्चहरु सम्भन्नु पर्छ :-

(१) कुनै प्राकृतिक व्यक्तिको निजी खर्च, ऋण लिएकोमा व्यक्तिगत प्रयोग भएको हदसम्मको ऋण वापतको ब्याज समेत देहायका खर्चहरु :-

(क) बासस्थान, खाना, खाजा, मनोरञ्जन वा आमोदप्रमोदका अन्य क्रियाकलापहरु उपलब्ध गराउने समेतका प्राकृतिक व्यक्तिको लागि भएका खर्च,

(ख) व्यवसाय वा लगानीको सिलसिलामा आवतजावत गर्ने बाहेक प्राकृतिक व्यक्तिले घरबाट व्यवसाय वा लगानी सञ्चालन गरिने स्थानमा आवतजावत गरे वापतको खर्च,

(ग) काम गर्दाको समयबाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगाबाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरीद गर्न भएको खर्च, र

(घ) शिक्षा वा तालिमको लागि गरिएको खर्च ।

तर कुनै डिग्री वा डिप्लोमा हासिल नहुने किसिमका व्यवसाय वा लगानीसँग प्रत्यक्ष रूपले सम्बन्धित शिक्षाको लागिमात्र गरिएको खर्च कट्टी गर्न पाइनेछ ।

(२) देहायका अवस्थाहरु तथा सोको हदसम्म बाहेक कुनै व्यक्तिले कुनै प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको सम्बन्धमा लागेका खर्चहरु र तेस्रो व्यक्तिको लागि गरिएको खर्चहरु :-

(क) प्राकृतिक व्यक्तिको आयको गणना गर्दा सो भुक्तानीलाई समावेश गरिएको भएमा,

(ख) प्राकृतिक व्यक्तिले आफूले पाएको भुक्तानीको बजार मूल्य बराबरको सो व्यक्तिलाई प्रतिफलस्वरुप फिर्ता भुक्तानी गरेको भएमा,

(ग) हिसाब राख्न कठिन हुने वा प्रशासनिक रुपले अव्यावहारिक हुने तोकिएबमोजिमका सानातिना रकमको भुक्तानी भएमा ।

(ख) "बैकिङ्ग सेवा उपलब्ध स्थान" भन्नाले कुनै स्थान विशेषको दश किलोमिटर क्षेत्रभित्र बैकिङ्ग सेवा उपलब्ध भएकोमा सो स्थानलाई बैकिङ्ग सेवा उपलब्ध स्थान सम्भन्नु पर्छ ।

(ग) "नगद भुक्तानी" भन्नाले बैंक वा वित्तीय संस्था मार्फत प्रतितपत्र, एकाउण्टपेयी चेक, ड्राफ्ट, धनादेश, टेलिग्राफिक ट्रान्सफर, मनी

ट्रान्सफर(हुण्डी) द्वारा बैंक खातामा जम्मा हुने गरी गरिएको भुक्तानी र बैंक वा वित्तीय संस्थाबीच अन्य कुनै किसिमबाट गरिएको स्थानान्तरण बाहेकका भुक्तानी सम्झनु पर्छ ।

(घ) "पुँजीगत प्रकृतिको खर्च" भन्नाले देहाय बमोजिमका खर्च सम्झनु पर्छ :-

(१) प्राकृतिक स्रोतको सम्भाव्यता अध्ययन, अन्वेषण र विकासका सम्बन्धमा लागेको खर्च,

(२) बाह्र महिनाभन्दा बढी लाभप्रद आयु भएको कुनै सम्पत्ति प्राप्त गर्दा लागेको खर्च, वा

(३) दायित्वको नि:सर्ग गर्दा लागेको खर्च ।

ऐनको दफा २१ अनुसार कुनै व्यक्तिलाई कुनै आय वर्षमा कुनै लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि देहायको खर्च वा रकम कट्टी गर्न पाइने छैन :-

- घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च,
  - (क) "घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च" भन्नाले देहायका खर्च सम्झनु पर्छ :-

    कुनै प्राकृतिक व्यक्तिको निजीखर्च, ऋण लिएकोमा व्यक्तिगत प्रयोग भएको हद सम्मको ऋण वापतको ब्याज समेत देहायका खर्च :-

    (क) बासस्थान, खाना, खाजा, मनोरञ्जन वा आमोदप्रमोदका अन्य क्रियाकलाप उपलब्ध गराउने समेतका प्राकृतिक व्यक्तिको लागि भएका खर्च,

    (ख) लगानीको सिलसिलामा आवत जावत गर्ने बाहेक प्राकृतिक व्यक्तिले घरबाट लगानी सञ्चालन गरिने स्थानमा आवत-जावत गरेवापतको खर्च,

    (ग) काम गर्दाको समय बाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगाबाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरीद गर्न भएको खर्च, र

    (घ) शिक्षा वा तालिमको लागि गरिएको खर्च ।

    तर कुनै डिग्री वा डिप्लोमा हासिल नहुने किसिमका लगानीसँग प्रत्यक्ष रूपले सम्बन्धित शिक्षाको लागि मात्र गरिएको खर्च कट्टी गर्न पाइनेछ ।
- यस ऐन बमोजिम बुझाउनुपर्ने कर र कुनै देशको सरकार तथा सोको कुनै पनि स्थानीय निकायलाई कुनै कानुन वा सो कानुन अन्तर्गत बनेको कुनै नियम, विनियमको उल्लंघन गरेवापत बुझाइएको जरिबाना र यस्तै अन्य शुल्क,
- कर छुट पाउने आय प्राप्त गर्न गरिएको खर्च वा अन्तिम रूपमा कर कट्टी गरिएका रकम प्राप्त गर्न गरिएका खर्च,
- कुनै आय वर्षमा बीस लाख रुपैयाँभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले ऐनमा तोकिएको अवस्थामाबाहेक एक पटकमा पचास हजार रुपैयाँ भन्दा बढीको नगद भुक्तानीवापतको खर्च,
- कुनै निकायबाट गरिएको मुनाफाको वितरण,
- दफा १४, १५, १६, १७, १८, १९, २० र ७१ को अधीनमा रही पुँजीगत प्रकृतिको खर्च वा विदेशी आयकरवापत कुनैपनि रकम कट्टी गर्न पाइदैंन ।

- दफा २१(१)(च) मा ऐनको कुनै दफाले स्पष्ट रूपमा खर्च कट्टी गर्न नपाउने भनी नभनिएको भए तापनि यस्ता अन्य कुनै रकम समेत खर्च कट्टी गर्न पाइने छैन ।

# परिच्छेद २२

# सम्पत्ति वा दायित्वको निःसर्गबाट हुने लाभको निर्धारण

# (Gain on Disposal of Asset and Liability)

२२.१ आयकर ऐन, २०५८ मा व्यक्तिको सम्पत्ति तथा दायित्वको निःसर्ग भएको खण्डमा हुने खुद लाभलाई आयमा समावेश गरिनुपर्ने व्यवस्था रहेको छ । व्यक्तिको कारोबारको प्रकृतिको आधारमा यस्तो आय व्यवसाय वा लगानीको हुन सक्दछ । ऐनको परिच्छेद ८ मा सम्पत्ति तथा दायित्व निःसर्गका अवस्था र यस्ता निःसर्गसँग सम्बन्धित आम्दानी (Incomings)र खर्च (Outgoings)का विभिन्न अवस्था खुलाइएको छ । निर्देशिकाको यस परिच्छेदमा सम्पत्ति वा दायित्वको निःसर्गबाट हुने लाभ एवम् खुद लाभ (Net Gain) का अवधारणा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा कतिपय निःसर्गमा तत्काल आयकर प्रयोजनको निमित्त आम्दानी वा खर्च नहुने भएतापनि त्यस्ता कारोबार वा हस्तान्तरणको आम्दानी (Incomings)र खर्च (Outgoings)गणना गर्नुपर्ने अवस्था समेत खुलाइएको छ । जस्तै, पति पत्नी बीचमा हुने हस्तान्तण, प्राकृतिक व्यक्तिको मृत्यू पश्चात हुने हस्तान्तरण आदि समेत खुलाइएको छ । यसरी सम्पत्ति एवम् दायित्वका निःसर्ग वा निःसर्ग मानिने विविध अवस्था खुलाई व्याख्या गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

## २२.२ मुख्य परिभाषा


निर्देशिकाको यस परिच्छेदमा महत्वपूर्ण मानिएका केही शब्दावलीको परिभाषा तल उल्लेख गरिएको छ :

### २२.२.१ सम्पत्ति

सम्पत्ति शब्दले कुनैपनि किसिमको मूर्त वा अमूर्त सम्पत्ति (मुद्रा, ख्याति, प्रविधि ज्ञान, जायजेथा, कुनै व्यक्तिको विदेशी शाखामा रहेको स्वामित्व वा हित, आम्दानी गर्ने वा भविष्यमा आम्दानी प्राप्त गर्ने अधिकार र कुनै त्यस्तो सम्पत्तिको कुनै भाग समेत) लाई जनाउँछ । ऐनको दफा २(कध) ले सम्पत्तिलाई निम्नानुसार परिभाषित गरेको छ :

२(कध)"**सम्पत्ति" भन्नाले कुनै पनि किसिमको मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ र सो शब्दले मुद्रा, ख्याति, प्रविधि ज्ञान, जायजेथा, कुनै व्यक्तिको विदेशी शाखामा रहेको स्वामित्व वा हित, आम्दानी गर्ने वा भविष्यमा आम्दानी प्राप्त गर्ने अधिकार र कुनै त्यस्तो सम्पत्तिको कुनै भाग समेतलाई जनाउँछ ।**

सम्पत्तिको अवस्था एवम् आयकर प्रयोजनको निमित्त ती सम्पत्तिको सामान्य कारोबार तथा निःसर्गमा हुने व्यवस्था तलको चित्रबाट प्रष्ट पारिएको छ ।



| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| नि:सर्ग हुँदा गरिने व्यवहार | प्राप्त रकम आयमा समावेश गरिने, दफा ७(२) (ख), व्यापारिक मौज्दातको लागत खर्च बापत कट्टा गरिने, दफा १५ | अनुसूची-२ को ४(२)क अनुसार ह्रासकट्टी आधारभन्दा बढी भएको आय (दफा ७ (२) (घ) वा ९ (२)(ग) अन्तर्गत आयमा समावेश गरिने | खुद लाभलाई आय मानिने दफा ७ (२) (ग) खुद नोक्सान बापत खर्च व्यवसायको आयबाट कट्टा गर्न नपाइने र आगामी वर्ष सार्न सकिने, दफा ३६(२) | खुद लाभलाई आय मानिने दफा ९ (२)(ख) खुद नोक्सान बापत खर्च पुँजीगत लाभको गणना बाहेकमा कट्टा गर्न नपाइने र आगामी वर्ष सार्न सकिने | प्राकृतिक व्यक्तिको मात्र हुने हुँदा आयकर मा कुनै असर पार्दैन |

### २२.२.२ व्यापारिक मौज्दात

ऐनको दफा २ (कञ) मा व्यापारिक मौज्दातलाई निम्नानुसार परिभाषित गरेको छ:

**२(कञ) "व्यापारिक मौज्दात" भन्नाले कुनै व्यक्तिको स्वामित्वमा रहेको निजद्वारा सञ्चालित नियमित व्यवसायको क्रममा बिक्री गरिने सम्पत्ति, कार्य प्रगतिमा रहेको सम्पत्ति र सम्पत्तिमा समाविष्ट हुने सामाग्रीहरुको मौज्दात सम्झनु पर्छ।**

**तर यस शब्दले विदेशी मुद्रामा रहेको सम्पत्तिलाई जनाउँने छैन।**

व्यवसायमा प्रत्यक्ष वा अप्रत्यक्ष्य रूपमा बिक्रीको प्रयोजनको लागि राखिएका सम्पत्तिलाई व्यापारिक मौज्दात भनिन्छ । व्यक्तिको व्यवसायको आधारमा यस्तो वस्तुको उदाहरण फरकफरक हुन सक्दछ । जस्तै, फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यक्तिको लागि भने ह्रासयोग्य सम्पत्ति मानिन्छ ।

### २२.२.३ ह्रासयोग्य सम्पत्ति

ऐनको दफा २ (कर) मा ह्रासयोग्य सम्पत्तिलाई निम्नानुसार परिभाषित गरेको छ:

**२(कर)"ह्रासयोग्य सम्पत्ति" भन्नाले कुनै व्यवसाय वा लगानीमा आय आर्जनको लागि प्रयोग गरिएका टुटफुट, पूरानो हुंदै गएको वा समय व्यतीत हुदै गएको कारणबाट मूल्यमा ह्रास हुने सम्पत्ति सम्झनु पर्छ।**

**तर यस शब्दले व्यापारिक मौज्दातलाई जनाउँने छैन।**

समय एवम् उपभोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति मानिन्छ । व्यक्तिको व्यवसायको प्रकृतिको आधारमा यस्तो वस्तुको उदाहरण फरकफरक हुन सक्दछ । जस्तै: फर्निचर किनबेच गर्ने व्यक्तिको लागि फर्निचर व्यापारिक मौज्दात हुन्छ भने अन्य व्यवसाय वा लगानीमा त्यसको प्रयोग भएको छ भने सो ह्रासयोग्य सम्पत्ति मानिन्छ । सामान्यतया: समय एवम् उपयोगका आधारमा खर्च वा टुटफुट भएर जाने सम्पत्तिको उपभोग गरी आय आर्जन गर्ने कार्य भएको छ भने त्यस्तो सम्पत्तिलाई ह्रासयोग्य सम्पत्ति भनिन्छ ।

### २२.२.४ व्यावसायिक सम्पत्ति

ऐनको दफा २ (कट) मा व्यावसायिक सम्पत्तिलाई निम्नानुसार परिभाषित गरेको छ:

**२(कट)"व्यावसायिक सम्पत्ति" भन्नाले कुनै व्यवसायमा प्रयोग गरिएको कुनै सम्पत्ति सम्झनु पर्छ।**

**तर यस शब्दले व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिलाई जनाउँने छैन ।**

व्यावसायिक सम्पत्तिमा व्यापारिक मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्तिबाहेक अन्य व्यवसायको स्वामित्वमा रहेको र त्यसको अधिकार स्थापित भएका सम्पत्ति, जस्तै, जग्गा, लिनुपर्ने रकम, पेश्की हिसाब, नगद तथा बैंक मौज्दात आदि पर्दछन् । व्यावसायिक सम्पत्ति तथा अन्य सम्पत्तिको तुलनात्मक अवस्था यसै परिच्छेदको बुँदा २२.२.१ मा उल्लिखित सम्पत्तिका प्रकार (Category) दर्शाउने व्याख्या चित्रबाट समेत स्पष्ट पारिएको छ ।

### २२.२.५ गैर व्यावसायिक करयोग्य सम्पत्ति

ऐनको दफा २ को खण्ड (द) मा गैर व्यावसायिक करयोग्य सम्पत्तिलाई निम्नानुसार परिभाषित गरिएको छ :

**२(द) "गैर व्यावसायिक करयोग्य सम्पत्ति" भन्नाले देहायका सम्पत्ति बाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छ :-**

**(१) व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,**

**(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवन,**

**(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको र**

**(ख) सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कुल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको,**

**स्पष्टीकरणः यस उपखण्डको प्रयोजनको लागि निजी भवन भन्नाले भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ ।**

**(३) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,**

**(४) कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँ भन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा तथा निजी भवन वा**

**(५) तीन पुस्ताभित्र भएको खरिद, बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्ग गरेको सम्पत्ति ।**

गैर व्यावसायिक करयोग्य सम्पत्तिमा सामान्यतयाः जग्गा, भवन तथा कुनै निकायमा रहेको हित (जस्तै, शेयर, डिवेञ्चर, आदि) पर्दछन् भने सुन, चाँदी, मोटर आदि अन्य सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्तिमा पर्दैनन् ।

- व्यावसायिक सम्पत्ति अर्थात व्यावसायिक प्रयोजनमा उपभोग भएका सम्पत्ति अन्तर्गत ह्रासयोग्य (Depreciable)सम्पत्ति (जस्तै, भवन, मेशिनरी, गाडी, आदि) तथा गैर ह्रासयोग्य (Non-depreciable)सम्पत्ति (जस्तै, जग्गा, शेयर, आदि) पर्दछन् । तर व्यवसायको आय आर्जन गर्ने कार्यमा प्रयोग नभएको अर्थात सो व्यक्तिले धारण मात्र गरेको गैर ह्रासयोग्य सम्पत्ति {जस्तै जग्गा, शेयर (Hold for Trading बाहेक)} भने गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिने छन् । यस बाहेक व्यापारिक मौज्दात (Stock in Trade)अर्थात बिक्रीको प्रयोजनको लागि धारण गरिएको सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैन ।

- कुनै प्राकृतिक व्यक्तिको अविच्छिन्न (लगातार) दश वर्ष वा सो भन्दा बढी स्वामित्व (Ownership) रहेको र सो व्यक्तिले अविच्छिन्न वा पटकपटक गरी कुल दश वर्ष वा सोभन्दा बढी बसोबास गरेको निजी भवन (Personal House) लाई व्यक्तिगत सम्पत्ति मानिएको छ । कुनै व्यक्तिको निजी भवन गैर व्यावसायिक करयोग्य सम्पत्ति नमानिने सो व्यक्तिले सो भवन अविच्छिन्न दश वर्ष वा सो भन्दा बढी आफ्नो स्वामित्व

(Ownership) मा राखेको हुनुपर्ने र सो व्यक्ति त्यस्तो भवनमा अविच्छिन्न वा पटक पटक गरी दश वर्ष वा सो भन्दा बढी बसोबास गरेको (दुवै अवस्था पूरा गरेको) हुनु अनिवार्य रहेको छ ।

- कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँभन्दा कम मूल्यमा नि:सर्ग (Disposal)गरेको जग्गा तथा निजी भवन पनि गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिदैन । जग्गा भएको भवनका हकमा जग्गाको क्षेत्रफल भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनीमध्ये जुन घटी हुन्छ सोलाई बुझाउँछ ।

- तीन पुस्ताभित्र भएको खरिद बिक्रीबाहेक अन्य किसिमले हस्तान्तरण गरी नि:सर्ग गरेको सम्पत्ति । अन्य किसिमले हस्तान्तरण भन्नाले सामान्तयाः अंशबण्डा, अपुताली, बकसपत्र, आदि पर्दछ । तीन पुस्ताबाहेक अन्यबाट बकसपत्र जस्ता प्रक्रियाबाट हस्तान्तरण गरिएको सम्पत्तिको हकमा भने त्यस्ता सम्पत्तिलाई गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ । त्यस्तै, तीन पुस्ताभित्र भए पनि सामान्य रूपमा खरिद बिक्री भएमा भने त्यस्ता सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्ति मानिन्छ ।

गैर व्यावसायिक करयोग्य सम्पत्ति सम्बन्धी उदाहरणसहितको व्याख्या यसै निर्देशिकको परिच्छेद २ मा गरिएको छ ।

### २२.२.६ नि:सर्ग (डिस्पोजल)

ऐनको दफा २ (य) मा नि:सर्ग (Disposal)लाई निम्नानुसार परिभाषित गरेको छः

२(कय) **"नि:सर्ग (डिस्पोजल)" भन्नाले दफा ४० मा उल्लेख भए बमोजिम कुनै सम्पत्ति वा दायित्वको बिक्री वा हस्तान्तरण समेतको नि:सर्ग सम्झनु पर्छ ।**

सम्पत्तिको हकमा, बिक्री वा किस्ताबन्दीमा बिक्री गरी, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, नासिई, हराई, अंशबण्डा वा हक हस्तान्तरण गरी, साटासाट गरी वा कुनै तवरबाट आफ्नो स्वामित्व हट्ने माध्यमलाई सम्पत्तिको नि:सर्ग (Disposal) भएको मानिन्छ । त्यस्तै, दायित्वको हकमा, दायित्व भुक्तान गरी, दायित्वबाट मुक्त भई, अन्य सम्पत्ति वा दायित्वमा गाभिई, दायित्व रद्द भई वा कुनै पनि माध्यमबाट दायित्व मुक्त भएको खण्डमा दायित्वको नि:सर्ग (Disposal) मानिन्छ ।

- ऐनको दफा ४० को उपदफा (१) बमोजिम कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको नि:सर्ग गरेको मानिनेछ । सो अनुसार, निम्न कार्यलाई समेत सम्पत्तिको नि:सर्ग गरेको मानिनेछः-
    - सम्पत्तिको वितरण गरिनु ,
    - सम्पत्ति अन्य सम्पत्ति वा दायित्वमा गाभिनु,
    - किस्ताबन्दी बिक्रीको माध्यमबाट बिक्री गर्नु वा वित्तीय पट्टा अन्तर्गत कुनै अर्को व्यक्तिलाई पट्टामा दिइनु,
    - रद्ध गरिनु, विनास हुनु,
    - हराउनु,
    - म्याद सकिनु वा समर्पण गरिनु जस्ता कार्य ।

- ऐनको दफा ४० को उपदफा (२) बमोजिम कुनै व्यक्ति कुनै दायित्वको भारबाट हटेमा निजले सो दायित्वको नि:सर्ग गरेको मानिनेछ । सो अनुसार निम्न कार्यलाई समेत दायित्वको नि:सर्ग गरेको मानिनेछः-

- दायित्व फछ्र्यौट हुनु,
- दायित्व रद्ध हुनु,
- दायित्व मुक्त हुनु,
- दायित्व समापन हुनु वा अर्को दायित्व वा सम्पत्तिमा गाभिनु जस्ता कार्य ।

- ऐनको दफा ४० को उपदफा (३) खण्ड (क) बमोजिम प्राकृतिक व्यक्तिको सम्बन्धमा सो व्यक्तिको मृत्युको तत्काल अघि कुनै सम्पत्ति वा दायित्व निःसर्ग गरेको मानिनेछ ।

- ऐनको दफा ४० को उपदफा (३) खण्ड (ख) बमोजिम कुनै सम्पत्तिको सम्बन्धमा सो सम्पत्ति बापतका आम्दानीको योग सो सम्पत्तिबापतका खर्चको योगभन्दा बढी भएमा सो सम्पत्ति निःसर्ग गरेको मानिनेछ ।

- ऐनको दफा ४० को उपदफा (३) खण्ड (ग) बमोजिम ऋण दाबीको सम्बन्धमा तोकिए बमोजिमका मापदण्ड अनुसार खराब ऋण हुन पुगेकोमा निःसर्ग भएको मानिन्छ ।

- ऐनको दफा ४० को उपदफा (३) खण्ड (घ) बमोजिम कुनै व्यक्तिले व्यावसायिक सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापार मौज्दातको किसिम फेरिने गरी त्यस्तो सम्पत्ति निजले प्रयोग गर्न थालेको अवस्थामा सो सम्पत्तिको फेरिएको स्वरूप प्रयोग गर्नुभन्दा तत्काल अघि निःसर्ग भएको मानिन्छ ।

- ऐनको दफा ४० को उपदफा (३) खण्ड (ङ) बमोजिम तथा दफा ५७ मा उल्लेख भए बमोजिम कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा समेत सो निकायको सम्पत्ति वा दायित्व निःसर्ग भएको मानिनेछ ।

- ऐनको दफा ४० को उपदफा (३) खण्ड (च) बमोजिम नेपालमा अवस्थित जग्गा जमिन वा भवनबाहेक, सो व्यक्ति गैरबासिन्दा व्यक्ति हुनुभन्दा तत्काल अघि सो व्यक्तिको सम्पत्ति वा दायित्व निःसर्ग भएको मानिनेछ ।

## २२.३ सम्पत्ति तथा दायित्वबाट प्राप्त खुद लाभ

ऐनको दफा ३६ मा सम्पत्ति तथा दायित्वबाट प्राप्त खुद लाभको गणना सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**३६(१) कुनै आय वर्षकोलागि कुनै व्यक्तिको व्यवसायको व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त खुद लाभको गणना सो आय वर्षमा सो व्यवसायको व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त सबै लाभको योगबाट देहायका नोक्सानी कटाई गर्नु पर्नेछ :-**

**(क) व्यवसायको व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट सो वर्षमा हुन गएको सबै नोक्सानीको योग,**

**(ख) सो वर्षमा सो व्यक्तिको अन्य कुनै व्यवसायबाट हुन गएको खुद नोक्सानीमध्ये अन्यत्र कट्टी हुन नसकेको नोक्सानी, र**

**(ग) कुनै आय वर्षमा सो व्यवसाय वा सो व्यक्तिको अन्य कुनै व्यवसायबाट विगतमा हुन गएको खुद नोक्सानीमध्ये कट्टी हुन नसकेको नोक्सानी ।**

कुनै पनि व्यक्तिको कुनै आय वर्षमा व्यावसायिक सम्पत्ति र दायित्वको निर्सगबाट खुद लाभको गणना गर्दा उक्त व्यक्तिको व्यावसायिक सम्पत्ति र दायित्वको निःसर्गबाट प्राप्त सबै लाभको योगबाट व्यावसायिक सम्पत्ति वा दायित्वको निःसगबाट सो वर्ष हुन गएको नोक्सानी, अन्य

व्यवसायबाट भएको नोक्सानी रकममध्ये अन्यत्र कट्टी हुन नसकेको नोक्सानी साथै अन्य व्यवसायबाट विगतमा भएको खुद नोक्सानीमध्ये कट्टी हुन नसकेको नोक्सानी घटाई बाँकी हुने रकमलाई खुद लाभ भनिन्छ । यस व्यवस्था अनुसार खुदलाभ निम्नानुसार गणना गर्नु पर्दछ:

क. आय वर्षभरी नि:सर्ग भएका व्यावसायिक सम्पत्ति र दायित्वको नि:सर्गबाट प्राप्त लाभको योग

ख. घटाउने,

१. व्यावसायिक सम्पत्ति र दायित्वको नि:सर्गमा भएको यस आ.व.को नोक्सानी,

२. यस आ.व.मा कुनै व्यवसायबाट हुन गएको खुद नोक्सानीमध्ये अन्यत्र कट्टी हुन नसकेको नोक्सानी,

३. विगत वर्षमा हुन गएको खुद नोक्सानीमध्ये कट्टी नभएको बाँकी नोक्सानी,

४. दफा २०(७) बमोजिम व्यवसायको ७ वा १२ वर्षसम्म कट्टी नभएको बाँकी नोक्सानी,

ग. खुद लाभ (क-ख)

उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.३.१: मानौं, सुलेमान एक प्राकृतिक व्यक्ति हुन् । निजको व्यवसायमध्ये सुलेमान किराना पनि एक रहेछ । उक्त व्यवसायको आ.व.२०६५/६६ मा खुद नोक्सानी रु.२ लाख रहेछ । निजको अर्को व्यवसाय सुलेमान फर्निचर व्यापार रहेछ । उक्त फर्निचर व्यापारमा सो वर्ष रु.३ लाख नोक्सानी भएको रहेछ । उक्त नोक्सानी अन्यत्र कतै पनि कट्टा हुन सकेको (Unrelieved Loss)रहेनछ । निजको उक्त फर्निचर व्यापारबाट आ.व. २०६४/६५ मा रु.२ लाख नोक्सान भएको रहेछ । निजको उक्त व्यापारमा व्यवसायको लागि प्रयोग गरिएको जग्गा सो आ.व.मा रु.५० लाखमा बिक्री गरेका रहेछन् । उक्त जग्गा निजले चार वर्ष अघि रु.२० लाखमा खरिद गरेका रहेछन् । यस अवस्थामा सम्पत्तिको निःसर्गमा खुद लाभको गणना निम्नानुसार गर्नु पर्दछ ।

| विवरण | किराना पसल | फर्निचर व्यवसाय |
|---|---|---|
| आ.व.०६५/६६ को कट्टी हुन नसकेको नोक्सानी रु. | २,००,०००।- | ३,००,०००।- |
| गत वर्षको बाँकी नोक्सानी रु. | | २,००,०००।- |
| कुल कट्टा हुन बाँकी नोक्सानी रु. | २,००,०००।- | ५,००,०००।- |

व्यावसायिक सम्पत्ति निःसर्गबाट भएको खुद लाभको गणना:

| विवरण रकम | |
|---|---|
| १. आम्दानी: जग्गा बिक्री (इन्कमिंग) रु. | ५० लाख |
| घटाउने: | |
| २. खर्च : जग्गाको लागत मूल्य (आउटगोइंग) रु. | २० लाख |
| ३. लाभ (१ - २) रु. | ३० लाख |
| घटाउने: | |
| ४. व्यावसायिक सम्पत्ति वा दायित्वमा यो वर्ष भएको नोक्सानी रु. | ५ लाख |
| ५. व्यावसायिक सम्पत्ति वा दायित्वमा विगतमा भएको नोक्सानी रु. | २ लाख |
| ६. व्यवसायको अवधि नाघेको भएको कट्टी हुन नपाएको नोक्सानी रु. | ० |
| **खुद लाभ** (३ - ४ - ५ - ६) | **२३ लाख** |

व्यवसायमा भएको व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गमा भएको खुद लाभ दफा ७(२)(ग) बमोजिम व्यवसायको आय निर्धारण गर्दा समावेश हुन्छ ।

३६(२) **कुनै आय वर्षकोलागि कुनै व्यक्तिको लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभको गणना सो आय वर्षमा सो लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त सबै लाभको योगबाट देहायको नोक्सानी कटाई गर्नु पर्नेछ :-**

(क) **सो लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट सो वर्षमा हुन गएको सबै नोक्सानीको योग,**

(ख) **सो वर्षमा सो व्यक्तिको अन्य कुनै व्यवसाय वा लगानीबाट हुन गएको खुद नोक्सानीमध्ये अन्यत्र कट्टी हुन नसकेको नोक्सानी, र**

(ग) **विगतको कुनै आय वर्षमा सो व्यक्तिको सो लगानी, कुनै व्यवसाय वा अन्य कुनै लगानीबाट हुन गएको खुद नोक्सानीमध्ये कट्टी हुन नसकेको नोक्सानी ।**

कुनैपनि आय वर्षमा कुनैपनि व्यक्तिले लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त गर्ने लाभको योगबाट लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिबाट सो वर्षमा हुन गएको सबै नोक्सानीका साथै अन्य व्यवसाय वा लगानीबाट हुन गएको नोक्सानी रकममध्ये अन्यत्र कट्टी हुन नसकी बाँकी रहेको खुद नोक्सानी र विगतको कुनै आय वर्षमा

व्यवसाय वा लगानीबाट भएको नोक्सानीमध्ये कट्टी नभईबाँकी रहेको नोक्सानी कट्टी गरी गणना गर्नुपर्दछ । गैर व्यावसायिक सम्पत्तिको खुद लाभ गणना गर्दा व्यवसाय तथा लगानीमा भएको नोक्सानी समायोजन गर्न पाइन्छ । यस व्यवस्था अनुसार खुदलाभ निम्नानुसार गणना गर्नु पर्दछः

क. आय वर्षभरी निःसर्ग भएका गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त लाभको योग

ख. घटाउने,

१. गैर व्यावसायिक सम्पत्तिको निःसर्गमा भएको यो आ.व.को नोक्सानी

२. यस आ.व.को लगानीको नोक्सानी

३. व्यावसायिक सम्पत्ति र दायित्वको निःसर्गमा भएको नोक्सानी समेत यस आ.व.को व्यवसायको नोक्सानी

४. व्यावसायिक सम्पत्ति र दायित्वको निःसर्गमा भएको विगतको कट्टी नभएको बाँकी नोक्सानी

५. दफा २०(७) बमोजिम व्यवसायको ७ वा १२ वर्षसम्म र लगानीको विगतमा कट्टी नभएको बाँकी नोक्सानी

ग. खुद लाभ (क-ख)

उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.३.२: मानौं, सुलेमान एक प्राकृतिक व्यक्ति हुन । निजलाई आ.व.२०६५/६६ मा शेयर बिक्रीबाट रु.२ लाख नोक्सानी भएको रहेछ । निजको फर्निचर व्यापार पनि रहेछ । उक्त फर्निचर व्यापारमा सो वर्ष रु.३ लाख नोक्सानी भएको रहेछ। उक्त नोक्सानी अन्यत्र कतै पनि कट्टा हुन सकेको रहेनछ । निजको उक्त फर्निचर व्यापारबाट आ.व.२०६४/६५ मा रु.२लाख नोक्सान भएको रहेछ । निजले आफ्नो नाममा रहेको निजी जग्गा (गैर व्यावसायिक करयोग्य सम्पत्ति) सो आ.व.मा रु.६० लाखमा बिक्री गरेका रहेछन् । उक्त जग्गा निजले चार वर्ष अघि रु.२० लाखमा खरिद गरेका रहेछन् । यस अवस्थामा सम्पत्तिको लाभको गणना निम्नानुसार गर्नुपर्दछ ।

| | |
|---|---|
| शेयर कारोबारमा नोक्सानी | रु.२ लाख |
| फर्निचर व्यापार मा आ.व.०६५/६६ को नोक्सानी | रु.३ लाख |
| गत वर्ष (आ.व.०६४/६५) को बाँकी नोक्सानी | रु.२ लाख |
| कुल कट्टा हुन बाँकी नोक्सानी | रु.७ लाख |
| सम्पत्ति निःसर्गबाट भएको खुद लाभको गणनाः | |
| विवरण रकम | |
| १. जग्गा बिक्री (गैर व्यावसायिक सम्पत्तिको निःसर्ग) रु. | ६० लाख |
| घटाउनेः | |
| २. जग्गाको लागत मूल्य रु. | २० लाख |
| ३. लाभ (१-२) रु. | ४० लाख |
| घटाउनेः | |
| ४. गैर व्यावसायिक सम्पत्ति निःसर्गमा यो वर्ष भएको नोक्सानी रु. | २ लाख |
| ५.गैर व्यावसायिक सम्पत्ति निःसर्गमा विगतमा भएको नोक्सानी रु. | ० |
| ६. सोही आय वर्षमा अन्य व्यवसायमा भएको नोक्सानी रु.<br>७. विगत आय वर्षमा अन्य व्यवसायमा भएको नोक्सानी रु.<br>९. व्यावसायिक सम्पत्ति निःसर्गमा विगतमा भएको नोक्सानी | ३ लाख<br>२ लाख<br>० |
| ७. अवधि नाघेका कारण कट्टी हुन नपाएको बाँकी नोक्सानी | ० |

| खुद लाभ (३ - ४ - ५- ६) | ३३ लाख |
|---|---|

लगानीमा प्रयोग भएको गैर व्यावसायिक कर लाग्ने सम्पत्तिबापतको खुद लाभ दफा ९ (२)(ख) बमोजिम लगानीको आय निर्धारण गर्दा समावेश हुने रकममा गणना गरिन्छ ।

३६(३) **विदेशी स्रोतको सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको नोक्सानीका सम्बन्धमा कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिम कट्टी गर्ने दाबी कुनै विदेशी स्रोतको सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त लाभको हदसम्म मात्र गर्न सक्नेछ ।**

कुनै व्यक्तिको विदेशी स्रोतको व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको नोक्सानी सोही विदेशी स्रोतको व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त लाभ वा लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त लाभबाट मात्र कट्टी दाबी गर्न सक्नेछ । जस्तै, कुनै व्यक्तिको भारतको व्यावसायिक सम्पत्तिको निःसर्गमा नोक्सानी भएको रहेछ भने त्यस्तो नोक्सानी भारतको व्यावसायिक सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त लाभ वा भारतको लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त लाभबाट मात्र कट्टी दाबी गर्न सक्नेछ । त्यस्तै, कुनै व्यक्तिको विदेशी स्रोतको लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट हुन गएको नोक्सानी सोही विदेशी स्रोतको लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त लाभबाट मात्र कट्टी दाबी गर्न सक्नेछ । जस्तै, कुनै व्यक्तिको भारतको लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट नोक्सानी भएको रहेछ भने त्यस्तो नोक्सानी भारतको लगानीको कर लाग्ने गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट प्राप्त लाभबाट मात्र कट्टी दाबी गर्न सक्नेछ । उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.३.३: मानौं, सुलेमान एक बासिन्दा प्राकृतिक व्यक्ति हुन । निजलाई आ.व. २०६५/६६ मा भारतमा रहेको शेयर बिक्रीबाट रु.५ लाख नोक्सानी भएको रहेछ । निजको नेपालको व्यवसायबाट सो आ.व. मा रु.२ लाख नोक्सानी भएको रहेछ । निजको भारतमा फर्निचर उद्योग पनि रहेछ । उक्त फर्निचर उद्योगमा सो वर्ष रु.३ लाख नोक्सानी भएको रहेछ । निजको सो उद्योगले भारतमा प्रयोग गरिआएको जग्गा ( व्यावसायिक सम्पत्ति) आ.व. २०६४।६५ मा बिक्री गर्दा रु.२० लाख नोक्सानी भएको रहेछ । उक्त नोक्सानी गत आ.व.मा समायोजन हुन सकेको रहेनछ । यस आ.व.मा निजले सोही उद्योगको भारतस्थित अर्को जग्गा रु.६० लाखमा बिक्री गरेका रहेछन् । उक्त जग्गा निजले चार वर्ष अघि रु.२० लाखमा खरिद गरेका रहेछन् भने त्यस अवस्थामा भारतमा रहेको व्यावसायिक सम्पत्तिको निःसर्गबाट भएको लाभको गणना निम्नानुसार गर्नु पर्दछ ।

| | |
|---|---|
| भारतको शेयरको निःसर्गमा नोक्सानी | रु.५ लाख |
| भारतको फर्निचर उद्योगको नोक्सानी | रु.३ लाख |
| नेपालको व्यवसायको नोक्सानी | रु.२ लाख |
| गत वर्षको भारतमा रहेको व्यावसायिक सम्पत्तिको निःसर्गको समायोजन हुन बाँकी नोक्सानी | रु.२० लाख |

व्यावसायिक सम्पत्ति निःसर्गबाट भएको खुद लाभको गणना:

| विवरण | रकम रु. |
|---|---|
| १. भारतमा रहेको जग्गा बिक्री (व्यावसायिक सम्पत्तिको निःसर्ग) | ६० लाख |
| घटाउने: | |

| | |
|---|---|
| २. जग्गाको लागत मूल्य | २० लाख |
| ३. लाभ (१-२) | ४० लाख |
| घटाउने: | |
| ४. भारतको फर्निचर उद्योगमा भएको नोक्सानी | ३ लाख |
| ५. गत वर्षको भारतमा रहेको व्यावसायिक सम्पत्तिको नि:सर्गबाट नोक्सानी | २० लाख |
| ६. भारतमा रहेको शेयरको नि:सर्गमा भएको नोक्सानी | ५ लाख |
| ७. नेपाल स्रोत रहेको व्यवसायको नोक्सानी | २ लाख |
| **खुद लाभ {३ - (४+५+६+७)}** | **१० लाख** |

३६(४) **कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिम एकभन्दा बढी गणनामा व्यवसाय वा लगानीबाट हुन गएको खुद नोक्सानी उपदफा (१) वा (२) बमोजिम कट्टी गर्न सक्ने भएमा निजले सो नोक्सानी वा नोक्सानीको अंश कट्टी गर्ने प्रयोजनको लागि गणनाहरुको छनौट गर्न सक्नेछ ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि, -**

(१) **"खुद नोक्सानी" भन्नाले, -**

(क) **कुनै व्यवसायको सम्बन्धमा कुनै आय वर्षमा सो व्यवसायको व्यावसायिक सम्पत्ति वा दायित्वको नि:सर्गबाट हुन गएको नोक्सानी सो वर्षमा सो व्यवसायको व्यावसायिक सम्पत्ति वा दायित्वको नि:सर्गबाट प्राप्त लाभभन्दा बढी भए जतिको रकम सम्झनु पर्छ ,र**

(ख) **कुनै लगानीको सम्बन्धमा कुनै आय वर्षमा सो लगानीको करयोग्य गैर व्यावसायिक सम्पत्तिको नि:सर्गबाट हुन गएको नोक्सानी सो वर्षमा सो लगानीको करयोग्य गैर व्यावसायिक सम्पत्तिको नि:सर्गबाट प्राप्त लाभभन्दा बढी भए जतिको रकम सम्झनु पर्छ ।**

(२) **"कट्टी हुन नसकेको खुद नोक्सानी" भन्नाले कुनै व्यवसाय वा लगानीको,**

(क) **कुनै आय वर्षमा सो व्यवसाय वा लगानीको सो वर्षमा भएको खुद नोक्सानी मध्ये उपदफा (१) को खण्ड (ख) वा (ग) वा उपदफा (२) को खण्ड (ख) वा (ग) बमोजिम कट्टी हुन नपाएको नोक्सानी, र**

(ख) **दफा २० को उपदफा (१) वा (२) को समय सीमाको कारणले खर्च मिनाहा पाउन नसकिने सो व्यवसाय वा लगानीको सो दफाको उपदफा (७) बमोजिमको कुनै कट्टी हुन नसकेको नोक्सानी सम्झनु पर्छ ।**

विदेशी स्रोतको सम्पत्ति र दायित्वको नि:सर्गबाट हुन गएको नोक्सानी, कुनै विदेशी स्रोतको सम्पत्ति र दायित्वको नि:सर्गबाट प्राप्त लाभको हदसम्म मात्र दाबी गर्न पाउँदछन । नेपाल स्रोत भएको सम्पत्तिको नि:सर्गबाट भएको लाभबाट मिलान गर्न भने पाईदैन । उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.३.४: मानौं, कुनै व्यक्तिको आयको अवस्था निम्नानुसारको रहेछ:

१. व्यावसायिक सम्पत्तिको नि:सर्गबाट रु.५०,०००।- लाभ रहेछ,
२. विगत वर्षमा व्यावसायिक सम्पत्तिको नि:सर्गबाट रु.३०,०००।- नोक्सानी रहेछ
३. विदेशी स्रोतको सम्पत्तिबाट रु.१०,०००।- नोक्सानी रहेछ

सो व्यक्तिले माथि उल्लिखित व्यावसायिक सम्पत्तिको नि:सर्गबाट भएको लाभ रु.५०,०००।- बाट विगत वर्षमा व्यावसायिक सम्पत्तिको नि:सर्गबाट भएको नोक्सानी रु.३०,०००।- लाई कट्टी गर्न सक्नेछ तर विदेशी स्रोतको सम्पत्तिबाट भएको नोक्सानी रु.१०,०००।- लाई भने नेपाल स्रोत भएको सम्पत्तिको नि:सर्गबाट भएको लाभबाट कट्टी

गर्न सक्ने छैन । अर्थात, विदेशी स्रोतको सम्पत्ति/दायित्व र लाभ नोक्सानीको गणना गर्दा विदेशी मुलुकपिच्छे छुट्टाछुट्टै स्रोतको (Per Country Basis) छुट्टाछुट्टै गणना गर्नु पर्नेछ ।

## २२.४ सम्पत्ति तथा दायित्वबाट भएको लाभ र नोक्सानी

ऐनको दफा ३७ मा सम्पत्ति तथा दायित्वबाट प्राप्त लाभ र नोक्सानीको गणना सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**३७(१) कुनै सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको कुनै व्यक्तिको लाभ निःसर्गको समयमा सो सम्पत्ति वा दायित्व बापतको खर्चहरुको (आउट गोइङ्गस) योगभन्दा सो सम्पत्ति वा दायित्व बापत प्राप्त आम्दानीको योग बढी भए जतिको रकम मानी गणना गर्नु पर्नेछ ।**

**३७(२) कुनै सम्पत्ति वा दायित्वको निःसर्गबाट हुन गएको कुनै व्यक्तिको नोक्सानी निःसर्गको समयमा सो सम्पत्ति वा दायित्वबापत प्राप्त आम्दानीहरुको योगभन्दा सो सम्पत्ति वा दायित्व बापतको खर्चको (आउट गोइङ्गस) योग बढी भए जतिको रकम मानी गणना गर्नु पर्नेछ ।**

कुनै सम्पत्ति वा दायित्वको निःसर्गको समयमा सो सम्पत्ति वा दायित्व बापतको खर्च (Outgoings) को योगभन्दा सो सम्पत्ति वा दायित्व बापत प्राप्त आम्दानी (Incomings) को योग बढी भएको खण्डमा बढी भएजतिको रकम लाभ हुन्छ भने घटी भएमा घटी भएजतिको रकम नोक्सानी हुन्छ । उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.४.१ः मानौं, कुनै प्राकृतिक व्यक्तिले १ वर्ष अगाडि बनाएको घर बिक्री गरेको रहेछ । बिक्री हुँदाका बखतसम्म जग्गा खरिद गरी त्यो घर बनाउनको लागि रु.१,२०,००,०००।- खर्च भएको रहेछ । बिक्रीको समयमा बिक्री गर्नको लागिरु.२०,०००।- खर्च भएको रहेछ भने निःसर्गको समयमा त्यो घर बापतरु.१,२०,२०,०००।- खर्च (Out-goings) मानिन्छ ।

- बिक्रीबाटरु.१,२५,००,०००।-प्राप्त (Incomings)भएछ भने, सो सम्पत्तिको खर्च (Outgoings)रु.१,२०,२०,०००।- भई रु.४,८०,०००।- लाभ हुन्छ ।
- बिक्रीबाटरु.१,१९,००,०००।- प्राप्त (Incomings)भएछ भने, सो सम्पत्तिको खर्च (Outgoings)रु.१,२०,२०,०००।- भई रु.१,२०,०००।- नोक्सान हुन्छ ।

## २२.५ सम्पत्ति र दायित्वहरु बापतको खर्च तथा खुद खर्च

ऐनको दफा ३८ मा सम्पत्ति तथा दायित्वबाट प्राप्त खर्च तथा खुद खर्चको गणना सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**३८(१) यस ऐनको अधीनमा रही कुनै व्यक्तिको सम्पत्ति वा दायित्व बापतको खर्चहरुमा देहायका खर्चहरु समावेश हुनेछन् :-**

**(क) कुनै सम्पत्तिको सम्बन्धमा देहायका रकमहरु लगायत सो सम्पत्ति प्राप्त गर्दा सो व्यक्तिबाट गरिएका खर्चहरु :-**

**(१) सो सम्पत्तिको निर्माण वा उत्पादन गर्दा लागेको सम्बन्धित खर्च, र**

**(२) त्यस्तो सम्पत्ति प्राप्त भएको कारणले त्यस्तो व्यक्तिको आय गणना गर्दा समावेश गरिनु पर्ने कुनै रकम ।**

**(ख) सो सम्पत्ति वा दायित्वको परिवर्तन, सुधार र मर्मत सम्भार गर्दा लागेको खर्च लगायत सो सम्पत्ति वा दायित्वको स्वामित्व लिँदा निजबाट गरिएको**

**खर्च, र सम्पत्तिको सम्बन्धमा सो सम्पत्तिको मर्मत सम्भार गर्दा लागेको खर्च,**

(ग) **सो सम्पत्ति वा दायित्वको निःसर्ग गर्दा निजबाट गरिएको खर्च, र**

(घ) **सो सम्पत्ति प्राप्त गर्दा वा दायित्व बहन गर्दा र त्यस्तो सम्पत्ति वा दायित्व निःसर्ग गर्दा निजबाट गरिएका आकस्मिक खर्चहरु ।**

**तर यस्तो खर्चमा दफा २१ को उपदफा (१)को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमका खर्चहरु र आय निर्धारण गर्दा कट्टी गर्न सकिने हद सम्मका खर्चहरु समावेश गर्नुपर्ने छैन ।**

सम्पत्ति तथा दायित्व बापतको खर्च (Outgoings) मा सम्पत्तिको निर्माण वा उत्पादन गर्दा लागेको खर्च, सम्पत्ति प्राप्त गर्दा वा दायित्व बहन गर्दा लागेको खर्च, सो सम्पत्ति वा दायित्वको परिवर्तन, सुधार र मर्मत सम्भार गर्दा लागेको खर्च लगायत सम्पत्ति वा दायित्वको निःसर्ग गर्दा लागेको खर्च समावेश गरी खर्च (Outgoings)यकिन गर्नुपर्छ । तर व्यवसायको आय गणना गर्दा कट्टी हुने रकम एवम् निजी प्रकृतिका तथा सो सम्पत्ति वा दायित्वसँग असम्बन्धित खर्च भने सो सम्पत्ति तथा दायित्व बापतको खर्च (Outgoings)मा समावेश हुने छैनन् । सम्पत्ति तथा दायित्व बापतको खर्च (Outgoings) मा आय निर्धारण हुँदा कट्टी हुने रकम बाहेकका निम्न रकम समावेश हुन्छन् :

क. सो सम्पत्ति वा दायित्व प्राप्त गर्दा तिरिएका रकम (Amount paid at inception)

ख. सो सम्पत्ति वा दायित्वको स्वामित्व धारण गर्दा तिरिएका रकम (Amount paid during holding period)

ग. सो सम्पत्ति वा दायित्व निःसर्ग गर्दा तिरिएका रकम (Amount paid at disposal)

घ. सो सम्पत्ति वा दायित्व प्राप्तिका कारणले तिर्नु परेको रकम (Amount on which tax paid due to receipt of asset or liability)

सम्पत्ति तथा दायित्व बापतको खर्च (Outgoings) अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.५.१: मानौं, गोपाल सापकोटाले आ.व.२०६०।६१ मा रु.४० लाखमा जग्गा खरिद गरेका रहेछन् । उक्त जग्गा खरिद गर्दा निजले दलाललाई रु.२ लाख कमिशन दिएका रहेछन् । उक्त जग्गाको लिखत एवम् रजिष्ट्रेशन बापतरु.१ लाख ७५ हजार खर्च भएको रहेछ । निजले सो जग्गामा कम्पाउण्डवाल लगाउँदा रु.३ लाख खर्च गरेका रहेछन् । निजले सो जग्गा खरिद गर्न बैंकबाट कर्जा लिएका रहेछन् । आ.व.२०६६।६७ मा निजले सो जग्गा रु.१ करोडमा बिक्री गरेका रहेछन् । सो मितिसम्म ब्याज रु.७ लाख भुक्तान गरेका रहेछन् । निजले जग्गा बिक्री गर्दा दलाललाई रु.३ लाख कमिशन दिएका रहेछन् । निजले जग्गा किनेको खुसियालीमा सोही जग्गामा रु.५० हजार खर्च गरी आफ्ना हितैषीलाई भोज खुवाएका रहेछन् ।

यस अवस्थामा उक्त जग्गा बापतको खर्च (Outgoings)को गणना निम्नानुसार गरिन्छ:

| | |
|---|---|
| जग्गाको खरिद मूल्य | रु.४० लाख |
| जग्गा खरिदमा दलाल कमिसन | रु.२ लाख |
| लिखत एवम् रजिष्ट्रेशन | रु.१.७५ लाख |
| कम्पाउण्डवाल | रु.३ लाख |
| ब्याज खर्च | रु.७ लाख |
| भोज खर्च | नपाउने |
| जग्गा बिक्रीमा दलाल कमिशन | रु.३ लाख |
| **जग्गाको लागत (outgoing)** | **रु.५६.७५ लाख** |

यसरी उक्त सम्पत्तिको निःसर्गबाट प्राप्त लाभ गणना गर्ने प्रयोजनको निमित्त रु.५६ लाख ७५ हजार सो जग्गाबापतको खर्च (Outgoings) मानिन्छ ।

सम्पत्ति प्राप्त गर्दा लागत तिर्न नपरेको अवस्थामा आय मानिएको रकम वा सम्पत्तिमा भएको वृद्धिका कारण सो व्यक्तिले कर तिर्नु परेको अवस्थामा सो सम्पत्ति वा वृद्धि बापत कर लेखाङ्कनमा समावेश भएको रकमलाई सो सम्पत्तिबापतको खर्च (Outgoings) मानिन्छ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.५.२ः मानौं, कुनै विदेशी सरकारले Michelभन्ने सो देशको नागरिकलाई नेपालस्थित सो देशको एम्बेसीमा रोजगारी दिएको रहेछ । सो विदेशी सरकारले निजलाई तलबमा नगदको अलावा सो विदेशी सरकारद्वारा निष्काशन गरिएका केही Bondsसमेत दिएको रहेछ । ती Bonds को तत्कालिन बजार मूल्य मानौं रु.१ लाख रहेछ । निजको हकमा तलबको स्वरूपमा प्राप्त गरेको नगद र Bonds, ऐनको दफा १० अनुसार कर छुट हुने रकम हो । मानौं, अर्को वर्ष निजले उक्त Bondsरु.१,०५,०००।- मा नेपालमा बिक्री गरेको रहेछ । यस अवस्थामा सो सम्पत्ति निःसर्गबाट हुने लाभ गणना गर्दा खर्च रु.१,००,०००।- तथा आम्दानी रु.१,०५,०००।- मानी गणना गर्नु पर्दछ ।

३८(२) **कुनै खास समयमा कुनै सम्पत्ति वा दायित्व बापतका खुद खर्चहरु सो समयमा सो सम्पत्ति वा दायित्व बापतका सबै आम्दानीहरुको योगभन्दा सो सम्पत्ति वा दायित्व बापतको सबै खर्चहरुको योग बढी भए जतिको रकमहरु मानी गणना गर्नु पर्नेछ ।**

३८(३) **परिच्छेद६ र ७ मा उल्लिखित आय गणना गर्दा कट्टी गरिने खर्च रकमलाई कुनै सम्पत्ति वा दायित्व बापतको खर्च रकमको सन्दर्भमा भए सरह मानी उपदफा (१) बमोजिमका खर्चहरुका सम्बन्धमा लागू हुने छन् ।**

**तर उल्लिखित व्यवस्थाको सम्बन्धमा दफा २६ लागू हुने छैन ।**

सम्पत्ति तथा दायित्व बापतको खर्च (Outgoings) मा सम्पत्तिको निर्माण वा उत्पादन गर्दा लागेको खर्च, सम्पत्ति प्राप्त गर्दा वा दायित्व बहन गर्दा लागेको खर्च, सो सम्पत्ति वा दायित्वको परिवर्तन, सुधार र मर्मत सम्भार गर्दा लागेको खर्च लगायत सम्पत्ति वा दायित्वको निःसर्ग गर्दा लागेको खर्च समावेश गरी खर्च (Outgoings)यकिन गर्नुपर्छ । तर व्यवसायको आय गणना गर्दा कट्टी हुने रकम भने यसको खर्चको लागि ग्राह्य हुँदैन । कुनै व्यावसायिक सम्पत्तिको निःसर्गको समयसम्ममा भएको जम्मा खर्चमा सो समयसम्मको आम्दानी घटाउँदा आउने रकम सो सम्पत्ति बापतको खुद खर्च (Net Outgoings) हो । सम्पत्ति बापतका खुद खर्च गणना गर्दा दफा २६ बमोजिम गणना भएको दीर्घकालीन करार बापत लिन बाँकी रहेको रकमलाई समावेश गरिदैन । कुनै पनि सम्पत्ति वा दायित्वको निःसर्गबाट हुने लाभ वा नोक्सानी सम्बन्धी दफा ३७ ले व्याख्या गरे अनुसार उक्त सम्पत्तिको निःसर्ग हुँदाको अवस्थामा सम्पत्तिको खर्च कसरी यकिन गर्ने भन्ने सम्बन्धमा यस दफाले व्याख्या गरेको छ ।

कुनै व्यक्तिले नगदको बदला जिन्सीमा आय प्राप्त गरेका रहेछन् भने यसरी जिन्सीमा प्राप्त गरेको सम्पत्तिलाई मूल्याङ्कन गरी आयमा समावेश गरिन्छ । यसरी मूल्याङ्कन भएको उक्त सम्पत्तिको मूल्यलाई सो सम्पत्ति बापतको खर्च (Outgoing) मानिन्छ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.५.३ः मानौं, गोपेश एण्ड कम्पनी प्रा.लि.ले जग्गा खरिद गर्दा रु.४० लाख तिरेको रहेछ । अर्को वर्षमा सो जग्गालाई सम्याए बापतको खर्च रु.१ लाख रहेछ । तेस्रो वर्षमा साँध नमिलेको केही भाग सँधियारलाई मिलाउन जग्गा दिएबापतरु.२ लाख प्राप्त गरेको रहेछ । यस्तो अवस्थामा सो जग्गा बापतको खुद खर्च (Net Outgoings)

निम्नानुसार गणना गरिन्छः
पहिलो वर्ष जग्गा बापतको खर्च (Outgoings) :रु.४० लाख
दोस्रो वर्ष जग्गा सम्याए बापतको खर्च (Outgoings) :रु.१ लाख
दोस्रो वर्ष जग्गा बापतको खर्च (Outgoings):रु.४१ लाख
तेस्रो वर्ष जग्गा बापतका निसर्ग (Disposal) : रु. २ लाख
तेस्रो वर्ष जग्गा बापतको खर्च (Outgoings) :रु.३९ लाख
लेखाङ्कन प्रयोजनका लागि सम्पत्ति बापतको खर्च (Outgoings) नै कर आधार (Tax Base) हुन्छ ।

२२.६ सम्पत्ति तथा दायित्व बापतका आम्दानी र खुद आम्दानी

ऐनको दफा ३९ मा सम्पत्ति तथा दायित्व बापतका आम्दानी र खुद आम्दानीको गणना सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**३९(१) यस ऐनको अधीनमा रही कुनै व्यक्तिको सम्पत्ति वा दायित्व बापतका आम्दानीहरुमा देहायका रकमहरु समावेश गर्नु पर्नेछ :-**

**(क) निजले दायित्वको सम्बन्धमा दायित्व बहन गर्दा प्राप्त गरेका रकमहरु,**

**(ख) सम्पत्तिको मूल्य परिवर्तन वा न्यून गरी वा दायित्व वृद्धि गरी प्राप्त गरिएकारकमहरु लगायत सम्पत्ति प्राप्त गर्दा वा दायित्व बहन गर्ने सम्बन्धमा निजबाट प्राप्त गरिने रकमहरु, र**

**(ग) सो सम्पत्ति वा दायित्वको निःसर्ग सम्बन्धमा निजले प्राप्त गरेको वा प्राप्त गर्ने रकमहरु ।**

**तर यस्तो आम्दानीमा करछुट पाएको रकम, अन्तिम रूपमा कट्टी हुने भुक्तानी वा सो व्यक्तिको आय निर्धारण गर्दा आयमा समावेश गरिने रकमहरु समावेश हुने छैनन्**

**३९(२) कुनै खास समयमा कुनै सम्पत्ति वा दायित्व बापतका खुद आम्दानीहरुमा सो समयमा सो सम्पत्ति वा दायित्व बापतका खर्चहरुको योगभन्दा सो सम्पत्ति वा दायित्व बापतका आम्दानीहरु बढी भए जतिको रकमहरु समावेश गर्नु पर्नेछ ।**

**३९(३) परिच्छेद६ र ७ मा उल्लिखित विषयका सम्बन्धमा आय गणना गर्दा आयमा समावेश गरिने रकमलाई कुनै सम्पत्ति वा दायित्व बापतको आम्दानी रकमको सन्दर्भमा भए सरह मानी उपदफा (१) बमोजिम गर्नु पर्नेछ ।**

**तर उल्लिखित व्यवस्थाको सम्बन्धमा दफा २६ लागू हुने छैन ।**

यो दफा विशेषगरी सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त हुने आम्दानी (Incoming) सँग सम्बन्धित छ । ऐनको अधीनमा रही कुनै व्यक्तिको सम्पत्तिबापतको आम्दानी (Incoming)भन्नाले सो सम्पत्ति निःसर्ग गर्दा निजले प्राप्त गरेको वा प्राप्त गर्ने रकम सम्झनु पर्दछ । एवम्, दायित्वको सम्बन्धमा दायित्व बहन गर्दा प्राप्त गरेको रकम आम्दानी हुन् । सम्पत्तिको मूल्य परिवर्तन वा न्यून गरी वा दायित्व वृद्धि गरी प्राप्त गरिएका रकम लगायत सम्पत्ति प्राप्त गर्दा वा दायित्व बहन गर्दा निजबाट प्राप्त गरिने रकम पनि आम्दानीमा समावेश हुन्छन । तर यस्तो आम्दानी दफा १० अनुसार कर छुट पाएको रकम, दफा ९२ अनुसार अन्तिम रूपमा कट्टी हुने भुक्तानी र सो व्यक्तिको आय निर्धारण गर्दा आयमा समावेश गरिने रकम समावेश गरिदैन । एवम् प्रकार रकमको परिमाणीकरण, चारित्रीकरण तथा बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार यदि त्यस्तो अवस्था सम्पत्ति वा दायित्वको कारणले सिर्जना भएको हो भने

आम्दानी(Incomings)गणना भए सरह मानी यसै दफाको उपदफा (१) अनुसार गर्नु पर्दछ । सारांशमा सम्पत्ति तथा दायित्व बापतको आम्दानी (Incomings) मा आय गणना गर्दा समावेश हुने रकम बाहेकका निम्न रकम समावेश हुन्छन्:

क. सो सम्पत्ति वा दायित्व प्राप्त गर्दा प्राप्त रकम (Amount receipt at inception)

ख. सो सम्पत्ति वा दायित्वको स्वामित्व वा भारको धारण अवधिमा प्राप्त रकम (Amount receipt during holding period)

ग. सो सम्पत्ति वा दायित्व निःसर्ग गर्दा प्राप्त रकम (Amount received at disposal)

सम्पत्ति तथा दायित्व बापतको आम्दानीमा सम्पत्ति प्राप्त गर्दा वा दायित्व बहन गर्ने सम्बन्धमा प्राप्त गरिने रकम लगायत सो सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त गरेको वा प्राप्त गर्ने रकम समावेश गरी आम्दानी यकिन गर्नुपर्छ । तर व्यवसायको आय गणना गर्दा समावेश हुने रकम भने यस्तो आम्दानीमा समावेश गर्नु पर्दैन ।

## २२.७ सम्पत्ति वा दायित्वको निःसर्ग

ऐनको दफा ४० मा सम्पत्ति तथा दायित्वको निःसर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ

४०(१) **कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको निःसर्ग गरेको मानिनेछ । सम्पत्तिको निःसर्गमा सो सम्पत्तिको स्वामित्व भएको व्यक्तिबाट सो सम्पत्तिको वितरण गरिनु सो सम्पत्ति अन्य सम्पत्ति वा दायित्वमा गाभिनु, किस्ताबन्दी बिक्रीको माध्यमबाट बिक्री गर्नु वा वित्तीय पट्टा अन्तर्गत कुनै अर्को व्यक्तिलाई पट्टामा दिइनु, रद्ध गरिनु, विनास हुनु, हराउनु, म्याद सकिनु वा समर्पण गरिनु जस्ता कार्य समेत समावेश गर्नु पर्नेछ ।**

कुनै व्यक्तिको स्वामित्वमा रहेको सम्पत्ति अर्को व्यक्तिलाई स्वामित्व हस्तान्तरण गरेमा वा स्वामित्व आफूबाट हटेमा त्यसलाई निःसर्ग मानिन्छ । निःसर्ग भन्ने शब्द केवल स्वामित्वको हस्तान्तरण मात्रै नभई यस शब्दले स्वामित्वमा भएको व्यक्तिले वितरण गर्नु, अन्य सम्पत्ति वा दायित्वमा गाभिनु (Acquisition, Merger or Amalgamation)वा किस्ताबन्दीमा बिक्री (Installment Sale),वित्तिय पट्टामा दिनु (Finance Lease), सम्पत्ति रद्ध (Cancellation), विनाश हुनु (Extingishment),हराउनु, म्याद सिद्धिनु वा समर्पण (Surrendered)जस्ता स्वामित्वबाट हट्ने कार्यलाई समेटेको छ । Disposalको अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.७.१: मानौं, मेडिको नेपाल प्रा.लि.एउटा औषधि उत्पादन गर्ने कम्पनी रहेछ । उक्त कम्पनीलाई Global Lab Nepal Limited नामको अर्को औषधि उत्पादन गर्ने कम्पनीले मिति २०६५।१०।१ को मितिदेखि लागू हुने गरी Takeover (acquisition) गरेको रहेछ । यसरी Acquisitionगरेको अवस्थामा मेडिको नेपाल प्रा.लि.ले आफ्नो सम्पत्ति र दायित्व निःसर्ग गरेको मानिन्छ ।

४०(२) **कुनै व्यक्ति कुनै दायित्वको भारबाट हटेमा निजले सो दायित्वको निःसर्ग गरेको मानिनेछ । दायित्वको निःसर्गमा दायित्व फछ्र्यौट, रद्ध, मुक्त, समापन हुनु वा अर्को दायित्व वा सम्पत्तिमा गाभिनु जस्ता कार्य समेत समावेश गर्नु पर्नेछ ।**

उपदफा (१) मा सम्पत्तिको बारेमा उल्लेख गरिएको छ भने यस दफामा दायित्वको निःसर्गको बारेमा व्याख्या गरिएको छ । कुनै पनि व्यक्तिको दायित्व निजबाट हटेमा निजले सो दायित्व निःसर्ग गरेको मानिन्छ । दायित्वको निःसर्गमा दायित्वको फछ्र्यौट (Settlement of Credit/Liabilities) दायित्व रद्ध (cancelled),मुक्त (forgive),समापन हुनु वा दायित्व वा सम्पत्तिमा गाभिनु (Acquisition, Merger or Amalgamation)जस्ता कार्य पर्दछन् । कम्पनी अन्य कम्पनीमा गाभिई (Acquisition) वा कुनै दुई वा सोभन्दा बढी कम्पनी एक आपसमा गाभिई(Merger)सम्पत्ति तथा दायित्वको निःसर्ग हुन सक्दछ ।

४०(३) **उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले कुनै सम्पत्ति वा दायित्वको देहायका अवस्थाहरुमा निःसर्ग गरेको मानिनेछ :-**

**(क) प्राकृतिक व्यक्तिको सम्बन्धमा सो व्यक्तिको मृत्युको तत्काल अघि,**

कुनै प्राकृतिक व्यक्तिको आफ्नो स्वामित्वमा रहेको सम्पत्ति निजको मृत्यू भएमा मृत्यूको तत्काल अघि निःसर्ग भएको मानिनेछ । यस प्रकारको निःसर्गको आम्दानी (Incomings)बाट हुने लाभलाई कर गणना गर्ने प्रयोजनको निमित्त मात्र नभई प्रापकको लागि खर्च (Outgoings)यकिन गर्ने प्रयोजनको लागि आवश्यक हुन्छ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.७.२: मानौं, महेन्द्र मल्लको नेपालगञ्जमा मिति २०६४।३।१५ मा रु.१ करोड मूल्यमा खरिद गरेको घरजग्गा रहेछ । मिति २०६६।५।६ मा निजको मृत्यू भएछ । सो समयमा उक्त घर जग्गाको मूल्य रु.१ करोड २० लाख रहेछ । महेन्द्र मल्लको मृत्यूको तत्काल अघि अर्थात मिति २०६६।५।६ मा निजको सम्पत्ति रु.१ करोड २० लाखमा निःसर्ग भएको मानिनेछ ।

**(ख) कुनै सम्पत्तिको सम्बन्धमा सो सम्पत्ति बापतका आम्दानीहरुको योग सो सम्पत्तिबापतका खर्चहरुको योगभन्दा बढी भएमा,**

आयकर प्रयोजनको लागि ह्रासयोग्य सम्पत्ति समुहको आधारमा लेखाङ्कन गरिने र सो समुहको कुनै सम्पत्ति निःसर्ग गर्दा प्राप्त हुने रकम (आम्दानी) सो समुहको ह्रास आधार (अर्थात खर्च) भन्दा बढी भएको अवस्थामा बढी भए जति रकम ऐनको दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिम आयमा समावेश गर्नुपर्छ र त्यस्तो सम्पत्तिको समुहको बाँकी मूल्य शून्य हुन्छ र सो सम्पत्ति निःसर्ग भएको मानिन्छ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.७.३: मानौं, सर्गेश एण्ड कम्पनी प्रा.लि.को आ.व.२०६५।६६ को सुरुमा समूह “ख” अन्तर्गतको निम्नानुसारका सम्पत्ति रहेछ ।

| किताबी मूल्य | |
|---|---|
| १. फर्निचर | रु.५०,०००।- |
| २. कम्प्यूटर | रु.१,००,०००।- |
| जम्मा ह्रास आधार | रु.१,५०,०००।- |

उक्त समुहको ह्रास आधार रु.१,५०,०००।- नै रहेछ ।

आ.व.२०६५।६६ मा उक्त कम्पनीले सो समूहमा थप कुनै सम्पत्ति खरिद गरेको रहेनछ । तर कम्पनिले सो वर्ष फर्निचर रु.२ लाखमा बिक्री गरेको रहेछ । यस अवस्थामा सो समुहको ह्रास आधार अर्थात रु.१ लाख ५० हजार निःसर्गको प्रयोजनको निमित्त खर्च (Outgoings) हुने हुन्छ र प्राप्त रकम अर्थात रु.२ लाख आम्दानी (Incomings)हुन्छ । यस अवस्थामा उक्त “ख” वर्गमा पर्ने कम्प्यूटर बिक्री नभएको भएतापनि सो समुहको खर्च (ह्रास आधार) भन्दा निःसर्गबाट प्राप्त रकम (Incomings)बढी भएको हुँदा बढी भए जति रकम अर्थात रु.५० हजारलाई ऐनको दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिम आयमा समावेश गर्नुपर्छ र त्यस्तो सम्पत्तिको समूहको बाँकी मूल्य शून्य हुन्छ र सो सम्पत्ति (समुह) निःसर्ग भएको मानिन्छ । यदि उक्त फर्निचर बिक्री गर्दा रु.१ लाख ५० हजारभन्दा कम रकम प्राप्त गरेको भए बाँकी रहने मूल्यले उक्त समुह “ख” को प्रतिनिधित्व गर्दथ्यो ।

**(ग) ऋण दाबी भएको सम्पत्तिको सम्बन्धमा,-**

**(१) बैंक वा वित्तीय संस्थाको ऋण दाबीको सम्बन्धमा तोकिए बमोजिमका मापदण्ड अनुसार खराब ऋण हुन पुगेकोमा, र**

आयकर नियमावली, २०५९ को नियम ९ मा डुबेको वा खराब ऋणमा परिणत हुने मापदण्ड निम्नानुसार तोकिएको छः *ऐनको दफा २५ को उपदफा (२) को खण्ड (क) र दफा ४० को उपदफा (३) को खण्ड (ग) को उपखण्ड (१) को प्रयोजनको लागि बैंक वा वित्तीय संस्थाको ऋण डुबेको वा खराब ऋणमा परिणत हुने सम्बन्धमा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मापदण्ड अनुसार हुनेछ ।*

बैंक तथा वित्तीय संस्थाको हकमा ऋण दाबी असुल उपर नहुने अवस्थामा नेपाल राष्ट्र बैंकबाट निर्धारण गरेको मापदण्ड अनुसार रहनेछ भन्ने व्यवस्था आयकर नियमावलीको नियम ९ मा व्यवस्था गरिएको छ । यस सम्बन्धी उदाहरण सहित व्याख्या परिच्छेद १९ मा गरिएको छ ।

(२) **अन्य कुनै अवस्थामा सो व्यक्तिले ऋण दाबी असुलउपर नहुने भनी मनासिवरूपमा विश्वास गरेकोमा ।**

**तर सो ऋण दाबी असुलउपर गर्न सो व्यक्तिले सबै उपयुक्त उपायहरु अवलम्बन गरी सकेको हुन पर्नेछ ।**

अन्य ऋण दाबीका हकमा असुल उपर नहुने भनी विश्वस्त भएमा पनि निःसर्ग भएको मानिन्छ । तर ऋण असुल उपर नहुने सम्वन्धमा निजले ऋण असुल गर्नका लागि आवश्यक उपयुक्त उपाय भने अवलम्बन गरेको हुनुपर्दछ ।

(घ) **कुनै व्यक्तिले व्यावसायिक सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापार मौज्दातको किसिम फेरिने गरी त्यस्तो सम्पत्ति निजले प्रयोग गर्न थालेको अवस्थामा सो सम्पत्तिको फेरिएको स्वरूप प्रयोग गर्नुभन्दा तत्काल अघि,**

कुनै व्यक्तिले व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापार मौज्दातलाई त्यसको किसिम फेरी प्रयोग गरेमा पनि प्रयोग गर्नुभन्दा तत्काल अघि निःसर्ग भएको मानिन्छ ।

यदि कसैले सवारी साधन बिक्रीको कारोबार गरिरहेको रहेछ भने उसकहाँ भएका सवारी साधन व्यापारिक मौज्दात हुन्छन् तर तीमध्ये एक सवारी आफैले प्रयोग गरेको अवस्थामा सो सवारी साधन सो व्यवसायका लागि ह्रासयोग्य सम्पत्ति हुन्छ । यस अवस्थामा उक्त व्यापारिक मौज्दात (सवारी साधन) निःसर्ग भएको मानिन्छ । आफैले उपयोग गरेको भए तापनि एक प्रकारको सम्पत्तिबाट अर्को प्रकारको सम्पत्तिमा परिणत भएको अवस्थामा सम्पत्ति निःसर्ग भएको मानिन्छ:

| निःसर्ग अघि | निःसर्ग पछि |
|---|---|
| व्यापारिक मौज्दात | ह्रासयोग्य सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति, व्यावसायिक सम्पत्ति |
| ह्रासयोग्य सम्पत्ति | व्यापारिक मौज्दात, गैर व्यावसायिक करयोग्य सम्पत्ति, व्यावसायिक सम्पत्ति |
| गैर व्यावसायिक करयोग्य सम्पत्ति | व्यापारिक मौज्दात, ह्रासयोग्य सम्पत्ति, व्यावसायिक सम्पत्ति |
| व्यावसायिक सम्पत्ति | व्यापारिक मौज्दात, ह्रासयोग्य सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति |

उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

| |
|---|
| उदाहरण २२.७.४: मानौं, सुन्तली एण्ड कम्पनी प्रा.लि.एक Real Estate कम्पनी रहेछ । उक्त कम्पनीले घर भाडामा लिई घर जग्गाको कारोबार गर्दै आएको रहेछ । निजको व्यापारिक मौज्दात (Trading Stock)मा रहेको एउटा घरलाई मिति २०६६।६।७ मा आफैले प्रयोग गर्न थालेको रहेछ । यसरी व्यापारिक मौज्दात (Trading Stock) को रूपमा रहेको सो सम्पत्ति निजको वासलातमा स्थिर सम्पत्ति (Fixed Assets)मा परिवर्तन भएको कारण सोही मितिमा उक्त घर (व्यापारिक मौज्दात) नि:सर्ग भएको मानिन्छ र सोही समय उक्त सम्पत्ति ह्रासयोग्य सम्पत्तिको रूपमा गणना हुन्छ । |

**(ङ) कुनै निकायको सम्बन्धमा दफा ५७ बमोजिमका अवस्थाहरुमा, र**

दफा ५७ बमोजिम कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा दायित्वको नि:सर्ग गरेको मानिन्छ । यस सम्बन्धमा उदाहरण सहित विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद १३ मा गरिएको छ ।

**(च) नेपालमा अवस्थित जग्गा जमिन वा भवन बाहेक, सो व्यक्ति गैर बासिन्दा व्यक्ति हुनुभन्दा तत्काल अघि ।**

कुनै बासिन्दा (Resident)व्यक्तिको नेपालमा अवस्थित जग्गा जमिन वा भवनबाहेक अन्य सम्पत्ति सो व्यक्ति गैरबासिन्दा (Non-resident) व्यक्ति हुनुभन्दा तत्काल अघि नि:सर्ग भएको मानिन्छ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

| |
|---|
| उदाहरण २२.७.५: मानौं, शैलेस आ.व.२०६४।६५ सम्म नेपालको बासिन्दा व्यक्ति रहेछन् । निजको काठमाडौंमा घर जग्गा रहेछ । निजको नाममा रु.३ लाखमा खरिद गरेको कुनै सूचिकृत कम्पनीको शेयर रहेछ । निज आ.व.२०६५।६६ मा नेपाल छोडी अष्ट्रेलियामा गएर स्थायी रूपले बसोबास गरिरहेको रहेछन् र उक्त आ.व.मा निज नेपाल फर्केका रहेनछन् । यस अवस्थामा निजको नाममा रहेको उक्त शेयर २०६५ आषाढ मसान्तमा नै नि:सर्ग भएको मानिन्छ । तर निजको नाममा रहेको घर जग्गा भने नि:सर्ग भएको मानिदैन । |

४०(४) **उपदफा (१) बमोजिम कुनै व्यक्तिले कुनै वित्तीय पट्टा अन्तर्गत कुनै सम्पत्ति पट्टामा दिएर सो सम्पत्तिको नि:सर्ग गरेमा निजले जुन व्यक्तिलाई सो सम्पत्ति पट्टामा दिएको हो त्यस्तो व्यक्तिले नि:सर्गको समयमा सो सम्पत्तिको स्वामित्व प्राप्त गरेको मानिनेछ ।**

वित्तीय पट्टा(Finance Lease)मा दिएमा वास्तविक स्वामित्व हस्तान्तरण नभएपनि पट्टामा लिने व्यक्तिलाई उक्त पट्टाको सम्पत्ति नि:सर्ग गरेको मानिन्छ र उक्त सम्पत्ति प्राप्त गर्ने व्यक्तिले सो सम्पत्तिको स्वामित्व समेत प्राप्त गरेको मानिनेछ । वित्तीय पट्टा अन्तर्गत सम्पत्तिको कानुनी रूपमा स्वामित्व (Legal title) हस्तान्तरण नहुने भए तापनि Economic Ownershipहस्तान्तरण हुने र उक्त सम्पत्तिको जोखिम (Substantial Risk)समेत सम्पत्ति प्राप्त गर्ने व्यक्तिको हुने हुँदा यस अवस्थामा उक्त सम्पत्तिको Legal Title हस्तान्तरण नभएतापनि सम्पत्तिको नि:सर्ग भएको मानिन्छ । ऐनको दफा ३२ अनुसार यसरी गरिने नि:सर्गमा सम्पत्तिको पुँजीको भाग तथा ब्याजको भाग खुलाई किस्ता निर्धारण गरिनुपर्ने व्यवस्था समेत गरेको छ । यस सम्बन्धमा उदाहरणसहित विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद ७ मा गरिएको छ ।

४०(५) **सम्पत्ति तथा दायित्वहरुको नि:सर्गबाट कुनै व्यक्तिले प्राप्त गरेको लाभ गणना गर्ने प्रयोजनको लागि देहाय बमोजिम हुनेछ :-**

**(क) यो ऐन प्रारम्भ हुँदाका बखत सो व्यक्तिको स्वामित्वमा रहेका कुनै सम्पत्तिबापतका खुद खर्चहरुको रकम सो बखत उक्त सम्पत्तिको प्रचलित बजार मूल्य बराबर मानिनेछ,**

(ख) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै व्यक्तिको दायित्व बापतका खुद आम्दानीहरु त्यस बखत उक्त दायित्वको प्रचलित बजार मूल्य अनुसारको रकम बराबर मानिनेछ ।

## २२.८ सम्पत्ति वा दायित्वको थमौती (रिटेन्सन) सहितको निःसर्ग

ऐनको दफा ४१ मा सम्पत्ति तथा दायित्वको निःसर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ

४१ कुनै व्यक्तिले दफा ४० को उपदफा (३) को खण्ड (ग), (घ), (ङ) र (च) मा उल्लिखित कुनै पनि तरिकाले कुनै सम्पत्ति वा दायित्व निःसर्ग गरेमा देहाय बमोजिम हुनेछ :-

(क) सम्पत्तिको सम्बन्धमा,-

(१) सो व्यक्तिलाई निःसर्ग बापत निःसर्गको समयमा सो सम्पत्तिको बजार मूल्य बराबरको रकम प्राप्त भएको मानिनेछ, र

(२) त्यस्तो सम्पत्ति पुनः निःसर्ग हुँदा यो दफा बमोजिम निःसर्ग भएको बखतसम्म सो सम्पत्ति बापत गरिएका खुद खर्चहरु (नेट आउटगोइङ्ग) प्राप्ति रकम बराबरको रकम भए सरह मानिने छ ।

(ख) दायित्वको सम्बन्धमा,-

(१) सो व्यक्तिलाई निःसर्गको समयमा सो दायित्वको बजार मूल्य बराबरको रकम सो निःसर्ग बापत खर्च गरेको मानिनेछ , र

(२) त्यस्तो दायित्व पुनः निःसर्ग हुँदा यो दफा बमोजिम निःसर्ग भएको समयसम्म उपखण्ड (१) बमोजिम दायित्वबापत गरिएका खुद आम्दानीहरु खर्च रकम बराबरको भए सरह मानिने छ ।

सम्पत्ति वा दायित्वको थमौती (Retention)भई निःसर्ग मानिने अवस्थाका सम्बन्धमा तल प्रकाश पारिएको छ ।

**सम्पत्तिका सम्बन्धमाः**

सम्पत्तिको थमौती आफूसँग रहेको व्यक्तिलाई निःसर्ग बापत निःसर्गको समयमासो सम्पत्तिको बजार मूल्य बराबरको रकम प्राप्त (आम्दानी) भएको मानिन्छ । साथै, सो सम्पत्ति पुनः निःसर्ग हुँदा खर्च कायम गर्ने प्रयोजनको लागि पहिले थमौतीसहितको निःसर्ग मानिएको बजार मूल्य (सो समय आम्दानी मानिएको मूल्य) सो सम्पत्तिबापतका खर्च भएको मानिन्छ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.८.१: मानौं, शैलेसभन्ने व्यक्ति आ.व.२०६३।६४ सम्म नेपालको बासिन्दा व्यक्ति रहेछन् । निजको नाममा रु.३ लाखमा खरिद गरेको सूचिकृत कम्पनीको शेयर रहेछ । निज २०६४ पुष १० गते नेपाल छोडी अष्ट्रेलियामा गएर स्थायी रूपले बसोबास गरिरहेको रहेछन् र उक्त आ.व.मा निज नेपालको बासिन्दा समेत रहेनछन् । सो मितिमा उक्त कम्पनीको शेयरको बजार मूल्य रु.५ लाख रहेछ । निजले सो शेयर मिति २०६६।४।२० मा रु.६ लाखमा बिक्री गरेका रहेछन् र सो बापत रु.१,२००।- Broker Commission तिरेका रहेछन् । यस अवस्थामा निजको नाममा रहेको उक्त शेयर २०६४ पुष १० गते नै निःसर्ग भएको मानिन्छ र सो मितिको बजार मूल्य रु.५ लाख सो निःसर्गको आम्दानी (प्राप्ति) मानिन्छ ।

यस अवस्थामा उक्त सम्पत्ति निःसर्ग मानिएको अवस्थामा एवम् वास्तविक निःसर्ग हुँदाका बखतमा लाभको गणना निम्नानुसार गरिन्छ :

२०६४ आषाढ मसान्तमा नि:सर्ग मानिएको समयमा गरिने लाभको गणना:

नि:सर्ग मानिएको समयमा शेयरको बजार मूल्य (आम्दानी मानिने) रु.५,००,०००।-
शेयरको लागत मूल्य (खर्च) रु.३,००,०००।-

नि:सर्ग मानिएको समयमा भएको लाभ रु.२,००,०००।-

२०६६।४।२० मा पुन: नि:सर्ग (वास्तविक नि:सर्ग) मा गरिने लाभको गणना:

नि:सर्गको समयमा शेयरको बजार मूल्य (आम्दानी) रु.६,००,०००।-
शेयर बापत खर्च: रु.५,०१,२००।-
नि:सर्ग मानिएको समयमा रहेको बजार मूल्य रु.५,००,०००।-
Broker commission तिरेका रकम रु.१,२००।-
शेयरबापतको खुद खर्च रु.५,०१,२००।-
शेयरको नि:सर्गको समयमा भएको लाभ रु.९८,८००।-

यसरी वास्तविक नि:सर्गबाट भएको आम्दानी (Incomings), अर्थात रु.६ लाखबाट खुद खर्च, अर्थात रु.५,०१,२००।- कट्टा गरी बाँकी हुन आउने रकम रु.९८,८००।- नि:सर्गको मितिमा लाभ हुने हुन्छ भने नि:सर्ग मानिएको समय (२०६४ पुष १० गते) मा रु.२ लाख लाभ भएको मानिन्छ।

**दायित्वको सम्बन्धमा:**

सो व्यक्तिलाई नि:सर्ग मानिएको समयमा सो दायित्वको बजार मूल्य बराबरको रकम सो नि:सर्ग बापत खर्च (Outgoings)गरेको मानिन्छ एवम् सो समयसम्म दायित्वबाट गरिएको प्राप्ति(Receipts)लाई सोको आम्दानी (incomings)मानिन्छ । सम्पत्तिको नि:सर्ग सरह दायित्वको नि:सर्गमा पनि बजार मूल्यबाट गणना गरिन्छ । तर सम्पत्तिको नि:सर्गमा बजार मूल्यका आधारमा आम्दानी (Incomings)मानिन्छ भने दायित्वको नि:सर्गमा बजार मूल्य सरह खर्च (Outgoing)मानिन्छ । यसरी बजार मूल्यमा गरिएको मूल्याङ्कनबाट हुने खर्च रकम बराबर सोही व्यक्तिले थमौती रहेको सो दायित्व पुन: नि:सर्ग हुँदाका बखतका लागि आम्दानी गरेको मानिने व्यवस्था गरिएको छ। उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ।

उदाहरण २२.८.२: मानौं, कमान लिमिटेडले १५ प्रतिशत डिवेन्चर जारी गरी रु.२ करोड ऋण उठाएको रहेछ। मिति २०६५।८।११ मा कम्पनीमा नयाँ शेयरधनी परिवर्तन भएकाले दफा ५७ को अवस्था पर्न गएछ । सो डिवेन्चरमा भएको ब्याजदरको आकर्षणले डिवेन्चरको बजारमूल्य रु.२ करोड १० लाख रहेछ । २०६८ आषाढ मसान्तमा अवधि पुगेका कारण डिवेन्चरको मूल धन फिर्ता गरेको रहेछ।

यस अवस्थामा मिति २०६५।८।११ मा कम्पनीले आफ्ना सबै सम्पत्ति र दायित्व बजार मूल्यमा नि:सर्ग गरेको मानिन्छ। नयाँ मानिने कम्पनीले सो दायित्व बजार मूल्यमा खरिद गरेको मानिन्छ । यस अवस्थामा उक्त दायित्व नि:सर्ग मानिएको अवस्थामा एवम् पुन: नि:सर्ग (वास्तविक नि:सर्ग) हुँदाका बखतमा लाभको गणना निम्नानुसार गरिन्छ :

पुरानो मानिएको कम्पनीमा मिति २०६५।८।११ मा नि:सर्ग मानिएको अवस्थामा गरिने लाभको गणना:

दायित्व बापत मूल्य (आम्दानी मानिने) रु.२,००,००,०००।-
नि:सर्ग मानिएको समयमा दायित्वको बजार मूल्य (खर्च) रु.२,१०,००,०००।-
दायित्व नि:सर्ग मानिएको समयमा भएको नोक्सानी रु.१०,००,०००।-

नयाँ मानिएको कम्पनीले मिति २०६८।३।३२ मा दायित्व फरफारक (पुन: नि:सर्ग) गर्दा गरिने लाभको गणना:

२०६५।८।११ मा दायित्व बापतको बजार मूल्य (आम्दानी) रु.२,१०,००,०००।-

| | |
|---|---|
| नि:सर्गको समयमा तिरिएको दायित्वको रकम (खर्च) | रु.२,००,००,०००।- |
| दायित्व नि:सर्गको समयमा भएको लाभ | रु.१०,००,०००।- |

यसरी वास्तविक नि:सर्गको समयमा नयाँ कम्पनीलाई रु.१० लाख लाभ भएको मानिन्छ भने दफा ५७ बमोजिम नि:सर्ग मानिएको समय (मिति२०६५।८।११) मा पुरानो कम्पनीलाई रु.१० लाख नोक्सान भएको मानिन्छ ।

## २२.९ किस्ताबन्दी बिक्री वा वित्तीय पट्टाको माध्यमबाट नि:सर्ग

ऐनको दफा ४२ मा किस्ताबन्दी बिक्री वा वित्तीय पट्टाको माध्यमबाटनि:सर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**४२. कुनै व्यक्तिले कुनै सम्पत्ति कुनै अर्को व्यक्तिलाई किस्ताबन्दी बिक्रीको माध्यमबाट वा वित्तीय पट्टा अन्तर्गत पट्टामा दिई नि:सर्ग गरेमा देहाय बमोजिम हुनेछ :-**

**(क) सम्पत्ति नि:सर्ग गर्ने व्यक्तिलाई नि:सर्गको समयमा सो सम्पत्तिको बजार मूल्य बराबरको रकम सो नि:सर्गबाट प्राप्त भएको मानिनेछ, र**

**(ख) नि:सर्गबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको उपखण्ड (क) बराबरको रकम लागत परेको मानिनेछ ।**

**तर दफा ४५ को व्यवस्था लागू हुने अवस्थामा यो व्यवस्था लागू हुने छैन ।**

कुनै व्यक्तिले कुनै सम्पत्ति कुनै अर्को व्यक्तिलाई किस्ताबन्दीमा बिक्रीको (Installment Sale)माध्यम वा वित्तीय पट्टा (Financial lease)अर्न्तगत पट्टामा दिई नि:सर्ग गरेमा, सम्पत्ति नि:सर्ग गर्ने व्यक्तिलाई नि:सर्गको समयमा सो सम्पत्तिको बजार मूल्य बराबरको रकम सो नि:सर्गबाट प्राप्त भएको (Realised) मानिन्छ । त्यसैगरी नि:सर्गबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको हकमा सोही रकम बराबर लागत परेको मानिन्छ । तर सम्बद्ध व्यक्तिबीचको हस्तान्तरण र अन्य गैर बजार हस्तान्तरण मानिने अन्य अवस्थामा सो अवस्था लागू हुँदैन । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.९.१: मानौं, एयर गुराँस लि.ले रु.१० करोड लागत रहेको हेलीकप्टर एभी नेपाल प्रा.लि.लाई मिति २०६६।१०।१५ मा वित्तीय पट्टा (Financial Lease) को प्रबन्धमा उपलब्ध गराएछ । उक्त समयमा सो हेलिकप्टरको बजार मूल्य रु.९ करोड रहेछ । वित्तीय पट्टा (Financial Lease)को प्रबन्ध अनुसार एभी नेपाल प्रा.लि.ले एयर गुँरास लि.लाई वार्षिक रु.२ करोडका दरले ५ वर्षमा भुक्तानी गर्नुपर्ने र सो भुक्तानी पूर्ण रूपमा प्राप्त भए पश्चात मात्र उक्त हेलिकप्टरको स्वामित्व हस्तान्तरण हुने व्यवस्था रहेछ । कम्पनीलेउक्त हेलिकप्टर रु.८ करोड ७५ लाखमा खरिद गरेको रहेछ ।

यस अवस्थामा मिति २०६६।१०।१५ मानौं एयर गुँरास लि.ले सो हेलिकप्टर नि:सर्ग गरेको मानिन्छ र सो नि:सर्ग बापत लाभ वा नोक्सानी निम्नानुसार गणना गर्नु पर्दछः

| | |
|---|---|
| आम्दानी (Incoming) | रु.९ करोड |
| सो सम्पत्तिको खर्च (Outgoing) | रु.८ करोड ७५ लाख |
| लाभ | रु.२५ लाख |

एभी नेपाल प्रा.लि.ले वित्तीय पट्टाबाट हस्तान्तरण गरी लिएको सो हेलिकप्टरका लागि परेको लागत अर्थात खर्चरु.९ करोड हुन्छ । तर साँवा र ब्याजको अंश समेत प्रत्येक वर्ष रु.२ करोडको किस्ता पाउने गरी ५ वर्षमा स्वामित्व हस्तान्तरण हुने गरी भुक्तानीलाई ऐनको दफा ३२ बमोजिम साँवा फिर्ता र ब्याज आम्दानीको रूपमा एयर गुँरास लि.ले गणना गर्नु पर्दछ । सम्पत्तिको नि:सर्गमा लाभ वा नोक्सानीको गणनाको प्रयोजनका लागि सम्पत्तिको नि:सर्गका बखतको बजार मूल्य हेर्नु पर्दछ । वित्तीय पट्टाको

| |
|---|
| साँवा वा ब्याज (चालु आय) को योग रहेको किस्ताको भुक्तानीको तालिका होइन । |

२२.१० **पति, पत्नी वा पूर्व पति, पूर्व पत्नीलाई सम्पत्तिको हस्तान्तरण**

ऐनको दफा ४३ मा पति, पत्नी वा पूर्व पति, पूर्व पत्नीलाई सम्पत्तिको हस्तान्तरणमानि:सर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

४३. **सम्बन्ध विच्छेद भएको वा अंश लिई भिन्न बसेको कुनै प्राकृतिक व्यक्तिले निजको पति, पत्नी वा पूर्व पति, पूर्व पत्नीलाई सम्पत्ति हस्तान्तरण गरी सम्पत्तिको नि:सर्ग गरेमा र सो पति, पत्नी वा पूर्व पति, पूर्व पत्नीले यो दफा लागू गरिपाउँन लिखित रूपमा छनौट गरेमा देहाय बमोजिम हुनेछ :-**

(क) **सो व्यक्तिले नि:सर्गको तत्काल अघि सो सम्पत्ति बापत भएका खुद खर्चहरु बराबरको रकम सो नि:सर्ग बापत प्राप्त गरेको मानिनेछ, र**

(ख) **खण्ड (क) बराबरको रकम हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।**

कुनै प्राकृतिक व्यक्तिले निजको पति, पत्नी वा सम्बन्ध विच्छेद भएको वा अंश लिई भिन्न बसेको पूर्व पति, पूर्व पत्नीलाई सम्पत्ति हस्तान्तरण गरी सम्पत्तिको नि:सर्ग गरेमा र सो पति, पत्नी वा पूर्व पति, पूर्व पत्नीले यो व्यवस्था छनौट गरेमा सो व्यक्तिले नि:सर्गको तत्काल अघि सो सम्पत्तिबापत भएका खुद खर्च बराबरको रकम सो नि:सर्ग बापत प्राप्त गरेको मानिन्छ । साथै, सोही बराबरको रकम हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत (Cost Base) परेको मानिन्छ । सम्पत्ति हस्तान्तरण गर्ने व्यक्तिको सो सम्पत्तिबापतको खर्च र आम्दानी बराबर भएकोले कर भार (Tax burden)परेन । सम्पत्ति प्राप्त गर्ने व्यक्तिले यस्तो सम्पत्ति पछि नि:सर्ग गरेमा आफूलाई सरेको पूर्व लागतलाई खर्च मानिन्छ । यसरी सम्पत्ति प्राप्त गर्ने यो दफा अनुसार प्राकृतिक व्यक्ति पति, पत्नी वा पूर्व पति, पूर्व पत्नीले प्राप्त गरेको सम्पत्तिको लागत (खुद खर्च) लाई आफ्नो खर्च (लागत) मान्न सम्बन्धित कार्यालयमा लिखित रूपमा छनौट गरेको जानकारी गराउनु पर्दछ । व्यक्तिगत सम्पत्तिमा करको भार नभएकाले हस्तान्तरण भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति र एकलौटी फर्मको सम्पत्ति तथा दायित्वमा मात्र यो दफा बमोजिम कर आधार गणना गर्न मिल्दछ । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.१०.१ः मानौं, रसेन्द्रले मिति २०६३।१०।१ मा रु.१ करोडमा एउटा जग्गा खरिद गरेका रहेछन् । मिति २०६६।५।६ मा निजकी श्रीमती सरलासँग पारपाचुके भएछ । निजले सो जग्गा पूर्व पत्नी सरलालाई मिति २०६६।५।१० मा कुनै मूल्य नलिई हस्तान्तरण गरेका रहेछन् । उक्त जग्गाको हस्तान्तरणको समयमा उक्त जग्गाको बजार मूल्य रु.१ करोड ४० लाख रहेछ । यसरी हस्तान्तरण गर्दा लिखत तथा रजिष्ट्रेशन बापत सरलाले रु.१० हजार खर्च गरेकी रहिछिन् । रसेन्द्रले उक्त जग्गाबिना कुनै मूल्य आफ्नो पूर्व पत्नीलाई हस्तान्तरण गरेको र यो ऐनको दफा ४३ लागू हुन लिखित रूपमा छनौट गरेको व्यहोरा सम्बन्धित कार्यालयलाई जानकारी गराएका रहेछन् । मिति २०६६।१०।५ मा निजले सो जग्गा रु.१ करोड ५० लाखमा बिक्री गरेकी रहिछिन् । यस अवस्थामा रसेन्द्र र सरलाको लागि सो सम्पत्तिको नि:सर्गको लाभ निम्नानुसार गणना गर्नु पर्दछः

<u>रसेन्द्रको लागिः</u>

| | |
|---|---|
| आम्दानी (Incoming) | रु.१ करोड |
| सो सम्पत्ति बापतको खर्च (Outgoing) | रु.१ करोड |
| लाभ | नभएको |

<u>सरलाको लागिः</u>

| | |
|---|---|
| नि:सर्ग बाट प्राप्त रकम (आम्दानी) | रु.१,५०,००,०००।- |
| सम्पत्ति बापतको खर्च: | रु.१,००,१०,०००।- |
| हस्तान्तरणबाट प्राप्त सम्पत्तिको लागत मानिने रकम | रु.१,००,००,०००।- |
| लिखत तथा रजिष्ट्रेशन बापतका खर्च | रु.१०,०००।- |
| **नि:सर्गको समयमा भएको लाभ** | **रु.४९,९०,०००।-** |

यस प्रकार रसेन्द्रलाई सो जग्गाको नि:सर्गमा कुनै लाभ हुँदैन भने सरलालाई रु.४९ लाख ९० हजार लाभ हुन्छ ।

अर्थात, पति, पत्नी वा सम्बन्ध बिच्छेद भएको वा अंश लिई भिन्न बसेको पूर्व पति, पूर्व पत्नीलाई सम्पत्ति हस्तान्तरण गरेमा खर्चको आधार (Cost Base)समेत हस्तान्तरण हुने हुन्छ ।

यदि निज रसेन्द्रले लिखित रूपमा ऐनको यो दफा लागू हुन छनौट गरेको जानकारी सम्बन्धित कार्यालयलाई नदिएमा ऐनको दफा ४५ बमोजिम आम्दानी र खर्चको गणना गर्नु
पर्दछ ।

## २२.११ मृत्यु पश्चात सम्पत्तिको हस्तान्तरण

ऐनको दफा ४४मा मृत्युपश्चात सम्पत्तिको हस्तान्तरणमानि:सर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ:

**४४: कुनै प्राकृतिक व्यक्तिको मृत्यु भई कुनै सम्पत्तिको स्वामित्व अर्को व्यक्तिमा हस्तान्तरणबाट नि:सर्ग गरिएकोमा देहाय बमोजिम हुनेछ :-**

(क) **सो व्यक्तिले सो नि:सर्गका समयमा सो सम्पत्तिको प्रचलित बजार मूल्य बराबरको रकम नि:सर्ग बापत प्राप्त गरेको मानिनेछ, र**

(ख) **हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको खण्ड (क) बराबरको रकम लागत परेको मानिनेछ ।**

कुनै प्राकृतिक व्यक्तिको मृत्यु भई निजको कुनै सम्पत्तिको स्वामित्व अर्को व्यक्तिमा हस्तान्तरण भई नि:सर्ग भएमा सो व्यक्तिले सो नि:सर्गका समयमा सो सम्पत्तिको प्रचलित बजार मूल्य बराबरको रकम प्राप्त गरेको र सो सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागि लागत परेको मानिन्छ । कुनै व्यक्तिको मृत्यू हुँदाको बखत सम्पत्ति नि:सर्ग गरेको मानि बजार मूल्य अनुसार सो सम्पत्तिको मूल्य अभिवृद्धि (Wealth creation) गणना गर्न र सोही बराबर लागत आधार (Cost Base)सम्पत्ति पाउने व्यक्तिलाई सार्न यो व्यवस्था गरिएको हो । व्यक्तिगत सम्पत्तिका करको भार नभएकाले हस्तान्तरण भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति र एकलौटी फर्मको सम्पत्ति तथा दायित्वमा मात्र यो दफा बमोजिम कर आधार गणना गर्न मिल्दछ । गैर व्यावसायिक करयोग्य सम्पत्तिको परिभाषा बमोजिम तीन पुस्ताभित्र यसरी सम्पत्ति हस्तान्तरण हुने सम्पत्ति ऐनको दफा २ को खण्ड (द) बमोजिम गैर व्यावसायिक करयोग्य सम्पत्ति नमानिने हुँदा त्यस्तो अवस्थामा यो दफा आकृष्ट हुँदैन । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.११.१: मानौं, रसेन्द्रले मिति २०६५।५।१ मा रु.१ करोडमा एउटा जग्गा खरिद गरेका रहेछन् । उक्त जग्गा खरिद गर्न उपेन्द्रसँग रु.८० लाख कर्जा लिएका रहेछन् र सो कर्जाको सुरक्षणको निमित्त सोही जग्गा धितो बन्धक पास गरिदिएका रहेछन् । मिति २०६६।१।६ मा निजको मृत्यू भएछ । कर्जाको शर्त बमोजिम उक्त जग्गामा उपेन्द्रको स्वामित्व कायम हुन गएको रहेछ । सो समयमा उक्त जग्गाको बजार मुल्य रु.१ करोड १० लाख रहेछ ।

यस अवस्थामा रसेन्द्रले नि:सर्ग गरेको मानिने जग्गामा लाभको निम्नानुसार गणना गर्नु

पर्दछः

| | |
|---|---|
| आम्दानी (Incoming) | रु.१,१०,००,०००।- |
| (निजको मृत्यूको बखतको सो घरजग्गाको बजार मूल्य) | |
| सो सम्पत्ति बापतको खर्च (Outgoing) | रु.१,००,००,०००।- |
| लाभ | रु.१०,००,०००।- |

यस प्रकार सो जग्गाको निःसर्गमा रु.१० लाख लाभ हुन्छ र सो लाभमा कर तिर्ने दायित्व सो सम्पत्तिको प्रापक अर्थात उपेन्द्रको हुनेछ ।

उदाहरण २२.११.२: मानौं, रसेन्द्रले मिति २०६५।५।१ मा रु.१ करोडमा एउटा जग्गा खरिद गरेका रहेछन् । मिति २०६६।१।६ मा निजको मृत्यू भएछ र मृत्यूपश्चात सो सम्पत्ति निजको छोरा रबिन्द्रमा हस्तान्तरण भएको रहेछ । सो समयमा उक्त जग्गाको बजार मुल्य रु.१ करोड १० लाख रहेछ । यस अवस्थामा रसेन्द्रले निःसर्ग गरेको मानिने उक्त जग्गा तीन पुस्ताभित्र बिक्रीबाहेक अन्य किसिमले हस्तान्तरण भएकोले गैर व्यावसायिक करयोग्य सम्पत्ति नमानिने हुँदा त्यस्तो अवस्थामा यो दफा आकर्षित हुँदैन र लाभको गणना पनि हुँदैन । तर, सोही सम्पत्ति छोरा रविन्द्रले निःसर्ग गरेमा र निःसर्गको समयमा सो सम्पत्ति गैर व्यावसायिक करयोग्य सम्पत्तिको परिभाषामा पर्ने भएमा रविन्द्रले लागत (खर्च) दाबी गर्दा निजको बुवा रसेन्द्रले मिति २०६६।१।६ मा दाबी गर्न पाउने हदसम्म मात्र दाबी गर्न पाउँछन्

## २२.१२ सम्बद्ध व्यक्तिहरु बीचको हस्तान्तरण र अन्य गैर बजार हस्तान्तरणहरु

आयकर ऐन, २०५८ ले एक अर्काको मनसाय अनुसार काम गर्ने एक वा एकभन्दा बढी व्यक्ति वा त्यस्ता व्यक्तिको समुह सम्बद्ध व्यक्ति भनी परिभाषित गरेको छ । सम्बद्ध व्यक्ति भन्नाले नातेदार, साझेदार, विदेशी स्थायी संस्थापनमा स्वामित्व भएको व्यक्ति र कुनै निकायको आय,पुँजी वा मताधिकार (Voting rights)को ५० प्रतिशत वा सो भन्दा बढी हिस्सा नियन्त्रण गर्ने वा सोबाट फाइदा प्राप्त गर्ने निकाय वा व्यक्तिलाई पनि जनाउँछ । तर कर्मचारी वा आन्तरिक राजस्व विभागले सम्बद्ध व्यक्ति होइन भनी तोकेको व्यक्ति सम्बद्ध व्यक्ति हुँदैन । ऐनको दफा ४५ मा सम्बद्ध व्यक्तिबीचको हस्तान्तरण र अन्य गैर बजारहस्तान्तरणमानिःसर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**४५(१) कुनै व्यक्तिले कुनै सम्पत्ति सम्बद्ध व्यक्तिलाई वा कुनै अन्य व्यक्तिलाई कुनै प्रतिफल नलिई हस्तान्तरण गरी सो सम्पत्ति निःसर्ग गरेमा देहाय बमोजिम हुनेछः-**

**(क) सो व्यक्तिले सो सम्पत्तिको निःसर्गबाट सो सम्पत्तिको निःसर्ग हुनु तत्काल अघि सो सम्पत्तिको बजार मूल्य वा सो सम्पत्ति बापत भएको खुद खर्चमध्ये जुन बढी हुन्छ सो रकम प्राप्त गरेको मानिनेछ, र**

**(ख) खण्ड (क) मा उल्लेख भए बराबरको रकम हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।**

**तर दफा ४३ र ४४ को व्यवस्था लागू हुने अवस्थामा यो व्यवस्था लागू हुनेछैन ।**

**(ग) ऐनको दफा २ को खण्ड (द)को उपखण्ड (५) बमोजिम हस्तान्तरण भई आएको सम्पत्तिको हकमा हस्तान्तरण गर्ने व्यक्तिको लागत नै हस्तान्तरण भई सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।**

कुनै व्यक्तिले कुनै सम्पत्ति सम्बद्ध व्यक्तिलाई वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिफल नलिई हस्तान्तरण (गैर बजार हस्तान्तरण) गरी सो सम्पत्ति निःसर्ग गरेमा, सो व्यक्तिले सो

सम्पत्तिको निःसर्गबाट सो सम्पत्तिको निःसर्ग हुनु तत्काल अघि सम्पत्तिको बजार मूल्य वा सो सम्पत्तिबापत भएको खुद खर्चमध्ये जुन बढी हुन्छ सो रकम प्राप्त (Derived)गरेको मानिन्छ । तर पति, पत्नी वा पूर्व पति, पूर्व पत्नीबीच दफा ४३ लागू हुने अवस्थाको सम्पत्ति हस्तान्तरण एवम् प्राकृतिक व्यक्तिको मृत्यु पश्चात हुने निजको सम्पत्ति हस्तान्तरणको अवस्थामा यो अवस्था लागू हुदैन । उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.१२.१: मानौं, रसेन्द्रले मिति २०६९।५।१ मा रु.१ करोडमा एउटा जग्गा खरिद गरेका रहेछन् । उक्त जग्गामा सोही वर्ष रु.५ लाख खर्च गरी पर्खाल समेत लगाएका
रहेछन् । निजले उक्त जग्गा दिनेश भन्ने व्यक्तिलाई मिति २०७०।६।५ मा बकसपत्र गरिदिएका रहेछन् । सो समयमा उक्त जग्गाको बजार मुल्य रु.१ करोड १० लाख रहेछ ।

यस अवस्थामा रसेन्द्रले निःसर्ग गरेको मानिने जग्गामा लाभको निम्नानुसार गणना गर्नु पर्दछः

| | |
|---|---|
| आम्दानी (Incoming) | रु.१,१०,००,०००।- |
| (निजले बकसपत्र गरीदिएको सो घरजग्गाको बजार मूल्य) | |
| सो सम्पत्ति बापतको खर्च (Outgoing) | रु.१,०५,००,०००।- |
| लाभ | रु.५,००,०००।- |

यस प्रकार सो जग्गाको निःसर्गमा रु.५ लाख लाभ हुन्छ र सो लाभमा कर तिर्ने दायित्व सो सम्पत्ति निःसर्ग गर्ने व्यक्ति अर्थात रसेन्द्रको हुनेछ । सम्पत्ति प्राप्त गर्ने व्यक्ति अर्थात दिनेशको लागि सो सम्पत्तिको लागत रु.१ करोड १० लाख मानिनेछ ।.

यदि हस्तान्तरणको समयमा उक्त सम्पत्तिको बजार मूल्य रु.१ करोड २ लाख भएको भए रसेन्द्रले निःसर्ग गरेको मानिने जग्गामा लाभको निम्नानुसार गणना गर्नु पर्दछः

आम्दानी (Incoming)रु. १,०५,००,००० (निजले बकसपत्र गरिदिएको सो घरजग्गाको बजार मूल्य)

| | |
|---|---|
| सो सम्पत्ति बापतको खर्च (Outgoing) | रु. १,०५,००,००० |
| लाभ | ० |

यस प्रकार सो जग्गाको निःसर्गमा लाभ हुदैन । त्यस्तै, सम्पत्ति प्राप्त गर्ने व्यक्ति अर्थात दिनेशको लागि सो सम्पत्तिको लागत रु.१ करोड ५ लाख मानिनेछ ।

**४५(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले व्यावसायिक सम्पत्ति, गैर व्यावसायिककरयोग्य सम्पत्ति वा व्यापारिक मौज्दातका रूपमा रहेको सम्पत्तिको स्वामित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरी निःसर्ग गरेमा र उपदफा (६) बमोजिमका कुराहरु पूरा भएमा देहाय बमोजिम हुनेछ :-**

**(क) सो निःसर्गको तत्काल अघि सो सम्पत्ति बापत भएको खुद खर्च बराबरको रकम सो निःसर्ग बापत सो व्यक्तिले प्राप्त गरेको मानिनेछ, र**

**(ख) खण्ड (क) मा उल्लेख भए बराबरको रकम हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।**

कुनै व्यक्तिले व्यावसायिक सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति वा व्यापारिक मौज्दातका रूपमा रहेको सम्पत्तिको स्वामित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरी निःसर्ग गरेमा र देहायका कुरा पूरा भएमा सो निःसर्गको तत्काल अघि सो सम्पत्तिबापत भएको खुद

खर्च बराबरको रकमसो निःसर्गबापत सो व्यक्तिले प्राप्त गरेको मानिन्छ र साथै सोही रकम बराबर हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिन्छ :

(क) **व्यवसायबाट व्यवसायमा लगेको** :निःसर्ग गरिएको व्यावसायिक सम्पत्ति वा व्यापार मौज्दातको रूपमा रहेको सम्पत्ति निःसर्ग गर्ने व्यक्तिबाट हस्तान्तरण गरिएको सम्बद्ध व्यक्तिको व्यावसायिक सम्पत्ति वा व्यापार मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्ति भएको,

(ख) **लगानीबाट लगानी वा व्यवसायमा लगेको** :निःसर्ग गरिएको गैर व्यावसायिक करयोग्य सम्पत्ति निःसर्ग गर्ने व्यक्तिबाट हस्तान्तरण गरिएको सम्बद्ध व्यक्तिको व्यावसायिक सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापार मौज्दात भएको ।

(ग) **प्रापक करको सामान्य दायरामा रहेको** : हस्तान्तरणको बखत सो सम्पत्ति हस्तान्तरण गर्ने व्यक्ति र सम्बद्ध व्यक्ति बासिन्दा भएको हुनुपर्ने र सम्बद्ध व्यक्ति करछुट पाउने व्यक्ति हुन नहुने,

(घ) **नियन्त्रणात्मक निहित स्वामित्व रहेको** : सो सम्पत्तिमा निहित स्वामित्व कम्तिमा ५० प्रतिशत रहनुपर्ने, र

(ङ) **छनौट** : सो व्यक्ति तथा सम्बद्ध व्यक्ति दुवैले यो अवस्था लागू गर्न छनौट गरेको हुनुपर्ने ।

४५(३) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (६) बमोजिमका कुराहरु पूरा गरी कुनै व्यक्तिले ह्रासयोग्य सम्पत्तिको स्वामित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरणबाट निःसर्ग गरेमा वा त्यस्तो सम्पत्ति सो ह्रासयोग्य सम्पत्तिको कुनै समूहमा पर्ने भएमा देहाय बमोजिम हुनेछ :-**

(क) **सो व्यक्तिले सो निःसर्ग हुँदाका बखत अनुसूची-२ को दफा ४ बमोजिम सो समूहको घट्दो प्रणालीको बाँकी मूल्य बराबरको रकम सो निःसर्ग बापत प्राप्त गरेको मानिनेछ, र**

(ख) **खण्ड (क) मा उल्लेख भए बराबरको रकम हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।**

निम्न अवस्था पूरा गरी कुनै व्यक्तिले ह्रासयोग्य सम्पत्तिको स्वामित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरी निःसर्ग गरेमा वा त्यस्तो सम्पत्ति सो ह्रासयोग्य सम्पत्तिको कुनै समूहमा पर्ने भएमा, सो व्यक्तिले सो निःसर्ग हुँदाका बखत सो समूहको घट्दो प्रणालीको बाँकी मूल्य (Written Down value)बराबरको रकम सो निःसर्ग बापत प्राप्त गरेको मानिन्छ, र सोही रकम बराबर हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत मानिन्छ ।

(क) **व्यवसायबाट व्यवसायमा लगेको** :व्यवसायको ह्रासयोग्य सम्पत्ति निःसर्ग गर्ने व्यक्तिबाट हस्तान्तरण गरिएको सम्बद्ध व्यक्तिको व्यावसायिक सम्पत्ति, व्यावसायिक ह्रासयोग्य सम्पत्ति वा व्यापार मौज्दात रहेको ।

(ख) **लगानीबाट लगानी वा व्यवसायमा लगेको** : हस्तान्तरणको बखतमा सो सम्पत्ति हस्तान्तरण गर्ने व्यक्ति र सम्बद्ध व्यक्ति बासिन्दा भएको हुनुपर्ने तथा सम्बद्ध व्यक्ति करछुट पाउने व्यक्ति हुन नहुने ।

(ग) **प्रापक करको सामान्य दायरामा रहेको** : हस्तान्तरणको बखत सो सम्पत्ति हस्तान्तरण गर्ने व्यक्ति र सम्बद्ध व्यक्ति बासिन्दा भएको हुनुपर्ने र सम्बद्ध व्यक्ति करछुट पाउने व्यक्ति हुन नहुने,

(घ) **नियन्त्रणात्मक निहित स्वामित्व रहेको** : सो सम्पत्तिमा निहित स्वामित्व कम्तीमा ५० प्रतिशत रहनुपर्ने, र

(ङ) **छनौट** : सो व्यक्ति तथा सम्बद्ध व्यक्ति दुवैले यो अवस्था लागू गर्न छनौट गरेको हुनुपर्ने ।

उक्त अवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

> उदाहरण २२.१२.२: मानौं, रस नेपाल प्रा.लि.लेमिति २०७०।५।१ मा रु.१ करोड ५० लाखमा एउटा फ्ल्याट (भवन) खरिद गरेको रहेछ । उक्त भवन आफ्नो सहायक कम्पनी राम्रो नेपाल प्रा.लि.लाई मिति २०७१।६।५ मा हस्तान्तरण गरिएको रहेछ । हस्तान्तरण (नि:सर्ग) हुँदाका बखत उक्त भवनको अनुसूची-२ को दफा ४ बमोजिम सो समूहको घट्दो प्रणालीको बाँकी मूल्यरु. १,४२,५०,०००।- रहेछ र सो बखत उक्त भवनको बजार मुल्य रु.१ करोड ६० लाख रहेछ ।
>
> यस अवस्थामा, सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरिएको उक्त भवन बापतको आम्दानी (Incoming)रु.१,४२,५०,०००।- रस नेपाल प्रा.लि.ले प्राप्त गरेको मानिनेछ र सहायक कम्पनी राम्रो नेपाल प्रा.लि.को लागि उक्त रकम सो सम्पत्ति बापतको लागत (Outgoing) मानिनेछ ।

४५(४) **कुनै व्यक्तिले यस दफा बमोजिम कुनै दायित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरी वा अन्य कुनै व्यक्तिलाई कुनै मूल्य नदिई हस्तान्तरण गरी सो दायित्वको नि:सर्ग गरेमा देहाय बमोजिम हुनेछ :-**

(क) **सो व्यक्तिको सो नि:सर्ग बापत बजार मूल्य वा सो नि:सर्ग हुनुभन्दा तत्काल अघिको सो दायित्वबापत भएको खुद आम्दानीमध्ये जुन घटी हुन्छ सो रकम बराबर लागत परेको मानिनेछ, र**

(ख) **जुन व्यक्तिलाई सो दायित्व हस्तान्तरण गरिएको हो सो व्यक्तिले उक्त दायित्व बराबरको रकम सो दायित्व लिँदाको सम्बन्धमा प्राप्त गरेको मानिनेछ ।**

**तर दफा ४३ र ४४ को व्यवस्था लागू हुने अवस्थामा यो व्यवस्था लागू हुने छैन ।**

कुनै व्यक्तिले कुनै दायित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरी वा अन्य कुनै व्यक्तिलाई बिना मूल्य हस्तान्तरण गरी (गैर बजार हस्तान्तरण) सो दायित्वको नि:सर्ग गरेमा, सो व्यक्तिको सो नि:सर्ग बापत बजार मूल्य वा सो नि:सर्ग हुनुभन्दा तत्काल अघिको सो दायित्व बापत भएको खुद आम्दानीमध्ये जुन घटी हुन्छ सो रकम बराबरको लागत परेको मानिन्छ र सोही रकम बराबरको दायित्व हस्तान्तरण गरी लिने व्यक्तिले सो दायित्व लिए बापत प्राप्त गरेको मानिन्छ । तर पति, पत्नि वा पूर्व पति, पूर्व पत्नी बिचको हस्तान्तरण एवम् प्राकृतिक व्यक्तिको मृत्यु पश्चात हुने हस्तान्तरणको व्यवस्था लागूहुने अवस्थामा यो व्यवस्था लागू हुँदैन ।

४५(५) **कुनै व्यक्तिले उपदफा (६) मा उल्लिखित कुराहरु पूरा गरी आफ्नो कुनै व्यवसायबाट आय आर्जन गर्दा लिएको कुनै दायित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरी नि:सर्ग गरेमा देहाय बमोजिम हुनेछ :-**

(क) **सो व्यक्तिले उक्त नि:सर्गको तत्काल अघि सो दायित्वबापत गरेको खुद आम्दानी बराबरको रकम सो नि:सर्गको लागि सो व्यक्तिको लागत परेको मानिनेछ, र**

(ख) **सो सम्बद्ध व्यक्तिले सो दायित्व लिने सम्बन्धमा उक्त रकम बराबरको प्राप्ति गरेको मानिनेछ ।**

कुनै व्यक्तिले देहायका अवस्था पूरा गरेमा आफ्नो कुनै व्यवसायबाट आय आर्जन गर्दा लिएको कुनै दायित्व सम्बद्ध व्यक्तिलाई हस्तान्तरण गरी नि:सर्ग गरेमा सो व्यक्तिले उक्त नि:सर्गको

तत्काल अघि सो दायित्व बापत गरेको खुद आम्दानी बराबरको रकम सो नि:सर्ग गर्दा परेको लागत मानिन्छ र सोही रकम बराबर सो सम्बद्ध व्यक्तिले सो दायित्व लिँदा प्राप्त गरेको मानिन्छ ।

(क) सम्बद्ध व्यक्तिको कुनै व्यवसाय वा लगानीबाट आय आर्जनका लागि सो सम्बद्ध व्यक्तिलाई सो दायित्व हस्तान्तरण भएको ।

(ख) हस्तान्तरणको बखत सो हस्तान्तरण गर्ने व्यक्ति र सम्बद्ध व्यक्ति बासिन्दा भएको हुनुपर्ने एवम् सम्बद्ध व्यक्ति करछुट पाउने व्यक्ति हुन नहुने ।

(ग) सो दायित्वमा निहित स्वामित्व कम्तिमा ५० प्रतिशत रहिरहनुपर्ने, र

(घ) सो व्यक्ति तथा सम्बद्ध व्यक्ति दुवैले यो अवस्था लागू गर्न छनौट गरेको हुनुपर्ने ।

**४५(६) उपदफा (२), (३) र (५) को प्रयोजनको लागि देहाय बमोजिमका कुराहरु पूरा गरेको हुनु पर्नेछः-**

**(क) नि:सर्ग गरिएको व्यावसायिक सम्पत्ति, व्यापार मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्ति नि:सर्ग गर्ने व्यक्तिबाट हस्तान्तरण गरिएको तत्कालपछिको सम्बद्ध व्यक्तिको व्यावसायिक सम्पत्ति, व्यापार मौज्दात वा व्यवसायको ह्रासयोग्य सम्पत्ति हुनेछ ।**

**(ख) नि:सर्ग गरिएको गैर व्यावसायिक करयोग्य सम्पत्ति वा कुनै लगानीको ह्रासयोग्य सम्पत्ति नि:सर्ग गर्ने व्यक्तिबाट हस्तान्तरण गरिएको तत्कालपछिको सम्बद्ध व्यक्तिको व्यावसायिक सम्पत्ति, गैर व्यावसायिक करयोग्य सम्पत्ति ह्रासयोग्य सम्पत्ति वा व्यापार मौज्दात हुनेछ ।**

**(ग) कुनै दायित्वको हकमा सम्बद्ध व्यक्तिको कुनै व्यवसाय वा लगानीबाट आय आर्जनका लागि सो सम्बद्ध व्यक्तिलाई सो दायित्व हस्तान्तरण गर्नु पर्नेछ ।**

**(घ) हस्तान्तरणको बखतमा सो हस्तान्तरण गर्ने व्यक्ति र सम्बद्ध व्यक्ति बासिन्दा भएको हुनुपर्छ तथा सम्बद्ध व्यक्ति कर छुट पाउने व्यक्ति भएको हुनु हुदैन ।**

**(ङ) सो सम्पत्तिमा निहित स्वामित्व वा सो दायित्वमा निहित भार अवस्था अनुसार कम्तीमा पचास प्रतिशत रहिरहनु पर्नेछ, र**

**(च) अवस्था अनुसार उपदफा (२), (३) वा (५) अनुसारको छनौट लागू गर्न सो व्यक्ति तथा सम्बद्ध व्यक्ति दुवैबाट लिखित रूपमा अनुरोध गर्नु पर्नेछ ।**

## २२.१३ सम्पत्ति वा दायित्वको प्रतिस्थापन सहितको अस्वेच्छिक नि:सर्ग

कुनै व्यक्तिले सम्पत्ति वा दायित्व आफ्नो स्वेच्छाले नभई, सरकारी आदेश, कानुनी निर्णय वा यस्तै अन्य बाध्यात्मक परिस्थितिवश नि:सर्ग गरेको भए यस्तो नि:सर्गलाई अस्वेच्छिक नि:सर्ग मानिन्छ । दफा ४६ मा सम्पत्ति वा दायित्वको प्रतिस्थापन सहितको अस्वेच्छिक नि:सर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

**४६(१) कुनै व्यक्तिले दफा ४० को उपदफा (१) मा उल्लिखित तरिकाहरुमध्ये कुनै पनि तरिकाले कुनै सम्पत्ति अस्वेच्छिक रूपमा नि:सर्ग गरेको एक वर्षभित्र सो सम्पत्तिको बदलामा सोही किसिमको अर्को सम्पत्तिको स्वामित्व प्राप्त गरी यो दफा लागू हुन लिखित रूपमा अनुरोध गरेमा देहाय बमोजिम हुनेछ :-**

(क) सो व्यक्तिले देहाय बमोजिमको रकमहरुको योग बराबरको रकम सो नि:सर्ग बापत प्राप्त गरेको मानिनेछ :-

(१) नि:सर्ग हुनुभन्दा तत्काल अघि सो सम्पत्ति बापतका खुद खर्च, र

(२) सो प्रतिस्थापित सम्पत्ति प्राप्त गर्दा गरिएको खर्च भन्दा सो नि:सर्गबाट प्राप्त गरिएको रकम बढी भए यस्तो बढी भए जति रकम ।

(ख) सो व्यक्तिले प्रतिस्थापित सम्पत्ति प्राप्त गर्दा देहाय बमोजिमको रकमहरुको योग बराबरको रकम खर्च गरेको मानिनेछ ।

(१) नि:सर्ग हुनु भन्दा तत्काल अघि नि:सर्ग गरिएको सम्पत्ति बापतका खुद खर्चहरु, र

(२) सो नि:सर्गबाट प्राप्त गरिएको रकमभन्दा सो प्रतिस्थापित सम्पत्ति प्राप्त गर्दा भएको खर्च बढी भए यस्तो बढी भए जति खर्च ।

कुनै व्यक्तिले कुनै सम्पत्ति आफ्नो स्वेच्छाले नभई सरकारी आदेश, कानुनी निर्णय वा यस्तै अन्य बाध्यात्मक परिस्थितिवश नि:सर्ग गरेको र यसरी अस्वेच्छिक (Involuntary)नि:सर्ग गरेको एक वर्षभित्र सो सम्पत्तिको बदलामा सोही किसिमको अन्य सम्पत्तिको स्वामित्व प्राप्त गरी यो दफा लागू हुन लिखित रूपमा सम्बन्धित कार्यालयमा अनुरोध गरेमा सो व्यक्तिले नि:सर्ग बापत सो सम्पत्तिको लागि भएको खुद खर्च र सो प्रतिस्थापित सम्पत्ति प्राप्त गर्दा गरिएको खर्च भन्दा सो नि:सर्गबाट प्राप्त रकम बढी भए यस्तो बढी भए जतिको रकमको जम्मा रकम प्राप्त गरेको मानिन्छ । पहिलो नि:सर्गको एक वर्षभित्र (आय वर्षभित्र होइन) प्रतिस्थापित सम्पत्ति खरिद गर्न पाउने हुनाले वास्तविक नि:सर्ग भएको वर्ष सो सम्पत्ति आफ्नै स्वामित्वमा रहे सरह मानिन्छ र यसका लागि करदाताले आय विवरण पेश गर्दा सो नि:सर्गमा दफा ४६ को सुविधा माग गरेको हुनु पर्दछ । अर्को आय वर्षमा जब प्रतिस्थापन गरिएको सम्पत्ति प्राप्त हुन्छ सो बखत दफा ४६ छनौट गरी गणना गरेको हुनु पर्दछ । पहिलो वर्षको आय विवरण पेश गर्दा दफा ४६ को सुविधा छनौट गरेको तर दोस्रो वर्षमा पहिलो नि:सर्गको एक वर्षभित्रै प्रतिस्थापित सम्पत्ति प्राप्त गर्न नसकेको अवस्थामा पहिलो वर्षको आय विवरण दफा १०१ बमोजिम संशोधन हुन्छ । प्रतिस्थापन सहितको सम्पत्तिको अस्वेच्छिक नि:सर्ग बापत प्राप्त गरेको मानिने रकम (Incomings)निम्नानुसार स्पष्ट पारिएको छ :

**प्रतिस्थापन सहितको अस्वेच्छिक नि:सर्ग बापत प्राप्त गरेको रकम (Incomings):**

नि:सर्ग हुनु तत्काल अघि सो सम्पत्ति बापत खुद खर्च

\+

नि:सर्गबाट प्राप्त रकम – प्रतिस्थापित सम्पत्तिबापतको खर्च (प्रतिस्थापित सम्पत्ति खरिद गर्दा गरिएको खर्चभन्दा नि:सर्गबाट प्राप्त रकम बढी भएमात्र)

**प्रतिस्थापित सम्पत्ति प्राप्त गर्दाको खर्च (Outgoings):**

नि:सर्ग हुनु तत्काल अघि सो सम्पत्ति बापत खुद खर्च

\+

प्रतिस्थापित सम्पत्तिबापतको खर्च – नि:सर्गबाट प्राप्त रकम (नि:सर्गबाट प्राप्त रकम भन्दा सो प्रतिस्थापित सम्पत्ति प्राप्त गर्दा गरिएको खर्च बढी भएमात्र)

उदाहरण २२.१३.१: मानौं, खगेन्द्र गोपर्माले मिति २०६२।५।१ मा रु.५० लाखमा एक रोपनी जग्गा भक्तपुरमा खरिद गरेका रहेछन् । भक्तपुरमा सडक विस्तारको क्रममा नेपाल सरकारले उक्त जग्गा मिति २०६६।५।७ मा अधिग्रहण गरेको रहेछ । यसरी अधिग्रहण गर्दा नेपाल सरकारले उक्त जग्गाको मुआब्जा बापत रु.८० लाख निजलाई उपलब्ध गराएको रहेछ । निजले मिति २०६७।४।५ (१ वर्षभित्र) मा सो स्थानबाट करिब दुई किलोमिटर पर एक रोपनी जग्गा खरिद गरेको रहेछ । यसरी जग्गा प्रतिस्थापन गर्ने सन्दर्भमा निजले ऐनको यो दफा लागू हुन लिखित अनुरोध सम्बन्धित कार्यालयलाई गरेको रहेछन् । खरिद गरेको जग्गाको मूल्य निम्नानुसार रहेछ :

क. रु.६० लाख
ख. रु.८० लाख
ग. रु.८५ लाख

यस अवस्थामा खगेन्द्र गोपर्माले अस्वेच्छिक नि:सर्ग गरेको जग्गामा लाभको निम्नानुसार गणना गर्नु पर्दछ : **रु. लाखमा**

| **विवरण** | **अवस्था क** | **अवस्था ख** | **अवस्था ग** |
|---|---|---|---|
| नि:सर्ग भएको सम्पत्तिको खुद खर्च(१) | ५० | ५० | ५० |
| नि:सर्गबाट प्राप्त रकम(२) | ८० | ८० | ८० |
| प्रतिस्थापित जग्गाको मूल्य(३) | ६० | ८० | ८५ |
| नि:सर्ग बापत आम्दानी(४)=(१+२-३) | ७० | ५० | ० |
| नि:सर्ग बापत खर्च(५)=(१+३-२) | ० | ० | ५५ |
| लाभ (नोक्सानी)(६)=(४-१) | २० | ० | (५) |
| प्रतिस्थापित नयाँ सम्पत्तिमा परेको मूल्य(७)=(१-६) | ३० | ५० | ५५ |

उदाहरण २२.१३.२: मानौं, गोपर्मा लिमिटेडको ह्रासयोग्य सम्पत्तिको भवन जलेर नष्ट भएछ । भवनको वर्षको शुरुको ह्रास आधार रु.५० लाख रहेछ । कम्पनीले भवनको बजार मूल्य रु.८० लाखको बीमा गराएकाले बीमा कम्पनीसँग रु.८० लाख बीमा दाबी गरेछ । बीमा कम्पनीले रु.८० लाख क्षतिपूर्ति दिएको र कम्पनीले सोही स्थानमा अर्को नयाँ भवन निर्माण गरेको रहेछ । भवन नयाँ बनाउनु परेकाले कम्पनीले दफा ४६ को सुविधा छनौट गरेर निवेदन दिएको रहेछ । नयाँ निर्माण एक वर्षभित्र नै सम्पन्न भएछ । नयाँ भवनको लागत निम्नानुसार रहेछ:

क. रु.६० लाख
ख. रु.८० लाख
ग. रु.८५ लाख

यस अवस्थामा गोपर्मा कम्पनीले अस्वेच्छिक नि:सर्ग गरेको भवनमा निम्नानुसार कर व्यवहार हुन्छ:

**रु. लाखमा**

| **विवरण** | **अवस्था क** | **अवस्था ख** | **अवस्था ग** |
|---|---|---|---|
| नयाँ भवनको मूल्य (ह्रास समूह क) | ६० | ८० | ८५ |
| <u>पहिलो वर्ष</u> | | | |

| | | | |
|---|---|---|---|
| वर्षको शुरुको ह्रास आधार | ५० | ५० | ५० |
| यो वर्ष थप | ० | ० | ० |
| नि:सर्गबाट प्राप्त रकम (दफा ४६ छनौट) | ० | ० | ० |
| ह्रास आधार | ५० | ५० | ५० |
| ह्रास खर्च | ० | ० | ० |
| दोश्रो वर्ष | | | |
| वर्षको शुरुको ह्रास आधार | ५० | ५० | ५० |
| यो वर्ष थप (थप भएको मिति अनुसार) | ५० | ५० | ५५ |
| नि:सर्ग बापत प्राप्त | ७० | ५० | ५० |
| नि:सर्ग भएको सम्पत्तिको खुद खर्च | ५० | ५० | ५० |
| अस्वेच्छिक नि:सर्गमा प्राप्त भन्दा कम खर्च | २० | ० | ५ |
| ह्रास आधार | ३० | ५० | ४५ |

कम्पनीले दफा ४६ को सुविधा छनौट नगरेको अवस्थामा भने क्षति भएको वर्षमा ऐनको अनुसूचि-२ बमोजिम ह्रास गणना गरी बीमाको क्षतिपूर्ति प्राप्त भएका वर्ष दफा ३१ र दफा ६२ बमोजिम सो क्षतिपूर्ति रकम आयमा समावेश गर्नु पर्दछ ।

४६(२) **कुनै व्यक्तिले दफा ४० को उपदफा (२) मा उल्लिखित तरिकाहरुमध्ये कुनै पनि तरिकाबाट कुनै दायित्व अस्वैच्छिक रूपमा नि:सर्ग गरेको एक वर्षभित्र सो दायित्वको सट्टामा सोही किसिमको अर्को दायित्व बहन गरी यो दफा लागू हुन लिखित रूपमा अनुरोध गरेमा देहाय बमोजिम हुनेछ :-**

(क) **सो व्यक्तिले उपखण्ड (१) मा उल्लिखित रकमबाट उपखण्ड (२) मा उल्लिखित रकम घटाई हुन आउने रकम सो नि:सर्ग बापत खर्च गरेको मानिनेछ :**

(१) **नि:सर्गको तत्काल अघि सो दायित्व बापतको खुद आम्दानीहरु बापतको रकम,**

(२) **सो प्रतिस्थापित दायित्व लिँदा प्राप्त गरिएको रकमभन्दा सो नि:सर्ग गर्दा भएको खर्च बढी भए यस्तो बढी भए जतिको खर्च रकम,**

(ख) **सो व्यक्तिले प्रतिस्थापित दायित्व लिँदा देहाय बमोजिमको रकमहरुको योग बराबरको रकम प्राप्त गरेको मानिनेछ :-**

(१) **नि:सर्ग हुनुभन्दा तत्काल अघि नि:सर्ग गरिएको दायित्व बापतका खुद आम्दानीहरु, र**

(२) **नि:सर्ग गर्दा भएको खर्च भन्दा प्रतिस्थापित दायित्व लिँदा प्राप्त गरिएको रकम बढी भए यस्तो बढी भए जतिको रकम ।**

कुनै व्यक्तिले आफ्नो स्वेच्छाले नभई सरकारी आदेश, कानुनी निर्णय वा यस्तै अन्य बाध्यात्मक परिस्थितिवश आफ्नो दायित्वको भार (Obligation)बाट हटी यसरी अस्वेच्छिक (involuntary)नि:सर्ग गरेको एक वर्षभित्र सो दायित्वको बदलामा सोही किसिमको अर्को दायित्व बहन गरी यो दफा लागू हुन लिखित रूपमा सम्बन्धित कार्यालयमा अनुरोध गरेमा, सो व्यक्तिले दायित्व बापतका खुद आम्दानी (Net incomings)बाट सो प्रतिस्थापित दायित्व लिँदा प्राप्त गरेको रकम भन्दा सो नि:सर्ग गर्दा भएको खर्च बढी भए त्यस्तो बढी भएजतिको खर्च रकम घटाई हुन आउने रकम सो नि:सर्ग बापत खर्च गरेको मानिन्छ ।

प्रतिस्थापन सहितको दायित्वको अस्वेच्छिक नि:सर्ग बापतको खर्च गरेको मानिने रकम (Outgoings)निम्नानुसार स्पष्ट पारिएको छ :

**प्रतिस्थापन सहितको दायित्व अस्वेच्छिक नि:सर्ग बापतको खर्च (Outgoings):**

- प्रतिस्थापित दायित्व लिँदा प्राप्त रकम दायित्वभन्दा नि:सर्ग गर्दा भएको खर्च बढी भए :

  नि:सर्ग गरिएको दायित्व बापत खुद आम्दानी

  –

  नि:सर्ग गर्दा भएको खर्च – प्रतिस्थापित दायित्व लिँदा प्राप्त रकम

- प्रतिस्थापित दायित्व लिँदा प्राप्त रकम, दायित्व नि:सर्ग गर्दा भएको खर्च भन्दा बढी नभए :

  नि:सर्ग गरिएको दायित्व बापत खुद आम्दानी

त्यस्तै, सो व्यक्तिले प्रतिस्थापित दायित्व लिँदा नि:सर्ग हुनु तत्काल अघि नि:सर्ग गरिएको दायित्व बापतको खुद आम्दानी र नि:सर्ग गर्दा भएको खर्च भन्दा प्रतिस्थापित दायित्व लिँदा प्राप्त गरिएका रकम बढी भए यस्तो बढी भएजतिको रकम दायित्व लिँदाको आम्दानी (Incomings)मानिन्छ । अस्वेच्छिक नि:सर्गबाट प्रतिस्थापित दायित्व बापतको प्राप्त गरेको मानिने रकम (Incomings)निम्नानुसार स्पष्ट पारिएको छ :

**प्रतिस्थापित दायित्व लिँदा प्राप्त गरेको मानिने रकम (Incomings):**

- नि:सर्ग गर्दा भएको खर्च भन्दा प्रतिस्थापित दायित्व लिँदा प्राप्त रकम बढी भए :

नि:सर्ग गरिएको दायित्व बापत खुद आम्दानी

\+

प्रतिस्थापित दायित्व लिँदा प्राप्त रकम – नि:सर्ग गर्दा भएको खर्च

- नि:सर्ग गर्दा भएको खर्च भन्दा प्रतिस्थापित दायित्व लिँदा प्राप्त रकम बढी नभए :

नि:सर्ग गरिएको दायित्व बापत खुद आम्दानी

४६(३) **कुनै निकायमा रहेको हितको परिवर्तन वा निकायको पुनर्निर्माणको फलस्वरूप सो निकायको एउटा हितको अर्को हित (सेक्यूरिटी) बाट प्रतिस्थापना भई अस्वैच्छिक नि:सर्ग सिर्जना हुने अवस्थाहरु तोकिए बमोजिम हुनेछ ।**

कुनै निकायमा रहेको हितको परिवर्तन वा निकायको पुनर्निर्माणको फलस्वरूप सो निकायको एउटा हितको अर्को हित (सेक्यूरिटी) बाट प्रतिस्थापना भई अस्वैच्छिक नि:सर्ग सिर्जना हुने सन्दर्भमा नियम १६ मा निम्नानुसारको व्यवस्था गरेको छ:

*नियम १६. प्रतिस्थापन सहितको अस्वेच्छिक नि:सर्ग सिर्जना हुने अवस्था :*

*(१) कुनै निकायको एकीकरण वा पुनर्संरचना भई कुनै व्यक्तिको सो निकायमा रहेको हित सोही निकायको अर्को हितबाट वा कुनै अर्को निकायको हितबाट प्रतिस्थापन भएमा अस्वेच्छिक नि:सर्ग सिर्जना भएको मानिने छ ।*

*(२) उपनियम (१) बमोजिम अस्वेच्छिक निःसर्ग सिर्जना भएमा सो निकाय वा सो व्यक्तिले विभाग समक्ष स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।*

*(३) उपनियम (२) बमोजिम दिएको निवेदनमा विभागले स्वीकृति दिन सक्नेछ ।*

यस सम्बन्धी व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

| |
|---|
| उदाहरण २२.१३.३: मानौं, एन्. डि. एल्. फाईनान्स लि.लाई नेपाल राष्ट्र बैंकले नेपाल धन लक्ष्मी बैंक लि.मा गाभिन निर्देशन दिएको रहेछ । सोही निर्देशन बमोजिम उक्त फाइनान्स कम्पनी सो बैंकमा बिलय भएको रहेछ । यसरी बिलय हुने सन्दर्भमा सो फाइनान्स कम्पनीका शेयरहोल्डरले नेपाल धनलक्ष्मी बैंक लि.को शेयर प्राप्त गरेका रहेछन् । यस्तो प्रकारबाट सो फाईनान्स कम्पनीका शेयरहोल्डरले गरेको शेयरको निःसर्ग एवम् शेयर प्रतिस्थापन भएमा अस्वेच्छिक निःसर्ग सिर्जना भएको मानिने छ । यसरी अस्वेच्छिक निःसर्ग सिर्जना भएको मानिनको लागि विभागबाट स्वीकृति लिनुपर्ने हुन्छ । |

## २२.१४ सम्पत्ति र दायित्व गाभिई हुने निःसर्ग

ऐनको दफा ४७ मा सम्पत्ति र दायित्व गाभिई हुनेनिःसर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छः

४७(१) कुनै व्यक्तिले कुनै सम्पत्ति प्राप्त गरेको वा दायित्व बहन गरेको परिणामस्वरूप सो व्यक्तिको स्वामित्वमा भएको अर्को कुनै सम्पत्ति वा बहन गरेको अर्को कुनै दायित्व समाप्त भई वा गाभिई निःसर्ग भएमा देहाय बमोजिम हुनेछ :-

(क) निःसर्ग हुनुभन्दा तत्काल अघि गाभिने सम्पत्ति वा दायित्व बापतका खुद खर्चहरु भएकोमा सो व्यक्तिले,

(१) गाभिने सम्पत्ति वा दायित्वको निःसर्गका सम्बन्धमा सो खुद खर्च बराबरको रकम प्राप्त गरेको मानिनेछ ।

तर यस्तो रकम उक्त गाभिएको दायित्व बापत निजले प्राप्त गरेको रकमभन्दा बढी हुने छैन ।

(२) गाभिएको सम्पत्तिको स्वामित्व धारण वा दायित्वको भार बहन गर्दा उक्त रकम बराबरको रकम खर्च गरेको मानिनेछ ।

(ख) गाभिने दायित्वको सम्बन्धमा सो दायित्वको निःसर्गको तत्काल अघि गाभिने दायित्वबापत खुद आम्दानीहरु भएकोमा सो व्यक्तिले :-

(१) गाभिने दायित्वको निःसर्गबापत सो खुद आम्दानी बराबरको रकम खर्च गरेको मानिनेछ ।

तर गाभिएको सम्पत्तिको हकमा सो सम्पत्ति प्राप्त गर्दा निजले खर्च गरेको रकम भन्दा बढी हुनु हुँदैन ।

(२) गाभिएको सम्पत्तिको स्वामित्व धारण वा दायित्वको भार ग्रहण गर्दा उक्त रकम बराबरको रकम प्राप्त गरेको मानिनेछ ।

४७(२) उपदफा (१) मा उल्लिखित कुराहरुको प्रतिकूल नहुने गरी सो उपदफा देहायका अवस्थाहरुमा समेत लागू हुनेछ :-

(क) सो व्यक्तिले कुनै सम्पत्ति प्राप्त गर्ने वा बिक्री गर्ने कार्य गरेमा,

(ख) सो व्यक्तिबाट पट्टामा दिइएको सम्पत्तिको प्राप्ति गरेमा, र

(ग) **हस्तान्तरण गरिलिने व्यक्तिबाट जमानत दिइएको दायित्वको हस्तान्तरण भएमा ।**

कुनै व्यक्तिले कुनै सम्पत्ति प्राप्त गरेको वा दायित्व बहन गरेको परिणामस्वरूप सो व्यक्तिको स्वामित्व रहेको अर्को कुनै सम्पत्ति वा बहन गरेको अर्को कुनै दायित्व समाप्त भई वा गाभिई नि:सर्ग भएमा, नि:सर्ग हुनुभन्दा तत्काल अघि गाभिने सम्पत्ति वा दायित्व बापतका खुद खर्च बराबरको रकम गाभिने सम्पत्ति वा दायित्व नि:सर्गको सम्बन्धमा प्राप्त गरेको मानिन्छ । गाभिएको सम्पत्तिको स्वामित्व धारण वा दायित्वको भार बहन गर्दा उक्त रकम बराबरको रकम खर्च गरेको मानिन्छ ।

गाभिने दायित्वको सम्बन्धमा सो दायित्वको नि:सर्गको तत्काल अघि गाभिने दायित्व बापतको रकम खर्च गरेको मानिन्छ । तर, गाभिएको सम्पत्तिको स्वामित्वको हकमा सो सम्पत्ति प्राप्त गर्दा निजले खर्च गरेको रकम भन्दा बढी हुन सक्दैन । गाभिएको सम्पत्तिको स्वामित्व वा बहन गरेको दायित्व भार ग्रहण गर्दा उक्त रकम बराबरको रकम प्राप्त गरेको मानिन्छ । यस सम्बन्धी व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.१४.१: मानौं, खोप लि.ले नेप प्रा.लि.का नाममा रु.७० लाखको विनिमयपत्र जारी गरेको रहेछ । नेप प्रा.लि.ले धन लि.को नाममा रु.६० लाखको विनिमयपत्र जारी गरेछ । धन लि.ले उक्त विनिमयपत्र खोप लि.मा बुझाएको रहेछ । यसरी खोप लि.ले रु.७० लाख तिर्नुपर्ने र रु.६० लाख लिनुपर्ने विनिमयपत्र बाँकी रहेछन् । यस्तोमा खोप लि.ले तिर्न बाँकी दायित्व र लिन बाँकी सम्पत्ति एक आपसमा गाभी नयाँ विनिमयपत्र जारी गर्न मिल्दछ । तर नयाँ विनिमय पत्रमा गाभिने सम्पत्तिभन्दा बढी दायित्व गाभिएको मानिदैंन ।

विनिमयपत्रको मूल्य एवम्‌नि:सर्गका अवस्था निम्नानुसार रहेछन् ।

| | |
|---|---|
| तिर्नुपर्ने विनिमय पत्र | रु.७० लाख |
| लिनुपर्ने विनिमय पत्र | रु.६० लाख |
| गाभिई भएको सम्पत्ति | रु.१० लाख |

## २२.१५ व्यवसाय गाभिएको कारणले हुने नि:सर्ग सम्बन्धी विशेष व्यवस्था

ऐनको दफा ४७क.ले बैंकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा विशेष व्यवस्था गरेको छ ।

**४७क (१) बैकिङ्ग तथा वित्तीय व्यवसाय वा बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु आपसमा गाभिएर (मर्जर वा एक्युजिशन) भएमा दफा ५७ को उपदफा (२) को खण्ड (क), (ख), (घ), (ङ), (च) र (छ) तथा सोहि दफाको उपदफा (३) को व्यवस्था लागू हुने छैन ।**

बैंकिङ्ग वा बीमा सम्बन्धी एकै प्रकृतिको व्यवसाय गर्ने निकाय गाभिएका बखतमा यो दफामा गरिएका व्यवस्था लागू हुन्छन् । कुनै बैंकिङ्गव्यवसाय गर्ने निकाय वा बीमा व्यवसाय गर्ने निकाय आपसमा गाभिएका अवस्थामा दफा ५७ बमोजिम स्वामित्व परिवर्तन भएको निकायको स्वामित्व परिवर्तन अघि कायम रहेका जिम्मेवारी सार्न पाउने नोक्सानी लगायतका विभिन्न रकम (Tax Attributes)लाई स्वामित्वमा परिवर्तन पछि समायोजन गर्न नपाउने गरी (No deferrals)दफा ५७ को उपदफा (२) द्वारा लगाइएको निम्न बन्देज लागू हुने छैन :

**५७(२) उपदफा (१) मा उल्लेख भए बमोजिम कुनै निकायको स्वामित्व परिवर्तन भएमा त्यस्तो परिवर्तन पछि सो निकायलाई देहायका कार्य गर्न अनुमति दिइने छैन :-**

**(क) स्वामित्वको परिवर्तन हुनुभन्दा अघि सो निकायबाट खर्च गरिएका दफा १४ को उपदफा (३) बमोजिम अगाडि सारिएको ब्याज कट्टा गर्न,**

(ख) स्वमित्वको परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० बमोजिम कट्टा गर्न,

(घ) स्वामित्व परिवर्तन हुनुअघि दफा २४ को उपदफा (४) को खण्ड (क) बमोजिम कुनै रकम वा खर्च बापत हिसाब गरेको र स्वामित्वको परिवर्तन पछि सो रकम वा खर्चको दफा २४ को उपदफा (४) बमोजिम सच्चाएकोमा दफा २४ को उपदफा (४) बमोजिम समायोजन गर्न,

(ङ) स्वामित्वको परिवर्तन हुनुअघि दफा २५ को उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै रकमको हिसाब गरेको र स्वामित्वको परिवर्तनपछि सो रकम प्राप्त गर्ने अधिकार त्याग गरेको वा सो रकम कुनै व्यक्तिको ऋण दाबी भएकोमा त्यस्तो व्यक्तिले उक्त ऋणलाई डुबेको ऋण मानी अपलेखन गरेमा दफा २५ को उपदफा (१) बमोजिम समायोजन गर्न,

(च) स्वामित्वको परिवर्तन हुनुअघि सम्पत्ति वा दायित्वको निःसर्ग गर्दा हुन गएको घाटा स्वामित्वको परिवर्तनपछि सम्पत्ति वा दायित्वको निःसर्गबाट प्राप्त आम्दानीमा दफा ३६ बमोजिम घटाउन,

(छ) स्वामित्व परिवर्तन हुनुअघि दफा ६० को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) बमोजिम प्रिमियमको हिसाब गरेकोमा र स्वामित्वको परिवर्तन पछि त्यस्तो प्रिमियम बीमितलाई फिर्ता दिएमा सो बमोजिम खर्च दाबी गर्न, वा

कुनै निकायको दफा ५७(३) वमोजिम स्वामित्व परिवर्तन भएमा त्यसरी स्वामित्व परिवर्तन हुनु अगाडि र पछाडिका भागलाई बेग्लाबेग्लै आय वर्ष मानिने व्यवस्था पनि दफा ४७क. को अवस्थामा लागू हुँदैन ।

विगतका नोक्सानी कट्टी सम्बन्धमा निम्न प्रतिबन्धात्मक व्यवस्था लागू रहन्छः

तर, गाभिएर अस्तित्वमा नरहेको निकायको कुनै कट्टी हुन नसकेको नोक्सानी भए त्यस्तो नोक्सानी दामासाहीले आगामी सात वर्षमा कट्टी गर्नु पर्नेछ । यसरी समान किस्तामा नोक्सानी कट्टी गर्ने निकाय सो पूरै नोक्सानी कट्टी नगर्दै पुनः विभाजन भएमा कट्टी भएको नोक्सानी बापत कट्टी भएको रकममा गाभिएको (मर्जर वा एक्युजिशन) आर्थिक वर्षमा कायम रहेको करको दरले कर तिर्नुपर्नेछ।

निकाय आपसमा गाभिने क्रममा एउटा निकायमा भएका सबै सम्पत्ति तथा दायित्व अर्को निकायमा हस्तान्तरण हुन जान्छन् । यस्तो हस्तान्तरणका सम्बन्धमा निम्न तरीकाले मूल्यांकन हुने व्यवस्था उपदफा (२) मा गरिएको छः

४७क.(२) उपदफा (१) बमोजिम निकायहरु गाभिई सम्पत्ति र दायित्वको निःसर्ग भएमा देहाय बमोजिम हुनेछ :-

(क)व्यापारिक मौज्दात तथा व्यावसायिक सम्पत्तिको निःसर्गको हकमा,-

(१) निःसर्गको तत्काल अघि त्यस्तो सम्पत्ति बापत भएको खुद खर्च बराबरको रकम त्यस्तो निःसर्ग बापत सो व्यक्तिले प्राप्त गरेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।

(ख) ह्रासयोग्य सम्पत्तिको निःसर्गको हकमा,-

(१) निःसर्ग हुँदाका वखत अनुसूची-२ को दफा ४ बमोजिम समूहको घट्दो प्रणालीको बाँकी मूल्य बराबरको रकम सो निःसर्ग बापत प्राप्त गरेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम सम्पत्ति प्राप्त गर्ने व्यक्तिको लागत परेको मानिनेछ ।

(ग) दायित्वको निःसर्गको हकमा,-

(१) निःसर्गको तत्काल अघि त्यस्तो दायित्वको बजार मूल्य र खुद आम्दानीमध्ये जुन घटी हुन्छ सो बराबरको रकम निःसर्ग बापत सो व्यक्तिको लागत परेको मानिनेछ, र

(२) उपखण्ड (१) मा उल्लेख भए बराबरको रकम दायित्व वहन गर्ने व्यक्तिले सो दायित्व वहन गरे बापत प्राप्त गरेको मानिनेछ ।

(घ) व्यवसाय गाभ्ने निकाय वा गाभिएर कायम भएको निकायले गाभिएको सम्पत्ति र दायित्वको लागत गणना गर्दा गाभिने निकायबाट त्यस्तो गाभिएको व्यवसाय संचालन गरेका बखत (मर्जर वा एक्यूजिसन अगाडि) कायम रहेका सम्पत्ति र दायित्व बापतको लागत मात्र खण्ड (क), (ख) र (ग) बमोजिम गणना गर्नु पर्नेछ ।

निकाय गाभिने क्रममा गाभिने कम्पनी र गाभ्ने कम्पनीका कर्मचारीको सामूहिक अवकासको अवस्था भएमा निम्नानुसार हुन्छः

४७क.(३) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा वा गाभिए पश्चातको निकायमा कार्यरत कर्मचारीहरुलाई सामुहिक रूपमा सेवाबाट अवकाश दिने प्रयोजनको लागि गरिने थप एकमुष्ट भुक्तानीमा (अवकाश कोष मार्फत गरिने भुक्तानी वा कर्मचारी सेवा शर्तमा उल्लेख भए अनुसार गर्नुपर्ने भुक्तानी बाहेकका) अवकाश भुक्तानीमा कर कट्टी गर्नुपर्ने दरमा पचास प्रतिशत छुट दिई भुक्तानीमा कर कट्टी गर्नुपर्ने छ ।

निकाय गाभिने क्रममा गाभिने कम्पनीका शेयरधनीले अर्को कम्पनी (गाभ्ने कम्पनी) को शेयर प्राप्त गरेका हुन्छन् । यस्तो शेयर बिक्री सम्बन्धमा निम्नानुसार हुन्छः

४७क.(४) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायमा कायम रहेका शेयरधनीहरुले आफनो शेयर गाभिएको दुई वर्ष भित्र आफनो शेयर बिक्रीको माध्यमबाट निःसर्ग गरेमा त्यसरी निःसर्ग भएको शेयरमा भएको लाभमा पुँजिगत लाभकर लाग्ने छैन ।

गाभिने प्रक्रिया पूरा भइसके पछिको कम्पनीका शेयरधनीले सो कम्पनी (गाभ्ने कम्पनी) को लाभांश प्राप्त भएमा निम्नानुसार हुन्छः

४७क.(५) उपदफा (१) बमोजिम गाभिई निःसर्ग भएको निकायले गाभिएको मितिले दुई वर्ष भित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई बितरण गरेको लाभांशमा कर लाग्ने छैन ।

बैंक तथा वित्तीय संस्था र बीमा व्यवसाय गर्ने कम्पनी गाभिने सम्वन्धी अन्य व्यवस्था निम्नानुसार छन् :

४७क.(६) उपदफा (१) अनुसार गाभिई निःसर्ग हुन चाहने निकायले सम्वत् २०७९असारमसान्तभित्र गाभिने आशय पत्र आन्तरिक राजस्व विभागमा दिनु पर्नेछ ।

४७क.(७) उपदफा(१) बमोजिम गाभिनको लागि उपदफा (६) बमोजिम आशयपत्र दिने

निकायहरुले गाभिने प्रक्रिया सम्वत्  २०८०असारमसान्तभित्र पूरा गर्नुपर्नेछ ।

४७क.(८) यो दफा प्रारम्भ भएपछि एक आपसमा गाभिई यस दफा बमोजिमको सुविधा उपयोग नगरेका निकायले समेत यसै बमोजिमको सुविधा उपयोग गर्न पाउनेछन् ।

४७क.(९) उपदफा (६) मा तोकिएको अवधिभित्र आशयपत्र नदिने निकाय तथा उपदफा (७) मा उल्लेख भएको मितिसम्म गाभिने प्रक्रिया पूरा नगरेको निकायको हकमा यो दफाको व्यवस्था लागू भएको मानिने छैन ।

बैंक तथा वित्तीय संस्था र बीमा व्यवसाय गर्ने गभिन चाहने कम्पनीले सम्वत् २०७९असार मसान्तभित्र गाभिने आशयपत्र आन्तरिक राजस्व विभागमा दिई सो सम्बन्धी प्रक्रिया सम्वत् २०८०असार मसान्तभित्र पुरा गरी सकेको हुनु पर्दछ ।

## २२.१६ विभाजनबाट हुने सम्पत्ति र दायित्वको नि:सर्ग

ऐनको दफा ४८ मा विभाजनबाट हुने सम्पत्ति र दायित्वको नि:सर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ:

४८. कुनै व्यक्तिबाट स्वामित्व प्राप्त गरिएको कुनै सम्पत्तिसँग सम्बन्धित अधिकार वा बहन गरिएको दायित्वसँग सम्बन्धित भारहरु कुनै सम्पत्ति वा सोको कुनै भागको पट्टाको माध्यमबाट समेत अन्य कुनै व्यक्तिमा सिर्जना भएमा देहाय बमोजिम हुनेछ :-

(क) अधिकार वा भारहरु स्थायी भएकोमा सो पहिलो व्यक्तिले सो सम्पत्ति वा दायित्वको कुनै भाग नि:सर्ग गरेको तर कुनै नयाँ सम्पत्ति वा दायित्व प्राप्त नगरेको मानिनेछ, र

(ख) अधिकार वा भारहरु अस्थायी वा सांयोगिक भएकोमा सो पहिलो व्यक्तिले सो सम्पत्ति वा दायित्वको कुनै भाग नि:सर्ग गरेको मानिने छैन ।

तर अवस्था अनुसार नयाँ सम्पत्ति प्राप्त गरेको वा नयाँ दायित्व लिएको मानिनेछ ।

कुनै व्यक्तिबाट स्वामित्व प्राप्त गरिएको कुनै सम्पत्तिसँग सम्बन्धित अधिकार वा बहन गरिएको दायित्वसँग सम्बन्धित भार स्थायी रूपमा सम्पत्तिमाथिको अधिकार वा दायित्वमाथिको भार अर्को व्यक्तिमा हस्तान्तरण भएमा यसरी हुने हस्तान्तरणलाई सम्पत्ति वा दायित्वको नि:सर्ग मानिनेछ । उदाहरणको लागि एक टुक्रा जग्गाको केही भाग विभाजन गरी अर्को व्यक्तिलाई हस्तान्तरण भएको अवस्थामा सो हस्तान्तरणबाट जग्गाको अधिकार स्थायी रूपले अर्को व्यक्तिमा हस्तान्तरण हुने भएकाले सो जग्गा विभाजनबाट नि:सर्ग भएको मानिन्छ ।

त्यस्तै, कुनै व्यक्तिबाट स्वामित्व प्राप्त गरिएको कुनै सम्पत्तिसँग सम्बन्धित अधिकार वा बहन गरिएको दायित्वसँग सम्बन्धित भार स्थायी रूपमा सम्पत्तिमाथिको अधिकार वा दायित्वमाथिको भार अर्को व्यक्तिमा हस्तान्तरण नभई अस्थाई रूपमामात्र हस्तान्तरण भएमा यसरी हुने हस्तान्तरणलाई सम्पत्ति वा दायित्वको नि:सर्ग मानिदैन, जस्तै बहालमा दिइएको सम्पत्ति (Operating lease) अन्तर्गत हुने सम्पत्तिको हस्तान्तरण ।

## २२.१७ खर्च तथा आम्दानीको बाँडफाँडबाट हुने नि:सर्ग

ऐनको दफा ४९ मा खर्च तथा आम्दानीको बाँडफाँडबाट हुने नि:सर्गको अवस्थाका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ:

४९(१) कुनै व्यक्तिले देहाय बमोजिमको अवस्थामा कुनै सम्पत्ति वा दायित्व प्राप्त गर्दा, बहन गर्दा वा नि:सर्ग गर्दा गरिएको खर्च वा आम्दानीहरु अवस्थानुसार प्राप्ति, बहन वा नि:सर्गको समयमा बजार मूल्यको आधारमा सम्पत्ति र दायित्वहरुबीच बाँडफाँड गर्नु पर्नेछ :-

(क) **एकै समयमा एक वा बढी सम्पत्ति प्राप्त गरेमा वा एक वा बढी दायित्व ग्रहण गरेमा, वा**

(ख) **एकै समयमा एक वा बढी सम्पत्ति वा दायित्व निःसर्ग गरेमा ।**

कुनै व्यक्तिले एकै समयमा एक वा बढी सम्पत्ति प्राप्त गरेमा वा एक वा बढी दायित्व ग्रहण गरेमा वा निःसर्ग गरेमा, बहन गर्दा वा निःसर्ग गर्दा गरिएको खर्च वा आम्दानी अवस्थानुसार प्राप्ति, बहन वा निःसर्गको समयमा बजार मूल्यको आधारमा सम्पत्ति र दायित्वबीच बाँडफाँड गर्नु पर्नेछ । यस सम्बन्धी व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.१७.१: मानौं, लक्ष्मी वित्तीय संस्थाले लि. पोखराले रु.१ करोड तथा रु.५० लाख पर्ने दुई जग्गा खरिद गरेको रहेछ । उक्त जग्गा खरिद गर्ने क्रममा उक्त जग्गाको नाँपजाँच तथा अन्य कानुनी अवस्था हेर्नलाई वि.वि. एसोसियटस्लाई रु.३ लाख भुक्तान गरेको रहेछ । यसरी भुक्तान गरिएको खर्चलाई सो जग्गाको बजार मूल्य अनुसार बाँडफाँड गर्नु पर्दछ । सो अनुरूप बाँडफाँड गर्दा क्रमशः रु.२ लाख तथा रु.१ लाखले बाँडफाँड गर्नुपर्दछ ।

४९(२) **कुनै सम्पत्तिको स्वामित्व धारण गर्ने वा दायित्व बहन गर्ने व्यक्तिले सो सम्पत्ति वा दायित्वको कुनै भाग निःसर्ग गरेमा सो निःसर्गको तत्काल अघिको सो सम्पत्ति वा दायित्वको खुद खर्च वा खुद आम्दानीहरुलाई निःसर्ग गरिएको सम्पत्ति वा दायित्वको भाग र बाँकी रहेको भागमा अवस्था अनुसार निःसर्गको तत्कालपछिको सोको बजार मूल्यको आधारमा बाँडफाँड गर्नु पर्नेछ ।**

कुनै व्यक्तिले सम्पत्तिको स्वामित्व वा दायित्वको कुनै भाग निःसर्ग गरेमा सो निःसर्गको तत्काल अघिको सो सम्पत्ति वा दायित्वको खुद खर्च वा खुद आम्दानीहरुलाई निःसर्ग गरिएको सम्पत्ति वा दायित्वको भाग र बाँकी रहेको भागमा अवस्था अनुसार निःसर्गको तत्काल पछिको सोको बजार मूल्यको आधारमा बाँडफाँड गर्नुपर्नेछ । यस सम्बन्धी व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २२.१७.२: मानौं, लक्ष्मी वित्तीय संस्थाले लि.पोखरालेरु.१ करोडमा दुई रोपनी जग्गा खरिद गरेको रहेछ । उक्त जग्गाको नाँपजाँच, बजार मूल्य अध्ययन एवम् अन्य कानुनी अवस्था हेर्नलाई वि.वि.एसोसियटस्लाई रु.५ लाख भुक्तान गरेको रहेछ । उक्त जग्गाको हालको बजार मूल्य रु.२ करोड रहेछ । सो संस्थाले उक्त दुई रोपनी जग्गामध्ये एक रोपनी जग्गा रु.१ करोड २० लाखमा बिक्री गरेछ र बाँकी रहेको अर्को १ रोपनीको मूल्य रु.८० लाख पर्ने रहेछ । यस अवस्थामा उक्त जग्गाको खुद खर्च निम्नानुसार बाँडफाँड गरिन्छः

| | |
|---|---|
| १. जग्गाको लागत | रु.१,००,००,०००।- |
| २. कन्सल्टेन्सी खर्च | रु.५,००,०००।- |
| ३. जग्गाको कुल लागत आउटगोइंग (१+२) | रु.१,०५,००,०००।- |
| ४. विभाजनबाट बिक्री भएको सम्पत्तिको लागत | रु.६३,००,०००।- |
| जम्मा बजार मूल्य | रु.२,००,००,०००।- |
| ४.१ बाँकी सम्पत्तिको बजार मूल्य | रु.८०,००,०००।-(४० प्रतिशत) |
| ४.२ बिक्री गरिएको सम्पत्तिको मूल्य | रु.१,२०,००,०००।-(६० प्रतिशत) |
| ५. बाँकी जग्गाको लागत | रु.४२,००,०००।- |

नोट : **जग्गा तथा घरजग्गाको निःसर्ग वा बिक्री वा हस्तान्तरणमा भएको लाभमा लाग्ने करका सम्बन्धमा यस विभागबाट जारी भएको "जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभ कर सम्बन्धी निर्देशिका, २०७२(पहिलो संशोधन, २०७६)मा विस्तृत व्याख्या गरिएको छ । सो निर्देशिका विभागको वेबसाइटमा समेत उपलब्ध छ ।**

# परिच्छेद-२३

# करको गणना

# (Tax Computation)

२३.१ आयकर ऐन, २०५८ को अनुसूची -१ मा नेपालमा कर तिर्नुपर्ने दर एवम् प्रक्रिया उल्लेख गरिएको छ। करको दरको सन्दर्भमा उक्त अनुसूचीमा प्राकृतिक व्यक्ति (Natural Person) तथा निकायलाई छुट्टाछुट्टै रूपमा व्यवस्था गरिएको छ । उक्त अनुसूचीको दफा १ मा प्राकृतिक व्यक्तिको लागि लाग्ने करको दरका बारेमा व्यवस्था गरिएको छ भने दफा २ मा निकायको लागि लाग्ने करको दरका बारेमा व्यवस्था गरिएको छ । प्राकृतिक व्यक्तिको लागि लागू हुने करको दर सम्बन्धमा व्यवस्था गर्दा सो अनुसूचीको दफा १ मा प्राकृतिक व्यक्तिको करयोग्य आय गणना गर्दा दुर्गम क्षेत्र सुविधा, नेपालका विदेशस्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्तामा सुविधा, निवृतभरण आयमा सुविधा, अपाङ्ग व्यक्तिलाई सुविधा, लगानी बीमा सुविधा बापत केही रकम करयोग्य आयबाट घटाउन पाउने व्यवस्था समेत गरिएको छ । निकायको करयोग्य आयमा लाग्ने करको दर उल्लेख गर्ने सन्दर्भमा निकायको व्यवसायको प्रकृतिका आधारमा कर लाग्ने दर ऐनको अनुसूची-१ को दफा २ मा उल्लेख गरिएको छ । प्राकृतिक व्यक्तिका सन्दर्भमा विशेष व्यवस्था यसै निर्देशिकाको परिच्छेदमा ११ एवम् निकायको सन्दर्भमा विशेष व्यवस्था यसै निर्देशिकाको परिच्छेद १० मा गरिएको व्याख्या समेतलाई ध्यानमा राखी करको दर समावेश गरी कर तालिकाको सन्दर्भमा ब्याख्या गर्नु यस परिच्छेदको उद्देश्य रहेको छ ।

२३.२ करको दर

२३.२.१ करको दर सम्बन्धी व्यवस्था

ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१), (२), (३) तथा (४) मा करको दर सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएको छ;-

अ.१.१(१) कुनै आय वर्षमा बासिन्दा प्राकृतिक व्यक्तिको करयोग्य आयमा यस उपदफा (२) र (४) को अधीनमा रही देहाय बमोजिमको दरले कर लाग्नेछ-

(क) चार लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत,

(ख) चार लाख रुपैयाँभन्दा बढी तर पाँच लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (क) बमोजिम चार लाख रुपैयाँसम्म चार हजार रुपैयाँ र चार लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा दश प्रतिशत

(ग) पाँच लाख रुपैयाँभन्दा बढी तर सात लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ख) बमोजिम पाँच लाख रुपैयाँसम्म चौध हजार रुपैयाँ र पाँच लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा बीस प्रतिशत,

(घ) सात लाख रुपैयाँभन्दा बढी तर बीस लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ग) बमोजिम सात लाख रुपैयाँसम्म चौवन्न हजार रुपैयाँ र सात लाख रुपैयाँभन्दा बढी करयोग्य आयमा तीस प्रतिशत र

(ङ) बीस लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा बढी भएजति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर ।

तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तिभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा खण्ड (क) बमोजिमको कर लाग्ने छैन ।

अ.१.१(२) कुनै आय वर्षमा ऐनको दफा ५० बमोजिम छनौट गर्ने कुनै दम्पतीको करयोग्य आयमा यस अनुसूचीको उपदफा (४) को अधीनमा रही देहाय बमोजिमको दरमा कर लाग्नेछः-

(क) चार लाख पचास हजार रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशत,

(ख) चार लाख पचास हजार रुपैयाँभन्दा बढी तर पाँच लाख पचास हजार रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (क) बमोजिम चार लाख रुपैयाँसम्म चार हजार पाँच सय रुपैयाँ र चार लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा दश प्रतिशत,

(ग) पाँच लाख पचास हजार रुपैयाँभन्दा बढी तर सात लाख पचास हजार रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ख) बमोजिम पाँच लाख पचास हजार रुपैयाँसम्म चौध हजार पाँच सय रुपैयाँ र पाँच लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा बीस प्रतिशत,

(घ) सात लाख पचास हजार रुपैयाँभन्दा बढी तर बीस लाख रुपैयाँसम्म करयोग्य आय भएमा खण्ड (ग) बमोजिम सात लाख पचास हजार रुपैयाँसम्म चौवन्न हजार पाँच सय रुपैयाँ र सात लाख पचास हजार रुपैयाँभन्दा बढी करयोग्य आयमा तीस प्रतिशत र

(ङ) बीस लाख रुपैयाँभन्दा बढी करयोग्य आय भएमा बढी भएजति करयोग्य आयको खण्ड (घ) बमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर ।

तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा खण्ड (क) बमोजिमको कर लाग्ने छैन ।

अ.१.१(३) उपदफा (४) मा उल्लिखित व्यवस्था देहायको अवस्थामा लागू हुनेछ;-

(क) बासिन्दा प्राकृतिक व्यक्तिको सम्बन्धमा कुनै आय वर्षमा चार लाख रुपैयाँभन्दा बढी आय भएको वा ऐनको दफा ५० बमोजिमको छनौट गरेको बासिन्दा दम्पतीको सम्बन्धमा कुनै आय वर्षमा चार लाख पचास हजार रुपैयाँभन्दा बढी आय भएको,

(ख) गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभ सो प्राकृतिक व्यक्ति वा दम्पतीको आय र तदअनुरुप करयोग्य आयको गणनामा समावेश

भएको ।

अ.१.१(४) यस अनुसूचीको उपदफा (३) को अधीनमा रही देहायका व्यक्तिलाई देहाय बमोजिम कर लाग्नेछ -

(क) देहायका रकममध्ये जुन बढी छ सो रकममा त्यस्तो प्राकृतिक व्यक्ति वा दम्पतीको त्यस्तो रकममात्र करयोग्य आय भए सरह मानी यस अनुसूचीको उपदफा (१) वा (२) बमोजिमको दरले कर लाग्नेछ-

(१) त्यस्तो प्राकृतिक व्यक्ति वा दम्पतीको जम्मा करयोग्य आयबाट त्यस्तो लाभको रकम घटाई बाँकी हुन आउने रकम,

(२) प्राकृतिक व्यक्तिको सम्बन्धमा चार लाख रुपैयाँ वा दम्पतीको सम्बन्धमा चार लाख पचास हजार रुपैयाँ ।

(ख) सो करयोग्य आयको बाँकी रकमबाट दश प्रतिशतका दरले कर लाग्ने छ

तर,,

(१) निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व पाँच वर्ष वा पाँच वर्षभन्दा बढी भएको छ भने दुई दशमलव पाँच प्रतिशतका दरले कर लाग्नेछ ।

(२) निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व पाँच वर्षभन्दा कम रहेको छ भने पाँच प्रतिशतका दरले कर लाग्नेछ।

(३) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा तीन सय पैसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा पाँच प्रतिशत र तीन सय पैसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा सात दशमलव पाँच प्रतिशतका दरले कर लाग्नेछ।

## २३.२.२ प्राकृतिक व्यक्तिको करयोग्य आयमा घटाउन पाउने व्यवस्था

प्राकृतिक व्यक्तिले करको गणना गर्नु अगाडि ऐनको अनुसूची-१ को दफा १ को उपदफा (५), (६), (९), (१०) तथा (१२) बमोजिम निम्नानुसारका रकम करयोग्य आयबाट घटाउन पाउने व्यवस्था रहेको छ ;-

### दुर्गम भत्ता सुविधा

दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको करयोग्य आयबाट घटाउन पाउने रकमका सन्दर्भमा अनुसूची- १ को दफा १ को उपदफा (५) मा निम्नानुसार व्यवस्था गरेको छ ।

**अ.१.१(५) नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको दुर्गम भत्ता बापत तोकिए बमोजिम बढीमा पचास हजार रुपैयाँसम्म करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिने छ ।**

नियम ३८ बमोजिम *ऐनको अनुसूची-१ को दफा १ को उपदफा (५) को प्रयोजनको लागि व्यक्तिको कर नलाग्ने सीमामा थप हुने दुर्गम भत्ता बापतको रकम देहाय बमोजिम हुनेछः*

*१. "क" वर्गका क्षेत्रमा पचास हजार रुपैयाँ*

*२. "ख" वर्गका क्षेत्रमा चालीस हजार रुपैयाँ*

*३. "ग" वर्गका क्षेत्रमा तीस हजार रुपैयाँ*

*४. "घ" वर्गका क्षेत्रमा बीस हजार रुपैयाँ*

*५. "ङ" वर्गका क्षेत्रमा दश हजार रुपैयाँ*

ऐनले दुर्गम क्षेत्रको आधारमा प्राकृतिक व्यक्तिलाई मात्र यो सुविधा प्रदान गरेकोले दुर्गम क्षेत्रमा कार्यरत कर्मचारी, व्यवसायी तथा लगानीकर्ताले समेत यो सुविधा पाउँछन् । तर दुर्गम क्षेत्रमा स्थायी बसोबास भएको तर अन्य क्षेत्रमा कार्यरत व्यक्तिले स्थायी ठेगाना दुर्गम क्षेत्र भएको कारणले मात्र यो सुविधा पाउँदैनन् ।

**वैदेशिक भत्तामा छुट सुविधा**

नेपाल सरकारबाट तलब प्राप्त गर्ने गरी विदेशी आयोगमा कार्यरत कर्मचारीलाई प्राप्त हुने वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाउन पाउँने सन्दर्भमा अनुसूची-१ को दफा १ को उपदफा (६) मा निम्नानुसार व्यवस्था गरेको छ ।

**१(६) नेपालका विदेश स्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा यस दफा बमोजिम करको गणना गरिने छ।**

**निवृत्तिभरण आयमा छुट सुविधा**

निवृत्तभरण आय हुने व्यक्तिले करयोग्य आयबाट घटाउन पाउने सन्दर्भमा अनुसूची-१ को दफा १ को उपदफा (९क) मा निम्नानुसार व्यवस्था गरेको छ ।

१(९क) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आय रहेछ भने प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा दम्पतीको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पच्चीस प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ । तर यसरी घटाइने रकमको सीमा तोकिए बमोजिम भन्दा बढी हुने छैन ।

नियम ३९ बमोजिम यसरी घटाउन पाउने निवृत्तभरण आयको सीमा ऐनको अनुसूची-१ को दफा १ को उपदफा (९क) बमोजिम कट्टी गरिने रकम निवृत्तभरण आय भन्दा बढी हुने छैन। आर्थिक ऐन, २०७७ ले प्रस्तुत व्यवस्था हटाएको हुँदा आ.व.२०७७।७८ मा भने यो सुविधा पाउदैन।

**अपाङ्गको आयमा छुट सुविधा**

आय आर्जन गर्ने बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने त्यस्तो व्यक्तिले करयोग्य आयबाट घटाउन पाउने सन्दर्भमा अनुसूची-१ को दफा १ को उपदफा (१०) मा निम्नानुसार व्यवस्था गरेको छ ।

**१(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्गता भएको रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिको लागि उपदफा (१) को खण्ड (क) वा दम्पतिको लागि उपदफा (२) को खण्ड (क) मा उल्लिखित रकमको पचास प्रतिशत थप रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।**

बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्ग भए मात्र यस दफा अनुसारको छुट प्राप्त हुनेछ ।

**लगानी बीमामा छुट सुविधा**

बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको अवस्थामा प्राप्त हुने सुविधाको सन्दर्भमा अनुसूची- १ को दफा १ को उपदफा (१२) मा निम्नानुसार व्यवस्था गरेको छ ।

**१(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने त्यस्तो बीमाबापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रुपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।**

स्वास्थ्य बीमामा छुट सुविधा

**१(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ ।**

यस अनुसार करयोग्य आयमा स्वास्थ्य बीमा प्रिमियम घटाएकोमा औषधि उपचार मिलान गर्न पाउने कर रकम सात सय पचास मिलान गर्न पाइने छैन ।

निजी भवनको बीमामा छुट सुविधा

**१(१६क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमा गरेको रहेछ भने त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पाँच हजार रूपैयाँमा जुन घटी हुन्छ त्यस्तो रकम कर योग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र यस दफा बमोजिम करको गणना गरिनेछ।**

### २३.२.३ प्राकृतिक व्यक्तिको लागि लागू हुने कर तालिका

प्राकृतिक व्यक्तिलाई लागू हुने आ.व.२०७४।७५ देखि २०७८।७९ सम्म करको दरका सम्बन्धमा ऐनका व्यवस्थालाई तलको तालिकाबाट प्रष्ट पारिएको छः

**आ.व. २०७४।७५ मा रहेको व्यवस्था**

| एकल व्यक्ति | दम्पती | करको दर |
|---|---|---|
| रोजगारीको आय मात्र हुनेले | | |
| रु.३,५०,०००।- सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-सम्म करयोग्य आय हुनेले | करयोग्य आयको १% का दरले |
| रु.३,५०,०००।- भन्दा बढी तर रु.४,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-भन्दा बढी तर रु.५,००,०००।-सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिलेः रु.३,५००।- र रु.१,००,०००।-सम्मको रकममा १५%का दरले दम्पतीलेः रु.४,०००।- र रु.५,००,०००।-सम्मको रकममा १५%का दरले |
| रु.४,५०,०००।-भन्दा बढी | रु.५,००,०००।-भन्दा बढी | कल व्यक्तिलेः |

| | | |
|---|---|---|
| रु.२५,००,०००।-सम्म करयोग्य आय हुनेले | रु.२५,००,०००।-सम्म करयोग्य आय हुनेले | रु.१८,५००।-र रु.२०,५०,०००।- रकममा २५% का दरले<br>दम्पतीलेः<br>रु.१९,०००।- र रु.२०,००,०००।- रकममा २५% का दरले |
| रु.२५,००,०००।–भन्दा बढी करयोग्य आय हुनेले | रु.२५,००,०००।-भन्दा बढी करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.५,३१,०००।- र रु.२५,००,०००।- भन्दा बढी रकममा ३५% का दरले<br>दम्पतीलेः<br>रु.५,१९,०००।- र रु.२५,००,०००।- भन्दा बढी रकममा ३५%का दरले |
| **एकलौटी फर्मको रूपमा व्यवसाय मात्र हुने** | | |
| रु.३,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-सम्म करयोग्य आय हुनेले | कर नलाग्ने |
| रु.३,५०,०००।-भन्दा बढी तर रु.४,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-भन्दा बढी तर रु.५,००,०००।-सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.१,००,०००।-सम्मको रकममा १५% का दरले<br>दम्पतीलेः<br>रु.५,००,०००।-सम्मको रकममा १५% का दरले |
| रु.४,५०,०००।-भन्दा बढी रु.२५,००,०००।-सम्म करयोग्य आय हुनेले | रु.५,००,०००।-भन्दा बढी रु.२५,००,०००।-सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.१५,०००।-र रु.२०,५०,०००।- रकममा २५% का दरले<br>दम्पतीलेः<br>रु.१५,०००।- र रु.२०,००,०००।- रकममा २५% का दरले |
| रु.२५,००,०००।-भन्दा बढी करयोग्य आय हुनेले | रु.२५,००,०००।-भन्दा बढी करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.५,२७,५००।- र रु.२५,००,०००।- भन्दा बढी रकममा ३५% का दरले<br>दम्पतीलेः<br>रु.५,१५,०००।-र रु.२५,००,०००।-भन्दा बढी रकममा ३५% का दरले |
| **गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभ मात्र आय हुनेले** | | |
| रु.३,५०,०००।-सम्म करयोग्य | रु.४,००,०००।-सम्म | कर नलाग्ने |

| | | |
|---|---|---|
| आय हुनेले | करयोग्य आय हुनेले | |
| रु.३,५०,०००।-भन्दा बढी खुद लाभ हुनेले | रु.४,००,०००।-भन्दा बढीखुद लाभ हुनेले | <u>एकल व्यक्तिले:</u><br>रु.३,५०,०००।-भन्दा बढी रकममा १०%का दरले<br><u>दम्पतीले:</u><br>रु.४,००,०००।-भन्दा बढी रकममा १०% का दरले<br>तर,<br>नि:सर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व ५ वर्ष भित्रको भएमा ५ प्रतिशत र ५ वर्ष वा सो भन्दा बढी भएको छ भने २.५ प्रतिशतका दरले कर लाग्नेछ । साथै, नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायमा रहेको हितको नि:सर्गबाट प्राप्त लाभको हकमापाँच प्रतिशको दरले कर लाग्नेछ । |

**<u>आ.व. २०७५।७६ मा रहेको व्यवस्था</u>**

| एकल व्यक्ति | दम्पती | करको दर |
|---|---|---|
| रोजगारीको आय मात्र हुनेले | | |
| रु.३,५०,०००।- सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-सम्म करयोग्य आय हुनेले | करयोग्य आयको १% का दरले |
| ३,५०,०००।-भन्दा बढी तर रु.४,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-भन्दा बढी तर रु.५,००,०००।-सम्म करयोग्य आय हुनेले | <u>एकल व्यक्तिले:</u><br>रु.३,५००।- र थप रु.१,००,०००।-सम्मको रकममा १०% का दरले<br><u>दम्पतीले:</u><br>रु.४,०००।- र थप रु.१,००,०००।-सम्मको रकममा १०% का दरले |
| रु.४,५०,०००।-भन्दा बढी रु.६,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.५,००,०००।-भन्दा बढी रु.७,००,०००।-सम्म करयोग्य आय हुनेले | <u>एकल व्यक्तिले:</u><br>रु.१३,५००।-र थप रु.२,००,०००।- सम्मको रकममा २०% का दरले<br>दम्पतीले:<br>रु.१४,०००।- र थप रु.२,००,०००।- सम्मको |

| | | |
|---|---|---|
| | | रकममा २०% का दरले |
| रु.६,५०,०००।–भन्दा बढी २०,००,००० सम्म करयोग्य आय हुनेले | रु.७,००,०००।–भन्दा बढी २०,००,००० सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.५३,५००।- र<br>रु.६,५०,०००।- भन्दा बढी रकममा ३०% का दरले<br>दम्पतीलेः<br>रु.५४,०००।- र<br>रु.७,००,०००।- भन्दा बढी रकममा ३०% का दरले |
| रु. २०,००,००० भन्दा बढी करयोग्य आय हुनेले | रु. २०,००,००० भन्दा बढी करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.४,५८,५००।- र<br>रु.२०,००,०००।- भन्दा बढी रकममा ३६% का दरले<br>दम्पतीलेः<br>रु.४,४४,०००।- र<br>रु.२०,००,०००।- भन्दा बढी रकममा ३०% का दरले |
| एकलौटी फर्मको रूपमा व्यवसाय मात्र हुने | | |
| रु.३,५०,०००।- सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-सम्म करयोग्य आय हुनेले | कर नलाग्ने |
| ३,५०,०००।-भन्दा बढी तर रु.४,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-भन्दा बढी तर रु.५,००,०००।-सम्म करयोग्य आय हुनेले | <u>एकल व्यक्तिलेः</u><br>थप रु.१,००,०००।-सम्मको रकममा १०%का दरले<br><u>दम्पतीलेः</u><br>रु.१,००,०००।-सम्मको रकममा १०% का दरले |
| रु.४,५०,०००।-भन्दा बढी रु.६,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.५,००,०००।-भन्दा बढी रु.७,००,०००।-सम्म करयोग्य आय हुनेले | <u>एकल व्यक्तिलेः</u><br>रु.१०,०००।- र थप रु.२,००,०००।- सम्मको रकममा २०% का दरले<br>दम्पतीलेः<br>रु.१०,०००।- र थप रु.२,००,०००।- सम्मको रकममा २०% का दरले |
| रु.६,५०,०००।– भन्दा बढी २०,००,००० सम्म करयोग्य आय हुनेले | रु.७,००,०००।– भन्दा बढी २०,००,००० सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.५०,०००।- र<br>रु.६,५०,०००।- भन्दा बढी रकममा ३०% का दरले |

| | | |
|---|---|---|
| | | दम्पतीलेः<br>रु.५०,०००।- र<br>रु.७,००,०००।- भन्दा बढी रकममा ३०% का दरले |
| रु. २०,००,००० भन्दा बढी करयोग्य आय हुनेले | रु. २०,००,००० भन्दा बढी करयोग्य आय हुनेले | एकल व्यक्तिलेः<br>रु.४,५५,५००।- र<br>रु.२०,००,०००।- भन्दा बढी रकममा ३६% का दरले<br>दम्पतीलेः<br>रु.४,४०,०००।- र<br>रु.२०,००,०००।- भन्दा बढी रकममा ३०% का दरले |
| **गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभ मात्र आय हुनेले** | | |
| रु.३,५०,०००।-सम्म करयोग्य आय हुनेले | रु.४,००,०००।-सम्म करयोग्य आय हुनेले | कर नलाग्ने |
| रु.३,५०,०००।-भन्दा बढीखुद लाभ हुनेले | रु.४,००,०००।-भन्दा बढीखुद लाभ हुनेले | एकल व्यक्तिले:<br>रु.३,५०,०००।-भन्दा बढी रकममा १०%का दरले<br>दम्पतीले:<br>रु.४,००,०००।-भन्दा बढी रकममा १०%का दरले<br>तर,<br>निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व ५ वर्ष भित्रको भएमा ५ प्रतिशत र ५ वर्ष वा सो भन्दा बढी भएको छ भने २.५ प्रतिशतका दरले कर लाग्नेछ । साथै, नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायमा रहेको हितको निःसर्गबाट प्राप्त लाभको हकमा पाँच प्रतिशको दरले कर लाग्नेछ। |

**आ.व. २०७६।७७ देखि २०७८।७९ मा रहेको व्यवस्था**

| एकल व्यक्ति | दम्पती | करको दर |
|---|---|---|
| **रोजगारीको आय मात्र हुनेले** | | |
| रु.४,००,०००।- सम्म करयोग्य आय हुनेले | रु.४,५०,०००।-सम्म करयोग्य आय हुनेले | करयोग्य आयको १% का दरले |
| रु.४,००,०००।- भन्दा बढी तर रु.५००,०००।- सम्म करयोग्य आय हुनेले | रु.४,५०,०००।- भन्दा बढी तर रु.५,५०,०००।- सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.४,०००।- र रु.१,००,०००।- सम्मको रकममा १०% का दरले<br>दम्पतीले: |

| | | |
|---|---|---|
| | | रु.४,५००।- र रु.१,००,०००।- सम्मको रकममा १०% का दरले |
| रु.५,००,०००।- भन्दा बढी रु.७,००,०००।- सम्म करयोग्य आय हुनेले | रु.५,५०,०००।- भन्दा बढी रु.७,५०,०००।- सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.१४,०००।-र रु.२,००,०००।- रकममा २०% का दरले<br>दम्पतीले:<br>रु.१४,५००।-र रु.२,००,०००।- रकममा २०% का दरले |
| रु.७,००,०००।-भन्दा बढी रु.२०,००,०००।-सम्म करयोग्य आय हुनेले | रु.७,५०,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.५४,०००।- र रु.१३,००,०००।- रकममा ३०% का दरले<br>दम्पतीले:<br>रु.५४,५००।- र रु.१२,५०,०००।- रकममा ३०% का दरले |
| रु.२०,००,०००।- भन्दा बढी करयोग्य आय हुनेले | रु.२०,००,०००।- भन्दा बढी करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.४,४४,०००।- र रु.२०,००,०००।- भन्दा बढी रकममा ३६% का दरले<br>दम्पतीले:<br>रु.४,२९,५००।-र रु.२०,००,०००।- भन्दा बढी रकममा ३६% का दरले |
| **एकलौटी फर्मको रूपमा व्यवसाय मात्र हुने** | | |
| रु.४,००,०००।- सम्म करयोग्य आय हुनेले | रु.४,५०,०००।- सम्म करयोग्य आय हुनेले | कर नलाग्ने |
| रु.४,००,००० ।-भन्दा बढी तर रु.५,००,०००।- सम्म करयोग्य आय हुनेले | रु.४,५०,०००।-भन्दा बढी तर रु.५,५०,०००।- सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.१,००,०००।-सम्मको रकममा १०% का दरले<br>दम्पतीले:<br>रु.१,००,०००।-सम्मको रकममा १०% का दरले |
| रु.५,००,०००।-भन्दा बढी रु.७,००,०००।-सम्म करयोग्य आय हुनेले | रु.५,५०,०००।-भन्दा बढी रु.७,५०,०००।-सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.१०,०००।- र रु.२,००,०००।- रकममा २०% का दरले<br>दम्पतीले:<br>रु.१०,०००।-र रु.२,००,०००।- रकममा २०% का दरले |
| रु.७,००,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्म करयोग्य आय हुनेले | रु.७,५०,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्म करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.५०,०००।- र रु.१३,००,०००।- रकममा ३०% का दरले<br>दम्पतीले:<br>रु.५०,०००।- र रु.१२,५०,०००।- रकममा ३०% का दरले |
| रु.२०,००,०००।-भन्दा बढी करयोग्य आय हुनेले | रु.२०,००,०००।-भन्दा बढी करयोग्य आय हुनेले | एकल व्यक्तिले:<br>रु.४,४०,०००।- र रु.२०,००,०००।-भन्दा बढी |

| | | |
|---|---|---|
| | | रकममा ३६% का दरले<br>दम्पतीले:<br>रु.४,२५,०००।-<br>ररु.२०,००,०००।-भन्दा बढी रकममा ३६% का दरले |
| **गैर व्यावसायिक करयोग्य सम्पत्तिको नि:सर्गबाट प्राप्त खुद लाभ मात्र आय हुनेले** | | |
| रु.४,००,०००।-सम्म करयोग्य आय हुनेले | रु.४,५०,०००।-सम्म करयोग्य आय हुनेले | कर नलाग्ने |
| रु.४,००,०००।- भन्दा बढी खुद लाभ हुनेले | रु.४,५०,०००।- भन्दा बढी खुद लाभ हुनेले | एकल व्यक्तिले:<br>रु.४,००,०००।- भन्दा बढी रकममा १०% का दरले<br>दम्पतीले:<br>रु.४,५०,०००।- भन्दा बढी रकममा १०% का दरले<br>तर,<br>नि:सर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व ५ वर्ष भित्रको भएमा ५ प्रतिशत र ५ वर्ष वा सो भन्दा बढी भएको छ भने २.५ प्रतिशतका दरले कर लाग्नेछ । साथै, नेपाल धितोपत्र बोर्डमा सूचिकरण भएको निकायमा रहेको हितको नि:सर्गबाट प्राप्त लाभको हकमापाँच प्रतिशको दरले कर लाग्नेछ । |

**नोटः**

१. करयोग्य आयबाट घटाउन पाउने लगानी बीमा प्रिमियम, स्वास्थ्य बीमा प्रिमियम, निजी भवनको वीमा प्रिमियम, दुर्गम भत्ता बापतको सुविधा, वैदेशिक भत्ता, अपाङ्ग भए प्राप्त हुने थप सुविधा लगायतका छुट तथा सुविधा घटाई बाँकी करयोग्य आयबाट कर गणना गरिनु पर्छ ।

२. रोजगारी, व्यवसाय वा लगानीबाट मिश्रित आय हुने प्राकृतिक व्यक्तिका हकमा रोजगारीबाट भएको आयको सीमासम्म १ प्रतिशत कर लाग्ने र रोजगारी आय नभएको अवस्थामा उक्त १ प्रतिशत कर लाग्दैन ।

३. ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१) र (२) को अन्त्यमा रहेको स्पष्टीकरण खण्डमा एकलौटी फर्म दर्ता भएको करदाताको हकमा, निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष रयोगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा १ प्रतिशत कर नलाग्ने व्यवस्थाछ ।

४.ऐनको दफा ११ बमोजिम छुट हुने आयमा लाग्ने अधिकतम करको दर यसै परिच्छेदको अन्त्यमा दिइएको छ ।

५.दम्पती भन्नाले एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी दम्पतीको रूपमा छनौंट गरेको प्राकृतिक व्यक्तिलाई बुझाउँछ ।

२३.२.४ कारोबारको आधारमा एकमुष्ठ कर लाग्ने व्यवस्था

ऐनको अनुसूची-१ को दफा १ उपदफा (७) मा एकमुष्ठ (Presumptive) कर लाग्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

**अ.१.१(७) ऐनको दफा ४ को उपदफा (४) बमोजिम करको रकम देहाय बमोजिम हुनेछ :–**

**(क) महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा सात हजार पाँच सयरुपैयाँ,**

**(ख) नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा चार हजाररुपैयाँ,**

**(ग) अन्य कुनै स्थानमा व्यवसाय गर्ने प्राकृतिक व्यक्तिका हकमा दुई हजार पाँच सय रुपैयाँ ।**

ऐनको दफा ४ को उपदफा (४) बमोजिम कुनै आय वर्षमा करयोग्य आय भएको बासिन्दा प्राकृतिक व्यक्तिले अनुसूची-१ को दफा १ को उपदफा (७) मा उल्लिखित कर दाखिला गर्न देहायका सबै अवस्था पूरा गरेको हुनु पर्नेछ ।

**(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको,**

**(क१) औषधि उपचार खर्च बापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी बापत दफा ९३ बमोजिम कर मिलान गर्न दाबी नगरेको,**

**(ख) व्यवसायबाट प्राप्त करयोग्य आय तीन लाख रुपैयाँसम्म र व्यवसायको कारोबार तीस लाख रुपैयाँ भन्दा बढी नभएको,**

**(ग) ............................................................. ।**

**(घ) ............................................................... ।**

ऐनले कुनै आय वर्षमा कुनै बासिन्दा प्राकृतिक व्यक्तिको कुनै व्यवसायको आयमात्र भएको रसो आय वर्षमा त्यस्तो व्यवसायको कारोबार तीस लाख रुपैयाँसम्म र करयोग्य आय तीन लाख रुपैयाँसम्म रहेको भए सो व्यक्तिले सो व्यवसायको आय बापत सो वर्षमा सो व्यक्तिले व्यवसाय गरेको ठाउँको आधारमा दुई हजार पाँच सय रुपैयाँ देखि सात हजार पाँच सयरुपैयाँसम्म कर तिरे पुग्ने व्यवस्था गरेको छ । यस्तो व्यक्तिको कारोबार स्थल महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा भएसात हजार पाँच सयरुपैयाँ, नगरपालिका क्षेत्रमा भए चार हजाररुपैयाँ र महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रमादेखि बाहेक अन्य क्षेत्रमा भए दुई हजार पाँच सयरुपैयाँ वार्षिक कर तिरेमा निजको कर दायित्व पूरा हुन्छ । यस व्यवस्था अनुसार कर तिर्ने व्यक्तिलाई तोकिएको एकमुष्ठ कर तिर्ने व्यक्ति भनिन्छ । कुनै व्यक्तिका नाममा दर्ता भएको एकलौटी फर्मका हकमा समेत उपर्युक्त व्यवस्था लागू हुन सक्छ । त्यस्तै यस्तो कर तिर्ने व्यक्तिले औषधि उपचारमा गरेको खर्च बापत ऐनको दफा ५१ बमोजिम औषधोपचार कर मिलान गर्न पाउँदैन ।

ऐनको अनुसूची-१ को दफा १ उपदफा (१७) मा कारोबारको आधारमा एकमुष्ठ कर लाग्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

**कारोबारको आधारमा एकमुष्ठ कर तिर्ने करदाताहरुको करको दरको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ :-**

कारोबार रु.२० लाख र आय रु.२ लाखमात्र हुने प्राकृतिक व्यक्तिको लागि करको दर

(डे०१ आय विवरण)

| क्षेत्र | आ.व. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७०।७१ रकम रु. | २०७१।७२ देखि २०७५।७६ रकम रु. | २०७६।७७ र २०७७।७८ लाग्ने कर रकम रु. | २०७६।७७ | | २०७७।७८ | |
| | | | | आर्थिक ऐन, २०७७ ले दिएको छुट ७५ प्रतिशत | लाग्ने कर रु. | आर्थिक ऐन, २०७८ ले दिएको छुट ९० प्रतिशत | लाग्ने कर रु. |
| महानगरपालिका / उपमहानगरपालिका | ३,५००।- | ५,०००।- | ७,५००।- | ५,६२५।- | १,८७५।- | ६७५०।- | ७५० |
| नगरपालिका | २,०००।- | २,५००।- | ४,०००।- | ३,०००।- | १,०००।- | ३६०० | ४०० |
| अन्य क्षेत्र | १,२५०।- | १,५००।- | २,५००।- | १,८७५ ।- | ६२५।- | २२५० | २५० |

आ.व. २०७८।७९ देखि कायम भएको कारोबार रु.३० लाख र आय रु.३ लाखसम्म हुने प्राकृतिक व्यक्तिको लागि करको दर (डे०१ आय विवरण)

| क्षेत्र | आ.व. २०७८।७९ |
|---|---|
| महानगरपालिका / उपमहानगरपालिका | ७,५००।- |
| नगरपालिका | ४,०००।- |
| अन्य क्षेत्र | २,५००।- |

अ.१.१(१७) ऐनको दफा ४ को उपदफा (४क) बमोजिम कारोबार रकमको कर गणना गर्दा तीस लाख रुपैयाँसम्मको कारोबारमा ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र सो भन्दा बढीको कारोबार रकममानिम्न बमोजिमको दरले कर लाग्नेछ :-

(क) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव दुई पाँच प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव तीन प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई तीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म कारोबार रकमको एक प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म कारोबार रकमको शून्य दशमलव आठ प्रतिशत,

(ग) सेवा व्यवसाय गर्ने व्यक्तिलाई कारोबार रकमको दुई प्रतिशत ।

ऐनको दफा ४ को उपदफा (४क) मा कारोबारको आधारमा दाखिला गर्नुपर्ने कर सम्बन्धमा निम्नानुसार व्यवस्था गरिएको छ ।

(४क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्था पूरा गरेका दफा ३ को खण्ड (क) बमोजिमको बासिन्दा प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा कारोबारको आधारमा दाखिला गर्नुपर्ने कर अनुसूची-१ को दफा १ को उपदफा (१७) मा तोकिएको दर अनुसार गणना गरिएको रकम बराबर हुनेछ :-

(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आयमात्र भएको,

(ख) **व्यवसायबाट प्राप्त करयोग्य आय दश लाख रुपैंयाँसम्म र व्यवसायको कारोबार वार्षिक तीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँभन्दा घटी भएको,**

(ग) ...................................................., **र**

(घ) **चिकित्सक, इञ्जिनियर, लेखापरीक्षक, कानुन व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको ।**

ऐनले कुनै आय वर्षमा कुनै बासिन्दा प्राकृतिक व्यक्तिको कुनै व्यवसायको आयमात्र भएको, सो आय वर्षमा त्यस्तो व्यवसायबाट प्राप्त करयोग्य आय दश लाख रुपैयाँसम्म र सो आय वर्षमा त्यस्तो व्यवसायको कारोबार तीस लाखदेखि एक करोड रुपैयाँसम्म भएको, चिकित्सक, इन्जिनियर, लेखापरीक्षक, कानुन व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा चिकित्सक, इन्जिनियर, लेखापरीक्षक, कानुन व्यवसायी, खेलाडी, कलाकार, परामर्शदाता लगायतका प्राकृतिक व्यक्तिले प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवाबापतको आय नभएको अवस्था भएमा निजले ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबारमा तीस लाख रुपैयाँसम्मको कारोबार रकममा ऐनको दफा ४ को उपदफा (४) बमोजिमको कर र तीस लाख रुपैयाँदेखि माथि पचास लाखरुपैयाँ सम्मको कारोबारमा कारोबार रकमको शून्य दशमलब दुई पाँच प्रतिशत तथा पचास लाख रुपैयाँ भन्दा बढी एक करोडसम्मको कारोबारमा कारोबार रकमको शून्य दशमलब तीन प्रतिशत, उपर्युक्त कारोबार बाहेकको कारोबारमा तीस लाख रुपैयाँदेखि माथि पचास लाख रुपैयाँसम्म कारोबार रकमको एक प्रतिशत र पचास लाख रुपैयाँभन्दा बढी एक करोडसम्म कारोबार रकमको शून्य दशमलव आठ प्रतिशत र सेवा व्यवसायमा तीस लाख रुपैयाँदेखि माथि एक करोड रुपैयाँसम्मको कारोबारमा कारोबार रकमको दुई प्रतिशतले हुने रकम तिर्नुपर्ने व्यवस्था छ । यस्तो कर तिर्ने व्यक्तिले औषधि उपचारमा गरेको खर्च बापत ऐनको दफा ५१ बमोजिम औषधोपचार कर मिलान गर्न र अग्रिम कर कट्टीबापत दफा ९३ बमोजिम कर मिलान दाबी गर्न पाउँदैन।

यसरी कारोबारको आधारमा कर तिर्ने व्यक्तिले देहाय बमोजिम दुई किस्तामा कर दाखिला गर्नुपर्ने व्यवस्था ऐनको दफा ९४ को उपदफा १क.मा रहेको छ ।

(१क) **कारोबारको आधारमा कर तिर्ने व्यक्तिले देहाय बमोजिम दुई किस्तामा कर दाखिला गर्नु पर्नेछ :-**

| दाखिला गर्नुपर्ने मिति | दाखिला गर्नुपर्ने रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | पुस २० गते सम्मको कारोबारमा तोकिएको दर अनुसार लाग्ने कर |
| आषाढ महिनाको अन्त्य सम्म | असार २० गते सम्मको यथार्थ कारोबारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोबार अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी त्यस्तो कर रकमबाट पुस मसान्तभित्र दाखिला गरेको कर घटाई हुन आउने कर रकम । |

**ऐनको दफा ४ को उपदफा (४क) बमोजिम कारोबार रु.२० लाख भन्दा बढी रु.५० लाख सम्मको कारोबार हुनेको लागि करको दर (डे०२ आय विवरण)**

| व्यवसायको प्रकार | आ.व. | |
|---|---|---|
| | २०७२/७३ | २०७३/७४ देखि २०७७/७८ सम्म |

| | | |
|---|---|---|
| ग्याँस, चुरोट लगायतका ३ प्रतिशतसम्म कमिशन वा मुल्य थप गरी वस्तुको कारोबार गर्ने व्यवसाय | ०.५०% | ०.२५% |
| ग्याँस, चुरोट बाहेक अन्य व्यवसाय | १.५% | ०.७५% |
| सेवा व्यवसाय | २% | २% |

**नोट** ऐनको दफा ४ को उपदफा (४क) बमोजिम कर तिर्ने करदाताहरुलाई आर्थिक ऐन, २०७७ ले आ.ब. २०७६।७७ मा लाग्ने करमा ५० प्रतिशत छुट दिएको छ भने आर्थिक ऐन, २०७८ ले आ.ब. २०७७।७८ मा लाग्ने करमा ७५ प्रतिशत छुट दिएको छ।

**आ.व.२०७८।७९ को हकमा ऐनको दफा ४ को उपदफा (४क) बमोजिम कारोबार रु.३० लाख भन्दा बढी रु.१ करोड सम्मको कारोबार हुनेको लागि करको दर निम्न बमोजिम रहेको छ।**

| व्यवसायको प्रकार | आ.व.२०७८।७९ | |
|---|---|---|
| | ३० लाख देखि ५० लाख सम्म कारोबार हुनेको लागि | ५० लाख देखि १ करोड सम्म कारोबार हुनेको लागि |
| ग्याँस, चुरोट लगायतका ३ प्रतिशतसम्म कमिशन वा मुल्य थप गरी वस्तुको कारोबार गर्ने व्यवसाय | ०.२५% | ०.३०% |
| ग्याँस, चुरोट बाहेक अन्य व्यवसाय | १% | ०.८% |
| सेवा व्यवसाय | २% | |

### २३.२.५ भाडाका सवारी साधन धनीले दाखिला गुर्नपर्ने कर:

कुनै व्यक्तिका नाममा नेपालभित्रको कुनै यातायात व्यवस्था कार्यालयमा कुनै भाडाको सवारी साधन दर्ता रहेको भए त्यस्तो व्यक्तिले आफ्नो नाउँमा दर्ता भएको भाडाको सवारी साधन बापत दाखिला गर्नुपर्ने करको रकमका सम्बन्धमा ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१३) ले देहायको व्यवस्था गरेको छ :-

**अ.१.१(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भाडाका सवारी साधन धनीहरुबाट यातायात व्यवस्था कार्यालयमार्फत सवारी साधन दर्ता वा नवीकरणका बखत देहाय बमोजिमको वार्षिक कर असुल गरिनेछ।**

| सवारीको किसिम | प्रति सवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर |
|---|---|
| (१) कार, जिप, भ्यान, माइक्रो बस | |
| (क) १३०० सी.सी. सम्म | रु.४,०००।- |
| (ख) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.४,५००।- |
| (ग) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.५,०००।- |
| (घ) २९०१ सी.सी. देखि ४०००सी.सी. सम्म | रु.६,०००।- |
| (ङ) ४००१ सी.सी. देखि माथि सबै | रु.७,०००।- |
| (२) मिनिबस, मिनि ट्रक, पानी टेङ्कर | रु.६,०००।- |
| (३) मिनी ट्रिपर | रु.७,०००।- |
| (४) ट्रक, बस | रु.८,०००।- |
| (५) डोजर,एकजाभेटर,लोडर,रोलर,क्रेन जस्ता मेशिनरी उपकरण | रु.१२,०००।- |
| (६) तेल टैंकर,ग्याँस बुलेट,टिपर | रु.१२,०००।- |
| (७) ट्रेक्टर | रु.२,०००।- |

| | |
|---|---|
| (८) पावर टिलररु.रु.१,५००।- | |
| (९) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो | रु.२००० ।- |

उर्पुक्त व्यवस्था अनुसार सवारी साधनको स्वामित्व रहेको कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको सवारी साधन यातायात व्यवस्था कार्यालयमा भाडाको सवारी साधनको रूपमा दर्ता गराएको भए सो सवारी साधन भाडामा लगाई निजले आर्जन गरेको आय बापत बर्षेनी माथि उल्लिखित निश्चित रकम कर बापत तिर्नु पर्दछ ।

## २३.२.६ गैर बासिन्दा प्राकृतिक व्यक्तिलाई लाग्ने कर

ऐनको अनुसूची-१ को दफा १ को उपदफा (८) मा गैर बासिन्दा प्राकृतिक व्यक्तिलाई लाग्ने करका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

अ.१.१(८) **गैर बासिन्दा प्राकृतिक व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा पच्चीस प्रतिशतका दरले कर लाग्नेछ ।**

कुनै गैर बासिन्दा प्राकृतिक व्यक्तिले नेपालमा स्रोत रहेको आयमा नेपालमा कर दाखिला गर्दा जुनसुकै स्रोतबाट भएको करयोग्य आयमा २५ प्रतिशतका दरले कर दाखिला गर्नु पर्दछ । कुनै गैर बासिन्दा प्राकृतिक व्यक्तिले नेपालमा स्रोत रहेको आयमा दाखिला गर्नुपर्ने करको गणना गर्दा अनुसूची-१ ले प्राकृतिक व्यक्तिको करयोग्य आयमा घटाउन पाउने भनी तोकिएका रकम घटाउन पाउँदैन । सो व्यक्तिले औषधोपचार कर बापतको रकम तिर्नुपर्ने करमा मिलान गर्न पाउँदैन । त्यस्ता व्यक्तिको करयोग्य आय रु.२० लाख भन्दा बढी भएको अवस्थामा समेत अतिरिक्त कर लाग्दैन ।

## २३.२.७ रोजगारीको आय मात्र हुने महिलालाई लाग्ने करमा छुट

ऐनको अनुसूची-१ को दफा १ को उपदफा (११) मा पारिश्रमिक आय मात्र हुने महिलालाई करमा हुने छुटका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

अ.१.१(११) **यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ ।**

उक्त व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २३.२.१: मानौं, नेपाल बैंक लिमिटेड मनाङ शाखामा श्रीमती शशीकला राई भन्ने कर्मचारी कार्यरत रहेछन् । आ.व.२०७६।७७ मा निजको तलब र भत्ता गरी मासिक रु.५०,०००।-हुँदोरहेछ । निजले सो वर्ष दशैं खर्च बापत रु.४०,०००।-प्राप्त गरेकी रहेछिन् । सो वर्ष निजले रु.४०,०००।-बोनस प्राप्त गरेकी रहेछिन् । बैंकले सो वर्ष निजको आयमा कूल रु.३०,०००।-थप गरी निजको पारिश्रमिकबाट समेत त्यतिकै रकम कटाई सञ्चय कोष (स्वीकृत अवकाश कोष) मा जम्मा गर्ने व्यवस्था गरेको रहेछ । सो वर्ष निजले एउटै प्राकृतिक व्यक्ति मानिने गरी छनौट गरेको अवस्थामाकरयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | |
|---|---|---|---|
| तलव भत्ता रु. | | | ६,००,०००।- |
| दशैं भत्ता रु. | | | ४०,०००।- |
| बोनस रु. | | | ४०,०००।- |
| सञ्चय कोषमा थप रु. | | | ३०,०००।- |
| **जम्मा निर्धारणयोग्य आय रु.** | | | **७,१०,०००।-** |
| न्यून: | | | |
| स्वीकृत अवकाश कोषमा लगानीरु. | | | ६०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| **करयोग्य आयरु.** | | | | ६,५०,०००।- |
| घटाउने | | | | |
| "क" वर्गमा पाउने दुर्गम क्षेत्र सुविधारु. | | | | ५०,०००।- |
| **बाँकी करयोग्य आयरु.** | | | | ६,००,०००।- |
| कर रकमको गणना (आय वर्ष २०७६।७७) | | | | |
| पहिलो | रु.४,००,०००।- | १% | ले | ४,०००।- |
| दोश्रो | रु.१,००,०००।- | १०% | ले | १०,०००।- |
| बाँकी | रु.१,००,०००।- | २०% | ले | २०,०००।- |
| जम्मा | | | | ३४,०००।- |
| न्यून: १० प्रतिशतले छुटरु. | | | | ३,४००।- |
| **जम्मा वार्षिक कर रकम रु.** | | | | ३०,६००।- |

### २३.२.८ रोजगारीको आयमात्र हुने व्यक्तिले दाखिला गर्नुपर्ने कर सम्बन्धी व्यवस्था

कुनै प्राकृतिक व्यक्तिको रोजगारी आयमात्र भएमा सो व्यक्तिले दाखिला गर्नुपर्ने कर सम्बन्धमा ऐनको दफा ४ को उपदफा (३) मा देहायको व्यवस्था छ :-

**४(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सबै अवस्थाहरु पूरा गरेका दफा ३ को खण्ड (क) बमोजिमको बासिन्दा प्राकृतिक व्यक्तिले दाखिला गर्नुपर्ने कर त्यस्ता बासिन्दा प्राकृतिक व्यक्तिलाई सो आय वर्षमा रोजगारदाताबाट दिइएका भुक्तानीबाट दफा ८७ बमोजिम कट्टी भएको कर रकमको जम्मा रकम बराबर हुनेछ :-**

(क) **सो आय वर्षको आयमा नेपालमा स्रोत भएको कुनै रोजगारीको आयमात्र समावेश भएको,**

(ख) **सो आय वर्षमा सबै रोजगारदाता बासिन्दा व्यक्ति भएको र एक पटकमा एउटामात्र रोजगारदाता भएको, र**

(ग) **रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च बापतको कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दाबी गरेको तथा दफा १२ बमोजिम चन्दा बापत खर्च घटाउन दाबी नगरेको ।**

कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिमध्ये कुनै व्यक्तिको कुनै आय वर्षमा रोजगारीको आयमात्र रहेको, सो वर्षमा सबै रोजगारदाता बासिन्दा व्यक्ति रहेको, एकै समयमा एक भन्दा बढी रोजगारदाता नरहेको, रोजगारदाताले भुक्तानी गरिदिएको अवकाश योगदान बाहेक अन्य अवकाश योगदान घटाउन दाबी नगरेको,रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च बापतको मिलान गर्न पाउने करबाहेक अन्य कर मिलान गर्न दाबी नगरेको तथाचन्दा खर्च घटाउन दाबी नगरेको बासिन्दा प्राकृतिक व्यक्तिले दाखिला गर्नुपर्ने कर सो व्यक्तिको रोजगारीको आयमा सो आय वर्षमा रोजगारदाताबाट ऐनको दफा ८७ बमोजिम कट्टी भएको कर रकम बराबर हुन्छ । आय वर्षको बीचमा रोजगारदाता परिवर्तन भएका करदाताले यस्तो सुविधा प्राप्त गर्न पहिलो रोजगारदाताबाट प्राप्त गरेको भुक्तानी, सो भुक्तानीमा कट्टी भएको करसमेत खुलेको कर कट्टीको प्रमाणपत्र दोश्रो रोजगारदातासमक्ष पेश गरेको हुनु पर्दछ । दोश्रो रोजगारदाताले पनि पहिलो रोजगारदाताले गरेको भुक्तानी र सो भुक्तानीमा गरेको कर कट्टी समायोजन गरी आफूले गरेको भुक्तानीमा कर गणना गरी दफा ८७ बमोजिम भुक्तानीमा कर कट्टी गरेको हुनु पर्दछ । यस्तो व्यक्तिको रोजगारी आयमा रोजगारदाताले कट्टी गरेको रकम बाहेक निजले अन्य कुनै रकम तिर्नु पनि पर्दैन । तर यस्तो

व्यक्तिलाई गर्ने भुक्तानीमा रोजगारदाताले करकट्टी गर्दा नियमावलीको नियम ३१ बमोजिम गरेको हुनु पर्दछ र कट्टी गरेको रकम दाखिला भएको हुनु पर्दछ। यदि निजलाई भुक्तान गर्दा कर कट्टा गरी दाखिला गरेको रकम निजको कर दायित्व भन्दा बढी भएमा निजले सो कर रकम विभागसमक्ष फिर्ता दाबी गर्न सक्दछ । रोजगारी आयमा कर कट्टी एवम् भुक्तानी सम्बन्धी विस्तृत विवरण यसै निर्देशिकाको परिच्छेद १६ मा उल्लेख गरिएको छ ।

### २३.२.९ विशेष उद्योगबाट हुने आयमा कर छुट

ऐनको दफा ११ को उपदफा (२ख) मा प्राकृतिक व्यक्ति (प्रोप्राइटरसिप फर्म समेत) ले वर्षभरि सञ्चालन गरेको विशेष उद्योगबाट भएको आयमा कर छुटका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

**११(२ख.) कुनै आय वर्षमा वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा देहाय बमोजिम छूट हुनेछ :-**

**(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा एक तिहाईले,**

**(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशतले,**

**(ग) खण्ड (क) वा (ख) बमोजिमको सुविधा पाएका व्यक्तिले यस दफा बमोजिम अर्को कुनै कर छुट सुविधा पाउने रहेछ भने सो कर छुट सुविधा समेत पाउनेछ ।**

कुनै प्राकृतिक व्यक्ति वा दम्पतीले कुनै आय वर्षमा वर्षभरि नै विशेष उद्योग सञ्चालनमा संलग्न रही आय आर्जन गरेको भए सो आयमध्ये कर गणना गर्ने प्रयोजनका लागि कायम हुन आउने सो व्यक्तिको करयोग्य आयमा अन्य आयमा लाग्ने करको दर भन्दा घटी दरले कर लाग्ने व्यवस्था ऐनले गरेको छ । जस अनुसार त्यस्तो आयमा दाखिला गर्नुपर्ने करको गणना गर्दा एकल प्राकृतिक व्यक्तिको हकमा आर्थिक वर्ष २०७६।७७ मा रु.४,००,०००।-भन्दा बढी र एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी छनौट गरेको दम्पतीको हकमा रु.४,५०,०००।-भन्दा बढीको करयोग्य आयमातीस प्रतिशतको दरले कर लाग्ने भएमा एक तिहाईले छुट दिई बीस प्रतिशतका दरले कर गणना गर्नु पर्दछ । उक्त व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ :

उदाहरण २३.२.२: मानौं, शशीकला राईले अछाममा फलफुल प्रसोधन उद्योग सञ्चालन गर्ने गरेकी रहिछिन् । आ.व.२०७६।७७ मा सो उद्योगको कारोबाररु.५०,००,०००।-रहेछ र कट्टी दाबी योग्य रकम रु.४०,००,०००।-रहेछ । सो वर्ष निजले एउटै प्राकृतिक व्यक्ति मानिने गरी छनौट गरेको अवस्थामा करयोग्य आय एवम् कर रकम निम्नानुसार हुन आउँछ ।

| | | | | |
|---|---|---|---|---|
| कारोबाररु. | | | | ५०,००,०००।- |
| न्यून: कट्टी हुने रकमरु. | | | | ४०,००,०००।- |
| **जम्मा निर्धारणयोग्य आयरु.** | | | | **१०,००,०००।-** |
| न्यून: | | | | - |
| **करयोग्य आयरु.** | | | | **१०,००,०००।-** |
| घटाउने | | | | |
| ”ग” वर्गमा पाऊने दुर्गम क्षेत्र सुविधारु. | | | | ३०,०००।- |
| **बाँकी करयोग्य आय रु.** | | | | **९,७०,०००।-** |
| कर रकमको गणना | | | | आय वर्ष २०७६।७७ |

| | | | | |
|---|---|---|---|---|
| पहिलो रु. | ४,००,०००।- | सम्म | | नलाग्ने |
| दोश्रो रु. | १,००,०००।- | १०% | ले | १०,०००।- |
| तेस्रो रु. | २,००,०००।- | २०% | ले | ४०,०००।- |
| बाँकी | ३,२०,०००।- | २०% | ले | ६४,०००।- |
| **जम्मा लाग्ने कर रकम** | | | | १,१४,०००।- |

### २३.२.१० निर्यातबाट हुने आयमा कर छुट

ऐनको अनुसूची-१ को दफा १ को उपदफा (१५) मा प्राकृतिक व्यक्ति (प्रोप्राइटरसिप फर्म समेत) को निर्यातबाट भएको आयमा कर छुटका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

ऐनको दफा ११ को उपदफा (३ङ) मा प्राकृतिक व्यक्ति (प्रोप्राइटरसिप फर्म समेत) को निर्यातबाट भएको आयमा कर छुटका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :-

**दफा ११(३ङ) नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा देहाय अनुसार कर छुट हुनेछ :-**

**(क) बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतको दरले कर लाग्ने रहेछ भने सो करमा पच्चीस प्रतिशत र तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा पचास प्रतिशत,**

**(ख) निकायको आयमा लाग्ने करमा बीस प्रतिशत,**

**(ग) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिम छुट पछि कायम हुने करमा थप पैतिस प्रतिशत ।**

कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा कुनै वस्तु वा सेवा निकासी गरी सो निकासीबाट आय आर्जन गरेको भए सो आयमध्ये कर गणना गर्ने प्रयोजनका लागि कायम हुन आउने सो व्यक्तिको करयोग्य आयमा अन्य आयमा लाग्ने करको दर भन्दा घटी दरले कर लाग्ने व्यवस्था ऐनले गरेको छ । जस अनुसार त्यस्तो आयमा दाखिला गर्नुपर्ने करको गणना गर्दा एकल प्राकृतिक व्यक्तिको हकमा २०७६।७७ मा रु.४,००,०००।-भन्दा बढी र एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी छनौट गरेको दम्पतीको हकमा रु.४,५०,०००।- भन्दा बढीको करयोग्य आयमा पच्चीस प्रतिशतको सट्टा पन्ध्र प्रतिशतका दरले कर गणना गर्नु पर्दछ । यसका अतिरिक्त दफा ११(३ङ)(ग)बमोजिम आफ्नै उत्पादनको निकासी गरेका उद्योगले सो करयोग्य आयमा लाग्ने करको दरको २५ प्रतिशतले थप छुट पाउँदछन् । उक्त व्यवस्था खुल्ने उदाहरण तल प्रस्तुत गरिएको छ :

उदाहरण २३.२.३: मानौं, रोहण शर्मा विवाहित व्यक्ति रहेछन् र चिया उत्पादन गरी बिक्री गर्दा रहेछन् । उनले आ.व.२०७८।७९ मा रु.एक करोडको चिया निकासी गरेका रहेछन् । निजले सो आय वर्षमा सो कारोबारबाट रु.७,००,०००।- करयोग्य आय आर्जन गरेका रहेछन् । उनी स्वयं अपांग रहेछन् साथै उनी र उनकी पत्नीले एउटै प्राकृतिक व्यक्तिको रूपमा मानिने गरी दम्पती हुन छनौट गरेका रहेछन् । निजको कर दायित्व निम्नानुसार हुने हुन्छ :

| विवरण | निकासीको कर गणना |
|---|---|
| निकासीको करयोग्य आयरु. | १०,००,०००।- |
| अपांग भएको कारणले घटाउन पाउने रकमरु. | २,२५,०००।- |

| | | |
|---|---|---|
| करको गणना प्रयोजनका लागि करयोग्य आयरु. | ७,७५,०००।- |
| रु.४,५०,०००।-सम्म कर नलाग्ने | ००।- |
| बाँकी रकम रु. | ३,२५,०००।- |
| पहिलो रु.१,००,०००।-मा १० प्रतिशतले | १०,०००।- |
| निकासीको आयमा लाग्ने कर १५ प्रतिशतमा दफा ११(३ङ)(ग) मा उल्लिखित छुटका कारण बाँकी रकम रु.२,२५,०००।-मा ९.७५ प्रतिशतले हुन आउने कर रकम रु. | २१,९३७५० |
| तिर्नु पर्ने जम्मा कर रकम रु. | **३१,९३७५** |

२३.३ निकाय :

**ऐनको दफा २(भ) मा निकायलाई निम्नानुसार परिभाषित गरिएको छ :-**

सामान्यतयाः निकाय (Entity) भन्नाले प्राकृतिक व्यक्तिबाहेक अन्य व्यक्ति अर्थात कृत्रिम (Artificial) वा कानूनी व्यक्ति (Legal Person) लाई बुझाउँछ । साझेदारी फर्म, ट्रष्ट वा कम्पनी, गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति, नेपाल सरकार, कुनै विदेशी सरकार वा सो सरकार अन्तर्गतका प्रान्तीय वा स्थानीय सरकार वा कुनै सन्धिद्वारा स्थापना भएको सार्वजनिक अन्तर्राष्ट्रिय संगठन, वा आफू बासिन्दा भएको मुलुकमा अवस्थित नरहेको संस्था वा संगठनको स्थायी संस्थापनलाई निकायको रूपमा परिभाषित गरिएको छ ।

## २३.४ निकायको लागि करको दर सम्बन्धी व्यवस्थाः

प्राकृतिक व्यक्तिले कर गणना गर्ने प्रयोजनको लागि करयोग्य आयबाट सो व्यक्तिको अवस्था र आयको प्रकृति अनुसार अवकाश योगदान, जीवन बीमा प्रिमियम, स्वास्थ्य बीमा प्रिमियम, निजी भवनको बीमा प्रिमियम, वैदेशिक भत्ता, दुर्गम भत्ता, अपांग व्यक्तिलाई छुट सुविधा आफ्नो करयोग्य आयबाट घटाउन पाउछन् । यसको अलावा प्राकृतिक व्यक्तिले गर्ने केही व्यावसायिक आयमा तोकिएको एकमुष्ठ कर तिर्न सक्ने तथा करका विभिन्न दर लाग्ने व्यवस्था समेत रहेको छ । तर निकायको करयोग्य आय र कर गणना गर्ने प्रयोजनका लागि करयोग्य आय समान हुन्छ । अर्थात, अनुसूची-१ मा निकायको कर गणना गर्दा आफ्नो करयोग्य आयबाट कुनै प्रकारको रकम थप घटाउन पाउने व्यवस्था गरेको छैन । त्यस्तै निकायको करयोग्य आय जतिसुकै भएपनि निश्चित एकल दरमा कर तिर्नु पर्दछ । तर निकायको प्रकृति र आयको प्रकार अनुसार निकायको आयमा लाग्ने करको दर फरक फरक गरिएको छ । निकायको आयमा लाग्ने करको दरको विवरण तथा दफा ११ बमोजिम छुट हुने आयमा लाग्ने करको दर यसै परिच्छेदको अन्त्यमा दिइएको छ ।

### २३.४.१ सामान्य अवस्थामा निकायलाई लाग्ने कर

सामान्य अवस्थामा कुनै निकायले दाखिला गर्नुपर्ने करको गणना गर्ने सम्बन्धमा ऐनको अनुसूची-१ को दफा २ ले देहाय बमोजिमको व्यवस्था गरेको छ :-

अ.१.२.(१) **यस दफाको उपदफा (२), (३), (५) र (७) को अधीनमा रही कुनै आय वर्षमा कुनै निकायको करयोग्य आयमा पच्चीस प्रतिशतका दरले कर लाग्नेछ ।**

उपर्युक्त व्यवस्था अनुसार कुनै आय वर्षमा नेपालमा स्रोत रहेको व्यवसाय वा लगानीको आय रहेको निकायलाई सामान्यतयाः सो व्यवसाय वा लगानीको करयोग्य आयको २५ प्रतिशतले हुने रकम कर लाग्दछ । सूर्तिजन्य वा मदिराजन्य उद्योग, बियर उद्योग, बैंक, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय, पेट्रोलियम कार्य सञ्चालन गर्ने निकाय,सहकारी संस्था, निकासी आय रहेको निकाय, विशेष उद्योग, सार्वजनिक पुर्वाधार संरचनाको

निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना र जलयात्रा, हवाई यातायात वा दूर सञ्चार सेवा सञ्चालन गर्ने गैरबासिन्दा निकायबाहेक अन्य सबै निकायको व्यवसाय र लगानीको करयोग्य आयमा २५ प्रतिशतका दरले कर लाग्दछ । यस सम्वन्धी उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २३.४.१: मानौं, आ.व.२०७६।७७ मा तल उल्लेखित व्यक्तिको करयोग्य आयको अवस्था निम्नानुसार रहेछ :

१. एभरेष्ट सेल्स प्रा.लि. साबुनको वितरक रहेछ र सो व्यवसायबाट आ.व.२०७६।७७ मा रु.१,५०,०००।-करयोग्य आय आर्जन गरेको रहेछ ।

२. एभरेष्ट कुरियर दुई जना साझेदार रहेको एउटा साझेदारी फर्म रहेछ । यसले आ.व. २०७६।७७ मा सो व्यवसायबाट रु.२,७०,०००।- करयोग्य आय आर्जन गरेको रहेछ । यसका साझेदार प्रत्येकले सो वर्ष रु.६०,०००।- नागरिक लगानी कोषमा अवकाश योगदान गरेका छन् । एउटा साझेदारले यस वर्ष आफ्नो जीवन बीमा प्रिमियम बापतरु.१०,०००।- तिरेका रहेछन् । दुवै साझेदार स्वयं अपांग रहेछन् ।

३. रोहिम खान एकल शेयरहोल्डर रहेको नेपाल गलैंचा प्रा.लि.ले गलैंचाको खरिद बिक्रीबाट आ.व.२०७६।७७ मा रु.५,००,०००।- करयोग्य आय आर्जन गरेको रहेछ । यस वर्ष उनले आफ्नो औषधोपचारमा रु.२०,०००।- खर्च गरेका रहेछन्

उपरोक्तानुसारका करयोग्य आय आर्जन गर्ने सबै व्यक्ति आयकर प्रयोजनका लागि निकाय हुन् । निकायले आफ्नो करयोग्य आयमा कर तिर्नु पर्दछ । कुनैपनि निकायले आफ्नो सञ्चालक वा साझेदारको अवकाश योगदान, जीवन बीमा प्रिमियम, औषधोपचार खर्च लगायतका व्यक्तिगत खर्च बापतको कुनैपनि रकम करयोग्य आयबाट घटाउन वा त्यस्तो खर्च रकम बापत कुनै रकम करमा मिलान गर्न पाउदैन । त्यस्तै कुनै निकायले आफनो सञ्चालक वा साझेदार अपांग भएको वा महिला भएको लगायतका अन्य कुनैपनि कारणले तिर्नुपर्ने करमा कुनै किसिमको सहुलियत समेत पाउदैन । यसैगरी कुनै प्राकृतिक व्यक्तिलाई जस्तो Progressive दरमा कर तिर्न पाउने सुविधा समेत निकायलाई उपलब्ध छैन ।

यस अवस्थामा माथि उल्लेखित निकायले तिर्नुपर्ने कर निम्न अनुसार हुन्छ :-

| विवरण | एभरेष्ट सेल्स | एभरेष्ट कुरीयर | नेपाल गलैंचा |
|---|---|---|---|
| व्यवसायको करयोग्य आय रु. | १,५०,०००।- | २,७०,०००।- | ५,००,०००।- |
| घटाउन पाउने रकम | - | - | - |
| करको गणना प्रयोजनका लागि करयोग्य आय रु. | १,५०,०००।- | २,७०,०००।- | ५,००,०००।- |
| करको गणना | | | |
| निकायको करयोग्य आयमा २५ प्रतिशतले कर लाग्ने रु. | ३७,५००।- | ६७,५००।- | १,२५,०००।- |

**२३.४.२ सूर्तिजन्य र मदिराजन्य उद्योग, बैंक, वित्तीय संस्था, बीमा व्यवसाय र पेट्रोलियम कार्य गर्ने निकायलाई लाग्ने कर:**

सूर्तिजन्य र मदिराजन्य उद्योग सञ्चालन गर्ने निकाय, बैंक, वित्तीय संस्था, सामान्य बीमा व्यवसायसञ्चालन गर्ने निकाय र पेट्रोलियम कार्य गर्ने निकायको कर गणना सम्बन्धमा ऐनको अनुसूची-१ को दफा २ को उपदफा (२) मा निम्न व्यवस्था छ :-

**अ.१.२(२) कुनै आय वर्षमा कुनै बैंक, वित्तीय संस्था,सामान्य बीमा व्यवसाय वा दूर सञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पुँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, कमोडिटी फ्यूचर मार्केट, धितोपत्र र कमोडिटी दलाल**

व्यवसाय,चुरोट, बिँडी, सिगार, खानेसूर्ति, खैनी, गुट्खा, पानमसला, मदिरा, वियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकायको करयोग्य आयमा तीस प्रतिशतका दरले कर लाग्नेछ ।

स्पष्टीकरण : पेट्रोलियम कार्यको हकमा "करयोग्य आय" भन्नाले पेट्रोलियम सम्झौतामा उल्लिखित कार्यविधि तथा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम निर्धारण भएको करयोग्य आय सम्झनु पर्छ ।

कुनै निकायले कुनै आय वर्षमा सूर्तिजन्य पदार्थ वा वस्तु अर्थात चुरोट, सिगार, बिँडी लगायतका धुम्रपान प्रयोजनका कुनै वस्तु वा खानेसूर्ति, तयारी वा अर्ध तयारी खैनी, गुट्खा तथा पानमसला उत्पादन वा बिक्रीवितरण गर्ने, मदिरा अर्थात स्प्रिटमा आधारित वा स्प्रिटबाट बन्ने पेय पदार्थको उत्पादन वा वितरण गर्ने, बैंक, वित्तीय संस्था र सामान्य बीमा व्यवसायसञ्चालन गर्ने, दूर सञ्चार र इन्टरनेट सेवा प्रदान गर्ने,मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) सम्बन्धी कार्य, पुँजी बजारको व्यवसाय गर्ने व्यक्ति, कमोडिटी फ्युचर मार्केट सञ्चालन गर्ने व्यक्ति, धितोपत्र र कमोडिटी दलाल व्यवसाय गर्ने व्यक्ति,र पेट्रोलियम कार्य अर्थात पेट्रोलियम पदार्थको बिक्री वितरण, उत्खनन् वा उत्पादन गर्ने कार्य गरी प्राप्त गरेको करयोग्य आयमा तीस प्रतिशतका दरले कर लाग्दछ ।

**२३.४.३ सहकारीको आयमा लाग्ने कर:**

सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा अनुसूची-१ को दफा २ को उपदफा (३) बमोजिम निम्नानुसार कर लाग्ने व्यवस्था गरेको छ ।

अ.१.२(३) **सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेछ :**

(क) **नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा पाँच प्रतिशत,**

(ख) **उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा सात प्रतिशत,**

(ग) **महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा दश प्रतिशत ।**

अ.१.२(३ख) **सार्वजनिक गुठी अन्तर्गत दर्ता भई सञ्चालित विद्यालय, महाविद्यालयको करयोग्य आयमा बीस प्रतिशतका दरले कर लाग्नेछ :**

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ को उपदफा (२) मा वर्गीकरण गरिएका उल्लिखित उत्पादनमूलक उद्योग लगायत अन्य बर्गका उद्योगको सूची यसै निर्देशिकाको अनुसूचीमा समावेश गरिएको छ ।

**२३.४.४ निकासीको आयमा लाग्ने कर:**

नेपालको स्रोतबाट निकासी गरी आय आर्जन गर्ने निकायको कर गणना सम्बन्धमा ऐनको दफा ११को उपदफा (३ङ)(ख) बमोजिम नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको निकायको आयमा देहाय बमोजिम कर लाग्दछ ।

**दफा ११(३ङ) नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा देहाय अनुसार कर छुट हुनेछ :-**

(ख) **निकायको आयमा लाग्ने करमा बीस प्रतिशत,**

(ग) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा खण्ड (क) वा (ख) बमोजिम छुट पछि कायम हुने करमा थप पैतिस प्रतिशत ।

**२३.४.५ मृत बासिन्दा व्यक्तिको सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा अशक्त बासिन्दा प्राकृतिक व्यक्तिको ट्रष्टको करयोग्य आयमा लाग्ने कर:**

मृत बासिन्दा व्यक्तिको सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा अशक्त बासिन्दा प्राकृतिक व्यक्तिको ट्रष्टको करयोग्य आयमा लाग्ने कर गणनाको सम्बन्धमा ऐनको अनुसूची-१ को दफा २ को उपदफा (५) मा निम्न व्यवस्था रहेकोछ :-

**अ.१.२(५) कुनै आय वर्षमा कुनै मृत बासिन्दा व्यक्तिको सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा अशक्त बासिन्दा प्राकृतिक व्यक्तिको ट्रष्टको करयोग्य आयमा सो सम्पत्ति प्राप्त गर्ने वा रेखदेख गर्ने वा त्यस्तो ट्रष्टलाई बासिन्दा प्राकृतिक व्यक्ति सरह मानी यस अनुसूचीको दफा १ को उपदफा (१) र उपदफा (४) बमोजिम कर लाग्ने छ ।**

ट्रष्ट एक निकाय भएतापनि उपदफा (५) मा उल्लेख भएको ट्रष्टको उद्देश्य प्राकृतिक व्यक्ति (मृत वा अशक्त बासिन्दा प्राकृतिक व्यक्ति) को सम्पत्ति रेखदेख गर्ने भएकोले त्यस्तो ट्रष्टको आयमा प्राकृतिक व्यक्तिलाई लाग्ने करको दर लाग्ने व्यवस्था रहेको छ । यस्तो ट्रष्टलाई एकल व्यक्ति मानी दफा १ को उपदफा (१) र उपदफा (४) बमोजिम कर लाग्दछ । आ.व.२०७६।७७ मा त्यस्तो व्यक्तिलाई निम्नानुसार कर लाग्नेछ :-

| **करयोग्य आय** | **करको दर** |
|---|---|
| व्यवसाय तथा लगानीको करयोग्य आयमा (दफा १ को उपदफा (१) | |
| रु.४,००,०००।-सम्म करयोग्य आय हुनेल | कर नलाग्ने (प्राकृतिक व्यक्ति) |
| रु.४,००,०००।-भन्दा बढी तर रु.५,००,०००।-ननाघ्ने करयोग्य आय हुनेले | रु.१,००,०००।-सम्मको रकममा १०% का दरले |
| रु.५,००,०००।-भन्दा बढी रु.७,००,०००।-ननाघ्ने करयोग्य आय हुनेले | रु.२,००,०००।-सम्मको रकममा २०%का दरले |
| रु.७,००,०००।-भन्दा बढी रु.२०,००,०००।-ननाघ्ने करयोग्य आय हुनेले | रु.१३,००,०००।-सम्मको रकममा ३०%का दरले |
| रु.२०,००,०००।-भन्दा बढी करयोग्य आय हुनेले | रु.२०,००,०००।-भन्दा बढी रकममा ३६%का दरले |
| **गैरव्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त खुद लाभमा दफा १ को उपदफा (४)** | |
| रु.४,००,०००।-सम्म (खुद लाभ) करयोग्य आय हुनेले | कर नलाग्ने (प्राकृतिक व्यक्ति) |
| रु.४,००,०००।-भन्दा बढी (खुद लाभ)करयोग्य आय हुनेले | <u>एकल व्यक्तिले:</u><br>रु.४,००,०००।-भन्दा बढी रकममा १०%का दरले<br>तर,<br>निःसर्ग भएको गैर व्यवसायिक करयोग्य सम्पत्ति (जग्गा तथा घरजग्गा) को स्वामित्व ५ वर्ष भित्रको भएमा ५ प्रतिशत र ५ वर्ष वा सो भन्दा बढी भएको छ भने २.५ प्रतिशतका दरले कर लाग्नेछ । साथै, नेपाल धितोपत्र वोर्डमा सूचिकरण भएको निकायमा रहेको हितको |

| | |
|---|---|
| | नि:सर्गबाट प्राप्त लाभको हकमापाँच प्रतिशको दरले कर लाग्नेछ । |

२३.४.६ **विदेशी स्थायी संस्थापनले बुझाउनुपर्ने करको गणना:**

कुनै आय वर्षमा गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापनको हैसियतले कुनै आय विदेश पठाउने व्यक्ति अर्थात ऐनको दफा ३ को खण्ड (ख) बमोजिमको व्यक्तिले बुझाउनुपर्ने कर गणना विधिका सम्बन्धमा दफा ४ को उपदफा (५) र अनुसूची-१ को दफा २ को उपदफा (६) मा देहायको व्यवस्था छ :-

अ.१.२(६) **कुनै आय वर्षमा कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा पाँच प्रतिशतका दरले कर लाग्नेछ ।**

२३.४.७ **जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा लाग्ने कर:**

नेपालमा स्रोत भएको जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा लाग्ने करका सम्बन्धमा ऐनको अनुसूची-१ को दफा २ को उपदफा (७) मा निम्न व्यवस्था रहेकोछ :-

अ.१.२(७) **कुनै आय वर्षमा ऐनको दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैरबासिन्दा व्यक्तिको करयोग्य आयमा पाँच प्रतिशतका दरले कर लाग्नेछ ।**

**तर नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दा व्यक्तिको हकमा दुई प्रतिशतका दरले कर लाग्नेछ ।**

ऐनको दफा ७० मा नेपालमा जलयात्रा, हवाई यातायात वा दूर सञ्चार सेवा उपलब्ध गराउने गैर बासिन्दालाई लाग्ने करका सम्बन्धमा निम्नानुसारको अवस्था उल्लेख भएकोछ :

७०(१) **जल यात्रा सञ्चालन, चार्टर सेवा सञ्चालन वा हवाई यातायात सञ्चालन गर्ने गैर बासिन्दा व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा सो वर्षमा अन्तर चलान**
**(ट्रान्ससिपमेन्ट) बाट प्राप्त रकम बाहेक देहायका कार्यहरुबाट प्राप्त रकमहरु समावेश गर्नु पर्नेछ :-**

(क) **नेपालबाट प्रस्थान हुने यात्रुहरुको ओसारपसार, वा**

(ख) **नेपालबाट चलान गरिएको डाँक, पशुपंक्षी वा मालसामानको ओसारपसार ।**

७०(२) **तार, रेडियो, अप्टिकल फाइबर वा भू-उपग्रह सञ्चारको व्यवसाय सञ्चालन गर्ने गैर बासिन्दा व्यक्तिको कुनै आय वर्षको करयोग्य आयमा नेपालमा स्थापित संयन्त्रबाट गरिएको नेपालमा उत्पत्ति भएको वा नभएको खवर वा सूचनाको सम्प्रेषणबाट प्राप्त रकमहरु समावेश गर्नु पर्नेछ ।**

७०(३) **उपदफा (१) वा (२) बमोजिम कुनै गैर बासिन्दा व्यक्तिको करयोग्य आयमा समावेश गरिने रकमहरुमा अनुसूची-१ को दफा २ को उपदफा (७) मा तोकिएको दरले कर लाग्नेछ । तर,**

(क) **सो व्यक्तिको कुनै बाँकी करयोग्य आयका सम्बन्धमा दाखिला गर्नुपर्ने कर गणना गर्दा ती रकमहरुलाई गणना गर्नुपर्ने छैन,**

(ख) **ती रकमहरुको गणनासँग सम्बन्धित खर्चहरु सो बाँकी करयोग्य आय गणना गर्दा कट्टी गर्न पाइने छैन, र**

(ग) ती रकमहरुका सम्बन्धमा यस दफा बमोजिम सो व्यक्तिबाट दाखिला गर्नुपर्ने कर रकमबाट सो व्यक्तिले कुनै पनि कर मिलान गर्ने सुविधा पाउने छैन ।

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "गैर बासिन्दा व्यक्ति" भन्नाले नेपाल बाहिर मुख्य कार्यालय रहेको सम्बद्ध निकायहरुको समूहभित्र रहेको बासिन्दा निकाय सम्झनु पर्छ ।**

उक्त व्यवस्था खुलाउने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २३.४.२: मानौं, ग्लोब एयरलाइन्स डेनमार्कमा दर्ता भएको वायुसेवा सञ्चालन गर्ने कम्पनी रहेछ । उक्त कम्पनीले नेपालमा सम्पर्क कार्यालय खोली नेपालमा समेत वायुसेवा सञ्चालन गर्ने गरेको रहेछ । आ.व.२०७६।७७ सो कम्पनीले नेपालमा निम्नानुसारको टिकट बिक्री गरेको रहेछ:

१. नेपालबाट प्रस्थान हुने यात्रुलाई बिक्री गरेको टिकट बापत रु.५० करोड ।

२. अन्य देशबाट प्रस्थान हुने तर नेपालमा बिक्री भएको टिकट बापत रु.१० करोड ।

ऐनको दफा ७० को स्पष्टीकरणमा उल्लेख भए बमोजिम नेपालमा सम्पर्क कार्यालय भएतापनि माथि उदाहरणमा उल्लिखित आयको लागि ग्लोब एयरलाइन्सलाई गैर बासिन्दा मानिन्छ । यस अवस्थामा उक्त कम्पनीको कूल आयलाई नै करयोग्य आय मानिन्छ । यसरी नेपालबाट प्रस्थान हुने यात्रुलाई टिकट बिक्री गरी प्राप्त आय रु.५० करोड तथा अन्य देशबाट प्रस्थान हुने तर नेपालमा बिक्री भएको टिकट बापत प्राप्त आय रु.१० करोड नै सो कम्पनीको लागि यस दफाको प्रयोजनकोलागि करयोग्य आय मानिन्छ र क्रमश: ५ प्रतिशत तथा २ प्रतिशतका दरले सो आयमा कर भुक्तान गर्नुपर्ने हुन्छ ।

यस सिलसिलामा उक्त कम्पनीको त्यस्तो आय र सोसँग सम्बन्धित खर्च आयकर प्रयोजनको निमित्त खर्च मानिदैन ।

उदाहरण २३.४.३: मानौं, ग्लोब टेलिकम्यूनिकेसन लि.सिंगापुरको बासिन्दा कम्पनी रहेछ । उक्त कम्पनीले दुर सञ्चार एवम् सूचना आदान प्रदान गर्ने र Data Store गर्ने उद्देश्यले नेपालमा Communication Hubस्थापना गरेको रहेछ तर आफ्नो कुनै कार्यालय स्थापना गरेको रहेनछ । उक्त प्रणालीमार्फत अमेरिका तथा यूरोपका कम्पनीले आफ्नो Data Store गर्ने र सूचना आदानप्रदान गर्ने कार्य गर्ने गरेका रहेछन् । सिंगापुरको उक्त कम्पनीलाई सो बापत दश लाख अमेरिकी डलर प्राप्त भएको रहेछ । ऐनको दफा ७० को उपदफा (२) बमोजिम नेपालमा स्थापित संयन्त्रबाट प्राप्त गरिएको उक्त रकमको स्रोत नेपाल भएको र उक्त आय नै करयोग्य आय मानिन्छ । सोही बमोजिम ऐनको अनुसूची-१ को दफा २ को उपदफा (७) बमोजिम ५ प्रतिशतका दरले सो आयमा कर भुक्तान गर्नुपर्ने हुन्छ ।

यस सिलसिलामा उक्त कम्पनीको त्यस्तो आय र सोसँग सम्बन्धित खर्च आयकर प्रयोजनको निमित्त खर्च मानिदैन ।

## २३.४.८ निकायको लागि लागू हुने कर तालिका

आयकर ऐन,२०५८ को दफा ११ बमोजिम व्यवसायको आयमा छुट (Concession) समेतका कारण आ.व.२०७७।७८ मा निकायको लागि लागू हुने करको दरका सम्बन्धमा ऐनका व्यवस्थालाई तलको तालिकामा प्रष्ट पारिएको छ :

**निकायको लागि लागु हुने करको दर**

| सि.नं. | अनुसूची / | व्यवसाय/निकायको विवरण/आयको अवस्था | करको दर |
|---|---|---|---|

| | दफा | | |
|---|---|---|---|
| १ | अनुसूची-१दफा २(१) | सामान्य व्यवसाय गर्ने निकाय | २५ प्रतिशत |
| २ | अनुसूची-१ दफा २(२) | बैक, वित्तीय संस्था, सामान्य बीमा व्यवसाय वा दूरसञ्चार र इन्टरनेट सेवा, मुद्रा हस्तान्तरण (मनिट्रान्सफर), पुँजीबजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्युचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय, चुरोट, बिडी, सिगार, खानेसूर्ति, खैनी, गुट्खा, पान मसला, मदिरा र वियरको कारोबार गर्ने वा नेपाल पेट्रोलियम ऐन, २०४० बमोजिम पेट्रोलियम कार्य गर्ने निकाय | ३० प्रतिशत |
| ३ | अनुसूची-१ दफा २(३) | सहकारीऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेः<br>-नगरपालिका क्षेत्र भित्र सञ्चालन भएकोमा<br>-उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा<br>-महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा | <br><br>५ प्रतिशत<br>७ प्रतिशत<br>१० प्रतिशत |
| ४ | अनुसूची-१ दफा२(३ ख) | सार्वजनिक गुठी अन्तर्गत दर्ता भई सञ्चालित विद्यालय महाविद्यालयको करयोग्य आयमा | २० प्रतिशत |
| ५ | अनुसूची-१ दफा २(६) | कुनै आयवर्षमा कुनै गैर बासिन्दा व्यक्तिको नेपाल स्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा | ५ प्रतिशत |
| ६ | अनुसूची-१ दफा २(७) | कुनै आय वर्षमा ऐनको दफा ७० मा उल्लिखित आयको सम्बन्धमा कुनै गैरबासिन्दा व्यक्तिको करयोग्य आयमा<br>तर नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने जल यातायात, हवाई यातायात वा दूरसञ्चार सेवा उपलब्ध गराउने गैरबासिन्दा व्यक्तिको हकमा | ५ प्रतिशत<br><br>२ प्रतिशत |

आयकर ऐन, २०५८ कोदफा ११ बमोजिम व्यवसायको आयमा छुट तथा सुविधाहरु(Concession) सम्बन्धी व्यवस्थालाई तलको तालिकामा प्रष्ट पारिएको छः

| दफा | व्यवसाय/निकायको विवरण/आयको अवस्था | छुट तथा सुविधा |
|---|---|---|
| दफा ११(१) | कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रूपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त भएको बाहेक अन्य कृषि आम्दानीमा | कर नलाग्ने |
| दफा ११(१) | तर कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आयमा लाग्ने करमा | पचास प्रतिशतले छुट |
| दफा ११(२) | सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावरमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, कफी खेती तथा | कर नलाग्ने |

| | | |
|---|---|---|
| | प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कवुलियति वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसायहरु जस्ता कृषि तथा वनजन्य उद्योगहरु, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषि सम्बन्धी बीउ बिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिका क्षेत्रमा सञ्चालित सहकारी संस्था वा संघको आयमा तथा यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत | |
| दफा ११(२क) | गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघु वित्त संस्था, ग्रामिण विकास बैङ्क, हुलाक बचत बैंङ्क, र उपदफा (२) बमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज आयमा | कर नलाग्ने |
| दफा ११(२ख) | वर्षभरि पूर्णरूपले सञ्चालनमा रहेको विशेष उद्योगबाट भएको आयमा लाग्ने करमा देहाय बमोजिम छुट हुने | |
| | - बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लागेको रहेछ भने सो करमा | एक तिहाईले छुट |
| | - निकायको आयमा लाग्ने करमा | बीस प्रतिशतले छुट |
| दफा ११(३)(क) | कुनै व्यक्तिलाई कुनै आय वर्षमा विशेष उद्योग र सूचना प्रविधि उद्योगबाट भएको आयमा देहाय बमोजिम कर लाग्ने | |
| | - एक सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ९० प्रतिशत |
| | - तीन सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ८० प्रतिशत |
| | - पाँच सय वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ७५ प्रतिशत |
| | - एक हजार वा सो भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिएमा लाग्ने करको | ७० प्रतिशत |
| | तर महिला, दलित वा अपाङ्गहरुमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी एक सय जनाभन्दा बढी नेपाली नागरीकलाई वर्षभरि प्रत्यक्ष रोजगारी दिएमा तिर्नुपर्ने रकममा थप दश प्रतिशत छुट हुने | तिर्नुपर्ने रकममा थप १० प्रतिशत छुट |
| दफा ११(३)(ख) | क. अति अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | १० प्रतिशत कर लाग्ने |
| | ख. अविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म आयमा लाग्ने करको | २० प्रतिशत कर लाग्ने |
| | ग. कमविकसित क्षेत्रहरुमा विशेष उद्योग सञ्चालन भएको भए त्यस्तो उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको | ३० प्रतिशत कर लाग्ने |

| | | |
|---|---|---|
| | मितिले दश वर्षसम्म आयमा लाग्ने करको | |
| | तर कर्णाली प्रदेशमा स्थापित सय भन्दा बढी नेपाली नागरिकलाई प्रत्यक्ष रोजगारी दिने बिशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पन्ध्र बर्षसम्म आयकर छुट हुनेछ। | १५ वर्ष कर छुट हुने |
| दफा ११(३)(ग) | एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग र पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म लाग्ने करको | ५० प्रतिशत छुट |
| | तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुँजी पुऱ्याई तीन सय भन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पहिलो पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(क) | हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लाका विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई | |
| | - कारोबार सुरु गरेको मितिले दश वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत छुट | कर नलाग्ने |
| | - त्यसपछिका आय वर्षमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(ख) | अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई | |
| | - कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शतप्रतिशत छुट | कर नलाग्ने |
| | - त्यसपछिका आय वर्षमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(ग) | विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा | |
| | - कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाभांश वितरणमा लाग्ने करको शतप्रतिशत छुट | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म लाभांश वितरणमा लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११(३क)(घ) | विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको | ५० प्रतिशत छुट |
| दफा ११(३ख) | खनिज, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन गर्ने व्यक्तिले २०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सात वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको तीन वर्षसम्म | ५० प्रतिशत |

| | | |
|---|---|---|
| | | छुट |
| दफा ११(३ग) | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल), भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी पार्क सञ्चालन, प्रविधि पार्क र सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइवर क्याफे, डिजिटल म्पापिङ सम्बन्धी उद्योगको आयमा लाग्ने करको | ५० प्रतिशत छुट |
| दफा ११(३घ) | संवत् २०८२ साल चैत महिनासम्म जलविद्युत, सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको व्यापारिक रुपमा उत्पादन, प्रसारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्तिले व्यापारिक कारोबार सुरु गरेको मितिले पहिलो दश वर्षसम्म | कर नलाग्ने |
| | त्यसपछिको पाँच वर्षसम्म | ५० प्रतिशत छुट |
| | तर संवत् २०८२ साल चैत महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा माथिका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत्त आयोजनाको हकमा  पहिलो पन्ध्र वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको छ वर्षसम्म | ५० प्रतिशत छुट |
| दफा ११(३ङ) | नेपालको स्रोतबाट कुनै आय वर्षमा निकासीबाट भएको आयमा | |
| | - बासिन्दा प्राकृतिक व्यक्तिको आयमा बीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा | २५ प्रतिशत छुट |
| | - बासिन्दा प्राकृतिक व्यक्तिको आयमा तीस प्रतिशतका दरले कर लाग्ने रहेछ भने सो करमा | ५० प्रतिशत छुट |
| | - निकायको आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| | - प्राकृतिक व्यक्तिको उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा दफा ११(३ङ)(क) बमोजिमको छुट पछि कायम हुने करमा | थप ३५ प्रतिशत छुट |
| | - निकायको उत्पादनमुलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरी प्राप्त भएको आयमा दफा ११(३ङ)(ख) बमोजिमको छुट पछि कायम हुने करमा | थप ३५ प्रतिशत छुट |
| दफा ११(३च)(क) | कुनै निकायले ट्राम वा ट्रली बस सञ्चालन गरेमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा | ४० प्रतिशत छुट |
| दफा ११(३च)(ख) | कुनै निकायले रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन गरेमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा | ४० प्रतिशत छुट |
| दफा ११(३च)(ग) | कुनै निकायले सडक, पुल, सुरुङ्ग मार्ग, टनेल, रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गरेमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा | ५० प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११(३छ) | धितोपत्र बजारमा सूचीकृत भएका उत्पादनमूलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने र दफा ११ को उपदफा (३ग) मा उल्लेख भएका निकायहरुलाई लाग्ने करमा | १५ प्रतिशत छुट |
| दफा ११(३ज) | अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म | ४० प्रतिशत छुट |
| | अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवम् वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश वर्षसम्म | २५ प्रतिशत छुट |
| दफा ११(३झ) | कुनै व्यक्तिले बौद्धिक सम्पत्ति निर्यात बापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरको दरमा | २५ प्रतिशत छुट |
| दफा ११(३ञ) | कुनै व्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्वारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११(३ट)(क) | एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले ५ वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको ३ वर्षसम्म लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११(३ट)(ख) | तीन अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले १० वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको ५ वर्षसम्म लाग्ने आयकरको दरमा | ५० प्रतिशत |
| दफा ११(३ट)(ग) | पाँच अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई | |
| | - कारोबार सुरु गरेको मितिले १५ वर्षसम्म | कर नलाग्ने |
| दफा ११(३ठ) | विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरूप लाग्ने लाभांश करमा | शत प्रतिशत छुट |
| दफा ११(३ड) | पचास करोड रुपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीको रूपमा सञ्चालनमा रहेको कुनै कम्पनी हुने गरी पब्लिक कम्पनीको रूपमा परिणत भई कारोबार सञ्चालन गरेमा त्यसरी पब्लिक कम्पनीको रुपमा परिणत भएको मितिदेखि तीन वर्षसम्म लाग्ने करमा<br>तर कम्पनी ऐन, २०६३ को दफा १२ बमोजिम पब्लिक कम्पनीको रुपमा संस्थापन हुनुपर्ने कम्पनीले यस उपदफा बमोजिमको सुविधा पाउने छैन । | दश प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११(३ढ) | स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा | ५० प्रतिशत छुट |
| दफा ११(३ण) | सामुदायिक संस्थाबाट सञ्चालन गरिएका स्वास्थ्य संस्थाको करयोग्य आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| दफा ११(३त) | लघु उद्यमलाई व्यवसाय वा कारोबार सुरु गरेको मितिले ७ वर्षसम्म लाग्ने आयकर पूर्ण रूपमा छुट हुने | आयकर नलाग्ने |
| | यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप तीन वर्ष लाग्ने आयकर पूर्ण रूपमा छुट हुने | आयकर नलाग्ने |
| दफा ११(३थ) | कुनै आय वर्षमा कुनै निकायले सार्वजनिक पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने जस्ता आयोजनाहरू र विद्युत गृह निर्माण, उत्पादन र प्रसारण गरेमा त्यस्तो निकायलाई सो निकायको करयोग्य आयमा लाग्ने करमा | २० प्रतिशत छुट |
| दफा ११(३द) | औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना वा स्थानान्तरण भई सञ्चालनमा रहेको विशेष उद्योगलाई उत्पादन शुरू भएको मितिले तीन वर्षसम्म लाग्ने करमा | ५० प्रतिशत छुट |
| | - त्यसपछिको पाँच वर्षसम्म लाग्ने करमा | २५ प्रतिशत छुट |
| दफा ११(३ध) | स्वदेशमा उत्पादन गरेको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ विशेष उद्योगलाई बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने करमा | बीस प्रतिशत छुट |
| दफा ११(३न) | नवप्रवर्तनकारी ज्ञान, सोच, सीप, प्रविधि, व्यवहार र तरिका प्रयोग गरी वार्षिक एक करोडसम्म कारोबार गर्ने विभागले तोकेको स्टार्ट अप व्यवसायलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने करमा | शत प्रतिशत छुट |
| दफा ११(३प) | काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको कुनै विशेष उद्योग काठमाडौं उपत्यका बाहिर स्थानान्तरण भई सञ्चालन भएमा त्यसरी स्थानान्तरण भई सञ्चालन भएको मितिले तीन वर्षसम्म लाग्ने करमा | शत प्रतिशत छुट |
| | - त्यसपछिको दुई वर्षसम्म लाग्ने करमा | पचास प्रतिशत छुट |
| दफा ११(३फ) | वातावरणमा प्रत्यक्ष असर पार्ने प्रयोग भइसकेका वस्तु मात्र कच्चा पदार्थका रुपमा प्रयोग गरी नयाँ वस्तु उत्पादन गर्ने उद्योगलाई कारोबार शुरु गरेको मितिले पहिलो तीन वर्षसम्म लाग्ने करको | पचास प्रतिशत छुट |
| | - त्यस पछिको दुई वर्ष लाग्ने करको | २५ प्रतिशत छुट |
| दफा ११(३ब) | स्वास्थ्य खोप अक्सिजन ग्यास ,तथा स्यानिटरी प्याड उत्पादन गर्ने उद्योगलाई उत्पादन सुरू भएको मितिले तीन वर्षसम्म | कर नलाग्ने |
| | - त्यसपछिको दुई वर्षसम्म | ५० प्रतिशत छुट |

| | | |
|---|---|---|
| दफा ११(४) | कुनै व्यक्तिले दफा ११ बमोजिम बेग्लाबेग्लै कर छुट सुविधा पाउने कारोबार गरेको रहेछ भने त्यस्तो सुविधा लिन आयको गणना गर्दा छुट्टाछुट्टै व्यक्तिले सो आय प्राप्त गरेको सरह मानी आय गणना गर्नु पर्नेछ। | |
| दफा ११(५) | एउटै आयको सम्बन्धमा यस दफा बमोजिम एकभन्दा बढी छुट पाउन सक्ने अवस्था भएको व्यक्तिले आफूले रोजेको कुनै एउटा छुट मात्र पाउनेछ। | |
| दफा ११क. | पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन गर्नको लागि नेपाल सरकार र कुनै व्यक्तिका बीच कुनै सम्झौता भएमा त्यस्तो सम्झौता गर्दाको बखत कायम रहेको ऐनले व्यवस्था गरेको करका सुविधाहरु त्यस्तो पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने व्यक्तिले सम्झौता अवधिभर उपभोग गर्न पाउनेछ। | |

** आर्थिक ऐन, २०७१ ले ऐनको दफा ८८(४) को खण्ड (च) हटाउनु अगाडि ग्रामीण समुदायमा आधारित लघू वित्त संस्था, ग्रामीण विकास बैंक, हुलाक बचत बैंक र ऐनको दफा ११ को उपदफा (२) बमोजिम सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज भुक्तानीमा स्रोतमा कर कट्टी गर्नु नपरे पनि आय भने कर मुक्त नरहेको ।

# परिच्छेद २४

# किस्ताबन्दी र अग्रिम कर

# (Installment and Advance Tax)

२४.१ आयकर ऐन, २०५८ ले जहिले आय प्राप्त हुन्छ सोही बखत र जति आय प्राप्त हुन्छ त्यति आयको कर तिर्नुपर्ने सिद्धान्त (Pay As You Earn) लाई आत्मसात गरेको छ । यस व्यवस्थाले गर्दा कर तिर्नुपर्ने व्यक्तिले आय प्राप्त गर्दा कै बखत सो वापत कर भुक्तानी हुँदा पछि कर वापतको दायित्व रहँदैन भने सरकारलाई पनि जुन वर्षको आय हो सोही वर्ष राजस्व प्राप्त हुने हुँदा यस्तो सिद्धान्त निकै प्रचलनमा रहेको छ । यसै सिद्धान्तको आधारमा आयकर ऐन, २०५८ ले अनुमानित करको व्यवस्था गरेको छ । व्यवसाय वा लगानी गर्ने कुनै व्यक्तिले कुनै आय वर्षमा तिनुपर्ने जम्मा करको अनुमान गरी सो अनुमानित कर सोही वर्षभित्र तीन किस्तामा दाखिला गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । ऐनको यस व्यवस्थाको पालना गर्ने सन्दर्भमा कुनै आय वर्षमा व्यवसाय वा लगानी गरी विभिन्न शीर्षकबाट निर्धारणयोग्य आय भएका कर तिर्नुपर्ने कुनै व्यक्ति, कुनै गैर बासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन र कुनै गैर बासिन्दा व्यक्तिको नेपालमा अवस्थित कुनै आय वर्षको आय विदेश पठाउने विदेशी स्थायी संस्थापनले त्यस्तो किस्तामा तिर्नुपर्ने कर र किस्ताबन्दी विवरण बुझाउनु पर्दछ। आयकर निर्देशिकाको यस परिच्छेदमा अनुमानित करको विवरण, अनुमानित करको गणना र अनुमानित करको किस्ता बुझाउने सम्बन्धमा ऐनको परिच्छेद १८ ले गरेका व्यवस्था उल्लेख गरिएको छ ।

२४.२ **किस्ताबन्दीमा कर तिर्नुपर्ने व्यक्ति र अनुमानित करको विवरण :**

ऐन बमोजिम कुनै आय वर्षमा अनुमानित कर अर्थात किस्ताबन्दीमा कर बुझाउनुपर्ने व्यक्तिले आफूले बुझाउनुपर्ने अनुमानित करको विवरण पनि बुझाउनु पर्दछ । ऐनको दफा ९५ को उपदफा (१) ले अनुमानित करको विवरणका सम्बन्धमा देहायको व्यवस्था गरेको छः-

**९५(१) कुनै आय वर्षमा किस्ता दाखिला गर्नुपर्ने प्रत्येक व्यक्तिले दफा ९४ बमोजिम सो वर्षमा पहिलो कर किस्ता रकम बुझाउनुपर्ने मितिभित्र सो वर्षका लागि सो व्यक्तिको देहायका रकमको अनुमान उल्लेख गरी सोको विवरण विभागबाट तोकिएको ढाँचा र तरिकामा विभागमा पेश गर्नु पर्नेछ :-**

**(क) रोजगारी, व्यवसाय र लगानीको प्रत्येक स्रोतबाट उक्त व्यक्तिले सो वर्षमा प्राप्त गर्न सक्ने निर्धारणयोग्य आय तथा त्यस्तो आयको स्रोत,**

**(ख) सो वर्षमा प्राप्त हुनसक्ने सो व्यक्तिको करयोग्य आय र औषधिउपचार खर्च वापत कर मिलानको रकम नघटाई दफा ४ बमोजिम गणना गरी दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिले दाखिला गर्नुपर्ने कर रकम,**

**(ग) गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनको सम्बन्धमा त्यस्तो विदेशी संस्थापनले सो वर्षमा विदेश पठाएको आय रकम र सो आयमा दफा ४ को उपदफा (५) बमोजिम गणना गरिएको दफा ३ को खण्ड (ख) मा उल्लिखित व्यक्तिले दाखिला गर्नुपर्ने कर रकम, र**

**(घ) विभागले तोकेको अन्य कुनै विवरण ।**

अनुमानित करको विवरण दाखिला गर्ने सम्बन्धमा नियम ३४ मा निम्नानुसारको व्यवस्था रहेको छ :

*कुनै आय वर्षमा किस्ता दाखिला गर्नु पर्ने व्यक्तिले अनुसूची-२ बमोजिमको ढाँचामा ऐनको दफा ९५ बमोजिम अनुमानित करको विवरण विभागमा पेश गर्नु पर्नेछ ।*

किस्ता दाखिला गर्नुपर्ने हरेक व्यक्तिले किस्ता दाखिला गर्नुपर्ने आय वर्षको पौषमसान्त अर्थात करको पहिलो किस्ता बुझाउनुपर्ने म्यादभित्र अनुमानित करको विवरण सम्बन्धितकार्यालयमा पेश गर्नुपर्दछ । त्यस्तो विवरण नियमावलीको अनुसूची-२ बमोजिमको ढाँचामा पेश गर्नुपर्दछ । करदाताको सुविधालाई ध्यान दिई यस्तो अनुमानित करको विवरण आन्तरिक राजस्व विभागको वेबसाइट मार्फत पनि बुझाउन मिल्ने व्यवस्था गरिएको छ । अनुमानित करको विवरण पेश

गर्नु पर्ने व्यक्तिले पेश गर्ने विवरणमा निजको सो वर्षको करयोग्य आयको हरेक स्रोतबाट प्राप्त हुनसक्ने अनुमानित निर्धारणयोग्य आय, सो वर्षमा प्राप्त हुनसक्ने अनुमानित करयोग्य आय, सो आयमा लाग्ने अनुमानित कर र गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनको सम्बन्धमा त्यस्तो विदेशी संस्थापनले सो वर्षमा विदेश पठाउन सक्ने अनुमानित आय र सो आयमा दाखिला गर्नुपर्ने अनुमानित करको रकम उल्लेख गर्नुपर्दछ ।अनुमानित कर विवरण दाखिला गर्नुपर्ने म्याद आय वर्षको पुष महिनाभित्र तोकिएतापनि सो भन्दा पछाडि चैत्रसम्म दर्ता भएका व्यवसायका हकमा यस्तो विवरण चैत्रभित्र र सो पछाडि दर्ता भएकाव्यवसायको हकमा असारभित्र पेश गर्नु पर्दछ ।

### २४.३ किस्ताबन्दी कर दाखिला गर्नु नपर्ने व्यक्ति

ऐनले कर तिनुपर्ने व्यक्तिको रूपमा परिभाषित गरेका व्यक्तिमध्ये देहायका व्यक्तिले करको किस्ता दाखिला गर्नुपर्दैन ।

**(क) समग्र किस्ता वापतसात हजार पाँच सयरुपैयाँभन्दा कम बुझाउनुपर्ने व्यक्ति**

यस सम्बन्धमा ऐनको दफा ९४ को उपदफा (२) मा निम्नानुसार व्यवस्था गरेको छ :

**९४(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम बुझाउनुपर्नेसमग्र किस्ताको जम्मा रकम सात हजार पाँच सयरुपैयाँभन्दा कम भएमा त्यस्तो किस्ताको रकम बुझाउनुपर्ने छैन ।**

कुनै व्यक्तिले तीनवटै किस्ता वापत बुझाउनुपर्ने करको जम्मा रकमसात हजार पाँच सयरुपैयाँभन्दा कम भएमा त्यस्तो व्यक्तिले करको किस्ता बुझाइ रहनु पर्दैन । यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

| |
|---|
| उदाहरण २४.३.१ः मानौ, रामहरि अग्रवालको काठमाडौंमा पान पसल रहेछ । निजको आ.व. २०७६।७७ मा भएको २०७६ पुष २५ गते सम्मको कारोबारबाट दाखिला गर्नुपर्ने वार्षिक अनुमानित कर रकम रु.७,०००।-मात्र हुने रहेछ भने त्यस्तो व्यक्तिले २०७६ पुष मसान्त, २०७६ चैत्र मसान्त तथा २०७७ आषाढ मसान्तसम्ममा बुझाउनु पर्ने किस्ता रकम बुझाउनु पर्दैन । |

**(ख) पूर्वानुमानित कर तिर्ने व्यक्ति**

कुनै आय वर्षमा ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित अवस्था पूरा गरेको बासिन्दा प्राकृतिक व्यक्ति अर्थात पूर्वानुमानित कर तिर्ने व्यक्तिले करको किस्ता र सोको विवरण बुझाइरहनु पर्दैन । ऐनको दफा ४ को उपदफा (४) बमोजिम देहायका सबै अवस्था पूरा गरेका बासिन्दा प्राकृतिक व्यक्तिले करको किस्ता र सोको विवरण बुझाइरहनु पर्दैन ।

**(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको,**

**(क१) औषधि उपचार खर्च वापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी वापत दफा ९३ बमोजिम कर मिलान गर्न दाबी नगरेको,**

**(ख) व्यवसायबाट प्राप्त आय तीन लाख रुपैयाँ र व्यवसायको कारोबार तीस लाख रुपैयाँभन्दा बढी नभएको,**

**(ग) ...................,**

**(घ) ..................।**

यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

| |
|---|
| उदाहरण २४.३.२ः मानौ, रमेश श्रेष्ठले ललितपुर उपमहानगरपालिकामा किराना पसल |

सञ्चालन गरिआएका रहेछन् । आ.व.२०७५।७६ मा निजको कारोबाररु.बीस लाख रहेछ । सो वर्ष निजलाई सो व्यवसायबाट रु.दुई लाख आय (मुनाफा) भएको रहेछ । उपर्युक्त व्यवसायको सिलसिलामा निजले एउटा कम्पनीमा रु.६०,०००।- बराबरको सामान आपूर्ति गरेका रहेछन् र सो कम्पनीले निजलाई भुक्तानी गर्दा सो रकमको १५ प्रतिशतले हुने रु.९,०००।- अग्रिम कर समेत कट्टी गरी सोको प्रमाणपत्र समेत उपलब्ध गराएको रहेछ । सो वर्ष निजले स्वीकृत औषधोपचारमा रु.२,०००।- खर्च गरेका रहेछन् । निजले अनुसूची-१ को दफा १ को उपदफा (७) को खण्ड (क) मा उल्लेख भएको पूर्वानुमानित कर तिर्न छनौट गरेको अवस्थामा निजले करको किस्ता र सोको विवरण बुझाइरहनु पर्दैन । तर निजले Medical Tax Creditवापत हुन आउने रु.३००।-(रु.२,०००।-को १५ प्रतिशत) मिलान दाबी गर्न पाउने छैनन् र अग्रिम कर कट्टी गरेको रकम समेत मिलान गर्न पाउने छैनन् ।

### (ग) कारोबारको आधारमा कर तिर्ने व्यक्ति

ऐनको दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर दाखिला गर्नुपर्ने व्यक्तिले देहाय बमोजिम दुई किस्तामा कर दाखिला गर्नुपर्ने व्यवस्था ऐनको दफा ९४ को उपदफा (१क) मा रहेको छ ।

| दाखिला गर्नुपर्ने मिति | दाखिला गर्नुपर्ने रकम |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | पुस २० गते सम्मको कारोबारमा तोकिएको दर अनुसार लाग्ने कर |
| आषाढ महिनाकोअन्त्य सम्म | असार २० गते सम्मको यथार्थ कारोबारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोबार अनुमान गरी तोकिएको दरअनुसार लाग्ने करको गणना गरी त्यस्तो कर रकमबाट पुस मसान्तभित्र दाखिला गरेको कर घटाई हुन आउने कर रकम । |

### (घ) अन्तिम रूपमा करकट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति

दफा ९५ को उपदफा (१) ले अन्तिम रूपमा करकट्टी भई भुक्तानी प्राप्त गर्ने कुनै व्यक्तिले अनुमानित करको विवरण पेश गर्नु पर्ने व्यवस्था नगरेको हुँदा कुनै आय वर्षमा अन्तिम रूपमा कर कट्टी भइ प्राप्त हुने भुक्तानीमात्र अर्थात अग्रिम कर कट्टी गरी बासिन्दा कम्पनीबाट प्राप्त लाभांश, जीवन बीमा वापत प्राप्त रकम, अवकाश भुक्तानीवापत प्राप्त रकम, बैंक वा वित्तीय संस्थाबाट प्राप्त ब्याज, गैर बासिन्दा व्यक्तिले प्राप्त गरेको भुक्तानी र प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता वापतको रकममात्र आयको रूपमा प्राप्त गर्ने व्यक्तिले करको किस्ता र सोको विवरण बुझाउनु पर्दैन ।

अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी सम्बन्धीव्याख्या एवम् उदाहरण यसै निर्देशिकाको परिच्छेद १७ मा गरिएको छ ।

### (ङ) रोजगारीको आयमात्र भएको व्यक्ति

ऐनको दफा ९४ को उपदफा (१) मा व्यवसाय र लगानीको आय हुने व्यक्तिले मात्र किस्ताबन्दीमा कर तिर्नुपर्ने व्यवस्था गरिएको छ । रोजगारीको मात्र आय भएका व्यक्तिले किस्ताबन्दीमा कर तिर्नु पर्दैन, तर बासिन्दा रोजगारदाताका रोजगारकर्ताले प्राप्त गर्ने रोजगारीको आयमा लाग्ने वार्षिक कर समानुपातिक रूपले मासिक रूपमा कट्टीगर्नु पर्दछ।

कुनै आय वर्षमा ऐनको दफा ४ को उपदफा (३) मा उल्लिखित अवस्था पूरा गरेको बासिन्दा प्राकृतिक व्यक्तिको जम्मा कर रकम निजको रोजगारदाताले ऐनको दफा ८७ बमोजिम कट्टी

गरेको कर रकम बराबर हुन्छ । सो व्यक्तिले प्राप्त गरेको त्यस्तो आयलाई अन्तिम रूपमा करकट्टी भई प्राप्त भएको भुक्तानी सरह मानिने हुँदा त्यस्तो व्यक्तिले करको किस्ता र सोको विवरण बुझाइरहनु पर्दैन । ऐनको दफा ४ को उपदफामा (३) मा उल्लिखित अवस्था तल खुलाइएको छ :-

**(क) सो आय वर्षको आयमा नेपालमा स्रोत भएको कुनै रोजगारीको आयमात्र समावेश भएको,**

**(ख) सो आय वर्षमा सबै रोजगारदाता बासिन्दा व्यक्ति भएको र एक पटकमा एउटामात्र रोजगारदाता भएको, र**

**(ग) रोजगारदाताले भुक्तानी गरेको औषधि उपचार खर्च वापतको कर मिलान र रोजगारदाताले नै भुक्तानी गरिदिएको अवकाश योगदान मात्र घटाउन दाबी गरेको तथा दफा १२ बमोजिम चन्दा वापत खर्च घटाउन दाबी नगरेको ।**

यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

| |
|---|
| उदाहरण २४.३.३: मानौ, कमल प्रसाद सिंह (एकल व्यक्ति), नेपाल कमर्सियल्स प्रा.लि.मा कार्यरत एक कर्मचारी रहेछन् । आ.व.२०७६।७७ मा निजले उक्त प्रा.लि.बाट रु.७,५०,०००।- पारिश्रमिक प्राप्त गरेका रहेछन् । सो वर्ष निजले कर छुट हुने संस्थालाई रु.१०,०००।- चन्दा दिएका रहेछन् । सो वर्ष सो प्रा.लि.ले निजको पारिश्रमिकबाट कट्टी गरी रु.७०,०००।- स्वीकृत अवकाश कोषमा जम्मा गरिदिएको रहेछ । सो बाहेक निजले अन्य स्वीकृत अवकाश कोषमा योगदान गरेका रहेनछन् । उक्त प्रा.लि.ले सो वर्ष निजको आयमा समावेश गरी रु.१,०००।- Medical Insurance वापत भुक्तानी गरेका रहेछन् । यसको अलावा सो वर्ष निजले छुट्टै रु.२,०००।- औषधोपचारमा खर्च गरेका रहेछन् । उक्त प्रा.लि.ले आफूले भुक्तान गरेको पारिश्रमिकमा लाग्ने कर रकम ऐनको दफा ८७ बमोजिम कर कट्टी गरी दाखिला गरेको रहेछ । यस अवस्थामा निजले खर्च गरेको चन्दा वापत छुट दाबी गर्न र औषधोपचारमा खर्च भएको रु.२,०००।- कोMedical Tax Creditवापत हुन आउने रु.३००।-(रु.२,०००।- को १५ प्रतिशत) मिलान दाबी गर्नको लागि आय विवरण पेस गर्नु पर्दछ । यदि निजले खर्च गरेको चन्दा वापत छुट दाबी नगरेको र थप रु.३००।- Medical Tax Creditमिलान दाबी नगरेको अवस्थामा निजले करको किस्ता र सोको विवरण बुझाइरहनु पर्दैन । |

**(च) आकस्मिक लाभ वापतको आय मात्र भएको व्यक्ति**

ऐनको दफा ९२ को उपदफा (१) बमोजिम आकस्मिक लाभ वापतको भुक्तानी अन्तिम रूपमा करकट्टी भई प्राप्त हुने भुक्तानी भएको हुँदा र दफा ९५ को उपदफा (१) ले आकस्मिक लाभ वापतको आय भएको व्यक्तिले अनुमानित करको विवरण पेश गर्नुपर्ने व्यवस्था नगरेको हुँदा आकस्मिक लाभ वापतको आयमात्र भएको व्यक्तिले करको किस्ता र सोको विवरण बुझाउनु पर्दैन । यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

| |
|---|
| उदाहरण २४.३.४: मानौ, नेपाल लोटेरी कम्पनीले रु.२० लाख मूल्य पर्ने कार पुरस्कार राखी चिठ्ठा सञ्चालन गरेको रहेछ । उक्त चिठ्ठा गरिब दास भन्ने व्यक्तिलाई परेको रहेछ । उक्त पुरस्कार वापतको कारको बजार मूल्य रु.२० लाखमा उक्त कम्पनीले २५ प्रतिशतले हुने रकम रु.५ लाख निज गरिब दासबाट असुल गरी पुरस्कार दिएको रहेछ । यसरी आकस्मिक लाभ वापत प्राप्त गरेको आय ऐनको दफा ९२ को उपदफा (१) अनुसार अन्तिम कर कट्टी भई प्राप्त हुने भुक्तानी मानिने हुँदा निजले करको किस्ता तथा विवरण बुझाई रहनु पर्दैन । |
| उदाहरण २४.३.५: मानौ, भारतीय नागरिक जोहन सिंहले क्यासिनो विन लि.मा प्रवेश गरी रु.२० लाखको क्यासिनो सिक्का खरिद गरेछन् । निजले सो क्यासिनो सिक्का विभिन्न खेलका खालमा खेली निस्कने बेलामा रु.३० लाखको सिक्का साट्न ल्याएका |

| |
|---|
| रहेछन् । क्यासिनो सञ्चालकले सो सिक्का साट्दा विभिन्न खेलमा कमाएको आकस्मिक लाभ रु.१० लाखमा २५ प्रतिशतले हुने रु.२ लाख ५० हजार कट्टा गरी बाँकी रु.२७ लाख ५० हजार (अन्य कुनै रकम कटाउनुपर्ने भए सो समेत कटाई) निज जोहन सिंहलाई भुक्तानी दिनुपर्दछ । यस अवस्थामा निज जोहनको आकस्मिक लाभमा लागेको कर नै अन्तिम हुन्छ । |
| उदाहरण २४.३.६: मानौ, नेपालका बासिन्दाबबन सिंह मल्लले मकाउ यात्राका क्रममा त्यहाँको क्यासिनो भेनिसमा विभिन्न खेल खेली ती खेलमा कमाएको आकस्मिक लाभ रु.१० लाखमा मकाउको कानुन बमोजिम रु.१,५०,०००।- कर तिरी बाँकी रु.८,५०,०००।- नेपाल ल्याएछन् । बासिन्दा व्यक्तिले विदेशी स्रोतमा आय आर्जन गरेकाले आर्जित आय रु.१० लाख निजको मकाउ स्रोतको आय मानिन्छ । निजले सो आम्दानीलाई आफ्नो अनुमानित आय विवरण तथा वार्षिक आय विवरणमा समावेश गर्नुपर्दछ । तर त्यहाँ तिरेको कर भने दफा ७१ बमोजिम वैदेशिक कर मिलान दाबी गर्न पाइन्छ । |

## २४.४ निर्धारणयोग्य आय र करयोग्य आयको गणना

अनुमानित आय विवरणमा त्यस्तो विवरण पेश गर्ने व्यक्तिको कुनै आय वर्षको व्यवसाय र लगानीको अनुमानित निर्धारणयोग्य आय र अनुमानित करयोग्य आय उल्लेख गर्नुपर्ने हुँदा सो व्यक्तिले सर्वप्रथम आफ्नो सो वर्षभरिको निर्धारणयोग्य आय र करयोग्य आयको अनुमान गर्नुपर्दछ । ऐनको दफा ६ मा निम्नानुसारको आयलाई निर्धारणयोग्य मानिएको छ :

**यस ऐनको अधीनमा रही कुनै व्यक्तिको कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको देहायका आयहरुलाई निर्धारणयोग्य आय मानिनेछ :-**

(क) **बासिन्दा व्यक्तिको आयको स्रोत जहाँसुकै भएपनि सो वर्षमा सो व्यक्तिको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय, र**

(ख) **गैर बासिन्दा व्यक्तिको सो वर्षमा आयको स्रोत नेपालमा भएको रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट भएको आय ।**

**तर निर्धारणयोग्य आयमा दफा ११ वा ६४वा दुवै दफा बमोजिम कर छुट दिइएको कुनै पनि आय समावेश हुने छैन ।**

निर्धारणयोग्य आय भन्नाले कुनै आय वर्षमा कुनै व्यक्तिको ऐनको दफा ७ बमोजिम गणना गरिएको व्यवसायको आय, ऐनको दफा ८ बमोजिम गणना गरिएको रोजगारीको आय तथा दफा ९ बमोजिम गणना गरिएको लगानीको आयबाट तत् तत् शीर्षकका आय गणना गर्ने प्रयोजनका लागि घटाउन पाउने करछुट हुने आय, कट्टी लिन पाउने चन्दा खर्च र स्वीकृत अवकाश कोषमा गरेको योगदान बाहेक अन्य रकम घटाउँदा वा कट्टी गर्दा हुन आउने रकमलाई जनाउँछ । त्यस्तै करयोग्य आय भन्नाले व्यवसाय, रोजगारी र लगानीको निर्धारणयोग्य आयबाट कुनै व्यक्तिले करछुट प्राप्त संस्थालाई चन्दा दिएको खर्चमध्ये तोकिएको रकम र प्राकृतिक व्यक्तिको हकमा सो व्यक्तिले स्वीकृत अवकाश कोषमा योगदान गरेको भए तोकिएको हदसम्मको रकम घटाउँदा हुन आउने रकमलाई जनाउँछ । निर्धारणयोग्य आय एवम् करयोग्य आयको गणनाका सम्बन्धमा निर्देशिकाको परिच्छेद ५ मा विस्तृत रूपमा व्याख्या गरिएको छ ।

## २४.५ अनुमानित करको गणना

माथि बुँदा २४.४ मा उल्लिखित आयका हरेक शीर्षकको वर्षभरिको अनुमानित करयोग्य आयको गणना गरेपश्चात हरेक आय शीर्षकको त्यस्तो अनुमानित करयोग्य आयमा लाग्ने कर अर्थात अनुमानित करको गणना गर्नुपर्दछ । अनुमानित करको गणना गर्दा ऐनको दफा ४

बमोजिम गर्नुपर्दछ । अर्थात कुनै आयमा लाग्ने करको गणना गर्ने तरिका र किस्ताको रूपमा बुझाउनुपर्ने करको गणना गर्ने तरिका समान रहेको छ । अनुमानित कर भन्नाले अनुमानित करयोग्य आयलाई ऐनको अनुसूची-१ ले सो आयमा लाग्ने भनी तोकेको करको दरले गुणन गर्दा आउने रकम हो । कर गणनाका सम्बन्धमा निर्देशिकाको परिच्छेद २३ मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

## २४.६ विदेश पठाएको आय र सो आयमा लाग्ने करको गणना

कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापनका हैसियतले कुनै आय विदेश पठाउने व्यक्तिले पनि अनुमानित कर र सोको विवरण पेश गर्नुपर्दछ । विदेश पठाएको आय भनेको गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापनका हैसियतले काम गर्ने कुनै व्यक्तिले नेपालको स्रोत मानिने कुनै आय आर्जन गरेको भए सो आयमा ऐन बमोजिम लाग्ने कर तिरि सके पछि बाँकी भएको आय उक्त गैर बासिन्दा व्यक्तिलाई पठाउने रकम हो । त्यस्तो व्यक्तिले विदेश पठाएको आयमा पाँच प्रतिशतका दरले कर लाग्ने हुँदा त्यस्तो व्यक्तिको कुनै आय वर्षको अनुमानित कर सो व्यक्तिले सो वर्ष विदेश पठाउने अनुमानित रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर हुन्छ । यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

> उदाहरण २४.६.१: मानौं, American Life Insurance Company (ALICO) को शाखा कार्यालयले नेपालको सम्बन्धित निकायबाट ईजाजत लिई नेपालमा व्यवसाय सञ्चालन गरिरहेको गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापन हो । उक्त निकायले नेपालमा लगानी बीमा गरी आर्जेको मुनाफा सो कम्पनी आफैले वितरण गर्न नमिलेको कारण त्यस्तो रकम आफ्नो Parent Companyलाई पठाएको खण्डमा त्यस्तो रकम विदेशमा पठाएको आय मानिनेछ। त्यस्तो व्यक्तिले विदेश पठाएको आयमा पाँच प्रतिशतका दरले कर लाग्ने हुँदा त्यस्तो व्यक्तिको कुनै आय वर्षको अनुमानित कर सो व्यक्तिले सो वर्ष विदेश पठाउने अनुमानित रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर हुन्छ।

## २४.७ दाखिला गर्नुपर्ने अनुमानित करको गणना

किस्ता दाखिला गर्नुपर्ने कुनै व्यक्तिको कुनै वर्षको आयका हरेक शीर्षकको अनुमानित करयोग्य आय र करको गणना गरेपश्चात सो व्यक्तिको सो वर्षको जम्मा अनुमानित करको गणना गर्नुपर्दछ । ऐनको दफा ९५ को उपदफा (२) ले अनुमानित करको जम्मा रकमका सम्बन्धमा देहायको व्यवस्था गरेको छ ।

**९५(२)उपदफा (१) मा उल्लिखित व्यक्तिको उपदफा (१) को खण्ड (ख) र (ग) मा उल्लिखित कर रकमको योग सो आय वर्षमा दाखिला गर्नुपर्ने अनुमानित कर हुनेछ ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै आय वर्षमा करको किस्ता दाखिला गर्नुपर्ने व्यक्तिले किस्ता दाखिला गर्नुपर्ने आय वर्षमा दाखिला गर्नुपर्ने अनुमानित कर भनेको सो व्यक्तिले सो वर्षमा कुनै व्यवसाय वा लगानीको अनुमानित करयोग्य आयमा दाखिला गर्नुपर्ने अनुमानित कर र सो व्यक्तिले कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापनका हैसियतले कुनै आय विदेश पठाएको वा पठाउने भए विदेश पठाउने अनुमानित रकममा दाखिला गर्नुपर्ने अनुमानित कर जोड्दा हुन आउने रकम हो । यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

> उदाहरण २४.७.१: मानौ., सगरमाथा प्रा.लि.ले जुस उत्पादन गरी बिक्री गर्दो रहेछ । आ.व.२०७६।७७ मा सो कम्पनीले आफ्नो सो व्यवसायबाट रु.एक करोड करयोग्य आय आर्जन हुने अनुमान गरेको रहेछ । यस कम्पनीले नेपालको कुनै कम्पनीको ऋणपत्रमा रु.पाँच करोड लगानी गरेको छ र सो वापत हरेक वर्ष रु.पचास लाख ब्याज प्राप्त गर्ने गरेको रहेछ ।

आ.व.२०७६।७७ मा यस कम्पनीले दाखिला गर्नुपर्ने जम्मा अनुमानित कर निम्नानुसार हुन आउँछ।

| आयको शीर्षक | अनुमानित करयोग्य आय रु. | करको दर | अनुमानित कर रु. |
|---|---|---|---|
| व्यवसाय | १,००,००,०००।- | २० प्रतिशत | २०,००,०००।- |
| लगानी | ५०,००,०००।- | २५ प्रतिशत | १२,५०,०००।- |
| जम्मा अनुमानित कर | | | ३२,५०,०००।- |

## २४.८ वैदेशिक कर मिलान

कुनै व्यक्तिले कुनै आय वर्षमा दाखिला गर्नुपर्ने अनुमानित करको गणना गर्दा वैदेशिक स्रोतको आयमा समेत कर गणना गर्नुपर्दछ। तर त्यस्तो वैदेशिक आयमा विदेशमा कुनै कर तिरेको वा तिर्नुपर्ने भए सो रकम अनुमानित करको रकम गणना गर्दा घटाउन पाउँछ। यस सम्बन्धमा ऐनको दफा ९५ को उपदफा (३) मा देहायको व्यवस्था छ।

**९५(३) उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै आय वर्षमा दाखिला गर्नुपर्ने करको अनुमान गर्न दफा ७१ बमोजिम दाबी गरिने वैदेशिक कर मिलान रकमको गणना गर्दा कुनै व्यक्तिले सो वर्षमा दाखिला गरेको कुनै वैदेशिक कर वा सो वर्षमा दाखिला गर्नुपर्ने भनी निजले अनुमान गरेको विदेशी आयकर मात्र गणना गर्नु पर्नेछ।**

कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा करयोग्य आय भएको र करको किस्ता दाखिला गर्नुपर्ने व्यक्तिको सो आय वर्षमा वैदेशिक स्रोतको कुनै कर लाग्ने आय प्राप्त भएको वा प्राप्त हुने अवस्था रहेको भए सो वर्षको अनुमानित कर गणना गर्ने प्रयोजनका लागि त्यस्तो आयको समेत अनुमान गर्नुपर्दछ। वैदेशिक स्रोतबाट प्राप्त भएको वा प्राप्त हुने अनुमान गरिएको रकममा ऐनको अनुसूची-१ ले तोकेको दर अनुसार लाग्ने करको गणना गरी जम्मा अनुमानित करको हिसाबगर्नु पर्दछ। तर कर गणना गर्दा समावेश गरिएको वैदेशिक स्रोतको आयमा विदेशमा कुनै कर तिरेको भए वा तिनुपर्ने भए अनुमानित करको हिसाब गर्दा सो तिरेको वा तिर्नुपर्ने अनुमान गरिएको कर रकम घटाउन वा तिर्नुपर्ने अनुमानित करमा मिलान गर्न पाइन्छ। यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

उदाहरण २४.८.१: उदाहरण २४.७.१.मा उल्लिखित सगरमाथा प्रा.लि.को आ.व.२०७६।७७ मा सो उदाहरणमा उल्लिखित आय बाहेक भारतको कुनै कम्पनीको ऋणपत्रमा रु.एक करोड लगानी गरे वापत रु.दश लाख आय हुने र सो आयमा भारतमा रु.एक लाख कर तिर्नुपर्ने भए आ.व. २०७६।७७ मा यस कम्पनीले दाखिला गर्नुपर्ने जम्मा अनुमानित कर निम्नानुसार हुन्छ :

| आयको शीर्षक.रु. | अनुमानित करयोग्य आय रु. | करको दर | अनुमानित कर रु. |
|---|---|---|---|
| व्यवसाय | १,००,००,०००।- | २० प्रतिशत | २०,००,०००।- |
| लगानी | ५०,००,०००।- | २५ प्रतिशत | १२,५०,०००।- |
| वैदेशिक स्रोतको लगानी आय | १०,००,०००।- | २५ प्रतिशत | २,५०,०००।- |
| जम्मा अनुमानित कर | | | ३५,००,०००।- |
| घटाउने | | | |
| वैदेशिक स्रोतको आयमा विदेशमा तिर्नुपर्ने कर | | | १,००,०००।- |
| दाखिला गर्नुपर्ने जम्मा अनुमानित कर | | | ३४,००,०००।- |

## २४.९ अनुमानित करको विवरणमा संशोधन

अनुमानित करको विवरण पेश गरेको व्यक्तिले सो विवरणमा देखाएको करयोग्य आय र कर अनुमानमा आधारित हुन्छ । निजले आय र करको अनुमान गर्दा लिएका आधारमा परिवर्तन भएमा अनुमान गरेको आय घटबढ हुनसक्छ र सोही अनुरूप कर दायित्वमा पनि घटबढ हुनजान्छ । यस्तो अवस्थामा कुनै व्यक्तिले आफूले पेश गरेको अनुमानित करको विवरणमा संशोधन गर्नसक्तछ । यस सम्बन्धमा ऐनको दफा ९५ को उपदफा (४) र (५) मा देहायको व्यवस्था छ ।

**९५(४) करको किस्ता दाखिला गर्ने कुनै व्यक्तिले उपदफा (१) बमोजिमको ढाँचामा आवश्यक जानकारी उल्लेख गरी संशोधनका कारणहरु खुलाई संशोधित अनुमान विभागमा पेश नगरेसम्म निजले सो उपदफा बमोजिम गरेको अनुमान सो आय वर्ष भरको लागि कायम रहनेछ ।**

**९५(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले उपदफा (४) बमोजिम पेश गरेको संशोधित अनुमान विभागसमक्ष पेश गरेको मितिपछि सो आय वर्षमा दफा ९४ बमोजिम बुझाउनु पर्ने करको किस्ताको हिसाब गर्दा मात्र लागू हुनेछ ।**

कुनै व्यक्तिले पेश गरेको अनुमानित करको विवरणमा उल्लिखित करयोग्य आय र तिर्नुपर्ने करको अनुमानित रकममा कुनै कारणले घटीबढी भएमा वा घटीबढी हुनसक्ने अवस्था भएमा सो व्यक्तिले आफ्नो अनुमानित करको विवरणमा संशोधन गर्न चाहेमा अर्को अनुमानित करको विवरण भरी पेश गर्नुपर्दछ । त्यसरी कुनै व्यक्तिले अर्को अनुमानित करको विवरण पेश गरेमा सो व्यक्तिले पेश गरेको अघिल्लो अनुमानित करको विवरण खारेज वा संशोधन भएको मानिन्छ र पछिल्लो विवरण सो व्यक्तिको अनुमानित करको विवरणको रूपमा रहन्छ । त्यसरी पेश गर्ने विवरणमा साविकको विवरणमा संशोधन गर्नुपर्नाका कारण स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ । तर कुनै व्यक्तिले पेश गरेको अनुमानित करको संशोधित विवरण निजले सो संशोधन पेश गरेपश्चात बुझाउनुपर्ने अनुमानित करको किस्ताको गणना गर्नमात्र लागू हुन्छ । ऐनको यस व्यवस्था बमोजिम संशोधित अनुमान पेश नगर्ने व्यक्तिले पेश गरेको अनुमानित करको विवरणको आधारमा नै सो व्यक्तिले सो वर्ष दाखिला गर्नुपर्ने किस्ताको गणना गर्नुपर्दछ ।

## २४.१० विभागद्वारा अनुमानित करको अनुमान र अनुमानित करको विवरणमा संशोधन

अनुमानित करको विवरण पेश गर्नुपर्ने कुनै व्यक्तिले त्यस्तो विवरण पेश नगरेमा वा कुनै व्यक्तिले पेश गरेको विवरण सन्तोषजनक नभएमा विभागलाई प्राप्त हुने अधिकारका सम्बन्धमा ऐनको दफा ९५ को उपदफा (७) र उपदफा (८) मा निम्न व्यवस्था छ ।

**९५(७) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि करको किस्ता दाखिला गर्नुपर्ने कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै आय वर्षमा अनुमान पेश नगरेमा वा पेश गरिएको अनुमान वा संशोधित अनुमानमा विभाग सन्तुष्ट नभएमा........विभागले देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) सो व्यक्तिको सो वर्षमा दाखिला गर्नुपर्ने अनुमानित करको अनुमान दफा ३ को खण्ड**
**(क) वा (ख) मा उल्लिखित व्यक्तिले गत आय वर्षमा दाखिला गर्नुपर्ने करको आधारमा गर्न सक्नेछ, र**

**(ख) विभागले खण्ड (क) बमोजिम तयार गरेको अनुमान सो अनुमान तयार गर्न प्रयोग गरेको तरिका र व्यक्तिले पेश गरेको अनुमानमा विभाग सन्तुष्ट हुन नसकेको भए सोको कारण समेत उल्लेख गरिएको लिखित सूचना विभागले किस्ता दाखिला गर्नुपर्ने व्यक्तिलाई दिनेछ ।**

९५(८) विभागले किस्ता दाखिला गर्नु पर्ने व्यक्तिलाई उपदफा (७) बमोजिम सूचना दिएमा सो वर्षमा सो व्यक्तिले दाखिला गर्नुपर्ने अनुमानित कर रकम विभागले अनुमान गरेको रकम हुनेछ ।

अनुमानित करको विवरण र किस्ताबन्दीमा कर दाखिला गर्नु पर्ने कर्तव्य भएको कुनै व्यक्तिले कुनै आय वर्षको पौष मसान्तभित्र सो वर्षको अनुमानित करयोग्य आय र अनुमानित कर उल्लेख गरी अनुमानित करको विवरण सम्बन्धित कार्यालयमा पेश नगरेमा सम्बन्धित कार्यालय वा कर अधिकृतले सो व्यक्तिले यस आय वर्षमा दाखिला गर्नु पर्ने करको अनुमान गर्न सक्तछ साथै कुनै व्यक्तिले पेश गरेको अनुमानित करको विवरण वा अनुमानित करको संशोधित विवरणमा कार्यालय सन्तुष्ट हुन नसकेमा कार्यालयले सो व्यक्तिले पेश गरेको अनुमानित करको विवरण वा अनुमानित करको संशोधित विवरणमा उल्लिखित करयोग्य आय र अनुमानित करको रकममा संशोधन गर्न सक्तछ । कार्यालयले त्यस्तो अनुमान तयार गर्दा वा कुनै व्यक्तिले पेश गरेको अनुमानित करको विवरण वा अनुमानित करको संशोधित विवरणमा कार्यालयले संशोधन गर्नु परेमा सो व्यक्तिले अघिल्लो आय वर्षमा दाखिला गरेको वा गर्नु पर्ने करलाई समेत आधारको रूपमा लिन सक्दछ । कार्यालय वा कर अधिकृतले तयार गरेको त्यस्तो अनुमानको जानकारी सम्बन्धित व्यक्तिलाई लिखित रूपमा दिनु पर्दछ । सो जानकारीमा कार्यालयले त्यस्तो अनुमान तयार गर्दा लिएको आधार स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ । यसरी कुनै व्यक्तिले कुनै वर्षमा दाखिला गर्नु पर्ने करको अनुमान गरी सोको लिखित जानकारी सो व्यक्तिलाई दिइएको अवस्थामा कार्यालयले अनुमान गरेको कर रकम नै सो व्यक्तिले सो वर्षमा दाखिला गर्नु पर्ने अनुमानित करको रकम हुन्छ ।

## २४.११ किस्ताबन्दीमा दाखिला गर्नुपर्ने कर

ऐन बमोजिम तिर्नुपर्ने कर किस्ताबन्दीको रूपमा तिर्ने सम्बन्धमा ऐनको दफा ९४ को उपदफा (१) मा निम्न व्यवस्था रहेकोछ ।

**९४(१) कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले देहाय बमोजिम तीन किस्तामा कर दाखिला गर्नु पर्नेछ :-**

| **दाखिला गर्नुपर्ने मिति** | **दाखिला गर्नुपर्ने रकम** |
|---|---|
| **पौष महिनाको अन्त्यसम्म** | **अनुमानित करको चालीस प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम** |
| **चैत्र महिनाको अन्त्यसम्म** | **अनुमानित करको सत्तरी प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम** |
| **आषाढ महिनाको अन्त्यसम्म** | **अनुमानित करको शत प्रतिशत रकममध्ये तिर्न बाँकी कर रकम** |
| **स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि,-** | |

**(क) "अनुमानित कर" भन्नाले किस्ताबन्दीमा कर दाखिला गर्नुपर्ने कुनै व्यक्तिले कुनै वर्षको किस्ताबन्दी कर दाखिला गर्नुपर्ने समयमा दफा ९५ बमोजिम गणना गरेको किस्ताबन्दीको अनुमानित कर सम्झनु पर्छ ।**

**(ख) "तिर्न बाँकी कर रकम" भन्नाले अनुमानित करको यस उपदफामा किस्तामा दाखिला गर्न तोकिएको प्रतिशतले हुने रकमबाट देहायको कुल जम्मा रकम घटाउँदा नपुग हुने रकम सम्झनु पर्छ :-**

**(१) सम्बन्धित किस्ता दाखिला गर्नुपर्ने मिति अगाडि यस दफा बमोजिम पूर्व किस्ताद्वारा त्यस्तो आय वर्षमा दाखिला गरेको कर रकम,**

यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छः

उदाहरण २४.११.१: मानौं, ABC Enterprisesले पुष मसान्तमा आ.व.२०७६।७७ को लागि पूर्व अनुमानित गरिएको कर रकम रु.१ लाखको ४० प्रतिशतले हुने रकम रु.४० हजार तोकिएको समयभित्र विवरण सहित सम्बन्धित कार्यालयमा बुझाएका रहेछन् ।२०७६ चैत्र मसान्तमा निजले अर्को किस्ता कुल ७० प्रतिशतले हुने रु.७० हजार बुझाउनुपर्नेमा पुष मसान्तमा बुझाएको रु.४० हजार कटाई बाँकी हुन आउने रु.३० हजार बुझाउनु पर्दछ । तसर्थ यस उदाहरणमा तिर्न बाँकी कर रकम भन्नाले रु.३० हजारलाई जनाउँदछ ।

**(२) त्यस्तो आय वर्षमा सम्बन्धित किस्ता दाखिला गर्नुपर्ने मिति अगाडि कुनै व्यक्तिको परिच्छेद १७ बमोजिम उक्त वर्षमा त्यस्तोव्यक्तिको आय गणना गर्दा समावेश हुने भुक्तानीबाट कट्टी भएको कर रकम,**

यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छ:

उदाहरण २४.११.२: मानौं, विशाल ईन्टरप्राइजेजप्रा.लि.ले आफ्नो भवनको पहिलो तला ऋण तथा बचत सहकारी संस्थालाई मासिक रु.५० हजारमा भाडामा दिएको रहेछ । उक्त संस्थाले सो ईन्टरप्राइजेजप्रा.लि.लाई भुक्तानी दिँदा अग्रिम कर वापत १० प्रतिशतका दरले हुने रु.५ हजार कट्टा गरी बाँकी हुन आउने रकम रु.४५ हजार भुक्तानी दिने गरेको रहेछ । यस्तो भाडा आय उक्त ईन्टरप्राईजेजको आयमा समावेश हुने रकम भएको हुँदा तिर्नुपर्ने कर रकम गणना गर्दा स्रोतमा कट्टी भएको कर रकम कटाई बाँकी कर रकम मात्र दाखिला गर्नुपर्दछ ।

**(३) किस्ता बुझाउनु पर्ने मितिभन्दा अगाडि सो वर्षमा कर कट्टी गर्ने एजेण्ट वा कर कट्टी हुने व्यक्तिले उपखण्ड (२) मा उल्लिखित भुक्तानीबाट दफा ९० को उपदफा (३) बमोजिम कर कट्टी भएको मानिने रकम विभागमा दाखिला गरेको भए त्यस्तो कर रकम, र**

यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छ:

उदाहरण २४.११.३: मानौं, रामेश्वर पन्थी एण्ड कम्पनी मू.अ.कर प्रयोजनको लागि दर्ता नभएको एक कानुनी परामर्श दिने कम्पनी रहेछ । उक्त कम्पनीबाट ने.बै.लि.लाई कानूनी सल्लाह प्रदान गरे वापतरु.५० हजार भुक्तानीमा अग्रिम कर कट्टा नगरी मिति२०७६।६।२७मा प्राप्त गरेका रहेछ । यस अवस्थामा भुक्तान गरिएको मिति २०७६।६।२७ मा अग्रिम कर कट्टा नगरेको भए पनि अग्रिम कर कट्टा गरेको मानिन्छ । उक्त कम्पनीले भुक्तानी प्राप्त गरेको महिना समाप्त भएको २५ दिन भित्रनै अग्रिम कर रकम वापत १५ प्रतिशतका दरले हुन आउने रकम रु.७,५००।-सम्बन्धित कार्यालयमा बुझाएको रहेछ भने उक्त कम्पनीले पुष मसान्तमा तिर्नुपर्ने अनुमानित करको रकमबाट रु.७,५००।-कट्टा गरी बाँकी रकम अर्थात तिर्नुपर्ने रकम दाखिला गर्नुपर्दछ ।

**(४) किस्ता बुझाउनु पर्ने मितिभन्दा अगाडि सो व्यक्तिले गरेको स्वीकृत औषधि उपचार खर्चको सम्बन्धमा सो व्यक्तिले दफा ५१ बमोजिम दाबी गर्न सक्ने औषधि उपचार खर्चको कर मिलान रकम ।**

यस्तो अवस्थाको उदाहरण तल प्रस्तुत गरिएको छ:

उदाहरण २४.११.४: मानौं, अधिकारी एण्ड कं. एक लेखापरीक्षक फर्म रहेछ । उक्त फर्मका प्रोप्राइटर श्री कमलेसले मिति २०७६।८।२९ गतेसम्म रु.१५ हजार औषधि उपचार वापत खर्च गरेका रहेछन् । आ.व.२०७६।७७ को अनुमानित विवरण अनुसार पुष मसान्तमा निजले तिर्नु पर्ने किस्ता रु.४० हजार रहेछ । उक्त किस्ता रकमबाट निजले ऐनको दफा ५१ बमोजिम औषधोपचार खर्च वापतको कर मिलान रकम रु.७५०।-घटाई बाँकी हुन आउने रकम रु.३९,२५०।-बुझाएमा पुष मसान्तको किस्ता कर रकम बुझाउनुपर्ने दायित्व निर्वाह गरेको

मानिन्छ।

किस्ता रकम घटाउन प्रमाण पेश गर्नुपर्ने र यस्तो प्रमाणका सम्बन्धमा नियम ३२ मा निम्नानुसारको व्यवस्था रहेको छ :

*देहायका प्रमाणहरु विभागमा पेश गरेको अवस्थामा सो प्रमाणबाट प्रमाणित हुने रकमसम्म ऐनको दफा ९४ को उपदफा (१) बमोजिम गणना गरिएको किस्ता रकमबाट घटाई दाखिला गर्न सकिनेछः-*

*(क) ऐनको परिच्छेद १७ बमोजिम अग्रिम कर कट्टी गरिएकोमा दफा ९१ को उपदफा ( १) बमोजिम जारी गरिएको कर कट्टी प्रमाणपत्र,*

*(ख) औषधि उपचार वापत कर मिलान दाबी गरेकोमा औषधि उपचार वापत भएको स्वीकृत औषधि उपचार खर्चको बिल, भर्पाई।*

कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट करयोग्य आय भएको वा हुने सम्भावना भएको व्यक्तिले आफूले त्यस्तो आय वापत तिर्नुपर्ने कर सोही आय वर्षमा किस्ताबन्दीमा दाखिला गर्नुपर्दछ। किस्तामा बुझाउनुपर्ने यस्तो कर बढीमा तिन किस्तामा बुझाइसक्नु पर्दछ। करको पहिलो किस्ता चालु आ.व.को पौष मसान्तभित्र, दोश्रो किस्ता चालु आ.व.को चैत्र मसान्तभित्र र तेश्रो किस्ता चालु आ.व.को आषाढ मसान्तभित्र बुझाउनु पर्दछ। करको किस्ता भन्नाले कुनै व्यक्तिको कुनै वर्षको जम्मा अनुमानित करमध्ये पहिलो, दोश्रो र तेश्रो किस्ता स्वरूप बुझाउनुपर्ने करको रकमलाई बुझाउँछ। कुनै व्यक्तिले कुनै वर्षको किस्ता वापतको कर भुक्तानी गर्दा पहिलो किस्तामा जम्मा अनुमानित करको चालिस प्रतिशतले हुन आउने रकममध्ये तिर्न बाँकी रकम, दोश्रो किस्तामा जम्मा अनुमानित करको सत्तरी प्रतिशतले हुन आउने रकममध्ये तिर्न बाँकी रकम र तेश्रो किस्तामा जम्मा अनुमानित करको सम्पूर्ण रकममध्ये तिर्न बाँकी रकम बुझाउनु पर्दछ। किस्ता दाखिला गर्ने व्यक्तिले उपर्युक्त अनुसार कुनै आय वर्षमा किस्ताबन्दीका माध्यमबाट दाखिला गरेको कर रकम सो वर्षमा लाग्ने करमा कट्टी गर्न वा मिलान गर्न पाउँछ। करको किस्ता बुझाउने प्रयोजनका लागि अनुमानित कर भन्नाले ऐनको दफा ९५ बमोजिम गणना गरिएको कुनै व्यक्तिको कुनै आय वर्षको अनुमानित करयोग्य आयमा दाखिला गर्नुपर्ने अनुमानित कर रकम हो। अनुमानित करको गणनाका सम्बन्धमा निर्देशिकाको यसै परिच्छेदको २४.५ देखि २४.७ मा उल्लेख गरिएको छ।

कुनै व्यक्तिले कुनै किस्ता वापत दाखिला गर्नुपर्ने रकमको गणना गर्दा सो आय वर्षको लागि आफूले बुझाउनुपर्ने किस्ता कर रकममा बुझाएको कर रकम घटाई गणना गर्नुपर्दछ।

उदाहरण २४.११.५: उदाहरण २४.७.१ मा उल्लिखित कम्पनीले आ.व.२०७६।७७ मा बुझाउनुपर्ने जम्मा अनुमानित कर रु.३२,५०,०००।- मध्ये सो आ.व.को दोश्रो किस्ता सम्ममा रु.२५,००,०००।- बुझाइसकेको छ। अब सो कम्पनीले तेश्रो किस्ता बुझाउन बाँकी छ। सो कम्पनीले आफूले बुझाउन बाँकी तेश्रो किस्ता वापत बुझाउनुपर्ने कर रकमको गणना गर्दा वा किस्ता दाखिला गर्दा बुझाउनुपर्ने जम्मा अनुमानित कर रु.३२,५०,०००।- मा दोश्रो किस्तासम्ममा बुझाइसकेको कर रकम रु.२५,००,०००।- घटाईरु.७,५०,०००।-मात्र बुझाउनु पर्दछ। तेश्रो किस्ता वापत अनुमानित करको तीस प्रतिशत रकम अर्थात रु.९,७५,०००।-बुझाउनुपर्ने भएतापनि निजले दोश्रो किस्तासम्ममा बुझाउनुपर्ने रकमभन्दा बढीनै रकम बुझाएको र किस्ता वापत अनुमानित करको जम्मा रकम भन्दा बढी कर बुझाउनु नपर्ने हुँदा सो कम्पनीले तेश्रो किस्ताको कर वापतरु.७,५०,०००।- भन्दा बढी रकम बुझाउनु पर्दैन।

## २४.१२ वार्षिक लाग्ने करमा किस्ताबन्दी कर कट्टी मिलान गर्न पाउने

ऐनको दफा ९४ को उपदफा (३) बमोजिम किस्तावन्दीका माध्यमबाट दाखिला गरेको रकम र अग्रिम करकट्टी भएको रकम सो वर्षमा लाग्ने कर वापत कट्टी पाउन निम्नानुसारको व्यवस्था गरेको छ :

**९४(३) किस्ता दाखिला गर्ने व्यक्तिले यस दफा बमोजिम कुनै आय वर्षमा किस्ताबन्दीका माध्यमबाट दाखिला गरेको कर रकम सो वर्षमा लाग्ने कर वापत कट्टी गर्न पाउनेछ ।**

कुनै व्यक्तिले आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) बमोजिम किस्तावन्दी रुपमा दाखिला गरेको कर रकमर अग्रिम करकट्टी भएको रकम सो आय वर्ष को आय विवरण अनुसार लाग्ने वास्तविक कर रकममा मिलान गर्न पाउँनेछ ।

| |
|---|
| उदाहरण २४.१२.१: माथि उदाहरण २४.११.५ मा उल्लिखित कम्पनीले आ.व.२०७६।७७ मा बुझाउनु पर्ने जम्मा अनुमानित कर रु.३२,५०,०००।- मध्ये सो आ.व.को दोश्रो किस्ता सम्ममा रु.२५,००,०००।- बुझाइ सकेको छ । अब सो कम्पनीले तेश्रो किस्ता बुझाउन बाँकी छ । सो कम्पनीले यस आ.व.मा प्राप्त गर्नुपर्ने ब्याज २०७७ आषाढ २० गते प्राप्त गरिसकेको छ र सो ब्याज भुक्तानी दिंदा भुक्तानीकर्ताले रु.१,५०,०००।- कर कट्टी गरेको छ । सो कम्पनीले आफूले बुझाउन बाँकी तेस्रो किस्ता वापत बुझाउनुपर्ने कर रकमको गणना गर्दा वा किस्ता दाखिला गर्दा बुझाउनुपर्ने जम्मा अनुमानित कर रु.३२,५०,०००।- मा दोश्रो किस्ता सम्ममा बुझाइ सकेको कर रकम रु.२५,००,०००।- र ब्याज भुक्तानी गर्दा भुक्तानीकर्ताले कर कट्टी गरेको रकम रु.१,५०,०००।- समेत जम्मा रु.२६,५०,०००।- घटाई रु.६,००,०००।- मात्र बुझाए पुग्छ । |

## २४.१३ किस्ताबन्दीमा कर दाखिला गर्नु नपर्ने

विभागले तोकेको व्यक्तिले किस्ताबन्दी एवम् अनुमान पेश गर्नु पर्दैन । यस सम्बन्धमा ऐनको दफा ९५ को उपदफा (६) मा निम्नानुसारको व्यवस्था गरेको छ :

**९५(६) उपदफा (१) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि करको किस्ता दाखिला गर्नुपर्ने कुनै व्यक्ति वा करको किस्ता दाखिला गर्नु पर्ने कुनै वर्गले उपदफा (१) बमोजिम अनुमान पेश गर्नु नपर्ने गरी विभागले तोक्न सक्नेछ ।**

विभागले अनुमानित करको विवरण आवश्यक नपर्ने करदाता तोक्ने प्रक्रियाको सम्बन्धमा नियम ३३ मा निम्नानुसारको व्यवस्था गरेको छ :

*ऐनको दफा ९५ को उपदफा (६) को प्रयोजनको लागि विभागले देहायका व्यक्तिहरुलाई ऐनको दफा ९५ को उपदफा (१) बमोजिमको अनुमानित करको विवरण पेश गर्नु नपर्ने गरी तोक्न सक्नेछ :-*

*(क) ऐनको दफा ९६ बमोजिम विवरण दाखिला गर्नु नपर्ने व्यक्ति,*

*(ख) ऐनको दफा ४ को उपदफा (३) बमोजिमको व्यक्ति, र*

*(ग) ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित व्यक्ति ।*

उपर्युक्त बमोजिम देहायका व्यक्तिले आफूले तिनुपर्ने कुनै कर रकम किस्ताबन्दीको रूपमा दाखिला गर्नुपर्दैन ।

१. पूर्वानुमानित कर तिर्ने व्यक्ति समेत कुनै आय वर्षमा बुझाउनुपर्ने जम्मा कर सात हजार पाँच सयरुपैयाँभन्दा कम भएको व्यक्ति,

२. कुनै आय वर्षमा प्राप्त आय अन्तिम रूपमा करकट्टी भई हुने भुक्तानीमात्र भएको व्यक्ति,

३. ऐनको दफा ४ को उपदफा (४) बमोजिम रोजगारीको आय मात्र भएको व्यक्ति, र

४. आकस्मिक लाभ वापतको आयमात्र भएको व्यक्ति ।

## २४.१४ किस्ताबन्दीमा कर दाखिला गर्नेले अनुमानित कर कम हुने गरी बुझाएमा लाग्ने ब्याज

किस्ताबन्दीमा कर दाखिला सो आयवर्षमा हुने अनुमानित आय र सोमा लाग्ने करको आधारमा गर्नुपर्दछ । किस्ताबन्दी कर दाखिला गर्ने प्रयोजनको लागि सो वर्ष तिर्नुपर्ने अनुमानित कर गणना गर्न अनुमानित विवरण दाखिला गर्नुपर्दछ । व्यक्तिले पेश गरेको अनुमानित करको विवरणको आधारमा नै सो वर्ष किस्ताबन्दीमा तिर्नुपर्ने करको यकिन हुन्छ । किस्ताबन्दीमा कर दाखिला गर्दा अनुमानित विवरण सत्य र यथार्थपरक होस र कुनै पनि व्यक्तिले हचुवामा अनुमानित विवरण पेश नगरोस भन्ने उद्देश्यले वास्तविक कर दायित्व भन्दा घटी किस्ता वापत रकम भुक्तानी गर्ने व्यक्तिलाई ब्याज लाग्ने निम्न व्यवस्था ऐनको दफा ११८ ले गरेको छ ।

दफा ११८(१) **कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ता रकम सम्बन्धमा खण्ड (क) मा उल्लिखित रकमभन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको रकममा उपदफा (२) बमोजिम ब्याज लाग्ने छ :-**

(क) त्यस्तो व्यक्तिले कुनै आय वर्षमा तिरेको प्रत्येक किस्ताको रकम,

(ख) सो आय वर्षमा प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रूपमा बुझाउनुपर्ने कुल रकमको अनुमान वा संशोधित अनुमान सही भएको भए त्यस्तो रकम र त्यस्तो रकम सही नभएको भए दफा ३ को खण्ड (क) र (ख) मा उल्लिखित व्यक्तिले दाखिला गर्नुपर्ने कर रकमको प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रूपमा बुझाउनुपर्ने रकमको नब्बे प्रतिशत रकम ।

दफा ११८(२) **उपदफा (१) बमोजिमको व्यक्तिलाई सो वर्षको सो किस्ता बुझाउनुपर्ने मितिदेखि देहायको अवधिसम्मको प्रत्येक महिना र महिनाको भागको सामान्य ब्याजदरले ब्याज लाग्ने छ :-**

(क) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण गर्ने व्यक्तिको हकमा आय विवरण बुझाउनु पर्ने मितिसम्म,

(ख) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण नगरेको कारणले विभागले दफा १०१ वमोजिम पहिलो पटक संशोधित कर निर्धारण गरेको व्यक्तिको हकमा दफा १०२ वमोजिम त्यस्तो संशोधित कर निर्धारणको सूचना बुझाएको मितिसम्म ।

**स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "किस्ताबन्दीको रूपमा बुझाउनुपर्ने रकम" भन्नाले एक पटक अनुमान पेश गरी सकेपछि संशोधित अनुमान पेश नगर्नेको तथा अनुमान पेश नगरेको कारणले दफा ९५ को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको हकमा दफा ९४ को उपदफा (१) बमोजिम र संशोधित अनुमान पेश गर्नेको हकमा तथा पेश गरिएको अनुमान वा संशोधित अनुमानमा सन्तुष्ट नभई दफा ९५ को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको दफा ९५ को उपदफा (५) को व्यवस्था अनुसार गणना गरिएको किस्ताको रकम सम्झनुपर्छ ।**

ऐनको दफा ३ खण्ड क र ख अनुसार कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिले अनुमानित करको विवरण पेश गरी सोही आधारमा किस्ताबन्दीको रूपमा कर तिर्नुपर्दछ । अनुमानित विवरण पौष मसान्तभित्र दाखिला गर्नुपर्ने व्यवस्था भएकोले सो समयमा व्यक्तिले अनुमान गरेको कारोबार एवम् आय पूर्ण रूपले यथार्थ हुन नसक्ने अवस्थालाई विचार गरी कम किस्ता दाखिला गरे

वापतब्याज गणना गर्दा किस्ताबन्दी वापत दाखिला गरेको कर रकम वास्तविक कर दायित्वको ९० प्रतिशतसम्म दाखिला भएको छ भने ब्याज नलाग्ने व्यवस्था समेत ऐनमा रहेको छ। कुनै व्यक्तिले अनुमानित कर कम देखाई किस्ताबन्दी कर दाखिला गरेको अवस्था र ऐनको दफा ११८ अनुसार लाग्ने ब्याजको गणना सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट पारिएको छ।

उदाहरण २४.१४.१: नेपाल विकास कम्पनी भन्ने कम्पनीले आ.व.२०७६।७७ को लागि २०७६ पौष मसान्तमा अनुमानित कर रु.५०,००,०००।- हुने गरी विवरण दाखिला गरेको रहेछ। सो अनुमानित विवरणको आधारमा कम्पनीले पौष मसान्तमा रु.२२,००,०००।-, चैत्र मसान्तमा रु.१७,००,०००।-तथा आषाढ मसान्तमा रु.१७,००,०००।- गरी रु.५६,००,०००।- किस्ताबन्दीको रूपमा कर दाखिला गरेको रहेछ। उक्त कम्पनीले आय वर्षको अन्त्यको आफ्नो आय अनुसार दाखिला गर्नुपर्ने कर दायित्व रु.६०,००,०००।- भएछ। यस अवस्थामा अनुमानित कर तथा वास्तविक भुक्तानी गर्नुपर्ने कर दायित्वमा रु.१०,००,०००।- ले फरक परेको छ। आयकर ऐन, २०५८ को दफा ११८(१) ले वास्तविक कर दायित्वको ९० प्रतिशत भुक्तान गरेको अवस्थामा ब्याज नलाग्ने व्यवस्था गरेको तथा नेपाल विकास कम्पनीले भुक्तानी गरेको किस्ताबन्दी ९० प्रतिशतले हुने रु.५४,००,०००।- भन्दा बढी भएकोले उक्त कम्पनीले ऐनको दफा ११८ को ब्याज भुक्तानी गर्नु पर्दैन।

उदाहरण २४.१४.२: उदाहरण २४.१४.१ मा उल्लिखित नेपाल विकास कम्पनीको आय वर्षको अन्त्यमा तिर्नुपर्ने कर दायित्व रु.८०,००,०००।- भएछ। उक्त कम्पनीले अनुमानित कर विवरणको आधारमा किस्ताबन्दी वापत तिरेको कर रु.५०,००,०००।- वास्तविक कर दायित्व रु.८०,००,०००।- को ९० प्रतिशतलेहुनेरु.७२,००,०००।-भन्दा कम भएकोले यस अवस्थामा नेपाल विकास कम्पनीले ऐनको दफा ११८(२) अनुसार निम्नानुसार गणना गरिएको ब्याज रु.१,२८,२५०।- दाखिला गर्नु पर्दछ।

| विवरण | पहिलो किस्ता ४० प्रतिशतले | दोश्रो किस्ता ७० प्रतिशतले | तेश्रो किस्ता १०० प्रतिशतले |
|---|---|---|---|
| किस्ता रकम रु. | ३२,००,०००।- | ५६,००,०००।- | ८०,००,०००।- |
| ११८(१)(क) अनुसार तिरेको रकम रु. | २२,००,०००।- | ३९,००,०००।- | ५६,००,०००।- |
| ११८(१)(ख) अनुसार न्यूनतम तिनुपर्ने रकम रु. | २८,८०,०००।- | ५०,४०,०००।- | ७२,००,०००।- |
| ब्याज लाग्ने रकम रु. | ६,८०,०००।- | ११,४०,०००।- | १६,००,०००।- |
| ब्याज रकम रु. | २५,५००।- | ४२,७५०।- | ६०,०००।- |
| कुल ब्याज रकम रु. | | | १,२८,२५०।- |

## २४.१५ पूँजीगत लाभमा अग्रिम कर असुल गर्नु पर्ने

पूँजीगत लाभमाअग्रिम कर असुलीका सम्वन्धमा देहायका व्यवस्था रहेका छन्।

### २४.१५.१ कमोडिटी फ्यूचर मार्केट

ऐनको दफा ९५क.ले कमोडिटी फ्युचर मार्केटमा भएको मुनाफा र लाभ, शेयर बिक्रीमा भएको लाभ तथा प्राकृतिक व्यक्तिको घर जग्गा बिक्रीमा भएको लाभमा सो लाभ प्राप्त भएको विन्दुमा नै अग्रिम कर असुल गर्ने गराउने व्यवस्था गरेको छ।

**९५क. (१) कमोडिटी फ्यूचर मार्केट अन्तर्गत व्यापार गर्ने व्यक्तिबाट सो व्यक्तिले सो व्यवसायबाट प्राप्त गर्ने मुनाफा र लाभमा दश प्रतिशतका दरले हुने रकम कमोडिटी फ्युचर मार्केट सञ्चालन गर्ने निकायले अग्रिम कर असुल गर्नु पर्नेछ।**

कमोडिटी फ्यूचर मार्केट भविष्यमा हुने मूल्य वृद्धि वा मूल्यमा आउने गिरावटबाट हुन सक्ने फाइदा र घाटालाई विश्लेषण गरी Future Contractगरी निश्चित शर्तका आधारमा गरिने व्यापारलाई कमोडिटी फ्यूचर मार्केट वा कमोडिटी एक्सेञ्ज पनि भनिन्छ । यस व्यापारका चार पक्ष हुन्छन । कमोडिटी फ्यूचर मार्केट सेवा सञ्चालन गर्ने कम्पनी, त्यस कम्पनीमा व्यापार वा सेवा प्रवर्द्धन गर्ने ब्रोकर कम्पनी, जोखिम बहन गर्ने Clearing Agentवा Clearing Member Companyर व्यापार गर्ने व्यक्ति । यो व्यापारको नियन्त्रण व्यवस्थापन बजार सेवा उपलब्ध गराउने कम्पनीले गर्दछ । व्यापार गर्ने व्यक्ति वा Client ले ब्रोकर (दलाल) मार्फत व्यापार गर्ने सम्झौता गर्दछ र निश्चित वस्तुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्यको आधारमा निश्चित अवधि पश्चात बिक्री गर्ने शर्तमा खरिद सम्झौता गरिन्छ । सम्झौता गर्दा निश्चित प्रतिशत धरौटी राख्नु पर्दछ । बिक्री गर्ने मितिमा त्यो वस्तुको बजार मूल्य वृद्धि भएमा फाइदा र घटेमा घाटा हुन्छ । दलालले खरिदकर्ता र बिक्रेताबीच सम्झौता गराउने कार्य गर्दछ । उनी बीचमा सम्झौता नभएमा Clearing Agent ले खरिद गर्दछन । समान्यतयाः यसमा वस्तुको हस्तान्तरण गरिदैन तर वस्तु नै लिन चाहेमा आवश्यक प्रक्रिया पूरा गरी वस्तु डेलिभरी गर्ने गरिन्छ । यस्तो फ्यूचर मार्केट सेवा उपलब्ध गराए वापत Client अर्थात व्यापार गर्ने व्यक्तिबाट सेवा शुल्क सेवा सञ्चालन गर्ने कम्पनी र दलालले लिने गर्दछन भने व्यापार गर्नेलाई वस्तुको मूल्य घटबढको आधारमा मुनाफा वा घाटा हुन्छ । सेवा प्रदायक (कमोडिटी फ्यूचर मार्केट सेवा सञ्चालन गर्ने कम्पनी, त्यस कम्पनीमा व्यापार सेवा प्रवर्द्धन गर्ने ब्रोकर कम्पनी) लाई भुक्तान गरेको सेवा शुल्कमा सो सेवा प्रदायक मू.अ.कर मा दर्ता भएमा ऐनको दफा ८८(१)(४) बमोजिम १.५% का दरले एवम् मू.अ.करमा दर्ता नभए ऐनको ८८(१) अनुसार १५% का दरले अग्रिम कर कट्टि गर्नुपर्दछ । जोखिम बहन गर्ने Clearing Agent वा Clearing Member Companyले ऐनको दफा ३७(१) बमोजिम गणना गरेको मुनाफा र लाभमा दफा ९५क.(१)अनुसार १०% ले अग्रिम कर असुल गर्नु पर्दछ । बजारको नियन्त्रण तथा व्यवस्थापन बजार सेवा उपलब्ध गराउने कम्पनी (Commodity Exchange) को हुने हुँदा जोखिम बहन गर्ने Clearing Agentवा Clearing Member Company ले प्राप्त गर्ने मुनाफा र लाभमा अग्रिम कर असुल गरी दाखिला गर्ने दायित्व पनि सोही कम्पनीको रहन्छ । सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

> उदाहरण २४.१५.१: मानौं, Nepal Commodity Exchange Limited (NCEL)कमोडिटी फ्यूचर मार्केट सेवा सञ्चालन गर्ने कम्पनी हो । यस कम्पनीमा २० भन्दा बढी ब्रोकर आबद्ध रहेछन । जसमा Himal Broker Company P. Ltd. पनि एउटा रहेछ । यस ब्रोकर कम्पनीमा कृष्ण प्रसाद भन्ने व्यक्तिले मिति २०७६।४।१५मा १ किलो सुन खरिद गर्ने सम्झौता गरेका रहेछन् । सो दिन १ किलो सुनको अन्तर्राष्ट्रिय बजार मूल्य रु.२५ लाख रहेछ । सम्झौता अनुसार २ महिना पश्चात अर्थातमिति २०७६।६।१५माकृष्ण प्रसादले बिक्री गर्ने प्रावधान रहेछ । कृष्णप्रसादले सम्झौता मितिमा उक्त सुनको बजार मूल्यको १० प्रतिशतले हुने रकम रु.२,५०,०००।- ब्रोकर मार्फत NCELमा जम्मा गरेका रहेछन् । खरिद सम्झौता गर्दा सेवा शुल्क रु.१०,०००।- भुक्तानी गरेका रहेछन् । उक्त सेवा शुल्कमा मू.अ.कर प्रयोजनको लागि दर्ता भएमा ऐनको दफा ८८(१)(४) बमोजिम १.५% का दरले र मू.अ.करमा दर्ता नभएको भए ऐनको दफा ८८(१) अनुसार १५% का दरले अग्रिम कर कट्टी गर्नुपर्छ । सम्झौताको अन्त्य (मिति २०७६/६/१५) मा मानौं, १ किलो सुनको बजार मूल्य २७ लाख रहेछ । यस कारोबारमा कृष्णप्रसादलाई भएको लाभ रु.१ लाख ९० हजार (रु.२७ लाख-रु.२५ लाख-रु.१० हजार) मा १० प्रतिशतले हुने रु.१९ हजार अग्रिम कर असुल गरी NCEL ले सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्दछ ।

## २४.१५.२ धितोपत्र बिक्रीको लाभ

**९५क. (२)प्रचलित कानुन बमोजिम दर्ता भई धितोपत्रको खरिद बिक्रीको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायमा रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :-**

(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीनसय पैंसठ्ठी दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत र तीनसय पैंसठ्ठी दिन वा सो भन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको सात दशमलव पाँच प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले,

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण २४.१५.२: मानौं, बासिन्दा प्राकृतकि व्यक्ति अनिलसँग मिति २०७७।०६।०१ मा खरीद गरेको Nepal Stock Exchange Ltd.मा सूचीकृत Standard Chartered Bank Nepal Ltd.को रु.१००।-दर अंकित ५०० थान साधारण शेयर रहेछ । उक्त शेयर बिक्री गर्न स्टक ब्रोकर (शेयर दलाल) लाई अनुरोध गरेका रहेछन् । उक्त शेयर निज अनिलले प्रति शेयर १,०००।- मा खरिद गरेका रहेछन् । शेयर खरिद गर्दा रु.४,०००।- ब्रोकर कमिशन समेत अनिलले तिरेका रहेछन् । शेयर दलालले उक्त शेयर मिति २०७८।०७।२० मा प्रति शेयर रु.७,०००।- मा बिक्री गरी दिएको रहेछ । शेयर बिक्री गर्दा ब्रोकरलाई कमिशन वापत रु.१७,५००।- तिरेका रहेछन् । उक्त शेयरमा अनिलको ३६५ दिनभन्दा बढी स्वामित्व रहेको अवस्थामा निजको लाभ निम्नानुसार गणना गरी अग्रिम कर असुल गरी बाँकी रकम भुक्तानी दिनु पर्दछ ।

उक्त शेयर बिक्रीमा लाभको गणना निम्नानुसार हुनेछ :

| | |
|---|---|
| बिक्री मूल्य : ५००x रु७,००० = | रु.३५,००,०००/- |
| लागत (outgoings) : | |
| शेयर मूल्य ५०० x रु.१,००० = | रु.५,००,०००/- |
| जोड : शेयर दलाल कमिशन | |
| खरिदमा | रु.४,०००/- |
| बिक्रीमा | रु.१७,५००/- |
| कुल लागत (outgoings) : | रु.५,२१,५००/- |
| शेयर बिक्री वापत लाभ : | रु.२९,७८,५००/- |

शेयर बिक्री वापत Nepal Stock Exchange Ltd.ले सम्बन्धित दलाल मार्फत ५ प्रतिशतका दरले हुने रु.१,४८,९२५।-अग्रिम कर असुल गरी बाँकी रकम रु.३३,३३,५७५।- निज अनिललाई निम्नानुसार भुक्तानी दिनु पर्दछ ।

| | |
|---|---|
| बिक्रीः मूल्य रु. | ३५,००,०००/- |
| न्यूनः | |
| बिक्रीमा शेयर दलाल कमिशन रु. | १७,५००/- |
| स्रोतमा कर कट्टी हुने रकम रु. | १,४८,९२५/- |
| जम्मा भुक्तानी रु. | ३३,३३,५७५/- |

त्यस्तै यदि उक्त शेयर मिति २०७८।०५।२० मा बिक्री गरी दिएको रहेछ भने ३६५ दिनभन्दा कम अवधि स्वामित्वमा रहेको अवस्थामा निजको लाभ निम्नानुसार गणना गरी अग्रिम कर असुल गरी बाँकी रकम भुक्तानी दिनु पर्दछ ।

उक्त शेयर बिक्रीमा लाभको गणना निम्नानुसार हुनेछ :

| | |
|---|---|
| बिक्री मूल्य : ५००x रु७,००० = | रु.३५,००,०००/- |
| लागत (outgoings) : | |

| | |
|---|---|
| शेयर मूल्य ५०० x रु.१,००० = | रु.५,००,०००/- |
| जोड : शेयर दलाल कमिशन | |
| खरिदमा | रु.४,०००/- |
| बिक्रीमा | रु.१७,५००/- |
| कुल लागत (outgoings) : | रु.५,२१,५००/- |
| शेयर बिक्री वापत लाभ : | रु.२९,७८,५००/- |

शेयर बिक्री वापत Nepal Stock Exchange Ltd.ले सम्बन्धित दलाल मार्फत ७.५ प्रतिशतका दरले हुने रु.२,२३,३८८।-अग्रिम कर असुल गरी बाँकी रकम रु.३२,५९,११२।- निज अनिललाई निम्नानुसार भुक्तानी दिनु पर्दछ ।

तर, यदि उक्त शेयर बिक्री बासिन्दा प्राकृतिक व्यक्तिले नगरी कुनै बासिन्दा निकायले गरेको भए १० प्रतिशत र गैर बासिन्दा व्यक्तिले गरेको भए २५ प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्दछ ।

**(ख) नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकमा जुन निकायको हित निःसर्ग भएको हो सोही निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको दश प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको पन्ध्र प्रतिशत र अन्यको हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछः

उदाहरण २४.१५.३ः मानौं, नेपाल बैंक लि.ले नेपाल धितोपत्र बोर्डमा सूचिकरण नभएकोपूर्वाञ्चल ग्रामीण विकास बैंकमा रहेको शेयर शिनास कम्पनीलाई रु.११४।-का दरले २,००,०००।- कित्ता बिक्री गरेको रहेछ । उक्त शेयरको लागत मूल्य रु.१००।- रहेछ । यस अवस्थामा नेपाल बैंक लिमिटेडबाट शेयर नामसारी गर्ने निकायले अग्रिम कर निम्नानुसार असुल गर्नु पर्दछ ।

| | |
|---|---|
| बिक्री मूल्य : ११४ x २,००,०००।- = | रु.२,२८,००,०००/- |
| न्यून लागत मूल्य १०० x२,००,००० = | रु.२,००,००,०००/- |
| लाभ : | रु.२८,००,०००/- |

यसरी दफा ३७ अनुसार गणना गरिएको लाभ रकम रु.२८,००,०००।-मा १५ प्रतिशतका दरले अग्रिम कर असुल गरिनु पर्दछ । यसरी लाभमा कर कट्टा गर्नुपर्ने दायित्व पूर्वाञ्चल ग्रामीण विकास बैंकको हुनेछ ।

तर, यदि उक्त शेयर उक्त निकायको हिताधिकारी बासिन्दा प्राकृतिक व्यक्तिले बिक्री गरेको भए लाभ रकममा १० प्रतिशतका दरले र गैर बासिन्दा व्यक्तिले बिक्री गरेको भए २५ प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्दछ ।

**९५क.(२क) उपदफा (२) को खण्ड (क) बमोजिमको लाभ गणना गर्दा जुन निकायको हित निसर्ग हुने हो त्यस्तो निकायमा सो मितिमा सो व्यक्तिको स्वामित्वमा रहेको हितको भारित औसत लागतको आधारमा गर्नु पर्नेछ ।**

यो प्रणाली अन्तर्गत कुनै एक व्यक्तिको लागि कुनै कम्पनीको एक मात्र आधार मूल्य हुनेछ । कुनै व्यक्तिले कुनै एक कम्पनीको विभिन्न मूल्यमा शेयर खरिद गरेको छ भने उक्त व्यक्तिको लागि उक्त कम्पनीको लागि भारित औषत गणना कुल लागतलाई कुल शेयर संख्याले भाग गरेर निकालिन्छ । लगानीकर्ताको लागि वास्तविक लागतका आधारमा Weighted Average Cost गणना गरिन्छ ।

उदाहरण २४.१५.४: मानौ ABCकम्पनीमा युक्त प्रसाद सुवेदीको देहाय बमोजिमको शेयर खरिद बिक्रीको अवस्थामाWeighted Average Cost देहाय बमोजिम गणना गरिन्छ ।

| ABC Company | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **S.N.** | **Particular** | **No.of Share** | **Cost per Share** | **Amount** | **Cost in Total** | **Balance Share** | **Weighted cost per Share** |
| **1.** | **IPO** | **100** | **100** | **10000** | **10000** | **100** | **100** |
| **2.** | **Bonus** | **50** | **100** | **5000** | **15000** | **150** | **100** |
| **3.** | **Secondary buy** | **200** | **400** | **80000** | **95000** | **350** | **271.43** |
| **4.** | **Secondary sale** | **-50** | **300** | **-15000** | **80000** | **300** | **266.67** |
| **5.** | **Secondary buy** | **70** | **350** | **24500** | **104500** | **370** | **282.43** |
| **6.** | **Right share** | **50** | **100** | **5000** | **109500** | **420** | **260.71** |
| **7.** | **Secondary buy** | **500** | **300** | **150000** | **259500** | **920** | **282.07** |
| **8.** | **Sale** | **-200** | **350** | **-70000** | **189500** | **720** | **263.19** |

यसरी माथि उल्लिखित भारित औसत गणना गर्दा प्रत्येक लगानीकर्ताको वास्तविक लागतका आधारमा पुँजीगत लाभकर गणना गरिन्छ ।

**९५क.(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको हित निःसर्ग भई कम्पनी रजिष्ट्रार कार्यालयले शेयर अभिलेखीकरण गर्दा लाभ रकममा अग्रिम कर दाखिला भएको प्रमाण पेश भएपछि मात्र अभिलेखीकरण गर्नु पर्नेछ ।**

९५क. ................

## २४.१५.३ प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्गमा पुँजीगत लाभ

ऐनको दफा ९५क.को उपदफा(५) मा पुँजीगत लाभमा अग्रिम कर असुलीको प्रावधान उल्लेख गरिएको छ । यस दफामा जग्गा तथा घरजग्गा (गैर व्यावसायिक करयोग्य सम्पत्ति) को निःसर्गमा कर लाग्ने व्यवस्थालाई थप प्रष्ट पारिएको छ । ऐनको दफा २ को खण्ड (द) मा गैर व्यावसायिक करयोग्य सम्पत्तिलाई निम्नानुसार परिभाषित गरिएको छ :

**"गैर व्यावसायिक करयोग्य सम्पत्ति" भन्नाले देहायका सम्पत्तिबाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छ :-**

**(१) व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,**

**(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवन -**

**(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको, र**

**(ख) सो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कुल दश वर्ष वा दश वर्ष भन्दा बढी बसोबास गरेको,**

**स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "निजी भवन" भन्नाले ष्भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ ।**

**(३) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,**

(४) **कुनै प्राकृतिक व्यक्तिको दश लाखरुपैयाँभन्दा कम मूल्यमा नि:सर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन, वा**

(५) **तीन पुस्ताभित्र भएको खरिद बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी नि:सर्ग गरेको सम्पत्ति ।**

गैर व्यावसायिक करयोग्य सम्पत्तिको नि:सर्गको लाभ अर्थात पुँजीगत लाभ (जग्गा तथा घरजग्गा) मा कर कट्टीको प्रावधानका सम्बन्धमा ऐनको दफा ९५क.(५) मा निम्नानुसार व्यवस्था गरेको छ ।

**९५क.(५)कुनै प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवननि:सर्ग वापत भएको पुँजीगत लाभमा मालपोत कार्यालयले रजिस्ट्रेशनका बखत देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :-**

**(क) नि:सर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व पाँच वर्ष वा सो भन्दा बढी भएको छ भने दुई दशमलव पाँच प्रतिशतका दरले ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछ:

उदाहरण २४.१५.५: मानौं, रमेश बगालेले मिति २०६७।८।१५ मा रु.३० लाख पर्ने घरजग्गा खरिद गरेका रहेछन् । निजले उक्त घरजग्गा मिति २०७४।७।४ मा रु.५२ लाखमा बिक्री गरेका रहेछन् । निजले बिक्री गरेको उक्त घरजग्गाको पुँजीगत लाभ निम्नानुसार हुन्छ:

| | |
|---|---|
| इन्कमिंग (बिक्री मूल्य) | रु.५२,००,०००/- |
| आउट गोइंग (खर्च) | रु.३०,००,०००/- |
| लाभ : | रु.२२,००,०००/- |

यसरी गणना गरिएको लाभ रकम २२,००,०००।-मा २.५ प्रतिशतका दरले हुने कर रु. ५५,०००।-निज रमेश बगालेलाईखरिदकर्ताले भुक्तानी गर्दा मालपोत कार्यालयले रजिस्ट्रेशनका बखत अग्रिम कर असुल गर्नु पर्दछ । यसरी कट्टा भएको अग्रिम कर निज रमेश बगालेले आय विवरण पेस गरी आफ्नो कुल कर दायित्वसँग समायोजन गर्न सक्दछ ।

उदाहरण २४.१५.६: मानौं, माथि उदाहरण २४.१५.५ मा उल्लेख भएको घर जग्गा रमेश बगालेले मिति २०६३।४।१५ मा (अर्थात बिक्री मितिको १० वर्ष अगाडि) खरिद गरेका रहेछन् र अविछिन्न रूपमा बसोबास समेत गरिआएका रहेछन् भने त्यस्तो घर जग्गालाई ऐनको दफा २ को खण्ड (द) को उपखण्ड (२) बमोजिम गैर व्यावसायिक करयोग्य सम्पत्ति नमानिने हुँदा त्यस्तो घरजग्गा बिक्रीमा अग्रिम कर (पुँजीगत लाभकर) असुल गर्नु पर्दैन ।

उदाहरण २४.१५.७: मानौं, माथि उदाहरण २४.१५.५ मा उल्लेख भएको घर जग्गा रमेश बगालेले मिति २०७०।४।१५ मा खरिद गरेका रहेछन् र सो घर जग्गा मिति २०७६।४।२०रु.९ लाखमा बिक्री गरेका रहेछन् भने त्यस्तो घर जग्गालाई ऐनको दफा २ को खण्ड (द) उपखण्ड (२)बमोजिम गैर व्यावसायिक करयोग्य सम्पत्ति नमानिने हुँदा त्यस्तो घर जग्गा बिक्रीमा अग्रिम कर(पुँजीगत लाभकर) असुल गर्नु पर्दैन ।

**(ख) नि:सर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व पाँच वर्ष भन्दा कम भएको छ भने पाँच प्रतिशतका दरले ।**

सो व्यवस्थाका सम्बन्धमा तलको उदाहरणबाट स्पष्ट गरिएकोछ:

उदाहरण २४.१५.८: मानौं, कुनै घरजग्गा रमेश बगालेले मिति२०७३।४।१५ (अर्थात बिक्री मितिको ५ वर्ष भन्दा कम) मा रु.४० लाखमा खरिद गरेका रहेछन् । निजले उक्त घरजग्गा मिति २०७६।१०।१५मा रु.५२ लाखमा बिक्री गरेका रहेछन् भने निजले बिक्री गरेको उक्त घरजग्गामा निम्नानुसारले अग्रिम कर(पुँजीगत लाभकर)असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| बिक्री मूल्य | रु.५२,००,०००/- |
| खर्च | रु.४०,००,०००/- |
| लाभ : | रु.१२,००,०००/- |

यसरी गणना गरिएको लाभ रकम १२,००,०००।-मा ५ प्रतिशतका दरले हुने कर रु.६०,०००।- निज रमेश बगालेलाईखरिदकर्ताले भुक्तानी गर्दा मालपोत कार्यालयले रजिस्ट्रेशनका बखत अग्रिम कर असुल गर्नुपर्दछ । यसरी असुल भएको अग्रिम कर निज रमेश बगालेले आय विवरण पेश गरी आफ्नो कुल कर दायित्वसँग समायोजन गर्न सक्दछ ।

९५क.(६) उपदफा (५) मा लेखिएदेखि बाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा वा भवनको नि:सर्ग भएको मूल्यमा मालपोत कार्यालयले रजिष्ट्रेशनका वखत एक दशमलव पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ ।

नोट : जग्गा तथा घरजग्गाको नि:सर्ग वा बिक्री वा हस्तान्तरणमा भएको लाभमा लाग्नेअग्रिम करका सम्बन्धमा यस विभागबाट जारी भएको "जग्गा तथा घरजग्गा नि:सर्गमा पुँजीगत लाभ कर सम्बन्धी निर्देशिका, २०७२ (पहिलो संशोधन, २०७६)" मा विस्तृत व्याख्या गरिएको छ । सो निर्देशिका विभागको वेबसाइटमा समेत उपलब्ध छ ।

२४.१५.३क. विदेशमा अध्ययन गर्न जाने विद्यार्थीबाट अग्रिम कर असुली

९५क.(६क)विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई भाषा परीक्षा तथा मानकीकृत परीक्षण शुल्क वापत विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बासिन्दा बैंङ्क वा वित्तीय संस्थाले त्यस्तो परीक्षा शुल्क वापतको रकममा विदेशी मुद्राको सटही सुविधा दिएको बखत पन्ध्र प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ ।

२४.१५.३ख. व्यवसाय सञ्चालनमा संलग्न नरहेका बासिन्दा प्राकृतिक व्यक्तिको विद्युतीय सेवा वापतको आयमा अग्रिम कर असुली

९५क.(६ख) व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै प्रकृतिको अन्य विद्युतीय सेवा उपलब्ध गराए बापत विदेशी मुद्रामा भुक्तानी प्राप्त गरेको भए सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ ।

२४.१५.३ग. व्यवसाय सञ्चालनमा संलग्न नरहेका बासिन्दा प्राकृतिक व्यक्तिको परामर्शसेवा वापतको आयमा अग्रिम कर असुली

९५क.(६ग) व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले व्यक्तिगत रुपमा नेपाल बाहिर परामर्श सेवा प्रदान गरे बापत विदेशी मुद्रामा कुनै भुक्तानी प्राप्त गरेको भएमा सम्बन्धित बैंङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ ।

२४.१५.३घ. व्यवसाय सञ्चालनमा संलग्न नरहेका बासिन्दा प्राकृतिक व्यक्तिको सामाजिक सञ्जाल मार्फत वापतको आयमा अग्रिम कर असुली

९५क.(६घ) व्यवसाय सञ्चालनमा संलग्न नरहेको बासिन्दा प्राकृतिक व्यक्तिले सामाजिक सञ्जालमा श्रब्यदृश्य सामग्री अपलोड गरे बापत विदेशी मुद्रामा भुक्तानी

प्राप्त गरेको भएमा सम्बन्धित बैङ्क, वित्तीय संस्था तथा मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर) गर्ने संस्थाले त्यस्तो भुक्तानी प्रदान गर्दा प्राप्त रकमको एक प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ ।

२४.१५.३ख. भन्सार विन्दुमै अग्रिम कर असुली

९५क.(७) व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैसी, खसी, बोका, भेडा, च्याङग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमिकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फूलहरू, भाग ७ मा पर्ने ताजा तरकारी, आलु प्याज सुख्खा तरकारी, लसुन, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफूलहरूमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा पाँच प्रतिशत तथा भाग २ को मासु, भाग ४ को दूधजन्य पदार्थ, अण्डा, मह, भाग १० को कोदो, फापर, जुनेलो, चामल, कनिका, भाग ११ को मैदा, आँटा तथा पिठो, भाग १२ को जडिवुटी, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा दुई दशमलब पाँच प्रतिशत अग्रिम आयकर भन्सार विन्दुमै असुल उपर गरिनेछ ।

२४.१५.४अग्रिम कर असुली र व्यवस्थापन

अग्रिम कर असुली गर्ने व्यक्ति वा अग्रिम कर तिर्ने व्यक्तिले पालना गर्नुपर्ने अन्य व्यवस्था निम्नानुसार रहेका छन् :

९५क.(८) उपदफा (१), (२) , (५) र (६) बमोजिम अग्रिम कर असुल गर्नुपर्ने व्यक्ति वा निकायले अग्रिम कर असुल नगरेको भए पनि असुल हुनुपर्ने समयमा सो कर असुल गरेको मानिनेछ ।

९५क.(९) अग्रिम कर असुल गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नु पर्नेछ ।

९५क.(१०) उपदफा (९) मा उल्लिखित विवरणसँग अग्रिम कर असुल गरिएको रकम वा उपदफा (८) बमोजिम असुल गरेको मानिएको रकम सोही उपदफा बमोजिमको म्यादभित्र विभागमा दाखिला गर्नु पर्नेछ ।

९५क.(११) देहाय बमोजिमको अवस्थामा अग्रिम कर दाखिला गर्नुपर्ने र असुल गर्नुपर्ने व्यक्ति दुवै जना संयुक्त रूपमा र छुट्टाछुट्टै रूपमा त्यस्तो कर रकम विभागमा दाखिला गर्न जिम्मेवार हुनेछन्:-

(क) अग्रिम कर असुल गर्नुपर्ने व्यक्तिले अग्रिम कर असुल नगरेमा, र

(ख) अग्रिम कर असुल गर्नुपर्ने व्यक्तिले उपदफा (८) बमोजिम असुल गरेको मानिने रकम उपदफा (१०) बमोजिम विभागमा दाखिला नगरेमा ।

९५क.(१२) उपदफा (११) बमोजिम अग्रिम कर दाखिला गर्नुपर्ने व्यक्तिले उपदफा (९) मा उल्लिखित म्याद समाप्त भएको पच्चीस दिनभित्र सो कर दाखिला गर्नु पर्नेछ ।

९५क.(१३) अग्रिम कर असुल गर्नुपर्ने व्यक्तिले असुल नगरेको अग्रिम कर उपदफा (१०) बमोजिम विभागमा दाखिला गरेको भएत्यसरी दाखिला भएको कर रकम बराबरको रकम सो कर दाखिला गर्नुपर्ने व्यक्तिबाट असुल उपर गर्न पाउनेछ ।

९५क.(१४)यस दफा बमोजिम दाखिला गरिएको अग्रिम कर दाखिला गर्नुपर्ने व्यक्तिले तिर्नुपर्ने वार्षिक कर दायित्वमा घटाउन पाउनेछ ।

# परिच्छेद २५

# आय विवरण

# (Income Tax Return)

२५.१ आयकर ऐन, २०५८ बमोजिम कर तिर्नुपर्ने व्यक्ति अर्थात करदाताले कर तिर्ने प्रयोजनका लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय वा ठूला करदाता कार्यालयमा पेश गर्नुपर्ने सूचना वा जानकारी वा विवरणमध्ये आय विवरण पनि एक हो । आयकर स्वयं कर निर्धारण प्रणालीमा आधारित कर भएको हुँदा ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिले आफूले तिर्नुपर्ने करको निर्धारण वा गणना स्वयं गर्नुपर्दछ । कुनै व्यक्तिले आफूले तिर्नुपर्ने कर निर्धारण गरी सम्बन्धितकार्यालयलाई आफ्नो कर दायित्वका बारेमा जानकारी गराउने माध्यम भनेको आय विवरण नै हो । आयकर निर्देशिकाको यस परिच्छेदले आय विवरण पेश गर्नुपर्ने व्यक्ति, आय विवरण पेश गर्नुपर्ने समय, आय विवरणका ढाँचा, आय विवरणसाथ संलग्न गर्नुपर्ने कागजात वा सूचना, आय विवरण भर्ने तरिका आदिका सम्बन्धमा ऐनको परिच्छेद १९ ले गरेका व्यवस्थालाई थप स्पष्ट पार्ने उद्देश्य राखेको छ ।

## २५.२ आय विवरण

### २५.२.१ आय विवरण पेश गर्नुपर्ने व्यक्ति

ऐन बमोजिम कुनै आय वर्षमा रोजगारी, व्यवसाय र लगानीबाट कुनै आय भएको व्यक्तिले आय विवरण बुझाउनुपर्दछ । ऐनको दफा ९६ को उपदफा (१) ले आय विवरणका सम्बन्धमा देहायको व्यवस्था गरेको छ :-

९६(१) **प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्रमा दफा ९७, ९८ र १०० को अधीनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नु पर्नेछ ।**

ऐनको दफा २ को खण्ड (भ) मा आयवर्षलाई निम्नानुसार परिभाषित गरेको छ :

**"आय वर्ष" भन्नाले कुनै सालको श्रावण एक गतेदेखि अर्को सालको आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ ।**

ऐनको उपर्युक्त व्यवस्थाको विश्लेषण गर्दा ऐनको दफा ९७ मा आय विवरण बुझाउनु नपर्ने भनी तोकिएका बाहेक अन्य सबै व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्रमा सो आय वर्षको आय विवरण बुझाउनुपर्ने हुन्छ । नेपालभित्र आय आर्जन हुने कुनै आर्थिक क्रियाकलापमा संलग्न जुनसुकै व्यक्ति र संसारभर जहाँसुकै आय आर्जन हुने कुनै आर्थिक क्रियाकलापमा संलग्न बासिन्दा व्यक्तिले आय विवरण पेश गर्नुपर्दछ । सामान्यतयाः नेपालमा कुनै रोजगारी, व्यवसाय, लगानी सञ्चालन गर्ने र गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट लाभ प्राप्त गर्ने बासिन्दा वा गैर बासिन्दा वा गैर बासिन्दा व्यक्तिको स्थायी संस्थापनले नेपालमा स्रोत भएको आयको आय विवरण पेश गर्नुपर्दछ । करयोग्य आय आर्जन हुने कुनै आर्थिक गतिविधिमा संलग्न भएको व्यक्तिमध्ये कुनै आय वर्षमा करयोग्य आय नभएको अर्थात त्यस्तो गतिविधिबाट नोक्सान भएको वा कर तिर्नुनपर्ने हदसम्मको रकममात्र आय भएको व्यक्तिले कर तिर्नु नपर्ने भएपनि त्यस्ता व्यक्ति कर तिर्नु नपर्ने व्यक्तिको परिभाषाभित्र पर्न सक्तैनन् र त्यस्तो व्यक्तिले कुनै वर्ष करयोग्य आय नभए पनि आय विवरण भने पेश गर्नुपर्दछ । त्यस्तै स्थायी लेखा नम्बर नलिएको कारणले मात्र कुनै व्यक्ति आफ्नो कर दायित्वबाट मुक्त नहुने हुँदा करयोग्य आय आर्जन हुने कुनै आर्थिक गतिविधिमा संलग्न भएको तर स्थायी लेखा नम्बर नलिएको व्यक्तिले पनि आय विवरण पेश गर्नुपर्दछ ।

तसर्थ आय विवरण बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले सामान्यतया: कुनै आय वर्षको आय विवरण सो आर्थिक वर्ष समाप्त भएको लगत्तैको ३ महिनाभित्र दाखिला गर्नुपर्दछ । जस्तै, आ.व. २०७५।७६ को आय विवरण २०७६ असोज मसान्तभित्र दाखिला गर्नुपर्दछ । सो दिन सार्वजनिक बिदा परेको खण्डमा कार्यालय खुलेको पहिलो दिन यस्तो विवरण दाखिला गर्ने अन्तिम म्याद मानिने छ । ऐनको दफा ९८ मा उल्लेख भए बमोजिम आय विवरण दाखिला गर्नुपर्ने कुनै व्यक्तिले त्यस्तो विवरण दाखिला गर्ने म्यादभित्र विभागसमक्ष थप म्यादको लागि मनासिब माफिकको कारण सहित लिखित निवेदन दिएमा विभागले आय विवरण दाखिला गर्नुपर्ने म्याद एकै पटक वा पटक पटक गरी बढीमा तीन महिनासम्म थप गर्न सक्नेछ ।

## २५.२.२ आय विवरण दाखिला गर्नुपर्ने व्यक्तिको दायित्व

ऐन बमोजिम आय विवरण पेश गर्ने कुनै व्यक्तिको दायित्व वा सो व्यक्तिले आय विवरण तयार गर्दा वा पेश गर्दा ध्यान दिनु पर्ने कुरा वा पूरा गर्नुपर्ने रीतका सम्बन्धमा ऐनको दफा ९६ को उपदफा (२) को खण्ड (क) तथा (ख) देहायको व्यवस्था रहेको छ :-

**९६(२) उपदफा (१) बमोजिमको आय विवरण देहाय बमोजिम हुनु पर्नेछ :-**

**९६(२)(क) देहायका कुरा खुलाई विभागबाट तोकिएको तरिका र ढाँचामा तयार गर्नु पर्नेछ :**

**(१) प्रत्येक रोजगारी, व्यवसाय वा लगानीबाट सो व्यक्तिको सो वर्षमा भएको निर्धारणयोग्य आय र त्यस्तो आयको स्रोत,**

**(२) सो वर्षमा सो व्यक्तिको करयोग्य आय र सो आयमा दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिलाई लाग्ने कर,**

**(३) गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापनले सो आय वर्षमा विदेश पठाएको आय र सो आयमा लाग्ने कर,**

(४) ................................

(५) ................................

**(६) विभागले तोकेको अन्य कुनै सूचना तथा जानकारी ।**

**९६(२)(ख) आय विवरण ठिक साँचो र पूर्ण भएको भन्ने घोषणा गरी सो व्यक्ति वा व्यवस्थापकबाट सहिछाप गरिएको हुनुपर्नेछ,**

उपर्युक्त व्यवस्था बमोजिम आय विवरण पेश गर्ने व्यक्तिले आय विवरण तयार वा पेश गर्दा निम्न अनुसार गर्नुपर्दछ ।

१. आय विवरण पेश गर्ने व्यक्तिले आफूलाई उपयुक्त हुने ढाँचाको आय विवरण भरी कार्यालयमा पेश गर्नुपर्दछ ।

२. आय विवरण विभागले तोकेको तरिका अनुसार तयार गर्नुपर्दछ ।

३. आय विवरणमा आय विवरण पेश गर्ने व्यक्तिको कुनै आय वर्षको रोजगारी, व्यवसाय र लगानीबाट भएको निर्धारणयोग्य आय स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।

४. आय विवरणमा आय विवरण पेश गर्ने व्यक्तिको कुनै आय वर्षको रोजगारी, व्यवसाय र लगानीबाट भएको करयोग्य आय भए सो करयोग्य आय र सो आयमा ऐनको अनुसूची-१ बमोजिम लाग्ने कर रकम स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।

५. उपर्युक्त बुँदा नं.४ बमोजिम लाग्ने वा तिर्नुपर्ने करमध्ये आफूले तिरिसकेको कर र तिर्न बाँकी कर उल्लेख गर्नुपर्दछ ।

६. आय विवरण पेश गर्ने व्यक्ति गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापन भए र सो आय वर्षमा सो हैसियतले कुनै आय विदेश पठाएको भए त्यसरी विदेश पठाएको आय, सो रकममा ऐनको अनुसूची-१ बमोजिम लाग्ने कर रकम, सो करमध्ये तिरिसकेको कर रकम र तिर्न बाँकी कर रकम स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।

७. आय विवरण पेश गर्ने कर्तव्य भएको व्यक्ति वा निजको व्यवस्थापक वा आय विवरण पेश गर्न अख्तियार प्राप्त गरेको व्यक्तिले पेश गरेको आय विवरण ठिक साँचो र पूर्णभएको प्रमाणित गरी सहिछाप गर्नुपर्दछ । करदाताले सहिछाप गरी प्रमाणीकरण नगरेको आय विवरण यस ऐनको प्रयोजनका लागि मान्य हुँदैन ।

८. पूर्वानुमानित कर तिर्ने व्यक्ति वा रोजगारी र व्यवसायबाट रु.२० लाखभन्दा कम कारोबार भएको पेशाकर्मी, प्राकृतिक व्यक्ति वा व्यवसाय र रोजगारीबाट रु.१करोडभन्दा कम वार्षिक कारोबार भएको व्यक्ति बाहेक अन्य व्यक्तिले पेश गर्ने आय विवरण नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट लेखापरीक्षण गर्ने अनुमति प्राप्त लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्दछ ।

| |
|---|
| उदाहरण २५.२.१: मानौ भैरव सिं गुप्ताको एकलौटी फर्मको वार्षिक कारोबाररु.१९ लाख र वार्षिक मुनाफा रु.१७८,०००।-रहेछ । निजले पूर्वानुमानित कर तिर्ने व्यक्तिको रूपमा आय विवरण दाखिला गरेका रहेछन् । निजको आय विवरण लेखापरीक्षकबाट प्रमाणीकरण गराइ रहनु पर्दैन । |
| उदाहरण २५.२.२: मानौ डा.भैरवलाल जोशी निजामती अस्पतालमा एक चिकित्सक रहेछन् सो रोजगारीबाट यो वर्ष रु.६ लाख प्राप्त गरेका रहेछन् । निजको एउटा प्राइभेट क्लिनिक पनिरहेछ । सो क्लिनिकबाट यो वर्षको कारोबाररु.५४ लाख रहेछ । त्यसकारण रोजगारी र व्यवसायको गरी निजको कारोबाररु.६० लाख भयो । पेशाकर्मी प्राकृतिक व्यक्तिको वार्षिक रोजगारी र व्यवसायको आय रु.६० लाख भएपनि निजले पेश गर्ने आय विवरण लेखापरीक्षकबाट प्रमाणीकरण गराइरहनु पर्दैन ।<br><br>जम्मा कारोबार रकम रु.१ करोडभन्दा बढी भएको भए सो कारोबारको आय विवरण र संलग्न कागजात लेखापरीक्षकबाट प्रमाणीकरण गराउनु पर्दथ्यो । |
| उदाहरण २५.२.३: मानौ मान बहादुर लिम्बु भन्ने व्यक्तिले जग्गा खरिदबिक्रीकारोबार गर्दा रहेछन् । आ.व.२०७६।७७ मा उनको कारोबाररु.९३,५०,०००।-रहेछ । कारोबाररु.१ करोड ननाघेकाले उनले पेश गर्ने आय विवरण लेखापरीक्षकबाट परिमाणीकरण गराइरहनु पर्दैन । जम्मा कारोबार रकम रु.१ करोडभन्दा बढी भएको भए सो कारोबारको आय विवरण र संलग्न कागजात लेखापरीक्षकबाट परिमाणीकरण गराउनु पर्दथ्यो ।<br><br>तर कम्पनीमा दर्ता भएको भए वित्तीय विवरण भने कम्पनी ऐन, २०६३ बमोजिम लेखापरीक्षण भएको हुनुपर्दछ । |

### २५.२.३ आय विवरण साथ पेश गर्नुपर्ने कागजात

ऐनको दफा ९६ को उपदफा (२) को खण्ड (ग) बमोजिम आय विवरण साथ पेश गर्नुपर्ने विवरण, सूचना वा जानकारीका सम्बन्धमा देहायको व्यवस्था रहेको छ :-

**९६(२)(ग) आय विवरणसाथ देहायका कुरा संलग्न हुनु पर्नेछ :-**

(१) ................................

**(२) उपदफा (४) बमोजिम सो व्यक्तिलाई उपलब्ध गराइएको कुनै विवरण,**

**(३) ............................र**

(४) **विभागले तोकेको अन्य कुनै सूचना तथा जानकारी ।**

कुनै व्यक्तिले पेश गरेको आय विवरणमा उल्लिखित आय, खर्च, करयोग्य आय वा नोक्सान, तिर्नुपर्ने कर र तिरेको करलाई प्रमाणित गर्ने दायित्व सोही व्यक्तिको हो । तसर्थ आय विवरण पेश गर्ने व्यक्तिले आफ्नो आय विवरणलाई पुष्टि गर्ने यथेष्ठ कागजात र विवरण आय विवरणसाथ पेश गर्नु कर प्रशासनको प्रयोजनका लागि भन्दा पनि करदाता स्वयंका लागि आवश्यक छ । ऐनको उपर्युक्त प्रावधान अनुसार कुनै व्यक्तिले आय विवरण पेश गर्दा विवरणको साथमा अनिवार्य रूपमा पेश गर्नुपर्ने विवरण, कागजात, सूचना वा जानकारी निम्नानुसार रहेका छन् :-

क) आय विवरण पेश गर्ने व्यक्तिको कर लेखापरीक्षकले आय विवरण प्रमाणित नगरेको भएमा सो लेखापरीक्षकले विवरण प्रमाणित नगर्नुका कारण उल्लेख गरी सो करदातालाई गराएको जानकारीको विवरण,

ख) आय विवरण पेश गर्ने व्यक्ति (प्राकृतिक व्यक्ति) ले पुर्वानुमानित कर तिर्ने भए सो अनुसार गर्न छनौट गरेको प्रमाण । त्यस्ता व्यक्तिले भर्नुपर्ने आय विवरण अर्थात डे०१ विवरणको करदाताको घोषणा खण्डमा सो व्यक्तिले सहिछाप गरेमा सो व्यक्तिले पूर्वानुमानित कर तिर्ने व्यक्तिको रूपमा आफूलाई छनौट गरेको मानिन्छ ।

ग) अन्य सूचना, विवरण वा जानकारी

उपर्युक्त बाहेक देहायका व्यक्तिले आय विवरणसाथ देहाय बमोजिमका विवरण, कागजात, सूचना वा जानकारी पेश गर्नुपर्दछ ।

१. **पूर्वानुमानित कर तिर्ने व्यक्ति**

व्यवसायबाट प्राप्त आय तीनलाख रुपैयाँसम्म र व्यवसायको कारोबारतिसलाख रुपैयाँभन्दा बढी नभएका अर्थात पूर्वानुमानित कर तिर्ने व्यक्तिले आय विवरणसाथ कुनै थप विवरण वा कागजात पेश गर्नुपर्दैन । तर आफूले पेश गरेको आय विवरणमा उल्लिखित कारोबार र खर्चलाई पुष्टि गर्ने प्रमाण तथा कागजात आफूसँग सुरक्षित राख्नुपर्दछ ।

२. **व्यवसाय र रोजगारीबाट आय भएको व्यक्ति**

व्यवसाय र रोजगारीको वार्षिक कारोबार (कुल आय) तिसलाख रुपैयाँभन्दा कम भएको ईन्जिनियरिंग, मेडिकल, कानुनी, लेखापरीक्षण वा अन्य परामर्श सेवा दिने मुख्य व्यवसाय सञ्चालन गरेको व्यक्ति वा निकाय तथा वार्षिक करयोग्य आय दश लाख रुपैयाँसम्म र व्यवसायको कारोबार तीस लाख रूपैयाँभन्दा बढी र एक करोड रूपैयाँभन्दा घटी भएकाउल्लिखितबाहेक व्यवसाय र रोजगारीको आय रहेको अन्य व्यक्ति वा निकायले पेश गर्नुपर्ने आय विवरणको साथमा देहायका विवरण र सूचना पेश गर्नुपर्दछ ।

१. वित्तीय लेखापरीक्षण गरिएका वासलात, नाफानोक्सान हिसाब र सोसँग सम्बन्धित अनुसूची,

२. रोजगारीको आय र व्यवसायको आय गणना फारम,

३. कर गणना फारम,

४. कर मिलान दाबी फारम,

५. कर कट्टी गरेको र दाखिला गरेको विवरण

३. **तीसलाख रुपैयाँभन्दा बढी आय भएको पेशाकर्मी तथा पचास लाख रुपैयाँभन्दा बढी कारोबार भएको पेशाकर्मी बाहेकको अन्य सबै व्यक्ति**

वार्षिक कारोबार (कुल आय) बीस लाख रुपैयाँभन्दा बढी भएको इन्जिनियरिंग, मेडिकल, कानुनी, लेखापरीक्षण वा अन्य परामर्श सेवा दिने मुख्य व्यवसाय सञ्चालन गरेको व्यक्ति तथा वार्षिक कारोबार (कुल आय) पचास लाख रुपैयाँभन्दा बढी आय भएको पेशाकर्मी बाहेक अन्य सबै व्यक्ति वा निकायले आय विवरणसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण :

१. नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त गरेको व्यक्तिले वित्तीय लेखापरीक्षण गरी प्रमाणीकरण गरेका वासलात, नाफानोक्सान हिसाब, मुनाफाको वितरणको हिसाब, नगद प्रवाह विवरण र वासलात तथा नाफानोक्सान हिसाबसँग सम्बन्धित अनुसूची ।

२. कर्मचारी वा कामदारको लागि अवकाश कोषमा आफ्नो तर्फबाट योगदान गरेको रकमसमेत रोजगारी वापतको भुक्तानीको विवरण ।

३. खरिद, पुंजीकरण वा निःसर्ग गरिएको ह्रासयोग्य सम्पत्तिको समूह, मूल्य तथा मिति खुल्ने विवरण,

४. सम्पत्ति समूह अनुसारको सो वर्षको ह्रास आधार, ह्रास खर्च र मर्मत तथा सुधार खर्चको रकमको विवरण,

५. ब्याज, अनुसन्धान तथा विकास र प्रदूषण नियन्त्रण वापत भएको खर्च र सोमध्ये खर्च कट्टी पाउने र पुँजिकरण वा जिम्मेवारी सार्नुपर्ने रकमको अलगअलग विवरण,

६. अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी गरेको र सो रकम दाखिला गरेको विवरण,

७. व्यापार मौज्दात हुनेको हकमा सुरु तथा अन्तिम मौज्दातको परिमाण र मूल्य खुल्ने विवरण तथा मूल्यांकन विधि,

८. बिक्री लागतको गणना गरिएको विवरण,

९. बीमा खर्च तथा प्राप्त भएको र प्राप्त हुन बाँकी बीमा दाबीको विवरण,

१०. तिर्नुनपर्ने वा प्राप्त नहुने ठहरी अपलेखन गरिएको रकम, सम्भाव्य दायित्व (Contingent Liability), हिताधिकारी वा सेयर पुँजीको संरचनामा भएको परिवर्तनको विवरण,

११. नाफा नोक्सान हिसाबमा खर्च दाबी गरिएका वा आम्दानी जनाइएका रकममध्ये कर प्रयोजनको लागि खर्च कट्टी नलिएका वा आयमा समावेश नगरिएका रकम भए सोको कारणसहितको विवरण,

१२. करछुट हुने कुनै आय रहेको भए सो आय र त्यस्तो आय आर्जन गर्न भएको खर्चको विवरण ,

१३. अवस्थानुसार रोजगारी, व्यवसाय र लगानीको आय, विदेश पठाएको आय र प्राकृतिक व्यक्तिको हकमा गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभको गणना फारम,

१४. सो आय वर्षमा अवस्थानुसार रोजगारी, व्यवसाय र लगानीको आय, विदेश पठाएको आय र प्राकृतिक व्यक्तिको हकमा गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट प्राप्त लाभमा तिर्नुपर्ने कर हिसाब गरिएको कर गणना फारम,

१५. आय विवरण पेश गरेको वर्षको लागि दाखिला गरेको किस्ताको कर रकम र सो वर्षमा प्राप्त भएको र आयमा समावेश भएको कुनै भुक्तानीमा अन्य कुनै व्यक्तिले कर कट्टी गरेको भए सोको विवरण उल्लेख भएको कर मिलान दाबी

फारम,

१६. वैदेशिक कर मिलान वापतको कुनै रकम भए वैदेशिक कर मिलान फारम,

१७. प्राकृतिक व्यक्तिको हकमा औषधि उपचार खर्च वापत कुनै कर मिलान हुने भए औषधि उपचार खर्च वापतको कर मिलान दाबी फारम ,

४. **पाँच करोड रुपैयाँभन्दा बढी वार्षिक कारोबार (कुल आय) हुने सबै व्यक्ति :**

वार्षिक कारोबार (कुल आय) पाँच करोड रुपैयाँभन्दा बढी भएको सबै व्यक्ति वा निकायले आय विवरणसाथ उपर्युक्तबुँदा नं. (३) मा उल्लिखित कागजात तथा विवरणबाहेक देहायका कागजात तथा विवरण संलग्न गर्नुपर्दछ :

१. एउटै व्यक्तिलाई पचास हजार रुपैयाँभन्दा बढी ब्याज भुक्तानी गरेको भए भुक्तानी पाउनेको नाम, ठेगाना र रकम खुल्ने विवरण,

२. सो आयवर्षमा कुनै एक व्यक्ति, फर्म वा कम्पनीलाई खरिद वा अन्य कारणले एक लाख रुपैयाँभन्दा बढी रकम भुक्तानी गरेको वा सो आय वर्षमा कुनै एक व्यक्ति, फर्म वा कम्पनीबाट बिक्री वा अन्य कारणलेएकलाख रुपैयाँभन्दा बढी भुक्तानी पाएको भए त्यस्तो भुक्तानी पाउने वा भुक्तानी दिने व्यक्ति, फर्म वा कम्पनीको नाम, ठेगाना, स्थायी लेखा नम्बर, भुक्तानीको कारण र रकम समेत खुल्ने विवरण,

३. विदेशी मुद्राको विनिमयदरमा भएको परिवर्तनबाट भएको नाफा वा नोक्सानी र सोको गणनाको तरिका सहितको विवरण,

४. कुनै आयवर्षमा आयात वा निर्यात प्रयोजनको लागि खोलिएको प्रतितपत्र खोल्ने बैंक, प्रतितपत्रको रकम, प्रतितपत्रबाट भएको वा प्राप्त भुक्तानी र बाँकी रकम खुल्ने विवरण,

५. सो आयवर्षमा प्रतितपत्र वा भुक्तानीका अन्य कुनै माध्यमबाट पैठारी भएका हरेक वस्तुको नाम, परिमाण, मूल्य, पैठारी महसुल तथा अन्य सरकारी दस्तुर, ढुवानी भाडा तथा अन्य खर्चको विवरण ।

देहाय बमोजिमका उद्योग तथा सेवा सञ्चालन गर्ने व्यक्तिले आय विवरणसाथ उपर्युक्त बुँदा नं. (३) र (४) मा उल्लिखित कागजात तथा विवरणकाअतिरिक्त देहायका कागजात तथा विवरणसमेत संलग्न गर्नु पर्दछ :

५. **उत्पादनमूलक उद्योग सञ्चालन गर्ने व्यक्ति :**

१. मुख्य उत्पादन र सोको उपज (By-Product)को उत्पादन विवरण,

२. मुख्य उत्पादन र सोको उपज (By-Product), कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ सामग्रीको शुरु मौज्दात, पैठारी वा खरिद वा उत्पादन, बिक्री वा उपभोग, टुटफुट वा हानी नोक्सानी तथा अन्तिम मौज्दातको परिमाण तथा मूल्य खुल्ने विवरण,

३. उत्पादित वस्तुको सार्वजनिक रूपमा बिक्री मूल्य प्रकाशित गरिएको भए सोको प्रमाण,

६. **ठेक्का व्यवसाय गर्ने व्यक्ति :**

१. ठेक्का, करार, सहायक करार, पट्टा (Lease)को सम्झौतापत्र,

२. प्रत्येक ठेक्का कार्यको लागतको विवरण,

३. प्रत्येक ठेक्का र कुल ठेक्काको आम्दानी तथा खर्च देखिने विवरण,

४. ठेक्का भुक्तानी दिने व्यक्तिबाट जारी भुक्तानी प्रमाण,

५. मूल्य परिवर्तन (Price Variation)भएको अवस्थामा मूल्य परिवर्तनको विवरण,

६. सहायक ठेकेदार(सब-कन्ट्राक्टर) नियुक्त गरेको भए निजलाई दिएको भुक्तानी र कर कट्टीको विवरण ।

७. **कमिशनको आधारमा कारोबार गर्ने व्यक्ति :**

१. कमिशन दर र गर्नुपर्ने कार्य खुल्ने सम्झौता वा शर्तनामाको प्रतिलिपि,

२. कमिशन रकम बैंक खातामा दाखिला भएको वा अन्य तवरले प्राप्त भएको विवरण वा प्रमाण,

३. प्रत्येक आपूर्तिबाट प्राप्त भएको कमिसन रकम बेग्लाबेग्लै देखिने विवरण,

४. एजेन्सी आम्दानी बाहेक अन्य आम्दानी भए त्यस्तो आम्दानीको विवरण ।

८. **होटेलव्यवसाय गर्नेव्यक्ति :**

१. कोठा, रेष्टुरेण्ट, लण्ड्री समेत हरेक प्रकारको छुट्टाछुट्टै आम्दानी र खर्चको विवरण,

२. कमिसन खर्चको विवरण,

९. **ट्राभल, ट्रेकिङ्ग तथा र्‍याफ्टीङ्ग व्यवसाय गर्ने व्यक्ति :**

१. यात्रु टिकट, कार्गो, होटेल आरक्षण, दृश्यावलोकन, जलक्रिडा, पदयात्रा तथा अन्य पर्यटकीय सेवा प्रदान गरे वापत प्राप्त रकमको छुट्टाछुट्टै र एकमुष्ट आय तथा खर्च खुल्ने विवरण,

२. कुनै हवाई कम्पनीको आधिकारिक बिक्रेता (GSA)भए सोको सम्झौता र सो कार्यबाट प्राप्त आयको विवरण,

४. विदेशी कम्पनीलाई पठाइएको वा विदेशी कम्पनीबाट प्राप्त गरेको भुक्तानी र कर कट्टी गरेको वा भएको विवरण,

५. विदेशी मुद्रा आम्दानीको विवरण,

१०. **बैंक तथा वित्तीय संस्था :**

१. खराव ऋणको अपलेखन वा सो वापतको व्यवस्था (Provision)अन्तर्गत खर्चकट्टी लिएको रकम गणनाको विवरण,

२. विदेशमा गरेको लगानी वा रहेको निक्षेपबाट प्राप्त ब्याज आयको विवरण,

३. ब्याजमुक्त निक्षेपको विवरण,

४. विदेशी साझेदारीमा सञ्चालन भएका बैंकको हकमा दुवै देशका बैंकबीच भएको सम्झौता,

५. ब्याज आय र खर्चको कर्जा र निक्षेप वर्गीकरण अनुसारको विवरण,

६. ब्याज बाहेक अन्य आयको विवरण,

७. वासलातबाहिर गरेको कारोबारको विवरण ।

११. **सामान्य बीमा व्यवसायी :**

१. सामान्य अर्थात निर्जीवन बीमा व्यवसायको क्षेत्रगत आम्दानी तथा खर्चको विवरण,

२. पूनर्बीमा वापत विदेश पठाएको तथा विदेशबाट प्राप्त गरेको रकमको विवरण,

३. बीमाको पूनर्बीमा वापत गैरबासिन्दालाई प्रिमियम तिरेको विवरण ।

**१२. दीर्घकालीन करारमा संलग्न भएको व्यक्ति :**

१. दीर्घकालीन करार सम्पन्न प्रतिशतको गणना फारम,

२. क्रमबद्ध वृद्धिको योग अनुसार आयमा समावेश हुने रकमको गणना,

३. क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकमको विवरण,

४. करारको अन्त्यसम्ममा कट्टी हुने अनुमानित प्रत्यक्ष खर्च र कुल खर्चको गणना

### २५.२.४ आय विवरणको ढाँचा

ऐनको दफा ९६ को उपदफा (२) ले आय विवरण तोकिएको ढाँचामा तयार गर्नुपर्ने व्यवस्था गरेको छ । करदाताले विभाग वा कार्यालयमा पेश गर्नुपर्ने कागजात वा विवरणको ढाँचा तोक्ने अधिकार ऐनको दफा ७७ बमोजिम विभागको महानिर्देशकलाई प्राप्त छ । कागजातको ढाँचाका सम्बन्धमा विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छद ३१ मा गरिएको छ ।

### २५.२.५ आय विवरण प्रमाणित गर्ने व्यक्तिको दायित्व

आय विवरण प्रमाणित गर्ने व्यक्ति (सामान्यतयाः कर लेखापरीक्षक) को दायित्वका सम्बन्धमा ऐनको दफा ९६ को उपदफा (३) र उपदफा (४) मा देहायको व्यवस्था रहेको छ :

**९६(३) कुनै व्यक्तिले कर्मचारीको हैसियतले बाहेक कुनै भुक्तानी लिएर कुनै अर्को व्यक्तिको आय विवरण वा आय विवरणसाथ संलग्न हुनुपर्ने कागजात वा विवरण तयार पारेमा वा तयार पार्न सहयोग गरेमा त्यस्तो व्यक्तिले देहायको कुरा प्रमाणित गर्नु पर्नेछ :-**

**(क) अर्को व्यक्तिले दफा ८१ बमोजिम राखेको कागजातहरु जाँच गरेको, र**

**(ख) विवरण वा जानकारीले सम्बन्धित परिस्थितिलाई वास्तविक रूपमा प्रतिविम्बित गरेको ।**

**९६(४) उपदफा (३) बमोजिम विवरण प्रमाणित गर्नुपर्ने व्यक्तिले विवरण प्रमाणित गर्न इन्कार गरेमा त्यसरी इन्कार गर्नुका कारणहरु लिखित रूपमा उल्लेख गरी जसको आय विवरण प्रमाणित गरी दिनुपर्ने हो सो व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।**

आय विवरण पेश गर्नुपर्ने व्यक्तिको कर्मचारीबाहेक अन्य कुनै व्यक्तिले कुनै प्रतिफल वा सेवा शुल्क लिई आय विवरण पेश गर्नुपर्ने व्यक्तिको आय विवरण वा सोसाथ संलग्न हुनुपर्ने कुनै विवरण वा कागजात तयार पार्ने वा तयार पार्न सहयोग गर्ने तथा त्यस्तो आय विवरणमा उल्लिखित सूचनालाई प्रमाणित गर्ने व्यक्तिलाई कर लेखापरीक्षक भनिन्छ । यस सन्दर्भमा ऐनको प्रयोजनका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट लेखापरीक्षण गर्ने अनुमति प्राप्त लेखा व्यवसायीलाई कर लेखापरीक्षक मानिएको छ । कुनै व्यक्तिले पेश गर्ने आय विवरण कर लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्दछ । तर पूर्वानुमानित कर तिर्ने व्यक्ति, रु.तीसलाखसम्मको रोजगारी तथा व्यवसायको आय (मुनाफा र लाभ) भएको डाक्टर, वकिल, इन्जिनियर, लेखा व्यवसायी जस्ता पेशाकर्मी तथा व्यवसाय वा रोजगारीबाट वार्षिक कारोबार ( जम्मा आय) रु.एक करोडसम्म भएको व्यक्तिले भने आफ्नो आय विवरण कर लेखापरीक्षकबाट प्रमाणित गराउनु पर्दैन । कर लेखापरीक्षकको रूपमा कसैलाई आय विवरण तयार पार्न सहयोग गर्ने र आय विवरण प्रमाणीकरण गर्ने लेखापरीक्षकले निम्नानुसारको दायित्व पूरा गर्नुपर्दछ ।

१. आय विवरण तोकिएको ढाँचामा तयार गरी आय विवरणसाथ संलग्न हुनुपर्ने विवरण तथा कागजात संलग्न राख्नु पर्दछ । विवरणले करदाताको सम्पत्ति, दायित्व, आय, खर्च र करयोग्य आयलाई यकिन गरेको हुनुपर्दछ ।

२. करदाताले ऐनको प्रयोजनका लागि राखेका खाताबही तथा कागजातको परीक्षण गर्नुपर्दछ ।

३. आफ्नो कर लेखापरीक्षण प्रतिवेदनमा करदाताका कागजात परीक्षण गरेको र आय विवरणले करदाताको आय, खर्च र नाफा वा नोक्सानलाई प्रतिविम्बित गरेको प्रमाणित गर्नुपर्दछ ।

४. आफूले तयार गरेको वा तयार गर्न सहयोग गरेको आय विवरणमा सहिछाप गरी प्रमाणित गर्नुपर्दछ ।

५. कुनै कर लेखापरीक्षकले उपर्युक्त ३ वा ४ बमोजिम प्रमाणित गर्न नसक्ने भएमा सो लेखापरीक्षकले विवरण प्रमाणित नगर्नुका कारण उल्लेख गरी सम्बन्धित करदातालाई लिखित रूपमा जानकारी गराउनु पर्दछ ।

## २५.३ आय विवरण दाखिला गर्नु नपर्ने व्यक्ति

आय विवरण बुझाउनु पर्ने कर्तव्य भएका व्यक्ति अर्थात नेपालभित्र करयोग्य आय आर्जन हुने कुनै आर्थिक क्रियाकलापमा संलग्न जुनसुकै व्यक्ति र संसारभर जहाँसुकै करयोग्य आय आर्जन हुने कुनै आर्थिक क्रियाकलापमा संलग्न बासिन्दा व्यक्तिमध्ये नेपालको स्रोतको रोजगारी आयमात्र भएको र एक पटकमा एउटामात्र रोजगारदाता भएको व्यक्ति, अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीमात्र प्राप्त गर्ने व्यक्ति, भाडाका सवारी साधनको धनी प्राकृतिक व्यक्ति,आय विवरण पेश गर्न नचाहने गैर व्यावसायिक करयोग्य सम्पत्ति निसर्गको आयमात्र भएको प्राकृतिक व्यक्तिले आय विवरण बुझाउनुपर्दैन । आय विवरण दाखिला गर्न नपर्ने सम्बन्धमा ऐनको दफा ९७ मा निम्नानुसारको व्यवस्था गरेको छ :

**९७. विभागले लिखित रूपमा आदेश दिएमा वा सार्वजनिक रूपमा सूचना प्रकाशित गरी आदेश दिएमा बाहेकदेहायका कुनै पनि व्यक्तिले दफा ९६ बमोजिम कुनै आय वर्षको आय विवरण पेश गर्नुपर्ने छैन :-**

**९७ (१) (क) सो आय वर्षमा दफा ३ को खण्ड (क) मा उल्लिखित व्यक्तिमध्ये कर तिर्नु नपर्ने कुनै व्यक्ति,**

सामान्यतया: कर तिर्नु नपर्ने व्यक्ति भन्नाले कुनै आय वर्षमा करयोग्य आय नरहेको व्यक्तिलाई जनाउँछ । अझ स्पष्ट रूपमा भन्ने हो भने कुनै आय वर्षमा करयोग्य आय आर्जन हुने कुनै आर्थिक गतिविधिमा संलग्न नभएको व्यक्तिलाई नै कर तिर्नु नपर्ने व्यक्ति मान्नु पर्दछ । तर करयोग्य आय आर्जन हुने कुनै आर्थिक गतिविधिमा संलग्न भएको व्यक्तिमध्ये त्यस्तो गतिविधिबाट नोक्सान भएको वा कर तिर्नु नपर्ने हदसम्मको रकममात्र आय भएको व्यक्तिले पनि सो वर्ष कर तिर्नु नपर्ने भएपनि त्यस्ता व्यक्ति कर तिर्नु नपर्ने व्यक्तिको परिभाषाभित्र पर्न सक्तैनन् । त्यसैले त्यस्तो व्यक्तिले भने आय विवरण पेश गर्नु पर्दछ ।

**९७ (१) (ख) त्यस्तो आय वर्षमा दफा ३ को खण्ड (ग) मा उल्लिखित व्यक्ति,**

ऐनको दफा ५४, ८७, ८८, ८८क. र ८९ ले रोजगारीको आयमा रोजगारदाता, लगानीको प्रतिफल र सेवा शुल्क, ठेक्का वा करार वापतको भुक्तानी र गैर बासिन्दा व्यक्तिलाई भुक्तानी गरेको बीमा प्रिमियमा भुक्तानीकर्ताले कर कट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । उपर्युक्त अनुसार कर कट्टी गरिएका रकममध्ये बासिन्दा कम्पनीबाट प्राप्त लाभांश, जीवन बीमावापत प्राप्त रकम, अवकाश भुक्तानीवापत प्राप्त रकम, बैंक वा वित्तीय संस्थाबाट प्राकृतिक व्यक्तिले प्राप्त गरेको ब्याज, गैर बासिन्दा व्यक्तिले प्राप्त गरेको भुक्तानी, प्रति बैंठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता र पटकेरूपमा अध्यापन गराएवापत प्राप्त रकम, प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे वापतको भुक्तानी र आकस्मिक लाभलाई अन्तिम रूपमा कर कट्टी हुने

भुक्तानी मानिएको छ । कुनै आय वर्षमा कुनै व्यक्तिले आर्जन गरेको आय अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी मात्र रहेको भए त्यस्तो व्यक्तिले आय विवरण पेश गरिरहनु पर्दैन ।

**९७ (१) (ग) त्यस्तोआय वर्षमा दफा ४ को उपदफा (३) आकर्षित हुने कुनै बासिन्दा प्राकृतिक व्यक्ति,**

कुनै आय वर्षमा ऐनको दफा ४ को उपदफा (३) मा उल्लिखित अवस्था पूरा गरेको बासिन्दा प्राकृतिक व्यक्ति अर्थात सो वर्षमा नेपालमा स्रोत भएको रोजगारीको आयमात्र भएको, एक पटकमा एउटा मात्र रोजगारदाता भएको, सबै रोजगारदाता बासिन्दा व्यक्ति भएको र सो वर्षमा रोजगारदाताले भुक्तान गरिदिएको अवकाश योगदान बाहेक अन्य खर्च घटाउन वा रोजगारदाताले भुक्तान गरेको औषधि उपचार खर्च वापतको कर मिलान बाहेक अन्य कर मिलान गर्न दाबी नगरेको व्यक्तिले आय विवरण बुझाइ रहनु पर्दैन । किनकि त्यस्तो व्यक्तिले बुझाउनुपर्ने जम्मा कर निजको रोजगारदाताले ऐनको दफा ८७ बमोजिम कट्टी गरेको कर रकम बराबर हुने हुँदा सो व्यक्तिले प्राप्त गरेको त्यस्तो आयलाई अन्तिम रूपमा कर कट्टी भई प्राप्त भएको भुक्तानी सरह मान्नु पर्दछ । यस प्रकारको रोजगारी आय हुने कुनै व्यक्तिको कुनै आय वर्षमा व्यवसाय वा लगानीको आय समेत भएमा भने आय विवरण पेश गर्नुपर्दछ ।

**९७ (१) (घ) अनुसूची-१ को दफा १ को उपदफा (१३) बमोजिम कर दाखिला गर्ने सवारीसाधन धनी एकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्ति भएमा त्यस्तो प्राकृतिक व्यक्ति ।**

भाडाका सवारी साधनको धनी प्राकृतिक व्यक्तिले अनुसूची-१ को दफा १ को उपदफा (१३) बमोजिम कर दाखिला गर्नु पर्दछ । यस सम्बन्धमा यसै परिच्छेदको २३ करको गणनामा उल्लेख गरिएको छ ।

**९७ (१) (ङ) आय विवरण पेश गर्न नचाहने गैर व्यावसायिक करयोग्य सम्पत्ति निसर्गको आयमात्र भएको प्राकृतिक व्यक्ति ।**

गैर व्यावसायिक करयोग्य सम्पत्ति निसर्गको कारोबार{जग्गा तथा घरजग्गा र कुनै निकायमारहेको हित (शेयर)}गरी आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले सो मात्र आय आर्जन गरेको भए र आय विवरण पेश गर्न नचाहेमा विवरण दिनु पर्दैन ।

तर दफा ९७ (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा चालीस लाख रुपैयाँभन्दा बढी आय भएमा ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नुपर्दछ ।

### २५.३.१ आय विवरण दाखिला गर्नुपर्ने:

दफा ९७(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा चालिस लाख रुपैयाँभन्दा बढी आय भएमा ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोछ । नेपालको स्रोतको रोजगारी आय भएको, अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी प्राप्त गर्ने व्यक्ति र भाडाका सवारी साधनको धनी प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा चालीस लाख रुपैयाँभन्दा बढी आय आर्जन गरेमा ऐनको दफा ९६ बमोजिम विभागले तोके बमोजिमको आय विवरण पेश गर्नुपर्दछ ।

**९७(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा चालीस लाख रुपैयाँभन्दा बढी आय भएमा ऐनको दफा ९६ बमोजिम आय विवरण पेश गर्नु पर्नेछ ।**

**९७(३) उपदफा (२) बमोजिम विवरण पेश गर्नुपर्ने व्यक्तिले समावेश गर्नुपर्ने आयको अतिरिक्त ऐनको दफा ५ को खण्ड (घ), दफा ७ को उपदफा (३), दफा ८ को**

उपदफा (३) को खण्ड (क), दफा ९ को उपदफा ३ को खण्ड (क) र दफा ११ बमोजिमको व्यावसायिक छुट सुविधाबाट प्राप्त आय समेत समावेश गर्नु पर्नेछ ।
तर बैठक भत्ता र ब्याज आय समावेश गर्न अनिवार्य हुने छैन।

९७(४) उपदफा (३) बमोजिम कायम भएको आयबाट ऐनको दफा ३ को खण्ड (ग) को आय र दफा ११ अनुसार कर छुट प्राप्त आय घटाउनु पर्नेछ ।
तर बैठक भत्ता र ब्याज आयसमावेश नगरेकोमा घटाउनुपर्ने छैन ।

९७(५) उपदफा (२) बमोजिम पेश गर्नुपर्ने आय विवरणको ढाँचा आन्तरिक राजस्व विभागले तोके बमोजिम हुनेछ ।

२५.४ आय विवरण दाखिला गर्नुपर्ने समयः

२५.४.१ आय विवरण दाखिला गर्नुपर्ने म्याद थप

ऐनको दफा ९६ को उपदफा (१) अनुसार आय विवरण पेश गर्नुपर्ने प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्र अर्थात जुन आय वर्षको आय विवरण पेश गर्नुपर्ने हो सो आय वर्ष भन्दा पछाडिको आय वर्षको ३ महिनाभित्र आय विवरण पेश गर्नुपर्दछ । उदाहरणका लागि आय वर्ष २०७५।७६ को आय विवरण २०७६आश्विन मसान्तभित्र पेश गरिसक्नुपर्दछ । उपरोक्त समयमा कुनै कारणले आय विवरण पेश गर्न नसक्ने भएमा सो व्यक्तिले सम्बन्धित कार्यालयसँग आय विवरण पेश गर्ने म्याद थप माग गर्न सक्ने सन्दर्भमा ऐनको दफा ९८ ले निम्नानुसारको व्यवस्था गरेको छ :-

९८(१) दफा ९६ बमोजिम आय विवरण दाखिला गर्नुपर्ने कुनै व्यक्तिले त्यस्तो विवरण दाखिला गर्ने म्यादभित्र विभागसमक्ष थप म्यादको लागि लिखित निवेदन दिएमा मनासिव माफिकको कारण भएमा विभागले आय विवरण दाखिला गर्नुपर्ने म्याद थप गरिदिन सक्नेछ । यसरी म्याद थपका लागि दिएको निवेदन सम्बन्धमा विभागले गरेको निर्णयको जानकारी निवेदकलाई लिखित रूपमा दिनु पर्नेछ ।

९८(२) उपदफा (१) बमोजिम आय विवरण पेश गर्न विभागले एकै पटक वा पटकपटक गरी बढीमा तीन महिनासम्म म्याद थप गर्न सक्नेछ ।

आय विवरण दाखिला गर्नुपर्ने हरेक व्यक्तिले सामान्यतयाः आय वर्ष समाप्त भएको तीन महिनाभित्र आय विवरण सम्बन्धित कार्यालयमा पेश गर्नुपर्दछ । तर कुनै कारणले आय विवरण पेश गर्नुपर्ने व्यक्तिले उक्त समयभित्र आय विवरण पेश गर्न नसकेमा र आय विवरण पेश गर्नुपर्ने उपर्युक्त समयभित्र आय विवरण पेश गर्ने म्याद थप गरिदिन कार्यालयसमक्ष लिखित निवेदन दिएमा सम्बन्धित कार्यालयले एकै पटक वा पटकपटक गरी बढीमा तीन महीनासम्म अर्थात जुन आय वर्षको आय विवरण पेश गर्नुपर्ने हो सो आय वर्षभन्दा पछाडिको आय वर्षको पौष मसान्तसम्ममा आय विवरण पेश गर्नसक्ने गरी आय विवरण पेश गर्ने म्याद थप गर्न सक्नेछ । यसरी कार्यालयले कुनै व्यक्तिको आय विवरण पेश गर्ने म्याद थप गरिदिएमा सोको लिखित जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्दछ ।

२५.४.२ विभागले सूचना दिई आय विवरण दाखिला गराउने

आय विवरण बुझाउनुपर्ने व्यक्तिमध्ये कर जोखिम रहेको अर्थात बुझाउनुपर्ने कर नबुझाउने सम्भावना रहेको व्यक्तिसँग भने कार्यालयले उपयुक्त सम्झेको अवधिको आय विवरण निश्चित म्यादभित्र दाखिला गराउन सक्तछ । यस सम्बन्धमा ऐनको दफा ९६ को उपदफा (५) मा निम्न व्यवस्था छ :-

९६(५) देहायका अवस्थामा उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला गर्नुपर्ने म्यादभन्दा अगावै दफा १०० को अधीनमा रही विभागले कुनै व्यक्तिलाई दिएको लिखित सूचनामा उल्लिखित म्यादभित्र सो आय वर्ष वा आय वर्षको कुनै भागको आय विवरण दाखिला गराउन सक्नेछ :-

(क) सो व्यक्ति टाट पल्टिएमा, ऋणमा डुबेमा वा विघटन भएमा,

(ख) **सो व्यक्तिले अनिश्चित समयका लागि नेपाल छोड्ने भएमा,**

(ग) **सो व्यक्तिले कुनै कारणले नेपालमा गरिरहेको कार्य छोड्न लागेमा, वा**

(घ) **विभागले अन्यथा उपयुक्त सम्झेमा।**

हरेक व्यक्तिले सामान्यतयाः आय वर्ष समाप्त भएको तीन महिनाभित्र आय विवरण पेश गर्नुपर्ने भएतापनि कुनै व्यक्ति टाट पल्टिएमा वा दामासाहीमा परेमा वा ऋणमा डुबेमा वा विघटन भएमा, अनिश्चित समयका लागि वा स्थायीरूपमा नेपाल छाडि विदेश पलायन हुने भएमा र नेपालमा सञ्चालन गरिरहेको कुनै व्यवसाय वा आर्थिक कारोबार गर्न छाड्ने भएमा त्यस्तो व्यक्तिलाई कार्यालयले कुनै आय वर्षको आय विवरण दाखिला गर्नुपर्ने मिति अगावै सो आय वर्ष वा सो आय वर्षको कुनै भाग वा अवधिको आय विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्तछ। यस्तो सूचना पाएको व्यक्तिले सो सूचनामा उल्लिखित आय वर्ष वा अवधिको आय विवरण सोही सूचनामा उल्लेख भएको समयभित्र दाखिला गर्नुपर्दछ। यस्तो आदेश पाएको व्यक्तिले कार्यालयको आदेशमा उल्लिखित आय वर्ष वा अवधिको आय विवरण सोही सूचनामा उल्लेख भएको समयभित्र दाखिला नगरेमा कार्यालयले सो व्यक्तिको सूचनामा उल्लिखित अवधिको तिर्नुपर्ने कर यकिन गर्ने प्रयोजनका लागि ऐनको दफा १०० बमोजिम संशय कर निर्धारण गर्न सक्तछ।

### २५.४.३ म्यादभित्र पेश गरेको आय विवरण संशोधन हुने

**९६(६) कुनै व्यक्तिले विभागमा म्यादभित्र पेश गरेको आय विवरण अन्यथा भई संशोधन गर्न चाहेमा विवरण पेश गरेको मितिले तीस दिनभित्र विभागले तोकेको प्रक्रिया बमोजिम आय विवरण संशोधन गर्न सक्नेछ।**

कानुनले तोकेको म्यादभित्र आय विवरण पेश गरेको कुनै पनि व्यक्तिले आय विवरण अन्यथा भई संशोधन गर्न चाहेमा विवरण पेश गरेको मितिले तीस दिनभित्र विभागले तोकेको प्रक्रिया बमोजिम संशोधन गर्न सक्ने व्यवस्था रहेको छ।

| |
|---|
| उदाहरण २५.४.१ मानौं कल्पवृक्ष प्रा.लि.ले आ.व.२०७५।७६ को आय विवरण पेश गर्नको लागि २०७६ असोजमा आय विवरण दाखिला गर्न दफा ९६ बमोजिम तीन महिना म्याद थप लिएको रहेछ। उक्त प्रा.लि.ले २०७६ पौष २० गते आय विवरण दाखिला गरेको रहेछ। पेश गरेको आय विवरणमा अन्यथा भएकोमिति २०७६ माघ २० गते पत्ता लागेको हुँदा उक्त अवधितीस दिनभित्र पर्ने भएकोले सो मितिमाआय विवरणमा संशोधन गर्न सक्दछ। |

ऐनको उपरोक्त प्रावधान अनुसार म्याद भित्र पेश भएको आयबिबरण भन्नाले आयकर ऐन,२०५८ को दफा ९६९१० तथा म्याद थप भएको हकमा दफा ९८९१० र ९२० बमोजिमको अवधि जनाउंछ। यसरी उक्त म्याद भित्र दाखिला भएको आय बिबरण र सो संग सम्वन्धित अनुसुची हरूमा मात्र संशोधन गर्न पाईन्छ। एक पटक लेखा परीक्षक तथा करदाता स्वयंले प्रमाणित गरि पेश गरेको बित्तिय बिबरण भने यो व्यवस्था अन्तर्गत संशोधन हुन सक्दैन । बित्तिय बिबरण पेश गर्नु अनिवार्य नभएको पुर्वानुमानित तथा कारोवारमा आधारित कर तिर्नु पर्ने करदाताको हकमा खरिद बिक्री बिबरण अनुसार कारोवार फरक पर्न गएमा तोकिएको म्याद भित्र दाखिला भएको आयविवरण करदाताले चाहेमा यस व्यवस्था अन्तर्गत करदाताले संशोधन गर्न पाउने छ।

| |
|---|
| उदाहरण:२५.४.२ मानौ एविसी एण्ड कम्पनी प्रा.लि.ले आ.व.२०७७।०७८ को आय बिबरण (डे.०३) २०७८।०६।२५ मा दाखिला गरेको रहेछ । आय बिबरण दाखिला गर्दा नाफा नोक्सान हिसाव अनुसार यस बर्ष भुक्तानी गरेको व्याज खर्च रू.१० लाख रहेकोमा अनुसुची ५ मा उक्त रकम खर्च तर्फ समाबेश गर्न छुटाएको तथा नाफा नोक्सान हिसाव तथा बिक्री बिबरणमा जम्मा बिक्री रू.१०००००००।०० रहेकोमा अनुसुची ५ मा रू.१००००००।०० लेखांकन गरी अन्यथा भएको रहेछ ।उक्त कम्पनीले अनुसुची ५ मा |

| |
|---|
| अन्यथा भएकोले आय बिबरण संशोधनको लागि बिबरण दाखिला गरेको मितिले३० दिन भित्र संशोधन गर्नु परेको कारण सहित निवेदन पेश गरेमा कार्यालयले छानविन गरि उक्त आय बिबरण संशोधन हुने व्यवस्था रहेको छ। |

### २५.४.४ निकायको स्वामित्व परिवर्तन भएको अवस्थामा विवरण दाखिला गर्ने म्याद

ऐनको दफा ५७ वमोजिम कुनै निकायको स्वामित्व परिवर्तन भएमा स्वामित्व परिवर्तन भएको आयवर्षको अघि र पछिको भागलाई बेग्लाबेग्लै आय वर्षको रूपमा मान्नु पर्छ । बेग्लाबेग्लै आयवर्ष मान्नुपर्ने अवस्थाले गर्दा जुन मितिमा स्वामित्व परिवर्तन हुन्छ सो मितिभन्दा अगाडिको अवधिको लागि र सो मितिपछिको अवधिको लागि बेग्लाबेग्लै स्वयं कर निर्धारण गरी बेग्लाबेग्लै आय विवरण दिनुपर्छ । स्वामित्व परिवर्तन भएको आय वर्षको स्वामित्व परिवर्तन हुनुअघि र पछिको भागलाई बेग्लाबेग्लै आय वर्षको रूपमा मान्नुपर्ने हुँदा आय विवरण दाखिला गर्ने म्याद पनि फरक पर्न जान्छ । जुन मितिमा स्वामित्व परिवर्तन हुन्छ, सो मितिले तीन महिनाभित्र आय विवरण दाखिला गरी सक्नु पर्दछ ।

उदाहरणको लागि, यदि कुनै निकायको मिति २०७५।१।५ गते स्वामित्व परिवर्तन भएको छ भने दफा ५७ को प्रयोजनको लागि त्यस्तो निकायको स्वामित्व परिवर्तन अघिको भाग अर्थात् मिति २०७४।४।१देखि मिति २०७५।१।५सम्म एउटा आय वर्ष हुन्छ र सो आय वर्षको आय विवरण म्याद थप नलिएको अवस्थामा मिति २०७५।४।४भित्र बुझाउनु पर्दछ । एवम् स्वामित्व परिवर्तन पछिको भाग अर्थात् मिति २०७५।१।६ देखि मिति २०७५।३।३२ सम्मको अवधि अर्को आय वर्ष हुन्छ र सो पछिल्लो आय वर्षको आय विवरणकोम्याद थप नलिएमा२०७५ असोज मसान्तभित्र बुझाउनु पर्दछ ।

# परिच्छेद २६

# कर निर्धारण
# (Tax Assessment)

२६.१ आयकर ऐन, २०५८ बमोजिम कर तिर्नुपर्ने व्यक्तिले कुनै आय वर्षमा तिर्नुपर्ने कर यकिन गर्ने कार्यलाई कर निर्धारण भनिन्छ । कर भन्नाले ऐन बमोजिम लाग्ने कर, शुल्क र ब्याज लगायतका रकमलाई सम्भनुपर्दछ । कुनै व्यक्तिको कुनै आय वर्षको तिर्नुपर्ने कर निर्धारण गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरिएका छन् । आयकरलाई स्वयं कर निर्धारण प्रणालीमा आधारित करको रूपमा स्वीकार गरेको हुँदा आयकर ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिले आफूले तिर्नुपर्ने करको निर्धारण वा गणना आफै गर्नुपर्दछ । आफूले तिर्नुपर्ने कर निर्धारण गरी सम्बन्धित कार्यालयलाई आफ्नो कर दायित्वका बारेमा आय विवरणको माध्यमबाट समयमै जानकारी गराउनु, कर तिर्नुपर्ने कर्तव्य भएका सबै व्यक्ति अर्थात करदाताको प्रमुख कर्तव्य हो । कुनै व्यक्तिले आफूले तिर्नुपर्ने कर निर्धारण गरी सम्बन्धित कार्यालयलाई आफ्नो कर दायित्वका बारेमा समयमै जानकारी नगराएमा त्यस्तो व्यक्तिको कर दायित्व निर्धारण गर्ने अधिकार विभागलाई प्राप्त हुन्छ । त्यस्तै कुनै व्यक्तिले भूलवश वा जानाजान आफ्नो वास्तविक कर दायित्व भन्दा घटी कर निर्धारण गरेमा विभागले सो व्यक्तिको कर दायित्वमा संशोधन गर्न सक्ने व्यवस्था समेत ऐनले गरेको छ । आयकर निर्देशिकाको यस परिच्छेदमा करदाताले गर्ने स्वयं कर निर्धारण र विभागले गर्ने संशोधित वा संशय कर निर्धारणका सम्बन्धमा ऐनको परिच्छेद १९ ले गरेका व्यवस्थालाई थप व्याख्या गर्नेप्रयास गरिएको छ ।

## २६.२ कर निर्धारण

### २६.२.१ आय विवरण

कुनै आय वर्षमा रोजगारी, व्यवसाय र लगानीबाट आय भएको कुनै व्यक्ति, कुनै आय वर्षको आय विदेश पठाउने गैर बासिन्दा व्यक्तिको नेपालमा रहेको विदेशी स्थायी संस्थापन, आकस्मिक लाभ भएको व्यक्ति, ऐनको दफा ८७, ८८, ८८क., ८९ र ९५क. बमोजिम भुक्तानीमा कर कट्टी भएको वा अग्रिम कर असुल भएको व्यक्ति, ऐनको दफा ९२ बमोजिम अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी प्राप्त गर्ने व्यक्ति र भाडाका सवारी साधनको धनी प्राकृतिक व्यक्ति कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्ति हुन् ।

उपर्युक्तव्यक्तिमध्ये कुनै आय वर्षको आय विवरण बुझाउनुपर्ने कर्तव्य भएका व्यक्तिले सो वर्षमा आफूले तिर्नुपर्ने करको रकम स्वयं निर्धारण गर्नुपर्दछ । आफूले तिर्नुपर्ने कर निर्धारण आफैं गर्नुपर्दछ। करदाताले बुझाउने आय विवरणका सम्बन्धमा यसै निर्देशिकाको परिच्छेद २५ मा विस्तृत व्याख्या गरिएको छ ।

### २६.२.२ आय विवरण बुझाउने व्यक्तिको कर निर्धारण

ऐनको दफा ९९ को उपदफा (१) ले आय विवरण बुझाउने व्यक्तिको कर निर्धारणका सम्बन्धमा देहायको व्यवस्था गरेको छ :-

९९(१) **कुनै व्यक्तिले देहायका रकमहरु खुलाई आय विवरण दाखिला गर्नुपर्ने मितिमा कुनै आय वर्षको आय विवरण दाखिला गरेको रहेछ भने सो आय विवरणको कर निर्धारण गरे सरह मानिनेछ :-**

(क) **दफा ३ को खण्ड (क) र (ख) मा उल्लिखित व्यक्तिले सो आय वर्षमा तिर्नुपर्ने आय विवरणमा उल्लेख गरेको करको रकम, र**

(ख) **आय विवरणमा उल्लेख गरेको उक्त वर्षको तिर्न बाँकी कर रकम ।**

कुनै आय वर्षको आय विवरण बुझाउनुपर्ने कुनै व्यक्तिले आय विवरण बुझाएको अवस्थामा सो व्यक्तिको कर निर्धारण भएको मानिने व्यवस्था ऐनले गरेको छ । तर, आय विवरण बुझाउने व्यक्तिले आय विवरण बुझाउनुपर्ने मिति अर्थात जुन आय वर्षको आय विवरण बुझाउने हो

सोभन्दा पछिल्लो आय वर्षको असोज महिनाभित्र र आय विवरण बुझाउने म्याद थप पाएको व्यक्तिले त्यसरी थप पाएको  मितिभित्र आय विवरण बुझाएमा मात्र आय विवरणमा उल्लेख भए बमोजिम कर निर्धारण गरेको मानिन्छ । आय विवरण बुझाउने म्याद थप पाएको व्यक्तिले त्यसरी थप पाएको मितिभित्र आय  विवरण नबुझाएमा निजले आय विवरण बुझाउनुपर्ने म्याद भन्नाले जुन आय वर्षको आयविवरण बुझाउने हो सो आय वर्ष समाप्त भएको तीन महिना वा असोजमसान्त कायम हुन्छ । आय विवरण बुझाउनुपर्ने म्याद वा म्याद थपभित्र आय विवरण नबुझाएको व्यक्तिको हकमा त्यस्तो व्यक्तिले आय विवरणनबुझाएसम्मका लागि ऐनको दफा ९९ को उपदफा (२) बमोजिम कर निर्धारण गरेको मान्नुपर्दछ ।

कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश गर्नुपर्ने मितिमा सो आय वर्षको लागि आफूले तिर्नुपर्ने करको जम्मा रकम र सोमध्ये तिर्न बाँकी रहेको करको रकम उल्लेख गरी आयविवरण पेश गरेमा सो व्यक्तिले सो वर्षको लागि आफ्नो कर निर्धारण गरेको मानिन्छ । यस प्रयोजनका लागि तिर्नुपर्ने जम्मा कर भन्नाले सो व्यक्तिको सो आय वर्षमा आयका विभिन्न शीर्षकबाट प्राप्त भएको करयोग्य आयमा ऐनको अनुसूची-१ ले तोकेको करको दरले लाग्ने जम्मा कर र निजलाई कुनैब्याज वा शुल्क लाग्ने भए सो रकमसमेतको जम्मा रकमलाई जनाउँछ । त्यस्तै तिर्न बाँकी कर भन्नाले सो आय वर्षमा लाग्ने जम्मा कर रकममा किस्ताबन्दीमा दाखिला गरेको कर, कर कट्टी भई प्राप्त हुनुपर्ने कुनै भुक्तानी करयोग्य आयमा समावेश भएकोमा कर कट्टी गर्ने व्यक्ति वा आफैंले अग्रिम कर बापत दाखिला गरेको रकम, करयोग्य आयमा कुनै वैदेशिक स्रोतको आय समावेश भएको र त्यस्तो आयमा विदेशमा तिरेको करमध्ये मिलान गर्न पाउने रकम र प्राकृतिक व्यक्तिको स्वीकृत औषधि उपचार खर्च भए सो बापत मिलान गर्न पाउने कर समेतको जम्मा रकम घटाउँदा बाँकी हुन आउने दाखिला गर्न बाँकी कर रकमलाई जनाउँछ ।

उदाहरण २६.२.१: मानौं, राम प्रसादले चामलको थोक व्यापार गर्दछन् । आ.व.२०७५।७६ मा निजको कारोबार २ करोड रुपैयाँ रहेछ । यस वर्षको कारोबार रकममध्ये नेपाल खाद्य संस्थानलाई ५० लाख रुपैयाँको चामल बिक्री गरेको र सो रकममा सो संस्थानले २०७५ माघ महिनामा ७५ हजार रुपैयाँ अग्रिम कर कट्टी गरेको रहेछ । सो वर्ष उपचार खर्च बापत निजले बीर अस्पतालमा १० हजार रुपैयाँ भुक्तानी गरेका रहेछन् । निजले गरेको गणना अनुसार सो वर्ष उनको करयोग्य आय आर्जन गर्न भएको कट्टी पाउने खर्च १ करोड ९० लाख रुपैयाँ रहेछ । उनले उक्त वर्षको करको किस्ता बापत २०७५ पौष महिनामा ६० हजार रुपैयाँ तिरेका रहेछन् । उनले २०७६ भाद्र महिनामा आय विवरण बुझाएका रहेछन् । यस अवस्थामा उनले तिर्नुपर्ने जम्मा कर र तिर्न बाँकी कर देहाय बमोजिम हुन्छ । यस वर्ष निज र निजको पत्नीले दम्पती छनौट गरेका रहेछन् ।

| | |
|---|---|
| करयोग्य आय | रु.१०,००,०००।- |
| **घटाउने :-** | |
| दम्पतीको छुट | रु.४,००,०००।- |
| करयोग्य आय | रु.६,००,०००।- |
| पहिलो रु.१,००,०००।-मा १० प्रतिशतले लाग्ने कर | रु.१०,०००।- |
| त्यसपछिको रु.२,००,०००।-मा २० प्रतिशतले लाग्ने कर | रु.४०,०००।- |
| त्यसपछिको बाँकी आय रु.३,००,०००।-मा ३० प्रतिशतले लाग्ने कर | रु.९०,०००।- |
| जम्मा लाग्ने कर | रु.१,४०,०००।- |
| घटाउने :- स्वीकृत औषधि उपचार खर्चको कर मिलान | रु.७५०।- |
| किस्ताबन्दीमा दाखिला गरेको कर | रु.६०,०००।- |
| अग्रिम कर कट्टी भएको कर | रु.७५,०००।- |

| | |
|---|---|
| जम्मा दाखिला | रु.१,३५,७५०।- |
| तिर्न बाँकी कर | रु.४,२५०।- |
| राम प्रसादले आय विवरण बुझाउदा तिनुपर्ने कर रु.१,४०,०००।-हुन्छ । उपर्युक्त अनुसार तिर्न बाँकी कर रु.४,२५०।-र सोमा लाग्ने कुनै ब्याज वा शुल्क भए सो रकमसमेत जोडी हुन आउने रकम उल्लेख गर्नुपर्दछ । | |

**विवरण पेश गर्ने म्याद फरक पर्ने अवस्था**

व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्र आय विवरण पेश गर्नुपर्ने भएतापनि ऐनको दफा ९६ को उपदफा (५) को अवस्था रहेको व्यक्ति अर्थात टाट पल्टिएको वा कंगाल भएको वा ऋणमा डुबेको वा विघटन भएको वा अनिश्चित समयका लागि वा स्थायी रूपमा नेपाल छाडि विदेशपलायन हुन लागेको वा नेपालमा सञ्चालन गरिरहेको कुनै व्यवसाय वा आर्थिक कारोबार गर्न छाड्न लागेको व्यक्तिलाई विभागले कुनै आय वर्षको आय विवरण दाखिला गर्नुपर्ने मिति अगावै सो आय वर्ष वा सो आय वर्षको कुनै भाग वा अवधिको आय विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्तछ । यस्तो सूचना पाएको व्यक्तिले सो सूचनामा उल्लिखित आय वर्ष वा अवधिको आयविवरण सोही सूचनामा उल्लेख भएको समयभित्र दाखिला गर्नुपर्दछ । यस्तो आदेश पाएको व्यक्तिले कार्यालयको आदेशमा उल्लिखित आय वर्ष वा अवधिको आय विवरण सोही सूचनामा उल्लेख भएको समयभित्र दाखिला गरेमा सो व्यक्तिले पनि आयविवरण पेश गर्नुपर्ने समयमा सूचनामा उल्लिखित अवधिको कर निर्धारण गरेको मानिन्छ । यस्तो कर निर्धारणलाई करदाताले गर्ने संशय कर निर्धारण भनिन्छ । यसरी आयविवरण पेश गरेको व्यक्तिले पूरा आय वर्षको आयविवरण पेश गरेको भए सो वर्षका लागि पुनः आय विवरण पेश गरिरहनु पर्दैन ।

### २६.२.३ आय विवरण नबुझाउने व्यक्तिको कर निर्धारण

स्वयंकर निर्धारण पद्दतिलाई आयकर ऐनले अंगिकार गरेको छ । कुनै पनि व्यक्तिले आफूले गरेको कारोबारको यथार्थ चित्रण निज स्वयंलाई जति जानकारी हुन्छ त्यती जानकारी अन्य कुनै पनि व्यक्तिलाई हुँदैन भन्ने यथार्थतालाई यस ऐनले मनन गरी आफ्नो कारोबारबाट भएको मुनाफामा प्रचलित आयकरका दर अनुसार कर निर्धारण गर्ने प्रक्रियालाई स्वयं कर निर्धारण पद्दति भनिन्छ ।

एक आय वर्षभरि भएका कारोबारको लेखाङ्कन गरी तयार पारिएको वित्तीय विवरणलाई कर लेखा परीक्षकद्वारा परीक्षण तथा प्रमाणित गराई तोकिएको ढाँचामा आय विवरण र यकिन गरिएको कर सम्बन्धित कार्यालयमा तोकिएको समयभित्र बुझाउनु पर्दछ । करदाताले म्यादभित्र आय विवरण पेश नगरेपनि तोकिएको म्यादभित्र नै विवरण पेश गरेको मानिने हुँदा कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही अनुसारको ब्याज, शुल्क लगाउन सक्दछ । ऐनको दफा ९९ को उपदफा (२) मा यस सम्बन्धमा देहायको व्यवस्था छ :-

**९९(२) कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश नगरेमा आय विवरण दाखिला नभएसम्मको लागि आय विवरण पेश गर्नुपर्ने मितिमा देहाय बमोजिम कर निर्धारण गरे सरह मानिनेछ :-**

**(क) परिच्छेद१७ बमोजिम प्राप्त गरेको रकमबाट कट्टी भएको कुनै करको रकम तथा निजले परिच्छेद१८ बमोजिम सो वर्षको लागि किस्ताबन्दीमा दाखिला गरेको कुनै रकमको योग बराबर निजको सो वर्षको करको रकम भएको मानिनेछ, र**

**(ख) कर निर्धारण बमोजिम कर तिर्न बाँकी नरहेको मानिनेछ ।**

कुनै आय वर्षमा आयविवरण बुझाउनुपर्ने व्यक्तिले सो आय वर्षको आयविवरण बुझाउनुपर्ने म्यादभित्र नबुझाएमा सो व्यक्तिले आयविवरण बुझाउनुपर्ने मितिमा नै कर निर्धारण गरेको

मानिन्छ । आय विवरण पेश नगर्ने व्यक्तिले आय विवरण नबुझाएको वर्षका लागि ऐनको दफा ९४ बमोजिम करको किस्ता दाखिला गरेको भए सो करको किस्ताको रकम र सो वर्षमा सो व्यक्तिले अन्तिम कर कट्टी भई प्राप्त हुने भुक्तानीबाहेक सो व्यक्तिको आय गणना गर्दा समावेश हुने अन्य कुनै भुक्तानी प्राप्त गर्दा भुक्तानीकर्ताले कर कट्टी गरेको कर भए सो रकम समेत जोडी हुन आउने रकम नै सो व्यक्तिले सो आय वर्षका लागि तिर्नुपर्ने कर हुन्छ । त्यसरी आयविवरण पेश नगर्ने व्यक्तिका हकमा निजका नाममा किस्ता वा अग्रिम करको कुनै रकम दाखिला भएको भए सोही रकम नै निजको सो वर्षको कर दायित्व मानिने हुँदा त्यस्तो व्यक्तिले सो कर निर्धारण बमोजिम सो वर्षका लागि कुनै कर दाखिला गर्न बाँकी रहेको मानिदैन । आयविवरण पेश गर्नुपर्ने तर पेश नगरेको व्यक्तिको कुनै वर्षमा किस्ता वा अग्रिम कर बापत कुनै कर दाखिला नभएको अवस्थामा पनि सो व्यक्तिले कर निर्धारण गरेको मानिन्छ । यस्तो अवस्थामा सो व्यक्तिको कर निर्धारणको रकम वा कर दायित्व शून्य हुनुको साथै सो कर निर्धारण अनुसार निजले कुनै कर रकम बुझाउन बाँकी रहेको मानिदैन । कर अधिकृतले दफा १०१ बमोजिमको संशोधित कर निर्धारण र दफा १०० बमोजिमको संशय कर निर्धारण मात्र गर्न पाउने हुँदा यदि करदाताले कर निर्धारण गरी आय विवरण दाखिला नगरेमा त्यस्ता करदाताको संशोधित कर निर्धारण गर्न यो उपदफाले बाधा फुकाएको छ । आयविवरण नदिने करदातालाई कर अधिकृतले दफा ९९ को उपदफा (२) बमोजिमको मानिने यस्तो कर निर्धारणमा संशोधन गर्न सक्दछ । कुनै आय वर्षको आय विवरण बुझाउनुपर्ने समयभन्दा पछि अर्थात कर निर्धारण भएको मानिने समयपछि सो वर्षको आय विवरण पेश गरेमा उपर्युक्त अनुसार भएको मानिएको कर निर्धारण स्वतः निष्कृय हुन्छ । तर आय विवरण बुझाउनुपर्ने समयभन्दा पछि अर्थात कर निर्धारण भएको मानिने समयपछि आयविवरण पेश गर्ने व्यक्तिले आयविवरण पेश गर्नु अगावै विभाग वा कार्यालयले संशोधित कर निर्धारण गरेको भए त्यस्तो संशोधित कर निर्धारण नै करदाताको कर निर्धारण हुन्छ । करदाताले कार्यालयले संशोधित कर निर्धारण गरेपश्चात पेश गरेको आय विवरण अनुसार संशोधित कर निर्धारणमा पुनः संशोधन गर्नुपर्ने देखिएमा पेश भएको विवरणलाई सुचनाको रूपमा लिई संशोधित कर निर्धारणमा पुनः संशोधन गर्न भने सकिन्छ । कार्यालयबाट भएको संशोधित कर निर्धारणमा पुनः संशोधन नभएमा साविकको संशोधित कर निर्धारण नै अन्तिम मानिनेछ ।

उदाहरण २६.२.२: मानौं, हरी मिश्रले चाउचाउको एजेन्सीको रूपमा चाउचाउको थोक व्यापार गर्दछन् । आ.व.२०७५।७६ मा निजको कारोबार २ करोड रुपैयाँ रहेको छ । यस वर्षको कारोबार उल्लेख्य रूपमा गरे बापत उत्पादकले उनलाई रु.२ लाख बिक्री बोनस दिएको र सो रकममा ३० हजार रुपैयाँ अग्रिम कर कट्टी गरी दाखिला गरेको रहेछ । उनले उक्त वर्षको करको किस्ता बापत२०७५पौष महिनामा १ लाख रुपैयाँ तिरेका रहेछन् । उनले २०७६ असोज महिनासम्ममा पनि सो वर्षको आय विवरण बुझाएका रहेनछन् र आय विवरण बुझाउने थप म्यादपनि लिएका रहेनछन् । यस अवस्थामा उनको २०७६ असोज मसान्तमा आफ्नोआ.व.२०७५।७६ को कर निर्धारण भएको मानिन्छ र उनले तिर्नुपर्ने जम्मा कर र तिर्न बाँकी कर देहाय बमोजिम हुन्छ ।

**निजले दाखिला गरेको जम्मा कर**

| | |
|---|---|
| किस्ताबन्दीमा दाखिला गरेको कर | रु.१,००,०००।- |
| अग्रिम कर कट्टी भएको कर | रु.३०,०००।- |
| जम्मा | रु.१,३०,०००।- |
| निजले तिर्नुपर्ने कर | रु.१,३०,०००।- |
| निजले तिर्न बाँकी कर | रु.०।- |

निज हरी मिश्रले आय विवरण नबुझाएको हुँदा निजले आय विवरण बुझाउनुपर्ने मितिमा २०७५।७६ को लागि निजले वा निजका तर्फबाट अन्यले दाखिला गरिदिएको कर बराबरको रकम रु.१,३०,०००।-कर निर्धारण गरेको मानिन्छ र सो कर निर्धारण अनुसार

| |
|---|
| उनले २०७५।७६को लागि तिनुपर्ने कर बाँकी रहँदैन । |
| उदाहरण २६.२.३: मानौं, हरि मिश्रको कारोबार र आय उदाहरण २६.२.२ मा उल्लेख भए अनुसार नै रहेछ । उनले आ.व.२०७५।७६को आय विवरण पेश गर्न२०७६ मंसिर मसान्तसम्मको म्याद थप पाएका रहेछन् । तर उनले २०७६मंसिर मसान्तसम्ममा पनि आय विवरण दाखिला गरेका रहेनछन् । यस्तो अवस्थामा पनि हरि मिश्रले निजले आयविवरण बुझाउनुपर्ने मिति अर्थात २०७६ असोज मसान्तमा आ.व.२०७५।७६ को लागि निजले वा निजका तर्फबाट अन्यले दाखिला गरिदिएको कर बराबरको रकम रु.१,३०,०००।-कर निर्धारण गरेको मानिन्छ र सो कर निर्धारण अनुसार उनले आ.व.२०७५।७६को लागि तिनुपर्ने कर बाँकी रहँदैन ।<br>त्यस्तै हरि मिश्रले आय विवरण बुझाउन म्याद थपेकै भए तापनि सो विवरण नबुझाएसम्म वा विभागले संशोधित कर निर्धारण नगरेसम्म२०७६ असोज मसान्तमा माथिकै रकम कर निर्धारण भएको मानिन्छ । |
| उदाहरण २६.२.४: मानौं, हरि मिश्रकोकारोबारआ.व.२०७५।७६ मा उदाहरण २६.२.३ मा उल्लेख भएअनुसार नै भएपनि बिक्री बोनस बापतको आय र अग्रिम कर कट्टी गरेको कर रकम रहेनछ । त्यस्तै उनले सो वर्ष किस्ता बापत कुनै रकम दाखिला गरेका पनि रहेनछन् । आ.व.२०७५।७६ को आय विवरण उनले २०७६ असोज मसान्तसम्ममा दाखिला गरेका छैनन् र म्याद थप लिएका पनि छैनन् । यस्तो अवस्थामा पनि हरि मिश्रले आय विवरण बुझाउनुपर्ने मिति अर्थात २०७६ असोज मसान्तमा आ.व.२०७५।७६को लागि कर निर्धारण गरेको मानिन्छ । यस आ.व.मा निजले वा निजका तर्फबाट अन्य कसैले दाखिला गरिदिएको कर नरहेको हुँदा निजले यस आय वर्षको लागि तिर्नुपर्ने कर नरहेको भनी कर निर्धारण गरेको अर्थात शून्य रकम बराबरको कर निर्धारण गरेको मानिन्छ । त्यस्तै सो कर निर्धारण अनुसार उनले आ.व. २०७५।७६ को लागि तिर्न बाँकी कर रहेको पनि मानिदैन। |

ऐनको दफा ९६ को उपदफा (५) को अवस्था रहेको व्यक्ति अर्थात टाट पल्टिएको वा दामासाहीमा परेको वा ऋणमा डुबेको वा विघटन भएको वा अनिश्चित समयका लागि वा स्थायीरूपमा नेपाल छाडी विदेशपलायन हुन लागेको वा नेपालमा सञ्चालन गरिरहेको कुनै व्यवसाय वा आर्थिक कारोबार गर्न छाड्न लागेको व्यक्तिलाई कार्यालयले कुनै आय वर्षको आय विवरण दाखिला गर्नुपर्ने मिति अगावै सो आय वर्ष वा सो आय वर्षको कुनै भाग वा अवधिको आय विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिएकोमा सो सूचनामा उल्लिखित समय वा म्यादभित्र त्यस्तो व्यक्तिले सो सूचनामा उल्लिखित आय वर्ष वा अवधिको आयविवरण दाखिला नगरेको अवस्थामा भने उपर्युक्त व्यवस्था लागू हुँदैन । अर्थात त्यस्तो आदेश पाएको व्यक्तिले कार्यालयको आदेशमा उल्लिखित आय वर्ष वा अवधिको आयविवरण सोही सूचनामा उल्लेख भएको समयभित्र दाखिला नगरेमा सो व्यक्तिले सो सूचनामा उल्लिखित अवधिको कर निर्धारण गरेको मानिदैन । यस्तो अवस्थामा कार्यालयले सो व्यक्तिको सूचनामा उल्लिखित अवधिको तिर्नुपर्ने कर यकिन गर्ने प्रयोजनका लागि ऐनको दफा १०० बमोजिम संशय कर निर्धारण गर्नु पर्दछ ।

## २६.३ संशय कर निर्धारण

संशय कर निर्धारण (Jeopardy Assessment) का सम्बन्धमा ऐनको दफा १०० मा देहायको व्यवस्था गरिएको छ :-

**१००(१) दफा ९६ को उपदफा (५) बमोजिम कुनै आय वर्ष वा कुनै आयवर्षको कुनै अंशको आय विवरण दाखिला गर्नुपर्ने भएमा दफा ९९ बमोजिम गर्नु पर्नेछ ।**

दफा ९६(५) को अवस्था परी पूरा आय वर्षको कर नतिरेका करदाताले आय वर्षको कुनै अंशको आय विवरण विभागले दिएको लिखित आदेशमा तोकिएको अवधिका लागि पेश गर्न

सक्तछन् । करदाताले यसरी आय वर्षको अंशका लागि पेश गरेको आय विवरण पनि दफा ९९ बमोजिम कर निर्धारण भएको मानिन्छ ।

**१००(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९६ को उपदफा (५) मा उल्लिखित अवस्थामा विभागले कुनै आय वर्ष वा उक्त वर्षको अंशको लागि दफा ९६ को उपदफा (२) को खण्ड (क) को उपखण्ड (१), (२), र (३) मा उल्लिखित रकमको आधारमा न्यायोचित रूपले त्यस्तो व्यक्तिको कर निर्धारण गर्न सक्नेछ ।**

ऐनको दफा ९६ को उपदफा (५) को अवस्था रहेको कुनै व्यक्ति अर्थात टाट पल्टिएको वा दामासाहीमा परेको वा ऋणमा डुबेको वा विघटन भएको वा अनिश्चित समयका लागि वा स्थायी रूपमा नेपाल छाडीविदेशपलायन हुन लागेको वा नेपालमा सञ्चालन गरिरहेको कुनै व्यवसाय वा आर्थिक कारोबार गर्न छाड्न लागेको व्यक्तिले त्यस्तो कर निर्धारण गरी नबुझाएको अवस्थामा विभागले कुनै आय वर्षको आयविवरण दाखिला गर्नुपर्ने समय वा मिति अगावै सो आय वर्ष वा सो आय वर्षको कुनै भाग वा अवधिको कर निर्धारण गर्न सक्तछ । उदाहरणका लागि कुनै व्यक्ति भाद्र मसान्तमा दामासाहीमा परेका अवस्थामा अघिल्लो आय वर्ष पूरैको तथा चालु आय वर्षको दुई महिनाको कर निर्धारण विभागले गर्न पाउँदछ । यसका लागि विभागले त्यस्तो व्यक्तिलाई कर निर्धारण गर्न आवश्यक पर्ने सूचना तथा विवरण दाखिला गर्न दफा ८३ बमोजिम लिखित आदेश वा सूचना दिन सक्दछ । कुनै व्यक्तिलाई विभागले त्यस्तो सूचना दिएकोमा सो सूचनामा उल्लिखित समय वा म्यादभित्र त्यस्तो व्यक्तिले सो सूचनामा उल्लिखित आय वर्ष वा अवधिको माग भए बमोजिमका विवरण दाखिला गर्नु पर्दछ । सो सूचना वा आफूसँग भएका अन्य सूचनाका आधारमा विभागले सो आय वर्ष वा आय वर्षको अंशको संशय कर निर्धारण गर्न सक्दछ । तर सम्बन्धित आय वर्षको स्वयं कर निर्धारण गर्नुपर्ने अवधि (सामान्यत: असोज मसान्त) समाप्त भए पछि संशय कर निर्धारण गर्न सक्तैन, तर संशोधित कर निर्धारण गर्न भने सक्तछ । यस सम्बन्धी व्यवस्था तल उल्लेख गरिएको छ :

उदाहरण २६.३.१: कमलेशजी शाहले रु.३ करोड पर्ने जग्गा मिति २०७६।२।१मा रु.१ करोडमा बिक्री गरेको कागज खडा गरेको भन्ने व्यहोरामिति २०७६।३।१ मा विभागको जानकारीमा आयो । निजले सो रु.१ करोडमा पनि मालपोत कार्यालयमा रजिष्ट्रेशनका बखत अग्रिम कर(पुँजीगत लाभकर)तिरेका रहेनछन् । विभागले निजका बारेमा बुझ्दा निज नेपाल छोडी परदेश जादै रहेछन् भन्ने सूचना प्राप्त भयो । यस्तो अवस्थामा विभागले निम्नानुसार तीन तरिकाबाट कर निर्धारणगराउन सक्तछ:

- दफा १००(१) बमोजिम निजबाटै आय विवरण दाखिला गर्न लगाई दफा ९९ बमोजिम कर निर्धारण गर्ने र सो आय विवरणको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न सक्तछ।
- दफा १००(२) अन्तर्गत संशय कर निर्धारण गर्ने, यस्तोमा सम्बन्धित व्यक्तिलाई सफाईको सवुत प्रमाण पेश गर्न सात दिनको म्याद दिनु पर्दछ ।
- दफा ९५(७) बमोजिम अनुमानित आय विवरण पेश नगरेका व्यक्तिको अनुमानित आय निर्धारण गरी किस्ताको रकम माग गर्न सक्तछ ।

**१००(३) उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गरिएकोमा देहाय बमोजिम हुनेछः-**

**(क) पूरा आय वर्षको कर निर्धारण गरिएको व्यक्तिले सो आयवर्षको लागि दफा ९६ को उपदफा (१) बमोजिमको आय विवरण दाखिला गर्नुपर्ने छैन, वा**

**(ख) कुनै आय वर्षको अंशको कर निर्धारण गरिएको व्यक्तिले दफा ९६ को उपदफा (१) बमोजिम सो आय वर्षको आय विवरण दाखिला गर्नु पर्नेछ ।**

**१००(४) कुनै आय वर्षको कुनै अंशको कर निर्धारण अनुसार दाखिला गरेको कर रकम पूरा वर्षको कर निर्धारण गर्दा लाग्ने करमा मिलान गर्न पाइनेछ ।**

**१००(५) यस दफा बमोजिम कर निर्धारण गर्दा विभागले सफाईको सबूत प्रमाण पेश गर्न सात दिनको म्याद दिनु पर्नेछ ।**

संशय कर निर्धारण भन्नाले टाट पल्टिएको वा कंगाल भएको वा ऋणमा डुबेको वा विघटन भएको वा अनिश्चित समयका लागि वा स्थायीरूपमा नेपाल छाडि विदेशपलायन हुन लागेको वा नेपालमा सञ्चालन गरिरहेको कुनै व्यवसाय वा आर्थिक कारोबार गर्न छाड्न लागेको कारणले तिर्नुपर्ने कर नतिर्ने सम्भावना रहेको वा विभागले अन्यथा उपयुक्त सम्झेमा र विभागले दिएको सूचना बमोजिम आय विवरण पनि पेश नगरेको अर्थात स्वयं कर निर्धारण नगरेको व्यक्तिले तिर्नुपर्ने कर यकिन गर्ने प्रयोजनका लागि विभागबाट गरिने कर निर्धारण हो ।

पूरा आय वर्षको संशय कर निर्धारण गरिएको व्यक्तिले सो आय वर्षको आय विवरण दाखिला गर्नु
पर्दैन । उदाहरणका लागि२०७६ भाद्र मसान्तमा आय वर्ष २०७५।७६ को संशय कर निर्धारण भएको रहेछ भने सो व्यक्तिले सो आ.व.को स्वयं कर निर्धारणको विवरण २०७६ असोजमा दाखिला गर्नु पर्दैन । तर, आय वर्षको आंशिक अवधिको संशय कर निर्धारण भएका अवस्थामा भने पूरै आय वर्षको आय विवरण दाखिला गर्नु पर्दछ । त्यस्तो वार्षिक आय विवरण अनुसार लाग्ने करमा सो संशय कर निर्धारण बमोजिमदाखिला भएको कर मिलान गर्न पाउँदछ । माथिकै उदाहरणमा २०७६ भाद्र मसान्तसम्मको कर निर्धारण भएकाले सो व्यक्तिले आय वर्ष २०७६।७७ को आय विवरण दफा ९९ बमोजिम कर निर्धारण गरी २०७७ असोज मसान्तसम्म दाखिला गर्नु पर्दछ । २०७६ भाद्र मसान्तमा संशय कर निर्धारण हुँदा तिरिएको कर आय वर्ष २०७६।७७ को आय विवरणमा मिलान गर्नपाउँदछ ।

संशय कर निर्धारण गर्दा विभागले गरेको निर्धारण उपर सम्बन्धित व्यक्तिलाई सफाई वा सबुत पेश गर्न सात दिनको म्याद दिनु पर्दछ ।

## २६.४ संशोधित कर निर्धारण

कुनै व्यक्तिले ऐनको दफा ९६ को उपदफा (१) बमोजिम पेश गर्नुपर्ने आयविवरण पेश गरी वा नगरी ऐनको दफा ९९ को उपदफा (१) वा (२) बमोजिम गरेको कुनै आय वर्षको कर निर्धारण वा कुनै व्यक्तिले विभागले सोही दफाको उपदफा (५) बमोजिम दिएको आदेशबमोजिम आय विवरण पेश गरी गरेको कर निर्धारण वा विभागले उपर्युक्त बमोजिम दिएको आदेशबमोजिम आय विवरण पेश नगरेको व्यक्तिको हकमा विभागले गरेको कर निर्धारणलाई विभागले संशोधन गर्नसक्ने सम्बन्धमा ऐनको दफा १०१ को उपदफा (१) मा देहायको व्यवस्था रहेको छ :-

**१०१(१) दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्य बमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्नेछ ।**

ऐनको दफा ९९ बमोजिम कर निर्धारण भएका वा कर निर्धारण भएको मानिएका र दफा १०० बमोजिम संशय कर निर्धारण गरिएका व्यक्तिमध्ये कर निर्धारण सन्तोषजनक नभएको लागेका वा घटीबढी कर निर्धारण भएको प्रमाणित भएका व्यक्तिको कर निर्धारणमा विभागले संशोधन गर्न सक्तछ ।

ऐनले कुनै व्यक्तिको करको दायित्व न्यायोचित आधारमा समायोजन गर्ने अर्थात सो व्यक्तिको कर दायित्व सहीरूपमा निर्धारण गर्ने प्रयोजनका लागिमात्र संशोधित कर निर्धारण गर्नुपर्ने र ऐनको मनसाय विपरित कसैलाई कर दायित्व बोकाउन नहुने मान्यतालाई स्थापित गर्ने

प्रयास गरेको छ । कुनै व्यक्तिले सन्तोषजनकरूपमा कर निर्धारण नगरेको वा घटी कर निर्धारण गरेको पुष्टी हुने प्रमाण वा आधार बेगर विभागको कुनै अधिकृतले कुनै व्यक्तिको संशोधित कर निर्धारण गर्न सक्तैन । अर्थात संशोधित कर निर्धारण गर्दा कुनै व्यक्तिको कर दायित्वमा संशोधन गर्नुपर्ने प्रमाण वा आधार कर दायित्वमा संशोधन गर्ने कर अधिकृतले जुटाउनु पर्दछ ।

सामान्यतयाः कुनै व्यक्तिले आयमा समावेश गर्नुपर्ने कुनै आय समावेश नगरेको वा कट्टी नपाउने वा कट्टी पाउनेभन्दा बढी खर्च कट्टी लिएको वा गलत रूपमा कर, शुल्क वा ब्याजको गणना गरेको वा मिलान गर्न नपाउने कर मिलान गरेको अवस्थामा सो व्यक्तिले गरेको कर निर्धारण त्रुटिपूर्ण हुने र निजले घटी कर निर्धारण गरेको मानिन्छ । कर परीक्षणबाट वा अन्य कुनै तवरले कुनै व्यक्तिले उपर्युक्तमध्ये कुनै एक वा बढी कारणले घटी कर निर्धारण गरेको प्रमाण वा जानकारी वा सूचना प्राप्त भएमा त्यस्तो व्यक्तिको कर दायित्वमा संशोधन गर्नुपर्दछ । उपर्युक्त व्यवस्था आय विवरण पेश गरी कर निर्धारण गरेको वा आय विवरण पेश नगरेको वा संशय कर निर्धारण भएको सबै व्यक्तिको संशोधित कर निर्धारण गर्ने सन्दर्भमा लागू हुन्छ ।

### २६.४.१ संशोधित कर निर्धारणमा पुनः संशोधन

विभाग वा कार्यालयले गरेको कुनै व्यक्तिको संशोधित कर निर्धारणमा पुनः संशोधन गर्ने सम्बन्धमा ऐनको दफा १०१ को उपदफा (२) र (५) मा देहायको व्यवस्था छ ।

**१०१(२) उपदफा (१) बमोजिम गरिएको संशोधित कर निर्धारणमा पुनः संशोधन गर्न विभागले उपयुक्त ठानेमा न्यायोचित आधारमा जतिपटक पनि संशोधन गर्न सक्नेछ ।**

विभागले कुनै व्यक्तिको कुनै आय वर्षको संशोधित कर निर्धारण गर्न सक्तछ । आय विवरण पेश गरेको वा नगरेको कारणले कर निर्धारण भएको वा ऐनको दफा १०० को उपदफा (२) बमोजिम संशय कर निर्धारण भएको व्यक्तिको संशोधित कर निर्धारण हुनसक्तछ । संशोधित कर निर्धारण गर्ने समयमा सूचना वा प्रमाणको अभाव वा अपर्याप्तताको कारणले कुनै संशोधित कर निर्धारणमा त्रुटि भएमा करको दायित्व न्यायोचित आधारमा समायोजन गर्ने अर्थात सो व्यक्तिको कर दायित्व सहीरूपमा निर्धारण गर्ने प्रयोजनका लागि मात्र संशोधित कर निर्धारणमा संशोधन गर्नुपर्छ । कुनै व्यक्तिको संशोधित कर निर्धारण गर्दा त्रुटि भएको वा घटी कर निर्धारण भएको पुष्टि हुने प्रमाण वा आधार बेगर विभागले कुनै व्यक्तिको संशोधित कर निर्धारणमा संशोधन गर्नु हुँदैन । अर्थात संशोधित कर निर्धारणमा संशोधन गर्दा कुनै व्यक्तिको संशोधित कर दायित्वमा संशोधन गर्नुपर्ने प्रमाण वा आधार संशोधित कर दायित्वमा संशोधन गर्ने कर अधिकृतले जुटाउनु पर्दछ ।

**१०१(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व न्यायाधिकरण वा अन्य अधिकारप्राप्त अदालतहरुबाट कर निर्धारण संशोधन गरिएको वा निर्धारित कर घटाइएको अवस्थामा सो हदसम्म विभागले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्नेछैन ।**

**तर पुनः छानबिन गर्ने आदेश दिएमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।**

राजस्व न्यायाधिकरण वा अधिकार प्राप्त अधिकारी वा अदालतले त्यस्तो संशोधित कर निर्धारणमा पुनः संशोधन गर्न आदेश दिएमा त्यस्तो संशोधित कर निर्धारणमा पुनः संशोधन गर्नु आवश्यक हुन्छ । यस्तो आदेशमा किटानी साथ के के संशोधन गर्ने भन्ने आदेश भएको भए सो हदसम्म सोही बमोजिम गर्नुपर्छ । तर, पुनः छानबिन गर्ने भन्ने मात्र आदेश भएकोमा पुनः छानबिन गरी प्राप्त तथ्यका आधारमा पुनः संशोधन गर्नुपर्छ ।

### २६.५ कर निर्धारणको सूचना

ऐनले कर निर्धारण गर्ने सन्दर्भमा कर निर्धारण गर्नु अघि र कर निर्धारण भएपछि कर निर्धारण हुने वा कर निर्धारण गरिएको व्यक्तिलाई सूचित गर्नुपर्ने व्यवस्था गरेको छ ।

### २६.५.१ कर निर्धारण गर्नु अघि दिनुपर्ने सूचना

ऐन बमोजिम कुनै व्यक्तिको संशय कर निर्धारण समेत सबै प्रकारका कर निर्धारणमा संशोधन गर्नुपर्दा त्यस्तो व्यक्तिलाई सूचित गर्नुपर्ने सम्बन्धमा ऐनको दफा १०१ को उपदफा (६) मा देहायको व्यवस्था छ ।

१०१(६) **यस दफा बमोजिम कर निर्धारणमा संशोधन गर्दा विभागले त्यसरी संशोधन गर्नु परेको आधार स्पष्ट खुलाई सो व्यक्तिलाई लिखित सूचना दिई त्यस्तो कर निर्धारण सम्बन्धमा सफाईको सबुत प्रमाण पेश गर्न पन्ध्रदिनको म्याद दिनु पर्नेछ ।**

ऐनको दफा १०१ को उपदफा (१) बमोजिम कुनै व्यक्तिको संशय कर निर्धारण वा कर निर्धारण वा संशोधित कर निर्धारणमा अर्थात सो व्यक्तिको हाल कायम रहेको कर दायित्वमा संशोधन गर्दा विभागले त्यसरी संशोधन गर्नुपर्नाको आधार तथा कारण उल्लेख गरी सो व्यक्तिलाई लिखित सूचना दिनुपर्दछ । त्यस्तै विभागको महानिर्देशक वा राजस्व न्यायाधिकरण वा अन्य कुनै अदालतको आदेश वा निर्णय बमोजिम कुनै व्यक्तिको संशोधित कर निर्धारणमा पुनः संशोधन गर्नुपरेमा पनि उपर्युक्त अनुसारको सूचना दिनुपर्दछ । त्यसरी दिइने सूचनामा कुनै व्यक्तिको संशोधित कर निर्धारण वा संशोधित कर निर्धारणमा पुनः संशोधन गर्नुपर्नाको कारण अर्थात सो व्यक्तिको कर निर्धारण वा संशोधित कर निर्धारणबाट कायम भएको कर दायित्वमा परिवर्तन गर्नुपर्नाको स्पष्ट आधार र कारण, त्यस्तो संशोधनबाट कायम हुन आउने करयोग्य आय, सो करयोग्य आयमा तिर्नुपर्ने कर, शुल्क र ब्याजको जम्मा रकम तथा सोमध्ये तिर्न बाँकी कर रकम स्पष्ट उल्लेख गर्नुपर्दछ । त्यस्तो सूचना दिइएको व्यक्तिलाई सूचनामा उल्लिखित करयोग्य आय कायम हुनु नपर्ने वा तिर्नुपर्ने करमध्ये कुनै रकम तिर्नु नपर्ने वा तिर्न बाँकी रकममध्ये कुनै रकम तिर्नुनपर्ने कुनै सबुत, प्रमाण वा भनाइ भए सो सबुत प्रमाण वा भनाइ पेश गर्न संशय कर निर्धारणका सम्बन्धमा ७ दिन र संशोधित कर निर्धारणका सम्बन्धमा १५ दिनको म्याद दिनु पर्दछ । त्यस्तो म्याद सो व्यक्तिले सूचना बुझिलिएको मितिबाट गणना गर्नु पर्दछ ।

### २६.५.२ कर निर्धारणको सूचना

विभागले कुनै व्यक्तिको संशय कर निर्धारण गर्ने निर्णय गरेमा सो व्यक्तिको कर निर्धारण भएको र निजको कर दायित्य कायम भएको मानिन्छ । त्यस्तै विभागले कुनै व्यक्तिको संशय कर निर्धारण वा कर निर्धारण वा संशोधित कर निर्धारणमा अर्थात सो व्यक्तिको हालको कर दायित्वमा संशोधन गर्ने निर्णय गरेमा सो व्यक्तिको कर निर्धारणमा संशोधन वा संशोधित कर निर्धारणमा संशोधन भएको वा सो व्यक्तिको हालको कर दायित्वमा संशोधन भएको मानिन्छ । विभागले त्यसरी कुनै व्यक्तिको संशय कर निर्धारण गरेमा वा कर निर्धारणमा संशोधन वा संशोधित कर निर्धारणमा संशोधन गरेमा सो व्यक्तिलाई सो सम्बन्धमा जानकारी गराउनु पर्दछ । यस सम्बन्धमा ऐनको दफा १०२ मा देहायको व्यवस्था छ ।

१०२ **विभागले देहायका कुराहरु खुलाई दफा १०० को उपदफा (२) अथवा १०१ बमोजिम गरेको कर निर्धारणको लिखित सूचना कर निर्धारण गरिएको व्यक्तिलाई दिनु पर्नेछ ।**

(क) **कर निर्धारणसँग सम्बन्धित आय वर्ष वा अवधिको लागि दफा ३ को खण्ड (क) र**

**(ख) मा उल्लिखित व्यक्तिले दाखिला गर्नुपर्ने र दाखिला गर्न बाँकी निर्धारित कर,**

(ख) खण्ड (क) मा उल्लिखित कर निर्धारणमा कर गणना गरिएको तरिका,

(ग) विभागले कर निर्धारण गर्नु परेको कारण,

(घ) दाखिला गर्न बाँकी निर्धारित कर दाखिला गर्नुपर्ने समय, र

(ङ) कर निर्धारण उपर चित्त नबुझेमा उजूरी गर्ने समय, स्थान र तरिका।

संशय कर निर्धारण गरी कर दायित्व कायम गरिएको वा संशोधित कर निर्धारण वा संशोधित कर निर्धारणमा पुनः संशोधन गरी त्यसरी संशोधन गर्नु अघिको कर दायित्वमा परिवर्तन गरिएको व्यक्तिलाई विभागले त्यस्तो संशोधन वा परिवर्तनको बारेमा लिखित सूचना दिनुपर्दछ। विभागले सो व्यक्तिलाई दिने वा दिनुपर्ने संशय कर निर्धारण वा संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारणको सूचनामा उपर्युक्त बमोजिमको कुनै कर निर्धारण अनुसार सो व्यक्तिले दाखिला गर्नुपर्ने र दाखिला गर्न बाँकी कर, कर गणना गरिएको तरिका, कर निर्धारण गर्नु परेको कारण, दाखिला गर्न बाँकी कर दाखिला गर्नुपर्ने समय र उक्त कर निर्धारण उपर चित्त नबुझेमा उजूरी गर्ने समय, स्थान र तरिका स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्दछ। कर निर्धारण गरिएको व्यक्तिले कर निर्धारणको सूचना प्राप्त नगरेसम्म त्यस्तो कर निर्धारणले कानुनी मान्यता नपाउनुको साथै त्यस्तो कर निर्धारणबाट सिर्जना भएको कर दायित्व तिर्न बुझाउन कर निर्धारण भएको व्यक्ति बाध्य हुँदैन।

## २६.६ कर निर्धारणमा संशोधन गर्ने वा संशोधित कर निर्धारणमा पुनः संशोधन गर्नुपर्ने समय वा म्याद

विभाग वा कार्यालयले कुनै व्यक्तिको संशोधित कर निर्धारण गर्ने वा पुनः संशोधित कर निर्धारण गर्ने समयसीमाका सम्बन्धमा ऐनको दफा १०१ को उपदफा (३) र (४) ले देहायको व्यवस्था गरेको छ।

**१०१(३) विभागले उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गर्दा देहायको मितिले चार वर्षभित्र गरिसक्नु पर्नेछ :-**

**(क) दफा ९९ बमोजिम कर निर्धारण भएकोमा आय विवरण पेश गर्नुपर्ने मिति,**

**(ख) दफा १०० को उपदफा (२) बमोजिम कर निर्धारण गरिएकोमा कर निर्धारण गरिएको व्यक्तिलाई दफा १०२ बमोजिम कर निर्धारणको सूचना दिएको मिति,**

**(ग) उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गरिएकोमा उपदफा (१) बमोजिम संशोधन गरिएको साविकको कर निर्धारणसँग सम्बन्धित खण्ड (क) वा (ख) मा उल्लिखित मिति**

**१०१(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जालसाजीले गर्दा कुनै व्यक्तिको कर निर्धारण गलत ढंगबाट भएको रहेछ भने जुनसुकै बखत विभागले त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्नेछ। यसरी संशोधन गर्दा जालसाजी गरी विवरण राखेको वा कर निर्धारण गरेको जानकारी प्राप्त भएको एक वर्षभित्र संशोधन गरिसक्नु पर्नेछ।**

ऐनले कुनै व्यक्तिको आवश्यकता अनुसार संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण गर्ने सन्दर्भमा विभाग वा कार्यालयलाई यथेष्ठ अधिकार प्रदान गरेको छ। तर विभाग वा कार्यालयले कुनै व्यक्तिको कुनै आय वर्षको असीमित समयसम्म वा मन लागेको जुनसुकै समयमा संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण गर्न ऐनले बन्देज लगाएको छ। ऐनको उपर्युक्त प्रावधान अनुसार सामान्य अवस्थामा कुनै व्यक्तिको कुनै आय वर्षको कर निर्धारण वा संशय कर निर्धारणमा संशोधन वा संशोधित कर निर्धारणमा पुनः संशोधन गर्दा संशय कर निर्धारण भएको वा सो व्यक्तिले सो आय वर्षको आय विवरण पेश गर्नुपर्ने मितिले चार वर्षभित्र गरिसक्नु पर्दछ। सो अवधिभित्र विभाग वा कार्यालयले कुनै व्यक्तिको कुनै आय वर्षको संशोधित

कर निर्धारणमा आवश्यक्तानुसार जतिपटक पनि पुनः संशोधन गर्न सक्तछ । जालसाजी गरी गलत कर निर्धारण गर्ने व्यक्तिका हकमा उक्त बन्देजलाई निकै खुकुलो पारिएको छ ।

**२६.६.१ आय विवरण पेश गरेको वा नगरेको व्यक्तिको संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण**

ऐनको दफा ९६ बमोजिम कुनै आय वर्षको आयविवरण पेश गर्नुपर्ने मितिमा आय विवरण पेश गरी दफा ९९ को उपदफा (१) बमोजिम सो वर्षको कर निर्धारण गर्ने वा कुनै आय वर्षको आय विवरण पेश गर्नुपर्ने मितिमा आय विवरण पेश नगरेको भएपनि दफा ९९ को उपदफा (२) बमोजिम सो वर्षको कर निर्धारण भएको मानिने कुनै व्यक्तिको त्यस्तो कर निर्धारणमा विभागले संशोधन गर्नुपर्दा कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश गर्नुपर्ने मिति (अर्थात जुन आय वर्षको आय विवरण पेश गर्नुपर्ने हो सो आय वर्षभन्दा पछाडिको आय वर्षको असोजमसान्त) ले चार वर्षभित्र गरिसक्नु पर्दछ । यस प्रयोजनको लागि विवरण पेश गर्न म्याद थप लिएको व्यक्तिको हकमा पनि चार वर्षको म्याद गणना गर्दा म्याद थप लिएको अवधिलाई गणना गर्न मिल्दैन ।

| |
|---|
| उदाहरण २६.६.१: मानौं, तल उल्लिखित व्यक्तिले आ.व.२०७५।७६ को आय विवरण निम्नानुसार बुझाएका रहेछन् ।<br>● हरि प्रसादले आ.व.२०७५।७६ को आय विवरण २०७६ असोज मसान्तमा बुझाएका रहेछन् ।<br>● दिनेश मिश्रले आ.व.२०७५।७६ को आय विवरण बुझाउन २०७६ मंसिर ३० सम्मको म्याद थप पाएका रहेछन् र सोही मितिमा आय विवरण बुझाएका रहेछन् ।<br>● गोबिन्द पण्डितले आ.व.२०७५।७६ को आय विवरण २०७६ पौष २० गते बुझाएका रहेछन् तर विवरण बुझाउने म्याद थप लिएका रहेनछन् ।<br>● हेमन्त गोर्खालीले आ.व.२०७५।७६ को आय विवरण २०७६चैत्र २ गते बुझाएका रहेछन् । उनले सो विवरण बुझाउन २०७६ पौष मसान्तसम्मको म्याद थप पाएका रहेछन् ।<br>● मनोज शर्माले आ.व.२०७५।७६ को आय विवरण बुझाएका रहेनछन् ।<br>उपर्युक्त व्यक्तिले आफ्नो आ.व.२०७५।७६ को आय विवरण समयमै बुझाएपनि, थप म्यादभित्र बुझाएपनि, समयमै नबुझाएपनि वा थप म्यादभित्र नबुझाएपनि वा बुझाउदै नबुझाएपनि ती सबै व्यक्तिले आ.व.२०७५।७६ को आय विवरण बुझाउनुपर्ने वा पेश गर्नुपर्ने मिति भनेको २०७६ असोजमसान्त नै हो । विभाग वा कार्यालयले संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण गर्दा २०८० असोज मसान्तभित्र गरि सक्नु पर्दछ । |
| उदाहरण २६.६.२: मानौं, नेप्चून ईन्टरनेशनल प्रा.लि.को ५० प्रतिशत स्वामित्व २०७४।११।१० मा परिवर्तन भएको रहेछ । सो निकायले ऐनको दफा ५७ बमोजिम स्वामित्व परिवर्तन अघिको विवरण पेश गरेको रहेनछ र आ.व.२०७४।७५ को एकमुष्ठ आय विवरण २०७५ भाद्र ५ गते बुझाएको रहेछ ।<br>उक्त निकायको मिति २०७४।११।१० गते स्वामित्व परिवर्तन भएकोले ऐनको दफा ५७ को प्रयोजनको लागि त्यस्तो निकायको स्वामित्व परिवर्तन अघिको भाग अर्थात् मिति २०७४।४।१ देखि २०७४।११।१० सम्मको अवधि एउटा आय वर्ष हुन्छ र सो आय वर्षको आय विवरण म्याद थप नलिएको अवस्थामा मिति २०७५।२।१० भित्र बुझाउनु पर्दछ । एवम् स्वामित्व परिवर्तन पछिको भाग अर्थात् मिति २०७४।११।११ देखि २०७५ आषाढ मसान्तसम्म अर्को आय वर्ष हुन्छ र सो पछिल्लो आय वर्षको आय विवरण २०७५ असोज मसान्तभित्र बुझाउनु पर्दछ । यस अवस्थामा विभागले संशोधित कर निर्धारण वा |

पुनः संशोधित कर निर्धारण गर्दा स्वामित्व परिवर्तन अघिको आय वर्षको मिति२०७९।२।१०भित्र तथा स्वामित्व परिवर्तन पछिको आय वर्षको २०७९ असोज मसान्तभित्र गरिसक्नु पर्दछ ।

### २६.६.२ संशय कर निर्धारण भएको व्यक्तिको संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारणः

विभागले कुनै व्यक्तिको ऐनको दफा १०० को उपदफा (२) बमोजिम गरेको संशय कर निर्धारणमा पनि संशोधन वा पुनः संशोधन गर्न सक्तछ । संशय कर निर्धारण भएको व्यक्तिको संशय कर निर्धारणमा संशोधन वा पुनः संशोधन गर्दा सो व्यक्तिलाई दफा १०२ बमोजिम संशय कर निर्धारणको सूचना दिएको मितिले चार वर्षभित्र गरिसक्नु पर्दछ ।

उदाहरण २६.६.३: मानौं, मिग ज्याक्सनबेलायती नागरिक हुन् र उनी विगत दश वर्षदेखि नेपालमा व्यवसाय सञ्चालन गरिरहेका रहेछन् । घरायसी कारणले उनि बेलायत फर्कनुपर्ने भएकोले उनले २०७६ पौष महिनामा नेपालको आफ्नो व्यवसाय बन्द गरे । कुनै सुत्रबाट विभागले सो कुराको जानकारी पायो र उनलाई २०७६श्रावण महिनादेखि२०७६ पौष महिना सम्मको आय विवरण २०७६ माघ मसान्तभित्र पेश गर्न २०७६ माघ २ गते निजलाई सूचना जारी गरियो । तर उनले सो सूचनाको वेवास्ता गर्दै आय विवरण दाखिला गरेनन् । कार्यालयबाट तत्काल उपलब्ध प्रमाण र सूचनाको आधारमा २०७६ फाल्गुण १५ गते निजको आ.व.२०६६।६७ को श्रावणदेखि पौषसम्मका लागि रु.दश लाख कर दायित्व कायम गर्दै संशय कर निर्धारण गरियो र २०७६ फाल्गुण २० गते निजलाई ऐनको दफा १०२ बमोजिम संशय कर निर्धारणको सूचना बुझाइयो । यस अवस्थामा मिग ज्याक्सनको कार्यालयले गरेको उक्त संशय कर निर्धारणमा संशोधन वा पुनः संशोधन गर्नुपरेमा २०७६ फाल्गुण २० गतेको मितिले चार वर्षभित्र अर्थात २०८० फाल्गुण २० गतेभित्र गरिसक्नु पर्दछ ।

### २६.६.३ जालसाजीबाट कर निर्धारण भएको व्यक्तिको संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण

कुनै व्यक्तिले जालसाजी गरी कर निर्धारण गरेमा कर अधिकृतले संशोधित कर निर्धारण गर्न चार वर्षको समयसीमालागू नहुने र जालसाजीको सूचना जहिले प्राप्त गरेको भएतापनि सो सूचना पाएको मितिले एक वर्षभित्र कर निर्धारण गर्नुपर्दछ । सामान्यतयाः कुनै व्यक्तिले ऐनको प्रयोजनका लागि तयार गरेको वा अभिलेख राखेको वा विभाग वा कार्यालयमा पेश गरेको कुनै विवरण वा कागजात वा सूचना वा बकपत्र वा निवेदनमा जानाजानी वा गलत मनसायले कुनै गलत तथ्य उल्लेख गरेमा वा जानाजानी उल्लेख गर्नुपर्ने कुनै तथ्य उल्लेख नगरेमा वा जानाजानी किर्ते कागजात खडा गरेमा वा पेश गरेमा सो व्यक्तिले जालसाजी गरेको मानिन्छ । कुनै व्यक्तिले जानीजानी उल्लेखितमध्ये कुनै एक वा बढी तरिका वा जालसाजी मानिने अन्य कुनै तरिकाबाट कुनै आय वर्षको कर दायित्वमा कमि हुने गरी कर निर्धारण गरेको प्रमाणित हुने कुनै जानकारी वा सूचना वा कागजात वा प्रमाण फेला परेमा विभागले त्यस्तो जानकारी प्राप्त गरेको एक वर्षभित्र सो व्यक्तिको सो वर्षको कर निर्धारणमा संशोधन वा संशोधित कर निर्धारणमा पुनः संशोधन गर्नुपर्दछ ।

### २६.७ महानिर्देशक वा राजस्व न्यायाधिकरण वा अन्य कुनै अदालतको आदेश बमोजिम कर निर्धारणमा पुनः संशोधन

ऐन बमोजिम संशय कर निर्धारण वा संशोधित कर निर्धारण वा संशोधित कर निर्धारणमा पुनः संशोधन गरिएको कुनै व्यक्तिलाई विभागले गरेको निर्णय वा कर निर्धारणउपर चित्त नबुझेमा सो व्यक्तिले ऐन बमोजिम विभागको महानिर्देशकसमक्ष सो निर्णयकाविरुद्ध प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिनपाउँछ । कुनै व्यक्तिले प्रशासकीय पुनरावलोकनको निवेदन बमोजिम भएको निर्णयमा चित्त नबुझेमा वा विभागले त्यस्तो निवेदनमा ६० दिनभित्र निर्णय

नदिएमा सो विरुद्ध राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन पाउँछ । त्यस्तै कुनै व्यक्तिले गरेको पुनरावेदनमा राजस्व न्यायाधिकरणले गरेको फैसला चित्त नबुझेमासर्वोच्च अदालतको अनुमति लिई सो फैसला विरुद्ध पुनरावेदन गर्नसमेत पाउँछ । यसरी कुनै व्यक्तिले दिएको निवेदन राजस्व न्यायाधिकरण वा अदालतले गरेको कुनै निर्णय अन्तिम भई बसेको अर्थात त्यस्तो निर्णय कुनै अदालतको विचाराधीन नरहेको र विचाराधीन हुनसक्ने अवस्था पनि नभएको भएमा र सो निर्णय अनुसार कुनै व्यक्तिको कुनै वर्षको संशय कर निर्धारणमा संशोधन वा संशोधित कर निर्धारणमा पुनः संशोधन गर्नुपर्ने भएमा विभागले जुनसुकै समयमा त्यस्तो संशोधन गर्न सक्तछ । तर त्यस्तो निर्णय अनुसार गर्नुपर्ने संशोधन सो निर्णयको प्रतिलिपि प्राप्त भएको मितिले एक वर्षभित्र गरिसक्नु पर्दछ ।

# परिच्छेद २७

# करको भुक्तानी
# (Payment of Tax)

२७.१ करदाताले तिनुपर्नेकर समयमा तिर्ने वातावरणको सिर्जना गर्न कर तिर्ने प्रकृयालाई सरल र स्पष्ट गर्नु आवश्यक हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी ऐनको परिच्छेद १६ र नियमावलीको परिच्छेद ७ ले ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिले तिर्नुपर्ने कर, तिर्ने स्थान, त्यस्तो कर तिर्ने तरिका र समयको सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरेको छ । आयकर निर्देशिकाको यस परिच्छेदले तिनै व्यवस्थालाई थप स्पष्ट पार्ने उद्देश्य राखेको छ

## २७.२ कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति

ऐनले जुन व्यक्तिलाई कर लगाउने व्यवस्था गरेको छ त्यस्ता व्यक्तिलाई नै कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति भनिन्छ । ऐनको दफा ३ मा कर लगाउने व्यक्तिका सम्बन्धमा निम्नानुसार व्यवस्था गरिएको छ ।

**३ देहायका प्रत्येक व्यक्तिलाई प्रत्येक आय वर्षमा यस ऐन बमोजिम कर लगाई असूल उपर गरिनेछ :-**

**(क) कुनै आय वर्षमा करयोग्य आय भएको व्यक्ति,**

**(ख) दफा ६८ को उपदफा (३) र (४) बमोजिम कुनै आय वर्षको आय विदेशमा पठाउने गैर बासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापन, र**

**(ग) कुनै आय वर्षमा अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति ।**

## २७.२.१ ऐन बमोजिम कर लाग्ने आय भएको व्यक्तिः

कुनै आय वर्षमा ऐनको दफा १० बमोजिम कर छुटको रकम(Exemption)भएको वा दफा ११ बमोजिम कर सुविधा(Concession)भएको आय बाहेक कुनै व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभबाट भएको आयमा कर लाग्ने हुँदा ती आयलाई कर लाग्ने आय भनिन्छ भने त्यस्तो आय भएको व्यक्तिलाई कर लाग्ने आय भएको व्यक्ति भनिन्छ । कुनै व्यक्तिले कुनै व्यवसाय, रोजगारी, लगानी र आकस्मिक लाभबाट निजलाई भएको आयमध्ये करछुट हुने आय बाहेक अन्य आयमा कर तिर्नुपर्ने हुँदा त्यस्तो व्यक्तिलाई कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति भनिन्छ ।

## २७.२.२ कुनै आय वर्षको आय विदेश पठाउने गैर बासिन्दा व्यक्तिको नेपालमा अवस्थित विदेशी स्थायी संस्थापनः

नेपालस्थित विदेशी स्थायी संस्थापन भन्नाले कुनै गैर बासिन्दा व्यक्ति (साझेदारी वा कम्पनी वा ट्रष्ट) को नेपालमा रहेको एजेन्टले व्यवसाय गर्ने स्थान, त्यस्तो व्यक्तिको मुख्य उपकरण वा मेशिनरी नेपालमा जडान गरिएको स्थान, त्यस्तो व्यक्तिले नेपालभित्र बाह्र महिनामा एकैपटक वा पटकपटक गरी नब्बे दिनभन्दा बढी सेवा प्रदान गरेको स्थान, त्यस्तो व्यक्तिले नेपालभित्र नब्बे दिनभन्दा बढी समय निर्माण, जडान वा स्थापनाको कार्य गरेको वा सो सम्बन्धी सेवा प्रदान गरेको स्थान लगायत त्यस्तो व्यक्तिले पूर्ण वा आंशिक रूपमा कुनै व्यवसायसञ्चालन गर्ने स्थानलाई जनाउँछ । सरल रूपमा भन्ने हो भने कुनै गैर बासिन्दा व्यक्तिले आफ्नो व्यवसायको अभिन्न अंगको रूपमा आफ्नै लगानीमा आफैं वा अन्य कुनै व्यक्तिमार्फत नेपालभित्र कुनैवस्तु वा सेवाको व्यावसायिक कारोबार गर्ने वा बिक्री पछिको सेवा प्रदान गर्ने उद्देश्यले स्थापना वा सञ्चालन गरेको उत्पादनस्थल, कार्यालय, शाखा, बिक्री वा सेवा केन्द्र, एजेन्सी, आयोजना आदि नेपालस्थितविदेशी स्थायी संस्थापन हुन् । यस्ता संस्थापनले नेपालमा कुनै व्यवसायसञ्चालन गरी कुनै आय आर्जन गरेमा र सो आयको कुनै

अंश विदेश पठाएमा त्यसरी विदेश पठाएको रकममा ऐनको अनुसूची-१ को दफा २ को उपदफा (६) अनुसार ५ प्रतिशतले कर लाग्ने हुँदा कुनै आय वर्षको आय विदेश पठाउने गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनलाई कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति भनिन्छ ।

## २७.२.३ कुनै आय वर्षमा अन्तिम रूपमा करकट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्तिः

ऐनको दफा ८७, ८८, ८८क. र ८९ बमोजिम पारिश्रमिकको भुक्तानी गर्दा करकट्टी गर्ने रोजगारदाता, लगानी प्रतिफल, सेवा शुल्क, बिक्री बोनसको भुक्तानी दिँदा करकट्टी गर्ने भुक्तानीकर्ता, अवकाश भुक्तानीमा करकट्टी गर्ने अवकाश कोष वा रोजगारदाता, ठेक्का वा करार बापतको भुक्तानी र बीमा प्रिमियम बापत गैर बासिन्दालाई भुक्तानीदिँदाकरकट्टी गर्ने भुक्तानीकर्तालाई भुक्तानीमा करकट्टी गर्ने व्यक्ति भनिन्छ । भुक्तानीमा करकट्टी गर्ने व्यक्तिबाट आफूले प्राप्त गर्नुपर्ने रकमबाट अग्रिम करको रकम कटाई बाँकी रकम वा लाभको रकम प्राप्त गर्ने व्यक्तिलाई करकट्टी हुने व्यक्ति भनिन्छ । भुक्तानीमा करकट्टी गरी भुक्तान गरिएको वा प्राप्त गरिएको रकममध्ये बासिन्दा कम्पनीबाट प्राप्त लाभांश, प्राकृतिक व्यक्तिको बहाल आय, जीवन बीमाबापत प्राप्त रकम, अवकाश भुक्तानीबापत प्राप्त रकम, बैंक वा वित्तीय संस्थाबाट प्राप्त ब्याज, गैर बासिन्दा व्यक्तिले प्राप्त गरेको भुक्तानी,प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता, पटके अध्यापन गरे बापत प्राप्त रकम र प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जाँच गरे बापतको भुक्तानीलाई अन्तिम रूपमा करकट्टी हुने भुक्तानी मानिएको छ । कुनै व्यक्तिले करकट्टी गरी प्राप्त गरेको उपर्युक्त आय वा रकममा कट्टी भएको कर सम्बन्धित कार्यालयमा दाखिला भएको अवस्थामा सो व्यक्तिले आयमा लाग्ने कर चुक्ता गरेको मानिने भई सो आय बापत थप कर तिर्नुनपर्ने र कट्टी गरिएको कर फिर्ता वा अन्य तिर्नुपर्ने करमा मिलान गर्न नपाइने हुँदा ती आय वा रकम वा भुक्तानीलाई अन्तिम रूपमा करकट्टी हुने भुक्तानी भनिएको हो । यसरी अन्तिम रूपमा करकट्टी हुने आय प्राप्त गर्ने व्यक्तिलाई नै अन्तिम रूपमा करकट्टी भईभुक्तानी प्राप्त गर्ने व्यक्ति भनिन्छ । यस्तो व्यक्तिले प्राप्त गर्ने आयमा सो आय बापतको रकम भुक्तानी गर्ने व्यक्तिले भुक्तानी गर्दाकै अवस्थामा करकट्टी गर्ने र त्यसरी कट्टी गरिएको कर करकट्टी हुने व्यक्तिले सो आय बापत तिर्नुपर्ने कर अन्तिम हुने हुँदा त्यस्ता व्यक्तिलाई कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मानिएको हो ।

## २७.२.४ अग्रिम कर असुल गर्नुपर्ने व्यक्ति

ऐनको दफा ९५क. बमोजिम कमोडिटी बजारको सञ्चालन गर्ने व्यक्तिले सो व्यवसाय गर्ने व्यक्तिको मुनाफा र लाभ, धितोपत्रको नि:सर्गबाट भएको लाभमा करकट्टी प्राप्त गर्ने निकाय र घरजग्गा वा घर वा जग्गाको नि:सर्गबाट भएको लाभमा करकट्टी प्राप्त गर्ने सम्बन्धित मालपोत कार्यालयर केही कृषिजन्य वस्तु पैठारीमा करकट्टी प्राप्त गर्ने सम्बन्धित भन्सार कार्यालयलाई अग्रिम कर असुल गर्नुपर्ने व्यक्ति भनिन्छ । अग्रिम कर असुल गर्नुपर्ने व्यक्तिले सो दफामा व्यवस्था भए बमोजिमकारोबार गर्ने वाकारोबारमा लाभ प्राप्त गर्ने व्यक्तिबाट अग्रिम करको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

## २७.२.५ कर बुझाउनु पर्ने दायित्व भएका अन्य व्यक्ति

ऐनको परिच्छेद २० ले गरेको कर संकलन सम्बन्धी व्यवस्था बमोजिमको कुनै व्यक्तिले आफूले तिर्नु बुझाउनुपर्ने कर रकम नबुझाएमा त्यस्तो व्यक्तिले बुझाउन बाँकी कर बराबरको रकम देहायका व्यक्तिबाट असुल उपर गरिने प्रबन्ध गरिएको हुँदा ती व्यक्तिलाई समेत ऐनको प्रयोजनका लागि कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

### क) निकायका अधिकृत कर्मचारी

ऐनको दफा १०७ को उपदफा (२) ले कर बुझाउनुपर्ने समयमा कर नबुझाउने निकायका बहालवाला वा छ महिना अघिसम्म सो निकायमा बहाल रहेको अधिकृत अर्थात सो निकायको व्यवस्थापक वा सो सरहको हैसियतले कार्य गरिरहेको एक वा सोभन्दा बढी

व्यक्ति निकायले नबुझाएको कर बराबरको रकम बुझाउन जिम्मेवार हुने व्यवस्था गरेको छ । साथै ती व्यक्तिले बुझाउनुपर्ने रकमलाई करको रूपमा परिभाषित गरिएको हुँदा कर नबुझाउने निकायका बहालवाला वा छ महिना अघिसम्म सो निकायमा बहाल रहेको अधिकृतलाई पनि यस ऐनको प्रयोजनका लागि कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

**ख) प्रापक**

ऐनको दफा १०८ ले कुनै व्यक्तिले बुझाउन बाँकी रहेको कर सो व्यक्तिको सम्पत्तिको प्रापक अर्थात सो व्यक्तिको लिक्विडेटर, सो व्यक्तिको कुनै सम्पत्तिको व्यवस्थापन गर्न प्रापकको रूपमा अदालत बाहिरबाट वा अदालतबाट नियुक्त व्यक्ति, सो व्यक्तिको कुनै सम्पत्ति बन्धकी लिई कब्जामा राख्ने व्यक्ति, मृतक प्राकृतिक व्यक्तिको हकमा निजको सम्पत्तिको प्रत्यक्ष हकवाला, प्रशासक वा दामकाम गर्ने व्यक्ति वा असक्षम प्राकृतिक व्यक्तिको हकमा निजको काम कारबाही गरिदिने कुनै व्यक्तिलाई विभागले दिएको सूचनामा उल्लिखित रकममध्ये सो व्यक्तिले कर बक्यौता रहेको व्यक्तिको सम्पत्ति बिक्री गरी प्राप्त रकमले खामेको हदसम्मको रकम सोही सूचनामा उल्लिखित मितिसम्ममा दाखिला गर्नुपर्दछ । प्रापकले आफूलाई प्राप्त सूचना बमोजिम कर दाखिला नगरेमा त्यस्तो रकम प्रापकबाटै असुल उपर गर्ने व्यवस्था छ । यही व्यवस्थाको कारणले प्रापकलाई कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

**ग) कर बुझाउन बाँकी रहेको व्यक्तिलाई रकम बुझाउनु पर्ने व्यक्ति**

ऐनको दफा १०९ ले कर बुझाउन बाँकी रहेको व्यक्तिले बुझाउन बाँकी करको हदसम्मको रकम सो व्यक्तिलाई रकम बुझाउनु पर्ने व्यक्ति, सो व्यक्तिको लागि वा निजको तर्फबाट द्रव्य राख्ने व्यक्ति, सो व्यक्तिलाई बुझाउने गरी कुनै तेस्रो व्यक्तिको तर्फबाट द्रव्य राख्ने व्यक्ति वा तेस्रो पक्षबाट सो द्रव्य कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउने अख्तियारी पाएको व्यक्तिलाई त्यस्तो रकम बुझाउन विभाग वा कार्यालयले आदेश दिनसक्ने व्यवस्था गरेको हुँदा कर बुझाउन बाँकी रहेको व्यक्तिको बुझाउन बाँकी कर रकम बुझाउन आदेश पाएको व्यक्तिलाई पनि कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

**घ) गैर बासिन्दा व्यक्तिको एजेन्ट**

ऐनको दफा ११० ले कर बुझाउन बाँकी रहेको गैर बासिन्दा व्यक्तिले बुझाउन बाँकी रहेको करको हदसम्मको रकम बुझाउन सो व्यक्तिको कुनै सम्पत्ति आफ्नो कब्जामा राख्ने व्यक्ति वा एजेन्टलाई विभागले आदेश दिन सक्ने व्यवस्था गरेको छ । त्यस्तो आदेश पाएको गैर बासिन्दा व्यक्तिको कुनै सम्पत्ति आफ्नो कब्जामा राख्ने व्यक्ति वा एजेन्टलाई पनि कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

**ङ) भुक्तानीमा करकट्टी गर्ने व्यक्ति (Withholding Agent)**

पारिश्रमिकको भुक्तानीमा रोजगारदाताले, लगानी प्रतिफल, सेवा शुल्क, बिक्री बोनसको भुक्तानीमा त्यस्तो रकमको भुक्तानीकर्ताले, अवकाश भुक्तानीमा अवकाश कोष वा रोजगारदाताले, ठेक्का वा करार बापतको भुक्तानी र बीमा प्रिमियम बापत गैर बासिन्दालाई दिइने भुक्तानीमा त्यस्तो रकमको भुक्तानीकर्तालाई करकट्टी गर्ने व्यक्ति भनिन्छ । अग्रिम करकट्टी गरी करकट्टी गरिएको रकम र सोको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय वा ठूला करदाता कार्यालयमा बुझाउनुपर्ने व्यवस्था ऐनको दफा ८७, ८८, ८८क., ८९ र ९० ले गरेको छ । ऐनले अग्रिम करकट्टी गरिएको वा गरिनुपर्ने रकमलाई पनि करको रूपमा परिभाषित गरेको हुँदा अग्रिम करकट्टी गर्ने दायित्व भएका उल्लिखित व्यक्ति वा निकायलाई पनिकर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

च) अग्रिम कर असुल गर्ने व्यक्ति

कमोडिटी बजारको सञ्चालन गर्ने व्यक्तिले सो बजारमा कारोबार गरेका व्यक्तिको मुनाफा र लाभमा तथा धितोपत्रको निःसर्गबाट भएको लाभमा करकट्टी प्राप्त गर्ने धितोपत्र विनिमय बजार वा जुन निकायको धितोपत्र निःसर्ग भएको हो सो निकाय, घरजग्गा वा घर वा जग्गाको निःसर्गबाट भएको लाभमा करकट्टी प्राप्त गर्ने सम्बन्धित मालपोत कार्यालयर केही कृषिजन्य वस्तु पैठारीमा करकट्टी प्राप्त गर्ने सम्बन्धित भन्सार कार्यालयलाई अग्रिम कर असुल गर्ने व्यक्ति भनिन्छ । अग्रिम कर असुल गरी सो रकम र सोको विवरण सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने व्यवस्था ऐनको दफा ९५क. ले गरेको छ । ऐनले अग्रिम कर असुल गरिएको वा गरिनुपर्ने रकमलाई पनि करको रूपमा परिभाषित गरेको हुँदा अग्रिम कर असुल गर्ने दायित्व भएका उल्लिखित व्यक्ति वा निकायलाई पनिकर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

छ) अग्रिम करकट्टी हुने व्यक्ति (Withholdee)

पारिश्रमिक, लगानी प्रतिफल, सेवा शुल्क, बिक्री बोनस, अवकाश भुक्तानी, ठेक्का वा करार बापतको रकम, बीमा प्रिमियम बापत रकम प्राप्त गर्ने गैर बासिन्दा, धितोपत्रको निःसर्गबाट भएको लाभ र घरजग्गा वा जग्गाको निःसर्गबाट भएको लाभ जस्ता रकम भुक्तानी गर्दा भुक्तानीकर्ताले अग्रिम करकट्टी गर्नुपर्दछ । त्यसैले यस्ता रकम प्राप्त गर्ने व्यक्तिलाई अग्रिम करकट्टी हुने व्यक्ति भनिन्छ । अग्रिम करकट्टी गर्नुपर्ने व्यक्तिले त्यस्तो रकमको भुक्तानी गर्दा करकट्टी नगरेमा वा करकट्टी गरेपनि करकट्टी गरेको रकम कार्यालयमा दाखिला नगरेमा करकट्टी नगरेको अवस्थामा करकट्टी गरेको मानिने रकम र करकट्टी गरेको रकम कार्यालयमा दाखिला नगरेको अवस्थामा त्यसरी दाखिला नगरेको कर रकम कार्यालयमा बुझाउनुपर्ने दायित्व करकट्टी हुने व्यक्तिमा समेत रहने व्यवस्था ऐनको दफा ९० ले गरेको छ । ऐनले अग्रिम करकट्टी गरिएको वा गरिनुपर्ने रकमलाई पनि करको रूपमा परिभाषित गरेको र अग्रिम करकट्टी गर्नुपर्ने व्यक्तिले अग्रिम करकट्टी गर्नुपर्ने रकमको भुक्तानी गर्दा करकट्टी नगरेमा करकट्टी गरेको मानिने रकम र करकट्टी गरेपनि करकट्टी गरेको रकम कार्यालयमा दाखिला नगरेमा दाखिला नगरेको रकम कार्यालयमा बुझाउनुपर्ने दायित्व करकट्टी हुने व्यक्तिमा समेत रहने हुँदा अग्रिम कर कट्टी भईभुक्तानी प्राप्त गर्ने व्यक्तिलाई पनिकर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्दछ ।

२७.३ तिर्नुपर्ने करः

सामान्यतयाः तिनुपर्ने कर भनेको कर लाग्ने आय भएको व्यक्ति, कुनै आय वर्षको आय विदेश पठाउने गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापन र कुनै आय वर्षमा अन्तिम रूपमा करकट्टी भईभुक्तानी प्राप्त गर्ने व्यक्तिले ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर नै हो । ऐनका दफा २ को खण्ड (ढ) मा कर लाई निम्नानुसार परिभाषितगरेकोछ ।

**२(ढ): "कर" भन्नाले यस ऐन बमोजिम लाग्ने कर सम्झनु पर्छ र सो शब्दले देहाय बमोजिमका भुक्तानीलाई समेत जनाउँछ :-**

**(१) कर बक्यौता रहेको व्यक्तिको सम्पत्तिका सम्बन्धमा दाबी र लिलाम बिक्री बापत विभागले गरेका दफा १०४ को उपदफा (८) को खण्ड (क) मा उल्लिखित खर्चहरु,**

**(२) अग्रिम कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले दफा ९० बमोजिम बुझाउनुपर्ने रकम वा किस्ताबन्दीमा दाखिला गर्ने व्यक्तिले दफा ९४ बमोजिम बुझाउनुपर्ने रकम वा अग्रिम कर दाखिला गर्नुपर्ने व्यक्तिले दफा ९५क. बमोजिम बुझाउनुपर्ने रकम वा दफा ९९, १०० र १०१ बमोजिम कर निर्धारण भए अनुसार बुझाउनुपर्ने रकम,**

(३) दफा १०७ को उपदफा (२), दफा १०८ को उपदफा (३)वा (४), दफा १०९ को उपदफा (१) र दफा ११० को उपदफा (१) बमोजिम तेस्रो पक्षको कर दायित्वको सम्बन्धमा विभागलाई बुझाउनुपर्ने रकम,

(४) शुल्क तथा ब्याज बापत बुझाउनुपर्ने परिच्छेद-२२ बमोजिमको रकम, र

(५) विभागले आदेश दिए बमोजिम दाखिला गर्नुपर्नेदफा १२९ बमोजिमको जरिवाना रकम ।

आयकर ऐनको उपर्युक्त व्यवस्था बमोजिम तिर्नुपर्ने कर भन्नाले देहायको रकमलाई जनाउँछ ।

**१. ऐनको दफा ९६ बमोजिम आय विवरण बुझाएको व्यक्तिले दफा ९९ बमोजिम कर निर्धारण गरे अनुसार तिर्नुपर्ने रकमः**

यो ऐन स्वयं कर निर्धारणको सिद्धान्तमा आधारित छ । ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिले आफ्नो कर दायित्वको निर्धारण सर्वप्रथम आफैं गर्दछ । यही सिद्धान्तको आधारमा ऐनको दफा ९६ बमोजिम आय विवरण बुझाउनुपर्ने करदाता अर्थात कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिमध्ये कुनै आय वर्षमा कर तिर्नुनपर्ने व्यक्ति वा कुनै आय वर्षमा अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति वा कुनै आय वर्षमा एउटा समयमा एउटै बासिन्दा रोजगारदाताबाट पारिश्रमिक प्राप्त गर्ने प्राकृतिक व्यक्ति वा भाडाकासवारी साधन धनी प्राकृतिक व्यक्तिबाहेक अन्य कुनै करदाताले कुनै आय वर्षमा निजले तिर्नुपर्ने करको जम्मा रकम र उक्त वर्षको निजले तिर्न बाँकी करको रकम उल्लेख गरी आय विवरण पेश गरेमा सो करदाताले आफ्नो सो वर्षको करनिर्धारण गरेको मान्नुपर्दछ । आय विवरण पेश गरेको व्यक्तिले सो आयवर्षको निजले तिर्न बाँकी करको रकम भन्नाले आय विवरण बमोजिम निजले तिर्नुपर्ने जम्मा रकममा निजले सो वर्षको लागि किस्ताबन्दीमा दाखिला गरेको कुनै कर भए सो रकम र निजले कुनै अन्य व्यक्तिबाट भुक्तानी प्राप्त गर्दा करकट्टी भएको भए सो करको रकम घटाउँदा बाँकी हुन आउने रकमलाई जनाउँछ र त्यसरी तिर्न बाँकी रकमलाई तिर्नुपर्ने कर भनिन्छ । तर कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश नगरेमा निजले ऐनको दफा ९९ बमोजिम कर निर्धारण गरेको र सो कर निर्धारण बमोजिम बुझाउनुपर्ने कर बुझाएको मान्नु पर्दछ तथा सो आय वर्षको लागि निजले गरेको कर निर्धारण अनुसार निजले कुनै कर रकम तिर्न बाँकी भएको मानिदैन ।

**२. ऐन बमोजिम किस्ताबन्दीमा कर बुझाउनुपर्ने व्यक्तिले किस्ताबन्दीमा बुझाउनुपर्ने कर रकमः**

ऐनको दफा ९४ बमोजिम कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट आय आर्जन गर्ने व्यक्तिले सो आय वर्षमा बुझाउनुपर्ने अनुमानित कर तीन किस्तामा बुझाउनु पर्दछ । बुझाउनु पर्ने जम्माअनुमानित करमध्ये पहिलो किस्तामा चालीस प्रतिशत रकम, दोश्रो किस्तासम्ममा सत्तरी प्रतिशत रकम र तेश्रो किस्तासम्ममा शतप्रतिशत रकम बुझाइसक्नु पर्दछ । यसरी बुझाइने कर रकमलाई किस्ताबन्दी कर भनिन्छ । किस्ताबन्दीमा बुझाउनुपर्ने कर भन्नाले किस्ता बुझाउनुपर्ने अवधिको अनुमानित करमा सो किस्ता दाखिला गर्नुभन्दा अगाडिको अन्य कुनै किस्ताबाट सो आय वर्षमा दाखिला गरेको कर रकम र सो किस्ता दाखिला गर्नुपर्ने मिति अगाडि सो करदाताको सो वर्षको आय गणना गर्दा समावेश हुने भुक्तानीमा कट्टी भएको कर रकम कटाउदा बाँकी हुन आउने रकमलाई बुझाउँछ र त्यसरी बुझाउनुपर्ने रकमलाई तिर्नुपर्ने कर भनिन्छ । तर तीनवटै किस्ताको जम्मा रकम सात हजार पाँच सय रुपैयाँभन्दा कम हुने करदाताले किस्ता बापतको रकम बुझाउनु पर्दैन र त्यस्तो करदाताको किस्ताबन्दी बापत कर तिर्नु पर्दैन ।

कुनै करदाताले कुनै आय वर्षको अनुमानित कर विवरण पेश नगरेमा वा पेश गरेको विवरणमा कार्यालय सन्तुष्ट हुन नसकेमा सो करदाताले अघिल्लो आय वर्षमा दाखिला गरेको वा गर्नुपर्ने करको आधारमा सो करदाताको सो आय वर्षको अनुमानित कर

अनुमान गरी सो व्यक्तिलाई सूचना दिएमा सो सूचनामा उल्लिखित रकम नै सो व्यक्तिले अनुमानित करको रूपमा दाखिला गर्नुपर्दछ ।

**३. विभाग वा कार्यालयले गरेको संशोधित कर निर्धारण वा संशय कर निर्धारण बमोजिम तिर्नुपर्ने रकम**

ऐनको दफा ९९ बमोजिम कर निर्धारण गरेको वा करनिर्धारण गरेको मानिने व्यक्तिले गरेको कर निर्धारणमा विभागले विवरण पेश गर्नुपर्ने मितिले चार वर्षभित्र संशोधन गर्न सक्तछ । त्यस्तै, ऐनको दफा ९६ को उपदफा (५) बमोजिमको अवस्था रहेको करदाता अर्थात टाट पल्टिएको, ऋणमा डुबेको वा विघटन भएको, अनिश्चित समयका लागि नेपाल छोड्ने भएको, नेपालमा गरिरहेको कार्य छोड्न लागेको वा विभागले उपयुक्त सम्झेको करदातालाई कुनै आय वर्षको आय विवरण दाखिला गर्नुपर्ने म्यादभन्दा अगावै विभागले सो आयवर्षको कुनै भागको आय विवरण दाखिला गर्न दिएको आदेश बमोजिम दाखिला हुन आएको आय विवरण बमोजिम भएको करनिर्धारणमा कार्यालयले विवरण पेश गर्नुपर्ने मितिले चार वर्षभित्र संशोधन गर्न सक्तछ । तर उपर्युक्त अनुसार आय विवरण पेश गर्ने करदाताले जालसाजी गरी घटी कर निर्धारण भएको रहेछ भने विभागले जालसाजी गरी विवरण राखेको वा कर निर्धारण गरेको जानकारी प्राप्त भएको एक वर्षभित्र त्यस्तो कर निर्धारणमा संशोधन गर्न सक्तछ र यस्तो अवस्थामा चार वर्षको हदम्याद लागू हुँदैन ।

त्यस्तै टाट पल्टिएको, ऋणमा डुबेको वा विघटन भएको, अनिश्चित समयका लागि नेपाल छोड्ने भएको, नेपालमा गरिरहेको कार्य छोड्न लागेको वा विभागले उपयुक्त सम्झेको करदातालाई कुनै आय वर्षको आय विवरण दाखिला गर्नुपर्ने म्यादभन्दा अगावै विभागले सो आयवर्षको कुनै भागको आय विवरण दाखिला गर्न आदेश दिएकोमा आदेश बमोजिम आय विवरण दाखिला नगर्ने करदाताको कार्यालयले संशय कर निर्धारण गर्न सक्तछ ।

उपर्युक्त अनुसार संशोधित वा संशय कर निर्धारण गरिएको करदातालाई ऐनको दफा १०२ बमोजिम दिइएको सूचनामा कुनै रकम बुझाउन आदेश दिइएको भए सो आदेशबमोजिम बुझाउनुपर्ने रकमलाई यस ऐन बमोजिम तिर्नुपर्ने कर भनिन्छ ।

**४. भुक्तानीमा करकट्टी गरेको वा करकट्टी गरेको मानिने रकम**

ऐनको दफा ८७ ले पारिश्रमिकको भुक्तानीमा रोजगारदाताले, दफा ८८ ले लगानी प्रतिफल (भाडा, ब्याज, रोयल्टी, प्राकृतिक स्रोत बापतको रकम), सेवा शुल्क (बैठक भत्ता, व्यवस्थापन वा प्राविधिक सेवा शुल्क समेत सेवा उपलब्ध गराएबापत भुक्तानी दिनुपर्ने रकम) र बिक्री बोनसको भुक्तानीमा भुक्तानी दिने व्यक्तिले तथा अवकाश भुक्तानीमा अवस्थानुसार अवकाश कोष वा रोजगारदाताले, दफा८९ ले ठेक्का वा करार बापतको भुक्तानीमा र बीमा प्रिमियम बापत गैर बासिन्दालाई गरेको भुक्तानीमा भुक्तानी दिने व्यक्तिले तत् तत् दफामा उल्लिखित विधि र दर अनुसार करकट्टी गर्नुपर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा यस निर्देशिकाको परिच्छेद १६ मा विस्तृत रूपमाव्याख्या गरिएको छ । भुक्तानीमा करकट्टी गर्नुपर्ने व्यक्ति वा निकायले भुक्तानीमा कर कट्टी गरेको रकम दफा ९० बमोजिम सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ । त्यस्ता रकम भुक्तानी गर्दा भुक्तानीकर्ताले वा भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यक्ति वा निकायले भुक्तानीमा कर कट्टी नगरेमा पनि कर कट्टी गर्नुपर्ने समयमा कर कट्टी गरेको मानिन्छ । भुक्तानीमा कर कट्टी नगरेको कर रकम बुझाउने दायित्व कर कट्टी गर्ने र कर कट्टी हुने दुवै व्यक्तिको हुने व्यवस्था छ । त्यसरी भुक्तानीमा कर कट्टी गर्ने वा भुक्तानीमा कर कट्टी हुने व्यक्तिले बुझाउनु पर्ने भुक्तानीमा कर कट्टी गरेको वा भुक्तानीमा कर कट्टी गरेको मानिने रकमलाई यस ऐन बमोजिम तिर्नु पर्ने कर भनिन्छ ।

## ५. अग्रिम कर असुली गरेको वा अग्रिम कर असुली गरेको मानिने रकम

ऐनको दफा ९५क. अनुसार निम्न अवस्थामा अग्रिम कर असुल गर्नु पर्दछः

- कमोडिटी बजारमा कारोबार गरी मुनाफा र लाभ आर्जन गरेका व्यक्तिबाट कमोडिटी बजारका सञ्चालकले,
- कुनै बासिन्दा निकायमा रहेको हित अर्थात कुनै बासिन्दा निकायले जारी गरेको धितोपत्रको निःसर्गबाट कुनै व्यक्तिलाई लाभ भएमा त्यस्तो लाभमा सो धितोपत्र सूचिकृत कम्पनीको भए सूचिकृत गर्ने निकायले र अन्य निकायको हकमा जुन निकायको धितोपत्र निःसर्ग गरिएको हो सोही निकायले,
- कुनै प्राकृतिक व्यक्तिलाई कुनै घरजग्गा वा घर वा जग्गाको निःसर्गबाट कुनै लाभ भएको भए त्यस्तो लाभमा र प्राकृतिक व्यक्ति बाहेक अन्य व्यक्तिको घरजग्गा वा घर वा जग्गाको निसर्गमा सम्बन्धित मालपोत कार्यालयले,
- ऐनमा उल्लेख भएका कृषिजन्य वस्तु पैठारीमा सम्बन्धित भन्सार कार्यालयले ।

अग्रिम करकट्टी गरी असुल गर्नुपर्ने व्यक्ति वा निकायले अग्रिम कर कट्टी गरेको रकम दफा ९५क.(१०) बमोजिम सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ । त्यस्ता रकम भुक्तानी गर्दा भुक्तानीकर्ताले वा अग्रिम कर असुल गर्नुपर्ने व्यक्ति वा निकायले अग्रिम कर असुल नगरेमा पनि कर असुल गर्नुपर्ने समयमा कर असुल गरेको मानिन्छ । अग्रिम कर असुल गरेर पनि नबुझाएको रकम बुझाउने जिम्मेवारी सो कर असुल गर्ने व्यक्तिको हुन्छ । अग्रिम कर असुल नगरेको कर रकम बुझाउने दायित्व कर असुल गर्ने र कर भुक्तानी हुने दुवै व्यक्तिको हुने व्यवस्था छ । त्यसरी अग्रिम कर असुल गर्ने वा हुने व्यक्तिले बुझाउनुपर्ने अग्रिम कर असुल गरेको वा असुल गरेको मानिने रकमलाई ऐन बमोजिम तिर्नुपर्ने कर भनिन्छ ।

## ६. ऐन बमोजिम लाग्ने शुल्कः

कुनै व्यक्तिले बुझाउनुपर्ने देहाय बमोजिमका विवरण नबुझाएमा वा ढिला बुझाएमा वा देहायका कसूर गरेमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्ने व्यवस्था छ ।

(१) **दफा ११७(१)(ग) बमोजिमको शुल्कः** दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण आय वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वा विवरण दाखिला गर्ने म्याद थप पाएको भए थप म्यादभित्र नबुझाएमा पूर्वानुमानित कर तिर्ने व्यक्तिको हकमा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकम र अन्य व्यक्तिको हकमा सो आय वर्षको आयको गणना गर्दा समावेश गर्नुपर्ने सबै आय रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम ।

(२) **दफा ११७(१)(क) बमोजिमको शुल्कः** दफा ९५ को उपदफा (१) बमोजिम कुनै आय वर्षको अनुमानित करको विवरण सो आय वर्षको पौष मसान्तभित्र दाखिला नगरेमा प्रति विवरण पाँच हजार रुपैयाँ वा आय विवरणमा उल्लिखित निर्धारणयोग्य आय रकमको शून्य दशमलव शून्य एक प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम ।

(३) **दफा ११७(१)(ख) बमोजिमको शुल्कः** दफा ९५क. को उपदफा (९) बमोजिम दाखिला गर्नुपर्ने अग्रिम कर असुलीको विवरण अग्रिम कर असुल भएको वा हुनुपर्ने महिना समाप्त भएको पच्चीस दिनभित्र नबुझाएमा कर कट्टी भएको वा हुनुपर्ने रकमको वार्षिक डेढ प्रतिशतका दरले हुने रकम ।

(४) **दफा ११७(३) बमोजिमको शुल्कः** दफा ९० बमोजिम दाखिला गर्नुपर्ने अग्रिम कर कट्टीको विवरण कर कट्टी भएको वा हुनुपर्ने महिना समाप्त भएको पच्चीस दिनभित्र नबुझाएमा कर कट्टी भएको वा हुनुपर्ने रकमको वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुने रकम ।

(६) **दफा ११७(२) बमोजिमको शुल्कः** दफा ८१ बमोजिम राख्नुपर्ने कागजात नराखेमा कागजात नराखेको आय वर्षको सबै आय रकमको शून्य दशमलव एक प्रतिशतका दरले हुने रकम वा एक हजार रुपैयाँका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम ।

(७) **दफा ११९क. बमोजिमको शुल्कः** यस ऐन र ऐन अन्तर्गत बनेका नियमका कुनै व्यवस्थालाई पालना नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म शुल्क लाग्ने ।

(८) **दफा १२० बमोजिमको शुल्कः** कुनै करदाताले विभाग वा कार्यालयमा दिएको विवरण वा जानकारी भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट घटी हुनगएको कर रकमको पचास प्रतिशत र जानाजानी वा लापरवाही गरेको कारणले त्यस्तो विवरण वा जानकारी झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट घटी हुन गएको कर रकमको शतप्रतिशत ।

(८) **दफा १२१ बमोजिमको शुल्कः** ऐन अनुसार कसूर मानिने कुनै कार्य गर्न कुनै व्यक्तिले कसैलाई प्रोत्साहन गरेमा निजले प्रोत्साहन गरेको कारणले कुनै करदाताले कम तिरेको कर बराबरको रकम ।

उपर्युक्त बमोजिम बुझाउनुपर्ने शुल्कको रकमलाई यस ऐन बमोजिम तिर्नुपर्ने कर भनिन्छ ।

## ७. ऐन बमोजिम लाग्ने ब्याजः

कुनै व्यक्तिले बुझाउनुपर्ने कर तोकिएको समयमा नबुझाएमा त्यस्तो व्यक्तिलाई दाखिला गर्न बाँकी रकममा कर दाखिला गर्नुपर्ने समय र कर दाखिला गरेको समयबीचको अवधिभरका लागि वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था ऐनको दफा ११९ ले गरेको छ । यस अनुसार कुनै करदाताले दाखिला गर्नुपर्ने किस्ता बापतको कर वा आय विवरण बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा वा कुनै कर कट्टी गर्ने व्यक्ति वा कर कट्टी हुने व्यक्तिले कर कट्टी गरेको वा कर कट्टी गरेको मानिने कर रकम समयमा दाखिला नगरेमा उपर्युक्त अनुसारको दरले ब्याज लाग्दछ र त्यस्तो ब्याजलाई यस ऐन बमोजिम तिर्नुपर्ने कर भनिन्छ ।

## ८. दाबी वा लिलाम खर्चः

कर बक्यौता राख्ने व्यक्ति वा करदाताले तिर्न बाँकी कर असुल गर्ने प्रयोजनका लागि विभाग वा कार्यालयले सो व्यक्तिको कुनै सम्पत्ति दाबी गर्दा वा लिलाम बिक्री गर्दा कुनै खर्च भएको भए कार्यालय वा विभागले सो खर्च बराबरको रकम सो कर बक्यौता राख्ने व्यक्तिबाट असुल उपर गरि लिन पाउँछ र त्यस्तो रकमलाई यस ऐन बमोजिम तिर्नुपर्ने कर भनिन्छ ।

## ९. दफा १२९ बमोजिम बुझाउनुपर्ने जरिवानाको रकमः

ऐनको परिच्छेद २३ मा उल्लिखित कसूरमध्ये कर दाखिला नगरेको वा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएको वा कर प्रशासनमा बाधा विरोध गरेको वा ऐनको पालना नगरेको वा ती कसूरमा मतियार रहेको कुनै व्यक्ति वा करदाताले विभाग वा कार्यालयले अदालती कारबाहीको प्रक्रिया सुरु गर्नु अगावै उपर्युक्तमध्ये आफूले गरेको कुनै कसूर लिखित रूपमा स्वीकार गरेमा निजले स्विकारेका सबै कसूर गरे बापत

लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना दाखिला गर्न विभागको महानिर्देशकले सो व्यक्तिलाई आदेश दिन सक्तछ र त्यसरी जरिवानाको रकम दाखिला गर्न आदेश पाएको व्यक्तिले सो आदेश बमोजिम तिर्नुपर्ने जरिवाना रकमलाई यस ऐन बमोजिम तिर्नुपर्ने कर भनिन्छ ।

**१०. विभागले दिएको आदेश बमोजिम कुनै दोश्रो वा तेश्रो पक्षले बुझाउनुपर्ने रकमः**

कर बक्यौता राख्ने निकायको कुनै व्यवस्थापक सो निकायले बुझाउन बाँकी कर बुझाउन जिम्मेवार हुन्छ । त्यस्तै कर बक्यौता राख्ने व्यक्तिको प्रापकलाई सो व्यक्तिको कर बक्यौता बराबरको रकम बुझाउन विभागले सूचित गरेमा सूचना बमोजिमको रकम बुझाउन सो प्रापक जिम्मेवार हुन्छ । कर बक्यौता राख्ने व्यक्तिलाई कुनै रकम बुझाउनुपर्ने व्यक्ति वा गैर बासिन्दा व्यक्तिको कर बक्यौता रहेकोमा सो व्यक्तिको एजेन्टलाई कर बक्यौता राख्ने व्यक्तिले बुझाउन बाँकी रहेको करको हदसम्मको रकम बुझाउन विभागले आदेश दिन सक्तछ र आदेशमा उल्लिखित रकम बुझाउनु त्यसरी आदेश पाएको व्यक्तिको कर्तव्य हुन्छ । यसरी उपर्युक्त उल्लिखित कुनै व्यक्तिले ऐन वा विभागीय आदेशबमोजिम बुझाउनुपर्ने रकमलाई यस ऐन बमोजिम तिर्नुपर्ने कर भनिन्छ ।

## २७.४ कर तिर्नुपर्ने स्थान र तरिका

ऐनको दफा ८५ को उपदफा (१) मा कर तिर्नुपर्ने व्यक्तिले कर तिर्ने स्थान र कर तिर्ने तरिकाको सम्बन्धमा देहायको व्यवस्था गरेको छ ।

**८५(१): यस ऐन बमोजिम तिर्नुपर्ने कर तोकिएको स्थान र तरिका बमोजिम बुझाउनु पर्नेछ र त्यसरी तिर्नुपर्ने कर विद्युतीय माध्यमबाट समेत तिर्नुपर्ने गरी विभागले तोक्न सक्नेछ ।**

ऐनको उक्त व्यवस्थाको अधीनमा रही नियमावलीको नियम २९ ले कर तिर्नुपर्ने व्यक्तिले कर तिर्ने स्थान र करतिर्ने तरिकाको सम्बन्धमा देहायको व्यवस्था गरेको छ ।

*नियम २९(१): कुनै व्यक्तिले ऐन बमोजिम तिर्नुपर्ने कर देहायको स्थानमा देहाय बमोजिम तिर्नु पर्नेछः-*

*(क) विभागले कुनै व्यक्तिलाई कर तिर्ने स्थान सूचित गरेको भए सोही स्थानमा,*

*(ख) खण्ड (क) बाहेकका अन्य अवस्थामा सरकारी कारोबार गर्न मान्यता प्राप्त बैंक वा विभागमा ।*

*नियम २९(२): कुनै व्यक्तिले उपनियम (१) बमोजिम सरकारी कारोबार गर्न मान्यता प्राप्त बैंकमा कर बुझाएको भए सोको जानकारी विभागमा दिनु पर्नेछ ।*

*नियम २९(३): उपनियम (१) बमोजिम कर बुझाउँदा देहाय बमोजिम बुझाउन सकिनेछ :-*

*(क) विभागमा भुक्तानी गर्दा विभागले तोकेको सीमासम्म नगद र सो सीमा भन्दा बढी भएमा चेक वा ड्राफ्टबाट, वा*

*(ख) सरकारी कारोबार गर्न मान्यता प्राप्त बैंकमा भुक्तानी गर्दा नगद, चेक,ड्राफ्ट वा विद्युतीय माध्यमबाट ।*

*नियम २९(४): उपनियम (३) बमोजिम चेकबाट कर बुझाएकोमा कुनै कारणले सो चेकको भुक्तानी नभएमा सो चेकबाट भुक्तानी प्राप्त गर्न विभागले भुक्तानी मितिसम्म गरेको सम्पूर्ण खर्च बापत विभागले तोकेको रकम सो चेक बुझाउने व्यक्तिले विभागमा बुझाउनु पर्नेछ । यसरी विभागले*

*खर्चको रकम तोक्दा भुक्तानी मितिसम्म कर बापत लाग्ने ब्याज, शुल्क तथा जरिवानाको रकम समेत समावेश गर्नु पर्नेछ ।*

**२७.५ कर भुक्तानी गर्ने समय**

ऐनको दफा ८५ को उपदफा (२) ले ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर रकम तिर्नु बुझाउनुपर्ने समयका बारेमा देहायको व्यवस्था गरेको छ ।

८५(२): **यस ऐन बमोजिम तिर्नुपर्ने कर उपदफा (१) का अधीनमा रही देहायको समयमा बुझाउनु पर्नेछ :-**

८५(२)(क) **अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेले दफा ९० को उपदफा (४) मा उल्लिखित समयमा,**

अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यक्तिले जुन महिनामा अग्रिम कर कट्टी गर्नुपर्ने हो सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर रकम जम्मा गर्नुपर्दछ ।

८५(२)(ख) **किस्ताबन्दीमा कर बुझाउनु पर्नेले दफा ९४ को उपदफा (१) मा उल्लिखित समयमा,**

किस्ताबन्दीमा बुझाउनुपर्ने व्यक्तिले अनुमानित कर रकमको प्रथम किस्ता पौष मसान्तभित्र, दोश्रो किस्ता चैत्र मसान्तभित्र एवम् तेश्रो तथा अन्तिम किस्ता सो आ.व.को असार मसान्तभित्र बुझाउनु पर्दछ ।

८५(२)(ग) **निर्धारण गरिएका कर बुझाउनु पर्नेले -**

(१) **दफा ९९ बमोजिमको कर निर्धारण सम्बन्धमा आय विवरण बुझाउनुपर्ने मितिमा,**

स्वयं कर निर्धारण गर्ने व्यक्तिले आय विवरण अनुसार कूल कर रकमबाट किस्ता दाखिला सहित अग्रिम दाखिला गरेको रकम घटाई बाँकी नपुग कर रकम आय विवरण साथ अर्थात आय वर्ष समाप्त भएको तीन महिनाभित्र दाखिला गर्नुपर्दछ ।

(२) **दफा १०० को उपदफा (२) बमोजिम गरिएको कर निर्धारणको सम्बन्धमा दफा १०२ बमोजिम बुझाएको कर निर्धारणको सूचनामा तोकिएको म्यादभित्र,**

विभागले संशय कर निर्धारण गरेको खण्डमा संशय कर निर्धारण भएको व्यक्तिलाई सो सम्बन्धमा ऐनको दफा १०२ बमोजिम बुझाइएको कर निर्धारणको सूचनामा तोकिएको म्यादभित्र सो व्यक्तिले बाँकी कर बुझाउनु पर्दछ ।

(३) **दफा १०१ बमोजिम भएको संशोधित कर निर्धारणको सम्बन्धमा दफा १०२ बमोजिम बुझाएको कर निर्धारणको सूचनामा तोकिएको म्यादभित्र ।**

विभागले संशोधित कर निर्धारण गरेको खण्डमा संशोधित कर निर्धारण भएको व्यक्तिलाई सो सम्बन्धमा ऐनको दफा १०२ बमोजिम बुझाइएको कर निर्धारणको सूचनामा तोकिएको म्यादभित्र सो व्यक्तिले बाँकी कर बुझाउनु पर्दछ ।

८५(२)(घ) **दफा १०४ को उपदफा (८), दफा १०९ को उपदफा (१) वा दफा ११० को उपदफा (१) बमोजिम जारी भएको सूचना बमोजिम विभागलाई बुझाउनुपर्ने रकमहरुको सम्बन्धमा सो सूचनामा उल्लिखित मितिमा,**

कुनै व्यक्तिको बक्यौता कर असुल गर्ने प्रयोजनका लागि विभागले सो व्यक्तिको कुनै सम्पत्ति दाबी गर्दा वा लिलाम बिक्री गर्दा भएका खर्चका सम्बन्धमा कर बक्यौता रहेको व्यक्तिलाई ऐनको दफा १०४ को उपदफा (८) बमोजिम दिइएको सूचनामा उल्लिखित मितिमा सो व्यक्तिले माग गरिएको रकम (कर) बुझाउनु पर्दछ ।

दफा १०९ को उपदफा (१) बमोजिम कर बक्यौता रहेको व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्ति र दफा ११० को उपदफा (१) बमोजिम कर बक्यौता रहेको गैर बासिन्दा व्यक्तिको एजेन्टलाई विभागले जारी गरेको सूचना बमोजिम ती व्यक्तिले बुझाउनुपर्ने कर बुझाउन जारी गरेको सूचनामा उल्लिखित मितिसम्ममा बुझाउनु पर्दछ ।

८५(२)(ङ) **दफा १०७ को उपदफा (२) बमोजिम कुनै निकायले कर नबुझाई कायम हुन आएको दायित्वको सम्बन्धमा सो निकायबाट जुन समयमा कर बुझाउनु पर्ने हो सोही समयमा,**

कुनै निकायले कर नबुझाई कायम हुन आएको कर दायित्व बुझाउन ऐनको दफा १०७ को उपदफा (२) बमोजिम सो निकायबाट नबुझाईएको कर जुन समयमा बुझाउनुपर्ने हो सोही समयमा बुझाउन सो निकायको जिम्मेवार एक वा सो भन्दा बढी अधिकृत वा व्यवस्थापक जिम्मेवार हुनेछन् ।

८५(२)(च) **दफा १०८ को उपदफा (३) वा (४) बमोजिम माग गरिएको रकमको सम्बन्धमा क्रमशः लिलाम बिक्री गरी रकम मिलान गरिएको वा मिलान गर्न नसकिएको मितिले सात दिनभित्र, र**

कर बक्यौता रहेको व्यक्तिको बुझाउन बाँकी करको हदसम्मको रकम बुझाउन विभागले ऐनको दफा १०८ को उपदफा (२) को सूचना दिए बमोजिम ऐनको दफा १०८ को उपदफा (३) अनुसार प्रापकले त्यस्तो व्यक्तिको कुनै सम्पत्ति बिक्रीबाट प्राप्त रकममध्ये कर तिर्न छुट्याएको रकम सो प्रापकले त्यस्तो सम्पत्तिको बिक्रीबाट प्राप्त रकममध्ये बक्यौता कर रकम छुट्याएको मितिले सात दिनभित्र बुझाउनु पर्दछ । यदिसो व्यक्तिले सम्पत्तिको बिक्रीबाट प्राप्त रकममध्ये कर तिर्न नछुट्याए पनि यसरी सम्पत्ति बिक्रीबाट छुट्याउनुपर्ने मितिले सात दिनभित्र त्यस्तो रकम बुझाउनु पर्दछ ।

८५(२)(छ) **दफा १२२ बमोजिम निर्धारण गरिएका शुल्क तथा ब्याजको सम्बन्धमा निर्धारणको सूचनामा उल्लिखित मितिमा**

दफा १२२ बमोजिम विभाग वा कार्यालयले निर्धारण गरे अनुसार तिनुपर्ने शुल्क तथा ब्याज, त्यस्तो शुल्क तथा ब्याज निर्धारण भएको व्यक्तिलाई बुझाइएको ऐनको दफा १०२ बमोजिमको कर निर्धारणको सूचना वा अन्य सूचनामा तोकिएको म्यादभित्र त्यस्तो रकम बुझाउनु पर्दछ ।

ऐन बमोजिम बुझाउनुपर्ने कर र समय तलको तालिकामा दिइएको छ :

**ऐन बमोजिम तिर्नुपर्ने कर र बुझाउनुपर्ने समय**

| सि.नं. | कर वा रकमको विवरण | बुझाउनुपर्ने समय |
|---|---|---|
| १ | भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिले तिर्नुपर्ने भुक्तानीमा कर कट्टी गरेको कर रकम वा भुक्तानीमा कर कट्टी गर्ने वा भुक्तानीमा कर कट्टी हुने व्यक्तिले तिर्नुपर्ने भुक्तानीमा कर कट्टी गर्ने<br>व्यक्तिले तिर्न बाँकी अग्रिम कर वा असुल गरेको कर रकम वा अग्रिम कर असुल नगरे पनि कर कट्टी वा असुल गरेको मानिने रकम | जुन महिनामा भुक्तानीमाकर कट्टी गर्नुपर्ने हो सो महिनासमाप्त भएको पच्चीस दिनभित्र<br>जुन महिनामा अग्रिम कर असुल गर्नुपर्ने हो सो महिनासमाप्त भएको पच्चीस दिनभित्र |
| २ | (क) किस्ताबन्दीमा बुझाउनुपर्ने अनुमानित | |

| | | |
|---|---|---|
| | कर (करदाताले गणना गरेको वा विभागले अनुमान गरेको रकम)<br>प्रथम किस्ता<br><br>दोश्रो किस्ता<br><br>तेश्रो किस्ता | <br><br>किस्ता तिर्नुपर्ने आ.व.को पौष मसान्तभित्र<br>किस्ता तिर्नुपर्ने आ.व.को चैत्र मसान्तभित्र<br>किस्ता तिर्नुपर्ने आ.व.को असार मसान्तभित्र |
| | (ख) कारोबारको आधारमा कर दाखिला गर्नुपर्ने करदाताका लागि (करदाताले गणना गरेको वा विभागले अनुमान गरेको रकम):<br>प्रथम किस्ता<br><br><br>दोश्रो किस्ता | <br><br><br><br>किस्ता तिर्नुपर्ने आ.व.को पौष मसान्तभित्र<br>किस्ता तिर्नुपर्ने आ.व.को असार मसान्तभित्र |
| ३ | ऐनको दफा ९६ बमोजिम आय विवरण बुझाएको र दफा ९९ बमोजिम कर निर्धारण गरेको व्यक्तिले आय विवरण अनुसार तिर्न बाँकी कर रकम | आय विवरण बुझाउनुपर्ने मिति अर्थात आयवर्ष समाप्त भएको तीन महिनाभित्र |
| ४ | दफा १०० को उपदफा (२) बमोजिम गरिएको संशय कर निर्धारण अनुसार तिर्नुपर्ने कर | संशय कर निर्धारण भएको व्यक्तिलाई ऐनको दफा १०२ बमोजिम वुझाइएको कर निर्धारणको सूचनामा तोकिएको म्यादभित्र |
| ५ | दफा १०१ बमोजिम गरिएको संशोधित कर निर्धारण अनुसार तिर्नुपर्ने कर | संशोधित कर निर्धारण भएको व्यक्तिलाई ऐनको दफा १०२ बमोजिम बुझाइएको कर निर्धारणको सूचनामा तोकिएको म्यादभित्र |
| ६ | कुनै व्यक्तिको बक्यौता कर असुल गर्ने प्रयोजनका लागि विभागले सो व्यक्तिको कुनै सम्पत्ति दाबी गर्दा वा लिलाम बिक्री गर्दा भएका खर्च | त्यस्ता खर्चका सम्बन्धमा कर बक्यौता रहेको व्यक्तिलाई ऐनको दफा १०४ को उपदफा(८) बमोजिम दिइएको सूचनामा उल्लिखित मितिमा |
| ७ | दफा १०९ को उपदफा (१) बमोजिम कर बक्यौता रहेको व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्ति र दफा ११० को उपदफा (१) बमोजिम कर बक्यौता रहेको गैर बासिन्दा व्यक्तिको एजेन्टलाई विभागले जारी गरेको सूचना बमोजिम ती व्यक्तिले बुझाउनुपर्ने रकम | विभागले ती व्यक्तिलाई रकम बुझाउन जारी गरेको सूचनामा उल्लिखित मिति |
| ८ | कुनै निकायले कर नबुझाई कायम हुन आएको कर दायित्व बुझाउन ऐनको दफा १०७ को उपदफा (२) बमोजिम जिम्मेवार | सो निकायबाट नबुझाइएको कर जुन समयमा बुझाउनुपर्ने हो सोही समयमा |

| | | |
|---|---|---|
| | सो निकायका एक वा सोभन्दा बढी अधिकृत वा व्यवस्थापकले बुझाउनुपर्ने सो निकायको बक्यौता रहेको कर रकम | |
| ९ | कर बक्यौता रहेको व्यक्तिको बुझाउन बाँकी करको हदसम्मको रकम बुझाउन विभागले ऐनको दफा १०८ को उपदफा (२) को सूचना दिए बमोजिम ऐनको दफा १०८ को उपदफा (३) अनुसार प्रापकले त्यस्तो व्यक्तिको कुनै सम्पत्तिको बिक्रीबाट प्राप्त रकममध्ये सो व्यक्तिको कर तिर्न छुट्याएको रकम | सम्पत्तिको बिक्रीबाट प्राप्त रकममध्ये रकम छुट्याएको मितिले सात दिनभित्र |
| १० | कर बक्यौता रहेको व्यक्तिको बुझाउन बाँकी करको हदसम्मको रकम बुझाउन विभागले ऐनको दफा १०८ को उपदफा (२) बमोजिम दिएको सूचना बमोजिम सो व्यक्तिको प्रापकलेत्यस्तो व्यक्तिको कुनै सम्पत्तिको बिक्रीबाट प्राप्त रकममध्ये सो व्यक्तिको कर तिर्न कुनै रकम नछुट्याएमा र ऐनको दफा १०८ को उपदफा (४) बमोजिम प्रापकले व्यक्तिगत रूपमा सो रकम तिर्नुपर्ने भएमा | सम्पत्तिको बिक्रीबाट प्राप्त रकममध्ये कर बापत कुनै रकम छुट्याउनुपर्ने मितिले सात दिनभित्र |
| ११ | दफा १२२ अनुसार विभागले निर्धारण गरे अनुसार तिर्नुपर्ने शुल्क तथा ब्याज | शुल्क तथा ब्याज निर्धारण भएको व्यक्तिलाई बुझाइएको ऐनको दफा १०२ बमोजिमको कर निर्धारणको सूचना वा अन्य सूचनामा तोकिएको म्यादभित्र |
| १२ | दफा ११९क. बमोजिम विभागले दिएको आदेश बमोजिम बुझाउनुपर्ने जरिवानाको रकम | सोही आदेशमा उल्लिखित मितिमा |

ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर बुझाउनुपर्ने मिति प्रभावित नहुने सम्बन्धमा ऐनको दफा ८५ को उपदफा (३) मा देहायको व्यवस्था गरेको छ ।

**८५(३): देहायका अवस्थामा कर बुझाउनुपर्ने मिति प्रभावित हुने छैन :-**

(क) **कर असुलउपर गर्न परिच्छेद२० बमोजिम विभागले गरेको कारबाही, वा**

(ख) **यस ऐन बमोजिम अन्य कारबाही गर्न प्रारम्भ गरिएकोमा ।**

ऐन बमोजिम बुझाउनुपर्ने करको परिभाषाभित्र पर्ने हरेक प्रकारका रकम जुन मिति वा समयमा बुझाउनुपर्ने गरी ऐनले व्यवस्था गरेकोछ सोही मिति र समयसम्ममा बुझाउनु पर्दछ । कुनै करदाताले कर बापतको रकम बुझाउनुपर्ने समयभन्दा पछाडि बुझाएमा त्यस्तो ढिला बुझाइएको शुल्क, ब्याज तथा जरिवाना बाहेक अन्य कर रकममा करदाताले सामान्य ब्याज दरले (वार्षिक पन्ध्र प्रतिशतका दरले) ब्याज भुक्तान गर्नुपर्दछ । कर बापत बुझाउनुपर्ने कुनै रकम कुनै करदाताले समयमा नबुझाएमा त्यस्तो बुझाउन बाँकी कर र त्यसमा लाग्ने ब्याज असुलउपर गर्न विभागले सो करदाताको कुनै सम्पत्ति रोक्का वा लिलाम बिक्री गर्न वा निजले अन्य कुनै व्यक्तिबाट प्राप्त गर्नुपर्ने रकममध्येबाट असुल उपर गर्न सक्तछ ।

## २७.६ बुझाउनु पर्ने करको प्रमाण

ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कुनै कर समयमा नतिर्ने वा बक्यौता राख्ने करदाता वा व्यक्तिबाट त्यस्तो बक्यौता कर असुल उपर गर्न विभागले ऐनको परिच्छेद २० वा २३ बमोजिमको कारबाही गर्नुपर्दछ । यस्तो कारबाही प्रारम्भ गरिएको कर बक्यौता रहेको व्यक्तिले आफूले कुनै कर तिर्न बाँकी नरहेको वा विभागले दाबी गरे अनुसारको रकमभन्दा बक्यौता कर रकम कम रहेको दाबी गर्न सक्तछ । यस सम्बन्धमा ऐनको दफा ८६ ले देहायको व्यवस्था गरेको छ ।

**८६: कुनै व्यक्तिको नाम, ठेगाना र सो व्यक्तिले बुझाउनुपर्ने करको रकम उल्लेख गरी विभागको अधिकृतले हस्ताक्षर गरेको प्रमाणपत्र नै देहायका काम कारबाहीमा सो व्यक्तिबाट बुझाउनुपर्ने कर रकमको निमित्त पर्याप्त प्रमाण हुनेछ :-**

**(क) कर असूलउपर गर्न परिच्छेद-२० बमोजिम विभागले गरेको कारबाही, वा**

**(ख) परिच्छेद-२३ बमोजिम कुनै कसूर सम्बन्धी कारबाही ।**

विभागको कुनै अधिकृतले कर बुझाउन बाँकी रहेको कुनै करदाता वा व्यक्तिको विभागमा रहेको अभिलेख बमोजिमको नाम, ठेगाना र निजले बुझाउन बाँकी करको रकम उल्लेख गरी सो करदाता वा व्यक्तिलाई जारी गरेको कुनै प्रमाणपत्र (सो करदाता वा व्यक्तिलाई जारी गरिएको सूचना वा पत्र) मा उल्लिखित रकम सो करदाता वा व्यक्तिले बुझाउनुपर्दछ । कुनै करदाता वा व्यक्तिलाई निजले बुझाउनुपर्ने करको रकम उल्लेख गरी ऐनको दफा ९० को उपदफा (८) बमोजिम जारी गरिएको आदेश वा दफा ९५ को उपदफा (७) र दफा १०२ बमोजिम जारी गरिएको सूचनालाई बुझाउन बाँकी करको प्रमाणको रूपमा लिन सकिन्छ । त्यसरी सूचना वा पत्र जारी गरिएको करदाता वा व्यक्तिले सो सूचना वा पत्रमा उल्लिखित रकम नबुझाएमा विभाग वा कार्यालयले उक्त रकम असुल उपर गर्न ऐनको परिच्छेद २० वा २३ बमोजिम असुलीको कारबाही प्रारम्भ गर्नसक्तछ । त्यस्तो कारबाही प्रारम्भ गर्न विभागको कुनै अधिकृतले कर बक्यौता रहेको करदाता वा व्यक्तिलाई जारी गरेको सूचना वा पत्र नै त्यस्तो व्यक्ति वा करदाताले कर बुझाउन बाँकी रहेको प्रमाणित गर्न पर्याप्त मानिन्छ ।

# परिच्छेद २८

# कर संकलन, मिन्हा र फिर्ता

# (Tax Collection, Remission and Refund)

२८.१ कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिले आफूले तिर्नुपर्ने कर ऐनमा तोकिएको दाखिला गर्नुपर्ने समयभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्दछ । कुनै व्यक्तिले तिर्नुपर्ने कर भन्नाले निजले कुनै व्यक्तिलाई दिएको भुक्तानीमा अग्रिम कर कट्टी गरेको रकम, विदेशमा पठाएको आयको कर कट्टी गरेको रकम र रोजगारी, व्यवसायर लगानीको करयोग्य आयमा तिर्नुपर्ने करलाई बुझाउँछ । दाखिला गर्नुपर्ने कर तोकिएको समयमा दाखिला नगरेको अवस्थामा कर बक्यौता रहन्छ । कर बक्यौता रहेको व्यक्तिबाट विभागले कर असुली गर्ने सम्बन्धमा ऐनको परिच्छेद २० मा विभिन्न व्यवस्था छ । विभागले ऐनको परिच्छेद २० को व्यवस्था अन्तर्गत रही कर बक्यौता रहेको व्यक्तिबाट कर संकलन गर्ने प्रक्रिया अवलम्बन गरी कर संकलन गर्न सक्दछ ।

व्यक्तिले किस्ताबन्दीमा अनुमानित कर तिर्नुपर्ने र भुक्तानीमा कर कट्टी हुने व्यवस्थाले गर्दा कहिलेकाँही तिर्नुपर्ने कर भन्दा बढी कर दाखिला भएको हुन सक्दछ । तिर्नुपर्ने करभन्दा दाखिला गरेको कर बढी भएमा त्यसरी बढी भएको कर रकम र कर तिर्नुनपर्ने व्यक्तिको कर दाखिला भएको भएमा त्यसरी दाखिला भएको कर रकम फिर्ता गर्नुपर्दछ ।

ऐनको परिच्छेद २० ले कर बक्यौता राख्ने व्यक्तिबाट कर असुल गर्ने प्रक्रिया एवम् अधिकार, बक्यौता मिन्हा गर्ने र बढी दाखिला भएको कर फिर्ता गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । ऐनका यिनै व्यवस्थाको व्याख्या यस परिच्छेदमा गरिएको छ ।

## २८.२ अग्रिम कर कट्टी गर्ने व्यक्तिबाट कर असुली

ऐनको परिच्छेद १७ ले पारिश्रमिक तथा अन्य अवकाश भुक्तानीमा रोजगारदाताले, अवकाश कोषबाट भएको अवकाश भुक्तानीमा अवकाश कोषले, लगानी प्रतिफल, सेवा शुल्क, बिक्री बोनस, ठेक्का वा करार बापतको भुक्तानी र बीमा प्रिमियम बापत गैर बासिन्दालाई दिइने भुक्तानीमा भुक्तानीकर्ताले र दफा ९५क.बमोजिम कमोडिटी बजारको सञ्चालकले सो कारोबारमा भएको मुनाफा र लाभ, धितोपत्रको निःसर्गबाट भएको लाभमा धितोपत्र विनिमय बजार वा जुन निकायको धितोपत्र निःसर्ग भएको हो सो निकायले, घरजग्गा वा घर वा जग्गाको निःसर्गबाट भएको लाभमा सम्बन्धित मालपोत कार्यालय र केही कृषिजन्य वस्तु पैठारीमा सम्बन्धित भन्सार कार्यालयले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ९० र दफा ९५क. ले त्यसरी कर कट्टी गरिएको रकम र विवरण सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । कर कट्टी गर्नुपर्ने दायित्व भएका उपर्युक्त व्यक्तिलाई कर कट्टी गर्नुपर्ने व्यक्ति (Withholding Agent) भनिन्छ । ऐनले अग्रिम कर कट्टी गरिएको वा गरिनुपर्ने रकमलाई पनि करको रूपमा परिभाषित गरेको हुँदा अग्रिम कर कट्टी गर्ने दायित्व भएका उल्लिखित व्यक्ति वा निकायलाई पनिकर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति मान्नुपर्ने हुन्छ र अग्रिम कर कट्टी भएको कर रकम कर कट्टी गर्ने व्यक्तिबाटै असुल गर्नुपर्ने हुन्छ । अग्रिम कर कट्टी गर्ने दायित्व भएका उपर्युक्त व्यक्ति वा निकायले कर कट्टी गरेको वा कर कट्टी गरेको मानिने करको रकम असुल हुने प्रत्याभूति प्रदान गर्न ऐनको दफा १०३ ले कट्टी गरी बुझाउनुपर्ने कर बापतको सुरक्षणका सम्बन्धमा देहाय बमोजिमको विशेष व्यवस्था गरेको छ ।

१०३(१): **अग्रिमकर कट्टी गर्नुपर्ने व्यक्तिले परिच्छेद-१७ बमोजिम कट्टी गर्नुपर्ने करलाई अदालतको आदेश वा अन्य कुनै कानुन बमोजिम वा अन्य कुनै किसिमले गर्नुपर्ने भुक्तानीलाई भन्दा अग्राधिकार दिनु पर्नेछ ।**

१०३(२): **अग्रिमकर कट्टी गर्नुपर्ने व्यक्तिले परिच्छेद-१७ बमोजिम कट्टा गरेको करसम्बन्धमा देहाय बमोजिम हुनेछ :-**

(क) त्यस्तो व्यक्तिले कट्टी गरेको कर र त्यस्तो कर बापत कुनै सम्पत्ति प्राप्त गरेको भए सो समेत नेपाल सरकारको निमित्त रोक्का राखेको मानिने,

(ख) सो कट्टी गरिएको कर रकम त्यस्तो व्यक्तिको ऋण वा दायित्वसँग आबद्ध गर्न नसकिने, र

(ग) त्यस्तोअग्रिम कर कट्टी गर्नेव्यक्ति टाट पल्टिएको वा विघटन भएको अवस्थामा सो कर कट्टी रकम त्यसरी विघटन भएको वा टाट पल्टेको जेथाको भाग नमानिने र त्यसरी विघटन भई वा टाट पल्टिई भाग लगाउनु पर्दा कट्टी गरिएको कर वा सो सम्पत्ति उपर विभागको पहिलो दाबी रहने ।

कर कट्टी गर्नुपर्ने व्यक्तिले कर कट्टी गरेको वा कर कट्टी गरेको मानिने रकम सो व्यक्तिको आय र खर्च हुँदैन । कर कट्टी गर्ने व्यक्तिलेअन्य कुनै व्यक्तिलाई भुक्तानी दिनुपर्ने रकम मध्येबाट नै कर कट्टा गरी राखेको कर रकम नै निर्धारित समयमा सम्बन्धित कार्यालयमा बुझाउनु पर्दछ । कर कट्टी गर्नुपर्ने व्यक्तिले सरकारको प्रतिनिधि वा मध्यस्थकर्ताको रूपमा करयोग्य आय भएको व्यक्तिबाट सरकारको तर्फबाट कर संकलन गरी सो रकम राजस्व दाखिला गर्नुपर्ने हुँदा त्यस्ता व्यक्तिलाई कर कट्टी गर्ने व्यक्ति भनिएको हो । तसर्थ कर कट्टी भएको रकम असुल गर्ने सम्बन्धमा ऐनले विशेष प्रकारको व्यवस्था गरेको छ । ऐनको उपर्युक्त व्यवस्था अनुसार अग्रिम कर कट्टी वा असुल भएको वा अग्रिम कर कट्टी वा असुल भएको मानिने रकमको संकलनलाई निश्चितता प्रदान गर्न त्यस्ता रकम सरकारलाई प्राप्त हुने गरी देहायको सुरक्षण र विशेषाधिकारको व्यवस्था ऐनले गरेको छ ।

**क) करको भुक्तानीलाई अग्राधिकार दिनुपर्नेः**

कर कट्टी गर्नुपर्ने व्यक्तिका अनेकौं दायित्व तथा कर्तव्य हुनसक्छन् । कर कट्टी गरेको वा कर कट्टी गरेको मानिने रकम दाखिला गर्न बाँकी रहेको भए सो व्यक्तिले दाखिला गर्न बाँकी करको भुक्तानीलाई अग्राधिकार दिनुपर्दछ । विभिन्न प्रकारका दायित्व भएका व्यक्तिले कर कट्टी गरेको वा कर कट्टी गरेको मानिने रकम दाखिला गर्न बाँकी रहेको भए दाखिला गर्न बाँकी कर रकम दाखिला गरिसकेपछि मात्र अन्य दायित्वको भुक्तानी गर्नुपर्ने हुन्छ । तिर्नुपर्ने अन्य दायित्व नतिरेको कारणले जस्तोसुकै परिणाम भोग्नुपरे पनि कट्टी गरेको वा कट्टी गरेको मानिने कर तिर्न बाँकी राखेर अन्य दायित्व भुक्तानी गर्न पाइदैंन ।

| |
|---|
| उदाहरण २८.२.१ः मानौं, अन्नपूर्ण कम्पनीले २०६५ मंसिर महिनाको १५ गतेका दिनमा खरिद बापतरु.१ लाख, बैंकको ब्याज रु.५० हजार र २०६५ कार्तिक महिनामा कर कट्टी गरेको रकम रु.१० हजार भुक्तानी गर्नुपर्ने रहेछ । तर कम्पनीसँग सो दिनमा भुक्तानीको लागि रु.१ लाख मात्र उपलब्ध छ । यस अवस्थामा कम्पनीले कर कट्टी गरिएको रकम नेपाल सरकारको निमित्त रोक्का मानिने हुनाले सबैभन्दा पहिले २०६५ कार्तिक महिनामा कर कट्टी गरेको रकम रु.१० हजार भुक्तानी गर्नुपर्दछ । कम्पनीले उक्त कर रकम भुक्तान गर्न बाँकी राखेर अन्य दायित्व भुक्तान गर्न पाउँदैन । |
| उदाहरण २८.२.२ः मानौं, अन्नपूर्ण कम्पनीले २०६५ पौष महिनाको १५ गतेका दिनमा खरिद बापतरु.३ लाख, बैंकको साँवाब्याज रु.५ लाख, सर्वोच्च अदालतको आदेशबमोजिम कुनै व्यक्तिलाई क्षतिपूर्ति रु.१ लाख र २०६५ मंसिर महिनामा कर कट्टी गरेको रकम रु.२ लाख भुक्तानी गर्नुपर्ने रहेछ । तर कम्पनिसँग सो दिनमा भुक्तानीको लागि रु.७ लाखमात्र उपलब्ध छ । उक्त दिन कम्पनीले बैंकको साँवाब्याज भुक्तान नगरेजरिवाना स्वरूप दैनिक रु.५ हजार तिर्नुपर्ने हुन्छ भने अदालतको आदेश बमोजिमको रकम भुक्तान नगरे अदालतको मानहानीको मुद्दा खेप्नुपर्ने हुनसक्छ । यस अवस्थामा कम्पनीले सो मितिमा उपलब्ध रकमबाट बैंकको साँवाब्याज र अदालतको आदेशबमोजिमको रकम भुक्तान गरी |

पेनाल ब्याज र अदालतको मानहानीको मुद्दा खेप्नुपर्ने अवस्थाबाट मुक्त हुनसक्छ । तर कम्पनीले कर कट्टी गरिएको रकम नेपाल सरकारको निमित्त रोक्का मानिने हुनाले सबैभन्दा पहिले २०६५ मंसिर महिनामा कर कट्टी गरेको रकम रु.२ लाख भुक्तानी गर्नुपर्ने र उक्त कर रकम भुक्तान गर्न बाँकी राखेर अन्य दायित्व भुक्तान गर्न नपाउने हुँदा सबभन्दा पहिले दाखिला गर्न बाँकीकर नै भुक्तान गर्नुपर्दछ । बैंकको साँवा,ब्याज र अदालतको आदेशबमोजिमको रकम भुक्तानी नगरेमा पेनाल ब्याज र अदालतको मानहानीको मुद्दा खेप्नुपर्ने अवस्था देखाई दाखिला गर्न बाँकी कर दाखिला नगरी अन्य दायित्व भुक्तानी गरेको वा गर्न पाउनुपर्ने दाबी कम्पनीले लिन सक्तैन ।

**ख) कट्टी गरेको कर नेपाल सरकारको निमित्त रोक्का रहने:**

कुनै व्यक्तिले ऐनको परिच्छेद १७ बमोजिम कुनै भुक्तानीमा कर कट्टी गरेको भए सो व्यक्तिले कर कट्टी गरेको रकम नेपाल सरकारको निमित्त स्वतः रोक्का रहेको मानिन्छ । त्यस्तै कुनै व्यक्तिले कुनै भुक्तानीमा कट्टी गर्नुपर्ने कर बापत कुनै सम्पत्ति प्राप्त गरेको भए सो सम्पत्ति समेत नेपाल सरकारको निमित्त स्वतः रोक्का रहेको मानिन्छ । अर्को शब्दमा भन्ने हो भने कर कट्टी गर्ने व्यक्तिले कर स्वरूप कट्टा गरिराखेको रकम वा त्यस्तो रकम बापत प्राप्त गरेको कुनै सम्पत्ति कुनै पनि कारण वा अवस्था वा बहाना देखाइ भोगचलन गर्न वा प्रयोग गर्न वा सरकारलाई नबुझाउन वा सरकारलाई नबुझाउनुपर्ने दाबी गर्न पाउदैन । कर कट्टी गर्ने व्यक्तिले सरकारको प्रतिनिधिको रूपमा कर कट्टी गर्ने र कर कट्टी गरेको रकम सरकारलाई बुझाउनुपर्ने हुँदा भुक्तानीमा कर कट्टी गर्ने वित्तिकै सो कर रकममा सरकारको अधिकार र दाबी कायम हुने व्यवस्था गरिएको छ । कर कट्टी गर्नु नपर्ने व्यक्तिको कर कट्टी भएमा वा कर कट्टी गर्नु पर्ने रकम भन्दा बढी रकम कर कट्टी भएमा कर कट्टी हुने व्यक्तिले बढी कट्टी (दाखिला) भएको कर रकम फिर्ता दाबी गर्न सक्दछ । कर कट्टी गर्नु नपर्ने भुक्तानीमा कर कट्टी गरेको वा कर कट्टी हुनुपर्ने रकमभन्दा बढी रकम कर कट्टी गरेको कारण आफैले प्रयोग गर्न पाउँदैन । यस सम्बन्धी उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरण २८.२.३: मानौं, अन्नपूर्ण कम्पनीले २०६६ मंसिर महिनामा चन्दन एण्ड कम्पनीलाई कर लेखापरीक्षण गरे बापत भुक्तान गर्नुपर्ने शुल्क रु.१ लाखमा रु.१५ हजार कर कटाई बाँकीरु.८५ हजार भुक्तानी दिएको रहेछ । तर, चन्दन एण्ड कम्पनीले आफू मूल्य अभिवृद्धि करमा दर्ता भएकोले उक्त भुक्तानीमा रु.१ हजार ५ सय मात्र कर कट्टी हुनुपर्ने हुँदा बढी कर कट्टी भएको रकम रु.१३ हजार ५ सय फिर्ता पाउनुपर्ने माग राख्यो । कर कट्टी हुनुपर्ने रकमभन्दा बढी रकम कर कट्टी गरेको र सो रकम फिर्ता पाउन कर कट्टी हुने व्यक्तिले माग गरेमा तथा त्यस्तो रकम कर दाखिला नभई सकेको भए बढी कट्टी भएको रकम फिर्ता गर्नुपर्छ । बढी कट्टी भएको रकम राजस्व दाखिला भइसकेको भए त्यसरी बढी कर कट्टी भएजति रकम चन्दन एण्ड कम्पनीले आफूले सो वर्षको लागि तिर्नुपर्ने करमा मिलान गर्न पाउँछ वा विभागसँग फिर्ता माग गर्न पाउँछ ।

उदाहरण २८.२.४: मानौं, अन्नपूर्ण कम्पनीले २०६६ मंसिर महिनामा एन.कम्पनीलाई सेवा शुल्क बापत भुक्तान गर्नुपर्ने रकम रु.१ लाख रहेछ । तर एन.कम्पनीले पहिले नै १ लाख रुपैयाँभुक्तानी लिइसकेको रहेछ । उक्त भुक्तानीमा रु.१५ हजार कर कटाई बाँकीरु.८५ हजार भुक्तानी दिनुपर्नेमा अन्नपूर्ण कम्पनीले सम्पूर्ण रकम भुक्तानी दिएको हुँदा सो भुक्तानीमा कर कट्टी भएको छैन । अन्नपूर्ण कम्पनीले आफूले गरेको भुक्तानीमा कर कट्टी गर्नुपर्ने रु.१५ हजार फिर्ता दिन एन.कम्पनीलाई अनुरोध गरेकोमा एन.कम्पनीले आफूले नगद रकम दिन नसक्ने बरु सोको सट्टा आफनो नाममा रहेको कुनै कम्पनीको रु.१५ हजारको ऋणपत्र अन्नपूर्ण कम्पनीको नाममा नामसारी गरिदिने प्रस्ताव राख्यो र अन्नपूर्ण कम्पनीले पनि सो प्रस्तावमा सहमति जनायो । यस अवस्थामा अन्नपूर्ण कम्पनीले एन.कम्पनिबाट कट्टी गरी दाखिला गर्नुपर्ने कर रकम दाखिला नगरुन्जेल अन्नपूर्ण कम्पनीको नाममा आएको उक्त ऋणपत्र नेपाल सरकारको निमित्त स्वत रोक्का

रहेको मानिने हुँदा सो ऋणपत्र अन्नपूर्ण कम्पनीले कुनै तवरले कसैलाई पनि हक हस्तान्तरण गर्न पाउँदैन ।

**ग) कट्टी गरिएको कर रकम कट्टी गर्ने व्यक्तिले आफ्नो ऋण वा दायित्वसँग आबद्ध गर्न नपाउने:**

कर कट्टी गर्नुपर्ने कर्तव्य भएको व्यक्तिले जुनसुकै अवस्थामा पनि कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी गर्नुपर्दछ । कट्टी गरेको कर रकम निर्धारित समयमा दाखिला गर्नुपर्दछ । त्यसैले कर कट्टी गर्नुपर्ने कर्तव्य भएको कुनैपनि व्यक्तिले आफूले कर कट्टी गरेको कर रकम वा कर कट्टी गर्नुपर्ने करको रकम आफूले तिर्नुपर्ने ऋण वा दायित्वसँग आबद्ध गर्न अर्थात आफूले तिर्नुपर्ने ऋण वा दायित्वसँग मिलान गर्न पाइदैन । कुनै व्यक्तिले कुनै ऋण वा सापटी वा अन्य कुनै रकम तिर्न बाँकी रहेको व्यक्तिलाई कर कट्टी गर्नुपर्ने रकम भुक्तानी गर्दा सो व्यक्तिलाई रकम तिर्न बाँकी रहेको कारणले भुक्तानीमा कर कट्टी नगर्न मिल्दैन । त्यस्तै कर कट्टी गरेको वा गर्नुपर्ने रकम तिर्नुपर्ने दायित्वको रूपमा देखाई त्यस्तो रकमको भुक्तानीलाई स्थगन गर्न वा पर सार्न समेत मिल्दैन ।

**घ) कर कट्टी रकम विघटन भएको वा टाट पल्टेको व्यक्तिको जेथाको भाग नमानिने:**

कर कट्टी गरेको वा गर्नुपर्ने कुनै व्यक्ति टाट पल्टेमा वा त्यस्तो कुनै निकाय विघटन भएमा वा टाट पल्टेमा सो व्यक्ति वा निकाय विघटन भएको वा टाट पल्टेको कारणले निजले कर कट्टी गरेको रकम दाखिला गर्नुपर्ने निजको कर्तव्यमा र त्यस्तो कर असुल गरिलिने सरकारको अधिकारमा कुनै असर पर्दैन ।

**ङ) कर कट्टी रकम र विघटन भएको वा टाट पल्टेको व्यक्तिको जेथामा विभागको पहिलो दाबी लाग्ने:**

कर कट्टी गरेको वा गर्नुपर्ने कुनै व्यक्ति टाट पल्टेमा वा त्यस्तो कुनै निकाय विघटन भएमा वा टाट पल्टेमा र सो व्यक्तिको सम्पत्ति भाग लगाउनु वा बाँडफाँड गर्नुपरेमा कट्टी गरिएको करको हदसम्मको रकममा विभागको पहिलो दाबी वा अधिकार रहन्छ । उक्त सम्पत्तिबाट सबैभन्दा पहिले कट्टी गरिएको करको रकम भुक्तान गर्नुपर्दछ । कर कट्टी भएको रकम दाखिला नगरुन्जेल वा सो रकम विभागले असुल नगरुन्जेल त्यस्तो व्यक्ति वा निकायको सम्पत्तिमा विभागको पहिलो दाबी वा अधिकार रहन्छ । तर त्यस्तो सम्पत्तिमा विभागको दाबी कायम हुन विभागले त्यस्तो सम्पत्तिमा दाबी दर्ता गराउनु पर्दछ वा त्यस्तो सम्पत्ति कब्जामा लिनुपर्दछ ।

**२८.३ कर बक्यौता राख्ने व्यक्तिबाट बक्यौता करको असुली**

कर तिर्नुपर्नेकर्तव्य भएका व्यक्तिले आफूले तिर्नुपर्ने कर तोकिएको समयमा दाखिला गर्नुपर्दछ । कर तिर्ने कर्तव्य भएका व्यक्ति भन्नाले कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय वा लगानीबाट आय भएको व्यक्ति, कुनै आय वर्षमा कुनै आय विदेश पठाउने गैर बासिन्दा व्यक्तिको नेपालस्थित स्थायी संस्थापन र अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति सम्भनु पर्दछ । तर अन्तिम रूपमा कर कट्टी भई भुक्तानी प्राप्त गर्ने व्यक्ति र रोजगारी आयमात्र भएको व्यक्तिको सामान्यतयाः कर बक्यौता नरहने हुँदा यसको विस्तृत व्याख्या गरिएको छैन । अग्रिम कर कट्टी गरिएको कर रकम माथि उल्लिखित दाबीसिर्जना गरी कर संकलन गर्ने कार्यमा विभागले ध्यान पुऱ्याउनु पर्दछ । निर्देशिकाको यस खण्डमा कर तिर्ने कर्तव्य भएका व्यक्ति भन्नाले कुनै आय वर्षमा कुनै रोजगारी, व्यवसाय वा लगानीबाट आय भएको व्यक्ति र कुनै आय वर्षमा कुनै आय विदेश पठाउने गैर बासिन्दा व्यक्तिलाई सम्भनु पर्दछ। कर तिर्नुपर्ने व्यक्तिमध्ये निर्धारित समयमा तिर्नुपर्ने कर नतिर्ने र अग्रिम कर कट्टी भएको कर रकम दाखिला नगरेको कर कट्टी गर्ने व्यक्तिलाई कर बक्यौता राख्ने व्यक्ति भनिन्छ । कर तिर्ने दायित्व भएका उल्लिखित व्यक्तिले तिर्नुपर्ने कर तोकिएको समयभित्र दाखिला नगरेमा त्यस्तो व्यक्ति अर्थात कर बक्यौता राख्ने व्यक्तिबाट असुल हुन बाँकी कर असुल गर्नु कर प्रशासनको कर्तव्य हुन्छ । उपर्युक्त व्यक्ति वा

निकायले कर बक्यौता राखेको अवस्थामा त्यस्तो बक्यौता रकम असुल हुने प्रत्याभूति प्रदान गर्न ऐनले देहाय बमोजिमका व्यवस्था गरेको छ ।

### २८.३.१ कर बक्यौता राख्ने व्यक्तिको सम्पत्तिमा नेपाल सरकारको दाबी सिर्जना हुने

कर तिर्नुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले आफूले ऐन बमोजिम दाखिला गर्नुपर्ने कर निर्धारित समयसम्ममा दाखिला नगरेमा सो व्यक्ति कर बक्यौता राख्ने व्यक्तिको श्रेणीमा पर्दछ । त्यस्तो व्यक्तिबाट सरकारले असुल गर्न बाँकी कर असुल हुनसक्ने अवस्थाको प्रत्याभूति गर्न ऐनले त्यस्तो व्यक्तिको सम्पत्तिमा नेपाल सरकारको दाबी अर्थात अधिकार सिर्जना हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा ऐनको दफा १०४ को उपदफा (१) मा देहायको व्यवस्था छ ।

**१०४(१): प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले कर दाखिला गर्नु पर्ने मितिसम्ममा सो कर दाखिला नगरेमा सो कर बक्यौता राख्ने व्यक्तिको सम्पत्तिमा नेपाल सरकारको दाबी सिर्जना भएको मानिनेछ ।**

ऐनको प्रावधान अनुसार कर बक्यौता राख्ने व्यक्तिको सम्पत्तिउपर विभागको दाबीसिर्जना भएको मानिन्छ । कर बक्यौता राख्ने व्यक्तिको सम्पत्ति भन्नाले अचल सम्पत्तिको हकमा सो व्यक्तिको स्वामित्व भएको सम्पत्ति र अन्य सम्पत्तिको हकमा सो व्यक्ति वा निजको सम्बद्ध व्यक्ति वा अन्य कुनै व्यक्तिको कब्जामा रहेको र निजको हकाधिकार रहेको सम्पत्तिलाई जनाउँछ । यस्तो सम्पत्ति व्यक्तिको व्यापार मौज्दात, व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा गैर व्यावसायिक करयोग्य सम्पत्ति जेसुकै पनि हुनसक्छ । कर बक्यौता असुली गर्ने प्रयोजनको लागि साथै उक्त सम्पत्तिका अलावा जस्तैः पैतृक सम्पत्ति, टि.भि., फ्रिज जस्ता घरेलु सम्पत्ति वा गरगहना जस्ता निजी सम्पत्तिमा समेत सरकारको दाबीसिर्जना हुन सक्दछ ।

नेपाल सरकारको दाबीसिर्जना भएको कर बक्यौता राख्ने व्यक्तिको कुनै सम्पत्ति सरकारको सम्पत्ति सरह हुने र त्यस्तो सम्पत्ति कर बक्यौता राख्ने व्यक्तिले कुनै पनि किसिमले अन्य कुनै व्यक्तिका नाउँमा हस्तान्तरण गर्न नसक्ने हुँदा त्यस्तो सम्पत्तिमा अरु कुनै व्यक्तिको कुनै किसिमको अधिकार वा दाबी रहने अवस्था रहँदैन । कर बक्यौता राख्ने व्यक्तिको पैतृक एवम् निजी सम्पत्तिमा समेत विभागको दाबी सो व्यक्तिले बक्यौता कर चुक्ता नगरुन्जेलसम्म वा कर बक्यौता असुल गर्ने प्रयोजनका लागि दाबी गरिएको सम्पत्ति बेचबिखन वा लिलाम बिक्री नहुन्जेलसम्म कायम रहन्छ । तर, कर बक्यौता राख्ने व्यक्तिको सम्पत्तिउपर विभागको दाबीस्वत:सिर्जना हुँदैन । त्यस्तो दाबीसिर्जना गर्न वा हुन विभागले वा अन्य सम्बन्धित व्यक्ति वा निकायले निश्चित जिम्मेवारी र प्रक्रिया पूरा गर्नुपर्दछ । ती जिम्मेवारी र प्रक्रियाका सम्बन्धमा तलका खण्डमा प्रस्तुत गरिएको छ ।

### २८.३.२ कर बक्यौता राख्ने व्यक्तिलाई दाबीको सूचना दिनुपर्ने

कर बक्यौता राख्ने कुनै व्यक्तिको बक्यौता कर असुल गर्ने प्रयोजनका लागि सो व्यक्तिको कुनै सम्पत्तिउपर विभागले दाबी गर्नुपर्ने भएमा सो व्यक्तिलाई त्यस्तो दाबीको सूचना दिनुपर्दछ । यस सम्बन्धमा दफा १०४ को उपदफा (२) मा देहायको व्यवस्था छ ।

**१०४(२): उपदफा (१) बमोजिम दाबी सिर्जना हुने सम्पत्ति माथि दाबी गर्दा विभागले देहायका कुराहरु खुलाएको लिखित सूचना सो व्यक्तिलाई दिनु पर्नेछ :-**

**(क) दाबी गरिएको सम्पत्तिको विवरण,**

**(ख) उपदफा (३) मा उल्लेख गरिए बमोजिमको दाबीको सीमा,**

**(ग) सो दाबीसँग सम्बन्धित कर, र**

**(घ) अन्य कुनै कुरा भए सो कुरा ।**

कर बक्यौता राख्ने कुनै व्यक्तिको कुनै सम्पत्तिमाथि दाबी गर्दा विभागले सो व्यक्तिलाई दाबी गरिएको सम्पत्तिको विवरण, दाबीको सीमा, सो दाबीसँग सम्बन्धित कर र अन्य कुनै कुरा

भए सो कुरा खुलाएको लिखित सूचना दिनु पर्दछ । दाबी गरिएको सम्पत्तिको विवरण भन्नाले सो सम्पत्ति कुनै जग्गा, जमिन वा भवन रहेको भए सो सम्पत्ति रहेको स्थान, सो सम्पत्तिको क्षेत्रफल, जग्गाको कित्ता नम्बर, सो सम्पत्तिउपर स्वामित्व रहेको व्यक्तिको नाम ठेगाना आदिलाई जनाउँछ । दाबी गरेको सम्पत्ति कुनै जग्गा, जमिन वा भवनबाहेक अन्य कुनै प्रत्यक्ष सम्पत्ति जस्तै मेशिनरी वा उपकरण, व्यापार मौज्दात, अन्य वस्तुको मौज्दात, नगद वा बहुमूल्य धातु आदि रहेको भए सो सम्पत्ति रहेको स्थान, सो सम्पत्तिको प्रकार, परिमाण आदिलाई जनाउँछ । दाबीको सीमा भन्नाले जुन व्यक्तिको सम्पत्ति दाबी गरिने वा गरिएको हो सो व्यक्तिले बुझाउनुपर्ने कर, त्यस्तो कर ढिला बुझाए बापत ऐनको दफा ११९ बमोजिम बुझाउनु पर्ने ब्याज, दाबी र लिलाम बिक्री गर्दा लागेका वा लाग्ने खर्चको जम्मा रकमलाई जनाउँछ । दाबी गरिएको सम्पत्तिबाट सो रकम भन्दा बढी रकम प्राप्त भएमा सबै रकममा विभागको हक लाग्दैन र बढी भएको रकम सो व्यक्तिलाई नै फिर्ता दिनु पर्दछ । दाबीसँग सम्बन्धित कर भन्नाले जुन करको जरियाबाट सो दाबी गरिएको वा गर्न लागिएको हो सो करलाई जनाउँछ । बक्यौता राख्ने व्यक्तिलाई दिइने सूचनामा सो कर कुन वर्षको तिर्न बाँकी कर हो र सो कर दायित्व कसरी सिर्जना भएको हो भन्ने सम्बन्धमा स्पष्टसँग उल्लेख गरिनुपर्दछ । खुलाउनुपर्ने अन्य कुनै कुरा भन्नाले विभागले यस्तो सूचनामा खुलाउन उपयुक्त सम्झेका वा ठानेका कुरालाई जनाउँछ । कर बक्यौता राख्ने कुनै व्यक्तिलाई उपर्युक्त बमोजिमको लिखित सूचना दिएपछि मात्र सो व्यक्तिको सो सूचनामा उल्लिखित सम्पत्तिमाथि विभागले गरेको दाबीलागू हुने अर्थात सो सम्पत्तिमाथि विभागको अधिकार सिर्जना हुने हुँदा सम्बन्धित व्यक्तिलाई उपर्युक्त अनुसारको लिखित सूचना दिनु अनिवार्य हुन्छ । यस सम्बन्धमा ऐनको दफा १०४ को उपदफा (४) मा निम्न व्यवस्था छ ।

**१०४(४): उपदफा (२) बमोजिम गरिएको दाबी देहायका कार्य नभएसम्म लागू हुने छैन :-**

**(क) भवन तथा जग्गा जमिनको सम्बन्धमा उपदफा (६) बमोजिम दाबी दर्ता गराउन विभागले जानकारी नदिएसम्म,**

**(ख) अन्य प्रत्यक्ष सम्पत्तिका सम्बन्धमा विभागले दफा १०५ को उपदफा (३) बमोजिम त्यस्तो सम्पत्ति कब्जा नगरेसम्म, र**

**(ग) अन्य जुनसुकै अवस्थामा कर बक्यौता रहेको व्यक्तिलाई उपदफा (२) बमोजिमको सूचना नदिएसम्म ।**

उपर्युक्त व्यवस्था अनुसार कर बक्यौता राख्ने कुनै व्यक्तिलाई दिइएको सूचनामा उल्लिखित सो व्यक्तिको सम्पत्ति भवन तथा जग्गा जमिन र अन्य प्रत्यक्ष वा मूर्त सम्पत्ति रहेको भए सो सम्पत्तिमाथि विभागले गरेको दाबी लागू हुन वा सो सम्पत्तिमा विभागको अधिकार स्थापित हुन विभागले निम्न अनुसारका दुइवटा पूर्वशर्त वा अवस्था पूरा गर्नुपर्दछ ।

### क) दाबी दर्ता गराउनुपर्ने

विभागले कर बक्यौता रहेको व्यक्तिको कुनै जग्गा, जमिन वा भवन उपर दाबी गरेमा वा गर्नुपरेमा सम्बन्धित मालपोत कार्यालयलाई जानकारी दिई त्यस्तो सम्पत्ति रोक्का राख्न लगाउनु पर्दछ । यस सम्बन्धमा दफा १०४ को उपदफा (६) मा देहायको व्यवस्था छ ।

**१०४(६): उपदफा (२) बमोजिम विभागले कुनै जग्गा, जमिन वा भवन उपर दाबी गरेमा सम्बन्धित मालपोत कार्यालयलाई जानकारी दिनु पर्नेछ र उक्त कार्यालयले त्यस्तो जग्गा जमिन वा भवन कसैलाई बेचबिखन वा स्वामित्व हस्तान्तरण नहुने गरी रोक्का राख्नु पर्नेछ ।**

कर बक्यौता रहेको कुनै व्यक्तिको बक्यौता निजको जायजेथाबाट असुल गर्नुपर्ने भइ विभागले सो व्यक्तिको स्वामित्वमा रहेको कुनै जग्गा जमिन वा घरजग्गामा आफ्नो दाबी वा हक कायम गर्नुपर्ने भएमा विभागको दाबी कायम गर्नुपर्ने जग्गा जमिन वा घरजग्गा रहेको ठेगाना, क्षेत्रफल र सो सम्पत्तिमा स्वामित्व रहेको व्यक्तिको नाम ठेगाना समेतका विवरण खुलाई सम्बन्धित

मालपोत कार्यालयलाई सो सम्पत्ति रोक्का राखिदिन लिखित रूपमा जानकारी गराउनु पर्दछ । यस कार्यलाई दाबी दर्ता गराउने कार्य भनिन्छ । विभागले कर बक्यौता रहेको व्यक्तिको त्यस्तो कुनै सम्पत्ति रोक्का राखिदिन लिखितरूपमा अनुरोध गरेमा वा सो सम्पत्तिउपर आफ्नो दाबी दर्ता गराएमा सम्बन्धित मालपोत कार्यालयले रोक्का राखिदिन अनुरोध भई आएका सम्पत्ति सो सम्पत्तिमा स्वामित्व रहेको व्यक्तिले अन्य कुनै व्यक्तिलाई बेचबिखन वा अन्य कुनै तरिकाबाट सो सम्पत्तिमाथिको स्वामित्व हस्तान्तरण गर्न नपाउने गरी रोक्का राखिदिनु पर्दछ । विभागले कर बक्यौता रहेको व्यक्तिको कुनै जग्गा जमिन वा घरजग्गामा सम्पत्ति रोक्का राखिदिन लिखितरूपमा अनुरोध नगरुन्जेल वा सो सम्पत्तिउपर आफ्नो दाबी दर्ता नगराउन्जेल सो सम्पत्तिमा विभागको दाबी वा हक लागेको मानिदैंन ।

ख) सम्पत्ति कब्जा गर्नुपर्ने

कर बक्यौतारहेको व्यक्तिको निजको जायजेथाबाट असुल गर्नुपर्ने भई विभागले सो व्यक्तिको स्वामित्वमा रहेको कुनै जग्गा जमिन वा घरजग्गा समेत अन्य कुनै प्रत्यक्ष वा मूर्त सम्पत्तिमा आफ्नो दाबी वा हक कायम गर्नुपर्ने भएमा त्यस्तो सम्पत्ति विभागले कब्जा गर्नुपर्दछ । त्यस्तो सम्पत्तिमा कब्जा गर्ने सम्बन्धमा ऐनको दफा १०५ को उपदफा (३) ले देहायको व्यवस्था गरेको छ ।

**१०५(३): विभागले उपदफा (१) वा (२) बमोजिमको सूचना कर बक्यौता रहेको व्यक्तिलाई दिएपछि देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) कुनै पनि समयमा सो सूचनामा उल्लिखित मूर्त सम्पत्ति कब्जामा लिने,**

**(ख) मूर्त सम्पत्ति कब्जामा लिने प्रयोजनको लागि उपदफा (१) को सूचनामा उल्लिखित कुनै परिसरमा कुनै पनि समयमा प्रवेश गर्न, र**

**(ग) जग्गा जमिन वा भवनबाहेकका मूर्त सम्पत्तिका सम्बन्धमा त्यस्ता सम्पत्तिहरु कर बक्यौता रहेका व्यक्तिको खर्चमा विभागले उपयुक्त सम्झेको कुनै पनि स्थानमा राख्न ।**

उपर्युक्त व्यवस्था अनुसार कर बक्यौता राख्ने कुनै व्यक्तिको जग्गा, जमिन वा भवन र अन्य मूर्त सम्पत्तिमाथि विभागले गरेको दाबीले कानुनी मान्यता पाउँन उक्त सम्पत्ति कब्जा गर्नुपर्दछ । त्यस्तो सम्पत्ति विभागले आफ्नो जिम्मामा लिनुपर्दछ । तर विभागले कुनै व्यक्तिको त्यस्तो सम्पत्ति कब्जामा लिनुअघि दफा १०५ को उपदफा (१) बमोजिम दाबी गरेको सम्पत्ति, सो सम्पत्ति लिलाम वा बिक्री गरिने तरिका र समय र मूर्त सम्पत्तिको सम्बन्धमा विभागले सो सम्पत्ति कब्जामा लिने तरिका र स्थान खुलाई सो व्यक्तिलाई लिखित सूचना दिनुपर्दछ । त्यस्तो सूचना दिएपछि विभागलाई सूचनामा उल्लिखित सम्पत्ति कब्जामा लिने, सो सम्पत्ति रहेको कुनै स्थानमा कुनै समयमा प्रवेश गर्ने र त्यस्ता सम्पत्ति मूर्त चल सम्पत्ति भए विभागले उपयुक्त सम्झेको अन्य कुनै स्थानमा राख्न लगाउन सक्ने अधिकार प्राप्त हुन्छ ।

२८.३.३ दाबीको सीमा निर्धारण गर्नुपर्ने

कर बक्यौता राख्ने कुनै व्यक्तिको कुनै सम्पत्तिमाथि दाबी गर्दा विभागले सो दाबीको सीमा निर्धारण गर्नुपर्ने सम्बन्धमा दफा १०४ को उपदफा (३) मा देहायको व्यवस्था रहेको छ ।

**१०४(३): उपदफा (२) बमोजिम सम्पत्तिमाथि दाबी गर्दा त्यस्तो व्यक्तिले बुझाउनु पर्ने कर, त्यस्तो करका सम्बन्धमा दफा ११९ बमोजिम बुझाउनु पर्ने ब्याज, दाबी र लिलाम बिक्री गर्दा लागेका खर्चहरुको हदसम्म मात्र दाबी सिर्जना हुनेछ ।**

कर बक्यौता राख्ने कुनै व्यक्तिको कुनै सम्पत्तिमाथि दाबी गर्दा विभागले सो व्यक्तिलाई दाबी गरिएको सम्पत्तिको दाबीको सीमा खुलाई लिखित सूचना दिनु पर्दछ । दाबीको सीमा भन्नाले जुन व्यक्तिको सम्पत्ति दाबी गरिने वा गरिएको हो सो व्यक्तिले बुझाउनुपर्ने कर समयमा नबुझाए

बापत बुझाउनुपर्ने जम्मा रकम वा सो व्यक्तिले कर बक्यौता राखेको कारणले सो व्यक्तिबाट विभागले असुल गरी लिन पाउने अन्य रकमलाई समेत जनाउँछ । त्यस्तो रकम भनेको सो व्यक्तिले दाखिला गर्न बाँकी कर, निजले कर ढिला बुझाए बापत ऐनको दफा ११८ र दफा ११९ बमोजिम बुझाउनु पर्ने ब्याज र सो व्यक्तिको सम्पत्तिउपर दाबी गर्दा वा दाबी गरिएको सम्पत्ति लिलाम बिक्री गर्दा लागेका वा लाग्ने खर्चको जम्मा रकमलाई जनाउँछ । कर बक्यौता राख्ने कुनै व्यक्तिको दाबी गरिएको कुनै सम्पत्तिको बेचबिखन वा लिलाम बिक्रीबाट प्राप्त रकममध्ये उपर्युक्त अनुसार गणना गरिएको हदसम्मको रकममा मात्र विभागको हक लाग्ने र सो बाहेकको कुनै रकम बाँकी भए सम्बन्धित व्यक्तिले फिर्ता पाउने हुँदा नै कर बक्यौता राखेको कारणले कुनै व्यक्तिबाट विभागले असुल गरी लिन पाउने हदसम्मको रकमलाई दाबीको सीमा मानिएको हो । कर बक्यौता राख्ने व्यक्तिको सम्पत्तिउपर दाबी गर्दा वा दाबी गरिएको सम्पत्ति लिलाम बिक्री गर्दा लागेका वा लाग्ने खर्चको सम्बन्धमा दफा १०४ को उपदफा (८) मा निम्न व्यवस्था रहेको छ ।

**१०४(८): उपदफा (३) बमोजिम लाग्ने खर्चका सम्वन्धमा विभागले यथाशीघ्र कर बक्यौता रहेका व्यक्तिलाई देहायका कुराहरु खुलाई सूचना दिनु पर्नेछ :-**

**(क) त्यस्तो सूचना दिनु अगाडि कर बक्यौता रहेको व्यक्तिको सम्पत्तिका सम्बन्धमा दाबी र लिलाम बिक्री बापत विभागले गरेका खर्चहरु, र**

**(ख) त्यस्ता खर्चहरु कर बक्यौता रहेको व्यक्तिले विभागलाई बुझाउनुपर्ने मिति ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "दाबी र लिलाम बिक्री गर्दा गरेको खर्च" भन्नाले देहाय बमोजिम विभागले गरेको वा गर्नुपर्ने खर्च सम्झनु पर्छ :-**

**(क) सो सम्पत्ति उपरको दाबी सिर्जना वा फुकुवा गर्ने सम्बन्धमा यस दफा बमोजिम विभागले गरेको वा गर्नुपर्ने खर्च, वा**

**(ख) दाबी गरिएको सम्पत्ति कब्जामा लिने, आफूसँग राख्ने र लिलाम बिक्री गर्ने सम्बन्धमा दफा १०५ बमोजिम विभागले गरेको वा गर्नुपर्ने खर्च ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार दाबी र लिलाम बिक्री गर्दा गरेको खर्च भन्नाले कर बक्यौता रहेको कुनै व्यक्तिको कुनै सम्पत्तिउपर दाबी सिर्जना गर्दा वा सो दाबी फिर्ता लिँदा वा सो सम्पत्ति फुकुवा गर्दा वा सो सम्पत्ति कब्जामा लिँदा वा आफूसँग राख्दा वा लिलाम बिक्री गर्दा विभागले गरेका वा गर्नुपर्ने खर्चलाई जनाउँछ । विभागले कर बक्यौता रहेको कुनै व्यक्तिसँग उपर्युक्त अनुसारका रकमसमेत असुल उपर गर्नुपर्ने हुँदा त्यस्ता खर्चका सम्बन्धमा सम्बन्धित व्यक्तिलाई सकेसम्म चाँडो सूचना दिनुपर्दछ । त्यस्ता खर्चका सम्बन्धमा सम्बन्धित व्यक्तिलाई दिइने सूचनामा त्यस्ता खर्चको गणनाको विवरण सहितको जम्मा रकम र ती खर्च बापतको रकम सो व्यक्तिले दाखिला गर्नुपर्ने मिति प्रष्ट रूपमा उल्लेख भएको हुनुपर्दछ ।

## २८.३.४ नेपाल सरकारको दाबी सिर्जना भएको सम्पत्तिको फुकुवा

नेपाल सरकारको दाबी सिर्जना भएको कर बक्यौता राख्ने व्यक्तिको कुनै सम्पत्ति फुकुवा हुने वा गर्नुपर्ने अवस्थाका सम्बन्धमा दफा १०४ को उपदफा (५) र (७) मा देहायको व्यवस्था रहेको छ

**१०४(५): कर बक्यौता रहेको व्यक्तिले बुझाउनुपर्ने उपदफा (२) बमोजिम गरिएको दाबीबाट खामिएको उपदफा (३) बमोजिमको सम्पूर्ण रकम विभागलाई बुझाएमा दाबी गरिएको सम्पत्ति फुकुवा हुनेछ ।**

**१०४(७): उपदफा (५) बमोजिम जग्गा, जमिन र भवन उपरको दाबी फुकुवा गर्नुपर्ने भएमा विभागले सोको जानकारी मालपोत कार्यालयमा दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएपछि मालपोत कार्यालयले त्यस्तो रोक्का भएको जग्गा जमिन र भवनको फुकुवा गरिदिनु पर्नेछ ।**

विभागले कुनै व्यक्तिले तिर्नुपर्ने कुनै कर समयमा नतिरेमा मात्र सो व्यक्तिको सम्पत्तिमा दाबीर्सिजना गर्न पाउँछ । त्यस्तो दाबीसिर्जना गर्नुको एउटै उद्देश्य बक्यौता रहेको कर असुल उपर गर्नु नै हो । त्यसैले ऐनले कर बक्यौता रहेको व्यक्तिले आफ्नो बक्यौता रकम दाखिला गरेमा सो व्यक्तिको रोक्का रहेको वा सरकारले दाबीसिर्जना गरेको सम्पत्ति सोही व्यक्तिलाई फिर्ता गर्नुपर्ने व्यवस्था गरेको छ ।

ऐनको व्यवस्था अनुसार कर बक्यौता रहेको कुनै व्यक्तिले विभागले निजलाई निजको कुनै सम्पत्ति दाबी गर्ने सन्दर्भमा दिएको सूचनामा उल्लेख गरेको रकम दाखिला गर्न सक्तछ । तर सो व्यक्तिले उक्त रकम निजको रोक्का रहेको सम्पत्ति बेचबिखन वा लिलाम बिक्री हुनुभन्दा अगाडि नै दाखिला गर्नुपर्दछ । त्यस्तो कुनै व्यक्तिले सूचना बमोजिम बुझाउनुपर्ने रकम बुझाएमा विभागले दाबी गरेको वा कब्जामा लिएको वा रोक्का राखेको सम्पत्ति फुकुवा गरी सोही व्यक्तिको जिम्मा लगाउनु पर्दछ । कर बक्यौता रहेको कुनै व्यक्तिले सूचनामा उल्लेख गरेको रकम दाखिला गरेमा सो व्यक्तिको दाबी गरेको वा रोक्का राखेको सम्पत्ति जग्गा, जमिन वा भवन रहेको भए सो सम्पत्ति फुकुवा गरिदिन सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्दछ । सो व्यक्तिको दाबी गरेको वा रोक्का राखेको सम्पत्ति जग्गा, जमिन वा भवनबाहेक अन्य कुनै सम्पत्ति रहेको भए सो सम्पत्ति विभाग स्वयंले फुकुवा गरिदिनु वा निजलाई जिम्मा दिनुपर्दछ ।

**२८.३.५ नेपाल सरकारको दाबी सिर्जना भएको सम्पत्तिको लिलाम बिक्री गरी बक्यौता कर असुल गर्ने**

विभागले कर बक्यौता राख्ने कुनै व्यक्तिको सम्पत्तिमा दाबी गरेपश्चात पनि सो व्यक्तिले आफ्नो बक्यौता कर दाखिला नगरेमा सो व्यक्तिको कर बक्यौता असुल उपर गर्ने प्रयोजनका लागि विभागले उक्त सम्पत्ति लिलाम बिक्री गर्नुपर्ने हुन्छ ।

**२८.४ दाबी गरेको सम्पत्तिको लिलाम बिक्रीः**

**२८.४.१ लिलाम बिक्रीको सूचना दिनुपर्ने**

कर बक्यौता राख्ने कुनै व्यक्तिको विभागले दाबी गरेको सम्पत्ति लिलाम बिक्री गर्नुपर्दा विभागले सो व्यक्तिलाई लिखित सूचना दिनुपर्दछ । दफा १०५ को स्पष्टीकरणको खण्ड (ग) अनुसार यस प्रयोजनका लागि “कर बक्यौता रहेको व्यक्ति” भन्नाले कर कट्टी गर्ने व्यक्ति वा एजेन्ट समेतलाई सम्झनु पर्छ । दाबी गरेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धमा ऐनको दफा १०५ को उपदफा (१) र (२) मा देहायको व्यवस्था छ ।

१०५(१): **करबक्यौता रहेको व्यक्तिसँग रहेको दाबी गरेको सम्पत्ति लिलाम बिक्री गर्ने सूचना विभागले कर बक्यौता रहेको व्यक्तिलाई दिनु पर्नेछ ।**

१०५(२): **उपदफा (१) बमोजिम दिइएको सूचनालाई दफा १०४ को उपदफा (२) बमोजिम दिइएको सूचनामा समावेश गर्न वा त्यस्तो सूचनासँग संलग्न गरिदिन सकिनेछ । यस्तो सूचनामा देहायका कुराहरु स्पष्ट रूपमा खुलाई कर बक्यौता रहेको व्यक्तिलाई दिनु पर्नेछ :-**

(क) **दाबी गरेको सम्पत्ति, सो सम्पत्ति लिलाम वा बिक्री गरिने तरिका र समय, र**

(ख) **मूर्त सम्पत्तिको सम्बन्धमा विभागले सो सम्पत्ति कब्जामा लिने तरिका र स्थान ।**

उपर्युक्त व्यवस्था अनुसार विभागले दाबी गरेको कर बक्यौता रहेको व्यक्तिको सम्पत्ति लिलाम बिक्री गर्नुअघि लिलाम गरिने सम्पत्ति, सो सम्पत्ति लिलाम वा बिक्री गरिने तरिका र समय र लिलाम गरिने सम्पत्ति मूर्त सम्पत्ति भए सो सम्पत्ति विभागले कब्जामा लिने तरिका र स्थान खुलाई कर बक्यौता रहेको व्यक्तिलाई लिखित सूचना दिनुपर्दछ । त्यस्तो सूचना सो

सम्पत्तिमाथि दाबीसिर्जनागर्ने सन्दर्भमा सो व्यक्तिलाई दिइने सूचनाको भागको रूपमा सो सूचनासँगै वा अलग सूचनाको रूपमा पनि दिन सकिन्छ ।

### २८.४.२ लिलाम बिक्री गरिने सम्पत्ति कब्जामा लिनुपर्ने

लिलाम बिक्री गरिने सम्पत्ति कब्जामा नलिइ सो सम्पत्ति लिलाम बिक्री गर्न सकिदैन । त्यसैले विभागले कर बक्यौता राख्ने कुनै व्यक्तिको सम्पत्तिउपर दाबी गरेको भए र सो सम्पत्ति लिलाम बिक्री गर्ने मनसाय राखेको भए सो सम्पत्ति लिलाम बिक्री गर्ने प्रक्रिया शुरु गर्नुअघि सो सम्पत्ति कब्जामा लिनुपर्दछ । यस सम्बन्धमा दफा १०५ को उपदफा (३) ले देहायको व्यवस्था गरेको छ ।

१०५(३): **विभागले उपदफा (१) वा (२) बमोजिमको सूचना कर बक्यौता रहेको व्यक्तिलाई दिएपछि देहाय बमोजिम गर्न सक्नेछ :-**

(क) **कुनै पनि समयमा सो सूचनामा उल्लिखित मूर्त सम्पत्ति कब्जामा लिने,**

(ख) **मूर्त सम्पत्ति कब्जामा लिने प्रयोजनको लागि उपदफा (१) को सूचनामा उल्लिखित कुनै परिसरमा कुनै पनि समयमा प्रवेश गर्न, र**

(ग) **जग्गा जमिन वा भवन बाहेकका मूर्त सम्पत्तिका सम्बन्धमा त्यस्ता सम्पत्तिहरु कर बक्यौता रहेका व्यक्तिको खर्चमा विभागले उपयुक्त सम्झेको कुनै पनि स्थानमा राख्न ।**

कर बक्यौता राख्ने कुनै व्यक्तिको जग्गा जमिन वा भवन र अन्य मूर्त सम्पत्तिमाथि विभागले गरेको दाबीले कानुनी मान्यता पाउन सो व्यक्तिलाई त्यस्तो सम्पत्तिमाथि विभागको दाबी रहेको व्यहोराको लिखित सूचना दिनु पर्दछ । तर विभागले कुनै व्यक्तिको त्यस्तो सम्पत्ति कब्जामा लिनुअघि दफा १०५ को उपदफा (१) बमोजिम सूचना दिनुपर्दछ । सो सूचनामा दाबी गरेको सम्पत्ति, सो सम्पत्ति लिलाम वा बिक्री गरिने तरिका र समय र मूर्त सम्पत्तिको सम्बन्धमा विभागले सो सम्पत्ति कब्जामा लिने तरिका र स्थान खुलाउनु पर्दछ । त्यस्तो सूचना दिएपछि विभागलाई सूचनामा उल्लिखित सम्पत्ति कब्जामा लिने सिलसिलामा सो सम्पत्ति कब्जा गर्ने, सो सम्पत्ति रहेको कुनै स्थानमा कुनै समयमा प्रवेश गर्ने र त्यस्ता सम्पत्ति मूर्त चल सम्पत्ति भए सोही व्यक्तिको खर्चमा विभागले उपयुक्त सम्झेको अन्य कुनै स्थानमा राख्न लगाउन सक्ने अधिकार प्राप्त हुन्छ ।

### २८.४.३ दाबी गरिएको सम्पत्ति लिलाम बिक्री गर्ने

कर बक्यौता रहेको व्यक्तिको दाबी गरिएको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धमा ऐनको दफा १०५ को उपदफा (४) मा देहाय बमोजिमको व्यवस्था रहेको छ ।

१०५(४): **विभागले उपदफा (१) बमोजिमको सूचना कर बक्यौता रहेको व्यक्तिलाई दिएकोमा देहायको समयमा त्यस्ता दाबी गरेको सम्पत्ति सार्वजनिक रूपमा लिलाम बिक्री गर्न वा उपयुक्त सम्झेको तरिकाबाट त्यस्तो सम्पत्तिको बेचबिखन वा चलन गर्न सक्नेछ :-**

(क) **दाबी गरेको सम्पत्ति जग्गा जमिन वा भवन भएमा उपदफा (३) बमोजिम त्यस्तो सम्पत्ति कब्जामा लिएको मितिले तीस दिनपछि,**

(ख) **दाबी गरेको सम्पत्ति नाश हुने मूर्त सम्पत्ति भएमा उपदफा (३) बमोजिम कब्जामा लिएको एक दिनपछि ,**

(ग) **दाबी गरेको सम्पत्ति खण्ड (क) वा (ख) मा उल्लिखित सम्पत्ति बाहेकका मूर्त सम्पत्ति भएमा उपदफा (३) बमोजिम कब्जामा लिएको दश दिनपछि, र**

(घ) अन्य कुनै किसिमको सम्पत्ति भएमा उपदफा (३) बमोजिम त्यस्तो सम्पत्ति कब्जामा लिएको दश दिनपछि ।

त्यस्तै दाबी गरिएको सम्पत्ति लिलाम बिक्री गर्ने सन्दर्भमा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा नियमावलीको नियम ३५ मा देहाय बमोजिमको व्यवस्था रहेको छ ।

*३५(१) विभागले ऐनको दफा १०५ को उपदफा (३) बमोजिम कब्जामा लिएको सम्पत्ति सो सम्पत्तिको प्रकृति अनुसार बिक्री गर्न उपयुक्त स्थान समेतलाई विचार गरी लिलाम बिक्री गर्ने स्थान निश्चित गर्नेछ ।*

*३५(२) विभागले कब्जामा लिएको सम्पत्ति ऐनको दफा १०५ को उपदफा (४) को अधीनमा रही देहाय बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ :-*

*(क) सम्भव भएसम्म उपनियम (१) मा उल्लेख भएको स्थानको कम्तीमा एउटा स्थानीय पत्रिकामा लिलाम बिक्रीको बारेमा पन्ध्र दिनको सूचना प्रकाशित गर्ने,*

*तर सडी गली नासिईजाने सम्पत्तिको हकमा यो व्यवस्था लागू हुने छैन ।*

*(ख) उपनियम (१) मा उल्लेख भएको स्थानको सबैभन्दा नजिकको स्थानीय प्रशासनको प्रतिनिधि र नजिकको अन्य कुनै सरकारी कार्यालयको प्रतिनिधिको रोहवरमा लिलाम हुने सम्पत्तिको बजार मोल निश्चित गर्ने ।*

*३५(३) लिलाम बढाबढ गर्दा उपनियम (१) मा उल्लेख भएको स्थानको सबैभन्दा नजिकको स्थानीय प्रशासनको प्रतिनिधिको रोहवरमा बढाबढ गर्नु पर्नेछ र लिलाममा भाग लिने व्यक्तिले उपनियम (२) को खण्ड (ख) बमोजिम निश्चित गरिएको बजार मोलमा किन्न प्रस्ताव नगरेसम्म बिक्री गरिने छैन ।*

*३५(४) उपनियम (३) बमोजिम लिलाम गर्दा उपनियम (२) को खण्ड (ख) बमोजिम निश्चित गरिएको बजार मोलभन्दा घटी मोल आएको सम्पत्तिको उपनियम (२) को खण्ड (क) बमोजिम सात दिनको सूचना प्रकाशित गरी दोश्रो पटक लिलाम बढाबढ गर्नु पर्नेछ ।*

*३५(५) उपनियम (४) बमोजिम लिलाम बढाबढ गर्दा पनि उपनियम (२) को खण्ड (ख) बमोजिम निश्चित गरिएको बजार मोलभन्दा घटी मोल भएमा उपनियम (२) को खण्ड (क) बमोजिम तीन दिनको सूचना प्रकाशित गरी तेस्रो पटक लिलाम बढाबढ गरी जतिसुकै मोल आए पनि लिलाम बिक्री गर्न सकिनेछ ।*

*३५(६) लिलाम बिक्रीमा सम्पत्ति सकार गर्ने व्यक्तिलाई विभागले चलन पुर्जी दिनु पर्नेछ ।*

कर बक्यौता रहेको व्यक्तिले आफ्नो कुनै सम्पत्ति विभागले दाबी वा रोक्का वा कब्जा गरेपछि पनि आफ्नो बक्यौता कर रकम दाखिला नगरेमा त्यसरी दाबी वा रोक्का वा कब्जा गरेको सम्पत्ति विभागले बेचबिखन गर्न वा चलन गर्न सक्तछ । ऐन र नियमावलीको उपर्युक्त प्रावधान अनुसार दाबी गरिएको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धमा विभागले अवलम्बन गर्नुपर्ने प्रक्रिया देहाय बमोजिम रहेको छ ।

### क. लिलाम बिक्री गर्ने स्थान निर्धारण गर्ने

विभागले आफूले दाबी गरेको वा कब्जामा लिएको सम्पत्ति लिलाम बिक्री गर्नुपर्दा सर्वप्रथम लिलाम बिक्री गरिने स्थान निश्चित गर्नुपर्दछ । त्यसरी लिलाम बिक्री गरिने स्थान निर्धारण गर्दा लिलाम बिक्री गरिने सम्पत्तिको प्रकृति अनुसार सो सम्पत्ति बिक्री गर्न उपयुक्त स्थान तोक्नुपर्दछ । उदाहरणको लागि कुनै व्यक्तिको जग्गा लिलाम गर्नुपर्ने भएमा सोही जग्गा रहेको स्थानमा लिलाम बिक्री गर्नु उपयुक्त हुन्छ भने कुनै व्यक्तिको कुनै सवारी साधन लिलाम गर्नुपर्ने भएमा सो सवारी साधन राखिएको ग्यारेजमा लिलाम बिक्री गर्नु उपयुक्त हुन्छ ।

### ख. लिलाम बिक्री गर्ने सम्पत्तिको मूल्य निर्धारण गर्ने

विभागले आफूले दाबी गरेको वा कब्जामा लिएको सम्पत्ति लिलाम बिक्री गर्नु अगाडि बिक्री गरिने सम्पत्तिको न्यूनतम मूल्य निर्धारण गर्नुपर्दछ । त्यसरी लिलाम बिक्री गरिने सम्पत्तिको मूल्य निर्धारण गर्दा लिलाम बिक्री गरिने स्थानको स्थानीय तह अर्थात नगरपालिका वागाउँपालिकाको प्रतिनिधि र नजिकको अन्य कुनै सरकारी कार्यालयको प्रतिनिधिको रोहवरमा निर्धारण गर्नुपर्दछ ।

### ग. लिलाम बिक्री गर्ने समय निर्धारण गर्ने

विभागले आफूले दाबी गरेको वा कब्जामा लिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बेचबिखन गर्दा लिलाम बिक्री वा बेचबिखन गर्नुपर्ने सम्पत्तिको प्रकृति अनुसार त्यस्तो सम्पत्ति लिलाम बिक्री वा बेचबिखन गर्नुपर्ने समय निर्धारण गर्नुपर्दछ । जग्गा वा घरजग्गा लिलाम बिक्री वा बेचबिखन गर्नुपर्ने भए सो जग्गा वा घरजग्गा कार्यालय वा विभागले कब्जामा लिएको तीस दिन बितेपछि लिलाम बिक्री वा बेचबिखन गर्नुपर्दछ भने अन्य मूर्त सम्पत्ति लिलाम बिक्री वा बेचबिखन गर्नुपर्ने भए कार्यालय वा विभागले सो सम्पत्ति कब्जामा लिएको दस दिन बितेपछि मात्र गर्नुपर्दछ । तर बेचबिखन गर्नुपर्ने सम्पत्ति नाश हुनसक्ने मूर्त सम्पत्ति भए कार्यालय वा विभागले कब्जामा लिएको एक दिन बितेपछि त्यस्तो सम्पत्ति लिलाम वा बेचबिखन गर्न सक्तछ

### घ. लिलाम बिक्री गर्ने सूचना प्रकाशन गर्ने

विभागले आफूले दाबी गरेको वा कब्जामा लिएको कुनै सम्पत्ति लिलाम बिक्री गर्नु अगाडि लिलाम बिक्री गरिने सम्पत्तिको प्रकार, लिलाम बिक्री गरिने स्थान र मिति स्पष्ट रूपमा उल्लेख भएको सूचना सकेसम्म कुनै एक वा सोभन्दा बढी राष्ट्रिय वा स्थानीय पत्रिकामा प्रकाशित गर्नुपर्दछ । त्यस्तो सूचना लिलाम बिक्री गर्न निर्धारित उपर्युक्त "ग" बमोजिम निर्धारण गरिएको मितिभन्दा घटीमा पन्ध्र दिन अगाडि प्रकाशन गर्नुपर्दछ । तर लिलाम बिक्री गरिने सम्पत्ति सडी, गली वा नासिई जाने सम्पत्ति भएमा त्यस्तो सम्पत्ति लिलाम बिक्री गर्दा यस्तो सूचना प्रकाशन गरिरहनु पर्दैन ।

### ङ. दाबी सम्पत्ति बेचबिखन

विभागले दाबी गरेको सम्पत्ति बेचबिखन गर्दा लिलाम बिक्री वा अन्य उपयुक्त तरिकाबाट गर्न सक्ने व्यवस्था छ । यसरी लिलाम बढाबढ गर्दा लिलाम बढाबढ गरिने स्थानको सबैभन्दा नजिकको स्थानीय प्रशासनको प्रतिनिधिको रोहवरमा गर्नुपर्दछ ।

लिलाममा भाग लिने कुनै व्यक्तिले लिलाम गरिएको सम्पत्ति कम्तीमा विभागले कायम गरेको न्यूनतम मूल्य वा सोभन्दा बढी मूल्यमा खरिद गर्न मन्जुर गरेमा उक्त सम्पत्ति सो व्यक्तिलाई हस्तान्तरण गर्नुपर्दछ । तर कुनै सम्पत्तिलिलाम गर्दा विभागले कायम गरेको न्यूनतम मूल्यमा खरिद गर्न कोही मन्जुर नभएमा सो सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धमा पुनः सात दिनको सूचना प्रकाशित गरी दोश्रो पटक लिलाम बढाबढ गर्नुपर्दछ ।उपर्युक्त अनुसार दोश्रो पटक लिलाम बढाबढ गर्दा पनि लिलाम बढाबढ गरिएको सम्पत्तिको विभागले कायम गरेको मोलभन्दा घटी मोल प्राप्त भएमा पुनः तीन दिनको सूचना प्रकाशित गरी तेस्रो पटक लिलाम बढाबढ गर्नुपर्दछ । तेश्रो पटक लिलाम बढाबढ गर्दा जतिसुकै मोल प्राप्त हुन आए पनि सो सम्पत्ति लिलाम बिक्री गर्नुपर्दछ ।

### च. चलन पूर्जि दिनुपर्ने

विभागले उपर्युक्त अनुसार लिलाम बिक्री गरेको सम्पत्ति लिलाम बिक्रीमा सकार गर्ने व्यक्तिलाई विभागले चलन पूर्जी दिनु पर्दछ । चलन पूर्जी भन्नाले लिलाम बिक्रीमा कुनै सम्पत्ति सकार गर्ने व्यक्तिले सो सम्पत्ति भोगचलन गर्न वा अन्य कसैलाई बेचबिखन वा हक हस्तान्तरण गर्न पाउने अधिकार हो । लिलाम भएको सम्पत्ति जग्गा वा भवन रहेको भए सो जग्गा वा भवनको स्वामित्व लिलाम सकार गर्ने व्यक्तिका नाममा कायम गरिदिन र सो जग्गा वा भवनको रोक्का फुकुवा

गरिदिन विभागले सम्बन्धित मालपोत कार्यालयलाई सूचना दिनुपर्दछ र मालपोत कार्यालयले पनि प्राप्त सूचना बमोजिम नामसारी वा दाखिला खारेज र फुकुवा गरिदिनु पर्दछ ।

### २८.४.४ लिलाम बिक्रीबाट प्राप्त रकमबाट बक्यौता कर मिलान गर्ने

लिलाम बिक्रीबाट प्राप्त रकमबाट बक्यौता कर मिलान गर्ने सम्बन्धमा ऐनको दफा १०५ को उपदफा (५) मा देहाय बमोजिमको व्यवस्था रहेको छ ।

**१०५(५): उपदफा (४) बमोजिम लिलाम बिक्रीबाट प्राप्त रकमबाट सर्वप्रथम लिलाम बिक्री गरिएको सम्पत्तिको दाबी र लिलाम बिक्री गर्दा गरेको खर्च कटाईनेछ । यसरी खर्च कट्टी गरी सकेपछि बुझाउनुपर्ने कर र दफा ११९ बमोजिम सो करका सम्बन्धमा बुझाउनुपर्ने ब्याज कटाइनेछ र त्यसपछि कुनै रकम बाँकी रहन आएमा त्यस्तो रकम कर बक्यौता रहेका व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।**

उपर्युक्त व्यवस्था अनुसार कर बक्यौता राख्ने व्यक्तिको दाबी गरिएको कुनै सम्पत्ति लिलाम वा बेचबिखन गर्दा विभागले प्राप्त गरेको रकमबाट सो व्यक्तिको बक्यौता कर असुल उपर गर्नुपर्दछ । यसरी बक्यौता असुल उपर गर्दा सर्वप्रथम सो सम्पत्तिउपर दाबी गर्दा वा लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च असुल गर्नुपर्दछ । तत्पश्चात बाँकी रहेको रकमबाट सो व्यक्तिको तिर्न बाँकी कर र सो कर समयमा नबुझाए बापत ऐनको दफा ११९ बमोजिम कर मिलान गरिएको दिनसम्मको लाग्ने ब्याज असुल उपर गर्नुपर्दछ । यस कार्यलाई बक्यौता कर मिलान गर्ने कार्य भनिन्छ । सो व्यक्तिले तिर्न बाँकी कर, सो बापतको ब्याज र सम्पत्तिउपर दाबी गर्दा वा लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च असुल भएपश्चात लिलाम बिक्रीबाट प्राप्त कुनै रकम बाँकी रहन गएमा सो बाँकी सम्पूर्ण रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्दछ ।

### २८.४.५ कर मिलान गरिएको सूचना दिनुपर्ने

लिलाम बिक्रीबाट प्राप्त रकमबाट बक्यौता कर मिलान वा असुल उपर गरिएको सूचना सम्बन्धित व्यक्तिलाई दिनुपर्ने सम्बन्धमा ऐनको दफा १०५ को उपदफा (६) मा देहायको व्यवस्था छ ।

**१०५(६) लिलाम बिक्रीबाट प्राप्त रकम उपदफा (५) बमोजिम मिलान गरिसकेपछि विभागले सो मिलानको प्रक्रिया खुलाइएको लिखित सूचना कर बक्यौता रहेका व्यक्तिलाई दिनु पर्नेछ ।**

कर बक्यौता राख्ने व्यक्तिको दाबी गरिएको कुनै सम्पत्ति लिलाम वा बेचबिखन गर्दा विभागले प्राप्त गरेको रकमबाट सो व्यक्तिको बक्यौता कर, ब्याज र लिलाम गरिएको सम्पत्ति दाबी गर्दा वा लिलाम बिक्री गर्दा लागेको खर्च असुल गरेपछि वा लिलाम बिक्रीबाट प्राप्त रकम सो व्यक्तिले तिर्नुपर्ने उपर्युक्त रकममा मिलान गरेपछि त्यसरी मिलान गरिएको लिखित सूचना सम्बन्धित व्यक्तिलाई दिनुपर्दछ । त्यस्तो सूचनामा लिलाम बिक्रीबाट प्राप्त रकम सो व्यक्तिले तिर्नुपर्ने उपर्युक्त रकममा मिलान गर्दा अपनाइएको प्रक्रिया स्पष्ट रूपमा उल्लेख भएको हुनुपर्दछ ।

### २८.४.६ लिलाम बिक्रीबाट प्राप्त रकम बक्यौता असुल गर्न अपुग भएमा थप कारबाही गर्ने

लिलाम बिक्रीबाट प्राप्त रकमबाट बक्यौता कर रहेको व्यक्तिको सम्पूर्ण बक्यौता कर मिलान हुन वा चुक्ता हुन नसकेमा थप कारबाही गर्ने सम्बन्धमा ऐनको दफा १०५ को उपदफा (७) मा देहायको व्यवस्था छ ।

**१०५(७): लिलाम बिक्रीबाट प्राप्त रकमलाई उपदफा (५) बमोजिमको प्रक्रिया अपनाई मिलान गर्दा सो उपदफामा उल्लिखित खर्च, कर र ब्याज बापतको रकम पूर्णरूपमा भुक्तानी गर्न अपर्याप्त भएमा विभागले नपुग रकम असूलउपर गर्न दफा १०४, १११ वा यस दफा बमोजिम पुनः कारबाही प्रारम्भ गर्नु पर्नेछ ।**

उपर्युक्त व्यवस्था अनुसार कर बक्यौता रहेको कुनै व्यक्तिको विभागले दाबी गरेको कुनै सम्पत्तिको लिलाम बिक्रीबाट प्राप्त रकम सो सम्पत्तिउपर दाबी गर्दा वा सो सम्पत्ति लिलाम बिक्री गर्दा लागेको खर्च, सो व्यक्तिको बक्यौता रहेको कर र ब्याज बापतको सम्पूर्ण रकम चुक्ता वा मिलान गर्न पर्याप्त नभएमा नपुग रकम असूलउपर गर्न विभागले निम्नानुसार गर्नुपर्दछ ।

१. सो व्यक्तिको लिलाम बिक्री गरिएको बाहेक अन्य कुनै जायजेथा वा सम्पत्ति रहेको भए ऐनको दफा १०४ र १०५ बमोजिम सो सम्पत्तिउपर दाबीसिर्जनागर्ने र त्यस्तो सम्पत्ति लिलाम बिक्री गर्ने कारबाही पुनः शुरु गर्नुपर्दछ ।

२. सो व्यक्तिको लिलाम बिक्री गरिएको बाहेक अन्य कुनै जायजेथा वा सम्पत्ति नरहेको भए सो व्यक्तिबाट कर असुलीका लागि विभागले ऐनको दफा १११ बमोजिम सम्बन्धित जिल्ला अदालतमा मुद्दा चलाउनु पर्दछ ।

ऐनको दफा १०५ को प्रयोजनको लागि दाबी गरेको सम्पत्ति, दाबी र लिलाम बिक्री गर्दा गरेको खर्च तथा कर बक्यौता रहेको व्यक्तिका सम्बन्धमा निम्नानुसारको स्पष्टीकरण दिइएको छ :-

(क) **"दाबी गरेको सम्पत्ति" भन्नाले कर कट्टी गर्ने एजेन्टले दफा १०३ को उपदफा (२) वा दफा १०४ को उपदफा (२) मा उल्लिखित कर बक्यौता रहेको व्यक्तिको सम्पत्ति सम्झनुपर्छ ।**

(ख) **"दाबी र लिलाम बिक्री गर्दा गरेको खर्च" भन्नाले दफा १०४ बमोजिम दाबी र लिलाम बिक्री गर्दा गरेको खर्च सम्झनु पर्छ ।**

(ग) **"कर बक्यौता रहेको व्यक्ति" भन्नाले दफा १०३ र १०४ मा उल्लिखित कर कट्टी गर्ने व्यक्तिसमेतलाई सम्झनु पर्छ ।**

## २८.५ निकायका अधिकृत कर्मचारीबाट बक्यौता करको असुली

कर बक्यौता राख्ने व्यक्ति कुनै निकाय रहेको अवस्थामा त्यस्ता व्यक्तिको बक्यौता कर दाखिला गर्ने जिम्मेवारी सो निकायमा कार्यरत कर्मचारीमा पनि रहने व्यवस्था छ । निकायका अधिकृत कर्मचारीलाई जिम्मेवार बनाइने सम्बन्धमा ऐनको दफा १०७ को उपदफा (१) र (२) ले देहायको प्रबन्ध गरेको छ ।

१०७(१): **कुनै निकायले यस ऐन बमोजिम पालन गर्नुपर्ने कुनै कुरा पालन नगरेमा सो समयमा सो निकायको अधिकृतको रूपमा कार्य गर्ने प्रत्येक व्यक्ति सोको निमित्त जिम्मेवार हुनेछन् ।**

१०७(२): **कुनै निकायले कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाई कसूर गरेमा सो निकायका तत्काल बहाल रहेका वा ६ महिना अधिसम्म बहाल रहेका प्रत्येक अधिकृतहरु संयुक्त वा छुट्टाछुट्टै रूपमा सो कर बुझाउन जिम्मेवार हुनेछन् ।**

कर तिर्नुपर्ने कर्तव्य भएको कुनै निकायले आफूले तिर्नुपर्ने कर वा कट्टी गरेको कर निर्धारित समय भित्र दाखिला नगरेमा त्यस्तो कर दाखिला गर्ने दायित्व सो निकायको अधिकृतमा रहन्छ । निकाय भन्नाले साझेदारी, ट्रष्ट वा कम्पनी, गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति, नेपाल सरकार, कुनै विदेशी सरकार वा सो सरकार अन्तर्गतका प्रान्तीय वा स्थानीय सरकार वा कुनै सन्धिद्वारा स्थापना भएको सार्वजनिक अन्तर्राष्ट्रिय संगठन वा विदेशी स्थायी संस्थापनलाई जनाउँछ भने दफा १०७ को प्रतिबन्धात्मक वाक्यांश अनुसार कुनै निकायको अधिकृत भन्नाले ती निकायको व्यवस्थापक वा व्यवस्थापकको हैसियतमा कार्य गर्ने अन्य कुनै व्यक्तिलाई बुझाउँछ ।

सामान्यतयाः कुनै निकायले तिर्न बाँकी राखेको कुनै कर सो निकायमा कार्यरत वा छ महिना अघिसम्म कार्यरत व्यवस्थापक वा सो सरहको हैसियतको कर्मचारीले दाखिला गर्नुपर्दछ । ती कर्मचारी त्यस्तो कर संयुक्तरूपमा वा अलगअलग रूपमा बुझाउन बाध्य हुन्छन् । तर कुनै विशेष परिस्थितिमा आफू कार्यरत रहेको निकायले तिर्न बुझाउन बाँकी कर बुझाउन सो निकायका सबै वा कुनै अधिकृत बाध्य हुँदैनन् । यस सम्बन्धमा दफा १०७ को उपदफा (३) मा देहायको व्यवस्था छ ।

**१०७(३): उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफाहरु देहायका अवस्थामा लागू हुने छैनन् :-**

**(क) सो व्यक्तिको जानकारी वा मन्जुरी बिना सो निकायले त्यस्तो कसूर गरेको अवस्थामा, र**

**(ख) त्यस्तो कसूर हुन नदिन सो व्यक्तिले त्यस्तै समान परिस्थितिहरुमा सामान्य मानवीय विवेक प्रयोग गर्ने व्यक्तिले अपनाउनेसम्मको होशियारी, परिश्रम र सीप अपनाएको वा प्रयोग गरेको भएमा ।**

कुनै निकायले आफ्नो कुनै अधिकृत कर्मचारीको सहमति नलिइ वा निजलाई जानकारी नदिई तोकिएको समयमा कर नतिर्ने कसूर गरेको अवस्थामा सो कसूरमा सहमति नजनाएको वा सो कसूरका सम्बन्धमा कुनै जानकारी नपाएको अधिकृत सो निकायको बक्यौता कर दाखिला गर्न जिम्मेवार र बाध्य हुँदैन । त्यस्तै कर बक्यौता राख्ने कुनै निकायको कुनै अधिकृत कर्मचारीले सो निकायलाई त्यस्तो कसूर गर्नबाट रोक्न वा त्यस्तो कसूर हुन नदिन सक्दो र उपयुक्त प्रयास गरेको अवस्थामा वा सहमति नलिइ वा निजलाई जानकारी नदिइ तोकिएको समयमा कर नतिर्ने कसूर गरेको अवस्थामा त्यस्तो प्रयास गर्ने अधिकृत सो निकायको बक्यौता कर दाखिला गर्न जिम्मेवार र बाध्य हुँदैन । उपर्युक्त बाहेक अन्य अवस्थामा कुनै निकायमा व्यवस्थापक वा सो सरहको हैसियतमा कार्यरत वा छ महिना अघिसम्म कार्यरत व्यक्ति सो निकायले तिर्न बाँकी राखेको कुनै कर संयुक्तरूपमा वा अलगअलग रूपमा बुझाउन जिम्मेवार र बाध्य हुन्छन् ।

कुनै निकायको कुनै अधिकृतले सो निकायले बक्यौता राखेको कर दाखिला गरेमा सो व्यक्तिलाई केही विशेषाधिकार प्राप्त हुने प्रत्याभूति ऐनले गरेको छ । यस सम्बन्धमा दफा १०७ को उपदफा (४) र (५) मा निम्न व्यवस्था छ ।

**१०७(४): कुनै व्यक्तिले उपदफा (२) बमोजिम वुझाउनुपर्ने कर दाखिला गरेमा सो व्यक्तिले देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) निजले त्यसरी दाखिला गरेको रकम सो निकायबाट असूलउपर गर्न,**

**(ख) खण्ड (क) को प्रयोजनको लागि त्यसरी दाखिला गरेको रकमभन्दा बढी नहुने गरी निजको कब्जामा रहेको वा रहन आउने सो निकायको द्रब्य समेतका सम्पत्ति आफ्नो अधीनमा राख्न ।**

**१०७(५): उपदाफा (४) को खण्ड (ख) बमोजिम कुनै व्यक्तिले कुनै सम्पत्ति अधीनमा लिएमा त्यस्तो व्यक्ति उपर सो निकाय वा अन्य कुनै व्यक्तिले कुनै दाबी गर्न पाउने छैन ।**

कर बक्यौता राख्ने कुनै निकायको कुनै अधिकृतले सो निकायले बक्यौता राखेको कर दाखिला गरिदिएमा सो व्यक्ति वा अधिकृतले कर बापत दाखिला गरिदिएको रकम सो निकायबाट असुल उपर गरिलिन पाउँछ । सो व्यक्तिले स्वाभाविक रूपमा आफूले दाखिला गरिदिएको कर बराबरको रकम निकायबाट प्राप्त गर्न नसकेमा निजले निजको कब्जामा रहेको वा रहन आउने सम्भावना रहेको सो निकायको नगद वा अन्य सम्पत्ति आफ्नो कब्जा वा अधीनमा लिन पाउँछ । त्यसरी कुनै अधिकृतले कब्जामा लिएको वा आफ्नो अधीनमा लिएको कुनै निकायको नगद वा अन्य

सम्पत्तिमा सो निकायसमेत अन्य कुनै व्यक्तिले दाबी गर्न सक्तैन । साथै सो अधिकृतले कब्जामा लिएको वा आफ्नो अधीनमा लिएको कुनै निकायको नगद वा अन्य सम्पत्तिमध्येबाट सो निकायको लागि दाखिला गरिदिएको कर बराबरको रकम असुल उपर गरिलिन पाउँछ ।

ऐनको दफा १०७ को प्रयोजनको लागि कुनै निकायका अधिकृतका सम्बन्धमानिम्नानुसारको स्पष्टीकरण दिइएको छ :-

**यस दफाको प्रयोजनको लागि "कुनै निकायका अधिकृत" भन्नाले सो निकायको व्यवस्थापक वा सो हैसियतमा कार्य गर्ने कुनै व्यक्ति सम्झनु पर्छ ।**

२८.६ प्रापकबाट करको असुली

ऐनले कुनै कर बक्यौता राख्ने व्यक्तिले बक्यौता राखेको कर सो व्यक्तिको प्रापकबाट असुल उपर गर्न पाइने व्यवस्था गरेको छ ।

ऐनको दफा १०८ को स्पष्टीकरण को खण्ड (क) मा सो दफामा बक्यौता कर संकलनको प्रयोजनका लागि प्रापकलाई देहाय बमोजिम परिभाषित गरिएको छ ।

**"प्रापक" भन्नाले देहायका कुनै व्यक्ति सम्झनु पर्छ :-**

**(१) लिक्विडेटर,**

**(२) कुनै सम्पत्ति वा निकायका सम्बन्धमा प्रापकको रूपमा अदालत बाहिरबाट वा अदालतबाट नियुक्त व्यक्ति,**

**(३) बन्धकी लिई सम्पत्ति कव्जामा राख्ने व्यक्ति,**

**(४) मृतक प्राकृतिक व्यक्तिको सम्पत्तिको प्रत्यक्ष हकवाला, प्रशासक वा दामकाम गर्ने व्यक्ति, वा**

**(५) असक्षम प्राकृतिक व्यक्तिको काम कारबाही गरिदिने कुनै व्यक्ति ।**

उपर्युक्त परिभाषाअनुसार प्रापक भन्नाले निम्नानुसारका व्यक्तिलाई जनाउँछ ।

क) विघटन भएको वा टाट पल्टेको कुनै कम्पनीको सम्पत्ति र दायित्व फरफारक गर्न नियुक्त भएको लिक्विडेटर,

ख) कुनै व्यक्तिको कुनै सम्पत्ति कुनै कारणले दृष्टि बन्धकी वा भोग बन्धकीमा लिई आफ्नो कब्जा वा अधीनमा राख्ने व्यक्ति,

ग) मृतक प्राकृतिक व्यक्तिको सम्बन्धमा मृतक व्यक्तिको सम्पत्ति प्राप्त गर्ने अधिकार रहेको हकवाला व्यक्ति, मृतक व्यक्तिको सम्पत्तिको व्यवस्थापन गर्ने अधिकार प्राप्त गरेको व्यक्ति, मृतक व्यक्तिको प्रतिनिधिको हैसियतले सो मृतक व्यक्तिले गर्नुपर्ने काम गर्न अख्तियार प्राप्त गरेको व्यक्ति,

घ) असक्षम प्राकृतिक व्यक्तिको काम कारबाही गरिदिने वा असक्षम प्राकृतिक व्यक्तिको सम्पत्तिको रेखदेख वा व्यवस्थापन गरिदिन अधिकार प्राप्त कुनै व्यक्ति ।

ङ) कुनै सम्पत्तिको बेचबिखन वा व्यवस्थापन गर्न वा कुनै निकायको सम्पत्ति वा दायित्वको बेचबिखन वा फरफारक गर्न सम्बन्धित व्यक्ति वा सम्बन्धित सरकारी निकाय वा अदालतबाट नियुक्त व्यक्ति,

उपर्युक्त अनुसारका व्यक्ति कर बक्यौता रहेको व्यक्तिको प्रापकको रूपमा रहेको अवस्थामा ती व्यक्तिबाट कर असुल उपर गर्ने, सो व्यक्तिले कर बक्यौता रहेको व्यक्तिको बक्यौता कर दाखिला गर्ने र सो व्यक्तिले प्रापकको हैसियतले कर बक्यौता रहेको व्यक्तिको कर बक्यौता आफ्नो तर्फबाट दाखिला गरेको भएमा सो रकम प्रापकबाट असुल उपर गर्ने सम्बन्धमा ऐनको दफा १०८ मा देहायको व्यवस्था रहेको छ ।

१०८(१): प्रत्येक प्रापकले प्रापकको पदमा नियुक्त भएको मिति वा नेपालस्थित कुनै सम्पत्ति कब्जामा लिएको मितिमध्ये जुन अघिल्लो हुन्छ सो मितिले पन्ध्र दिनभित्र विभागलाई लिखित रूपमा सो कुराको सूचना दिनु पर्नेछ ।

१०८(२): कर बक्यौता राख्ने व्यक्तिले दाखिला गर्नुपर्ने रकमको सम्बन्धमा विभागले लिखित सूचना प्रापकलाई दिनु पर्नेछ ।

१०८(३): उपदफा (२) बमोजिमको सूचना प्राप्त गरेपछि प्रापकले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) प्रापकको कब्जामा आएको सम्पत्तिको आवश्यक हिस्सा बिक्री गरी आएको रकमबाट दफा १०३ को उपदफा (२) को खण्ड (ग) को अधीनमा रही उपदफा (२) बमोजिम दाखिला गर्नुपर्ने करभन्दा अग्राधिकार रहेको कुनै ऋण भए त्यस्तो ऋण बापत भुक्तानी गरी सो उपदफा अन्तर्गत विभागले सूचित गरेको रकम छुट्याई राख्नुपर्ने, र

(ख) कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट निजको कर दायित्व बापत त्यसरी छुट्याइएको रकम विभागमा दाखिला गर्नुपर्ने ।

१०८(४): प्रापकले उपदफा (३) बमोजिम कुनै रकम छुट्याई नराखेको हदसम्म त्यस्तो कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट दाखिला गर्नुपर्ने कर दायित्व बराबरको रकम विभागमा दाखिला गर्ने व्यक्तिगत दायित्व प्रापकको हुनेछ ।

तर, दाखिला गरेको रकम कर बक्यौता रहेको व्यक्तिबाट प्रापकले असूलउपर गरिलिन सक्नेछ ।

ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै कर बक्यौता राख्ने व्यक्तिको प्रापकबाट त्यस्तो बक्यौता कर असुल उपर गर्ने सन्दर्भमा विभाग र प्रापकको दायित्व देहाय बमोजिम हुन्छ ।

### २८.६.१ विभागको दायित्व

विभागले कुनै कर बक्यौता राख्ने व्यक्तिको प्रापक रहेको वा कुनै कर बक्यौता राख्ने व्यक्तिको प्रापक नियुक्त भएको जानकारी वा सूचना प्राप्त हुनासाथ सो प्रापकलाई कर बक्यौता राख्ने व्यक्तिको बक्यौता कर तिर्न वा दाखिला गर्न लिखित सूचना दिनुपर्दछ। यस उपखण्डको प्रयोजनका लागि "कर बक्यौता राख्ने व्यक्ति" भन्नाले जसको सम्पत्ति प्रापकको कब्जामा आएको हो सो व्यक्ति सम्झनु पर्छ । विभागले प्रापकलाई कर बक्यौता राख्ने व्यक्तिको दाखिला गर्न बाँकी करका सम्बन्धमा सूचना नदिएसम्म प्रापक कर बक्यौता राख्ने व्यक्तिको बक्यौता कर दाखिला गर्न बाध्य हुँदैन ।

### २८.६.२ प्रापकको दायित्व

कर बक्यौता राख्ने व्यक्तिको बक्यौता कर रकम २ प्रकारको हुन्छ । पहिलो बक्यौता राख्ने व्यक्तिले भुक्तानी गर्दा अग्रिम कर कट्टी गरिएको रकम तथा अर्को व्यक्तिको कुनै आय वर्षको आयकर बापतको कर दायित्व । अग्रिम कर कट्टी बापत कट्टा गरिएको तर विभागमा दाखिला नगरेको रकमको सम्बन्धमा विभागलाई जानकारी नहुन सक्दछ तर त्यसरी कट्टा गरिएको रकमको जानकारी प्रापकलाई नै हुन्छ । अग्रिम कर कट्टी बापतको कर रकम भुक्तानीलाई अग्राधिकार प्राप्त भएको र ऐनको दफा १०३(२)(ग) ले कट्टी गरिएको रकम विघटन एवम् टाट पल्टिएको व्यक्तिको जेथाको भाग नमानिने र सो सम्पत्तिउपर विभागको पहिलो दाबी रहने हुँदा अग्रिम कर कट्टी बापतका कर माथि विभागको पहिलो अधिकार रहेकोले प्रापकले उक्त रकम दाखिला गर्नुपर्दछ । यदि अग्रिम कर कट्टी बाहेकको अन्य कर दायित्वको भुक्तानी गर्नुपर्ने भएमा ऐनको दफा१०८(३)(क) अनुसार कुनै सुरक्षित ऋण भएमा सो भुक्तान गरी विभागले दफा १०८ को उपदफा (२) अनुसार सूचनामा दिइएको रकम छुट्याएर राख्नु पर्दछ ।
कर बक्यौता राख्ने कुनै व्यक्तिको प्रापक रहेको वा त्यस्तो व्यक्तिको प्रापकको रूपमा नियुक्त भएको कुनै व्यक्तिले देहाय बमोजिमको कर्तव्य पालना गर्नुपर्दछ ।

क) प्रत्येक प्रापकले प्रापकको रूपमा रहेको वा सो पदमा नियुक्त भएको जानकारी विभागलाई लिखितरूपमा दिनुपर्दछ ।

ख) त्यस्तो जानकारी प्रापकले आफू प्रापकको रूपमा रहेको वा सो पदमा नियुक्त भएको मिति वा निजले नेपालस्थित कुनै सम्पत्ति कब्जामा लिएको मितिमध्ये जुन अघिल्लो हुन्छ सो मितिले पन्ध्र दिनभित्र दिनु पर्दछ ।

ग) विभागले कुनै कर बक्यौता राख्ने व्यक्तिको प्रापकलाई कर बक्यौता राख्ने व्यक्तिको बक्यौता कर तिर्न वा दाखिला गर्न लिखित सूचना दिएमा सो प्रापकले उसको कब्जामा आएको सम्पत्तिको आवश्यक हिस्सा बिक्री गरिआएको रकमबाट विभागले सूचित गरेको रकम छुट्याई राख्नुपर्दछ ।

घ) कर बक्यौता राख्ने व्यक्तिको बक्यौता कर तिर्न छुट्याएको रकम प्रापकले विभागमा दाखिला गर्नु पर्दछ ।

ङ) कुनै प्रापकले कर बक्यौता रहेको व्यक्तिको बक्यौता कर दाखिला गर्ने प्रयोजनका लागि कुनै रकम नछुट्याएमा त्यस्तो बक्यौता कर दाखिला गर्नु प्रापकको व्यक्तिगत दायित्व हुन्छ । तर यस कानूनी प्रावधान अनुसार कुनै प्रापकले कर बक्यौता रहेको कुनै व्यक्तिको बक्यौता कर दाखिला गरिदिएमा सो कर बराबरको रकम कर बक्यौता रहेको व्यक्तिबाट प्रापकले असुलउपर गरिलिन पाउँछ ।

## २८.७ कर बक्यौता राख्ने व्यक्तिलाई रकम तिर्नुपर्ने व्यक्तिबाट कर असुल गर्ने

कुनै व्यक्तिले बुझाउनुपर्ने कर समयमा नबुझाएमा सो व्यक्तिको आसामी अर्थात कर बक्यौता राख्ने व्यक्तिलाई कुनै रकम बुझाउन बाँकी रहेको व्यक्तिबाट कर असुल उपर गर्न पाउने व्यवस्था ऐनले गरेको छ । रकम बुझाउनुपर्ने व्यक्तिबाट कर असूलउपर गर्ने सम्बन्धमा ऐनको दफा १०९ मा देहायको व्यवस्था छ ।

**१०९(१): कुनै कर बक्यौता राख्ने व्यक्तिले कर बुझाइसक्नुपर्ने मितिसम्म कर नबुझाई बाँकी राखेमा देहाय बमोजिमको कुनै पनि भुक्तानीकर्तालाई विभागले लिखित सूचना दिएर कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट बुझाउनुपर्ने करको हदसम्मको रकम सो सूचनामा उल्लिखित मितिभित्र विभागमा दाखिला गर्न आदेश दिन सक्नेछ :-**

**(क) कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्ति,**

**(ख) कर बक्यौता राख्ने व्यक्तिको लागि वा निजको तर्फबाट द्रब्य राख्ने व्यक्ति,**

**(ग) कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउने गरी कुनै तेस्रो व्यक्तिको तर्फबाट द्रब्य राख्ने व्यक्ति, वा**

**(घ) तेस्रो पक्षबाट सो द्रब्य कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउने अख्तियारी पाएको व्यक्ति ।**

**१०९(२): विभागले उपदफा (१) बमोजिम भुक्तानीकर्तालाई दिएको सूचनाको प्रतिलिपि कर बक्यौता राख्ने व्यक्तिलाई दिनु पर्नेछ ।**

**१०९(३): उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको सूचनामा उल्लिखित मिति खण्ड (क) र (ख) मा उल्लिखित मितिभन्दा अघिल्लो हुन सक्ने छैन :-**

**(क) सो रकम कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउनुपर्ने मिति वा निजको तर्फबाट त्यस्तो रकम राखेको मिति, र**

**(ख) उपदफा (२) बमोजिम सूचना दिएको मिति ।**

**१०९(४): उपदफा (१) बमोजिम भुक्तानीकर्ताले सो उपदफा बमोजिम दाखिला गरेको रकम कर बक्यौता राख्ने व्यक्तिलाई भुक्तानी गरे सरह मानिनेछ । यस्तो रकम कर बक्यौता राख्ने व्यक्ति वा अन्य कुनै व्यक्तिलेभुक्तानीकर्तासँग दाबी गर्न पाउने छैन ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै कर बक्यौता राख्ने व्यक्तिलाई कुनै रकम तिर्नुपर्ने व्यक्तिबाट त्यस्तो बक्यौता कर असुल उपर गर्ने सन्दर्भमा विभाग र कर बक्यौता राख्ने व्यक्तिलाई कुनै रकम तिर्नुपर्ने व्यक्तिको अधिकार र दायित्व देहाय बमोजिम हुन्छ ।

## २८.७.१ विभागको दायित्व

### क) रकम बुझाउनु पर्ने व्यक्तिलाई कर बक्यौता बराबरको रकम बुझाउन आदेश दिनुपर्ने

कर बक्यौता राख्ने व्यक्तिलाई कुनै रकम भुक्तानी दिन बाँकी रहेको कुनै व्यक्तिबाट त्यस्तो बक्यौता कर असुल गर्नुपर्ने भएमा विभागले लिखित सूचना दिएर कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट बुझाउनु पर्ने करको हदसम्मको रकम दाखिला गर्न आदेश दिन सक्नेछ । विभागले कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्तिलाई कर बक्यौता राख्ने व्यक्तिको दाखिला गर्न बाँकी कर बराबरको रकम बुझाउन आदेश नदिएसम्म सो व्यक्ति कर बक्यौता राख्ने व्यक्तिको बक्यौता कर दाखिला गर्न बाध्य हुँदैन । यस उपखण्डको प्रयोजनका लागि "कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्ति" भन्नाले देहायको व्यक्तिलाई बुझाउँछ ।

१) कर बक्यौता रहेको व्यक्तिलाई कुनै पनि कारण वा प्रयोजनका लागि कुनै रकम बुझाउनुपर्ने व्यक्ति,

२) कर बक्यौता राख्ने व्यक्तिको लागि नगद वा नगद सरहको कुनै सम्पत्ति राख्ने व्यक्ति,

३) कुनै अर्को व्यक्तिको तर्फबाट कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउने गरी नगद राख्ने व्यक्ति, वा

४) कुनै अर्को व्यक्तिको तर्फबाट कर बक्यौता राख्ने व्यक्तिलाई नगद बुझाउने अख्तियारी पाएको व्यक्ति ।

कर बक्यौता राख्ने व्यक्तिको बक्यौता कर दाखिला गर्न कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्तिलाई लिखित सूचना दिई आदेश दिँदा सो सूचना वा आदेशमा त्यस्तो कर रकम विभागमा बुझाउनुपर्ने मिति समेत किटान गर्नुपर्दछ । तर त्यस्तो व्यक्तिले कर रकम बुझाउनुपर्ने मिति सो व्यक्तिले कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउनु बाँकी रकम बुझाउनुपर्ने भनी तोकिएको मितिभन्दा पछाडि हुनुपर्दछ किनकि सो मितिअघि सो रकम बुझाउन सो व्यक्ति बाध्य हुँदैन । त्यसैले कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउन बाँकी रकम बुझाउनुपर्ने भनी तोकिएको मितिभन्दा अगाडि सो रकम विभागमा दाखिला गर्न सो व्यक्तिलाई बाध्य गर्न पनि सकिदैंन ।

### ख) कर बक्यौता राख्ने व्यक्तिलाई जानकारी दिनुपर्ने

विभागले उपर्युक्त बमोजिम कर बक्यौता राख्ने व्यक्तिलाई कुनै रकम भुक्तानी दिन बाँकी रहेको कुनै व्यक्तिबाट त्यस्तो बक्यौता कर असुल गर्नुपर्ने भएमा र विभागले लिखित सूचना दिएर सो व्यक्तिलाई कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट बुझाउनु पर्ने करको हदसम्मको रकम दाखिला गर्न आदेश दिएमा त्यस्तो आदेश दिएको जानकारी कर बक्यौता राख्ने व्यक्तिलाई दिनुपर्दछ । कर बक्यौता राख्ने व्यक्तिलाई कुनै रकम भुक्तानी दिन बाँकी रहेको कुनै व्यक्तिलाई त्यस्तो बक्यौता कर दाखिला गर्न दिएको सूचनाको प्रतिलिपि कर बक्यौता राख्ने व्यक्तिलाई दिइएमा निजले त्यस्तो आदेशको बारेमा जानकारी प्राप्त गरेको मानिन्छ । त्यसैगरी कर बक्यौता राख्ने व्यक्तिले सूचनाको प्रतिलिपि नपाइकन उसलाई रकम बुझाउने व्यक्तिबाट कर दाखिला गराउन सकिदैंन ।

### २८.७.२ कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्तिको दायित्व

कर बक्यौता राख्ने कुनै व्यक्तिलाई कुनै रकम बुझाउनुपर्ने दायित्व रहेको व्यक्तिले विभागले लिखित सूचना मार्फत आदेश दिएको अवस्थामा कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउनुपर्ने रकममध्ये सो आदेशमा उल्लेख भएको हदसम्मको रकम निजलाई नबुझाइ विभागमा दाखिला गर्नुपर्दछ ।

### २८.७.३ कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्तिको अधिकार

कर बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्ति विभागको आदेशबमोजिम सो आदेशमा उल्लिखित हदसम्मको रकम विभागमा दाखिला गर्न बाध्य भएपनि त्यस्तो रकम निजले दाखिला गरेमा निजलाई देहायका अधिकार प्राप्त हुन्छन् ।

क) विभागको आदेशबमोजिमको रकम विभागमा दाखिला गरेमा सो बराबरको रकम निजले रकम बुझाउनुपर्ने कर बक्यौता राख्ने व्यक्तिलाई भुक्तानी गरे सरह मानिने, र

ख) यस्तो रकम कर बक्यौता राख्ने व्यक्ति वा अन्य कुनै व्यक्तिले निजसँग फिर्ता माग गर्न नपाउने ।

### २८.८ गैर बासिन्दा व्यक्तिको एजेन्टबाट कर असुली

कर बक्यौता राख्ने कुनै व्यक्ति गैर बासिन्दा व्यक्ति रहेको अवस्थामा निजको बक्यौता कर निजको एजेन्टबाट असुल उपर गर्न सकिन्छ । गैर बासिन्दा व्यक्तिको एजेन्टबाट करअसुल उपर गर्ने सम्बन्धमा ऐनको दफा ११० को व्यवस्था देहाय बमोजिम रहेको छ ।

**११०(१): कुनै कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिले कर बुझाई सक्नुपर्ने मितिसम्म कर नबुझाई बाँकी राखेमा विभागले त्यसरी कर बक्यौता राख्ने व्यक्तिको स्वामित्वमा रहेको कुनैपनि सम्पत्ति आफ्नो कब्जामा राख्ने कुनै व्यक्तिलाई लिखित सूचना दिएर सो सम्पत्तिको बजार मूल्य बराबरको रकमबाट त्यस्तो कर बक्यौता राख्ने व्यक्तिले बुझाउनुपर्ने करको रकमभन्दा बढी नहुने गरी सो तेस्रो पक्षको कर दायित्व सम्बन्धमा कर बक्यौता राख्ने व्यक्तिको तर्फबाट सो सूचनामा उल्लिखित मितिभित्र कर बुझाउन आदेश दिन सक्नेछ ।**

**११०(२): कुनै व्यक्तिले उपदफा (१) बमोजिमको आदेश अनुसार कर रकम बुझाएमा निजले देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) सो व्यक्तिले कर बक्यौता राख्ने व्यक्तिबाट त्यस्तो भुक्तानी रकम असुलउपर गर्न,**

**(ख) खण्ड (क) को प्रयोजनको लागि सो व्यक्तिको आफ्नो कब्जामा रहेको वा कब्जामा रहन आउने कर बक्यौता राख्ने व्यक्तिको रकम समेतको कुनै पनि सम्पत्ति त्यसरी भुक्तानी गरिएको रकमभन्दा बढी नहुने गरी आफ्नो अधीनमा लिन ।**

**११०(३): उपदाफा (२) को खण्ड (ख) बमोजिम कुनै व्यक्तिले कुनै सम्पत्ति अधीनमा लिएमा त्यस्तो व्यक्ति उपर कर बक्यौता राख्ने व्यक्ति वा अन्य कुनै व्यक्तिले कुनै पनि दाबी गर्न पाउने छैन ।**

कुनै गैर बासिन्दा व्यक्तिले तिर्नुपर्ने कर समयमा नतिरी बक्यौता राखेमा र सो गैर बासिन्दा व्यक्तिको नेपाल राज्यभित्र रहेको कुनै एजेन्टलाई विभागले सो बक्यौता बराबरको रकम दाखिला गर्न आदेश दिँदै कुनै लिखित सूचना दिएमा गैर बासिन्दा व्यक्तिको बक्यौता कर बराबरको रकम सो एजेन्टले उक्त सूचनामा उल्लिखित मितिभित्र दाखिला गर्नुपर्दछ । यस प्रयोजनका लागि गैर बासिन्दा व्यक्तिको नेपालस्थित एजेन्ट भन्नाले सो गैर बासिन्दा व्यक्तिको स्वामित्वमा रहेको कुनैपनि सम्पत्ति आफ्नो कब्जामा राख्ने जुनसुकै व्यक्तिलाई जनाउँछ । ऐनको उपर्युक्त प्रावधान अनुसार कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिको कर

दाखिला गराउने सम्बन्धमा विभागको अधिकार र कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिको कर दाखिला गर्ने र त्यसरी दाखिला गरेको रकम फिर्ता प्राप्त गर्ने सन्दर्भमा सो गैर बासिन्दा व्यक्तिको नेपालस्थित एजेन्टको कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

**२८.८.१ एजेन्टलाई कर बक्यौता बराबरको रकम बुझाउन आदेश दिनुपर्ने**

कर बक्यौता राख्ने कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित एजेन्टबाट कर बक्यौता रहेको गैर बासिन्दा व्यक्तिको कुनै बक्यौता कर असुल गर्नुपर्ने भएमा विभागले त्यस्तो एजेन्टलाई लिखित सूचना दिएर कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिको तर्फबाट बुझाउनुपर्ने करको हदसम्मको रकम दाखिला गर्न आदेश दिनुपर्दछ । विभागले कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिको एजेन्टलाई सो गैर बासिन्दा व्यक्तिको बक्यौता कर रकम दाखिला गर्न आदेश नदिएसम्म सो एजेन्ट कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिको बक्यौता कर दाखिला गर्न बाध्य हुँदैन ।

**२८.८.२ एजेन्टको कर्तव्य**

कर बक्यौता राख्ने कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित एजेन्टले विभागको कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्तिको तर्फबाट बुझाउनुपर्ने करको कुनै रकम दाखिला गर्ने आदेश सहितको कुनै लिखित सूचना प्राप्त गरेमा सो सूचनामा उल्लिखित रकम बुझाउनु सो एजेन्टको कर्तव्य हुन्छ ।

**२८.८.३ एजेन्टको अधिकार**

कुनै गैर बासिन्दा व्यक्तिको नेपालस्थित एजेन्टले विभागको आदेश अनुसार गैर बासिन्दा व्यक्तिको बक्यौता कर रकम बुझाएमा निजलाई देहाय बमोजिमको बिशेषाधिकार प्राप्त हुन्छ

क) सो व्यक्तिले जुन गैर बासिन्दा व्यक्तिको बक्यौता कर दाखिला गरिदिएको हो सो गैर बासिन्दा व्यक्तिबाट सो कर बराबरको रकम असुलउपर गर्न पाउने ,

ख) सो व्यक्तिले जुन गैर बासिन्दा व्यक्तिको बक्यौता कर दाखिला गरिदिएको हो सो गैर बासिन्दा व्यक्तिको कुनै सम्पत्तिमध्ये आफ्नो कब्जामा रहेको वा कब्जामा आउने सम्भावना रहेको सम्पत्ति आफ्नो अधीनमा लिन पाउने, र

ग) उपर्युक्त बमोजिम कुनै व्यक्तिले कुनै गैर बासिन्दा व्यक्तिको कुनै सम्पत्ति अधीनमा लिएमा त्यस्तो सम्पत्तिउपर कर बक्यौता राख्ने गैर बासिन्दा व्यक्ति वा अन्य कुनै व्यक्तिले कुनै पनि दाबी गर्न नपाउने ।

**२८.९ संयुक्त उपक्रमको कर भुक्तानीको जिम्मेवारी**

संयुक्त उपक्रम दर्ता गरी काम गरेको अवस्थामा तिर्नुपर्ने कर दायित्वको सम्बन्धमा ऐनको दफा ११०ख. ले देहाय बमोजिम स्पष्ट व्यवस्था गरेको छ ।

**११०ख. संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा संलग्न व्यक्ति आफू संलग्न रहेको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) को कर दायित्व भुक्तान गर्ने प्रयोजनका लागि संयुक्त वा छुट्टाछुट्टै रूपमा जिम्मेवार हुनेछन् ।**

कुनै दुई वा सोभन्दा बढी व्यक्तिहरु मिलेर कुनै निश्चित अवधिमा सम्पन्न गर्नेगरी निश्चित कामको लागि संयुक्त उपक्रमको सम्झौता गरेका हुन्छन् । संयुक्त उपक्रमको सम्झौता गर्दा साझेदारहरुको शेयर, स्वामित्व, जिम्मेवारी लगायतका विषयहरु समान वा फरक पनि हुन सक्छ । ऐनको यस दफा बमोजिम संयुक्त उपक्रमको कर दायित्व भुक्तानी गर्ने सम्बन्धमा सम्बन्धित साझेदारहरु संयुक्त वा व्यक्तिगत रूपमा समेत जिम्मेवार हुन्छन् । यो काम अर्को साझेदारले गरेको हो, मलाई केही थाहा छैन भनेर कुनै पनि साझेदारले उन्मुक्ति पाउने अवस्था हुँदैन ।

## २८.१० व्यवसायको वास्तविक प्रतिफल प्राप्त गर्ने व्यक्ति जिम्मेवार हुने

अन्य व्यक्तिको नाममा व्यवसाय दर्ता गरी कारोबार गरेर आयआर्जन गर्ने व्यक्तिलाई जिम्मेवार बनाउन ऐनको दफा ११०ग. मा देहाय बमोजिमको व्यवस्था रहेको छ ।

**११०ग. व्यवसायको वास्तविक प्रतिफल प्राप्त गर्ने व्यक्ति व्यवसाय दर्ता भएको व्यक्तिभन्दा फरक भएको प्रमाणित भएमा त्यस्तो व्यवसायको कर भुक्तानी गर्ने दायित्व त्यस्तो प्रतिफल प्राप्त गर्ने व्यक्तिको हुनेछ ।**

## २८.११ कर बक्यौता रहेको व्यक्तिले बक्यौता कर दाखिला नगरेमा मुद्दा दायर गर्ने

कर तिर्नुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले तिर्नुपर्ने सम्पूर्ण कर निर्धारित मितिमा नतिरेमा विभागले त्यस्तो बक्यौता कर असुल उपर गर्न कर बक्यौता राख्ने व्यक्ति उपर मुद्दा दायर गर्न सक्तछ । कर नतिरेमा मुद्दा चलाउने सम्बन्धमा ऐनको दफा १११ ले निम्नानुसारको व्यवस्था गरेको छ ।

**१११कर दाखिला गर्नुपर्ने म्यादभित्र कर दाखिला नगर्ने व्यक्तिबाट कर असुलीका लागि विभागले सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ ।**

कर तिर्नुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले आफूले तिर्नुपर्ने सम्पूर्ण कर तोकिएको समयमा नतिरेमा विभागले त्यस्तो बक्यौता कर असुल उपर गर्न मुद्दा चलाउन पाउँछ । विभागले त्यस्तो व्यक्ति उपर सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्दछ । तर सामान्यतया: कर बक्यौता राख्ने व्यक्तिको सम्पत्तिमध्ये अन्य कुनै व्यक्तिको दाबी नरहेको वा दाबी नलाग्ने कुनै सम्पत्ति बाँकी रहेसम्म सो सम्पत्तिबाट सो व्यक्तिको बक्यौता कर असुल उपर गर्नुपर्दछ । सामान्यतया: कुनै व्यक्तिको सम्पत्तिबाट बक्यौता कर असुल हुन नसकेमा र सो व्यक्ति निकाय रहेको भएमा सो निकायको अधिकृत कर्मचारीबाट, सो व्यक्तिको प्रापकबाट, निजलाई कुनै रकम तिर्नुपर्ने व्यक्तिबाट र कर बक्यौता रहेको व्यक्ति गैर बासिन्दा व्यक्ति रहेको अवस्थामा सो व्यक्तिको एजेन्टबाट कर बक्यौता रहेको कुनै व्यक्तिको कर बक्यौता असुल उपर हुन नसकेमा पनि यस खण्ड बमोजिम कर बक्यौता रहेको व्यक्ति उपर मुद्दा दायर गरी बक्यौता कर असुल उपर गर्ने कारबाही गर्नुपर्दछ ।

## २८.१२ किस्ताबन्दीमा बक्यौता कर असुली

कर बक्यौता रहेको कुनै व्यक्तिले विभागले मुद्दा चलाई आफ्नो बक्यौता कर असुल उपर गर्ने कारबाहीसुरु गर्नु अगावै आफ्नो बक्यौता कर किस्ताबन्दीमा बुझाउन पाउने गरी स्वीकृति दिन विभागसँग अनुरोध गरेमा सम्बन्धित कर अधिकृतले सो व्यक्तिको बक्यौता कर किस्ताबन्दीमा बुझाउन पाउने गरी स्विकृति दिनुपर्दछ । किस्ताबन्दीमा बक्यौता कर असुली सम्बन्धमा ऐनको दफा ११०क.मा देहायको व्यवस्था रहेको छ ।

**११०क.: दफा १११ बमोजिम मुद्दा चलाउनु अगावै कुनै व्यक्तिले तिर्ने बक्यौता रकम किस्ताबन्दीमा तिर्न लिखित अनुरोध गरेमा कर अधिकृतले मनासिव म्याद दिई किस्ताबन्दीमा तिर्न स्वीकृति दिन सक्नेछ ।**

कर बक्यौता रहेको कुनै व्यक्तिले आफ्नो बक्यौता कर असुल उपर गर्न विभागले निजका विरुद्ध मुद्दा चलाउनु अगाडि आफ्नो बक्यौता कर किस्ताबन्दीमा बुझाउन पाउँ भनी विभागसमक्ष लिखित निवेदन दिन सक्तछ । त्यसरी कुनै व्यक्तिको निवेदन प्राप्त भएमा विभागले असुल गर्न बाँकी कर रकम र सो व्यक्तिको वित्तीय अवस्था समेत विचार गरी मनासिव माफिकको म्यादभित्र त्यस्तो बक्यौता कर दाखिला गर्न सो व्यक्तिलाई अनुमति दिन सक्तछ । विभागले कुनै व्यक्तिलाई त्यस्तो अनुमति दिएको अवस्थामा बक्यौता कर बुझाउन दिएको म्याद समाप्त नभएसम्म सो व्यक्ति उपर विभागले निजको बक्यौता कर असुल उपर गर्न मुद्दा चलाउन सक्तैन । तर उक्त म्यादभित्र कर बक्यौता राख्ने व्यक्तिले बक्यौता कर

नबुझाएमा सो व्यक्ति उपर परिच्छेद २० को व्यवस्था अनुसार कारबाही गर्न विभाग स्वतन्त्र हुन्छ ।

### २८.१३ कर बक्यौता रहेको व्यक्तिलाई विदेश जान प्रतिबन्ध लगाउन सकिने

कर बक्यौता रहेको व्यक्तिलाई विदेश जान प्रतिबन्धलगाउन सकिने सम्बन्धमा ऐनको दफा १०६ मा निम्न व्यवस्था छ ।

**१०६(१): कुनै व्यक्तिले कर दाखिला गर्नुपर्ने मितिभित्र कर दाखिला नगरेमाविभागले त्यस्तो व्यक्तिलाई कर दाखिला गर्न सूचना दिएको समय भुक्तानी भएको मितिदेखि ७२ घण्टासम्मका लागि नेपाल सरकारको सम्बन्धित कार्यालयलाई लिखित सूचना दिई सो व्यक्तिलाई देशबाट बाहिर जानबाट रोक्ने आदेश दिन सक्नेछ ।**

**१०६(२): उपदफा (१) मा उल्लिखित समयावधिमा थप गर्नुपर्ने भएमा विभागले सम्बन्धित उच्च अदालतको पूर्व स्वीकृति लिनु पर्नेछ ।**

**१०६(३): उपदफा (१) बमोजिमको व्यक्तिले कर दाखिला गरेमा वा कर दाखिला गर्ने सम्बन्धमा सन्तोषजनक व्यवस्था गरेको विभागलाई लागेमा उपदफा (१) बमोजिम सम्बन्धित कार्यालयलाई सूचना दिई त्यस्तो आदेश फिर्ता लिन सक्नेछ ।**

ऐनको उक्त व्यवस्था अनुसार कर बक्यौता रहेको कुनै व्यक्तिले बाँकी कर तिर्न अटेर गरेमा वा विभागले आवश्यक सम्झेको अवस्थामा विभागले त्यस्तो व्यक्तिलाई विदेश जान प्रतिबन्ध लगाउन सक्तछ । त्यस्तो प्रतिबन्ध बहत्तर घण्टासम्मको लागि विभाग स्वयंले लगाउन सक्तछ भने सो भन्दा बढी अवधिको लागि कुनै व्यक्तिलाई विदेश जानमा प्रतिबन्ध लगाउनुपर्ने भएमा सम्बन्धित उच्च अदालतको पूर्व स्वीकृति लिनुपर्दछ । कर बक्यौता रहेको कुनै व्यक्तिलाई बाँकी कर तिर्न बाध्य गर्न सो व्यक्तिलाई विदेश जान प्रतिबन्ध लगाउन सकिन्छ । सामान्यतयाः कर बक्यौता रहेको कुनै व्यक्तिले बक्यौता कर तिर्न आलटाल गरेमा वा अटेर गरेमा वा कुनै कर बक्यौता रहेको व्यक्ति विदेश पलायन हुने सम्भावना रहेको विभागलाई लागेमा विभागले सो व्यक्तिलाई उपर्युक्त बमोजिम विदेश जानमा प्रतिबन्ध लगाउन सक्तछ । कुनै व्यक्तिलाई त्यस्तो प्रतिबन्ध लगाइएमा विभागले सो व्यक्तिलाई विदेश जान नदिने प्रबन्ध गरिदिन नेपाल सरकारको गृह मन्त्रालय, अध्यागमन विभाग र सीमावर्ती सुरक्षा निकायलाई लिखित जानकारी गराउनु पर्दछ । विभागबाट त्यस्तो अनुरोध प्राप्त भएमा गृह मन्त्रालयले सो व्यक्तिको राहदानी जफत गरिदिनु पर्दछ भने अध्यागमन विभाग र सीमावर्ती सुरक्षा निकायले त्यस्तो व्यक्तिलाई विदेश जानबाट रोक्नुपर्दछ ।

### २८.१४ बक्यौता कर मिन्हा

सबै कर बक्यौता असुल नहुन सक्छन् । कर बक्यौता रहेका कतिपय व्यक्तिले चाहँदाचाहँदै पनि कर तिर्ने क्षमताको अभावमा कर नतिर्न सक्छन । त्यस्तै कतिपय बक्यौता असुल हुने सम्भावना रहँदैन । असुल हुने अवस्था नरहेका यस्ता कर बक्यौता वर्षेनी जिम्मेवारी सारी बक्यौता लगत र बक्यौता रकम ठूलो बनाउनुले सरकारको राजस्व प्राप्तिमा प्रतिकूलता आउँछ । तसर्थ कुनै पनि तरिकाबाट असुल हुन नसक्ने ठहरेका कर बक्यौता सरकारले मिन्हा गर्नु उपयुक्त हुन्छ । सोही कारणले ऐनले कुनै बक्यौता कर असुल हुन नसक्ने अवस्था भएमा सरकारले त्यस्तो कर मिन्हा गर्नसक्ने व्यवस्था गरेको छ । मिन्हाका सम्बन्धमा ऐनको दफा ११२ मा देहायको व्यवस्था रहेको छ ।

**११२(१): कुनै व्यक्तिले बुझाउनुपर्ने कर असुलउपर गर्न नसकिने भएमा नेपाल सरकारले त्यस्तो कर आंशिक वा पूर्णरूपमामिनाहा दिन सक्नेछ ।**

**११२(२): उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले परिच्छेद-२२ बमोजिम लगाइएको शुल्क तथा ब्याज पूरै वा आंशिक रूपमा मिनाहा दिन सक्नेछ ।**

ऐनको उपर्युक्त व्यवस्था अनुसार कर बक्यौता रहेको कुनै व्यक्तिको बक्यौता कर असुलउपर हुन नसक्ने भएमा सो व्यक्तिको तिर्न बाँकी कर वा कुनै व्यक्तिलाई ऐन बमोजिम लगाइएको शुल्क वा ब्याज आंशिक वा पूर्ण रूपमा मिनाहा दिने अधिकार नेपाल सरकारलाई छ । यहि प्रयोजनका लागि सरकारले समय समयमा कर बक्यौताको छानबिन गरी मिन्हा गर्नुपर्ने बक्यौता पहिचान गर्न र त्यस्ता बक्यौता मिन्हा गर्ने सिफारिश गर्न उच्चस्तरीय बक्यौता फछर्यौट आयोग वा समिति गठन गरी त्यस्तासमितिको सिफारिशमा बक्यौता मिनाहा गर्दै आएको छ। नेपाल सरकार वा त्यस्ता समितिले कर बक्यौता राख्ने व्यक्ति, बक्यौता रकम र सो बक्यौता असुल हुनसक्ने वा नसक्ने अवस्थाका बारेमा कुनै विवरण वा जानकारी माग गरेमा त्यस्तो विवरण वा जानकारी उपलब्ध गराउनु विभाग र सम्बन्धित कार्यालयको दायित्व हुन्छ।

### २८.१५ बढी दाखिला गरेको कर मिलान वा फिर्ता

कुनै व्यक्तिको विभिन्न स्वरूपमा कर दाखिला भएको हुनसक्छ। कुनै व्यक्तिले कुनै भुक्तानी प्राप्त गर्दा कर कट्टी भएको र सो रकम दाखिला भएको भए उक्त रकम निजले दाखिला गरेको कर मानिन्छ । कुनै व्यक्तिले किस्ताबन्दीमा कर दाखिला गरेको हुनसक्छ। त्यस्तै आय विवरणसाथ कसैले कर दाखिला गरेको हुनसक्छ । कुनै व्यक्तिले विभागले गरेको संशय कर निर्धारण वा संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण अनुसार कर दाखिला गरेको हुन सक्तछ । देहायका अवस्थामध्ये कुनै एक वा सोभन्दा बढी अवस्थामा कुनै व्यक्तिले कुनै आय वर्षको लागि दाखिला गरेको कर सो व्यक्तिले सो आय वर्षको लागि दाखिला गर्नुपर्ने कर भन्दा बढी हुनसक्तछ ।

#### क) कर कट्टी हुनु नपर्ने भुक्तानीमा कर कट्टी भएमा वा बढी दरमा कर कट्टी भएमा

कुनै व्यक्तिले कुनै आय वर्षमा प्राप्त गरेको करकट्टी हुनु नपर्ने कुनै भुक्तानीमा कर कट्टी भई दाखिला भएमा वा कुनै भुक्तानीमा तोकिएको दर भन्दा बढी दरमा कर कट्टी भएमा सो व्यक्तिले दाखिला गरेको कर निजले दाखिला गर्नुपर्ने करभन्दा बढी हुन सक्तछ ।

> उदाहरण २८.१५.१ः मानौं, उत्तम प्रसाद मू.अ.कर समेतमा दर्ता रहेका लेखा व्यवसायी हुन् । उनले आ.व.२०७५।७६ मा सो व्यवसायबाट रु.५,००,०००/-आय आर्जन गरेका छन् र ति सबै भुक्तानी प्राप्त गर्दा सबै भुक्तानीकर्ताले १.५ प्रतिशतको सट्टा १५ प्रतिशतका दरले कर कट्टी गरिदिएका रहेछन् । यस्तो अवस्थामा उनले आफ्नो कर निर्धारण अनुसार तिर्नुपर्ने कर भन्दा निजको कर कट्टी भई दाखिला भएको कर बढी हुन सक्तछ र यसरी बढी कट्टी भएको रकम निजले फिर्ता पाउन सक्दछन् ।

#### ख) कर छुट पाएको व्यक्तिको कर कट्टी भएमा

कर छुट पाएको कुनै व्यक्तिले कुनै आय वर्षमा आफ्नो उद्देश्य अनुसार गरेको कुनै कार्य बापत प्राप्त गरेको कुनै भुक्तानीमा कर कट्टी भई दाखिला भएमा र सो व्यक्तिको कर लाग्ने कुनै आय नरहेमा सो व्यक्तिले दाखिला गरेको कर निजले दाखिला गर्नुपर्ने करभन्दा बढी हुन्छ किनकि यस्तो अवस्थामा त्यस्तो व्यक्तिले कुनै कर दाखिला गर्नुपर्ने हुँदैन ।

> उदाहरण २८.१५.२ः मानौं, सीप विकास केन्द्र सीपमूलक तालिम दिने कर छुट प्राप्त गैर सरकारी संस्था हो । आ.व.२०७५।७६ मा यस संस्थाले अर्थ मन्त्रालयको आग्रह बमोजिम एवम् उक्त संस्थाको उद्देश्य बमोजिम एक सीपमूलक तालिम सञ्चालन गरेको थियो । यस बापत अर्थ मन्त्रालयले सम्झौताबमोजिम भुक्तानी गर्नुपर्ने रु.२,००,०००/-भुक्तानी गर्दा रु.३०,०००/- कर कट्टी गरी दाखिला गरिदियो । यस संस्थाले यस आ.व.मा आफ्नो उद्देश्य विपरितको कुनै कार्य नगरेको र कर तिर्नुपर्ने आय आर्जन नगरेको अवस्थामा यस संस्थाले रु.३०,०००/-बढी कर दाखिला गरेको ठहर्छ र त्यस्तो रकम फिर्ता दाबी गर्न सक्दछ ।

### ग) कुनै व्यक्तिले किस्तामा तिरेको अनुमानित करभन्दा कर निर्धारण बमोजिम तिर्नुपर्ने कर घटी भएमा

कुनै व्यक्तिले किस्तामा तिरेको अनुमानित करभन्दा कर निर्धारण बमोजिम तिर्नुपर्ने कर घटी भएमा निजले दाखिला गरेको कर तिर्नुपर्ने करभन्दा बढी हुन्छ ।

| |
|---|
| उदाहरण २८.१५.३: मानौं, एन्. एन्. कम्पनीले आ.व.२०७५।७६ मा आफनो आय रु.तीन करोड हुने अनुमान गरी अनुमानित कर रु.७५,००,०००/- किस्ताबन्दीमा दाखिला गरेको रहेछ । तर सो कम्पनीले आफ्नो कर निर्धारण गर्दा तिर्नुपर्ने कर रु.५०,००,०००/- मात्र हुन आयो । यस अवस्थामा सो कम्पनीले दाखिला गरेको कर सो कम्पनीले तिर्नुपर्ने करभन्दा बढी भएकोले त्यस्तो बढी दाखिला रकम फिर्ता दाबी गर्न सक्दछ । |

### घ) विभागले गरेको संशय, संशोधित वा पुनः संशोधित कर निर्धारण अनुसार कुनै व्यक्तिले तिरेको कर तिर्नु नपर्ने भएमा

विभागले कुनै व्यक्तिको संशय, संशोधित वा पुनः संशोधित कर निर्धारण गरी कुनै कर, शुल्क वा ब्याज तिर्नुपर्ने ठहराइ त्यस्तो कर रकम तिर्न आदेश दिएको र सो व्यक्तिले त्यस्तो आदेश अनुसारको पूरै वा आंशिक कर दाखिला गरेकोमा विभाग वा कुनै अदालतले सो व्यक्तिले सो आदेश बमोजिमको पूरै वा आंशिक कर तिर्नुनपर्ने ठहराएमा सो व्यक्तिले दाखिला गरेको करमध्ये विभाग वा कुनै अदालतले सो व्यक्तिले तिर्नुनपर्ने ठहराएको कर बराबरको रकम र सो करमा कुनै ब्याज तिरेको भए सो ब्याजको रकम निजले बढी दाखिला गरेको कर हुनसक्तछ ।

| |
|---|
| उदाहरण २८.१५.४: मानौं, एन्. एन्. कम्पनीले आ.व.२०७५।७६ मा आफ्नो कर निर्धारण गर्दा तिर्नुपर्ने कर रु.५०,००,०००/-निर्धारण गरी सो रकम दाखिला गरेको रहेछ । कार्यालयले सो कम्पनीको संशोधित कर निर्धारण गरी सो आय वर्षको लागि कर, शुल्क र ब्याज गरी थप रु.१२,००,०००/-कर तिर्न आदेश दियो । सो निर्णय कम्पनीलाई चित्त नबुझेको हुँदा कम्पनीले उक्त रकमको एक चौथाइ रकम रु.३,००,०००/-कर दाखिला गरी विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दियो । विभागले सो कम्पनीले कार्यालयले तिर्न आदेश दिएको थप करमध्ये रु.२,००,०००/-मात्र तिर्नुपर्ने ठहरायो । यस अवस्थामा उक्त कम्पनीले तिरेको रु.३,००,०००/-मा विभागले तिर्नुपर्ने ठहराएको रु.२,००,०००/-कटाइ बाँकी हुने रकम सो कम्पनीले बढी दाखिला गरेको कर हुन्छ र त्यस्तो बढी दाखिला रकम फिर्ता दाबी गर्न सक्दछ । |

### ङ) कुनै व्यक्तिले भूलले कर दाखिला गरेमा

कर तिर्नुपर्ने कर्तव्य भएको वा नभएको कुनै व्यक्तिले भूलवस दाखिला गर्नु नपर्ने रकम कर बापत दाखिला गरेमा निजले बढी कर दाखिला गरेको मानिन्छ ।

कुनै व्यक्तिले कुनै आय वर्षको लागि दाखिला गरेको कर सो व्यक्तिले सो आय वर्षको लागि दाखिला गर्नुपर्ने कर भन्दा घटी भएमा त्यसरी घटी भएको रकम निजबाट असुल उपर गर्नुपर्दछ भने कुनै व्यक्तिले कुनै आय वर्षको लागि दाखिला गरेको कर सो व्यक्तिले सो आय वर्षको लागि दाखिला गर्नुपर्ने कर भन्दा बढी भएमा त्यसरी बढी भएको रकम सो व्यक्तिले तिर्न बाँकी करमा मिलान गर्न वा निजको तिर्न बाँकी कर नभएमा सो रकम निजलाई फिर्ता गर्नुपर्दछ । बढी दाखिला भएको कर फिर्ता गर्ने र हिसाब मिलान गर्ने सम्बन्धमा ऐनको दफा ११३ ले निम्न व्यवस्था गरेको छ ।

**११३(१): कुनै व्यक्तिले आफूले दाखिला गर्नुपर्ने कर दायित्वभन्दा बढी हुने गरी कर बुझाएकोमा बढी दाखिला गरेको कर रकम निजले यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर रकमबाट घटाउन विभागले निर्देशन दिन सक्नेछ । यसरी घटाउँदा बढी हुन गएको जति रकम विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।**

**११३(२): कुनै व्यक्तिले दफा ११९ बमोजिम दाखिला गरेको ब्याजसँग सम्बन्धित कर दाखिला गर्न नपर्ने भएमा विभागले यस्तो ब्याज सो व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।**

कुनै व्यक्तिले दाखिला गरेको कर निजले दाखिला गर्नुपर्ने करभन्दा बढी भएमा सो कर रकम मिलान गर्ने वा फिर्ता लिन दिने ऐनको उपर्युक्त व्यवस्था अनुसार त्यस्तो रकम मिलान गर्ने वा फिर्ता लिने दिने सन्दर्भमा विभाग वा सम्बन्धित व्यक्तिले गर्नुपर्ने कार्य र अपनाउनुपर्ने प्रक्रिया देहाय बमोजिम रहेका छन् ।

### २८.१५.१ दाखिला गरेको र दाखिला गर्नुपर्ने करको हिसाब

कुनै व्यक्तिले दाखिला गरेको कर भन्नाले कुनै भुक्तानी प्राप्त गर्दा कर कट्टी भई दाखिला भएको कर रकम, निजले किस्ताबन्दीमा दाखिला गरेको कर रकम, निजले आय विवरण पेश गर्दा वा अन्य कुनै समयमा दाखिला गरेको कर, शुल्क र ब्याजको रकम र निजले विभागले गरेको संशय कर निर्धारण वा संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण अनुसार दाखिला गरेको कर, शुल्क र ब्याजको जम्मा रकमलाई जनाउँछ ।

उदाहरण २८.१५.५: मानौं, राम नारायण आफ्नै घरमा औषधि व्यापार गर्दछन् । उनले आ.२०७५।७६ मा५ करोड रुपैयाँको कारोबार गरेका रहेछन् र सो कारोबारबाट आफूलाई प्राप्त भएको आयमा ५ लाख रुपैयाँ कर निर्धारण गरी आय विवरण पेश गरे । सो आ.व.मा उनले किस्ताबन्दी करको रूपमा ५ लाख रुपैयाँ दाखिला गरे । उनले श्रीमतीका नाउँमा फाइनान्स कम्पनीमा मुद्दती खातामा १० लाख रुपैयाँ राखेका रहेछन् र हरेक वर्ष १० प्रतिशतका दरले ब्याज प्राप्त गर्दछन् । सो फाइनान्स कम्पनीले सो वर्षमा रु.१०,०००/-ब्याज मध्ये रु.५,०००/-कर कट्टी गरी दाखिला गरिदिएको र बाँकी रकम निजलाई भुक्तानी गरेको रहेछ । उनले सो वर्ष बीर अस्पताललाई १ करोड रुपैयाँको औषधि आपूर्ति गरेका रहेछन् र सो रकमको भुक्तानी गर्दा बीर अस्पतालले रु.१,५०,०००/-कर कट्टी गरी दाखिला गरिदिएको रहेछ । यस वर्षमा राम नारायणले दम्पती छनौट गरेका रहेछन् । यस अवस्थामा राम नारायणले दाखिला गरेको कर देहाय बमोजिम हुन्छ ।

| | |
|---|---|
| किस्ताबन्दीमा दाखिला गरेको कर | रु.५,००,०००/- |
| बीर अस्पतालले कर कट्टी गरी दाखिला गरिदिएको कर | रु.१,५०,०००/- |
| बैंक ब्याजमा कट्टी गरी दाखिला गरेको कर | रु.५,०००/- |
| दाखिला भएको जम्मा कर | रु.६,५५,०००/- |

त्यस्तै पूर्वानुमानित कर तिर्ने वा तिर्नुपर्ने व्यक्तिबाहेक अन्य कुनै व्यक्तिले तिर्नुपर्ने कर भन्नाले निजले कुनै आय वर्षको आय विवरण पेश गरी कर निर्धारण गरे अनुसार बुझाउनुपर्ने कर, शुल्क र ब्याजको रकम, सो व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश नगरेको अवस्थामा कर निर्धारण गरेको मानिने कर रकम, निजको हकमा कार्यालयले गरेको कुनै आय वर्षको संशय कर निर्धारण वा संशोधित कर निर्धारण वा पुनः संशोधित कर निर्धारण अनुसार थप भएको कर, शुल्क र ब्याजको रकम र निजले कुनै आय वर्षमा कुनै व्यक्तिलाई कुनै भुक्तानी दिँदा कर कट्टी गरेको वा गर्नुपर्ने कर समयमा दाखिला नगरेमा सो कर रकम र सो बापत लाग्ने शुल्क र ब्याजको रकमलाई जनाउँछ ।

उदाहरण २८.१५.६: मानौं, उदाहरण २८.१५.५ मा उल्लिखित राम नारायणको कार्यालयले संशोधित कर निर्धारण गरी निजले आ.व.२०७५।७६ को लागि तिर्नुपर्ने जम्मा कर, शुल्क र ब्याज रु.६,००,०००/- कायम गरिदिएको रहेछ । यस अवस्थामा राम नारायणले दाखिला गर्नुपर्ने कर रु.६,००,०००/- हुन्छ ।

कुनै व्यक्तिले बढी कर दाखिला गरे नगरेको यकिन गर्न सो व्यक्तिले कर दाखिला गरेका प्रमाणको परीक्षण गरी सो व्यक्तिले दाखिला गरेको कर यकिन गर्नुपर्दछ । सो व्यक्तिले जुन आय वर्षको कर दाखिला गरेको हो सो वर्षको निजको दाखिला गर्नुपर्ने जम्मा कर यकिन गर्ने र निजले

दाखिला गर्नुपर्ने भन्दा बढी कर दाखिला गरे नगरेको यकिन गर्ने कार्य गर्नुपर्दछ । उपर्युक्त अनुसार हिसाब गर्दा सो व्यक्तिले बढी कर दाखिला गरेको देखिएमा बढी भएको हदसम्मको रकम निजले तिर्न बाँकी करमा मिलान गर्न निर्देशन दिने वा फिर्ता गर्ने प्रक्रिया प्रारम्भ गर्नुपर्दछ ।

### २८.१५.२ कर मिलान

कुनै व्यक्तिले दाखिला गर्नुपर्ने कर भन्दा बढी कर दाखिला गरेको र सो व्यक्तिले ऐन बमोजिम कुनै कर तिर्न बाँकी रहेको अवस्थामा सो व्यक्तिले बढी दाखिला गरेको कर निजले ऐन बमोजिम तिर्नुपर्ने वा तिर्न बाँकी अन्य कुनै करमा मिलान गर्न विभागले सो व्यक्तिलाई निर्देशन दिन सक्तछ । यस्तो निर्देशन विभागले त्यस्तो व्यक्तिको आग्रहको आधारमा वा स्वयं दिन सक्तछ ।

उदाहरण २८.१५.७: मानौं, एन्. एन्. कम्पनीले आ.व.२०७५।७६ मा आफ्नो कर निर्धारण गर्दा तिर्नुपर्ने कर रु.५०,००,०००/- निर्धारण गरी सो रकम दाखिला गरेको रहेछ । कार्यालयले सो कम्पनीको संशोधित कर निर्धारण गरी सो आय वर्षको लागि कर, शुल्क र ब्याज गरी थप रु.१२,००,०००/-कर तिर्न आदेश दिएको रहेछ । सो निर्णय कम्पनीलाई चित्त नबुझेको हुँदा कम्पनीले उक्त रकमको एक चौथाई रकम रु.३,००,०००/-कर दाखिला गरी विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको रहेछ । विभागले सो कम्पनीले कार्यालयले तिर्न आदेश दिएको थप करमध्ये रु.२,००,०००/-मात्र तिर्नुपर्ने ठहराएको रहेछ । उक्त कम्पनीले तिरेको रु.३,००,०००/-मा विभागले तिर्नुपर्ने ठहराएको रु.२,००,०००/- कटाइ बाँकी हुने रकम सो कम्पनीले बढी दाखिला गरेको कर हो । उपर्युक्त निर्णयको आधारमा कम्पनीले उक्त रु.१,००,०००/- फिर्ता पाउन निवेदन दिएको रहेछ । तर सो कम्पनीको आ.व. २०७४।७५ को संशोधित कर निर्धारण अनुसार तिर्नुपर्ने कर रकम रु.१,००,०००/-सो कम्पनीले तिर्न बाँकी रहेको छ । यस अवस्थामा विभागले सो कम्पनीले आ.व.२०७५।७६ मा बढी दाखिला गरेको कररु.१,००,०००/-आ.व.२०७४।७५ को तिर्न बाँकी करमा मिलान गर्न निर्देशन दिन सक्तछ ।

### २८.१५.३ कर फिर्ता लिन निवेदन दिनुपर्ने

कुनै व्यक्तिले कुनै आय वर्षमा तिरेको कर तिर्नुपर्ने करभन्दा बढी भएमा र त्यसरी बढी भएको रकम सो व्यक्तिले तिर्न बाँकी कर रहेको भए सो करमा मिलान गरेपछि पनि कुनै रकम बाँकी रहन गएमा त्यस्तो बाँकी रकम फिर्ता पाउन सो व्यक्तिले विभागसमक्ष ( सम्बन्धित कार्यालयमा) निवेदन दिनुपर्दछ । त्यस्तो व्यक्तिले कर फिर्ता पाउँन निवेदन दिनुपर्ने समयका सम्बन्धमा ऐनको दफा ११३ को उपदफा (४) ले देहायको व्यवस्था गरेकोछ ।

**११३(४): उपदफा (३) बमोजिम निवेदन दिने व्यक्तिले त्यस्तो निवेदन देहायको मितिमध्ये पछिल्लो मितिबाट दुई वर्षभित्र दिनु पर्नेछ । सो म्यादभित्र निवेदन नदिएमा उपदफा (१) बमोजिमको रकम फिर्ता हुने छैन :-**

**(क) बढी रकम दाखिला गरेको कारण उत्पत्ति भएको आय वर्षको समाप्ति भएको मिति,**

**(ख) बढी रकम दाखिला गरिएको मिति, वा**

**(ग) मुद्दा फैसला भएको मिति ।**

त्यस्तै कर रकम फिर्ता माग गर्ने कार्यविधिका सम्बन्धमा नियमावलीको नियम ३६ ले निम्न अनुसारको व्यवस्था गरेको छ ।

*३६. ऐनको दफा ११३ को उपदफा (३) बमोजिम रकम फिर्ता पाउन माग गर्दा विभागले तोकेको ढाँचामा फिर्ता माग गरिएको रकम बढी भएको पुष्ट्याई गर्ने कागजात र*

*विभागले तोकेका अन्य कागजातहरु समेत संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ*

ऐन र नियमावलीको उपर्युक्त व्यवस्था अनुसार कुनै आय वर्षमा बढी कर दाखिला गरेको व्यक्तिले त्यस्तो रकम फिर्ता लिन विभागले तोकेको ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्दछ । निवेदनसाथ बढी कर दाखिला गरेको र आयकर बापतको विवादित वा अविवादित कुनै पनि प्रकारको कर रकम तिर्न बाँकी नरहेको प्रमाण संलग्न राख्नुपर्दछ । ऐनको उपर्युक्त व्यवस्था अनुसार कुनै आय वर्षमा कुनै व्यक्तिले बढी कर दाखिला गरेको भए त्यसरी बढी दाखिला गरेको कर निम्नानुसारको मितिमध्ये जुन पछिल्लो हुन्छ सो मितिसम्ममा फिर्ता पाउन निवेदन दिइसक्नु पर्दछ ।

**क) कुनै व्यक्तिले कुनै वर्षमा बढी कर दाखिला गरेको भए त्यस्तो कर दाखिला गरेको मितिले दुई वर्षभित्रमा सो रकम फिर्ता पाउन निवेदन दिनुपर्दछ ।**

उदाहरण २८.१५.८: मानौं, एन्. एन्. कम्पनीले आ.व.२०७५।७६ मा आफनो आय रु.३ करोड हुने अनुमान गरी अनुमानित कर रु.७५,००,०००/-किस्ताबन्दीमा दाखिला गरेको रहेछ । सो कम्पनीले पहिलो किस्ता बापत २०७५ पौष मसान्तमा रु.३० लाख, दोश्रो किस्ता बापत २०७५ चैत्र मसान्तमा रु.२५ लाख र तेश्रो किस्ता बापत २०७६ आषाढ २० गते रु.२० लाख दाखिला गरेको छ । तर सो कम्पनीले आफ्नो कर निर्धारण गर्दा तिर्नुपर्ने कर रु.५०,००,०००/-मात्र हुन आयो । कार्यालयले सो कम्पनीको संशोधित कर निर्धारण गर्दा थप रु.५ लाख कर दायित्व कायम हुन आयो र कम्पनीले सो कर निर्धारण उपर विभागमा कुनै निवेदन दिएन र कम्पनीले कर बापत बुझाउन बाँकी कुनै रकम रहेको अवस्थामा सो कम्पनीले दाखिला गरेको करमध्ये रु.२० लाख सो कम्पनीले दाखिला गरेको बढी कर हुन्छ र कम्पनीले सो रकम फिर्ता पाउन निवेदन दिन सक्तछ । यस कम्पनीले दोस्रो किस्तासम्ममा बुझाएको कर सो कम्पनीको तिर्नुपर्ने कर बराबर भएको हुँदा सो कम्पनीले २०७६आषाढ २० गते बुझाएको रु.२० लाख निजले बढी दाखिला गरेको कर मानिन्छ र सो रकम फिर्ता पाउन कम्पनीले २०७८आषाढ १९ गतेभित्र निवेदन दिइसक्नु पर्दछ ।

**ख) कुनै व्यक्तिले कुनै अदालतको आदेश वा फैसला बमोजिम निजले दाखिला गरेको कुनै कर रकम फिर्ता पाउने भएमा अदालतबाट त्यस्तो फैसला भएको मितिले दुई वर्षभित्रमा सो रकम फिर्ता पाउन निवेदन दिनुपर्दछ ।**

उदाहरण २८.१५.९: मानौं, एन्. एन्. कम्पनीले आ.व.२०७४।७५ मा आफ्नो कर निर्धारण गर्दा तिर्नुपर्ने कर रु.५०,००,०००।-निर्धारण गरी सो रकम दाखिला गरेको रहेछ । कार्यालयले सो कम्पनीको मिति २०७६।४।१० मा संशोधित कर निर्धारण गरी सो आय वर्षको लागि कर, शुल्क र ब्याज गरी थप रु.१२,००,०००/-कर तिर्न आदेश दियो । सो निर्णय कम्पनीलाई चित्त नबुझेको हुँदा कम्पनीले उक्त रकमको एक चौथाई रकम रु.३,००,०००/- कर दाखिला गरी विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दियो । विभागले मिति २०७६।७५ मा सो कम्पनीले कार्यालयले तिर्न आदेश दिएको थप करमध्ये रु.२,००,०००/-मात्र तिर्नुपर्ने ठहरायो । उक्त कम्पनीले तिरेकोरु.३,००,०००/-मा विभागले तिर्नुपर्ने ठहराएको रु.२,००,०००/-कटाई बाँकी हुने रकम सो कम्पनीले बढी दाखिला गरेको कर हो । सो कम्पनीले कुनै कर तिर्न बाँकी रहेको छैन । यस अवस्थामा उपर्युक्त निर्णयको आधारमा कम्पनीले उक्त रु.१,००,०००/-रूपैया फिर्ता पाउन मिति २०७८।७४ भित्रमा निवेदन दिइसक्नुपर्दछ ।

**ग) उपरोक्त बाहेक अन्य कारणले कुनै व्यक्तिले दाखिला गरेको कर बढी हुन गएमा त्यस्तो बढी हुनाको कारण सिर्जनाभएको मितिले दुई वर्ष भित्रमा सो रकम फिर्ता पाउन निवेदन दिनुपर्दछ ।**

उदाहरण २८.१५.१०: मानौं,सीप विकास केन्द्र सीपमूलक तालिम दिने कर छुट प्राप्त गैर सरकारी संस्था हो । आ.व.२०७६।७७ मा यस संस्थाले अर्थ मन्त्रालयको आग्रह बमोजिम र आफ्नो उद्देश्य बमोजिम एक तालिम सञ्चालन गरेको थियो । यस बापत अर्थ मन्त्रालयले सम्झौताबमोजिम भुक्तानी गर्नुपर्ने रु.२,००,०००/-मिति २०७६।८।१० मा भुक्तानी गर्दा रु.३०,०००/-कर कट्टी गरी दाखिला गरिदियो । यस संस्थाले यस आ.व.मा आफ्नो उद्देश्य विपरितको कुनै कार्य नगरेको र कर तिर्नुपर्ने आय आर्जन नगरेको अवस्थामा यस संस्थाको मिति २०७६।८।१० मा बढी कर दाखिला भएको कारण सिर्जनाभएको मानिन्छ र सो रकम फिर्ता पाउन सो संस्थाले मिति२०७८।८।९ गतेभित्रमा निवेदन दिइसक्नु पर्दछ ।

बढी कर दाखिला गरेको कुनै व्यक्तिले उपर्युक्त समय वा मितिभित्र त्यस्तो बढी भएको कर रकम फिर्ता पाउन लिखित निवेदन नदिएमा सो व्यक्तिको त्यस्तो बढी भएको कर रकम फिर्ता हुन सक्तैन ।

### २८.१५.४ कर फिर्ता

कुनै व्यक्तिले कुनै आय वर्षमा तिरेको कर तिर्नुपर्ने करभन्दा बढी भएमा र त्यसरी बढी भएको रकम सो व्यक्तिले तिर्न बाँकी करमा मिलान गरेपछि पनि बाँकी रहन गएमा त्यस्तो बाँकी रकम फिर्ता पाउन सो व्यक्तिले उपर्युक्त उल्लिखित समयभित्र निवेदन दिएमा त्यस्तो बढी भएको कर रकम सो व्यक्तिलाई फिर्ता गर्नुपर्दछ । यस सम्बन्धमा ऐनको दफा ११३ को उपदफा (३) र (५) ले देहायको व्यवस्था गरेको छ ।

११३(३): **कुनै व्यक्तिले उपदफा (१) बमोजिम रकम फिर्ता पाउन तोकिए बमोजिम विभागमा निवेदन दिएमा विभागले निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो रकम फिर्ता गर्नु पर्नेछ ।**

११३(५): **उपदफा (३) बमोजिम परेको निवेदनका सम्बन्धमा विभागले गरेको निर्णयको लिखित सूचना विभागले सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।**

कुनै व्यक्तिले यस्तो निवेदन दिएमा र निजले बढी कर दाखिला गरेको प्रमाणित भएमा त्यस्तो व्यक्तिले निवेदन दिएको साठी दिनभित्र निजले बढी दाखिला गरेको कर बराबरको रकम कार्यालयले फिर्ता दिनु पर्दछ । कुनै व्यक्तिले बढी दाखिला गरेको कर फिर्ता गर्ने वा त्यस्तो कर फिर्ता गर्न नमिल्ने जेजस्तो निर्णय भएपनि कार्यालयले उक्त व्यक्तिलाई आफ्नो निर्णयको जानकारी लिखित रूपमा दिनुपर्दछ ।

आयकर ऐन,२०५८ को दफा ११३ र आयकर नियमावली,२०५९ को नियम ३६ बमोजिमको आयकर फिर्ता सम्बन्धी प्रकृयालाई सरलीकरण गरी एकरुपता कायम गर्न देहाय बमोजिम गर्नु पर्नेछः

१. कुनै व्यक्तिले दाखिला गर्नु पर्ने कर दायित्व भन्दा बढी हुने गरी कर बुझाएकोमा बढी दाखिला गरेको कर रकम निजले आयकर ऐन,२०५८ बमोजिम दाखिला गर्नु पर्ने कर रकमबाट घटाउने। यसरी घटाउदा बढी हुन आएको जति रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने।

२. कुनै व्यक्ति वा करदाताले बढी दाखिला भएको आयकर फिर्ता माग गर्ने निवेदनको ढाँचा अनुसूची १२ बमोजिम हुनु पर्ने।

३. कुनै व्यक्ति वा करदाताले बढी दाखिला भएको आयकर फिर्ता माग गर्दा आयकर नियमावली,२०५९ को नियम ३६ बमोजिम फिर्ता माग गरिएको रकम बढी भएको पुष्ट्याई गर्ने कागजात सहित उल्लेखित ढाँचामा सम्बन्धित कार्यालयमा निवेदन दिने। करदाता सेवा कार्यालयमा आयकर फिर्ताका लागि निवेदन परेको भए उक्त कार्यालयले सो निवेदन सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा ७ दिन भित्र पठाउनुपर्ने।

४. कुनै व्यक्ति वा करदाताको आयकर फिर्ता निवेदन प्राप्त भए पछि सम्बन्धित ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा आन्तरिक राजस्व कार्यालयले उक्त करदाताको कारोबारको पूर्ण कर परीक्षण वा TDS Audit मात्र गर्नुपर्ने अवस्था भए सो गरी आयकर फिर्ता सम्बन्धी निर्णय गरी रकम निकासाको लागि विभागमा लेखी पठाउने।

५. कार्यालयले आयकर फिर्ता निर्णय गर्दा र आयकर फिर्ता निर्णय गरी विभागमा रकम निकासा माग गर्दा देहायका विवरणहरु समेत खुलाउनुपर्ने।

- करदाताको नाम,
- करदाताको स्थायी लेखा नम्बर,
- करदाताको ठेगाना,
- करदाताबाट आयकर फिर्ता निवेदन प्राप्त मिति,
- करदाताबाट आयकर फिर्ता दाबी रकम,
- आयकर ऐन,२०५८ को दफा ११३ को उपदफा ४ बमोजिमको म्यादभित्र करदाताबाट फिर्ता निवेदन प्राप्त भएको अवस्था खुलाउनुपर्ने,
- करदाताको पूर्ण कर परीक्षण प्रतिवेदन वा TDS Audit प्रतिवेदन स्वीकृत भएको मिति खुलाउनुपर्ने,
- करदाताको कुनै कर बक्यौता नभएको अवस्था उल्लेख गर्नुपर्ने,
- करदाताले सम्बन्धित आ.व. मा दाखिला गरेको कुल कर रकम, दाखिला गर्नुपर्ने कुल कर रकम र निजको बढी दाखिला भएको कर रकम खुलाउनुपर्ने,
- आयकर ऐन,२०५८ को दफा १०२ बमोजिम जारी भएको कर निर्धारणको सूचनामा अगामी आ.व.मा मिलान गर्ने सूचित गरिएको बढी दाखिला कर रकम खुलाउनु पर्ने,
- करदातालाई फिर्ता दिन निकासा माग गरिएको रकम उल्लेख गर्नुपर्ने।

६. आयकर फिर्ताका लागि निवेदन दिने व्यक्तिले आयकर ऐन,२०५८ को दफा ११३ को उपदफा ४ बमोजिमको म्याद भित्र निवेदन दिएको हुनु पर्ने।

७. बढी दाखिला भएको आयकर रकम फिर्ता गर्दा आयकर ऐन,२०५८ को दफा ११३ (३) बमोजिम निवेदन परेको मितिले ६० दिनभित्र फिर्ता गर्नुपर्ने।

८. आयकर फिर्ता माग रकम र फिर्ता दाबी स्वीकृत भई करदातालाई फिर्ता गरिएको रकमको अभिलेख जनिने गरी विभागको कम्प्युटर सूचना प्रणाली (ITS)मा व्यवस्था गर्नु पर्ने।

९. कर फिर्ताको मासिक प्रतिवेदन विभागको कर फिर्ता शाखामा पठाउनुपर्ने।

### २८.१५.५ ब्याज दिनुपर्ने

कुनै व्यक्तिले बढी दाखिला गरेको कर सो व्यक्तिलाई फिर्ता हुने भएमा त्यस्तो रकममा ब्याज समेत दिनुपर्दछ। यस सम्बन्धमा ऐनको दफा ११३ को उपदफा (६) ले देहायको व्यवस्था गरेको छ।

**११३(६): अदालतको आदेशले वा अन्य कारणबाट विभागले करको कुनै रकम कुनै व्यक्तिलाई फिर्ता दिँदा विभागले देहाय बमोजिमको अवधिको सामान्य दर बमोजिमको ब्याज समेत त्यस्तो व्यक्तिलाई दिनु पर्नेछ :-**

**(क) त्यस्तो कर फिर्ता दफा ९३, ९४ वा १०० बमोजिम कुनै व्यक्तिलाई कुनै आय वर्षमा उपलब्ध भएको अधिक कर मिलानसँग सम्बन्धित भएमा दफा ९६ बमोजिम आय विवरण पेश गर्नुपर्ने मितिदेखि कर फिर्ता दिएको मितिसम्मको अवधि, र**

(ख) अन्य कुनै अवस्थामा त्यस्तो व्यक्तिले फिर्ता हुने कर बुझाएको मितिदेखि फिर्ता दिएको मितिसम्मको अवधि ।

ऐनको उपर्युक्त व्यवस्था बमोजिम कुनै व्यक्तिलाई निजले दाखिला गरेको बढी कर फिर्ता गर्दा सो रकममा सामान्य ब्याजदर अर्थात वार्षिक १५ प्रतिशतका दरले हुन आउने ब्याजको रकमसमेत भुक्तानी दिनुपर्दछ । कुनै व्यक्तिलाई जुनसुकै कारणले निजले दाखिला गरेको बढी कर फिर्ता गर्दा सो रकमको ब्याज समेत भुक्तानी दिनु पर्दछ । यसरी ब्याज भुक्तान गर्दा देहाय बमोजिमको रकमको लागि देहाय बमोजिमको अवधिको ब्याज भुक्तान गर्नुपर्दछ ।

**क) कुनै व्यक्तिको फिर्ता दिनुपर्ने कर रकम जुन आय वर्षको आय बापत कर कट्टी भएको हो सो आय वर्षको आय विवरण पेश गर्नुपर्ने मितिदेखि त्यस्तो कर फिर्ता दिएको मितिसम्मको अवधिको लागि हुने ब्याज दिनुपर्दछ ।**

उदाहरण २८.१५.११: मानौं, राम नारायण आफ्नै घरमा औषधि व्यापार गर्दा रहेछन् । उनले आ.व.२०७४।७५ मा ५ करोड रुपैयाँको कारोबारगरेका रहेछन् । सो कारोबारबाट आफूलाई प्राप्त भएको आयमा ५ लाख रुपैयाँ कर तिर्नुपर्ने देखाइ आय विवरण पेश गरेका रहेछन् । उनले २०७४ पौष महिनामा रु.५ लाख करको किस्ता दाखिला गरेका रहेछन् । उनले सो वर्ष बीर अस्पताललाई १ करोड रुपैयाँको औषधि आपूर्ति गरेका छन् र सो रकमको भुक्तानी गर्दा बीर अस्पतालले मिति २०७४।१०।५ मा रु.१,५०,०००/-कर कट्टी गरी दाखिला गरिदिएको रहेछ । सो वर्षको आय विवरणमा राम नारायणको संशोधित कर निर्धारण भएको रहेनछ । यस अवस्थामा राम नारायणले दाखिला गरेको करमध्ये रु.१,५०,०००/- निजले बढी दाखिला गरेको देखिन्छ । राम नारायणले उक्त कर फिर्ता पाउन मिति २०७६।५।४ मा निवेदन दिएका रहेछन् । सो रकम फिर्ता गर्ने निर्णय भएमा निजलाई मिति२०७५।७।१ देखि कर फिर्ता दिएको अवधिसम्मको लागि वार्षिक १५ प्रतिशतका दरले ब्याज समेत भुक्तान गर्नुपर्दछ ।

**ख) कुनै व्यक्तिको फिर्ता दिनुपर्ने कर रकम निजले दाखिला गरेको ऐनको दफा ९४ बमोजिमको करको किस्तामध्येको कर रकम रहेको भए जुन आय वर्षको लागि किस्ता दाखिला भएको हो सो आय वर्षको आय विवरण पेश गर्नुपर्ने मितिदेखि त्यस्तो कर फिर्ता दिएको मितिसम्मको अवधिको लागि हुने ब्याज दिनुपर्दछ ।**

उदाहरण २८.१५.१२: मानौं, एन्. एन्. कम्पनीले आ.व.२०७४।७५ मा आफनो आय रु.३ करोड हुने अनुमान गरी अनुमानित कर रु.७५,००,०००/- किस्ताबन्दीमा दाखिला गरेको रहेछ । सो कम्पनीले पहिलो किस्ता बापत२०७४ पौष मसान्तमा रु.३० लाख, दोश्रो किस्ता बापत२०७४ चैत्र मसान्तमा रु.२५ लाख र तेश्रो किस्ता बापत२०७५ आषाढ २० गते रु.२० लाख दाखिला गरेको रहेछ । तर सो कम्पनीले आफ्नो कर निर्धारण गर्दा तिर्नुपर्ने कर रु.५०,००,०००/-मात्र हुन आयो । कार्यालयले सो कम्पनीको संशोधित कर निर्धारण गर्दा थप रु.५ लाख कर दायित्व कायम हुन आएछ । कम्पनीले सो कर निर्धारण उपर विभागमा कुनै निवेदन दिएको रहेनछ र कम्पनीले कर बापत बुझाउन बाँकी कुनै रकम रहेनछ । यस अवस्थामा सो कम्पनीले दाखिला गरेको करमध्ये रु.२० लाख सो कम्पनीले दाखिला गरेको बढी कर हुन्छ र कम्पनीले सो रकम फिर्ता पाउन निवेदन दिन सक्दछ । यस कम्पनीले दोश्रो किस्तासम्ममा बुझाएको कर सो कम्पनीको तिर्नुपर्ने कर बराबर भएको हुँदा सो कम्पनीले २०७५ असार २० गते बुझाएको रु.२० लाख निजले बढी दाखिला गरेको कर मानिन्छ । सो रकम फिर्ता पाउन कम्पनीले २०७६ बैशाख १९ गतेका दिन निवेदन दिएको रहेछ । उक्त रकम फिर्ता पाउने ठहरेमा सो कम्पनीले बढी बुझाएको रु.२० लाख कर रकम बापत२०७५ कार्तिक १ गतेदेखिकर फिर्ता दिएको अवधिसम्मको लागि वार्षिक १५ प्रतिशतका दरले ब्याज समेत भुक्तान गर्नुपर्दछ ।

**ग) कुनै व्यक्तिको फिर्ता दिनुपर्ने कर रकम ऐनको दफा १०० बमोजिम विभागले गरेको संशय कर निर्धारण अनुसार निजले दाखिला गरेको करमध्येको कर रकम रहेको भए**

**जुन आय वर्षको लागि सो कर रकम दाखिला भएको हो सो आय वर्षको आय विवरण पेश गर्नुपर्ने मितिदेखि त्यस्तो कर फिर्ता दिएको मितिसम्मको अवधिको लागि हुने ब्याज दिनु पर्दछ ।**

| |
|---|
| उदाहरण २८.१५.१३:मानौं, राम नारायण कुनै विदेशी कम्पनीका एजेन्ट हुन् । उनले आय वर्ष २०७४।७५ को मंसिर महिनासम्ममा ५ करोड रुपैयाँको कारोबारगरे । उनले २०७४ पौष महिनाको ५ गते आफ्नो कारोबारछाडिदिए । तर निजले नत सो कुराको जानकारी कार्यालयलाई दिए नत पौष महिनामा कुनै कर दाखिला गरे । कुनै सुत्रबाट कार्यालयलाई निजले कर तिर्ने मनसाय नराखेको सूचना प्राप्त भयो । कार्यालयले निजसँग २०७४ पौष महिनासम्मको आय विवरण माग गरेपनि निजले आय विवरण पेश गरेनन् । कार्यालयले उनको रु.५ लाख कर संशय कर निर्धारण गर्ने गरी मिति २०७४ चैत्र २ गते निर्णय लियो । उनले सो निर्णय अनुसारको रकम दाखिला त गरे तर सो विरुद्ध विभागमा निवेदन दिए । विभागले उक्त कर निर्धारणमध्ये रु.२ लाख मात्र तिर्नुपर्ने गरी मिति २०७५।६।६ मा निर्णय दियो । यस अवस्थामा राम नारायणले दाखिला गरेको करमध्ये रु.३,००,०००/- निजले बढी दाखिला गरेको कर हुन्छ । राम नारायणले उक्त कर फिर्ता पाउन मिति २०७६।१०।४ मा निवेदन दिएमा र सो रकम फिर्ता गर्ने निर्णय भएमा निजलाई मिति २०७५।७।१ देखि कर फिर्ता दिएको अवधिसम्मको लागि वार्षिक १५ प्रतिशतका दरले ब्याज समेत भुक्तान गर्नु पर्दछ । |

### २८.१५.६ मिलान वा फिर्ता हुन नसक्ने कर

कुनै व्यक्तिले दाखिला गरेको वा मिलान गर्न पाउने करमध्ये केही कर तिर्नुपर्ने अन्य करमा मिलान गर्न वा फिर्ता दाबी गर्न नपाइने व्यवस्था ऐनले गरेको छ । मिलान गर्न वा फिर्ता दाबी गर्न नपाइने करमध्ये स्वीकृत औषधि उपचार खर्च बापत मिलान गर्न पाइने कर र बढी दाखिला गरेको वैदेशिक कर मिलान वा फिर्ता नहुने सम्बन्धमा ऐनको दफा ११३ को उपदफा (७) मा देहायको व्यवस्था रहेको छ ।

**११३(७): कुनै आय वर्षमा दफा ५१ वा ७१ बमोजिम दाबी गर्न सकिने कर कट्टी मिलान र त्यस्ता कर कट्टीलाई यस उपदफा बमोजिम हिसाब मिलान गर्न वा फिर्ता दिन सकिने छैन ।**

**तर, सो वर्षमा कर कट्टी मिलानलाई दफा ४ को उपदफा (२), दफा ५१ को उपदफा (४) र दफा ७१ को उपदफा (३) मा गरिएको व्यवस्था बमोजिम गर्न सकिनेछ ।**

कुनै व्यक्तिले बढी दाखिला गरेको कर गणना गर्दा कुनै प्राकृतिक व्यक्तिले स्वीकृत औषधि उपचार खर्च बापत मिलान गर्न पाउने कर र कुनै व्यक्तिको वैदेशिक कर समावेश हुँदैन । त्यसैले कुनै व्यक्तिको स्वीकृत औषधि उपचार खर्च बापत मिलान गर्न पाउने कर रु.७५०/- कुनै आय वर्षको तिर्नुपर्ने करमा मिलान हुन नसकेमा वा कुनै व्यक्तिको कुनै वर्ष वैदेशिक कर बढी दाखिला भएमा त्यस्तो रकम सो व्यक्तिले तिर्नुपर्ने आयकरको अन्य रकममा मिलान गर्न वा त्यस्तो रकम फिर्ता माग गर्न पाउँदैन ।

# परिच्छेद २९

# शुल्क, ब्याज तथा जरिवाना

# (Interest, Charges and Penalty)

२९.१ करयोग्य आय हुने व्यक्तिले आयकर ऐन, २०५८ बमोजिम बुझाउनुपर्ने कर रकम समयमा नै दाखिला गर्नु त्यस्तो व्यक्तिको दायित्व हुन्छ । कर दाखिला गर्नुपर्ने व्यक्तिले समयमा नै कर दाखिला नगरी अतिरिक्त आर्थिक लाभ लिन नसकोस भनी बजारमा प्रचलनमा रहेको ब्याज दर भन्दा बढी ब्याज र कसूरको मात्रा हेरी शुल्क तथा जरिवाना लाग्ने करसँग थप गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । यसले गर्दा कर नबुझाएको कारण करदातालाई हुन सक्ने आर्थिक लाभ (Financial Benefit)को अन्त्य वा न्यूनीकरण गरी समयमा नै कर दाखिला हुने अवस्था सिर्जना गराउनु ब्याजसम्बन्धी प्रावधानको उद्देश्य रहेको छ । करदाताले करको अतिरिक्त आय विवरण समेत समयमा नै दाखिला गरेको अवस्थामा मात्र कर दायित्व यकिन हुने हुँदा समयमा नै विवरण दाखिला गराउने उद्देश्यले समयमा विवरण दाखिला नगरेको कारण थप शुल्क तिर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । आय विवरण समयमा दाखिला नगरेको कारण लाग्ने शुल्क सो व्यक्तिको कारोबारको मात्रासँग घटबढ हुने व्यवस्था गरेको छ । यसको अतिरिक्त ब्याज, जरिवाना तथा सजाय करको दायित्वमा पर्ने फरकका आधारमा निश्चित हुने व्यवस्था ऐनमा रहेको छ । शुल्क तथा ब्याजको गणना गरी दायित्व निर्धारण कर अधिकृतले गर्न सक्नेछ भने जरिवानाको लागि अदालतमा मुद्धा चलाएर मात्र लगाउन पाउने व्यवस्था छ । शुल्क, ब्याज, कसुर तथा सजायसम्बन्धी व्यवस्था ऐनको परिच्छेद २२ तथा २३ मा उल्लेख भएको छ र ती व्यवस्थाबारे व्याख्या यस परिच्छेदमा गरिएको छ ।

## २९.२ शुल्क सम्बन्धी व्यवस्था

यस परिच्छेदका विभिन्न दफामा प्रयोग भएको शुल्क शब्दको अर्थउक्तऐनद्वारा निर्धारण गरेको करदाताले राख्नुपर्ने कागजात नराखेको वा दाखिला गर्नुपर्ने कागजात दाखिला नगरेको वा ढिलो दाखिला गरेको वा भ्रमपूर्ण विवरण दाखिला गरेको वा दाखिला गर्नुपर्ने विवरण नै दाखिला नगरेको वा कागजातसँग सम्बन्धित तथा कानुनी कर्तव्य पूरा नगरे बापत दफा ११९क. बमोजिम निर्धारित कानुनी व्यवस्था उल्लंघन भएबापत तिर्नुपर्ने रकमलाई शुल्क जनाउँछ । यसरी यस परिच्छेदको प्रयोजनको निमित्त 'शुल्क' भन्नाले 'विलम्ब शुल्क', 'घटी कर दाखिला गरे बापतको शुल्क' वा 'समयमा विवरण र सही विवरण दाखिला नगरे बापत बुझाउन पर्ने शुल्क' आदिलाई लिनु पर्दछ ।

ऐनको दफा ११७ अनुसार कागजात राख्ने वा विवरण वा आय विवरण प्रस्तुत गर्नुपर्ने कानुनको पालना नगरेमा वा उल्लंघन गरेमा देहाय बमोजिम शुल्क लाग्दछः

### २९.२.१ विवरण दाखिला नगरेमा लाग्ने शुल्कः

सामान्यतयाः विवरण भन्नाले ऐन बमोजिम दाखिला गर्नुपर्ने किस्ताबन्दीको लागि दाखिला गर्नुपर्ने अनुमानित विवरण वा आय विवरणलाई बुझाउँछ । ऐनको दफा ११७ को उपदफा (१) मा विवरण दाखिला नगरेमा देहाय बमोजिको शुल्क लाग्ने व्यवस्था रहेको छः

**११७(१)ः कुनै व्यक्तिले देहाय बमोजिमको विवरण दाखिलानगरेमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ :-**

**११७(१)(क)ः दफा ९५ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा प्रतिविवरण पाँच हजार रुपैयाँ वा आय विवरणमा उल्लिखित**

**निर्धारणयोग्य आय रकमको शून्य दशमलव शून्य एक प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम,**

ऐनको दफा ९५ को उपदफा (१) मा कुनै आय वर्षमा किस्ताको रकम बुझाउनुपर्ने व्यक्तिलाई किस्ताको रकम बुझाउनु पर्ने मितिसम्म सो वर्षका लागि बुझाउनुपर्ने रकमको अनुमान उल्लेख गरी तोकिएको ढाँचा र तरिकामा अनुमानित आय विवरण दाखिला गर्नुपर्छ । सो बमोजिम विवरण दाखिला नगर्नेलाई प्रति विवरण पाँच हजार रुपैयाँ वा आय विवरणमा उल्लिखित निर्धारणयोग्य आय रकमको शून्य दशमलव शून्य एक प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्दछ ।

उदाहरण २९.२.१: मानौं, आ.व.२०७५।७६ मा कुनै व्यक्तिको अनुमानित आयका आधारमा निजको कर दायित्व रु.१०,०००/-हुन आउने रहेछ । सो व्यक्तिले ऐनको दफा ९५ मा उल्लिखित प्रावधानका आधारमा सो सम्बन्धी विवरण २०७५ पौष मसान्तसम्म सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्दछ । निजले सो मितिसम्म यस्तो विवरण दाखिला नगरेमा निजले रु.५,०००/-शुल्क बुझाउनु पर्दछ । यदि सो व्यक्तिको निर्धारणयोग्य आय रु.६ करोड भएमा रु.६,०००/-शुल्क बुझाउनु पर्दछ । यस्तो शुल्क कर रकम दाखिला गर्ने तर विवरण दाखिला नगर्ने व्यक्तिले समेत बुझाउनु पर्दछ ।

**११७(१)(ग): दफा ९६ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित व्यक्तिको हकमा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकम र अन्य व्यक्तिको हकमा सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र कुनै रकम समावेश गर्नुपर्ने भए त्यस्तो रकम समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलब एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ त्यस्तो रकम ।**

हरेक करयोग्य आय प्राप्त गर्ने व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिनाभित्र वा म्याद थप प्राप्त भएमा सो म्यादभित्र आयको विवरण दफा ९६ को उपदफा (१) बमोजिम सम्बन्धित कार्यालयमा दाखिला गर्नुपर्दछ । त्यस्तो विवरण दाखिला नगर्नेलाई ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिम शुल्क लाग्दछ । त्यस्तो शुल्क दफा ४ को उपदफा (४) को व्यवस्था अनुरूपको व्यक्ति (पूर्वानुमानित कर तिर्नुपर्ने व्यक्ति) लाई समयमा विवरण नबुझाए बापत प्रति महिना एक सय रुपैयाँको दरले शुल्क लाग्दछ । दफा ४ को उपदफा (४) मा निम्नानुसारको व्यक्तिले पूर्वानुमानित एकमुष्ठ कर (Presumptive Tax) तिर्नुपर्ने व्यवस्था गरेको छ :

**(क) सो आय वर्षमा सो व्यक्तिको नेपालमा स्रोत भएको व्यवसायबाट प्राप्त आय मात्र भएको,**

**(क१) औषधि उपचार खर्च बापत दफा ५१ बमोजिम तथा अग्रिम कर कट्टी बापत दफा ९३ बमोजिम कर मिलान गर्न दाबी नगरेको ,**

**(ख) व्यवसायबाट प्राप्त आय दुई लाख रुपैयाँ र व्यवसायको कारोबारबीस लाख रुपैयाँ भन्दा बढी नभएको,**

**(ग) सो व्यक्तिले सो आय वर्षमा यो व्यवस्था लागू हुने गरी छनौट गरेको र**

**(घ) मूल्य अभिवृद्धि करमा दर्ता नभएको ।**

अन्य व्यक्तिको हकमा निजको सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए सो नकटाई र कुनै रकम समावेश गर्नुपर्ने भए सो समावेश गरी हुने निर्धारणयोग्य आयको ०.१%

प्रति वर्षका दरले हुने रकम वा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ सो रकम बराबर शुल्क लाग्दछ। उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ।

उदाहरण २९.२.२: मानौं, गौरव एण्ड सन्स् प्रा.लि. ले आ.व.२०७५।७६ को आय विवरण दाखिला गर्न ऐनको दफा ९८ बमोजिम २०७६ पौष मसान्तसम्मको म्याद थप भएको रहेछ । सो थप भएको म्यादभित्र समेत उक्त प्रा.लि.ले विवरण दाखिला नगरी २०७६ माघ ९ मा मात्र आय विवरण कार्यालयमा दाखिला गरेको रहेछ । उक्त वर्ष सो प्रा.लि.को ऐनको दफा ७ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम रु.५० लाख रहेछ र कट्टी दाबी योग्य रु.४० लाख रहेछ । उक्त प्रा.लि.ले दाखिला गर्नुपर्ने ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको शुल्क निम्नानुसार गणना गर्नुपर्दछ ।

| | |
|---|---|
| आयमा समावेश गर्नुपर्ने रकम | रु.५०,००,०००।- |
| कट्टी दाबी गर्ने रकम | नपाउने |
| दफा ११७(१)(ग) को प्रयोजनको लागि निर्धारणयोग्य आय | रु.५०,००,०००।- |
| शुल्क लाग्ने अवधि (कार्तिक २०७६ देखि माघ २०७६ सम्म) | ४ महिना |
| दफा ११७(१)(ग) बमोजिमको शुल्क<br>रु.५०,००,०००।-X ०.१%/१२ X ४ | रु.१,६६७- |

उक्त प्रा.लि.ले आय विवरण दाखिला गर्ने म्याद २०७६ पौष मसान्तसम्म थप पाएको र सो म्यादभित्र विवरण दाखिला गरेको खण्डमा ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको शुल्क नलाग्ने हुन्छ । तर सो थप भएको म्यादभित्र विवरण दाखिला नगरेकोले ऐनको दफा ९६ को उपदफा (१) बमोजिम विवरण बुझाउनुपर्ने म्याद अर्थात आय वर्ष समाप्त भएको तीन महिनाको म्याद भुक्तान भएको मितिदेखि (कार्तिक महिनादेखि) नै ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ग) बमोजिमको शुल्क लाग्दछ ।

### २९.२.२ कागजात नराखेमा लाग्ने शुल्क:

करदाताले ऐन बमोजिम राख्नुपर्ने कागजात नराखेमा दफा ११७ को उपदफा (२) बमोजिम निम्नानुसारको शुल्क लाग्दछ :

**११७(२): कुनै व्यक्तिले कुनै आय वर्षको दफा ८१ बमोजिम राख्नुपर्ने कागजात नराखेमा त्यस्तो व्यक्तिलाई त्यस्तो कागजात नराखेको वर्षको लागि कुनै आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए त्यस्तो रकम नकटाई र रकमहरु समावेश गर्नुपर्ने भए त्यस्तो रकम समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशतले हुने रकम वा एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ त्यस्तो रकम शुल्क लाग्नेछ।**

ऐनको दफा ८१ अनुसार कर बुझाउनुपर्ने दायित्व भएका प्रत्येक व्यक्तिले विभागबाट तोकिएको प्रकार, ढाँचा, लेखापरीक्षकबाट प्रमाणित प्रतिवेदन, आय विवरण, कर निर्धारण एवम् खर्च कट्टी गर्ने कुरामा सहयोग पुऱ्याउने कागजात सम्बन्धित आय वर्षको मितिले ५ वर्षसम्म सुरक्षित नराख्नेलाई त्यस्तो कागजात नराखेको वर्षको लागि सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए सो रकम नकटाई र रकम समावेश गर्नुपर्ने भए सो रकम समावेश गरी हुने निर्धारणयोग्य आयको ०.१% प्रतिशत वा रु.१ हजारमध्ये जुन बढी हुन्छ सो रकम बराबर शुल्क लाग्दछ । उक्त व्यवस्था तलको उदाहरणमा खुलाइएको छ।

उदाहरण २९.२.३: मानौं, Old Company Private Ltd. ले आ.व.२०७५।७६ मा रु.४० लाख बराबरको सामान बिक्री गरेको रहेछ। उक्त आ.व.को कुल खर्च रु.३० लाख रहेछ। उक्त कम्पनीले खर्चलाई पुष्ट्याँई गर्ने कागजात राखेको रहेनछ । यस अवस्थामा उक्त कम्पनीले दफा ८१ को उपदफा (१) को खण्ड (ग) अनुसार कागजात नराखेको हुँदा दफा

११७ को उपदफा (२) बमोजिमको शुल्क गणना निम्नानुसार गर्नु पर्दछ :

| | |
|---|---|
| १. यस प्रयोजनको लागि निर्धारणयोग्य आय | रु.४० लाख |
| २. निर्धारणयोग्य आयको ०.१ प्रतिशतले हुने रकम | रु.४ हजार |
| ३. न्यूनतम शुल्क | रु.१ हजार |

यस अवस्थामा उक्त कम्पनीले रु.४ हजार शुल्क तिर्नु पर्दछ ।

२९.२.३ अग्रिम कर कट्टी विवरण दाखिला नगरेमा लाग्ने शुल्कः

भुक्तानीमा कर कट्टी गर्ने अर्थात भुक्तानी गर्दा कर कट्टी गर्ने व्यक्ति (Withholding Agent) ले कर कट्टी विवरण दाखिला नगरेमा ऐनको दफा ११७ को उपदफा (३) बमोजिम निम्नानुसारको शुल्क लाग्दछ :

११७(३): **अग्रिम कर कट्टी गर्ने कुनै एजेण्टले दफा ९० को उपदफा (१) बमोजिमको विवरण पेश नगरेमा त्यस्तो एजेण्टलाई विवरण पेश गर्नुपर्ने मितिबाट यस्तो विवरण दाखिला नभएको मितिसम्मको प्रत्येक महिना र महिनाको भागको लागि अग्रिम कर कट्टी गर्नुपर्ने कर रकमको वार्षिक दुई दशमलव पाँच प्रतिशतले हुने रकम शुल्क लाग्नेछ ।**

ऐनको दफा ९० को उपदफा (१) अनुसार अग्रिम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा अग्रिम कर कट्टीको विवरण पेश गर्नुपर्ने कानुनी दायित्व पूरा गर्नुपर्ने हुन्छ । त्यस्तो विवरण पेश गर्ने दायित्व पूरा नगरेकालाई शुल्क लाग्दछ । निजलाई विवरण पेश गर्नुपर्ने मितिबाट विवरण दाखिला नभएको मितिसम्मको लागि अग्रिम कर कट्टी गर्नुपर्ने रकमको वार्षिक दुई दशमलव पाँच प्रतिशत (२.५%) का दरले शुल्क लाग्दछ । यस्तो शुल्क महिना वा महिनाको भागको समेत लाग्दछ ।

उदाहरण २९.२.४: मानौ, जीवनधारा लि.ले २०७६ श्रावण महिनामा भुक्तानीमा रु.२०,०००।- कर कट्टी गरेको रहेछ । सो निकायले उक्त कर २०७६ भाद्र २५ गते भित्रै दाखिला गरेको रहेछ तर सोको विवरण भने २०७६ असोज ३ गतेमात्र दाखिला गरेको रहेछ । यस अवस्थामा ऐनको दफा ११७ को उपदफा (३) बमोजिम निम्नानुसारको शुल्क दाखिला गर्नुपर्दछ :

| | |
|---|---|
| २०७६ श्रावण महिनाको कर कट्टी भएको रकम | रु.२०,०००।- |
| कर कट्टी विवरण दाखिला गर्नुपर्ने मिति | २०७६ भाद्र २५ |
| कर कट्टी विवरण दाखिला भएको मिति | २०७६ असोज ३ |
| दफा ११७(३) बमोजिमको शुल्क लाग्ने अवधि | २ महिना |
| दफा ११७(३) बमोजिमको शुल्क<br>रु. २०,०००।-X २.५%/१२ X २ | रु.८३।३३ |

ऐनको दफा ९५क. बमोजिम अग्रिम कर असुल गर्ने व्यक्तिले असुल गरेको कर विवरण दाखिला नगरेमा ऐनको दफा ११७ को उपदफा (१) को खण्ड (ख) बमोजिम निम्नानुसारको शुल्क लाग्दछ :

११७(१)(ख): **अग्रिम कर असुल गर्नुपर्ने कुनै व्यक्तिले दफा ९५क. को उपदफा (९) बमोजिमको विवरण दाखिला नगरेमा त्यस्तो व्यक्तिलाई विवरण दाखिला गर्नुपर्ने मितिबाट यस्तो विवरण दाखिला नभएको मितिसम्मको प्रत्येक महिना र महिनाको भागको लागि अग्रिम कर असुल गर्नुपर्ने रकमको वार्षिक डेढ प्रतिशतका दरले हुने रकम,**

ऐनको दफा ९५क. को उपदफा (९) अनुसार अग्रिम कर असुल गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा अग्रिम कर

असुलीको विवरण पेश गर्नुपर्ने कानुनी दायित्व पूरा गर्नुपर्ने हुन्छ । त्यस्तो विवरण पेश गर्ने दायित्व पूरा नगरेकालाई शुल्क लाग्दछ । निजलाई विवरण पेश गर्नुपर्ने मितिबाट विवरण दाखिला नभएको मितिसम्मको लागि अग्रिम कर असुल गर्नुपर्ने रकमको वार्षिक डेढ प्रतिशत (१.५%) का दरले शुल्क लाग्दछ । यस्तो शुल्क महिना वा महिनाको भागको समेत लाग्दछ ।

**२९.२.४ झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई लाग्ने शुल्कः**

ऐनको दफा १२० मा झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई लाग्ने शुल्कका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

**१२०: कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ :-**

**(क) जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत ।**

**(ख) जानाजानी वा लापरवाही गरेको कारणले झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "विभागमा दाखिला गरिएको विवरण" भन्नाले विभागमा वा यस ऐन बमोजिम कर्तव्यको पालना गर्ने सिलसिलामा विभागबाट अख्तियारप्राप्त अधिकृतसमक्ष लिखित रूपमा दाखिला गरिएको विवरण र देहाय बमोजिम दाखिला गरिएको विवरण समेतलाई जनाउँनेछ :-**

**(क) निवेदन, सूचना, विवरण, उजुरी, बयान, वा यस ऐन बमोजिम दाखिला गरिएको, तयार पारिएको, दिइएको वा पेश गरिएको अन्य कागजात,**

**(ख) यस ऐन बमोजिम बाहेक विभाग वा विभागका कुनै अधिकृतसमक्ष पेश गरिएको कागजात,**

**(ग) विभाग वा कुनै अधिकृतले कुनै व्यक्तिलाई सोधेको प्रश्नको उत्तर, वा**

**(घ) विवरण दिइने कुराको मनासिव जानकारी भएको कुनै व्यक्तिले कुनै अर्को व्यक्तिमार्फत विभाग वा कुनै अधिकृतलाई दिएको जानकारी ।**

कुनै व्यक्तिले विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गर्न हुँदैन । कसैले झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई भ्रमपूर्ण विवरण दिएमा विभागले सो कुराको यथार्थ छानबिन वा निर्णय वा आदेश इत्यादि गर्न सक्तैन । त्यसैले दफा १२० ले त्यस्ता व्यक्तिलाई झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दिनुपर्ने जानकारी नदिई वा विवरणबाट हटाई विवरणमा लेखिएको जानकारी भ्रमपूर्ण हुन गएमा सो गरे बापत शुल्क लाग्ने व्यवस्था गरेको छ । त्यस्तो विवरणको तात्पर्य विभागमा वा आयकर ऐन, २०५८ बमोजिमको कर्तव्य पालना गर्ने सिलसिलामा विभागबाट अख्तियार प्राप्त अधिकृतसमक्ष लिखित रूपमा दाखिला गरिएको विवरण समेत बुझ्नुपर्दछ । त्यस अतिरिक्त देहायका कागजात एवम् कुरा समेत विवरणको अर्थ गर्दा समावेश गरिएको बुझ्नुपर्दछ :

(१) निवेदन, सूचना, विवरण, उजुरी, बयान वा आयकर ऐन, २०५८ बमोजिम दाखिला गरिएको, तयार पारिएको, दिइएको वा पेश गरिएको अन्य कागजात,

(२) आयकर ऐन, २०५८ बमोजिमबाहेक विभाग वा विभागका कुनै अधिकृतसमक्ष पेश गरिएको कागजात,

(३) विभाग वा कुनै अधिकृतले कुनै व्यक्तिलाई सोधेको प्रश्नको उत्तर, वा

(४) विवरण दिइने कुराको मनासिव जानकारी भएको कुनै व्यक्तिले कुनै अर्को व्यक्तिमार्फत विभाग वा कुनै अधिकृतलाई दिएको जानकारी ।

त्यस्तो झुट्टा वा भ्रमपूर्ण विवरण दिने वा दाखिला गराउने व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्दछ:

(१) जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवस झुट्टावा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत ।

(२) जानीजानी वा लापरवाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण विवरण हुन गएकोमा त्यसबाट घटी कर रकमको एक सय अर्थात शत प्रतिशत ।

यस व्यवस्था प्रष्ट पार्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

| |
|---|
| उदाहरण २९.२.५: मानौं, एबिसी कम्पनीले आ.व.२०७५।७६ को आय विवरण कार्यालयमा बुझाएका रहेछन् । उक्त कम्पनीले पेस गरेको आय विवरणमा Insurance Claim बापत प्राप्त गरेको रु.१० लाख रकम आयमा समावेश नगरी आय विवरण पेस गरेको आधार मानीजिवन राईले सो कम्पनीले आय लुकाएको लिखित जानकारी विभागका महानिर्देशकलाई गराएका रहेछन् । सोही अनुसार कार्यालयबाट छानबिन गर्दा प्रमाणका आधारमा संशोधित कर निर्धारण गरी जानाजानी लुकाएको उक्त आयमा २५ प्रतिशतका दरले हुन आउने कर रकम रु.२ लाख ५० हजार कर कायम गरिएको रहेछ । यसरी उक्त कम्पनीले जानाजानी आय लुकाएको हुँदा ऐनको दफा १२० को खण्ड (ख) बमोजिम रु.२ लाख ५० हजार शुल्क लगाउनु पर्दछ । |
| उदाहरण २९.२.६ : मानौं, एकानी कम्पनीले परामर्शदातालाई भुक्तानी गरेको सेवा शुल्क रु.१,००,०००।-मा रु.१५,०००।-कर कट्टी गरेका रहेनछ । भुक्तानीमा कर कट्टीको सम्बन्धमा कार्यालयबाट छानबिन गर्दा भुक्तानीमा कर कट्टी नगरेको देखियो । यस्तो अवस्थामा भुक्तानीमा कर कट्टी नगरेको रु.१५ हजार दफा ९०(३) बमोजिम निजबाट कट्टी भएको मानी ऐनको दफा १२० को खण्ड (क) बमोजिम रु.७,५००।-शुल्क समेत लगाउनु पर्दछ । |

कुनै करदाताले विभाग वा कार्यालयमा दिएको विवरण वा जानकारी भूलवश झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकममा आयकर ऐन, २०५८ कोदफा १२०(क) बमोजिम पचास प्रतिशत शुल्कर जानाजानी वा लापरवाही गरेको कारणले त्यस्तो विवरण वा जानकारी झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकममा आयकर ऐन, २०५८ को दफा१२०(ख) बमोजिम एक सयप्रतिशत शुल्क लगाउने व्यवस्था छ ।

### २९.२.५ मतियारलाई लाग्ने शुल्क:

ऐनको दफा १२१ मा मतियारलाई लाग्ने शुल्कका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेकोछ :

**१२१: यस ऐनमा उल्लिखित कुनै कसूर गर्ने व्यक्तिलाई जानजान वा लापरवाही गरी मद्दत गर्ने वा सहायता दिने वा दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई त्यस्ता व्यक्तिले कम तिरेको करको शतप्रतिशत रकम शुल्क लाग्नेछ ।**

ऐनको परिच्छेद-२३ मा कर दाखिला नगर्ने, झुट्टा वा भ्रमपूर्ण विवरण दिने, कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्ने, अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कसूर गर्ने, मतियारी गर्ने तथा ऐनको पालना नगर्ने जस्ता कसूर गर्ने व्यक्तिलाई जानाजान वा लापरवाही गरी करदातालाई मद्दत गर्ने, सहायता दिने, दुरुत्साहन गर्ने वा सल्लाह दिने मतियारलाई त्यस्तो मतियारीको कारणबाट घट्न गएको करको शत प्रतिशत शुल्क लाग्ने व्यवस्था ऐनको दफा १२१ मा रहेको छ । यस व्यवस्था प्रष्ट पार्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

> उदाहरण २९.२.७: माथि उदाहरण २९.२.५ मा उल्लेख गरिएको कम्पनीको वित्तीय विवरण तयार पार्दा Insurance Claim बापत प्राप्त गरेको रकम रु.१० लाख आयमा समावेश नगरी सञ्चालकको व्यक्तिगत खातामा आम्दानी (Credit) जनाउनको लागि त्यस कम्पनीका परामर्शदाता अविश्वासी कपूरले लिखित परामर्श दिएका र सोही अनुसार सञ्चालकको व्यक्तिगत खातामा आम्दानी (Credit) जनाएको पुष्टि भएको हुँदा परामर्शदाता अविश्वासी कपूरलाई यस दफा अनुसार मतियार मानिने हुँदा निजलाई रु.२ लाख ५० हजार शुल्क लगाउनु पर्दछ।

## २९.२.६ ऐन नियमका व्यवस्था उल्लंघन गर्नेलाई लाग्ने शुल्कः

ऐन नियमका व्यवस्था उल्लंघन गर्नेलाई लाग्ने शुल्कका सम्बन्धमा ऐनको दफा ११९क. मा निम्नानुसारको व्यवस्था रहेको छः

**११९क. यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म शुल्क लाग्नेछ।**

आयकर ऐनले माथि उल्लेख गरेको र अन्य कुनै व्यवस्था गरेकोमा बाहेक यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेख गरेका व्यवस्थाको पालना नगर्ने अर्थात उल्लंघन गर्ने व्यक्तिलाई ऐनको दफा ११९क. बमोजिम पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म शुल्क लाग्नेछ । प्रस्तुत दफा ११९क. ऐनमा रहेको शुल्क सम्बन्धी प्रावधानको अवशिष्ठ (Residuary)व्यवस्था हो।

## २९.३ ब्याज सम्बन्धी व्यवस्था

सामान्यतः पुँजी लगानी भएपछि त्यसको प्रतिफल बापत प्राप्त हुने रकमलाई ब्याज भनिन्छ । त्यस्तै निश्चित समयमा भुक्तानी प्राप्त गर्न तोकिएको समय पश्चात भुक्तानी प्राप्त गरेको अवस्थामा भुक्तानी पाउनुपर्ने रकम भन्दा बढी प्राप्त भएको रकमलाई समेत ब्याज भनिन्छ। अर्थात भुक्तानी प्राप्त गर्नुपर्ने समय पश्चात भुक्तानी वा लगानी बापत नगद वा जिन्सीको रूपमा प्राप्त हुने वित्तीय क्षतिपूर्ति (Financial Compensation)लाई सामान्यतयाः ब्याज भनिन्छ। ऐनमा निम्न दुई स्थितिमा ब्याज लाग्ने व्यवस्था रहेको छ :

(क) किस्ताबन्दीमा दाखिला गर्नेले कम अनुमानित कर बुझाएमा, र

(ख) तिर्नुपर्ने कर दायित्वभन्दा कम कर बुझाएमा, कर नबुझाएमा वा ढिलो गरी बुझाएमा ।

तसर्थ तोकिएको समयावधिभित्र कर रकम दाखिला नगर्ने करदाताबाट सामान्य ब्याजदरका हिसाबले बुझाएका दिनसम्म असुल गरिएको ब्याज रकम नै सरकारले पाउनुपर्ने क्षतिपूर्ति रकम हो।

## २९.३.१ किस्ताबन्दीमा दाखिला गर्नेले कम अनुमानित कर हुने गरी बुझाएमा लाग्ने ब्याज :

ऐनको दफा ९४ मा किस्ताबन्दीमा कर दाखिला गर्नुपर्ने व्यवस्था रहेको र त्यस्तो कर दाखिला नगरेमा वा कम कर दाखिला गरेमा लाग्ने ब्याजको सम्बन्धमा ऐनको दफा ११८ मा निम्नानुसारको व्यवस्था गरेको छ :

**११८(१) कुनै व्यक्तिले कुनै आय वर्षमा दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ता रकम सम्बन्धमा खण्ड (क) मा उल्लिखित रकमभन्दा खण्ड (ख) मा उल्लिखित रकम बढी भएमा यसरी बढी भएको रकममा उपदफा (२) बमोजिम ब्याजलाग्नेछः-**

**(क) त्यस्तो व्यक्तिले कुनै आय वर्षमा तिरेको प्रत्येक किस्ताको रकम,**

**(ख) त्यस्तो आय वर्षमा प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रूपमा बुझाउनु पर्ने कुल रकमको अनुमान वा संशोधित अनुमान सही**

भएको भए त्यस्तो रकम र त्यस्तो रकम सही नभएको भए दफा ३ को खण्ड (क) र (ख) मा उल्लिखित व्यक्तिले दाखिला गर्नुपर्ने कर रकमको प्रत्येक किस्ता अवधिको लागि किस्ताबन्दीको रूपमा बुझाउनु पर्ने रकमको नब्बे प्रतिशत रकम ।

११८(२) उपदफा (१) बमोजिमको व्यक्तिलाई सोवर्षको सो किस्ता बुझाउनुपर्ने मितिदेखि देहायको अवधिसम्मको प्रत्येक महिना र महिनाको भागको सामान्य ब्याजदरले ब्याज लाग्ने छ :-

(क) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण गर्ने व्यक्तिको हकमा आय विवरण बुझाउनुपर्ने मितिसम्म,

(ख) दफा ९९ को उपदफा (१) बमोजिमको कर निर्धारण नगरेको कारणले विभागले दफा १०१ बमोजिम पहिलो पटक संशोधित कर निर्धारण गरेको व्यक्तिको हकमा दफा १०२ बमोजिम त्यस्तो संशोधित कर निर्धारणको सूचना बुझाएको मितिसम्म ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “किस्ताबन्दीको रूपमा बुझाउनुपर्ने रकम” भन्नाले एक पटक अनुमान पेश गरी सकेपछि संशोधित अनुमान पेश नगर्नेको तथा अनुमान पेश नगरेको कारणले दफा ९५ को उपदफा(७) बमोजिम विभागले अनुमान गरेको हकमा दफा ९४ को उपदफा (१) बमोजिम र संशोधित अनुमान पेश गर्नेको हकमा तथा पेश गरिएको अनुमान वा संशोधित अनुमानमा सन्तुष्ट नभई दफा ९५को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको दफा ९५ को उपदफा (५) को व्यवस्था अनुसार गणना गरिएको किस्ताको रकमसम्झनुपर्छ ।

किस्ताबन्दीमा कर बुझाउनुपर्ने व्यवस्था ऐनको दफा ९४ ले गरेको छ । साथै सो दफाले त्यस्तो किस्ताबन्दीको कर रकम कहिले र कति बुझाउनुपर्ने हो भन्ने कुरा पनि स्पष्ट पारेको छ । त्यस्तो किस्ताबन्दीको कर रकम घटी बुझाएमा ऐनको दफा ११८ ले त्यस्तो घटी रकममा ब्याज लाग्ने व्यवस्था गरेको छ । कुनै व्यक्तिले कुनै आय वर्षमा दाखिला गर्नुपर्ने किस्ता रकम को ९० प्रतिशतभन्दा कम रकम दाखिला गरेको भए यसरी कम दाखिला गरेको रकममा सामान्य दरले अर्थात १५% ले ब्याज लाग्दछ ।

“किस्ताबन्दीको रूपमा बुझाउनुपर्ने रकम” भन्ने वाक्यांशलाई आयकर ऐन, २०५८ को दफा ११८ मा स्पष्टीकरण राखेर स्पष्ट गरिएको छ । सो अनुसार किस्ताबन्दीको रूपमा बुझाउनुपर्ने रकम भन्ने वाक्यांशले (क) एक पटक अनुमान पेश गरिसकेपछि संशोधित अनुमान नगर्नेको हकमा अनुमान पेश नगरेको कारणले दफा ९५ को उपदफा (७) बमोजिम विभागले अनुमान गरेको भए दफा ९४ को उपदफा (१) बमोजिम गणना गरिएको किस्ताको रकम, र (ख) एक पटक अनुमान पेश गरेको अंकमा संशोधित अनुमान पेश गर्नेको हकमा तथा पेश भएको अनुमान वा संशोधित अनुमानमा दफा ९५ को उपदफा(७) अनुसार सन्तुष्ट नभई विभागले दफा ९५ को उपदफा (५) को व्यवस्था अनुसार गणना गरिएको किस्ताको रकमलाई बुझाउँदछ वा बुझ्नुपर्दछ ।

**ब्याज दर र ब्याज लाग्ने अवधिः**

(क) किस्ताबन्दीको किस्ता रकम नबुझाउने व्यक्तिलाई किस्ता बुझाउनुपर्ने मितिदेखि दफा ९९ को उपदफा (१) बमोजिम स्वयंकर निर्धारण गरी आय विवरण दाखिला गर्नुपर्ने मिति अर्थात आय वर्ष समाप्त भएको तीन महिनासम्म दाखिला गर्न बाँकी कर रकममा सामान्य ब्याजदर अर्थात पन्ध्र प्रतिशतले ब्याज लाग्दछ ।

(ख) किस्ताको रकम बुझाउनुपर्ने व्यक्तिलाई किस्ताको रकम बुझाउनुपर्ने मितिदेखि दफा ९९ को उपदफा (१) बमोजिम स्वयंकर निर्धारण गरी आय विवरण दाखिला नगरेको कारणले विभागले दफा १०१ बमोजिम पहिलो पटक संशोधित कर निर्धारण भए गरेकोमा सो संशोधित करको सुचना बुझाएको मितिसम्मको सामान्य ब्याज अर्थात १५% का दरले ब्याज लाग्दछ ।

ब्याज लगाउने प्रयोजनका लागि अवधि गणना गर्नुपर्दा पूरा महिना भएमा महिनाको र महिनाभन्दा कम भएमा महिनाको भागलाई समेत महिना सरह गणना गरी ब्याज रकम गणना गर्नु पर्दछ ।

उदाहरण २९.३.१: मानौं, गौरव एण्ड सन्स् प्रा.लि. ले आ.व.२०७५।७६ को आय विवरण २०७६ माघ ९ मा सम्बन्धित कार्यालयमा दाखिला गरेको रहेछ । उक्त वर्ष सो प्रा.लि.को करयोग्य आय रु.१० लाख रहेछ र स्वंय कर निर्धारण बमोजिम उक्त आ.व.को कर दायित्व रु.२ लाख ५० हजार रहेछ । उक्त प्रा.लि.ले २०७५ पौष महिनाभित्र रु.५० हजार, चैत्र महिनामा थप रु.५० हजार र आषाढ मसान्त २०७६ सम्म थप रु.९० हजार दाखिला गरी सो आ.व.को अन्त सम्ममा रु.१ लाख ९० हजार कर दाखिला गरेको रहेछ । यसको अलावा उक्त प्रा.लि.ले मिति २०७६ श्रावण १३ गते थप रु.६० हजार कर दाखिला गरेको रहेछ । उक्त प्रा.लि.को ऐनको दफा ११८ को उपदफा (१) र (२) बमोजिमको ब्याज निम्नानुसार गणना गर्नुपर्दछ ।

| विवरण | पहिलो किस्ता ४० प्रतिशतले | दोश्रो किस्ता ७० प्रतिशतले | तेश्रो किस्ता १०० प्रतिशतले |
|---|---|---|---|
| किस्ता रकम रु. | १,००,०००।- | १,७५,०००।- | २,५०,०००।- |
| तिरेको रकम ११८(१)(क) रु. | ५०,०००।- | १,००,०००।- | १,९०,०००।- |
| न्यूनतम तिनुपर्ने रकम ११८(१)(ख) रु. | ९०,०००।- | १,५७,५००।- | २,२५,०००।- |
| ब्याज लाग्ने रकम रु. | ४०,०००।- | ५७,५००।- | ३५,०००।- |
| ब्याज लाग्ने महिना रु. | ३ | ३ | १ |
| ब्याज रकम रु. | १,५००।- | २,१५६।२५ | ४३७।५० |
| दफा ११८ बमोजिमको कूल ब्याज रकम रु. | | | ४,०९३।७५ |

## २९.३.२ कर नबुझाएमा लाग्ने ब्याजः

ऐनको दफा ९९ बमोजिम करयोग्य आय भएको व्यक्तिले स्वयं कर निर्धारण(Self Assessment) गर्नुपर्ने व्यवस्थारहेको छ । दफा ९६ बमोजिम यसरी निर्धारण गरेको कर विवरण (Self Assessed Return)सामान्यतयाः आय वर्ष समाप्त भएको ३ महिनाभित्र दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी आय विवरण दाखिला गर्दा निर्धारण गरिएको कर रकमसमेत दाखिला गर्नुपर्ने हुन्छ । यस्तो कर रकम सो म्यादभित्र दाखिला नगरेमा लाग्ने ब्याजको सम्बन्धमा ऐनको दफा ११९ मा निम्नानुसारको व्यवस्था गरेको छ :

११९(१): **कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा सामान्य ब्याजदरले ब्याज लाग्नेछ ।**

दफा ११९ को उपदफा (१) बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले कानुन बमोजिम कर बुझाउनका लागि निर्धारण भएको मिति (समयावधि) सम्म कर दाखिला नगरेमा (नबुझाएमा) त्यसबाट दाखिला गर्न बाँकी रहेको रकममा दाखिला गर्न बाँकी महिनाको भागमा सामान्य दरले ब्याज लाग्दछ । यस्तो ब्याज कानुन अनुसार कर रकमको अंक यकिन भए पछिको रकम हो । कर रकमको यकिन दुई किसिमबाट हुने गर्दछ (क) कर निर्धारणबाट र (ख) कानुनले किटान गरिदिएबाट । कर निर्धारण हुँदा तिरिएका अग्रिम कर लगायत मिलान गर्न मिल्ने रकम समायोजन

गरिसकेपछि बाँकी रहेको रकम तिर्नुपर्ने कर रकम हुन्छ । कतिपय अवस्थामा कानुनले अन्तिम रूपमा कर लाग्ने आय किटान गरिदिएको हुन्छ जस्तो, दफा ९२ ले अन्तिम रूपमा कर कट्टी हुने भुक्तानी उल्लेख गरेको छ । ब्याज लगाउने प्रयोजनका लागि अवधि गणना गर्नुपर्दा पूरा महिना भएमा महिनाको र महिनाभन्दा कम भएमा सो समेतलाई महिनासरह गणना गरी ब्याज रकम गणना गर्नु पर्दछ ।

उदाहरण २९.३.२: मानौं, गौरव एण्ड सन्स् प्रा.लि. ले आ.व.२०७५।७६ को आय विवरण २०७६ माघ ९ मा सम्बन्धित कार्यालयमा दाखिला गरेको रहेछ । उक्त वर्ष सो प्रा.लि.को करयोग्य आय रु.१० लाख रहेछ र स्वयं कर निर्धारण बमोजिम उक्त आ.व.को कर दायित्व रु.२ लाख ५० हजार रहेछ । उक्त प्रा.लि.ले २०७५ पौष महिनाभित्र रु.५० हजार, चैत्र महिनामा थप रु.५० हजार र आषाढ मसान्त २०७६ सम्म थप रु.९० हजार दाखिला गरी सो आ.व.को अन्तसम्ममा रु.१ लाख ९० हजार कर दाखिला गरेको रहेछ । उक्त प्रा.लि.ले आय विवरणको साथ बाँकी रु.६० हजार कर दाखिला गरेको रहेछ । उक्त प्रा.लि.को ऐनको दफा ११८ एवम् दफा ११९ बमोजिमको ब्याज निम्नानुसार गणना गर्नुपर्दछ ।

| विवरण | पहिलो किस्ता ४० प्रतिशतले | दोश्रो किस्ता ७० प्रतिशतले | तेश्रो किस्ता १०० प्रतिशतले |
|---|---|---|---|
| किस्ता रकम रु. | १,००,०००।- | १,७५,०००।- | २,५०,०००।- |
| तिरेको रकम ११८(१)(क) रु. | ५०,०००।- | १,००,०००।- | १,९०,०००।- |
| न्यूनतम तिनुपर्ने रकम ११८(१)(ख) रु. | ९०,०००।- | १,५७,५००।- | २,२५,०००।- |
| ब्याज लाग्ने रकम रु. | ४०,०००।- | ५७,५००।- | ३५,०००।- |
| ब्याज लाग्ने महिना रु. | ३ | ३ | ३ |
| ब्याज रकम रु. | १,५००।- | २,१५६।२५ | १,३१२।५० |
| **दफा ११८ बमोजिमको कुल ब्याज रकम रु.** | | | **४,९६८।७५** |
| असोज मसान्त २०७६ सम्म दाखिला गर्नुपर्ने रकम | | | २,५०,०००।- |
| असोज मसान्त २०७६ सम्म दाखिला भएको रकम | | | १,९०,०००।- |
| दाखिल गर्न बाँकी रकम | | | ६०,०००।- |
| आयविवरण दाखिला भएको मिति | | | २०७६ माघ ९ |
| ब्याज लाग्ने महिना | | | ४ |
| **दफा ११९ बमोजिमको कुल ब्याज रकम रु.** | | | ३,०००।- |

११९(२): **उपदफा (१) बमोजिम तिर्नुपर्ने ब्याज गणना गर्ने प्रयोजनको लागि दफा ९८ बमोजिम दिइएको थप म्यादमा ब्याजछुट पाइने छैन ।**

दफा ११९ अनुसार कर तिर्नुपर्ने कानुनी दायित्व अनुरूप कर बुझाउन पर्ने म्याद शुरु भएपछि सो म्यादभित्र कर रकम दाखिला गर्नुपर्छ । अर्थात कर नबुझाउने व्यक्तिलाई आय वर्ष समाप्त भएको तीन महिनाको भोलिपल्टदेखि कर दाखिला गरेको मितिसम्मको अवधिको ब्याज लाग्दछ । सो अवधिको लागि सामान्य ब्याज दर (अर्थात १५%) ले ब्याज लाग्दछ । ऐनको दफा ११९ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम कुनै व्यक्तिले दफा ९८ बमोजिम आय विवरण दाखिला गर्ने थप म्याद प्राप्त गरेको रहेछ भने पनि त्यस्तो थप म्यादको समेत ब्याज दाखिला गर्नुपर्ने हुन्छ ।

११९(३): **अग्रिम कर असुल गर्नुपर्ने व्यक्तिले दफा ९५क. को उपदफा (८) वा अग्रिम कर कट्टी गर्ने व्यक्तिले दफा ९० को उपदफा (४) पालना नगरेको कारणले निजले बुझाउनु पर्ने ब्याज निजले अग्रिम कर दाखिला गर्नुपर्ने वा अग्रिम कर कट्टी हुने व्यक्तिबाट असुलउपर गरिलिन पाउने छैन ।**

ऐनको परिच्छेद-१७ बमोजिम अग्रिम कर कट्टी गर्ने दायित्व भएको व्यक्ति अर्थात Withholding Agent ले यस्तो अग्रिम कर कट्टी गरिएको रकम बुझाउने म्याद दफा ९० को

उपदफा (४) बमोजिम प्रत्येक महिना समाप्त भएको मितिले २५ दिन रहेको छ । कर कट्टी गर्नेले सो म्यादभित्र कर कट्टी रकम सहित विवरण बुझाउनपर्ने हुन्छ । सो व्यक्तिले म्यादभित्र रकम नबुझाएमा ढिला बुझाउन ल्याएको अवधिको लागि १५% ले ब्याज लाग्दछ । ब्याज लगाउने प्रयोजनका लागि अवधि गणना गर्नुपर्दा पूरा महिना भएमा महिनाको र महिनाभन्दा कम भएमा सोलाई समेत महिनासरह गणना गरी ब्याज रकम गणना गर्नुपर्दछ । कर कट्टी गर्ने एजेन्टले त्यस्तो अवधिको लागि लागेको ब्याज कर कट्टी हुने व्यक्तिबाट असुल गर्न पाउने छैन ।

**११९(४): दफा ११०क. बमोजिम दिइएको म्यादभित्र कर नतिरेमा तिर्न बाँकी करमा वार्षिक पाँच प्रतिशतका दरले थप ब्याज लगाई सो व्यक्तिबाट असुल उपर गरिनेछ ।**

कर बक्यौता राख्ने कुनै व्यक्तिले त्यस्तो बक्यौता रकम तिर्न दफा ११०क. बमोजिम समय सीमा निर्धारण गरी किस्ताबन्दीमा तिर्न सम्झौता गरेको अवस्थामा सो व्यक्तिले सो सम्झौतामा उल्लिखित समय सीमाभित्र त्यस्तो बक्यौता रकम चुक्ता नगरेमा दफा ११९ बमोजिम लाग्ने ब्याजको अतिरिक्त थप पाँच प्रतिशत ब्याज समेत तिर्नु बुझाउनु पर्ने व्यवस्था रहेको छ ।

## २९.४ जरिवाना सम्बन्धी व्यवस्था

जरिवाना भन्नाले सामान्यतया: ऐन बमोजिम कार्य नगर्ने वा ऐनको बर्खिलाप कार्य गर्ने व्यक्तिलाई कानुन बमोजिम दिइने सजाय हो । ऐनको परिच्छेद-२३ ले आयकर सम्बन्धमा गरेको कसुरको परिभाषा गरी त्यस्तो कसुर गर्नेलाई सजाय हुने व्यवस्था गरेको छ । सो अनुसार परिभाषित कसुर र त्यसमा हुने सजाय निम्न बमोजिम छन्:

### २९.४.१ कर दाखिला नगर्नेलाई सजायः

कर दाखिला नगर्नेलाई सजायका सम्बन्धमा ऐनको दफा १२३ मा निम्नानुसारको व्यवस्था रहेको छ:

**१२३:मनासिव माफिकको कारणबिना कर दाखिला गर्नुपर्ने निर्धारित समयसम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।**

कानुनले निर्धारण गरेको समयसम्म मनासिव माफिकको कारणबिना कर दाखिला नगर्नु दफा १२३ बमोजिम कसुर ठहर्दछ । मनासिव माफिकको कारण बेगर कानुनले निर्धारण गरेको समय सीमासम्म कर दाखिला नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुन्छ ।

### २९.४.२ झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजाय

झुट्टा वा भ्रमपूर्ण विवरण दिनेलाई हुने सजायका सम्बन्धमा ऐनको दफा १२४ मा निम्नानुसारको व्यवस्था रहेको छ:

**१२४: कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानाजानी वा लापरवाही साथ पेश गरेको कारणले झुट्टा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका सम्बन्धमा कुनै खास कुरा वा विषयको जानकारी विवरणमा उल्लेख नगरी वा हटाई सो विवरण भ्रमपूर्ण हुन गएकोमा त्यस्तो व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "विभागमादिएको कुनै जानकारी वा विवरण" भन्नाले विभागमा वा यस ऐन बमोजिम कर्तव्य पालना गर्ने सिलसिलामा**

**विभागबाट अख्तियार प्राप्त अधिकृतसमक्ष लिखित रूपमा दाखिला गरिएको विवरण र देहाय बमोजिम दाखिला गरिएको विवरण सम्झनुपर्छ :**

**(क) निवेदन, सूचना, विवरण, उजुरी, बयान वा यस ऐन बमोजिम दाखिला गरिएको, तयार पारिएको, दिइएको वा पेश गरिएको अन्य कागज,**

**(ख) विभाग वा विभागका कुनै अधिकृतसमक्ष पेश गरिएको कागजात,**

**(ग) विभाग वा कुनै अधिकृतले कुनै व्यक्तिलाई सोधेको प्रश्नको उत्तर वा**

**(घ) विवरण दिइने कुराको मनासिव जानकारी भएको कुनै व्यक्तिले कुनै अर्को व्यक्ति मार्फत विभाग वा कुनै अधिकृतलाई दिएको जानकारी ।**

कुनै व्यक्तिले विभागमा दिएको कुनै जानकारी वा विवरण जानजान वा लापरवाही गरी पेश गरेको कारणले झुट्ठा वा भ्रमपूर्ण भएमा वा त्यस्तो व्यक्तिले त्यस्तो विषयका कुनै खास कुरा वा विषयको जानकारी सो विवरणमा उल्लेख गरेन वा हटायो र त्यसबाट विवरण भ्रमपूर्ण हुन गएमा त्यस्तो कार्य दफा १२४ ले कसुर ठहर्छ । त्यस्तो कसुर गर्ने व्यक्तिलाई चालीस हजार रुपैयाँदेखि एक लाख साठी हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनादेखि दुई वर्ष कैद वा दुवै सजाय हुन्छ ।

माथि उल्लेख भएको "विभागमा दिएको कुनै जानकारी वा विवरण" भन्ने वाक्यांशको अर्थ दफा १२४ को स्पष्टीकरणमा दिइएअनुसार देहाय बमोजिम हुन्छ :

(१) विभागमा वा आयकर ऐन, २०५८ बमोजिमको कर्तव्यको पालनागर्ने सिलसिलामा विभागबाट अख्तियार प्राप्त अधिकृतसमक्ष लिखित रूपमा दाखिला गरिएको विवरण, र

(२) निवेदन, सूचना, विवरण, उजुरी, बयान वा यस आयकर ऐन, २०५८ बमोजिम दाखिला गरिएको, तयार पारिएको, दिइएको वा पेश गरिएको अन्य कागज,

(३) आयकर ऐनबमोजिम बाहेक विभाग वा विभागका कुनै अधिकृतसमक्ष पेश गरिएको कागजात,

(४) विभाग वा कुनै अधिकृतले कुनै व्यक्तिलाई सोधेको प्रश्नको उत्तर वा

(५) विवरण दिइने कुराको मनासिव जानकारी भएको कुनै व्यक्तिले कुनै अर्को व्यक्तिमार्फत विभाग वा कुनै अधिकृतलाई दिएको जानकारी ।

### २९.४.३ कर प्रशासनमा वाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई सजाय

कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्नेलाई हुने सजायका सम्बन्धमा ऐनको दफा १२५ मा निम्नानुसारको व्यवस्था रहेको छः

**१२५(१): देहायका कार्य गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि बीस हजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ :-**

**(क) यस ऐन बमोजिम आफनो कर्तव्य पालना गर्ने सिलसिलामा विभागको अधिकृतलाई बाधाविरोध गरेमा,**

**(ख) दफा ८३ बमोजिमको सूचना बमोजिम कार्य नगरेमा, वा**

**(ग) अन्य कुनै रूपमा यस ऐनको कार्यान्वयनमा बाधा विरोध गरेमा ।**

**१२५(२): उपदफा (१) बमोजिमको कार्य गर्ने उद्योग गरेमा सो उपदफामा लेखिएको सजायको आधा सजाय हुनेछ ।**

### २९.४.४ अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कसूर गरेमा हुने सजाय

अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले कसूर गरेमा त्यस्तो व्यक्तिलाई हुने सजायका सम्बन्धमा ऐनको दफा १२६ मा निम्नानुसारको व्यवस्था रहेको छः

१२६(१): दफा ८४ को उल्लंघन गर्ने कुनै पनि अख्तियार प्राप्त व्यक्तिलाई असी हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

ऐनको दफा ८४ मा तल उल्लिखित कार्य उल्लंघन गर्न नहुने व्यवस्था गरेको छ :

८४(१) विभागको कुनै पनि अधिकृत तथा अन्य कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा आफ्नो कब्जामा वा जानकारीमा आउने सबै कागजात तथा जानकारी गोप्य राख्नु पर्नेछ ।

८४(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागको कुनै अधिकृतले उपदफा (१) बमोजिमको कागजात वा जानकारी देहायका व्यक्ति समक्ष देहाय बमोजिम प्रकट गर्न सक्नेछ :-

(क) यस ऐन बमोजिम सो अधिकृतको कर्तव्यपालन गर्न आवश्यक भएको हदसम्म,

(ख) यस ऐन बमोजिम प्रशासनीक पुनरावलोकन वा कारवाहीका सम्बन्धमा कुनै अदालत वा न्यायाधिकरणबाट आदेश भएकोमा,

(ग) अर्थ मन्त्री समक्ष,

(घ) अन्य कुनै वित्तीय कानुनको प्रयोजनका लागि प्रकट गर्न आवश्यक भएकोमा,

(ङ) नेपाल सरकारको सेवामा रहेको कुनै व्यक्तिलाई राजस्व वा तथ्यांक सम्बन्धी कार्यका लागि आवश्यक भएमा त्यस्तो व्यक्तिसमक्ष,

(च) पदीय कर्तव्यको पालनको सिलसिलामा पेश गर्न आवश्यक भएकोमा महालेखापरीक्षक वा महालेखापरीक्षकबाट अख्तियार प्राप्त कुनै व्यक्ति समक्ष, वा

(छ) नेपालले अन्तर्राष्ट्रिय सम्झौता गरेको कुनै देशको सरकारको अधिकार प्राप्त अधिकारीसमक्ष त्यस्तो सम्झौतामा तत्सम्बन्धमा व्यवस्था गरिएको हदसम्म ।

८४(३) उपदफा (२) बमोजिम कागजात र जानकारी प्राप्त गर्ने कुनै व्यक्ति, अदालत, न्यायाधिकरण, निकाय वा अधिकारीले आवश्यक परेको न्यूनतम हदसम्मको अवस्थामाबाहेक त्यस्ता कागजात वा जानकारी गोप्य राख्नुपर्नेछ ।

१२६(२): यस ऐन बमोजिम अख्तियार नपाएको कुनै व्यक्तिले कर वा कर भनी अन्य कुनै रकम उठाएमा वा उठाउन प्रयत्न गरेमा असी हजार रुपैयाँदेखि दुई लाख चालीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षदेखि तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

### २९.४.५ मतियारलाई हुने सजाय

मतियारलाई हुने सजायका सम्बन्धमा ऐनको दफा १२७ मा निम्नानुसारको व्यवस्था रहेको छः

१२७: मतियारलाई हुने सजाय : यस ऐन बमोजिम कुनै कसूर गर्न कुनै व्यक्तिलाई जानीजानी मद्दत गर्ने वा त्यस्तो कसूर गर्न सल्लाह दिने वा दुरुत्साहन गर्ने वा झुठा वित्तीय वा कर लेखा प्रमाणित गर्ने वा गलत परामर्श दिने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

तर यस्तो मतियार सरकारी कर्मचारी भएमा कसुरदारलाई हुने सजाय बराबर सजाय हुनेछ ।

२९.४.६ ऐनको पालना नगर्नेलाई हुने सजाय

ऐनको पालना नगर्नेलाई हुने सजायका सम्बन्धमा ऐनको दफा १२८ मा निम्नानुसारको व्यवस्था रहेको छः

१२८: **यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुका कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।**

दफा १२८ ले सामान्य प्रकृतिको सजायको व्यवस्था गरेको छ । स्पष्टसँग सजाय किटान नगरिएका कुरामा प्रस्तुत दफा १२८ प्रयोग हुन्छ । आयकर ऐनमा कसूर भनी परिभाषित गरिएका आयकर ऐनको व्यवस्थाको उल्लंघनका लागि माथि उल्लेख भए बमोजिम खास सजाय तोकिएकोमा सोही सजाय हुन्छ । सो बाहेक आयकर ऐन वा सो आयकर ऐन अन्तर्गत बनेका नियमका कुनै व्यवस्थाको पालना नगर्ने, उल्लंघन गर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि तीस हजारसम्म जरिवाना हुन्छ ।

२९.५ शुल्क, ब्याज तथा जरिवाना गर्ने अधिकारी :

शुल्क तथा ब्याजको निर्धारण गरी असूल गर्ने कार्य दफा १२२ अनुसार विभागबाट हुन्छ जवकि जरिवाना गर्ने अधिकार दफा १३१ ले जिल्ला अदालतलाई प्राप्त छ । विभागले दफा १२९ को अवस्थामा बाहेक जरिवाना लगाउन सक्तैन ।

कुनै व्यक्तिलाई आयकर ऐनको व्यवस्था अनुरूप शुल्क, ब्याज तथा जरिवाना सबै हुने रहेछ भने सो व्यक्तिलाई शुल्क,ब्याज तथा जरिवाना सबै हुन सक्तछ । शुल्क र ब्याज विभागले लगाउन पाउँदछ वा लगाउँदछ तर जरिवाना जिल्ला अदालतबाट कसुर प्रमाणित भएमा लाग्दछ । शुल्क तथा ब्याज बुझाउँदैमा फौजदारी दायित्व अनुरूप गरिएको कसुरका सम्बन्धमा लाग्ने जरिवानाबाट मुक्त हुन सक्दैन ।

२९.५.१ शुल्क तथा ब्याजको निर्धारण :

ऐनको दफा १२२ ले शुल्क तथा ब्याजको निर्धारण गर्ने तरिका निम्न बमोजिम निर्धारण गरेको छ :

१२२(१): **यस परिच्छेद बमोजिम कुनै व्यक्तिले बुझाउनु पर्ने शुल्क तथा ब्याजको निर्धारण विभागले गर्नेछ ।**

१२२(२): **कुनै खास काम पूरा नगरेकोले वा कुनै विवरणका सम्बन्धमा यस परिच्छेद बमोजिम शुल्क तथा ब्याजबापतको दायित्वको गणना गर्दा यस परिच्छेदको प्रत्येक दफाका हकमा छुट्टाछुट्टैरूपमा गणना गर्नु पर्नेछ ।**

१२२(३): **यस दफा बमोजिम लगाइने शुल्क तथा ब्याज यस ऐन बमोजिम अन्य कुनै कर बुझाउनु पर्ने भए त्यस्तो करमा थप गरिनेछ र त्यस्तो शुल्क तथा ब्याज बुझाउँदैमा परिच्छेद-२३ मा उल्लिखित फौजदारी कारवाही सम्बन्धी दायित्वबाट कुनै व्यक्ति मुक्त भएको मानिने छैन ।**

१२२(४): **यस दफा बमोजिम शुल्क तथा ब्याजको निर्धारण गरिएकोमा विभागले देहायका कुरा खुलाइएको सो निर्धारणको लिखित सूचना सो व्यक्तिलाई दिनेछ । यस्तो सूचना दफा १०२ बमोजिम जारी गरिने सूचनामा संलग्न गरी पठाउन सक्नेछ**

(क) विभागले शुल्क तथा ब्याज निर्धारण गर्नुपरेको कारण,

(ख) बुझाउनु पर्ने शुल्क तथा ब्याज बापतको रकम,

(ग) सो रकम कसरी गणना गरिएको हो सोको तरिका, र

(घ) सो निर्धारण विरुद्ध उजुरी गर्ने समय, स्थान र तरिका ।

**१२२(५): यस दफा बमोजिम शुल्क तथा ब्याज निर्धारण गर्दा देहाय बमोजिम हुनेछ :-**

**(क) दफा १०१ को उपदफा (१), उपदफा (२), उपदफा (३) को खण्ड (ख), उपदफा (४) र (५) मा लेखिएका कुराहरु यस दफा बमोजिम शुल्क तथा ब्याज निर्धारण गर्दा पनि लागू हुनेछ, र**

**(ख) दफा १०१ को उपदफा (३) को खण्ड (ख),(ग), उपदफा (४), (५) र दफा १०२ मा लेखिएका कुराहरु यस दफाको उपदफा (४) का हकमा पनि लागू हुनेछ ।**

(१) शुल्क तथा ब्याजको निर्धारण गर्ने अधिकार विभागमा रहेको छ ।

(२) शुल्क तथा ब्याज लाग्ने कुरामा शुल्क तथा ब्याजबापतको दायित्वको गणना गर्दा प्रत्येक दफाका हकमा छुट्टाछुट्टै रूपमा गणना गर्नुपर्दछ । अर्थात जुन जुन दफा अनुसार ब्याज वा शुल्क लाग्ने हो प्रत्येक दफाले लाग्ने ब्याज वा शुल्क छुट्टाछुट्टै गणना गरी ब्याज वा शुल्कको रकम निकाल्नु पर्दछ । यसो गर्दा एक भन्दा बढी दफा अनुसार ब्याज अनि शुल्क लाग्ने देखिएमा प्रत्येक दफा अनुरूप निर्धारण गर्नुपर्दछ ।

(३) दफा १२२ अनुसार हिसाब गरी लगाइने शुल्क तथा ब्याज रकम आयकर ऐनका विभिन्न दफाका व्यवस्था अनुरूप लाग्ने वा बुझाउनुपर्ने अन्य कुनै कर बुझाउनपर्ने भए त्यस्तो करमा थप गर्नुपर्दछ ।

(४) शुल्क तथा ब्याजको निर्धारण गरिसकेपछि विभागले देहायका कुरा खुलाई निर्धारण गरिएको कुराको लिखित सूचना सो शुल्क तथा ब्याज लगाइएको व्यक्तिलाई दिनुपर्दछ।

(क) विभागले शुल्क तथा ब्याज निर्धारण गर्नुपरेको कारण,

(ख) बुझाउनुपर्ने शुल्क तथा ब्याजबापतको रकम,

(ग) सो रकम कसरी गणना गरिएको हो सोको तरिका, र

(घ) सो निर्धारणविरुद्ध उजुरी गर्ने समय, स्थान र तरिका ।

(५) शुल्क तथा ब्याजको निर्धारण गरिएको सूचना स्वतन्त्र रूपमा पनि पठाउन मिल्छ र दफा १०२ बमोजिम जारी गरिने सूचनामा संलग्न गरी पठाउन सकिन्छ । सामान्यतः कर निर्धारणकै बखत ब्याज तथा शुल्क हिसाब गरिने हुँदा दफा १०२ को सूचनासँग पठाउनु बढी सहज र व्यवहारिक हुने हुन्छ । तर सो कुरा पृथक अर्थात अलग रूपमा ब्याज तथा शुल्क निर्धारण गरिएकोमा वा गर्नुपर्ने भएमा छुट्टै सूचना पठाउन सकिन्छ ।

(६) शुल्क तथा ब्याज निर्धारण गर्दा दफा १०१ को उपदफा (१) उपदफा (२) उपदफा (३) को खण्ड (ख) उपदफा (४) र (५) मा लेखिएका कुरा पनि लागू हुन्छन। त्यसैगरी दफा १०१ को उपदफा (३) को खण्ड (ख), (ग) उपदफा (४) (५) र दफा १०२ मा लेखिएका कुरा शुल्क तथा ब्याजको निर्धारण पश्चात पठाइने सूचनाको हकमा पनि लागू हुन्छ ।

### २९.५.२ विभागले जरिवानाको रकम दाखिला गर्न आदेश दिन सक्ने:

विभागले जरिवानाको रकम दाखिला गर्न आदेश दिन सक्ने सम्बन्धमा ऐनको दफा १२९ मा निम्न बमोजिमको व्यवस्था रहेको छ :

१२९(१) : **यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १२६ मा उल्लिखित कसूरमा बाहेक कुनै व्यक्तिले आफूले यस परिच्छेदमा उल्लेख भएको अन्य कुनै एक वा एकभन्दा बढी कसूर गरेको भनी अदालती कारबाहीको प्रक्रिया शुरु हुनु अगावै लिखित रूपमा स्वीकार गरेमा त्यस्तो एक वा एकभन्दा बढी कसूर गरे बापत लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना रकम दाखिला गर्न विभागले त्यस्तो व्यक्तिलाई आदेश दिन सक्नेछ ।**

१२९(२): **विभागले उपदफा (१) बमोजिमको आदेश दिँदा सो आदेशमा त्यस्तो कसूर, बुझाउनु पर्ने जरिवाना रकम र जरिवाना रकम बुझाउनुपर्ने मिति खुलाउनु पर्नेछ ।**

१२९(३): **विभागले यस दफा बमोजिम दिएको आदेश अन्तिम हुनेछ र सो उपर पुनरावेदन लाग्ने छैन ।**

जरिवाना रकम दाखिला गराउने सम्बन्धमा दफा १२९ ले विभागलाई विशेष अधिकार प्रदान गरेको छ। सामान्यतः जिल्ला अदालतबाट कसूर प्रमाणित भई जरिवाना निर्धारण नहुन्जेलसम्म जरिवाना रकम दाखिला गराउने, असुल गर्ने काम गर्न मिल्दैन । तर देहायको स्थिति र हदभित्र सीमित रही विभागले जरिवाना दाखिला (असुल) गराउन पाउँदछः

(१) विभागले दफा १२६ अनुसार अख्तियार प्राप्त वा अख्तियार नभएको व्यक्तिले गरेको कसुर बापतको सजाय बाहेकका अन्य कसुरमा सम्बन्धित व्यक्तिले कसुर गरेको भनी अदालती कारबाहीको प्रक्रिया (अदालतमा मुद्दा दर्ता चलाउनु) हुनुभन्दा अगावै लिखित रूपमा स्वीकार गरेमा स्वीकार गरेको हदसम्मको जरिवाना रकम दाखिला गराउन सक्तछ ।

(२) विभागले त्यसरी सम्बन्धित व्यक्तिले स्वीकार गरेको हदसम्म मात्र एक वा एक भन्दा बढी कसूर बापतको हुने सजाय दाखिला गराउन सक्तछ ।

(३) दाखिला गराउने जरिवाना रकम सम्बन्धित कसुरमा हुन सक्ने उपल्लो हद रहेको छ किनकि कसूर गरे बापत लाग्ने जरिवाना रकममा नबढ्ने गरी जरिवाना दाखिला गर्न विभागले आदेश दिन सक्तछ ।

(४) जरिवाना दाखिला गर्न दिइने आदेश लिखित हुनुपर्दछ र सो आदेशमा त्यस्तो कसूर, बुझाउनपर्ने जरिवाना रकम र जरिवाना रकम बुझाउनपर्ने मिति खुलाउनु पर्दछ ।

(५) विभागले दिएको जरिवाना दाखिला गराउने आदेश अन्तिम हुन्छ र सो आदेश उपर पुनरावेदन लाग्दैन ।

## २९.६ मुद्दासम्बन्धी व्यवस्था

### २९.६.१ मुद्दाको तहकिकात र दायरीः

ऐनको दफा १३१ मा मुद्दाको तहकिकात र दायरीका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

१३१(१): **यस परिच्छेद बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकृतले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएको पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष मुद्दा दायर गर्नु पर्नेछ ।**

१३१(२): **उपदफा (१) बमोजिम तहकिकात गर्दा तहकिकात गर्ने अधिकृतले सरकारी वकिलको राय सल्लाह लिनु पर्नेछ ।**

दफा १३० र १३१ अनुसार कसूरको तहकिकात एवम् मुद्दा दायर गर्ने सम्बन्धमा निम्न प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

(१) आयकर ऐनको परिच्छेद २३ अनुसारका कसूरका सम्बन्धमा सजायको लागि विभागले सम्बन्धित जिल्ला अदालतसमक्ष मुद्दा चलाउनुपर्दछ । यसरी चलाउने मुद्दामा दफा १३० अनुसार नेपाल सरकार बादी हुन्छ ।

(२) सजाय हुने कसूरको तहकिकात नियम ३७ अनुसार विभागले खटाएको अधिकृतले गर्दछ ।

(३) तहकिकातको काम पूरा भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्दछ ।

(४) तहकिकात गर्दा तहकिकात गर्ने अधिकृतले सरकारी वकिलको राय सल्लाह लिनुपर्दछ ।

### २९.६.२ नेपाल सरकार बादी हुने

ऐनको दफा १३० मा विभागले दायर गर्ने मुद्दामा बादी हुने सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३०: यस परिच्छेद अन्तर्गतको मुद्दामा नेपाल सरकार बादी हुनेछ ।**

## परिच्छेद ३०

## प्रशासकीय पुनरावलोकन र पुनरावेदन

## (Administrative Review and Appeal)

३०.१ आयकर ऐन, २०५८ ले न्यायिक उपचारलाई श्रृंखलाको रूपमा (एकपछि अर्को प्राप्त हुने गरी) अंगाल्नु पर्ने व्यवस्था गरेको छ । यस अनुसार मर्का परेको ठान्ने करदाताले पहिले आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकीय पुनरावलोकनका लागि जानु पर्दछ । निश्चित समयमा विभागबाट उपचार नपाए वा त्यहाँबाट भएको निर्णयमा चित्त नबुझेमा करदाताले राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्तछ । प्रशासकीय पुनरावलोकन सम्बन्धी प्रक्रिया यसै ऐन बमोजिम र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्ने र त्यसमा सुनवाई गर्ने प्रक्रिया र शर्त हुँदै राजस्व न्यायाधिकरण ऐन, २०३१ र राजस्व न्यायाधिकरण नियमावली, २०३० द्वारा व्यवस्थित गरिएका छन् । ऐनको परिच्छेद २१ मा पुनरावलोकन र पुनरावेदन सम्बन्धमा कर अधिकृत वा आन्तरिक राजस्व कार्यालय वा आन्तरिक राजस्व विभागद्वारा भएका कर निर्धारण, पूर्वादेश लगायतका निर्णयबाट चित्त नबुझाउने करदातालाई उपचार खोज्ने, प्राप्त गर्ने प्रक्रिया र शर्त निर्धारण गरिएका छन् । आन्तरिक राजस्व विभागको महानिर्देशकसमक्ष पुनरावलोकन गर्ने र राजस्व न्यायाधिकरणसमक्ष पुनरावेदन जान सक्ने प्रावधानका सम्बन्धमा विस्तृत व्याख्या यस परिच्छेदमा गरिएको छ ।

३०.२ **प्रशासकीय पुनरावलोकन :**

कर अधिकृत वा विभागद्वारा भएका आदेश वा निर्णयलाई प्रशासनिक तवरबाट छानबिन गर्ने एवम् कानुनसम्मत भए नभएको हेरिने प्रक्रियालाई प्रशासकीय पुनरावलोकन भनिन्छ । यसरी छानबिनका आधारमा त्यस्ता निर्णय कानुनसम्मत भएको नदेखिएको हदसम्म त्यस्ता निर्णय वा आदेश बदर गरिन्छ । तल्लो अधिकारीले प्रक्रियाबारे ज्ञानको अभावमा, प्राविधिक/गणितीय त्रुटि गरेकोमा, लापरवाही वा दक्षताको अभावमा गरेको त्रुटि माथिल्लो अधिकारी ( महानिर्देशकले) सच्याई समग्र आन्तरिक राजस्व विभाग एक एकीकृत निकायको तर्फबाट करदातालाई सकभर समुचित निर्णय प्रदान गर्ने हेतुले पनि सहजता र तत्काल पुनरावलोकनको सुविधा प्रदान गर्न यो व्यवस्था गरिएको छ। ऐनको दफा ११४ मा प्रशासकीय पुनरावलोकन हुनसक्ने निर्णय तथा कार्यविधिका सम्बन्धमा निम्नानुसार व्यवस्था छः

**११४(१): यस ऐनको प्रयोजनको लागि देहायका निर्णयहरू उपर प्रशासकीय पुनरावलोकन हुनसक्नेछ :-**

**(क) दफा ७६ बमोजिम विभागले जारी गरेको पूर्वादेश,**

**(क१) दफा ९० को उपदफा (८) बमोजिम गरिएको निर्णय वा दिइएको आदेश,**

**(ख) दफा ९५ को उपदफा (७) बमोजिम कुनै व्यक्तिले दाखिला गर्नुपर्ने अनुमानित करका बारेमा विभागले गरेको अनुमान वा अनुमान गर्नको लागि गरेको निर्णय,**

**(ग) दफा ९६ को उपदफा (५) वा दफा ९७ बमोजिम आय विवरण पेश गर्न कुनै व्यक्तिलाई आदेश दिने गरी विभागले गरेको निर्णय,**

**(घ) कुनै व्यक्तिले दफा ९८ बमोजिम पेश गर्नुपर्ने आय विवरणको म्याद थप गरिपाउँन दिएको निवेदनमा विभागले गरेको निर्णय,**

**(ङ) दफा १०० वा १०१ बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षको लागि बुझाउनु पर्ने करको निर्धारण वा दफा १०५ को उपदफा (५) बमोजिमको लिलाम बिक्री खर्चको**

निर्धारण वा दफा १२२ बमोजिम कुनै व्यक्तिले बुझाउनु पर्ने शुल्क तथा ब्याजको निर्धारण,

(च) दफा १०८ को उपदफा (२) बमोजिम प्रापकको हैसियतमा कुनै व्यक्तिले पाउने रकम भनी छुट्याई राख्नु पर्नेगरी विभागले दिएको सूचना,

(छ) दफा १०९ को उपदफा (१) बमोजिम कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउनु पर्ने रकम राख्ने कुनै व्यक्तिलाई विभागमा दाखिला गर्न आदेश दिने गरी विभागले गरेको निर्णय,

(ज) दफा ११० को उपदफा (१) बमोजिम गैर बासिन्दा व्यक्तिको तर्फबाट दाखिला गर्नुपर्ने कुनै व्यक्तिको कर दाखिला गर्न कुनै व्यक्तिलाई आदेश दिनेगरी विभागले गरेको निर्णय,

(झ) दफा ११३ को उपदफा (५) बमोजिम कर फिर्ता पाउँ भनी कुनै व्यक्तिले दिएको कुनै निवेदन उपर विभागले गरेको निर्णय, र

(ञ) दफा ११५ को उपदफा (३) बमोजिम उजुरी दर्ता गर्ने म्याद थपको लागि कुनै व्यक्तिले दिएको कुनै निवेदन उपर विभागले गरेको निर्णय ।

ऐनको दफा ११४ को उपदफा (१) अनुसार देहायका निर्णय उपर प्रशासकीय पुनरावलोकन हुन सक्तछ :

१) दफा ७६ बमोजिम कुनै व्यक्तिले कुनै द्विविधा निराकरणका लागि विभागसमक्ष लिखितरूपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखितरूपमा द्विविधा निराकरण गर्ने जारी गरेको पूर्वादेश,

२) दफा ९० को उपदफा (८) बमोजिम स्रोतमा करकट्टी गरी विवरण एवम् कर दाखिला नगर्ने वा घटी दाखिला गर्नेलाई त्यस्तो दाखिला नगरेको वा घटी दाखिला गरेको रकम र सोमा लाग्ने ब्याज समेत दाखिला गर्नु भनी गरिएको निर्णय वा आदेश,

३) दफा ९५ को उपदफा (७) बमोजिम कुनै व्यक्तिले दाखिला गर्नुपर्ने अनुमानित करका बारेमा विभागले गरेको अनुमान वा अनुमान गर्नका लागि गरेको निर्णय,

४) दफा ९६ को उपदफा (५) वा दफा ९७ बमोजिम आय विवरण पेश गर्न कुनै व्यक्तिलाई आदेश दिने गरी विभागले गरेको निर्णय,

५) कुनै व्यक्तिले दफा ९८ बमोजिम पेश गर्नुपर्ने आय विवरणको म्याद थप गरी पाउँन दिएको निवेदनमा विभागले गरेको निर्णय,

६) दफा १०० वा दफा १०१ बमोजिम कुनै व्यक्तिले कुनै आय वर्षको लागि बुझाउनुपर्ने करको विभागद्वारा (कर अधिकृतद्वारा) गरिएको संशय करनिर्धारण वा संशोधित कर निर्धारण,

७) दफा १०५ को उपदफा (५) बमोजिमको लिलाम बिक्री खर्चको निर्धारण,

८) दफा १२२ बमोजिम कुनै व्यक्तिले बुझाउनुपर्ने शुल्क तथा ब्याजको निर्धारण,

९) दफा १०८ को उपदफा (२) बमोजिम बक्यौता कर संकलन गर्ने उद्देश्यले प्रापकको हैसियतमा कुनै व्यक्तिले पाउने रकम भनी छुट्याई राख्नुपर्ने गरी विभागले दिएको सूचना,

१०) दफा १०९ को उपदफा (१) बमोजिम कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउनुपर्ने रकम राख्ने कुनै व्यक्तिलाई सो रकम विभागमा दाखिला गर्न आदेश दिने गरी विभागले गरेको निर्णय,

११) दफा ११० को उपदफा (१) बमोजिम गैर बासिन्दा व्यक्तिको तर्फबाट दाखिला गर्नुपर्ने कुनै व्यक्तिको कर दाखिला गर्न कुनै व्यक्तिलाई आदेश दिनेगरी विभागले गरेको निर्णय,

१२) दफा ११३ को उपदफा (५) बमोजिम कर फिर्तापाउँ भनी कुनै व्यक्तिले दिएको निवेदन उपर विभागले गरेको निर्णय,

१३) दफा ११५ को उपदफा (३) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि उजुरी दर्ता गर्ने म्याद गुज्रिन गएकोले सो गुज्रेको म्याद थामी पाउँ भनी म्याद थपको लागि कुनै व्यक्तिले दिएको कुनै निवेदन उपर विभागले गरेको निर्णय ।

**११४(२): उपदफा (१) को खण्ड (घ), (झ) र (ञ) मा उल्लिखित विषयहरूका सम्बन्धमा विभागले कुनै निर्णय गरेको भएतापनि दफा ९८, दफा ११३ को उपदफा (३) वा दफा ११५ को उपदफा (३) बमोजिम निवेदन दिने व्यक्तिलाई निवेदन परेको तीस दिनभित्र विभागले निर्णयको सूचना नदिएमा सो निवेदन अस्वीकार गर्ने निर्णय गरे सरह मानी उपदफा (१) बमोजिम सो उपर प्रशासकीय पुनरावलोकन हुन सक्नेछ ।**

ऐनको दफा ११४ को उपदफा (२) अनुसार देहायमा लेखिएका निर्णय विरुद्ध पनि प्रशासकीय पुनरावलोकनको उजुरी लाग्न सक्तछ :

१) दफा ९८ अनुसार आय विवरण पेश गर्ने म्याद गुज्रिएकोले सो म्याद थप गरी पाउँ भनी दिएको निवेदनमा म्याद थप गरिदिएको सूचना निवेदन परेको ३० दिनभित्र विभागले नदिएमा निवेदकले सो निवेदन अस्वीकार गरेको अर्थात म्याद थप नगरेको निर्णय सरह मानी सो म्याद नथप्ने निर्णय विरुद्ध,

२) दफा ११३ बमोजिम कर फिर्ता पाउन दिएको निवेदनमा निवेदन गरेको ३० दिनभित्र विभागले सो विषयमा गरेको निर्णयको सूचना नदिएमा विभागले सो निवेदन अस्वीकार गर्ने निर्णय गरे सरह मानी निवेदकले त्यस्तो निर्णय विरुद्ध,

३) दफा ११५ का उपदफा (३) बमोजिम प्रशासकीय पुनरावलोकन गर्ने म्याद थपको लागि दिएको निवेदनको सम्बन्धमा विभागले निवेदन परेको मितिबाट ३० दिनभित्र म्याद थप गरे नगरेको सूचना नदिएमा निवेदकले सो निवेदन अस्वीकार गर्ने गरी निर्णय भएको मानी सो निर्णय विरुद्ध,

**११४(३): उपदफा (२) बमोजिमको म्यादभित्र निर्णयको सूचना निवेदन दिने व्यक्तिलाई प्राप्त नभएमा र सोको जानकारी विभागमा दर्ता गराएमा विभागले सो उपदफामा उल्लिखित निवेदन अस्वीकार गर्न गरेको निर्णय र सोको सूचना सो मितिमा सो व्यक्तिलाई दिएको मानिनेछ ।**

प्रशासकीय पुनरावलोकनको उजुरी दर्ता गर्ने म्याद गणनाको लागि कठिनाई उत्पन्न हुने अवस्था हुन्छ । किनकि उपर्युक्त ३ वटै स्थितिमा निवेदकले गरेको माग दाबी विभागले अस्वीकार गरेको कुरा निवेदकलाई थाहा दिइएको हुँदैन नत निवेदकले थाहा पाउने कुनै आधार देखिन्छ । यस परिस्थितिमा निवेदन गर्ने म्याद कहाँबाट गणना गर्ने भन्ने प्रश्न उपस्थित हुन्छ । यस समस्याको समाधान दफा ११४ को उपदफा (३) द्वारा गरिएको छ । उक्त उपदफा (३) ले निम्न अवस्था पुगेको खण्डमा निवेदकले निर्णयको सूचना प्राप्त भएको मानिन्छ :

१) विभागले म्याद (३० दिन) भित्र निर्णयको सूचना निवेदकलाई नदिएमा र

२) निवेदकले सो कुरामा आफ्नो जानकारी विभागमा दर्ता गराएका मितिमा ।

३०.३ प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेः

३०.३.१ प्रशासकीय पुनरावलोकनका लागि दिइने निवेदन

प्रशासकीय पुनरावलोकनका लागि दिइने निवेदनका सम्बन्धमा ऐनको दफा ११५ को उपदफा (१), उपदफा (२), उपदफा (३) तथा उपदफा (६) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**११५(१): दफा ११४ बमोजिमका प्रशासकीय पुनरावलोकन गर्न सकिने निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस दिनभित्र सो निर्णय विरुद्ध विभागसमक्ष निवेदन दिन सक्नेछ ।**

**११५(२): उपदफा (१) बमोजिम दिने निवेदनमा त्यस्तो पुनरावलोकन हुनुपर्ने कारण तथा आधारहरू स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।**

**११५(३): उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै व्यक्तिले म्याद थपको लागि म्याद गुज्रेको मितिले सात दिनभित्र निवेदन दिएमा विभागले देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) मनासिव कारण देखिएमा उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको लागि म्याद थप्न, र**

**(ख) सो निवेदन उपर विभागले गरेको निर्णयको लिखित सूचना निवेदकलाई दिन ।**

**११५(६): उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित कर रकममध्ये विवादरहित करको सम्पूर्ण रकम र विवादित करकोएक चौथाई रकम बुझाउनु पर्नेछ ।**

प्रशासकीय पुनरावलोकनका लागि विभागसमक्ष निवेदन दिनुपर्दछ । त्यस्तो निवेदन दायर गर्न निम्न कार्यविधि पूरा गर्नुपर्दछ :

१) दफा ११४ अनुसार प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णयमा चित्त नबुझे सो विरुद्ध मात्र निवेदन दिनु पर्दछ ।

२) निवेदन दिँदा त्यस्तो निर्णयको सूचना पाएको ३० दिनभित्र दिनु पर्दछ । कुनै कारणले निवेदन दिने उक्त म्याद गुज्रन गएमा सो म्याद गुज्रेका मितिले सात दिनभित्रै म्याद थप माग्न निवेदन दिन सकिन्छ ।

३) म्याद थपको लागि परेको निवेदनमा विभागले छानबिन गर्नुपर्दछ । त्यसरी छानबिन गर्दा म्याद गुज्रेको मनासिव कारण देखिएमा म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनसम्म विभागले म्याद थप गरिदिन सक्तछ । त्यसरी म्याद थप भएको सूचना लिखितरूपमा विभागले निवेदकलाई दिनुपर्दछ । म्याद थप माग भएको ७ दिनभित्रमा म्याद थपको निर्णय गर्नु पर्नेछ ।

४) म्याद थपको लागि परेको निवेदनमा म्याद थप गर्नै पर्छ भन्ने अनिवार्यता हुँदैन । कारण मनासिव नलागेमा म्याद थप नगर्न विभागले सक्तछ । तर त्यसरी म्याद थप नभएमा सोको लिखित जानकारी निवेदकलाई दिनुपर्छ । म्याद थप नगर्ने निर्णय उपर दफा ११४(२) बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन लाग्दछ ।

५) प्रशासकीय पुनरावलोकनका लागि दिइने निवेदनपत्रको ढाँचा र त्यसमा खुलाउनुपर्ने कुराबारे आयकर ऐन नियममा कुनै उल्लेख भएको पाइदैन । यसो हुँदा सामान्य चलनचल्तिको ढाँचामा निवेदन लेख्न सकिन्छ । निवेदनमा निवेदकलाई सो निर्णयले के कुन कानुनको के कसरी उल्लंघन भएर निवेदकलाई के कति र के कस्तो मर्का परेको हो भन्ने खुलाउनका साथै पुनरावलोकन हुनपर्ने आधार र कारण स्पष्टरूपमा

उल्लेख गर्नुपर्छ । सामान्यतः यस्तो निवेदनमा के कति कर, ब्याज, शुल्क लाग्नु पर्ने थियो र कति बढी लगाइयो भन्ने कुरा खोल्नु पर्छ ।

६) आयकर ऐनमा कसले प्रशासकीय पुनरावलोकनको निवेदन दिने हो भन्ने कुरा खुलाइएको पाइदैन । यस्तोमा सामान्यत निर्णयले जसलाई असर/मर्का पर्दछ त्यसैलाई मर्का पर्ने पक्ष मानिन्छ । आयकर ऐन अन्तर्गतका सबै कुरा कर लाग्ने आय आर्जनसँग सम्बन्धित छन् । तसर्थ आय आर्जनको क्रममा संलग्न हुने व्यक्ति खास गरी कर तिर्ने वा कर असुल गर्ने दायित्व भएको व्यक्ति विरुद्ध नै निर्णय, आदेश इत्यादि हुने कुरा स्वाभाविक हुन्छ । तसर्थ त्यस्तो निर्णय वा आदेशबाट मर्कामा परेको व्यक्तिले आफै वा अधिकृत प्रतिनिधि/वारेश मार्फत प्रशासकीय पुनरावलोकनको निवेदन दिने हक राख्दछ ।

७) प्रशासकीय पुनरावलोकन वारिस (प्रतिनिधि)बाट दिन सकिन्छ । यसका लागि विधिसम्मत ढंगबाट सो प्रयोजनका लागि वारेस/प्रतिनिधि मनोनित गरेको देखिने कागज संलग्न भएको हुन अनिवार्य हुन्छ ।

८) प्रशासकीय पुनरावलोकन गर्दा अविवादित कर निवेदकले चित्त बुझाएको पूरै र निवेदकले विवाद उठाएको कर रकमको एकचौथाई बुझाएको निस्सा निवेदनसाथ संलग्न हुनु अनिवार्य हुन्छ । अन्यथा प्रशासकीय पुनरावलोकनको कारबाही हुन सक्तैन

९) निवेदनसाथ आफ्नो दाबी, जिकिर पुष्टि गर्ने प्रमाण संलग्न राख्नु पर्छ ।

### ३०.३.२ प्रशासकीय पुनरावलोकन गर्ने विभागको अधिकारक्षेत्रः

प्रशासकीय पुनरावलोकन गर्ने विभागको अधिकारक्षेत्रका सम्बन्धमा ऐनको दफा ११५ को उपदफा (७) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**११५(७): कुनै व्यक्तिले उपदफा (१) बमोजिम दिएको निवेदन उपर विभागले देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) सो निवेदनमा उल्लिखित कुराहरूलाई पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न, र**

**(ख) निवेदन उपरको निर्णयको लिखित सूचना सो व्यक्तिलाई दिन ।**

आफूसमक्ष परेको पुनरावलोकन गरी पाउँ भन्ने निवेदन रीतपूर्वक, कानुनको प्रक्रिया र शर्त पुगेको रहेछ भने विभागले निवेदन दर्ता भएको मितिले साठी दिनभित्र कारबाही गरी टुङ्गो लगाई दिनुपर्दछ । यसरी कारबाही अघि बढाउँदा दफा ११५ को उपदफा (७) ले विभागलाई निम्न अधिकार दिएको छ ।

१) सो निवेदनमा उल्लिखित कुरालाई पूर्ण वा आंशिकरूपमा स्वीकार वा अस्वीकार गर्न, र

२) निवेदन उपरको निर्णयको लिखित सूचना सो व्यक्ति (निवेदक) लाई दिन ।

उपर्युक्त कानुनी व्यवस्थालाई विश्लेषण गर्दा निवेदकले दिएको निवेदन मनासिव देखिएमा निज विरुद्ध भएका निर्णयलाई पूर्ण वा आंशिकरूपमा बदर गर्न विभागले सक्तछ । त्यसैगरी जिकिर मनासिव नदेखिएमा निवेदकको माग नपुग्ने गरी निर्णय गर्न सकिन्छ । प्रशासकीय पुनरावलोकन गर्दा जे जस्तो निर्णय (परिणाम) भए पनि विभागले त्यसको जानकारी लिखितरूपमा निवेदकलाई दिनु पर्दछ ।

### ३०.३.३ प्रशासकीय पुनरावलोकन गर्ने म्यादसम्म निर्णय तामेलीमा रहने :

प्रशासकीय पुनरावलोकन गर्ने म्यादसम्म निर्णय तामेलीमा रहने सम्बन्धमा ऐनको दफा ११५ को उपदफा (४) तथा उपदफा (५) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**११५(४): उपदफा (१) बमोजिम निवेदन दिएको कारणबाट दफा ११४ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।**

**११५(५): उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कुनै व्यक्तिबाट दिइएको निवेदनको टुंगो नलागेसम्म दफा ११४ को उपदफा (१) बमोजिम भएको निर्णयलाई विभागले तामेलीमा राख्न वा अन्य कुनै किसिमले प्रभावित गर्न सक्नेछ ।**

ऐनको दफा ११५ को उपदफा (४) र उपदफा (५) को व्यवस्था अनुसार विचाराधीन निर्णयको स्थिति निम्न हुन्छः

१) सामान्यत प्रशासकीय पुनरावलोकनको निवेदन परेकै कारणबाट विवादास्पद निर्णय कार्यान्वयन गर्न नसकिने हुँदैन ।

२) प्रशासकीय निवेदनको टुङ्गो नलागेसम्म विचाराधीन निर्णय तामेलीमा राख्नु वा अन्य कुनै किसिमले प्रभावित गर्न/पार्न विभागले सक्दछ /विभागले आफ्नो तल्लो निकायले गरेको निर्णयलाई स्थगन (Stay)राख्न सक्दछ ।

### ३०.३.४ प्रशासकीय पुनरावलोकनको निर्णय :

प्रशासकीय पुनरावलोकनको निवेदन माथिको निर्णयको समयावधी सम्बन्धमा ऐनको दफा ११५ को उपदफा (८) तथा उपदफा (९) मा निम्नानुसारको व्यवस्था रहेको छ :

**११५(८): उपदफा (१) बमोजिम निवेदन दिएको मितिले साठी दिनभित्र विभागले सो निवेदन उपरको निर्णयको सूचना निवेदकलाई नदिएमा निवेदकले दफा ११६ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्नेछ ।**

**११५(९): उपदफा (८) बमोजिम पुनरावेदन गरेमा त्यस्तो व्यक्तिले पुनरावेदन दर्ता गरेको मितिले पन्ध्र दिनभित्र पुनरावेदनपत्रको प्रतिलिपि संलग्न गरी विभागसमक्ष लिखित जानकारी गराउनु पर्नेछ ।**

दफा ११५ को व्यवस्था अनुसार विभागले प्रशासकीय पुनरावलोकनको निवेदनमाथि दर्ता भएको मितिले ६० दिनभित्र छानबिन गरी निर्णय गरी सक्नु पर्दछ र त्यसको सूचना निवेदकलाई दिई सक्नु पर्दछ । सो म्यादभित्र विभागले निर्णयको सूचना नदिएको स्थितिमा निवेदकले "विभागबाट मेरो निवेदनमा निर्णय भएको मैले ठहराएँ" भन्ने आशयको जानकारी विभागमा दर्ता गराई आफूले दिएको निवेदन अस्वीकार भएको अर्थात आफ्नो माग बमोजिमको उपचार विभागबाट भएन भन्ने ठहराउन सक्तछ । त्यसो गर्दा विभागलाई आफूले त्यस्ता ठानेको कुराको लिखित जानकारी गराउन निवेदकका लागि अनिवार्य हुन्छ । प्रशासकीय पुनरावलोकनको निर्णय विरुद्ध राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने हुँदा सो प्रयोजनका लागि निवेदकबाट त्यस्तो जानकारी दर्ता गराएको मितिमा प्रशासकीय पुनरावलोकन उपर निर्णय भएको र त्यस्तो निर्णयको सूचना निवेदकलाई प्राप्त भएको वा दिएको मानिन्छ ।

## ३०.४ राजस्व न्यायाधिकरणमा लाग्ने पुनरावेदन र निर्णय सम्बन्धी व्यवस्था :

### ३०.४.१ राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने

ऐनको दफा ११६ मा राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

**(१) दफा ११५ बमोजिम विभागमा दिएको निवेदन उपर भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।**

(२) **उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ ।**

(३) **उपदफा (१) बमोजिम पुनरावेदन दिएको कारणबाट दफा ११४ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।**

(४) **दफा ११४ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णय महानिर्देशकले गरेको भए राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ ।**

ऐनको दफा ११६ अनुसार देहायका निर्णय विरुद्ध राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्दछः

१) प्रशासकीय पुनरावलोकनका लागि दिएको निवेदनमा विभागले दफा ११५ बमोजिम गरेको निर्णय,

२) दफा ११४ को उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णय स्वयं महानिर्देशकले गरेको रहेछ भने त्यस्तो महानिर्देशकले गरेको निर्णय ।

पुनरावेदन गर्ने कुरा कानुनद्वारा व्यवस्थित गरिएको हुन्छ । पुनरावेदनद्वारा तल्लो अधिकारी वा निकायद्वारा भए गरेको निर्णय न्याय एवम् कानुनसम्मत भएको छ छैन जाँचिन्छ र न्याय एवम् कानुन प्रतिकूल देखिएको स्थितिमा त्यस्तो निर्णय बदर हुन्छ ।

आयकरको सन्दर्भमा हेर्दा शुरुदेखिनै पुनरावेदन गर्न पाइने गरी कानुन बनेको देखिन्छ । आयकर ऐन, २०३१ ले शुरु कर निर्धारण आदेश विरुद्ध महानिर्देशकसमक्ष निवेदन लिएर जाने वा राजस्व न्यायाधिकरणसमक्ष पुनरावेदन गर्न जाने भन्ने कुरामा पक्षलाई छान्न पाउने अधिकार दिएको थियो । आयकर ऐन, २०५८ ले दफा ११६ को उपदफा (४) को स्थितिमा बाहेक सबै निर्णय, आदेश विरुद्ध पुनरावलोकन गर्न पहिलो आन्तरिक राजस्व विभागमा जानुपर्ने र तहाँबाट भएको निर्णयमा चित्त नबुझेको स्थितिमामात्र राजस्व न्यायाधिकरणमा जान सकिने गरी पुनरावेदनको अधिकारलाई व्यवस्थित गरेको छ ।

पुनरावेदन गर्ने प्रक्रिया तथा पुनरावेदनमा निर्णय दिने अधिकार सम्बन्धी कुरा राजस्व न्यायाधिकरण ऐन, २०३१ र राजस्व न्यायाधिकरण नियमावली, २०३० द्वारा व्यवस्थित गरिएका छन् ।

### ३०.४.२ पुनरावेदनको ढाँचा तथा पुनरावेदनमा खुलाउनुपर्ने कुरा :

पुनरावेदन गर्नका लागि राजस्व न्यायाधिकरण नियमावली, २०३० को अनुसूची-२ मा ढाँचा तोकिएको छ । सो ढाँचामा पुनरावेदन तयार गर्नुपर्छ । पुनरावेदनमा सो नियमावलीको नियम ९ द्वारा उल्लेख गरिएका निम्न कुरा खुलाइएको हुनुपर्ने छ ।

(क) पुनरावेदक र विपक्षी प्रत्येकको पूरा नाउँ, थर, वतन,

(ख) पुनरावेदन गरिने फैसला वा अन्तिम निर्णयका मिति, फैसला गर्ने हाकिम र अड्डा वा कार्यालयको नाउँ,

(ग) सुरु फैसला हुँदा पुनरावेदक र विपक्षी बादी प्रतिवादी के थिए ?

(घ) पुनरावेदन गरेको मुद्दाको खुल्न सकेसम्मको बिगो,

(ङ) पुनरावेदन न्यायाधिकरणका अधिकारक्षेत्र भित्रको र हद म्यादभित्र परेको कुरा,

(च) अध्यादेशको दफा ८ बमोजिम निर्धारित कर वा लागेको जरिवानाको रकम पूरै धरौटी राखेको वा आधी धरौटी राखी आधी बापत जमानी दिई सम्बन्धित अधिकृतको निस्सा लिएकोमा सो निस्सा र कर वा जरिवाना नलागेकोमा पुनरावेदनपत्र दस्तुर रु.१०।- साथ राखेको,

(छ) पुनरावेदन गरिने फैसला वा अन्तिम निर्णयले लागेको बिगो वा गरेको दण्ड सजाय र

सो बुझाए नबुझाएको,

(ज) पुनरावेदन गरिएका फैसला वा अन्तिम निर्णयमा चित्त नबुझेको विषयमा दफा दफा खोली तथ्य र कानुनको बुँदा खुलाउने,

(झ) पुनरावेदन जिकिर र माग लेख्ने ।

**३०.४.३ राजस्व न्यायाधीकरणको अधिकार क्षेत्र :**

राजस्व न्यायाधीकरण ऐन, २०३१ को दफा ६ अनुसार पुनरावेदन सुन्ने सम्बन्धमा राजस्व न्यायाधिकरणका अधिकार निम्न हुन्छन् :

(क) मुद्दाको अन्तिम निर्णय गर्ने,

(ख) मुद्दामा ठहराउनुपर्ने कुरा खुलाई मनासिव समय तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारबाही र किनारा गर्न शुरु किनारा गर्ने अड्डा वा अधिकारीछेउ फिर्ता पठाउने,

(ग) शुरु किनारा गर्ने अड्डा वा अधिकारीले गरेको फैसला वा आदेशलाई सदर, उल्टी वा केही उल्टी गर्ने र सो तल्लो अड्डा वा अधिकारीले गर्न पाउने कारबाही वा निर्णय गर्ने,

(घ) आफैले बढी प्रमाण बुझ्ने र तल्लो अड्डा वा अधिकारीबाट पनि बुझ्न लगाउने, र

(ङ) पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिला गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने ।

**३०.४.४ राजस्व न्यायाधिकरणले गरेको निर्णयको अवस्था :**

सामान्यतः राजस्व न्यायाधिकरणले गरेका निर्णय अन्तिम हुन्छन् । तर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ ले निम्न प्रश्नमा प्रत्यक्ष कानुनी त्रुटि भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिकरूपमा उल्टिनेदेखि सर्वोच्च अदालतले आफूसमक्ष पुनरावेदन गर्न अनुमति दिएमा न्यायाधिकरणको निर्णय वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्दछ :

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) बुझ्नुपर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको प्रश्न, वा

(ग) बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कार्यविधि सम्बन्धी कानुनको उल्लंघन भएको प्रश्न,

(घ) गम्भीर कानुनी त्रुटि सम्बन्धी प्रश्न ।

**३०.४.५ पुनरावेदन गर्ने म्याद र म्याद थप :**

न्यायाधिकरणमा पुनरावेदन लाग्ने निर्णय वा आदेश सुनी पाएकोमा सो मितिले र निर्णय वा आदेश भएको भन्ने कुराको म्याद सूचना तामेल भएकोमा सो मितिले ३५दिनभित्र पुनरावेदन दिनु पर्दछ ।

**३०.४.६ धरौटी सम्बन्धी व्यवस्था :**

राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा कानुन बमोजिम बुझाउनुपर्ने रकम धरौटी राख्नु पर्दछ । धरौटी नराखी पुनरावेदन गर्न सकिदैंन । आयकर ऐन,२०५८ को दफा ११६ को उपदफा (५) र (६) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिंदा निर्धारित कर रकम मध्ये विवादरहित कर रकम बुझाई विवादित कर रकम, शुल्क र जरिवानाको पचास प्रतिशत रकम धरौटी वा त्यस्तो रकम बापत बैंक जमानत दिनु पर्नेछ । धरौटी रकम वा बैंक जमानतको गणना गर्दा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत कर रकमलाई समेत गणना गर्न पाउँछ ।

### ३०.४.७ पुनरावेदन गरेको सूचना विभागमा दर्ता गराउनुपर्ने :

आयकर ऐन, २०५८ को दफा ११६ को उपदफा (२) अनुसार पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको १५ दिनभित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनुपर्दछ ।

### ३०.४.८ पुनरावेदन परिरहँदा पनि निर्णय कार्यान्वयन हुन सक्ने :

सामान्यतः न्यायको मान्य सिद्धान्त अनुसार पुनरावेदन परेकोमा तलको निर्णय कार्यान्वयन गर्न मिल्दैन । तर आयकर ऐन, २०५८ को दफा ११६ को उपदफा (३) मा पुनरावेदन दिएको कारणबाट दफा ११४ को उपदफा (१) मा प्रशासकीय पुनरावलोकन हुने उल्लिखित निर्णय कार्यान्वयनमा असर परेको मानिने छैन" भन्ने उल्लेख हुँदा पुनरावेदन परिरहेका निर्णय कार्यान्वयन हुन सक्दछ । तर राजस्व न्यायाधिकरण वा अदालतले तत्काल लागू हुने गरी स्थगन आदेश दिएको भए सो आदेश अनुसार विभागको निर्णय स्थगित (तामेलीमा रहने) हुन्छ ।

### ३०.४.९ पुनरावेदन सम्बन्धी कारबाही तथा निर्णय :

पुनरावेदन दर्तामै मुद्दा चलिसकेपछि सो सम्बन्धी निर्णय गर्ने प्रक्रिया सामान्य अदालतमा भए सरह हुन्छ । यस अर्थमा न्यायाधिकरणमा दुई पक्ष पुनरावेदक र प्रत्यर्थी विभाग दुवै पक्षबाट प्रस्तुत भएका कागज प्रमाण र पक्ष स्वयं वा उनीहरुका कानुन व्यवसायीको खुला इजलासमा छलफल गराई सबुद प्रमाणको न्यायिक मुल्याङ्कन गरी निर्णय हुन्छ । तर प्रशासकीय पुनरावलोकनको सन्दर्भमा भने यस्तो सुनवाई हुने गर्ने व्यवस्था र प्रचलन देखिँदैन । तथापि प्रशासकीय पुनरावलोकनको सन्दर्भमा पनि कानुन व्यवसायी वा विज्ञ/दक्षको सहयोग लिई मर्का पर्ने व्यक्ति (Aggrieved Party)ले विभागमा जिरह गर्न सक्दछ । विभागले यसका लागि समुचित प्रबन्ध मिलाउनु पर्दछ ।

### ३०.४.१० पुनरावेदन निर्णयबाट ठहरेको कर कायम हुने :

राजस्व न्यायाधिकरणमा पुनरावेदन परी मुद्दा सुनवाई फैसला भई वा निर्णय भएकोमा सो निर्णय कायम हुन्छ । राजस्व न्यायाधिकरणले कर तथा जरिवाना फरक तोकेको रहेछ भने शुरु कर अधिकृतले गरेको वा प्रशासकीय पुनरावलोकन निर्णयबाट ठहरेको कर वा जरिवाना रकम फरक परेको हदसम्म बदर भएर राजस्व न्यायाधिकरणले निर्धारण गरेको अंक कायम हुन्छ । सो अनुसारको रकमको असुली प्रक्रिया शुरु गरिन्छ । राजस्व न्यायाधिकरणले पुनः छानबिन गरी कर निर्धारण गर्न आदेश दिएको छ भने सोही अनुसार पुनः छानबिन गरी ऐनको म्यादभित्र (वा न्यायाधिकरणले तोकेको म्यादभित्र) पुनः संशोधित कर निर्धारण गर्नुपर्दछ ।

# परिच्छेद ३१

## आयकरको प्रशासन, आधिकारिक कागजात र अभिलेख तथा सूचना संकलन

## (Tax administration, Official documentation and Access to Information)

३१.१ कुनै पनि कर प्रणालीको सफलता र प्रभावकारिताको लागि सो कर प्रणालीको प्रशासन गर्ने निकाय, सो निकायको संगठनात्मक स्वरूप र प्रशासनिक अधिकार, सो कर प्रणालीमा आबद्ध भएको व्यक्तिको अधिकार कर्तव्य र सहभागिताकोस्तर, आवश्यक कागजात र अभिलेख तथा ती कागजात र अभिलेखमा कर प्रशासनको पहुँच सम्बन्धमा कानुनी व्यवस्था गर्नु अपरिहार्य मानिन्छ । यही मान्यतालाई आत्मसात गर्दै आयकर ऐन, २०५८ को परिच्छेद १४ ले आयकरको प्रशासन गर्ने निकाय, सो निकायको संगठनात्मक स्वरूप र प्रशासनिक अधिकार, आयकरमा आबद्ध व्यक्तिको पहिचान र अधिकार कर्तव्य तथा आयकर प्रयोजनको लागि राख्नुपर्ने कागजात र तिनको ढाँचाका सम्बन्धमा कानुनी व्यवस्था गरेको छ भने ऐनको परिच्छेद १५ ले आयकर प्रयोजनको लागि राख्नुपर्ने कागजातको अभिलेख, ती अभिलेखको गोप्यता तथा ती अभिलेखमाथि कर प्रशासनको पहुँचका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरेको छ । आयकर निर्देशिकाको यस परिच्छेदको उद्देश्य तिनै व्यवस्थालाई स्पष्टगर्नु रहेको छ ।

### ३१.२ आयकर प्रशासन

### ३१.२.१ विभाग

आयकर प्रशासन भन्नाले ऐन बमोजिम असुल उपर गरिने आयकर असुल उपर गर्न र यस प्रयोजनको लागि सम्पादन गर्नुपर्ने अन्य कार्य गर्न तोकिएको निकाय र सो निकायको सांगठनिक तथा प्रशासनिक स्वरूपलाई बुझाउँछ । उपर्युक्त सम्बन्धमा ऐनको दफा ७२ को उपदफा (१), (२) र (३) ले देहायको व्यवस्था गरेको छ ।

(१) **यस ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको लागि विभाग जिम्मेवार हुनेछ ।**

(२) **उपदफा (१) मा उल्लिखित विभागको जिम्मेवारी पूरा गर्ने कार्यमा सघाउ पुऱ्याउन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विभाग मातहतमा ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय,आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय स्थापना गर्न र ती कार्यालयहरूको कार्यक्षेत्र तोक्न सक्नेछ । यसरी कार्यक्षेत्र तोकिएका कार्यालयविभागकै अङ्गका रूपमा रहने छन् ।**

(३) **विभागमा देहाय बमोजिमका अधिकृत तथा अन्य कर्मचारीहरू रहन सक्नेछन् :-**

(क) **महानिर्देशक,**

(ख) **आवश्यक संख्यामा उपमहानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत, कर अधिकृत तथा अन्य अधिकृत, र**

(ग) **अन्य कर्मचारी ।**

ऐनको दफा २ को खण्ड (कत) ले विभाग भन्नाले आन्तरिक राजस्व विभाग सम्झनुपर्छ भन्ने परिभाषा गरेको हुँदा आयकरको समग्र प्रशासन गर्ने जिम्मेवारी नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत आन्तरिक राजस्व विभागको हो । यस विभाग अन्तर्गत हाल ठूला करदाता कार्यालय एक,मध्यमस्तरीय करदाता कार्यालय एक, आन्तरिक राजस्व कार्यालय ४३ र करदाता सेवा कार्यालय ३९ गरी जम्मा ८४ कार्यालयहरू विभागकै अभिन्न अङ्गका रूपमा स्थापना गरिएका छन् ।

विभाग अन्तर्गत स्थापना गरिएका ठूला करदाता कार्यालय,मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालय विभागको अभिन्न अंग र सहयोगी हुने व्यवस्था ऐनको दफा ७२ को उपदफा (२) ले गरेको हुँदा ऐनमा आयकरको प्रशासनसँग सम्बन्धित सबै कार्य विभागले गर्ने उल्लेख भएतापनि त्यसको अर्थ आयकरको प्रशासनसँग सम्बन्धित सबै कार्य विभागले गर्ने नभई विभाग अन्तर्गतका कार्यालयले विभागको प्रतिनिधिको हैसियतले तोकिएका कार्य गर्ने र अन्तर्गत कार्यालयले गरेको कार्य पनि विभागले गरेको सम्झनुपर्छ ।

विभागमा महानिर्देशक, उपमहानिर्देशक, निर्देशक, शाखा अधिकृत तथा अन्य अधिकृत, विशेषज्ञ समूह र अन्यकर्मचारीरहन्छन् । हालको कार्यालयको संगठनात्मक ढाँचामा ठुला करदाता कार्यालयर मध्यमस्तरीय करदाता कार्यालयमा प्रमुख कर प्रशासक, प्रमुख कर अधिकृत, कर अधिकृत तथा अन्य कर्मचारी रहन्छन् भने अन्य आन्तरिक राजस्व कार्यालयमा प्रमुख कर अधिकृत, कर अधिकृत तथा अन्य कर्मचारी रहन्छन् । विभागमा महानिर्देशक, उपमहानिर्देशक, विशेषज्ञ समूह, प्राविधिक र कार्यालय सहयोगीबाहेक अन्य कर्मचारी र अन्तर्गत कार्यालयमा प्रमुख कर प्रशासक, विशेषज्ञ, प्राविधिक र कार्यालय सहयोगीबाहेक अन्य कर्मचारी नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, राजस्व समूह अन्तर्गतका कर्मचारी रहने व्यवस्था छ । नियमावलीको नियम २८ ले विभाग वा अन्तर्गत कार्यालयमा कार्यरत अधिकृतको परिचयपत्रको ढाँचा समेत तोकेको छ ।

### ३१.२.२ विभाग र अन्तर्गत कार्यालयका विभिन्न पदाधिकारीका अधिकार

ऐनको दफा ७२ को उपदफा (४), (५) र (६) ले विभाग र अन्तर्गत कार्यालयमा कार्यरत विभिन्न पदाधिकारीका अधिकार र ति अधिकारको प्रत्यायोजनका सम्बन्धमा देहायका व्यवस्था गरेको छ ।

**७२(४): नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही महानिर्देशकले देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) यस ऐन बमोजिम विभागलाई प्राप्त कुनै पनि अधिकारको प्रयोग गर्न,**

**(ख) उपदफा (५) र (६) को अधीनमा रही खण्ड (क) बमोजिमको अधिकार कुनै अर्को अधिकृतले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्न,**

**(ग) आन्तरिक राजस्व कार्यालय नरहेको ठाउँमा खण्ड (क) बमोजिमको अधिकारमध्ये दफा ७५ बमोजिम सार्वजनिक परिपत्र जारी गर्न, दफा ७७ बमोजिमको कागजात तोक्न, दफा ११५ को उपदफा (५) बमोजिम कुनै पुनरावलोकनीय निर्णयलाई स्थगनमा राख्न वा अन्य तवरले प्रभावित गर्न, दफा ११५ को उपदफा (७) बमोजिम कुनै व्यक्तिले दिएको निवेदनमा उल्लिखित कुराहरूलाई पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न, दफा १२९ बमोजिम कसूर थपेर जोड्न वा दफा ८२ बमोजिम कुनै अधिकृतलाई अख्तियारी दिन बाहेक अन्य सबै वा केही अधिकार निजामती सेवाको कुनै अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी तोक्न ।**

**७२(५): नेपाल सरकार वा महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही उपमहानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत तथा कार्यालय प्रमुखको रूपमा रहने कर अधिकृतले देहाय बमोजिम गर्न सक्नेछ :-**

**(क) यस ऐन बमोजिम विभागलाई प्राप्त अधिकारमध्ये दफा ७५ बमोजिम सार्वजनिक परिपत्र जारी गर्न, दफा ७७ बमोजिमको कागजात तोक्न, दफा ११५ को उपदफा (५) बमोजिम कुनै पुनरावलोकनीय निर्णयलाई स्थगनमा राख्न वा अन्य तवरले प्रभावित गर्न, दफा ११५ को उपदफा (७) बमोजिम कुनै व्यक्तिले दिएको निवेदनमा उल्लिखित कुराहरूलाई पूर्ण वा आंशिक रूपमा**

स्वीकार वा अस्वीकार गर्न वा दफा १२९ बमोजिम कसूर थपेर जोड्न बाहेक अन्य अधिकारहरू प्रयोग गर्न, र

(ख) उपदफा (६) को अधीनमा रही विभागको कुनै अर्को अधिकृतले प्रयोग गर्न पाउने गरी त्यस्तो अधिकार प्रत्यायोजन गर्न ।

७२(६): महानिर्देशक, उपमहानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत वा कार्यालय प्रमुखको रूपमा रहने कर अधिकृत बाहेकको विभागको कुनै अर्को अधिकृतले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) देहायका अधिकारहरूबाहेक विभागलाई भएको अधिकारहरूमध्ये सो अधिकृतलाई प्रत्यायोजन गरिएका कुनै अधिकारको प्रयोग गर्न सक्नेछ :-

(१) दफा ७५ बमोजिम सार्वजनिक परिपत्र जारी गर्न, दफा ७७ बमोजिमको कागजात तोक्न, दफा ११५ को उपदफा (५) बमोजिम कुनै पुनरावलोकनीय निर्णयलाई स्थगनमा राख्न वा अन्य तवरले प्रभावित गर्न, दफा ११५ को उपदफा (७) बमोजिम कुनै व्यक्तिले दिएको निवेदनमा उल्लिखित कुराहरूलाई पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न वा दफा १२९ अन्तर्गत कसूर थपेर जोडन, वा

(२) दफा ८२ बमोजिम कुनै अधिकृतलाई अख्तियारी दिन वा दफा १०९ बमोजिम सूचना जारी गर्न, र

(ख) आफूलाई प्रत्यायोजन गरिएको कुनै अधिकार पुनः प्रत्यायोजन गर्न सक्नेछैन ।

## ३१.२.३ नेपाल सरकारको अधिकार

यो ऐनले आयकरको कार्यान्वयन र प्रशासन गर्ने अधिकार विभागलाई दिएको छ । जस अनुसार विभागका महानिर्देशक आयकरको प्रशासन एवम् कार्यान्वयनका लागि पूर्ण जिम्मेवार हुन्छ तापनि यो ऐनले नेपाल सरकारले महानिर्देशकलाई निर्देशन दिन सक्ने व्यवस्था पनि गरेको हुँदा महानिर्देशकले यो ऐनको कार्यान्वयन र प्रशासन गर्दा नेपाल सरकारले कुनै निर्देशन दिएको भए सो निर्देशनको अधीनमा रही आफ्नो जिम्मेवारी पूरा गर्नुपर्दछ ।

## ३१.२.४ महानिर्देशकका अधिकार

नेपाल सरकारले दिएको निर्देशनको अधीनमा रही महानिर्देशकले देहाय बमोजिम गर्न सक्नेछ ।

१. ऐन बमोजिम विभागलाई प्राप्त कुनै पनि अधिकारको प्रयोग गर्न,

२. विभागलाई प्राप्त अधिकार विभागको कुनै अर्को अधिकृतलाई प्रत्यायोजन गर्न वा आन्तरिक राजस्व कार्यालय नरहेको ठाउँमा निजामती सेवाको कुनै अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी तोक्न ।

तर, देहायका अधिकार प्रयोग गर्नपाउने अधिकार महानिर्देशकलाई मात्र छ र ती अधिकार अन्य कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न मिल्दैन ।

क. ऐनको दफा ७५ बमोजिम सार्वजनिक परिपत्र जारी गर्ने,

ख. ऐनको दफा ७७ बमोजिम कागजात तथा तिनको ढाँचा तोक्ने,

ग. ऐनको दफा ११५ को उपदफा (५) बमोजिम दफा ११४ को उपदफा (१) मा उल्लिखित कुनै पुनरावलोकनीय निर्णयलाई तामेली वा स्थगनमा राख्ने वा अन्य तवरले प्रभावित गर्ने,

घ. ऐनको दफा ११५ को उपदफा (७) बमोजिम कुनै व्यक्तिले दफा ११५ को उपदफा (१) बमोजिम दिएको निवेदनमा उल्लिखित कुरालाई पूर्ण वा आंशिकरूपमा स्वीकार वा अस्वीकार गर्ने,

ङ. ऐनको दफा १२९ बमोजिम कसूर थपेर जोडने, र

च. आन्तरिक राजस्व कार्यालय नरहेको ठाउँमा निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन गरिएको अवस्थामा ऐनको दफा ८२ बमोजिम कुनै कागजात वा सम्पत्ति कब्जामा लिन पाउने गरी कुनै अधिकृतलाई अख्तियारी दिने ।

**३१.२.५ उपमहानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत तथा कार्यालय प्रमुखको रूपमा रहने कर अधिकृतका अधिकार**

नेपाल सरकार वा महानिर्देशकले दिएको निर्देशनको अधीनमा रही उपमहानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत तथा कार्यालय प्रमुखको रूपमा रहने कर अधिकृतले देहाय बमोजिम गर्न सक्नेछ ।

१. यस ऐन बमोजिम विभागलाई प्राप्त अधिकारमध्ये महानिर्देशकले प्रत्यायोजन गर्न नपाउने अधिकारबाहेक अन्य अधिकार प्रयोग गर्न , र

२. आफूलाई प्राप्त अधिकार विभागको कुनै अर्को अधिकृतले प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्न ।

**३१.२.६ विभागको कुनै अर्को अधिकृतको अधिकार**

महानिर्देशक, उपमहानिर्देशक, प्रमुख कर प्रशासक, निर्देशक, प्रमुख कर अधिकृत वा कार्यालय प्रमुखको रूपमा रहने कर अधिकृत बाहेकको विभागको कुनै अर्को अधिकृतले यस ऐन बमोजिम विभागलाई प्राप्त अधिकारमध्ये महानिर्देशकले प्रत्यायोजन गरेका अधिकार प्रयोग गर्न पाउँछ । तर महानिर्देशकले प्रत्यायोजन गर्न नपाउने अधिकार र ऐनको दफा ८२ बमोजिम कुनै कागजात वा सम्पत्ति कब्जामा लिन पाउने गरी कुनै अधिकृतलाई अख्तियारी दिन वा दफा १०९ बमोजिम कुनै व्यक्तिको कर बक्यौता बुझाउन कुनै तेस्रो व्यक्तिलाई सूचना जारी गर्न पाउँदैन । यस्तो अधिकृतले आफूलाई प्रत्यायोजन गरिएको कुनै अधिकार पुनः प्रत्यायोजन गर्न पाउँदैन ।

**३१.३ विभागका प्रशासकीय अधिकार**

ऐनको प्रभावकारी कार्यान्वयनको लागि विभागले देहाय बमोजिमका कार्य गर्नुपर्दछ ।

**३१.३.१ अन्तर्राष्ट्रिय सम्झौताको कार्यान्वयन गर्ने**

ऐनको दफा ७३ ले अन्तर्राष्ट्रिय सम्झौताका सम्बन्धमा देहायको व्यवस्था गरेको छ ।

७३(१): **कुनै व्यक्तिको कुनै आयमा यस ऐन वा प्रचलित कानुन बमोजिम कर लाग्ने व्यवस्था भएको र सोही आयमा विदेशी मुलुकमा पनि कर लाग्ने रहेछ भने यस्तो दोहोरो कर नलाग्ने गर्न नेपाल सरकारले विदेशी सरकारसित अन्तर्राष्ट्रिय सम्झौता गर्न सक्नेछ ।**

७३(२): **नेपालसँग सम्पन्न भएका कुनै अन्तर्राष्ट्रिय सम्झौता बमोजिम अर्को देशको सक्षम अधिकारीले सो अर्को देशको कर कानुन अन्तर्गत कुनै बक्यौता राख्ने व्यक्तिले बुझाउनु पर्ने रकम नेपालमा संकलन गरिदिन विभागलाई अनुरोध गरेको अवस्थामा यो उपदफा लागू हुनेछ ।**

७३(३): **उपदफा (२) लागू हुने अवस्थामा विभागले सो सक्षम अधिकारीलाई सो रकम पठाउने प्रयोजनको लागि कर बक्यौता राख्ने सो व्यक्तिलाई लिखित रूपमा सूचना गरी सो सूचनामा उल्लेख गरिएको मितिभित्रमा त्यस्तो रकम विभागमा दाखिला गर्न लगाउन सक्नेछ ।**

७३(४): कुनै अन्तर्राष्ट्रिय सम्झौतामा नेपालले आय वा भुक्तानीमा छुट दिनुपर्ने वा आय वा भुक्तानीमा करको घटाइएको दर लगाउनुपर्ने गरी व्यवस्था गरिएको भएमा यो उपदफा लागू हुनेछ ।

७३(५): उपदफा (४) लागू भएको अवस्थामा देहाय बमोजिमको कुनै निकायलाई कर छुट वा कर कट्टीको सुविधा उपलब्ध हुने छैन :-

(क) सो सम्झौताको प्रयोजनको लागि सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको बासिन्दा मानिने निकाय, र

(ख) सो निकायको निहित स्वामित्वको पचास प्रतिशत वा सोभन्दा बढी हिस्सा प्राकृतिक व्यक्तिहरूद्धारा वा कुनै प्राकृतिक व्यक्तिको हित नरहेको निकायहरूद्धारा ग्रहण गरिएको, र सो सम्झौताको प्रयोजनको लागि सो व्यक्तिहरू वा निकायहरू सो सम्झौताको अर्को पक्ष रहेको राष्ट्रको वा नेपालको पनि बासिन्दा नभएको ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "अन्तर्राष्ट्रिय सम्झौता" भन्नाले देहायको व्यवस्था गर्ने कुनै विदेशी सरकारसँग सम्पन्न गरिएको नेपालको हकमा लागू भएको कुनै सन्धि वा सम्झौता सम्झनु पर्छ :-

(क) दोहोरो करबाट मुक्ति दिने र वित्तीय छल निरोध गर्ने, वा

(ख) कर दायित्वको कार्यान्वयनमा पारस्परिक प्रशासनिक सहायता प्रदान गर्ने ।

कुनै व्यक्तिको एउटै आयमा नेपाल र विदेशी मुलुकमा कर लाग्ने अवस्था रहेमा यस्तो दोहोरो कर नलाग्ने गर्न वा दोहोरो करबाट त्यस्तो व्यक्तिलाई उन्मुक्ति दिन ऐनको दफा ७३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले विदेशी सरकारसित अन्तर्राष्ट्रिय सम्झौता गर्न सक्तछ । यस निर्देशिकाको प्रयोजनको लागि "अन्तर्राष्ट्रिय सम्झौता" भन्नाले दोहोरो करबाट मुक्ति दिने र वित्तीय छल निरोध गर्ने वा कर दायित्वको कार्यान्वयनमा पारस्परिक प्रशासनिक सहायता प्रदान गर्ने व्यवस्था गर्ने कुनै विदेशी सरकारसँग सम्पन्न गरिएको नेपालको हकमा लागू भएको वा हुने कुनै सन्धि वा सम्झौता सम्झनु पर्छ ।

नेपालसँग सम्पन्न भएका कुनै अन्तर्राष्ट्रिय सम्झौता बमोजिम नेपालले गनुपर्ने कार्यहरू सम्पन्न गर्न विभागको महानिर्देशकलाई सक्षम अधिकारी (त्यस्तो सम्झौता कार्यान्वयन गर्न अधिकार प्राप्त व्यक्ति) तोकिएको र ऐनले अन्तर्राष्ट्रिय सम्झौता बमोजिम नेपालले गनुपर्ने कार्य सम्पन्न गर्न विभागलाई अधिकार प्रदान गरेको छ । यस सन्दर्भमा विभागले देहाय बमोजिम गर्न सक्नेछ ।

१. कुनै अन्तर्राष्ट्रिय सम्झौता बमोजिम अर्को देशको सक्षम अधिकारीले सो देशको कर कानुन अन्तर्गत कुनै बक्यौता राख्ने व्यक्तिले बुझाउनुपर्ने रकम नेपालमा संकलन गरिदिन विभागलाई अनुरोध गरेको अवस्थामा विभागले सो सक्षम अधिकारीलाई सो रकम पठाउने प्रयोजनको लागि कर बक्यौता राख्ने सो व्यक्तिलाई लिखित रूपमा सूचना गरी सो सूचनामा उल्लेख गरिएको मितिभित्रमा त्यस्तो रकम विभागमा दाखिला गर्न लगाउन,

२. कुनै अन्तर्राष्ट्रिय सम्झौतामा नेपालले आय वा भुक्तानीमा छुट दिनुपर्ने वा आय वा भुक्तानीमा करको घटाइएको दर लगाउनुपर्ने गरी व्यवस्था गरिएको भएमा सोही अनुसार गर्न ।

अन्तर्राष्ट्रिय कर एवम् अन्तर्राष्ट्रिय सम्झौताका सम्बन्धमा यसै निर्देशिकाको परिच्छेद १४ र १५ मा विस्तृतरूपमा उल्लेख गरिएको छ ।

### ३१.३.२ सार्वजनिक परिपत्र जारी गर्ने

सार्वजनिक परिपत्र जारी गर्ने सम्बन्धमा ऐनको दफा ७५ ले देहायको व्यवस्था गरेको छ ।

**७५(१): यस ऐनको कार्यान्वयनमा एकरूपता ल्याई कर प्रशासनलाई सरल बनाउन र विभागका अधिकृतहरू लगायत यस ऐनबाट प्रभावित हुने व्यक्तिहरूलाई मार्गनिर्देशन दिन विभागले यस ऐनमा भएका व्यवस्थाहरूको सम्बन्धमा व्याख्यासहित लिखित सार्वजनिक परिपत्र जारी गर्न सक्नेछ ।**

**७५(२): विभागले उपदफा (१) बमोजिम जारी गरीएका परिपत्रहरू सर्वसाधारणको जानकारीका लागि विभागको आफ्नो वेबसाइटमा वा राष्ट्रियस्तरको पत्रपत्रिकामा वा अन्य विद्युतीय माध्यमबाट प्रकाशन तथा प्रसारण गर्न सक्नेछ ।**

**७५(३): उपदफा (१) बमोजिम जारी गरिएको कुनै परिपत्र रद्द नगरिएसम्म सो परिपत्र बमोजिम कारबाही गर्न विभाग बाध्य हुनेछ ।**

यस ऐनको कार्यान्वयनमा र व्याख्यामा एकरूपता ल्याई कर प्रशासनलाई सरल बनाउन र विभागका अधिकृत लगायत यस ऐनबाट प्रभावित हुने व्यक्तिलाई मार्गनिर्देशन दिन ऐनको दफा ७५ ले दिएको अधिकार प्रयोग गरी विभागले यस ऐनमा भएका व्यवस्थाको सम्बन्धमा व्याख्यासहित लिखित रूपमा सार्वजनिक परिपत्र जारी गर्न सक्तछ । यसरी जारी गरिएका परिपत्र सर्वसाधारणको जानकारीका लागि विभागको आफ्नो वेबसाइटमा वा राष्ट्रियस्तरको पत्रपत्रिकामा वा अन्य विद्युतीय माध्यमबाट प्रकाशन तथा प्रसारणगराउन सकिनेछ ।

विभागबाट जारी गरिएको कुनै परिपत्र विभागले रद्द नगरेसम्म सो परिपत्रको पालना गर्न र सोही बमोजिम कारबाही गर्न विभाग अन्तर्गतका कर्मचारी बाध्य हुन्छन् । तर विभागले जारी गरेका सार्वजनिक परिपत्र सरोकारवालाका लागि भने बाध्यकारी हुँदैनन् । कुनै व्यक्तिलाई कुनै सार्वजनिक परिपत्रले गरेको व्यवस्था वा व्याख्यामा चित्त नबुझेमा सो व्यक्तिले कानुनी उपचारको बाटो अवलम्बन गर्नुपर्दछ ।

### ३१.३.३ पूर्वादेश जारी गर्ने

कुनै करदातालाई आफूले गरेको वा गर्ने कुनै कार्यका सन्दर्भमा ऐनको कुनै व्यवस्था के कसरी लागू हुन्छ भन्ने विषयमा द्विविधा हुनु स्वाभाविक हो । त्यस्तो व्यक्तिले आफ्नो द्विविधा निराकरण गरिदिन विभागसँग लिखित आग्रह गरेमा विभागले पनि सो व्यक्तिलाई लिखितरूपमै आफ्नो धारणा जानकारी गराउनु पर्दछ । विभागले लिखित रूपमा जानकारी गराएको यस्तो धारणालाई नै पूर्वादेश भनिन्छ । ऐनको दफा ७६ ले पूर्वादेशका बारेमा व्यवस्था गरेको छ ।

**७६(१): कुनै व्यक्तिले आफूद्वारा प्रस्तावित वा आफूले मानेको कुनै प्रबन्धका सम्बन्धमा यो ऐन लागू हुने अवस्थाबारे कुनै द्विविधा निराकरणका लागि विभागसमक्ष लिखित रूपमा निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रूपमा सूचित गरी विभागको धारणा तोकिए बमोजिम पूर्वादेशद्वारा जारी गर्न सक्नेछ ।**

**७६(२): उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको कार्यान्वयनका सम्बन्धमा देखापरेको कुनै द्विविधासम्बन्धी विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भई सकेको अवस्थामा त्यस्तो विषयमा विभागले उपदफा (१) बमोजिमको पूर्वादेश जारी गर्न सक्ने छैन ।**

**७६(३): उपदफा (१) बमोजिम पूर्वादेश जारी गर्नु अगावै कुनै व्यक्तिले देहाय बमोजिम गरेमा सो व्यक्तिलाई दिएको पूर्वादेश बहालरहेसम्म सो आदेश बमोजिम यस ऐनको कार्यान्वयन गर्न विभाग बाध्य हुनेछ :-**

(क) सो आदेशसँग सम्बद्ध विषयको पूर्ण यथार्थ विवरण विभागसमक्ष प्रस्तुत गरेमा, र

(ख) सो आदेशको लागि सो व्यक्तिले दिएको निवेदनमा उल्लिखित बुँदा अनुरूपको प्रबन्ध भएमा ।

७६(४): दफा ७५ बमोजिम जारी गरिएका सार्वजानिक परिपत्र र उपदफा (१) बमोजिम जारी गरिएका पूर्वादेश एक आपसमा बाझिएमा पूर्वादेश जारी गरिएको व्यक्तिको हकमा पूर्वादेशमा उल्लिखित कुराहरूलाई प्राथमिकता दिइनेछ ।

७६(५): उपदफा (१) बमोजिमको पूर्वादेश जारी गर्नुअघि विभागले निवेदकलाई आफैं वा आफ्नो प्रतिनिधि उपस्थित भई कुनै अपुग विवरण भएमा पेश गर्ने मौका दिन सक्नेछ ।

नियमावलीको नियम २२ ले पूर्वादेश जारी गर्ने कार्यविधिका सम्बन्धमा देहायको व्यवस्था गरेको छ ।

*(१) ऐनको दफा ७६ बमोजिम पूर्वादेश माँग गर्ने व्यक्तिले विभागले तोकेको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ ।*

*(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि पैंतालीस दिनभित्र विभागले सो विषयमा निर्णय दिनु पर्नेछ ।*

*(३) उपनियम (२) बमोजिमको अवधिभित्र विभागबाट पूर्वादेश प्राप्त नभएमा निवेदकले ऐनको दफा ११५ बमोजिम विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन वा दफा ११६ को उपदफा (४) बमोजिम राजस्व न्यायाधीकरण समक्ष पुनरावेदन दिन सक्नेछ ।*

*(४) उपनियम (२) बमोजिम निर्णय गर्नुअघि विभागले आवश्यक देखेमा अधिकृत तथा अन्य विशेषज्ञबाट छानबिन गराउन सक्नेछ ।*

**३१.३.३.१ पूर्वादेश प्राप्त गर्न चाहने व्यक्तिको दायित्व**

क. पूर्वादेश माँग गर्ने व्यक्तिले आफ्नो कुनै द्विविधा निराकरणका लागि तोकिएको ढाँचामा विभागसमक्ष लिखित रूपमा निवेदन दिनुपर्दछ ।

ख. निवेदनमा आफूलाई परेको द्विविधाको विषयमा पूर्ण र यथार्थ विवरण विभागसमक्ष प्रस्तुत गर्नुपर्दछ ।

ग. विभागले कुनै अपुग विवरण माग गरेमा समयमै माग भएको विवरण विभागमा पेश गर्नु पर्दछ ।

घ. आफूले गरेको कुनै कामबाट कर दायित्व सिर्जना भइसकेको वा कर दायित्वबाट हटिसकेको अवस्थामा र अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भई सकेको विषयमा पूर्वादेश माग गर्नु हुँदैन ।

**३१.३.३.२ विभागको दायित्व**

क. पूर्वादेश माग गरिएको विषय अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइसकेको अवस्थामा त्यस्तो विषयमा विभागले पूर्वादेश जारी गर्नु हुँदैन

ख. पूर्वादेश जारी गर्नुअघि विभागले निवेदकलाई आफैं वा आफ्नो प्रतिनिधि उपस्थित भई कुनै अपुग विवरण भएमा पेश गर्ने मौका दिनु पर्दछ ।

ग. निवेदन प्राप्त भएपछि पैंतालीस दिनभित्र विभागले सो विषयमा निर्णय दिनु पर्दछ र सोको लिखित रूपमा सम्बन्धित व्यक्तिलाई जानकारी दिनुपर्दछ ।

घ. कुनै व्यक्तिले गरेको कुनै कामबाट कर दायित्व सिर्जना भइसकेको वा कर दायित्व हटिसकेको अवस्थामा त्यस्तो विषयमा पूर्वादेश जारी गर्नु हुँदैन ।

३१.३.३.३ पूर्वादेशको कानुनी हैसियत

क. कुनै व्यक्तिलाई दिएको पूर्वादेश बहाल रहेसम्म सो व्यक्तिको हकमा सामान्यतया: सो आदेशबमोजिम यस ऐनको कार्यान्वयन गर्न विभाग बाध्य हुन्छ । तर जुन व्यक्तिलाई पूर्वादेश जारी गरिएको हो सो व्यक्तिको लागि सो पूर्वादेश बाध्यकारी हुँदैन । जारी भएको पूर्वादेशमा कुनै व्यक्तिलाई चित्त नबुझेमा सो व्यक्तिले प्रशासकीय पुनरावलोकन लगायतका कानुनी उपचारको बाटो अवलम्बन गर्न पाउँछ ।

ख. ऐनको दफा ७५ बमोजिम जारी गरिएका सार्वजनिक परिपत्र र कुनै व्यक्तिलाई जारी गरिएको पूर्वादेश एक आपसमा बाँझिएमा पूर्वादेश जारी गरिएको व्यक्तिको हकमा पूर्वादेशमा उल्लिखित व्यवस्था नै लागू हुन्छ ।

ग. पूर्वादेश जुन व्यक्तिलाई जुन सन्दर्भमा जारी गरिएको हो सोही व्यक्ति र सोही सन्दर्भमा मात्र लागू हुन्छ । व्यक्ति वा सन्दर्भ फरक भएको अवस्थामा पूर्वादेशद्वारा गरिएको व्यवस्था लागू हुदैन ।

३१.३.४ स्थायी लेखा नम्बर र सोको प्रमाणपत्र प्रदान गर्ने

ऐनको दफा ७८ को स्थायी लेखा नम्बर र सोको प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ ।

**७८(१): यस ऐनको अधीनमा रही कुनै व्यक्तिको पहिचान गर्ने प्रयोजनका लागि विभागलेत्यस्तो व्यक्तिलाई स्थायी लेखा नम्बर जारी गर्नेछ ।**

**तर विभागबाट स्वीकृति प्राप्त निकायले यस ऐनको प्रक्रिया पुर्‍याई यस्तो स्थायी लेखा नम्बर प्रदान गर्न सक्नेछ । यसरी जारी गरिएको स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाताले विभागले तोकेको अवधिसम्म पैठारी निर्यातको कारोबार गर्न सक्ने छैन ।**

**७८(२): विभागले कुनै पनि व्यक्तिलाई यस ऐनको प्रयोजनको लागि प्रयोग गरिने कुनै आय विवरण, विवरण, कथन वा अन्य कागजातमा आफ्नो स्थायी लेखा नम्बर उल्लेख गर्न आदेश दिन सक्नेछ ।**

**७८(३): विभागले कुनै व्यक्तिलाई स्थायी लेखा नम्बर देखाउनु पर्ने वा उल्लेख गर्नुपर्ने अवस्था तोक्न सक्नेछ ।**

**७८(४): उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) बमोजमको व्यक्तिले कारोबार गर्नुभन्दा पहिले स्थायी लेखा नम्बर लिनु पर्नेछ ।**

**७८(४क):उपदफा (४) बमोजिम स्थायी लेखा नम्बर लिई कारोबार गर्ने व्यक्तिले तोकिएको अवधिभित्र विभागले तोके बमोजिमको दर्ता सम्बन्धी विवरण बायोम्याट्रिक प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।**

**७८(५): उपदफा (१), (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थायी लेखा नम्बर नलिएको कारणबाट कुनै व्यक्तिले करको दायित्वबाट फुर्सद पाउने छैन ।**

७८क. स्थायी लेखा नम्बर स्थगन:(१) विभागले देहायको कुनै अवस्थामा स्थायी लेखा नम्बर स्थगन गर्न सक्नेछ :

(क) कारोबार गर्न छाडेमा,

(ख) निकायको हकमा निकाय बन्द, बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो निकायको अस्तित्व कायम नरहेमा,

(ग) व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,

(घ) भुलवश दर्ता भएकोमा ।

(२) स्थायी लेखा नम्बर स्थगन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

नियमावलीको नियम २३ मा स्थायी लेखा नम्बर सम्बन्धमा भएको व्यवस्था देहाय बमोजिम रहेको छ ।

*(१) यो नियमावली प्रारम्भ हुँदाका बखत स्थायी लेखा नम्बर प्राप्त गरी नसकेको र निर्धारणयोग्य आय आर्जन गर्न चाहने, विभागले स्थायी लेखा नम्बर लिनुपर्ने भनी तोकिएको वा ऐनको परिच्छेद १७ अन्तर्गत करकट्टी गर्नुपर्ने जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बरको लागि विभागमा निवेदन दिनु पर्नेछ ।*

*(२) उपनियम (१) बमोजिम स्थायी नम्बर लिन अनिवार्य नभएको र स्थायी लेखा नम्बर प्राप्त गरी नसकेको अन्य व्यक्तिले पनि स्थायी लेखा नम्बरको लागि विभागमा निवेदन दिन सक्नेछ ।*

*(३) उपनियम (१) वा (२) बमोजिम निवेदन प्राप्त भएपछि निवेदकलाई विभागले स्थायी लेखा नम्बरको प्रमाणपत्र प्रदान गर्नेछ ।*

*(३क) स्थायी लेखा नम्बर लिएका व्यक्तिले विभागले सूचना प्रकाशन गरी तोकेको अवधिभित्र सो सूचनामा उल्लिखित विवरण विभागको बायोमेट्रिक प्रणालीमा दर्ता गराई अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।*

*(४) स्थायी लेखा नम्बर लिई व्यवसाय गर्ने करदाताले आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नु पर्नेछ ।*

*२३क. स्थायी लेखा नम्बर स्थगनको प्रक्रियाः (१) ऐनको दफा ७८क. को उपदफा (१) बमोजिम स्थायी लेखा नम्बर स्थगन गर्न चाहने व्यक्ति वा निकायले आफूले लिएको स्थायी लेखा नम्बर स्थगन गर्नुपर्ने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र कारण खुलाई विभाग समक्ष निवेदन दिनु पर्नेछ।*

*(२) उपनियम (१) बमोजिम निवेदन दिंदा सो अवधिसम्मको आय विवरण तथा कर दाखिला गरेको हुनु पर्नेछ।*

*(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा विभागले निवेदन पेश गरेको मितिले तीस दिनभित्र स्थगन भएको वा स्थगन नहुने भए सोको जानकारी दिनु पर्नेछ।*

*२३ख.प्रतिलिपि दिनेः (१) नियम २३ बमोजिम स्थायी लेखा नम्बरको प्रमाणपत्र लिएको कुनै व्यक्तिले स्थायी लेखा नम्बर प्रमाणपत्र हराएमा वा अन्य कुनै*

*किसिमबाट नासिएमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिनको लागि विभागमा दरखास्त दिनु पर्नेछ।*

*(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएको मितिले तीन दिनभित्र विभागले निवेदकलाई स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्नु पर्नेछ ।*

ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्तिले वा ऐनको परिच्छेद १७ बमोजिम करकट्टी गर्नुपर्ने व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बरको लागि अनिवार्य रूपमा निवेदन दिइ स्थायी लेखा नम्बर लिनुपर्दछ । ऐनको दफा २(ध)(१)(क) मा उल्लिखित कर छुट प्राप्त गरेको संस्थाले समेत अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिनुपर्दछ । स्थायी लेखा नम्बर लिन अनिवार्य नभएको र स्थायी लेखा नम्बर प्राप्त गरी नसकेको अन्य व्यक्तिले पनि स्थायी लेखा नम्बर लिन पाउँछ । यसरी कुनै व्यक्तिलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई करदाता दर्ता भनिन्छ भने व्यक्तिले प्राप्त गर्ने दर्ता नम्बर वा परिचय संख्यालाई स्थायी लेखा नम्बर भनिन्छ । विभागले कुनै व्यक्तिलाई स्थायी लेखा नम्बर देखाउनुपर्ने वा ऐनको प्रयोजनको लागि प्रयोग हुने विवरण वा कागजातमा उल्लेख गर्नुपर्ने गरी तोक्नसक्ने हुँदा ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको वा करकट्टी गर्नुपर्ने कर्तव्य भएका सबै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बर अनिवार्य रूपमा लिनुपर्दछ ।स्थायी लेखा नम्बर लिई व्यवसाय गर्ने करदाताले आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेवार नम्बर सहितको बीजक जारी गर्नुपर्छ ।

करदाता दर्ता गर्ने काम मूलतः आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालय (ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालय बाहेक) को भएतापनि ऐनको दफा ७८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशले विभागबाट स्वीकृत प्राप्त निकायले यस ऐनको प्रक्रिया पुऱ्याई यस्तो स्थायी लेखा नम्बर प्रदान गर्न सक्ने व्यवस्था गरको छ । "स्वीकृत प्राप्त निकाय" भन्नाले आन्तरिक राजस्व विभागबाट स्थायी लेखा नम्बर प्रदान गर्न स्वीकृत प्राप्त उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, वस्तुगत संगठन वा यस्तै अन्य संघ सस्था सम्झनु पर्दछ । ऐनको सोही व्यवस्था बमोजिम हाल मुलुकभर केही निकायलाई विभागको वेबसाइट मार्फत विद्युतीय माध्यमद्वारा कुनै व्यक्तिलाई स्थायी लेखा नम्बर र परिचयपत्र (E-PAN) प्रदान गर्ने अख्तियारी प्रदान गरिएको छ ।

माथि उल्लेख गरिए झैं स्थायी लेखा नम्बर र सोको प्रमाणपत्र दुई तरिकाबाट प्रदान गर्न सकिन्छ । पहिलो, स्थायी लेखा नम्बर लिन कार्यालयमा नै आई निवेदन दिने व्यक्तिलाई कार्यालयबाट स्थायी लेखा नम्बर र सोको प्रमाणपत्र प्रदान गर्ने र दोश्रो, विद्युतीय माध्यम अर्थात ई-पानको माध्यमबाट निवेदन दिने व्यक्तिलाई स्वीकृत प्राप्त निकायले स्थायी लेखा नम्बर र कार्यालयले सोको दर्ता प्रमाणपत्र दिने वा त्यस्तो व्यक्तिले स्वीकृत प्राप्त निकायमा नगई कार्यालयमा नै निवेदन दिएमा कार्यालयले नै स्थायी लेखा नम्बर र सोको दर्ता प्रमाणपत्र दिने । कार्यालय र स्वीकृत प्राप्त निकायले करदाताको परिचयको प्रयोजनको लागि विभागको सूचना प्रविधि शाखाबाट प्राप्त हुने नौ अंकको परिचय संख्यालाई नै स्थायी लेखा नम्बरको रूपमा जारी गर्नुपर्दछ ।

### ३१.३.५ आयकर प्रयोजनका लागि आवश्यक कागजातका प्रकार, तिनको ढाँचा र अभिलेख तोक्ने

नेपालको आयकर प्रणाली लेखामा आधारित कर प्रणाली हो । ऐनले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिको कर दायित्व यकिन गर्ने जिम्मेवारी सोही व्यक्तिलाई दिएको छ र कुनै व्यक्तिले आफ्नो हकमा निर्धारण गरेको कर दायित्वमा कर अधिकृतले हेरफेर नगरुन्जेल सो

व्यक्तिले निर्धारण गरेको कर नै अन्तिम कर हुने स्पष्ट व्यवस्था छ । ऐनले लेखामा आधारित स्वयं कर निर्धारण पद्दतिलाई अवलम्बन गरेको हुँदा यस कर प्रणालीको अवलम्बन र प्रभावकारी कार्यान्वयनको लागि कागजात, विवरण तथा अभिलेखको महत्व ज्यादै ठूलो रहेको छ । ऐनको दफा ७७ ले विभागलाई ऐन तथा नियमावलीको प्रयोजनको लागि आवश्यक पर्ने सूचना, विवरण तथा जानकारी समावेश हुने खालका कागजात र विवरणको प्रकार तथा ढाँचा, ती कागजात विभागमा पेश गर्ने तरिका तोक्न सक्ने अधिकार प्रदान गरेको छ भने दफा ७९ ले विभागले कुनै व्यक्तिलाईबुझाउनु पर्ने कागजात बुझाउने तरिका र दफा ८० ले विभागले जारी गरेका कागजात त्रुटीपूर्ण हुने वा नहुने अवस्था र त्रुटिपूर्ण कागजातमा संशोधन गर्न सक्ने अवस्थाका बारेमा व्यवस्था गरेको छ । त्यस्तै दफा ८१ ले ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको प्रत्येक व्यक्तिले अभिलेखको रूपमा राख्नुपर्ने कागजात, विवरण र सूचनाको प्रकार र तरिका निर्धारण गरेको छ ।

### ३१.३.५.१ कागजातको ढाँचा

ऐनको प्रयोजनको लागि आवश्यक कागजातको प्रकार र ढाँचाको सम्बन्धमा ऐनको दफा ७७ ले देहायको व्यवस्था गरेको छ ।

७७(१): **यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आवश्यक पर्ने तथा यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने सूचना, विवरण तथा जानकारीहरू समावेश हुने गरी विभागले समय समयमा आवश्यक कागजात, आयविवरण लगायतका विवरणहरू, कर कट्टी विवरण दाखिला गर्ने तरिका र ढाँचा तथा अभिलेखको ढाँचा तोक्न सक्नेछ ।**

७७(२): **विभागले उपदफा (१) बमोजिमका ढाँचाहरू सर्वसाधारणको जानकारीको लागि विभागमा र विभागले निर्धारण गरेका अन्य स्थानमा तथा अन्य माध्यमबाट उपलब्ध गराउनेछ ।**

७७(३): **विभागले कुनै व्यक्तिले विभागमा पेश गर्नुपर्ने सूचना वा विवरण वा कागजात विद्युतीय माध्यमबाट पेश गर्नुपर्ने गरी तोक्न सक्नेछ ।**

कर तिर्नुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले ऐनको प्रयोजनको लागि दर्ता हुनुपर्दा, अग्रिम करकट्टी गर्दा, कर भुक्तानी गर्दा, कर मिलान गर्नुपर्दा वा आय विवरण पेश गर्दा प्रयोग गर्नुपर्ने वा विभाग वा कार्यालयमा दाखिला गर्नुपर्ने विभिन्न कागजात तथा विवरण तोक्नुको साथै कतिपय कागजात तथा विवरणको ढाँचा समेत निर्धारण गरिएको छ । यसरी निर्धारण गरिएको कागजातको ढाँचाको विवरण तल उल्लेख गरिएको छ ।

| सि.नं. | कागजात वा विवरणको नाम |
|---|---|
| १ | **स्थायी लेखा नम्बरसँग सम्बन्धित** |
| १.१ | व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता तथा संशोधन फारम |
| १.२ | व्यक्तिगत व्यवसायको स्थायी लेखा नम्बर दर्ता तथा संशोधन फारम |
| १.३ | कम्पनी (निकाय) को व्यावसायिक स्थायी लेखा नम्बर दर्ता तथा संशोधन फारम |
| १.४ | गैह्र सरकारी संस्था, परोपकारी संस्था, संस्थान, सहकारी, अन्य मुनाफा वितरण नगर्ने संस्थाको व्यावसायिक स्थायी लेखा नम्बर दर्ता तथा संशोधन फारम |
| १.५ | संयुक्त उपक्रम तथा अस्थायी फर्मको व्यावसायिक स्थायी लेखा नम्बर दर्ता तथा संशोधन फारम |
| १.६ | साझेदारी फर्मको व्यावसायिक स्थायी लेखा नम्बर दर्ता तथा संशोधन फारम |
| १.७ | अग्रिम करकट्टी प्रयोजनार्थ स्थायी लेखा नम्बर दर्ता फारम |

| | |
|---|---|
| १.८ | स्थायी लेखा नम्बर दर्ताको अस्थायी प्रमाणपत्र |
| १.९ | स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र |
| १.१० | स्थायी लेखा नम्बर (PAN) परिचयपत्र |
| १.११ | स्थायी लेखा नम्बर स्थगनको लागि दरखास्त |
| २ | **अग्रिम करकट्टी सम्बन्धी** |
| २.१ | स्रोतमा करकट्टी फारम |
| ३ | **अनुमानित करको विवरण** |
| ४ | **आय विवरण** |
| ४.१ | पूर्वानुमानित कर तिर्ने प्राकृतिक व्यक्तिले भर्नुपर्ने आय विवरण (डे०१) |
| ४.२ | कारोबारमा आधारित कर तिर्ने व्यक्तिले भर्नुपर्ने आय विवरण (डे०२) |
| ४.३ | व्यवसाय, रोजगारी तथा लगानीबाट आय हुने व्यक्तिले भर्नुपर्ने आय विवरण (डे०३) |
| ४.४ | ४० लाख रुपैयाँ भन्दा बढी आय भएको प्राकृतिक व्यक्तिले भर्नुपर्ने आय विवरण (डे०४) |
| ५ | **आय विवरणसाथ संलग्न हुनुपर्ने विवरण वा फारम** |
| ५.१ | करको गणना फारम (प्राकृतिक व्यक्तिको लागि) |
| ५.२ | करको गणना फारम (निकायको लागि) |
| ५.३ | व्यवसायबाट भएको आयको गणना फारम |
| ५.४ | रोजगारीबाट भएको आयको गणना फारम |
| ५.५ | लगानीबाट भएको आयको गणना फारम |
| ५.६ | प्राकृतिक व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्तिको निःसर्गबाट भएको लाभ वा नोक्सानीको गणना फारम |
| ५.७ | गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयका सम्बन्धमा भर्नुपर्ने विवरण |
| ६ | **आय विवरणसाथ संलग्न हुनुपर्ने कर मिलान दाबी फारम** |
| ६.१ | कर मिलान दाबी फारम |
| ६.२ | औषधोपचार कर मिलान दाबी फारम |
| ६.३ | विदेशमा तिरेको कर मिलान दाबी फारम |
| ७ | **वित्तीय तथा खरिद बिक्री विवरण फारम** |
| ८ | **पूर्वादेशको निवेदनको ढाँचा** |

ऐनको दफा ७७ को उपदफा (३) ले विभागले कुनै व्यक्तिले विभागमा पेश गर्नुपर्ने सूचना वा विवरण वा कागजात विद्युतीय माध्यमबाट पेश गर्नुपर्ने गरी तोक्न सक्ने व्यवस्था गरे बमोजिम स्थायी लेखा नम्बरका लागि दरखास्त फारम, अग्रिम करकट्टीको विवरण, अनुमानित करको विवरण र आय विवरण विद्युतीय माध्यमबाट पेश गर्नसक्ने व्यवस्था गरिएको छ । नेपालको नागरिक रहेको प्राकृतिक व्यक्ति वा बासिन्दा निकायले स्थायी लेखा नम्बरका लागि दरखास्त फारम विद्युतीय माध्यमबाट विभागको पेश गर्नसक्तछ । यसैगरी ऐन बमोजिम अग्रिम करकट्टी गर्नुपर्ने कर्तव्य भएको व्यक्तिले अग्रिम कर कट्टीको विवरण र ऐनको दफा ९४ बमोजिम कुनै आयवर्षमा किस्ताबन्दीमा कर दाखिला गर्नुपर्ने व्यक्तिले ऐनको दफा ९५ बमोजिम पेश गर्नुपर्ने अनुमानित करको विवरण विद्युतीय माध्यमबाट विभागको पेश गर्नसक्तछ ।

३१.३.५.२ कागजातको तामेली

विभागले कुनै व्यक्तिलाई यस ऐनको प्रयोजनको लागि बुझाउनु पर्ने कागजात बुझाउने तरिकाको सम्बन्धमा ऐनको दफा ७९ को उपदफा (१) र (२) ले देहाय बमोजिमको व्यवस्था गरेको छ ।

**७९(१): यस ऐन बमोजिम कुनै व्यक्तिलाई दिनु बुझाउनु पर्ने कुनै पनि कागजात देहायको अवस्थामा सो व्यक्तिलाई बुझाइएको वा दिइएको मानिनेछ :-**

**(क) कुनै व्यक्तिको ठेगानामा फ्याक्स, इ-मेल वा त्यस्तै अन्य विद्युतीय माध्यम मार्फत ठेगानामा पठाएको,**

**(ख) व्यक्तिगतरुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, वा**

**(ग) व्यक्तिको थाहा भएसम्मको आवास, कार्यालय, व्यवसाय वा अन्य ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।**

**७९(२): विभागको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।**

**७९(३): उपदफा (१) र (२) बमोजिम कागजातको तामेल हुन नसकेमा सम्बन्धित व्यक्तिको नाममा रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको कुनै पत्रपत्रिकाबाट तत्सम्बन्धी आदेशको सूचना प्रसारण वा प्रकाशन गरी सोको जानकारी गराउन सक्नेछ ।त्यसरी गराएको जानकारी सम्बन्धित व्यक्तिले पाएको मानिनेछ ।**

विभाग वा कार्यालयले कुनै व्यक्तिलाई ऐन बमोजिम बुझाउनु पर्ने कागजात वा दिनुपर्ने सूचना कुनै व्यक्तिको कार्यालय अभिलेखमा रहेको फ्याक्स नम्बर वा इमेल ठेगानामा पठाएको, व्यक्तिगत रुपमा जसलाई बुझाउनुपर्ने हो उसैलाई वा निजको प्रतिनिधिवा कर्मचारीलाई बुझाएको, निकायको हकमा निकायको सञ्चालक वानिजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको वा बुझाउनु पर्ने व्यक्तिको कार्यालय अभिलेखमा रहेको पछिल्लो ठेगाना (आवास, कार्यालय, व्यवसाय वा अन्य कुनै ठाउँको) मा हुलाकबाट रजिष्ट्री गरी पठाएको भएमासाथै कुनै व्यक्तिको टेलिफ्याक्स, टेलेक्स, इमेल वा त्यस्तै अन्य विद्युतीय माध्यममार्फत पठाएमा ती कागजात सो व्यक्तिलाई बुझाएको र सो व्यक्तिले बुझिलिएको मान्नुपर्दछ । त्यस्तै कुनै व्यक्तिले विद्युतीय माध्यमबाट पेश गर्नसक्ने स्थायी लेखा नम्बरका लागि दरखास्त फारम, अग्रिम कर कट्टीको विवरण र अनुमानित करको विवरण विद्युतीय माध्यमबाट विभाग वा कार्यालयमा प्राप्त भएमा र सो बाहेकका ऐन वा नियमावली वा विभागको सार्वजनिक परिपत्र वा पूर्वादेश वा विभाग वा कार्यालयले दिएको आदेश बमोजिम कुनै व्यक्तिले विभाग वा सम्बन्धित कार्यालयमा दिनुपर्ने सूचना वा पेश गर्नुपर्ने कागजात वा विवरण स्वयं उपस्थित भई वा आधिकारिक प्रतिनिधिमार्फत विभाग वा सम्बन्धित कार्यालयमा तोकिएको म्यादभित्र दर्ता गराएमा सो व्यक्तिले ती कागजात वा विवरण पेश गरेको र विभाग वा सम्बन्धित कार्यालयले प्राप्त गरेको मान्नुपर्दछ ।

३१.३.५.३ **त्रुटिपूर्ण कागजात एवम् त्रुटि सच्याउन सकिने अवस्था :**

विभागले कुनै व्यक्तिलाई बुझाएको कागजात वा दिएको सूचना त्रुटिपूर्ण हुने वा नहुने एवम् त्यस्तो कागजातमा रहेको त्रुटि सच्याउने सम्बन्धमा ऐनको दफा ८० मा देहाय बमोजिम व्यवस्था गरेको छ ।

**८०(१): यस ऐन बमोजिम जारी गरिएको देहायको कुनै कागजात त्रुटिपूर्ण मानिने छैन :-**

(क) मुलभूत रूपमा यस ऐन अनुकुल भएमा, र

(ख) जुन व्यक्तिलाई सो कागजातमा सम्बोधित गरिएको छ सो व्यक्तिलाई सामान्य रूपमा सो कागजातमा लक्षित गरिएको भएमा ।

**८०(२):** **यस ऐन बमोजिम विभागले जारी गरेको कुनै कागजातमा कुनै त्रुटि भएमा र सो त्रुटिबाट यस ऐनको व्याख्या वा कुनै व्यक्ति विशेषको तथ्य सम्बन्धी कुनै विवाद नभएमा त्यस्तो त्रुटि सच्याउने प्रयोजनको लागि विभागले उक्त कागजातमा संशोधन गर्न सक्नेछ ।**

विभाग वा कार्यालयको अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको तथा छाप लगाइएको, जारी गर्ने निकायको नाम ठेगाना उल्लेख भएको, विभागको कम्प्यूटर प्रणालीबाट इनक्रीप्ट वा इनकोड गरी वा नगरी प्रशोधन गरिएको र अधिकारप्राप्त अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको तथा छाप लगाइएको कागजात जारी गरिएको वा बुझाइएको वा विद्युतीय माध्यमबाट पठाइएको भएमा तथा सो कागजात मूलभूत रूपमा यस ऐन प्रतिकुल नभएमा र कागजातमा सम्बोधन गरिएको व्यक्ति र लक्षित गरिएको व्यक्ति समान भएमा सो कागजातलाई रीतपूर्वकको मान्नुपर्दछ । कथंकदाचित विभाग वा कार्यालयले जारी गरेको वा बुझाएको कुनै सूचना वा कागजातमा ऐनको व्याख्या वा कुनै व्यक्ति विशेषको तथ्य सम्बन्धमा कुनै विवाद हुनसक्ने खालको बाहेक अन्य सामान्य त्रुटि भएमा विभाग वा कार्यालयले त्यसरी जारी गरिएको कागजातमा संशोधन गरी त्यस्तो त्रुटि सच्याउन सक्तछ । तर ऐनको व्याख्या वा कुनै व्यक्ति विशेषको तथ्य सम्बन्धमा कुनै विवाद हुनसक्ने खालको कुनै त्रुटि भई सो त्रुटि संशोधन गर्नुपरेमा विभाग वा कार्यालयले एकतर्फी ढंगले त्यस्तो त्रुटि संशोधन गर्नु हुँदैन । त्यस्तो त्रुटि संशोधन गर्नु अघि सम्बन्धित व्यक्तिलाई सूचना दिई सबुत तथा सफाइ पेश गर्ने मौका दिनु पर्दछ । त्यस्तै त्यस्तो कुनै त्रुटि भएको व्यहोरा करदाताबाट प्राप्त भएमा सो त्रुटि सच्याउन सक्नेछ ।

## ३१.४ आयकर प्रयोजनको लागि राख्नुपर्ने अभिलेख

करदाताले ऐनको प्रयोजनको लागि राख्नुपर्ने अभिलेखका सम्बन्धमा ऐनको दफा ८१ मा देहाय बमोजिमको व्यवस्था गरेको छ ।

**८१(१):** **यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्तिले विभागबाट तोकिएको प्रकार, ढाँचा, लेखापरीक्षणको प्रमाणीकरण वा अन्य प्रकारले गर्नुपर्ने प्रमाणीकरण तथा प्रमाणित गर्ने कागजातहरूका अतिरिक्त देहाय बमोजिमका आवश्यक कागजातहरू नेपालमा खडा गरी राख्नु पर्नेछ :-**

(क) **यस ऐन बमोजिम विभागमा पेश गर्नुपर्ने आय विवरण वा अन्य कुनै कागजातहरूलाई पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात,**

(ख) **निजले बुझाउनु पर्ने कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात,**

(ग) **खर्च कट्टीलाई पुष्ट्याइँ गर्ने कागजात ।**

**८१(२):** **विभागले लिखित रूपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरू सम्बन्धित आय वर्ष समाप्त भएको मितिले पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।**

**८१(३):** **उपदफा (१) बमोजिमको कुनै कागजात नेपाली वा अंग्रेजी भाषामा नभएमा विभागले लिखित सूचना जारी गरी सम्बन्धित व्यक्तिलाई निजको आफनै खर्चमा त्यस्तो कागजातलाई प्रचलित कानुन बमोजिम मान्यता प्राप्त अनुवादकबाट नेपाली भाषामा गरिएको अनुवादप्रति पेश गर्न लगाउन सक्नेछ ।**

**८१(४): विभागले मापदण्ड र प्रक्रिया तोकी कुनै व्यक्तिले विद्युतीय माध्यमबाट बीजक जारी गर्न र उपदफा (१) बमोजिम राख्नुपर्ने कागजातहरू विद्युतीय माध्यमबाट राख्न स्वीकृति दिन सक्नेछ ।**

ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको प्रत्येक व्यक्तिले देहाय बमोजिमका विवरण, कागजात तथा सूचना रहेको अभिलेख तयार गरी आवश्यकता अनुसार कर लेखापरीक्षक तथा वित्तीय लेखापरीक्षकबाट प्रमाणीकरण समेत गराई आय वर्ष समाप्त भएको मितिले पाँच वर्षको अवधिसम्म नेपालमै सुरक्षित रूपमा राख्नु पर्दछ :-

(क) ऐन बमोजिम लेखापरीक्षकबाट प्रमाणीकरण गराई कार्यालयमा पेश गरेको आय विवरण, सो विवरणसाथ पेश गरेका विवरण, कागजात तथा सूचना,

(ख) विभाग वा कार्यालयमा पेश गर्नुपर्ने वा गरेको अन्य विवरण, कागजात वा सूचनालाई पुष्टि गर्न आवश्यक पर्ने सूचना तथा कागजात,

(ग) निजको कर दायित्व निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात,

(घ) आय विवरणबाट गणना गरेको आय र कट्टी लिएको खर्चलाई पुष्ट्याई गर्ने खातावही तथा कागजात ।

तर उपर्युक्त उल्लिखित अभिलेख पाँच वर्षभन्दा बढी वा घटी अवधिसम्म सुरक्षित राख्नुपर्ने गरी विभागले कुनै व्यक्तिलाई लिखित सूचना दिएको अवस्थामा भने ती अभिलेख सो सूचनामा उल्लिखित अवधिसम्म सुरक्षित राख्नु पर्दछ । त्यस्तै अभिलेखको रूपमा नेपाली वा अंग्रेजी भाषाबाहेक अन्य भाषामा राखिएको कुनै कागजातलाई नेपाली भाषामा अनुवाद गर्न कुनै व्यक्तिलाई विभाग वा कार्यालयले सूचित गरेमा त्यस्तो कागजातलाई मान्यता प्राप्त अनुवादकबाट नेपाली भाषामा अनुवाद गराई अनुवादित प्रति पेश गर्नु सम्बन्धित व्यक्तिको दायित्व हुन्छ। उपर्युक्त अभिलेख कुनै व्यक्तिले सम्बन्धित कार्यालयको पूर्व स्वीकृति लिइ कम्प्यूटर प्रणालीबाट समेत राख्न सक्तछ।

**३१.५ सूचना प्राप्त गर्ने अधिकार**

ऐन बमोजिम कुनै व्यक्तिको संशोधित कर निर्धारण वा संशय कर निर्धारण वा संशोधित कर निर्धारणमा पुनः संशोधन गर्ने वा ऐन बमोजिमको अन्य कुनै प्रयोजनको लागि कुनै व्यक्तिसँग रहेको वा रहनुपर्ने भनी तोकिएको कुनै सूचना वा कागजात वा विवरण वा अन्य कुनै अभिलेखमाथि विभाग वा कार्यालयको पहुँच र प्राप्त सूचनाको गोप्यताका सम्बन्धमा ऐनको दफा ८२, ८३ र ८४ ले व्यवस्था गरेको छ।

**३१.५.१ बिना सूचना जानकारी प्राप्त गर्नसक्ने अधिकार**

ऐनको दफा ८२ ले कुनै व्यक्तिसँग रहेको वा रहनुपर्ने भनी तोकिएको कुनै सूचना वा कागजात वा विवरण वा अन्य कुनै अभिलेखमाथि विभाग वा कार्यालयले निर्वाध पहुँच प्राप्त गर्नसक्ने गरी देहायको व्यवस्था गरेको छ ।

८२(१): **यस ऐनको कार्यान्वयन गर्नको लागि विभागको अधिकृतले देहाय बमोजिम गर्न सक्नेछ :-**

(क) **प्रचलित कानुनको अधीनमा रही नेपालमा अवस्थित कुनै पनि परिसर, स्थान, कागजात वा अन्य सम्पत्तिमा पूर्ण वा निर्वाध पहुँच प्राप्त गर्न,**

(ख) **खण्ड (क) बमोजिम पहुँच प्राप्त गरेको कागजातका इलेक्ट्रोनिक प्रति लगायत कागजको कुनै अंश वा प्रतिलिपि प्राप्त गर्न,**

(ग) **खण्ड (क) बमोजिम पहुँच प्राप्त गरेको कागजात यस ऐन बमोजिम कुनै व्यक्तिको कर दायित्व निर्धारण गर्न आवश्यक हुने खालको प्रमाण हो भन्ने सम्बन्धित अधिकृतलाई लागेमा त्यस्तो कागजात आफ्नो कब्जामा लिन, र**

(घ) कागजातमा पहुँच भएको कुनै व्यक्तिलाई त्यस्तो कागजातको प्रतिलिपि उपलब्ध गराईदिन अनुरोध गरेकोमा सो व्यक्तिले उपलब्ध नगराएकोमा खण्ड (क) बमोजिम त्यस्ता कागजातमा पहुँच प्राप्त गर्न त्यस्ता कागजात कुनै पनि रूपमा कुनै सम्पत्तिमा राखिएकोछ भन्ने सो अधिकृतलाई लागेमा त्यस्तो सम्पत्ति आफ्नो कब्जामा लिन ।

८२(२): कुनै पनि अधिकृतले विभागबाट लिखित रूपमा अख्तियारी प्राप्त नगरी उपदफा (१) बमोजिमको कुनै पनि अधिकारको प्रयोग गर्न पाउने छैन । कुनै अधिकृतले उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गरी कुनै परिसर वा स्थानमा प्रवेश गर्दा सो परिसर वा स्थानको कब्जा गर्ने व्यक्तिले वा सम्बन्धित कुनै कागजात वा सम्पत्तिमा पहुँच भएको व्यक्तिले विभागको अख्तियारी देखाउन अनुरोध गरेमा त्यस्तो अधिकृतले निजहरूलाई त्यस्तो अख्तियारी देखाउनु पर्नेछ ।

८२(३): उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी कुनै परिसर वा स्थानमा प्रवेश गर्ने विभागको कुनै अधिकृतले अनुरोध गरेमा त्यस्तो परिसर वा स्थानको कब्जा गर्ने व्यक्ति वा सम्बन्धित कागजात वा सम्पत्तिमा पहुँच भएको व्यक्तिले सो अधिकारको प्रभावकारी प्रयोगका लागि सबै समुचित सुविधा तथा सहायता उपलब्ध गराउनु पर्नेछ ।

८२(४): विभागले उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम कब्जामा लिएको कागजात वा सम्पत्ति देहायको समयसम्म आफनो कब्जामा लिन सक्नेछ :-

(क) उपदफा (१) को खण्ड (ग) बमोजिम कब्जामा लिएको कुनै कागजात कुनै व्यक्तिको कर दायित्व निर्धारण गर्न वा यस ऐन बमोजिम अन्य कुनै कारबाहीको लागि आवश्यक पर्ने समयसम्म, र

(ख) उपदफा (१) को खण्ड (घ) बमोजिम कब्जामा लिएको सम्पत्ति विवादित कागजातमा पहुँच प्राप्त गरी कब्जामा नलिएसम्मको समयसम्म ।

८२(५): उपदफा (४) बमोजिम जुन व्यक्तिको कागजात कब्जामा लिइएको छ सो व्यक्तिले त्यस्तो कागजातको जाँच गर्न सक्नेछ र विभागले तोके बमोजिमको सुपरीवेक्षणमा सम्बन्धित व्यक्तिकै खर्चमा कार्यालय समयभित्र त्यस्तो कागजातको प्रतिलिपि वा अंश उतार गरी लिन सक्नेछ ।

८२(६): यस ऐनको कार्यान्वयनको लागि आवश्यक पर्ने कागजातहरूमा पहुँच प्राप्त गर्ने सम्बन्धमा विशेषाधिकार सम्बन्धी वा सार्वजनिक हित सम्बन्धी जुनसुकै व्यवस्था गरिएको भए तापनि तत्सम्बन्धमा यस दफामा लेखिएको व्यवस्था लागू हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "कब्जा गर्ने व्यक्ति" भन्नाले कुनै परिसर वा स्थानका सम्बन्धमा सो परिसर वा स्थानको स्वामित्व भएको व्यक्ति, प्रबन्धक वा त्यहाँ रहेको अन्य कुनै व्यक्ति सम्झनु पर्छ ।

अन्य प्रचलित विशेष ऐनले जस्तोसुकै व्यवस्था गरेको भएतापनि ऐनको कार्यान्वयनको लागि विभाग वा कार्यालयको कुनै अधिकृतले विभाग वा कार्यालय प्रमुखको पूर्वस्वीकृति वा अख्तियारी प्राप्त गरी निम्न बमोजिमको कुनै एक वा सोभन्दा बढी तरिकाबाट कुनै व्यक्तिसँग सम्बन्धित सूचना वा कागजात प्राप्त वा कब्जा गर्न वा कुनै सम्पत्ति कब्जामा लिन सक्तछ । यसरी कुनै व्यक्तिसँग सम्बन्धित सूचना वा कागजात प्राप्त गरिएको वा कब्जामा लिइएको वा कुनै सम्पत्ति कब्जामा लिइएको कारणले मात्र सो व्यक्तिले आफ्नो अन्य प्रचलित ऐनद्वारा प्रदत्त कुनै हक वा अधिकार हनन भएको दाबी गर्न पाउँदैन ।

१. प्रचलित कानुनको अधीनमा रही नेपालस्थित कुनै पनि परिसर, स्थान वा अन्य सम्पत्तिमा निर्वाध पहुँच प्राप्त गर्न र त्यस्तो स्थानमा रहेका कागजातमध्ये सम्बन्धित

अधिकृतले कुनै व्यक्तिको कर दायित्व निर्धारण गर्न आवश्यक वा सहायक हुने ठहराएका सक्कल कागजात वा तीनको प्रतिलिपि वा कागजातका इलेक्ट्रोनिक प्रति प्राप्त वा कब्जा गर्न,

२. कागजातमा पहुँच भएको कुनै व्यक्तिलाई निजसँग रहेको कागजातको प्रतिलिपि उपलब्ध गराउन अनुरोध गरिएकोमा सो व्यक्तिले प्रतिलिपि उपलब्ध नगराएमा त्यस्ता कागजात राखिएको आशंका भएको स्थान वा सम्पत्ति आफ्नो कब्जामा लिन,

३. उपर्युक्तानुसार कब्जामा लिएको कुनै व्यक्तिको कुनै सम्पत्ति विवादित कागजातमा पहुँच प्राप्त गरी ती कागजात कब्जामा नलिएसम्म र कब्जामा लिएको कुनै व्यक्तिको कुनै कागजात सो व्यक्तिको कर दायित्व निर्धारण वा यस ऐन बमोजिमको अन्य कारबाही सम्पन्न नहुँदासम्म आफनो कब्जामा राख्न,

कागजात वा सम्पत्तिमा पहुँच भएको व्यक्तिले सो व्यक्तिको कागजात वा सम्पत्ति कब्जामा लिन खटिएको अधिकृतसँग कागजात वा सम्पत्ति कब्जामा लिनुअघि विभाग वा कार्यालयको अख्तियारी देखाउन अनुरोध गरेमा निजलाई त्यस्तो अख्तियारी देखाउनु पर्दछ । त्यस्तै यस्तो कार्यमा खटिएको अख्तियार प्राप्त अधिकृतले माग गरेको हरेक प्रकारको सहयोग र सुविधा उपलब्ध गराउनु कागजात वा सम्पत्तिमा पहुँच वा कब्जा भएको व्यक्तिको कर्तव्य हुन्छ । जुन व्यक्तिको कागजात कब्जामा लिइएको हो सो व्यक्तिले कब्जामा लिइएको कागजातको जाँच गर्न र सम्बन्धित अधिकृतको रोहबरमा कार्यालय समयभित्र ती कागजातको प्रतिलिपि वा अंश आफ्नै खर्चमा उतार गरी लिन पाउँछ ।

### ३१.५.२ सूचना दिइ जानकारी प्राप्त गर्नसक्ने अधिकार

ऐनको दफा ८३ ले कुनै व्यक्तिसँग रहेको वा रहनुपर्ने भनी तोकिएको कुनै सूचना वा कागजात वा विवरण वा अन्य कुनै अभिलेख विभाग वा कार्यालयले सो व्यक्तिलाई सूचना दिइ प्राप्त गर्नसक्ने गरी देहायको व्यवस्था गरेको छ ।

**८३(१) यस ऐन बमोजिम कर बुझाउने दायित्व भएको वा नभएको कुनै पनि व्यक्तिलाई विभागले लिखित रूपमा सूचना जारी गरेर देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ :-**

**(क) सूचनामा तोकिएको समयभित्र सो सूचनामा तोकिएको कुनै जानकारी कुनै कागजात खडा समेत गरेर पेश गर्न,**

**(ख) सो व्यक्ति वा अन्य कुनै व्यक्तिको कर सम्बन्धी कुराहरूका सम्बन्धमा विभागका अधिकृत समक्ष परीक्षणका लागि सो सूचनामा तोकिएको समय र स्थानमा विभागमा उपस्थित हुन,**

**(ग) सो व्यक्तिको नियन्त्रणमा रहेको सूचनामा उल्लिखित कुनै कागजात परीक्षणको प्रयोजनको लागि खण्ड (ख) बमोजिम सो व्यक्तिको परीक्षण हुँदाको बखत पेश गर्न ।**

**८३(२) उपदफा (१) को खण्ड (ख) बमोजिम परीक्षण गरिने कुनै पनि व्यक्तिलाई त्यस्तो परीक्षणभर कानुनी वा अन्य प्रतिनिधित्व गराउन पाउने अधिकार हुनेछ ।**

**८३(३) यस ऐनको कार्यान्वयनको लागि आवश्यक पर्ने कागजातहरूमा पहुँच प्राप्त गर्ने सम्बन्धमा कुनै विशेषाधिकार सम्बन्धी वा सार्वजनिक हित सम्बन्धी जुनसुकै व्यवस्था गरिएको भए तापनि तत् सम्बन्धमा यस दफामा लेखिएको व्यवस्था लागू हुनेछ ।**

ऐनको कार्यान्वयनको लागि विभाग वा कार्यालयले लिखित सूचना जारी गरी कर तिर्नुपर्ने कर्तव्य भएको वा नभएको कुनै व्यक्तिलाई सूचनामा तोकिएको मिति वा समय वा स्थानमा निजसँग सम्बन्धित कुनै सूचना वा कागजात तयार गरी पेश गर्न वा निज वा अन्य कुनै

व्यक्तिको कर परीक्षणका लागि उपस्थित हुन वा निजसँग रहेको वा रहनुपर्ने कुनै कागजात विवरण वा खातावही परीक्षण प्रयोजनको लागि पेश गर्न आदेश दिन सक्तछ। कुनै व्यक्तिले पेश गरेको आय विवरणसाथ संशोधित कर निर्धारणको लागि पर्याप्त हुने कागजात, विवरण वा सूचना संलग्न रहेको अवस्थामा यस्तो सूचना जारी गरिरहनु पर्दैन । तर आय विवरणसाथ संशोधित कर निर्धारणको लागि पर्याप्त हुने कागजात, विवरण वा सूचना संलग्न नरहेको र संशोधित कर निर्धारणको लागि थप कागजात विवरण वा खातावहीको परीक्षण गर्नुपर्ने अवस्थामा करदाताको अधीनमा रहेका त्यस्ता कागजात विवरण वा खातावही परीक्षणको लागि पेश गर्न सम्बन्धित व्यक्तिलाई अनिवार्य रूपमा लिखित सूचना दिनुपर्दछ। किनकि, त्यस्तो सूचना नदिइ कुनै व्यक्तिको अधीनमा रहेको कागजात परीक्षण गरिएको र ती कागजातको आधारमा कुनै रकम आयमा समावेश गरी वा कुनै खर्च कट्टी नदिई संशोधित कर निर्धारण गरिएको भएपनि ती कागजात परीक्षण गरिएको प्रमाण नरहने हुँदा सम्बन्धित व्यक्तिले बिना आधार संशोधित कर निर्धारण गरिएको दाबी गरेमा त्यस्तो संशोधित कर निर्धारणले मान्यता पाउन नसक्ने अवस्था उत्पन्न हुन सक्तछ।

अन्य प्रचलित विशेष ऐनले जस्तोसुकै व्यवस्था गरेको भए तापनि कुनै व्यक्तिसँग उपर्युक्त बमोजिम कुनै सूचना वा कागजात माग गरिएको कारणले मात्र सो व्यक्तिले आफ्नो अन्य प्रचलित ऐनद्वारा प्रदत्त कुनै हक वा अधिकार हनन भएको दाबी गर्न पाउँदैन । तर कुनै व्यक्तिसँग उपर्युक्त बमोजिम माग गरिएको कागजात विवरण वा खातावही परीक्षण गर्ने कार्य सम्पन्न नहुन्जेल सो व्यक्तिलाई कुनै कानुन व्यवसायी वा अन्य व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्त गर्नपाउने वा स्वयं उपस्थित हुन पाउने अधिकार भने रहन्छ।

### ३१.५.३ प्राप्त सूचना वा जानकारी गोप्य राख्नुपर्ने

विभाग वा कार्यालयमा पेश भएको वा विभाग वा कार्यालयले कब्जामा लिएको कुनै व्यक्तिसँग सम्बन्धित जानकारी, सूचना, विवरण वा कागजातको सरकारी गोपनियताका सम्बन्धमा ऐनको दफा ८४ मा निम्न व्यवस्था रहेको छ।

**८४(१) विभागको कुनै पनि अधिकृत तथा अन्य कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा आफ्नो कब्जामा वा जानकारीमा आउने सबै कागजात तथा जानकारी गोप्य राख्नु पर्नेछ।**

**८४(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागको कुनै अधिकृतले उपदफा (१) बमोजिमको कागजात वा जानकारी देहायका व्यक्ति समक्ष देहाय बमोजिम प्रकट गर्न सक्नेछ :-**

**(क) यस ऐन बमोजिम सो अधिकृतको कर्तव्यपालन गर्न आवश्यक भएको हदसम्म,**

**(ख) यस ऐन बमोजिम प्रशासनिक पुनरावलोकन वा कारबाहीका सम्बन्धमा कुनै अदालत वा न्यायाधिकरणबाट आदेश भएकोमा,**

**(ग) अर्थ मन्त्री समक्ष,**

**(घ) अन्य कुनै वित्तीय कानुनको प्रयोजनका लागि प्रकट गर्न आवश्यक भएकोमा,**

**(ङ) नेपाल सरकारको सेवामा रहेको कुनै व्यक्तिलाई राजस्व वा तथ्यांक सम्बन्धी कार्यका लागि आवश्यक भएमा त्यस्तो व्यक्ति समक्ष,**

**(च) पदीय कर्तव्यको पालनको सिलसिलामा पेश गर्न आवश्यक भएकोमा महालेखापरीक्षक वा महालेखापरीक्षकबाट अख्तियार प्राप्त कुनै व्यक्ति समक्ष, वा**

(छ) **नेपालले अन्तर्राष्ट्रिय सम्झौता गरेको कुनै देशको सरकारको अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो सम्झौतामा तत्सम्बन्धमा व्यवस्था गरिएको हदसम्म ।**

८४(३) **उपदफा (२) बमोजिम कागजात र जानकारी प्राप्त गर्ने कुनै व्यक्ति, अदालत, न्यायाधिकरण, निकाय वा अधिकारीले आवश्यक परेको न्यूनतम हदसम्मको अवस्थामा बाहेक त्यस्ता कागजात वा जानकारी गोप्य राख्नु पर्नेछ ।**

विभाग वा कार्यालयमा जुनसुकै प्रयोजनको लागि पेश भएको वा विभाग वा कार्यालयले ऐन बमोजिम कब्जामा लिएको कुनै व्यक्तिको व्यवसाय वा कारोबार वा आर्थिक अवस्थासँग सम्बन्धित जानकारी, सूचना, विवरण वा कागजात तथा सो व्यक्तिको निजी सूचना सामान्यतयाः अनतिक्रम्य र गोप्य राख्नु सम्बन्धित निकाय र ती सूचनाको जानकारी रहेका सो निकायमा कार्यरत कर्मचारीको दायित्व हो । कतिपय अवस्थामा ती सूचना सार्वजनिक भएमा सो व्यक्तिले आर्थिक वा अन्य प्रकारको व्यावसायिक वा निजी नोक्सानी व्यहोर्नुपर्ने अवस्था आउन सक्तछ । विभाग वा कार्यालयमा जुनसुकै कारणले रहेका कुनै व्यक्तिका सूचना सार्वजनिक भई सो व्यक्तिले कुनै नोक्सानी व्यहोर्नु परेमा सो नोक्सानीको लागि विभाग वा कार्यालय नैतिक रूपमा जिम्मेवार हुनेमात्र नभई त्यस्तो गोपनियता भंग गर्ने व्यक्ति, विभाग वा कार्यालयको कर्मचारी भएमा निज उपर विभागिय कारबाही समेत हुन सक्तछ । गोपनियताको यो नियम विभागको विशेषज्ञ समूह तथा विभागले ऐन बमोजिम नियुक्त गरेका वा परामर्श लिइएका व्यक्ति वा निकायको हकमा समेत लागू हुन्छ । तर देहायको प्रयोजन र देहायको व्यक्तिसमक्ष विभाग वा कार्यालयमा रहेका कुनै व्यक्तिका सूचना प्रयोग गरिएको वा प्रदान गरिएको हदसम्म गोप्यता भंग गरेको मानिदैन ।

(१) यस ऐन बमोजिमको कर्तव्यपालन गर्ने सन्दर्भमा त्यस्तो सूचना कसैलाई उपलब्ध गराउन आवश्यक भएमा,

(२) यस ऐन बमोजिम कुनै अदालत वा न्यायाधिकरणबाट त्यस्तो जानकारी पेश गर्न आदेश भएकोमा,

(३) अर्थमन्त्रीबाट माग भएमा वा निजसमक्ष पेश गर्नुपर्ने भई त्यस्तो जानकारी पेश भएकोमा,

(४) अन्य कुनै वित्तीय कानुनको प्रयोजनका लागि प्रकट गर्न आवश्यक भएकोमा,

(५) नेपाल सरकारको राजस्व वा तथ्यांक सम्बन्धी कार्यका लागि नेपाल सरकारको सेवामा रहेको कुनै व्यक्तिलाई आवश्यक भएमा त्यस्तो व्यक्तिसमक्ष,

(६) महालेखापरीक्षक वा महालेखापरीक्षकबाट अख्तियार प्राप्त कुनै व्यक्ति समक्ष, वा

(७) नेपालले गरेको कुनै अन्तर्राष्ट्रिय सम्झौतामा सूचना आदानप्रदान सम्बन्धमा कुनै व्यवस्था गरिएको भए सो हदसम्मको सूचना सो देशको सरकारको अधिकार प्राप्त अधिकारीसमक्ष ।

विभाग वा कार्यालयले दिएको जानकारी वा कागजात प्राप्त गर्ने उपर्युक्त उल्लिखित व्यक्ति, अदालत, न्यायाधिकरण, निकाय वा अधिकारीले आवश्यक परेमाबाहेक त्यस्ता कागजात वा जानकारी गोप्य राख्नु पर्दछ ।

### ३१.६ करचुक्ताको प्रमाणपत्र

ऐन बमोजिम कर दाखिला गरेको कुनै व्यक्तिलाई सम्बन्धित कार्यालयले कर चुक्ताको प्रमाणपत्र प्रदान गर्ने सम्बन्धमा नियमावलीको नियम २६ मा देहायको व्यवस्था रहेको छ ।

२६. कर चुक्ताको प्रमाणपत्र :

*(१) कुनै व्यक्तिले कुनै निश्चित मितिसम्मको ऐन बमोजिम तिर्नुपर्ने सर्म्पूण कर तिरी सकेको प्रमाणपत्र माग गर्न ऐनको दफा ९६ को उपदफा (२) मा उल्लिखित कागजात सहित विभागमा निवेदन दिन सक्नेछ ।*

*(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदकको कर गणना गणितीय हिसाबले ठीक भए नभएको जाँच गरी र कर विवरण बमोजिम तिर्नुपर्ने कर, शुल्क, ब्याज तथा अग्रिम कर कट्टी रकम र ब्याज दाखिला गर्न बाँकी भए सो रकम दाखिला गराई कर तिरेको प्रमाणको आधारमा विभागले सो व्यक्तिलाई कर चुक्ताको प्रमाणपत्र दिनु पर्नेछ ।*

ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको कुनै व्यक्तिले कर चुक्ताको प्रमाणपत्र माग गरेमा र सो व्यक्तिले ऐन बमोजिम बुझाउनुपर्ने आय विवरण र तिर्नुपर्ने कर, शुल्क, ब्याज तथा अग्रिम कर कट्टी रकम दाखिला गरिसकेको भएमा सो व्यक्तिलाई कर चुक्ताको प्रमाणपत्र दिनुपर्दछ । तर करचुक्ता प्रमाणपत्र माग गर्ने कुनै व्यक्तिले ऐन बमोजिम बुझाउनुपर्ने विवरण वा तिर्नुपर्ने कुनै रकम बाँकी बक्यौता रहेको देखिएमा बुझाउँन बाँकी देखिएको विवरण वा कर रकम नबुझाउन्जेल सो व्यक्तिलाई कर चुक्ताको प्रमाणपत्र दिनु हुँदैन । कुनै व्यक्तिलाई करचुक्ता प्रमाणपत्र दिनुअघि करचुक्ता प्रमाणपत्र माग गरेको आयवर्ष सम्मको संशोधित कर निर्धारण भइसकेको र सो कर निर्धारण बमोजिम निजलाई थप कर रकम बुझाउन आदेश दिइएको भए र सो कर निर्धारण उपर कुनै निकायमा पुनरावलोकन वा पुनरावेदनको निवेदन नपरेको वा त्यस्तो निवेदनमा निर्णय भइसकेको भए सो कर निर्धारण बमोजिम निजले बुझाउनुपर्ने कर रकम बुझाउन लगाउनु पर्दछ । तर कुनै व्यक्तिले करचुक्ता प्रमाणपत्र माग गरेको आय वर्षसम्मको आय विवरणको आधारमा करचुक्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्दछ ।

## ३१.७ कर छुट पाउने संस्था दर्ता एवम् करछुटको प्रमाणपत्र

ऐनले सामाजिक न्याय, राज्यको सामाजिक दायित्व र कल्याणकारी राज्यको प्रचलित मान्यताको आधारमा केही सामाजिक र परोपकारी संघसंस्था र केही विशेष प्रकारका संस्था वा निकायलाई करछुट संस्थाको रूपमा मान्यता दिई ती संघसंस्था वा निकायका सबै वा कुनै विशेष प्रकारको आयमा ऐन बमोजिम लाग्ने कर छुट हुने र त्यस्ता संस्थालाई करछुटको प्रमाणपत्र प्रदान गरिने व्यवस्था गरेको छ । यस सम्बन्धी विस्तृत व्याख्या यसै निर्देशिकाको परिच्छेद ९ मा गरिएको छ ।

## ३१.८ करदाताका अधिकार

ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्तिलाई ऐनको दफा ७४ ले देहाय बमोजिमका अधिकार प्राप्त हुने प्रत्याभूति गरेको छ ।

**७४(१) करदाताले यस ऐन बमोजिमका कर्तव्यहरू पालना गर्नु पर्नेछ ।**

**७४(२) करदातालाई यस ऐन बमोजिम कर बुझाउने सन्दर्भमा देहाय बमोजिमको अधिकार हुनेछ :-**

**(क) सम्मानपूर्वक व्यवहारको अधिकार,**

**(ख) कर सम्बन्धी कुराहरूको सूचना प्रचलित कानुन बमोजिम प्राप्त गर्ने अधिकार,**

**(ग) कर सम्बन्धी कुरामा सफाईको सबूद पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,**

**(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार, र**

(ङ) **कर सम्बन्धी गोपनीय कुराहरू यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।**

**स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "करदाता" भन्नाले दफा ३ मा उल्लेख भए बमोजिम कर लगाई असुल उपर गरिने व्यक्ति सम्झनु पर्छ ।**

ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति अर्थातकरयोग्य आय भएको व्यक्ति, आफ्नो आय विदेशमा पठाउने नेपालस्थित विदेशी स्थायी संस्थापन र अन्तिमरूपमा करकट्टी हुने रकम प्राप्त गर्ने व्यक्तिलाई विभाग वा सम्बन्धित कार्यालयबाट कर सम्बन्धी सूचना प्राप्त गर्ने, करसम्बन्धी कुरामा सफाई वा सबुद प्रमाण पेश गर्न पाउने, करसँग सम्बन्धित काम कारबाही वा मुद्दामा आफ्नो प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरीक्षक मुकरर गर्न पाउने अधिकार प्राप्त छन् । त्यस्तै ऐनले कर प्रशासनले करदातालाई सम्मानपूर्वक व्यवहार गर्ने र तोकिएको अवस्थामाबाहेक विभाग वा कार्यालयमा रहेका वा करदाताले ती निकायमा पेश गरेका करदाताका कर सम्बन्धी वा अन्य सूचना, विवरण वा कागजात गोप्य र अनतिक्रम्य राख्ने प्रत्याभूति दिएको छ ।

# परिच्छेद ३२

# विविध

# (Miscellaneous)

३२.१ आयकर ऐन, २०५८ ले आयकर सम्बन्धी सम्पूर्ण व्यवस्था यसै ऐनको माध्यमबाट मात्र हुने मनसाय राखेको छ । आयकर सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न ऐनको परिच्छेद २४ मा आयकर ऐनलाई लागू गर्दा वा कर निर्धारण गर्ने क्रममा आवश्यक पर्ने प्रशासनिक व्यवस्थापन, विशेषज्ञको सेवा लिने, विभागको अधिकारलाई व्यवस्थित गर्ने लगायतका पक्ष यस परिच्छेदमा समावेश गरिएको छ । निर्देशिकाको यस परिच्छेदको उद्देश्य ऐन कार्यान्वयनमा सघाउ पुऱ्याउने यस्ता विविध पक्षलाई व्याख्या गर्नु रहेको छ ।

३२.२ **विशेषज्ञको सेवा लिन सक्ने**

विभागले ऐनको प्रभावकारी कार्यान्वयनको लागि विशेषज्ञको सेवा लिन सक्ने सम्बन्धमा ऐनको दफा १३२ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३२ नेपाल सरकार वा विभागले कर परीक्षण सम्बन्धी कार्यकोलागि सम्बन्धित विशेषज्ञको सेवा लिन सक्नेछ र यस्ता विशेषज्ञका सम्बन्धमा समेत दफा ८४ मा उल्लिखित सरकारी गोप्यतासम्बन्धी व्यवस्था लागू हुनेछ ।**

आयकर ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक परेमा करका लेखा सम्बन्धी विज्ञको सेवा लिन सकिने व्यवस्था रहेको छ । यस क्रममा व्यावसायिक विशेषज्ञता हासिल गरेका विज्ञ जस्तै मुल्याङ्कनकर्ता (Valuator), इन्जिनियर, वकिल, चार्टर्ड एकाउण्टेण्टस्, कुनै क्षेत्र विशेषको ज्ञाता, जस्ता विज्ञको सेवा आवश्यक परेको अवस्थामा नेपाल सरकारले यस्ता विशेषज्ञको सेवा लिनसक्ने प्रावधान रहेकोछ । यस्ता विशेषज्ञ नियुक्त गरी सेवा लिएको अवस्थामा ती व्यक्तिलाई समेत ऐनको दफा ८४ मा उल्लिखित सरकारी गोप्यता भने लागू हुनेछ ।

८४(१) **विभागको कुनै पनि अधिकृत तथा अन्य कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा आफ्नो कब्जामा वा जानकारीमा आउने सबै कागजात तथा जानकारी गोप्य राख्नु पर्नेछ ।**

८४(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागको कुनै अधिकृतले उपदफा (१) बमोजिमको कागजात वा जानकारी देहायका व्यक्ति समक्ष देहाय बमोजिम प्रकट गर्न सक्नेछ :-**

(क) **यस ऐन बमोजिम सो अधिकृतको कर्तव्यपालन गर्न आवश्यक भएको हदसम्म,**

(ख) **यस ऐन बमोजिम प्रशासनिक पुनरावलोकन वा कारबाहीका सम्बन्धमा कुनै अदालत वा न्यायाधिकरणबाट आदेश भएकोमा,**

(ग) **अर्थमन्त्री समक्ष,**

(घ) **अन्य कुनै वित्तीय कानुनको प्रयोजनका लागि प्रकट गर्न आवश्यक भएकोमा,**

(ङ) **नेपाल सरकारको सेवामा रहेको कुनै व्यक्तिलाई राजस्व वा तथ्यांक सम्बन्धी कार्यका लागि आवश्यक भएमा त्यस्तो व्यक्ति समक्ष,**

(च) **पदीय कर्तव्यको पालनको सिलसिलामा पेश गर्न आवश्यक भएकोमा महालेखापरीक्षक वा महालेखापरीक्षकबाट अख्तियार प्राप्त कुनै व्यक्ति समक्ष, वा**

(छ) नेपालले अन्तर्राष्ट्रिय सम्झौता गरेको कुनै देशको सरकारको अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो सम्झौतामा तत्सम्बन्धमा व्यवस्था गरिएको
हदसम्म ।

८४(३) उपदफा (२) बमोजिम कागजात र जानकारी प्राप्त गर्ने कुनै व्यक्ति, अदालत, न्यायाधिकरण, निकाय वा अधिकारीले आवश्यक परेको न्यूनतम हदसम्मको अवस्थामा बाहेक त्यस्ता कागजात वा जानकारी गोप्य राख्नु पर्नेछ ।

३२.३ दण्ड तथा पुरस्कार सम्बन्धी व्यवस्था

३२.३.१ विभागीय कारबाही गरिने

विभागको अधिकृतलाई विभागीय कारबाही गरिने सम्बन्धमा ऐनको दफा १३३ मा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३३ कुनै कर निर्धारण लापरबाहीबाट गरेको ठहरी करदाताको दायित्व बढ्न वा घट्न गएमा त्यस्तो कर निर्धारण गर्ने वा दफा १०१ को उपदफा (३) बमोजिमको म्यादभित्र संशोधित कर निर्धारण नगर्ने सम्बन्धित अधिकृतलाई निजको सेवा शर्तसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय गर्न महानिर्देशकले विभागीय कारबाही चलाउन सक्नेछ ।**

कुनै पनि कर अधिकृतले कर निर्धारण गर्ने क्रममा निजको लापरबाहीको कारणबाट कर दायित्व घटी वा बढी हुन गएमा वा ऐनको दफा १०१ को उपदफा (३) बमोजिम दिइएको म्यादभित्र संशोधित कर निर्धारण नगर्ने अधिकृतलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित कानुन अर्थात निजामति सेवा ऐन र नियमावली अनुसार सजाय गर्न महानिर्देशकले विभागीय कारबाही चलाउन सक्दछ । संशोधित कर निर्धारणका सम्बन्धमा ऐनको दफा १०१ को उपदफा (३) बमोजिम दिइएको म्याद भन्नाले निम्नानुसार बुझिन्छ ।

**१०१(३) विभागले उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गर्दा देहायको मितिले चार वर्षभित्र गरिसक्नु पर्नेछ :-**

**(क) दफा ९९ बमोजिम कर निर्धारण भएकोमा आय विवरण पेश गर्नुपर्ने मिति,**

**(ख) दफा १०० को उपदफा (२) बमोजिम कर निर्धारण गरिएकोमा कर निर्धारण गरिएको व्यक्तिलाई दफा १०२ बमोजिम कर निर्धारणको सूचना दिएको मिति,**

**(ग) उपदफा (१) वा (२) बमोजिम कर निर्धारण गरिएकोमा उपदफा (१) बमोजिम संशोधन गरिएको साविकको कर निर्धारणसँग सम्बन्धित खण्ड (क) वा (ख) मा उल्लिखित मिति ।**

३२.३.२ असल नियतले गरेको काम कारबाही प्रति जवाफदेही नहुने

असल नियतले गरेको काम कारबाहीप्रति जवाफदेही नहुने सम्बन्धमा ऐनको दफा १३६ मा निम्नानुसारको व्यवस्था रहेको छ ।

**१३६ यस ऐनमा अन्यत्र जुनसुकै कुरालेखिएको भए तापनि कुनै अधिकृतले आफ्नो कर्तव्य पालन गर्दा असल नियत लिई गरेको काम कारबाही प्रति निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन ।**

कर निर्धारण गर्ने क्रममा वा कर्तव्य पालना गर्ने सिलसिलामा असल नियत लिई गरेको कार्य प्रति कुनै अधिकृत व्यक्तिगत रूपमा जवाफदेही नहुने व्यवस्था छ । यस ऐनको अन्य दफा, जस्तै दफा १३३ र दफा १२६ को उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएतापनि

यदि निजले असल नियत लिई कार्य सम्पादन गरेको छ भने निज व्यक्तिगत रूपमा जवाफदेही हुनु भने पर्दैन ।

३२.३.३ पुरस्कारको व्यवस्था

ऐनको दफा १३६क. मा पुरस्कार र सुराकीका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**(१) कुनै व्यक्तिले आफनो करको दायित्व सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना दिने व्यक्तिलाई त्यस्तो सूचनाको आधारमा असुल उपर गरिएको करको रकममध्ये निजले पेश गरेको प्रमाणबाट निर्धारण भए जतिको कर रकमको बीस प्रतिशत बराबरको रकम महानिर्देशकको निर्णयले पुरस्कार दिन सकिनेछ ।**

**(२) उपदफा (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिकरूपमा दिइनेछ ।**

**(३) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि राजस्व चुहावटको सूचना दिने व्यक्तिलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिएको कार्यविधि बमोजिम तत्काल दशहजार रुपैयाँसम्म सुराकी खर्च दिन सकिनेछ ।**

**(४) उपदफा (१) र (३) बमोजिमको सूचना दिने व्यक्तिको नाम, थर र वतन गोप्य राखिनेछ ।**

कुनै करदाताले तिर्ने करको दायित्व सम्पूर्ण वा केही अंश छलेको वा छल्न कोशिस गरेको प्रमाण सहितको सूचना वा सुराकी दिने व्यक्तिलाई निजले दिएको सूचना वा प्रमाणका आधारमा कर अधिकृतद्वारा कर निर्धारण गरी असुल उपर भएको कर रकमको २० प्रतिशत रकम महानिर्देशकले निर्णय गरी पुरस्कार स्वरूप प्रदान गर्न सकिने व्यवस्था छ । यस व्यवस्था प्रष्ट पार्ने उदाहरण तल प्रस्तुत गरिएको छ ।

उदाहरणः ३२.३.१: मानौं, ABCकम्पनीले आ.व.२०७५।७६ को आय विवरण सम्बन्धित कार्यालयमा बुझाएका रहेछन् । उक्त कम्पनीले पेस गरेको आय विवरणमा बीमा दाबी (Insurance Claim) बापत प्राप्त गरेको रु.१० लाख रकम आयमा समावेश नगरी आय विवरण पेस गरेको आधार मानी देशभक्त नेपालले सो कम्पनीले आय लुकाएको लिखित जानकारी विभागका महानिर्देशकलाई गराएका रहेछन् । सोही अनुसार कार्यालयबाट छानबिन गर्दा प्रमाणका आधारमा २५ प्रतिशतका दरले हुन आउने कर रकम रु.२ लाख ५० हजार र ऐनको दफा १२० को खण्ड (ख) को शुल्क रु.२ लाख ५० हजार एवम् दफा ११९ बमोजिमको ब्याज रु.२० हजार गरी जम्मा रु.५ लाख २० हजार कर निर्धारण गरी असुल उपर भएको रहेछ । यस अवस्थामा देशभक्त नेपाललाई असुल भएको कर रकम रु.५ लाख २० हजारको २० प्रतिशतका दरले हुने रकम रु.१ लाख ४ हजार पुरस्कार बापत महानिर्देशकले निर्णय गरी दिन सक्नेछ ।

विभागले यसरी पुरस्कार दिँदा पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा पुरस्कारको रकम समानुपातिक रूपमा दिइनेछ । सूचनाको उपादेयताको आधारमा यस्तो सूचना दिने व्यक्तिलाई कार्यविधिको आधारमा दशहजार रुपैयाँसम्म सुराकी खर्च दिन सक्ने प्रावधान रहेको छ । यसरी सूचना दिने व्यक्तिको नाम, थर र वतन गोप्य राख्नु पर्नेछ ।

३२.४ अधिकृतको परिचय पत्र

ऐनको दफा १३४मा अधिकृतको परिचयपत्रका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३४ प्रत्येक अधिकृतले तोकिएबमोजिमको परिचयपत्र आफ्नो साथमा राख्नुपर्नेछ र कर्तव्य पालनाको सिलसिलामा कसैले त्यस्तो परिचयपत्र हेर्न माग गरेमा देखाउनु पर्नेछ ।**

विभागको कुनै अधिकृतले नियम २८ ले तोके बमोजिमको ढाँचाको परिचयपत्र साथमा राख्नुपर्दछ । कर्तव्यपालनाको सिलसिलामा सरोकारवालाले परिचयपत्र माग गरेमा देखाउनुपर्ने दायित्व सम्बन्धित कर अधिकृत र अन्य कर्मचारीको हुनेछ । नियम २८ मा परिचयपत्रका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

*२८. अधिकृतको परिचयपत्र : अधिकृतको परिचयपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।उक्त ढाँचा निर्देशिकाको यसै परिच्छेदको अन्तमा संलग्न गरिएको छ ।*

### ३२.५ अदालतलाई भए सरहको अधिकार हुने

ऐनको दफा १३५ मा विभागलाई अदालतलाई भए सरहको अधिकार हुने सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३५ यस ऐनको प्रयोजनको लागि विभागलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।**

कर निर्धारण गर्ने क्रममा आवश्यक कागजातका अलवा पनि अन्य प्रमाण जुटाउने प्रयोजनको लागि विभाग अर्थात कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउन, बयान लिन, वा प्रमाण बुझ्न वा लिखित जवाफ पेश गराउनको लागि प्रचलित कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार रहने व्यवस्था छ ।

### ३२.६ नेपाल सरकारले आदेश वा निर्देशन दिन सक्ने

ऐनको दफा १३७ मा नेपाल सरकारले विभागलाई आदेश वा निर्देशन दिन सक्नेअधिकारका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३७ कर प्रशासनलाई प्रभावकारी बनाउन नेपाल सरकारले विभागलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ ।**

नेपाल सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन निर्देशन दिन सक्ने र सोको पालना गर्नुपर्ने दायित्व विभागको हुनेछ । यस्तो निर्देशन विभागको तालुकवाला मन्त्रालय अर्थ मन्त्रालय मार्फत प्राप्त हुनु पर्दछ ।

### ३२.७ नियम तथा निर्देशिका बनाउने अधिकार

#### ३२.७.१ नियम बनाउने अधिकार

ऐनको दफा १३८ मा नियम बनाउने अधिकारका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३८ नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।**

नेपाल सरकारले ऐन कार्यान्वयन गर्ने क्रममा आवश्यक नियमावली बनाई जारी गर्न सक्ने व्यवस्था छ । सोही अनुसार आयकर नियमावली, २०५९ बनाई जारी गरिएको छ ।

#### ३२.७.२ निर्देशिका बनाई जारी गर्न सक्ने

ऐनको दफा १३९ मा निर्देशिका बनाई जारी गर्न सक्ने अधिकारका सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१३९ यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।**

ऐनको दफा १३८ अनुसार जारी गरिएको आयकर नियमावली, २०५९ को अधीनमा रही ऐन तथा नियमावलीसँग नबाझिने गरी विभागले निर्देशिका बनाई जारी गर्न सक्दछ । यही

व्यवस्था अनुसार विभागले समय समयमा निर्देशिका बनाई जारी गरिआएको छ । आयकर निर्देशिका, २०६६ समेत यही प्रावधान अनुरूपविभागले जारी गरेको निर्देशिका हो । विभागले जारी गरेको निर्देशिका ऐन तथा नियमावलीसँग बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ । यस निर्देशिकासँग बाझिएका कुनै विभागीय सार्वजनिक परिपत्र भएमा सो समेत निस्कृय हुनेछन् । यस निर्देशिकामा गरिएका व्याख्या र उदाहरणले सार्वजनिक परिपत्रको जस्तो मान्यता पाउनेछन् । यसको पालना गर्नु सबै करदाताको कर्तव्य र कार्यान्वयन गर्ने दायित्व विभागको हुनेछ ।

## ३२.८ अनुसूचीमा थपघट तथा हेरफेर

ऐनको दफा १४० मा अनुसूचीमा थपघट तथा हेरफेर गर्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१४० नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-१ बाहेकका अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।**

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी ऐनको अनुसूची-१ (करका दर) बाहेक अन्य अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्दछन् । तर राजपत्रमा सूचना प्रकाशित नगरी अन्य अनुसूचीमा समेत हेरफेर वा थपघट भने गर्न सकिदैंन ।

## ३२.९ प्रहरीले सहयोग गर्नुपर्ने

ऐनको दफा १४१ मा प्रहरीले सहयोग गर्नुपर्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था रहेको छ :

**१४१ यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्ने सम्बन्धमा विभागले मागेको सहयोग गर्नु प्रहरीको कर्तव्य हुनेछ ।**

आयकर ऐन, २०५८, आयकर नियमावली, २०५९ को कार्यान्वयन गर्ने सिलसिलामा विभागले प्रहरी समक्ष सहयोग मागेमा सहयोग गर्न स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

## ३२.१० करसम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने

आयकर ऐन, २०५८ लागू हुनुपूर्व आयकर सम्बन्धी छुट तथा सुविधा विभिन्न ऐनमा रही आएको थियो । यो ऐन लागूभएपश्चात आयकर सम्बन्धी सम्पूर्ण व्यवस्था यो ऐनले नै तोक्ने गरी दफा १४२ ले निम्नानुसारको व्यवस्था गरेको छ :

**१४२ प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालबसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी कर लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका करका व्यवस्थाहरुमा कुनै पनि संशोधन, परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्था गर्न सक्ने छैन ।**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालबसाली लागू हुने आर्थिक ऐनले आयकर ऐनमा संसोधन गरी कर लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले सो आयकर ऐन बमोजिमका करका व्यवस्थामा कुनैपनि संशोधन, परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्था गर्न सक्दैन । यस प्रकार आयकर ऐन, २०५८ मा संशोधन निम्न दुई तरिकाले मात्र हुन सक्ने देखिन्छ ।

१. आर्थिक ऐनको माध्यमबाट वा

२. आयकर ऐन, २०५८ मै संशोधन गर्न बनेको ऐनद्वारा संशोधन गर्ने ।

३. केही नेपाल ऐन संशोधन गर्ने ऐन ।

आर्थिक ऐनद्वारा सामान्यतयाः तात्कालिन प्रभाव पर्ने वा तुरुन्त लागू गर्नुपर्ने वा लागू गर्न सकिने प्रकृतिका संशोधन गरिन्छ । जस्तैः करका दरमा परिवर्तन, करछुट दिने वा थप प्रस्ताव गर्ने, खर्च कट्टी मान्ने, नमान्ने, आयमा समावेश हुने नहुने जस्ता विषय । आयकर ऐन, २०५८ का व्यवस्थालाई अन्य कुनैपनि ऐनले संशोधन, परिवर्तन वा अन्य व्यवस्था गर्न नसकिने व्यवस्था गरिएको छ । यसो गर्नाले आयकर सम्बन्धी व्यवस्थाको स्थिरता (Stability) तथा विश्वसनीयता (Predictability)बढाउन खोजिएको छ । यसका अतिरिक्त करदाता, करविज्ञ (Tax Professional), कर अधिकृत लगायत सबै पक्षलाई एउटै संहिता रूपी ऐनको माध्यमले नेपालको आयकर व्यवस्थालाई विशिष्टिकरण गर्ने अवसर पनि मिलेको छ ।

### ३२.११ खारेजी, संशोधन र बचाउ

आयकर ऐन, २०५८ लागू हुनुपूर्व आयकर सम्बन्धी छुट तथा सुविधा विभिन्न ऐनमा रही आएको थियो । यो ऐन लागूभएपश्चात आयकर सम्बन्धी सम्पूर्ण व्यवस्था यो ऐनले नै तोक्ने गरी आयकर सम्बन्धी व्यवस्था समेटिएका छन् । अन्य ऐनका दफालाई हटाउन दफा १४३ ले निम्नानुसारको व्यवस्था गरेको छ :

१४३(१) आयकर ऐन, २०३१ र घर जग्गा बहाल कर ऐन, २०२३ खारेज गरिएका छन्

१४३(२) देहायका ऐनहरुमा देहाय बमोजिम संशोधन गरिएका छन :-

(क) ...............................................

(ख) कर्मचारी सञ्चयकोष ऐन, २०१९ मा संशोधन : कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १८ को खण्ड (ख) को अन्त्यमा रहेका "कुनै किसिमको कर लाग्ने छैन" भन्ने शब्दहरुको सट्टा "आयकर बाहेक कुनै किसिमको कर लाग्ने छैन" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) नेपाल पेट्रोलियम ऐन, २०४० मा संशोधन : नेपाल पेट्रोलियम ऐन, २०४० को दफा १३ को खण्ड (ग) झिकिएकोछ ।

(घ) निवृत्ति कोष ऐन, २०४२ को दफा २९ मा संशोधन : निवृत्ति कोष ऐन, २०४२ को दफा २९ मा रहेका "यस्तै अन्य कुनै किसिमको कर लाग्ने छैन" भन्ने शब्दहरुको सट्टा "आयकरबाहेक अन्य कुनै किसिमको कर लाग्ने छैन" भन्ने शब्दहरु राखिएका छन् ।

(ङ) नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५१ मा संशोधन : नागरिक लगानी कोष ऐन, २०४७ को दफा ५१ खारेज गरिएको छ ।

(च) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ३० मा संशोधन : नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ३० खारेज गरिएकोछ ।

(छ) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ मा संशोधन :

(१) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (ग), (घ), (ङ), (ञ) (ठ), (त), (थ), (द) र (ध) झिकिएकाछन् ।

(२) खण्ड (च) मा रहेका "आयकरमा सञ्चालन मितिले दश वर्षसम्म क्रमशः तीस, पच्चीस र बीस प्रतिशत तथा" भन्ने शब्दहरु झिकिएकाछन ।

(ज) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा संशोधन : विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ५ को उपदफा (१क) झिकिएको छ ।

(झ) बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधन : बी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा २१ को दोस्रो हरफमा रहेको "आयकर" भन्ने शब्द झिकिएकोछ ।

(ञ) त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा संशोधन : त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ३३ को उपदफा (२) झिकिएकोछ ।

(ट) विद्युत ऐन, २०४९ को दफा १२ मा संशोधन :

(१) विद्युत ऐन, २०४९ को दफा १२ को दफा शीर्षकमा रहेको "आयकर" भन्ने शब्द झिकिएकोछ ।

(२) उपदफा (१), (२), (३), (४), (५) र (६) झिकिएकाछन् ।

(ठ) पोखरा विश्व विद्यालय ऐन, २०५३ को दफा ३६ मा संशोधन : पोखरा विश्व विद्यालय ऐन, २०५३ को दफा ३६ को उपदफा (२) झिकिएको छ

(ड) बी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा १८ मा संशोधनः बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन २०५३ को दफा १८ को उपदफा (१) मा रहेको "आयकर" भन्ने शब्द झिकिएको छ ।

(ढ) नगर विकास कोष ऐन, २०५३ मा संशोधन : नगर विकास कोष ऐन, २०५३ को दफा २४ खारेज गरिएको छ ।

(ण) दूर सञ्चार ऐन, २०५३ को दफा ३४ को उपदफा (१) खारेज गरिएकोछ ।

१४३(३) उपदफा (१) वा (२) बमोजिम खारेज वा संशोधन भएका ऐन वा ऐनका दफाहरु अन्तर्गत गरिएका सबै काम कारबाही यसै ऐन अन्तर्गत गरिएका मानिनेछन् ।

१४३(४) यो ऐन लागू हुनुभन्दा अधिका आय वर्षको आयकर निर्धारण र असुलउपर गर्ने सम्बन्धी व्यवस्थाका सम्बन्धमा आयकर ऐन, २०३१ का ब्यवस्थाहरु लागू हुनेछन्।

## ३२.१२ सङ्क्रमणकालीन व्यवस्था

आयकर ऐन, २०३१ खारेज भई आयकर ऐन, २०५८ लागू हुँदाका बखत आइपर्ने वा आइपरेका विविध सक्रमणकालीन अवस्थाको निम्नानुसार व्यवस्था भएको छ ।

(१) आयकर ऐन, २०५८ लागू भएको आयवर्ष (आर्थिक वर्ष) अर्थात् २०५८ श्रावणदेखि २०५९ आषाढ मसान्तसम्मको वर्षदेखि अगाडिका आयवर्षका हकमा आयकर ऐन, २०३१ तथा अन्य प्रचलित कानुन नै लागू हुन्छन र सोही अनुसारका कर निर्धारण एवम् असुल उपर (जस्तैः ब्याज वा जरिवाना) सम्बन्धी व्यवस्था लागू हुन्छन् । तर विवरण ढिला बुझाए बापत वा कर ढिला तिरे वापतको शुल्क वा ब्याज गणना गर्दा पुरानो आयवर्षको भएतापनि आयकर ऐन, २०५८ लागू भएको मिति २०५८ चैत्र १९ गते पछि ब्याज वा शुल्कको गणना आयकर ऐन, २०५८ बमोजिम गर्नुपर्दछ ।

(२) साविकको आयकर ऐन, २०३१ लागू रहेका बखत काम गरिरहेको सम्बन्धित विभागका पदाधिकारी वा कर अधिकृत आयकर ऐन, २०५८ को कार्यान्वयन गर्ने सन्दर्भमा पनि यसै ऐन बमोजिमका पदाधिकारी वा कर अधिकृत मानिन्छन् ।

(३) नेपाल राज्यको तर्फबाट नेपाल सरकारले गरेका दोहोरो कर मुक्ति सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता आयकर ऐन, २०५८ लागू हुँदाका बखत प्रभावकारी रहेको भए सो ऐन लागू भैसके पश्चात पनि लागू भइरहन्छन् ।

(४) आयकर ऐन, २०३१ तथा आयकर नियमावली, २०३९ लागू रहेका बखत कार्यान्वयनमा रहेका सबै आयकर सम्बन्धी फारम, आय विवरणका ढाँचा एवम् विभागले तोकेका अन्य कागजात आयकर ऐन, २०५८ वा आयकर नियमावली, २०५९ लागू भएपश्चात पनि खारेज वा संशोधन नभएसम्म वा अर्को व्यवस्था नभएसम्म लागू भइरहन्छ र कार्यान्वयनमा रहिरहन्छन् तथा सो विवरण ढाँचा वा फारममा साविक ऐन नियमका दफाबारे उल्लेख गरिएको अवस्था अनुसार आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ को सम्बन्धित दफामा उल्लेख भए सरह मानिन्छ ।

(५) आयकर ऐन, २०५८ मा विगत आय वर्षको सन्दर्भमा उल्लेख भएमा ठाउँमा आवश्यकता अनुसार आयकर ऐन, २०३१ बमोजिम आयवर्षलाई पनि इङ्गित गरेको मानिन्छ । यो ऐन (आयकर ऐन) बारे वा यो ऐनको कुनै दफावारे भएको व्यवस्थाले आवश्यकता अनुसार आयकर ऐन, २०३१ वा सो ऐनको सम्बन्धित दफालाई पनि इंगित गरेको मानिन्छ ।

(६) आयकर ऐन, २०५८ ले पुँजीगत लाभ सम्बन्धमा छुट्टै परिच्छेदको व्यवस्था गरेको छ । आयकर ऐन,२०३१ ले निकाय एवम्व्यवसायको आय भएको व्यक्तिले व्यवसायको स्वामित्वमा भएको वा प्रयोग भएको सम्पत्तिको निःसर्गमा भएको लाभमा कर लाग्ने व्यवस्था गरेको थियो । तर आयकर ऐन, २०५८ मा प्राकृतिक व्यक्तिको पुँजीगत लाभ र गैर व्यावसायिक करयोग्य सम्पत्तिको रूपमा रहेको सम्पत्तिमा कर लाग्ने व्यवस्था समावेश भएको छ ।

(७) आयकर ऐन, २०५८ को कर सङ्कलन, मिन्हा र फिर्ता सम्बन्धी व्यवस्था शुल्क तथा ब्याज सम्बन्धी व्यवस्था र कसुर तथा सजाय सम्बन्धी व्यवस्था यो ऐन लागू भएको मिति वा सो मिति पश्चात् तिर्नुपर्ने करका सम्बन्धमा र गरेका कसुरका सम्बन्धमा मात्र लागू हुन्छ ।

(८) पुनरावलोकनीय निर्णयको पुनरावलोकन विभागले गर्ने सम्बन्धी आयकर ऐन, २०५८ को व्यवस्थामा सो ऐन लागू भएको मिति वा यसपछि गरिएको पुनरावलोकनीय निर्णयका हकमा मात्र लागू हुन्छन् ।

(९) आयकर ऐन, २०५८ लागू हुनअगावै तत्काल प्रचलित कानुनले करछुट हुने वा अन्य कुनै सुविधा पाउने गरी व्यवस्था गरेको रहेछ भने अवधि किटिएको सुविधाको हकमा यस्तो अवधि कायम रहुन्जेल यो सुविधा प्रत्याभूति गरिएकोछ । अवधि नकिटिएको सुविधाको हकमा यस्तो छुट पाउने आयमा मिति२०५८ चैत्र १८ गतेसम्मको दामासाहीले यस्तो छुट सुविधा तथा सहुलियत दरको सुविधा उपलब्ध हुनेछ । अन्तिम रूपमा करकट्टी हुने भुक्तानीको हकमा मिति २०५८ चैत्र १८ गतेसम्मको भुक्तानीमा तत्काल प्रचलित कानुन बमोजिम करकट्टी भएको वा छुट पाएको भए सोही अनुसार हुनेछ । वार्षिक आयमा मिलान हुने कुनै भुक्तानी (वा भुक्तानी गर्नुपर्ने अवस्थाको सिर्जना) मिति २०५८ चैत्र १८ गतेसम्म गरिएको भए तत्काल प्रचलित कानुनले यस्तो भुक्तानीमा कर नलाग्ने वा कुनै सहुलियत पाउने भए (जस्तै, २०५८/०५९ को दशै खर्च) सो सुविधा यो ऐन लागू भए पश्चात पनि कायम रहनेछ ।

(१०) आयकर ऐन, २०३१ लागू भएको मानिने आय वर्षको हकमा यो ऐन बमोजिम खर्च कट्टी दाबी गर्न पाइने वा कर मिलान गर्न नपाइने कुनै रकम (जस्तै, विज्ञापन वा अतिथि सत्कार, खर्चमध्ये सो ऐनले तोकेको सीमा भन्दा बढी भएको खर्च वा औषधि उपचार बापतको कर मिलान) आयकर ऐन, २०५८ लागू भएपश्चात पनि सो आय वर्षको हकमा दाबी गर्न पाईदैन । यसैगरी आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम पनि आयकर ऐन, २०३१ बमोजिम आयमा समावेश नगर्नुपर्ने

भए सो ऐन लागू रहने वर्षको हकमा समावेश गरिरहनु पर्दैन । तर आयवर्ष २०५८/०५९ को हकमा आयकर ऐन, २०५८ लागू हुन्छ । तथापि आयवर्ष २०५८/०५९ को हकमा पनि आयतर्फ समावेश गर्नुपर्ने केही रकमको हकमा ( जस्तै, प्राकृतिक व्यक्तिको पुँजीगत लाभ) यो ऐन लागू भएको मिति अर्थात २०५८ चैत्र १९ गते र सो पछिको अवधिमा आय भएका रकम मात्र समावेश गर्नु पर्दछ ।

# अनुसूचीहरु

# अनुसूची-१

## मिति २०७६।०४।०१ देखि कायम भएका राजस्व शीर्षकहरुः

| सिं.नं. | आ.ब.२०७६.०४.०१ देखि कायम भएको राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | आ.व. २०७५।०७६ मा कायम भएका संकेतहरु | व्याख्या |
|---|---|---|---|---|
| १. | ११११२ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा | ११११२ | एकलौटी फर्म तथा व्यक्तिगत आयम लाग्ने कर यसमा पर्दछ। |
| २. | ११११२ | पारिश्रमिक कर | ११११२ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलब, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। |
| ३. | ११११३ | पूँजीगत लाभ कर | ११११३ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने यसमा पर्दछ। |
| ४. | १११२० | निकायको आयमा लाग्ने कर | १११२० | व्यवसायिक निकाय तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन। |
| ५. | १११२१ | निकायको मुनाफामा लाग्ने कर - सरकारी संस्थान | १११२१ | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ६. | १११२२ | निकायको मुनाफामा लाग्ने कर - पब्लिक लिमिटेड कम्पनी | १११२२ | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ७. | १११२३ | निकायको मुनाफामा लाग्ने कर - प्राइभेट लिमिटेड कम्पनी | १११२३ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ८. | १११२४ | निकायको मुनाफामा लाग्ने कर - अन्य संस्था | १११२४ | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरु :- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ। |
| ९. | १११२५ | पुंजीगत लाभकर-निकाय | १११२५ | घर, जग्गा, शेयर आदि सम्पत्तिको विक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुंजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ। |
| १०. | १११३० | लगानीको आय तथा अन्य आयमा | १११३० | माथि उल्लेखित शीर्षक ११११२ देखि १११२५ भित्र परेका बाहेक अन्य आयमा लाग्ने कर यसमा |

| | | | | |
|---|---|---|---|---|
| | | लाग्ने कर | | पर्दछ । यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन । |
| ११. | १११३१ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १११३१ | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालिन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ । |
| १२. | १११३२ | व्याजमा लाग्ने कर | १११३२ | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने व्याजमा लाग्ने कर यसमा पर्दछ । |
| १३. | १११३३ | लाभांशमा लाग्ने कर | १११३३ | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ । |
| १४. | १११३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | १११३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |
| १५. | १११३५ | आकस्मिक लाभ कर | १११३५ | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ । |
| १६. | १११३९ | अन्य आयमा लाग्ने कर | १११३९ | माथि उल्लिखित शीर्षक नं. हरुमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ । |
| १७. | ११२११ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ११२११ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलब, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रुपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ । |
| १८. | ११४४२ | स्वास्थ्य सेवा कर | ११४४२ | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ । |
| १९. | ११४४३ | शिक्षा सेवा कर - शैक्षिक संस्था | ११४४३ | निजी शैक्षिक संस्थाहरुले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरुमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ । |
| २०. | ११४४४ | शिक्षा सेवा कर - वैदेशिक अध्ययन | ११४४४ | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरुले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क वापतको रकम यसमा पर्दछ । |
| २१. | ११४५४ | सडक निर्माण तथा सम्भार कर | ११४५४ | सवारी साधन दर्ताका वखत यातायात व्यवस्था कार्यालयमा सवारी साधनको किसिम अनुसार संकलन गरिने कर यसमा पर्दछन् । |
| २२. | १४२१४ | दुरसंचार सेवा शुल्क | १४२१४ | दुरसंचार सेवा शुल्क वापतको रकम यसमा पर्दछ । |
| २३. | १४२१५ | टेलिफोन स्वामित्वको शुल्क | १४२१५ | टेलिफोन स्वामित्व वापतको रकम यसमा पर्दछ । |
| २४. | ३३३११ | मू.अ.कर- उत्पादन | ३३१११ | उत्पादनकर्ताले वस्तु उत्पादन गरी विक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । |
| २५. | ३३३१३ | मू.अ.कर- वस्तु | ३३११३ | थोक तथा खुद्रा विक्रेताबाट मूल्य अभिवृद्धि कर |

| | | | | |
|---|---|---|---|---|
| | | बिक्री र वितरण | | वापत तिर्नुपर्ने रकम यसमा पर्दछ । |
| २६. | ३३३१४ | मू.अ.कर- परामर्श तथा ठेक्का संकलन | ३३११४ | सबै प्रकारको ठेक्का व्यवसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । |
| २७. | ३३३१५ | मू.अ.कर-पर्यटन सेवा संकलन | ३३११५ | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नुपर्दछ । |
| २८. | ३३३१६ | मू.अ.कर- संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | ३३११६ | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको विक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापतको रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुन अगाडि असुल हुन बाँकी रहेका मनोरञ्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । |
| २९. | ३३३१७ | मू.अ.कर बेदर्तावालाबाट गर्ने संकलन | ३३११७ | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ विक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपालस्थित अन्तर्राष्ट्रिय संघ, संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले संकलन/दाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । |
| ३०. | ३३३३१ | अन्तःशुल्क - सुर्तिजन्य पदार्थ | ३३१३१ | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |
| ३१. | ३३३३२ | अन्तःशुल्क - मदिरा | ३३१३२ | मदिरा (वाइन र हल्का पेय पर्दाथ समेत) मा लाग्ने अन्तःशुल्क रकम यसमा पर्दछ । |
| ३२. | ३३३३३ | अन्तःशुल्क - वियर | ३३१३३ | वियरको उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |
| ३३. | ३३३३४ | अन्तःशुल्क - अन्य औद्योगिक उत्पादन | ३३१३४ | माथि उल्लिखित उपशीर्षक ३३३३१, ३३३३२ र ३३३३३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क यसमा पर्दछ । |

# अनुसूची-२

## (दीर्घकालीन करारमा संलग्न भएको व्यक्तिले पेश गर्नुपर्ने)

**१. दीर्घकालीन करार सम्पन्न प्रतिशतको गणना फारम**

| विवरण | १<br>करारको जम्मा रकम रु. | २<br>गत आ.व.सम्मको रकम रु. | ३<br>यस आ.व.को रकम रु. | ४<br>यस आ.व.सम्मको रकम रु. |
|---|---|---|---|---|
| निर्माणमा प्रयोग भएका सामग्रीको लागत | | | | |
| निर्माणस्थलको सुपरीवेक्षण र श्रमिक खर्च | | | | |
| करारमा प्रयोग भएका उपकरणको ह्रास खर्च | | | | |
| करारमा प्रयोग भएका उपकरणको ढुवानी खर्च | | | | |
| करारमा प्रयोग भएका उपकरणको भाडा खर्च | | | | |
| करारसंग प्रत्यक्ष रूपमा सम्बन्धित डिजाइन र प्राविधिक खर्च | | | | |
| जम्मा | | | | |
| करारको सम्पन्न प्रतिशत (महल ४ / १ )X १०० | | | | |

द्रष्टव्य : यो फारम दीर्घकालीन करारमा संलग्न भएको व्यक्तिले हरेक दीर्घकालीन करारका लागि अलग अलग भरी आय विवरणसाथ पेश गर्नु पर्नेछ ।

**२. क्रमबद्ध वृद्धिको योग अनुसार आयमा समावेश हुने रकमको गणना**

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | करार हुंदाको अवस्थामा अनुमान गरिएको सो करारको कुल आय रु. | |
| २ | यस आ.व.सम्ममा कुल अनुमानित आयमा थप वा कमी हुन गएको रकम रु. | |
| ३ | करारको जम्मा अनुमानित आय रु. | |
| ४ | सम्पन्न प्रतिशतको गणना फारम अनुसार करारको सम्पन्न प्रतिशत | |
| ५ | क्रमबद्ध वृद्धिको योग अनुसार आयमा समावेश हुने रकम (महल ३X ४) रू. | |

द्रष्टव्य : यो फारम दीर्घकालीन करारमा संलग्न भएको व्यक्तिले हरेक दीर्घकालीन करारका लागि अलग अलग भरी आय विवरण साथ पेश गर्नु पर्नेछ ।

३. क्रमबद्ध वृद्धिको योग अनुसार कट्टी हुने रकमको विवरण

| खर्चको विवरण | गत आ.व.सम्म रु. | यस आ.व.को रु. | यस आ.व.सम्मको रु. |
|---|---|---|---|
| ब्याज खर्च (दफा १४) | | | |
| लागत खर्च(सम्पन्न प्रतिशत गणना फारमको महल ४ को जम्मा रकम) | | | |
| मर्मत तथा सुधार खर्च(दफा १६) | | | |
| प्रदूषण नियन्त्रण खर्च(दफा १७) | | | |
| अनुसन्धान तथा विकास खर्च(दफा १८) | | | |
| ह्रास खर्च(दफा १९) | | | |
| कट्टी हुने अन्य खर्च | | | |
| जम्मा | | | |

द्रष्टब्य : यो फारम दीर्घकालीन करारमा संलग्न भएको व्यक्तिले हरेक दीर्घकालीन करारका लागि अलग अलग भरी आय विवरण साथ पेश गर्नु पर्नेछ ।

४. करारको अन्त्य सम्ममा कट्टी हुने अनुमानित प्रत्यक्ष खर्च र कुल खर्चको गणना

| अनुमानित खर्चको विवरण | करार हुंदाको समयमा अनुमान गरिएको रु. | यस आ.व.सम्ममा थप वा कमी भएको +/- रू. | जम्मा रु. |
|---|---|---|---|
| निर्माणमा प्रयोग हुने सामग्रीको लागत | | | |
| निर्माण स्थलको सुपरीवेक्षण र श्रमिक खर्च | | | |
| करारमा प्रयोग भएका उपकरणको ह्रास खर्च | | | |
| करारमा प्रयोग भएका उपकरणको ढुवानी खर्च | | | |
| करारमा प्रयोग भएका उपकरणको भाडा खर्च | | | |
| करारसंग प्रत्यक्ष रुपमा सम्बन्धित डिजाइन र प्राविधिक खर्च | | | |
| करारको अन्त्यसम्ममा कट्टी हुने अनुमानित प्रत्यक्ष खर्च | | | |
| करारको अन्त्यसम्ममा कट्टी हुने अन्य अनुमानित खर्च | | | |

द्रष्टब्य : यो फारम दीर्घकालीन करारमा संलग्न भएको व्यक्तिले हरेक दीर्घकालीन करारका लागि अलग अलग भरी आय विवरण साथ पेश गर्नु पर्नेछ । उपरोक्त अनुसार कुनै करारको अनुमानित आय गणना गर्दा साविकमा आय विवरणमा समावेश गरिसकेको भन्दा कम आय गणना हुने अवस्था रहेमा पहिले बढी देखाएको हदसम्मको आयको रकमलाई खर्चको रुपमा कट्टी गर्नुपर्दछ ।

# अनुसूची-३

## दुर्गम क्षेत्र सम्बन्धी व्यवस्था

दुर्गम क्षेत्रको वर्गीकरण देहाए बमोजिम रहेको छ ।

१. **“क” वर्गमा रहने क्षेत्र**

(१) मनाङ्ग जिल्ला (२) कालिकोट जिल्ला (३) मुगु जिल्ला
(४) डोल्पा जिल्ला (५) हुम्ला जिल्ला (६) बाजूरा जिल्ला

२. **“ख” वर्गमा रहने क्षेत्र**

(क) ताप्लेजुङ्ग जिल्लाको धुन्सा ओलाङचुङगोला र यसमा पर्ने गा.वि.स.

(ख) संखुवासभा जिल्लाको निम्न गाउँ विकास समिति

१. चेपुवा २. हेदाङ्ना ३. किमाथांका
४. स्याकसिला ५. वालूङ ६. सीमाजोर

(ग) सोलुखुम्बु जिल्लाको निम्न गाउँ विकास समिति

१. खोम्जुङ २. नाम्चे ३. चौरी खर्क

(घ) दोलखा जिल्लाको गोगर गाउँ विकास समिति

(ङ) रसुवा जिल्लाको टिमूर गाउँ विकास समिति

(च) गोरखा जिल्लाको निम्न गाउँ विकास समिति

१. सिर्दिवास २. प्रोक ३. लोहा
४. केरोजा ५. छेकाम्पार ६. मान्बु

(छ) बाग्लुङ्ग जिल्लाको निम्न गाउँ विकास समिति

१. बोङ्गा २. निसी ३. हुकाम
४. रम्मा ५. मेकोट ६. टकवाछी

(ज) मुस्ताङ्ग जिल्ला

(झ) जुम्ला जिल्ला

(ञ) बजाङ जिल्ला

(ट) डोटी जिल्लाको खप्तड जडिबुटी उद्यानको ९०० फिटभन्दा उचाईको भाग

(ठ) दार्चुला जिल्ला

३. **“ग” वर्गमा रहने क्षेत्रः**

(क) रुकुम जिल्ला

(ख) जाजरकोट जिल्ला

(ग) दैलेख जिल्ला

(घ) अछाम जिल्ला

४. **“घ” वर्गमा रहने क्षेत्रः**

(क) ताप्लेजुङ जिल्ला “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ख) भोजपुर जिल्ला

(ग) तेह्रथुम जिल्ला

(घ) संखुवा सभाको जिल्ला "ख" वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ङ) खोटाङ जिल्ला

(च) ओखलढुङ्गा जिल्ला

(छ) सोलुखुम्बु जिल्ला "ख" वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ज) धादिङ जिल्लाको निम्न गाउँ विकास समिति

| | | |
|---|---|---|
| १. बुडाथुम | २. लापा | ३. फुलखर्क |
| ४. रिगाउ | ५. सल्यानकोट | ६. सल्यानटार |

(झ) सिन्धुपाल्चोक जिल्लाको निम्न गाउँ विकास समिति

| | | |
|---|---|---|
| १. बराम्चो | २. वरुवा | ३. मौताडा |
| ४. वीरता गोलदे | ५. गुनसा | ६. गुवा |
| ७. किउल | ८. लिस्टिकोट | ९ महांकाल |
| १०. पाग ताग | ११. फुल्पीङ कटी | १२. धागपालकोट |
| १३. टिसुनठगल टिनस ध्यागल | | |

(ञ) लमजुङ जिल्लाको निम्न गाउँ विकास समिति

| | | |
|---|---|---|
| १. बाहुनडाँडा महेन्द्रोदय | २. श्रीकाली काताधी | ३. ठूलीवेसी पटाङ्गो |
| ४. ठाकन फालिकादेवी | | |

(ट) म्याग्दी जिल्ला

(ठ) रोल्पा जिल्ला

(ड) सल्यान जिल्ला

(ढ) प्यूठान जिल्ला

(ण) डोटी जिल्लाको "ख" वर्गमा परेका क्षेत्रदेखि बाहेक अन्य बाँकी क्षेत्र

(त) डडेलधुरा जिल्ला

(थ) बैतडी जिल्ला

५. **"ङ" वर्गमा रहने क्षेत्रः**

(क) पाँचथर जिल्ला

(ख) धनकुटा जिल्ला

(ग) रामेछाप जिल्ला

(घ) दोलखा जिल्ला

(ङ) रसुवा जिल्लाको "ख" वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(च) सिन्धुपाल्चोक जिल्लाको "घ" वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउ विकास समिति

(छ) धादिङ जिल्लाको "घ" वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ज) लमजुङ जिल्लाको “घ” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(झ) गोरखा जिल्लाको “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ञ) गुल्मी जिल्ला

(ट) अर्घखाँची जिल्ला

(ठ) पर्वत जिल्ला

(ड) बाग्लुङ जिल्लाको “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

# अनुसूची-४(क)

## (औद्योगिक व्यवसाय ऐन, २०४९ को अनुसूची-३)

## क्षेत्रको वर्गिकरण

**अति अविकसित क्षेत्र:**

| | | | | |
|---|---|---|---|---|
| १. दार्चुला | ६. मुगु | ११. सोलुखुम्वु | १६. दैलेख | २१. तेऱ्हथुम |
| २. वुभ्फाङ | ७. कालिकोट | १२. संखुवासभा | १७. जाजरकोट | २२. रामेछाप |
| ३. वाजुरा | ८. डोल्पा | १३. खोटाङ | १८. रुकुम | |
| ४. हुम्ला | ९. मुस्ताङ | १४. भोजपुर | १९. ओखलढुङ्गा | |
| ५. जुम्ला | १०. मनाङ | १५. अछाम | २०. म्याग्दी | |

**अविकसित क्षेत्र:**

| | | | |
|---|---|---|---|
| १. ताप्लेजुङ | ५. गुल्मी | ९. डोटी | १३. सिन्धुपाल्चोक |
| २. रोल्पा | ६. पर्वत | १०. सल्यान | |
| ३. वैतडी | ७. डडेलधुरा | ११. पाँचथर | |
| ४. रसुवा | ८. प्यूठान | १२. वाग्लुङ | |

**अल्पविकसित क्षेत्र:**

| | | | | |
|---|---|---|---|---|
| १. कैलाली | ५. स्याङ्जा | ९. गोरखा | १३. ईलाम | १७. नुवाकोट |
| २. सुर्खेत | ६. धादिङ | १०. सिन्धुली | १४. कञ्चनपुर | १८. काभ्रेपलान्चोक |
| ३. अर्घाखाँची | ७. लमजुङ | ११. उदयपुर | १५. बर्दिया | १९. दोलखा |
| ४. पाल्पा | ८. तनहुँ | १२. धनकुटा | १६. दाङ | |

# अनुसूची-४(ख)

## (औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची-१०)

## (दफा २२ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

(क) अति अविकसित क्षेत्रः

| | | | |
|---|---|---|---|
| १. | बाजुरा | २. | जाजरकोट |
| ३. | डोल्पा | ४. | हुम्ला |
| ५. | जुम्ला | ६. | कालीकोट |
| ७. | दार्चुला | ८. | अछाम |
| ९. | बझाङ्ग | १०. | मुगु |
| ११. | रुकुम | १२. | दैलेख |
| १३. | तेह्रथुम | १४. | खोटाङ्ग |
| १५. | संखुवासभा | १६. | मनाङ्ग |
| १७. | मुस्ताङ्ग | १८. | सोलुखुम्बु |
| १९. | ओखलढुङ्गा | | |

(ख) अविकसित क्षेत्रः

| | | | |
|---|---|---|---|
| १. | बैतडी | २. | डडेल्धुरा |
| ३. | म्याग्दी | ४. | भोजपुर |
| ५. | पाँचथर | ६. | प्यूठान |
| ७. | बाग्लुङ्ग | ८. | रसुवा |
| ९. | सिन्धुपाल्चोक | १०. | रामेछाप |
| ११. | सल्यान | १२. | रोल्पा |
| १३. | डोटी | १४. | ताप्लेजुङ्ग |

(ग) कम विकसित क्षेत्रः

| | | | |
|---|---|---|---|
| १. | कैलाली | २. | बर्दिया |
| ३. | कञ्चनपुर | ४. | पाल्पा |
| ५. | लमजुङ्ग | ६. | गोरखा |
| ७. | अर्घाखाँची | ८. | धनकुटा |
| ९. | सुर्खेत | १०. | दाङ्ग |
| ११. | स्याङ्गजा | १२. | तनहुँ |

| | | | |
|---|---|---|---|
| १३. | उदयपुर | १४. | नुवाकोट |
| १५. | धादिङ्ग | १६. | काभ्रेपलाञ्चोक |
| १७. | कपिलवस्तु | १८. | सिरहा |
| १९. | रौतहट | २०. | सप्तरी |
| २१. | सर्लाही | २२. | महोत्तरी |
| २३. | इलाम | २४. | पर्वत |
| २५. | सिन्धुली | २६. | दोलखा |
| २७. | गुल्मी | | |

# अनुसूची-४(ग)

## (औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१०)

## औद्योगिक विकासको आधारमा जिल्लाहरुको वर्गीकरण

## (दफा २४ को उपदफा (२) को खण्ड (ग) संग सम्बन्धित)

(क) अति अविकसित क्षेत्रः

| | | | |
|---|---|---|---|
| १. | दार्चुला | २. | वैतडी |
| ३. | बझाङ्ग | ४. | बाजुरा |
| ५. | अछाम | ६. | डोटी |
| ७. | मुगु | ८. | डोल्पा |
| ९. | हुम्ला | १०. | जुम्ला |
| ११. | कालीकोट | १२. | जाजरकोट |
| १३. | रोल्पा | १४. | पूर्वी रुकुम |
| १५. | पश्चिम रुकुम | १६. | मुस्ताङ्ग |
| १७. | मनाङ्ग | १८. | सोलुखुम्बु |
| १९. | खोटाङ्ग | २०. | ओखलढुङ्गा |
| २१. | ताप्लेजुङ्ग | २२. | भोजपुर |
| २३. | पाँचथर | | |

(ख) अविकसित क्षेत्रः

| | | | |
|---|---|---|---|
| १. | डडेल्धुरा | २. | प्यूठान |
| ३. | म्याग्दी | ४. | दैलेख |
| ५. | पर्वत | ६. | लमजुङ्ग |
| ७. | सल्यान | ८. | गुल्मी |
| ९. | बाग्लुङ्ग | १०. | गोरखा |
| ११. | दोलखा | १२. | रामेछाप |
| १३. | सिन्धुली | १४. | सिन्धुपाल्चोक |
| १५. | रसुवा | १६. | धनकुटा |
| १७. | संखुवासभा | १८. | तेह्रथुम |

(ग) **कम विकसित क्षेत्रः**

| | | | |
|---|---|---|---|
| १. | कञ्चनपुर | २. | कैलाली |
| ३. | बर्दिया | ४. | दाङ |
| ५. | सुर्खेत | ६. | पाल्पा |
| ७. | अर्घाखाँची | ८. | स्याङ्गजा |
| ९. | कपिलवस्तु | १०. | तनहुँ |
| ११. | नुवाकोट | १२. | धादिङ्ग |
| १३. | काभ्रेपलाञ्चोक | १४. | रौतहट |
| १५. | सर्लाही | १६. | महोत्तरी |
| १७. | सिरहा | १८. | सप्तरी |
| १९. | उदयपुर | २०. | इलाम |

# अनुसूची-५(क)

## (औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ३)

## उद्योगको वर्गीकरण

उद्योगको वर्गीकरण :

यस ऐनको प्रयोजनको लागि उद्योगलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) उत्पादनमूलक उद्योग : कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको मालसामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने ।

(ख) उर्जामूलक उद्योग : जलस्रोत, वायु, शौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्याँस, वायो ग्याँस तथा अन्य स्रोतबाट उर्जा पैदा गर्ने ।

(ग) कृषि तथा वनजन्य उद्योग : मूलतः कृषि वा वन पेदावारमा आधारित एकीकृत किसिमको रेशम खेती तथा रेशम उत्पादन फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरा पालन, मत्स्य पालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिवुटी खेती तथा प्रशोधन, तरकारीका बीउ बीजन उत्पादन, च्याउ तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्वारा विरुवा उत्पादन गर्ने उद्योग (टिस्यूकल्चर), ग्रिन हाउस, मौरी पालन, मह उत्पादन, रबर खेती फूल खेती तथा उत्पादन, कवुलियती वन, एग्रोफरेष्ट्री आदि व्यावसायिक वन सम्बन्धी व्यवसाय।

(घ) खनिज उद्योग : खनिज उत्खनन वा प्रशोधन गर्ने ।

(ङ) पर्यटन उद्योग : पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ, रिजर्ट, ट्राभर एजेन्सी, स्किइङ्ग, ग्लाईडिङ्ग, वाटर ऱ्याफ्टीङ्ग, केवलकार, कम्प्लेक्स, पोनी ट्रेकिङ्ग, पदयात्रा (ट्रेकिङ्ग), हटएअर व्यालुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फ कोर्स, पोलो, अश्वारोहण (हर्स राइडिङ्ग) आदि व्यवसाय ।

(च) सेवा उद्योग : कार्यशाला (वर्कशप), छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ्ग होम, शिक्षण एवम् प्रशिक्षण संस्था, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि व्यवसाय ।

(छ) निर्माण उद्योग : सडक, पुल, रोपवे, रेल्वे, ट्रलिवस, टनेल, फ्लाईङ्ग ब्रीज तथा औद्योगिक व्यापारिक एवम् आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने ।

# अनुसूची-५(ख)
## (औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १५)
## उद्योगको वर्गीकरण तथा स्थिर पुँजी

उद्योगको वर्गीकरण

(१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(क) लघु उद्यमः देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-

(१) घर जग्गाबाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

तर उपखण्ड (१) देखि (५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ बमोजिम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन ।

(ख) घरेलु उद्योग : देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चापदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको,

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

(ग) साना उद्योग : लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग

(घ) मझौला उद्योग : दश करोड रूपयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग,

(ङ) ठूला उद्योग : पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग ।

उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(क) उर्जामूलक उद्योग : उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची-३ मा उल्लिखित उद्योगहरु,

(ख) उत्पादनमूलक उद्योग : कच्चापदार्थ, सहायक कच्चापदार्थ वा अर्ध प्रशोधित कच्चापदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु,

(ग) कृषि तथा वन पैदावरमा आधारित उद्योग : कृषि वा वन पैदावारमा आधारित कच्चापदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावरसँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरु,

(घ) खनिज उद्योग : खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिजपदार्थ उत्पादन गर्ने उद्योगहरु,

(ङ) पूर्वाधार उद्योग : भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-५ मा उल्लेख गरिएका उद्योगहरु,

(च) पर्यटन उद्योग : पर्यटन सेवासँग सम्बन्धित अनुसूची-६ मा उल्लिखित उद्योगहरु,

(छ) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग : सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-७ मा उल्लिखित उद्योगहरु,

(ज) सेवामूलक उद्योग : सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-८ मा उल्लिखित उद्योगहरु ।

# अनुसूची-५(ग)
## (औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७)
## उद्योगको वर्गीकरण तथा स्थिर पुँजी

उद्योगको वर्गीकरण

(१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(क) लघु उद्यमः दफा ८ बमोजिम अनुमति लिनुपर्ने उद्योग बाहेक देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-

(१) घर जग्गाबाहेक बढीमा बीस लाख रुपैयाँसम्मको स्थिर पुँजी रहेको

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको

(४) वार्षिक कारोबार एक करोड रुपैयाँ भन्दा कम रहेको

(५) इञ्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इञ्जिन उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोबाट वा सोभन्दा कम रहेको ।

(ख) घरेलु उद्योग : देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चापदार्थ एवम् स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको,

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

(ग) साना उद्योग : लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग

(घ) मझौला उद्योग : पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग,

(ङ) ठूला उद्योग : पचास करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग ।

उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिएको छ :

(क) उर्जामूलक उद्योग : उर्जा उत्पादनगर्ने व्यवसायमा संलग्न अनुसूची-३ मा उल्लिखित उद्योगहरु,

(ख) उत्पादनमूलक उद्योग : कच्चापदार्थ, सहायक कच्चापदार्थ वा अर्ध प्रशोधित कच्चापदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु,

(ग) कृषि तथा वन पैदावरमा आधारित उद्योग : कृषि वा वन पैदावारमा आधारित कच्चापदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावरसँग सम्बन्धित अनुसूची-४ मा उल्लिखित उद्योगहरु,

(घ) खनिज उद्योग : खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिजपदार्थ उत्पादन गर्ने उद्योगहरु,

(ङ) पूर्वाधार उद्योग : भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची-५ मा उल्लेख गरिएका उद्योगहरु,

(च) पर्यटन उद्योग : पर्यटन सेवासँग सम्बन्धित अनुसूची-६ मा उल्लिखित उद्योगहरु,

(छ) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग : सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची-७ मा उल्लिखित उद्योगहरु,

(ज) सेवामूलक उद्योग : सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची-८ मा उल्लिखित उद्योगहरु ।

# अनुसूची-६

## द्विविधाको पूर्वादेश माग गर्ने निवेदनको ढाँचा

आ.रा.वि. फा.नं. १०

श्रीमान महानिर्देशकज्यू,
आन्तरिक राजस्व विभाग, लाजिम्पाट ।

विषय : द्विविधाको पूर्वादेश पाउँ ।

महोदय,

आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९/मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली,२०५३ मा भएको निम्न व्यवस्थाको सन्दर्भमा द्विविधा परेकोले रु.१०।–को टिकट टाँसी पूर्वादेश पाउनको लागि अनुरोध छ । यो विषय नेपाल राज्यको कुनै अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भइनसकेको व्यहोरा समेत अनुरोध छ ।

द्विविधा भएको विषयको विवरण

१.द्विविधा भएको ऐन नियमको, दफा, नियम :

२.उक्त दफा र नियममा भएको व्यवस्था :

३ उक्त व्यवस्थाको सम्वन्धमा भएको द्विविधा वा कठिनाई :

४.माग गरिएको पूर्वादेशको विवरण र सो सम्वन्धमा करदाताको जिकिर सहितको सुझाव :

५.संलग्न गरिएको कागजातको विवरण :

६.पूर्वादेश माग गरेको विषय मेरो आफ्नो कारोबारसँग सम्बन्धित छ भन्ने घोषणा गर्दछु ।

**पूर्वादेश माग गर्ने निकायको विवरण**

नाम :

ठेगाना :

स्थायी लेखा नम्बर :

निवेदकसँग निकायको सम्बन्ध :

**पूर्वादेश माग गर्ने व्यक्तिको विवरण**

निवेदकको नाम, थर :

दस्तखत : पद :

ठेगाना : टेलिफोन/मोबाइल नम्बरः

# अनुसूची-७
## (कर छुट संस्थाको दर्ता प्रमाणपत्र नवीकरण गराउन दिनुपर्ने निवेदनको ढाँचा)

मिति : ...............

**श्रीमान्  कर अधिकृत /प्रमुख कर अधिकृत /प्रमुख कर प्रशासकज्यू ,**
**............................ कार्यालय,**
.........................................

बिषय : <u>आयकर छुट संस्थाको दर्ता प्रमाणपत्र नवीकरण ।</u>

श्रीमान्,

यस संस्थाले मिति ...................... मा ............................... कार्यालय, ......................... बाट कर छुट संस्थाको दर्ता प्रमाणपत्र प्राप्त गरेकोमा सो प्रमाणपत्र आयकर नियमावली, २०५९ को नियम ५क.बमोजिम नवीकरण गरी पाउन यो निवेदन पेश गरेको छु । नवीकरण प्रयोजनका लागि देहायका विवरण तथा कागजातहरू निवेदन साथ संलग्न राखेको छु ।

(क) आर्थिक वर्ष ..... ..... ..... .को वित्तीय विवरण ।

(ख) आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आर्थिक वर्ष ..... .... ..... को आय विवरण

(ग) आर्थिक वर्ष ... .... .... .मा अग्रिम कर कट्टी गर्नुपर्ने खर्चहरूको विवरण तथा कर कट्टी गरेको रकम राजस्व दाखिला गरेको प्रमाण ।

(घ) प्रमाणपत्र जारी हुँदाका बखत पेश गरेको संस्थाको विधानमा उल्लेख भएको उद्देश्य परिवर्तन/संशोधन भएको भए सोको प्रतिलिपी ।

**निवेदकको**

दस्तखतः

नामथरः

पद वा संस्थामा रहेको हैसियतः

ठेगानाः

फोन / मोवाइल नम्बरः

ईमेल ठेगाना :

संस्थाको नाम र आयकर छुट प्रमाणपत्र नम्बरः

संस्थाको छापः

# अनुसूची-८

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग

<u>आयकर छुट पाउने संस्था दर्ता प्रमाणपत्र</u>

आयकर छुट प्रमाणपत्र नम्बरः जारी मितिः

देहायमा उल्लेख भएको संस्था आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) को (क) मा उल्लेख भए बमोजिमको नाफा नकमाउने उद्देश्यले स्थापना भएको ........ संस्था रहेको र (ख) मा उल्लेख भए बमोजिमको सामाजिक संस्था रहेको र खेलकुद सम्बन्धी सुविधा प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको अव्यवसायी खेलकुद संस्था रहेको देखिएकोले आयकर ऐन, २०५८ को दफा २ को खण्ड (ध) को उपखण्ड (१) तथा आयकर नियमावली, २०५९ को नियम ३ को उपनियम (२) बमोजिम सो संस्थालाई आयकर छुट पाउने संस्थाको रूपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

**१. संस्था सम्बन्धी विवरण**

क) स्थायी लेखा नम्बर :

ख) नाम :

ग) ठेगाना :

घ) फोन नम्बर :

ङ.) ईमेल ठेगाना / वेबसाइटः

च) संस्थाको उद्देश्यः

छ) भौगोलिक कार्यक्षेत्र :

**२. संस्थाको प्रारम्भिक दर्ता सम्बन्धी विवरण**

क) दर्ता गर्ने निकायः

ख) दर्ता नम्बरः

ग) दर्ता मितिः

**३. मुख्य व्यक्तिको विवरण**

क) नाम र ठेगानाः

ख) फोन / मोवाइल नम्बरः

ग) ईमेल ठेगाना : (......................................)

कर अधिकृत

# अनुसूची-९
## (नवीकरण सम्बन्धी विवरण)

**संस्थाको नाम:** **आयकर छुट प्रमाणपत्र**

**नम्बर:**

| क्र.सं. | आय वर्ष | नवीकरण भएको मिति | नवीकरण गर्ने अधिकृतको नाम, थर र दर्जा | नवीकरण गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**द्रष्टब्य : यो प्रमाणपत्र प्राप्त गरेको संस्थाले देहाय बमोजिमका व्यवस्था पालना गर्नुपर्नेछ :**

१. संस्थाको दर्ता प्रमाणपत्रमा उल्लेख भएबाहेक अन्य काम गरेमा कर छुटको सुविधा प्राप्त हुने छैन ।

२. संस्थाले प्राप्त गरेको रकम वा आयमध्ये आयकर ऐन, २०५८ को दफा १० को खण्ड (छ) मा उल्लिखित देहायको रकम बाहेक अन्य आयमा आयकर छुट हुने छैन :

(क) चन्दा उपहार, र

(ख) कुनै व्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आस नगरी संस्थाको उद्देश्यसँग प्रत्यक्ष रूपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदानहरू ।

३. संस्थाले चन्दा उपहार र कुनै व्यक्तिले कुनै प्रतिफल प्राप्त नगरी वा प्रतिफलको आस नगरी संस्थाको उद्देश्यसँग प्रत्यक्ष रूपले सम्बन्धित कार्यका लागि प्रदान गरेका रकम वा योगदानबाहेक अन्य कुनै आय आर्जन गरेमा सो रकमलाई करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरी आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण र दाखिला गर्नु पर्नेछ ।

४. आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. र ८९ बमोजिम कुनै पनि व्यक्ति वा निकायलाई पारिश्रमिक, सेवा शुल्क वा लगानी प्रतिफल, आकस्मिक लाभ र ठेक्का वा करार बापतको कुनै रकम भुक्तानी गर्दा तत् तत् दफामा तोकिएको दरले हुने रकम अग्रिम कर कट्टी गरी सोको विवरण र करको रकम प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र सम्बन्धित कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५. हरेक आय वर्षको पौष मसान्तभित्रमा यो प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ । प्रमाणपत्र नवीकरण गराउने प्रयोजनका लागि निवेदन दिँदा देहायका कागजात वा विवरण निवेदन साथ संलग्न हुनु पर्नेछ :

(क) आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम गत वर्षको आय विवरण

(ख) गत वर्षमा अग्रिम कर कट्टी गर्नुपर्ने खर्चको विवरण तथा कर कट्टी गरेको रकम राजस्व दाखिला गरेको प्रमाण ।

६. तोकिएको समयमा प्रमाणपत्र नवीकरण नगराएमा कर छुटको सुविधा प्राप्त हुने छैन ।

## अनुसूची-१०

## प्राकृतिक व्यक्तिको पारिश्रमिक आयमा लाग्ने करको दर

| सि.नं. | करको दर | आ.व.२०५८।५९ र २०५९।६० | | आ.व. २०६०।६१ र २०६१।६२ | | आ.व.२०६२।६३ र २०६३।६४ | |
|---|---|---|---|---|---|---|---|
| | | एकल व्यक्ति | दम्पती | एकल व्यक्ति | दम्पती | एकल व्यक्ति | दम्पती |
| १ | कर नलाग्ने (करयोग्य आयको सीमा) रु. | ६५,०००।- सम्म | ८५,०००।- सम्म | ८०,०००।- सम्म | १,००,०००।- सम्म | १,००,०००।- सम्म | १,२५,०००।- सम्म |
| २ | १५% कर लाग्ने करयोग्य आय रु. | ६५,००१।- देखि १,४०,०००।- सम्म | ८५,००१।- देखि १,६०,०००।- सम्म | ८०,००१।- देखि १,५५,०००।- सम्म | १,००,००१।- देखि १,७५,०००।- सम्म | १,००,००१।- देखि १,७५,०००।- सम्म | १,२५,००१।- देखि २,००,०००।- सम्म |
| ३ | २५% कर लाग्ने करयोग्य आय रु. | १,४०,००१।- भन्दा बढीमा | १,६०,००१।- भन्दा बढीमा | १,५५,००१।- भन्दा बढीमा | १,७५,००१।- भन्दा बढीमा | १,७५,००१।- भन्दा बढीमा | २,००,००१।- भन्दा बढीमा |
| ४ | विशेष शुल्क (२५% कर लाग्ने) | ३ प्रतिशत | ३ प्रतिशत | १.५ प्रतिशत | १.५ प्रतिशत | ० | ० |
| ५ | थप कर (२५% कर लाग्ने आयको) | ० | ० | ० | ० | १.५ प्रतिशत | १.५ प्रतिशत |

| सि.नं. | करको दर | आ.व.२०६४।६५ | | आ.व.२०६५।६६ | |
|---|---|---|---|---|---|
| | | एकल व्यक्ति | दम्पती | एकल व्यक्ति | दम्पती |
| १ | कर नलाग्ने (करयोग्य आयको सीमा) रु. | १,१५,०००।- सम्म | १,४०,०००।- सम्म | १,१५,०००।- सम्म | १,४०,०००।- सम्म |
| २ | १५% कर लाग्ने करयोग्य आय रु. | १,१५,००१।- देखि २,००,०००।- सम्म | १,४०,००१।- देखि २,२५,०००।- सम्म | १,१५,००१।- देखि २,००,०००।- सम्म | १,४०,००१।- देखि २,२५,०००।- सम्म |
| ३ | २५% कर लाग्ने करयोग्य आय रु. | २,००,००१।- भन्दा बढीमा | २,२५,००१।- भन्दा बढीमा | २,००,००१।- भन्दा बढीमा | २,२५,००१।- भन्दा बढीमा |
| ४ | विशेष शुल्क (२५% कर लाग्ने) रु. | ० | ० | ० | ० |
| ५ | थप कर (२५% कर लाग्ने आयको) | १.५ प्रतिशत | १.५ प्रतिशत | ० | ० |

| सि.न. | करको दर | आ.व.२०६६।६७ | | आ.व.२०६७।६८, २०६८।६९ र २०६९।७० | | २०७०।७१ | |
|---|---|---|---|---|---|---|---|
| | | एकल व्यक्ति | दम्पती | एकल व्यक्ति | दम्पती | एकल व्यक्ति | दम्पती |
| १ | १% कर लाग्ने रु. | १,६०,०००।- सम्म | २,००,०००।- सम्म | १,६०,०००।- सम्म | २,००,०००।- सम्म | २,००,०००।- सम्म | २,५०,०००।- सम्म |
| २ | १५% कर लाग्ने करयोग्य आय रु. | १,६०,००१।- देखि २,६०,०००।- सम्म | २,००,००१।- देखि ३,००,०००।- सम्म | १,६०,००१।- देखि २,६०,०००।- सम्म | २,००,००१।- देखि ३,००,०००।- सम्म | २,००,००१।- देखि ३,००,०००।- सम्म | २,५०,००१।- देखि ३,५०,०००।- सम्म |
| ३ | २५% कर लाग्ने करयोग्य आय रु. | २,६०,००१।- भन्दा वढिमा | ३,००,००१।- भन्दा वढिमा | २,६०,००१।- देखि २५ लाखसम्म | ३,००,००१।- देखि २५ लाखसम्म | ३,००,००१।- देखि २५ लाखसम्म | ३,५०,००१।- देखि २५ लाखसम्म |
| ४ | ३५% कर लाग्ने करयोग्य आय रु. | ० | ० | २५ लाख भन्दा बढीमा | २५ लाख भन्दा बढीमा | २५ लाख भन्दा बढीमा | २५ लाख भन्दा बढीमा |

| सि.नं. | करको दर | २०७१।७२ र २०७२।७३ | | २०७३।७४ र २०७४।७५ | |
|---|---|---|---|---|---|
| | | एकल व्यक्ति | दम्पत्ति | एकल व्यक्ति | दम्पत्ति |
| १ | १% कर लाग्ने रु. | २,५०,०००।- सम्म | ३,००,०००।- सम्म | ३,५०,०००।- सम्म | ४,००,०००।- सम्म |
| २ | १५% कर लाग्ने करयोग्य आय रु. | २,५०,००१।- देखि ३,५०,०००।- सम्म | ३,००,००१।- देखि ४,००,०००।- सम्म | ३,५०,००१।- देखि ४,५०,०००।- सम्म | ४,००,००१।- देखि ५,००,०००।- सम्म |
| ३ | २५% कर लाग्ने करयोग्य आय रु. | ३,५०,००१।- देखि २५ लाखसम्म | ४,००,००१।- देखि २५ लाखसम्म | ४,५०,००१।- देखि २५ लाखसम्म | ५,००,००१।- देखि २५ लाखसम्म |
| ४ | ३५% कर लाग्ने करयोग्य आय रु. | २५ लाख भन्दा बढीमा | २५ लाख भन्दा बढीमा | २५ लाख भन्दा बढीमा | २५ लाख भन्दा बढीमा |

| सि.नं. | करको दर | २०७५।७६ | | २०७६।७७देखि २०७८।७९ सम्म | |
|---|---|---|---|---|---|
| | | एकल व्यक्ति | दम्पती | एकल व्यक्ति | दम्पती |
| १ | १% कर लाग्ने रु. | ३,५०,०००।- सम्म | ४,००,०००।- सम्म | ४,००,०००।- सम्म | ४,५०,०००।- सम्म |
| २ | १०% कर लाग्ने करयोग्य आय रु. | ३,५०,००१।- देखि ४,५०,०००।- सम्म | ४,००,००१।- देखि ५,००,०००।- सम्म | ४,००,००१।- देखि ५,००,०००।- सम्म | ४,५०,००१।- देखि ५,५०,०००।- सम्म |
| ३ | २०% कर लाग्ने करयोग्य आय रु. | ४,५०,००१।- देखि ६,५०,०००।- सम्म | ५,००,००१।- देखि ७,००,०००।- सम्म | ५,००,००१।- देखि ७,००,०००।- सम्म | ५,५०,००१।- देखि ७,५०,०००।- सम्म |
| ४ | ३०% कर लाग्ने करयोग्य आय रु. | ६,५०,००१।- देखि २०,००,०००।- सम्म | ७,००,००१।- देखि २०,००,०००।- सम्म | ७,००,००१।- देखि २०,००,०००।- सम्म | ७,५०,००१।- देखि २०,००,०००।- सम्म |
| ५ | ३६% कर लाग्ने करयोग्य आय रु. | २०,००,०००।- भन्दा बढीमा | २०,००,०००।- भन्दा बढीमा | २०,००,०००।- भन्दा बढीमा | २०,००,०००।- भन्दा बढीमा |

अनुसूची-११

बासिन्दा व्यक्तिको प्रमाणपत्र

Government of Nepal

Ministry of Finance

Inland Revenue Department

......................Office,........... Date:

Certificate of Residence

| | |
|---|---|
| Name of the Person (Full Name) | |
| Status (State whether individual, firm, body of individuals,company etc) | |
| Nationality (in case of individual) | |
| Country of incorporation/registration (in case of others) | |
| Permanent Account Number | |
| Residential Status for the purpose of tax | |
| Period for which the residence certificate is applicable | |
| Address of the person during the period of Tax Residence Certifiacte. | |

Full name of Issuing Authority:

Signature:

Designation:

# अनुसूची-१२

*<u>बढी दाखिला भएको आयकर फिर्ता माग गर्ने निवेदनको ढाँचा</u>*

श्रीमान कार्यालय प्रमुख ज्यू,
ठूला करदाता कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय/आन्तरिक राजस्व कार्यालय/ करदाता सेवा कार्यलय,
............................।

विषयः बढी दाखिला भएको कर फिर्ता पाउँ।

महोदय,
निवेदकले आ.व.२०...।...।... मा भएको कारोवारको आधारमा करयोग्य आय रु............ भई सो बमोजिम दाखिला गर्नुपर्ने कर रकम रु......... हुनेमा सो भन्दा बढी रु.......... दाखिला भएकोले बुझाउनुपर्ने कर भन्दा बढी दाखिला भएकोले रु........(अक्षरेपी .............) फिर्ता पाउँ भनी आयकर ऐन,२०५८ को दफा ११३ र आयकर नियमावली,२०५९ को नियम ३६ बमोजिम बढी दाखिला भएको विवरण पुष्ट्याईं गर्ने कागजात सहित यो निवेदन पेश गरेको छु।

| दाखिला गर्नुपर्ने कर | करदाताले दाखिला गरेको कर | | अग्रिम करकट्टी | |
|---|---|---|---|---|
| | मिति | रकम | मिति | रकम |
| | | | | |

संलग्न कागजातः
१.
२.

दाखिला गरेको कुल कर रु..................
दाखिला गर्नुपर्ने कर रु..................
बढी दाखिला भएको कर रु..................

निवेदकको नामः
ठेगानाः
स्था.ले.नं.